विद्यावारिधि

नेपाली उपन्यासमा लैङ्गिक चेतना

राजेन्द्र खनाल

नेपाली शिक्षा विषयमा
विद्यावारिधि (पिएच.डी.) उपाधिका निम्ति
प्रस्तुत
शोधप्रबन्ध
२०७१

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय
कीर्तिपुर, काठमाडौं

२०७१

शोधप्रबन्ध - नेपाली उपन्यासमा लैङ्गिक चेतना - राजेन्द्र खनाल

शोधनिर्देशकको सिफारिस

श्री राजेन्द्र खनालले *नेपाली उपन्यासमा लैङ्गिक चेतना* शीर्षकको शोधकार्य मेरा निर्देशनमा गर्नुभएको हो । त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायमा नेपाली शिक्षा विषयमा विद्यावारिधि उपाधिका लागि निकै परिश्रमपूर्वक गरिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु । मिति २०७१ बैशाख १६ गते पूर्वप्रस्तुत गरिएको शोधप्रबन्धलाई अनुसन्धान समितिका विशेषज्ञहरूबाट दिइएका सुझाव तथा आन्तरिक मूल्याङ्कन एवम् बाह्य मूल्याङ्कनबाट प्राप्त सुझाव तथा परामर्शलाई समेत समावेश गरी परिमार्जनसहित तयार पारिएको प्रस्तुत शोधप्रबन्धको स्वीकृतिका लागि सिफारिस गर्दछु ।

मिति : २०७१/०७/२५

.....

प्रा.डा. पारसमणि भण्डारी

(शोधनिर्देशक)

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि. वि., कीर्तिपुर

मूल्याङ्कन समितिको स्वीकृति

श्री राजेन्द्र खनालद्वारा प्रस्तुत *नेपाली उपन्यासमा लैङ्गिक चेतना* शीर्षकको शोधप्रबन्ध विद्यावारिधि उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

.....
प्रा.डा. पारसमणि भण्डारी
शोधनिर्देशक

मितिः २०७१/०८ /१८

.....
प्रा.डा. रामचन्द्र लम्साल
बाह्य परीक्षक

मितिः २०७१/०८ /१८

.....
प्रा.डा. वासुदेव काफ्ले
प्रतिनिधि, अनुसन्धान समिति

मितिः २०७१/०८ /१८

.....
प्रा.डा. प्रकाशमान श्रेष्ठ
डिन, शिक्षाशास्त्र सङ्काय, त्रिवि

मितिः २०७१/०८ /१८

प्रस्तुत शोधप्रबन्ध त्रिवि पुस्तकालयमा स्थायी सङ्कलन हुने कुरामा म विश्वस्त छु । मेरो निम्नलिखित हस्ताक्षरले इच्छुक एवम् सरोकार राख्ने जोसुकैलाई पनि यो शोधप्रबन्ध अध्ययनका लागि खुला रहेको जनाउँछ ।

.....
राजेन्द्र खनाल
शोधार्थी

मितिः २०७१/०८ /१८

प्रतिबद्धता

यो शोधप्रबन्ध अन्य कुनै पनि उपाधि वा प्रयोजनका लागि प्रस्तुत नगरिएको बेहोरा व्यक्त गर्दछु ।

मितिः २०७१/०८ /१८

.....
राजेन्द्र खनाल
शोधार्थी

शोधप्रबन्धको सार

प्रस्तुत अनुसन्धानको मुख्य उद्देश्य नेपाली उपन्यासमा रहेको लैङ्गिक चेतनाको खोजी गर्नु रहेको छ । यस अध्ययनका सहायक उद्देश्यमा लैङ्गिक समालोचनाको सैद्धान्तिक स्वरूप निर्धारण गर्नु, लैङ्गिक तथा यौनिक अवस्थाका आधारमा नेपाली उपन्यासको सर्वेक्षण गर्नु, नेपाली उपन्यासमा प्रयुक्त लैङ्गिक तथा यौनिक चेतनास्तर निर्क्योल गर्नु र लैङ्गिक दृष्टिले नेपाली उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु रहेका छन् ।

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान हो । यो अध्ययन विश्लेषणात्मक र समालोचनात्मक विधिमा आधारित छ । यस अनुसन्धानका लागि पुस्तकालयीय तथा अभिलेख अध्ययन विधिबाट सामग्री सङ्कलन गरिएको छ । सामग्रीहरूका स्रोत प्राथमिक र द्वितीयक गरी दुई किसिमका रहेका छन् । प्राथमिक स्रोतका रूपमा लैङ्गिक समस्या र चेतना प्रयोग भएका छयालिस ओटा प्रतिनिधि नेपाली उपन्यासहरू रहेका छन् । द्वितीयक स्रोत सामग्रीअन्तर्गत आधिकारिक महत्त्वका सैद्धान्तिक पुस्तक तथा विश्वकोश, नेपाली उपन्यासमा लैङ्गिक समस्या र चेतनासम्बन्धी गरिएका शोधपत्र, शोधप्रबन्ध तथा ग्रन्थहरू, नेपाली उपन्यासको लैङ्गिक अध्ययनसम्बन्धी पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू तथा लैङ्गिक अध्ययनका सन्दर्भ सामग्रीहरू रहेका छन् । प्रस्तुत शोध समस्याको प्राज्ञिक सम्बोधन लैङ्गिक अध्ययन र समालोचनाका सैद्धान्तिक तथा प्रयोगात्मक ग्रन्थहरूको गहन अध्ययन गरी सैद्धान्तिक आधारमार्फत गरिएको छ । सैद्धान्तिक खाकाका आधारमा शीर्षक, कथावस्तु, चरित्र र जैविकता, लैङ्गिकताको अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्या, लैङ्गिक चेतना र सशक्तीकरण, यौनिकता र यौनिक समस्या, लैङ्गिकताको भाषा, परिणति र सन्देश गरी जम्मा दस ओटा प्रतिमानहरू निर्माण गरिएको छ । यस अनुसन्धानमा नेपाली भाषामा लेखिएका १९८९ सालदेखि २०६८ सालसम्मका छयालिस ओटा उपन्यासलाई समावेश गरिएको भए तापनि लैङ्गिक समस्या र चेतना प्रयोग भएका उपन्यासमा मात्र अध्ययन बढी केन्द्रित छ । लैङ्गिक समस्या र चेतना प्रयोग गरिएका छयालिस ओटा उपन्यासको मात्र सर्वेक्षण गर्दा छयालिस ओटा उपन्यासमध्ये सत्र ओटा उपन्यास नारी लिखित र उनन्तिस ओटा उपन्यास पुरुष लिखित रहेको देखिएको छ ।

उपर्युक्त छयालिस ओटा उपन्यासको सर्वेक्षण र विश्लेषण गर्दा लैङ्गिक तथा यौनिक दृष्टिले सबैभन्दा सचेत, सशक्त र प्रभावकारी ठहरिएका विभिन्न क्षेत्रका प्रतिनिधिमूलक उपन्यासमध्ये सामाजिक यथार्थवादी, प्रगतिवादी, नारीवादी (पुरुष लिखित र महिला लिखित), मनोविश्लेषणात्मक, समलैङ्गिक (स्त्री समलैङ्गिक र पुरुष समलैङ्गिक) गरी जम्मा छ ओटा उपन्यासको सघन विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । यी छ ओटा उपन्यासहरूमा सामाजिक यथार्थवादी, प्रगतिवादी उपन्यास *सहयात्री,* पुरुष लिखित नारीवादी उपन्यास *स्वास्नीमान्छे,* महिला लिखित नारीवादी उपन्यास *समानान्तर आकाश,* मनोविश्लेषणात्मक उपन्यास *तीन घुम्ती,* स्त्री समलैङ्गिक उपन्यास *सलिजो* र पुरुष समलैङ्गिक उपन्यास *अर्धसत्य* रहेका छन् ।

हृदयचन्द्रसिंह प्रधानको लैङ्गिक समस्यामूलक उपन्यास *स्वास्नीमान्छे*ले तत्कालीन समाजको सामाजिक र वर्गीय विभेदका सिकार नारीहरूको मुक्ति, स्वतन्त्रता र समानताको आवश्यकता औंल्याएकाले लैङ्गिक दृष्टिमा सान्दर्भिक र प्रभावकारी बनेको छ । समाज र देशलाई समृद्ध तथा समुन्नत बनाउन लैङ्गिक समानता कायम गर्नुपर्ने सशक्त तथा सन्तुलित विचार प्रस्तुत गरिएको यो सशक्त उपन्यास बनेको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको *तीन घुम्ती*मा 'स्व' को खोजी र अस्तित्व निर्माणमा सचेत ढङ्गले सक्रिय रहनुपर्ने आग्रह छ । नारीत्व तथा नारीका समाजमनोवैज्ञानिक समस्याहरू उद्घाटित यस उपन्यासमा पितृसत्तात्मक समाजका पुरुषको सोचाइ र व्यवहार तथा उक्त समाजमा नारीत्व र मातृत्वका लागि नारीले भोग्नुपरेका भोगाइको सघन चित्रण गरिएको छ । लैङ्गिक दृष्टिबाट मूल्याङ्कन गर्दा लैङ्गिक समस्या, मनोविज्ञान र सशक्तीकरणको खोजीबाट विद्रोही चेतना भएकी इन्द्रमायाका विविध निर्णयलाई प्राधान्य दिई शीर्षीकरण गरिएकाले यो उपन्यास सान्दर्भिक र उपयुक्त देखिन्छ ।

शीतविन्दुद्वारा लेखिएको *सहयात्री* राजनीतिक कथावस्तुलाई केन्द्रीय आधार बनाइएको प्रगतिवादी सामाजिक उपन्यास हो । लैङ्गिक समस्याको विशिष्ट व्याख्या गर्दै पितृसत्तात्मक समाजको अन्त्य गर्नका लागि राजनीतिक परिवर्तनको आवश्यक रहेको जनाइएको *सहयात्री* समाजवादी उपन्यासका रूपमा स्थापित भएको देखिन्छ । लैङ्गिक हिंसा तथा सामाजिक समस्याको अन्त्य गर्न नारी र पुरुषको समानान्तर राजनैतिक सङ्घर्ष एवम् सामाजिक लैङ्गिक जागरण अनिवार्य हुने अवस्था औंल्याइएको छ । सचेतना र सशक्त विचारसहित दृढ आत्मविश्वास बोकेर समर्पित हुने आग्रह गर्दै समाजको परिवर्तन तथा विकासमा नारी र पुरुषको समानान्तर केन्द्रीय भूमिका हुने देखाइएको छ ।

पद्मावती सिंहको *समानान्तर आकाश* नेपाली समाजमा व्याप्त लैङ्गिक समस्याहरू तथा तिनीहरूको समाधानका सन्दर्भलाई सचेत र सशक्त ढङ्गले प्रस्तुत गर्ने लैङ्गिक समानता र सन्तुलनको मुख्य उद्देश्य लिइएको उपन्यास हो । परम्परित पितृसत्तात्मक सामाजिक सङ्कीर्ण मानसिकताका कारण नेपाली समाजका नारीहरूले भोग्नुपरेका लैङ्गिक तथा यौनिक हिंसा, अन्याय र अत्याचारलाई उद्घाटन गर्दै नारीको सशक्तीकरण आवश्यक रहेको

जनाइएको छ । नारीमा प्रशस्त क्षमता र सामर्थ्य भए पनि पुरुषको नियन्त्रण तथा अधीनताका कारण क्षमता प्रस्फुटन गर्न नसकेको अवस्थाप्रति सङ्केत गर्दै नारीले लैङ्गिक स्वतन्त्रता, समानता र स्वअस्तित्वका लागि सङ्घर्ष गर्दै सक्षमता कायम गर्नुपर्ने विचार प्रकट गरिएको छ ।

इन्द्रकुमार श्रेष्ठ 'सरित्'को *अर्धसत्य* मानव मनका मनोयौनिक अन्तर्द्वन्द्वलाई शिष्टतापूर्वक परिपक्व प्रस्तुतिमा पस्किएर यौनमनोवैज्ञानिक वास्तविकता, असन्तुष्टि, अपेक्षा तथा रिक्ततालाई सफलतापूर्वक चित्रण गर्ने यस उपन्यासलाई लैङ्गिक दृष्टिले हेर्दा लैङ्गिक एवम् यौनिक सशक्तीकरण, सन्तुलन तथा सबलताका सन्दर्भको उठान अपेक्षाकृत रूपमा नगरिएको भए तापनि यौनिक समस्याको विशिष्ट उद्घाटन गरिएको मनोवैज्ञानिक विश्लेषण र मूल्याङ्कनका लागि उपयोगी र प्रभावकारी उपन्यासका रूपमा हेरिएको छ ।

सलिजो उपन्यासकार मोहनराज शर्माको नवीन विचार र प्रयोगको नमुना हो । समलिङ्गी यौनिकता र तेस्रो लिङ्गी समुदायका जीवन व्यवहारलाई उद्घाटन गर्दै तिनीहरूको पक्षपोषण तथा सशक्तीकरणको सोद्देश्यमूलक विचार प्रवाह गर्न लिखित यस उपन्यासमा समयौनिकताका वास्तविक स्रोत, पीडा तथा अवस्थाका साथै त्यसका उपलब्धि एवम् सीमासमेत उठान गरिएकाले अर्थपूर्ण बनेको छ । समभाव, सम्मान, सचेतना, सशक्तीकरण र मूल प्रवाहीकरणलाई उपन्यासकारले औपन्यासिक उद्देश्य एवम् परिणति बनाएकाले यो उपन्यास प्रभावकारी तथा सार्थक बनेको छ ।

लैङ्गिक चेतना तथा सशक्तीकरणका आधारमा मूल्याङ्कन गर्दा *स्वास्नीमान्छे*मा लैङ्गिक चेतना र सक्षमता अत्यन्त सबल रहेको छ भने *तीन घुम्ती*मा लैङ्गिक तथा यौनिक चेतना एवम् सक्षमता उच्च रहेको छ । *सहयात्री*मा लैङ्गिक चेतनाको उच्च स्थान रहे पनि सशक्तीकरण र सक्षमता सामान्यतः उपयुक्त छ । *समानान्तर आकाश*मा लैङ्गिक चेतना एवम् सशक्तता र सक्षमताको उच्च अवस्था छ । *अर्धसत्य*मा लैङ्गिक तथा यौनिक चेतना र सशक्तता छैन.। *सलिजो*मा यौनिक चेतना तथा सशक्तताको उच्च स्थिति रहेको छ । यसरी लैङ्गिक तथा यौनिक चेतना र सशक्तीकरण *स्वास्नीमान्छे, तीन घुम्ती, समानान्तर आकाश र सलिजो*मा उच्च, उपयुक्त छ । *सहयात्री*मा लैङ्गिक तथा यौनिक चेतना र सशक्तीकरणको मध्यम स्थिति छ भने *अर्धसत्य*मा सामान्य अवस्थामा रहेको छ । यौनिकताका आधारमा *स्वास्नीमान्छे, सहयात्री, अर्धसत्य*मा यौनिक हिंसा, समस्या तथा असन्तुष्टि मात्र रहेका छन् अर्थात् उल्लेख्य यौनिकताका सन्दर्भहरुको सचेतनामूलक आग्रह छैन । *तीन घुम्ती, समानान्तर आकाश र सलिजो*मा यौनिक चेतना, अपेक्षा तथा सशक्ततालाई महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

लैङ्गिकताको भाषाका सन्दर्भमा *स्वास्नीमान्छे*को भाषा तत्कालीन समाज तथा परिवेशसँग स्वाभाविक भए तापनि लैङ्गिक दृष्टिले सचेत, संवेदनशील तथा सन्तुलित छैन । *तीन घुम्ती*को भाषा पात्रानुकूल र स्वाभाविक हुनुका साथै लैङ्गिक दृष्टिले संवेदनशील तथा सन्तुलित छ । *सहयात्री*मा रहेको भाषा आकर्षक र स्वाभाविक छ तर लैङ्गिकताका दृष्टिले अपेक्षित एवम् संवेदनशील बन्न सकेको छैन । *समानान्तर आकाश*मा प्रयुक्त भाषा स्वाभाविक, सान्दर्भिक तथा सन्तुलित छ । *अर्धसत्य*को भाषा सुन्दर प्रभावोत्पादक छ तापनि लैङ्गिक दृष्टिले अपेक्षित बन्न सकेको छैन । *सलिजो*को भाषा लैङ्गिक तथा यौनिक दृष्टिले स्वाभाविक, प्रभावकारी तथा अपेक्षित रहेको छ । यसरी *तीन घुम्ती, समानान्तर आकाश* एवम् *सलिजो* उपन्यासमा रहेको भाषाका तुलनामा *स्वास्नीमान्छे, सहयात्री* एवम् *अर्धसत्य* उपन्यासमा प्रयुक्त भाषा लैङ्गिक दृष्टिले कम संवेदनशील रहेको छ ।

*स्वास्नीमान्छे*मा प्रगतिवादी, स्वच्छन्दतावादी तथा क्रान्तिकारी भावसहित लैङ्गिक विचार, सशक्तीकरण तथा संस्थागत सुधारसम्मका परिणति र सन्देश रहेका छन् यद्यपि ध्वंसात्मक समापन र नाटकीय परिवर्तनले उपन्यासलाई पूर्ण रूपमा सन्तुलित बनाउन सकेका छैनन् । भाषिक पक्ष, भूमिकाका सवाल आदि पनि उपन्यासका सीमा हुन् । *तीन घुम्ती*मा लैङ्गिक तथा यौनिक अधिकार, स्वतन्त्रता तथा अस्तित्व निर्माणका सघन पक्षको उठान भए पनि व्यक्तिगत तहमा मात्र सीमित हुन र संस्थागत एवम् सामुदायिक क्षेत्रतर्फ निरपेक्ष रहेकाले अपेक्षाकृत सन्तुलन पाइदैन । *सहयात्री* उपन्यासको परिणति तथा सन्देश प्रगतिवादी, वर्गीय चेतना, लैङ्गिक चेतना, लैङ्गिक सन्तुलनयुक्त सामुदायिक भूमिका सकारात्मक रहे पनि लैङ्गिक चेतना र सशक्तीकरण, सक्षमता अपेक्षाकृत समापन हुन नसक्नाले परिणति खुकुलो बनेको छ । *समानान्तर आकाश*मा लैङ्गिक चेतना, सक्षमता, परिवर्तन तथा विकासका अवस्था तथा खराब प्रवृत्तिको पश्चात्तापले पनि उपन्यासलाई अपेक्षित एवम् सन्तुलित बनाएका छन् । त्यस्तै औपन्यासिक कला तथा प्रस्तुतीकरणले उपन्यासलाई विचारसङ्ग्रहका रूपमा उभ्याएका छन् । *अर्धसत्य*मा लैङ्गिक तथा यौनिक दृष्टिले सचेत विचार दिन नसके तापनि मनोयौनिक जटिलतामा केन्द्रित अवस्था देखाइएको छ । *सलिजो* उपन्यासमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको मूलप्रवाहीकरण, सक्षमता, अस्तित्व निर्माण तथा समभावसहित सचेत तथा वैज्ञानिक विचार व्यक्त गरिएकाले सन्तुलित तथा अपेक्षित बनेको छ तर स्वैरकाल्पनिकता तथा प्रस्तुतिगत विवरणात्मकताले यसलाई बढी भावनात्मक तुल्याएको छ ।

लैङ्गिक अवस्था तथा चेतना एवम् यौनिक सन्दर्भहरू पहिल्याउँदै लैङ्गिक दृष्टिले विश्लेषण तथा मूल्याङ्कन गर्दा *समानान्तर आकाश* र *सहयात्री* उच्च स्तरमा, *स्वास्नीमान्छे* र *सलिजो* मध्यम स्तरमा, *तीन घुम्ती* स्तरोन्मुख तथा *अर्धसत्य* निरपेक्ष उपन्यासका रूपमा रहेको निष्कर्ष प्रस्तुत अध्ययनबाट निकालिएको छ ।

.....
राजेन्द्र खनाल
शोधार्थी

मितिः २०७१/०७/२३

कृतज्ञता ज्ञापन

मानिसले आफ्नो जीवनमा अत्यन्त सीमित लक्ष्यहरूलाई मात्र उच्च महत्ता प्रदान गरेका हुन्छन् तर ती लक्ष्यहरूको प्रकृति निकै अर्थपूर्ण र प्रभावशाली हुन्छ । मेरा त्यस्ता लक्ष्यहरू अत्यन्त सीमित छन् । अध्ययनका क्षेत्रमा औपचारिक डिग्रीको उच्चतम उपलब्धिका साथमा समाजमा आफ्नो सामाजिक छवि बनाएर प्रतिष्ठासहित सार्थक जीवन व्यतीत गर्नुपर्छ भन्ने मेरा बुबाको महान् प्रेरणा तथा आशीर्वादलाई हृदयङ्गम गर्दै म शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा निरन्तर सङ्घर्षरत छु । मेरा बुबाको आशीर्वाद तथा क्षितिजबाट प्रेषित दिव्यदृष्टिले सधैं मलाई स्नेही अँगालोमा बाँधिरहेको हुन्छ । यो मनोवैज्ञानिक ऊर्जा नै मेरो सङ्घर्ष तथा सफलताको द्योतक हो । मेरी ममतामयी आमामा हौसला, दृढता तथा आत्मविश्वास नभएको भए मेरो जीवनको घुम्तीले यो तह हासिल गर्ने कुनै सम्भावना नै थिएन । तसर्थ यो मरो विद्यावारिधिको उपाधि सर्वप्रथम मेरी आमा श्री पद्मा खनाल तथा बुबा स्व. माधवप्रसाद खनालमा समर्पित गर्दछु ।

विद्यावारिधि कार्य सम्पन्न गराउने संस्था त्रिवि, शिक्षाशास्त्र सङ्कायप्रति अनुगृहित छु । विद्यावारिधिका लागि विद्वत्वृत्ति उपलब्ध गराउने विश्वविद्यालय अनुदान आयोग तथा विद्यावारिधिका उपयुक्त वातावरणसहित अध्ययन सुविधा उपलब्ध गराउने जनमैत्री बहुमुखी क्याम्पसलाई विशेष धन्यवाद दिन्छु ।

आफ्ना व्यावहारिक तथा प्राज्ञिक कार्यव्यस्ततालाई पन्छाएर मलाई यस अनुसन्धानको प्रारम्भदेखि निरन्तर हौसला दिदै सकारात्मक ऊर्जासहित कुशल, परिपक्व तथा प्राज्ञिक परामर्श गर्दै मित्रवत् व्यवहारका साथमा बौद्धिक निर्देशन गरी शोध कार्य सम्पन्न गराउने समादरणीय गुरु प्रा.डा. पारसमणि भण्डारीज्यूप्रति आभारी हुँदै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अनुसन्धानको प्रारम्भिक चरण शीर्षक चयनदेखि शोधप्रबन्धको अन्तिम स्वरूप तयार गर्ने कार्यसम्म उत्तिकै चासो र सहृदयता व्यक्त गर्दै स्नेहपूर्वक प्राज्ञिक र प्राविधिक सल्लाह तथा सुझाव दिनुहुने प्राज्ञिक अभिभावक आदरणीय प्रा.डा. वासुदेव काफ्लेज्यूले लगाउनुभएको गुरुऋण कसरी तिर्न सकिएला ? शब्दमा व्यक्त गर्नै सक्दिन । काफ्ले सरप्रति अनुगृहित छु ।

सामयिक अनुसन्धेय क्षेत्र सुझाउने आदरणीय गुरु प्रा.डा. गोविन्दराज भट्टराईज्यूप्रति विशेष आभारी छु । विद्यावारिधि उपाधि हासिल गरेर प्राज्ञिक तथा अनुसन्धानात्मक क्षेत्रमा सघन व्यक्तित्व निर्माण गरी जीवनलाई प्रतिस्पर्धी र सफल बनाउनुपर्ने दीक्षासहित निरन्तर उत्प्रेरित गर्दै विविध क्षेत्रमा प्राज्ञिक तथा प्राविधिक सहयोग र ऊर्जा प्रदान गर्ने समादरणीय गुरु प्रा.डा. रामचन्द्र लम्सालज्यूप्रति कृतज्ञ छु । अनुजहरूको आकाङ्क्षालाई बुझेर सत्प्रेरणा प्रदान गर्दै मन, वचन र कर्मले नै प्राज्ञिक एवम् प्राविधिक सहयोगसहित अनुसन्धानको प्रस्तावना, अनुसन्धान कार्यको सैद्धान्तिक तथा प्रायोगिक खाकाका लागि यथोचित परामर्श दिँदै र सम्बन्धित सामग्री उपलब्ध गराउने आदरणीय गुरु डा. नेत्र एटमज्यूप्रति विशेष कृतज्ञ छु । अनुसन्धान कार्य र शोधप्रबन्ध निर्माणका सन्दर्भमा प्राज्ञिक तथा प्राविधिक परामर्श दिने आरणीय गुरुहरू प्रा.डा. रामनाथ ओझा एवम् प्रा.डा. राजेन्द्रप्रसाद पौडेलप्रति विशेष आभारी छु । शोधप्रबन्ध आद्योपान्त पढी परिष्कारका लागि प्राज्ञिक तथा प्राविधिक सल्लाह दिनुहुने आदरणीय गुरु प्रा. केशव सुवेदीज्यूप्रति विशेष आभारी छु ।

अङ्ग्रेजी भाषाका सैद्धान्तिक ग्रन्थहरूको 'सफ्ट कपी' डाउनलोड गरी अथाह गुन लगाउनुहुने जनमैत्री बहुमुखी क्याम्पस अर्थशास्त्र विषयका उपप्राध्यापक श्री माधव खनालप्रति कृतज्ञता व्यक्त गर्दछु । सामग्री सङ्कलनका सन्दर्भमा विशेष सहयोग पुर्याउने आदरणीय डा. रामचन्द्र पौडेल, प्रा.डा सुधा त्रिपाठी, मित्र कृति भुजुप्रति कृतज्ञ छु । अनुसन्धानका दौरान यथासमयमा सल्लाह तथा सुझाव दिनुहुने आदरणीय डिन प्रा.डा. प्रकाशमान श्रेष्ठ, सहायक डिनहरूः सहप्रा. नेत्रप्रसाद धिताल, प्रा.डा. चित्र बुढाथोकी तथा प्रा.डा.शिवराम न्यौपाने, अनुसन्धान समितिका सदस्यहरूः प्रा.डा. अरविन्दलाल भोमी, प्रा.डा. महेशराज दाहाल, प्रा.डा.कृष्णचन्द्र शर्मा, डा. तापसी भट्टाचार्य, प्रा.डा. शिवशरण महर्जन तथा आदरणीय गुरु डा. यादवप्रकाश लामिछानेलगायत सम्पूर्ण अग्रजहरूमा विशेष आभार व्यक्त गर्दछु ।

मलाई घरायसी उल्झनबाट निरपेक्ष बनाएर सदैव प्राज्ञिक उन्नयनमा दत्तचित्त हुन व्यावहारिक तथा मनोवैज्ञानिक ऊर्जा दिने सहयात्री कल्पना अधिकारी एवम् ज्ञानी बनेर अध्ययनमा सघाउने छोरी आशंसालाई धन्यवाद दिन्छु । मेरो अध्ययनलाई प्रत्यक्ष तथा परोक्ष रूपमा सघाउने दाजु वासुदेव खनाल, भाउजू, दिदीहरू, भिनाजुहरू तथा बहिनी एवम् मित्रहरूः मिनराज पौडेल, चिरञ्जीवी घिमिरे, केशव भुसाल, राजन भट्टराई, भोला ओझा, डा. मीरा प्रधान, रामप्रसाद पौडेल, नरेन्द्र कोइरालालगायत जनमैत्री क्याम्पस तथा शिक्षाशास्त्र केन्द्रीय विभागका अग्रज तथा मित्रहरू, डिन कार्यालयका अग्रज रामहरि फुयाल र मिम श्रेष्ठका साथै प्रस्तुत अनुसन्धान प्रतिवेदन टङ्कन गरिदिने मित्र चिरञ्जीवी खड्का, विभिन्न सामग्री प्रिन्ट तथा फोटोकपी गरिदिने नेसनल कम्प्युटर सेन्टर कीर्तिपुरका नवीन शर्मालगायत सम्पूर्ण शुभचिन्तकहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

.....
राजेन्द्र खनाल
शोधार्थी

मिति: २०७१/०७/२३

विषयसूची

शोधनिर्देशकको सिफारिस क
मूल्याङ्कन समितिको स्वीकृति ख
प्रतिबद्धता ग
शोधप्रबन्धको सार घ
कृतज्ञता ज्ञापन च
विषयसूची छ

परिच्छेद एक
अनुसन्धान परिचय

१.१ पृष्ठभूमि १
१.२ समस्याकथन ३
१.३ शोधका उद्देश्य ४
१.४ शोधको सान्दर्भिकता र औचित्य ४
१.५ शोधको परिसीमा ५
१.६ शोधप्रबन्धको रूपरेखा ६

परिच्छेद दुई
पूर्वाध्ययनको पुनरावलोकन

२.१ पृष्ठभूमि ८
२.२ लैङ्गिक अध्ययन सम्बन्धी अङ्ग्रेजी भाषामा भएका पूर्वाध्ययनको पुनरावलोकन ८
२.३ लैङ्गिक अध्ययनसम्बन्धी नेपाली भाषामा भएका पूर्वाध्ययनको पुनरावलोकन ४३

२.४ लैङ्गिक अध्ययनसम्बन्धी नेपालमा भएका शोधकार्यको पुनरावलोकन ५१

परिच्छेद तीन
अनुसन्धान विधि

३.१ अनुसन्धान ढाँचा ५५

३.२ जनसङ्ख्या छनोट ५६

३.३ प्रतिनिधि नमुना छनोट ५७

३.४ उपन्यास विश्लेषणका प्रतिमान ५७

३.४.१ शीर्षक ६०

३.४.२ कथावस्तु ६०

३.४.३ चरित्र र जैविकता ६१

३.४.४ लैङ्गिकताको अवस्था ६२

३.४.५ लैङ्गिक भूमिका ६२

३.४.६ लैङ्गिक समस्या ६३

३.४.७ लैङ्गिक चेतना र सशक्तीकरण ६३

३.४.८ यौनिकता ६४

३.४.९ लैङ्गिकताको भाषा ६५

३.४.१० परिणति र सन्देश ६५

३.५ व्याख्या तथा विश्लेषण प्रक्रिया ६७

परिच्छेद चार
लैङ्गिक समालोचनाको सैद्धान्तिक प्रारूप

४.१ लैङ्गिक अध्ययनको पृष्ठभूमि ६९

४.२ लैङ्गिकताको ऐतिहासिक अवस्था ७१

४.३ लैङ्गिकतासँग सम्बन्धित मान्यताहरू ७५

४.३.१ पितृसत्ता ७६

४.३.२ नारीवाद ७७

४.३.२.१ उदार नारीवाद ७९

४.३.२.२ मार्क्सवादी नारीवाद ८०

४.३.२.३ मनोविश्लेषणात्मक नारीवाद ८२

४.३.२.४ आमूल नारीवाद ८३

४.३.२.५ समाजवादी नारीवाद ८५

४.३.२.६ समकालीन नारीवाद ८६

४.३.३ पुरुषत्व ८७

४.३.४ यौनिकता ८९

४.३.४.१ विपरीत लिङ्गी यौनिकता ९०

४.३.४.२ समलिङ्गी यौनिकता ९२

४.३.४.३ द्विलिङ्गी यौनिकता ९३

४.३.४.४ परिवर्तित लिङ्गी यौनिकता ९४

४.३.४.५ अन्तरलिङ्गी यौनिकता ९५

४.३.५ लैङ्गिक समानता र समता ९६

४.३.६ लैङ्गिक भूमिका ९८

४.३.६.१ उत्पादक भूमिका १००

४.३.६.२ अनुत्पादक भूमिका १००

४.३.६.३ सामुदायिक भूमिका १०१

४.३.७ लैङ्गिक विभेद १०२

४.३.८ लैङ्गिक हिंसा १०३

४.३.९ लैङ्गिक सशक्तीकरण १०५

४.३.१० लैङ्गिकताको भाषा १०७

४.३.११ जैविक लिङ्ग ११६

परिच्छेद पाँच

लैङ्गिक समस्यापरक नेपाली उपन्यासको सर्वेक्षण

५.१ नारी लिखित लैङ्गिक समस्यापरक नेपाली उपन्यास १२०

५.२ पुरुष लिखित लैङ्गिक समस्यापरक नेपाली उपन्यास १५३

परिच्छेद छ

पूर्ववर्ती नेपाली उपन्यास

६.१ स्वास्नीमान्छे उपन्यास २०८

६.१.१ शीर्षक २०९

६.१.२ कथावस्तु २०९

६.१.३ चरित्र र जैविकता २१४

६.१.४ लैङ्गिकताको अवस्था २२०

६.१.५ लैङ्गिक भूमिका २२१

६.१.६ लैङ्गिक समस्या २२२

६.१.७ लैङ्गिक चेतना र सशक्तीकरण २२६

६.१.८ यौनिकता २३३

६.१.९ लैङ्गिकताको भाषा २३४

६.१.१० परिणति र सन्देश २३७

६.२ तीन घुम्ती उपन्यास २३८

६.२.१ शीर्षक २३९

६.२.२ कथावस्तु २४०

६.२.३ चरित्र र जैविकता २४४

६.२.४ लैङ्गिकताको अवस्था २४८

६.२.५ लैङ्गिक भूमिका २५०

६.२.६ लैङ्गिक समस्या २५१

६.२.७ लैङ्गिक चेतना र सशक्तीकरण २५३

६.२.८ यौनिकता २५८

६.२.९ लैङ्गिकताको भाषा २६०

६.२.१० परिणति र सन्देश २६२

परिच्छेद सात

परवर्ती नेपाली उपन्यास

७.१ सहयात्री उपन्यास २६५

७.१.१ शीर्षक २६६

७.१.२ कथावस्तु २६७

७.१.३ चरित्र र जैविकता २७२

७.१.४ लैङ्गिकताको अवस्था २७५
७.१.५ लैङ्गिक भूमिका २७८
७.१.६ लैङ्गिक समस्या २८०
७.१.७ लैङ्गिक चेतना र सशक्तीकरण २८३
७.१.८ यौनिकता २८७
७.१.९ लैङ्गिकताको भाषा २८८
७.१.१० परिणति र सन्देश २९०
७.२ समानान्तर आकाश उपन्यास २९२
७.२.१ शीर्षक २९३
७.२.२ कथावस्तु २९४
७.२.३ चरित्र र जैविकता ३०२
७.२.४ लैङ्गिकताको अवस्था ३०९
७.२.५ लैङ्गिक भूमिका ३१४
७.२.६ लैङ्गिक समस्या ३१६
७.२.७ लैङ्गिक चेतना र सशक्तीकरण ३१९
७.२.८ यौनिकता ३२४
७.२.९ लैङ्गिकताको भाषा ३२७
७.२.१० परिणति र सन्देश ३२९

परिच्छेद आठ
समयौनिक नेपाली उपन्यास

८.१ अर्धसत्य उपन्यास ३३२
८.१.१ शीर्षक ३३३
८.१.२ कथावस्तु ३३५
८.१.३ चरित्र र जैविकता ३४०
८.१.४ यौनिकता र यौनिक समस्या ३४२
८.१.५ लैङ्गिकताको भाषा ३४६
८.१.६ परिणति र सन्देश ३४९
८.२ सलिजो उपन्यास ३५०
८.२.१ शीर्षक ३५१

८.२.२ कथावस्तु ३५२
८.२.३ चरित्र र जैविकता ३५९
८.२.४ यौनिकता र यौनिक समस्या ३६४
८.२.५ यौनिक चेतना र सशक्तीकरण ३६७
८.२.६ लैङ्गिकताको भाषा ३७१
८.२.७ परिणति र सन्देश ३७४

परिच्छेद नौ

उपसंहार

९.१ समष्टिगत निष्कर्ष ३७७
९.२ तुलनात्मक निष्कर्ष ३९०
९.३ शैक्षिक उपादेयता ३९३
सन्दर्भसूची ४००
परिशिष्ट कः शोधप्रबन्धमा देवनागरी लिपिमा उल्लिखित अङ्ग्रेजी शब्दसूची I
परिशिष्ट खः पारिभाषिक शब्द VIII

परिच्छेद एक

अनुसन्धान परिचय

१.१ पृष्ठभूमि

लैङ्गिकताका आधारमा गरिने विभेदकारी र अन्यायपूर्ण व्यवहार एवम् परम्परित मान्यताबाट निर्माण गरिएका लैङ्गिक भूमिकाहरूमा समान तथा न्यायपूर्ण अवस्थाको खोजी गर्नु नै लैङ्गिक चेतना हो । लैङ्गिक तथा यौनिक भिन्नता भएकै कारणबाट शिक्षा, स्वास्थ्य, राजनीति, संस्कृति, धर्म, अर्थ, यौन, कानुन, परिवार, समाज आदि क्षेत्रमा पुरुषले नारीमाथि वा नारीले पुरुषमाथि गर्ने विभेदको अन्त्य गर्नुपर्ने विचार नै लैङ्गिक चेतना हो । पितृसत्तात्मक समाजमा प्रायः पुरुषहरूबाट नारीहरू शोषित, दमित तथा उपेक्षित बनेका छन् । यस्ता शोषण तथा नियन्त्रणबाट मुक्त भई स्वतन्त्रतापूर्ण समान जीवनको खोजी गर्नु, विसमलिङ्गीबाट उपेक्षित र नियन्त्रित बनेका समलिङ्गी यौनिकता भएका व्यक्तिहरूले स्वतन्त्रतापूर्ण समान अस्तित्वको खोजी गर्नु लैङ्गिक चेतना हो । समता, सशक्तीकरण तथा मूलप्रवाहीकरणले लैङ्गिक चेतनालाई सार्थक तथा पूर्ण बनाउने हुनाले लैङ्गिक चेतना यस्ता पक्षतर्फ अभिमुख हुन्छ ।

लैङ्गिक चेतना पनि नेपाली उपन्यासमा एउटा नवीन विचारको रूपमा देखा परेको छ । यो पाश्चात्य नारीवादी आन्दोलन र यसले स्थापना गरेका प्रमुख मान्यताबाट प्रभावित छ । लैङ्गिक चेतनाको खोजी साहित्यशास्त्रको लैङ्गिक समालोचनाले गर्दछ । लैङ्गिकता भनेको जैविक विशेषताका आधारमा संस्कृतिबाट निर्धारित मान्यता हो । लैङ्गिकता (जेन्डर) भनेको समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबिचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक भूमिका र उनीहरूको अवस्था हो ।

लैङ्गिक दृष्टिले साहित्यको विश्लेषण गर्ने कार्यलाई लैङ्गिक समालोचना भनिन्छ । लैङ्गिक समालोचनाका सन्दर्भमा अब्राम्स र हार्फम (सन्. २००५) *अ ग्लोसरी अफ लिटेररी टर्म्स*को आठौँ संस्करणमा भन्छन्: लैङ्गिक भूमिकासँग सम्बन्धित लेखाइ, प्रस्तुति, विषयवस्तु तथा सम्पूर्ण साहित्यिक कार्यको विश्लेषण तथा मूल्याङ्कन गर्नु नै लैङ्गिक समालोचना हो । लैङ्गिक समालोचनाले कृतिमा रहेका विचार, विषयवस्तु, चरित्र, परिवेश र भाषा आदि पक्षको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दछ ।

जीवन र जगत्को समग्र चित्रण गर्ने साहित्यको महत्त्वपूर्ण गद्याख्यान विधा उपन्यास हो । उपन्यासमा मानवीय जीवनका अन्तर्बाह्य पक्षको उद्घाटन गरी समाज र व्यक्तिसँगको अर्न्तद्वन्द्व र व्यक्ति-व्यक्तिबिचको सहसम्बन्ध तथा द्वन्द्वात्मक चित्रण गरिएको हुन्छ । उपन्यासले युगको जटिल सामाजिक अर्न्तसम्बन्ध तथा अन्तर्मनको द्वन्द्वलाई सफल रूपमा अभिव्यक्त गरेको पाइन्छ । नयाँ विधाका रूपमा उपन्यास ईसाको अठारौँ शताब्दीतिर युरोपबाट विकसित भएको हो । यस विधाले अहिले नेपालीमा पनि अत्यन्त लोकप्रियता हासिल गरेको छ ।

नेपाली साहित्यमा गिरीशबल्लभ जोशीको *वीर चरित्र* (वि.सं. १९६०) बाट सुरु भएको मौलिक उपन्यास लेखनको परम्पराले एक सय वर्ष पूरा गरिसकेको छ । यस क्रममा नेपाली उपन्यासले अनेकौँ प्रवृत्ति, विचार र वादहरूको पृष्ठभूमिमा विविध धारहरू सिर्जना गरी विश्वका अनेकौँ वाद, आन्दोलन र सैद्धान्तिक पाटाहरूको पृष्ठपोषण गरेको छ । विश्वको राजनीति, अर्थतन्त्र, विज्ञान, मनोविज्ञान, सामाजिक, सांस्कृतिक पक्षलाई उपन्यास विधाले अङ्गीकार गर्दै मानव समुदायसमक्ष विचार र चेतनाहरू अगाडि बढाइरहेको स्थिति छ । आधुनिक नेपाली उपन्यासको थालनी रुद्रराज पाण्डेको *रूपमती* (वि.सं.१९९१) उपन्यासबाट भएको मानिन्छ । अहिले उपन्यास विधामा पाश्चात्य साहित्यमा प्रयुक्त विभिन्न विचार, सिद्धान्त, वाद र शैलीहरू भित्रिएका छन् भने नवीन तथा मौलिक पद्धतिहरूको प्रयोग भएको छ ।

आधुनिक नेपाली उपन्यास लेखनमा लैङ्गिक चेतनाको स्थापना र खोजीका पर्याप्त प्रयासहरू भएको देखिँदैन । नेपाली उपन्यासकारहरूले केही मात्रामा लैङ्गिक विचार प्रस्तुत गरेको भेटिन्छ । तर मनोविश्लेषणात्मक उपन्यासकारहरूले नेपाली नारी मनोजगत्का प्रशस्त पाटाहरू उठान गरेका छन् । महिला चरित्रलाई आफ्नो सहअस्तित्वको खोजी गर्न अग्रसर तुल्याउने प्रयास गरिएका उपन्यास पनि पर्याप्त छन् । ती उपन्यास र चरित्रभित्र नै लैङ्गिकताको खोजी गर्नुपर्ने देखिन्छ । लैङ्गिक अध्ययनले विचार पक्ष र भाषिक पक्षमा रहेका सामाजिक, सांस्कृतिक मान्यताहरूको मूल्याङ्कन गर्दछ । पितृसत्ता, नारीवाद, लैङ्गिक समस्या, लैङ्गिक समानता र समता, दमन, शोषण, हिंसा, पीडा अनि उद्धार र मुक्ति, शक्ति र सशक्तीकरण, लैङ्गिक भाषा, सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक सन्दर्भ, लैङ्गिक अधिकार, कर्तव्य तथा अवसर, यौनिकता र यौन सम्बन्ध, समयौनिकता (गे, लेज्बियन), क्विअर, तेस्रो लिङ्गी, द्वियौनिकता, परिवर्तित लिङ्गी, लैङ्गिक स्वतन्त्रता, मनोविश्लेषण आदि लैङ्गिकतासँग सम्बन्धित मान्यताहरू हुन् ।

लैङ्गिक चेतनाका लागि सामाजिक, सांस्कृतिक पक्षबाट नवीन सोच र विचारहरू उद्घाटन गर्ने उपन्यासकारहरू र तिनीहरूले प्रस्तुत गर्ने उपन्यासमा रहेका विषयवस्तु र चरित्र, विचार तथा भाषाका पक्षहरूलाई तथ्यसहित खोजी र मूल्याङ्कन नेपाली अध्ययन परम्परामा नवीन विषय हो । *नेपाली उपन्यासमा लैङ्गिक चेतना* शीर्षकको शोधबाट सम्बन्धित विषयको अध्ययन परम्परामा मौलिक तथा नयाँ कार्य सम्पन्न हुने अपेक्षा गरिएको छ ।

नेपाली उपन्यासमा लैङ्गिक चेतना शीर्षकमा सम्पन्न गरिएको प्रस्तुत शोधमा नेपाली उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्था र चेतनाको विश्लेषण गरिएको छ । जम्मा छयालिस ओटा उपन्यासको सर्वेक्षण गरी लैङ्गिक र यौनिक दृष्टिले समस्यापूर्ण तथा सशक्त ठहरिएका छ ओटा उपन्यासको गहन विश्लेषण गरिएको छ । उपन्यासमा प्रयुक्त कथावस्तु, चरित्रको उपस्थिति र भूमिकालाई लैङ्गिक दृष्टिले मूल्याङ्कन गरिएको छ । नेपाली उपन्यासमा व्यक्त लैङ्गिकता र यौनिकताको अवस्था तथा लैङ्गिक एवम् यौनिक चेतना र सशक्तीकरणलाई पर्गेलिएको छ । त्यसै गरी उपन्यासमा प्रयुक्त भाषाको लैङ्गिक दृष्टिले मूल्याङ्कन गरिएको छ । विश्लेष्य छ ओटा नेपाली उपन्यासको लैङ्गिक दृष्टिले विश्लेषण र मूल्याङ्कन गर्नका लागि दस ओटा आधार वा प्रतिमान निर्धारण गरी सोही आधारमा स्तर निर्धाणसमेत गरिएको छ ।

१.२ समस्याकथन

नेपाली उपन्यासको परम्परा त्यति लामो छैन । नेपाली उपन्यास परम्परामा अधिकांश नेपाली उपन्यास पुरुष लिखित छन् र ती उपन्यासमा प्रस्तुत विचार तथा भाषा लैङ्गिक दृष्टिले सन्तुलित बनेका छैनन् । केही उपन्यासमा लैङ्गिक चेतना तथा सन्तुलन प्रस्तुत गरिएको भए पनि अपेक्षित बनेका छैनन् । लैङ्गिक चेतना तथा सशक्तीकरण व्यक्त नहुनु र लैङ्गिक समानताको मूल्य स्थापना गर्न नसक्नु लैङ्गिक दृष्टिले नेपाली उपन्यासका मूल समस्या हुन् । उपन्यासमा व्यक्त विचार, चेतना, भाषा तथा चरित्रजस्ता पक्षहरूमा लैङ्गिक पक्षहरू प्रस्तुत अध्ययनका प्रमुख समस्या बनेका छन् । नेपाली उपन्यासमा लैङ्गिक अवस्था र चेतनाको कस्तो प्रयोग भएको छ ? भन्ने अनुसन्धानात्मक जिज्ञासा नै प्रस्तुत शोधको मूल प्रश्न रहेको छ । प्रस्तुत शोधका लागि मूलतः निम्नलिखित प्राज्ञिक प्रश्नहरूको विश्लेषण गरी अध्ययनका मूल जिज्ञासाको समाधान गरिएको छ :

१. लैङ्गिक समालोचनाको सैद्धान्तिक आधार कसरी निर्धारण गर्न सकिन्छ ?

२. नेपाली उपन्यासको लैङ्गिक तथा यौनिक अवस्था कस्तो छ ?

३. नेपाली उपन्यासमा लैङ्गिक तथा यौनिक चेतनाको प्रयोग कसरी गरिएको छ ?

४. नेपाली उपन्यासमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिमा कस्तो छ ?

१.३ शोधका उद्देश्य

नेपाली उपन्यासमा प्रयुक्त लैङ्गिकताको अवस्था र चेतनाको विश्लेषण गर्नु प्रस्तुत शोधको मूल उद्देश्य रहेको छ । प्रस्तुत शोधका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

१. लैङ्गिक समालोचनाको सैद्धान्तिक आधार निर्धारण गर्नु ।

२. नेपाली उपन्यासमा रहेको लैङ्गिक तथा यौनिक अवस्था सर्वेक्षण गर्नु ।

३. नेपाली उपन्यासमा प्रयुक्त लैङ्गिक तथा यौनिक चेतनास्तर निर्क्योल गर्नु ।

४. लैङ्गिक दृष्टिले नेपाली उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु ।

१.४ शोधको सान्दर्भिकता र औचित्य

लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार निर्माण गरी तिनीहरूकै उपयोग गरेर नेपाली उपन्यासको विश्लेषण तथा मूल्याङ्न गरिएकाले यसबाट नेपाली समालोचनाको क्षेत्रमा नवीन पद्धति एवम् प्रयोगको स्थापना हुने हुँदा यसको उपयोगिता र सान्दर्भिकता रहेको छ । प्रस्तुत शोधबाट लैङ्गिक समालोचनाको सैद्धान्तिक आधार तयार हुने, लैङ्गिक समालोचनाका आधारमा कृतिको प्रयोगात्मक विश्लेषणको प्रारूप निर्माण हुने, लैङ्गिक चेतना र दृष्टिकोणका आधारमा कृतिको नवीन सौन्दर्यको उद्घाटन र मूल्याङ्कन गर्ने आधार प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

त्यसै गरी शिक्षणीय विधा लेखन तथा छनोटमा लैङ्गिक सचेतना तथा सन्तुलन कायम गर्न आधार प्राप्त हुने, विद्यालय तथा उच्च शिक्षामा अध्ययन अध्यापनमा समावेश गरिने पाठहरू छनोटमा सहयोग पुग्ने, भाषा पाठ्यपुस्तकको भाषा सम्पादन तथा प्रस्तुतिमा लैङ्गिक संवेदना कायम गर्न पनि सान्दर्भिक र उपयोगी बन्न सक्छ । भाषा पाठ्यपुस्तकमा चित्र, अभ्यास तथा व्याकरणका उदाहरण निर्माण, छनोट तथा प्रस्तुतिमा सन्तुलन कायम गर्न गराउन अधार प्रदान गर्ने, पारिवारिक तथा सामाजिक भूमिका र यौन सन्दर्भहरूमा लैङ्गिक संवेदनशीलता कायम गर्न गराउन सहयोग हुने, लैङ्गिक सन्दर्भमा सैद्धान्तिक र कार्यमूलक अनुसन्धान गर्न गराउन आधार प्राप्त हुने तथा शैक्षिक सामग्री निर्माण तथा प्रस्तुतिमा लैङ्गिक

संवेदनशीलता कायम गर्नका लागि स्पष्ट मार्गनिर्देश गर्नसक्ने भएकाले यसको महत्त्व तथा सान्दर्भिकता उच्च रहेको छ ।

नेपाली उपन्यासका क्षेत्रमा विभिन्न सिद्धान्तहरूको प्रयोग र पाश्चात्य वादहरू भित्रिसकेको सन्दर्भमा आधुनिक उपन्यासको प्रमुख विचार र मान्यताको रूपमा रहेको लैङ्गिक चेतनाको प्रयोगसम्बन्धी व्यवस्थित प्राज्ञिक स्रोतका लागि प्रस्तुत शोधबाट मौलिक प्राज्ञिक उपलब्धि थपिने हुनाले यसको सान्दर्भिकता प्रस्टै छ । त्यस्तै कृति रचना तथा विश्लेषणका क्षेत्रमा रहेका लैङ्गिकतासम्बन्धी विभेद तथा अन्तरहरू न्यूनीकण गर्नका लागि पनि यो अध्ययन महत्त्वपूर्ण बन्ने देखिन्छ । लैङ्गिक चेतना र दृष्टिकोणका साथ नेपाली उपन्यासको नवीन सौन्दर्य उद्घाटन र मूल्याङ्कन गर्ने हुनाले यसको महत्त्व उच्च देखिन्छ । त्यस्तै नेपाली उपन्यासमा प्रयुक्त भाषाको लैङ्गिक विश्लेषणसमेत गरिएकाले प्रस्तुत अध्ययन थप औचित्यपूर्ण बनेको छ ।

१.५ शोधको परिसीमा

प्रस्तुत शोधकार्य नेपाली उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित रहे पनि लैङ्गिक समालोचना र दृष्टिकोणका लागि सैद्धान्तिक आधार निर्धारण गर्दा नारीवाद, मनोविज्ञान, सांस्कृतिक चेतनालगायतका उत्तरआधुनिक पाश्चात्य मान्यता स्रोत र साधन भएका कृतिहरूसम्म क्षेत्र विस्तार हुने छ । नेपाली उपन्यासमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा औपन्यासिक स्तर भएका नेपाली उपन्यास (वि.सं. १९८९-२०६८) लाई मात्र आधार बनाइएको छ । त्यस्तै निर्मित प्रारूपअनुसार लैङ्गिक अध्ययन गर्दा भिन्नभिन्न प्रवृत्तिका प्रतिनिधि नेपाली उपन्यासहरू छनोट गरिएको छ । शोधका परिसीमालाई निम्न बुँदाबाट प्रस्ट्याउन सकिन्छ :

१. प्रस्तुत अध्ययन नेपाली भाषामा लेखिएका १९८९ सालदेखि २०६८ सालसम्मका उपन्यासमा मात्र सीमित छ ।

२. लैङ्गिक समस्या र चेतना केन्द्रित उपन्यासमा अध्ययन सीमित छ ।

३. प्रत्येक उपन्यासकारका एकएक ओटा उपन्यासका दरले छयालिस ओटा उपन्यासको मात्र सर्वेक्षण गरिएको छ ।

४. पौराणिक तथा ऐतिहासिक पक्षको केन्द्रीयता भएका उपन्यास अध्ययनमा समावेश भएका छैनन् ।

५. लैङ्गिक समस्या र चेतना प्रयोग भएका उपन्यासको मात्र सर्वेक्षण गरिएको छ ।

६. विश्लेषण गर्दा सामाजिक यथार्थवादी प्रगतिवादी उपन्यास *सहयात्री,* नारीवादी उपन्यासहरू *स्वास्नीमान्छे* र *समानान्तर आकाश* (पुरुष लिखित र महिला लिखित), मनोविश्लेषणात्मक उपन्यास *तीन घुस्ती,* समयौनिक उपन्यासहरू *सलिजो* र *अर्धसत्य* (स्त्री समलैङ्गिक र पुरुष समलैङ्गिक) जस्ता औपन्यासिक क्षेत्रका एक एक ओटा गरी जम्मा छ ओटा उपन्यासको मात्र विश्लेषण गरिएको छ ।

७. विविध खालका उपन्यास विश्लेषण गरिएकाले उपन्यासको प्रकृतिअनुसारका प्रतिमानको प्रयोग गरिएको छ । त्यसैले प्रतिमानको प्रयोगमा एकरूपता कायम भएको छैन ।

८. नारीवादी उपन्यास *स्वास्नीमान्छे,* मनोविश्लेषणात्क उपन्यास *तीन घुस्ती,* प्रगतिवादी उपन्यास *सहयात्री* तथा नारीवादी उपन्यास *समानान्तर आकाश*को विश्लेषणका लागि शीर्षक, कथावस्तु, चरित्र र जैविकता, लैङ्गिकताको अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्या, लैङ्गिक चेतना र सशक्तीकरण, यौनिकता, लैङ्गिकताको भाषा एवम् परिणति र सन्देश गरी जम्मा दस ओटा प्रतिमानको उपयोग गरिएको छ ।

९. पुरुष समयौनिक उपन्यास *अर्धसत्य*को विश्लेषणका लागि शीर्षक, कथावस्तु, चरित्र र जैविकता, यौनिकता र यौनिक समस्या, लैङ्गिकताको भाषा एवम् परिणति र सन्देश गरी जम्मा छ ओटा तथा नारी समयौनिक उपन्यास *सलिजो*को विश्लेषणका लागि शीर्षक, कथावस्तु, चरित्र र जैविकता, यौनिकता र यौनिक समस्या, यौनिक चेतना र सशक्तीकरण, लैङ्गिकताको भाषा एवम् परिणति र सन्देश गरी जम्मा सात ओटा प्रतिमानको उपयोग गरिएको छ ।

१.६ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई नौ परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद विभाजन गर्दा अनुसन्धान ढाँचा तथा शोधप्रबन्ध निर्माणको स्थापित मान्यता र अध्ययन प्रस्तुतिको स्वाभाविकतालाई समेत विचार गरिएको छ । प्रतिनिधिमूलक छ ओटा उपन्यासको विश्लेषणलाई उपन्यासको प्रकृति, कालिक सन्दर्भ तथा वहन गरेको वैचारिक पक्षलाई आधार बनाएर परिच्छेद विभाजन गरिएको छ ।

विश्लेष्य छ ओटा उपन्यासमध्ये दुई उपन्यास *स्वास्नीमान्छे* र *तीन घुम्ती* २०३६ सालभन्दा पहिले प्रकाशित हुन् । त्यसैले यी दुई उपन्यासलाई पूर्ववर्ती उपन्यासका रूपमा लिइएको छ । अन्य चार उपन्यास *सहयात्री, समानान्तर आकाश, अर्धसत्य* र *सलिजो* उपन्यास २०३६ सालभन्दा पछि प्रकाशन भएका हुन् । यी चार उपन्यासलाई परवर्ती उपन्यासका रूपमा लिइएको छ । कालक्रमिक आधारमा अध्याय विभाजन गर्दा विश्लेष्य छ ओटा उपन्यासलाई पूर्ववर्ती र परवर्ती गरी जम्मा दुई परिच्छेद बनाउनुपर्नेमा आयामगत पक्ष तथा औपन्यासिक वैशिष्ट्यले गर्दा स्वच्छन्दतावादी तथा लैङ्गिक दृष्टिले क्रान्तिकारी प्रकृतिका पूर्ववर्ती दुई उपन्यास *स्वास्नीमान्छे* र *तीन घुम्ती*को विश्लेषणलाई एउटा परिच्छेदमा समेटिएको छ । परवर्तीअन्तर्गत रहेका चार ओटा उपन्यासमध्ये यथार्थवादी तथा परिवर्तनकारी प्रकृतिका दुई उपन्यास *सहयात्री र समानान्तर आकाशको* विश्लेषणलाई एउटा परिच्छेद एवम् यौनिक सन्दर्भलाई केन्द्रीय कथ्य बनाइएका दुई उपन्यास *अर्धसत्य* र *सलिजो*को विश्लेषण एउटा परिच्छेद गरी विश्लेषणलाई तीन परिच्छेदमा व्यवस्थित गरिएको छ । यसरी जम्मा नौ परिच्छेदमा प्रस्तुत अध्ययनको शोधप्रबन्ध तयार पारिएको छ । शोधप्रबन्धको रूपरेखा निम्नबमोजिम रहेको छ :

पहिलो परिच्छेद : अनुसन्धान परिचय
दोस्रो परिच्छेद : पूर्वाध्ययनको पुनरावलोकन
तेस्रो परिचछेद : अनुसन्धान विधि
चौथो परिच्छेद : लैङ्गिक समालोचनाको सैद्धान्तिक प्रारूप
पाँचौँ परिच्छेद : लैङ्गिक समस्यापरक नेपाली उपन्यासको सर्वेक्षण
छैटौँ परिच्छेद : पूर्ववर्ती नेपाली उपन्यास
सातौँ परिच्छेद : परवर्ती नेपाली उपन्यास
आठौँ परिच्छेद : समयौनिक नेपाली उपन्यास
नवौँ परिच्छेद : उपसंहार

परिच्छेदका अन्त्यमा सन्दर्भसूची राखिएको छ । परिशिष्टअन्तर्गत 'क'मा शोधप्रबन्धमा देवनागरी लिपिमा उल्लिखित अङ्ग्रेजी शब्दसूची र 'ख'मा विशेष शब्दावली समावेश गरिएको छ ।

परिच्छेद दुई

पूर्वाध्ययनको पुनरावलोकन

२.१ पृष्ठभूमि

अनुसन्धानका क्रममा सम्बन्धित विषय तथा क्षेत्रमा पहिले सम्पन्न भएका कार्यहरू (पुस्तक, अनुसन्धान प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख आदि) को व्यवस्थित अध्ययन गरी पुनरावलोकन गर्ने कार्य पूर्वाध्ययनको पुनरावलोकन हो । निश्चित विषयमा अनुसन्धान गर्नका लागि पर्याप्त सैद्धान्तिक र प्रयोगात्मक आधारहरूको खाँचो पर्दछ । उक्त आधारहरूको निर्माणका लागि विगतमा भएका सम्बन्धित कार्यहरूको गहन अध्ययन गर्नु आवश्यक हुन्छ । पूर्वाध्ययनबाट विगतमा प्राप्त उपलब्धि र त्यस क्षेत्रमा अनुसन्धान गर्न बाँकी क्षेत्र खुट्याइने हुनाले अनुसन्धानलाई उपुक्त तथा अपेक्षित बनाउन आधार प्राप्त हुन्छ । शोध समस्या तथा क्षेत्र पहिचान गर्न, शोधकार्यको सैद्धान्तिक ढाँचा तय गर्न, विगतमा भएका सम्बन्धित अनुसन्धानभन्दा नवीन तथा सामयिक बनाउन, अनुसन्धानमा व्यवस्थित र उपयुक्त मार्गचित्र प्राप्त गर्न पूर्वाध्ययनको पुनरावलोकनको उपयोगिता रहेको हुन्छ । *नेपाली उपन्यासमा लैङ्गिक चेतना*को अध्ययनका सन्दर्भमा लैङ्गिकताका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विगतमा भएका पूवकार्यहरूलाई लैङ्गिक अध्ययनसम्बन्धी अङ्ग्रेजी भाषामा भएका पूर्वाध्ययनको पुनरावलोकन, लैङ्गिक अध्ययनसम्बन्धी नेपाली भाषामा भएका पूर्वाध्ययनको पुरावलोकन र लैङ्गिक अध्ययनसम्बन्धी नेपालमा भएका शोधकार्यहरूको पुनरावलोकन गरी तीन भागमा विभाजन गरेर पुनरावलोकन गरिएको छ ।

२.२ लैङ्गिक अध्ययनसम्बन्धी अङ्ग्रेजी भाषामा भएका पूर्वाध्ययनको पुनरावलोकन

वोल्स्टनक्राफ्ट (सन् १७९२) द्वारा लेखिएको *अ भिन्डीकेसन अफ द राइट्स अफ उमन*मा लैङ्गिक सचेतनाको व्याख्या सहित लैङ्गिक सन्तुलनको तार्किक निष्कर्ष प्रस्तुत गरिएको छ । नारीवादी विचारलाई विश्व जगत्सामु सर्वप्रथम बीजारोपण गर्ने व्यक्ति 'मेरी' द्वारा लेखिएको उक्त ग्रन्थ लैङ्गिकता र नारीसम्बन्धी प्रथम सैद्धान्तिक कृति मानिन्छ । जम्मा तेर ओटा परिच्छेदमा विभाजन गरी मानव समाजको विकास प्रक्रिया तथा शृङ्खलामा स्त्रीहरूको स्थान तथा अवस्थाको यथार्थपरक विश्लेषण गरिएको छ । यस कृतिमा लैङ्गिक सचेतना र सशक्तीकरणका विषयहरू प्रस्तुत गर्दै स्त्रीका अधिकार निर्माण र प्रयोगको व्याख्या गरिएको छ । उक्त कृतिमा शिक्षा तथा राजनीतिक पक्ष, आर्थिक र सामाजिक पक्ष जस्ता विविध

क्षेत्रमा स्त्रीका अधिकार सुनिश्चित हुनु पर्ने विचार प्रकट गर्दै स्त्री स्वयं तत्तत् क्षेत्रमा सचेततापूर्वक लाग्नुपर्ने आवश्यकता औंल्याइएको छ । तत्कालीन परम्परागत शिक्षा प्रणाली, स्त्रीका लागि बनाइएका नीति, नियम तथा नैतिक सामाजिक मान्यताको भर्त्सना गर्दै त्यस्ता पक्षहरूले नै स्त्रीलाई दासी बनाउँछन् भन्ने निष्कर्ष निकालिएको छ ।

मार्क्स तथा एङ्गेल्सले विवाहलाई लैङ्गिक असमानताको बीज स्थान मान्दै खुला वेश्यावृत्तिको संज्ञा दिएका थिए । यो व्याख्याभन्दा झण्डै आधा शताब्दीअगाडि नै मेरी वोल्स्टनक्राफ्टले विवाहलाई कानुनी वेश्यावृत्तिको संज्ञा दिएकी थिइन् । यसका साथै उनले पुरुष वर्चस्वमा केन्द्रित नैतिक मूल्य र मान्यताको तर्कपूर्ण भण्डाफोर गरेकी छन् । यसबाट मेरी सामाजिक परिवर्तन र प्रगतिका पक्षमा अत्यन्त सशक्त र क्रान्तिकारी व्यक्तित्वका रूपमा स्थापित थिइन् भन्ने कुरा प्रमाणित हुन्छ ।

वोल्स्टनक्राफ्टले समाजलाई सन्तुलित रूपमा विकसित हुनबाट रोक्ने विविध कारणमध्ये स्त्रीलाई नियन्त्रित तथा सीमित गरी पुरुषको अधीनमा राखिनु एक प्रमुख कारक हो भनेकी छन् । सामाजिक तथा आनुवंशिक परम्पराबाट नै स्त्रीको क्षमतालाई शून्यमा परिणत गरिएकाले समाज विकासको गति सुस्त भएको तथा मानवता लोप भएर स्त्रीमाथि पशुवत् व्यवहार गरिएको धारणा व्यक्त गरेकी छन् । बाल्यावस्थादेखि नै बालिकालाई शारीरिक व्यायाम, मानसिक अभ्यासमा रोक लगाइएकाले पुरुष हरेक हिसाबले श्रेष्ठ ठानिएका हुन् भन्ने विचार प्रस्तुत गरेकी छन् । पुरुष शारीरिक हिसाबले सम्पन्न हुन्छ । यदि स्त्रीमा पनि सुन्दरताको भ्रम नपारी शारीरिक र मानसिक रूपमा पुरुष सरह स्वतन्त्रता दिने हो भने उनमा मानसिक दृढतापूर्वक आत्मविश्वास र परिश्रमको लागि सक्षम र सफल हुन्थी (पृ. १२५) । नकारात्मक सामाजिक संस्कार र पुरुषको अधीनस्थका कारणले कतिपय स्त्री स्वतन्त्र भए पनि व्यक्तित्व ह्रासको सिकार भएका उदाहरण पेस गर्दै मेरीले स्वतन्त्रता र सचेतना वृद्धि गर्नुपर्ने जिकिर गर्छिन् । राजनीतिक रूपमा स्वतन्त्र र सचेत बन्न सके स्त्रीको मात्र होइन समग्र मानवकै उत्थान हुने विश्वास लिएकी छन् । शैक्षिक अधिकार समान भएको खण्ड बालकले जस्तै बालिकाले पनि आफ्नो सही र सक्षम व्यक्तित्व निर्माण गर्न सक्थे भन्दै राष्ट्रिय शैक्षिक सवालमा पनि तर्क पेस गरेकी छन् ।

यसरी वोल्स्टनक्राफ्टद्वारा राजनीतिक, आर्थिक, यौनिक तथा शैक्षिक पक्षमा स्त्रीलाई पनि पुरुषलाई जस्तै समान अवसर, अधिकार तथा स्वतन्त्रता दिन सक्ने हो भने समाज लैङ्गिक समानता र स्वतन्त्रतापूर्वक समृद्ध बन्ने विचार राखिएको छ । उक्त कृति नेपाली उपन्यासमा

लैङ्गिक चेतनाको अध्ययनका सन्दर्भमा लैङ्गिक अध्ययनको ऐतिहासिक विश्लेषण गर्न र उपन्यास विश्लेषणका प्रतिमानहरू निर्माणका लागि उपयोगी बनेको छ ।

मिल (सन् १८६९) द्वारा *द सब्जेक्सन अफ उमन*मार्फत पुरुष सत्तामुखी समाज र त्यसबाट पीडित बनेका महिलाहरूको उत्थान र विकासको आह्वान गरिएको छ । उनी जनवादी पुँजीवादका पक्षपोषक, विचारक तथा अर्थशास्त्री हुन् । सामाजिक स्वतन्त्रता र लैङ्गिक समानताका पक्षमा आवाज उठाउने व्यक्ति मिल राजनीतिज्ञ पनि हुन् । तत्कालीन पुँजीवादका सम्पूर्ण अन्तरविरोधलाई तर्कपूर्ण व्याख्या गर्ने मिल स्त्रीहरूको पराधीन अवस्थाका कारण र प्रभावलाई व्यवस्थित गरी 'द सब्जेक्सन अफ उमन' शीर्षकको ग्रन्थ तयार पार्ने व्यक्ति हुन् । लैङ्गिक सवाल खास गरी स्त्रीका विविध पक्षमा आवाज उठाएर सामाजिक तथा राजनीतिक रूपमा महिलालाई सशक्त तुल्याउने व्यक्तिको रूपमा उनलाई चिनिन्छ ।

लेखकले सन् १८६१ मा लेखिसकिकेको उक्त ग्रन्थ सन् १८६९ मा प्रकाशित भयो । जम्मा चार ओटा अध्यायमा विभाजन गरी स्त्रीसँग सम्बन्धित विविध पक्षको सचेतनामूलक व्याख्या गरिएको छ । स्त्रीको सबैभन्दा महत्त्वपूर्ण सवाल वा चुनौतीपूर्ण मुद्दा भनेको पितृ सत्ता हो भन्दै लेखक भन्छन्: पितृसत्तावादी समाज सबैभन्दा प्राचीन र स्वाभाविक थियो । यो सत्ता सर्वमान्य सत्ता मानिन्छ (पृ. ४४) । स्त्रीले मान्नुपर्ने नीति, नियम तथा अनुशासनका क्षेत्रहरू सम्पूर्ण रूपमा पति केन्द्रित नै मानिन्छन् । स्त्रीलाई पारिवारिक स्वतन्त्रता र सामाजिक सम्मान तथा स्वीकार नभएको कुरा लेखकले यसरी व्यक्त गर्दछन् : स्त्री आफ्नो पतिका विरुद्ध कुनै कानुनको सहयोग लिन सक्दिनथी । लोग्ने उसको एक मात्र कानुन र अदालत मानिन्थ्यो । लोग्ने स्वास्नीलाई पारपाचुके दिन सक्थ्यो तर स्वास्नीलाई त्यो अधिकार थिएन (पृ. ६१) । सैद्धान्तिक र कानुनी रूपमा स्त्रीले यो कार्य गर्न नपाउने भनी उल्लेख नगरेका महिला आफै सचेत र सशक्त भएर आफूलाई सक्षम तुल्याउन सक्छन् भन्ने महिला सशक्तीकरणको उपाय पनि मिलले सुझाएका छन् ।

मनोवैज्ञानिक रूपमा व्याख्या गर्दा पनि स्त्री पुरुषभन्दा कमजोर, अक्षम तथा अयोग्य नभएको दावी मिलको रहेको छ । मानसिक वा बौद्धिक रूपमा स्त्रीहरू पुरुषभन्दा सामान्य नभएर उनीहरूलाई प्रदान गरिने शिक्षा, अवसर तथा सामाजिक परिवेश प्रमुख रहेको र त्यसैबाट स्त्रीलाई उपेक्षित बनाइएको तर्क लेखकले अगाडि सारेका छन् । स्त्रीहरूलाई तमाम अन्धविश्वास र परम्परागत सङ्कीर्णताबाट माथि उठाएर उनीहरूको सक्षमता वृद्धि गरी सामाजिक सुधार तथा लैङ्गिक समानता तथा स्वतन्त्रता कायम गर्नुपर्छ भन्ने विचारमा

आधारित रहेर तयार पारिएको प्रस्तुत ग्रन्थलाई नेपाली उपन्यासको लैङ्गिक अध्ययनका सवालमा लैङ्गिक अध्ययनको ऐतिहासिक विश्लेषण गर्न र उपन्यास विश्लेषणका प्रारूपहरू तयार पार्न उपयोग गरिएको छ ।

बेबेल (सन् १८८३) बाट *उमन इन द पास्ट, प्रिजेन्ट एन्ड फ्युचर* कृति सार्वजनिक गरी महिलाको कानुनी स्थिति, राजनीतिक सम्बन्ध, राज्य र समाजको महिलाप्रतिको दायित्व र अवस्था सामाजिकीकरणमा महिला आदि विषयमा गहन व्याख्या गरियो । जर्मनको परिवर्तन र प्रगतिको पक्षमा आफ्नो जीवनलाई समर्पित गर्ने समाजवादी नेता बेबेलले जेल जीवनका क्रममा सन् १८७९ मा 'महिला र समाजवाद' प्रकाशन गरेका थिए । पछि सोही कृति सन् १८८३ मा 'अतीत, वर्तमान र भविष्यमा महिला' शीर्षकबाट प्रकाशन गरियो र विश्वभर प्रख्यात पनि बन्यो । उक्त कृतिमा प्रस्तावनाबाहेक अतीतमा महिला, वर्तमानमा महिला, भविष्यमा महिला र निष्कर्ष गरी जम्मा चार खण्डमा विभाजन गरी विश्लेषण गरिएको छ ।

आदिम मानवकालमा मानिसहरूमा के कस्ता व्यवहारहरू हुन्थे ? मानव सभ्यताको विकासमा स्त्रीको भूमिका र अवस्था के कस्तो ढङ्गले विकसित हुँदै आयो ? यौन प्रवृत्ति, विवाह, वेश्यावृत्ति आदि पक्षहरू र पुँजीवादी समाज बिचमा के कस्तो सम्बन्ध रह्यो ? आदि जिज्ञासामा केन्द्रित रहेर यथाशक्य प्रामाणिक विश्लेषण गरिएको छ । पेसा, व्यवसाय तथा व्यापारमा महिलाहरूको संलग्नता, मानसिक सामर्थ्य, समुदाय र सामाजिक व्यवस्थामा वर्तमान समयमा महिलाहरू के कस्तो अवस्थामा रहेका छन् ? महिलाको कानुनी स्थिति, राजनीतिक सम्बन्ध, राज्य र समाजको महिलाप्रतिको दायित्व र अवस्था सामाजिकीकरणमा महिला आदि विषयमा गहन व्याख्या गरिएको छ । अन्तर्राष्ट्रियकरण र जनसङ्ख्याको बढ्दो प्रभावमा भविष्यमा महिलाको स्थिति के कस्तो हुन सक्छ ? भन्ने बारेमा तथ्यानुमानिक व्याख्या गरिएको छ । अन्त्यमा निष्कर्ष पेस गरिएको उक्त कृतिमा स्त्रीका सवालमा यथार्थ र सामाजिक व्याख्या गरिएको ऐतिहासिक कृतिको रूपमा रहेको छ । आदिकालदेखि नै महिलालाई अधीनस्थ गरिएको जनाइएको छ । यस सन्दर्भमा भनिएको छ : आदिकालदेखि उत्पीडन महिला र श्रमिकको साझा भाग्य रहेको छ (पृ. ३३) । आर्थिक रिक्तता वा आर्थिक पक्षले स्त्रीलाई पराधीन बनाएको हो भन्ने कुरालाई बेबेलले जोड दिएका छन् ।

बेबेलले पुँजीवादी व्यवस्था रहेसम्म यो विभेद कायम रहन्छ भन्दै समाजवादले मात्र सबैलाई स्वतन्त्र बनाउने धारणा व्यक्त गरेका छन् । महिलालाई शारीरिक वा प्राकृतिक रूपमा कमजोर हुन् भन्ने विश्लेषण निराधार र अवैज्ञानिक रहेको खुलासा गर्दै उनले भनेका छन्:

> सारा उत्पीडनको आधार उत्पीडकमाथिको आर्थिक पराधीनता हो । अतीतमा महिलाको स्थिति यस्तै रहेको छ र अझसम्म पनि यस्तै छ । अफ्रिकाका भित्री भागमा रहने केही प्रजातिहरूमा महिलाको बढिया तागतले गर्दा पुरुषको सट्टा महिलाहरूको शासन रहेको छ । एउटा अफगान प्रजातिमा महिलाहरू युद्ध लड्छन् र शिकार खेल्छन् र पुरुषहरूचाहिँ घरको काम गर्छन् । पश्चिमी अफ्रिकामा आशन्तीका राजा र मध्य अफ्रिकामा दाहोमीका राजाका महिला अंगरक्षकहरू छन् (पृ. ३३) ।

पुरुष सत्ताका कारणले वंश परम्परामा छोरालाई मात्र पैतृक सम्पत्तिको अधिकार रहेको र यदि छोराहरू नभएमा पिताको सम्पत्तिमा छोरीको हक नलाग्ने बरु समाजको अधिकार रहने व्यवस्था भएको कुरा उल्लेख गरेका छन् । छोरा वा भतिजाविना कुनै पुरुष मऱ्यो भने उसको भू-सम्पत्ति समाजको हुन्थ्यो (पृ.३९) । रोमन ऐन तथा सामाजिक व्यवस्थामा महिलाको स्थिति अत्यन्त कमजोर तथा उपेक्षित रहेको कुरा औंल्याउँदै बेबेल भन्छन् : रोमन ऐनअनुसार पुरुष महिलाको मालिक थियो र महिलाको आफ्नो भन्ने कुनै इच्छा हुँदैनथ्यो । पुरुषलाई मात्र पारपाचुकेको अधिकार थियो (पृ. ४६) । महिलाहरूलाई कामेच्छा पूर्तिको साधन बनाउने र उनीहरूको यौनिक शोषण गर्ने कार्यलाई पुरुषहरूले आफ्नो हक तथा अधिकार ठान्दथे भन्ने कुरालाई बेबेल तथ्यसहित प्रस्तुत गर्छन् :

> महिला मजदुर र सेविकाहरूलाई काममा लगाउने कारखाना मालिक र तिनका अधिकृतहरू, महाजनहरू, उत्पादनकर्ताहरू जमिनदारी मालिकहरू अक्सर ती महिलाहरूलाई आफ्नो कामेच्छाको सन्तुष्टिका लागि प्रयोग गर्नु आफ्नो विशेषाधिकार ठान्छन् (पृ. ११५) ।

सही अवसर तथा भूमिकाहरू पाएको खण्डमा महिलाहरू आफ्नो पेसाप्रति बढी जिम्मेवार तथा सफल बन्न सक्छन् । विवेकसम्मत ढङ्गले प्रत्येक स्त्रीहरू संवेदनशील बन्दछन् भन्दै महिला सशक्तीकरणको आवाजमा बेबेल भन्छन् :

> महिलाहरूले कुनै काम हातमा लिएपछि त्यसलाई अधिकतम विवेकशीलताका साथ पूरा गर्थे । उनीहरू पुरुषभन्दा बढी ध्यान दिएर मुद्दाको सिलसिलाको अनुसरण गर्थे, व्यावसायिक सम्बन्ध र असम्बन्धित विचारले उनीहरूमाथि कम प्रभाव पार्दथ्यो र उनीहरूमा आफ्नो जिम्मेदारीको सम्बन्धमा अधिक कोमल नैतिक भावना थियो (पृ. १५४) ।

लैङ्गिक स्वतन्त्रता र समानताका लागि समाजवाद नै उच्चतम विकल्प भएको निष्कर्ष निकाल्दै स्वतन्त्र, स्वाभाविक र प्राकृतिक जीवन तब मात्र सम्भव हुने कुरा बेबेलले यस कृतिमार्फत् उल्लेख गरेका छन् : समाजवादी समाजमा, जसमा मानिस सर्वप्रथम स्वतन्त्र तथा स्वाभाविक स्थिति अन्तर्गत रहने छ, त्यस समाजमा उसले आफ्नो सम्पूर्ण विकासलाई प्राकृतिक नियमहरू मुताविक सचेत रूपले संचालित गर्नेछ (पृ. २४७) । यस कृतिलाई शोधार्थीले लैङ्गिक अध्ययनको ऐतिहासिक विकास विश्लेषण गर्दा र लैङ्गिक सशक्तीकरण तथा समानताको व्याख्या गर्ने क्रममा उपयोग गरेको छ ।

एङ्गेल्स (सन् १८८४) द्वारा लेखिएको *द ओरिजिन अफ द फेमिली, प्राइभेट प्रपर्टी एन्ड द स्टेट*मा मानव जातिको संस्थागत विकास (जस्तो : परिवार, समाज, गोत्र, सम्बन्ध, विवाह तथा राज्य आदि) के कसरी भयो ? भन्ने बारेमा ऐतिहासिक व्याख्या गरिएको छ । उक्त ग्रन्थ मानव सभ्यता विकासको अध्ययन, वर्ग निर्माण, स्त्री पुरुषको सम्बन्ध तथा यौनजनित भूमिकाहरूको अध्ययन विश्लेषणका लागि निकै महत्त्वपूर्ण ऐतिहासिक दस्तावेज मानिन्छ । द्वन्द्वात्मक भौतिकवाद तथा समाजवादका दार्शनिक प्रणेता मानिएका कार्ल मार्क्सको सन्दर्भलाई आधार बनाएर 'मोर्गन' का विचारलाई समेत राखी गहन व्याख्या गरिएको छ । पौराणिक कथाको उदाहरण समेत राखेर मानव विकास जङ्गली युग, बर्बर युग, दास युग हुँदै अहिलेको सभ्यतासम्म कसरी आइ पुग्यो भन्ने बारेमा विकासक्रमिक ढाँचामा विशद व्याख्या गरिएको छ ।

भूमिकाबाहेक नौ ओटा खण्डमा विभाजन गरी गहन व्याख्या गरिएको यस कृतिमा मातृसत्ता र पितृसत्ताको अवस्था तथ स्त्रीहरू पुरुषको अधीनस्थ कसरी बने ? भन्ने जिज्ञासामा यथेष्ट चर्चा गरिएको छ । आदिम समयमा सन्तान तथा अधिकार आमाको मातहतमा रहन्थ्यो अर्थात् मातृसत्ता प्रबल थियो भन्ने धारणा राखिएको छ । जस्तै : पुरुषको साइनुबाट नभएर नारीको साइनुबाट मात्रै वंशावली बनाइन्थ्यो (पृ. १७) ।

स्त्रीहरूमा पर्याप्त यौन स्वतन्त्रता र सन्तान उत्पादनको स्वतन्त्रता रहेको थियो । स्त्री आफ्नो स्वतन्त्र इच्छाअनुसार पुरुषको यौन उपभोग गर्ने गर्दथी भन्ने कुरा पनि प्रस्ट्याइएको छ । त्यति मात्र होइन पुरुषले पनि आफ्नो रुचि अनुसार जुनसुकै स्त्रीलाई उपभोग गर्न पाउँथे अर्थात् यौन सम्बन्ध पूर्णतः स्वच्छन्द प्रकृतिको थियो । प्रत्येक स्त्रीमाथि प्रत्येक पुरुषको र प्रत्येक पुरुषमाथि प्रत्येक स्त्रीको समान रूपले अधिकार हुन्थ्यो (पृ. ३८) । समाज विकास हुँदै जाँदा परिवार निर्माणमा युगल परिवारको थालनी भयो वा सामूहिक विवाह प्रणाली अस्तित्वमा

आयो भन्ने कुरा प्रस्तुत गर्दै जब 'विवाह' भन्ने मर्यादारूपी सामाजिक संस्था स्थापित भयो तब पुरुष 'प्रधान' र स्त्री 'गौण' भन्ने विभेदकारी संस्कार प्रारम्भ भयो भन्ने कुरा औल्याएका छन् ।

> आर्थिक कारणहरूले गर्दा बहुपत्नीत्व विरलै व्यवहारमा देखिए तापनि यस चरणमा पुरुषले एउटै मात्र पत्नी राख्दछ तर बहुपत्नीत्व र यदाकदा परस्त्रीगमन पुरुषको अधिकारको रूपमा कायमै रहन्छन् । साथै सहबास कालमा नारीले अधिकांश स्थितिमा कठोरतापूर्वक पतिव्रत्यको पालना गर्नुपर्ने हुन्छ र परपुरुष गमनको लागि उनले कठोर सजाय पाउँदछिन् (पृ. ५७) ।

सम्पत्तिको अधिकारी क्रमशः पुरुष बन्दै गएको अवस्थाले लैङ्गिक असमानता सिर्जना हुँदै गयो । परिवारमा पत्नीको भन्दा पतिको हैसियत र स्थिति बढी प्रभावशाली बन्दै गएको कुरा व्यक्त गरिएको छ । दिदी बहिनीका छोराछोरी अर्थात् भान्जा भान्जीमा सम्पत्तिको अधिकार रहने परम्पराका विरुद्ध पुरुषहरूले आफ्ना छोराछोरीको पक्षमा उत्तराधिकार स्थानान्तरण गर्ने प्रयत्न गरे र सफल पनि भए । त्यस सफलतासँगै उत्तराधिकार मातृसत्ताबाट पितृसत्तामा परिणत भएको स्पष्ट व्याख्या गरिएको छ । यो अवस्था परिवर्तनलाई एङ्गेल्स भन्छन् :

> मातृसत्ताको पतन नारी जातिको विश्व ऐतिहासिक स्तरको पराजय भयो । पतिले घरमा शासनको बागडोर आफ्नो हातमा लियो, पत्नी अधिकारच्यूत भइन्, दासी बनिन्, पतिको वासनापूर्ति गर्ने साधन बनिन्, सन्तान उत्पन्न गर्ने सामान्य यन्त्रमा परिणत भइन् (पृ. ६९) ।

यसरी यस ग्रन्थमा स्त्री र पुरुषसम्बन्धी अधिकार, स्वतन्त्रता तथा सामाजिक पक्षसँग सरोकार राख्ने विषयमा ऐतिहासिक व्याख्या गरी एङ्गेल्सले लैङ्गिक विश्लेषणको प्राथमिक आधार तयार पारेको देखिन्छ । यस कृतिलाई लैङ्गिक अध्ययनको ऐतिहासिक सर्वेक्षण गर्ने क्रममा र अध्ययन विश्लेषणका प्रतिमान तयार गर्ने क्रममा उपयोग गरिएको छ ।

मातृसत्ताबाट पितृसत्तामा परिवर्तन कसरी भयो भन्ने सवालमा एङ्गेल्सले प्रस्तुत गरेको पुराकथाको सार यस्तो छ : क्लिटेम्नेस्ट्राले आफ्नो प्रेमी एगिस्थसलाई प्राप्त गर्न आफ्नो सैनिक पति एगामेम्नोनको हत्या गरिन् । उनको छोरा ओरेस्टस (क्लिटेम्नेस्ट्रा र एगामेम्नोनको छोरा) ले पिताको हत्याको बदला लिन आमाको हत्या गर्दछ । मातृसत्ताको पक्षधरकी नायिका एरिनी तथा पितृसत्ताको पक्षधरका नायक अपोलोले ओरेस्टसको मुद्दामाथि छलफल गर्छन् । अन्ततः ओरेस्टस निरपराधी सिद्ध हुन्छ । ओरेस्टसलाई दोषी वा निर्दोषी ठहऱ्याउने सम्बन्धमा सभामा

बराबर मत भएपछि सभाकी अध्यक्ष ऐथेनाले ओरेस्टसको पक्षमा मतदान गर्छिन् र ओरेस्टस निर्दोष हुन्छ । तब उप्रान्त मातृ सत्तामाथि पितृ सत्ताको विजय प्रारम्भ भयो ।

बुभा (सन्. १९४९) को *द सेकेन्ड सेक्स* लैङ्गिक चेतना र नारीवादको प्रारम्भ गर्ने महत्त्वपूर्ण ग्रन्थ हो । 'महिला' जन्मसिद्ध नभएर समाजबाट निर्माण गरिन्छ भन्ने धारणा व्यक्त गरिएको यस कृतिमा स्त्रीका प्रतिभा र समग्र अभिव्यक्ति समाजद्वारा नियन्त्रित हुन्छन् र उनीहरूको क्षमता कुनै पुरुषको भन्दा कम हुँदैन भन्ने विचार व्यक्त गरिएको छ । महिलाहरू दमित वा सङ्कुचित हुनु तथा बनाइनुको प्रमुख कारण आर्थिक अवस्था वा आर्थिक बराबरी नै हो । आर्थिक रूपमा कमजोर बनेपछि प्रत्येक स्त्री पुरुषले दिएका अवसर तथा सुविधाहरूमा मात्र सीमित र कुण्ठित बन्नुपर्ने विचार व्यक्त गरिएको छ । परम्परागत विवाह स्त्रीलाई 'पत्नी' वा नियन्त्रित बनाउने बाध्य माध्यम भएकाले विवाहको अनिवार्यतालाई हटाउनु पर्ने माग गरिएको छ । स्त्रीको आर्थिक स्थितिमा सुधार र विकास गरेर महिला मुक्तिको सामूहिक प्रतिबद्धताको आह्वान गरिएको छ ।

उक्त ग्रन्थलाई दुई खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डलाई तिन उपखण्ड र दोस्रो खण्डलाई चार उपखण्डमा विभाजन गरी आदिम मानव सभ्यतामा महिलाको स्थान, विकास तथा अहिलेको समयमा महिलाको स्थिति र अवस्थाका बारेमा विशद व्याख्या गरिएको छ । त्यस्तै स्त्रीका विभिन्न विकासात्मक (जैविक र सामाजिक) अवस्था तथा ती अवस्थामा भोग्नु परेका लैङ्गिक विभेदहरूको सोदाहरण विमर्श गरिएको छ । लैङ्गिक चेतना र विचार निर्माणका सन्दर्भमा बुभाले भनेकी छन् :

> महिलाको चेतना सामाजिक परिस्थितिहरू र समाजमाथि निर्भर हुन्छ । उसका समस्त मनोवेगहरू, जीवन तथा अचेतनलाई अन्तर्भूत गर्दै मनोविश्लेषणको भाषाले वास्तवमा उसको वैयक्तिक जीवनका घटनाहरूलाई पनि अभिव्यक्त गर्दछ । ग्रन्थिहरू र प्रवृत्तिहरू इत्यादि शब्दहरूले यिनै निहितार्थहरूलाई प्रकट गर्दछन्, जीवनको जगत्सँग एक सम्बन्ध छ र व्यक्तिले जगतको माध्यमबाट नै आफ्नो वरणको सन्दर्भमा आफूलाई परिभाषित गर्दछ । अत: हाम्रो प्रश्नहरूको उत्तर केवल व्यक्तिमै होइन, बरू व्यक्तिसँग सम्बन्धित जगत्मा मिल्दछ (पृ.२३) ।

बुभाले स्त्री समलैङ्गिकता सन्दर्भमा पर्याप्त व्याख्या गरेकी छन् । स्त्रीहरूमा उत्पन्न हुने समलैङ्गिक प्रवृत्ति तथा मनोविज्ञानका सवालमा यस्तो विचार व्यक्त गरेकी छन् :

> अधिकांश समलिङ्गी कामुक स्त्रीहरू पुरुषहरूबाट टाढा रहन्छन् । निरुत्साही स्त्रीको जस्तो यस्ता स्त्रीहरूमा पनि अफसोस कायरता र गर्वका भावनाहरू हुन्छन् । वास्तवमा यिनीहरूले आफूलाई पुरुषको बराबर पाउँदैनन् । यिनीहरूको 'स्त्रीत्व' को भावना विषादपूर्ण हुन्छ । त्यस्ता हीन पुरुष यिनीहरूका प्रतिद्वन्द्वी हुन्छन्, जसमा आफ्ना वाञ्छित वस्तुलाई मोहित गर्ने र आधिपत्यमा राख्ने क्षमता अधिक हुन्छ । पुरुषले स्त्रीलाई जसरी दुषित गर्दछ, यसबाट यिनीहरूलाई घृणा हुन्छ । पुरुषलाई प्राप्त सामाजिक सुविधाहरूसँग यिनीहरूलाई ईर्ष्या हुन्छ । यिनीहरूले यो पनि अनुभव गर्छन् कि पुरुष यिनीहरूभन्दा धेरै शक्तिशाली हुन्छ । आफ्ना प्रतिद्वन्द्वीसँग जुध्न नसक्नु एक ठूलो अपमानजनक कुरा हुन्छ, यो विचारले नै कि उसले मुक्काको एक चोटले नै उसलाई ढालिदिन्छ, स्त्रीलाई तिलमिलाइदिन्छ (पृ. १८६) ।

लेखकले परम्परागत मान्यतामा आधारित पुरुष शासित विवाहको समय समाप्त भएको जनाएकी छन् । आर्थिक विकास तथा आत्मनिर्भरताका कारणबाट विवाहलाई स्वतन्त्र व्यक्तिहरूको पारस्परिक सम्झौताको रूपमा व्याख्या गर्न थालिएको धारणा राखिएको छ । कुनै व्यभिचार विवाह पद्धतिको विरुद्धमा रहने छ, फलतः दुबै पक्षलाई सो सम्बन्ध भङ्ग गर्ने स्वतन्त्रता हुनेछ भन्ने विचार राख्दै बुभाले आर्थिक विकास तथा लैङ्गिक चेतनाका कारण समाज परिवर्तनतर्फ उन्मुख भएको सङ्केत गरेकी छन् ।

लैङ्गिक सचेतना र नारीवादीको महत्त्वपूर्ण रचना मानिएको यो कृतिमा स्त्रीको ऐतिहासिक सन्दर्भ, विकास, जीवन विकास, जैवीय तथा सामाजिक सीमाहरू यौन सम्बन्ध, मनोविज्ञान, किंवदन्ती, आत्मनिर्भरता र विरोधाभास आदिका विविध पक्षहरूको गहन, तथ्यपरक तथा बौद्धिक विश्लेषण गरी बुभाले उल्लेख्य कार्य गरेको देखिन्छ । नेपाली उपन्यासमा लैङ्गिक चेतनाको अध्ययनमा सैद्धान्तिक प्रारूप निर्माण गर्न यस कृतिलाई उपयोग गरिएको छ ।

मिलेट (सन् १९६९) को *सेक्सुअल पोलिटिक्स* लैङ्गिक विश्लेषण एवम् अध्ययनका क्षेत्रमा महत्त्वपूर्ण कृति मानिन्छ । यस कृतिमा लैङ्गिकता र यौनिकताको ऐतिहासिक सन्दर्भलाई विविध पक्षमा विभाजन गरेर विश्लेषण गरिएको छ भने लैङ्गिक र यौनिक चेतना, आन्दोलन तथा नारीवादी विभिन्न विचार एवम् आन्दोलनका सन्दर्भसमेत विश्लेषण गरिएको छ । त्यस्तै राजनीतिक सन्दर्भसँगै जर्मन र सोभियत संघमा देखापरेका विभिन्न अवस्थाको चर्चा गर्दै फ्रायडवादी यौन मनोविश्लेषणलाई पनि केलाइएको छ । पितृसत्तात्मक मानसिकता एवम् मनोवृत्ति तथा नारीकेन्द्री अथवा लैङ्गिक र यौनिक सन्तुलनका पक्षहरू विभिन्न स्रष्टाहरूका

कृतिमा के कसरी चित्रण गरिएको छ ? भन्ने बारेमा पनि विश्लेषणात्मक समीक्षा गरिएको छ । जम्मा तिन खण्डमा विभाजन गरिएको यस कृतिमा पितृसत्तात्मक विचारले पुरुषलाई सक्रिय, बौद्धिक, सामर्थ्यवान् र बलशाली ठान्दै स्त्रीलाई उपेक्षित, आश्रित, निस्क्रिय ठान्ने र तदनुकूलका मनोवृत्तिहरू निर्माण र विकास गर्ने गरेको सन्दर्भ उल्लेख गरिएको छ । परम्परागत रूपमा पुरुष वा बाबुले पत्नी, छोराछोरीलाई आफ्नो सम्पत्ति ठान्ने वा अधीनमा राख्ने र उनीहरूलाई मार्ने तथा बेच्नेसम्मका कार्य गर्ने गरेको ऐतिहासिक सन्दर्भको उद्घाटन गरिएको छ । परम्परागत पितृसत्तात्मक समाजमा महिलालाई न्यूनतम साक्षरता प्रदान गरे पनि उच्च शिक्षामा प्रतिबन्ध लगाएको थियो तर आधुनिक पितृसत्ताले महिलालाई पनि उच्च शिक्षा खुला गरेको परिवर्तित अवस्थाको पनि समीक्षात्मक विश्लेषण गरिएको छ ।

उक्त कृतिमा यौनिक आन्दोलन तथा नारीवादी विचार एवम् गतिशील धारहरूले विभेदकारी र अन्यायपूर्ण सामाजिक संरचना र मनोवृत्तिमा आमूल परिवर्तन ल्याएका कारणले कानुनी अधिकार, पारपाचुके अधिकार, काम गर्ने अधिकार प्राप्त भए पनि पितृसत्तात्मक नियन्त्रण, शासन र दबदबा कायमै छ भन्दै पहिलेको भन्दा लैङ्गिकताको अवस्थामा निकै परिवर्तन आइसकेको विचार व्यक्त गरिएको छ । फ्रायडले स्त्रीहरूमा पेनिस अभाव महसुस हुने भएकाले आफूलाई रिक्त ठान्छन् भन्ने लैङ्गिक विभेदयुक्त व्याख्या गरेको जनाइएको यस कृतिमा सुधारिएको वा परिवर्तित अवस्थाले स्त्रीहरूमा गर्भपतन र समलिङ्गी सम्बन्ध स्थापना गर्न सक्षम बनेको अवस्थाको चित्रण गरिएको छ । यस कृतिमा रहेका विभिन्न सैद्धान्तिक, ऐतिहासिक सन्दर्भ एवम् विश्लेषणका प्रारूपहरूलाई नेपाली उपन्यासमा रहेको लैङ्गिकता र यौनिकताको विश्लेषणका प्रतिमान निर्माण गर्नका लागि उपयोग गरिएको छ ।

फुको (सन् १९७८) को *द हिस्ट्री अफ सेक्सुआलिटी*लाई खास गरी पश्चिमी विश्वमा विकसित हुँदै आएको यौनिकता, यौन सम्बन्ध, लैङ्गिकता, दमनात्मक स्वभाव, खराब आचरण आदि विषय सन्दर्भहरूलाई विभिन्न जिज्ञासाका साथमा ऐतिहासिक व्याख्या गरिएको रचना मानिन्छ ।

जम्मा पाँच ओटा खण्ड रहेको यस कृतिमा सत्रौँ शताब्दी वा भिक्टोरियन समय र मान्यताबाट हामी अद्यापि निरन्तर थिचिएका छौँ भन्ने विचार प्रकट गरिएको छ । त्यो समय जतिबेला यौनिकतालाई अत्यन्त बर्जित, मौन तथा अति गोप्य मानिन्थ्यो । यौन विषय घरभित्र विस्तारामा मात्र सीमित थियो । बुर्जुवा समाजले निर्माण र निर्धारण गरेका सामाजिक नियम तथा अनुशासनमा सबैले रहनु पर्थ्यो । बालबालिकामा यस सम्बन्धी कुनै जानकारी रहनु हुँदैन

भन्ने अति कठोर बन्धन रहेको थियो भन्ने विचार प्रकट गरिएको छ । फ्रायडको मनोविश्लेषणात्मक प्रस्तुतिले यौनिक विषयलाई केही हदसम्म प्रगतिकामी बनाएको कुरा व्यक्त गर्दै फुकोले यौनिक छलफललाई तथ्यपरक रूपमा व्याख्या गरेका छन् । 'दमनात्मक परिकल्पना'का सन्दर्भमा लेखकले तिन ओटा जिज्ञासा प्रस्तुत गरेका छन् : १.यौनिक दमन साँच्चिकै ऐतिहासिक सत्यबाट स्थापित हो ? २. वर्तमान सामाजिक भूमिकाहरू प्रारम्भिक सामाजिक दमनबाट विकसित भएका हुन् ? ३. यौनिकताको समीक्षात्मक छलफल तथा विश्लेषण राजनीतिक रूपमै दमित बनेको हो ? भन्ने तीन ओटा जिज्ञासामा केन्द्रित रहेर लेखकले यौनिक सन्दर्भ तथा खराब आचरणको बीजारोपणका ऐतिहासिक पक्षहरूमाथि विशेष चर्चा गरेका छन् ।

तेस्रो खण्डमा तथ्यगत यौनिकताका सन्दर्भहरू प्रस्तुत गर्दै फुकोले यौनको विषय हालका दुई शताब्दीमा खुला र संवादित बनेको स्पष्ट पारेका छन् । यौनका विषयहरू हाल छिपाउनुपर्ने अवस्थामा नरहेको बरु यौन आफै एक पूर्ण सङ्कथन बनेको कुरा औँल्याएका छन् ।

> उन्नाइसौँ शताब्दीको विश्व समाज जस्तो: बुर्जुवा पुँजीवादी, औद्योगिक जुनसुकैले पनि यौन विषयको पहिचान र छलफल मात्र स्वीकार गरेनन् अझ यौनको सत्यलाई व्यवस्थित गर्ने काम गरे । आनन्द, अर्थ तथा आन्तरिक सौन्दर्यमा मात्र यौनिकतालाई सीमित नगरी ज्ञानको पद्धतिको रूपमासमेत विकास गरियो (पृ.६९) ।

लेखकले शक्तिको रणनीति तथा राजनीतिक अर्थशास्त्रसँग सम्बन्धित ज्ञानको क्षेत्रमा यौनिक विषयको गहन भूमिका रहेको विचार व्यक्त गरेका छन् । चौथो खण्ड 'यौनिकताको उपयोग' शीर्षकमा केन्द्रित छ यस खण्डलाई लेखकले चार उपशीर्षकमा व्याख्या गरेका छन् : क) उद्देश्य ख) विधि ग) क्षेत्र घ) सामयिकता । पाँचौँ खण्डमा 'मृत्युको अधिकार' र 'जीवनभर शक्ति' शीर्षकमा यौन, यौनिकताका सन्दर्भमा शक्तिको व्याख्या गरिएको छ । यस ग्रन्थलाई प्रस्तुत शोधको सैद्धान्तिक प्रारूप निर्माणमा उपयोग गरिएको छ ।

फुको (सन् १९८५) कै *द युज अफ प्लेजर* 'यौनिकताको इतिहास' कै दोस्रो शृङ्खला हो । द युज अफ प्लेजर अर्थात् आनन्दको प्रयोग शीर्षकमा परिचय खण्ड समेत जम्मा छ ओटा खण्डमा ग्रन्थ तयार गरिएको छ । परिचय खण्डमा संशोधन, समस्याका रूपहरू, स्वको नैतिकता र अभ्यास शीर्षकहरू रहेका छन् । 'मोडिफिकेसन' अर्थात् 'संशोधन' शीर्षकमा लेखकले यौन व्यवहार र त्यसको इतिहास प्रस्तुतीकरण गर्न चाहेको नभएर यौनिकताको ऐतिहासिक पक्षको खोजी गरेको जनाएका छन् । आफ्नो उद्देश्य यौन व्यवहार र अभ्यासको

व्याख्या गर्नु, वैज्ञानिक, धार्मिक तथा दार्शनिक पक्ष उद्घाटन गर्नु नभएको जनाएका छन् । जस्तै : प्रथमतः म चाहन्छु 'यौन' र 'यौनिकता' लाई भिन्न पार्नुपर्छ । यी दुईको सम्बन्ध अलग गर्नु पर्छ । सैद्धान्तिक र व्यावहारिक सन्दर्भबाट यी दुईलाई अलग गर्नुपर्छ (पृ. ३) । 'समस्याका रूपहरू' मा डर, आदर्श बन्नु पर्ने, व्यक्तित्व, त्यागको नमुना रहेको कुरा उल्लेख गर्दै लेखकले आनन्दका समस्या खुट्याएका छन् । त्यस्तै नैतिकताका सन्दर्भमा परिवार, शैक्षिक संस्था, चर्च तथा यस्तै अन्य संस्थाबाट निर्मित मूल्य र नियमको चर्चा, 'आनन्दका नैतिक समस्या'अन्तर्गत फुकोले अफ्रोडिजिया, क्रेसिस, इन्कार्टिया र फ्रिडम एन्ड ट्रुथको व्याख्या गरिएको छ । उनले 'अर्थशास्त्र' तेस्रो, 'यौन चाहना' लाई चौथो तथा पाँचौँ खण्डमा 'साँचो प्रेम'बारे पर्याप्त छलफल गरेका छन् । प्रस्तुत अध्ययनमा उपन्यासका चरित्रको विश्लेषण गर्न यस कृतिको उपयोग गरिएको छ ।

फुको (सन् १९८६) कै *द केयर अफ द सेल्फ* द हिस्ट्री अफ सेक्सुआलिटीको तेस्रो शृङ्खला हो । यस ग्रन्थमा उनले आनन्दका सपनाहरूको बारेमा वा यौन चाहना र आकाङ्क्षाका बारेमा 'अर्टिमिडरस' लाई सन्दर्भ बनाएर व्याख्या गरेका छन् । जम्मा छ ओटा खण्डमा विभाजन गरी मानवीय आकाङ्क्षा, शरीर आफू र अरू, आफ्नै विकास, पत्नी तथा केटाहरूका बारेमा अलग अलग खण्डमा व्याख्या विश्लेषण गरेका छन् । सपनाका प्रकारलाई अर्टिमिडरसको सन्दर्भबाट यसरी देखाइएको छ :

सदाचारी मानिस		नियमित सपना		विशेष सपना	
		प्रत्यक्ष	सङ्केतद्वारा	दार्शनिक	व्यावहारिक
		कहिल्यै नदेख्ने		नियमित	
सामान्य मानिस	विशिष्ट (अनुभवी)		नियमित		नियमित
	सामान्य	नियमित			

(पृ. १४)

माथिको तालिकाबाट मानिसको मनोवैज्ञानिक आकाङ्क्षाको विश्लेषण गर्न सकिन्छ । पहिलो खण्डकै 'विश्लेषण' शीर्षकमा कानुनसँग सामञ्जस्यता वा नियमसँग व्यवहारको भिन्नताका पक्ष उठान गरिएको छ । जस्तो कि : प्रौढ र विवाह, वेश्यापन, घरेलु कामदारको मद्दत, नोकरको हस्तमैथुन आदि । पाँचौँ खण्डको 'द म्यारिज टाइ' शीर्षकमा मानव सभ्यताको विकास तथा व्यक्तित्व विकासमा विवाहको महत्त्वपूर्ण भूमिका रहेको बताइएको छ । विवाहको मूल उद्देश्य शिष्टता प्राप्त गर्नु, जीवन साट्नु हो । जनावरको तुलनामा मानिसको जीवन धेरै राम्रो पनि छ, जस्तो तुरुन्तै सँगै रहनसक्नु वा छुट्टिनसक्नु । आपसी हरेरचाह, सचेतता र

सहयोगले जीवनलाई समृद्ध तुल्याउँछ (पृ. १५१) । यस कृतिलाई लैङ्गिकताको अवस्था तथा चरित्रको व्याख्यामा उपयोग गरिएको छ ।

कोनेल (सन् १९८७) द्वारा लेखिएको *जेन्डर एन्ड पावर* ग्रन्थमा लैङ्गिक अवस्थाको तथ्यपरक उदाहरणहरू पेस गरिएको छ । महिला र पुरुषको भेद श्रम, पारिश्रमिक, शिक्षा, राजनीति, संस्कृति, समाज, परिवार सबै क्षेत्रमा रहेको कुरा उल्लेख गरिएको छ । मुख्य चार ओटा खण्डमा विभिन्न शीर्षकका बार एकाइ र प्रत्येक एकाइमा विभिन्न उपशीर्षक खडा गरी लैङ्गिकता तथा शक्तिका बारेमा यथेष्ट विश्लेषण गरिएको छ । साथै प्रारम्भको परिचयात्मक एउटा एकाइमा एक परिवारको वास्तविक लैङ्गिक अवस्था र चेतनाका पक्षहरू कथात्मक ढाँचामा प्रस्तुत गरिएको छ । त्यस्तै उक्त एकाइमै विश्वका प्रमुख राष्ट्रका महिला र पुरुषलाई उपलब्ध गराइने पारिश्रमिक (ज्याला) को विवरण तथ्यपरक ढङ्गले पेस गरिएको छ । राज्यले पुरुष र महिलाको शिक्षा, जागिर आदि क्षेत्रमा गर्ने विभेद, पारिवारिक, सामाजिक तथा राजनैतिक तवरबाट हुने महिला हिंसाका घटनाहरू र पूर्वाग्रही सामाजिक व्यवस्थाका पक्षलाई उजागर गरिएको छ ।

उक्त ग्रन्थको पहिलो खण्ड थियोराइजिङ जेन्डरअन्तर्गत तिन ओटा एकाइहरू समावेश गरिएको छ । यस खण्डमा परम्परागत रूपमा चल्दै आएको किंवदन्तीय नैतिक व्यवहारको व्याख्या गरिएको छ । 'सेकुलर मोरालिटी' शीर्षकमा पूर्वीय तथा पश्चिमी पुरातन समयदेखि चल्दै आएको यौनिकताको प्रसङ्ग उल्लेख गरिएको छ । यस्तो परम्परा भिन्न हुनुमा सांस्कृतिक पक्षलाई प्रमुख ठहऱ्याइएको छ । लिङ्ग (Sex) र लैङ्गिकता (Gender) का सवालमा पुरुष, महिला र ईश्वरका नैतिक सम्बन्धमा पक्षहरूमा छलफल भएको उल्लेख गरिएको छ । *अ भिन्डीकेसन अफ द राइट्स अफ उमन*ले महिलाको परम्परागत नैतिक बन्धनको शृङ्खलालाई वैचारिक रूपमा तोड्न प्रारम्भ गरेको बताइएको छ । विज्ञान र परिवर्तनका पक्षहरूलाई चार्ल्स डार्विनको सन्दर्भबाट व्याख्या गरिएको छ । लैङ्गिक भूमिका र संयोजनका क्षेत्र, नारीवाद तथा 'गे' स्वतन्त्रता प्रतिक्रिया र विरोधाभाष जस्ता पक्षहरूको सविस्तार चर्चा गरिएको छ । लैङ्गिक अध्ययनका सन्दर्भमा समकालीन समयका चार ओटा सैद्धान्तिक ढाँचाहरूको सविस्तार वर्णन गरिएको छ । बाह्य सिद्धान्त, लैङ्गिक भूमिका सिद्धान्त, वर्गीकृत सिद्धान्त र अभ्यासमा आधारित सिद्धान्त । यसरी लैङ्गिक अध्ययन विश्लेषणका सैद्धन्तिक मान्यताको सविस्तार चर्चा छ ।

दोस्रो खण्ड 'द स्ट्रक्चर अफ जेन्डर रिलेसन'अन्तर्गत लेबर, पावर, क्याथेक्सिस्का बारेमा विश्लेषण गरिएको छ । बेलायती कम्पनीहरूमा काम गर्ने मजदुरहरूमा लैङ्गिक विभेद रहने गरेको बताइएको छ । महिलाहरूलाई सामान्य काम, डाटा इन्ट्रिमा देखिने समस्यामा लगाइन्थ्यो भने पुरुषहरूलाई अपरेटर, विश्लेषक तथा म्यानेजरको जिम्मेवारी दिइन्थ्यो भन्ने उल्लेख गरिएको छ । काम, सेवा तथा तालिममा लैङ्गिक विभेद रहने बताइएको छ :

> महिला र पुरुषलाई तालिम दिँदा वा सिप सिकाउँदा भिन्न ढङ्गले सिकाइन्थ्यो । शैक्षिक क्षेत्र तथा श्रम बजारहरूमा लैङ्गिक विभाजन देखिनु निकै साधारण मानिने कुरा *द बोसिस अफ द बार्गेइन*मा क्यारोलले देखाएका छन् । कम्पनीहरूमा नोकरी गर्न पुरुषलाई ग्राह्यता दिइनुले लैङ्गिक समानता कायम गर्न खोजे पनि अप्रत्यक्ष रूपमा पुरुषद्वारा लैङ्गिक विभेद गरिएको पुष्टि हुन्छ । सिप र तालिम दिँदा भिन्न गर्नुले श्रम विभाजनसँगै सामाजिक क्षेत्रमा पनि लैङ्गिक भेद निर्माण हुन्छ । लैङ्गिक विभेद विरोधी कार्यक्रमहरू क्रमशः सञ्चालन हुन थाले पनि घरायसी कार्य (पारिश्रमिकविनाको कार्य) तथा बच्चाको हेरचाहमा पुरुषहरू अनिच्छित रहे । अझ महिलाको आर्थिक आम्दानीमा आश्रित भएर पुरुषहरू रहन सकेनन् । यसको मूलकारण लैङ्गिक विभेद परम्परित छाप बनेर संस्कारको रूपमा शृङ्खलित बनिरहेको छ । बच्चाको हेरचाहमा श्रीमान् र पत्नी व्यवस्थापन निकै अस्थिर रहेको कुरा ग्रेम रसेलले प्रस्तुत गरे (पृ. १००) ।

कोनेलद्वारा लेखिएको यो ग्रन्थ लैङ्गिक राजनीति र शक्तिसँग बढी केन्द्रित छ । *जेन्डर रेजिम्स् एन्ड द जेन्डर अर्डर* शीर्षकमा लैङ्गिक पद्धति तथा लैङ्गिक चेतना र अवस्थाको शृङ्खला संस्था, परिवार, राज्य, सार्वजनिक स्थान (सडक) आदि सबै क्षेत्रमा देखिने कुरा उल्लेख गरेका छन् ।

तेस्रो खण्ड 'फेमिनिटी एन्ड मास्कुलिनिटी'मा केन्द्रित रहेको छ । महिला र पुरुषमा हुने संरचना, सम्बन्ध, सामाजिकीकरण, मनोवैज्ञानिकता, व्यक्तित्व आदि पक्षको सविस्तार चर्चा गरिएको छ । त्यस्तै चौथो खण्ड 'सेक्सुअल पोलिटिक्स' नाम दिई लैङ्गिक विचार, राजनीतिक अभ्यास तथा लैङ्गिकताको वर्तमान र भविष्य अवस्थाका बारेमा विश्लेषण गरिएको छ । यस कृतिलाई नेपाली उपन्यासमा लैङ्गिक चेतनाको पहिचानमा उपयोग गरिएको छ ।

बट्लर (सन् १९९०) को तीन अध्यायमा विभाजित *जेन्डर ट्रबल* लैङ्गिक वर्गीकरण तथा लैङ्गिकताका समस्याहरूको विश्लेषणमा तयार पारिएको छ । पहिलो अध्यायमा लिङ्ग,

लैङ्गिकता, चाहनाका विषय सन्दर्भलाई व्याख्या गरिएको छ । महिला, नारीवादका पक्षलाई लैङ्गिक विधाबाट विश्लेषण गरिएको छ । त्यस्तै विपरित लिङ्गी यौनिकता र पुरुषकेन्द्री परिवेशका सवाललाई लैङ्गिक पाटोबाट विश्लेषण गरिएको छ । जस्तो : भाषाले कसरी लिङ्गको वर्गीकरण गर्छ ? के नारीत्वको प्रतिनिधित्वमा भाषा अवरोधक हो ? के भाषा पुरुषकेन्द्री नै हुन्छ ? लिङ्गलाई चिनाउने भाषामा मात्र के नारीत्व केन्द्रित हुन्छ ? विपरीत लिङ्गी यौनिकता र पुलिङ्गी केन्द्रीयता कहाँ र कति अनिवार्य छ ? ती दुई अवधारणालाई रोक्ने कुरा कहाँ छन् ? भन्ने विषयमा पहिलो अध्याय केन्द्रित छ ।

> लैङ्गिक मान्यताले यौनिकताका सन्दर्भहरू शक्तिमा केन्द्रित सङ्कथनमा आधारित रहेको धारणा राख्छ । शाक्ति तथा सामर्थ्य कुनै न कुनै रूपमा विपरित लिङ्गी र पुरुषकेन्द्री संस्कृतिबाट निर्मित हुन्छ । निर्गमित यौनिकता लेज्बियन, द्वियौनिक र विपरित यौनिक पक्षको निर्माणमा केन्द्रित छ तर यो पुरुषत्व परिचयको अवरोधी चेतना भने होइन । त्यस्तै नारीवादी कार्यक्रम पुरुषवादी तथा विपरित यौनिक मान्यताको आलोचनामा असफल पनि भएको छैन । राजनीतिक रूपमा पनि नारीवादी पक्षको यौनिकतालाई संस्कृति निर्माणतर्फ केन्द्रित गरिएको छ । यदि यौनिकता भनेको अस्तित्वमा रहेको शक्तिको सम्बन्ध हो भने व्यावहारिक यौनिकता स्वीकारयोग्य हुन्छ तर पूर्ण, बाहिरी वा टाढाको शक्ति सांस्कृतिक रूपमा असम्भावित र राजनीतिक रूपमा अव्यावहारिक देखिन्छ । त्यसकारणले शक्तिसँग सम्बन्धित परिचय र यौनिकताका अलग सम्भावनाहरूको वस्तुगत तथा समकालीन पुनर्विचारका कार्य गर्नु आवश्यक छ । समीक्षात्मक टिप्पणी गर्दा शक्ति भनेको सम्बन्धको नियन्त्रण होइन । लैङ्गिक विचारले नियमहरूको परिवर्तित सम्भावना स्विकार्छ (पृ. ३०) ।

दोस्रो अध्यायमा प्रतिबन्ध मनोविश्लेषण तथा विपरित लिङ्गी क्रम उत्पादनको विश्लेषण गरिएको छ । संरचनावाद, मनोविश्लेषणवाद तथा नारीवादका पक्षहरूलाई अलग र आन्तरिक रूपले विपरीत लिङ्गीय यौनिकताका ढाँचालाई लैङ्गिक परिचयसँग संसजन गरिएको छ । स्त्री समयौनिक र सांस्कृतिक पक्षलाई मनोविश्लेषणात्मक सङ्कथनका आधारमा समलैङ्गिकताका प्रश्नमाथि विमर्श गरिएको छ । लैङ्गिकताका सवालमा बट्लरले सामाजिक सांस्कृतिक पक्ष नै सम्पूर्ण रूपमा निर्धारक हो भन्ने मान्दैनन् । यस सन्दर्भमा दोस्रो अध्यायको अन्त्यमा भनिएको छ :

> हाडनातामा जोडिएको विपरीत लिङ्गी आकर्षण र व्यवहार सांस्कृतिक होइन वा संस्कारजनित न्यायसँग अमान्य छ । यो त वंशजसँगै प्राप्त हुन्छ । यौन आवश्यकता र परिचयहरू प्राकृतिक तथा विश्वव्यापी हुन्छन् । मनोविश्लेषणात्मक सिद्धान्तले विपरीत लिङ्गी व्यवहार स्वाभाविक मान्दछ चाहे त्यो हाडनातामा जोडिएको होस् वा नहोस् (पृ. ७६) ।

तेस्रो अध्याय उत्छेदी आङ्गिक क्रिया शीर्षकमा केन्द्रित छ । जुलिया क्रिस्टेभा तथा मिचेल फुकोका धारणाहरूलाई यहाँ व्याख्या गरिएको छ । मातृ शरीरको निर्माण र सम्बन्धमा सांस्कृतिक नियन्त्रण रहने तथा त्यसैबाट लिङ्ग एवम् लैङ्गिकताका पक्ष विकसित हुने क्रिस्टेभाको विचार प्रस्तुत गरिएको छ । फुकोले लिङ्गको वर्गीकरण र अन्तर्दृष्टिका पक्षलाई सांस्कृतिक सन्दर्भसँग जोडेको कुरा जनाइएको छ ।

यदि लैङ्गिक गुण अभिव्यक्त नभएर सम्पादित हुन् भने पनि प्रभावकारी रचनाबाट निर्मित परिचयहरू अभिव्यक्त नै मानिन्छन् । यदि लैङ्गिक गुण र क्रिया सांस्कृतिक महत्त्वबाट रचित छन् भने तिनीहरू सम्पादित हुन् र मापन गर्न सकिन्छ तर साँचो र झुट दुबै मान्न सकिँदैन । यद्यपि स्वीकृत साँचो लैङ्गिक परिचय आख्यानको रूपमा निरन्तर प्रस्तुत भइरहन्छ । लैङ्गिक परिचय स्थापित सामाजिक सम्पादनबाट निर्मित हुन्छ जहाँ पुरुषत्व र नारीत्वको रचना हुन्छ । यस्तो मान्यताबाट निर्मित लैङ्गिकताले पुरुषत्वको नियन्त्रण र विपरित लिङ्गीय यौनिकता अनिवार्य ठान्छ । त्यसैले लैङ्गिकता न त साँचो हो न त झुट, न वास्तविक हो न कृत्रिम, न मौलिक हो न निर्मित यो क्रमशः हस्तान्तरित तथा प्रत्ययातीत आकस्मिकता सामाजिक गुण हो भन्ने मान्यता प्रस्तुत गरिएको छ । नेपाली उपन्यासमा लैङ्गिक चेतनाको अध्ययनका सन्दर्भमा ऐतिहासिक व्याख्या, सैद्धान्तिक आधार निर्माण तथा लैङ्गिक अवस्थाको व्याख्या गर्न र चेतना तथा सशक्तीकरण पहिल्याउन यस कृतिलाई उपयोग गरिएको छ ।

क्रेइग (सन् १९९२) को *मेन, मास्कुलिनिटी एन्ड द मिडिया* कृति पुरुषत्व र नारीत्वका सन्दर्भमा सञ्चार माध्यममा रहेका र प्रयोग गरिएका पक्षहरूको अनुसन्धानपरक व्याख्यामा केन्द्रित छ । लैङ्गिकतालाई अहिले वर्ग र जातिसँग सम्बन्धित गरी अर्थ्याइएको छ । सामाजिक तथा मनोवैज्ञानिक अन्तर्क्रियासँग लैङ्गिकताको सम्बन्ध रहेको जनाइएको छ । लिङ्ग र लैङ्गिकता (सेक्स एन्ड जेन्डर)लाई समाज वैज्ञानिकहरूले भिन्न रूपले व्याख्या गरेका छन् । 'लिङ्ग' जीव विज्ञानले निर्धारण गरेको हुन्छ । जीव वैज्ञानिक आधारमा पुरुष र स्त्री हुने कुरा उल्लेख गरिएको छ भने 'लैङ्गिकता' जीवशास्त्रीय भिन्नतालाई आधार बनाएर गरिएको

सांस्कृतिक वर्गीकरण हो । त्यसैले 'लैङ्गिकता' समाज निर्मित हुन्छ । पुरुषत्व (मास्कुलिनिटी) र नारीत्व (फेमिनिटी) विविध सामाजिक पक्ष र तत्त्वबाट निर्मित परिचयहरू हुन् । एउटा संस्कृतिबाट अर्को संस्कृति तथा संस्कृतिबाट इतिहास निर्माणको तहसम्म र कुनै व्यक्तिको जीवनभर रहने जीवनप्रवृत्ति नै लैङ्गिकता हो । त्यसैले समाज र संस्कृति अनुरूप नारीत्व तथा पुरुषत्वका परिचयहरू भिन्न भिन्न हुन सक्छन् भन्ने मान्यता प्रस्तुत गरिएको छ ।

सञ्चार विज्ञहरूले लैङ्गिक पक्षका विषयको वर्णनमा समीक्षात्मक आधार प्रस्तुत गर्दै मनोविश्लेषणात्मक, आर्थिक र सांस्कृतिक अध्ययनसँग सम्बन्धित गर्नु पर्ने धारणा राखेको जनाइएको छ । नारीवादी अध्ययनले पितृ सत्ताको विरोध गरे पनि महिलालाई मात्र केन्द्रबिन्दु बनाउनु हुँदैन । महिलाको विश्लेषण र मूल्याङ्कन गर्दा पुरुष र पुरुषत्वलाई 'मानक' मान्नु अस्वाभाविक हुन्छ भन्ने विचार व्यक्त गरिएको छ । पुरुषको लैङ्गिकता नबुझीकन सामाजिक प्रभाव पितृ सत्तामुखी छ भनी कसरी बुझ्न सकिन्छ ? भन्ने जिज्ञासा राखेर 'पुरुषको अध्ययन' (मेन्स स्टडिज) प्रारम्भ भएको जनाइएको छ ।

पुरुष लैङ्गिकताको अध्ययन विश्लेषणको प्रारम्भन हुनुमा नारी लैङ्गिकताको अध्ययनले सहयोग पुऱ्याएको जनाइएको छ । सन् १९८५ मा पुरुष लैङ्गिकताका सन्दर्भमा डेभिड एन्ड ब्रान्नन, प्लेक एन्ड प्लेक, ब्रड तथा किमेलले नयाँ ढाँचाको चित्ताकर्षक शरीर, समीक्षा र पुरुष तथा पुरुषत्वको अनुसन्धान गरेको कुरा उल्लेख गरिएको छ । पुरुष अध्ययन नारीवादी अध्ययनको उपज मात्र होइन बरु महिला आन्दोलनका लागि सामाजिक जागरणसमेत हो । पुरुषको अध्ययनले नारीवादी विचारबाट उत्पन्न लैङ्गिक सम्बन्धलाई विस्तार र समृद्ध तुल्याउन अन्तर्दृष्टि प्रदान गर्छ भन्ने विचार व्यक्त गर्दै किमेलको विचारलाई यसरी प्रस्तुत गरिएको छ :

> 'पुरुषको अध्ययन' सामाजिक र बौद्धिक सन्दर्भसँग जोडिएको लैङ्गिक अध्ययनको पाटो हो, जसले समस्यानिर्मित लैङ्गिकताद्वारा स्थापित मानकको विरोध गर्छ । महिला अध्ययनबाट प्रभावित भए पनि पुरुष अध्ययनले परम्पराको गतिशील परिवर्तनसँग पुरुष र पुरुषत्वको आधारभूत विकासको व्याख्या गर्छ । पुरुष अध्ययन महिला अध्ययनको प्रतिस्थापक र सञ्चालक दुबै होइन न त विरोधी नै हो । पुरुष अध्ययनले महिला अध्ययनलाई संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याउँछ । साथै महिला अध्ययनले सुरु गरेको लैङ्गिकताको गतिशील वर्णनात्मक अवस्थालाई पूरा गर्ने काम पुरुष अध्ययनले गर्दछ (पृ. २) ।

उक्त कृति सञ्चार माध्यममा प्रस्तुत र प्रदर्शन हुने पुरुष र पुरुषत्वका व्यवहारहरूको अनुसन्धानमा केन्द्रित रहेको छ । चुनौतीपूर्ण र जटिल कार्य तथा बलियो सन्दर्भ व्यक्त गर्नु परे पुरुषको माध्यमबाट विज्ञापन प्रस्तुत हुने जस्तो : खेलकुद, धुमपान, पिउने काम आदि । सरल र घरायसी कार्यको प्रस्तुतिमा स्त्री उपस्थित हुने अवस्था रहनु सामाजिक सांस्कृतिक पक्ष भएको जनाइएको छ । स्त्री र पुरुषलाई लैङ्गिक रूपमै भिन्न रूपमा अर्थ्याइएका केही उदाहरण यस्ता छन् :

> सन् १९८९ मा अमेरिकामा भएका खेलकुद प्रतियोगितामा पुरुषको प्रतियोगितालाई 'द नेसनल च्याम्पियनसिप गेम' तथा स्त्रीको प्रतियोगितालाई 'द उमन्स नेसनल च्याम्पियनसिप गेम' भनिएको थियो । प्रतियोगितामा पर्दामा देखाइएका सङ्केतमा पनि पुरुषलाई 'नीलो' रङ र स्त्रीलाई 'गुलावी' रङले चिनाइएको थियो ।

लैङ्गिक भिन्नताका सन्दर्भहरूलाई विविध क्षेत्रमा विविध किसिमले प्रयोग गरिएको हुन्छ भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ । नेपाली उपन्यासका स्त्री र पुरुषको भूमिका व्याख्या गर्न र उपन्यासमा प्रयुक्त भाषाको विश्लेषण गर्न यस कृतिको उपयोग गरिएको छ ।

हारालम्बस एन्ड हलबर्न (सन् १९९५) को *सोसिअलोजी : थिम्स एन्ड पर्सपेक्टिभ* कृति चौध ओटा एकाइमा विभक्त छ । उक्त ग्रन्थको दसौँ एकाइमा 'सेक्स एन्ड जेन्डर' शीर्षकमा विविध सन्दर्भहरूको व्याख्या गरिएको छ । सेक्स एन्ड जेन्डर डिभरेन्सेज उपशीर्षकमा हर्मोन र मस्तिष्कको सोझो सम्बन्ध रहेको जनाइएको छ । महिलामा उत्पन्न हुने 'प्रोजेस्टेरोन' र 'अस्ट्रोजिन' तथा पुरुषमा उत्पन्न हुने 'टेस्टोस्टेरोन' र 'एन्ड्रोजिन' हर्मोनका कारण बढी सक्रिय वा निष्क्रिय हुने तथा आक्रामक वा अनाक्रामक हुने अवस्था आएको उल्लेख छ । स्त्री वा केटीहरूलाई एन्ड्रोजिनको मात्रा दिँदा उनीहरू बढी सक्रिय भएको कुरा पनि जनाइएको छ ।

पुरुषले जीवनभरमा असङ्ख्य शुक्रकीट उत्पादन गर्ने तर महिलाले जीवनभरमा जम्मा ४०० ओभम मात्र पैदा गर्न सक्ने हुनाले पुरुषहरू महिलासँग बढी संसर्ग गर्न रुचाउने कुरा व्यक्त गरिएको छ । पुरुष र स्त्रीको जैविक भिन्नताले पनि सामाजिक भूमिका र श्रमको प्रकृतिमा फरकपन आएको तथा पुरुषहरूको बलियो शारीरिक सुगठनले बढी शक्तिशाली रहेका तर महिलाहरू महिनावारी र सन्तान उत्पादन गर्ने कार्यले पनि कम शक्तिशाली रहन पुगेको कुरा प्रस्तुत गरिएको छ । सामाजिक कार्य सम्पादनमा पुरुष र महिला समान रूपमा दक्ष बन्न सक्छन्, जैविक आधारमा महिलालाई कुनै पेसा वा कार्यबाट बञ्चित गर्नु हुँदैन तथा बालबच्चाहरूले स्तनपान बाहेक अन्य कुरा पनि आमाकै सामीप्यता रोज्दछन् भन्ने वैज्ञानिक

आधार नभएको विचारे व्यक्त गरिएको छ । यो ग्रन्थ नेपाली उपन्यासका चरित्रको विश्लेषणमा उपयोग भएको छ ।

गोडार्ड एन्ड पटर्सन (सन् २०००) को *ल्याङ्ग्वेज एन्ड जेन्डर* मूलतः कार्यपरक सन्दर्भसँग भाषिक प्रयोग र लैङ्गिकताको व्याख्या गरिएको सामग्री हो । जम्मा छ ओटा एकाइमा विभाजन गरिएको यस पुस्तकका सामग्री लैङ्गिक र भाषिक प्रयोगात्मक विश्लेषणमा केन्द्रित रहेका छन् । विभिन्न चित्रको माध्यमबाट समेत जिज्ञासा राखी मानवीय तथा मानवेत्तर सन्दर्भहरूमा लैङ्गिकतालाई मूल्याङ्कन गरिएको छ । भाषा तटस्थ नभएर विश्वभरका मानिसको आफ्नै चेतनाको वास्तविकताबाट निसृत हुन्छ । भाषाले विभिन्न वस्तु तथा विचारलाई विविध किसिमले सङ्केत गरेको हुन्छ भन्ने विचार प्रकट गरिएको छ । सामाजिक र राजनीतिक संरचनाका कारणबाट व्यक्ति वा पद आदि विषयहरूलाई भाषिक रूपमा चिनाउन अचिन्हित (अनमार्क्ड) र चिन्हित (मार्क्ड) गरी चिनाउने र व्याख्या गर्ने गरिएका उदाहरण यसरी देखाइएको छ :

अचिन्हित	चिन्हित
Nurse (परिचारिका)	male nurse
Prostitute (वेश्या)	male prostitute
doctor (चिकित्सक)	woman doctor
Priest (पादरी)	woman priest
Secretary (सचिव)	male secretary
Boy (केटा)	toy boy
Girl (केटी)	career girl
Manager (व्यस्थापक)	manageress
Usher (द्वारे)	usherette
Actor (अभिनेता)	actoress
God (देव)	goddess
Lad (ठिटो)	ladette
Waiter (सेवक)	waiteress
Mayor (नगरप्रमुख)	mayoress
Master (गुरु)	mistress
Model (नमुना)	male model

(पृ. ६१)

उपर्युक्त उदाहरणमा अचिन्हित रूपहरू 'मानक' रूप भएको र चिन्हित रूपहरू मानकमा केही विकार आएका वा थपिएका अर्थात् सहायक र गौण भूमिकाको आशय दिने गरी

प्रयोगमा आउने संरचनाको रूपमा अर्थ्याइएको छ । त्यस्तै स्त्री र पुरुषमा हुने भाषिक विकास र क्षमता, उनीहरूको शब्दभण्डार र व्याकरणका सन्दर्भहरूको व्याख्या गरिएको यो कृति नेपाली उपन्यासमा प्रयुक्त भाषाको अध्ययनमा उपयोगी भएको छ ।

द वर्ल्ड बैङ्क (सन् २००१) को *इनजेन्डरिङ्ग डेभलपमेन्ट*मा लैङ्गिक असमानता विश्वलाई गरिबीबाट मुक्त गर्ने वल्ड बैङ्कको कमिटमेन्टलाई प्रमुख तगारो बनेको छ भन्ने धारणा व्यक्त गरिएको छ । यो ग्रन्थ विश्व बैङ्कबाट गरिएको विश्वव्यापी लगानी र त्यसको प्रभावमा केन्द्रित रहेर तयार पारिएका अनुसन्धान प्रतिवेदनको सङ्गृहित रूप हो । लैङ्गिक असमानताले केटीहरूको विद्यालय शिक्षा तथा स्वास्थ्य सुविधा प्रभावित भएको जनाइएको छ ।

लैङ्गिक असमानताले आधारभूत मानव अधिकार, स्रोत साधनको उपयोग, आर्थिक अवसर तथा राजनैतिक भूमिकाहरू पूर्ण रूपमा प्रभावित भएको जनाइएको छ । लैङ्गिक समानता विकासको मुख्य विषय रहेको जनाइएको छ । चाहे महिला हुन् वा पुरुष सबैको विकास गर्न गरिबी हटाउनु र जीवनस्तर उकास्नु हो, त्यो लैङ्गिक समानताबाट मात्र सम्भव छ भन्ने कुरा उल्लेख गरिएको छ । लैङ्गिक समानता वृद्धि गर्ने तरिका मूलतः तिनओटा रहेको उल्लेख गर्दै भनिएको छ : क) समान अधिकार र अवसरका संस्था स्थापना गर्ने । ख) साधन, स्रोत र सहभागितामा सुविधा उपलब्ध गराउने । ग) सामाजिक र राजनैतिक रूपमा सक्रिय नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने । पुरुषहरूको तुलनामा महिलाहरू धेरै समय काममा सक्रिय रहेको कुरा अनुसन्धानबाट पुष्टि भएको जनाइएको छ । घरेलु काम र बाहिरी काम दुबैमा महिलाहरू सक्रिय रहेको, धनी परिवारका महिलाको तुलनामा गरिब परिवारका महिलाहरूले अझ बढी काम गर्नु परेको अवस्था रहेको बताइएको छ । यस ग्रन्थको माध्यमबाट लैङ्गिक अवस्था र चेतनाको विश्लेषणका लागि सहयोग लिइएको छ ।

वेदरल (सन् २००२) द्वारा *जेन्डर, ल्याङ्ग्वेज एन्ड डिस्कोर्स* कृति निर्माण गरिएको छ । यो परिचयात्मक सन्दर्भसहित सेक्सिस्ट ल्याङ्ग्वेज, भाषिक क्षमता र बोलीमा भिन्नता, महिलाको भाषा, सङ्कथनमा लैङ्गिकता, भाषिक संवाद र लैङ्गिकता, भाषा, सङ्कथन र लैङ्गिक परिचय आदि विषय सन्दर्भलाई सविस्तार चर्चा गरिएको अनुसन्धानात्मक कृति हो । भाषा र लैङ्गिकताका सन्दर्भमा विभिन्न अनुसन्धाताले निकालेका निष्कर्षको प्रस्ट सन्दर्भ दिएर निर्माण गरिएको यस ग्रन्थमा पुरुष तथा महिलाका जैविक भिन्नताले फरक पार्ने भाषिक अभिव्यक्ति र उच्चारण एवम् सामाजिक सांस्कृतिक वा जातिगत पृष्ठभूमिका आधारमा देखापर्ने लैङ्गिक विविधताका पक्षहरूलाई विशिष्ट र वैज्ञानिक ढङ्गले उठान गरिएको छ । जैविक रूपमा पुरुषमा

ल्यारेङ्स वा भ्वाइसबक्स ठूलो हुने हुनाले पुरुषको स्वर ठूलो र सघन हुने तथा महिलाको भोकल कर्ड पातलो हुनाले कम्पन बढी पैदा गर्दै लामो लय तथा लयात्मक र सुमधुर आवाज निस्कने कुरा उल्लेख गरिएको छ । त्यस्तै समाज निर्मित भाषिक आचरणका कारणले महिलाको बोली वा अभिव्यक्तिमा सामाजिक मूल्यको बढी प्रभाव परेको हुन्छ भने पुरुषको भाषाले उनीहरूको सामाजिक स्तरलाई सङ्केत गरेको हुन्छ भन्ने कुरा जनाइएको छ । पुरुषको भाषा बढी तर्कपूर्ण महत्त्वपूर्ण र अर्थपूर्ण हुने तर महिलाको भाषा भावनात्मक, अनिर्णयात्मक एवम् सौन्दर्यपक्षमा केन्द्रित हुने कुरा जनाउँदै सामाजिक परिवेशले निर्धारण गरेका भूमिकाका आधारमा लैङ्गिकताको भाषा व्यवहृत हुने निष्कर्ष निकालिएको छ । यस ग्रन्थलाई प्रस्तुत शोधका क्रममा लैङ्गिकताको भाषा पहिचान गर्दै मूल्याङ्कन गर्ने प्रतिमान तयार गर्न लागि उपयोग गरिएको छ ।

एकर्ट एन्ड गिनेट (सन् २००३) को *ल्याङ्ग्वेज एन्ड जेन्डर* लैङ्गिकता र यससँग सम्बन्ध राख्ने भाषिक प्रयोगका सन्दर्भहरूसँगै लैङ्गिक अवस्थाको सविस्तार व्याख्या गरी प्रस्तुत पुस्तक हो । नौ ओटा अध्यायमा विविध शीर्षक तथा सन्दर्भहरू समावेश गरिएको यो कृति अनुसन्धेय तथ्यपरक विवरणमा केन्द्रित छ । बालक जन्मँदादेखि नै उनमा लैङ्गिक विभेदगत व्यवहारहरू हुने कुरा उल्लेख गरिएको छ । नवजात शिशु अवस्थामा नै शिशु रुने कराउने तरिकाबाट नै लैङ्गिकतामा फरकपन आउने धारणा रहेको उल्लेख गरिएको छ ।

आमाबाबुले बाल्यावस्थामा रहेका छोराछोरीलाई गर्ने व्यवहारहरूबाट नै लैङ्गिक भेद निर्माण हुने बताइएको छ । जस्तो कि छोरीलाई सरल र स्वीकारयोग्य शब्द जहाँ माया तथा स्नेह प्रकट हुन्छ भने छोरालाई उपेक्षा र रुखो व्यवहार देखाइन्छ जसका कारण छोराहरू चुनौती स्वीकार गर्न सक्षम बन्दै जान्छन् र छोरीहरू आश्रय खोज्न अभ्यस्त हुँदै जान्छन् भन्ने तर्क पेस गरिएको छ । छोराहरू बाबुको व्यवहार (हक्की स्वभाव) को नक्कल गर्दछन् भने छोरीहरू आमाजस्तै घरायसी र शृङ्गार कार्यमा बढी केन्द्रित रहन्छन् । यसै सन्दर्भमा बुभाको उद्धरण 'महिला जन्मँदैनन् उनीहरूलाई बनाइन्छ' लाई समेत पुष्ट्याइँ गरिएको देखिन्छ । साथमा पुरुष पनि जन्मदैनन् उनीहरूलाई बनाइन्छ' भन्ने अभिव्यक्ति पनि दिइएको छ । स्त्रीले गर्ने भाषिक उच्चारणमा कम स्ट्रेस, कोमलता तथा लयात्मकता रहने तर पुरुषले गर्ने उच्चारणमा बढी स्ट्रेस, कठोरता रहने कुरा अनुसन्धानबाट प्राप्त तथ्यसहित व्यक्त गरिएको छ ।

यस ग्रन्थमा शब्दको तहमा पुरुषलाई जनाउन प्रयोग हुने वाक्यमा रहने शब्दहरू र स्त्रीलाई जनाउन प्रयोग हुने शब्दहरू फरक फरक रहेको कुरा उल्लेख गरिएको छ । सामाजिक

सक्रियता वा भूमिकामा स्त्रीहरू परोक्ष्य रहने हुनाले सामाजिक सम्प्रेषणात्मक भाषिक प्रयोग, आत्मविश्वास तथा तर्कहरूमा उनीहरू पछाडि रहेको कुरा तर्कसहित पुष्टि गरिएको छ । भाषाको स्तरीय र व्याकरणिक प्रयोगका सन्दर्भमा पुरुषभन्दा महिलाहरू बढी सचेत र सान्दर्भिक रहेको स्पष्ट पारिएको छ । जस्तै :

> महिलाको व्याकरण पुरुषको भन्दा स्तरीय छ । आवश्यकता अनुसार भाषिक समायोजनमा महिला अगाडि रहेका हुन्छन् । समग्र स्तरीय व्याकरणिक प्रयोगमा महिला सचेत रहन्छन् । सामाजिक स्तर अनुसार पनि पुरुषभन्दा महिलाको भाषिक प्रयोग स्वाभाविक रहेको देखिन्छ (पृ. २९३) ।

समयक्रममा पुरुषसरह सामाजिक भूमिकाहरूमा महिला पनि सहभागी र सक्रिय रहेकाले परम्परागत लैङ्गिक स्थितिबाट माथि उठ्न सम्भव भएको उल्लेख गर्दै भनिएको छ : पचास वर्षअगाडि कसैले पनि महिलाहरू बाहिरी संसारमा प्रवेश गरेको सोच्नै सक्दैनथे । जस्तै : जिम जानु, बास्केट बल खेल्नु, एथलेटिक्स (स्कलरसिप सहित) मा सहभागी हुनु आदि (पृ. ३३०, ३३१) । पचास वर्ष अगाडि सोच्न नसकिने जीवन व्यवहारहरू अहिले चल्न सम्भव भएको कुरा उल्लेख गर्दै नवीन चेतना र वैचारिक परिवर्तनका पक्षहरू प्रस्तुत गरिएको छ । जस्तै :

> गे म्यारिज, एकल मातृत्व त्यस्तै गृहकार्य र बच्चाको स्याहार पुरुषबाट हुनु, समलैङ्गिकतालाई सगर्व सार्वजनिक गर्नु, महिलाहरूले बिहे अगावै कुमारीत्व भङ्ग भएको सगर्व घोषणा गर्नु, महिलाहरू आर्थिक स्वतन्त्रतामा रहनु, पुरुषको नियनत्रणबाट पूर्ण मुक्त हुनु आदि (पृ. ३३१) ।

अमेरिकी भाषाशास्त्री दुई महिला प्राध्यापकबाट अनुसन्धानात्मक अध्ययन विश्लेषण गरी तयार पारिएको यो कृति नेपाली उपन्यासमा प्रयुक्त भाषाको विश्लेषणमा उपयोगी बनेको छ ।

जनेट एन्ड मेयर्होफ (सन् २००३) द्वारा सम्पादित *द ह्यान्डबुक अफ ल्याङ्वेज एन्ड जेन्डर*लाई समकालीन विश्वमा स्थापित अनुसन्धानात्मक क्षेत्रमध्येको अत्यन्त 'भाषा र लैङ्गिकता'का सन्दर्भमा भएका सामयिक तथा वास्तविक अनुसन्धानात्मक लेख रचनाहरूको बृहत् सङ्ग्रह मानिन्छ । जम्मा पाँच ओटा परिच्छेदमा सम्बन्धित लेखहरू समावेश गरिएको छ । सम्पादकीय सारपूर्ण लेखसहित जम्मा तीस ओटा लेख रचनाहरू यस कृतिमा समाविष्ट छन् । सम्पादकद्वयद्वारा भनिएको छ :

> यो सङ्ग्रहमा सङ्गृहित लेखहरूले भाषावैज्ञानिक अध्येता र खास गरी सामाजिक भाषावैज्ञानिक सङ्कथनात्मक अध्ययन गर्ने अध्येतालाई मूल्यवान् स्रोत प्रामाणिक रूपमै प्रस्तुत गरेका छन् । अन्तरवैषयिक तथा विविध प्राज्ञिक क्षेत्रलाई समेटेर निर्मित यस ग्रन्थ मानवशास्त्री सांस्कृतिक अध्येता समाजशास्त्री र समाजमनोवेत्ता लगायतलाई सङ्गठित सञ्चार बन्ने छ । व्यावसायिक महिला, महिलावादीहरू तथा अनुभवी व्यवस्थापकका प्रयोगात्मक अभिमुखीकरण सहितका सम्बन्धित लेखहरू प्रस्तुत छन् । प्रायोगिक भाषावैज्ञानिक जसले शिक्षा र भाषा नीतिमा अध्ययन अनुसन्धान गर्दै मानव सम्बन्ध तथा मानव संशाधनका पक्षमा लागिपरेका छन् तिनीहरूका तथ्यपरक अध्ययन अनुभव समाविष्ट छन् (पृ. १-२) ।

यस ग्रन्थको पहिलो परिच्छेदमा छ ओटा लेख समावेश गरिएको छ । भाषा र लैङ्गिक अध्ययनको ऐतिहासिक सन्दर्भ तथा सैद्धान्तिक पृष्ठभूमिसँग सम्बन्धित लेख रचनाहरू यसमा समेटिएका छन् । दोस्रो परिच्छेदमा लैङ्गिकता र भाषा सम्बन्धमा केही समन्वयात्मक छलफलका खास भूमिका तथा जिज्ञासा समावेश गरिएको छ । यस परिच्छेदमा पाँच ओटा लेख समाविष्ट छन् । तेस्रो परिच्छेद आधिकारिक खास खास मुद्दामा केन्द्रित छ । सामाजिक संसारका लैङ्गिक जटिलताहरूमा आधारित भई तयार पारिएका सात ओटा लेखहरू यसमा रहेका छन् । चौथो परिच्छेदमा छ ओटा लेखहरू समावेश गरिएको छ । ती लेखहरूमा लैङ्गिकता र भाषा सम्बन्धी निश्चित विचारहरू तथा मानकहरूका आधारमा महत्त्व, कार्यमूलकता तथा समस्यामूलक स्थितिको व्याख्या गरिएको छ ।

पाँचौँ परिच्छेदमा पाँच ओटा संस्थागत मान्यता, अवस्था तथा परिचयमा लैङ्गिकता तथा भाषाका सान्दर्भिक लेख प्रस्तुत गरिएको छ । ग्रन्थको अन्त्यमा भाषा तथा लैङ्गिक अनुसन्धानका पृष्ठभूमिगत सन्दर्भ तथा सारहरू प्रस्तुत गरिएको छ । यो ग्रन्थ लैङ्गिकता र भाषासम्बन्धी प्रशस्त सैद्धान्तिक मान्यता र व्यावहारिक प्रयोगहरूको यथेष्ट जिज्ञासा, छलफल तथा विश्लेषणमा निर्मित लेखहरूको समुच्चको रूपमा रहेको छ ।

यस ग्रन्थमा समावेश गरिएका अधिकांश लेख रचनाहरू लैङ्गिक भाषाविज्ञान तथा त्यससँग सम्बन्धित अनुसन्धात्मक कार्यमा केन्द्रित छन् । चौथो परिच्छेदको अन्तिम लेख लिङ्गुइस्टिक सेक्सिजम एन्ड फेमिनिस्ट लिङ्गुइस्टिक एक्टिभिज्म शीर्षकमा अन्ने पावेल्सद्वारा पुरुष र महिलाको भाषिक प्रयोग आधारभूत रूपमै भिन्न रहेको तर्क पेस गरिएको छ ।

पुरुष शक्तिशाली वक्ता मात्र होइनन् उनीहरू आधिकारिक भाषिक प्रयोक्ता समेत हुन् । महिला महत्त्वहीन, अनुपयुक्त तथा अशिक्षित भाषिक प्रयोक्ताका रूपमा रहेका छन् । मूलतः पुरुषहरू मानक निर्माता, भाषिक सञ्चारक तथा भाषिक योजनाकारका रूपमा छन् । शब्दकोश निर्माण प्रक्रिया, मानक व्याकरण लेखन प्राज्ञिक भाषा स्थापना तथा मानक भाषिक प्रतिष्ठान लगायत भाषा योजना सम्बन्धी क्रियाकलापमा पुरुषहरू नै पूर्ण हकदार रहेका हुन्छन् । महिलाहरूको स्थिति निकै भिन्न छ । जस्तो कि परिवारमा बालबालिकालाई भाषा सिकाउने तथा प्रारम्भिक विद्यालयहरूमा शिक्षकको रूपमा रहेर भाषा शिक्षण गर्ने तथापि पुरुष निर्मित भाषिक मानकलाई नै स्वीकार गर्नु अनिवार्य हुन्छ । सन् १९७० देखि उठान भएको नारीवादी आन्दोलनले भाषामा भएको पुरुष नियन्त्रणलाई चुनौती दिएको थियो । विभेदी र महिलालाई पूर्ण उपेक्षा गरिएको भाषिक प्रचलनका विरुद्धमा आवाज उठान गरियो । उक्त आन्दोलनले पुरुषकेन्द्री व्याकरण र प्रयोगका विरुद्धमा सक्रियता देखाउँदै सहभागितामूलक भाषा व्याकरण निर्माणमा जोड दियो (पृ. ५५०-५५१) ।

यस लेखमा लेखकले सन् १९७० पछि देखापरेका पश्चिमी नारीवादी आन्दोलनसँगै नारीवादी भाषिक सचेतनाका सन्दर्भहरू व्याख्या गरेका छन् । पुरुषत्व तथा नारीत्वका सवालमा फेमिनिन वर्कप्लेस : स्टेरोटाइप एन्ड रियालिटी शीर्षकका एउटा अन्तक्रियात्मक शैलीको टेबल प्रस्तुत गरिएको छ :

फेमिनिन (नारीत्व)	मास्कुलिन (पुरुषत्व)
अप्रत्यक्ष	प्रत्यक्ष
मृदुभाषी	निडर/अभिमानी
सहजकर्तामूलक	प्रतिस्पर्धी
समन्वयी	स्वतन्त्र
जनसामन्यमा कम योगदान	जनसामान्यसँगबढी केन्द्रित
सहयोगी पृष्ठपोषण	आक्रामक प्रतिक्रिया
व्यक्ति र प्रक्रिया केन्द्री	कार्य र प्रतिफल केन्द्री
प्रभाव केन्द्रीयता	सन्दर्भ केन्द्रीयता

(पृ. ५७४)

माथिका उदाहरणबाट प्रस्ट हुन्छ कि महिला तथा पुरुषहरूको भाषा प्रयोग, कार्यशैली तथा भूमिकामा निकै भिन्नता रहेको हुन्छ । लैङ्गिकता तथा भाषावैज्ञानिक सन्दर्भमा आधारित रही गरिएका अनुसन्धानात्मक लेख रचनाहरूको समुच्चय यो ग्रन्थ नेपाली उपन्यासमा प्रयुक्त भाषाको विश्लेषण गर्न उपयोग भएको छ ।

स्टेवार्ट एन्ड अदर्स (सन् २००३) को *कम्युनिकेसन एन्ड जेन्डर* सञ्चार र लैङ्गिकताका मुख्य धारणाहरूको परिचय दिने हेतुले तयार पारिएको छ । जैवीय रूपमा केही लिङ्गगत भिन्नताहरू छन्, शारीरिक रूपमा देखिने भिन्नता र प्राकृतिक स्वरूप तथा शरीर रचना अनि तिनको कार्य आदि । यसका अलावा स्त्रीको तुलनामा पुरुषको भाषिक आवाजमा कम ध्वनि उत्पन्न हुन्छ भनिएको छ । हाम्रो साञ्चारिक व्यवहार संस्कृतिबाट अनुप्राणित हुन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

यस ग्रन्थमा लैङ्गिक भाषा कसरी निर्माण हुँदै जान्छ भन्ने बारेमा सैद्धान्तिक तथ्यगत आधारहरू प्रस्तुत गरिएको छ । लैङ्गिक परिचय र यसका जैवीय तथा मनोवैज्ञानिक सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । त्यस्तै भाषा के हो ? बालकले भाषा कसरी प्रयोग गर्छन् ? भाषिक क्षमता र त्यसमा सामाजिक सांस्कृतिक प्रभाव र दवावले कस्तो भूमिका खेल्छ ? आदि विषयलाई विशिष्ट व्याख्या गरिएको छ । त्यस्तै अशाब्दिक सञ्चार, इन्कोडिङ तथा डिकोडिङका सन्दर्भहरू व्यक्त छन् । परिवार, सम्बन्ध र विवाह लगायत शिक्षा माध्यम तथा संघसंस्थाको लैङ्गिकतासम्बन्धी भूमिकाको विशद् व्याख्या गरिएको छ । मित्रताका सन्दर्भमा भनिएको छ :

> केटा साथीहरू एकापसमा ठूलो समूहमा खेल्न रुचाउँछन् तर आत्मीयता कम हुन्छ । केटी साथी सीमित हुन चाहन्छन् र आत्मीय बन्छन् । किशोर अवस्था होस् वा वयस्क अवस्था स्त्री मित्रहरू व्यक्तिगत समस्या तथा आन्तरिक संवादमा तल्लीन हुन्छन् तर पुरुष मित्रहरू क्रियाकलापगत क्षेत्र र बाहिरी पक्षमा सटिक संवाद गर्छन् । टेलिफोनमा स्त्री मित्रहरू १० मिनेटभन्दा पनि बढी समय कुराकानी गर्छन्: व्यक्तिगत समस्या, डर, शङ्का तथा आपसी सम्बन्धका बारे । पुरुष मित्रहरू जम्मा हुने क्रियाकलापमुखी बन्ने र साझा रुचिका काम गरी सामाजिकीकरणमा बढी केन्द्रित रहन्छन् (पृ. ८९-९१) ।

जम्मा नौ ओटा खण्डमा विभाजन गरी लैङ्गिकताका सन्दर्भहरूलाई विभिन्न पक्षसँग सम्बन्धित गर्दै सञ्चारमा केन्द्रित गरिएको उक्त ग्रन्थ नेपाली उपन्यासमा प्रयुक्त भाषाको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्ने सवालमा निकै उपयोगी सिद्ध भएको छ ।

गुनेसकेर.सम्पा. (सन् २००४) ले *भ्वाइलेन्स, ल एन्ड उमन्स राइट्स इन साउथ एसियाम*ा महिला हिंसा तथा लैङ्गिक विभेदका सन्दर्भमा दक्षिण एसियाका खास गरी तिन ओटा मुलुक भारत, पाकिस्तान तथा श्रीलङ्काका कानुनी व्यवस्था, सामाजिक जीवन तथा लैङ्गिक अधिकारका विविध पक्षमा प्रस्तुत गरेकी छन् । दक्षिण एसियाका अन्य मुलुक नेपाल, बंगलादेश, माल्दिभ्स लगायतका मुलुकमा रहेका सामाजिक सांस्कृतिक पक्षहरूको सापेक्षतामा लैङ्गिक अवस्थाको विश्लेषणसमेत गरिएको छ । दक्षिण एसियामा भएका मानव अधिकार तथा लैङ्गिक अधिकार सम्बन्धी सम्मेलन, घोषणापत्र, राष्ट्रिय, अन्तर्राष्ट्रिय अवस्था, दक्षिण एसियाली कानुनी प्रणाली तथा महिला हिंसाका विविध पक्षमा सम्पादक स्वयम्को अनुसन्धानात्मक गहन लेख समावेश गरिएको छ । अन्य तीन थरी अनुसन्धाताका तीन मुलुक : भारत, पाकिस्तान र श्रीलङ्काका कानुनी प्रावधान, सामाजिक अवस्था तथा लैङ्गिक हिंसासम्बन्धी तथ्यपरक लेख समावेश गरी ग्रन्थ तयार पारिएको छ ।

संवैधानिक प्रावधान, सामाजिक र आर्थिक अधिकार, नागरिक स्वतन्त्रता, समानता, धार्मिक परम्परा र चालचलन आदिका सन्दर्भमा लैङ्गिकताको विश्लेषण गरिएको छ । कानुनी प्रावधान सर्वेसर्वा होइन लैङ्गिक हिंसा र विभेद अन्त्य गर्न त परिवार, समुदाय तथा सामाजिक सांस्कृतिक पक्षमा रहेका धारणाहरू परिवर्तन गर्नु आवश्यक छ भन्ने सार प्रस्तुत गरिएको छ ।

दक्षिण एसियामा दाइजो सम्बन्धी हिंसा, बलात्कार, बाल विवाह, टर्चर, ह्यारेस्मेन्ट, धार्मिक सांस्कृतिक अन्धविश्वास जस्तो, देउकी प्रथा, बोक्सी आरोप, सामाजिक बाध्यता जस्तो : वादी महिलाको यौन व्यवसाय, युवती बेचबिखन, वेश्यागमन, हाडनाता यौन दुर्व्यवहार र करणी, घरेलु हिंसा आदि पक्षहरूमा तथ्यगत विश्लेषण गरिएको छ ।

पत्नी कुट्ने, नाक (शरीरका अङ्ग) काटिदिने, एसिड खन्याउने, मट्टितेल खन्याएर आगो लगाउने, अनिच्छित यौन कार्य गर्ने, अप्राकृतिक यौन कार्यमा महिलालाई बाध्य पार्ने, बन्दी गृहमा यातना (यौन) दिने, यौन शोषण गर्ने, जवरजस्ती विवाह गरिदिने, बहुपत्नी बनाउने आदि कार्यहरू लैङ्गिक हिंसाजन्य कार्यहरू भएको उल्लेख गरिएको छ । नेपाली उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्था तथा लैङ्गिक चेतनाको विश्लेषणका लागि यस ग्रन्थको सहयोग लिइएको छ ।

पिल्चर एन्ड ह्वेलहेन (सन् २००४) को *फिफ्टी की कन्सेप्टस् इन जेन्डर स्टडिज* कृति लैङ्गिक अध्ययनका पचास ओटा आधारहरूको सङ्क्षिप्त वर्णनमा केन्द्रित छ । लैङ्गिक अध्ययनलाई सामाजिक तथा साहित्यिक अध्ययन विश्लेषणमा अन्तरवैषयिक बनाउने मूल

ध्येयका साथ पचास ओटा मान्यताहरू प्रस्तुत गरिएको छ । उक्त कृतिमा लैङ्गिक अध्ययनको प्रारम्भ कहिलेबाट भएको थियो ? भन्ने बारेमा परिचयात्मक टिप्पणी गरिएको छ :

> लैङ्गिकताको प्राज्ञिक अध्ययनको इतिहास तुलनात्मक हिसाबले छोटो छ । सन् १९६० को दशकबाट खास गरी दोस्रो नारीवादी धार सँगै विकसित भएको हो । नारी वादी दोस्रो धारले लैङ्गिक असमानता, सामाजिक अवस्थित र व्यक्तिगत सम्बन्ध (खास गरी आर्थिक र राजनीतिक) लाई प्राज्ञिक ढङ्गले महिलाका ज्ञान, अनुभव, रूचि तथा परिचयलाई विधागत स्थान दिनुपर्ने विषय प्राथमिकताका साथ उठान गऱ्यो । सन् १९७० अघि सामाजिक विज्ञान र समाजशास्त्रीय पक्षले लैङ्गिकतालाई पूर्ण रूपमा उपेक्षा गरेको थियो । पुरुषकेन्द्री शीर्षकमा मात्र समाजशास्त्रीय अध्ययन हुने गर्थ्यो । पुरुषलाई महत्त्व र इज्जत थियो तर महिलाहरू र उनीहरूका पक्ष अदृश्य रहेका थिए । अझ भनौँ लैङ्गिकता पूर्ण अन्धो थियो । महिलाहरू पत्नी र आमाका रूपमा मात्र परम्परागत पारिवारिक भूमिकामा थिए । महिलाका परिचय र पहिचानहरू असमान ढङ्गका थिए, जहाँ सामाजिक रूपमा उनीहरूका समस्या तथा उनीहरूको उपस्थितिलाई सरोकार गरिदैनथ्यो । दोस्रो नारीवादी धारले समाजशास्त्र, कला, मानवशास्त्रजस्ता विधामा लैङ्गिक जागरुकता निर्माण गऱ्यो, महिला समाजशास्त्रीहरूले अध्ययन प्रविधिमा पुरुष पक्षीय 'भिन्नताका सोचाइ' लाई हटाउने प्रयत्न प्रारम्भ गरे । अध्ययन अनुभवहरू लैङ्गिक संवेदनामा केन्द्रित हुँदै गए । महिला महत्त्व, पारिश्रमिक सहितका कार्य, गृहकार्य, मातृत्व तथा पुरुषद्वारा महिलामाथि हुने हिंसा आदि सवालमा क्रमशः जागरण प्रारम्भ भयो (पृ. ix, x) ।

उक्त कृतिमा सन् १९६० बाट अमेरिका तथा सन् १९७० बाट बेलायतमा लैङ्गिकता सम्बन्धी चेतना र कार्यहरू उठान गरिएको जनाइएको छ । सन् १९७१ मा केट मिलेटद्वारा *सेक्सुअल पोलिटिक्स* ग्रन्थ सार्वजनिक भएपछि लैङ्गिकतासम्बन्धी अध्ययन विश्लेषण साहित्यमा साहित्यिक समालोचनात्मक पाटोबाट सुरुआत भएको जनाइएको छ । परम्परागत ढाँचामा शैक्षिक कार्यका लागि तयार गरिएका पाठ्यक्रमहरू पूर्णतः पुरुषकेन्द्री अवधारणाबाट अनुप्राणित रहेको कुरा उल्लेख गरिएको छ । प्रस्तुत ग्रन्थमा लैङ्गिक अध्ययन विश्लेषणसम्बन्धी महत्त्वपूर्ण पचास ओटा आधारहरूलाई २ देखि ५ पेजसम्मको वर्णनात्मक प्रस्तुतिका साथमा व्याख्या गरिएको छ । एन्ड्रोसेन्ट्रिज्म, ब्याकलास, बोडी, सिटिजन्सिप, क्लास, कन्सियसनेस रेइजिङ, साइबर्ग, डिचोटोमी, डिफरेन्स, डोमोस्टिक डिभिजन अफ लेबर, डबल स्ट्यान्डर्ड, इक्वालिटी, इसेन्सियलिज्म, द फेमिली, फेमिनिज्म, फस्ट वेभ फेमिनिज्म, जेन्डर, जेन्डरेड, जेन्डर अर्डर,

जेन्डर सेग्रिगेसन, हेटेरोसेक्सिज्म, आइडेन्टिटी पोलिटिक्स, आइडिओलोजी, लेज्बियन कन्टिनम, मास्कुलिनिटी, मेन्स स्टडिज, द अदर, प्याट्रिआर्की, पोर्नोग्राफी, पोस्टक्लोनियल थ्योरी, पोस्ट फेमिनिज्म, पोस्ट मोडनिज्म, पोस्ट स्टक्चरालिज्म, पावर साइको एनालाइटिकल फेमिनिज्म, पब्लिक/प्राइभेट, क्विअर थ्योरी, रेस/इथ्निसिटी, रिप्रिजेन्टेसन, रिप्रोडक्टिभ टेक्नोलजिज, सेकेन्ड वेभ फेमिनिज्म, सेप्रेटिज्म, सेक्सुअल कन्ट्रयाक्ट, सेक्सुआलिटी, सोसियलाइजेसन, स्टान्डप्वाइन्ट, स्टेरोटाइप, थर्ड वेभ फेमिनिज्म, भ्वाइलेन्स, उमन्स स्टडिज गरी जम्मा पचास शीर्षकमा सङ्क्षिप्त र सूत्रात्मक व्याख्या गरिएको छ । उपन्यास विश्लेषणका सैद्धान्तिक आधार तथा प्रतिमान निर्धारण गर्न यस ग्रन्थबाट महत्त्वपूर्ण सहयोग लिइएको छ ।

बट्लर (सन् २००४) को *प्रिकारियस लाइफ* जम्मा पाँच ओटा निबन्ध समावेश गरी तयार पारिएको प्रस्तुत कृति पराधीन जीवन सम्बन्धी विषयवस्तुमा केन्द्रित छ । समकालीन विश्वमा विकसित भइरहेको विश्व ध्रुवीकरण अर्थात् पहिलो विश्व (विकसित वा समृद्ध मुलुक) अनि तेस्रो विश्व (अविकसित मुलुक) मा स्थापित भइरहेका मान्यताहरू प्रस्तुत कृतिमा प्रस्तुत गरिएको छ । व्यापारिक विश्वव्यापीकरणको चपेटामा तेस्रो विश्वका महिलाहरू परेको तर्क प्रस्तुत गर्दै हिंसा राजनीतिकरणबाट बढी प्रभावित भइरहेको जनाइएको छ । पुँजीवादको साङ्लोभित्र महिलाहरू फस्दै गएको तथा लैङ्गिक हिंसाको प्रकृति फरक बन्दै गए पनि महिलाहरू यो वा त्यो रूपमा प्रताडित बनेको तथ्य प्रस्तुत गरिएको छ । प्रथम विश्वका महिलाद्वारा आफूलाई 'यहाँ' तथा तेस्रो विश्वका महिलालाई 'त्यहाँ' को रूपमा अर्थ्याएर लैङ्गिक सन्दर्भलाई वर्गीकृत गरिएको चित्र प्रस्तुत छ । विश्व राजनीतिकरणबाट नै लैङ्गिक वर्गीकरण बढी प्रभावित भएको तर्कसहित बट्लरले लैङ्गिकतालाई शक्ति वा पुँजीसँग पनि सम्बन्धित गरेकी छन् ।

सरकारी प्रशासन, कानुन तथा सेवा, सुविधा वितरणमा लैङ्गिक वर्ग सिर्जना गरिएका असीमित नियन्त्रणमा लैङ्गिक सन्दर्भ परिरहेको उल्लेख गरिएको छ । यस कृतिलाई लैङ्गिक अध्ययनका सन्दर्भमा लैङ्गिक अवस्था, भिन्नता तथा सचेतनाको व्याख्या गर्दा विश्वव्यापीकरण, शक्ति, राजनीति तथा पुँजीवादी पक्षहरूले कसरी लैङ्गिकतामा प्रभाव पारेका छन् ? भन्ने विश्लेषणमा सहयोग लिन उपयोग गरिएको छ ।

मिड एन्ड ह्याङ्क्स् (सन् २००४) द्वारा सम्पादित *अ कम्पानिअन टु जेन्डर हिस्ट्री* लैङ्गिक अध्ययनको ऐतिहासिक सन्दर्भलाई तथ्यपरक रूपमा प्रस्तुत गरिएको महत्त्वपूर्ण ग्रन्थ हो । विश्वका अधिकांश मुलुकमा सुरुआत भएको लैङ्गिकताको सवाल तथा त्यसको

विकासक्रममा आधारित रहेर तयार पारिएका वस्तुपरक लेखहरूको सङ्ग्रह हो । ह्याङ्क्स र मिडद्वारा सम्पादन गरिएको प्रस्तुत ग्रन्थ दुई खण्डमा विभाजित छ ।

पहिलो खण्ड प्रारम्भ हुनुअगावै ग्रन्थ तयार पार्न योगदान पुऱ्याउने व्यक्तिहरूको परिचयात्मक टिपोट सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । सम्पादकद्वयले विषय प्रवेशभन्दा अगाडि ग्रन्थको परिचय प्रस्तुत गरेका छन् :

> यस सङ्ग्रहका निबन्धले महिलाको इतिहास प्रस्तुतिमा योगदान दिन्छन् । लैङ्गिकताको विश्वमा महिला र पुरुषको अन्तरक्रियाको अध्ययनमा सघाउँछन् । हजारौँ वर्षदेखिको लैङ्गिक भूमिकाको स्थान दर्साउँछन् त्यस्तै यी निबन्धले अन्य ऐतिहासिक सन्दर्भको विश्लेषण र मूल्याङ्कन गर्न समेत नयाँ दृष्टिकोण प्रदान गर्दछन् (पृ. २) ।

यसरी विश्वका अधिकांश मुलुकको जेन्डर हिस्ट्री तथा क्रमबद्ध विकास र परिवर्तनका पक्षहरू समावेश गरी अध्येताहरूलाई लैङ्गिकताको ऐतिहासिक पृष्ठभूमि दिँदै नयाँ दृष्टिकोण निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा गरी यो ग्रन्थ सम्पादन गरेको कुरा प्रस्ट्याएका छन् ।

पहिलो 'थेम्याटिक एस्सेज अन जेन्डर इस्युज इन वर्ल्ड हिस्ट्री'अन्तर्गत दस जना लेखकका दस ओटा निबन्धात्मक लेखहरू प्रस्तुत गरिएको छ । दोस्रो खण्डमा 'क्रोनोलोजिकल एन्ड जिओग्राफिकल एस्सेज' अन्तर्गत प्रिहिस्ट्री शीर्षकमा एउटा निबन्ध, क्लासिकल एन्ड पोस्ट क्लासिकल सोसाइटिज उपखण्डभित्र पाँच ओटा निबन्ध, जेन्डर एन्ड द डिभलपमेन्ट अफ मोडर्न सोसाइटी उपखण्डभित्र चार ओटा निबन्ध, जेन्डर एन्ड मोडर्न वर्ल्ड उपखण्ड भित्र सात ओटा निबन्ध र जेन्डर इन द कन्टेम्पोररी वर्ल्ड उपखण्डअर्न्तगत पाँच ओटा निबन्ध समावेश गरिएको छ । यसरी खण्ड एकमा दस ओटा तथा खण्ड दुईमा विभिन्न उपखण्ड निर्माण गरी बाइस ओटा निबन्धसहित जम्मा जम्मी बत्तिस ओटा निबन्ध र एउटा सम्पादकीय परिचयात्मक टिप्पणीका साथमा यो सङ्ग्रह तयार गरिएको छ ।

'सेस्सुआलिटी' शीर्षकको लेख यौनिकताका विश्वव्यापी ऐतिहासिक सन्दर्भमा केन्द्रित छ । यौनिकताको परम्परा पुरानो भए पनि समाजशास्त्रीय मान्यतामा लैङ्गिकता र यौनिकताको आधुनिक व्यवस्थित अध्ययन सन् १९७० बाट सुरु भएको बताइएको छ । यौनिक विषयका ऐतिहासिक उठानमा मानवशास्त्रीय जागरण मुख्य बनेको थियो । चिकित्सकीय सूचनाका आधारमा सन् १८८० मै मानव यौनिकता व्यक्त गर्ने सुरुआती क्रम भएको मानिन्छ । लैङ्गिक व्यवस्थालाई समाजमा कसरी मूल्य प्रदान गर्ने भन्ने यौन परिचयको क्षेत्र, यौन व्यवहार तथा

पुरुष महिलाका द्विलिङ्गी पक्षमा पुरुष नियन्त्रित पद्धति विकसित भएको जनाइएको छ । यौनिक विचार, यौनिक अभ्यास र अभिव्यक्तिकरण जस्ता कुराहरू राजनीति, संस्कृति र आर्थिक जीवनद्वारा निर्मित लैङ्गिक मानाङ्कका आधारमा प्रभावित हुने गरेको बताइएको छ ।

सीमान्तीय यौनिक समूह जस्तो : गे तथा लेज्बियन आदिको स्वतन्त्र पहिचान सन् १९६९ मा न्यूयोर्क सहरमा सार्वजनिक भयो । त्यसपछि यौनिक व्यवहारमा परम्परागत सामाजिक सांस्कृतिक नियन्त्रण भन्दा वैयक्तिकता हावी भएर विश्वभर विस्तारित भयो । यौनिक धारणा र अभ्यासले लैङ्गिक पद्धति चिनाउन सहयोग गर्दछ । सांस्कृतिक, सामाजिक तथा नीतिगत दायरामा सीमित रहेको ऐतिहासिक लैङ्गिकता, अनुक्रम, कार्य तथा लैङ्गिक सन्दर्भहरूमा तीव्र परिवर्तन आएको जनाइएको छ ।

लैङ्गिक सन्दर्भ र विकास प्रक्रियाका ऐतिहासिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, यौनिक तथा आर्थिक पक्षसँग केन्द्रित रहेर तथ्यपरक रूपमा तयार पारिएका महत्त्वपूर्ण लेखहरू समावेश गरी निर्माण भएको प्रस्तुत ग्रन्थको 'जेन्डर रुल्स. ल एन्ड पोलिटिक्स' शीर्षकमा विश्व मानव सभ्यताको प्रारम्भबाट विकसित हुँदै अहिलेको स्थितिसम्म आइपुग्दा थोरै प्राकृतिक र अधिक सामाजिक मान्यताबाट लैङ्गिक भूमिका, नियम र राजनीतिक पक्षहरू निर्धारण भएको उल्लेख गरिएको छ । पारिवारिक, लैङ्गिक तथा यौनिक आचरण व्यवस्थापनमा राजनीतिक, सामाजिक, अर्थशास्त्रीय र सांस्कृतिक पक्षको महत्त्वपूर्ण भूमिका रहेको जनाइएको छ । विश्वको मानव सभ्यता विकास हुँदै गर्दा इ.पू. ३००० वर्ष अघि घरको नियन्त्रण महिलासँग रहेको अवस्था थियो । छोरीहरूले विवाह गरेर जाँदा पैतृक सम्पत्ति सँगै लैजाने गर्दथे । कालान्तरमा पुरुषहरू आर्थिक हिसाबले दयनीय बन्दै गएबाट छोरीहरूलाई सम्पत्तिमाथिको अधिकारबाट बञ्चित गरियो । इ.पू. ५०० वर्षतिर आइपुग्दा त महिलाहरूलाई नागरिकताको अधिकारबाट समेत बञ्चित गरियो । ग्रिक, रोम हुँदै अन्धकारको युग, पुनर्जागरणको युग तथा आधुनिक युगसम्म विश्व विकास भइरहँदा परिवार, समाज, संस्कृति, राजनीति तथा सम्पूर्ण विश्व नै पुरुष प्रधान बनेर विकसित भएको कुरा जनाइएको छ । मानव सभ्यताको प्रारम्भदेखि क्रमबद्ध रूपमा लैङ्गिक विकास तथा अवस्था के कसरी विकसित हुँदै आयो ? अत्याधुनिक युगमा अमेरिका, एसिया, युरोप, अफ्रिका आदि सम्पूर्ण क्षेत्रमा के कस्ता लैङ्गिक भूमिका विकसित हुँदै आए भन्ने कुरा प्रस्तुत ग्रन्थमा तथ्यपरक ढाँचामा प्रस्तुत गरिएकाले नेपाली उपन्यासमा लैङ्गिक चेतनाको विश्लेषण गर्ने क्रममा लैङ्गिकताको ऐतिहासिक विश्लेषण गर्नका लागि यो ग्रन्थ उपयोग भएको छ ।

क्रोलोके एन्ड सोरेन्सन (सन् २००६) को *जेन्डर कम्युनिकेसन थ्योरिज एन्ड अनलाइसिस्* ग्रन्थ लैङ्गिक अध्ययन विश्लेषणसम्बन्धी सैद्धान्तिक मान्यता र ती मान्यताका आधारमा गरिएका विश्लेषणमा केन्द्रित छ । जम्मा छओटा खण्ड सैद्धान्तिक र प्रयोगात्मक विश्लेषणमा आधारित छन् भने एउटा खण्ड निष्कर्षमा केन्द्रित छ । जम्मा सात ओटा खण्ड रहेको यस कृतिको पहिलो खण्डमा नारीवाद तीन ओटै धारको विशद व्याख्या गरिएको छ । नारीवादका विविध उद्धरणलाई समावेश गरी चर्चा गरिएको छ ।

संरचनावादी रूपमा विश्लेषण गर्दा कार्लमार्क्सको राजनैतिक अर्थशास्त्रले उत्पादनका सवालमा चर्चा गरे पनि स्त्री र बालबालिकाको नायकको रूपमा पुरुषको व्याख्या गरेको उल्लेख छ । नारीवादीहरूले घरेलु कार्यलाई उच्च उत्पादन ठान्नु पर्ने, प्रतिफल (आर्थिक) नदेखिने तमाम कार्यलाई छलफलको विषय बनाउनु पर्ने विचार व्यक्त गरेको जनाइएको छ । उनीहरूका अनुसार पुँजीवादी र समाजवादी सिद्धान्त तथा व्यवहारहरू पितृसत्तामुखी संरचना र विचारहरू रहेको कुरा उल्लेख छ । उत्तरसंरचनावादी र नारीवादी साञ्चारिक सिद्धान्तहरू परम्परागत विचार र व्यवहारको विरुद्धमा स्थापित मान्यताहरू भएको जनाइएको छ । समकालीन घटनाको सञ्चारमा स्त्री पत्रकार र पुरुष पत्रकारले देखाउने व्यवहारलाई यसरी देखाइएको छ :

पुरुष : थोरै सहभागी लिन चाहने, धेरै हिंसाजन्य क्रिया प्रयोग गर्ने, अशिष्टता प्रकट गर्ने, यौनिक सन्दर्भमा जोड दिने, मूल्याङ्कन र निर्णय पेस गर्ने, अव्यावहारिक र क्षुद्रता प्रकट गर्ने ।

स्त्री : बढी सहभागी लिन चाहने धेरै प्राकृतिक र स्नेही क्रिया प्रयोग गर्ने, हार्दिकता तथा खुसी प्रकट गर्ने, आफ्नो र अरुको मान्यता राख्ने, प्रशंसा तथा सघाउ पुऱ्याउने (पृ. ८०) ।

यसरी भाषिक र सामाजिक व्यवहारमा स्त्री र पुरुषका स्वभाव तथा प्रवृत्ति औंल्याइएको छ । यस कृतिलाई अध्येताले उपन्यासको लैङ्गिक अवस्था, चेतना र भाषाको अध्ययन विश्लेषणमा उपयोग गरिएको छ ।

बुभिनिक एन्ड अदर्स (सन् २००८) बाट सम्पादित *इक्वालिटी फर उमन*लाई गरिबी घटाउन र दिगो विकास गर्न आवश्यक ठहर्ने लैङ्गिक समानताका महत्त्वहरूको प्रामाणिक समुच्चयको रूपमा तयार गरिएको छ । सहस्राब्दी विकास लक्ष्यका लागि लैङ्गिक समानता र महिला सशक्तीकरण सर्वाङ्गीण आवश्यकता मानिन्छ । महिलाको आर्थिक सशक्तीकरणको

अवस्थाबाट मात्र लैङ्गिक समानताको मुख्य सङ्केत प्राप्त गर्न सकिने कुरा उल्लेख गरिएको छ । शैक्षिक दक्षतामा आउन सक्ने लैङ्गिक समानता अर्को परिचायक मानिएको छ । जीवन निर्वाहसँग जोडिएका आर्थिक चाहना र अवसरहरूले लैङ्गिक समानतालाई निर्धारण गर्ने कुरा उल्लेख गरिएको छ ।

विश्वका विकासोन्मुख र अल्प विकसित देशहरूमा लैङ्गिक समानता र दक्षता अभिवृद्धि गर्न विश्व वैङ्कले गरिरहेको आर्थिक लगानी तथा त्यसबाट प्राप्त उपलब्धि र त्यसका प्रभावहरूको बारेमा गरिएका अनुसन्धान प्रतिवेदनहरूको सङ्गृहित ग्रन्थ भए पनि यसलाई नेपाली उपन्यासको लैङ्गिक चेतनाको विश्लेषणमा उपयोग गरिएको छ ।

लुइटेल (सन् २००८) को *जेन्डर स्टडिज* समाज र समाज निर्मित लिङ्ग (लैङ्गिकता), लैङ्गिकता र धर्म, नारीवादी सिद्धान्त, लैङ्गिकता र विकासको धारणा, नारीवादी अध्ययन विधि वा अध्ययन क्षेत्र गरी पाँच ओटा मूल अध्यायहरूको समुच्च हो । लिङ्ग (सेक्स) र लैङ्गिकता (जेन्डर) का बारेमा पर्याप्त उदाहरणसहित भिन्नता यसरी देखाइएको छ :

सेक्स	जेन्डर
जैवीय शब्द	मनोवैज्ञानिक/सामाजिक शब्द
विश्वव्यापी	समाज निर्मित
जीवशास्त्रीय निर्धारण	संस्कृतिबाट निर्धारित
जन्मसिद्ध	वातावरण, परिवेश र समाज प्रदत्त
स्थिर	गतिशील
मेल/फिमेल	मेन/उमन, मास्कुलिन/फेमिनिन

(पृ. ५)

उक्त ग्रन्थमा जीवनको प्रारम्भबाट नै समाजले लैङ्गिकता निर्माणमा मुख्य भूमिका खेल्ने कुरा जनाइएको छ । विविध खाले हाउभाउ, व्यवहार तथा सङ्केतबाट नवजात शिशुमा समेत लैङ्गिकता निर्मित हुन्छ । भर्खर जन्मिएको शिशु र त्यसका आमाबाबुलाई बधाई ज्ञापन गर्दा भनिने केही उदाहरण यसरी देखाइएको छ :

तेज केटा (i) राम्री केटी (ii)
तपाईंलाई छोरो भएकोमा बधाई छ (iii)
दुःखी छु, छोरी भएकोमा चिन्ता नगर्नुस् किनकि ऊ राम्री छे (iv)
(पृ. ६)

शिशुसँग आमाले गर्ने व्यवहार पनि फरक हुने जनाइएको छ । केटासँग भन्दा केटीसँग आमाहरू बढी झोक्किने र कराउने गरेको तथ्य पनि प्रस्तुत गरिएको छ । केटीलाई नारीत्व (फेमिनिन) व्यवहारमा बढी केन्द्रित गरी प्रशंसा गर्ने गरेको जस्तै : सिँगारिनु आदि । त्यस्तै घर भित्रको काममा केटाहरू सक्रिय हुन खोजे भने त्यसलाई रोक्ने तर केटीलाई घरभित्रको काममा स्वीकार गर्ने आमाबाबुको व्यवहारले नारीत्व र पुरुषत्व व्यवहारको शृङ्खला सुरु हुने कुरा व्यक्त गरिएको छ ।

लैङ्गिकतालाई धर्मसँग जोडेर व्यख्या गर्ने सन्दर्भमा क्रिस्चियन धर्ममा स्त्री देव (देवी) को परिकल्पना नगरिएको, स्त्रीहरू उच्च ओहोदाको पुजारी वा पादरी बन्ने व्यवस्था नभएको चर्चा गरिएको छ । उक्त कृतिमा लैङ्गिक असमानता वा विभेदहरू कुन कुन क्षेत्रमा के कसरी रहेका छन् ? तिनीहरूको न्युनीकरण कसरी गर्न सकिन्छ ? भन्ने बारेमा पर्याप्त छलफल गरिएको छ । लैङ्गिक समानता कायम गर्न केही सुझावहरू यसरी प्रस्तुत गरिएको छ :

- बालिकामाथि हुने विभेदका हरेक रूप हटाउने,
- लैङ्गिक समानता र समान अधिकार कायम गर्ने स्पष्ट नीति, नियम र ऐन बनाई त्यसको पूर्ण कार्यान्वयन गर्नु पर्ने,
- नकारात्मक सांस्कृतिक मनोवृत्ति र अभ्यासहरू हटाउने,
- शिक्षा, सिपमूलक विकास तथा तालिमहरूमा लैङ्गिक विभेद हटाउने,
- स्वास्थ्य र सन्तुलित आहारमा लैङ्गिक विभेद हटाउने,
- बालश्रमको अन्त्य गर्नुपर्ने र किशोरी तथा युवतीको काम गर्ने स्थानमा संरक्षण हुनुपर्ने,
- केटीको स्तर सुधार्न परिवारबाट नै महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने ।

(पृ. २२९)

यस कृतिलाई नेपाली उपन्यासमा लैङ्गिक चेतनाको अध्ययनका सन्दर्भमा विश्लेषणका प्रतिमान निर्धारण गर्न र लैङ्गिक चेतना पहिल्याउन उपयोगमा ल्याइएको छ ।

चटर्जी एन्ड जगन्नाथन् (सन् २००९) द्वारा सम्पादित *कम्युनिटी, जेन्डर एन्ड भ्वाइलेन्स सबाल्टन स्टडिज* XI. मा सबाल्टन स्टडिजले भारतीय निम्छरो पक्ष जस्तो कि : लैङ्गिकता, भाषा, धर्म, समुदाय, राजनीति, वर्गलाई अध्ययनको विषय बनाइएको छ । प्रस्तुत 'कम्युनिटी, जेन्डर एन्ड भ्वाइलेन्स' कृति पनि भारतीय महिला तथा ती पक्षसँग जोडिएका राजनीति, अर्थ, यौन, संस्कृति, धर्म आदि सन्दर्भहरूको ऐतिहासिक, पौराणिक तथा धार्मिक पृष्ठभूमिमा विचरण गरी समकालीन जीवनको व्याख्या गरिएका तथ्यपरक निबन्धहरूको सङ्ग्रह हो । जम्मा नौ ओटा लेखहरू समावेश गरिएको उक्त ग्रन्थमा पौराणिक सन्दर्भसँगै वंश, लैङ्गिकता र सीमान्तकृत समुदायको व्याख्या गरिएको छ । हिंसाको अवस्था मानवशास्त्रीय, राजनैतिक तथा पुरुषत्वको अभ्यासका आधारमा व्याख्या गरिएको छ । नारीवाद, यौनिक हिंसा र कानुनका सन्दर्भमा व्यक्तित्व निर्माणका पक्ष पेस गरिएको छ । लैङ्गिक हिंसाका सवालमा 'बलात्कार' मानिने ६ ओटा यौन सम्बन्धका अवस्थालाई यसरी देखाइएको छ :

- इच्छा विपरितको सम्पर्क,
- स्वीकृति विनाको सम्पर्क,
- मृत्यु वा विछोडको डरका कारणबाट गरेको स्वीकृतिमा गरिएको सम्पर्क,
- विधिवत रूपमा विवाह गरेको लोग्ने हो भन्ने विश्वास गरी स्वीकृति जनाएर गरिएको सम्पर्क,
- मानिसक रूपमा अस्वस्थ महिलाले स्वीकृति जनाई गरिने सम्पर्क,
- स्वीकृतिरहित वा स्वीकृतिसहित तर सोर वर्षभन्दा कम उमेरकी केटीसँगको सम्पर्क । (पृ. ६९)

उक्त ग्रन्थमा हिन्दू धर्मसँग सम्बन्धित वैवाहिक मानदण्ड, राज्यको कानुनी प्रावधान, नारीवादी विचार र व्याख्या आदिको सविस्तार चर्चा गरिएको छ । नेपाली उपन्यासको विश्लेषण गर्न यस ग्रन्थको उपयोग भएको छ ।

फोल्ब्रे (सन् २००९) को *ग्रीड, लस्ट एन्ड जेन्डर* लैङ्गिकतासँग जोडिएर विकसित भएको आर्थिक पक्षको विश्लेषणमा केन्द्रित छ । लोभ, वासना र लिङ्ग शीर्षकमा आर्थिक परिवर्तनको ऐतिहासिक सर्वेक्षण गरी विशद् व्याख्या गरिएको छ । लेखकले प्रारम्भिक परिचयमै लिङ्ग, व्यभिचार र सदाचारका विषयमा छलफल गरेका छन् । नारीवादी सिद्धान्तले आर्थिक पक्ष तथा यौन पक्षमा स्व-रुचिलाई महत्त्व दिने कुरा औंल्याएका छन् । लैङ्गिक समानता तथा उत्पादनका पक्ष बढी सरोकारका विषय मानेका छन् । लैङ्गिक पक्ष मूलतः आर्थिक, राजनीतिक तथा सामाजिक परिवर्तनसँग आधारित भएको कुरा उल्लेख गरेका छन् । उक्त कृतिका मुख्य

विषयवस्तुलाई बीस ओटा शीर्षकमा चर्चा गरिएको छ । स्वतन्त्रता, यातना, पितृसत्ता, बजार वृद्धि, सामन्ती विचार, बजार तथा मानसिकता, नियमितता, चाहना, सदाचार आदि विषयको गहन विश्लेषण गरिएको छ । 'सदाचारको व्याख्या' मूल शीर्षक अन्तर्गत रहेर एज एन्ड जेन्डर, लभ एन्ड सेक्स उपशीर्षकमा भनिएको छ :

> कतिपय अस्पष्ट वर्गका व्यक्तिले उमेर र लैङ्गिकतालाई प्रभावित पार्दछन् । फ्रेन्च बाबुहरूले जीवन र मृत्युको सही आनन्द लिनबाट रोक्छन् छोरालाई ३० वर्ष र छोरीलाई २५ वर्षपछि मात्र विवाह गर्न स्वीकृति दिन्छन् । विवाह अघि छोरीहरू पिताको शासनमा रहन्छन् जब पिताले स्वतन्त्रता दिन्छन् तब उनीहरू पतिको नियन्त्रणमा पुगिसकेका हुन्छन् (पृ. ३८) ।

मिलको सन्दर्भ दिँदै महिलाहरू इतिहासदेखि नै समानता बहन गर्न नसक्ने भएकाले लैङ्गिक समानता कायम गर्न मुस्किल पर्ने जनाउँदै भनिएको छ : 'सबै नैतिकता' मा उनले लेखेका छन् : "तिनलाई भन कि महिलाको ड्युटी त्यही हो जहाँ संवेदनशीलताको प्रकृति छ, उनीहरू अरूकै निम्ति बाँच्नु पर्छ, तिनको आफ्नो जीवन छैन तर तिनीहरूसँग माया र स्नेह छ (पृ. १९६) ।" 'स्वनिर्भरताको घोषणा' मूल शीर्षकमा लेखकले लैङ्गिक असमानता र पारिवारिक कानुनका सवालमा चर्चा गरेका छन् । विशेषतः तिनओटा आर्थिक मुद्दामा नारीवादीहरूले बौद्धिक छलफल गरेको जनाएका छन् : लैङ्गिकतामा आधारित सामूहिक रूचि, घरायसी कार्यको आर्थिक महत्त्व र पारिवारिक कानुन र सन्तान उत्पादनको अधिकार (पृ. २०५) ।

उक्त ग्रन्थ आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक क्षेत्रहरूमा लैङ्गिक सहभागिता र सशक्तीकरण लगायतका विषयवस्तुको गहन विश्लेषणमा केन्द्रित छ । नेपाली उपन्यासको विश्लेषणमा प्रतिमानहरू निर्धारण गर्न यो कृति उपयोगी भएको छ ।

मिल्स एन्ड मुलानी (सन् २०११) ले *ल्याङ्ग्वेज, जेन्डर एन्ड फेमिनिज्म* कृति तयार गरेका छन् । यस कृतिमा भाषा, लैङ्गिकता र नारीवाद, नारीवादको आवश्यकता, लैङ्गिकताको सैद्धान्तीकरण, नारीवादी भाषिक उपागमहरू, अध्ययन विधिका उपागम, यौनिकता, यौन तथा भावी दृष्टिकोणजस्ता विषय उठान गरिएको छ । नारीवादी दृष्टिकोण र यसका विभिन्न धारहरूको सविस्तार चर्चा गरिएको प्रस्तुत कृति अनुसन्धात्मक कृति भएकाले यसबाट प्राप्त सूचना एवम् दृष्टिकोणहरू विश्वसनीय छन् । समलिङ्गी यौनिकता र त्यससँग सम्बन्धित भाषिक व्यवहारहरूको विशिष्ट विश्लेषण गरिएकोले यस पुस्तकमा यौनिकताक विविध स्वरूपहरूको सविस्तार विश्लेषण गरिएको छ । विगतमा भएका अनुसन्धात्मक कार्यहरूका निष्कर्षलाई मूल

सन्दर्भ बनाएर लैङ्गिकता, यौनिकता तथा नारीवाद सम्बन्धी भाषिक पक्षलाई विशिष्ट व्याख्या गरिएको छ ।

भाषा र यौनिकताको सम्बन्धलाई यौनिक पहिचानका रूपमा स्थापित गरिएको यस कृतिमा तेस्रो लिङ्गीका छुट्टै भाषिक व्यवहार हुने भए पनि पुरुषत्वकेन्द्री भाषिक व्यवस्थाले समलिङ्गी वा तेस्रो लिङ्गीका विशिष्ट भाषिक सम्बन्धहरूलाई उपेक्षा गर्ने गरेको जनाइएको छ । यस कृतिलाई प्रस्तुत शोधका क्रममा लैङ्गिकता र यौनिकताको सैद्धान्तिक आधार तय गर्न र उपन्यास विश्लेषणका प्रतिमान निर्माण गर्न तथा विश्लेषण गर्नसमेत उपयोग गरिएको छ ।

२.३ लैङ्गिक अध्ययनसम्बन्धी नेपाली भाषामा भएका पूर्वाध्ययनको पुनरावलोकन

नेपाली उपन्यासमा लैङ्गिक चेतना र प्रयोग सम्बन्धमा विधागत समालोचना भएको देखिँदैन । लैङ्गिकताको अध्ययनसँग सरोकार राख्ने नारीवादी अध्ययनसम्बन्धी समालोचना, बहुसांस्कृतिक अध्ययन, लिङ्ग विधान, उत्तर आधुनिक समीक्षाजस्ता शीर्षकहरू केही समालोचनात्मक ग्रन्थ तथा पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूको माध्यमबाट प्रकाशित गरिएको छ । लैङ्गिक समालोचनाको विधागत पहिचान र विश्लेषण गरिएका सैद्धान्तिक पूर्वकार्यहरू नेपालीमा भएको पाइँदैन । लैङ्गिकतासँग निकट र सम्बन्धित रहेको नारीपरक विश्लेषण र अध्ययनका केही कार्यहरूलाई सङ्क्षिप्त रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

प्रधान (२०३७) को *नेपाली उपन्यास र उपन्यासकार* शीर्षकको समालोचना ग्रन्थमा यौन मनोविश्लेषण र अस्तित्वको खोजी गर्न केन्द्रित उपन्यासमा समीक्षा गरिएको छ । लैङ्गिक रूपमा आवाज उठाइएको पाइँदैन तर नारीमा रहेको यौन चाहना र स्वतन्त्र अस्तित्वको खोजी देखाइएको छ । विश्वेश्वरप्रसाद कोइरालाको *तीन घुस्ती*, पारिजातको *शिरीषको फूल* आदि उपन्यासमा रहेको स्वतन्त्र जीवनको खोजीलाई उठान गरिएको छ ।

गौतम (२०५०) द्वारा *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* नामक समालोचना ग्रन्थको माध्यमबाट बालकृष्ण समको *प्रल्हाद* नाटकको स्त्रीवादी पठन र बहुसंस्कृतिवादी पठन शीर्षकमा स्त्रीवाद र बहुसंस्कृतिवादका सैद्धान्तिक अवधारणा र *प्रल्हाद* नाटकमा रहेको नारीपरक सौन्दर्य शास्त्रीय चेतना व्याख्या गरिएको छ । समाजशास्त्रीय तथा सैद्धान्तिक, भाषावैज्ञानिक तथा संरचनावादी, स्त्री समलैङ्गिक आदि पक्ष उठान गरी नरको अधीनमा नारी, पौरष कठोरता, नारी दोस्रो दर्जा, स्त्रीलेखन बुभा र मिलेट आदि विविध शीर्षकमा समीक्षा गरेका छन् ।

शर्मा (२०५५) बाट *समकालीन समालोचना सिद्धान्त र प्रयोग* ग्रन्थमा कथा योजना र पात्र बुनोट शीर्षकमा *पाइप* कथाको लैङ्गिक आधारमा पात्र बुनोटको विश्लेषण गरिएको छ । कृतिमा लिङ्ग प्राकृतिक नभई समाज र संस्कृतिबाट पोषित स्वभाव र व्यवहारका रूपमा भेटिन्छ भन्दै पुरुषमा हुनु पर्ने गुण निर्भयता, असङ्कोच तथा दरोपनजस्ता कुरा युवतीमा रहेकाले उसलाई पुलिङ्ग र स्त्रीमा हुनुपर्ने गुण सरलता, अप्रतिरोध तथा सङ्कोच युवकमा रहेकाले स्त्री लिङ्ग बनाएको कुरालाई प्रस्तुत गरिएको छ ।

त्रिपाठी (२०५८) को *दृष्टि चौतारी* समालोचना सङ्ग्रहमा नारी क्षेत्र तथा चरित्रसम्बन्धी नौ ओटा र अन्य सात ओटा गरी सोर ओटा समालोचनात्मक लेखहरू समावेश गरिएका छन् । त्रिपाठीले आदकवि भानुभक्त आचार्यको *बधूशिक्षा*मा स्त्रीहरूलाई दिइएको शिक्षा वर्तमान समयका लागि अनुपयुक्त भएको, आचार्य स्त्रीप्रति पूर्वाग्रही रहेको निष्कर्ष निकालेकी छन् । त्यस्तै अर्को लेखमा भवानी भिक्षुले स्त्रीलाई आफ्ना आख्यानका विषय क्षेत्र बनाए पनि उनीहरूलाई रागात्मक अनुभूति र प्रस्तुतिमा मात्र सीमित गरेको जनाइएको छ । 'नेपाली साहित्याकासमा नारी' शीर्षकमा उनले नेपाली साहित्यका विविध विधा जस्तो : कविता, कथा, उपन्यास, नाटक आदिको रचनामा भूमिका खेल्ने नारी स्रष्टाहरूको सर्वेक्षण गरिएको छ । 'नेपाली साहित्यमा चित्रण भएका नारी चरित्रहरू' शीर्षकमा चर्चा गर्दै नारीहरूको चित्र प्रस्तुत गर्ने क्रममा तिन चरणमा विभाजन गरी व्याख्या गरिएको छ । पुरुष लिखित रचनाहरूमा नारी अस्तित्व तथा अस्मिताको सही पहिचान र प्रस्तुति हुन नसक्ने निष्कर्ष निकाल्दै महिला आफै लेखक (साहित्यकार) बनेर नारीको अस्तित्व स्थापना गर्नु पर्ने आवश्यकता रहेको विचार त्रिपाठीद्वारा प्रकट गरिएको छ ।

सुवेदी (२०५९) *महिला पुरुष समविकासको आधार*मार्फत नारी र पुरुषबिचका भिन्नताहरू किन स्थापित भए ? महिला र पुरुषलाई समान कसरी बनाउन सकिन्छ ? लैङ्गिक सन्तुलन समानता र स्वतन्त्रता कायम गर्न के गर्नु आवश्यक छ ? आदि जिज्ञासामा केन्द्रित रहेर तेरओटा शीर्षकमा समीचीन व्याख्या गर्दै ग्रन्थ तयार पारिएको छ । महिला सशक्तीकरण तथा आर्थिक सम्बन्ध, मानव अधिकार र महिला अधिकार तथा नारीवादी लेखन आदि पक्षमा यथेष्ट छलफल गरिएको छ । महिला विकासका प्रयासहरू तथा विविध गैरसरकारी संस्थाहरूको भूमिकाका बारेमा विमर्श गरिएको छ ।

त्रिपाठी (२०५९) द्वारा *समकालीन साहित्य* पत्रिकामा 'महिला कथालेखनको इतिहास' नामक लेखमा नेपाली कथा साहित्यमा नारी कथालेखन वि.सं. २००० को दशकमा देवकुमारी थापाबाट सुरु भएको औँल्याउँदै विधाकै नेतृत्वमा महिला लाग्नुपर्ने आग्रह राखिएको छ ।

चौलागाई र अन्य (२०६०) द्वारा लेखिएको *लैङ्गिक अध्ययन* ग्रन्थमा लैङ्गिकता र समाज, महिलावादी सिद्धान्तहरू, अनुसन्धान पद्धति, लैङ्गिकता र विकास, नेपाली महिलाको अवस्था तथा नेपालमा लैङ्गिक मुद्दा र बहसजस्ता समाजपरक ढाँचामा समाजशास्त्रीय विश्लेषणका पक्षहरूलाई सैद्धान्तिक र व्यावहारिक ढङ्गले प्रस्तुत गरिएको छ ।

आचार्य (२०६१) बाट *लैङ्गिक अध्ययन* पुस्तकमा लैङ्गिक अध्ययनका अवधारणा, सामाजिक लिङ्ग र समाज, महिलावादी सिद्धान्तहरू, अनुसन्धान पद्धति, सामाजिक लिङ्ग र विकास नेपाली महिलाको अवस्था, नेपालमा लैङ्गिक मुद्दा, संलग्नता र बहसजस्ता शीर्षकमा समाजपरक तरिकाबाट समाजशास्त्रीय मूल्याङ्कन र वास्तविकता उठान गरिएको छ ।

एटम (२०६१) को *समालोचनाको स्वरूप* ग्रन्थमा 'अनुराधा उपन्यासमा नारीवाद' शीर्षकको लेखमा नारीवादको सैद्धान्तिक पृष्ठभूमि, नारी मुक्तिको आन्दोलनका साथै नेपाली सिर्जना एवम् समालोचनाका सन्दर्भमा नारीवादका पक्षहरू, नारीवादी स्रष्टाहरूको भूमिका निरूपण गरिएको छ । उनले पितृसत्तात्मक मानसिकता, नारी मानसिकताको प्रत्यारोपणका पक्षहरू *अनुराधा*मा खोतल्दै उक्त उपन्यास नारीवादी सफलतामा नपुगी परपीडन, आत्मरति, स्थिरव्यामोह, खण्डित व्यक्तित्वजस्ता फ्रायडेली मान्यतामा अडेको निष्कर्ष निकालेका छन् ।

पौड्याल (२०६१) बाट *समालोचनाको बाटोमा* नामक समालोचना ग्रन्थमा *एक चिहान*को सामाजिक धरातलमा प्रेम विवाह र नारी शीर्षकको समालोचनात्मक लेख समावेश गरिएको छ । उनले हृदयचन्द्र सिंह प्रधान नारीवादी स्रष्टा भएको निष्कर्ष निकाल्दै पुरुषसँग सहकर्मी बनाउनु, समकक्षता प्रदान गर्नु, मौलिक हक अधिकारमा नारीलाई सचेत बनाउनु, स्वतन्त्र अस्तित्व सुरक्षित बनाउन प्रेरित गर्नुजस्ता कार्य गरी नारी समानता र सशक्तीकरणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको निष्कर्ष निकालेका छन् ।

बराल (२०६१) को *वस्तुपरक समालोचना* शीर्षकको समालोचनात्मक कृतिमा जम्मा चौध ओटा समालोचना मूलक लेखहरू समावेश गरिएको छ । यस ग्रन्थमा एउटा लेख 'नारीवादी समालोचना र भारती खरेलका भाइटीका र घमण्ड नाटक' शीर्षकमा प्रस्तुत गरिएको छ । यस लेखमा बरालले नारीवादी अध्ययनको पाश्चात्य पृष्ठभूमिको पनि सर्वेक्षण गरेका छन् ।

नारीवादी अध्ययनका क्रममा शरीररचना, अनुभव, सङ्कथन, अचेतन, समाजार्थिक अवस्था आदि आधारबाट उपर्युक्त दुई कृतिको व्याख्या गरेका छन् ।

भट्टराई (२०६१) द्वारा *पश्चिमी बलेँसीका बाछिटा* ग्रन्थमा 'नारीवादी समालोचना : प्रारम्भिक परिचय' लेख प्रस्तुत गरेका छन् । नारी स्वतन्त्रतावादी आन्दोलन र यसका अग्रणी व्यक्तित्वको बारेमा चर्चा गरिएको छ । नारीवादी समालोचनाले मानव सभ्यताको लामो इतिहासलाई झक्झक्याइरहेछ । नयाँ चुनौती उभ्याइरहेछ । नेपाली सहित्यमा पनि नारीवादी दृष्टिकोणको समालोचना प्रारम्भ हुनुपर्ने कुरा औँल्याइएको छ । उक्त ग्रन्थमा भट्टराईले समकालीन भारतीय साहित्यमा नारीवादी लेखन लेखमा भारतीय कविताको नारीवादी पठन गरेका छन् ।

त्रिपाठी (२०६२) बाट *महिला समालोचक र नेपाली समालोचना* नामक ग्रन्थको सम्पादक भएर नेपाली समालोचनाको क्षेत्रमा समालोचक बनेर कलम चलाएका महिलाहरूका एकएक ओटा समालोचकीय लेखहरू समावेश गरेर प्रस्तुत गरिएको छ । उक्त ग्रन्थमा नेपाली महिला समालोचकको ऐतिहासिक पृष्ठभूमि, महिला समालोचकको स्थिति आदिका बारेमा प्रारम्भमै परिचयात्मक सर्वेक्षण पेस गरिएको छ । नेपाली समालोचना जगत्मा महिला उपस्थितिको यथार्थ अङ्कन गर्ने मूल लक्ष्यसहित कृति सम्पादन गरेको जनाइएको छ । जम्मा पच्चिसओटा नेपाली महिला समालोचकका समालोचकीय लेख प्रकाशन गरिएको उक्त कृति प्रभादेवी उपाध्यादेखि मोमिला जोशीसम्मका समालोचकमा केन्द्रित गरिएको छ ।

प्रसाईं (२०६३) द्वारा *नारीचुली* नामक नारीस्रष्टा कोश निर्माण गरिएको छ । २०१७ सालसम्म जन्मिएका नारी स्रष्टाहरूको जीवनी, व्यक्तित्व र कृतित्वलाई विशिष्ट ढङ्गले प्रस्तुत गरिएको यस ग्रन्थमा जम्मा ५२ जना नारी स्रष्टाको सचित्र वर्णन गरिएको छ । यसमा प्रसाईंले स्रष्टाका साहित्यिक प्रवृत्तिहरूलाई उठान गरेका छन् । ग्रन्थको अन्त्यमा आनुष्ठानिक सूची अन्तर्गत नेपालमा जन्मेका नारीस्रष्टा, भारतमा जन्मेका नारीस्रष्टा, जन्ममिति नखुलेका नारीस्रष्टा तथा पुस्तक नछापिएका नारीस्रष्टाको समेत सङ्क्षिप्त जानकारी प्रस्तुत गरेका छन् ।

बराल (२०६३) द्वारा *उपन्यासको सौन्दर्यशास्त्र*मार्फत् उपन्यास सम्बन्धी सैद्धान्तिक अध्ययनका रूपहरू प्रस्तुत गरिएको छ । प्रस्तुत कृतिमा उपन्यास अध्ययन विश्लेषणका विविध स्वरूप र प्रवृत्ति तथा संरचनात्मक पक्षहरूको वर्णन गरिएको छ । उपन्यास चिन्तनका सौन्दर्य शास्त्रीय पक्षहरू तथा मार्क्सवादी सौन्दर्यशास्त्रका सन्दर्भमा यथेष्ट विवेचना गरिएको छ । उपन्यास चिन्तनका प्रमुख सिद्धान्तहरू अन्तर्गत नारीवादी सिद्धान्तको चर्चा गर्दै बरालले

नारीवाद नारी शोषणका विरुद्ध अझ भनौ पितृ सत्ताका विरुद्धमा केन्द्रित सिद्धान्त मानेका छन् । साहित्य र नारीवादी विश्लेषणका सन्दर्भमा बराल यस्तो तालिका प्रस्तुत गर्छन् :

विषयवस्तु चरित्र पाठक विचार स्रष्टा पाठ	नारी

(पृ. ९५)

नारीवादी सौन्दर्यशास्त्र अन्तर्वस्तुप्रधान रहेको कुरा औंल्याउँदै बरालले नारीवाद सामाजिक सम्बन्धभित्र नारीको मनोवैज्ञानिक तथा लैङ्गिक स्थिति निर्धारणप्रति बढी क्रियाशील रहने जनाएका छन् ।

यमि तथा भट्टराई (२०६३) बाट *मार्क्सवाद र महिला मुक्ति* ग्रन्थमार्फत् विचारहरू प्रस्तुत गरिएका छन् । उक्त ग्रन्थ लैङ्गिक सवाललाई मार्क्सवादी कसीमा राखेर विवेचना गरी तयार पारेका लेखकद्वयका करिब दुई दर्जन लेखहरूको सङ्गृहित रूप हो । विश्वस्तरमा र नपाली सन्दर्भमा महिला समुदायमाथि हुँदै आएको उत्पीडन र मुक्तिबारे मार्क्सवादी दृष्टिकोणका आधारमा ऐतिहासिक र सैद्धान्तिक रूपमा व्याख्या गरिएको छ । सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक उत्पीडन तथा परम्परागत परिवारको परिवर्तन, महिला सशक्तीकरण र नेतृत्व विकास लगायत पुरुषसरहको आर्थिक र पैतृक अधिकारको विश्लेषण गरिएको छ ।

लुइँटेल (२०६३) बाट *शार्दूल* पत्रिकाको संयुक्ताङ्कमा 'नेपाली महिलाको स्थिति र महिलालेखन' शीर्षकको लेखमा नेपालका सामाजिक-सांस्कृतिक र राजनैतिक पृष्ठभूमि कै कारणले नेपाली नारीहरू चेतनाको पहुँचसम्म पुग्न नसकेको र लैङ्गिक विभेदको चरम शोषणमा परेको खुलासा गरिएको छ । उनले लैङ्गिक समानता, महिला हक, हित, महिला ससशक्तीकरण र नारीवादी चेतना र अवधारणामा आधारित साहित्य सिर्जना प्रारम्भ भएको जानकारी प्रस्तुत गर्दै नारी स्रष्टाहरूको विवरणसमेत उल्लेख गरेकी छन् । नेपाली साहित्य लैङ्गिक समानता तथा मातृत्व रक्षाको आग्रहमा केन्द्रित रहेको खुलासा गरिएको छ ।

गौतम (२०६४) द्वारा *उत्तरआधुनिक जिज्ञासा*मा उत्तर आधुनिकतावादमा देखा परेका नयाँ प्रवृत्ति तथा मान्यताको समीक्षा गरिएको छ । यस कृतिमा स्त्रीवाद तथा मार्क्सवाद शीर्षकमा गौतमले स्त्रीवाद, लैङ्गिक समालोचना तथा मार्क्सवादी उत्तर संरचनावादलाई सापेक्ष ढङ्गबाट प्रस्टाइएको छ ।

भट्टराई (२०६४) द्वारा *उत्तरआधुनिक विमर्श*मा विश्वमा देखापरेका नयाँ साहित्यिक वाद, समालोचना र सिर्जनाका सन्दर्भ प्रस्तुत गरिएको छ । इकोफेमिनिज्मको अवधारणामा उनले नारीलाई नयाँ शक्ति र सामर्थ्य दिई लैङ्गिक रूपमा पुरुषसरह बनाउनुपर्ने आग्रह गरेका छन् । उक्त ग्रन्थमा भट्टराईले नवलेखन र पुनर्लेखनको उत्कृष्ट संयोजन 'यशोधराभित्र नारी अस्मिताको प्रतिध्वनि' नाम दिएर शारदा सुब्बाको *यशोधरा* नाटकको समीक्षा गर्दै समाज र जीवनको अन्तरक्रियाबाट समाजमा नारीको स्थान पुरुषसरह बनाउने प्रयत्न भएकामा सुब्बालाई वर्तमानको प्रतिविम्बका रूपमा उभ्याएका छन् ।

बराल (२०६४) को *साहित्य र समाज*मा 'नारीवादी समालोचना कि नारीमुक्ति समालोचना' नामको लेखमा नारीवादी विश्लेषण गरेका छन् । नारीवादी समालोचना भन्नाले नारीलाई केन्द्र बनाएर लेखिएको समालोचना बुझ्नुपर्दछ भन्ने धारणा राख्दै बरालले नारीमाथि हुँदै आएको सामाजिक, आर्थिक, शारीरिक तथा बौद्धिक शोषणका विरुद्धमा प्रारम्भमा आन्दोलनका रूपमा प्रारम्भ भएको नारीवाद असीको दशकमा मात्र सैद्धान्तिक स्वरूपमा प्रवेश गरेको बताउँछन् । नारीवादी समालोचनालाई चार तहमा व्याख्या गर्ने बराल यसलाई राजनीतिप्रधान समालोचना मान्छन् । नारीवादी समालोचनालाई चार धारामा व्याख्या गर्दै समालोचकले (१) पुरुष विरोधी धारा (२) समाजपरक धारा (३) नारीकेन्द्री धारा (४) मनोविश्लेषणवादी धारा भनी वर्गीकरण गरेका छन् । नेपाली साहित्यमा दुई धारको लेखन जस्तो कि : नारी विरोधी लेखन र नारी मुक्ति लेखन भएकाले नारीवादीभन्दा नारीमुक्ति लेखन उपयुक्त हुने निष्कर्ष बरालले दिएका छन् ।

त्रिपाठी (२०६५) बाट *कुञ्जिनी* पत्रिकामा 'नारीवादी चिन्तनका दृष्टिले *तीन घुम्ती* उपन्यास' शीर्षकको लेखमा *तीन घुम्ती*की इन्द्रमाया सचेत तथा अस्तित्वको खोजीमा लागेकी छ भन्दै नारीवादी चेतनाले नारीको अस्तित्वलाई नारीकै केन्द्रीयतामा खोज्ने तथ्य उद्घाटन गरेको स्वीकार गरिएको छ । उक्त उपन्यास नारीको अस्तित्व, चेतनायुक्त प्रमेपथको यात्रा, वैवाहिक सम्बन्ध, सतीत्वको प्रश्न, मातृत्वको प्रश्न र नारी स्वनिर्णय गरी जम्मा छ ओटा नारी समस्या प्रस्तुति र तिनको समाधानको मार्गदर्शनमा केन्द्रित रहेको खुलासा गरिएको छ ।

शर्मा (२०६५) *आधारभूत नेपाली समालोचना* शीर्षकको कृतिमार्फत नारीवादी समालोचकका रूपमा प्रस्तुत भएकी छन् । शर्माका जम्मा एघार ओटा समालोचनात्मक लेखहरू समावेश गरी तयार पारिएको उक्त ग्रन्थमा तीन ओटा लेखहरू नारीपरक छन् । प्रस्तुत कृतिमा नारीवादी सैद्धान्तिक आधारमा दुई ओटा उपन्यास *राधा* र *नरेन्द्र दाइ* तथा एउटा

कथासङ्ग्रह *लाभाका बाफहरू*को व्यावहारिक व्याख्या गरिएको छ । कथासङ्ग्रहको व्याख्या गर्दै नारी स्वतन्त्रताका पक्षपाती तथा वैचारिक सामर्थ्य बोकेका स्त्री चरित्रहरूले पितृ सत्तामाथि प्रहार गरेको निष्कर्ष निकालिएको छ । त्यस्तै *नरेन्द्र दाइ* उपन्यासमा प्रयुक्त गौरी र मुनरिया पुरुषको शारीरिक तथा मानसिक भोगका लागि उपभोगमा ल्याइएको निष्कर्ष निकालिएको छ । समालोचक शर्माले नारीवादी सचेत आँखाबाट लैङ्गिक स्वतन्त्रता र सन्तुलनको अपेक्षा गरेको देखिन्छ ।

बराल र एटम (२०६६) को *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*मा नारीवादी धाराको सैद्धान्तिक पृष्ठभूमि देखाउँदै लिङ्ग विभेदअन्तर्गत शरीर रचना, अनुभव, अचेतन, सङ्कथन तथा समाजार्थिक अवस्थाको व्याख्या गरिएको छ । यस ग्रन्थमा *समानान्तर आकास*को नारीवादी विश्लेषण गरेका छन् । नारीले पनि पुरुषको जस्तै व्यक्तित्वको सम्भावना, नवीन सिर्जनाको आकाङ्क्षा र स्वतन्त्रता उपभोग गर्नु पर्छ भन्ने निष्कर्ष निकालेका छन् । विश्लेष्य उपन्यास क्रान्तिकारी परिवर्तनको पक्षमा नभएर सुधारवादी वैचारिकतामा रहेको कुरा औँल्याइएको छ । पुरुषबाट नारीमाथि भइरहेका आर्थिक, सामाजिक, मानसिक, सांस्कृतिक तथा शारीरिक शोषणका यथार्थहरू उद्घाटन गर्नमा उपन्यास सफल बनेको कुरा जनाइएको छ ।

गौतम (२०६७) को *उत्तरआधुनिक संवाद*ले नारीवादी पठनका दुई ओटा सन्दर्भ उठान गरेको छ, एउटा *राधा* उपन्यासको विश्लेषण तथा अर्को नारीवादको सैद्धान्तिक रेखाङ्कन । *राधा*ले देखाएको साहस नारीमुक्ति अभियानलाई गति दिनुमा छ भन्दै गौतमले नारी परस्पर मिलेर आफ्नो बाटो बनाउन सक्छन् पुरुषलाई सम्मिलित गर्नै पर्छ भन्ने अनिवार्यता छैन भन्ने निष्कर्ष दिन सकेको कुरालाई जोड दिन्छन् । गौतमले राधाको बहुलवादी पठन गर्ने क्रममा यौन मनोविश्लेषणात्मक पाटोबाट समेत स्त्री यौनिकतालाई छुट दिएको कुरा बताएका छन् । त्यस्तै अर्को सन्दर्भमा समालोचक गौतम उत्तरआधुनिक नारीवाद, उत्तरसंरचनावाद तथा डिकन्स्ट्रक्सनको सहयोग लिएर पुरुषवादी प्रभुत्वलाई तोड्दछ भन्ने विचार प्रकट गर्छन् । गौतमले अहिलेको नारीवाद एकलकाटे हुन चाहँदैन, विभिन्न विचारहरूको समीक्षात्मक ग्रहणका साथ धनी हुन चाहन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

त्रिपाठी (२०६७) को *नारीवादको कठघरामा नेपाली साहित्य* समालोचना तेर ओटा समालोचकीय लेखहरू समावेश गरी तयार पारिएको ग्रन्थ हो । यस रचनाभित्र समावेश गरिएका अधिकांश लेखहरू नारीवादी र समाजवादी प्रकृतिका छन् । खास गरी नेपाली साहित्यमा महिला सहभागिता, प्रकृति स्थिति, समस्या तथा सम्भावनाहरूको खोजी लेखहरू

तयार पारिएका छन् । उक्त कृतिमा समावेश गरिएको 'लैङ्गिक समानता र साहित्य' शीर्षकको लेखमा महिला र पुरुष समान रूपले सक्रिय र अधिकार सम्पन्न हुने कुरा नै लैङ्गिक समानता हो भनिएको छ । समाज, संस्कृति, धर्म, राजनीति, न्याय आदि क्षेत्रमा जसरी महिलावर्गलाई प्रतिपक्षी समुदायको रूपमा लिइन्छ, त्यसरी नै साहित्य तथा साहित्यिक मञ्चहरूमा पनि महिलालाई प्रतिपक्षीको रूपमा लिइरहेको अवस्था भएको विचार राखेकी छन् । अबको समयमा लैङ्गिक अस्तित्व र पहिचानका लागि स्पष्ट, निर्भीक र मार्गदर्शक ढङ्गले साहित्यिक मञ्चमा लैङ्गिक समानता पूर्ण रूपले अङ्गीकार गर्नु पर्ने धारणा राखेकी छन् ।

अर्याल (२०६८) बाट *लैङ्गिक तथा महिलावादी* अध्ययन पुस्तकमा लैङ्गिकताको अवधारणा र यससँग जोडिएका सामाजिक संस्थाहरू लैङ्गिकता र यौनिकता, यौनिकताका विभिन्न रूप र प्रकार, लैङ्गिकता, नारीवाद र यौनिकतासम्बन्धी दृष्टिकोण, लैङ्गिकताको विकास आदि शीर्षकमा विस्तृत चर्चा गरिएको छ । यौनिकताअन्तर्गत समलिङ्गी, द्विलिङ्गी, अन्तरलिङ्गी, परिवर्तित लिङ्गी आदि विविध पक्षको स्पष्ट उद्घाटन गरिएको प्रस्तुत ग्रन्थ शोधार्थीलाई लैङ्गिकता एवम् यौनिकताका सैद्धान्तिक अध्ययन विश्लेषण र उपन्यास विश्लेषणका प्रतिमान तयार गर्नका निकै उपयोगी रहेको छ । लैङ्गिकता र यौनिकताका विभिन्न सन्दर्भलाई समाजशास्त्रीय दृष्टिले विस्तृत चर्चा गरिएको उक्त कृतिमा विश्वव्यापी सिद्धान्त एवम् दृष्टिकोणहरूका साथमा नेपालका सन्दर्भमा लैङ्गिकताका वास्तविक परिवेश र अवस्थाको चर्चा गरिएको छ ।

उप्रेती (२०६८) द्वारा *सिद्धान्तका कुरा* समालोचनात्मक ग्रन्थ तयार पारिएको छ । पश्चिमी समालोचना क्षेत्रमा स्थापित विभिन्न वाद तथा अध्ययन प्रणालीलाई नेपाली सन्दर्भमा प्रयोगात्मक ढङ्गले व्याख्या गरी निर्माण गरिउको उक्त ग्रन्थमा रहेका एघार ओटा शीर्षकमध्ये 'जेन्डरको अध्ययन' र 'परिचयको अध्ययन' दुई शीर्षकले शोधार्थीलाई अध्ययन विश्लेषणमा सहयोग पुऱ्याउने देखिन्छ । प्रस्तुत कृतिमा नारीत्वसम्बन्धी मूल्य एवम् मनोवृत्तिहरू नैसर्गिक वा तात्त्विक नभएर सामाजिक वा सांस्कृतिक संरचनाबाट निर्मित हुन् भन्ने कुरा विभिन्न पश्चिमी विचारक तथा समालोचकका विश्लेषणका सापेक्षतामा रहेर जनाइएको छ । त्यस्तै क्रान्ति, विद्रोह, उत्पादक भूमिका, समलिङ्गी यौनिकता आदि पक्षमा नारी सक्षम र सक्रिय रहेको इतिहासले पनि प्रमाणित गरिसकेको सङ्केत गर्दै पितृसत्तात्मक सामाजिक संरचनाले नारीलाई अधीन एवम् नियन्त्रणमा राखेको बताइएको छ । त्यस्तै शिशु जन्मँदा समलिङ्गी एवम् विपरीत लिङ्गी समाजको दबाब र संरचनाबाट शिशुहरूमा विपरीत लिङ्गी विचार निर्माण हुने कुरा व्यक्त

गरिएको छ भने यदि विद्रोही र सामाजिक मूल्यलाई चुनौती दिनसक्ने पुरुष वा स्त्री भने समलिङ्गी बन्न सक्ने कुरासमेत उल्लेख गरिएको छ ।

२.४ लैङ्गिक अध्ययनसम्बन्धी नेपालमा भएका शोधकार्यहरूको पुनरावलोकन

पौडेल (सन् २०१०) बाट मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रहेर त्रि.वि.बाट विद्यावारिधि उपाधिका लागि *जेन्डर एन्ड सेक्सुआलिटी इन म्यागजिन अर्डभर्टाइजिङ अ क्रिटिकल डिस्कोर्स अनालाइसिस* शीर्षकमा शोधकार्य गरिएको छ । पौडेलले नेपालका प्रमुख म्यागजिन : 'हिमाल', 'द बोस', 'नारी' र 'भ्वाइस अफ उमन' लगायतका आठ ओटामा समावेश गरिएका जम्मा ३६५ ओटा विज्ञापनका नमुना तथा सङ्कथनात्मक अवस्थाको लैङ्गिक र यौनिक दृष्टिले विश्लेषण गरेका छन् । लैङ्गिक तथा यौनिक दमन, समान अधिकारबाट बञ्चित गरिएको अवस्था र शक्तिको दुरूपयोग जस्ता सामाजिक सम्बन्धमा केन्द्रित भएर उक्त अध्ययन गरिएको छ । उपभोक्तावादी संस्कृति र उपभोगवादी धारणामा केन्द्रित रहेर स्त्रीको शरिरलाई प्रदर्शन गर्ने गराउने गरिएको विचार राखिएको छ । जम्मा सात ओटा परिच्छेदमा विभाजन गरी समग्र शोधप्रबन्धको ढाँचा निर्माण गरिएको छ । पहिलो परिच्छेदमा परिचय र दोस्रो परिच्छेदमा भाषाका उपागम, सङ्कथन र सङ्कथन विश्लेषण गरिएको छ । दोस्रो परिच्छेदमा भाषिक, सामाजिक मान्यता र सङ्कथनात्मक सन्दर्भहरूको सैद्धान्तिक रूपरेखा प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेद विज्ञापन प्रस्तुत हुने लैङ्गिकता, लिङ्ग र यौनिकतामा केन्द्रित छ । यसमा परिचय, लिङ्ग र लैङ्गिकताका उपागम, पुरुषत्व, यौनिकता उपागम तथा क्विअर सिद्धान्तका आधारहरू सहित विश्लेषणका प्रारूपहरू प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा विज्ञापनमा प्रस्तुत गरिने सङ्कथनका प्रकारहरू र ढाँचाहरूको बारेमा व्याख्या गरिएको छ । पाँचौँ परिच्छेदमा उपर्युक्त विविध आधारहरूमा निर्दिष्ट म्यागजिनका विज्ञापनहरूको सर्वेक्षण तथा व्याख्या गरिएको छ । छैटौँ परिच्छेदमा दृश्यात्मक विज्ञापनलाई समीक्षात्मक विश्लेषण गरिएको छ भने सातौँमा निष्कर्ष समावेश गरिएको छ । विज्ञापनको सङ्कथनलाई लैङ्गिक तथा यौनिक विश्लेषण गर्ने क्रममा पौडेलले केही सैद्धान्तिक र धारणात्मक निष्कर्षहरू निकालेका छन् । कुनै पनि मानिस जन्मदै पुरुषचेत वा स्त्रीचेत लिएर आएको नभएर त्यो समाज निर्मित धारणा मान्दै पुरुषत्व (मास्कुलिनिटी) र नारीत्व (फेमिनिटी) स्थायी धारणा होइनन्, समयानुसार परिवर्तनशील हुन्छन् भनेका छन् । पुरुष र महिलाको विभेद लैङ्गिक रूपमा मात्र सीमित नभएर रेस, क्लास तथा इथ्निसिटीमा पनि रहेको जनाइएको छ ।

अधिकांश विज्ञापनहरूमा महिलाहरू विभिन्न उत्पादन सामग्री, गृहस्थी सामग्री तथा शृङ्गारिक सामानहरूको प्रचारमा संलग्न रहेका, फेसन प्रदर्शन, खानासँग सम्बन्धित सामग्री निर्माण तथा तयारीमा र बालबालिकाको स्याहार सुसारमा लागि परेका विज्ञापनहरूको प्रस्तुतिमा संलग्न रहेको निष्कर्ष निकालिएको छ । त्यस्तै पुरुषहरू विभिन्न निर्माण सामग्री र प्रयोग जस्तै : फलाम, सिमेन्ट, पाइप फिटिङ, अटोमोबाइल्स, शैक्षिक संस्थाका सामग्री उत्पादन, चुरोट तथा रक्सीको विज्ञापनमा रहेको तथ्य पेस गरिएको छ । केही पुरुषहरू सुन्दरता तथा यौनिकता झल्कने विज्ञापनमा रहे पनि यस्ता विज्ञापनमा अधिकांश महिलाहरू रहेको जनाइएको छ । महिलाहरू आकर्षक, यौन उत्तेजक, वास्नादार, रङ्गीन, गहना प्रयोग, सहयोगी, उत्प्रेरक, गृहसज्जा आदि पक्षहरूमा पेस भएका विज्ञापनहरूको सङ्ख्या अधिक रहेको जनाइएको छ । विज्ञापनमा पनि महिलाहरू भित्री लुगा जस्तैः पेन्टी, लिङ्ग्री, ब्रा आदिमा रहेको कुरा उल्लेख गरिएको छ ।

महिला र पुरुषहरूको विज्ञापन विश्लेषण गर्दा पौडेलले कुनै महिला विज्ञापनमा उत्तेजक तथा आकर्षणको केन्द्रको रूपमा सजिन्छन् भने उद्देश्य हेर्न र लोभिनका लागि नै हो, तसर्थ महिलालाई आफै कुन प्रयोजनमा उपयोग भइरहेकी छु भन्ने विश्लेषण गर्न र सचेत रहन आग्रह गरेका छन् । व्यवसायीले महिलाको शारीरिक अङ्गको माध्यमबाट आफ्नो व्यापार बढाइरहेको हुन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

अनुसन्धाता पौडेलले म्यागजिनहरूमा प्रयोग भइरहेका विज्ञापनको विश्लेषणबाट लैङ्गिक सचेतना जागृत गर्ने काम गरेका छन् । वास्तविकता उजागर गर्दै पुरुष प्रधान समाजले महिलालाई उपभोग र उपयोग गरिरहेको र महिला स्वयम् पनि सचेत हुन नसकेको अवस्था उल्लेख गरेका छन् ।

त्रिपाठी (२०६८) द्वारा मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रहेर त्रि.वि.बाट विद्यावारिधि उपाधिका लागि *आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना* शीर्षकमा शोधकार्य गरिएको छ । पाश्चात्य जगत्मा नारी जागरण, नारी मुक्ति आन्दोलन र नारीवादको प्रारम्भ र विकासको सर्वेक्षण, पाश्चात्य नारीवादी समालोचनाका प्रमुख सिद्धान्तहरूको निरूपण, नारी लेखन र नारीवादका सिर्जनात्मक पक्षहरूको विकासात्मक सर्वेक्षण, नेपालमा नारीवाद र नारी जागरणको विकासको स्थितिको सर्वेक्षण, नारीकेन्द्री नेपाली उपन्यासको सर्वेक्षण तथा नेपाली प्रतिनधिमूलक उपन्यासको नारीवादी चेतनाको स्वरूप

पहिल्याउनु र समाधानका उपायका सूचकहरूको अन्वेषण गर्नुजस्ता उद्देश्य राखेर उक्त शोधकार्य गरिएको छ ।

त्रिपाठीले नारीवादका विश्वव्यापी मान्यताहरूलाई सूक्ष्म ढङ्गले केलाएकी छन् । नारीवादले महिलालाई विषयका केन्द्रमा राख्ने तथा पुरुषपक्षीय मान्यतालाई सघन चुनौति दिँदै अगाडि बढ्ने गर्दछ भन्ने धारणा व्यक्त गरिएको छ । विश्वव्यापी रूपमा नारीवादका ६ ओटा धारहरू रहेको कुरा प्रस्तुत गर्दै त्यसका अलावा उत्तरआधुनिक नारीवाद, उत्तर संरचनावादी नारीवाद, जातिवादी नारीवाद, समलैङ्गिक नारीवाद, उत्तर औपनिवेशिक नारीवाद आदि जस्ता विविध किसिमका नारीवादी मान्यताहरू विश्वव्यापी रूपमा विकसित भइरहेको तथ्य सार्वजनिक गरेकी छन् । करिब ६ दर्जन नेपाली उपन्यासहरूको सर्वेक्षण गरी सङ्क्षिप्त जानकारी प्रस्तुत गरेर आधा दर्जन (६ ओटा) प्रतिनधि उपन्यासको सविस्तार व्याख्या विश्लेषण र मूल्याङ्कन गरिएको छ । *रूपमती, स्वास्नीमान्छे, शान्ति, अनुराधा, तीन घुस्ती, अनिँदो पहाडसँगै* उपन्यासको नारीवादी विश्लेषणका आधारहरूमा केन्द्रित रही उपन्यास विश्लेषणका करिब दुई दर्जन प्रतिमान तयार गरी विश्लेषण गरिएको छ ।

त्रिपाठीद्वारा विश्वमा नारीवाद र नारी चेतनाको बीजारोपण गर्ने कृतिको रूपमा सिमोन द बुभाको *द सेकेन्ड सेक्स* तथा एङ्गेल्सको *परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति* रहेको धारणा प्रस्तुत गरिएको छ । नारीवादी आन्दोलनको रूपमा सन् १८४८ को सेनेका फल्स कन्भेन्सन भएको र सघन कृति बेट्टी फ्रिडानको *फेमिनिन मिस्टिक* भएको निष्कर्ष निकालिएको छ । नेपालमा भने २०४० सालपछि मात्र नारीवादी चेतनाको सुरुआत भएको जनाइएको छ । पाश्चात्य जगत्मा नारी जागरणको प्रारम्भ सामाजिक राजनीतिक तहमा व्यक्तिगत ढङ्गले १८ औँ शताब्दीमा र साङ्गठनिक ढङ्गले १९ औँ शताब्दीको मध्यतिरबाट भएको कुरा उल्लेख गरिएको छ । तर नारी जागरण मूलक लेखनको प्रारम्भ भने सन् १७९२ मा प्रकाशित मेरी वल्स्टोनक्राफ्टको *अ भिन्डीकेसन अफ द राइट्स अफ उमन*बाट भएको जनाइएको छ । यद्यपि महिला लेखन भने इ.पू. छैटौँ शताब्दीकी सफ्फोदेखि नै प्रारम्भ भएको कुरा बताएकी छन् ।

नेपाली उपन्यासमा हालसम्म (२०५८ सालका उपन्याससम्म) नारीवादी विचार सघन रूपमा कुनैमा पनि प्राप्त नभएको तर कतिपयमा उदार नारीवादी, कतिपयमा स्वच्छन्दतावादी क्रान्तिकारी नारीवाद, कतिपयमा मनोविश्लेषणात्मक नारीवाद, कतिपयमा अस्तित्ववादी नारीवाद र कतिपयमा मार्क्सवादी नारीवादका अपुष्ट स्वरूपहरू प्राप्त भएको उल्लेख गरिएको

छ । नारीवादी दृष्टिले *स्वास्नीमान्छे* र *अनिँदो पहाडसँगै* अलि सशक्त रहेको जनाइएको छ । यसरी नारीवादी अध्ययन गर्ने सन्दर्भमा उठान गरिएका विश्वव्यापी मान्यताहरू, ऐतिहासिक सर्वेक्षण, विश्लेषणका सैद्धान्तिक आधार तथा प्रतिमानहरू र निकालिएका निष्कर्षहरू नेपाली अनुसन्धानका क्षेत्रमा महत्त्वपूर्ण नै देखिन्छन् ।

उपर्युक्त विभिन्न किसिमका सैद्धान्तिक ग्रन्थ तथा अनुसन्धानात्मक कार्यहरूको पुनरावलोकन गर्दा नेपाली साहित्यका क्षेत्रमा केही छिटफुट अनुसन्धान भए पनि ती अनुसन्धानहरू लैङ्गिक विश्लेषणको पक्षबाट हेर्दा सीमित छन् । भएका अनुसन्धान पनि नारीवादी मान्यतामा मात्र केन्द्रित छन् । लैङ्गिक दृष्टिले हालसम्म नेपाली उपन्यासको गहन अध्ययन विश्लेषण भएको नपाइएकाले प्रस्तुत नेपाली उपन्यासमा लैङ्गिक चेतना शीर्षकको शोधकार्य सान्दर्भिक तथा अपेक्षित ठहर्याइएको छ । प्रस्तुत शोधमा पूर्वाध्ययनका विविध सैद्धान्तिक तथा प्रयोगात्मक ग्रन्थहरूको पुनरावलोकनबाट सान्दर्भिक आधार ग्रहण गरिएको छ । तिनै आधारहरूलाई मनन गरी निश्चित प्रारूपहरू निर्माण गरेर विश्लेषणका लागि आवश्यक प्रतिमान निर्धारण गरी नेपाली उपन्यासमा रहेको लैङ्गिक चेतनाको विश्लेषण गरिएको छ ।

परिच्छेद तीन

अनुसन्धान विधि

प्रस्तुत शोध समस्याको प्राज्ञिक समाधानमा पुग्नका लागि लैङ्गिक समालोचनाको मूल स्थापनालाई आधार बनाइएको छ । अध्ययन क्रममा आवश्यकताअनुसार पाश्चात्य समालोचनामा प्रचलित उत्तरआधुनिक विधागत तथा कृतिपरक समालोचना पद्धति पनि अपनाइएको छ । त्यस्ता स्थापनाका आधारमा नेपाली उपन्यासमा प्रयुक्त लैङ्गिक चेतनाको विश्लेषणका निमित्त उपयोगी हुने सैद्धान्तिक प्रारूप तथा विश्लेषणका प्रतिमानहरू तयार गरिएको छ र त्यसैका आधारमा लैङ्गिक चेतना प्रयोग गरिएका नेपाली उपन्यासको विश्लेषण गरिएको छ ।

३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान हो । अनुसन्धानका लागि पुस्तकालयीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरिएको छ । विश्लेषणात्मक तथा समालोचनात्मक विधिबाट प्रस्तुत शोध समस्याको प्राज्ञिक समाधानमा पुग्नका लागि लैङ्गिक अध्ययन र समालोचनाका सैद्धान्तिक तथा प्रयोगात्मक ग्रन्थहरूको गहन अध्ययन गरी सैद्धान्तिक आधार तयार गरी अनुसन्धान विश्लेषणको मूल आधार स्थापना गरिएको छ । त्यस्ता स्थापनाका आधारमा नेपाली उपन्यासमा प्रयुक्त लैङ्गिक चेतनाको विश्लेषणका निमित्त उपयोगी हुने सैद्धान्तिक प्रारूप तथा विश्लेषणका दस ओटा प्रतिमानहरू तयार गरिएको छ । उक्त सैद्धान्तिक प्रारूप तथा विश्लेषणका प्रतिमानहरूका आधारमा लैङ्गिक एवम् यौनिक समस्या र चेतना प्रयोग भएका छयालिस ओटा उपन्यासको सर्वेक्षण गरिएको छ । सर्वेक्षणात्मक विश्लेषणपश्चात् छनोटमा परेका लैङ्गिक र यौनिक समस्या तथा चेतना प्रयोग भएका प्रतिनिधिमूलक छ ओटा नेपाली उपन्यासको विश्लेषण र मूल्याङ्कन गरिएको छ । विश्लेषण गर्दा जैविक, सामाजिक, सांस्कृतिक आर्थिक, राजनैतिक, शैक्षिक आदि सन्दर्भहरूमा रहेका लैङ्गिकताका पक्षहरूको विश्लेषण गरिएको छ । त्यस्तै मनोयौनिक र मनोवैज्ञानिक अध्ययनमा गे यौनिकता, लेज्बियन यौनकता, द्विलिङ्गी यौनिकता, परिवर्तित यौनिकता, विपरीत लिङ्गीय यौनिकता जस्ता पक्षहरूको अध्ययन विश्लषेण गरिएको छ । साथै उपन्यासमा रहेको भाषाको पनि लैङ्गिक दृष्टिले विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

३.२ **जनसङ्ख्या छनोट**

प्रस्तुत अनुसन्धानमा नेपाली भाषामा लेखिएका १९८९ सालदेखि २०६८ सालसम्मका छयालिस ओटा उपन्यासलाई समावेश गरिएको छ । लैङ्गिक समस्या र चेतना प्रयोग भएका उपन्यासमा मात्र अध्ययन केन्द्रित गरिएको छ । धेरै उपन्यासकारका धेरै उपन्यासको अध्ययन गरी तीमध्ये लैङ्गिक समस्या र चेतना प्रयोग गरिएका एक जना उपन्यासकारको एउटा मात्र उपन्यासका दरले जम्मा छयालिस ओटा उपन्यास मात्र सर्वेक्षण अध्ययनमा समावेश गरिएको छन् । सर्वेक्षणका लागि छयालिस ओटा उपन्यास छनोट गर्दा शोध निर्देशक र विशेषज्ञहसँगको परामर्श, विभिन्न समालोचक वा समीक्षहरूले औपन्यासिक मूल्याङ्कन गरी लिखित वा मौखिक रूपमा प्रस्तुत गरेका विचारहरू तथा शोधार्थी स्वय्ले लैङ्गिक दृष्टिबाट मूल्याङ्कन गरी सत्यापन गर्दा उपयुक्त, आवश्यक र विश्लेष्य ठहर्याएका उपन्यासलाई समावेश गरिएको छ । जम्मा छयालिस जना उपन्यासकारका नेपाली भाषामा लेखिएका लैङ्गिक समस्या र चेतना प्रयोग भएका छयालिस ओटा उपन्यासको सर्वेक्षण र विश्लेषण गरी प्रतिनिधिमूलक सामाजिक यथार्थवादी प्रगतिवादी, नारीवादी (पुरुष लिखित र महिला लिखित), मनोविश्लेषणात्मक, समलैङ्गिक (स्त्री समलैङ्गिक र पुरुष समलैङ्गिक) जस्ता औपन्यासिक क्षेत्रका एक एक ओटा गरी जम्मा छ ओटा उपन्यासको सूक्ष्म विश्लेषण गरिएको छ ।

प्रस्तुत अनुसन्धान कार्यको मुख्य समस्यासित सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन विधिबाट गरिएको छ । त्यस्ता सामग्रीहरूका स्रोत दुई किसिमका रहेका छन् : प्राथमिक र द्वितीयक । प्राथमिक स्रोतका रूपमा लैङ्गिक समस्या र चेतना प्रयोग भएका छयालिस ओटा नेपाली उपन्यासहरू रहेका छन् । उक्त उपन्यास निम्नबमोजिम छन् : *राजपूत रमणी, रूपमती, भ्रमर, माइतघर, को अछूत?, स्वास्नीमान्छे, शान्ति, गंकी, प्रतिज्ञा, अनुराधा, पल्लो घरको झ्याल, पश्चात्ताप, चम्पा, आशमाया, तीन घुम्ती, अतृप्त, छेकुडोल्मा, इन्साफ, मम्मी, निर्बन्ध, अनीता, बेचिएकी चेली, स्वर्गीय हीरादेवीको खोज, सहयात्री, बोनी, अतिरिक्त, त्रिदेवी, तरुनी खेती, अन्तर्द्वन्द्व, अन्त्यहीन अन्त्य, नन्दिता, अघोषित द्वन्द्व, उसको लोग्ने र बिरालो, निष्कर्ष, निर्णय, राधा, समानान्तर आकाश, अर्धसत्य, मानसी, वल्लीको डायरी, हीरा, त्रिवेणी आमा, सलिजो, अनावृत्त, अग्निवाटिका र कुमारी आमा ।*

द्वितीयक स्रोत सामग्रीअन्तर्गत आधिकारिक महत्त्वका सैद्धान्तिक पुस्तक तथा विश्वकोश, नेपाली उपन्यासमा लैङ्गिक समस्या र चेतना सम्बन्धी गरिएका अनुसन्धान पत्र, शोधपत्र, शोध

प्रबन्ध तथा ग्रन्थहरू, नेपाली उपन्यासको लैङ्गिक अध्ययन सम्बन्धी पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू तथा लैङ्गिक अध्ययनका सन्दर्भ सामग्रीहरू रहेका छन् ।

३.३ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अनुसन्धानमा जम्मा छयालिस जना उपन्यासकारका नेपाली भाषामा लेखिएका लैङ्गिक समस्या र चेतना प्रयोग भएका छयालिस ओटा उपन्यासको सर्वेक्षण र विश्लेषण गर्दा लैङ्गिक तथा यौनिक दृष्टिले सबैभन्दा सचेत, सशक्त र प्रभावकारी ठहरिएका विभिन्न क्षेत्रका प्रतिनिधिमूलक उपन्यासमध्ये सामाजिक यथार्थवादी प्रगतिवादी, नारीवादी (पुरुष लिखित र महिला लिखित), मनोविश्लेषणात्मक, समलैङ्गिक (स्त्री समलैङ्गिक र पुरुष समलैङ्गिक) गरी एक एक ओटा गरी जम्मा छ ओटा उपन्यासको मात्र विश्लेषण गरिएको छ । प्रतिनिधिमूलक देहायबमोजिमका उपन्यासहरूको विश्लेषण गरिएको छ :

औपन्यासिक क्षेत्र	**सामाजिक यथार्थवादी प्रगतिवादी**	**नारीवादी**		**मनोविश्लेषणात्मक**	**समलैङ्गिक**	
		पुरुष लिखित	**महिला लिखित**		**स्त्री समलैङ्गिक**	**पुरुष समलैङ्गिक**
उपन्यासकार	शीतविन्दु	हृदयचन्द्र सिंह प्रधान	पद्मावती सिंह	विश्वेश्वरप्रसाद कोइराला	मोहनराज शर्मा	इन्द्रकुमार श्रेष्ठ 'सरित्'
उपन्यास	*सहयात्री*	*स्वास्नी मान्छे*	*समानान्तर आकाश*	*तीन घुस्ती*	*सलिजो*	*अर्धसत्य*

३.४ उपन्यास विश्लेषणका प्रतिमान निर्माण

लैङ्गिक समालोचनाले कृतिभित्र रहेका विचार, कथावस्तु, चरित्र, परिवेश, भाषा र यौनिकतालगायतका लैङ्गिकता तथा लैङ्गिक भूमिकाको लैङ्गिक दृष्टिले विश्लेषण र मूल्याङ्कन गर्ने कार्य गर्दछ । त्यसैले लैङ्गिक समालोचनाको क्षेत्र अत्यन्त व्यापक हुन्छ । कृतिभित्र रहेको सामाजिक तथा सामयिक अवस्थाको विश्लेषण गर्दा समाजले निर्धारण गरेको लैङ्गिक भूमिका र यौनिकताका पक्षहरूलाई विशिष्ट ढङ्गले उठान र प्रस्तुत गर्नका लागि लैङ्गिक समालोचनाको आवश्यकता पर्दछ । साहित्यिक अध्ययन विश्लेषणको उत्तरवर्ती समालोचना प्रवृत्तिका रूपमा यसको धरातलमा महिला र पुरुषले कस्ता कार्य तथा दायित्व

बहन गरेका छन् ? र प्रस्तुत गरिएको परिवेशमा लैङ्गिकतासँग सम्बन्धित के कस्ता समस्या रहेको देखिन्छ ? अनि ती समस्यालाई निराकरण गर्न लेखकीय दृष्टि वा विचार के कसरी प्रस्तुत भएको छ ? भन्ने कुराको लेखाजोखा गर्दै समालोचक वा अध्येताको निष्कर्षात्मक सुझावसमेत लैङ्गिक समालोचनाको अपेक्षणीय पक्ष मानिन्छ ।

लैङ्गिक अध्ययनको सन्दर्भ (विगतदेखि वर्तमान समयसम्मलाई आधार बनाउँदा) साहित्यिक भन्दा गैरसाहित्यिक क्षेत्रमा अत्यधिक मात्रामा विकास भइरहेको पाइन्छ । खास गरी सामाजिक, राजनैतिक तथा आर्थिक मुद्दाहरूमा लैङ्गिकताका आयामहरू तीव्र गतिमा बढिरहेका छन् । लैङ्गिकता महिला, पुरुष तथा अन्य लिङ्गी प्रकृति भएका व्यक्तिहरूको जीवनशैली, उनीहरूको मनोवृत्ति, अवसर, अधिकार, कर्तव्य र भूमिकाका सवालमा मात्र सीमित नभएर पृथक् लिङ्गी यौनिकता, समलिङ्गी यौनिकतालगायतका मनोयौनिक व्यवहारका विविध पाटाहरूमा समेत फैलिएको छ । साहित्य समाजकै प्रतिबिम्ब, व्यक्तिको कल्पना र मनोबिम्ब तथा चेतना र अपेक्षाहरूको प्रतिरूप भएकाले लैङ्गिकताको सन्दर्भ साहित्यिक विधाहरूमा स्वाभाविक ढङ्गले अवतरित भएकै हुन्छ । त्यसैले साहित्यिक रचनाको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्ने समालोचनाको शाखालाई लैङ्गिक समालोचनाका रूपमा लिइन्छ ।

साहित्येतर र साहित्यिक वाङ्मयमा लैङ्गिकताको प्रस्तुति कुनै न कुनै रूपमा भएकै हुन्छ । लैङ्गिक अध्ययन र विश्लेषणका लागि समय, परिवेश, उद्देश्य, प्रयोजन तथा सामाजिक अवस्थाअनुसार विभिन्न आधार निर्माण गर्नुपर्ने हुन्छ । एक अवस्थामा स्थापित र निर्धारित आधारहरू सबै अवस्थामा उत्तिकै स्विकार्य र अनिवार्य हुन्छन् भन्न सकिन्न । त्यस्तै साहित्यिक र गैरसाहित्यिक सन्दर्भमा समेत अध्ययनका आधारहरू भिन्नभिन्न किसिमले निर्धारण गर्नुपर्ने हुन सक्छ ।

प्रस्तुत शोधमा लैङ्गिक अध्ययन र समालोचनाका सैद्धान्तिक तथा प्रयोगात्मक ग्रन्थहरूको गहन अध्ययन गरी सैद्धान्तिक पक्षलाई केन्द्रबिन्दु बनाएर अनुसन्धान विश्लेषणको प्रमुख आधार स्थापना गरिएको छ । त्यस्ता स्थापनाका आधारमा नेपाली उपन्यासमा प्रयुक्त लैङ्गिक तथा यौनिक अवस्था तथा चेतनाको विश्लेषणका निमित्त उपयोगी हुने सैद्धान्तिक प्रारूप तथा विश्लेषणका दस ओटा प्रतिमानहरू तयार गरिएको छ । उक्त सैद्धान्तिक प्रारूप तथा विश्लेषणका प्रतिमानहरूका आधारमा लैङ्गिक एवम् यौनिक समस्या र चेतना प्रयोग भएका छयालिस ओटा उपन्यासको सर्वेक्षण गरिएको छ । सर्वेक्षणपश्चात् छनोट गरिएका लैङ्गिक र यौनिक समस्या तथा चेतना प्रयोग भएका प्रतिनिधिमूलक छ ओटा नेपाली

उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषण गर्दा जैविक, सामाजिक, सांस्कृतिक आर्थिक, राजनैतिक, शैक्षिक आदि सन्दर्भहरूमा रहेका लैङ्गिकताका पक्षहरूको विश्लेषण गरिएको छ । त्यस्तै मनोयौनिक र मनोवैज्ञानिक अध्ययनमा गे यौनिकता, लेज्बियन यौनकता, द्विलिङ्गी यौनिकता, परिवर्तित यौनिकता, विपरीत लिङ्गीय यौनिकता जस्ता पक्षहरूको अध्ययन विश्लषेण गरिएको छ । साथै उपन्यासमा रहेको भाषाको पनि लैङ्गिक दृष्टिले विश्लेषण गरिएको छ । छ ओटा उपन्यासमध्ये चार ओटा उपन्यासमा लैङ्गिक पक्षलाई प्राधान्य दिइएको पाइन्छ भने दुई ओटा उपन्यासमा यौनिक पक्ष प्रबल रहेको छ । त्यसैले चार ओटा उपन्यास *स्वास्नीमान्छे, तीन घुस्ती, सहयात्री* तथा *समानान्तर आकाश*को विश्लेषण गर्दा दस ओटा प्रतिमानको उपयोग गरिएको छ भने *सलिजो*को विश्लेषणमा सात ओटा प्रतिमान एवम् *अर्धसत्य*को विश्लेषणमा छ ओटा प्रतिमान उपयोगमा ल्याइएको छ । उपन्यासमा रहेका सम्बन्धित सबै पक्षको विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययन नेपाली उपन्यास विधामा मात्र सीमित भएकाले उपन्यास विश्लेषणका लागि निश्चित आधार तयार गरिएको छ जसका आधारमा विश्लेष्य उपन्यासमा रहेका लैङ्गिक अवस्थाको विश्लेषण र मूल्याङ्कन गरिएको छ । उपन्यासको लैङ्गिक विश्लेषणका लागि यहाँ उल्लेख गरिएका आधार मात्र पूर्ण आधार हुन् भन्न सकिदैन । त्यो अध्येताको उद्देश्य, प्रयोजन तथा उपन्यासको प्रकृतिमा निर्भर रहन्छ । लैङ्गिकतासँग सम्बन्धित अन्य अध्ययनका सवालमा यहाँ प्रस्तुत गरिएका आधारभन्दा कम वा बढी तथा भिन्न किसिमका आधार पनि प्रयोगमा ल्याउन सकिन्छ । उपन्यास विश्लेषणका आधारलाई उपन्यास विश्लेषणका प्रतिमान तथा उपन्यास विश्लेषणका सूचक पनि भन्न सकिन्छ । आधारभन्दा प्रतिमान र प्रतिमानभन्दा सूचक बढी विशिष्ट शब्द भए तापनि अध्ययनको प्रकृतिका आधारमा उपन्यास विश्लेषणका प्रतिमान तथा सूचकलाई पर्यायवाची शब्दका रूपमा प्रयोग भए पनि प्रतिमान शब्दको अधिक प्रयोग गरिएको छ । नेपाली उपन्यासमा रहेको लैङ्गिकताको विश्लेषण गर्ने सन्दर्भमा लैङ्गिक अध्ययनका क्षेत्र तथा उपन्यास विधाका तत्त्वलाई समन्वय गरी यी प्रतिमानहरू निर्माण गरिएको हो ।

छनोट गरिएका लैङ्गिक र यौनिक समस्या तथा चेतना प्रयोग भएका प्रतिनिधिमूलक छ ओटा नेपाली उपन्यासको विश्लेषणका लागि निर्माण गरिएका दस ओटा प्रतिमानहरू निम्नबमोजिम रहेका छन् :

१. शीर्षक

२. कथावस्तु

३. चरित्र र जैविकता

४. लैङ्गिकताको अवस्था

५. लैङ्गिक भूमिका

६. लैङ्गिक समस्या

७. लैङ्गिक चेतना र सशक्तीकरण

८. यौनिकता र यौनिक समस्या

९. लैङ्गिकताको भाषा

१०. परिणति र सन्देश

लैङ्गिकतासँग सम्बन्धित विविध सन्दर्भहरूको उपन्यासमा खोजी गरी त्यसका आधारमा उपन्यासको विश्लेषण र मूल्याङ्कन गर्ने हेतु तथा अध्ययनको उद्देश्यलाई मुख्य केन्द्र बनाएर उपन्यासको लैङ्गिक विश्लेषणका आधारहरूको परिचय निम्नानुसार रहेको छ :

३.४.१ **शीर्षक**

कुनै पनि उपन्यासको नाम वा परिचय नै शीर्षक हो । शीर्षकले उपन्यासको पहिचान तथा सूचना प्रस्तुत गर्दछ । लैङ्गिक सन्दर्भ तथा समस्यासँग सम्बन्धित उपन्यासको शीर्षकले अभिधात्मक, प्रतीकात्मक वा व्यङ्ग्यात्मक रूपमा लैङ्गिकतालाई नै चिनाएको हुन्छ । नेपाली उपन्यास परम्परामा कथानक र उपन्यासको मूल भावसँग सम्बन्ध देखाउने शीर्षकहरू राखिएको पाइन्छ भने अधिकांश उपन्यासहरूको शीर्षक उपन्यासका प्रमुख पात्रको नामबाट नै राखिएको पाइन्छ । त्यस्तै केही उपन्यासका शीर्षक प्रतीकात्मक पनि देखिन्छन् । लैङ्गिक समस्या र चेतनासँग सम्बन्धित उपन्यासमा पनि लैङ्गिकताको सन्दर्भ कुनै न कुनै रूपमा शीर्षकमा व्यक्त हुन्छ । नेपाली उपन्यासको विश्लेषणका सन्दर्भमा शीर्षकको पनि विश्लेषण गर्नुपर्ने हुनाले यसलाई उपन्यास विश्लेषणको आधार बनाइएको छ ।

३.४.२ **कथावस्तु**

उपन्यासभित्र रहेका घटनाहरूको कार्यकारण शृङ्खलाको स्रोत कथावस्तु हो । कथावस्तुलाई कथा र कथानकको आधार सामग्री भनिन्छ । कथानक तयार गर्नका लागि कथावस्तुको आवश्यकता पर्दछ । त्यसैले कथानक र कथावस्तुलाई पर्यायका रूपमा पनि लिइन्छ । पात्रहरूले खेलेका भूमिका तथा उनीहरूको कार्य र सक्रियताको आधार कथावस्तु हो । एउटा

उपन्यासभित्र विभिन्न किसिमका कथावस्तुको विन्यास गरिएको हुन्छ भने कतिपय उपन्यासभित्र एउटै कथावस्तु मात्र पनि रहेको हुन्छ । उत्तरआधुनिक दर्शनबाट प्रभावित र आधारित उपन्यास (कतिपय उपन्यासलाई अउपन्यास पनि भनिन्छ) मा परम्परित शृङ्खलाबद्ध कथानक हुँदैन तर कथावस्तु अर्थात् कच्चा पदार्थ वा आधार सामग्री नभई हुँदैन । विशृङ्खल किसिमकै भए पनि पात्रहरूको कार्य, निश्चित घटना आदिको वर्णन गरिएको हुन्छ भने कतिपय उपन्यासमा सूत्रात्मक कथावस्तु समावेश गरिएको हुन्छ ।

नेपाली उपन्यासमा रहेको लैङ्गिकता तथा लैङ्गिक सन्दर्भ र यौनिकताको विश्लेषण गर्ने सन्दर्भमा उपन्यासमा रहेका कथावस्तुमा के कस्तो लैङ्गिक भूमिका र घटना तथा समस्याहरू शृङ्खलित वा वर्णित छन् भन्ने कुराको खोजी गरी विश्लेषण गर्नुपर्ने हुन्छ । त्यसैले कथावस्तुलाई उपन्यास विश्लेषणको महत्त्वपूर्ण आधारका रूपमा उपयोग गरिएको छ ।

३.४.३ चरित्र र जैविकता

उपन्यासको कथावस्तु, घटना तथा विशेषतालाई प्रस्तुत गर्न उपन्यासमा प्रयोग गरिने मानवीय वा मानवेतर प्राणी नै चरित्र हो । चरित्रलाई पात्र पनि भनिन्छ । उपन्यासमा जुन तत्त्वका सहयोग र माध्यमबाट घटनाहरू घटित हुन्छन् तथा विकसित हुन्छन्, तिनीहरू नै चरित्र हुन् । कतिपय अवस्थामा पात्रहरूको काम लेखक स्वयंले निर्वाह गरेको पनि हुन्छ । चरित्र वा पात्रहरू आदर्श, यथार्थ, स्थिर, गतिशील, प्रमुख, सहायक, स्त्री, पुरुष आदि विविध प्रवृत्तिका हुन्छन् । उपन्यासमा व्यक्त गरिएको घटना तथा कार्यहरूको गतिशीलताका लागि चरित्र आवश्यक पक्ष हुन् ।

उपन्यासको लैङ्गिक विश्लेषणका सन्दर्भमा चरित्रलाई महत्त्वपूर्ण आधारका रूपमा लिइन्छ । लैङ्गिकता र यौनिकताको विश्लेषणका क्रममा उपन्यासमा वर्णन गरिएका चरित्रहरूको लैङ्गिक र यौनिक संरचनाका पक्षहरूको व्याख्या गर्नुपर्दछ । महिलाका शारीरिक र जैविक संरचना, यौनिक गुण, पुरुषका शारीरिक संरचना, जैविक विशेषता र यौनिक गुण तथा अन्तर्लिङ्गी जैविक संरचनाका पक्षहरूको व्याख्या तथा विश्लेषणका लागि चरित्र र जैविकतालाई उपयोग गर्नुपर्दछ । लैङ्गिक समस्यामा चरित्रले खेलेको भूमिका, चरित्रका समस्या, उनीहरूका व्यवहार, मनोवृत्ति, चेतना तथा व्यक्तित्वका पक्षहरूको अध्ययन विश्लेषण पनि यसै आधारअन्तर्गत गरिन्छ । उपन्यासमा प्रस्तुत गरिएको चरित्रले लैङ्गिकतासम्बन्धी के कस्ता कार्यहरू तथा समस्याहरू भोग्नु परेको छ ? र ती समस्यामा अन्य चरित्रले गरेका कार्य

र भूमिकाको व्याख्या गर्नका लागि पनि चरित्रको व्याख्या गर्नुपर्दछ । उपन्यास विश्लेषणका सन्दर्भमा चरित्र तथा जैविकतालाई महत्त्वपूर्ण आधारका रूपमा उपयोग गरिएको छ ।

३.४.४ लैङ्गिकताको अवस्था

उपन्यासका विभिन्न सामाजिक परिवेश र अवस्थामा लैङ्गिकताको प्रस्तुति के कसरी गरिएको छ ? भन्ने सवाल महत्त्वपूर्ण हुन्छ । उपन्यासको परिवेश, समय, सन्दर्भ, वातावरण आदि कुराहरूले लैङ्गिकताको अवस्था विश्लेषण गर्न सकिन्छ । त्यस्तै उपन्यासभित्रको समाज र संस्कृति, आर्थिक अवस्था, राजनीतिक सन्दर्भ, शैक्षिक सन्दर्भ, स्वास्थ्य, नैतिकता, जीवनशैली, रहनसहन, रीतिरिवाज आदि कुराहरू नै लैङ्गिकताको अवस्थाअन्तर्गत पर्दछन् । शिक्षा तथा शैक्षिक सन्दर्भहरूमा लैङ्गिकताको स्थिति पहिल्याउन, आर्थिक तथा राजनीतिक क्षेत्रमा लैङ्गिकताको अवस्था निक्यौंल गर्न, सामाजिक, सांस्कृतिक तथा धार्मिक पक्षमा लैङ्गिकताको स्तर र अवस्था पत्ता लगाउन साथै सामयिक वातावरण तथा उपन्यासमा वर्णित ऐतिहासिक पक्षहरूमा लैङ्गिकताको स्थिति विश्लेषण गर्ने कार्यहरू लैङ्गिकताको अवस्थाअन्तर्गत पर्ने भएकाले यसलाई उपन्यास विश्लेषणको आधार बनाइएको छ ।

३.४.५ लैङ्गिक भूमिका

उपन्यासमा प्रस्तुत गरिएका चरित्रहरूको कार्य तथा सक्रियताबाट प्राप्त हुने उपलब्धि नै लैङ्गिक भूमिका विश्लेषणका आधार हुन् । कुनै चरित्रहरू सामाजिक प्रतिष्ठा र वैभवका लागि सक्रिय भएका हुन्छन् भने कुनै चरित्रहरू आर्थिक उपार्जनमा केन्द्रित हुन्छन् । कतिपय चरित्रहरूले निरन्तर सक्रिय भई कार्य गरिरहेका हुन्छन् तर तिनीहरूको कार्यबाट आर्थिक प्रतिफल प्राप्त भएको देखिंदैन । उपन्यासमा शृङ्खलित कथानक तथा चरित्रको कार्यात्मक अवस्था समाज निर्मित सन्दर्भसँग प्रत्यक्षतः सम्बन्धित हुन्छन् ।

यसरी उपन्यासका चरित्रहरूले गरेका कार्य नै भूमिका हुन् । त्यस्तै महिला पात्रले गर्ने कार्य तथा पुरुष पात्रले गर्ने कार्य नै लैङ्गिक भूमिकाअन्तर्गत पर्दछन् । सामान्यतया महिला पात्रहरूले गर्ने कार्य सन्तानोत्पादन र घरायसी हुन्छन् भने पुरुष पात्रहरूले गर्ने कार्य आर्थिक लाभ तथा सामाजिक प्रतिष्ठा र इज्जतसँग जोडिएका हुन्छन् । त्यसबाहेक पुरुषले घरायसी वा आर्थिक प्रतिफल नदेखिने कार्य र महिलाले सामाजिक तथा आर्थिक भूमिका निर्वाह गर्ने कार्य पनि गरेका हुन सक्छन् । यसरी महिला र पुरुषमध्ये कुन लैङ्गिकता भएका चरित्रले के कस्ता भूमिका (जस्तो किः आर्थिक, घरायसी, सामाजिक, पुनरुत्पादक) खेलेका छन् ? भन्ने कुराको

विश्लेषण गर्नुपर्दछ । यस्तो विश्लेषण गर्नु नै लैङ्गिक भूमिकाको विश्लेषण गर्नु भएकाले यसलाई महत्त्वपूर्ण आधारका रूपमा उपयोग गरिएको छ ।

३.४.६ लैङ्गिक समस्या

लैङ्गिक समस्या भन्नाले कुनै पनि लैङ्गिकता भएका व्यक्तिहरूले आफूमा भएको लैङ्गिक पहिचान र परिचयका कारणबाट झेल्नु परेका अप्ठ्यारा, कठिनाइ, उपेक्षा, चुनौती, हिंसा, अपमान, दुर्व्यवहार, दबाब, विभेद, असमानता, दमन, शोषण, पीडा आदि कुराहरू भन्ने बुझिन्छ । घृणा, अस्वीकार, सामाजिक बहिष्कार, आरोप, दण्ड तथा मृत्युजस्ता परिणामसमेत लैङ्गिक समस्याका कारणबाट जन्मिन पुग्छन् । उपन्यासमा प्रस्तुत गरिएका चरित्रहरूले विभिन्न समस्याहरू भोग्नु परेका उदाहरणहरूको खोजी गरी ती समस्याहरूको विश्लेषण गर्नुपर्दछ । सामान्यतया महिला तथा तेस्रो लिङ्गी यौनिकता भएका व्यक्तिहरूले पितृसत्तात्मक समाजका कारणले विभिन्न लैङ्गिक समस्या भोग्नुपरेको अवस्था विद्यमान औपन्यासिक परिवेशमा भेट्न सकिन्छ । पुरुषले भन्दा महिलाले र पृथक लिङ्गी यौनिकता भएका व्यक्तिभन्दा समलिङ्गी यौनिकता भएका व्यक्तिहरूले भोग्नुपरेका समस्या बढी पाइन्छन् । त्यस्तै पुरुष भएका कारणले पनि कतिपय समाजमा पुरुषले उपेक्षा र हिंसा बेहोर्नुपरेको स्थिति पनि हुन सक्दछ । प्रस्तुत अध्ययनमा उपन्यासमा रहेको लैङ्गिकताको विश्लेषण गर्ने क्रममा लैङ्गिक समस्याको तथ्यपरक विश्लेषण गरिएको छ ।

३.४.७ लैङ्गिक चेतना र सशक्तीकरण

लैङ्गिक परिचय र पहिचानका कारणबाट वा पितृसत्तामुखी समाजका कारणबाट कुनै पनि लैङ्गिकता र यौनिकता भएका स्त्री, पुरुष वा अन्य लिङ्गी गुण भएका व्यक्तिहरूलाई समस्याबाट माथि उठाउने सोचाइ वा जागरणलाई लैङ्गिक चेतना भनिन्छ । त्यस्तै समस्याग्रस्त व्यक्तिहरू जो लैङ्गिकताका कारणले समस्यामा पारिएका हुन्छन्, त्यस्ता लैङ्गिकता तथा यौनिकता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर विशेष सुविधा र सबलीकरणका साथमा मूल धारमा ल्याउने कार्यलाई सशक्तीकरण भनिन्छ । सशक्तीकरणबाट मात्र समानतामूलक समाजको अपेक्षा गर्न सकिने भएकाले लैङ्गिक समतालाई यसैअन्तर्गत राख्नुपर्ने हुन्छ । अग्राधिकार तथा आरक्षणको व्यवस्थासहित व्यक्तिहरूलाई सशक्त पार्ने प्रयत्न नै सशक्तीकरण हो । उपन्यासमा रहेका चरित्रहरूलाई विभिन्न शैक्षिक, सामाजिक, आर्थिक अवसरहरूमा के कसरी सचेत र सशक्त पारिएको छ ? भन्ने कुराको विश्लेषणका लागि यस आधारलाई अपनाउनुपर्ने हुन्छ । नेपाली उपन्यासका परिवेशमा स्त्रीलाई के कस्ता अवसरहरूमा

स्थान दिइएको छ ? तथा समलिङ्गी यौनिकता भएका व्यक्तिहरूको अधिकार र क्षमता तथा योग्यता प्रवर्धनका निमित्त के कस्ता सुविधा र विशेष व्यवस्था गरिएको छ ? भन्ने कुराको खोजी गरी व्याख्या तथा विश्लेषण गर्न यो आधार उपयोगी बनेको छ । त्यस्तै कतिपय समाजमा पुरुष भएका कारणले पनि लैङ्गिक समस्यामा पारिएका छन् भने त्यस्ता व्यक्तिहरूको क्षमता विकासमा भइरहेका कार्यहरूलाई पनि लैङ्गिक चेतना र सशक्तीकरणअन्तर्गत राख्नुपर्ने हुन्छ । नेपाली औपन्यासिक परिवेशमा पुरुषबाट महिला र पृथक् लिङ्गीबाट समलिङ्गी यौनिकता भएका व्यक्ति समस्यामा पारिएकाले महिला तथा समलिङ्गीहरूलाई प्रदान गरिने शिक्षा, स्वास्थ्य, रोजगारी तथा विविध सामाजिक प्रतिष्ठा तथा सुरक्षा र अवसरहरूलाई लैङ्गिक चेतना र सशक्तीकरणका महत्त्वपूर्ण सूचकका रूपमा लिनु पर्दछ । त्यसैले उपर्युक्त पक्ष तथा सूचकका आधारमा उपन्यासको परिवेश, चारित्रिक भूमिका तथा कार्य र विचारमा रहेको लैङ्गिक चेतना तथा सशक्तीकरणको अवस्थालाई पहिचान गरी विश्लेषण गरिएको छ ।

३.४.८ यौनिकता

यौनसँग सम्बन्धित विशेषता, अवस्था, प्रस्तुति, हाउभाउ, लवाइ, बोली, सम्पर्क सम्बन्ध, संरचना, शैली तथा व्यवहारजस्ता गुणहरूको सन्दर्भलाई यौनिकता भनिन्छ । यौनिकताअन्तर्गत इच्छा, उत्तेजना, आकर्षण, सम्बन्ध आदि कुरा पनि पर्दछन् । सामान्यतया महिला, पुरुष तथा अन्य लिङ्गी गुण भएका व्यक्तिहरूको आआफ्नै किसिमको यौनिकता हुने गर्दछ । अझ पृथक् लिङ्गी यौनिकता, समलिङ्गी यौनिकता, द्विलिङ्गी यौनिकता, अन्तर्लिङ्गी यौनिकता तथा परिवर्तित लिङ्गी यौनिकताका सन्दर्भहरूको विश्लेषण यौनिकताअन्तर्गत गरिन्छ । उपन्यासमा रहेका चरित्रहरूले गरेका यौनिक व्यवहारहरूको विश्लेषणका लागि यस आधारको उपयोग गर्नुपर्दछ । पोसाक लवाइ, भाषिक प्रयोग, हेराइ, हाउभाउ तथा सङ्केत, मनोयौनिक उत्तेजना र आकर्षण, स्पर्श, अँगालो हाल्नु, हात मिलाउने तरिका, शृङ्गार, मुस्कान आदि व्यवहारहरू यौनिकता विश्लेषणका सूचक हुन् । उपन्यासभित्रका चरित्रहरूका उपर्युक्त यौनिक व्यवहार के कस्ता छन् ? ती व्यवहारहरूलाई उपन्यासमा कसरी प्रस्तुत गरिएको छ ? भन्ने कुराको व्याख्या तथा विश्लेषण यौनिकताअन्तर्गत गरिन्छ । त्यस्तै पृथक् लिङ्गी यौनिकता र समलिङ्गी यौनिकता भएका व्यक्तिहरूको खोजी गरी तिनीहरूको विश्लेषणका लागि पनि यसै आधारलाई उपयोग गरिएको छ ।

३.४.९ **लैङ्गिकताको भाषा**

लैङ्गिक अवस्था तथा स्तर चिनाउने किसिमबाट एउटा लैङ्गिकता भएको वर्ग/व्यक्तिले अर्को लैङ्गिकता भएको वर्ग/व्यक्तिसँग भाषिक व्यवहार गर्दा फरक वा भिन्न किसिमले सङ्केत गर्नु तथा एउटा लैङ्गिक वर्गले अर्को लैङ्गिक वर्गमाथि भाषिक हिसाबले विशेष सङ्केत गर्नु, चिन्हित सङ्केतको प्रयोग गर्नु तथा एउटा लैङ्गिक अवस्थाका व्यक्तिसँग सम्बन्धित भाषालाई मानक र सर्वसामान्य रूपमा प्रयोग गर्नुका साथै खास लैङ्गिकता र यौनिकता भएका व्यक्ति तथा समूहले आफ्नै किसिमका विशेष भाषिक सङ्केतको प्रयोग गर्ने भाषिक व्यवहारको अवस्था नै लैङ्गिकताको भाषा हो । महिलाले पुरुषलाई गर्ने भाषिक व्यवहार, शब्द, आदर, वाक्य तथा पुरुषले महिलालाई गर्ने भाषिक व्यवहार शब्द, आदर, वाक्य र समग्र संवाद अनि बोध अभिव्यक्तिका सन्दर्भहरूको विश्लेषण यसैअन्तर्गत गरिन्छ । त्यस्तै महिलालाई सर्वसाधारणले गर्ने सम्बोधन र भाषिक परिचय तथा पुरुषलाई सर्वसाधारणले गर्ने भाषिक व्यवहारमा रहेको लैङ्गिकताको अवस्था पनि विश्लेषण गर्नुपर्ने हुन्छ । उपन्यासमा रहेको भाषिक पक्ष र लैङ्गिकताको सन्दर्भ खोजी गरी विश्लेषण गर्नका लागि यस आधारको उपयोग गरिन्छ । उपन्यासमा रहेका विभिन्न चरित्रहरूमध्ये स्त्री चरित्रले पुरुष र स्त्रीसँग तथा पुरुष चरित्रले पुरुष र स्त्रीसँग के कस्ता भाषिक व्यवहारहरू गर्दछन् भन्ने कुराको विश्लेषण एकातर्फ हुन्छ भने अर्कातर्फ यौनिक भाषाका संरचनाहरूका के कसरी प्रयोग गरिएको छ भन्ने व्याख्या पनि गरिन्छ । साथै पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिले गर्ने भाषिक प्रयोग र समलिङ्गी तथा अन्य लिङ्गी यौनिकता भएका व्यक्तिले प्रयोग गर्ने भाषिक व्यवहारको विश्लेषणका लागि लैङ्गिकताको भाषालाई आधारका रूपमा प्रयोग गर्नुपर्दछ । लैङ्गिकताका आधारमा महिला र पुरुषले प्रयोग गरेको भाषिक संरचना, उच्चारण, शब्दभण्डारको प्रयोग महिला, पुरुष तथा अन्य लिङ्गीले गरेका भाषिक सङ्केतहरू, विभिन्न लैङ्गिकता र यौनिकता भएका व्यक्तिहरूलाई चिनाउन प्रयोग गरिएका बिम्ब, प्रतीक तथा विशेष शब्दावली आदिको खोजी गरी विश्लेषण गरिएको छ ।

३.४.१० **परिणति र सन्देश**

उपन्यासका चरित्र तथा कथानकका माध्यमबाट प्रस्तुत गरिएको मूल कथ्य वा समष्टि नै परिणति हो । परिणतिले औपन्यासिक निस्कर्षलाई बुझाउँछ । परिणतिका माध्यमबाट निश्चित विचार वा दृष्टिकोण प्रस्तुत हुन्छ, त्यो नै सन्देश हो । लेखक/उपन्यासकार स्वयं उपस्थित भएर वा कुनै चरित्रलाई मुख्य चरित्र बनाएर पनि सन्देश प्रस्तुत गर्न सक्दछ । परिणति र सन्देशका

आधारमा उपन्यास र स्रष्टाको उद्देश्य पनि प्रस्ट हुन्छ । लैङ्गिक समस्याकेन्द्री उपन्यासमा लैङ्गिक सन्तुलन कायम गर्ने परिणति र सन्देश भएका उपन्यासलाई लैङ्गिक दृष्टिले सशक्त र सफल मान्न सकिन्छ । साथै त्यस्ता उपन्यासमा लैङ्गिक विचार प्रकट भएको मान्न सकिन्छ भने अर्कोतर्फ लैङ्गिक समस्या राखे तापनि समस्या समाधानार्थ चरित्रका माध्यमबाट वा स्वयं स्रष्टाले नै कुनै उपाय वा विचार उठान गरेका छैनन् भने त्यस्ता उपन्यासको सन्देश स्थिर र वर्णनात्मक खालको मात्र हुने गर्दछ । लैङ्गिक संवेदनशील भाषाको प्रयोग, लैङ्गिक सन्तुलनको निर्माण, लैङ्गिक चेतना र सशक्तीकरणको प्रस्तुति, लैङ्गिक समस्याको तथ्यपरक प्रस्तुति र निराकरणका उपाय, लैङ्गिक विभेद गर्ने चरित्र वा प्रवृत्तिमाथि प्रहार गरी लैङ्गिक समानताको पक्षपोषण, पछाडि पारिएका लैङ्गिक र यौनिक अल्पसङ्ख्यकको अग्रभूमि आदि कार्यहरूमार्फत् उपन्यासमा निष्कर्षात्मक परिणति तथा लैङ्गिक सन्तुलनको सन्देश वा दृष्टिकोण प्रस्तुत गर्न सकिन्छ । यस्ता विचार प्रकट भएका उपन्यासलाई लैङ्गिक दृष्टिले सफल तथा सन्तुलित उपन्यास मानिन्छ । तसर्थ उपन्यास विश्लेषणका सन्दर्भमा परिणति र सन्देशलाई महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ ।

यसरी नेपाली उपन्यासमा रहेको लैङ्गिकताको अध्ययन विश्लेषणका लागि उपर्युक्त दस ओटा आधारहरूलाई मूलभूत प्रतिमानका रूपमा स्थापित गरेर उपन्यास विश्लेषण गर्नुपर्ने देखिन्छ । विश्लेषणका आधार वा प्रतिमान निर्माण र निर्धारण गर्दा प्रत्येक अध्ययनका समस्या, उद्देश्य र तिनीहरूको अध्ययन क्षेत्रमा आधारित हुनुपर्दछ । उपन्यासका मूल तत्त्वहरू र लैङ्गिक विश्लेषणका पक्षहरूको संयोजन गरी उपर्युक्त आधारहरू निश्चित गरिएको छ । उपन्यास विश्लेषणका लागि यी दस ओटा आधार मात्र भए पुग्छ भन्न सकिदैन त्यो त अध्ययन क्षेत्रका आधारमा निश्चित हुने कुरा हो । त्यस्तै यी दस ओटा आधारविना विश्लेषण गर्न नसकिने भन्ने पनि होइन अर्थात् अध्येताले आवश्यकताअनुसार नै विश्लेषणका आधार घटबढ र नयाँ निर्माणसमेत गर्नसक्ने भएकाले अध्ययनको प्रकृतिअनुसार आधार निर्माण पनि लचिलो हुने गर्दछ । तसर्थ नेपाली उपन्यासमा रहेको लैङ्गिकताको अध्ययन विश्लेषणका सन्दर्भमा उपर्युक्त दस ओटा आधारलाई मूल स्थापना र प्रतिमान मानिएको छ भने अवस्थाअनुसार केही घटबढ पनि भएका छन् । उपन्यासको प्रकृति र अध्ययनको उद्देश्यका आधारमा उपन्यासमा रहेको लैङ्गिकताको सन्दर्भलाई यथाशक्य तथ्यपरक, व्यवस्थित, विशिष्ट र उद्देश्यनिष्ठ ढाँचामा विश्लेषण गर्न यी आधारहरू निर्माण गरिएको छ ।

३.५ व्याख्या तथा विश्लेषण प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको भएकाले यसमा विश्लेषणात्मक तथा समालोचनात्मक विधिको उपयोग गरिएको छ । नेपाली भाषामा लेखिएका लैङ्गिक समस्या र चेतना प्रयोग भएका जम्मा छयालिस जना उपन्यासकारका छयालिस ओटा उपन्यासको सर्वेक्षण गर्दै उक्त उपन्यासको सङ्क्षेपमा मूल्याङ्कनात्मक समीक्षा गरी लैङ्गिक दृष्टिले तिनीहरूको स्थान निरूपण गरिएको छ ।

सर्वेक्षण गरी विश्लेषण गर्दा लैङ्गिक तथा यौनिक चेतना, सशक्तीकरण तथा मूलप्रवाहीकरण सहित लैङ्गिक तथा यौनिक समानता तथा सन्तुलनतर्फ अभिमुख प्रमुख उपन्यासहरूमध्ये सामाजिक यथार्थवादी प्रगतिवादी उपन्यास *सहयात्री,* पुरुष लिखित नारीवादी उपन्यास *स्वास्नीमान्छे* र महिला लिखित नारीवादी उपन्यास *समानान्तर आकाश,* मनोविश्लेषणात्मक उपन्यास *तीन घुम्ती,* स्त्री समलैङ्गिक उपन्यास *सलिजो* र पुरुष समलैङ्गिक उपन्यास *अर्धसत्य* गरी जम्मा छ ओटा उपन्यासको मात्र लैङ्गिक दृष्टिले विस्तृत विश्लेषण गरिएको छ । उपन्यासका शीर्षक लैङ्गिक कोणबाट पर्गेल्दै तिनीहरूको सार्थकतासमेत खुट्याइएको छ । उपन्यासमा रहेका विभिन्न कथावस्तुका तथ्यहरू सङ्कलन गरी उक्त कथावस्तुमा रहेका लैङ्गिकताका सन्दर्भको विश्लेषण गरिएको छ । त्यस्तै उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्र तथा उनीहरूका उत्पादक, पुनरुत्पादक, अनुत्पादक तथा सामुदायिक भूमिकालाई विश्लेषण गर्दै लैङ्गिक तथा यौनिक चेतना, सशक्तीकरण तथा मूलप्रवाहीकरण सहित समानता तथा सन्तुलनका लागि उनीहरूको उपस्थिति र भूमिकाको मूल्याङ्कन गरिएको छ ।

उपन्यासमा रहेका लैङ्गिकता तथा यौनिकताका विविध अवस्था र समस्याहरूको सूक्ष्म पहिचान गरी उक्त समस्याको सचेत समाधानमा भएका सचेत, सशक्त विचार एवम् व्यवहारहरूको अध्ययन विश्लेषण गर्दै उपन्यासमा व्यक्त मूल विचारको पनि मूल्याङ्कन गरिएको छ । उपन्यासमा पात्रहरूका माध्यमबाट र स्वयम् लेखकीय प्रस्तुतिमा प्रयोग भएको भाषामा रहेको लैङ्गिक तथा यौनिक संवेदनशीलता र सन्तुलनको पनि विश्लेषण गरिएको छ । साथै लेखकीय विचारसहित औपन्यासिक परिणति र सन्देश केलाइएको यस अनुसन्धानमा विश्लेष्य उपन्यासहरूको शैक्षणिक स्तर तथा सान्दर्भिकतासमेत निरूपण गरिएको छ । अनुसन्धानलाई प्रामाणिक र विश्वसनीय बनाउन उपन्यासभित्रका सान्दर्भिक उदाहरण वा प्रयोगहरूको सविवरण साभार गरी विश्लेषणलाई प्रस्ट पारिएको छ ।

यसरी नेपाली उपन्यासमा रहेका लैङ्गिकता तथा यौनिकताका सन्दर्भहरूलाई समीक्षात्मक अध्ययन विश्लेषण गरी सर्वेक्षणपश्चात् लैङ्गिक तथा यौनिक दृष्टिले सघन, सशक्त तथा अपेक्षित ठहरिएका विविध क्षेत्रका छ ओटा उपन्यासको गहन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

परिच्छेद चार

लैङ्गिक समालोचनाको सैद्धान्तिक प्रारूप

४.१ लैङ्गिक अध्ययनको पृष्ठभूमि

लैङ्गिक समालोचनालाई लैङ्गिक अध्ययनको विशिष्ट क्षेत्रअन्तर्गत राखिएको छ (अब्राम्स र हार्फम, २००५ : ११३) । लैङ्गिक समालोचनाको विधागत सुनिश्चितता गर्नु अघि लैङ्गिक अध्ययनकै ऐतिहासिक सन्दर्भ उठान गर्नुपर्ने हुन्छ । लैङ्गिक अध्ययनले महिला र पुरुषमध्ये कुनै एक वा व्यक्तिगत तहमा रहेको भूमिकालाई मात्र नहेरी सामाजिक संस्थाहरू, वर्ग, सङ्गठन, पेसा, समुदाय आदिमा विद्यमान लैङ्गिक अभ्यासको अध्ययन गर्दछ । यसले सामाजिक, सांस्कृतिक परिवेशमा महिला वा पुरुष जो निम्न स्थानमा रहेको, दबिएको वा दबाइएको छ, उसलाई समानतातर्फ लम्कन मुखरित गर्दछ (चौलागाई र अन्य, २०६० : ६) । समाजमा लिङ्ग, वर्ग तथा सामाजिक सांस्कृतिक रूपमा परम्परादेखि रहँदै आएको महिला र पुरुषबिचको विभेदले समतामा आधारित समाजको निर्माण हुन नसकेको तथा विकासमा महिलाहरू निकै पछि परेका तथ्यलाई महसुस गरी शैक्षिक तहमा लैङ्गिक अध्ययनको आवश्यकता ठानियो (आचार्य, २०६१ : ७) । नारी र पुरुषबिचका समाज निर्मित विविध क्षेत्र नै लैङ्गिक अध्ययनका केन्द्र हुन् (लुइँटेल, २००८ : ४६) । परम्परित सामाजिक अध्ययनले पुरुषलाई मात्र केन्द्रबिन्दु बनाएर अर्थात् पुरुषशासित सामाजिक व्यवस्थाहरूको मात्र अध्ययन गर्ने गरेको तथा नारीवादी समाजशास्त्री- हरूको उदय र सक्रियता पश्चात् नारीकेन्द्री अध्ययन, नारीकेन्द्री आन्दोलन तथा विचारहरूको प्रारम्भन भएको (पिल्चर र ह्वेलहेन, २००४ : IX) तर्क प्रस्तुत गर्दै लैङ्गिक अध्ययन पुरुष तथा नारीको सन्तुलित अध्ययन भए पनि नारीतर्फ बढी झुकाव राख्ने प्रकृतिको रहेको धारणा प्रस्तुत गरिएको पाइन्छ ।

लैङ्गिक अध्ययनको इतिहास नारीवादी आन्दोलन र नारीवादसँग प्रत्यक्षतः सम्बन्धित रहेको पाइन्छ । सन् १९६० पछि विकसित भएको नारीवादले लैङ्गिक अध्ययन तथा लैङ्गिक भूमिकाको खोजी गर्न थाल्यो । जैविक लिङ्गलाई आधार बनाएर गरिएको भिन्नता जस्तो : व्यवहार तथा क्षमता जस्ता कुराहरू नारीत्व र पुरुषत्व चिनाउने सङ्केतको उपयोगमा ल्याइएका (पिल्चर र ह्वेलहेन, २००४ : ५६) विषयको विश्लेषण लैङ्गिक अध्ययनबाट गर्न सकिन्छ ।

सन् १७८९ मा ओलम्पे दी गोगेसको *डिक्लेरेसन अफ द राइट्स अफ उमन* कृति प्रकाशित भयो । त्यसपछि सन् १७९२ मा मेरी बोल्स्टनक्राफ्टको *अ भिन्डीकेसन अफ द राइट्स अफ उमन* पुस्तक सार्वजनिक भयो । मेरीले उक्त कृति मार्फत् महिलाहरू शिक्षित भई व्यक्तित्व विकास गर्नुपर्ने र स्वतन्त्र भई दासत्वलाई अस्वीकार गर्न सक्ने निर्णयमा पुग्न सक्षम हुनुपर्ने विचार प्रकट गरेकी छन् । सन् १८३२ मा जोन स्टुअर्ट मिल र हेरिएट टैलरले विवाह र सम्बन्ध विच्छेदका बारेमा कृति सार्वजनिक गर्दै महिलाहरूले सीमित बच्चा जन्माउनुपर्ने र आफ्नै पेसा व्यवसाय गर्नुपर्ने विचार प्रकट गरी त्यसबाट नै महिलाहरूको हित हुने कुरा बताए । त्यसै गरी जोन स्टुअर्ट मिलले सन् १८६९ मा *द सब्जेक्सन अफ उमन*मार्फत महिला र पुरुषको बौद्धिक क्षमता समान छ । दुबैले निर्णायक भूमिका निर्वाह गर्नु पर्दछ तथा महिलाहरूले मताधिकार पाउनु पर्दछ भन्ने धारणा प्रस्तुत गरे । सन् १८९८ मा सार्लोट परकिन्सले *उमन एन्ड इकनोमिक्स* कृतिमार्फत् सहकारी संस्थाहरूले महिलाको सामाजिक तथा आर्थिक सक्षमता सबल पार्ने मान्यता अगाडि बढाए ।

नारीवाद तथा नारीवादी चेतना लैङ्गिक अध्ययन तथा समालोचनाको महत्त्वपूर्ण पक्ष मानिन्छ । लैङ्गिक सन्तुलन र चेतनाको बीजारोपण नारीवादबाट नै भएको पाइन्छ । नारीवादी साहित्य नारीका समस्यामा मात्र केन्द्रित रहन्छ र ती समस्या निवारणका लागि पितृसत्ताको पूर्णतः बहिष्कार गर्दछ जसका लागि समता तथा सशक्तीकरणको आवश्यकता औंल्याउँछ । उग्र नारीवादले त पुरुष निषेध अभियानको समेत वकालत गरेको देखिन्छ । लैङ्गिक चेतनामूलक साहित्य त्यस्तो पक्षपाती रहँदैन र हुनु हुँदैन तर पुस्तौँदेखि चलिआएको लैङ्गिक विभेद निर्मूल पार्न विभेदित समुदाय (समसामयिक विश्व परिवेशमा महिला) लाई अग्राधिकार तथा विशेष प्राधान्य उपलब्ध गराउन लैङ्गिक साहित्य र समालोचना केन्द्रित रहेको हुन्छ । तसर्थ लैङ्गिक समालोचनाको अभिलक्षण तत्कालका लागि नारीवादी समालोचनासँग मिल्दोजुल्दो देखिन्छ ।

सन् १९४९ मा सिमोन द बुभाको *द सकेन्ड सेक्स*ले महिलाका प्रत्येक समस्या र लैङ्गिक विभेदका केस्राकेस्रा केलाएर तिनीहरूको ऐतिहासिक पौराणिक, धार्मिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक आदि यावत क्षेत्रहरूमा स्त्री कसरी महिलामा रूपान्तरित बन्न पुगिन् भन्ने बारेमा गहन विश्लेषण गरेको छ । यस कृतिलाई नारीवादको वैचारिक आधार ग्रन्थका रूपमा समेत लिइएको छ । यसबाट लैङ्गिक चेतनाको समेत प्रादूर्भाव भएको पाइन्छ ।

जीवशास्त्रीय आधारमा जैविक अभिलक्षणका कारणले स्त्री र पुरुष दुई गुणमा विभक्त हुन्छन् । प्रकृतिले सन्तानोत्पादनको जिम्मेवारी स्त्रीलाई प्रदान गरेको छ । गर्भाशय र स्तनका

अतिरिक्त जिम्मेवारी तथा विविध ग्रन्थिहरूको उत्पादन आदिका कारणले स्त्री कोमल र शारीरिक रूपमा कमजोर अनि सन्तानका कारणले बढी भावनात्मक हुनुका माध्यमबाट स्त्रीलाई पारिस्थितिक सन्दर्भ निर्माण गरी घरायसी कामकाजमा मात्र सीमित र कुन्ठित गरियो । विविध अवसर तथा सुविधाबाट बञ्चित गर्दै पितृसत्ता हावी हुँदै गयो । अन्ततोगत्वा *मान्छे* भन्नाले *पुरुष* भन्ने बुझाइ र मान्यता रूढ बन्दै गयो । *स्त्री*लाई *मान्छे*का अगाडि *स्वास्नी* भन्ने चिन्हित शब्द थपियो र गौण बनाइयो । अझ *यौन* स्त्रीका सन्दर्भमा परिणत भयो र पुरुषले *स्त्री* वा *यौन* भन्ने पर्याय बनायो जसलाई सन्तुष्टिसँग सीमित गर्न पुग्यो । फलतः आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक यावत् क्षेत्रमा *पुरुषवाद* कायम भयो (त्रिपाठी, २०६७ : १८८-१८९) । पुरुषवादले पुरुष प्रधान र स्त्री गौण बनाउँदै सामाजिक र सांस्कृतिक तह निर्माण गऱ्यो । फलतः पुरुष मालिक र स्त्री दासका रूपमा समेत व्यवहृत हुँदै आए । पुरुषवादको एकाधिकार र हैकमका विरुद्धमा स्त्रीहरू पनि सचेत बन्न थालेपछि नारीवादको जन्म भयो । स्त्रीले आफ्नो प्राकृतिक जिम्मेवारी बाहेक अन्य सम्पूर्ण पक्षहरूमा समान सामर्थ्य देखाउन सक्छन् त्यसैले कुनै पनि अधिकार र सुविधाबाट स्त्रीलाई अलग गर्न हुन्न भन्ने लैङ्गिक सचेतना जागृत भएपछि लैङ्गिक समानताका दृष्टिकोण र विचारहरू सार्वजनिक भए । त्यसपछि साहित्यमा रहेका स्त्री तथा पुरुषका व्यवहार, भूमिका, अधिकार कर्तव्य, जीवनशैली, उपस्थिति, विचार, चरित्र, विषयवस्तु, परिवेश, भाषा आदिको खोजी व्याख्या, तुलना, विश्लेषण तथा मूल्याङ्कन गर्ने अभिप्रायले लैङ्गिक समालोचनाको जन्म भयो र समकालीन साहित्य समालोचना क्षेत्रको एक सघन विधाका रूपमा विकसित हुँदैछ ।

४.२ लैङ्गिकताको ऐतिहासिक अवस्था

मानव सभ्यताको प्रारम्भनसँगै स्त्री र पुरुषका सामाजिक भूमिका स्थापित हुँदै आए । प्राकृतिक रूपमा फरक भूमिका हुनु त छँदै छ, त्यसबाहेक अन्य (जस्तो : खाना पकाउने, खाना खोज्ने, परिवारको नेतृत्व गर्ने, समूहमा नेतृत्व गर्ने, सदस्यको कार्य वितरण र परिचालन गर्ने, बालबच्चाको स्याहार सुसार गर्ने आदि) कार्यहरू स्त्री वा पुरुष कसले गर्ने भन्ने बारेमा सुरुदेखि नै कार्य विभाजन गरिएको कुरा मानव विकासको ऐतिहासिक अध्ययन र समाजशास्त्रीय ऐतिहासिक विश्लेषणबाट प्रस्ट हुन्छ ।

प्राचीन मानव समाजमा जीवनयापनका लागि गरिने कार्य जसलाई हामी श्रम भन्न सक्छौँ, त्यसमा साना जनावरको सिकार गर्ने काममा स्त्री र पुरुषको उत्तिकै सहभागिता हुने गर्थ्यो (मिड एन्ड ह्याड्क्स, २००४ : २८) । अफ्रिकी र युरोपेली समुदायमा ७००० वर्ष

पहिलेदेखि नै स्त्रीले कृषि क्षेत्रमा श्रेष्ठ भूमिका निर्वाह गरेको इतिहास भेटिन्छ । त्यति मात्र होइन सोरौँ शताब्दीसम्म पनि कृषिजन्य उत्पादन र वितरणमा स्त्रीकै नियन्त्रण रहन्थ्यो । स्त्री र पुरुषहरू समान हैसियतका साथ आनन्दपूर्ण जीवन व्यतीत गरिरहेका थिए भन्ने कुरा अनुसन्धानले प्रस्ट्याएका छन् ।

फिरन्ते वा जङ्गली युगमा जनावरको सिकार गर्न, साधनहरू तयार पार्न र कुशलतापूर्वक कार्य सम्पन्न गर्न परिपक्व व्यक्तिहरूको खाँचो पर्थ्यो । त्यति बेला त्यस्तो कामको विभाजन लैङ्गिक भन्दा पनि उमेरगत आधारमा हुने गर्थ्यो । प्राचीन इजिप्टमा इ.पू. १५०० वर्षतिर स्त्री र पुरुषको समान कानुनी र वैधानिक हैसियत थियो । श्रेष्ठ पुरुषहरू सरकारी कर्मचारीका रूपमा रहन्थे भने श्रेष्ठ स्त्रीहरू रानी, पादरी वा प्रतिष्ठित व्यक्तिका रूपमा रहन्थे । सामान्य स्त्रीहरू कालीगढी र कृषि कार्यमा पुरुषसँगै कार्यरत रहन्थे । सन्तान उत्पादन कार्य तथा बालबच्चाको स्याहारसुसारको कार्यका लागि पनि स्त्रीलाई उच्च सम्मान दिइन्थ्यो । साथै स्त्रीले आफ्नो पेसालाई समेत यथास्थानमा कायम राख्दथे ।

इ.पू. १००० तिर निजी सम्पत्तिको अवधारणा विकसित हुन थालेपछि युद्धजनित शृङ्खलाहरू बढ्न थाले । यस्तो अवस्थामा स्त्रीमाथि पुरुषद्वारा दमन प्रारम्भ भयो र सम्पत्तिको अधिकारबाट स्त्रीहरू वञ्चित हुन पुगे (मिड एन्ड ह्याङ्क्स, २००४ : ३१) । स्पेनदेखि मध्य एसियाली क्षेत्रमा आठौँ र नवौँ शताब्दीमा शिक्षित र माथिल्लो वर्गका स्त्रीहरू व्यापारी तथा वकिल बन्दथे भने अर्कोतर्फ तल्लो वर्गका स्त्रीहरू बगैँचे, गृहस्थी बन्दथे । सोही समयमा चीनमा तल्लो वर्गका स्त्रीहरू कृषि कार्य र घरायसी कार्यमा केन्द्रित हुन्थे । जसका कारण आर्थिक हैसियतमा स्त्रीहरू पछाडि पर्दथे । फलतः सामाजिक स्तरमा पुरुषसरह उनीहरूको स्थान बन्न सक्दैनथ्यो । सहरीकरण, सामाजिक अवस्था, आर्थिक उन्नति र कर्मचारीतन्त्र आदि क्षेत्रहरूमा स्त्रीलाई अवसरबाट वञ्चित गर्ने स्थिति बन्यो । इन्डियामा भने यस्तो क्षेत्रमा लैङ्गिक रूपमा भन्दा जातिगत रूपमा विभेद रहेको पाइन्छ (मिड एन्ड ह्याङ्क्स, २००४ : ३२) । लैङ्गिकतामा पुरुषभन्दा स्त्री विविध कारणले दमित हुन पुगेको कुरा ऐतिहासिक सर्वेक्षणबाट प्राप्त गर्न सकिन्छ ।

कतिपय युद्धकालीन सन्दर्भहरू, कतिपय सामाजिक हैसियतका पक्षहरू, कतिपय आर्थिक उपार्जन अनि श्रम विभाजनका पक्षहरूले त कतिपय कानुनी मान्यताका पक्षहरूले लैङ्गिक विभेदका शृङ्खला उत्पन्न भएको तथ्य फेला पार्न सकिन्छ । वर्गीय विभेद, जातीय विभेद, धार्मिक विभेदका पक्षहरू पनि लैङ्गिक विभेदका प्रभावक तत्त्वहरू भएको पुष्टि हुन्छ । त्यस्तै

शासन प्रणाली र शासकहरूको दृष्टिकोणका कारणले विश्वका सबै मुलुकहरूमा विभिन्न प्रकृतिका लैङ्गिक भूमिकाहरू निर्माण भएको समेत पाइन्छ । यसले गर्दा कतिपय राष्ट्रमा विभेदयुक्त लैङ्गिकता र कतिपय राष्ट्रमा विभेदविहीन लैङ्गिकताका अवस्थाहरू रहेको पाइन्छ । अर्कोतर्फ समयक्रममा लैङ्गिकताको अवस्था परिवर्तनीय भइरहेको पनि पाइन्छ । कुनै न कुनै प्रकृतिको विभेदकारी लैङ्गिकता जुनसुकै समयमा पनि हरेक राज्यमा रहेको पाइन्छ । यस्तो लैङ्गिकता एकाध उदाहरणबाहेक पुरुष श्रेष्ठ र स्त्री गौण भएको अवस्था विश्वका हरेक क्षेत्रका मानव समाजमा रहेको देखिन्छ ।

सैनिकीकृत समाजमा पुरुषको सिप र क्षमतालाई उच्च मूल्याङ्कन गरी स्त्रीलाई निजी भूमिकामा सीमित गरिएको पाइन्छ । पुरुषलाई सामुदायिक कार्यमा सम्मान र सक्रियता प्रदान गर्ने गरी सांस्कृतिक रूपमा नै लैङ्गिक विभेदको शृङ्खला विकसित भएको पाइन्छ (मिड एन्ड ह्याङ्क्स, २००४ : ३३) । युद्धको समयमा बन्दी बनाइएका युवतीहरूलाई विजेता सैनिक अधिकारीहरूले वरीयताक्रमका आधारमा सुन्दर युवती छनोट गरी यौन सम्बन्ध राख्दथे (एङ्गेल्स, १९८६ : ७५) । यसबाट यौनिक रूपमा स्त्रीलाई पुरुषले वस्तुका रूपमा उपयोग गर्दथे भन्ने कुरा प्रस्ट हुन्छ । यसलाई लैङ्गिक विभेदको यौन हिंसाजन्य रूप मान्न सकिन्छ ।

एसिया र युरोपमा तेर्रौं शताब्दीतिरको सामन्ती समाजमा समाजका नाइकेहरू जसले समाजका प्रत्येक व्यक्तिमाथि सैनिक सहित आफ्नो अधिकार कायम गर्दथे । त्यस समयमा समृद्ध पुरुषको निगरानीमा तल्लो वर्गका पुरुष र स्त्रीहरूले कृषिजन्य कार्य गर्दथे । त्यही समयमा स्त्रीहरूले निजी सम्पत्तिको रेखदेख र आर्थिक उपार्जनका कार्यहरू गरेको इतिहास भेटिन्छ । यसबाट त्यो समयको समाजमा लैङ्गिकभन्दा वर्गीय विभेद रहेको प्रस्ट हुन्छ ।

चौधौं शताब्दीदेखि अठारौं शताब्दीको मध्यसम्म विकास भएको राजनीतिक र आर्थिक विकासमा लैङ्गिक विभेद द्रुत गतिमा भयो । साथै श्रममा पनि असमानता बढ्यो । कानुनी र धार्मिक पक्षहरूमा लैङ्गिक विभेदलाई अझ सघन ढङ्गले स्थापित गरेको पाइन्छ । पुँजीवादको विकाससँगै औद्योगिक क्षेत्रमा स्त्री र पुरुषले समान ढङ्गले रोजगारी गरेको भए तापनि नयाँ उत्पादित मेसिनको सञ्चालन गर्न स्त्रीलाई कठिन भएको र सिपालु पुरुषले मात्र सञ्चालन गर्न सक्ने कुराको दावी पुरुषले नै गरे (मिड एन्ड ह्याङ्क्स, २००४ : ३५) । यसबाट औद्योगिकीकरणमा पनि स्त्रीलाई विभेद गर्ने कार्य स्थापित मान्यताबाट नभई पुरुषहरूबाट भएको देखिन्छ । औद्योगिक पुँजीवाद तथा आर्थिक व्यवस्थापनका सन्दर्भमा लैङ्गिक विभेद र असमानता कामको प्रकृति तथा ज्यालादरमा मात्र नभएर यौनिक हिंसामा समेत रहेको देखिन्छ

। उद्योग कलकारखानामा काम गर्ने स्त्रीलाई मालिक र सहकर्मी पुरुषहरूबाट यौन हिंसाजन्य व्यवहार गरिने अवस्था रहेको छ । घरायसी कार्य, जसलाई अनुत्पादक कार्यका रूपमा लिइन्छ, बाट माथि उठेर उत्पादक कार्यमा सहभागी हुनु स्त्रीका लागि चुनौती छँदैछ त्यसका अलावा कार्यक्षेत्रमा हुने आर्थिक सामाजिक विभेदका अतिरिक्त यौनिक हिंसासमेत खेप्न बाध्य पारिएकाले आधुनिक युगमा लैङ्गिकताको स्वरूप अझ जटिल बन्दै गएको देख्न सकिन्छ ।

उन्नाइसौँ शताब्दीको उत्तरार्धबाट विश्वका औद्योगिक राष्ट्रहरूमा स्त्री र पुरुषले आर्थिक लाभ प्राप्त गर्ने कार्य कलकारखानामा गरेको पाइन्छ । खास गरी स्त्रीहरू टेक्स्टाइल उत्पादनमा बढी केन्द्रित रहेको देखिन्छ । तर उनीहरूलाई कर्मचारीका रूपमा मात्र लिइन्थ्यो निरीक्षक बन्न पाउँदैनथे । निरीक्षणको काम पुरुषबाट मात्र गर्ने गरिन्थ्यो । पहिलो विश्वयुद्ध तिरको समयमा उद्योगमा नयाँ मेसिन उत्पादन र सञ्चालन गर्न थालियो । त्यस्ता मेसिन पुरुषत्व केन्द्रित र बलिष्ठ पुरुषहरूले सञ्चालन गर्ने खालका बनाएपछि त अझ काम गरिरहेका महिलाहरू समेत उद्योगबाट निकालिए । यतिसम्म कि छापा उद्योगमा 'लिनोटाइप' मेसिनको प्रयोगले टाइप सेटरका रूपमा रहेका महिलाहरू कामविहीन बन्न पुगे (मिड एन्ड ह्याङ्क्स, २००४ : ३९) । यसरी आधुनिक औद्योगिकीकरणमा पनि महिला र पुरुषबिच लैङ्गिक विभेद गरेको देखिन्छ । यसकारण आर्थिक पक्षमा महिलालाई पूर्ण रूपमा उपेक्षा गरी लैङ्गिक दूरी बढाएको देखिन्छ ।

समाजवादी मुलुकहरूमा लैङ्गिक विभेद केही हदसम्म कम भएको पनि पाइन्छ । किनकि राज्यले महिला कर्मचारीलाई विशेष प्राथमिकता दिएको थियो । सन् १९१७ को परिवर्तनमा सोभियत संघले अधिक मात्रामा श्रमशक्ति र सीपविहीन कार्यमा महिलालाई प्रवेश गरायो । त्यस्तै प्राविधिक र चिकित्सा क्षेत्रमा पनि महिलाको उल्लेख्य उपस्थिति भयो । कम्युनिस्ट नेताहरूले महिला मजदुरका कारणले राष्ट्रको आर्थिक उन्नति भएकामा खुसियाली समेत मनाए (मिड एन्ड ह्याङ्क्स, २०४४ : ४३) । अकम्युनिस्ट राष्ट्रवादी परिवर्तनहरू जस्तो इजिप्ट, भारत, अफ्रिका आदि मुलुकहरूमा पनि महिलाहरू कर्मचारी तथा पेसाकर्मीका रूपमा भूमिकायोग्य भए । शैक्षिक स्तर र पेसागत भूमिकामा महिलाहरूलाई सक्षम र प्रतिस्पर्धी बनाउँदै विकासमा सकारात्मक अवस्था निर्माण गर्न समाजवादी र पुँजीवादी मुलुकहरू सफल बन्दै गए पनि वर्ग र जातिसँग जोडिएका सूक्ष्म लैङ्गिक असमानताहरूमा केन्द्रित हुन भने सकेनन् ।

उत्तरपुँजीवादी समयसम्म आइपुग्दा औद्योगिक उत्पादन र वितरणमा देखिएको विश्वव्यापीकरणले लैङ्गिक असमानतालाई हटाउँदै लगेको पाइन्छ । तर दक्षिण एसिया तथा क्यारेबियन क्षेत्रमा भने महिला र बालबालिकालाई सस्तो ज्यालादरमा मजदुरी गराइन्छ ।

स्वतन्त्र बजार क्षेत्र र निर्यातकेन्द्री बजारहरूका कारणले महिला मजदुरी र आर्थिक सक्षमता बढेकाले पनि लैङ्गिकतामा आर्थिक सन्तुलनको स्थिति निर्मित हुँदैछ ।

गार्मेन्ट उत्पादन, टेक्स्टाइल उद्योग, विद्युतीय उद्योग तथा मिष्ठान्न पसलमा महिला र पुरुषको श्रम सक्षमता हेरिन्छ । महिलाहरूलाई खास गरी हस्तकला, नियन्त्रित, गुम्फित तथा निष्क्रियतामा आधारित कामहरू लगाइने गरेको पाइन्छ । वयस्क महिलाहरू जसले उद्योगमा वयस्क पुरुषहरूसरह नै मजदुरी गर्दछन् भने पनि दसदेखि बीस प्रतिशत ज्याला कम पाउने गरेको तथ्य मिड एन्ड ह्याङ्क्स (२००४) ले प्रस्तुत गरेका छन् । महिला कामदारहरू यौनिक हिंसामा समेत पर्ने गरेको देखिन्छ । उद्योगहरूमा उपलब्ध गराइने न्यून ज्यालाका कारण कतिपय महिलाहरू यौन व्यापारमा संलग्न हुन बाध्य पारिएको समेत पाइन्छ । अर्कोतर्फ ग्रामीण गरिब महिलाहरू जीवन निर्वाहका लागि पूर्णकालीन वेश्यावृत्तिमा लागेको पनि पाइन्छ । घरायसी र कृषिजन्य कार्य महिलालाई जिम्मा लगाएर पुरुषहरू जागिरको खोजीमा सहरी इलाकामा प्रवेश गर्ने प्रवृत्ति विश्वका विकासशील मुलुकका मानिसहरूको वास्तविकता बनेको छ ।

यसरी विश्व मानव सभ्यताको प्रारम्भनदेखि अहिलेको उत्तर पुँजीवादी युगसम्म आइपुग्दा पनि लैङ्गिकताको अवस्था विभेदकारी नै रहेको पाउन सकिन्छ । लैङ्गिक विभेद जीवनयापनका प्रत्येक क्षेत्रमा रहेको छ । कतिपय विकसित मुलुकहरूमा लैङ्गिकताको स्थिति सन्तुलित तथा प्रशंसनीय रहे पनि सामाजिक, यौनिक राजनैतिक आदि सम्पूर्ण क्षेत्रमा लैङ्गिक भेदको जड आर्थिक पक्ष रहेको मिड एन्ड ह्याङ्क्स (२००४) ले जनाएका छन् । लैङ्गिक विभेदका प्रत्येक पक्षमा आर्थिक सक्षमताले प्रमुख भूमिका निर्वाह गरेको पाइन्छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको सक्रियताले गर्दा अहिले लैङ्गिकताको असमान अवस्थामा केही सुधार हुँदै गएको छ । धार्मिक तथा सांस्कृतिक क्षेत्रमा लैङ्गिकताको अवस्था अझै पनि खस्कँदो पाइन्छ । धार्मिक रुढि तथा अन्धविश्वासका कारणबाट लैङ्गिक अवस्था अत्यन्त जटिल बन्दै गएको पाइन्छ ।

४.३ लैङ्गिकतासँग सम्बन्धित मान्यताहरू

लैङ्गिकता समाजबाट स्थापित भूमिकाका आधारमा निर्धारण गरिएको अवस्था हो । मूलतः वातावरणीय पक्षबाट परिपोषित हुँदै लैङ्गिकता विकसित हुँदै आएको हो । लैङ्गिक भिन्नताको प्रमुख कारण स्त्री र पुरुषका जैविक गुणहरू हुन् भन्ने परम्परागत विश्लेषण पाइन्छ । तर लैङ्गिक समानताका पक्षपातीहरूले शक्ति, सामर्थ्य तथा स्वामित्वका कारणबाट लैङ्गिक

भिन्नता नियोजित रूपमा कायम गरिएको निष्कर्ष निकालेका छन् । नारीवादी विश्लेषकहरूले त अझ पुरुषले आफ्नो पुरुषत्व र प्रभुत्व आफ्नो घरका स्त्रीमाथि कायम गर्दै समाज तथा संस्कृतिमा विस्तार गरेकाले लैङ्गिक विभेद संस्थागत बन्दै गएको बताउँछन् । जे होस्, मानव विकासको सुरुआतदेखि अहिलेको विश्वव्यापीकरणको युगसम्म आइपुग्दा लैङ्गिकताका अवस्था परिवर्तन हुँदै आइरहेका छन् तथापि लैङ्गिक असमानता भने विविध रूप र प्रकृतिमा पाइन्छ । लैङ्गिकताको अवस्था र प्रकृति, लैङ्गिक चेतना र परिवर्तन अर्थात् लैङ्गिकताका समग्र सन्दर्भहरूको अध्ययन विश्लेषणका लागि लैङ्गिकतासँग सम्बन्धित केही मान्यताहरू देहाय बमोजिम रहेका छन् :

४.३.१ पितृसत्ता

पितृसत्ता भनेको कुनै सामाजिक एकाइ पुरुष प्रमुखद्वारा सञ्चालित हुनु हो (पिल्चर एन्ड ह्वेलहेन, २००४ : ९३) । समाजको प्रौढ तथा परिपक्व पुरुषले युवा पुरुष, सबै महिला तथा बालबालिकामाथि शक्ति र स्वामित्व कायम गरी शासन सञ्चालन गर्ने परम्परागत मान्यता नै पितृसत्ता हो । परिवार वा समाजमा बाबुको सर्वेसर्वा चल्ने, बाबुको नियन्त्रण र आदेशमा परिवारका सदस्य रहने, बाबुको वंश चल्ने व्यवस्था नै पितृसत्ता हो (अर्याल, २०६८:२९) । त्यस्तै, पुरुषको महिलामाथि संस्थागत प्रभुत्व रहेको पारिवारिक संरचनालाई पितृसत्ता भन्न सकिन्छ (आचार्य, २०६१ : २६) । पितृसत्तामा पुरुषबाट मात्र होइन महिलाबाट पनि महिलाहरू उत्पीडित हुन्छन् भन्ने कुरा आचार्य (२०६१) ले प्रस्तुत गरेका छन् ।

पितृसत्तामा पुरुषको सामाजिक हैसियत उच्च हुनुका साथै सम्पत्तिमाथि पनि मूल अधिकार रहने गर्दछ । कानुनी तथा राजनीतिक क्षेत्रमा पुरुषलाई बढी शक्ति र अधिकार प्रदान गरिन्छ । धर्म, संस्कृति, शिक्षा, मनोरञ्जन तथा पारिवारिक र घरायसी कार्यहरूमा सक्रियता तथा निर्णयी भूमिका पुरुष कै रहने गर्दछ । यति मात्र होइन महिलाको यौनिकता, प्रजनन शक्ति, गतिशीलता, श्रम, सम्पत्ति तथा उत्पादनमा पनि पूर्णतः पुरुषकै अधिकार र निर्णय हावी हुन्छ । पितृसत्ता र यसबाट निर्मित सामाजिकीकरणको प्रक्रियामा लैङ्गिक असमानता प्रबल रूपमा देखा पर्दछ । पितृसत्तात्मक व्यवस्था पनि धर्म, संस्कृति, वर्ग, क्षेत्र, परिवेश, भौगोलिकता आदि पक्षमा विविध रूपमा रहेको हुन्छ । अर्थात् लैङ्गिक विभेद र दमनको मात्रा र प्रकृति भिन्न भिन्न किसिमको हुने गर्दछ । तर जुनसुकै पितृसत्तामा पुरुष प्रधान र स्त्री गौण रहेका हुन्छन् ।

मार्क्सवादी नारीवादका अनुसार पितृसत्तात्मक प्रवृत्तिको विकासमा पुँजीवादी आर्थिक पद्धतिको प्रमुख भूमिका रहेको (पिल्चर एन्ड ह्वेलहेन, २००४ : ९४) कुरा प्रस्तुत गरिएको छ ।

जब निजी वा व्यक्तिगत सम्पत्ति प्रणालीको अन्त्य हुन्छ तब पितृसत्ता पनि सकिन्छ भन्दै आर्थिक उत्पादन र श्रम व्यवस्थामा पुरुषलाई प्रमुख स्थान दिएर महिलामाथि आर्थिक दमन गरिएको जनाइएको छ । उदार नारीवादीहरूले पितृसत्तात्मक सामाजिक संरचनाभित्र महिलाहरूको अधिकार र स्वामित्व स्थापित गरी पुरुषको एकाधिकार हटाएर लैङ्गिक सन्तुलन र विकास गर्न सकिने मान्यता अगाडि बढाएका छन् । अर्कोतर्फ आमूल नारीवादीहरूले भने महिला दमनको केन्द्रबिन्दु पितृसत्ता भएकाले त्यसको समूल अन्त्य गरी नयाँ महिलाकेन्द्री संरचना निर्माणको आवश्यकता औँल्याएका छन् । पुँजीवादी श्रम र उत्पादन प्रणालीमा महिलामाथि पुरुषले दमन कायम राखेकाले पितृसत्ता र पुँजीवादी व्यवस्थाको अन्तरसम्बन्ध द्वैत प्रणालीले लैङ्गिक असमानता कायम गर्नमा प्रमुख भूमिका खेलेको (ह्वेलहेन र पिल्चर, २००४ : ९४) कुरा प्रस्तुत गरिएको छ । पितृसत्ता भनेको पुरुष अधीनस्थ परिवार र समाज हो जहाँ महिलामाथि दमन, हिंसा, विभेद, अपमान, नियन्त्रण गरिन्छ (लुइटेल, २००८ : २०७) भन्दै पितृसत्ताबाट गरिने विभेदका ढाँचाहरू प्रस्तुत गरिएको छ । छोरालाई प्राथमिकता, खानाको वितरणमा छोरीलाई विभेद गरिनु, केटीहरूलाई शैक्षिक अवसरबाट वञ्चित गर्नु, स्वतन्त्रता र गतिशीलतामा केटीहरूलाई रोक लगाउनु, पत्नी कुट्नु, कार्यालयमा महिलामाथि यौनिक हिंसा गर्नु, पैतृक सम्पत्तिको अधिकारबाट महिलालाई बञ्चित गर्नु, महिलाको शरिर र यौनिकतामा पुरुषको नियन्त्रण हुनु तथा पुनर्उत्पादन अधिकारबाट महिलालाई बञ्चित गर्नु जस्ता व्यवहारहरू पितृसत्ताका कारणबाट निर्माण भएकाले लैङ्गिक असन्तुलनको प्रमुख कारण र आधार पितृसत्ता हो भन्न सकिन्छ । महिलाहरू पुरुषका सम्पत्ति हुन्, हरेक महिला कुनै न कुनै पुरुषको अधीनमा रहेकी हुन्छे । स्वास्नीले लोग्नेलाई स्वामी, पति, मालिक, भगवान्, ईश्वर, देव भनी अतिसम्मान र आस्था प्रकट गर्न लगाइनु पितृसत्ताकै उपज हो (लुइटेल, २००८ : २०९) । यसरी पितृसत्ता लैङ्गिक विश्लेषणका लागि एक महत्त्वपूर्ण मान्यताका रूपमा रहेको छ ।

कृतिभित्र रहेको लैङ्गिकताको वास्तविक अवस्था, लैङ्गिक सन्तुलन, महिला र पुरुषको स्थिति अनि भूमिका तथा लैङ्गिक चेतना, लैङ्गिक सामर्थ्य र सक्षमताको अवस्था पहिचान, विश्लेषण र मूल्याङ्कनका लागि महत्त्वपूर्ण स्रोत, साधन र मान्यताका रूपमा पितृसत्तालाई लिन सकिन्छ ।

४.३.२ **नारीवाद**

लैङ्गिक रूपमा समानता कायम गराउने र नारीहरूका अधिकारको वकालत गर्ने सैद्धान्तिक मान्यता नै नारीवाद हो (अली, १९९६ : १०८) । नारीवादी सिद्धान्तले आस्तित्विक

परिचयको कल्पना गर्छ र महिलाहरूको तहगत परिचय निर्धारण गर्नुका साथै राजनैतिक प्रतिनिधित्वको वैधानिक स्थापनामा जोड दिन्छ (बट्लर, १९९० : ०१) । परम्परागत रूपमा चलिरहेको पितृसत्ताका विरुद्धमा नारीकेन्द्री विचारहरू नारीवादमा जन्मिएका हुन् जसले नारीका निजी तथा सार्वजनिक जीवनको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्दछ । साथै महिलालाई आफ्नो स्वतन्त्र जीवनको अस्तित्त्वमा केन्द्रित हुन आग्रह गर्दछ । नारीवादलाई स्त्रीवादका नामबाट गौतम (२०५९) ले व्याख्या गरिएका छन् : स्त्रीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्रीजातिको पक्षबाट बोल्दछ यसमा ती विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्दछन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ । स्त्रीवाद नारीसम्बन्धी त्यस्तो सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ । नारीवादी समालोचकको प्रारम्भिक प्रयत्न नै साहित्यको शास्त्रसम्मत 'भाले' इतिहास परम्परालाई उल्टाउनु, धर्म सूत्रात्मक लैङ्गिक रुढिबद्धतालाई नङ्ग्याउनु र नारी रचनाकारका कृतिहरूको पुनर्व्याख्या गर्नु वा तिनीहरूलाई पुनर्जीवन प्रदान गर्नेतर्फ परिलक्षित थियो (भट्टराई, २०६१ : ७१) । नारीवादीहरूले महिलाहरूको सामाजिक तथा आर्थिक उत्थानमा जोड दिन्छन् (अधिकारी, २०६१ : ५६) । नारीवादको वास्तविक रूप एकाधिकारवादी पितृसत्तात्मक मानसिकताबाट नारीहरूको मुक्तिमा देखिन्छ र यस्ता रचनामा पनि त्यही आग्रह राखिन्छ । यौनका रुढिलाई चिरेर जीवनको नयाँ आकासमा समान जिजीविषाका साथ उड्ने प्रवृत्ति पनि नारीवादको मूल तन्तुका रूपमा देखिन्छ (बराल र एटम, २०६६ : ११७) । टाइसन (२००६) द्वारा नारीवादीले विभिन्न महत्त्वपूर्ण मान्यताहरू प्रस्तुत गरी विचारको प्रवाह गर्नुपर्ने धारणा व्यक्त भएको छ । पितृसत्ताबाट महिलाहरू आर्थिक, सामाजिक, राजनैतिक, मनोवैज्ञानिक रूपमा दमित भएको कुरा प्रस्तुत गरिनुपर्ने; पितृसत्ताले महिलालाई अन्य, वस्तु, सीमान्त ठानेको र पुरुषवादी नियम र मानकबाट महिलामा अपूर्णता रहेको ठानिने कुरा व्यक्त हुनुपर्ने; पश्चिमी दार्शनिक धरातल पूर्ण रूपमा पितृसत्ताकेन्द्री भएकाले त्यसको वास्तविकता प्रस्तुत गर्नुपर्ने, लिङ्ग जैविक निर्धारण हो तर लैङ्गिकता समाज तथा संस्कृतिबाट निर्मित हो भन्दै नारीत्व र पुरुषत्वको धारणा तथा व्यवहार सिकाइएको हो भन्नुपर्ने, सबै नारीवादी सिद्धान्त र साहित्यिक समालोचनाले महिला समानताको खोजी गर्नुपर्ने तथा लैङ्गिक मुद्दामा सचेतनापूर्वक कार्य गर्नुपर्ने कुरालाई महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

अठारौँ शताब्दीको उत्तरार्धबाट सुरू भएको नारीवादी चेतना र मान्यता अहिलेसम्म आइपुग्दा अत्यन्त सघन र प्रभावकारी बन्दै गइरहेको छ । समाजबाट प्राप्त हुने अवसरहरूमा खास गरी शिक्षा र राजनीतिक अधिकारमा महिलालाई पनि समान रूपमा उपलब्ध गराइनुपर्ने

प्रारम्भिक चेतनाबाट नारीवादी धारणाको विकास भएको पाइन्छ । राज्यका सबै पक्षमा समान अवसरको खोजी मात्र होइन पुरुषविरोधी अतिवादी मान्यता तथा धारहरूसमेत नारीवादमा स्थापना भए । आर्थिक पक्षमा केन्द्रित भएर उत्पादन र वितरणका क्षेत्रमा नारीको समानतामूलक हैसियत निर्माण हुनुपर्ने धारणाहरू पनि नारीवादका विषयहरू बने । यौनिक रूपमा स्त्री समयौनिक व्यवहार र धारणा पनि नारीवादकै प्रश्रयमा पुलकित बन्न पुग्यो । 'नारीबाट नारीका बारेमा नारीका लागि' भन्ने नारा पनि नारीवादले अपनाइरहेको छ । लैङ्गिक चेतना तथा लैङ्गिकताको विकासका लागि नारीवाद महत्त्वपूर्ण स्रोतका रूपमा रहे पनि लैङ्गिकताको सन्तुलित मूल्याङ्कन तथा विश्लेषणका लागि उग्र नारीवाद वा आमूल नारीवाद पितृसत्ताको मात्र नभएर पुरुषकै निषेधतर्फ गतिशील रहेकाले लैङ्गिक सन्तुलनका दृष्टिबाट हेर्दा पक्षपाती विश्लेषण र मान्यताका रूपमा लिन सकिन्छ । नारीवादी मान्यताका विकासात्मक गतिलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

४.३.२.१ उदार नारीवाद

नारीवादी चेतनाको प्रारम्भदेखि सन् १९६० को समयसम्ममा देखापरेका नारीवादी विचारहरूले उदार नारीवादी मान्यतालाई प्रस्तुत गरेका छन् । उदार नारीवादलाई 'नारीवादको पहिलो धार' पनि भनिन्छ । फ्रान्सेली क्रान्ति (सन् १७८९) बाट नारीका अधिकारका बारेमा आवाज उठेपछि उदार नारीवादको बीजारोपण भयो (पिल्चर एन्ड ह्वेलहेन, २००४ : ५२) । यसका लागि मेरी वल्स्टनक्राफ्टको सन् १७९२ मा प्रकाशित *भिन्डीकेसन अफ द राइट्स अफ उमन*ले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । उदार नारीवादले महिलाले पनि पुरुषसरह कानुनी वा वैधानिक, शैक्षिक, राजनैतिक अधिकार पाउनुपर्ने मान्यता अगाडि बढायो । पेसागत पहिचान सम्पत्तिको स्वामित्व, विवाह र पारपाचुके आदि पक्षहरूमा महिलाको समान अधिकार स्थापना गर्नका लागि निजी तथा सार्वजनिक रूपमा रहेको पितृसत्तासँग सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याएका छन् ।

उदार नारीवाद राजनैतिक विचारको प्रशिक्षणबाट विकसित भएको मानिन्छ । यसको मूल लक्ष्य महिलाको राजनैतिक, आर्थिक तथा सामाजिक स्तरमा क्रमबद्ध परिवर्तन हो । असमान सामाजिक संरचनाबाट कसैले पनि लाभ लिन नसक्ने, यस्तो व्यवस्थाले काममा असमान श्रेणी निर्माण गरेकाले महिला तथा पुरुष दुवै मर्कामा परेको निष्कर्ष निकालियो । सामाजिक संस्थागत संरचनाभन्दा पनि यौनिक विभेद र मनोवृत्ति बढी विभेदकारी रहेकाले त्यसले लैङ्गिकतालाई जटिल बनाएको धारणा उदार नारीवादले सार्वजनिक गऱ्यो (लुइटेल, २००८ : ९१) । यस

धारमा नारीवादी मान्यतासँग निकट रहने र सम विचार राख्ने पुरुषहरू पनि सहयोगी बन्छन् भन्ने सापेक्ष मान्यता प्रस्तुत गरिएको थियो । वल्स्टनक्राफ्टले भनेजस्तै महिलाहरू स्वतन्त्र रूपमा निर्णयी बन्न सक्छन् । उनीहरूसँग बलियो दिमाग तथा शरिर भएकाले निश्चित दृष्टि राख्छन् । तसर्थ महिलाहरू लोग्ने, बालबालिका तथा आफ्नै चाहनाको पनि दास बन्नु नपर्ने धारणा नारीवादी पहिलो धारले सार्वजनिक गऱ्यो । जोन स्टुअर्ट मिल र ह्यारिट टेलरजस्ता विद्वान्ले पनि यस धारमा मलजल पुऱ्याए । समाजमा यौनिक समानता र लैङ्गिक न्याय कायम गरी महिलालाई पनि पुरुषसरह राजनैतिक अधिकार, आर्थिक अवसर र शिक्षा प्रदान गर्नुपर्ने धारणा प्रस्तुत गरियो । खास गरी शिक्षा र श्रममा समान अवसर निर्माण गर्नुपर्ने प्रमुख ध्येय उदार नारीवादको रहेको थियो ।

यसरी लैङ्गिक सन्तुलनका सवालमा स्थापित नारीवादको पहिलो धार अर्थात् उदार नरीवादले समानतामूलक सामाजिक संरचना निर्माणमा क्रमबद्ध परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याएको थियो राजनैतिक, आर्थिक, शैक्षिक तथा श्रमसम्बन्धी अधिकार स्थापना गरी कानुनी रूपमा महिला र पुरुषलाई समान व्यवहार गर्नुपर्ने मान्यता राख्दै लैङ्गिक रूपमा कसैलाई पनि विभेद गर्न नहुने धारणा राखेको पाइन्छ । साथै लैङ्गिक सन्तुलन र समानता कायम गर्न स्त्री र पुरुषको उत्तिकै भूमिका रहेको निष्कर्ष पनि उदार नारीवादको रहेको छ ।

४.३.२.२ **मार्क्सवादी नारीवाद**

मार्क्सवादी नारीवादको बीजारोपण कार्ल मार्क्सको दृष्टिकोणमा आधारित रहेर फ्रेडरिक एङ्गेल्सद्वारा सन् १८८४ मा तयार पारिएको *ओरिजिन अफ द फेमिली, प्राइभेट प्रपर्टी एन्ड द स्टेट*बाट भएको मानिन्छ । यस वादले लैङ्गिक विभेदको मूल कारण अर्थ व्यवस्थालाई ठान्छ । समाजका दुई वर्ग (पुँजीपति र सर्वहारा) रहेसम्म आर्थिक विभेद कायम रहने तथा आर्थिक विभेदबाट नै लैङ्गिक विभेद र दमन उत्पन्न हुने कुरा प्रस्तुत गर्दै वर्गीय विभेद अन्त्य हुन सकेको खण्डमा लैङ्गिक विभेद पनि समाप्त हुने दृष्टिकोण मार्क्सवादी नारीवादले अगाडि सारेको छ । पुँजीवादी पितृसत्ताले श्रम, ज्याला, उत्पादन र वितरणका सवालमा लैङ्गिक विभेद उत्पन्न गराएको धारणा राख्दै यस मान्यताले पारिवारिक संरचनालाई आर्थिक एकाइको रूपमा व्याख्या गरेको छ । त्यस्तै सम्पत्तिको स्वामित्वका कारण लैङ्गिक विभेद उत्पन्न भएको तथा महिलाहरूको वेश्यावृत्तिलाई पूर्ण रूपमा आर्थिक पक्षमा मात्र केन्द्रित गरी यौनिक दमनको अर्थपरक व्याख्या मात्र गरेको छ । महिलालाई आर्थिक रूपमा सक्षम तथा स्वनिर्भर बनाएर पुरुष सरहको स्थानमा पुऱ्याउन सकेको खण्डमा लैङ्गिक विभेद र दमन अन्त्य गर्न सकिने

दृष्टिकोण मार्क्सवादी नारीवादीहरूले सार्वजनिक गरेका छन् । उत्पादन र वितरणका माध्यमलाई वर्गमा आधारित आन्दोलनले व्यवस्थित गर्न सके मात्र लैङ्गिक दमन र शोषण अन्त्य हुन सक्छ (पिल्चर एन्ड ह्वेलहेन, २००४ : ७५) । मार्क्सवादी नारीवादले महिलालाई सार्वजनिक उद्योगमा प्रवेश गराउने, महिला शोषणको अन्त्य गर्ने, परिवारलाई पुँजीवादी अर्थ व्यवस्थाको एकाइबाट टाढा राख्ने, महिलाको आर्थिक कल्याण र स्वनिर्भरता कायम गर्ने मान्यतालाई जोड दिएको छ (अर्याल, २०६८ : १७६) । महिलाहरू कमजोर तथा अधीनस्थ बन्नुमा जैविक कारण नभएर सामाजिक संरचना, आर्थिक व्यवस्था र सम्बन्धले प्रमुख भूमिका निर्वाह गरेकाले लैङ्गिक अधीनस्थता अन्त्य गर्न सकिन्छ ।

परिवारभित्र पनि पितृसत्ता हावी भएकाले महिलाहरू सम्पूर्ण पक्षमा परनिर्भर बनाइएका छन् अझ पुरुषकै वस्तु र सम्पत्तिका रूपमा महिलाहरू स्थापित गराइएका हुन् । त्यसैले यस्तो अवस्थामा पनि परिवर्तन ल्याउन सकिन्छ । महिलामा धैर्य, साहस तथा सक्रिय सामर्थ्य सशक्त हुने भएकाले महिला तथा पुरुषलाई समान श्रम वितरण तथा आर्थिक स्वतन्त्रता प्रदान गरेर लैङ्गिक विभेद, शोषण तथा दमनलाई अन्त्य गर्नुपर्ने र अन्त्य गर्न सकिने मान्यता मार्क्सवादी नारीवादको रहेको छ । बुर्जुआ वर्गमा आधारित पुँजीवादी व्यवस्थाले पितृसत्तात्मक संरचनामा जोड दिने भएकाले यस्तो अर्थव्यवस्थामा परिवर्तन गरेर लैङ्गिक समानता कायम गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

बुर्जुआ पुँजीवादले कुलीन महिलालाई पुरुषहरूको सेवा गर्ने, यौन चाहना पूर्तिको साधन बन्ने तथा विलासी जीवन बिताएर वास्तविक सामर्थ्यको सदुपयोग गर्न नसक्ने बनाएको छ भने निम्न वर्गका महिला मजदुरलाई निःशुल्क काममा लगाउने, कम ज्याला उपलब्ध गराउने जस्ता लैङ्गिक रूपमा आर्थिक दमन गरेको कुरा प्रस्तुत गर्दै मार्क्सवादी नारीवादीहरूले यस्तो व्यवस्थाको अन्त्य हुनुपर्ने सुझाएका छन् । पुनर्उत्पादन प्रक्रिया तथा यौनिक उपयोगमा महिलामाथि हुने शरिर राजनीति अन्त्य हुनुपर्ने माग गरेका छन् । यौन सम्बन्ध राख्ने, बच्चा पैदा गर्ने आदि अधिकार र निर्णय महिलामा नै आधारित हुनुपर्ने आवाज उठाएका छन् ।

यसरी लैङ्गिक असमानता, दमन, शोषण तथा अधीन बुर्जुआ पुँजीवादी अर्थव्यवस्थाबाट निर्माण भएको, सम्पत्तिको स्वामित्व र अधिकारले गर्दा लैङ्गिक असमानको बीजारोपण गरेकाले समाजमा रहेको आर्थिक संरचना तथा अर्थ व्यवस्थालाई लैङ्गिक विभेदको प्रमुख कारण ठहऱ्याएर त्यसको समूल अन्त्य गर्नुपर्ने विचार मार्क्सवादी नारीवादको रहेको छ ।

४.३.२.३ **मनोविश्लेषणात्मक नारीवाद**

मनोविज्ञानका प्रणेता फ्रायडले पुरुष वा पुलिङ्ग प्रधान तथा स्त्रीलिङ्ग गौण रहेकाले सामाजिक संरचना, जैविक आधार चेतन र अर्धचेतन संवेग तथा मानसिक अनुभवले स्त्री दोस्रो दर्जामा पर्दछन् भन्ने धारणा प्रस्तुत गर्दै मूल रूपमा यौनिक मनोविज्ञानलाई सशक्त ढङ्गले प्रस्तुत गरे । तर मनोविश्लेषणात्मक नारीवादीहरूले फ्रायडको स्त्री अर्धचेतन र चेतन रूपमा नै द्वितीयक छन् भन्ने मान्यतालाई बेवास्ता गर्दै उनको मनोदार्शनिक पक्षलाई आधार बनाएर नारीवादी कोणबाट व्याख्या र विश्लेषण गरेका छन् । पुरुषले आफ्नो मृत्युको डर तथा वंश विनाशको त्रासबाट कुनै समयमा आफू परास्त भइन्छ कि भन्ने सन्त्रासबोधका कारणले पितृसत्तालाई जोगाएर नारीमाथि दमन, शोषण तथा अधीन कायम राखेको हुन् सक्ने कुरा मनोविश्लेषणात्मक नारीवादीले व्यक्त गरेका छन् । पुरुषले आफूसँग पुनर्उत्थानको साधन नभएकाले त्यस्तो सन्त्रास बोध गरेको हुन सक्ने विश्लेषण गरिएको छ । पुरुषले आफ्नो व्यक्तित्व तथा अस्तित्व स्थापित र दिगो राख्नका लागि कला, धर्म, दर्शन, विज्ञान, धन, हतियार आदिको निर्माण तथा संरक्षण गरेको कुरा उल्लेख गरिएको छ । अर्कोतर्फ स्त्रीमा हुने पुनर्उत्पादन क्षमताका कारण पुरुषहरूमा ईर्ष्या उत्पन्न हुने, आफूले त्यो योग्यता प्राप्त गर्न नसकेका कारणले महिलाको प्रजनन प्रक्रियामा आफ्नो नियन्त्रण राख्दै, महिला तथा सन्तान आफ्नो स्वामित्व भएको दावी गरेर सन्तानलाई पैतृक थर र वंशको पहिचान तथा निरन्तरता प्रदान गर्दछ भन्दै अर्याल (२०६८) ले मनोविश्लेषणात्मक नारीवादको व्याख्यात्मक निष्कर्ष निकालेका छन् । त्यस्तै, बालबालिकाको सामाजिकीकरणको प्रक्रियामा पितृप्रदत्त सामाजिक संरचनाका कारण पुरुषहरूले आमासँगको सम्बन्धलाई विस्तारै अलग्याउँदै लगी बालकलाई पुरुषत्व व्यवहार तथा बालिकालाई नारीत्व व्यवहारतर्फ अभिमुख गराउँदछन् । आचार्य (२०६१) द्वारा सामाजिक सांस्कृतिक संरचनाका कारणबाट पुरुष श्रेष्ठ वा केन्द्र तथा स्त्री कमजोर वा परिधीय सदस्य हुन् भन्ने मनोविज्ञान सिर्जना गराउन पितृसत्ताले अर्धचेतन तथा चेतन रूपमा भूमिका खेलेको हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

बालबालिकाका निर्माणात्मक आधार वर्षहरूमा यौनिकता र आनन्दभन्दा संवेग र चिन्ताबाट परिचालित हुन्छन् (पिल्चर एन्ड ह्वेलहेन, २००४ : १२१) । बालबालिकाका प्रारम्भिक वर्षहरूमा खास गरी सामाजिक सांस्कृतिक आधारबाट निर्माण भएको पारिवारिक संरचनामा पहिलो भाषा आर्जन गरिरहँदा पितृसत्तात्मक साङ्केतिक शब्दभण्डार र तदनुरूपका भाषिक व्यवहारहरू गर्दै अचेतन रूपमा लैङ्गिक विभेदको मनोविज्ञानमा परिपोषित हुन्छन् भन्ने विश्लेषण गरिएको छ ।

यसरी मनोविश्लेषणात्मक नारीवादीले पितृसत्ता कायम राख्न पुरुष उद्दत रहनुमा उनीहरूको व्यक्तित्व, अस्तित्व, हीनता, वंश परम्परा, अभाव आदि रहेको निष्कर्ष निकालेका छन् । अर्कातर्फ जैविक शारीरिक संरचना तथा यौनिकता सम्बन्धभन्दा पनि प्रारम्भिक वर्षहरूमा संवेदना र सामाजिक संरचनाबाट बालमनोविज्ञान विकसित हुने हुनाले लैङ्गिक विभेद मनोवैज्ञानिक रूपमा स्थापित तथा संरक्षित भएको धारणा प्रस्तुत गरिएको छ ।

४.३.२.४ आमूल नारीवाद

नारीवादी आन्दोलन र मान्यतामा देखापरेको दोस्रो धारलाई आमूल नारीवाद भनिन्छ । सन् १९६० को दशकदेखि आमूल नारीवादको सुरुआत भएको हो । सन् १९६८ मा भएको अमेरिकी सुन्दरी प्रदर्शन; जहाँ युवतीहरू भित्री लुगा, कृत्रिम सुन्दरता र अग्ला जुत्ताहरूमा वस्तुसरह सजिएका थिए; का विरुद्धमा महिलाको स्वतन्त्रता तथा महिलालाई स्वतन्त्रताको आव्हान गरिएपछि आमूल नारीवादको उठान भएको कुरा क्रोलोके एन्ड सोरेन्सन (२००६) ले जनाएका छन् । यस धारमा विभिन्न आन्दोलन, सक्रियता तथा संस्थाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । जस्तो कि, पाश्चात्य वाम आन्दोलन, विद्यार्थी आन्दोलन, भियतनामी युद्ध विरोधी आन्दोलन, लेज्बियन र गे आन्दोलन, नागरिक आन्दोलन तथा काला शक्तिको आन्दोलन आदि । यस्ता आन्दोलनले पुँजीवाद र साम्राज्यवादको आलोचना गर्दै वर्ग, कालाजाति, महिला, समलिङ्गी तथा वैचारिक क्षेत्रका उपेक्षित तथा दमित समूहको अस्तित्व र रुचिमा आफ्नो सक्रियता केन्द्रित गरेका थिए । विपरीत लिङ्गीय यौनिकताका नाममा भएको महिलामाथिको शोषण र दमनका विरुद्धमा आमूल नारीवाद सशक्त रूपमा सक्रिय बन्यो । महिलाका समस्या तथा उनीहरूले भोग्नुपरेका दमन र शोषणका विरुद्धमा महिला नै एकजुट भएर आन्दोलित हुनुपर्ने धारणा सार्वजनिक गरे लगत्तै यो धार पितृसत्ता मात्र होइन पुरुषका विरुद्धमा पनि जाइ लाग्यो । फलस्वरूप प्राकृतिक लैङ्गिक तथा यौनिक प्रवृत्तिमा समेत आँच पुऱ्याउँदै यो धार पुरुष निषेधी धारका रूपमा समेत विकसित बन्न पुग्यो ।

महिलाको शरिर तथा आफ्नो यौनिकतामा आफ्नै स्वामित्व हुनुपर्ने आवाज उठाउँदै पितृसत्ता तथा विपरीत लिङ्गीय यौनिकताले बुर्जुआ परिपाटीलाई विकसित तुल्याएको धारणा प्रस्तुत गरियो । त्यस्तै, महिलालाई गृहस्थीमा सीमित गर्नु, सन्तान उत्पादन कार्यमा मात्र संलग्न तुल्याउनु, पारिश्रमिकबिहीन श्रममा लगाउनुजस्ता कार्य विपरित लिङ्गीय यौनिकताका कारणबाट भएको र पुरुषलाई सामाजिक रूपमै शक्तिशाली बनाइएकाले त्यस्ता यौनिक

राजनीतिका विरुद्ध महिलाहरू सशक्त रूपमा सक्रिय भई आफ्नो अस्तित्व र शरिरमाथि आफ्नै अधिकार तथा निर्णय हुनुपर्ने धारणासहित आमूल नारीवादी मान्यता अगाडि बढ्यो ।

सिमोन द बुभाको *द सेकेन्ड सेक्स* (१९४९) तथा बेटी फ्रिडानको *द फेमिनिन मिस्टिक* (१९६३) लाई आधुनिक नारीवादीले महत्त्वपूर्ण दस्तावेजका रूपमा ग्रहण गरे । महिलाहरू ऐतिहासिक रूपमा नै सीमान्तकृत रहेका तथा सांस्कृतिक र सामाजिक रूपमा विभेदमा परेको कुरा सघन रूपले प्रस्तुत गरियो (पिल्चर एन्ड ह्वेलहेन, २००४ : १४५) । पितृसत्तात्मक यथार्थमा अडेको सामाजिक संरचना परिवर्तन गर्नुपर्छ भन्दै नागरिक अधिकारका लागि राजनीतिक आन्दोलन उठान गर्ने धारणा अगाडि सारे । फलस्वरूप साना वैचारिक समूह खडा गरी सचेतना अभिवृत्ति, प्रत्यक्ष कार्य तथा प्रदर्शन गर्ने कार्य गरे ।

सडक नाटक, तत्काल सञ्चारजस्ता कार्यले आमूल नारीवादलाई अमेरिका र युरोपभर साठीको दशकमा विस्तार गऱ्यो । काट मिलेटले *सेक्सुअल पोलिटिक्स*मार्फत् उठान गरेका लैङ्गिक मुद्दालाई समेत आमूल नारीवादीले महत्त्वका साथ बहस गरी विस्तार गरे । उदाहरणार्थः परिवार, गर्भपतन, यौनिकता, श्रममा लैङ्गिक विभेद, बलात्कार र घरेलु हिंसा आदिका सन्दर्भमा घनीभूत छलफल गरी पितृसत्ताका विरुद्धमा सङ्घर्ष गर्ने आन्दोलनका रूपमा आमूल नारीवाद विकसित भयो । शक्ति र सामर्थ्यको विश्लेषण गर्दै प्रत्येक महिलालाई नारीवादी आन्दोलनमा समाहित गरी सचेतना अभिवृद्धि गर्ने काम यस धारमा भयो । लेज्बियन, महिला रङ, महिला श्रमिक वर्ग आदि विविध क्षेत्र र पक्षबाट महिलालाई एकीकृत गरियो ।

यसरी आमूल नारीवादले पितृसत्ता पूर्ण रूपमा समाप्त पारी महिला सशक्तीकरण गर्नुपर्छ भन्ने मान्यता राख्छ । विपरीत लिङ्गी यौनिकताका कारणले पनि महिला दमित हुनु परेकाले महिला समलिङ्गी यौनिकताले महिला दमन हटाउने धारणा प्रस्तुत गरिएको छ । पारिवारिक, सामाजिक, सांस्कृतिक राजनैतिक तथा यौनिक आदि क्षेत्रमा महिलालाई शोषण र दमन गरिएकाले तत्तत् क्षेत्रमा पुनर्संरचना तथा पुनर्निर्माणको आवश्यकता औंल्याइएको छ । महिलाले आफ्नो शरीरमा आफ्नै अधिकार कायम राख्न पाउनुपर्ने तथा उपयुक्त विविध क्षेत्रमा आफ्नै स्वामित्व र निर्णय लागु हुनुपर्ने आवाज उठाउँदै नारीवादलाई सशक्त बनाउन यस धारको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

४.३.२.५ समाजवादी नारीवाद

मार्क्सवादी नारीवाद तथा आमूल नारीवादको सैद्धान्तिक अन्तर्क्रियाबाट समाजवादी नारीवादको उदय भएको हो (अर्याल, २०६८ : १९७) । उपर्युक्त दुई नारीवादको मिश्रित वा मिलनबिन्दुका रूपमा समाजवादी नारीवादको विकास भएकाले आर्थिक, यौनिक, सामाजिक तथा राजनैतकि लैङ्गिक दमन, उत्पीडन तथा महिला अधीनतालाई व्याख्या गरी सामाजिक सन्दर्भमा लैङ्गिक सन्तुलनको अपेक्षा गर्दछ । यस वादले पुरुषबाट मात्र नभएर उच्च महिलाबाट निम्न महिला शोषित हुनु परेको तथा सामाजिक संरचनाअनुरूप जाति, प्रजाति, उमेर, यौनिकता, परिवेश, वर्ग, क्षेत्र आदिमा विविध खालका महिला दमन भइरहेकाले लैङ्गिकताका सवालमा गहन अध्ययन र विश्लेषण गर्नुपर्ने आवश्यकता औँल्याएको पाइन्छ । लैङ्गिक दमनको महत्त्वपूर्ण कारण पितृसत्ता भए पनि सम्पूर्ण रूपमा पितृसत्ता लैङ्गिक विभेदको स्रोत होइन भन्ने मान्यता यस धारमा देखिन्छ । गोरा महिलाले काला महिलालाई गर्ने विभेद, एक धर्मका महिलाले अर्को धर्मका महिलालाई गर्ने विभेद, उच्च वर्गका महिलाले निम्न वर्गका महिलालाई गर्ने विभेद, सहरीया महिलाले ग्रामीण महिलालाई गर्ने विभेद, माथिल्लो जात मानिएका महिलाले तल्लो जात मानिएका महिलालाई गर्ने विभेद आदिजस्ता सामाजिक क्षेत्रमा देखिने महिला विभेदलाई समाजवादी नारीवादले सघन विश्लेषण गरेको छ ।

समाजवादी नारीवाद सैद्धान्तिक रूपमा मार्क्सवादी नारीवादबाट बढी प्रभावित रहेको छ । महिलाका अनुभवसहित उनीहरूले भोग्नुपरेका सम्पूर्ण दमन तथा विभेदको उजागर गर्नुपर्ने आवश्यकता औँल्याउँदै ऐतिहासिक भौतिकवादका आधारमा सामाजिक संरचना र महिलाको स्थान तथा भूमिकाको विश्लेषण गर्नुपर्ने तथा मानवतावादी दृष्टिले लैङ्गिक विभेदलाई अन्त्य गरी उत्पादन र वितरणमा समानता कायम गरी महिलालाई सामर्थ्यवान् तुल्याउनुपर्नेजस्ता मान्यता अगाडि सारेर समाजवादी नारीवाद अतिवादी मान्यताका विपक्षमा उभिएको सन्तुलित नारीवादी मान्यता हो ।

पुँजीवादी पितृसत्ताले महिला अधीनतालाई प्रश्रय दिएको तथा सामुदायिक रूपमा महिलाहरू पिछडिएको निष्कर्ष समेत यस नारीवादले निकालेको छ । कतिपय नारीवादीले त समाजवादी समाजमा पनि पुँजीवादी समाजमाजस्तै महिलाहरू शोषित र उत्पीडित भइरहेको धारणा सार्वजनिक गरेका छन् । महिला र पुरुषको मनोविज्ञानमा पितृ सङ्केत रहेको जनाइएको छ ।

महिला दमनका विरुद्धमा स्थापित यस वादले पुरुषको निषेधलाई स्वीकार गर्दैन र निजी सम्पत्तिको अन्त्यसँगै विभेद अन्त्य हुने कुरा पनि मान्दैन । तसर्थ यो न त आमूल नारीवादसँग मिल्छ न त मार्क्सवादी नारीवादसँग मिल्छ । तर सैद्धान्तिक पृष्ठभूमिगत स्रोत र प्रभाव भने दुबै वादबाट स्वीकार गरेको समाजवादी नारीवादले जटिल रूपमा रहेका सामाजिक अवस्था र संरचनाहरूको सम्पूर्ण तहलाई मिहिन ढङ्गले विश्लेषण गर्दछ । यस वादले सामाजिक सन्दर्भमा एउटा साझा मान्यता स्थापित गरेको छ । अर्थ, राजनीति, विचार, यौनिकता, संस्कृति, घरपरिवार, जातजाति, वर्ग, पेसा, धर्म आदिजस्ता पक्षहरूको समीचीन विश्लेषण गरी महिला तथा पुरुषको सहकार्यबाट सामाजिक विभेद र लैङ्गिक विभेद अन्त्य गर्नुपर्ने समन्वयात्मक धारणासहित स्थापित धारका रूपमा समाजवादी नारीवाद विकास भएको पाइन्छ ।

४.३.२.५ समकालीन नारीवाद

नारीवादमा तेस्रो धारका रूपमा चिनिएको समकालीन नारीवाद बौद्धिकता र यथार्थ विश्लेषणमा आधारित मान्यता हो । समकालीन समयमा देखापरेका नारी आन्दोलनका सफलता, विश्वव्यापीकरणको अवस्था, तेस्रो विश्वका महिला र तिनीहरूको अनुभवका साथै महिलामहिलाबिच हुने विभेदलाई समेत प्राथमिकता साथ विश्लेषण गर्दछ । सन् १९८० को दशकबाट समकालीन नारीवादी आन्दोलन सुरुआत भएको पाइन्छ । विभिन्न मुलुकमा रहेका विविध क्षेत्रका महिलाको अवस्था, भूमिका, जीवनशैली र संवेदनाका पक्षलाई विश्वव्यापी रूपमा छलफलका विषय बनाइने काम यस वादले गर्दछ (लुइटेल, २००८ : १०४) । पिल्चर एन्ड ह्वेलहेन (२००४) बाट महिला जागरण तथा सचेतनाका लागि शिक्षा र सञ्चारको आवश्यकता औँल्याउँदै लोकप्रिय संस्कृति, खासखास सङ्गीत, टी.भी., फिल्म तथा साहित्यको माध्यमबाट नारी चेतना र सशक्तीकरण गर्नुपर्ने धारणा प्रस्तुत गरिएको छ । समकालीन नारीवादले विभिन्न पृष्ठभूमिमा रहेका विभिन्न महिलाको विभेदको अवस्थालाई पहिचान, विश्लेषण र मूल्याङ्कन गरी त्यसलाई विश्वव्यापी मुद्दा बनाएर विभेद अन्त्य गर्ने लक्ष्य राखेको छ ।

नारीवादी तेस्रो धारले नयाँ विश्वका नयाँ पुस्तालाई उत्साहित गर्छ । यस धारलाई नयाँ नारीवाद पनि भनिन्छ । यसलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सक्रियताका आधारमा चारित्रीकरण गर्न सकिन्छ । यस्तो सक्रियताले महिला विरुद्धका हिंसा, बेचविखन, नग्नता, अङ्ग प्रदर्शन आदिका सवालमा व्याख्या विश्लेषण गर्छ तथा महिला अधिकारलाई विश्वव्यापीकरण गर्दछ । यसलाई महिला पहिचानको राजनीति पनि भन्न सकिन्छ (क्रोलोके एन्ड सोरेन्सन, २००६ : १७) । यस समकालीन नारीवादअन्तर्गत काला महिलावाद, साम्राज्यवादी महिलावाद,

तेस्रो विश्वका महिलावाद आदि उपधारहरू पनि विकसित भएका छन् । पछाडि परेका मुलुकहरूमा रहेका विभिन्न जाति, भाषा, धर्म, क्षेत्रमा रहने महिलाहरू अझ शोषित तथा उपेक्षित रहेकाले त्यस्ता पक्षहरूमा थप सचेतना आवश्यक रहेको धारणा यस वादले सार्वजनिक गरेको छ ।

समकालीन नारीवादले यौनिकता, वर्गीय दमन, राजनीति, सीमान्तकृत समुदायका महिला, प्रजातीयता, पुँजीवाद, साम्राज्यवाद, औपनिवेशेकता, रङभेदजस्ता पक्षमा केन्द्रित रहेर उनीहरूको पहिचानमूलक राजनीति तथा विविधतामा समानताको खोजी गर्न प्रत्येक महिलामा जागरणको आवश्यकता रहेको निष्कर्ष निकालेको छ ।

४.३.३ पुरुषत्व

सामाजिक अभ्यास तथा सांस्कृतिक प्रतिनिधित्वसँग सम्बन्धित पुरुषका व्यवहार र मान्यताहरूको सम्बन्धलाई पुरुषत्व भनिन्छ । परम्परागत ढाँचामा पुरुषत्वलाई जैविक आधारमा निर्मित सन्दर्भ मानिन्थ्यो तर आधुनिक समाजमा यसलाई समाज निर्मित मान्यताका रूपमा विश्लेषण गरिएको छ । पुरुषको सांस्कृतिक प्रतिनिधित्वलाई पहिचान, वर्गीकरण र विश्लेषण पुरुषत्वको आधारबाट गरिएको पाइन्छ । विविध समयका भिन्नभिन्न सामाजिक संरचनाले पुरुषत्वसम्बन्धी मान्यताहरूको विकास गरेको देखिन्छ । ऐतिहासिक र सांस्कृतिक रूपमा पुरुषत्व स्थापनाका आधारहरू निर्माण भएको देखिन्छ । नारीवादी मान्यताको विपर्यायका रूपमा पनि पुरुषवादी मान्यता विकास भएको पाइन्छ । लैङ्गिक अध्ययन र विश्लेषणका सन्दर्भमा पुरुषत्वका सन्दर्भलाई पनि महत्त्वका साथ उपयोग गर्नुपर्दछ ।

सन् १९७० को दशकबाट आमूल नारीवादको विस्तारसँगै र साथसाथै पुरुष चेतना तथा आन्दोलनको पनि सुरुआत भयो । तर पुरुष चेतना र आन्दोलनलाई कतिपय नारीवादीहरूले सकारात्मक रूपमा लिए भने कतिपय नारीवादीले नकारात्मक रूपमा पनि लिए । मातृसत्तामा हुने पुरुषत्वको संरचना र पितृसत्तामा हुने पुरुषत्वको संरचनामा भिन्नता रहेको साथै सामान्तवादी उत्पादन प्रणाली र पुँजीवादी उत्पादन प्रणालीमा पनि पुरुषको भूमिका भिन्न रहेको पाइन्छ (अर्याल, २०६८ : २११) । पुरुष र पुरुषको व्यवहारलाई सामाजिक सन्दर्भअनुसार व्याख्या गर्दै धर्म, रीति, चालचलन, मूल्य, मान्यता, आदर्श, राजनीति, आर्थिक पक्ष तथा शैक्षिक प्रणालीअनुसार पुरुषत्व निर्माणमा जोड दिइएको छ । आधुनिक समयमा पुरुषत्वलाई पुँजीवादी आर्थिक प्रणालीअनुसार व्याख्या गरिएको पाइन्छ ।

मार्क्सवादी विश्लेषणले निजी सम्पत्ति र उत्पादन साधनमा पुरुषको प्रमुखता हुनुमा पुँजीवादले सघाएको निष्कर्ष निकालेको छ । त्यस्तै मनोविश्लेषणात्मक मान्यताअनुसार पुरुषले आफ्नो प्रभुत्व कायम राख्न र पुरुषत्वको संस्थागत निरन्तरताका लागि शिक्षा, धर्म, विज्ञान र कलाको विकास गरी त्यसकै आधारमा सामाजिकीकरणको प्रयत्न गर्दछन् । पुरुषत्व समाज र संस्कृतिअनुरूप फरक हुने, भिन्न समयमा पुरुषत्व पनि बदलिँदै जाने, पुरुषत्वको सामाजिककीकरण फरक फरक किसिमले हुने तथा वर्ग, जाति, प्रजाति, धर्म, यौनिकता, राजनीति आदिले पुरुषत्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने कुरालाई जोड दिइएको छ ।

साहित्य, व्याख्या, मूल्याङ्कन तथा विस्तारका सन्दर्भमा प्राकृतिक विज्ञान, मनोवैज्ञानिक तत्त्व, जैविक गुण (हर्मोन्स अथवा क्रोमोजोम्स) लाई पुरुषत्वका आधार मानिन्छ । त्यस्तै, स्नायु प्रणाली र ग्रन्थि प्रणालीको सम्बन्धबाट जैविक पक्षमा नै पुरुषत्व आधारित हुन्छ । सामाजिक विज्ञानको समालोचना र प्राज्ञिक दृष्टिमा शक्ति सम्बन्धका रूपमा पुरुषत्वलाई लिइन्छ जहाँ महिला र पुरुषको सन्तुलन रहन्छ (पिल्चर एन्ड ह्वेलहेन, २००४ : ८३) । अधिकार सम्पन्न हुनु, बलियो मानिनु, प्रमुख हुनु, शारीरिक रूपमा सुगठित देखिनु, समाजमा वरिष्ठ वा उच्च तहमा रहनु, शासन गर्नु, विपरीत लिङ्गीमाथि शासन गर्नु, यौनिक सक्षमता रहेको विश्वास लिनु, चुनौती सामना गर्न सक्नु, आर्थिक प्राप्तिको कार्य गर्नु, स्वतन्त्र रहनु, प्रतिस्पर्धी बन्नु, अभिमानी हुनु, प्रत्यक्ष भूमिका निर्वाह गर्नु, आक्रामक प्रतिक्रिया दिनु आदि व्यवहारहरू पुरुषत्वका गुण मानिन्छन् (होल्मस् एन्ड मेयर्होफ, २००३: ५७४) । कोनेल (१९८७) द्वारा लैङ्गिक शृङ्खलामा नारीत्वभन्दा पुरुषत्वले उच्च तह लिएको हुन्छ भन्ने जनाइएको छ ।

पुरुषत्वका सवालमा क्रेइग (१९९२) द्वारा शासकीय पुरुषत्व, परम्परित पुरुषत्व र अधीनस्थ पुरुषत्व गरी वर्गीकरण गरिएको छ । पुरुषत्व भन्नाले पुरुषका व्यवहार मात्र नभएर स्त्रीका व्यवहारहरू पनि हुने कुरा उल्लेख गरिएको छ । लेखकबाट समलिङ्गी पुरुषहरू खास गरी अधीनस्थ पुरुषका रूपमा व्यवहृत हुने तथा समलिङ्गी महिलाहरू पनि त्यस्तै व्यवहार भोग्न बाध्य बनेको कुरा व्यक्त गरिएको छ ।

यसरी पुरुषत्वलाई लैङ्गिक चेतनाका सन्दर्भमा विश्लेषण तथा उपयोग गर्न सकिन्छ । पुरुषको अध्ययन र आन्दोलन सँगै विकसित भएको धारले लैङ्गिक दमन र असमानतालाई अन्त्य गरी लैङ्गिक सन्तुलन कायम गर्नका लागि आधार प्रदान गर्दछ । पुरुषत्वका सवालमा उत्पन्न मान्यताहरू नारीत्वको विश्लेषणका लागि पनि उत्तिकै सबल हुन्छन् । समाज र

संस्कृतिबाट निर्मित पुरुषत्वका विशेषतालाई आधार बनाएर लैङ्गिक चेतनाको खोजी र विश्लेषण गर्न सकिन्छ ।

४.३.४ यौनिकता

यौनिकतालाई कोशीय अर्थमा महिला वा पुरुषका व्यक्तिगत यौनिक चाहना, सोचाइ तथा क्रियाकलापका रूपमा बुझिन्छ । तर यस शब्दलाई विस्तीर्ण अर्थमा स्वीकार गरिएकाले यसको वास्तविक अर्थ यत्ति नै हो भन्न सक्ने स्थिति छैन । सामान्यतया यौनिकता भन्नाले भिन्न लिङ्ग वा समान लिङ्ग तथा तिनीहरूको यौनिक क्रियाकलाप, यौनिक शक्ति, यौनिक पहिचान, झुकाव, शारीरिक संरचना, हाउभाउ, यौन चाहना तथा व्यवहारहरूको समष्टि रूप भन्ने बुझिन्छ । त्यसका अतिरिक्त पुरुष वा महिलाका यौन व्यवहारहरूको सामाजिक तथा सांस्कृतिक मान्यता, स्वतन्त्रता, निषेध तथा अवसरका सन्दर्भहरूलाई समेत यौनिकताको क्षेत्रअन्तर्गत राखेर विश्लेषण गर्न सकिन्छ । यौनिकताका सवालमा मिचेल फुको आफ्नो 'हिस्ट्री अफ सेकसुआलिटी'मा प्रस्ट पार्दै लेख्छन् : यौनिकता विभिन्न उमेरमा विभिन्न ढाँचामा प्रदर्शन हुन्छ । मानिसमा शिशु अवस्थादेखि नै यौनिकता व्यवहारहरू प्रदर्शित भइरहन्छन् भने अर्कातर्फ खास पेसा तथा क्षेत्रमा आफ्नै प्रवृत्तिको यौनिकताको प्रकृटीकरण भैरहन्छ । जस्तो कि, चिकित्सक र बिरामीको यौनिकता, शिक्षक र शिक्षार्थीको यौनिकता, मनोचिकित्सक र मनोरोगीको यौनिकता आदि । त्यस्तै यौनिकताको प्रदर्शन घर, विद्यालय, जेल आदि सबै ठाउँमा भैरहन्छ । यौनिकताका यी सबै रूपहरू शक्तिको वास्तविक प्रक्रियाका सम्बन्धसँग जोडिएका छन् (फुको, १९७८ : ४७) । यौनिकता व्यक्तिहरूको आपसी चाहना र क्रियाकलाप मात्र नभएर सामाजिक मानक उल्लङ्घन गर्ने वा बदला लिने साधन तथा शक्ति पनि हो भन्ने विचारका आधारमा हेर्दा यसलाई सामाजिक सामर्थ्य तथा भूमिकाको सशक्त आधार मान्न सकिन्छ ।

जैविक रूपमा यौनका सम्बन्ध तथा स्वरूपहरू, शारीरिक र संवेगात्मक पक्षहरूलाई यौनिकतासँग सम्बन्धित गर्न सकिन्छ । यौन चाहना र रुचि, पुनरुत्पादन प्रक्रिया, शारीरिक यौनाङ्गको विकास आदि पक्षहरू पनि यौनिकताअन्तर्गत पर्दछन् । त्यस्तै सामाजिक, सांस्कृतिक, राजनीतिक तथा दार्शनिक पक्षहरूका साथै व्यक्तित्व निर्माण, सामाजिक भूमिका तथा दायित्व निर्माण जस्ता पक्षमा पनि यौनिकताको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षा, सञ्चार, राजनीति, स्वास्थ्य जस्ता क्षेत्रमा पनि यौनिकताले प्रमुख भूमिका निर्वाह गरेको हुन्छ । मनोवैज्ञानिक पक्षबाट हेर्दा मानिसको व्यक्तित्व विकासमा यौनिकताले केन्द्रीय भूमिका निर्वाह गरेको हुन्छ । समाजले पुरुष यौनिकता र महिला यौनिकतालाई अलग ढङ्गले व्याख्या गर्ने

गरेको पाइन्छ । विपरीत लिङ्गीय यौनिक व्यवहारलाई समाजले मान्यता दिए पनि समलिङ्गीय यौनिक व्यवहारहरू अझै पनि उपेक्षित मानिन्छन् । जसले गर्दा समलिङ्गीय यौनिक व्यवहार भएका व्यक्तिहरू समाजमा तिरस्कृत हुँदै आएको पाइन्छ । अर्कातर्फ जीवनयापन, पेसा, व्यवसाय लगायतका जीविकोपार्जनमूलक पक्षमा संलग्न हुन र निरन्तरता दिन यौनिकताका पक्षले प्रत्यक्ष प्रभाव पार्ने भएकाले जीवनका लागि यौनिकता निर्धारक तत्त्व बन्न पुगदछ । यौनिक व्यवहारहरू पितृसत्ताबाट निर्देशित र नियन्त्रित भएका कारणले महिला यौनिकता, समलिङ्गी तथा अन्य लिङ्गी यौनिक व्यवहारहरू हेयको दृष्टिमा पर्दछन् । त्यसैले यौनिकतामा रहेको लैङ्गिक विभेद मानव समाज विकास तथा मानव जीवनको ज्वलन्त समस्या बन्न पुगेको देखिन्छ । यौनिकताका विविध पक्षलाई निम्नानुसार देखाउन सकिन्छ :

४.३.४.१ **विपरीत लिङ्गी यौनिकता**

भिन्नभिन्न प्रकृतिका लिङ्गीय संरचना भएका व्यक्तिहरू (महिला र पुरुष) बिच हुने यौन इच्छा, व्यवहार, चाहनालाई विपरीत लिङ्गी यौनिकता भनिन्छ । यस्तो यौनिक सम्बन्धलाई विश्वव्यापी सर्वमान्यता दिइएको छ । जुनसुकै समाज, संस्कृति भएका मानव समुदायले यस्तो यौनिकतालाई वैध मान्दछन् । यस्तो यौनिकता पितृसत्ताको पक्षमा रहेकाले अन्य लिङ्गी यौनिकता भएका व्यक्ति तथा महिलालाई पनि विभेद गर्ने गरेको देखिन्छ । यस्तो यौनिकतामा महिला र पुरुषको सम्बन्ध भए पनि त्यो सम्बन्ध महिलामैत्री नभएको साथै महिलालाई पुरुषले आफ्नो इच्छाअनुसारका यौनिक र सामाजिक व्यवहारमा सीमित गरिदिएको देखिन्छ ।

विपरीत लिङ्गी यौनिक व्यवहार भएका व्यक्तिहरू समाज स्वीकृत हुन्छन् तर खास गरी नारीवादी विचार भएका व्यक्तिहरूले विपरीत लिङ्गीय प्रवृत्ति पितृसत्ताको उपज हो भन्ने ठान्दछन् । त्यसैले आमूल नारीवादी विचार र विपरीत लिङ्गीय यौनिक व्यवहार विपरीत ध्रुवीय मान्न सकिन्छ (मिल्स एन्ड मुलानी, २०११ : १३५) । विपरीत लिङ्गी यौनिकतालाई भिन्न यौनिकता पनि भन्न सकिन्छ । यस्तो यौनिकता समलिङ्गी यौनिकताको विरोधी विचार होइन भन्ने कुरा मिल्स र मुलानीले बताएका छन् । भिन्न यौनिकताले गर्दा नै पेन्सन तथा अन्य सामाजिक र कार्यालयीय सुविधा एवम् अधिकारहरू प्राप्त हुने कुरा बताइएको छ । अझ लेखकहरूद्वारा क्यामेरोन र कुलिकको विचार, यदि विपरीत यौनिक व्यवहार छैन भने न त त्यो वास्तविक पुरुष हुन सक्छ न त ऊ साँचो महिला नै, यौनिकता र लैङ्गिकतामा विशिष्ट सम्बन्ध रहेको हुन्छ, भनी व्याख्या गरिएको छ । भिन्न यौनिक व्यवहार भएकाहरूको सामान्य र स्वाभाविक समुदाय नै हुँदैन (मिल्स एन्ड मुलानी, २०११ : १३५) । यौनिकतालाई राजनीतिकरण

गरिएको पाइन्छ । लेज्बियन तथा गे यौनिक स्वभाव भएकाहरूले भिन्न यौनिक व्यवहार तथा संस्कारलाई दमन, शोषण तथा विभेदको संज्ञा दिएका छन् भने भिन्न यौनिकता भएकाले समलिङ्गी यौनिकतालाई असामान्य यौनिक व्यवहार ठान्दछन् ।

अधिकांश समाजमा वैधता प्राप्त गरेको हुनाले भिन्न लिङ्गी यौनिकतालाई मानक प्रवृत्ति भनिएको छ । समलैङ्गिक स्वभाव भएकाले विपरीत लिङ्गीय सामाजिक परम्परित विवाहलाई यातनाका रूपमा लिएका हुन्छन् भने त्यसका विरुद्धमा आवाज उठाउन हिम्मत पनि गर्दैनन् । जुडिथ बटलरका विचारमा जन्मँदै बालक (स्त्री र पुरुष) समलिङ्गी वा भिन्न लिङ्गी हुँदैन, त्यो त समाज र संस्कृतिको नियम, आचरणका आधारमा निर्धारण हुन्छ । लकाँले पनि सामाजिक परिवेशअनुसार भाषाको साङ्केतिक संसारमा प्रवेश गर्नासाथ बालकमा त्यहाँको अवस्थाले प्रभावित तुल्याउँछ र त्यहीअनुरूप बानीको विकास हुँदै जान्छ भन्ने धारणा प्रस्तुत गरेकी छन् (उप्रेती, २०६९ : २४७) । जैविकभन्दा पनि यौनिकताका सवालहरू सामाजिक सांस्कृतिक तथा ऐतिहासिक प्रकृतिका हुने कुरा उल्लिखित विचारबाट प्राप्त हुन्छ ।

भिन्न यौनिक व्यवहारमा गोराहरूको औपनिवेशिकता र पितृसत्ताको प्रभाव मात्र होइन कि पुरुषत्वको अधिनायकत्व पनि पाइन्छ (पिल्चर एन्ड ह्वेलहेन, २००४ : ७०) । अहिले भिन्न यौनिकता व्यापक र विस्तृत अर्थमा व्यवहृत भइरहेको छ । जीवनयापनका निश्चित मानक, सामाजिक जीवन प्रणालीहरू, नैतिकता तथा भौतिकवादी ढङ्गले भिन्न यौनिकतालाई विकसित र विस्तारित गरेको पाइन्छ । भिन्न यौनिकताका विरोधमा लेज्बियन, गे द्विलिङ्गी यौनिकता, परिवर्तित यौनिकता लगायतका यौनिक विचारहरूले अधिकार, समानता तथा समताका आवाजहरू सशक्त ढङ्गले उठाइरहेका छन् । यो मानव जीवन विकासको सघन र स्वतन्त्र पक्ष मान्न सकिन्छ । किनभने कोही पनि जबरजस्ती यौनिक हिसाबले प्रताडित बन्नु हुँदैन । तर बहुसङ्ख्यक व्यक्तिहरू परम्परित मूल्य, मान्यता तथा व्यवहारमा आधारित रहेर स्वतःस्फूर्त र सहज ढङ्गले भिन्न यौनिक स्वभाव (विपरीत लिङ्गी यौनिकता) निर्वाह गर्न चाहन्छन् भने उनीहरूको पनि उत्तिकै स्थान आवश्यक पर्दछ ।

विपरीत लिङ्गी यौनिक व्यवहार महिला र पुरुषबिचको यौनिक सम्बन्ध हो जसलाई परम्परित मूल्यअनुसार प्राकृतिक सम्बन्ध मानिन्छ । व्यक्तिको चेतना, सामाजिक संरचनाले पृथक् लिङ्गी व्यवहार, सम्बन्ध, झुकाव तथा प्रवृत्ति निर्धारण गर्दछ । यस्तो सम्बन्धलाई सामाजिक, सांस्कृतिक तथा कानुनी मान्यता प्राप्त हुन्छ । पृथक् लिङ्गीय संरचनाले गर्दा महिला हिंसा बढिरहेको तर्क नारीवादीहरूको रहेको छ जुन सत्य पनि छ किनभने पितृसत्ताले पुरुष

प्रधान तथा महिला गौण स्थानमा रहेको मान्दछ । यौनिक व्यवहार र यौनिक सम्बन्धमा पनि महिलामाथि शोषण र उत्पीडन हुने गरेको पाइन्छ । नेपाली उपन्यासको विश्लेषणका सन्दर्भमा उपन्यासमा रहेका पात्रहरूको पृथक् लिङ्गीय यौनिक व्यवहारलाई तथ्यपरक ढङ्गले प्रस्तुत गर्न विपरीत लिङ्गी यौनिकतालाई महत्त्वपूर्ण आधारका रूपमा उपयोग गर्न सकिन्छ ।

४.३.४.२ **समलिङ्गी यौनिकता**

समान प्रकृतिको लिङ्ग भएका व्यक्तिहरूबिचको यौनिक सम्बन्धलाई समलिङ्गी यौनिकता भनिन्छ । एउटै लिङ्गका मानिसहरूबिच हुने यौन सम्बन्ध, व्यवहार, झुकाव, धारणा वा आकर्षणलाई समलिङ्गी व्यवहार भनिन्छ (अर्याल, २०६८: १४१) । समान लिङ्ग भएकासँग हुने यौन सम्बन्ध तथा शारीरिक सम्बन्ध मात्र नभएर सामाजिक, आर्थिक, व्यावहारिक, राजनैतिक आदि जीवनका सम्पूर्ण सम्बन्धहरूको समष्टि धारणालाई समलिङ्गी यौनिकता भन्ने बुझिन्छ ।

तात्विकवादीहरूले स्त्री वा पुरुष समलिङ्गी चाहना जन्मजात लिएर आएका हुन्छन् भन्ने धारणा राखेको पाइन्छ । त्यस्तै निर्माणवादीहरूले समलिङ्गी होस् वा पृथक् लिङ्गी त्यो सामाजिक, भाषिक तथा सांस्कृतिक मूल्यहरूको आधारमा निर्धारण हुन्छ भन्ने मत प्रस्तुत गरेका छन् (उप्रेती, २०६९ : २४६, २४७) । प्राकृतिक रूपमा होस् वा सामाजिक रूपमा नै निर्मित किन नहोस् समलिङ्गी यौनिकताका आफ्नै विशेषता, प्रवृत्ति तथा व्यवहारहरू हुने गर्दछन् । समलिङ्गी यौनिकता दुई भागमा विभाजित हुने हुँदा सोहीअनुसार यहाँ व्याख्या गरिएको छ :

क) महिला समलिङ्गी यौनिकता (जेज्बियन यौनिकता)

लेज्बियन यौनिक परिचय भन्नाले समसामाजिक दायरामा महिला महिलासँग सम्बन्धित भएर रहनु हो (पिल्चर एन्ड ह्वेलहेन, २००४ : ७९) । आमूल नारीवादी विचारको विकास भएपछि महिला समलिङ्गी यौनिकताले गति प्राप्त गरेको देखिन्छ । पितृसत्ताबाट शोषित बनेका महिलाहरूले आक्रोश र विरोध गर्दै पुरुषविहीन जीवनयापनको परिकल्पना गरेबाट लेज्बियन यौनिकता सबल बन्दै आएको पाइन्छ । लेज्बियन यौनिकताले महिलाले महिलासँग राख्ने यौन चाहना, सम्बन्ध र सन्तुष्टिलाई मात्र बुझाउँदैन । यसका साथै सामाजिक, भाषिक, राजनैतिक, सांस्कृतिक पक्षमा पनि महिला महिलाबिचको सम्बन्धको अवस्थालाई जनाउँछ ।

ख) पुरुष समलिङ्गी यौनिकता (गे यौनिकता)

गे यौनिकता भन्नाले एउटा पुरुष अर्को पुरुषसँग आकर्षित हुने, सम्बन्ध राख्ने तथा सन्तुष्ट हुने अवस्था हो । यसका साथै सामाजिक सम्बन्ध पनि पुरुषको पुरुषसँगै निहित हुने

अवस्था हो । परम्परागत विपरीत लिङ्गी यौनिक व्यवहारका विरुद्धमा समलिङ्गी पुरुषले आफ्नो समसामाजिक मूल्यको खोजी गरेपछि सन् १९७० पछि पुरुष समलिङ्गी यौनिक चेतना आन्दोलनका रूपमा विकसित हुँदै आएको पाइन्छ ।

दुवै धार समलिङ्गी यौनिकताभित्र पनि विभिन्न अन्तरविरोधहरू रहेका छन् । जस्तो कि यौनिक सम्बन्धमा मात्र सीमित हुने या समग्र सामाजिक जीवनयापनमा केन्द्रित हुने तथा जातिगत, भाषागत, वर्गगत, उमेरगत पक्षमा समलिङ्गी यौनिकताअन्तर्गत यथेष्ट समस्याहरू रहेको पाउन सकिन्छ ।

४.३.४.३ द्विलिङ्गी यौनिकता

समलिङ्गी यौन व्यवहार र पृथक् लिङ्गी यौन व्यवहार दुबै थरिका सम्बन्ध कायम गर्ने अवस्थाको यौनिकतालाई द्विलिङ्गी यौनिकता भनिन्छ । द्विलिङ्गी यौनिकतामा यौनिक अनुभव, संवेग, आकर्षण तथा स्नेह समलिङ्गी तथा विसमलिङ्गी दुबै प्रकृतिका व्यक्तिसँग हुने गर्दछ । महिला वा पुरुषको व्यक्ति सचेतना र सामाजिक पहिचान द्वैध यौनसम्बन्धी व्यवहार, धारणा, अनुभव, आकर्षण आदि समलिङ्गी र विपरीत लिङ्गी दुबैको अनुरूप विकास हुन्छ (अर्याल, २०६८ : १४४) । व्यावहारिक रूपमा वा जीवन शैलीमा द्विलिङ्गी यौनिकता पृथक लिङ्गी यौनिकता तथा समलिङ्गी यौनिकताभन्दा अझ अस्पष्ट, गुप्त र नियन्त्रित रहेको पाइन्छ । यद्यपि द्विलिङ्गी यौनिक स्वभाव भएका व्यक्तिहरू समाजमा यथेष्ट मात्रामा रहेका छन् । द्विलिङ्गी यौनिकता भएका व्यक्तिहरूले आफ्नो अधिकार स्थापना र अस्तित्वको खोजीमा प्रस्ट गतिशीलता प्राप्त गर्न सकेको अवस्था छैन बरु यस्तो अवस्थाका व्यक्तिहरूले गे वा लेज्बियन स्वभावका व्यक्तिहरूसँग मिलेर आफ्नो अस्तित्वको खोजी गरिरहेका छन् । द्विलिङ्गी यौनिकता भएका मानिसहरूले अन्य यौनिक स्वभावका मानिसहरूले जस्तो समूह, सङ्गठन वा संस्था खोलेर सार्वजनिक स्वतन्त्र समूह निर्माण गरेका छैनन् तर यस्तो यौनिकतालाई पनि तेस्रो लिङ्गीअन्तर्गत समावेश गरिएको पाइन्छ । यस अर्थमा द्विलिङ्गी यौनिकता भएका व्यक्तिहरू अझ बढी कुण्ठित, तिरस्कृत र सीमित बनेको अनुमान गर्न सकिन्छ ।

पुरुष समलिङ्गी यौनिकतालाई जुन दृष्टिले हेर्ने र विश्लेषण गर्ने गरिन्छ त्यही दृष्टिबाट नै द्विलिङ्गी यौनिकतालाई हेर्ने र विश्लेषण गर्ने काम गरिन्छ (मिल्स एन्ड मुलानी, २०११ : १३५) । द्विलिङ्गी यौनिकता र यौन सम्बन्धका बारेमा अर्याल (२०६८) भन्दछन् 'द्वैध यौन सम्बन्ध कायम गर्ने महिलाले पहिले विपरीत लिङ्गी र पछि समलिङ्गीसँगको यौन अनुभव बटुलेकी हुन्छे भने द्वैध यौन सम्बन्ध कायम गर्ने पुरुषले पहिला समलिङ्गीसँग यौन सम्बन्ध कायम गर्दछ त्यसपछि मात्र

विपरीत लिङ्गीसँग ।' द्विलिङ्गी यौनिकता अन्य यौनिकताका तुलनामा अझ बढी शारीरिक, मनोवैज्ञानिक र सामाजिक हिसाबले जटिल मानिन्छ । आकर्षण, माया तथा भावनात्मक सम्बन्धको प्रगाढतामा यौन सम्पर्कमा मात्र यस्तो यौनिकता सीमित बन्दछ । यस्तो व्यवहार भएका व्यक्तिहरू सामाजिक राजनैतिक वा आर्थिक हिसाबले अन्य मौलिकता भएका मानिसहरूको दाँजोमा अस्पष्ट, गुम्फित तथा पृथक् खालका हुन्छन् । तसर्थ यौनिकताका हिसाबले यस्तो यौनिकतालाई बढी सङ्क्रमणजन्य प्रवृत्ति मान्न सकिन्छ ।

४.३.४.४ परिवर्तित लिङ्गी यौनिकता

जैविक रूपमा पुरुष भए पनि मनोवैज्ञानिक तथा व्यावहारिक रूपमा स्त्रीका स्वभाव र प्रकृतिको अवस्था वा जैविक रूपमा स्त्री भए पनि व्यावहारिक तथा मनोवैज्ञानिक रूपमा पुरुषका स्वभाव र प्रवृत्ति प्रस्तुत गर्ने यौनिक अवस्थालाई परिवर्तित लिङ्गी यौनिकता भनिन्छ । यस्तो प्रवृत्ति र स्वभाव भएका व्यक्तिहरू सकेसम्म शारीरिक संरचनाको परिवर्तन गरी मानसिक र शारीरिक गुणहरू स्वाभाविक र सहज बनाउने प्रयत्नमा लागेका हुन्छन् । बाहिरी संरचना वा जैविक पक्ष एउटा लिङ्गको हुने तर आन्तरिक पक्ष, लवाइ बोली, व्यवहार यौन अपेक्षा, शैली आदि अर्को लिङ्गको व्यवहारसँग मिल्ने गरी यौनिक व्यवहारहरू रहेको अवस्था सामाजिक, सांस्कृतिक हिसाबले अत्यन्त जटिल मानिन्छ । स्त्री संरचना भएका महिलाहरूमा पुरुष स्वभाव हुने हुनाले तिनीहरू स्त्रीसँग यौन सम्बन्ध राख्न चाहन्छन् भने पुरुष संरचना भएका पुरुषहरूमा स्त्री स्वभाव हुने भएकाले तिनीहरू पुरुषसँग यौन सम्बन्ध राख्न चाहन्छन् । यस आधारमा यस्तो यौनिक व्यवहार प्रकारान्तरले समलिङ्गी यौनिकताको रूपमा प्रकटित हुन्छ ।

परिवर्तित लिङ्गी यौनिकताका बारेमा उप्रेती (२०६८) भन्छन्, 'केही समलिङ्गी पुरुषहरू सर्जरीको माध्यमले शारिरिक परिवर्तन गरेर नारी बनेका छन् भने केही समलिङ्गी नारी पुरुष यस्ता नारी पुरुषलाई Trans Sexual भन्ने गरिन्छ ।' सर्जरी गरेर आफ्नो स्वभाव र मानसिकतासँग मिल्ने शारीरिक संरचना निर्माण गरेको भए तापनि त्यस्ता व्यक्तिहरूका भिन्न पहिचान हुनु नपर्ने मान्यता पनि विकसित भइरहेको पाइन्छ ।

परिवर्तित लिङ्गी यौनिकताका सन्दर्भमा मिल्स तथा मुलानी (२०११) ले अनुसन्धान कार्यको प्रतिबिम्बन गर्दै भन्छन्, 'ब्राजिलमा गरिएको अध्ययनअनुसार यस्ता परिवर्तित लिङ्गी यौनिकता भएका व्यक्तिहरूलाई travesties (ट्राभेस्टिस्) भनिन्छ । ती ट्राभेस्टिस्हरू, जो पुरुष हुन् उनीहरू जैविक संरचनाको परिवर्तनमा लागेका छन् र स्त्रीकेन्द्रित नामहरूबाट परिचित हुन चाहन्छन् ।' परिवर्तित लिङ्गी यौनिकता भन्नाले महिलाले पुरुषको आकृति, प्रकृति, व्यवहारसँग

मिल्ने र पुरुषले महिलाको आकृति, स्वरूप, प्रकृति, व्यवहारसँग मिल्ने गेटअप वा स्वरूपमा यौन सम्बन्ध राख्नु हो । केटा केटीका रूपमा देखिन्छ । केटी केटाका रूपमा देखिन्छे । यसरी शारीरिक संरचना जैविक हुन्छ भने व्यवहार, स्वरूप सामाजिक एवं लैङ्गिक हुन्छ । केटी देखिनेको अङ्ग Penis हुन्छ भने केटा देखिनेको अङ्ग Vagina हुन्छ (अर्याल, २०६८ : १४४) । उपर्युक्त विभिन्न धारणा तथा व्याख्याहरूका आधारमा परिवर्तित लिङ्गी यौनिकताअन्तर्गत शारीरिक संरचना अनुसारको मानसिक संरचना नहुने, मानसिक स्वभावअनुसार शारीरिक संरचना बदल्न प्रयत्नशील रहने भिन्न यौनिक संरचना भएका व्यक्तिहरूको व्यवहार, शैली, लवाइ, भाषा अपनाउने गर्दछन् । जैविक रूपमा पुरुष भएकाले नारीत्वको खोजी गर्ने र स्त्री भएकाले पुरुषत्वको खोजी गर्ने तथा प्रकारान्तरमा समलिङ्गी यौन व्यवहार प्रकट गर्ने प्रवृत्तिहरू रहेका हुन्छन् भन्न सकिन्छ ।

४.३.४.५ अन्तरलिङ्गी यौनिकता

अन्तरलिङ्गी यौनिकता भन्नाले एक व्यक्तिसँग स्त्री र पुरुष दुबैका यौन अङ्गहरू हुने स्थिति हो । मानवको जैविक विकासमै विशिष्ट वा असामान्य संरचनात्मक स्वरूपमा यस्तो अवस्था देखापर्दछ । त्यसैले मानव विकास अझ भनौं मानवको यौन विकासमा देखापर्ने अव्यवस्थाका रूपमा यस्तो संरचनालाई अर्थ्याइन्छ । यस्तो संरचना भएका व्यक्ति अपवादका रूपमा रहेका हुन्छन् । प्राथमिक यौन अङ्ग (Vagina र Penis) दुवै एकै व्यक्तिमा हुने भए तापनि अन्य गुण तथा प्रवृत्तिहरू कोहीमा पुरुषका जस्ता र कोहीमा स्त्रीका जस्ता देखापर्छन् । यस्ता व्यक्तिहरूको जैविक र सामाजिक लिङ्ग पहिचान गर्न तथा वर्गीकरण गर्न कठिनाइ उत्पन्न हुन्छ । त्यसैले यस्तो यौनिकतालाई जटिल यौनिकता पनि भनिन्छ । अन्तरलिङ्गी यौनिकता भएका व्यक्तिहरू पनि विभिन्न प्रकृतिका हुन्छन् : i) समानान्तर अन्तरलिङ्गी गुण (ii) सक्रिय र निष्क्रिय अन्तर लिङ्गी ।

दुवै खालका यौन अङ्ग (Penis र Vagina)को उत्तिकै भूमिका रहने अवस्थाको अन्तरलिङ्गीलाई समानान्तर अन्तरलिङ्गी भनिन्छ । यस्ता व्यक्तिले स्त्री र पुरुष दुवैसँग यौन सम्बन्ध राख्ने क्षमता राख्दछन् भने सक्रिय र निष्क्रिय अन्तरलिङ्गी गुण भएका व्यक्तिहरूका शारीरिक संरचना अन्तरलिङ्गी किसिमको भए पनि स्त्रीगुण सक्रिय र पुरुष गुण निष्क्रिय वा पुरुष गुण सक्रिय र स्त्री गुण निष्क्रिय हुन सक्दछन् । यस्ता व्यक्तिहरूले स्त्री र पुरुष दुवैसँग यौन सम्बन्ध नराखी कुनै एकसँग [स्त्री गुण सक्रिय हुनेले पुरुषसँग र पुरुष गुण सक्रिय हुनेले

स्त्रीसँग] यौन सम्बन्ध राख्दछन् । साथै यस्ता व्यक्तिहरूले समलिङ्गी यौनिक व्यवहार, पृथक् लिङ्गी यौनिक व्यवहार तथा द्विलिङ्गी यौनिक व्यवहार पनि अपनाउन सक्छन् ।

अन्तरलिङ्गी यौनिक व्यवहार भएका व्यक्तिहरूको सामाजिक लिङ्ग, पहिचान तथा अस्तित्व बढी सङ्क्रमणयुक्त, जटिल तथा विरोधाभाषपूर्ण रहेको पाइन्छ । यसले सामाजिक, पारिवारिक जटिलताहरू पनि सिर्जना गर्दछ । यस्ता व्यक्तिहरूलाई हिजडा वा तेस्रो लिङ्गी पनि भनिएको पाइन्छ । तर तेस्रो लिङ्गी शब्द अहिले सामान्यीकृत बन्दै गइरहेको देखिन्छ । यस्तो अन्तरलिङ्गी यौनिकताको विशिष्ट तथा गहन विश्लेषण गर्न सकिन्छ ।

४.३.५ लैङ्गिक समानता र समता

लैङ्गिक समानता भनेको स्त्री र पुरुषका लागि समानस्तर, अधिकार तथा उत्तरदायित्व हो । लैङ्गिक आधारमा कुनै विभेदविना हरेक क्षेत्रमा स्त्री र पुरुषलाई उत्तिकै सहभागी बनाउनु नै लैङ्गिक समानता हो (लुइटेल, २००८ : २१०) । कार्यकक्ष, सुविधा, प्राप्ति, भूमिका, दायित्व, अधिकार आदि यावत सरोकारका क्षेत्रमा स्त्री र पुरुषको समान प्रतिनिधित्व, सक्रियता, हैसियत तथा अवसरहरू उपलब्ध गराइनु नै लैङ्गिक समानताको अवस्था हो । लैङ्गिक भूमिकामा बराबर हैसियत कायम गर्न अवलम्बन गरिने मूल्य, मान्यता, दृष्टिकोण तथा व्यवहार नै लैङ्गिक समानता हो । यस मान्यताबाट कुनै पनिस्त्रीले पुरुषसरह अधिकार तथा अवसर पाउनुपर्दछ भन्ने बुझिन्छ । पितृसत्ताकेन्द्री समाज भएकाले समाज र संस्कृतिले तोकेका तथा अपेक्षा गरेका व्यवहारहरू अधिकांशतः पुरुष प्रधान र स्त्री गौण अवस्थामा रहेको पाइन्छ । यदि मातृसत्ताकेन्द्री समाज छ र त्यहाँ स्त्री प्रधान तथा पुरुष गौण अवस्थामा रहँदा पनि लैङ्गिक समानता हुन सक्दैन । लैङ्गिक समानता कायम गर्न शिक्षाको समान अवसर, चेतनामा अभिवृद्धि, सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रमा समान संलग्नता र प्राविधिक ज्ञान तथा सिपमा दक्षता बढाउनु आवश्यक हुन्छ ।

सामाजिक र सांस्कृतिक पक्ष लगायत अन्य क्षेत्रमा महिला र पुरुषबिच रहेका विभेद र असमानताको अन्त्य गर्नु, त्यस्तो अवस्था सिर्जना हुन नदिनु लैङ्गिक समानता हो । समाजमा शिक्षा, स्वास्थ्य, रोजगार, आय तथा विज्ञान प्रविधिका पक्षमा स्त्री र पुरुषबिच समान किसिमको अधिकार तथा पहुँच हुनु नै लैङ्गिक समानता हो । नेपालको अन्तरिम संविधान २०६३ को भाग-३ मा मौलिक हक अन्तर्गत समानताको हकको व्यवस्था गरिएको छ । उक्त संविधानमा 'सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन । समान कामका लागि महिला र पुरुषका बिच पारिश्रमिक तथा सामाजिक

सुरक्षामा भेदभाव गरिने छैन भनिएको छ ।' समानताको मार्क्सवादी व्याख्या गर्दा आर्थिक स्रोतमा स्त्री र पुरुषको समान नियन्त्रण तथा अवसरको अवस्था कायम रहनु हो । कानुनी रूपमा वा नीतिगत रूपमा स्त्री तथा पुरुषप्रति समान दृष्टिकोण तथा व्यवस्था गरिएको भए तापनि व्यावहारिक पक्षमा आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक शैक्षिक आदि क्षेत्रमा समानता कायम हुन सकेको पाइँदैन । तसर्थ कानुन बनाएर त्यसको व्यावहारिक कार्यान्वयन गरेपछि मात्र लैङ्गिक समानता कायम हुन सक्दछ भन्न सकिन्छ ।

सामाजिक अवस्था अथवा कानुनी/राजनीतिक अधिकारमा समान व्यवस्था गरिनु नै लैङ्गिक समानता हो (पिल्चर एन्ड ह्वेलहेन, २००४: ३७) । पूर्वीय वा पश्चिमी समाजको ऐतिहासिक सभ्यता हेर्दा पुरुषले उच्च सामाजिक स्तर, कानुनी तथा राजनैतिक अधिकार प्राप्त गरेको र स्त्रीहरू उपेक्षित तथा अधिकारबिहीन अवस्थामा रहेको तथ्य भेटिन्छ । नान्सी फोल्ब्रे (२००९) बाट स्त्रीहरू बच्चा उत्पादन गर्ने मेसिनका रूपमा मात्र सीमित रहेको साथै एक पत्नी र गृहिणी मात्र भएको विश्वको ऐतिहासिक सन्दर्भबाट तथ्य भेटिने धारणा प्रस्तुत गरिएको छ । यसबाट समानता नभएको प्रस्ट हुन्छ ।

समानताको अवधारणामा स्त्री र पुरुष मात्र नभएर गे मेन, लेज्बियन आदि अन्य प्रवृत्ति भएका व्यक्तिहरूलाई पनि समान सामाजिक स्वीकार, सम्मान र स्तर, कानुनी अधिकार, वैवाहिक अधिकार (जो विपरीत लिङ्गी व्यक्तिहरूले उपभोग गर्दछन्) आवश्यक रहेको कुरा पिल्चर एन्ड ह्वेलहेन (२००४) ले समेत प्रस्तुत गरेका छन् ।

यसरी हेर्दा लैङ्गिक समानता भन्नाले पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिहरू तथा समलिङ्गी यौनिकता भएका व्यक्तिहरू सबै खालका हरेक व्यक्तिलाई सामाजिक कानुनी, शैक्षिक, आर्थिक, राजनैतिक आदि अवसर तथा अधिकार समान रूपले प्रदान गरिने अवस्था भन्ने बुझिन्छ जहाँ उत्तरदायित्वहरू पनि समान किसिमले वहन गरिएको हुनुपर्छ । त्यसैले समग्रमा भन्दा व्यक्तिगत, सामाजिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्यहरू सबै व्यक्तिहरूमा समान रूपले वितरण र व्यवस्थित गरी कानुनी तथा व्यावहारिक सम्मान प्रदान गर्नु नै समानता हो भन्न सकिन्छ ।

लैङ्गिक समता भन्नाले सामर्थ्य र अधिकारको निष्पक्ष व्यवस्था भन्ने बुझिन्छ । क्षमताअनुसारको अवसर र विशेष व्यवस्था नै समता हो । समानतामा पुऱ्याउने एक प्रक्रिया समता हो जहाँ सशक्तीकरण तथा सामाजिक त्याग सम्बन्धित हुन्छ । कुनै व्यक्ति वा समुदायलाई उसको कार्यदक्षताका आधारमा अवसर प्रदान गरी प्राथमिकताका साथ मूल धारमा

ल्याउने प्रयत्न समता हो । महिला र पुरुष दुबैको क्षमताअनुसार व्यवहार गर्नु, दुबैको अवस्थाअनुसार अवसर उपलब्ध गराउनु, कार्यभारअनुसार विवेकशील व्यवहार गर्नु, प्राकृतिक संरचना, क्षमता स्वभावअनुसार समान व्यवहार गर्नु, अवसर प्रदान गर्नु नै लैङ्गिक समता हो (अर्याल, २०६८: ३८) । लैङ्गिक समताको धारणाले अहिले स्त्री र पुरुष समान स्तरमा नभएकाले स्त्रीलाई विशेष अवसर, अधिकार तथा क्षमताअनुसारको सशक्तीकरण गरी लैङ्गिक समानताको तहमा पुऱ्याउनु पर्छ भन्ने मान्यता राख्छ (लुइटेल, २००८: २१०) । समताले विशेष अधिकार, आरक्षण तथा अवसर भन्ने जनाउँछ ।

विश्वको ऐतिहासिक सन्दर्भ हेर्दा पुरुषलाई बढी अवसर, अधिकार तथा स्वामित्व र सम्मान उपलब्ध गराइएको देखिन्छ । फलतः स्त्रीहरू पछाडि परेका छन् । समताले त्यस्ता पछाडि पारिएका स्त्रीहरूलाई न्यायपूर्ण विशेष अधिकार तथा अवसरहरू दिएर सशक्तीकरण गर्दै मूल प्रवाहमा समाहित गर्नुपर्ने देखिन्छ । तर समता भन्नेबित्तिकै महिलालाई विशेष सुविधा मात्र भन्ने बुझ्नु हुँदैन । जो जसलाई उपेक्षा गरी दमन गरिएको र पछाडि पारिएको छ, उनीहरूलाई अग्राधिकारको व्यवस्था गर्ने स्थिति हो भन्ने बुझ्नु पर्दछ । अल्पसङ्ख्यक र सीमान्तकृत समुदाय, जाति, वर्ग, लैङ्गिकता, यौनिकता, विशेष शारीरिक र मानसिक क्षमता भएका व्यक्तिहरू आदि सबै पक्षमा उनीहरूको अवस्था, क्षमता तथा सामर्थ्यअनुसारको विशेष व्यवस्थालाई समग्रमा समता भन्ने बुझिन्छ । लैङ्गिक समताको सन्दर्भमा हेर्दा पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिहरूमध्ये पुरुषभन्दा स्त्रीलाई पछाडि पारिएकाले स्त्रीलाई विशेष व्यवस्था गर्नु र समलिङ्गी पुरुष तथा स्त्री, साथै अन्य लिङ्गी व्यक्तिहरूलाई समेत सशक्तीकरण गर्ने कार्यलाई लैङ्गिक समता भन्न सकिन्छ ।

४.३.६ लैङ्गिक भूमिका

स्त्री र पुरुषले गर्ने विभिन्न कार्यहरू, जसलाई समाजले प्रत्यक्ष वा परोक्ष रूपमा निर्धारण र वर्गीकरण गरेका हुन्छन्, त्यस्ता कार्य नै लैङ्गिक भूमिकाअन्तर्गत पर्दछन् । सामाजिक र सांस्कृतिक विभिन्न एकाइ वा संस्थाहरूले यी र यस्ता कार्यहरू पुरुषले गर्ने, यी र यस्ता कार्यहरू महिलाले गर्ने भनेर निर्धारण र वर्गीकरण गरेका हुन्छन्, ती कार्यहरूमा स्त्री र पुरुषले निर्वाह गर्ने भूमिकालाई नै लैङ्गिक भूमिका भनिन्छ । प्रत्येक समाजमा रहेका विभिन्न परम्परा, मूल्य, मान्यता तथा विश्वासका आधारमा महिला तथा पुरुषले परिवार र समाजमा फरक फरक

भूमिका सम्पन्न गरेका हुन्छन् । प्राकृतिक आधारमा गर्नुपर्ने भूमिकाहरू जस्तो : शुक्रकीट उत्पादन गर्नु, डिम्ब उत्पादन गर्नु, पाठेघरमा बच्चा हुर्काउनु, बच्चा जन्माउनु तथा दुध चुसाउनु आदि कार्यहरू स्वाभाविक र प्राकृतिक मानिन्छन् । यस्ता कार्यहरूलाई मूलतः लैङ्गिक भूमिकाअन्तर्गत राखिंदैन ।

सामाजिक रूपमा प्रतिष्ठा प्राप्त गर्ने, आर्थिक उपार्जन गर्ने, पूर्ण रोजगार र व्यावसायिक बन्ने, राजनीतिक नेतृत्व गर्ने, सामाजिक नेतृत्व लिने, धार्मिक अनुष्ठान तथा संस्थामा प्रमुख बन्नेजस्ता भूमिकाहरूमा पुरुषहरू नै अग्रसर हुने र उनीहरूकै दायित्व हो जस्तो ठान्ने अनि गृहिणी बन्ने, बालबच्चाको स्याहार सुसार गर्ने, घरायसी सरसफाइ, लिपपोत, अव्यावसायिक कार्य आदि महिलाको जिम्मेवारी हो जस्तो ठान्नु र सोहीअनुसार व्यवहार गर्नु लैङ्गिक भूमिकाका उदाहरण हुन् । समय र परिस्थितिअनुसार लैङ्गिक भूमिका बदलिन पनि सक्छन् । यस्ता लैङ्गिक भूमिकाहरू प्राकृतिक तथा शास्वत प्रकृतिका नभएर समाज निर्मित हुन्छन् । त्यसैले विभिन्न समाजका विभिन्न खालका लैङ्गिक भूमिकाहरू हुन सक्दछन् ।

समाजमा रहेको उत्पादन तथा वितरणको आर्थिक संरचनाले पनि लैङ्गिक भूमिका निर्धारण गरेको पाइन्छ । त्यसैले लैङ्गिक भूमिका व्यक्तिको रूचि, क्षमता तथा दक्षताभन्दा पनि सामाजिक मूल्य र मान्यताबाट प्रभावित र नियन्त्रित हुन्छ । लैङ्गिक भूमिका पुरुषत्व र नारीत्वसँग सम्बन्धित हुन्छ । प्रतिफलसहितको कार्यमा स्त्री र पुरुषको पर्याप्त भिन्नता रहेको पाइन्छ भन्ने कुरालाई पिल्चर एन्ड ह्वेलहेन (२००४: ५९) ले यसरी व्यक्त गर्छन्, 'महिलाहरू आंशिक समय मात्र कार्य गर्छन् भने पुरुषहरू पूर्णकालीन कार्य गर्छन् ।

त्यस्तै कार्यको प्रकृति पनि भिन्न भिन्न किसिमले तय गरिएको हुन्छ । महिलाहरू नर्सिङको काम गर्छन् भने पुरुषहरू निर्माणको कार्य गर्दछन् । त्यसैले आम्दानीको औसत पनि महिला र पुरुषको भिन्न हुने गर्दछ ।'

यसरी प्रतिफलसहितको कार्यमा महिलाहरू सक्रिय भए पनि पुरुषहरू नै पूर्ण रूपमा आर्थिक हिसाबले लाभान्वित हुन्छन् । महिलाहरूलाई प्रतिफलसहितको कार्यमा सरिक गराए पनि उनीहरूलाई कम पारिश्रमिक दिने, यौनाकर्षक प्रवृत्तिमा अग्रसर तुल्याउने तथा गैरव्यावसायिक वा गैर पेसागत ठान्ने गरी लैङ्गिक भूमिका निर्धारण गरेको देखिन्छ । परिवर्तित विश्वजनीन परिवेशमा महिलाहरू पनि सबल, सक्षम बन्दै अधिकारको पक्षमा लागिरहेका छन् । घरायसी कार्यलाई प्रतिफलमूलक कार्यमा गणना गर्नुपर्ने र त्यस्ता कार्यमा महिला तथा पुरुषले समान दायित्व निर्वाह गर्नुपर्ने सन्तुलित आवाज र व्यवहारहरू विकसित भइरहेका छन् । फलतः लैङ्गिक भूमिकामा क्रमिक परिवर्तन र सुधार भइरहेको पाउन सकिन्छ । सामान्यतया लैङ्गिक भूमिकालाई तिन किसिमले वर्गीकरण गर्न सकिन्छ ।

४.३.६.१ उत्पादक भूमिका

कुनै पनि कार्य गरेपछि मानिसले त्यसबापत आर्थिक प्रतिफल प्राप्त गर्ने भूमिकालाई उत्पादक भूमिका भनिन्छ । आय वा आम्दानीका लागि गरिने भूमिका खेती किसानी, पशुपालन, व्यापार व्यवसाय, जागिर, मजदुरी, बेचविखन, सामान उत्पादन, उद्योग सञ्चालन, सामान वितरण आदि उत्पादन भूमिकाअन्तर्गत पर्ने कार्यहरू हुन् । यस्ता कार्यहरूको आर्थिक महत्त्व हुने गर्दछ । महिला र पुरुष दुबैले यस्ता प्रकृतिका कार्य गरे तापनि विश्वव्यापी रूपमा नै यी भूमिकाहरूमा पुरुषहरूको सक्रियता र बाहुल्य पाइन्छ । उद्योग, जागिर, व्यापार आदिमा पुरुषको पहुँच अधिक छ भने कृषिजन्य भूमिकामा महिलाहरू पनि समानान्तर सक्रिय रहेको पाइन्छ । यस्ता विभिन्न उत्पादक कार्यमा पुरुषसरह महिलाको भूमिकालाई प्रवर्धन गर्दै लगेमा मात्र लैङ्गिक भूमिकामा सन्तुलन कायम गर्न सकिन्छ ।

४.३.६.२ अनुत्पादक भूमिका

जुन कार्यबाट आर्थिक लाभ प्राप्त हुँदैन वा आर्थिक प्रतिफलका रूपमा रूपान्तरण गर्न नमिल्ने कार्यहरू अनुत्पादक भूमिकाअन्तर्गत पर्दछन् । हुन त यस्तो भूमिकालाई पुनरुत्पादक भूमिका भनेर पनि प्रस्ट्याइएको पाइन्छ तर गर्भाशयमा बच्चा हुर्काउने बच्चा जन्माउने र दुध चुसाउने कार्य सामाजिक लिङ्गभन्दा प्राकृतिक लिङ्गअन्तर्गत पर्ने हुनाले तत्सम्बन्धी कार्यलाई सामाजिक दृष्टिकोण अन्तर्गतको लैङ्गिक भूमिकामा समावेश नगर्नु नै वाञ्छनीय हुन्छ । तसर्थ अनत्पादक भूमिकाअन्तर्गत घरायसी कार्य, लुगा धुने, खाना पकाउने, गोठ तथा गाईवस्तुको स्याहार गर्ने, घाँस दाउरा सङ्कलन गर्ने, पारिवारिक चाँजो मिलाउने, सरसफाइ गर्ने, बालबालिका तथा वृद्धावृद्धको हेरचाह गर्ने आदि कार्य अनुत्पादक भूमिकाअन्तर्गत पर्दछन् ।

विकसित मुलुकहरूमा त यस्ता कार्यमा पनि आर्थिक प्रतिफल गणना गर्ने चलन छ तर अपेक्षाकृत छैन । विकासशील र अविकसित मुलुकहरूमा कानुनतः यस्तो प्रयास प्रारम्भ भए पनि मूलतः अनुत्पादक कार्यका रूपमा व्यवहृत नै छन् । यस्ता भूमिकाहरूमा पुरुषहरूभन्दा महिलाहरू नै अत्यधिक संलग्न भएको पाइन्छ । तथापि वर्ग, जात, धर्म, संस्कृति, समुदाय आदि विभिन्न पक्षहरूले पनि उपर्युक्त कार्यहरूको निर्धारणमा भूमिका खेलेका हुन्छन् । आर्थिक रूपमा प्रतिफलको गणना नगरिएका मूर्तभन्दा अमूर्त रूपमा निरन्तर गरिरहनुपर्ने कार्यहरू अनुत्पादक भूमिकाअन्तर्गत पर्दछन् ।

४.३.६.३ **सामुदायिक भूमिका**

सामाजिक सांस्कृतिक, राजनैतिक वा सामुदायिक प्रतिष्ठा प्राप्त गर्ने कार्य, आपसी सहयोग तथा सम्बन्ध बढाउने कार्य, समाजको भलाइ र प्रगति हुने कार्य, प्राकृतिक स्रोत, साधन तथा सम्पदाको संरक्षण सम्वर्धन गर्ने कार्य, राजनीतिक नेतृत्व गर्ने कार्य आदि कार्यहरू सामुदायिक भूमिकाअन्तर्गत पर्दछन् । यस्ता कार्यबाट प्रत्यक्ष आर्थिक लाभ भने प्राप्त हुँदैन । सामाजिक सेवाका क्षेत्र, राजनैतिक कार्यका क्षेत्र, सांस्कृतिक संरक्षण र प्रसारणका कार्य, प्राकृतिक संरक्षणका कार्य आदि विविध भूमिकाको विशिष्ट व्याख्या गर्न सकिन्छ ।

समाजका आवश्यकता, विज्ञान र प्रविधिको उपयोग, समय र परिवेशको अनुकूलन, सहरीकरण तथा विकासका पूर्वाधारका आधारमा सामुदायिक भूमिकाहरू बदलिँदै जान्छन् । तसर्थ सामुदायिक भूमिकालाई यति नै प्रकारले उपविभाजन गरी सहजै व्याख्या गर्न सकिन्छ भन्न मिल्दैन । सामुदायिक भूमिकाअन्तर्गत बाटोघाटो निर्माण, पाटीपौवा संरक्षण, वनजंगल संरक्षण र विस्तार, सिंचाइ व्यवस्थापन, पूजाआजा, विवाह, भोज, भतेरमा संलग्नता, विभिन्न समूह, क्लव आदिको गठन र कार्यान्वयन, सांस्कृतिक कार्यक्रमको आयोजना, जात्रा मेला आदिको व्यवस्थापन, राजनीतिक सक्रियता, नेतृत्व, चुनाव लड्ने आदि कार्य सामुदायिक भूमिकाअन्तर्गतका कार्यहरू हुन् । यस्ता कार्यहरूमा सामाजिक मान, प्रतिष्ठा र प्रभाव कायम हुन्छ । यी भूमिकाहरूमा महिलाका तुलनामा पुरुषहरूको अधिक सक्रियता र संलग्नता हुने गरेको पाइन्छ । यसरी लैङ्गिक भूमिका तथा कार्यहरूलाई विभिन्न किसिमले वर्गीकरण र व्याख्या गरी तत्तत् क्षेत्रमा पुरुष तथा महिलाहरूका के कस्ता सहभागिता, सक्रियता र उपलब्धि रहेका छन् भन्ने बारेमा महत्त्वपूर्ण आधार बनाएर पुरुष तथा महिलाको लैङ्गिकताको वास्तविक विश्लेषण गर्नुपर्ने हुन्छ ।

४.३.७ लैङ्गिक विभेद

सामान्यतया महिला वा पुरुष विरुद्धको भेदभाव भन्नाले महिला वा पुरुष भएका कारणले व्यक्ति वा नागरिकलाई समान रूपमा प्राप्त हुनुपर्ने हक उपभोग गर्न नपाउने गरी कानुनद्वारा लगाइएको बन्देज वा सुविधा उपभोग गर्न लगाइएको बन्देज भन्ने बुझिन्छ । भेदभावले पुरुष र महिलाबिच गरिने फरकफरक व्यवहार समेतलाई बुझाउँछ । पितृसत्तात्मक एवं अन्य मूल्य मान्यतामा आधारित रहेर महिला विरुद्ध गरिने व्यवहार नै भेदभाव हो । पुरुष वा महिलामध्ये कुनै एकलाई प्रोत्साहित र अर्कोलाई निरुत्साहित गर्नु भेदभाव हो (अर्याल, २०६८: ३९) । विभेद वा भेदभाव वर्गगत, समुदायगत, धार्मिक, जातीय, लिङ्गीय आदि विविध आधारमा हुने गर्दछ । कतिपय विभेदहरू व्यावहारिक रूपमा मात्र रहेका हुन्छन् भने कतिपय विभेदहरू कानुनी र व्यावहारिक दुबै रूपमा हुन्छन् । भेद मूलतः पुरुषद्वारा स्त्रीमाथि गरिने भेदभावका रूपमा व्यवहृत भइरहेको छ । लैङ्गिक विभेदअन्तर्गत पृथक् लिङ्गीले समलिङ्गी तथा अन्य लिङ्गीमाथि गर्ने विभेद पनि पर्दछ । त्यसो त लैङ्गिक विभेद पनि राज्य, समाज, समुदाय, परिवार, समयअनुसार भिन्नभिन्न प्रकृतिको हुने गर्दछ । आर्थिक उपार्जन वा श्रम विभाजनमा गरिने विभेद बढी समस्याजनित मानिन्छ । त्यस्तै सामाजिक प्रतिष्ठा, सम्पत्तिको स्वामित्व, सांस्कृतिक परम्परा, राजनीतिक गतिशीलता आदि अनेकौं पक्षमा लैङ्गिक विभेद हुने गरेको पाइन्छ । कुनै पनि समाज र संस्कृतिले प्राकृतिक लिङ्गलाई आधार बनाएर स्त्री र पुरुषका लागि फरक फरक व्यवहारहरू इङ्कित गर्दछ भने त्यसलाई लैङ्गिक विभेद भन्न सकिन्छ ।

सामाजिक जीवनमा मानवीय व्यवहारहरू अनौपचारिक मान्यता र नियमहरूबाट सञ्चालित हुन्छन् र साथमा औपचारिक तथा अनौपचारिक नियम र व्यवहारहरू फरक ढङ्गले प्रयुक्त भएका हुन्छन् (पिल्चर एन्ड ह्वेलहेन, २००४ : ३४) । शैक्षिक असमानता अर्थात् शिक्षामा छोरीका तुलनामा छोरालाई बढी जोड र प्राथमिकता दिनु, पारिवारिक कर्तव्यमा असमानता अर्थात् छोराका लवाइखवाइ तथा खेलौनासम्बन्धी अपेक्षा पूरा गरिदिनु तर छोरीका उक्त अपेक्षाहरूलाई वास्ता नगर्नु, सामाजिक असमानता अर्थात् छोरीलाई समाजले हेयका दृष्टिले हेर्नु र महिलाहरूलाई सामाजिक राजनीतिक उच्चता तथा प्रतिष्ठा नदिइनु, सांस्कृतकि परम्परा तथा धार्मिक अनुष्ठानमा मान, सम्मान तथा निर्णयकर्ताको रूपमा पुरुषहरूलाई मात्र प्राधान्य दिनु, यौनिक विभेद अर्थात् युवतीहरूलाई घर, परिवार तथा समाजबाट अनावश्यक निगरानी र नियन्त्रण गर्नु आदि कार्यहरूलाई लैङ्गिक विभेदका उदाहरणका रूपमा लिन सकिन्छ । विश्वका अधिकांश समाजले घोषित वा अघोषित रूपमा महिला र पुरुषलाई

मूल्याङ्कन तथा विश्लेषण गर्ने द्वैध मापदण्ड बनाएको देखिन्छ । त्यसैले लैङ्गिक विभेद संस्थागत रूपमा नै परम्परित छ भन्न सकिन्छ ।

विश्वका हरेक महिलाहरू पुरुष वा पितृसत्ताबाट दमित र शोषित हुनु परेको छ । पुरुषले आफ्नो स्वार्थ पूर्तिका निमित्त महिलाहरूलाई आफ्नो अधीनमा राख्ने गरेको पाइन्छ । यौनिक दमन र शोषण, आर्थिक पक्ष र स्वामित्वमा अधीनता, सामाजिक मूल्यहरूबाट बञ्चित आदि पक्षहरू पनि लैङ्गिक विभेदका उपज हुन् । त्यस्तै भौतिक स्रोतहरूमा पुरुषको स्वामित्व र निर्णय, मावन स्रोतहरूमा पुरुषहरूकै नियन्त्रण, आर्थिक बौद्धिक, सामाजिक तथा सांस्कृतिक र प्राकृतिक स्रोत साधनमा महिलाहरूका तुलनामा पुरुषहरू नै शक्तिशाली बनाइनु लैङ्गिक विभेदका नमुनाहरू हुन् । हुन त लैङ्गिक विभेद भन्नाले महिलाहरूले मात्र स्रोत, साधनमा आफ्नो पहुँच प्राप्त गर्न नसक्नु होइन तर विश्वमा पितृसत्तात्मक सामाजिक संरचना क्रियाशील रहेकाले यस्तो हुन गएको हो । मूल रूपमा कुनै पनि लिङ्ग पुरुष होस् वा महिला पृथक् लिङ्गी होस् वा समलिङ्गी जोसुकैलाई पनि उपलब्ध सम्पूर्ण स्रोत साधनमा समान किसिमको अवसर हुन नसक्ने स्थितिलाई लैङ्गिक विभेद भन्न सकिन्छ ।

४.३.८ लैङ्गिक हिंसा

एक व्यक्ति वा समूहले अन्य व्यक्तिप्रति नराम्रो व्यवहार गर्नु अर्थात् अरुको इच्छाविना आफ्नो स्वार्थपूर्ति गर्न गरिने जुनसुकै दुर्व्यवहार नै हिंसा हो । अर्काको स्वतन्त्रतामा बाधा उत्पन्न गर्नु वा मौलिक अधिकारबाट वञ्चित गर्नु हिंसा हो । शारीरिक, मानसिक, यौनिक तथा मनोवैज्ञानिक तथा सामाजिक दुर्व्यवहारलाई हिंसा भनिन्छ । कुनै पनि समाजका सदस्यहरूउपर कानुन उलङ्घन गरी वा नियम विपरीतका व्यवहार गर्नु हिंसा हो ।

कुनै पनि पुरुषबाट स्त्रीमाथि वा कुनै स्त्रीबाट पुरुषमाथि गरिने विभिन्न दुर्व्यवहारहरूलाई लैङ्गिक हिंसा भनिन्छ । पितृसत्तात्मक समाजका कारणले विश्वमा अधिकांश समाजका पुरुषले महिलामाथि अनेकौं दुर्व्यवहारहरू गरिरहेकाले लैङ्गिक हिंसा भनेको महिला हिंसाको पर्याय बनेको देखिन्छ । तर पुरुष वा पितृसत्तात्मक सोच भएका व्यक्तिले महिलामाथि गर्ने नराम्रो व्यवहार तथा महिला वा मातृसत्तात्मक सोच भएका व्यक्तिले पुरुषमाथि गर्ने नराम्रो व्यवहार र पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिहरूले समलिङ्गी यौनिकता भएका व्यक्तिहरूमाथि गर्ने नराम्रो व्यवहारलाई समेत लैङ्गिक हिंसाको दायरामा राख्नुपर्ने हुन्छ ।

एउटा समूहले जीवनका अवसरहरू, वातावरण, प्रकार्य तथा दृष्टिकोणहरू अर्को समूह वा व्यक्तिमाथि आफ्नो रुचिअनुसार नियन्त्रण गर्दछ भने यो हिंसा हो । जस्तो कि पुरुषले

महिलामाथि गर्ने नियन्त्रण (लुइटेल, २००८ : २१२) । कुनै व्यक्तिले अर्को व्यक्तिको स्वतन्त्र जीवनमा हस्तक्षेप गर्नु हिंसाजन्य कार्य हो । हिंसालाई सङ्कुचित रूपले अर्थ्याउँदा कुनै व्यक्तिद्वारा शारीरिक बल प्रयोग गरी अन्य व्यक्तिमाथि गरिने अकानुनी व्यवहार मान्न सकिन्छ (पिल्चर एन्ड ह्वेलहेन, २००४ : १७३) । समसामयिक पितृसत्तात्मक विश्वव्यापी समाजमा लैङ्गिक हिंसा भन्नाले पुरुषहरूबाट महिलामाथि गरिने अमर्यादित तथा घातक व्यवहारहरू हुन् भन्न सकिन्छ । यौनिक दमन, शोषण र अधीनताका कारणबाट यौनलगायत अन्य हिंसा हुने गर्दछन् । महिलामाथि हुने शारीरिक, मानसिक, सामाजिक, मनोवैज्ञानिक तथा यौनिक हिंसाहरू नै लैङ्गिक हिंसाका उदाहरण हुन् ।

घरायसी व्यवहारमा महिलामाथि विभिन्न हिंसाजन्य कार्य भइरहेका हुन्छन् । जस्तै : कुट्ने, गाली बेइज्जती गर्ने, एक्ल्याउने, बालबच्चादेखि टाढा राख्ने, स्वास्थ्यमा हेलचेक्र्याइँ गर्ने, दोस्रो विवाह वा बाहिरी यौन सम्बन्ध राखी पत्नीलाई उपेक्षा गर्ने आदि । त्यस्तै महिलामाथि यौनजन्य हिंसा अधिक हुने गर्दछन् । जस्तै : कार्यालयमा यौन दुर्व्यवहार गर्नु, हाडनाता करणी गर्नु, जबर्जस्ती गर्भवती तुल्याउनु, अनिच्छित यौन सम्पर्क गर्नु, बलात्कार गर्नु, वेश्यावृत्तिमा बाध्य तुल्याउनु, महिला बेचबिखन गर्नु, हिरासत, होटल, जेल, पार्क, डिपार्टमेन्ट स्टोर, हस्पिटल आदि सार्वजनिक स्थलमा यौनिक दुर्व्यवहार गर्नु आदि । त्यस्तै अन्य हिंसाअन्तर्गत बाल विवाह, बहुविवाह, अनमेल विवाह, जवरजस्ती विवाह, छोराको खोजीमा अनेकौपटक गर्भवती तुल्याउनु, देउकी, छाउपडी, कुमारी वा एकान्त वास आदि गराउनु, बोक्सी आरोप, विधवालाई उपेक्षा, असुरक्षित गर्भपतन, विज्ञापन पोस्टर तथा पत्रिकामा अश्लिता प्रकट गर्नु, हत्या, दाइजोका कारण कुटपिट, आगजनी, आक्रमण, अपमान आदि विभिन्न कार्य गरी लैङ्गिक हिंसाजन्य व्यवहारहरू भइरहेका हुन्छन् ।

लैङ्गिक हिंसाका स्वरूप र व्यवहारहरू अवस्था, समय, वर्ग, जात, धर्म, भौगोलिकता आदि आधारहरूमा भिन्न भिन्न प्रकृतिका हुन सक्छन् । साथै हिंसाका प्रकृतिमा पनि फेरबदल हुँदै जान्छन् । सूचना, चेतना, शिक्षा, सामाजिकीकरण, आर्थिक स्थिति, समय आदि कारणले लैङ्गिक हिंसामा क्रमिक सुधार हुँदै गइरहेको पाइन्छ तथापि कुनै न कुनै रूपमा हरेक समाजमा लैङ्गिक हिंसाजन्य व्यवहारहरू भइरहेका हुन्छन् ।

यसरी लैङ्गिक हिंसा महिलामाथि मात्र हुने हिंसा भन्ने बुझ्नु त हुँदैन तर सामाजिक सांस्कृतिक परिवेशका आधारमा लैङ्गिक व्यवहारहरू परिपोषित हुने हुनाले ऐतिहासिक सन्दर्भदेखि वर्तमान समयसम्म पुरुष प्रधान र महिला गौण स्थानमा रहेकाले लैङ्गिक हिंसा

भनेको महिला हिंसा नै हो भन्ने अवस्था पनि छ । जे होस्, एक व्यक्तिले अर्को व्यक्तिमाथि वा असचेत व्यक्तिलाई उसको इच्छा विपरीत गर्ने अकानुनी तथा अनिच्छित व्यवहार/दुर्व्यवहार नै हिंसा हो भन्न सकिन्छ भने पुरुष भएका कारणले महिलामाथि वा महिला भएका कारणले पुरुषमाथि तथा पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिले समलिङ्गी यौनिकता भएका व्यक्तिमाथि वा समलिङ्गी यौनिकता भएका व्यक्तिले पृथक् लिङ्गी व्यक्तिमाथि गर्ने अमर्यादित व्यवहार/दुर्व्यवहारलाई लैङ्गिक हिंसा भनिन्छ ।

४.३.९ लैङ्गिक सशक्तीकरण

शक्ति भन्नाले व्यक्तिमा हुने क्षमता भन्ने बुझिन्छ । शक्ति प्रत्येक व्यक्तिभित्र अन्तर्निहित हुन्छ । शक्ति सबै व्यक्तिमा एकै किसिमको हुँदैन वा केही शक्ति जैविक खालका हुन्छन् त कुनै शक्ति अर्जित किसिमका हुन्छन् । व्यक्तिले प्राप्त गर्ने ज्ञान, सिप, वातावरण, आदि तत्त्वहरूले अर्जित शक्ति विकासमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । शक्तिको अभिधा र वस्तुगत अर्थभन्दा सन्दर्भगत तथा प्रकार्यगत अर्थ हुने गर्दछ । कतिपय सन्दर्भमा अन्य व्यक्तिलाई वा विभिन्न व्यवहार तथा वातावरणलाई कावुमा राख्नसक्ने अर्थात् नियन्त्रण गर्न सक्ने क्षमतालाई पनि शक्ति भन्न सकिन्छ । त्यस्तै विभिन्न भौतिक, मानवीय, आर्थिक, बौद्धिक, सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक स्रोतहरूलाई व्यवस्थित तथा नियन्त्रण गर्नसक्ने दक्षतालाई पनि शक्ति भनिन्छ ।

शक्ति अमूर्त तथा सुषुप्त अवस्थामा रहेको हुन पनि सक्छ । जन्मजात वा वातावरणप्रदत्त लुकेर रहेका शक्तिलाई प्रस्फुटन र विकास गराउने कार्यलाई सशक्तीकरण भनिन्छ । वंशानुगत तथा वातावरणबाट विभिन्न व्यक्तिमा विभिन्न शक्तिसम्पन्न गुणहरू रहेका हुन्छन् त्यस्ता व्यक्तिलाई शक्तिशाली बनाउनु नै सशक्तीकरण हो । विविध वातावरणीय समस्या या अवरोधका कारण नियन्त्रित अवस्थामा रहेका शक्तिलाई उजागर गराउनु नै सशक्तीकरण हो । अर्को शब्दमा असमान शक्ति सम्बन्धलाई समान शक्ति सम्बन्धमा रूपान्तरण गर्नु नै सशक्तीकरण हो । दमन, शोषण वा अधीनताका कारणबाट पछाडि पारिएका व्यक्तिहरूलाई मूल प्रवाहमा ल्याउने काम, गरिबीका कारणले नाजुक जीवनस्तर भएकालाई आर्थिक रूपमा बलियो बनाई उनीहरूको स्तर उकास्नु, सामाजिक परिदृश्यमा ओझेल परेका व्यक्तिहरूलाई सामाजिक प्रतिष्ठासहित अगाडि बढाउनु आदि सशक्तीकरणका उदाहरण हुन् ।

सशक्तीकरण सामाजिक विकासको महत्त्वपूर्ण पक्ष हो । लैङ्गिक समविकासमा सशक्तीकरणको उच्च महत्ता हुने गर्दछ । खास गरी पितृसत्तात्मक सामाजिक परिवेशमा

महिलाहरू उपेक्षित भइरहेका छन् । त्यस्ता महिलाहरूलाई पुरुषहरूका नियन्त्रण र समस्याबाट मुक्त पारेर क्षमतावान् बनाउनु सशक्तीकरणको लैङ्गिक सान्दर्भिकता हो । त्यस्तै जुन समाजमा जुन व्यक्ति वा समुदाय नियन्त्रित छ, त्यो नियन्त्रित समुदायलाई विशेष अवसर दिई सक्षम तुल्याउने कार्य पनि सशक्तीकरण नै हो । जातीय, धार्मिक, लिङ्गीय, वर्गीय, भौगोलिकता आदि विविध आधारमा कुनै व्यक्ति वा समुदाय उपेक्षित, नियन्त्रित वा कमजोर रहेका हुन सक्छन् । त्यस्ता कमजोर व्यक्ति वा समुदायलाई सबल बनाउने कार्य नै सशक्तीकरणको मूल उद्देश्य हो ।

सशक्तीकरण समानतामूलक समाज निर्माणको महत्त्वपूर्ण आधार र प्रक्रिया पनि हो । निर्णयमा सहभागी तुल्याउनु, नयाँ सम्भावनालाई प्रश्रय दिनु, सामाजिक गतिशीलता बढाउनु, सचेत र शिक्षित तुल्याउनु, अवसर दिनु, प्राथमिकता दिनु, आत्मबल बढाइदिनु, प्रोत्साहित गर्नु, प्रतिष्ठा र सम्मान दिनु, संगठित तुल्याउनु, नेतृत्व दिनु, सिप र ज्ञान दिनु आदि कार्यहरू सशक्तीकरणका प्रक्रिया हुन् । लैङ्गिक रूपमा पछाडि पारिएका वा नियन्त्रणमा परेका व्यक्तिलाई सक्षम तुल्याउनुलाई लैङ्गिक सशक्तीकरण भनिन्छ । लैङ्गिकताको ऐतिहासिक सर्वेक्षण गर्दा मूलतः पुरुष वा पितृसत्ताबाट महिलाहरू विभिन्न स्रोत र साधनमा नियन्त्रित छन् । त्यस्ता महिलाहरूलाई अग्राधिकारसहित सबल र सक्षम तुल्याउने कार्यलाई लैङ्गिक सशक्तीकरण भनिन्छ । पृथक् लिङ्गीबाट समलिङ्गी वा अन्य लिङ्गी व्यक्तिहरू नियन्त्रित छन् र त्यस्ता नियन्त्रणबाट मुक्त गरी उनीहरूलाई सक्षम तुल्याउनु पनि लैङ्गिक सशक्तीकरण हो । साथै कुनै समाजमा महिलाद्वारा पुरुष नियन्त्रित छन् भने उनीहरूको मुक्ति र सक्षमता अभिवृद्धि पनि लैङ्गिक सशक्तीकरण नै हो । तसर्थ जैविक, सामाजिक तथा यौनिक रूपमा एकथरि लिङ्ग/लैङ्गिकता भएका व्यक्ति तथा संस्थाले अर्कोथरि लिङ्ग/लैङ्गिकता भएका व्यक्ति वा संस्थाहरूलाई सीमित र नियन्त्रण गरेको अवस्थामा ती सीमित र नियन्त्रित अवस्थामा रहेका व्यक्ति वा संस्थाहरूलाई विशेष अवसर प्रदान गरेर सशक्त तुल्याई मूल धारमा ल्याउने कार्यलाई लैङ्गिक सशक्तीकरण भनिन्छ । सशक्तीकरण एउटा प्रक्रिया हो, यसले निर्णायक तह प्रक्रियाभन्दा बाहिर रहेकाहरूलाई उक्त प्रक्रियामा समावेश गर्दछ । आर्थिक क्षेत्र, राजनीतिक संरचनाहरू र औपचारिक निर्णय प्रक्रियामा सहभागिता हुनुपर्ने कुरालाई जोड दिन्छ । आम्दानी प्राप्त गर्ने क्षमता वृद्धिमा जोड दिन्छ (अर्याल, २०६८: ४९) । समाजमा रहेका जुनसुकै लैङ्गिकता भएका व्यक्ति जो उपेक्षित वा मूल धारबाट पछाडि पारिएका छन्, उनीहरूलाई सक्षम बनाउन गरिने सबलीकरणको प्रक्रियालाई लैङ्गिक सशक्तीकरण भनिन्छ ।

महिला भएका कारण समाजिक, आर्थिक र राजनीतिक क्रियाकलापमा पछि परेकालाई अगाडि ल्याउने प्रक्रिया हो सशक्तीकरण (सुवेदी, २०५९: १३) । अशक्त, पछि पारिएका महिला,

सामाजिक, सांस्कृतिक रूपमा दबाइएका तथा शोषित महिलाहरूलाई क्षमतावान् बनाई अवसर र अधिकार प्राप्त गर्नसक्ने बनाउनु महिला सशक्तीकरण हो (आचार्य, २००४ : ४१) । सामाजिक संरचना तथा दमनका कारणबाट शक्तिहीन बनेकाहरूलाई सशक्त तुल्याउनु सशक्तीकरण हो (लुइटेल, २००८ : २१४) । राज्य, समाज वा संस्थाबाट उपेक्षित बनाइएका व्यक्तिहरूलाई दक्ष र सक्षम तुल्याउन गरिने विशेष कार्यलाई सशक्तीकरण भनिन्छ ।

यसरी समग्रमा सशक्तीकरण भनेको कुनै पनि अधिकार अवसर तथा सामाजिक मूल्य मान्यताबाट वञ्चित गराइएकाहरूलाई विशेष अवसर र सहुलियतसहित उनीहरूको आत्मसम्मानमा वृद्धि गरी सम्पूर्ण स्रोत साधनमा पहुँच पुऱ्याएर अधिकार सम्पन्न बनाउनु र सक्षम तुल्याउने कार्य गर्नु सशक्तीकरण हो भने लैङ्गिकताका आधारमा पछाडि पारिएका र नियन्त्रणमा परेकाहरूलाई शक्ति सम्पन्न गराउने प्रक्रियालाई लैङ्गिक सशक्तीकरण भनिन्छ ।

४.३.१० लैङ्गिकताको भाषा

सामाजिक परिवेश, सांस्कृतिक अवस्था तथा सामयिक सन्दर्भहरूबाट निर्धारित महिला र पुरुषको पहिचानलाई लैङ्गिकता भनिन्छ । लैङ्गिकताको क्षेत्रभित्र महिला र पुरुषको परिचय तथा भूमिका मात्र पर्दैन । यसका साथै यौनिक सन्दर्भ र यौनिकताका आधारमा निर्मित पहिचान तथा व्यवहारहरू पनि लैङ्गिकताका क्षेत्रअन्तर्गत पर्दछन् । जस्तो : पृथक् लिङ्गी, समलिङ्गी, द्विलिङ्गी, परिवर्तित लिङ्गी, अन्तर्लिङ्गी आदि । भाषा अभिव्यक्तिको माध्यम हो जहाँ प्रत्येक व्यक्तिले आफ्ना विचारहरू आदानप्रदान गर्दछन् । अझ भाषा नै परिचय तथा पहिचानको सङ्केत जनाउने वाक्प्रतीक पनि हो । त्यसैले लैङ्गिकता र भाषाबिच सम्बन्ध हुनुपर्छ । लैङ्गिकता प्रकट गर्ने माध्यम पनि भाषा नै हो । भाषा विनाको लैङ्गिक पहिचान निर्माण हुन सक्दैन । यौनिक अल्पसङ्ख्यकलाई चिन्ने र चिनाउने कार्यका लागि होस् वा उनीहरूको आपसी सङ्केतको स्थिति निर्माण गर्नका लागि पनि भाषा नै चाहिन्छ । सामाजिक सांस्कृतिक व्यवहारहरू र मानवीय सम्बन्धको विकास तथा सञ्चरणका लागि पनि भाषा नै चाहिन्छ । महिला तथा पुरुषले गर्ने भाषिक प्रयोग, विपरीत लिङ्गी तथा समलिङ्गीले गर्ने भाषिक प्रयोग, तिनीहरूको परस्पर र भिन्न भिन्न परिचय तथा पहिचानका लागि प्रयोग गरिने भाषालाई लैङ्गिकताको भाषा भनिन्छ ।

लैङ्गिकताको भाषाअन्तर्गत विभिन्न लैङ्गिक परिचय भएका व्यक्तिहरूले गर्ने भाषिक प्रयोग जस्तै उच्चारण, शब्दभण्डार, वाक्य गठन, विशेष शब्दावली, आपसी संवाद तथा सञ्चार आदि पक्षहरू पर्दछन् । व्यापक सन्दर्भमा भन्नुपर्दा लैङ्गिकता तथा सङ्कथनको समग्र पक्षलाई

लैङ्गिकताको भाषा भन्ने बुझिन्छ । लैङ्गिकतासँग सम्बन्धित सम्पूर्ण भाषिक सन्दर्भहरूलाई लैङ्गिकताको भाषाका रूपमा बुझिन्छ । त्यसैलाई लैङ्गिकता र भाषा भन्न सकिन्छ । समाज, समुदाय, भौगोलिकता, समय, परिवेश, शिक्षा, चेतना, धर्म, संस्कृति आदि विविध आधार र सन्दर्भहरूले लैङ्गिकताको भाषामा प्रभाव पारेका हुन्छन् । भाषामा लैङ्गिकताको सन्दर्भको विश्लेषण गर्ने काम सन् १९६० पछि भएको पाइन्छ । खास गरी पुरुष र महिलाको भाषामा भिन्नता छ र भाषा नै लैङ्गिक विभेदयुक्त हुन्छ जहाँ पुरुषलाई शक्तिशाली र मुख्य तथा महिलालाई कमजोर र परिधीय पहिचान दिलाउने खालको भाषिक प्रयोग र व्यवहार हुने गरेको कुरा वेदरल (२००९) ले प्रस्तुत गरेकी छन् । पुरुषहरूले नै भाषामा नियन्त्रण गरेकाले पुरुषकेन्द्री यौनवाद र पुरुषप्रधान भाषा बन्न गएको हो (वेदरल, २००९ : ३) । महिलाले बाध्य भएर पुरुष रुचिअनुकूलको भाषा प्रयोग गर्ने गर्दछन् ।

भाषाले नै समाजमा पुरुष प्रधान तथा महिला गौण स्थानमा रहेको कुरा प्रतिबिम्बन तथा सञ्चार गर्ने गर्दछ (वेदरल, २००९ : ४) । सन् १९६० पछि अमेरिकी नारीवादीहरूले सामाजिक सम्मानसहितको नाममा विवाहित पुरुष होस् वा अविवाहित होस् उसको नामभन्दा अगाडि Mr. नै हुने तर महिलामा विवाहितलाई Mrs. तथा अविवाहितलाई Ms. बाट चिनाइने हुँदा महिलाको वैवाहिक स्थितिका आधारमा उनीहरूको योग्यता र अयोग्यता परिभाषित गरिने र विभेद हुने भएकाले जुनसुकै पुरुषलाई Mr. बाट परिचित गरेजस्तै महिलालाई Ms. बाट परिचित गर्नुपर्ने धारणा राखेका थिए (एकर्ट एन्ड गिनेट, २००३ : ५२) । यसरी हेर्दा पुरुषलाईभन्दा महिलालाई भाषाबाट नै स्पष्ट रूपमा चिन्हित र द्वितीय स्थान राख्ने भाषाको ऐतिहासिक संरचना रहेको पाइन्छ । पारिवारिक नाता सम्बन्धमा परिवार प्रमुख (पुरुष) कै परिचय र गोत्रअनुसार शृङ्खला निर्माण हुनु, विवाहित महिलाहरूले लोग्ने (पुरुष) को थर राख्नु तथा विवाहित महिलाहरू आफ्नै नाम र परिचयभन्दा पुरुषको नाम र परिचयबाट समाजमा चिनिने स्थितिले महिलाहरू कम प्राथमिकतामा छन् भन्ने बुझिन्छ (वेदरल, २००९ : २०) । यसले के देखाउँछ भने महिलाहरू पुरुषको मातहतमा छन् भन्ने कुरा प्रतिबिम्बन गर्न भाषाकै उपयोग गरिएको छ ।

बालबालिकाहरूमा भाषाले चार ओटा कार्य गर्दछ : निर्देशनात्मक, व्याख्यात्मक, परियोजनात्मक तथा सम्बन्धात्मक । निश्चित कार्य सञ्चालन र कार्यान्वयन गर्नु निर्देशनात्मक भाषिक कार्य हो । घटना र अवस्थाको वर्णन गर्नु व्याख्यात्मक कार्य हो । त्यस्तै अवस्थाअनुसार भूमिका निर्वाह गर्नु परियोजनात्मक कार्य हो भने व्यक्तिहरूबिचको सम्बन्ध निर्माण गर्नु सम्बन्धात्मक कार्य हो । तीन वर्षका बालबालिकाहरूले वातावरणीय सूचनाहरूको वर्णन गर्नका लागि भाषाको उपयोग गर्दछन् । साथै सम्बन्ध निर्माणको कार्यका लागि समेत भाषा प्रयोग

गर्दछन् । यी दुबै कार्यका लागि उनीहरूले आ-आफ्ना विचार, आवश्यकताका आधारमा भाषाको आत्मकेन्द्रीपन वा स्वकेन्द्री धारणाका ढाँचामा प्रयोग गर्दछन् । चार वर्षको उमेरमा पुग्दा परियोजनात्मक कार्य भाषाको माध्यमबाट पूरा गर्दछन् । उनीहरूले खेल खेल्दा विभिन्न रचनात्मक र काल्पनिक भूमिका र कौशलहरू प्रस्तुत गर्दछन् । यस्ता भूमिकाहरूमा केटाहरूको तुलनामा केटीहरूको विकास छिटै हुन्छ । फलस्वरूप केटीहरूमा संज्ञानात्मक र साञ्चारिक क्षमता सापेक्षित रूपमा बढी हुने गर्दछ (स्टेवार्ट एन्ड अदर्स, २००३ : ३८) । यस तथ्यलाई हेर्दा जैविक रूपमा नै केटा र केटी भिन्न प्रकृतिको हुन्छ भन्न सकिन्छ । केटी तथा केटाहरूको भाषिक विकास र प्रयोगमा उनीहरूको सामाजिक सांस्कृतिक संरचनाले निर्धारक भूमिका खेल्दछ । केटीहरूको प्रस्तुति बढी नियन्त्रित, शिष्ट तथा सीमित हुने गर्दछ । अनावश्यक वा खराब र अश्लील भाषिक प्रयोगमा केटाहरू नै बढी सक्रिय हुने तथा त्यस्तो व्यवहारका लागि समाज (पितृसत्तात्मक) ले नै स्वतन्त्रता दिँदै अझ प्रोत्साहित गर्दछ भन्ने कुरा नारीवादीको विश्लेषण रहेको छ । यस्तै सन्दर्भमा 'असल केटीहरू कसम खाँदैनन् र कसम खानेहरू खराब हुन्छन्' (गोडार्ड एन्ड पटर्सन, २००० : ८७) भन्ने उद्धरण चल्तीमा रहेको बताइएको छ । लैङ्गिकताको धारणा तथा वर्गीकरणलाई मानवीय सन्दर्भमा मात्र नभएर वस्तु वा प्राणेतर सन्दर्भमा पनि सञ्चरण गरिएको कुरा पनि पितृसत्तात्मक शक्तिको उपज मान्न सकिन्छ । जर्मन भाषामा बत्तीलाई स्त्री र टेबललाई पुरुष मानिन्छ (गोडार्ड एन्ड पटर्सन, २००० : ६३) । नेपालीमा चन्द्रलाई स्त्री र सूर्यलाई पुरुष मान्नु पनि यस्तै उदाहरण मान्न सकिन्छ । अर्कातर्फ औपचारिक र कानुनी भाषामा श्रीमान्, सभापतिलाई सम्बोधनको प्रारम्भमा राखिनु, नागरिकता वा औपचारिक कागजपत्रमा बुबा तथा हजुरबुबाको नाम समावेश हुनु तर आमा तथा हजुरआमाको कुनै स्थान नराखिनु पनि भाषामा देखिएको लैङ्गिक विभेद हो । यसबाट के प्रस्ट हुन्छ भने हामी हाम्रो संस्कृति र परम्परा भाषाको माध्यमबाट व्यक्त गरिरहेका हुन्छौँ ।

सामाजिक संरचनाअनुसार नै पुरुषलाई प्रधान र महिलालाई अप्रधान स्थान दिइएको देखिन्छ । उच्च सामाजिक स्तर र प्रतिष्ठा भएका तह तथा पहिचानमा पुरुषत्व केन्द्रित भाषाको प्रयोग हुने साथै सोही पहिचानमा महिलालाई जनाउन विभिन्न परसर्ग थपेर गौण बनाइएको कुरा गोडार्ड एन्ड पटर्सन (२०००) ले प्रस्तुत गरेका छन् :

पुरुष	महिला
manager	manageress
usher	usherette
actor	actress
god	goddess
lad	ladetle
waiter	waitress
mayor	mayoress
master	mistress

(पृ. ६१)

माथिका उदाहरणमा समूह 'क' अन्तर्गत रहेका शब्दहरू पुरुषकेन्द्री हुन् भने समूह 'ख' अन्तर्गत रहेका शब्दहरू नारीकेन्द्री हुन् ।

भाषा प्रयोगका सन्दर्भमा पनि पुरुषहरू ठूलो आवाज र आक्रोशपूर्ण तर्कसहित आफ्नो अभिव्यक्ति दिन्छन् भने महिलाहरू भाषिक आक्रामकतालाई उपेक्षा गर्दछन् (स्टेवार्ट एन्ड अदर्स, २००३ : ४६) । महिलाको भाषिक अभिव्यक्तिमा सरलता र सानो आवाजका साथै संवेद्यता पाइने कुरामा अधिकांश अनुसन्धाताको एकमत रहेको छ । यसका पछाडि सामाजिक शक्ति र प्राकृतिक संरचना दुवै कुराको प्रभाव रहेको पाइन्छ । पुरुषहरू मूलतः अप्रत्यक्ष, आलङ्कारिक र अधिक नम्र (कृत्रिम) भाषा बोल्दछन् भने महिलाहरू बढी प्रत्यक्ष, वस्तुगत तथा सिधा भाषा प्रयोग गर्दछन् (वेदरल, २००९ : ५५) । पुरुषहरूको तुलनामा महिलाहरूको भाषा शक्तिहीन देखिन्छ किनकि भाषामा सांस्कृतिक मूल्य र मान्यताको प्रतिबिम्बन भएको हुन्छ । महिलाको भाषाशैलीमा सम्पर्क र सम्बद्धताको प्रकृति हुन्छ भने पुरुषको भाषा उसको सामाजिक स्तरसँग सम्बन्धित हुन्छ । जेस्पर्सनको सन्दर्भ दिँदै वेदरल (२००९) ले भनेकी छन् : महिलासँग अत्यन्त थोरै शब्दभण्डार हुने भएकाले उनीहरूले सामान्य वाक्यात्मक संरचना निर्माण गर्छन्, सोचाइविना बोल्छन् र अपूरा वाक्यहरू निरन्तर प्रयोग गरिरहन्छन् (पृ. ५६) । त्यस्तै ल्याकोफको सन्दर्भ दिएर वेदरल थप्छिन्: महिलाको भाषाशैली कमजोर, अनिश्चित र अमहत्त्वपूर्ण हुन्छ । महिलाको भाषा पुरुषको भाषाका तुलनामा हीन प्रकृतिको हुन्छ (पृ. ५७) । यी उद्धरणलाई आधार बनाएर हेर्दा सत्यता भेटिन्छ तर यसको कारण पितृसत्ताले महिलाहरूलाई

घरभित्र वा सीमित दायरामा राख्नाले धेरै व्यक्ति र समुदायसँग अन्तर्क्रिया हुन नपाउँदा र शिक्षाबाट समेत विमुख राखिँदा शब्दभण्डारको कमी हुनु, भाषिक सघनता नहुनु आदि अवस्था सिर्जना भएका हुन सक्छन् । त्यस्तै पुरुषको नियन्त्रण, अधीनता र दासत्वमा रहनु परेकाले अभिव्यक्तिमा हीनता देखिनु स्वाभाविक नै हो । नारीवादी मान्यतालाई आधार बनाएर हेर्दा महिलाहरूमा भाषाको यस्तो अवस्था निर्माण हुनुमा पितृसत्ता नै प्रमुख कारण मान्न सकिन्छ ।

परम्परित भाषिक प्रयोगका विकल्पमा लैङ्गिक संवेदनशीलता कायम हुन सक्ने भाषाको प्रयोगमा जोड दिएर लैङ्गिता र भाषालाई सन्तुलन कायम गर्नुपर्ने देखिन्छ । स्टेवार्ट एन्ड अदर्स (२००३) ले भाषाको लैङ्गिक सन्तुलनका लागि निम्नानुसार विकल्पहरू प्रस्तुत गरेका छन् :

परम्परित शब्द/शब्दावली	सम्भाव्य विकल्पनहरू
cave men	cave dwellers, prehistoric people
coed	student
freshman	first – year student
Dear Sir/Madam	Dear Director of Admissions or etc.
mailman	mail carrier, postal worker
mankind	humanity etc.
manpower	personnel, staff
newsman	reporter, journalist
right hand man / girl Friday	assistant, aide, helper
weatherman	meteorologist, weather forecaster
men or women could have made	people could have made
his family	their children
his truck	their truck

(पृ. ५९)

माथिका उदाहरणहरूबाट के प्रस्ट हुन्छ भने लैङ्गिक विभेद देखिने किसिमका भाषिक प्रयोग गर्नुको सट्टा स्वतन्त्र वा निष्पक्ष भाषिक प्रयोग गर्नु पर्दछ । नेपालीमा 'श्रीमान्', 'पत्नी' नभनी श्री मात्र भन्ने, औपचारिक वा कानुनी भाषामा महिला र पुरुषलाई समान महत्त्व दिने,

'मान्छे'का सट्टामा 'व्यक्ति' भन्ने, 'जनशक्ति' नभनेर 'मानवीय स्रोत' भन्ने, 'सभापति'का सट्टामा 'सभाध्यक्ष', विवाहित महिला र पुरुष दुबैले एकअर्कालाई सम्मानित सम्बोधन गर्ने, महिलालाई चिनाउने शृङ्गारिक र यौनिक प्रतीकको प्रयोग नगर्ने, सार्वजनिक स्थानमा यौनमूलक भाषिक व्यवहार प्रदर्शन नगर्ने आदि लैङ्गिक सन्तुलनयुक्त भाषाको प्रयोग गर्नु आवश्यक देखिन्छ ।

भाषिक उच्चारण (ध्वनि) मा महिला र पुरुषको भिन्नता स्वाभाविक वा प्राकृतिक हुने गर्दछ । ध्वनिको उच्चारण गर्दा गति, लय, अनुतान, बलाघात आदि महिला र पुरुषमा भिन्न किसिमका हुने अनुसन्धानबाट देखिएको छ । जैविक रूपमा पनि उच्चारण अवयवको प्रकृतिमा केही भिन्नता हुने कुरा पनि बताइएको छ । यद्यपि सामाजिक शक्ति संरचनाले भाषिक उच्चारण व्यवस्थामा कुनै पनि प्रभाव पार्दैन भन्न सकिंदैन । यौवनावस्थामा पुग्दा उच्चारण अवयवको परिवर्तन तथा अवस्थाका कारणले केटीको भन्दा केटाको आवाज बाल्यावस्थाको भन्दा निकै भिन्न हुन्छ । यसकारण उच्चारण प्रक्रियामा प्राकृतिक भिन्नता हुन्छ भन्न सकिन्छ । महिला र पुरुषको भाषिक ध्वनि (आवाज) मा हुने भिन्नतालाई क्रोलोके एन्ड सोरेन्सन (२००६) ले यसरी प्रस्तुत गरेका छन् :

Area	**Women**	**Men**
Pitch	high	low
Timbre	light	dark
Resonance	easy	forceful
Breath	weak	strong

(पृ. ९०)

माथिको तालिकाअनुसार भाषिक ध्वनिको उच्चारणमा उच्चारण अवयवको कम्पनको गति महिलामा बढी हुने गर्दछ । महिलाको ध्वनि सरल र फिका खालको हुन्छ भने श्वसन वा श्वासको बल कमजोर हुने गर्दछ । त्यस्तै अर्कोतर्फ पुरुषमा सुर को गति कम, ध्वनि गाढा र बलपूर्वक हुन्छ भने श्वासको बल कडा हुने गर्दछ । त्यसैले महिला र पुरुषको भाषिक उच्चारणमा भिन्नता रहेको पाइन्छ । भाषिक उच्चारणमा ध्वनि कम्पनको सुरको गति पुरुषमा भन्दा महिलामा लामो र बारम्बार हुने गर्दछ (एकर्ट एन्ड गिनेट, २००३: ६३) । त्यसैले ध्वनिमा हुने लघुता पनि महिलाले उच्चारण गर्दा दीर्घजस्तो सुनिन्छ भन्ने धारणा उनीहरूको रहेको छ । अरबी भाषाको व्याकरणमा एकवचन, बहुवचन लगायतका कोटि जनाउन महिला र पुरुषलाई भिन्न भिन्न भाषिक व्यवस्था रहेको कुरालाई एकर्ट एन्ड गिनेट (२००३) यसरी प्रस्तुत गर्दछन् :

Katabta = you (masc-sg.) have written	Katabti = you (fem.sg.) have written
Katabtum = you (masc.pl.) have written	Katabtunna = you (fem.pl.) have written
Kataba = he has written	Katabat = she has written
Kataba : = they two (masc.) have written	Katabata : = they two (fem.) have written
Katabu: = they (masc-pl.) have written	Katabna = they (fem.pl.) have written

(पृ. ६५)

उपर्युक्त उदाहरणमा पुरुषत्व र नारीत्व जनाउन प्रयोग गरिने वाक्यहरू भिन्न भिन्न रहेका छन् । पुरुषसँग सम्बन्धित एकवचन, बहुवचन जनाउन प्रयोग हुने शब्दभन्दा महिलासँग सम्बन्धित एकवचन, बहुवचन जनाउन प्रयोग हुने शब्दमा परसर्ग थपिएको वा बढी चिन्हित भाषाको प्रयोग गरिएको देखिन्छ । यसरी भाषामा लैङ्गिक भिन्नताका संरचनाहरू विश्वव्यापी भाषामा नै पाइन्छन् कतिपय भाषामा बढी देखिन्छन् भने कतिपय भाषामा कम मात्रामा भिन्नताका सङ्केतहरू पाइन्छ ।

विश्वको लैङ्गिक विकासको इतिहाससँगै लैङ्गिक भाषाको सम्बन्ध पनि जोडिएको पाइन्छ । महिलालाई घरायसी र पारिवारिक काममा मात्र सीमति गरिरहँदा उनीहरूको सामाजिक अन्तर्क्रिया नहुने र औपचारिक भाषिक प्रयोग गर्नु नपर्ने स्थिति हुँदासम्म महिलाहरूमा भाषा प्रयोगमा सङ्कुचन रहेको पाइन्छ । विभिन्न क्रान्ति र आद्योगिकीकरण पछि महिलाहरू सामाजिक, पेसागत तथा व्यावसायिक भूमिकामा सक्रिय हुँदै गएपछि महिलाहरूले भाषाको प्रयोगमा मानक रूपको प्रयोग गर्न थालेको देखिन्छ । विद्यालयमा शिक्षकका रूपमा क्रियाशील हुँदा महिलाहरूले मानक व्याकरणको प्रयोगमा अझ सक्षमता हासिल गरेको देखिन्छ । अहिलेको विश्वव्यापीकरणको युगसम्म आइपुग्दा महिला र पुरुषको भाषिक प्रयोगको क्षमता समानान्तर किसिमले विकास भइरहेको देखिन्छ । अझ महिलाहरू बढी शुद्ध र स्पष्ट व्याकरणिक प्रयोगसहित भाषा प्रयोगमा सक्षम रहेको समेत पाइन्छ । तसर्थ पितृसत्तात्मक समाजले भन्ने गरेको महिलाहरू स्तरीय र मानक भाषा प्रयोगमा अक्षम हुन्छन् भन्ने मान्यता पूर्णतः विस्थापित भएको देखिन्छ । भाषा र लैङ्गिकतामा मुख्यतया जैविक रूपमा हुने भाषिक प्रयोगको भिन्नता, सामाजिक, रूपमा स्थापित मान्यताका आधारमा पितृसत्ताको आँखाबाट महिलालाई गरिने भाषिक व्यवहार र बनाइएका भाषिक प्रतीकको सम्बन्ध तथा महिलाहरूमा विकसित भइरहेको भाषिक सक्षमताको स्थितिले निर्माण भएको महिला र पुरुषको भाषिक अवस्थाको सन्दर्भगत क्षेत्र पर्दछ । यसै सन्दर्भमा भाषा र यौनिकताका पक्षहरू समेत विश्लेष्य

क्षेत्र मानिन्छन् । विपरीत लिङ्गीले अर्को व्यक्तिलाई प्रयोग गर्ने यौनिक भाषा, यौनिक अल्पसङ्ख्यकलाई विपरीत लिङ्गी व्यक्तिले गर्ने भाषिक व्यवहार तथा समलिङ्गी व्यक्तिहरूले एकापसमा गर्ने भाषिक व्यवहारका सन्दर्भ पनि भाषा र लैङ्गिकताअन्तर्गत नै पर्दछन् ।

यौनिकताको नयाँ पहिचान र व्याख्या तथा वैधता प्राप्त भए पछि सोहीअनुसार विशेष प्राविधिक शब्दावलीको पनि निर्माण र प्रयोग हुँदै गइरहेको देखिन्छ । हुन त यौनिकताको भाषाअन्तर्गत परम्परागत रूपमा स्थापित विपरीत लिङ्गी यौनिकता र सोअनुसारका भाषिक प्रयोग पनि नपर्ने होइन तर मूलतः समलिङ्गी यौनिकतासँग सम्बन्धित उनीहरूलाई पृथक् लिङ्गीहरूले प्रयोग गर्ने भाषा र उनीहरूको आपसी सम्पर्क भाषालाई जोड दिइन्छ ।

पुरुष समलिङ्गी यौनिकता भएका व्यक्तिहरूले आफ्नै समूहको खास भाषा (कोड ल्याङ्ग्वेज) प्रयोग गर्ने गरेको भए तापनि महिला समलिङ्गी यौनिकता भएका व्यक्तिहरूले त्यस्ता विशेष शब्दावली प्रयोग नगर्ने बरु नारीवादी शब्द र सामान्य भाषाको प्रयोग गर्ने गरेको पाइन्छ (होल्म्स् एन्ड मेयर्होफ, २००३ : १२१) । विभिन्न यौनिक गुण भएका व्यक्तिहरूले विशेष किसिमका भाषिक सङ्केत र व्यवहारहरू प्रकट गर्ने गर्दछन् । पृथक् लिङ्गीहरूले पनि भिन्न र विशिष्ट भाषिक व्यवहारहरू प्रस्तुत गर्दछन् तर यस्ता यौनिक सङ्केतहरू यौन चाहनाको पूर्ति वा सन्तुष्टिमा केन्द्रित रहेका हुन्छन् । पृथक् लिङ्गी व्यक्तिहरूले निर्धारण गरेका मानक भाषिक प्रयोगभन्दा भिन्न र विशिष्ट किसिमका भाषिक व्यवहार समलिङ्गी पुरुष तथा महिलाहरूले गर्ने गरेको पाइन्छ (मुलानी एन्ड मिल्स, २०११ : १२५) । बेलायतमा प्रयोगमा भएको विशेष भाषा (Polari) लाई विश्वका अन्य गे तथा लेज्बियनले समेत स्वीकार गरेको पाइएको छ । Polari अर्थात् समलिङ्गी यौनिकता भएका व्यक्तिले प्रयोग गरेको भाषाको उदाहरण मुलानी एन्ड मिल्स (२०११) ले यसरी प्रस्तुत गरेका छन् : 'We would zhoosh our riahs, powder our eeks, climb in to our bona new drag, don aourir batts and troll off to some bona bijou bar.' (पृ. १२५) उपर्युक्त उदाहरणमा प्रयोग गरिएका विशेष शब्दको अर्थ यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

शब्द	अर्थ
Zhoosh	fix
riahs	hair
eeks	face
bona	nice
drag	clothes
batts	shoes
troll off	cruise
bijou	small

त्यस्तै हङकङमा पनि पुरुष समलिङ्गीको भाषालाई Mem-ba भनिन्छ । जब पृथक् लिङ्गी यौनिकता भएका व्यक्ति तथा सार्वजनिक मान्यताभन्दा भिन्न रहेर विशेष बोध अभिव्यक्तिका लागि गे मेनहरूले Mem-ba को प्रयोग गर्ने गरेको पाइन्छ । Mem-ba का केही उदाहरण यस प्रकार छन् : diu – yu (to go cruising), yu – tong (cruising, places), chau – fui (to be attracted to white men), wui-so (gay bars) (पृ. १२५) । त्यसैले कुनै पनि ठाउँमा रहेका समलिङ्गी यौनिकता भएका व्यक्तिहरूले आ-आफ्नै विशेष शब्दावलीको प्रयोग गर्ने गरेको देखिन्छ । आफ्ना यौनिक चाहना र आवश्यकता पूर्ति गर्ने अभिप्रायले विशेष भाषिक व्यवहार प्रयोग गर्ने गर्दछन् भने पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिहरू हुन् वा समलिङ्गी यौनिकता भएका व्यक्तिहरू हुन् उनीहरूले भिन्न किसिमका यौनिक भाषाको प्रयोग गर्दछन् भन्न सकिन्छ ।

यसरी लैङ्गिकता र भाषाअन्तर्गत विभिन्न पक्षहरू पर्ने देखिन्छ । जस्तो कि पितृसत्तात्मक सामाजिक संरचनामा आधारित रहेर पुरुषले महिलालाई तथा महिलाले पुरुषलाई गर्ने सम्बोधन र भाषा एकातर्फ रहन्छ भने अर्कोतर्फ औपचारिक र मानक भाषिक व्यवहारमा पुरुषत्वकेन्द्री भाषाको प्रयोग हुने अवस्था रहेको पाइन्छ । महिलाका लागि गौण अथवा चिन्हित शब्द तथा तदनुकूलका प्रतीकहरूको प्रयोग गरिएको पाइन्छ । नेपालीमा रहेका विभिन्न उखान टुक्कामा समेत महिलालाई हेय वा उपेक्षामूलक भाषिक व्यवहार पाउन सकिन्छ । 'छोरी मरी ठूला घर परी', 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी', 'पोथी बास्नु', 'आमाभन्दा छोरी बोक्सीनी', 'छोरीको जन्म हारेको कर्म' आदि उक्तिहरूमा प्रयुक्त भाषा र विचारमा लैङ्गिक विभेद पाइन्छ ।

त्यस्तै पतिले पत्नीलाई गर्ने भाषिक व्यवहार, धार्मिक र सांस्कृतिक परम्परामा निर्मित बिम्ब र प्रतीक आदि पनि लैङ्गिक भाषाका क्षेत्रहरू हुन् । अर्कोतर्फ यौनिकता प्रकट गर्ने यौनिक भाषा, दमनात्मक यौनिक भाषा, विशेष साङ्केतिक यौनिक भाषा आदि भाषिक सन्दर्भलगायत जैविक रूपमा पुरुष र महिलाले भाषिक व्यवहारमा गर्ने प्रस्तुति पनि भाषा र लैङ्गिकताअन्तर्गत पर्दछन् । लैङ्गिक सन्तुलन र समविकासका सन्दर्भमा प्रयोग गर्नुपर्ने वैकल्पिक र सुधारात्मक भाषिक प्रयोगका सन्दर्भहरूलाई पनि लैङ्गिकताको भाषाअन्तर्गत नै व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ ।

४.३.११ **जैविक लिङ्ग**

प्राकृतिक रूपमा निर्धारण हुने लिङ्गलाई जैविक लिङ्ग भनिन्छ । यसलाई प्राकृतिक लिङ्ग पनि भनिन्छ । यसलाई लिङ्ग (Sex) भन्ने बुझिन्छ । मूलतः स्त्री र पुरुषको प्राकृतिक वा शारीरिक संरचनालाई लिङ्ग भनिन्छ । लिङ्ग स्थिर प्राकृतिक तथा नैसर्गिक हुन्छ । भाले र पोथी अर्थात् पेनिस र भेजिनालाई लिङ्ग निर्धारण तथा भिन्नताका केन्द्र मानिन्छ । त्यसो त विभिन्न हर्मोन र जिनका कारणले लिङ्ग निर्धारण हुन्छ । जस्तो कि पुरुषमा xy जिन तथा स्त्रीमा xx जिन हुन्छ । यस्तो प्रकृति विश्वव्यापी हुन्छ । यसलाई स्वाभाविक र स्विकार्य मानिन्छ तर अहिलेको विज्ञान र प्रविधिले प्राकृतिक लिङ्ग, जिन तथा हर्मोन आदि जैविक गुणहरूसमेत परिवर्तन गरी यस्तो प्राकृतिक लिङ्गलाई पनि परिवर्तन गर्ने गरेको पाइन्छ ।

महिला र पुरुषबिचको असमानता जैवीय आधारबाट निश्चित हुन्छ जसमा पुनरुत्पादन क्षमता नै महत्त्वपूर्ण मानिन्छ (पिल्चर एन्ड ह्वेलहेन, २००४: ९३) । यसरी हेर्दा लैङ्गिक भिन्नताको आधार भनेको प्राकृतिक भूमिका र विशेषता भन्ने बुझिन्छ । त्यस्तै व्यक्तिमा उत्पन्न हुने हर्मोन्सका कारणले व्यक्तिमा मानसिक र मनोवैज्ञानिक भूमिका खेल्ने भएकाले लैङ्गिक भिन्नता प्राकृतिक नै मानिन्छ भन्ने कुरा हारालम्बस एन्ड हलबर्न (१९९५) ले प्रस्तुत गरेका छन् । हर्मोन र मस्तिष्कबिच अन्तरसम्बन्ध हुने हुँदा महिलामा हुने 'प्रोजेस्टेरोन' र 'ओस्ट्रोजिन' तथा पुरुषमा हुने 'टेस्टोस्टेरोन' र 'एन्ड्रोजिन' हर्मोन्सका कारणले महिला र पुरुषको मनोविज्ञान र भूमिकामा भिन्नता हुन गएको मानिन्छ । मुसा र बाँदरका फिमेल जातिलाई थप एन्ड्रोजिन्सको इन्जेक्सन दिँदा तिनीहरू बढी सक्रिय भएको जनाउँदै हारालम्बस एन्ड हलबर्न (१९९५) ले केटीहरूलाई थप एन्ड्रोजिन्स दिँदा बढी सक्रिय हुने, खेलकुदमा बढी सहभागी हुने र पुरुषत्वमुखी व्यवहारहरू विकास भएको जनाएका छन् । त्यस्तै उनीहरूले पुरुषबाट जीवनभरमा

असङ्ख्य शुक्रकीट उत्पादन हुने तर महिलाले जीवनभरमा जम्मा ४०० डिम्ब मात्र पैदा गर्न सक्ने भएकाले पुरुषहरू महिलासँग बढी संसर्ग गर्न रुचाउने धारणा प्रस्तुत गरेका छन् ।

पुरुष र स्त्रीका जैविक भिन्नताका कारणले सामाजिक श्रममा पनि भिन्नता ल्याउँछ । पुरुषमा बलियो शारीरिक सुगठन हुनु तर महिलाहरू महिनावारी र सन्तान उत्पादनका कार्यले गर्दा पनि पुरुषभन्दा कमजोर हुने कुरा औंल्याइएको छ । त्यस्तै लैङ्गिक भूमिकाहरू जैविकभन्दा सांस्कृतिक रूपमा निर्धारित भएको, बच्चा जन्माउनुबाहेक अन्य कार्यको सम्पादनमा पुरुष र महिलाहरू समान रूपमा दक्ष भएको प्रमाण विभिन्न समाजबाट प्राप्त भएको तथा जैविक गुणका आधारमा स्त्रीलाई निश्चित कुनै पेसाबाट बञ्चित गर्नु नपर्ने र विविध समाजको प्रयोग अनि प्रमाणका आधारमा हेर्दा बच्चाहरू आमासँग मात्र निरन्तर सामीप्यतामा रहन्छन् भन्नु गलत भएको धारणा आन ओकलेइको रहेको कुरा हारालम्बस एन्ड हलबर्नले जनाएका छन् । सामाजिक र सांस्कृतिक परिवेशले नै पुरुष वा केटाहरूलाई शारीरिक रूपमा केटीहरूभन्दा सबल र सक्षम बन्न उत्प्रेरित गरिरहेको हुन्छ (पिल्चर एन्ड ह्वेलहेन, २००४: ९) । यसरी हेर्दा जैविक लिङ्गको आधार प्राकृतिक भए पनि त्यसलाई विकास र प्रवर्धन गर्नमा सामाजिक परिवेशले पनि भूमिका खेलेको हुन्छ भन्न सकिन्छ । जैविक लिङ्गमा पनि दुबै (स्त्री र पुरुष) गुण भएका शारीरिक संरचना पनि निर्मित देखिन्छन् । त्यस्तो विशेषता भएका व्यक्तिको लिङ्गीय पहिचान तेस्रो लिङ्गी (Third Sex) पनि भनिन्छ । यस्तो लिङ्ग व्यवस्थालाई अव्यवस्था तथा अन्तर्लिङ्गी पनि भनिन्छ । यस्ता व्यक्तिहरू समाज र परिवेशबाट अझ बढी उपेक्षित भएको पाइन्छ । यी व्यक्तिहरूमा कोहीमा छातीमा महिलाका जस्ता स्तन हुने यौन अङ्ग पेनिस हुने पनि हुन्छ भने छाती पुरुषको जस्तो र यौन अङ्ग भेजिना हुने पनि हुन्छ । साथै भेजिना र पेनिस दुबै यौनाङ्ग भएको स्थिति पनि बन्न सक्छ । बाहिरी अङ्ग मात्र नभएर भित्री अङ्गहरू पनि एक वा दुई किसिमका हुन सक्छन् । दुबै लिङ्ग निष्क्रिय वा दुबै सक्रिय रहने अवस्था पनि बन्दछ । यस्तो गुण भएका व्यक्तिलाई भारतमा हिजरा भनिन्छ भन्दै लुइटेल (२००८) ले ती व्यक्तिहरूले आफ्नै समुदाय निर्माण र पहिचान बनाएको जनाएकी छन् । ती व्यक्तिहरू गाउने र नाच्ने गर्दै जीवनयापन गरिरहेको बताइएको छ । लिङ्ग निर्धारण गर्ने आधार क्रोमोजोम्स, बाहिरी प्रजनन अङ्ग, भित्री प्रजनन अङ्ग, ग्रन्थि, हर्मोनको अवस्था आदि हुन् (लुइटेल, २००८: ४) । यसबाट लिङ्ग निर्धारणका पक्षहरूको भूमिका र लैङ्गिक व्यक्तित्व विकासमा ती पक्षहरूले गर्ने कार्यले नै पुरुष र महिला भन्ने पहिचान फरक पर्दछ भन्न सकिन्छ । सामान्यतया प्राकृतिक लिङ्ग स्त्री र पुरुष गरी दुई किसिमको हुने गर्दछ । अन्तर्लिङ्गी,

समलिङ्गी आदि विशेषताहरू प्राकृतिक र मनोवैज्ञानिक पक्षहरूमा आधारित लिङ्ग भन्न सकिन्छ । प्राकृतिक लिङ्गका विशेषताहरूलाई यसरी देखाउन सकिन्छ :

महिला	**पुरुष**
स्त्री लिङ्ग (भेजिना) हुनु	पुरुष लिङ्ग (पेनिस) हुनु
स्तन हुनु	स्तन नहुनु
दारी, जुङ्गा र छातीमा रौं नआउनु	दारीजुङ्गा र छातीमा रौं आउनु
डिम्ब उत्पादन गर्नु	शुक्रकीट उत्पादन गर्नु
महिनावारी हुनु	महिनावारी नहुनु
गर्भधारण गर्न सक्नु	गर्भधारण गराउन सक्नु
पाठेघर हुनु	पाठेघर नहुनु
बच्चा जन्माउन सक्नु	बच्चा जन्माउन नसक्नु
स्तनपान गराउन सक्नु	स्तनपान गराउन नसक्नु
XX क्रोमोजोम हुनु	XY क्रोमोजोम हुनु
प्राजेस्टेरोन र ओस्ट्रोजिन हर्मोन उत्पादन हुनु	टेस्टोस्टेरोन र एन्ड्रोजिन हर्मोन उत्पादन हुनु

माथिको तालिकाका आधारमा प्राकृतिक लिङ्गमा हुने विशेषताहरूका आधारमा पुरुष गुण र स्त्री गुण छुट्टिने गर्दछन् । यीबाहेक अन्य लैङ्गिक भिन्नताहरू तथा व्यवहारहरू समाज निर्मित हुन्छन् भन्न सकिन्छ । त्यस्तै जैविक लिङ्गमा पनि परिवर्तन गर्ने प्रविधि विकास भएकाले स्थिर मान्न सकिन्न । तेस्रो लिङ्गी वा अन्तर्लिङ्गी गुण पनि प्राकृतिक गुण मानिन्छ । त्यसैले यी विविध प्राकृतिक गुण र विशेषताका आधारमा प्राकृतिक लिङ्ग पहिचान र विश्लेषण गर्न सकिन्छ ।

लैङ्गिकताका उपर्युल्लिखित विविध मान्यताहरूका आधारमा कृतिका तत्त्वहरूको विश्लेषण गर्ने कार्य लैङ्गिक समालोचनाले गर्दछ । अर्को शब्दमा लैङ्गिक भूमिकासँग सम्बन्धित विचार, भाषा, विषयवस्तु, चरित्रको मूल्याङ्कन गर्नु नै लैङ्गिक समालोचना हो भन्न सकिन्छ । लैङ्गिक समालोचनाले कृतिमा रहेका विचार, विषयवस्तु, चरित्र, परिवेश र भाषा आदि पक्षको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दछ ।

साहित्य समाजको वास्तविक चित्र भएकाले उपन्यासमा पनि समाजका विविध पाटाहरूको उठान गरिएको हुन्छ । तसर्थ नेपाली उपन्यासमा रहेको लैङ्गिक चेतना निर्क्योल गर्न पनि लैङ्गिक समालोचना पद्धतिको उपयोग गर्नुपर्ने हुन्छ । त्यसैले प्रस्तुत अनुसन्धानमा लैङ्गिक समालोचनाका उपर्युक्त पक्षहरू तथा उपन्यासका महत्त्वपूर्ण तत्त्वहरूको समन्वय गरी उपन्यास विश्लेषणका प्रतिमान निर्धारण गरिएको छ । उक्त प्रतिमानका आधारमा नेपाली उपन्यासको विश्लेषण गरिएको छ । त्यसकारण यो अध्ययन लैङ्गिक समालोचनाको उदाहरण बनेको छ ।

परिच्छेद पाँच

लैङ्गिक समस्यापरक नेपाली उपन्यासको सर्वेक्षण

*नेपाली उपन्यासमा लैङ्गिक चेतना*को विश्लेषणका लागि नेपाली भाषामा लेखिएका १९८९ सालदेखि २०६८ सालसम्मका विभिन्न उपन्यासको अध्ययन गरी लैङ्गिक तथा यौनिक समस्या र चेतना प्रयोग भएका जम्मा छयालिस ओटा उपन्यासलाई यस अनुसन्धानमा समावेश गरिएको छ । एक जना उपन्यासकारको एउटा मात्र उपन्यासका दरले जम्मा छयालिस जना उपन्यासकारका नेपाली भाषामा लेखिएका लैङ्गिक समस्या र चेतना भएका छयालिस ओटा उपन्यासको कालक्रमिक ढाँचामा देहायबमोजिम सर्वेक्षण गरिएको छ । सर्वेक्षण गर्दा नारी लिखित लैङ्गिक समस्यापरक नेपाली उपन्यास र पुरुष लिखित लैङ्गिक समस्यापरक नेपाली उपन्यास गरी दुई भागमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

५.१ नारी लिखित लैङ्गिक समस्यापरक नेपाली उपन्यास

राजपूत रमणी (१९८९) अम्बालिकादेवीद्वारा लिखित उपन्यास हो । नेपाली उपन्यासका क्षेत्रमा माध्यमिक कालको उत्तरार्धमा प्रकाशित यो उपन्यास नारी लिखित पहिलो उपन्यासका रूपमा चिनिन्छ । ऐतिहासिकता र काल्पनिकताको मिश्रण तथा गद्यपद्यको प्रस्तुति रहेको यो उपन्यासमा लैङ्गिक शोषण तथा अत्याचारका विरुद्धमा सशक्त बनेकी आदर्श तथा पतिव्रता नारीको जीवनलाई प्रस्तुत गरिएको छ । मौलिकता र सामाजिक यथार्थभन्दा पृथक् अनुभूत गर्न सकिने यस उपन्यासमा नारीको सामर्थ्य, आत्मविश्वास, त्याग तथा दृढताको सघन प्रस्तुति पाइन्छ ।

लैङ्गिक रूपमा प्रताडित र दुःखी तुल्याउने पुरुषलाई समाप्त पार्नु बदला र प्रतिशोध अनि स्वरक्षाको नमुना हो भने वास्तविकता नबुझी पत्नी त्याग गर्ने र गर्न लगाउने पुरुषहरूमा आएको परिवर्तित तथा सुधारात्मक विचारलाई सकारात्मक मान्न सकिन्छ तथापि पतिको लासका लागि बनाइएको चितामा सँगै जलेर परम्परित अन्धविश्वासी प्रथा अनुसरण गर्दै 'सती' जानुलाई लैङ्गिक सशक्तताका दृष्टिले अपेक्षित मान्न सकिँदैन परन्तु तत्कालीन समयमा नारीको अवमूल्यन गर्ने पुरुष र पुरुषत्वको प्रवृत्तिलाई समाप्त पार्दै विचारमा परिवर्तन गराई पश्चात्तापको स्थितिसम्म पुऱ्याएर लैङ्गिक क्षमता र चेतना तथा सन्तुलनको कामना गर्दै उपन्यासमा तदनुकूलका घटनाहरू घटित गराएर राजपूत रमणीलाई प्रतिकारमा सफल

तुल्याउन उपन्यासकारको सचेत दृष्टि र अपेक्षित विचार मान्न सकिन्छ । परिवेशजन्य सन्दर्भमा विश्लेषण गर्दा लैङ्गिक दृष्टिले सार्थक उपन्यासको कोटिमा राख्न सकिन्छ । नवाबले रमणीलाई यौनिक तथा सामाजिक दुराचार गरिरहँदा राजपूत बालक तथा विजयसिंहले देखाएको सकारात्मक व्यवहार, मेघेशकुमार अर्थात् डाँकुहरूको सर्दार तथा उसका सैन्यहरूले गरेको सहयोग रमणीका सफलताका पक्षहरू हुन् । त्यस्तै नवाबमा उत्पन्न हीनता र प्रायश्चितबोध, शेठजीमा आएको पश्चात्ताप र वैचारिक परिवर्तन आदि सन्दर्भहरूले पुरुषहरूमा भएका नारी श्रद्धा र मनोवृत्तिलाई समेत उजागर गरेको देखिन्छ । घटनाहरू काल्पनिक र नाटकीय प्रकृतिका हुनाले यस उपन्यासलाई आधुनिक, मौलिक र पूर्ण सामाजिक उपन्यासका रूपमा निर्धारण गर्न सकिदैन तथापि अम्बालिकादेवीमा भएको सिर्जनशीलता तथा वैचारिक सघनताको सम्मान गर्नुपर्दछ । अझ लैङ्गिक सघनताका दृष्टिले नेपाली उपन्यासको प्रारम्भिक औपन्यासिक कृतिका रूपमा यसको स्थान निर्धारण गर्न सकिन्छ ।

उपन्यासकी प्रमुख चरित्रको नाममा नै उपन्यासको नामकरण गरिएबाट लैङ्गिक अग्रभूमिको स्थिति देखापर्दछ । रमणीमा भएको बौद्धिकता तथा तार्किकताले लेखकीय दृष्टि व्यक्त गरेको देखिन्छ । नवाबले रमणीको यौन सुन्दरताबाट आकर्षित भएर अपहरण गरी ल्याउनु लैङ्गिक दमन र अत्याचारको उदाहरण हो भने नवाबले दिएको मणिजडित भालालाई रमणीले कुल्चेर तिरष्कार गर्दै मिल्काउनु सशक्तताको उदाहरण मान्न सकिन्छ । विजयसिंह र उसको छोराले रमणीलाई नवाबको नियन्त्रणबाट मुक्त गर्न सहयोग पुऱ्याउनुलाई पुरुषमा भएको लैङ्गिक सकारात्मक र सम्मानयोग्य व्यवहार हो । अपहरण र जबर्जस्ती गर्ने कार्य पुरुषबाट हुने तर नारी घरबाट बहिष्कृत र उपेक्षित हुनुपर्ने अवस्थाले लैङ्गिक विभेद र हिंसालाई जनाउँछ । शोषण गर्ने पुरुष हेपिनुपर्ने महिलाको समस्याजन्य अवस्था प्रस्तुत गर्न पनि उपन्यासकार सफल बनेकी छन् ।

समाजले नारीको रक्षा र संरक्षण गर्न नसक्ने र उल्टै उनीहरूलाई उपेक्षा गर्दै विभेद तथा तिरस्कार गर्ने गरेका सन्दर्भलाई प्रस्तुत गरिएको छ । नवाबबाट आफू अर्थात् रमणी यौनिक रूपमा उपयोग हुनबाट बँचेको भए तापनि उसको लोग्ने र ससुरा (सेठजी) ले घरमा प्रवेश नदिएर बहिष्कार गरेको कार्यलाई समस्यामूलक अवस्था मान्न सकिन्छ । अधिकांश पुरुषहरूमा महिलाको अपमान र अत्याचार गर्ने शक्ति हुने तर रक्षा गर्ने शक्ति नहुने भन्दै त्यसतर्फ व्यङ्ग्य प्रहार गरिएको छ र सचेत बन्न आग्रह पनि गरिएको छ । मानवीय मूल्य र परिचय तथा संवेदना नभएका पुरुषहरू नारीका अगाडि सिंहजस्तै गर्जन गर्ने र अधीनमा राख्ने गरेको खुलासा गरिएको छ । अन्य व्यक्तिको घरमा जाँदैमा महिलाहरू अशुद्ध हुन्छन् भन्ने धारणा खराब

भएको जनाउँदै त्यस्ता लाञ्छना लगाउने र अत्याचार गर्ने पुरुषहरू प्रायश्चित र पीडाबोध गर्न बाध्य हुनुपर्ने विचार समेत प्रकट गरिएको छ ।

परपुरुषले जबर्जस्ती तानेर लैजाँदा रोक्न नसक्ने तर एक्ली नारीलाई घरभित्रबाट गलहत्याउनुमा आफ्नो पुरुषत्व र पुरुषार्थ ठान्ने पुरुष प्रवृत्तिलाई व्यङ्ग्य प्रहार गरिएको छ । पशुपंक्षीले पत्नी संरक्षण गर्ने तर पुरुषहरूले त्यति पनि गर्न नसक्ने लाचार प्रवृत्तितर्फ उपन्यासकारको आक्रोश व्यक्त भएको देखिन्छ । घरमा बस्न नदिएपछि रमणीले विधवा भएको घोषणा गरी सिन्दूर पुछ्ने, चुरा फुटाउने र गृहत्याग गर्ने कार्यलाई पुरुष प्रवृत्ति तथा आडम्बरमाथिको चुनौती मान्न सकिन्छ । अत्याचारीको अन्त्य गर्ने मेघेशकुमारको दृढता तथा रमणीलाई गरेको सम्मानले लैङ्गिक सहभाव र सम्मानको उदाहरण पेस गर्दछ । पूजनीय, देवी, शक्ति, माता, रानी आदि उपमासहित सम्मान गर्नुले पुरुषमा भएको मानवीय गुण र लैङ्गिक समानता तथा सम्मान व्यक्त गर्दछ । यसका आधारमा सबै पुरुषहरू यौनिक हिंसा र शोषणका स्रोत मात्र होइनन् नारीका पूजक पनि हुन् भन्ने कुराको सङ्केत गर्दै उपन्यासकारले लैङ्गिक सन्तुलन र मानवीय संवेदनालाई सघन ढङ्गले प्रस्तुत गरेकी छन् । आफूलाई गृहत्यागको परिवेशमा पुऱ्याउने नवाबसँग बदला लिने रमणीको विचार र चेतनालाई प्रतिकार तथा अस्तित्व रक्षाको सघन उदाहरण मान्न सकिन्छ ।

नारीलाई कुनियतले उपयोग गर्ने र कुदृष्टिको विचार राख्ने तथा त्यस्तो व्यवहार गर्ने व्यक्तिलाई समाप्त पार्नुपर्ने आग्रह गर्दै मातृ सम्मानमा गौरव बढाउने कार्य सरदारले गरेको छ । रमणीको वीरता, साहस तथा शक्तिको पूजा गर्दै आफूले प्रायश्चित गरेको खुलासा नवाबद्वारा गरिनु सकारात्मक सोच मान्नुपर्दछ । सेठजी र लोग्नेले रमणीलाई मिथ्या आरोप लगाएर गलहत्याउने कार्यबाट अपराध बोध भएको जनाउनु पनि परिवर्तित मानसिकताको उपज हो । रमणीले सेनाहरूको नेतृत्व गर्नु, नवाबलाई परास्त पार्नु नारी सक्षमता र शक्तिको उदाहरण हो । बुहारीको हिम्मत र सामर्थ्य र अस्तित्वबोध मान्न सकिन्छ ।

यसरी *राजपूत रमणी*मा विभिन्न लैङ्गिक हिंसा र त्यस हिंसाका विरुद्धमा जागेको चेतना तथा सामर्थ्यको सशक्त प्रस्तुति पाइन्छ । त्यसैले नारीलाई विजयी बनाएर उपन्यासमा सचेत विचार प्रस्तुत गर्दै नारीमा भएको पतिभक्ति र आध्यात्मिक विश्वासलाई समेत व्यक्त गरिएकाले यस उपन्यासलाई लैङ्गिक दृष्टिले अपेक्षित मान्न सकिन्छ ।

प्रतिज्ञा (२०१७) पवनकुमारीदेवीद्वारा लेखिएको प्रेममा आधारित उपन्यास हो । तत्कालीन समाजमा पुरुषहरूको नियन्त्रण तथा निर्णय नै नारीहरूको भविष्य र जीवन हुने अवस्थामा

उपन्यासकारले सुशीला र विनोदको आत्मिक प्रेमलाई सफल बनाएर सामाजिक तथा लैङ्गिक सन्तुलन र सम्मानलाई प्रस्तुत गरेकी छन् ।

महिलाहरूका विचार र मनोविज्ञानलाई पूर्ण उपेक्षा गरी पुरुषहरूले दमन तथा शोषण गरी उनीहरूमाथि पूर्ण नियन्त्रण गर्ने परिवेशमा निर्मित यस उपन्यासका स्त्री चरित्र हुन् वा पुरुष चरित्र दुबैको सम्मानपूर्ण व्यवहार तथा समान सहभागिता र निर्णय प्रस्तुत गरी समाजमा लैङ्गिक सन्तुलन र समानताको विचार प्रवाह गर्नुका साथै विवाहजस्तो संवेदनशील र दूरगामी प्रभाव रहने कार्यमा सम्बन्धित स्त्री र पुरुषको सहमति तथा सहभावको आवश्यकता रहेको औंल्याउनु उपन्यासकारको प्रमुख उद्देश्य रहेको छ । लैङ्गिक सन्तुलन तथा सहभाव र सहकार्यले मात्र जीवनलाई सफल बनाउन सकिन्छ भन्दै पुरुषलाई समस्या पर्दा स्त्री र स्त्रीलाई समस्या पर्दा पुरुषले सेवा, शुश्रूषा गर्नुपर्ने उदाहरणसमेत पेस गरिएको छ । सामाजिक जीवन र आत्मिक प्रेमको यथार्थ उद्घाटन गर्दै आफ्नो मन र भावनाले स्वीकार गरेका स्त्री र पुरुष सद्विचार र विश्वासका साथ प्रतिज्ञा गरेर रहँदा सफल हुन सकिन्छ भन्ने विचार प्रकट गरिएको छ ।

उपन्यासमा उच्च वर्ग र दरबारिया पुरुषहरूले गाउँमा यौवनावस्थामा पुगेका किशोरी तथा युवतीहरूलाई हातपात गर्दै यौनिक हिंसाको सिकार बनाउने गरेको सन्दर्भ प्रस्तुत गरेर लैङ्गिक र यौनिक समस्याहरूसमेत प्रस्तुत गरिएको छ । गाउँमा खराब आचरण भएका उच्च वर्गका पुरुषहरूको हिंसाजन्य व्यवहारबाट जोगिनका लागि सुशीलाजस्ता युवतीहरू गाउँ छोडेर हिँड्नुपर्ने बाध्यता समेत भएको परिवेश उद्घाटन गरिएको छ । विनोदले सुशीला, गौरी, मनोरमा, रामबाबू आदिको लामो समयसम्म निस्वार्थ सेवा गरिरहनुले सेवा र सहयोग गर्न स्त्री मात्र होइन पुरुष पनि योग्य र सक्षम हुन्छन् भन्ने कुरा देखाइएको छ । विनोद र सुशीलाबिचको विपरीत लिङ्गी आकर्षण र उत्पन्न मनोवैज्ञानिक अवस्था तथा सामाजिक स्वीकृति र सफलता नै यस उपन्यासको केन्द्रीय कथ्य रहेको छ । बिहेका सवालमा सम्बन्धित व्यक्ति छोरी, छोरा, अभिभावक सबैको विचार र सल्लाह आवश्यक पर्ने कुरा प्रस्तुत गर्नु पनि सघन विचार मान्न सकिन्छ । गौरीले शेखरको विचार पर्खिनु, शेखरले परिवारका सदस्यको राय लिनु, मुकुन्दले विनोद र सुशीलाको विचार बुझेर मात्र कार्य गर्नुपर्ने सल्लाह राख्नु लैङ्गिक सम्मान तथा प्रगतिशील विचार हो । सुशीलामा आएको सबल विचार, आत्मविश्वासले नै गाउँले केटाहरूलाई चुनौती दिन सकेकाले नारीहरू आफैमा पनि सचेत र सक्षम बन्न आग्रह गरिएको छ ।

यसरी नेपाली नारी उपन्यासकारका कोटिमा दोस्रो व्यक्तिका रूपमा उभिएकी पवनकुमारीदेवीको सामाजिक र सन्तुलित विचार *प्रतिज्ञा*मा रहेकाले यसलाई लैङ्गिक समानता व्यक्त गर्न सक्षम उपन्यासका रूपमा लिन सकिन्छ ।

पश्चात्ताप (२०२०) मायादेवी सुब्बाद्वारा लिखित उपन्यास हो । सामाजिक र पारिवारिक सन्तुष्टिका लागि स्त्री र पुरुषको समान महत्त्व र भूमिका हुने भएकाले आर्थिक लोभ तथा बाहिरी आडम्बरले होइन आन्तरिक सुन्दरता तथा सकारात्मक मनोवृत्तिका साथ जीवनलाई सफल बनाउनुपर्ने विचार प्रस्तुत गरिएको छ । उपयुक्त समयमा आवश्यक निर्णय लिन नसक्दा कालान्तरमा पश्चात्ताप गर्नुको विकल्प नभएको कुरा उजागर गरिएको यस उपन्यासमा खराब आचरण र व्यभिचारी व्यवहार भएका व्यक्तिहरूको पतन र सकारात्मक मानसिकता र आचरण भएका व्यक्तिहरूको उन्नति तथा सफलता देखाएर उपन्यासकारले लैङ्गिक सन्तुलन र सम्मानको भावना प्रस्तुत गरेकी छन् ।

तत्कालीन नेपाली समाजका पारिवारिक र सामाजिक चित्रहरू प्रस्तुत गरिएको यो उपन्यासमा लैङ्गिक समस्याका सन्दर्भहरू पेस भएका छन् । बाबुआमाले जसको जिम्मा लगाएर संसारबाट विदा भए उनैले उपेक्षा र तिरस्तकार गरेर पीडा भोग्न बाध्य भएकी बिन्दुकै केन्द्रीयतामा यो उपन्यास निर्मित छ । लक्ष्मी र शङ्करजस्ता खराब आचरण भएका व्यक्तिहरूले आधारहीन र असहाय बिन्दुजस्ता नारीलाई समस्याग्रस्त बनाएका छन् भने विमला र शेखरजस्ता व्यक्तिहरू मानवीय संवेदना र भावना सचेत देखिन्छन् । लक्ष्मीले बिन्दुलाई गरेको उपेक्षाका विरुद्धमा विमलाले छोरी तथा बुहारीमा भेद गर्न नहुने विचार व्यक्त गरेकी छन् । बिन्दुलाई बाबुआमा र आश्रयदाता केशवको मृत्युमा दोषी देखाएर आरोपित गर्नु हिंसाजन्य व्यवहारको नमुना हो । त्यस्तै शङ्करले बिन्दुलाई बिरामी अवस्थामा उपेक्षा गरी अपहेलना गर्नु पनि अन्यायको अवस्था हो भने शेखरद्वारा उनको उपचार गरेपछि आफ्नो घरभित्र पस्न नदिइनु र उल्टै अर्कैको घरभित्र पसेको आरोप लगाउनु पनि अन्यायपूर्ण व्यवहार हो भन्न सकिन्छ । बिन्दुलाई उपेक्षा गरी शङ्करले शीलासँग बिहे गरेपछि बिन्दुले पुनः शिक्षाका लागि विद्यालय प्रारम्भ गर्नु, उद्योगमा सिलाइबुनाइको कार्य सिकाउने गर्नु सक्षमतातर्फको अभिमुखीकरण हो ।

यौनिक दुराचारको भासमा परेको शिलाले शेखरसँग गरेको व्यवहारलाई मनोयौनिक आकर्षणको नमुना मान्न सकिन्छ । त्यस्तै रमेश र शिलाको यौनिक व्यभिचारका कारणले शङ्करमा उत्पन्न जटिल मनोदशा र आपसी द्वन्द्व निम्त्याएको छ र अन्ततः शिलाको हत्या गरी शङ्करले आत्महत्या गरेको र जीवन समाप्त पारेको उदाहरणले मानवीय सकारात्मक

मनोविज्ञानले मात्र जीवनलाई सुखद र सफल बनाउन सक्छ भन्ने मान्यता व्यक्त भएको देखिन्छ भने लक्ष्मीमा आएको भावनात्मक परिवर्तन र पश्चात्तापबोधलाई सकारात्मक सङ्केत मान्न सकिन्छ । बिन्दुलाई बुहारी नबनाई उपेक्षा गरेकामा लक्ष्मीले पीडाबोध गरेकी छन् भने शेखरजस्तो पठित र दक्ष व्यक्तिले बिन्दुलाई बिहे गरेर जीवन समृद्ध बनाएको सङ्केतबाट सकारात्मक मनोवृत्तिको पक्षपोषणमा उपन्यास केन्द्रित देखिन्छ । बिन्दुले आफ्नो नामको सम्पत्ति विमलालाई सुम्पेपछि उक्त रकम बिन्दुमा बाबा राजवीरसिंहका नाउमा अनाथाश्रम स्थापनामा खर्च गरिनुलाई सकारात्मक सामुदायिक भूमिका निर्वाह गरी सामाजिक उत्तरदायित्व पूरा गरेको देखिन्छ । यदि स्त्री र पुरुष दुबैमा सदाचार र सद्व्यवहार अनि सकारात्मक मनोवृत्ति हुन्छ भने त्यहाँ कोहीबाट कोही समस्यामा पर्न नपर्ने र सुखद जीवनयापन तथा समाजको निर्माण हुनसक्ने कुराको सङ्केत गर्दै *पश्चात्ताप*ले लैङ्गिक सन्तुलन र सफलतालाई व्यक्त गरेको देखिन्छ । तसर्थ नारी र पुरुष दुबै सदाचारी भएमा जीवन र समाज सफल तथा समृद्ध बन्छ भने नारी र पुरुष दुराचारी र व्यभिचारी हुँदा जीवनको दुःखद अन्त्य अवश्यम्भावी छ भन्ने कुरामा व्यक्त गर्दै विमला, शेखर, बिन्दु, माधुरी आदिको माध्यमबाट सकारात्मक भावना विकास गर्न आग्रह गरिएको छ भने लक्ष्मीमा आएको परिवर्तन सुधारात्मक विचार हो ।

यौनिक व्यभिचारमा लागेकी शीला र कुपथ तथा कुलतमा लागेको शङ्करको अन्त्यले सकारात्मक भावना र विचारको विजय देखाइएको छ । यसरी बिन्दु र विमलाजस्ता नारी तथा शेखरजस्ता पुरुषको लैङ्गिक सहकार्य तथा सम्मानले मात्र जीवन सफल बन्न सक्छ भन्ने लैङ्गिक सन्तुलनयुक्त विचार प्रस्तुत गरिएकाले प्रस्तुत उपन्यासलाई तत्कालीन परिवेशजन्य आधारमा हेर्दा लैङ्गिक दृष्टिले अपेक्षित मान्न सकिन्छ ।

मम्मी (२०४०) उपन्यासकार प्रेमा शाहद्वारा नारीवादी दृष्टिले लेखिएको लघु उपन्यास हो । पितृसत्तात्मक समाज तथा सामाजिक संरचनाका विरुद्धमा सशक्त ढङ्गले विचार प्रवाह गर्दै स्वतन्त्र अस्तित्व तथा नारीसत्ताको खोजमा यो उपन्यास केन्द्रित छ ।

पुरुषहरूको शोषण र उपेक्षा नसहेर आफ्नो छुट्टै अनुकूलको पारिवारिक संरचना निर्माणमा मम्मीले खेलेको भूमिका महत्त्वपूर्ण मान्न सकिन्छ । मम्मीले आफ्नो लोग्ने छोडेर जाँदा जेठी छोरी श्रीमान्सँग र अन्य दुई छोरी आफूसँग लैजानु लैङ्गिक सन्तुलन र अधिकारको सङ्केत मान्न सकिन्छ । आफ्नो समस्यामूलक जीवन तथा दुःखबाट टाढै राखेर उपन्यासकी म पात्र अर्थात् रिमीको भविष्य निर्माणमा देखाएको समर्पण तथा योगदान पनि उच्च महत्त्वको छ ।

त्यस्तै आफ्नो यौनेच्छाअनुसार सहकर्मी पुरुष किशोरलाई आफूसँग राख्नु र उसको व्यवहारबाट असन्तुष्ट बनेपछि निकाली दिनु पनि नारीचेतना र सशक्तताको दरिलो उदाहरण मान्नुपर्दछ ।

लोग्नेको नियन्त्रणमा रहँदा मम्मीमा भएको निष्क्रियता र गृहत्याग गरी स्वतन्त्र भएपछिको स्वच्छन्द सक्रियता तथा अस्तित्वको निर्माणले नारीहरू क्षमताविहीन नभएर उनीहरूलाई पितृसत्ता र पुरुषहरूले नियन्त्रण तथा शोषण गरेर यान्त्रिक र निरीह बन्न बाध्य बनाउँछन् भन्ने दृष्टान्त समेत पेस गरिएको छ । पुरुषहरूले आफ्नी पत्नी हुँदाहुँदा यौनेच्छाको पूर्तिका अन्य महिला (निर्जला) लाई उपयोग गर्दा सहने होइन मम्मीले जस्तै लोग्ने र गृहत्याग गर्न समर्थ हुनुपर्दछ भन्ने सशक्त सङ्केत गरिएको छ । त्यस्तै परिवेश बोध गर्न समर्थ भइनसकेका बालबालिकालाई पारिवारिक समस्या र झमेलाको वातावरणबाट टाढा राखी उनीहरूको क्षमताका आधारमा सक्षम र प्रतिस्पर्धी तथा स्वनिर्भर बनाउनु अभिभावकको कर्तव्य ठानिएको छ । छोरीहरूलाई बोझका रूपमा होइन उपलब्धि र कर्तव्यका रूपमा लिनुपर्दछ र सन्तान बाबु र आमा दुबैका भएकाले उनीहरूप्रति दुवैको दायित्व र अधिकार आवश्यक छ भन्ने सङ्केत गरिएको छ । पुरुषले आफूलाई शोषण गरेको अनुभव हुनेबित्तिकै सशक्त प्रतिक्रिया जनाउनु पर्दछ भन्दै समानान्तर अस्तित्व आव्हान गरिएको छ ।

मम्मी उपन्यासमा उपन्यासकारले नारीवादी चेतना सघन रूपमा प्रस्तुत गरेको देखिन्छ जहाँ लैङ्गिक सशक्तीकरणको उच्चतम नमुना भेट्न सकिन्छ तर उपन्यासमा रहेका पुरुषहरूको भूमिकालाई नकारात्मक रूपमा प्रस्तुत गरिएको छ, न त उनीहरूमा परिवर्तनको सङ्केत देखाइएको छ न त सत्चरित्रवान् पुरुषलाई उभ्याइएको छ, यस हिसाबले अलिक एकपक्षीय भान हुन्छ । फलत : यो उपन्यास नारीवादमुखी लैङ्गिक चेतना रहेको पाइन्छ । समग्रमा तत्कालीन समाजमा अपेक्षा गरेको अस्तित्वको खोजी सशक्त मान्न सकिन्छ । त्यसैले लैङ्गिक दृष्टिले प्रस्तुत उपन्यासलाई सबल मान्नुपर्दछ । आर्थिक भूमिका र सक्षमताले लैङ्गिक सन्तुलन तथा अस्तित्व निर्माणमा अग्रणी भूमिका खेल्न सक्छ भन्ने कुराको दरिलो उदाहरण यस उपन्यासमा पाइन्छ ।

निर्बन्ध (२०४२) उपन्यासकार वानीरा गिरीद्वारा लेखिएको आत्मकथनात्मक ढाँचामा तयार पारिएको संस्मरणात्मक शैलीको लघु संरचनामा निर्मित उपन्यास हो । प्रथम पुरुषात्मक दृष्टिबिन्दुका साथमा प्रस्तुत यो उपन्यासमा 'म' पात्रकै प्रमुख भूमिका रहेको छ । त्यो 'म' पात्र स्त्री पात्र हो भन्ने कुरा कथानक र घटनाहरूको सम्पूर्ण शृङ्खलाबाट प्रस्ट हुन्छ । साँच्ची भन्ने

भने 'म' पात्रमार्फत उपन्यासकार गिरीको नारीत्व र स्वतन्त्रताप्रतिको स्पष्ट विचार व्यक्त भएको छ ।

आफ्ना बाबुले गरेको लैङ्गिक हिंसा र विभेदका विरुद्धमा आफ्नो जीवनलाई नै दाउमा राखेर प्रतिशोधमूलक व्यवहार तथा स्वच्छन्द आचरण 'म' पात्रद्वारा अँगालिएको छ त्यो पूर्णतः नारीत्व केन्द्री धारमा लक्षित देखिन्छ । आफ्नो विवाहपश्चात् लोग्नेमाथि हरतरहले आफ्नो वर्चस्व र नियन्त्रण कायम गरी त्यसबाट सन्तुष्टि हासिल गर्ने कार्यलाई भने लैङ्गिक हिसाबले सन्तुलित मान्न सकिन्न । त्यस्तै बाबुको पितृसत्तात्मक सोचाइ र नियन्त्रणका विरुद्धमा आफ्नो यौवनको स्वतन्त्र उपभोग गर्नु पनि तर्कसङ्कत मान्न सकिन्न । उपर्युक्त दुई कार्यबाहेक उपन्यासमा रहेका जे जति शृङ्खलाहरू छन् तिनीहरूमा एकातर्फ कुलीन र उच्च वर्गका पुरुषहरूले नारीमाथि के कस्ता लैङ्गिक तथा यौनिक हिंसा गर्दछन् भन्ने खुलाइएको छ भने अर्कातर्फ पुरुषमा रहेको पितृसत्तात्मक सोचाइ र व्यवहार परिवर्तनका लागि भएको प्रगति तथा लैङ्गिक समस्या समाधानको सङ्केत गरिएको छ ।

स्वच्छन्द यौनिक व्यवहार गर्नु मात्र लैङ्गिक विभेद अन्त्य गर्ने उपकरण होइन तर यस उपन्यासमा अन्य विकल्पको प्रयोग गरिएको छैन । त्यस्तै विभिन्न कार्य तथा व्यवहारहरूमा लैङ्गिक समस्या यथावत् रहेका छन् र अन्ततोगत्वा श्रीमान्को मृत्यु पश्चात् सिउँदो पुछ्ने चुरा फुटाउने जस्ता परम्परित लैङ्गिकतासँग जोडिएका सामाजिक हिंसाजन्य कार्य पनि भएको देखाइएको छ । त्यसैले *निर्बन्ध* उपन्यासमा लैङ्गिक चेतना र सन्तुलनका लागि स्पष्ट दिशानिर्देश गर्न अक्षम रहे पनि लैङ्गिक समस्याको स्पष्ट खाका प्रस्तुत गरिएको छ । महिलाले लगाउने सम्पूर्ण गहनाहरू तथा शृङ्गार सम्बन्ध पुरुषसँग मात्र सम्बन्धित रहनु परम्परागत पितृसत्ताको उपज मान्नुपर्दछ । यौन सन्तुष्टिका लागि जसरी पुरुषले अन्य महिलालाई उपभोग गर्दछ भने महिलाले पनि विभिन्न पुरुषलाई उपयोग गर्न सक्छन् भन्ने स्वच्छन्दता प्रकट गरिएको छ । आफ्नी पत्नीलाई पशुवत् व्यवहार गर्नु, उनका यौनिक र भावनात्मक चाहनालाई पूर्ण उपेक्षा गरी अन्य स्त्रीहरूसँग सम्पर्क गरी सन्तुष्टि हासिल गर्ने कार्य लैङ्गिक तथा यौनिक हिंसाको ज्वलन्त नमुना हो । पुरुषले नारीको सम्पत्तिमा समेत आफ्नो स्वामित्व र हैकम जनाउने प्रवृत्ति रहेको खुलासा गर्दै आक्रोश व्यक्त गरिएको छ ।

'म' पात्रले आफ्नो श्रीमान्को सम्बोधनमा गरेको मध्यम आदरलाई लैङ्गिक समानतायुक्त भाषा मान्न सकिन्छ । 'म' पात्र द्वारा आफ्ना बाबुको आमाप्रतिको व्यवहार पूर्ण रूपमा अमानवीय, यन्त्रवत् तथा पशुवत् रहेको जनाइएको छ, जसबाट लैङ्गिक समस्याको चरम

अवस्था बोध गर्न सकिन्छ । आफू अलग कवोठामा रहेर विभिन्न यौनकर्मी र अन्य युवतीहरूलाई आफ्नो लोग्नेसँग यौन सन्तुष्टिका लागि सामेल गराउनु अत्यन्त कारुणिक र मर्मस्पर्शी घटना हो जुन कार्यलाई प्रस्तुत उपन्यासमा मिही ढङ्गले व्यक्त गरिएको छ । चिरन्तन चलिरहेको बुबा आमाको आपसी सम्बन्धको व्यवहारका आधारमा 'म' पात्रद्वारा बुबालाई 'बौलाहा बाघ' र आमालाई 'सुधी गाई' सँग तुलना गरिएको छ । पुरुषहरूले आफ्नो पुरुषत्व देखाउँदै यौनिक व्यभिचार अत्यधिक गरेको र महिलाहरूले निरीह बनेर त्यस्तो हिंसा सहनु परेकाले त्यसको विद्रोह गर्दै 'म' पात्रले आफ्नो यौनिक व्यवहार पूर्ण स्वच्छन्द बनाएकी छन् तर त्यो नितान्त व्यक्तिकेन्द्री मात्र भएको र त्यसबाट सामाजिक चेतना विकास तथा नारीवर्गको उत्थानमा खासै पहल भएको देखिँदैन ।

यस उपन्यासमा लैङ्गिक विभेद र हिंसालाई केस्राकेस्रा केलाइएको छ तर समाधानको उपयुक्त विकल्प दिइएको छैन । छोरालाई विदेशमा उच्च शिक्षाका लागि पठाइए पनि छोरीलाई घरमै सीमित गरिएको देखाइएको छ जुन शिक्षामा लैङ्गिक विभेदको उदाहरण मान्न सकिन्छ । सन्तान उत्पादनमा पुरुषमा जैविक समस्या भए पनि त्यो दोष महिलामा लगाउने गरिएको व्यवहारको पनि खुलासा गरिएको छ । यौन सम्पर्क र व्यवहारमा पुरुषका तुलनामा महिलाहरू बढी अन्तर्मुखी हुने जैविक गुणको पनि प्रस्तुति पाइन्छ । यसरी *निर्बन्ध* उपन्यासमा विभिन्न किसिमका लैङ्गिक र यौनिक समस्याहरूको सघन र सूक्ष्म प्रस्तुति पाइन्छ भने पितृसत्ताको प्रतिनिधि बाबुसँग बदलाको भावनासहित प्रतिशोधका लागि आफैलाई उपयोग गर्नु र बाबुको पारिवारिक व्यवहारमा आएको परिवर्तनलाई आफू सफल भएको ठान्नु 'म' पात्रको व्यक्तिकेन्द्री धारणा हो । तथापि उपन्यासमा स्वतन्त्र र स्वच्छन्द यौनिक व्यवहारका साथमा लैङ्गिक तथा यौनिक सन्तुलनको अपेक्षा गर्नुलाई सकारात्मक सङ्केत मान्न सकिन्छ । तर यस उपन्यासको मूल कथ्य नारीत्वकेन्द्री मनोविज्ञानमा बढी अभिमुख देखिन्छ ।

बोनी (२०४८) नेपाली समाजका युवती र युवाहरूमा रहेका विकृति तथा विसङ्गतिलाई केन्द्र बनाएर सामाजिक सांस्कृतिक परम्परित मूल्यहरूको पुनर्व्याख्या गर्दै वर्गीय चेतनालाई प्रश्रय दिएर उपन्यासकार पारिजातद्वारा लिखित लघु उपन्यास हो । यो उपन्यास पत्रात्मक वा सम्बोधनमूलक शैलीमा तयार पारिएको विचार प्रवाह गर्ने संवेद्य आख्यानका रूपमा रहेको छ । *बोनी* एक औपन्यासिक चरित्र 'बोनी' मा केन्द्रित रहे पनि युवाहरू जीवनशैलीप्रति सम्बोधन गरिएको उपन्यास हो ।

म, बोनी तथा इन्द्रेणी प्रस्तुत उपन्यासका प्रत्यक्ष पात्र हुन् भने अन्य विभिन्न वर्गका व्यक्तिहरू, प्रवृत्तिहरू, राजनीतिकर्मीहरू, मालिकहरू, विकृत मनोदशा बोकेका युवक (दादा)हरू आदि विविध खालका चरित्रहरू उपन्यासमा उनिएका छन् । सामाजिक परिवर्तनको पक्षपोषण गर्ने मूल कथ्य बोकेर उपन्यास सिर्जना भएको छ । पितृसत्तात्मक समाजमा महिलाहरूले भोग्नुपरेका विभिन्न खालका समस्यालाई उजागर गरिएको उपन्यासको शीर्षक तथा मूल चरित्र र कथ्य मूलतः नारीमा नै केन्द्रित गरिएको छ । तसर्थ लैङ्गिक दृष्टिले हेर्दा लैङ्गिक चेतनाको सूचकका रूपमा यस उपन्यासलाई लिन सकिन्छ । पारिजातमा रहेको प्रगतिवादी वैचारिक सघनतालाई बोनीले वरण गरेको छ । वर्गीय शोषणमा परेका व्यक्तिहरूलाई दया होइन सामर्थ्य विकासमा टेवा पुऱ्याउनुपर्ने आवश्यकता रहेको कुरा उपन्यासकारले प्रस्ट्याएकी छन् । शोषणमा आधारित सामाजिक संरचनाको अन्त्यका निम्ति महिलाहरू उत्तिकै सशक्त रूपमा सरिक हुनुपर्ने विचार प्रस्तुत गर्दै नेपालका ग्रामीण तथा सहरीया महिलाहरूले भोग्नुपरेका विभिन्न समस्याहरूलाई चित्रण गरिएको छ । सबै लैङ्गिक समस्यालाई वर्गीय समस्यासँग सम्बन्धित गर्दै मध्यम र उच्च वर्गका युवती तथा युवाहरू कृत्रिमता र आडम्बर अनि क्षणिक आनन्दका आवेगहरूमा नफसी सामाजिक चेतनामा तल्लिन हुनुपर्ने आग्रह गरिएको छ ।

उपन्यासकारको प्रारम्भिक अन्तर्वार्ता तथा उपन्यासको अन्तर्वस्तुका आधारमा समेत बोनी चरित्र समग्र युवाहरूको प्रतिनिधि पात्र भएकाले सम्पूर्ण युवा युवतीलाई सम्बोधन गर्दै राजनीतिक तथा साङ्गठनिक भूमिका निर्वाह गर्नुपर्ने तथा समाजप्रति जिम्मेवार बनी प्रगति र विकासमा केन्द्रित हुनुपर्ने अपेक्षा गरिएको छ । सङ्घर्ष र परिवर्तनका लागि युवती र युवा मिलेर नै सामूहिक भूमिका निर्वाह गर्नुपर्ने अपेक्षाबाट लैङ्गिक समानतामूलक सहभागिताको आवश्यकता औल्याइएको देखिन्छ । विदेशी संस्कृति र आर्थिक आडम्बरमा युवायुवतीहरूमा भित्रिएको यान्त्रिक व्यवहार र कृत्रिमताको विरोध गर्दै स्त्रीले स्त्रीका समस्या र वास्तविकतामा संवेदनशील हुनुपर्ने आग्रह गरिएको छ । मातृत्व र वात्सल्यपनमा मात्र नारीहरू सीमित बन्न नहुने धारणा राख्दै आर्थिक स्वतन्त्रता तथा आत्मनिर्भरतातर्फ अभिमुख हुनुपर्ने विचार प्रकट गर्दै लैङ्गिक स्वतन्त्रता र सशक्तीकरणको आवश्यकता प्रस्तुत गरिएको छ । पुरुषहरूले चुस्न खोज्दा चुसिनु र मिल्काइनुमा नारीहरूको पनि दोष तथा पीडा रहेकाले त्यसतर्फ सचेत हुनुपर्ने जनाइएको छ । युगसापेक्ष चेतना र सशक्तता भएका युवतीहरूले मात्र स्वत्व र स्वतन्त्रताको अनुभव गर्न पाउँछन् भन्दै परम्परित अन्धविश्वास र कुप्रथाको अन्त्य गर्नुपर्ने आग्रह गरिएको छ । इन्द्रेणीको जीवन भोगाइका माध्यमबाट पुरुषले महिलामाथि गर्ने लैङ्गिक हिंसालाई प्रस्तुत गर्दै पितृसत्ता र उपभोक्तावादी संस्कृतिका विरुद्धमा आवाज उठाइएको छ । युगबोध र चेतनाको

विकास हुन सकेन भने उज्यालोका प्रतीक बनेका रातका ताराहरू तेज बिहीन दिउँसोका ताराहरूमा रूपान्तरण हुने र समाजका समस्याहरू यथावत रहन सक्ने अवस्था रहेकाले त्यसतर्फ युवती तथा युवाहरू वैचारिक सघनताका साथ कटिबद्ध भएर लाग्नुपर्ने विचार प्रकट गरिएको छ । चेतना र सामर्थ्य विकासमा एकल होइन सामूहिक जिम्मेवारीबोधको आवश्यकता औंल्याइएको छ ।

यसरी महिला उपन्यासकारद्वारा रचित, महिला चरित्रहरूको सन्दर्भमा केन्द्रित र महिला जीवनको अन्तर्वस्तुतमा आधारित *बोनी* उपन्यास लैङ्गिक दृष्टिले सन्तुलित वैचारिक दृष्टिले सघन तथा वर्गीय दृष्टिले सशक्त उपन्यासका रूपमा चित्रण गर्न सकिन्छ । समग्रमा उक्त उपन्यासमा व्यक्त लैङ्गिक सन्दर्भ विचार तथा चेतनालाई सबल मान्न सकिन्छ ।

अन्तर्द्वन्द्व (२०५६) सीता पाण्डेद्वारा नारीवादी चेतनालाई प्रखर रूपमा व्यक्त गर्न सफल उपन्यास हो । अनीताको जीवनशैली र सुरीताको सामाजिक व्यवहारलाई प्राधान्य दिइएको यस उपन्यासमा पितृसत्तात्मक अधीनताबाट स्वतन्त्र बनी आफ्नो पहिचान, कर्तव्य र अधिकारको पक्षपोषण लागेका नारीहरूको माध्यमबाट उपन्यासकारले लैङ्गिक चेतना र सशक्तीकरणको आवाज प्रस्तुत गरिएको छ ।

सुरीतामा भएको आर्थिक सक्षमता, आत्मविश्वास, अभिभावकत्व र कर्तव्यबोधका कारण पारिवारिक सुख र सन्तुष्टि प्राप्त भएको देखाइएको छ । परम्परागत समाजमा पुरुषले मात्र अभिभावकत्वको सघन दायित्व वरण गर्न सक्छन् भन्ने मान्यता स्थापित गरेकामा त्यसलाई चुनौती दिँदै सुरीताजस्ता नारीहरू उक्त कर्तव्य बहन गर्न सक्षम हुन्छन् भन्ने सक्षम र चेतनशील विचार व्यक्त भएको छ । पुरुष मात्र निडर र जिम्मेवार हुन्छन् भन्ने परम्परित मान्यतासँग सुरीताका व्यवहारलाई पुरुषत्वमुखी ठानिएको छ यद्यपि निडरता पुरुषको पर्याय बनाएर प्रस्तुत गरिनु सचेत लेखकीय विचारमा देखिएको तरलता हो । क्षमाशील र शालीन दिदीको सहयोगबाट आर्थिक रूपमा आत्मनिर्भर बनेको भाइ घरव्यवहारमा दायित्व बहन गर्नुको सट्टा घर छाडेर बाहिरिनुलाई पुरुषमा भएको स्वार्थी प्रवृत्तिको सङ्केत मान्न सकिन्छ ।

जुझारु र सङ्घर्षशील सुरीता समस्या र चुनौतीको सामना गरेर सामाजिक जिम्मेवारी निर्वाह गर्न सक्षम नारी हुन् जसले नियमित जागिर, प्रोजेक्ट कार्य, ट्युसन लगायत आर्थिक उपार्जनका कार्यमा सक्षम बनी घरायसी व्यवहार सम्हालेर भाइबहिनीलाई सफल बनाउन निरन्तर सक्रिय रहेको देखिनुले लैङ्गिक सक्षमता र सचेतना मुखर बनेको पाइन्छ । पुरुषले पत्नीलाई गौण ठान्ने, उनीहरूमाथि शासन गर्ने र नियन्त्रण तथा अधीनमा राखेर अन्यायपूर्ण

व्यवहारहरू गरिरहेको अवस्थाप्रति सङ्केत गर्दै त्यस्ता शोषण र दमनमा असहमति राख्ने महिला घर, समाजबाट उपेक्षित र तिरस्कृत हुनुपरेकाले त्यस्तो लैङ्गिक विभेदयुक्त समाजतर्फ सङ्केत गर्दै व्यङ्ग्य प्रहार गरिएको छ ।

सरकारी कामकाजमा बाबु वा लोग्नेको नाम र सम्बन्धबाट महिलाहरू परिचित हुनुपर्ने कानुनी र सामाजिक अन्यायप्रति आक्रोश व्यक्त गर्दै सन्तानको साँचो परिचय बाबुसँग नभएर आमासँग हुने भएकाले आमाकै आधारमा परिचय र थर कायम हुनुपर्ने र महिलाले विवाहपछि लोग्नेको थरमा अनुवाद हुनु नै पुरुषसँग आश्रित र अधीन बन्नु भएकाले उक्त परम्परित व्यवहार अन्यायपूर्व र विभेद युक्त नभएकाले त्यसो गर्नु अनावश्यक रहेको विचार व्यक्त गरिएको छ । त्यस्तै बाबु हुनु त अनुमान र विश्वास मात्र हो आमा नै सत्य हो भन्ने जैविक र सामाजिक वस्तुसत्यलाई समेत उजागर गरिएको छ । बिहे गर्दा छोरीलाई बाबुआमाले 'कन्यादान' गर्नु भन्ने शब्द र सोसँग जोडिएको परम्पराले छोरीलाई वस्तुका रूपमा लिइएकाले त्यस्तो विभेदकारी व्यवहार अन्त्य हुनुपर्ने र उक्त मनोवृत्ति त्याग्नुपर्ने आवश्यकता औल्याइएको छ ।

पुरुषहरूले आफूसरहको शैक्षिक, आर्थिक तथा सामाजिक समकक्षतामा महिलाहरूलाई स्वीकार गर्न नसक्ने हीनता ग्रन्थि पालेर बसेका हुन्छन् अर्थात् महिलाभन्दा आफू 'बढी' भन्ने सङ्कीर्ण चिन्तनमा फसेका हुन्छन् भन्ने विचार प्रस्तुत गर्दै पाण्डेद्वारा पितृसत्तात्मक मनोवृत्तिका विरूद्धमा सशक्त र सचेत बन्न आग्रह गरिएको छ । पुरुषले महिलाको यौनिक आवश्यकता र सन्तुष्टिमा वास्ता नगर्ने र महिलामा यौन कुण्ठा निर्माण हुने हुनाले यौनिक अपेक्षा र मनोयौनिकताका सन्दर्भहरूलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । त्यस्तै अनीताले अर्की महिलाले गरेका व्यवहारबाट आफूमा यौन उत्तेजना, आवेग तथा यौनभावनाहरू उत्पन्न भएको देखाइएकाले नारी मनोयौनिकतालाई पनि यस उपन्यासले प्रस्तुत गरेको छ । स्वत्व, स्वतन्त्रता र अस्तित्वका लागि सुरीताले गरेका व्यवहारहरू र पारपाचुकेसम्मको परिणतिले उपन्यासमा नारी सशक्तता प्रखर बनेको देखिन्छ ।

लैङ्गिक सशक्तता प्रस्तुत गरिएको भए तापनि उपन्यासमा पुरुषको सन्तुलित र सापेक्षित भूमिका तथा उपस्थिति नभएकाले लैङ्गिक दृष्टिले सन्तुलन कायम गर्न भने उपन्यासकार अक्षम रहेको नै मान्नुपर्दछ । यसरी *अन्तर्द्वन्द्व*ले लैङ्गिक सचेतना, सशक्तता र स्वतन्त्रताको अपेक्षासहित आर्थिक सक्षमतामा मात्र लैङ्गिक सन्तुलन र सशक्तता निर्माण गर्न सकिन्छ भन्ने विचार प्रस्तुत गरेको देखिन्छ ।

अन्त्यहीन अन्त्य (२०५८) शोभा भट्टराईद्वारा लिखित उपन्यास हो । संस्मरणात्मक शैलीमा आत्मकथनात्मक अभिव्यक्ति गरिएकाले यसलाई अनुभवन्यास पनि भनिएको छ । प्रस्तुत उपन्यासलाई सामाजिक लैङ्गिक दमन र नियन्त्रणका कारणले आफूले नचाहँदा नचाहँदै तथा देख्न र भेट्न नपाएको पुरुषसँग अभिभावकको निर्णयअनुसार विवाह गर्न बाध्य भएकी एउटी नारी जसले अपेक्षा मात्र होइन कि कल्पनासम्म नगरेको तृतीय प्रकृतिको पुरुष वा तटस्थ पुरुषसँग विवाह गरी नपुंशक पुरुषकी पत्नी बनेर भोग्नुपरेका पीडा र समस्याहरूको फेहरिस्त नै मान्न सकिन्छ । शोभाले भोग्नुपरेका पीडालाई दुरुस्त प्रस्तुत गर्दै त्यस्तो तटस्थ व्यक्तिबाट स्वतन्त्र बनेर अर्को जीवनको शृङ्खला प्रारम्भ गरेको सङ्केत गरेकी छन् जसलाई लैङ्गिक सशक्तता र सक्षमताको उदाहरण मान्नुपर्दछ ।

पितृसत्तात्मक सामाजिक संरचनाबाट थिचिएका नारीहरूले आफ्नो वास्तविक लैङ्गिक र यौनिक हिंसा तथा पीडालाई निशङ्कोच औपन्यासिक कलेवर दिनसक्नु थप प्रशंसनीय कदम समेत मान्न सकिन्छ । सामाजिक तथा मनोयौनिक सन्दर्भलाई प्रमुख कथ्य बनाइएको प्रस्तुत उपन्यासमा पुरुषवादी चिन्तन र पुँजीवादी आडम्बरका कारणले नारीहरू हिंसाजन्य व्यवहार खेप्न बाध्य भएको देखाइएको छ । नारीले आफ्ना समस्यालाई सचेततापूर्वक किनारा लगाएर आफ्नो स्वत्व र स्वतन्त्र जीवनको बाटो निर्माण गर्न समर्थ हुनुपर्दछ भन्ने चेतना पनि यहाँ प्रस्तुत गरिएको छ । यसका लागि नारीहरू शैक्षिक र आर्थिक रूपमा आत्मनिर्भर हुनु जरुरी भएको कुरालाई पनि सङ्केत गरिएको छ । पुरुषहरू आफूसरहको योग्यता र क्षमता भएका नारीसँग सम्बन्ध राख्न हिच्किचाउँछन् किनकि उनमा हीनता ग्रन्थि र लघुताभास महसुस हुन्छ भन्ने पुरुष मानसिकताको उजागर गरिएको छ । यौनिक रूपमा नारीहरू सक्षम र योग्य पुरुषसँग मात्र सन्तुष्ट हुन्छन् भन्दै यौनिक अपूर्णता वा तृतीय प्रकृतिको शारीरिक र जैविक संरचना भएको पुरुषले आफ्ना कमजोरी ढाकछोप गरी नारीहरूलाई त्यस्ता अनैतिक पुरुषले सिकार बनाइरहेको तथ्य खुलासा गरिएको छ ।

व्यक्तित्व जैविक तटस्थता वा नपुंशकता कायम हुनुमा व्यक्ति स्वयं दोषी होइन न त अपराधी नै हो तर आफूमा रहेका यौनिक अपूर्णता र रिक्ततामा षडयन्त्रपूर्वक पूर्ण वा सम्पूर्ण यौनिक चाहना भएका स्त्रीहरूलाई फसाएर उनीहरूको जीवन र मानसिकतासँग खेलबाड गर्नु यौनिक र लैङ्गिक हिंसा हो भन्ने विचार प्रकट गरिएको छ । अमरले स्त्रीयोचित व्यवहार देखाउनु, कपडा लगाउनु उसको प्राकृतिक चाहना नै हो तर त्यस्तो व्यक्तिले शोभाजस्ती पठित, सक्षम तथा योग्य नारीलाई यौनिक व्यवहार र संसर्ग नगर्नु, सन्तुष्टि दिन नसक्नु आदि सन्दर्भ पनि उसको जैविक संरचनाकाकै उपज हुन् अर्थात् स्वाभाविक प्रवृत्ति नै हुन् तर अभिभावकको

जबरजस्तीमा बिहे गर्नुपरेको जनाउनु, बिहे गर्नु, परिवार र समाजले अमरका कमजोरी र वास्तविकता थाहा पाएर पनि योजनाबद्ध रूपमा षड्यन्त्र गर्नु, घरमा नियन्त्रण र सीमित गर्नु आदि घटनाहरू लैङ्गिक दमन, अन्याय र अधीनताका उदाहरणहरू हुन् । शोभाले अमरसँग बिहे गर्दिन भनेर उसलाई अस्वीकार गरे पनि पुरुषवादी समाज र पिताको हैकमका कारणले निरीह बनी विवाह गर्न बाध्य बनेको देखाइएको छ । शोभाकी साथी स्मृतिमा चेतना र जिज्ञासा हुँदा पनि निम्नपुँजीवादी चिन्तन तथा वैदेशिक वैभवले शोभालाई विवश बनाएको छ । बिहे अत्यन्त भव्य र इज्जतदार होस् भन्ने चाहना भए पनि अमरतर्फका व्यक्ति र अभिभावकले भनेअनुसार एक घन्टामै बिहे सम्पन्न गर्न लाचार बनेको यथार्थले पितृसत्ताको दबदबा व्यक्त भएको छ ।

कैयौं यौनिक अपेक्षा र मनोविज्ञानलाई बाध्यतावश नियन्त्रण र कुण्ठित गर्नुपर्ने अवस्था पितृसत्तात्मक समाजका नारीहरूले भोगिरहेका दृष्टान्तस्वरूप शोभाको जीवनशैली व्यक्त गरिएको छ । पुरुष देखिएको अमरमा यौनिक तटस्थता भए पनि उनमा स्त्रीयोचित आचरण देखिएको सन्दर्भले व्यक्तिगत मनोविज्ञान र स्वच्छन्द जीवनयापनलाई सङ्केत गरे पनि उनमा रहेको पुरुषत्वको खोक्रो आडम्बर सजीव रूपमा चित्रण गर्न भट्टराई सक्षम देखिन्छन् । अमरले आफ्नो पत्नीलाई 'तपाईं' भनेर सम्बोधन गर्दा नेपाली समाजको सामाजिक संरचनामा हुर्किएकी शोभाले पचाउन नसकेको अवस्थाले लैङ्गिक अवस्थाको सङ्केत मिल्दछ । सुहागरात सम्पन्न भएको भोलिपल्ट पनि पत्नी कन्या केटी कै रूपमा रहनु र त्यस्तो अवस्थामा नारीभित्रको मनोयौनिकताको जटिलता भोग्य बाध्य हुनुले विभेदयुक्त समाजका कारणले यस्ता प्रकृतिका यौनिक समस्या उत्पन्न गराएको अनुभव गर्न सकिन्छ । अमरले सामाजिक संस्कार र दबाबले आफ्नो इच्छा विपरित शोभासँग विवाह गर्नुपरेको र स्वेच्छाले छोडेर जान आग्रह गर्नुमा उसको इमानदारिता देखिन्छ तर आफूमा रहेको अक्षमतालाई लुकाएर नारीको जीवन निस्सार बनाउनुले नारीलाई समानान्तर अस्तित्व भएकी व्यक्तिका रूपमा भन्दा साधनका रूपमा लिइएको सङ्केत पाइन्छ । अझ उनमा परपीडक मानसिकता र हीनता ग्रन्थिले काम गरेको अनुमान गर्न सकिन्छ । शोभालाई नियन्त्रण गर्नु, उपेक्षा गर्नु, घरमै सीमित राख्नु, चङ्कन लगाउनु, आदि कार्यहरू लैङ्गिक विभेदका थप उदाहरण हुन् । करिव एक बर्से अनपेक्षित जीवन गुजारीसके पछि जीवन बोध भएपछि शोभामा आत्मविश्वास निर्माण हुँदै जानु, स्वत्वको खोजी गर्नु, आर्थिक उपार्जनस्वरूप जागिर खानु, साथी समूह बनाउनु, दाजु र बाबालाई अमरको नपुंशकताबारे चिठी लेख्नु, आत्मनिर्भर बन्नु आदि सन्दर्भहरूले लैङ्गिक सचेतना र

सशक्तीकरणका पक्षहरूको सङ्केत गर्दछन् । अन्ततोगत्वा अमरलाई नेपाल फर्काएर स्वतन्त्र जीवन यापन गर्दै अर्को जीवनको सुरुवात गर्ने निर्णयलाई लैङ्गिक सक्षमता मान्न सकिन्छ ।

यसरी प्रस्तुत अनुभवन्यासमार्फत् भट्टराई नेपाली नारीहरूका जटिल सामाजिक र मनोयौनिक समस्या, पितृसत्ताको आडम्बर र त्यसबाट नारीले भोग्नुपरेका शोषण तथा अन्याय प्रस्तुत गरेकी छन् भने तटस्थ जैविक यौनिक संरचना भएका व्यक्तिहरूको मनोदशा र जीवनशैली तथा नारीमा निर्माण हुनुपर्ने आत्मविश्वास र लैङ्गिक सक्षमताका पक्षहरू प्रस्तुत गर्दै *अन्त्यहीन अन्त्य*लाई नवीन, प्रखर र सबल उपन्यास बनेको छ ।

अघोषित द्वन्द्व (२०६०) गौरा रिजालद्वारा लेखिएको वैचारिक तथा प्रखर उपन्यास हो । समाजमा रहेको परम्परागत पितृसत्ताका कारणले युगौँदेखि महिलाहरू सामाजिक, सांस्कृतिक, आर्थिक अधिकार तथा मानवीय मूल्यबाट बञ्चित हुनुपरेका यथार्थहरूको उद्घाटन गर्दै त्यस्ता लैङ्गिक विभेदकारी र अन्यायपूर्ण व्यवहार तथा मान्यताहरूको अन्त्य गरी समानतामूलक समाजको निर्माणका लागि नारीहरू नै सचेत र सक्षम बनेर अग्रगामी पहल गर्न सकेको खण्डमा समाजमा रहेका पुरुष तथा सामाजिक चिन्तनहरूमा समेत सुधार ल्याउन सकिन्छ भन्ने कुराको वैचारिक र व्यावहारिक दृष्टिकोण यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

लैङ्गिक दृष्टिले अत्यन्त सचेत र सामाजिक मूल्यहरू तथा मनोवैज्ञानिक सन्दर्भहरूमा अत्यन्त संवेदनशील अनि उत्तरदायी भूमिका निर्वाह गरी स्वत्वको खोजी गरेर लैङ्गिक स्वतन्त्रताको सघन उदाहरण बन्न सफल गार्गीका माध्यमबाट उपन्यासमा लैङ्गिक सचेतना र सन्तुलन निर्माण गरिएको छ । लैङ्गिक अधीनता र शोषणको प्रमुख कारण आर्थिक सक्षमता तथा आत्मविश्वास भएकाले उक्त पक्षमा प्रत्येक नारीहरू दक्ष बन्नुपर्ने आवश्यकता औल्याइएको छ । भार्गवले गरेका तमाम व्यवहारहरू पुरुषप्रधान समाजका पुरुष प्रतिनिधिले गर्ने व्यवहार हुन् परन्तु गार्गीको लैङ्गिक सचेतना, सशक्तता तथा आत्मविश्वासबाट परिवर्तन भई आफ्ना विचार तथा व्यवहारहरू परिवर्तन गर्नु सकारात्मक सङ्केत मान्न सकिन्छ । प्रस्तुत उपन्यासमा नारीहरूले भोग्नुपरेका तमाम यौन शोषण र हिंसाका सन्दर्भहरू प्रस्तुत गर्दै लैङ्गिक समस्या तथा यौनिक हिंसाका वास्तविकताहरूको उद्घाटन गरिएको छ ।

गार्गीले भार्गवलाई गर्ने मध्यम आदरार्थीको समभावरूपी सम्बोधन, स्वतन्त्र र आत्मनिर्भर बन्न गरेको अध्यापन पेसा, पूजन र किशोरीलाई बनाएको सशक्तता, महिला विद्यालयको स्थापना र सामुदायिक भूमिका निर्माण, भार्गवको दबाब र चुनौतीलाई अस्वीकार गरी अलग रहन सक्ने तर मातृत्व र सामाजिक अधिकार लिएरै छाड्ने दृढता आदि कार्यहरूले गार्गीमा

प्रखर वैचारिक सघनता र लैङ्गिक सशक्तता तथा सक्षमता निर्माण भएको देखाइएको छ । कतिपय घटनाहरूको सकारात्मक नाटकीय समाधान खोजिनु उपन्यासकारको लेखकीय आग्रह भन्न सकिन्छ तथापि विचारप्रधान उपन्यासमा यस्ता सन्दर्भहरू स्वाभाविक नै मानिन्छन् । नेपाली समाजमा रहेका विविध प्रकारका लैङ्गिक विभेदका उदाहरणहरू प्रस्तुत गर्दै ती विभेदका कारणले उत्पन्न सामाजिक तथा मनोवैज्ञानिक समस्याहरू प्रस्तुत गर्दै तिनीहरूको तार्किक र न्यायपूर्ण समाधान गर्न अघोषित द्वन्द्व सफल देखिन्छ । पत्नीले श्रीमान्सरह कार्यालयीय भूमिका तथा आर्थिक उपार्जन गरे पनि घरायसी कार्यमा पुरुषहरू मालिक र नारीहरू दासी बनेर निरन्तर सक्रिय बन्नुपर्ने शोषित जीवनको उद्घाटन गरिएको छ । घरायसी कार्यमा पुरुष र महिलाको स्वाभाविक सक्रिय सहभागिताको आग्रह गरिएको छ । अफिस काम गरी घरको काम नित्य गरिरहेकी गार्गी बिरामी पर्दा भार्गवले सेवा र सहयोग गर्नुको सट्टा पूर्ण बेवास्ता गर्दै बाहिरै खाना खाएर आउनु लैङ्गिक विभेद मात्र नभएर मानवीय संवेदनाकै सवाल भएको विचार व्यक्त गर्दै पुरुषहरूमा हुने अमानवीय व्यवहारको पनि यहाँ खुलासा गरिएको छ । त्यस्तै सम्भ्रान्त वर्गका महिलाहरू अझ बढी घरमै नियन्त्रित र शोषित हुनुपरेको यथार्थोद्घाटन गरिएको छ ।

पारिवारिक र सामाजिक क्षेत्रमा गरिने लैङ्गिक विभेद र हिंसाको अन्त्यका लागि नारीहरू आर्थिक रूपमा आत्मनिर्भर बन्नु आवश्यक रहेको विचार प्रकट गरिएको छ । गार्गीले वीरगञ्जमा गएर प्राध्यापन गर्ने निर्णय गरेर नियुक्ति पत्र ल्याएकामा भार्गव त्यसलाई च्यातेर नियन्त्रण र शोषण गरेको जनाउँदै पुरुषले महिलालाई कालिज र मृगका रूपमा उपयोग गरेको खुलासा गर्दै गार्गीले विद्रोह गरेकी छन् । स्त्रीले पनि पुरुषसरह इच्छापूर्ण जीवन जिउन पाउनुपर्ने आग्रह गर्दै जीवनलाई जबर्जस्ती पुरुषको दास बनाएर घिसार्न नहुने धारणा व्यक्त गरिएको छ । नियन्त्रण र बल प्रयोगले सिर्जना र क्षमताहरू कुण्ठित भई मर्ने हुनाले नारीले आफ्नो क्षमताको पहिचान र प्रयोग गर्नु आवश्यक रहेको जनाइएको छ । पारिवारिक संरचनामा छोरीले खाना, शिक्षा, माया, स्वतन्त्रता आदि यावत पक्षमा विभेद खेप्नु परेको कुरालाई पुनमका माध्यमबाट व्यक्त गरिएको छ । दाइजोको आडम्बरी प्रवृत्तिको विरोध गरे पनि आफ्नै बाबाआमा तथा दाजुबाट आर्थिक शोषणमा पर्नुपरेको पुनमको अवस्थाले तमाम नेपाली परिवारको पुरुषवादी मानसिकतालाई उजागर गरेको छ । पुरुषले महिलालाई यौन भोग र विलासका साधन मात्र ठान्ने, उपभोग गर्ने र यौनिक हिंसाको चपेटामा पार्ने कुरालाई भार्गवले विभिन्न केटीहरूसँग गरेको सम्बन्ध, भार्गवका बाबुले राइनी कान्छी, बज्यै आदिसँग गरेको यौनिक व्यवहार, हेमन्तले नन्दिनीलाई गरेको यौनिक र भावनात्मक शोषण, किशोरीले आफै ससुराबाट

भोग्नुपरेको यौन समस्या आदिबाट पुरुषबाट हुने यौनिक शोषण र हिंसाको उद्घाटन गरिएको छ ।

घरायसी र व्यावहारिक व्यवस्थापनमा महिलामा पुरुषहरू आश्रित भएकाले गार्गीले बलिया र पुरुषार्थको अहम् बोकेका पुरुषहरू हरेक दिन महिलामा आश्रित किन हुन्छन् ? बल नै सर्वेसर्वा हो त ? भन्ने व्यङ्ग्यात्मक प्रश्नहरू खडा गरेकी छन् जुन लैङ्गिक चुनौती मान्न सकिन्छ । पत्नीले बनाएको स्वस्थ खाना र घरायसी सरसफाइले पुरुषहरू सुरक्षित बनेकाले पुरुषबाट महिला संरक्षित नभएर महिलाबाट पुरुष संरक्षित भएको भए तापनि पुरुषहरू आफूबाट महिला संरक्षित भएको भ्रममा रहेका छन् भन्ने समाज वैज्ञानिक र तार्किक विचार गार्गीबाट प्रस्तुत हुनु वैचारिक सघनता मान्न सकिन्छ । पुरुषमा शासक र हठी तथा सामर्थ्यवान् हुँ भन्ने अहम् तथा प्रमुख हुँ भन्ने विचारको निर्माण जन्मँदै समाज र संस्कृतिबाट हुने भएकाले पितृसत्तात्मक समाज र संस्कृति नै लैङ्गिक विभेदका प्रमुख स्रोत हुन् भन्ने विचार प्रकट गरिएको छ । पुरुषहरूले बाहिरी महिलासँग प्रेम र यौन सन्तुष्टि लिने तथा पत्नीलाई बलात्कार मात्र गर्ने गरेकाले यौनिक हिंसाजन्य व्यवहार हो भन्ने सङ्केत गरिएको छ । बिहेको जग्गेमै हुनेवाला लोग्नेको मृत्यु भए पनि किशोरीलाई वैधव्यको जीवन भोग्न बाध्य पारिनु लैङ्गिक विभेद र अन्यायको चरम उदाहरण मान्न सकिन्छ । भार्गवले गार्गीलाई अधीन र नियन्त्रणमा राख्न खोज्दा गार्गीले सचेततापूर्वक इच्छा भए आफै आफ्नो बाटो लाग्न चुनौती दिँदै आत्मसम्मान र अस्तित्वको खोजी गर्दै स्वतन्त्रताको अपेक्षा गरेकी छन् । यसलाई लैङ्गिक सशक्तता र सक्षमताको दरिलो उदाहरण मान्न सकिन्छ ।

महिलामा उपयुक्त र आवश्यक प्रतिभा तथा क्षमता भए पनि समाजले महिलालाई सम्मान र प्रतिष्ठा दिन नसकेको अवस्था औल्याउँदै पुरुषप्रधान समाजको उपज भएको ठहऱ्याइएको छ । नन्दिनीले आफूलाई उपभोग गरी सन्तान समेत जन्मिइसकेको अवस्थामा हेमन्तले अर्को विवाह गर्न खोज्दा उसको हत्या गर्नु तथा किशोरीले ससुराको यौन हिंसाको प्रतिकार स्वरूप आग्लोले हानेर मारिदिनुजस्ता घटनाहरूले नारीमा देखापरेको प्रतिकारात्मक क्षमतालाई सङ्केत गरेका छन् । यद्यपि हत्या गर्नु मानवीय अपराध हो । जेलको कैदी घर र लोग्नेको घरलाई पर्यायवाची ठान्नुले नारीले भोग्नु परेका नियन्त्रण र विभेदलाई उदाङ्गो पारेको देखिन्छ । मातृत्व र सम्पत्तिमा आफ्नो अधिकार सुनिश्चित गर्ने विचार व्यक्त गर्नु गार्गीको सचेत र सघन दृष्टिकोण हो । जसबाट लैङ्गिक अस्तित्वको स्थापनामा आधार प्राप्त हुन्छ । त्यस्तै किशोरीलाई जेलमुक्त गर्न हेमन्तकी आमाले गरेको वास्तविक व्यवहार, किशोरीलाई सक्षम बनाइएका कार्य, सुशासनको प्रगतिवादी विचार र व्यवहार तथा किशोरीसँगको बिहे, भार्गवको विचारमा पूर्ण

परिवर्तन, गार्गीसँगको सुमधुर सम्बन्ध, भार्गवका बाबुको विचार र राइनी कान्छीलाई भित्र्याएको परिवेश आदि सन्दर्भहरूले लैङ्गिक चेतना, सक्षमता तथा सन्तुलनको सङ्केत गरेको देखिन्छ ।

यस उपन्यासले लैङ्गिक समस्याका विभिन्न पक्षहरूलाई उठान गर्दै ती समस्या समाधानमा वैचारिक सघनता निर्माण गर्दै लैङ्गिक दृष्टिले सन्तुलित समाजको निर्माणमा सबल भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । फलतः उपन्यासकार रिजालको *अघोषित द्वन्द्व*लाई लैङ्गिक दृष्टिले सफल र अपेक्षित उपन्यासका कोटिमा राख्न सकिन्छ ।

उसको लोग्ने र बिरालो (२०६०) उपन्यासकार इन्दिरा प्रसाईंद्वारा मनोयौनिक सन्दर्भलाई केन्द्रीय कथ्य बनाएर लेखिएको उपन्यास हो । यस उपन्यासमा स्वतन्त्र अस्तित्वको खोजी गर्दै पुरुषहरूको अधीनमा बस्नु नपर्ने विचार प्रकट गरिएको छ । नारीभित्रका यौनिक चाहना तथा भावनाहरूको ख्याल नगरी कुनै पुरुषले उपयोगको साधन मात्र गराउने गरेको विषयप्रति सङ्केत गर्दै स्त्री र पुरुषको माया, सद्भाव र यौनिक सुखलाई उचित महत्त्व दिनुपर्ने विचार प्रस्तुत गरिएको छ । उपन्यासका चरित्रहरू लैङ्गिक दृष्टिले नारी हुन् वा पुरुष दुबैले शैक्षिक आर्थिक तथा पेसागत भूमिका निर्वाह गरेको देखाइएको छ ।

यस आधारमा सामाजिक सन्दर्भमा लैङ्गिक सन्तुलनका पक्षहरू देखिन्छन् । उपन्यासकी प्रमुख चरित्र नीलाले दर्पणसँग पारपाचुके गरी एक्लै बस्नु, आभाससँग बिहे गर्नु, आभास आफ्नो मनोभावना अनुसार भौतिक र सामाजिक व्यवहार नगरी बिरालो प्रेममा तल्लीन भएपछि उसलाई पनि छोडेर स्वतन्त्र जीवन जिउने निर्णय गर्नु प्रस्तुत उपन्यासका प्रमुख स्वत्वमुखी घटनाका नमुनाहरू हुन् । अधिकांश पुरुषहरूले नारीहरूलाई यौनिक रूपमा सन्तुष्टि दिन नसकेका र त्यसतर्फ चासो नदिने कारणले पारिवारिक संरचनामा आँच आएको सङ्केत गरिएको छ भने अर्कातर्फ स्मृतिले विवाहप्रति प्रस्तुत गरेको मान्यता जहाँ समलिङ्गी सम्बन्धलाई पनि स्वाभाविक सङ्केत गरिएको छ । त्यस्तै उर्मीलाका माध्यमबाट कतिपय नारीहरू यौन रूपमा सन्तुष्टि प्राप्त गर्न नसके पनि सहेर नै बसेको वास्तविकता प्रकट गरिएको छ ।

पतिपत्नीको सम्बन्धमा तेस्रो अस्तित्वको उपस्थितिले फिक्कापन ल्याउने हुनाले पारिवारिक तथा यौनिक सन्दर्भका मनोयौनिक पक्षलाई अत्यन्त सूक्ष्म ढङ्गले प्रस्तुत गरिएको देखिन्छ । बिरालाका कारणले पारिवारिक सम्बन्धमा बाधा उत्पन्न गराएको छ भन्ने कुरामा आभासको विचार नपुगेको देखाइए पनि त्यस सन्दर्भमा नीलाले प्रस्ट विचार राख्नुको सट्टा माया र सन्तुष्टि

मागेर वा भिखको रूपमा लिन उचित नठान्नु र आभासलाई नै छोडेर जानुले आभासमा दुष्ट प्रवृत्तिभन्दा पनि नारी भावना बुझ्नतर्फ सचेत नभएको अवस्था रहेको अनुभव हुन्छ ।

यस उपन्यासमा नारीका यौनजन्य तमाम नारी समस्यालाई प्रस्तुत गरिएको छ भने अर्कातर्फ स्वत्वका साथमा स्वतन्त्र जीवनको लक्ष्यतर्फ अभिमुख गराइएको छ । नारीहरू विदेश पढ्न जाने पहुँचमा पुग्नु, स्वतन्त्र ढङ्गले रहन सक्नु, बेमेल र असहमतिका साथ पुरुषका अधीनमा गुम्सिएर रहनुको सट्टा स्वतन्त्र अस्तित्वमा सक्रिय रहनु, नारी पेसा र रोजगारीमा सक्षम देखिनु, पुरुषहरूको दाँजोमा नारीहरू पनि सशक्त हुनु आदि सन्दर्भहरू यस उपन्यासका लैङ्गिक पक्षहरू हुन् । समग्रमा पुरुषले नारीहरूको मनोयौनिक सुखलाई नबुझेर आफ्नो अधीनमा मात्र राख्ने हुनाले मनको सुख र सन्तुष्टिमा नारीहरूले लैङ्गिक सशक्तता अपनाउन आग्रह गरिएको छ । उपन्यासमा प्रयुक्त भाषा लैङ्गिक हिसाबले सचेत पाइदैन भने औपन्यासिक विचार पनि सघन नारीवादी कोणबाट प्रवर्धित देखिँदैन तर लैङ्गिक समस्याको उद्घाटनमा प्रस्तुत उपन्यास सघन मान्न सकिन्छ ।

निष्कर्ष (२०६०) उपन्यासकार गीता केशरीद्वारा लिखित नारी समस्या र चेतनालाई मुख्य विषय बनाइएको उपन्यास हो । उक्त उपन्यासमा पुरुषप्रधान समाज र शक्तिले नारीलाई लैङ्गिक तथा यौनिक हिंसा खेप्न बाध्य बनाएको अवस्था प्रस्तुत गरिएको छ । बलात्कार खेप्न बाध्य इलाले आफ्नो अस्तित्व र स्वत्वका लागि पर्याप्त सामाजिक चुनौतीहरू सामना गर्दै आफ्नो सामाजिक प्रतिष्ठा स्थापित गरी लैङ्गिक हिंसा र षडयन्त्र गर्ने पुरुषहरूलाई प्रायश्चित बोध र नसियत भोग्ने स्थितिमा पुर्‍याएर लैङ्गिक सशक्तीकरण र सक्षमता प्रकट गरेकी छ ।

उपन्यासको मूल उद्देश्य लैङ्गिक हिंसाको वास्तविकता उद्घाटन गर्दै त्यस्तो हिंसाजन्य व्यवहार अन्त्य गर्न महिला र पुरुषलाई सबल तथा सक्षम बन्न आग्रह गर्नु हो । यौवनको क्षणिक उन्माद र पुरुषत्वमुखी पुरुषको पशुतुल्य हिंस्रक व्यवहारका कारणले महिलाहरू हिंसाको सिकार बन्नुपरेको अवस्था उद्घाटन गरिएको छ । त्यस्तै एउटा दुष्कर्म लुकाउन खोज्दा अनेकौं अत्याचार गर्नुपर्ने र अन्ततोगत्वा आफ्नो विनाश अवस्यम्भावी भएकाले पुरुष तथा पितृसत्तात्मक समाजका प्रतिनिधिहरू लैङ्गिक हिंसाजन्य व्यवहार अन्त्य गर्न लागिपर्नुपर्ने आव्हान गरिएको छ । समयानुसार नारीहरू आफ्नो पेसा, व्यवसाय र सक्षमताका कारणले समानान्तर भूमिका निर्वाह गर्ने अवस्थामा पुगेपछि पितृसत्तात्मक सोचाइ र नारीभन्दा आफू शक्तिशाली तथा प्राथमिक स्थानमा भएको अहम्का कारणले नारीहरूमाथि गरिने हिंसाजन्य व्यवहार अझ मर्माहत र विभत्स हुने गरेको तथ्य खुलासा गरिएको छ । इलाको बलात्कार गरी हत्याको प्रयास

गर्ने समूहको नाइके समीर र आफ्नो सामाजिक प्रतिष्ठा कायमै राख्नका लागि आपराधिक षड्यन्त्र गरिरहने रुद्र, उपन्यासमा लैङ्गिक हिंसाजन्य व्यवहार गर्ने आपराधिक मनोवृत्तिका चरित्र हुन् जसले पितृसत्तात्मक समाजका अत्याचारी पुरुषको प्रतिनिधित्व गरेका छन् । आर्थिक रुग्णता र बाध्यताले मीरा र अमिर दोष खेपिरहेका छन् भने सुप्रभा, सुनन्दाजस्ता महिलाहरू जसले महिलाको समस्या र अत्याचारमा अझ सहयोग पुऱ्याउँछन् । त्यस्तै ध्रुव सकारात्मक सोचाइ भए पनि सङ्गतका कारणले खराब व्यक्तिको कित्तामा उभिएको अनुभव हुन्छ । स्नेहा, भोला, विमला तथा प्रहरीहरूको भूमिकालाई लैङ्गिक संवेदनशीलतामुक्त मान्नुपर्दछ ।

पश्चात्ताप गर्दै रुद्र प्रार्थना श्रेष्ठको संयोजनमा सामाजिक सेवाको कार्यमा समर्पित हुनु, अन्यायपूर्ण नसियत खेपेको अमिर रिहा हुनु र इलाले ससम्मान स्वत्वको खोजी गर्दै स्वतन्त्र बन्नु यस उपन्यासका सन्देशमूलक घटनाहरू हुन् । नेपाली समाजमा पशुत्वको प्रवृत्ति भएका पुरुषहरूबाट तमाम नारीहरू पीडित हुनु परेको यथार्थ प्रस्तुत गर्दै निडरता र निर्भयताका साथ आफ्नो अस्तित्व र नारीत्व स्थापित गरी पुरुषप्रधान समाजलाई चुनौती दिन सक्षम हुनुपर्ने आव्हान गरिएको छ । पितृसत्ता भनेको पुरुष मात्र होइन महिलाहरूले पनि परम्परित रूपमा पुरुषको दमन, शोषण र अधीनलाई स्वाभाविक र सहज रूपमा लिइरहेकाले नयाँ पुस्तामा पनि सोहीअनुसारको अपेक्षा गरेको देखिन्छ । यस्तो प्रवृत्ति परम्परित सामाजिक संरचनाको उपज भएकाले त्यसतर्फ सचेत र सजग बनेर सम्पूर्ण नारीहरू सशक्त बन्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

सामाजिक तथा लैङ्गिक विभेदका कारणहरू धार्मिक, ऐतिहासिक, आर्थिक तथा सामाजिक जीवनशैली र परम्परा भएकाले तिनीहरूको पुनर्व्याख्या गरी विभेदको अन्त्य गर्दै सन्तुलित परिवर्तन र विकासको अपेक्षा गरिएको पाइन्छ । समकालीन समाजमा वृद्धा, बालिका, युवती कुनै न कुनै पुरुषबाट यौनहिंसामा पर्नुपरेको र त्यस्तो अवस्थामा पुरुषलाई नै इज्जत गरी महिलालाई दोषी र तिरष्कृत ठहऱ्याएर अन्यायमूलक व्यवहार गरिएको प्रति उपन्यासकारले आक्रोश व्यक्त गरेकी छन् । किशोरावस्थादेखि नै इलाले दाजुभाइसरह घरायसी कार्य गरेको, घरमा छोरीलाई नपढाउने भनेपछि काकाको सहयोगमा पढ्नु, जागिरमा प्रवेश पाउनु, पुरुषहरूलाई चुनौती दिनु, आधुनिक, सरल तथा स्वाभाविक पोसाकमा हिँड्डुल गर्नु स्वत्व खोजीका विशेषताहरू हुन् । त्यस्तै बलात्कृत अवस्थामा आफूलाई हिंस्रक बलात्कार गर्नेलाई नै लोग्ने बनाई जेलमै सडाउने योजना बनाउनु, बिहे गर्नु, गर्भलाई संरक्षण गर्दै बच्चा जन्माउनु, समीरलाई दोषी स्थापित गराउनु, अमिरलाई जेलमुक्त गराउनु, रुद्रको वास्तविकता उजागर गरिदिनु, जागिरमा निरन्तरता दिनु, अमिरको घर छाडेर स्वतन्त्र जीवनका लागि निस्कनु जस्ता

कार्यले इलामा रहेको अस्तित्विक चेतना र सक्षमता प्रस्तुत गरेको देखिन्छ । यसलाई पितृसत्तात्मक समाजलाई चुनौती र नारी अस्मिता र अस्तित्वको स्थापना मान्न सकिन्छ ।

यसरी समाजमा रहेका पुरुषका हिंसाजन्य व्यवहार, अत्याचार र पितृसत्तात्मक समाजका कमजोरीहरू प्रस्तुत गर्दै नारीहरूलाई अस्तित्व रक्षा र पहिचानको खोजीमा लाग्नु पर्ने आव्हान गर्दै लैङ्गिक चेतना प्रस्तुत गरिएको छ । परन्तु सामाजिक र संस्थागत सचेतना अभियान र सामूहिक कार्यमा नारी पुरुषको सामाजिक परिवर्तनमा समानान्तर भूमिका नदेखाइएकाले व्यक्ति निर्णय र आत्मकेन्द्री सन्तुष्टि मात्र प्राप्त भएको अनुभव गर्न सकिन्छ । त्यस्तै भाषाका दृष्टिले पनि परम्परित पुरुषप्रधान समाजका पुरुषले महिलालाई र महिलाले पुरुषलाई गर्ने विभेदकारी भाषिक प्रयोग स्वाभाविक ढङ्गले प्रस्तुत गरिएको छ भने परिवर्तित सन्दर्भ र अवस्थामा प्रयुक्त भाषिक प्रयोगलाई लैङ्गिक सन्तुलनयुक्त मान्नुपर्दछ । त्यसैले लैङ्गिक दृष्टिले *निष्कर्ष* अपेक्षाकृत उपन्यासको कोटिमा राख्न सकिन्छ ।

निर्णय (२०६२) संस्मरणात्मक वा पूर्वदीप्तिमूलक ढाँचामा प्रस्तुत गरिएको समसामयिक विसङ्गति तथा नारी समस्यालाई केन्द्रीय कथ्य बनाएर वैचारिक प्रवाह प्रकट गर्दै सुषमा आचार्यद्वारा लेखिएको उपन्यास हो । यस उपन्यासका अधिकांश चरित्र नारी हुनु, उपन्यासको कथानक नारी समस्यामा केन्द्रित हुनु तथा समस्या समाधानार्थ र सामाजिक परिवर्तनका लागि नारी र पुरुष एकापसमा मिलेर सामूहिक प्रतिबद्धता जनाउँदै सक्रिय रहनुपर्ने विचारका कारणले प्रस्तुत उपन्यासको लैङ्गिक सन्दर्भ र चेतना अपेक्षाकृत सघन र प्रस्ट देखिन्छ । स्मरणात्मक प्रस्तुति भए पनि पङ्क्तीय कथानक ढाँचा रहेको प्रस्तुत उपन्यासको पात्रानुकूलित वैचारिक प्रस्तुति केही अस्वाभाविक लाग्दछ भने औपन्यासिक संवेद्यता र सघनतामा केही फितलो महसुस हुन्छ ।

पैतृक अधिकार तथा नारी अधिकार र कर्तव्यलाई भिन्न ढङ्गले रेखाङ्कन गरिएको यो उपन्यासमा लैङ्गिक सन्तुलनको अपेक्षा गर्दै नारी समस्याहरूलाई उजागर गरिएको भए तापनि स्थापित नारीवादी विचारलाई भने आत्मसात गरेको देखिंदैन । यौन मनोवैज्ञानिक पक्षलाई अति शिष्ट र मर्यादित ढङ्गले पस्किएको भए तापनि लेखकयि दबाब उपन्यासभर पाइन्छ । सागरी, महिमा, शशी, गायत्री, सीता, केशववावु, आकाश, माया, रमेश, सन्तोष, शेखरजस्ता स्त्री तथा पुरुष चरित्रलाई यथास्थान दिएर सामाजिक तथा लैङ्गिक समस्या पहिचान गरी निराकरण गर्न सचेततापूर्वक सशक्त अभियान सञ्चालन गर्न स्त्री तथा पुरुषको सहकार्य आवश्यक रहेको विचार प्रस्तुत गर्दै सन्तुलित सहकार्य तथा सामर्थ्य विकासको सम्भावनालाई सङ्केत गरिएको

छ । सागरीलाई केन्द्रीय भूमिका दिइएको प्रस्तुत उपन्यासले लैङ्गिक समस्या र चेतना तथा सशक्तीकरणलाई पृथक् ढङ्गले सार्थक तुल्याएको छ । जीवन साथीको अनुपस्थिति (मृत्यु) मा पुरुषले तुरुन्तै अर्को विवाह गर्ने तर महिलाले विवाह नगरी सम्पूर्ण जिम्मेवारी बहन गर्न सक्ने सामर्थ्य हुने विशेष क्षमता र सबलता हो भन्दै नारी क्षमताको पक्षपोषण गरिएको छ । शिक्षा र चेतनाका माध्यमबाट प्रतिस्पर्धी बनेर आत्मनिर्भर हुनुपर्ने आवश्यकता औंल्याउँदै छोरी मात्र होइन छोरा पनि पैतृक सम्पत्तिको लोभबाट मुक्त भई स्वतन्त्र र सक्षम जीवनयापन गर्नुपर्ने विचार प्रकट गरिएको छ । परम्परित नेपाली समाजमा एकल स्त्रीलाई लगाइने लाञ्छना र गरिने लैङ्गिक हिंसाको उदाहरण प्रस्तुत गर्दै यस्तो गलत मनोवृत्तिका विरुद्धमा स्त्री र पुरुष दुबै एकजुट भएर लाग्नुपर्ने विचार प्रकट गरिएको छ ।

स्त्रीलाई अपमान गर्न पुरुष नै नचाहिने वा स्त्रीले अझ स्त्रीलाई दमन गर्ने गरेको खुलासा गर्दै सबै स्त्री ठिक र सबै पुरुष बेठिक हुन् भन्ने मान्यता राख्न नहुने विचार व्यक्त गरिएको छ । समाजमा बढ्दो राजनीतीकरण र त्यसबाट निर्मित विकृति तथा विसङ्गति औंल्याउँदै राजनीतिक नेतृत्व तथा प्रशासनिक जिम्मेवारी महिलालाई दिँदा निष्पक्ष, स्वतन्त्र र भ्रष्टाचारविहीन समाज निर्माण हुने विचार प्रस्तुत गरिएको छ । लैङ्गिक समस्या र हिंसा व्यक्तिगत प्रवृत्ति नभएर पारिवारिक तथा सामाजिक प्रवृत्ति नै हो भन्दै सचेततापूर्वक यस्ता प्रवृत्तिको अन्त्य गर्नुपर्ने जनाइएको छ । यहाँ लैङ्गिक समानतालाई विशेष जोड दिइएको छ । समताविना समानताको अपेक्षा गर्नु उपन्यासकारको कमजोरी हो ।

केशवबाबु र आकाशजस्ता पुरुष चरित्रले सागरीजस्ता स्त्री चरित्रलाई प्रोत्साहन र हौसला दिँदै सामाजिक सुधार तथा चेतनाका लागि नेतृत्व दिनु सराहनीय पक्ष मानिन्छ भने उपन्यासमा प्रस्तुत गरिएका अधिकांश नारी पात्रहरू शिक्षण पेसामा आबद्ध हुनुले उत्पादक र सामुदायिक भूमिकातर्फ लैङ्गिक सचेतना अभिवृद्धि भएको मान्न सकिन्छ । महिलाका विभिन्न सामाजिक समस्याहरूमा आधारित रहेर अन्तर्क्रियाको आयोजना गराइनु र लैङ्गिक चेतनामा सघनता थप्नु प्रस्तुत उपन्यासको थप सफलता हो । यसरी लैङ्गिक सन्दर्भहरूमा विविध किसिमका समाधानका उपाय र सन्तुलित विचारले प्रस्तुत उपन्यासलाई लैङ्गिक दृष्टिले सबल र प्रभावकारी मान्न सकिन्छ ।

समानान्तर आकाश (२०६२) नारीवादी उपन्यासकार पद्मावती सिंहको नेपाली समाजमा व्याप्त लैङ्गिक समस्याहरू तथा तिनीहरूको समाधानका सन्दर्भलाई सचेत र सशक्त ढङ्गले प्रस्तुत गर्दै लैङ्गिक समानता र सन्तुलनको मुख्य उद्देश्य बनाएर तयार पारिएको महत्त्वपूर्ण उपन्यास हो । परम्परित पितृसत्तात्मक सामाजिक सङ्कीर्ण मानसिकताका कारणले

नेपाली समाजका नारीहरूले भोग्नु परेका लैङ्गिक तथा यौनिक हिंसा, अन्याय र अत्याचारलाई प्रस्तुत गर्दै नारीको सशक्तीकरण आवश्यक रहेको जनाइएको छ ।

लैङ्गिक विभेद र अन्यायको मूल कारण आर्थिक स्तर भएकाले नारीहरू आर्थिक उपार्जनका क्षेत्रमा सहभागी भएर आर्थिक सक्षमता विकास गर्न सफल भएमा लैङ्गिक विभेद अन्त्य हुँदै जाने हुनाले नारीमा आर्थिक अधिकार तथा आर्थिक विकास आवश्यक रहेको जनाउँदै शिक्षा र चेतनाको अभिवृद्धि लैङ्गिक आर्थिक सशक्तीकरणमा आधार हुने सन्दर्भलाई अत्यन्त महत्त्वका साथ प्रस्तुत गरिएको छ । यो उपन्यास लैङ्गिक स्वतन्त्रता र अस्तित्व निर्माणलाई प्रमुख विचार बनाएर नारीवादी चिन्तनमा आधारित छ । आफ्नो शरीर तथा मातृत्वमाथि आफ्नै निर्णय र अधिकार हुनुपर्ने, यौनिक स्वतन्त्रता र सम्पत्तिको अधिकार नारीमा पनि उत्तिनै रहनुपर्ने तथा पुरुष शासित नारी जीवनबाट मुक्त हुनुपर्ने आव्हानसहित लैङ्गिक चेतना व्यक्त भएको यस उपन्यास परम्परागत सामाजिक संरचनाले निर्माण गरेको विभेदयुक्त परिवेशका विरुद्धमा स्थापित सफल उपन्यास हो ।

उपन्यासकारको मुख पात्रका रूपमा रहेकी सुस्मिता नै उपन्यासकी प्रमुख र केन्द्रीय पात्र हुन् । पति अविनाशको लैङ्गिक अन्यायपूर्ण व्यवहार सहेर घरभित्र मात्र सीमित रही यौनिक आकर्षणको केन्द्र बनिरहेकी सुस्मितामा प्रारम्भमा आस्तित्त्विक चेतना पाइदैन । जब मातृत्वको चाहनासहित गर्भधारण गरेपछि विस्तारै अविनाश सुस्मितासँग टाढिँदै जान्छन् कारण उनमा नारीको सुगठित यौनिक शरीरसँग भोग गर्ने विलास रहेको देखिन्छ । त्यसपछि सुस्मिता र अविनाशबिच मनोवैज्ञानिक द्वन्द्व आरम्भ हुन्छ । सुस्मितामा चेतना र सशक्तता बढ्दै जान्छ । उनले आफ्नो पति परस्त्रीसँग लहसिएको पुष्टि भएपछि घरबाट निकालिदिन्छिन् । त्यस घटनाले सुस्मितामा परम्परागत पितृसत्तात्मक पुरुषवादी सङ्कीर्ण मानसिकताका विरुद्ध सशक्त विद्रोही भावना तथा अस्तित्वबोध रहेको सङ्केत गरेको छ । अन्त्यतर्फ निरीह बनेर घर फर्केको अविनाशलाई घरभित्र पस्न नदिनु पनि सशक्त व्यवहार हो भने प्रभात भएको स्थान वा अमेरिका जाने र उनैसँग बाँकी जीवन गुजार्ने मानसिकता बनाएको सङ्केतले आस्मिक तथा सहृदयी साथीसँग स्वतन्त्रतापूर्वक जीवनयापन गर्न अग्रसर रहेको देखिन्छ । यसबाट परम्परित सामाजिक मान्यताका विपरीत लैङ्गिक स्वतन्त्रताको पक्षपोषण गरिएको छ ।

सुस्मिताकै केन्द्रीयतामा रहेका विविध कथावस्तु समावेश गरिएको प्रस्तुत उपन्यासमा अन्य विविध पात्रका माध्यमबाट लैङ्गिक र यौनिक सन्दर्भका कथावस्तु पनि सान्दर्भिक ढङ्गले उठान भएका छन् । त्यस्तै आर्थिक उपार्जन गरी पतिविना नै सफल अभिभावकत्व निर्वाह गर्न सफल भएको अवस्था, ग्रामीण नारीहरूमा लैङ्गिक सचेतना जागृत गराउँदै सक्षम बनाउन

गरेको संस्थागत उत्तरदायित्व र सामुदायिक भूमिका, स्विटीको आत्मनिर्णय, सक्षमता र सामाजिक संस्कारप्रतिको चुनौती, कृष्णमायाको सक्रियता र सक्षमता, प्रभातको सहृदयता र सम्मानपूर्ण व्यवहार, नम्रताको यौन र जीवनप्रतिको विश्लेषण, स्वेच्छाको नारीत्व र मातृत्वको अस्तित्व आदि सन्दर्भहरूले उपन्यासमा लैङ्गिकतामा नवीन विचार, सचेतना तथा सशक्तता व्यक्त गरेका छन् जसबाट लैङ्गिक सन्तुलनको अवस्था निर्माणतर्फ औपन्यासिक मूल कथ्य अभिमुख देखिन्छ ।

लैङ्गिक विभेदमा पुरुष पीडक र नारी पीडित हुनु स्वयम् व्यक्तिहरूको दोष नभएर परम्परागत सामाजिक संरचना भएकाले पुरुष र नारीलाई परिवर्तित तथा वैज्ञानिक विचारसहित सचेत तुल्याउन सकेमा लैङ्गिक अवस्थामा सुधार आउने धारणा समेत व्यक्त गरिएको छ । अविनाशले सुस्मितालाई घरभित्रै सीमित गरी यौन उपभोग गर्ने वस्तुसरह मात्र ठान्नु यौनिक र लैङ्गिक हिंसाजन्य अवस्थाको हो । सन्तान जन्माएपछि महिलाहरूको सुन्दरता एवम् आकर्षण घट्ने भन्दै उपेक्षा गर्ने यौन शोषणको स्वार्थी प्रवृत्ति पुरुषहरूमा रहेको हुन्छ भन्ने लैङ्गिकताको उद्घाटन भएको छ । मातृत्व, यौनजस्ता नारीका नैसर्गिक अधिकारमा पुरुषले पूर्ण नियन्त्रण गर्न खोज्नु र नियन्त्रणभन्दा बाहिर वा लैङ्गिक समानता एवम् अधिकारतर्फ नारीहरू सक्रिय हुँदा पुरुषमा हुने उच्चताभासले ग्रसित भई नारीलाई उपेक्षा र हिंसाजन्य व्यवहार गर्ने अन्यायपूर्ण अवस्थाको चित्रण भएको छ । समान दक्षता भएका नारीलाई पनि पुरुषले लैङ्गिक अत्याचार गर्दै नियन्त्रण एवम् अधीनता कायम गर्ने गरेको लैङ्गिक अवस्था प्रस्तुत भएको छ । यौनिक तथा वासनात्मक मानसिकता भएका पुरुषहरू नारीलाई यौनिक वस्तुसरहभन्दा भिन्न रहेर आत्मिक एवम् हार्दिक प्रेमतर्फ ध्यान दिन नसक्ने विभेदयुक्त र निरपेक्ष व्यवहार अविनाशले प्रस्तुत गरेको अवस्थाबाट अन्यायपूर्ण लैङ्गिक अवस्था प्रस्ट हुन्छ । लैङ्गिकताको सशक्त तथा परिवर्तनशील अवस्था प्रस्तुत गरिएको यस उपन्यासमा लैङ्गिक चेतनासहित स्वतन्त्रता एवम् सक्षमताका लागि सामूहिक भावना बोकेर सक्रिय हुन सके लैङ्गिक सन्तुलन निर्माण गर्न सजिलै सकिने दृष्टिकोण व्यक्त भएको छ ।

पितृसत्तात्मक सामाजिक संरचनालाई चुनौती दिँदै बलात्कारी पुरुषसँग विवाह गर्नुभन्दा कुमारी आमा बन्नु उपयुक्त भएको सघन विचार व्यक्त गरिएको छ । कृत्रिम गर्भाधान गरी सन्तान प्राप्त गर्ने सुविधा भए पनि पुरुषवादी सङ्कीर्ण मानसिकता भएका कारण स्वेच्छाका पतिले उक्त कार्यका लागि स्वेच्छालाई सहमति दिन नसक्नु र स्वेच्छाले कृत्रिम गर्भाधान गरेरै पनि आफ्नो मातृत्वको इच्छा तथा नैसर्गिक अधिकारलाई स्थापित गर्न प्रयत्न गर्नु लैङ्गिकताको परम्परित र आधुनिक विचारको द्वन्द्वात्मक स्थिति हो भने स्वेच्छाले कृत्रिम गर्भाधान अपनाउन

सफल बन्नु आधुनिक एवम् वैज्ञानिक विचारसहितको लैङ्गिक सशक्तता तथा सक्षमताको अवस्था हो ।

यस उपन्यासमा परम्परित लैङ्गिक अवस्थादेखि परिवर्तित अवस्था, आधुनिक वैज्ञानिक अवस्था, स्वतन्त्रतामूलक सक्षम अवस्थाजस्ता विविध खालका सशक्त प्रतिरोधात्मक एवम् सन्तुलित अवस्थाहरूको सान्दर्भिक प्रस्तुति रहेको छ । नेपाली समाजका तमाम लैङ्गिक पक्षमा सचेत एवम् आत्मविश्वासपूर्वक सक्रिय रूपमा सहभागी हुनुपर्ने सचेत र सशक्त आवाज उठाइएको छ । कतिपय चेतना आर्थिक सशक्तीकरणसँग जोडिएका छन् भने कतिपय चेतना लैङ्गिक र यौनिक हिंसाका विरुद्धमा छन् । त्यस्तै पहिचान, मातृत्व अधिकार, प्रतिष्ठा आदि पक्षमा लैङ्गिक सशक्तीकरणको सफलतापूर्वक आह्वान गरिएको छ । तसर्थ प्रस्तुत उपन्यास लैङ्गिक समानता र सन्तुलनका लागि लैङ्गिक चेतना एवम् सशक्तीकरणलाई केन्द्रीय कथ्य बनाएर सघन तथा सक्षम एवम् स्वभाविक र सान्दर्भिक ढङ्गले व्यक्त गरिएको छ ।

वल्लीको डायरी (२०६३) मनीषा गौचनद्वारा नारी समस्या, जीवनशैली, परिवर्तन तथा पेसामा देखिएको नवीन सङ्केतलाई उजागर गर्ने गरी, परम्परागत औपन्यासिक स्थितिभन्दा भिन्न प्रकृतिले लेखिएको उपन्यास हो । परम्परागत सामाजिक संरचनाले महिलालाई आर्थिक उपार्जनका लागि गरिने यौन व्यवसाय र यौनकर्मी बनाएकामा प्रस्तुत उपन्यासमा पुरुष यौनकर्मी वा व्यवसायीको चित्र उतारिएको छ ।

लैङ्गिकताको परिम्परित संरचनामा पृथक्पन आएको देखिन्छ । त्यस्तै सामाजिक तथा राजनीतिक कारणले देशभित्र अपेक्षित रोजगारी प्राप्त गर्न नसकी विदेशमा गएका पुरुषहरूका पत्नीहरू आत्मनिर्भर र सक्षम बन्नुको सट्टा विलासितामा हराउँदै गएको र परिवार तथा समाजमा विसङ्गति निम्तिएको सन्दर्भ खुलाइएको छ । त्यस्तै प्राकृतिक यौनिक चाहनाको पूर्तिका लागि अन्य पुरुषसँग सम्बन्ध कायम गरी सन्तुष्टि लिनुपर्ने बाध्यता रहेको मनोयौनिक सन्दर्भलाई पनि प्रस्तुत उपन्यासमा व्यक्त गरिएको छ । प्रथम पुरुषात्मक दृष्टिबिन्दुको प्रयोग गरी वर्णनात्मक ढाँचामा तयार पारिएको यस उपन्यासमा आख्यानात्मक सघनता तथा कलात्मक संयोजन नपाइए पनि नेपाली औपन्यासिक क्षेत्रमा नवीन र अलग सङ्केत प्रस्तुत गर्न सक्षम रहेको छ ।

वल्लीको केन्द्रीय भूमिकामा संरचित यस उपन्यासमा मनोयौनिकताको सन्दर्भलाई खुलस्त पारिएको छ । नारी मनभित्रका यौनेच्छा र असन्तुष्टि विदेसिएको लोग्नेको अभावमा वल्लीले भोगेका भोगाइको माध्यमबाट प्रस्तुत गरिएको छ । धन, दौलत तथा भौतिक सुखमा लोभिएर

बिहे गरे पनि यौनिक र मनोवैज्ञानिक अपूर्णता खेप्न बाध्य भएकी वल्लीका माध्यमबाट भौतिक सुख मात्र सर्वेसर्वा ठान्नु नेपाली नारीको कमजोरी हो भन्ने सङ्केत गरिएको छ । लोग्नेहरू स्वतन्त्र र आत्मनिर्भर भएकाले यौनिक सम्पर्क तथा सन्तुष्टिमा पत्नीमा मात्र सीमित हुन नपर्ने तर नारीहरू कुण्ठित र नियन्त्रित बन्दै यौनिक विच्छिप्तता खेप्न बाध्य पारिएका हुन्छन् भन्ने लैङ्गिक विभेदयुक्त सामाजिक सन्दर्भलाई पनि यहाँ प्रस्तुत गरिएको छ ।

नारीहरू पितृसत्तात्मक समाजको दबाब र शोषणका कारणले आर्थिक उपार्जनमा सक्षम देखिए पनि त्यस क्षमताको प्रयोग गर्न पाउँदैनन् र घरका सदस्य तथा लोग्नेको सेवा, शुश्रूषामा समर्पित हुन बाध्य पारिन्छन् भन्ने लैङ्गिक दमन र शोषणका सन्दर्भलाई समेत यहाँ उजागर गरिएको छ । दाइजो प्रथाबाट नारीहरू हिंसाजन्य व्यवहार खेप्न बाध्य भएको कुरा पनि यहाँ सङ्केत गरिएको छ । आर्थिक उपलब्धिमा क्षमतावान् भएर पनि रोजगारी गर्न नपाउनु, परिवार र समाजप्रति जिम्मेवार बन्न बाध्य हुनु, आफ्ना बाबुआमा भएको घरमा पाहुनाजस्तै बन्नुपर्ने आदि परम्परागत संस्कारप्रति उपन्यासकारले आक्रोश व्यक्त गरेकी छन् । नारीका प्राकृतिक अधिकार यौनिक अधिकार र मातृत्वको अधिकारमा पुरुषको नियन्त्रण रहेकामा त्यसप्रति सचेत हुनुपर्ने आवश्यकता समेत औंल्याइएको छ । लोग्नेले स्वास्नीको चाहना र स्वीकृतिविना आफ्नो एकता चाहनामा मात्र यौन सम्बन्ध राख्दछन्, पुरुषहरू आफूलाई शासक र मालिक ठान्छन् र समाजले घरपरिवारको दुर्घटना र समस्याको सम्पूर्ण दोष महिलालाई लगाउने गर्छन् भन्ने कुराको उद्घाटन गर्दै लैङ्गिक विभेदका सन्दर्भहरू पेस गरिएका छन् ।

यस उपन्यासमा पुरुषको एकतर्फी चाहनामा गरिने यौनकार्य लोग्नेस्वास्नीबिचमै भए पनि त्यो यौनिक हिंसा र बलात्कार हो भन्ने आवाज उठाइएको छ । पुरुषहरूको हिंसाजन्य र पशुवत् यौनिक कार्यबाट पीडित बनेर महिलाहरू आत्महत्या गर्न बाध्य पारिन्छन् किनकि समाजले बलात्कार गर्ने पुरुषलाई होइन बलात्कृत नारीलाई दोषी ठहर गर्छ भन्दै समाजमा हुने लैङ्गिक विभेद र हिंसाको सन्दर्भ उठान गरिएको छ । नारीको यौनेच्छा र मनोविज्ञानको फाइदा उठाएर मौन, धन तथा सर्वस्व लुट्न दीपकजस्ता पुरुषहरू सक्रिय हुनसक्ने अवस्था सङ्केत गर्दै त्यसतर्फ नारीहरू पनि सजग र जिम्मेवार हुनुपर्ने आवश्यकता औंल्याइएको छ । त्यस्तै रुमाजस्ता नारीहरू जसले कामवासनापूर्तिका र मनोरञ्जनका नाममा अन्य पुरुषलाई चिन्न नसक्दा समग्र परिवारका सदस्यहरूको विचल्ली हुन गएको घटनातर्फ समेत उपन्यासमा सङ्केत गरिएको छ । अन्धविश्वास र विभेदयुक्त सामाजिक संस्कारको चपेटामा परेर कैयौं नारीहरूले आफ्ना चाहना र आवश्यकता कुण्ठित पार्न बाध्य बनेका छन् भन्दै त्यस्ता विभेदयुक्त सामाजिक संरचनामा परिवर्तनको अपेक्षा गरिएको छ ।

पुरुषमा भएको उपभोगवादी संस्कृतिको सिकार भएर नारीहरू लैङ्गिक र यौनिक समस्यामा पिल्सिनुपरेको यथार्थोद्घाटन गरिएको छ । छोरीहरूलाई पुरुषहरूले उपभोग गर्ने र जीवन बर्बाद पारिदिने भएकाले उनीहरूको विचल्ली र दुःख देख्न नपरोस् भनेर बाबुआमाले छोरी नभएर छोरा जन्मियोस् भन्ने कामना गरिरहेका हुन्छन् भन्दै सामाजिक मनोविज्ञानको खुलासा गरिएको छ । महिलाहरू परपुरुषको लोभ र लालचामा फस्दा कमाउन गएको रुमाको लोग्ने पागल बनेको, छोरा सडक बालकमा रूपान्तरण भएको र रुमा विच्छिप्त बनेर गायब भएको घटनामार्फत् उपन्यासकारले नारीहरू पनि यौनिक सन्तुष्टि र स्वतन्त्रताका नाममा अत्यन्त सचेत र संवेदनशील हुनु आवश्यक रहेको सङ्केत गरिएको छ । अन्याय, शोषण र हिंसामा परेका महिलाहरूको न्याय र मुक्तिका लागि पुरुष तथा महिला मिलेर लैङ्गिक सशक्तीकरण गर्दै सन्तुलन कायम गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

आफ्नो सर्वस्व ठानेर यौन अपेक्षालाई कुण्ठित पारेरै पनि लोग्नेको सुखभोग गर्ने अपेक्षा राखेकी वल्ली जब आफ्नो लोग्ने पुरुष यौनकर्मी भएको थाहा पाउँछे तब उसलाई तिरस्कार गर्दै छोडेर स्वत्व र आफ्नो पहिचान सहित फर्कन्छे त्यस घटनापछि उपन्यासको अन्त्य हुन्छ र नारीलाई स्वतन्त्र र आत्मनिर्भर बन्न आग्रह गरिएको देखिन्छ ।

यसरी *वल्लीको डायरी* उपन्यासमा नेपाली समाजका तमाम लैङ्गिक समस्या र हिंसाको यथार्थ चित्र उतारिएको छ । त्यस्ता समस्या समाधानमा नारी पुरुषसरह सशक्त बनेर लैङ्गिक न्याय र सन्तुलन कायम गर्नुपर्ने अपेक्षा गरिएको छ । त्यस्तै नारीमा उत्पन्न हुने मनोयौनिक सन्दर्भको जैविक विश्लेषण गर्दै मनोवैज्ञानिक सन्दर्भलाई उठान गरिएको छ । त्यस्तै पुरुष यौनकर्मीको पेसागत सन्दर्भ उठान गरी लैङ्गिकताको नवीन पक्ष उद्घाटन गरिएको देखिन्छ । त्यस्तै उपन्यासमा पुरुष र महिलाले प्रयोग गरेको भाषा स्वाभाविक र पात्रानुकूलको रहेको छ । त्यसैले लैङ्गिक दृष्टिमा प्रस्तुत उपन्यास लैङ्गिक समस्याको उद्घाटन र चेतनाको निर्माणमा सफल रहेको मान्न सकिन्छ ।

हीरा (२०६३) कविता पौडेलद्वारा लिखित सामाजिक उपन्यास हो । यस उपन्यासमा समाजका विविध लैङ्गिक समस्याहरूको सूक्ष्म चित्रण गरिएको छ भने लेखकयि कल्पना र वैचारिक आग्रहले आलोचनात्मक यथार्थवादी ढाँचालाई समातेको देखिन्छ । त्यस्तै असत् चरित्रहरूको जीवनचेतनामा देखिएको परिवर्तन र सुधारलाई प्रगतिको सङ्केत मान्न सकिन्छ । समाजमा हुने गरेका लैङ्गिक समस्याका सबै कारक स्रोत पितृसत्ता भएको हुनाले महिलाहरू आफ्नो अस्तित्व र जीवनयापनका लागि स्वयं सचेत सशक्त बन्नुपर्ने आग्रह गरिएको छ ।

महिलाहरूको पक्षमा नै उपन्यासभित्रका चरित्रहरू अभिमुख भएको र उनीहरूले सफलता हासिल गरेको देखाएर लैङ्गिक चेतना र सशक्तीकरणका माध्यमबाट लैङ्गिक सक्षमता निर्माण भएको देखाइएको छ । परम्परित नेपाली समाजमा बाल विवाह, बहुविवाह, अनमेल विवाह हुने गरेका र त्यसबाट महिलाहरू प्रताडित हुन बाध्य भएको देखाइएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक तवरले नै महिलाहरूमाथि लैङ्गिक हिंसा र अपराध भइरहेकाले त्यसतर्फ नारी र पुरुष सचेततापूर्वक सक्रिय बनी सामाजिक रूपान्तरणमा लाग्न आग्रह गरिएको छ । सम्पत्तिको अधिकारी पुरुष भएकाले समाजमा महिलाहरू शोषित र पीडित बनेर हिंसाजन्य व्यवहार खेप्न बाध्य बनेको देखाइएको छ । जैविक हिसाबले गर्भाशय महिलाहरूमा हुने भएकाले सन्तानोत्पादन कार्यमा महिलाहरूले भोग्ने समस्या पुरुषले अनुभव गर्न नसकेकाले त्यस्ता समस्यामा आइपर्ने जटिलतालाई पुरुषले वास्ता नगरी उपेक्षा गरेकोतर्फ आक्रोश व्यक्त गरिएको छ । दिनेशजस्ता पितृसत्तात्मक मनोवृत्ति भएका चरित्रले नारीलाई यौनिक र मातृत्व तथा सन्तानोत्पादन सम्बन्धी आरोप लगाएर आफ्नो कुनै भूमिका नभएकोजस्तै गरी लैङ्गिक हिंसा गरिरहेका उदाहरण प्रस्तुत गरिएको छ ।

महिलाहरू आफै सासु भए पनि पितृसत्तात्मक सोचाइले जकडिएका कारण बुहारीहरूलाई हिंसाजन्य व्यवहार गरिरहेकाले त्यस्ता कार्यतर्फ सचेत हुन आग्रह गरिएको छ । बुहारी पनि कोहीकसैका छोरी नै भएकाले लैङ्गिक र सामाजिक सन्तुलनको अपेक्षा गरिएको छ । सुत्केरी अवस्थामा पुरुषले छुन र हेरचाह गर्न नहुने परम्परागत अन्धविश्वास भएकाले त्यसतर्फ उपन्यासकारले चिन्ता व्यक्त गरेको पाइन्छ । बहुविवाहतर्फ हौस्याउने काम महिलाहरूले नै गरेकाले सामाजिक चेतनामा वृद्धि गर्नु आवश्यक भएको जनाइएको छ । अरुणजस्ता पुरुषहरू जसले मानसिक रूपमा लैङ्गिक समानता र सन्तुलन सहित बहुविवाहको मानसिकता नबनाए पनि हुतराजजस्ता व्यक्तिले जबरजस्ती त्यसतर्फ लाग्न बाध्य पार्ने गरेको जनाउँदै बहुविवाह तथा अनमेल विवाहमा व्यक्तिभन्दा समाज नै बढी दोषी भएको जनाइएको छ । पुरुषहरूको चाहना बमोजिम चल्नुपर्ने महिलाको विवशता सामाजिक कुरीतिका यथार्थलाई यहाँ उजागर गरिएको छ । पत्नीबाट सन्तान नहुने हुँदा लोग्नेले अर्को विवाह गर्ने तर लोग्नेबाट सन्तान नहुने हुँदा पत्नीले अर्को विवाह गर्न नपाउने सामाजिक लैङ्गिक विभेद र हिंसा भए पनि पल्टनमा वा सभ्य समाजमा महिला र पुरुषलाई बराबर हक, अधिकार हुने हुनाले त्यसबाट प्रेरणा लिन आग्रह गरिएको छ ।

उपन्यासकारले परिवेशजन्य र पात्रानुकूलको भाषा प्रयोग गर्दै नेपाली समाजका नारीलाई हिंसाजन्य भाषाको प्रयोग गरिएको तर्फ सङ्केत गरेकी छन् । थारी स्वास्नी, कोर्याही, यो ग्रह,

तेरा छौंडा, खुट्टा भए जुत्ता कति !, पापिनी, मर्दका दसोटी, वेश्या, रण्डी, नकटी, डंकिनी, भुतेनी आदि शब्दको प्रयोग गर्दै लैङ्गिक हिंसा हुने गरेको जनाइएको छ । नर्मदाजस्ता नारीहरूले वर्गीय र आर्थिक सक्षमता र आडम्वरका कारणले नारीकै वास्तविक पीडा बोध गर्नुको सट्टा उनीहरूलाई घृणा र तिरस्कार गरिरहेका हुन्छन् भन्ने सङ्केत पनि गरिएको छ । तसर्थ लैङ्गिक हिंसाको चपेटामा नारीहरू भए पनि आर्थिक सक्षमता, राजनीति तथा सम्पत्तिको अधिकारका कारणले व्यक्तिगत आडम्बरका कारणबाट उनीहरूमा भ्रम उत्पन्न हुने र स्वजातिमा अपराध गर्न पुग्ने कुरालाई पनि सङ्केत गरिएको छ । समाज परिवर्तनका लागि महिला जाति चेतनशील र सङ्घर्षशील बन्नुपर्ने आग्रह गर्दै शिक्षा, स्वास्थ्य र अधिकारको क्षेत्रमा लैङ्गिक समानता कायम हुनुपर्ने आग्रह गरिएको छ ।

शिवकुमारीजस्ता सशक्त र क्षमतावान् नारीहरूले जसरी स्वाभिमानका साथ सामाजिक भूमिका निर्वाह गरेका छन् त्यसरी नै महिलाहरू सामूहिक विचार र भावनाबाट सशक्त बन्दै आत्मनिर्भर बन्न आग्रह गरिएको छ । महिलालाई पुरुषले उपभोग गर्ने र आफ्नो चाहना पूरा भएपछि तिरस्कार गर्ने कार्य गरेकाले नारीहरू पुरुषको साधन मात्र बन्न नहुने विचार प्रकट गरिएको छ । पुरुषले आमालाई सम्मान र माया गरेजस्तै पत्नीलाई पनि उत्तिकै सम्मान गर्नुपर्ने सद्विचार राख्ने अरुणको व्यवहार, हीराका चेतना र कार्यशैली, दिनेशमा आएको परिवर्तन, नर्मदामा आएको परिवर्तन तथा उपन्यासका अधिकांश चरित्रहरूमा देखिएको लैङ्गिक समानताको भावनाले उपन्यासलाई लैङ्गिक समानता र सन्तुलनतर्फ अभिमुख बनाएको छ ।

यसरी *हीरा* उपन्यासमा उपन्यासकारले लैङ्गिक हिंसा र समस्याका वास्तविक र सूक्ष्म घटनाहरू टिपर प्रत्येक घटनालाई महिला र पुरुष सचेत बनेर लैङ्गिकताको परम्परित मान्यतामा परिवर्तन आउनुपर्ने आवश्यकता औल्याउँदै सबै चरित्रको चारित्रिक परिवर्तन गराउनु लैङ्गिक सन्तुलनका दृष्टिले सान्दर्भिक र उपयुक्त देखिन्छ ।

अनावृत्त (२०६७) प्रभा कैनीद्वारा लिखित लैङ्गिक समस्या उद्घाटन गरिएको उपन्यास हो । यस उपन्यासमा समाजमा रहेका यावत लैङ्गिक हिंसा, विभेद तथा दमनका घटनाहरूलाई मिहिन ढङ्गले प्रस्तुत गरिएको छ । आत्मकथनात्मक प्रस्तुति रहेको प्रथम पुरुषात्मक कथन ढाँचाको प्रयोग भए पनि उक्त उपन्यासले परिवारभित्रका अनेकौँ लैङ्गिक पक्षहरूको खुलासा गरेको छ ।

लैङ्गिक हिंसा, दमन र अधीनताले जर्जर बनेको पारिवारिक संरचना तथा सामाजिक दायराको उल्लङ्घन गर्दै युवती पवित्राले गरेको विद्रोह र अपनाएको स्वतन्त्र जीवनका पक्षमा

उनकी दिदीको सहकार्य अनि आमाको परिवर्तित चेतना नै यस उपन्यासका उपलब्धि हुन् । त्यस्तै पवित्राका पितामा आएको व्यावहारिक परिवर्तन र उमेशका व्यवहारहरूलाई अपेक्षणीय पक्ष मान्न सकिन्छ । वर्णनात्मक र कथनात्मक प्रस्तुति रहेको प्रस्तुत उपन्यासमा औपन्यासिक आकर्षण, पात्रहरूको प्रत्यक्ष उपस्थिति र स्वाभाविकता नपाइनुले विचार तथा चेतनाका हिसाबले सशक्त भए पनि *अनावृत्त* औपन्यासिक गुणमा फितलो महसुस हुन्छ । बर्सौंदेखि नेपाली समाजका महिलाहरूले भोग्दै आएका शोषण, दमन र हिंसालाई खुलस्त रूपमा पस्किएर उपन्यासकारले पारिवारिक अवस्था तथा संस्कारको ढोका उघारेर खुला बनाएको देखिन्छ भने अर्कातर्फ पितृसत्तात्मक आडम्बर तथा अहम् बोकेका पिता, समुनजस्ता चरित्रहरूलाई उनीहरूको अपेक्षाभन्दा पृथक् व्यवहार प्रदर्शन गरेर पवित्राले लेखकीय विचार र आकाङ्क्षा अवलम्बन गरेको देखिन्छ । उपन्यासको उद्देश्य पनि पवित्राको जीवनसँग दोरिएको पाइन्छ जुन कुरा लैङ्गिक सचेतना र सशक्तताका हिसाबले अत्यन्त सबल मान्न सकिन्छ । कतैकतै सिमोन द बुभाको *महिला*को कथनशैली पछ्याएको देखिने यो उपन्यास लैङ्गिक समस्या उजागर गर्ने र पुरुष प्रधान समाजलाई सापेक्ष चुनौती दिने वैचारिक प्रवाहमा अडिएको देखिन्छ तर यसमा न त आमूल नारीवादी विचारलाई सघन तुल्याइएको न उदार नारीवादीझैं पुरुष र नारीको समान भूमिकाबाट लैङ्गिक सन्तुलनको अपेक्षा गरिएको छ । यस उपन्यासमा मनोयौनिक पक्षको सघनता पनि छैन र मार्क्सवादी रेखा पनि भेटिदैन । विभिन्न पक्षका समिश्रित झिल्काहरू पाइने यस उपन्यासलाई लैङ्गिक समस्याको उद्घाटन गरी लैङ्गिक सन्तुलन मुखरित कृतिका रूपमा लिन सकिन्छ ।

लैङ्गिक सन्तुलनयुक्त भाषाको प्रयोगमा केही सचेतना अपनाइएको यस उपन्यासमा सामाजिक सांस्कृतिक क्षेत्रमा महिलाले भोग्नुपरेका अपहेलना, शोषण, यौनजन्य हिंसा, अन्धविश्वासको सिकार, दाइजो प्रथा र त्यसबाट उत्पन्न हिंसा, आर्थिक तथा सामुदायिक भूमिका, सम्पत्तिको अधिकार, उपभोक्तावादी संस्कृति आदि पक्षमा महिलाहरूको स्थान निरूपण गरी नेपाली समाजको लैङ्गिक समस्यालाई उद्घाटन गरिएको छ ।

नेपाली समाजमा अधिकांश महिलाहरूलाई कुनै न कुनै समयमा बोक्सीको आरोप वा उपनाम थपेर लैङ्गिक हिंसा गर्ने जनाइएको छ । त्यस्तै बेस्से र पातकीजस्ता हिंसाजन्य शब्दको पितृसत्तात्मक समाजले सहजै प्रयोग गर्ने गरेको बताइएको छ । आफ्नो फाइदा र अनुकूलताका निमित्त नारीहरू कहिले देवी त कहिले रण्डी अनि कहिले बोक्सी बनाइन्छन् भन्दै वास्तविक लैङ्गिक समस्यालाई उजागर गरिएको छ । सांस्कृतिक तथा धार्मिक अनुष्ठान र पूजापाठमा सरसफाइ अनि व्यवस्थापन गर्ने काम महिलाहरूले गरे तापनि मुख्य पूजारी पुरुष नै हुनुपर्ने

नारीहरू शिक्षा हासिल गर्ने तथा विद्यालय जाने काम अन्य घरायसी काम सकेर मात्र गर्नुपर्ने यथार्थोदघाटन गरिएको छ । विवाहपूर्व नारीहरू पिताको अधीनमा दासजस्तै बनेर बस्नुपर्ने, विवाहपश्चात् लोग्नेको अधीनमा बस्नुपर्ने र वृद्धावस्थामा पुत्रको अधीनमा रहनुपर्ने अवस्था विद्यमान रहेको औंल्याइएको छ ।

महिलालाई आश्रित व्यक्तिका रूपमा लिइने तथा समस्या र जिम्मेवारीहरू नारीहरूले लिनुपर्ने र सहनुपर्ने बाध्यकारी परिवेश पितृसत्ताले निर्माण गरेको जनाइएको छ । विद्यालय जाने, स्वतन्त्र भएर डुल्ने, खेल्ने आदि कार्यमा छोरीहरूले प्रारम्भदेखि नै नियन्त्रण खेप्नुपरेको अवस्था प्रस्तुत गरी उपन्यासकारद्वारा लैङ्गिक दमन, अधीनता तथा समस्याका स्वाभाविक उदाहरण पेस गरिएको छ । महिलाहरूले आगन्तुक पुरुष र घरका पुरुष सेवा शुश्रूषा गर्दागर्दा आफ्नो जीवन व्यतीत गर्नुपरेको जनाइएको महिलाको परिचय र पहिचान परिवर्तन भइरहने र पराधीनता कायम रहने उल्लेख गरिएको छ । संस्कार तथा परम्परागत रूपमा महिलाहरूलाई अशुद्ध तथा खोटी मानिने गरेको अन्धविश्वासको उद्घाटन गरिएको प्रस्तुत उपनयासमा यस्ता गलत परम्परागत संस्कारका विरुद्धमा नारीहरू सजग र सचेत हुनुपर्ने आग्रह गरिएको छ ।

ताराका माध्यमबाट उपन्यासकारले विवाहलाई एक नियन्त्रणको बन्धनका रूपमा लिंदै महिलालाई भन्दा पुरुषलाई सहाराको खाँचो हुने परम्पराभन्दा भिन्न मत व्यक्त गरेकी छन् । पवित्राले आफ्नो इच्छा विपरीतको सुमनसँग बिहे गरे पनि पछि स्वतन्त्र जीवन जिउने अठोट गर्नु, पारपाचुके गर्नु, रोजगारमा लाग्नु, छुट्टै जीवन सञ्चालनको परिपाटी गर्नु, व्यापार गर्नु, लक्ष्मीलाई पनि सक्षम र सचेत तुल्याउनु लैङ्गिक हिंसा र समस्याका विरुद्धमा गरिएका सचेत तथा विद्रोही व्यवहारहरू हुन् । आमालाई स्वतन्त्र र सचेत ढङ्गले जीवनयापन गर्नसक्ने तुल्याउनु, पिता र परिवारले पहिले राखेको सोचमा परिवर्तन आउनु पनि लैङ्गिक सन्तुलनतर्फको सङ्केत मान्न सकिन्छ । पवित्राले सुमनलाई गरेको मध्यम आदरार्थी भाषाको प्रयोग, पवित्राका बाबुले आमालाई गरेको आदरार्थी सम्बोधनजस्ता पक्षहरू लैङ्गिक संवेदनशील भाषिक प्रयोगको सम्भावनालाई सङ्केत गरिएका सन्दर्भहरू हुन् ।

यसरी नेपाली समाजमा रहेका प्रायजसो लैङ्गिक समस्या, दमन, शोषण, उत्पीडन, अधीनता, हिंसा आदि कुराहरूलाई उपन्यासकारले अत्यन्त स्वाभाविक र मार्मिक ढङ्गले प्रस्तुत गर्दै यौनिक, आर्थिक, सामाजिक, पेसागत, पारिवारिक आदि क्षेत्रमा स्वतन्त्र जीवनका लागि विद्रोह र परिवर्तनको आव्हान गर्दै तदनुकूल सङ्केत गरेकाले यस उपन्यासलाई लैङ्गिक दृष्टिले

सघन र सबल मान्न सकिन्छ । तर लैङ्गिक सन्तुलनमा पुरुषको परिवर्तित आधुनिक र वैज्ञानिक भूमिकालाई बेवास्ता गरिएकाले एकपक्षीय रहेको अनुभूत गर्न सकिन्छ ।

कुमारी आमा (२०६८) अनुपम रोशीद्वारा उन्मुक्त र स्वतन्त्र नारी जीवन प्राकृतिक आवश्यकताको पूर्तिसहित सञ्चालन गर्नुपर्दछ भन्दै पितृसत्तात्मक समाजमाथि चुनौती दिएर निर्माण गरिएको नारीवादी उपन्यास हो । सामाजिक र संस्थागत चेतनाभन्दा पनि व्यक्तिगत भावना र निजी स्वतन्त्रताको पक्षपोषणमा केन्द्रित प्रस्तुत उपन्यासमा परम्परागत समाज र सामाजिक मूल्य मान्यता पुरुषमुखी भएका र नारीलाई शोषण, नियन्त्रण र उपेक्षा गरिएकाले त्यस्ता मान्यताको विद्रोहस्वरूप यो उपन्यास सिर्जना भएको अनुभव गर्न सकिन्छ ।

नारीले आफ्नो यौनसन्तुष्टि र मातृत्वको चाहना पूर्ति गर्न कसैको नियन्त्रित पत्नी नभई पनि सक्षम रहन सक्छे र रहन पाउनुपर्छ भन्ने लैङ्गिकताको सन्दर्भमा क्रान्तिकारी भूमिकामा उपन्यासकी प्रमुख चरित्र सरगम रहेकी छन् । राजनीति र युद्धक्षेत्रमा हुने यौनिक हिंसा र लैङ्गिक विभेद, सामाजिक आर्थिक क्षेत्रमा हुने लैङ्गिक विभेद तथा शिक्षित वर्ग र पेसामा हुने लैङ्गिक विभेदका दृष्टान्त प्रस्तुत गर्दै त्यस्ता अन्यायपूर्ण व्यवहारप्रति व्यङ्ग्य प्रहार गरिएको छ । नारीले आफ्ना यौन चाहना र प्राकृतिक अवयवलाई आफ्नै नियन्त्रण र व्यवस्थामा राख्नुपर्छ । त्यहाँ पुरुषको नियन्त्रण हुनु हुँदैन भन्दै परम्परागत वैवाहिक सम्बन्ध, यौन सम्पर्क तथा सन्तान उत्पादनका कार्यको पुनर्सिजन र नवव्याख्या गरिएको छ । फलतः परम्परागत लैङ्गिकतामाथि प्रश्न उठाउँदै स्वत्व र स्वतन्त्र जीवनयापनको अपेक्षा गरिएको छ ।

वर्णनात्मक र व्याख्यात्मक ढाँचामा प्रस्तुत गरिएको यस उपन्यासमा औपन्यासिक आख्यानात्मक सघनता र कलात्मक सौन्दर्यको फितलो सङ्गठन रहे पनि वैचारिक सघनता र नारीवादी दृष्टिले यस उपन्यासलाई प्रखर मान्नुपर्छ । तत्कालीन माओवादीले सञ्चालन गरेको राजनीतिक द्वन्द्व र युद्धमा महिलाहरू प्रयोग भएका र स्वचछ तथा क्रान्तिप्रति सकारात्मक सोचाइ भए पनि त्यहाँ भित्र यौनिक र लैङ्गिक शोषण, हिंसा तथा समस्याबाट महिलाहरू प्रताडित हुनुपरेको अवस्था उजागर गरिएको छ ।

सामाजिक अन्याय, शोषण र दमनका विरुद्धमा सरगम घरबाट युद्धक्षेत्रमा होमिनु परिवर्तन र सशक्तताको पहिलो कदम मान्नुपर्दछ । युद्धक्षेत्रमा सबै पुरुष गलत आचरण र लैङ्गिक हिंसाजन्य व्यवहारमा नभए पनि केही पुरुषका कारणले लैङ्गिक शोषण र हिंसामा पर्नुपरेको जनाइएको छ । युवतीहरूलाई युवाहरूले शङ्का र उपेक्षाले हेर्नु, अन्तरजातीय बिहेमा महिला नै पीडित हुनु, युद्धमा महिलाले सशक्त कार्य गर्न सक्दैनन् भनी उपेक्षा गर्नु, युद्ध क्षेत्रमा रहेका

युवतीलाई पुरुषहरूले पालैपालो यौन उपभोग गर्नु आदि लैङ्गिक र यौनिक समस्याका उदाहरणहरू हुन् । जैविक रूपमा महिलामा पाठेघर हुनाले यौन कार्यमा पुरुष र महिला सँगै सहभागी हुँदा पनि असर वा समस्या महिलाले भोग्नुपर्ने हुँदा त्यस्तो प्राकृतिक संरचनातर्फ नारीहरू सचेत हुन र त्यसलाई गर्वका रूपमा लिन आग्रह गरिएको छ । अरुण र रविन्द्रले सरगमलाई बलात्कारको प्रयास गरेपछि उनीहरूलाई मारेर युद्धक्षेत्र नै छाडेर हिँडेको देखाइएको छ । प्रतिकार उपयुक्त भए पनि संस्थागत सचेतनाको भूमिका निर्वाह गर्न सकेको देखिँदैन ।

शिक्षित भएकाले पढाउन सक्नु र पेसा अँगाल्नु आर्थिक सक्षमता र सशक्तता मान्नुपर्दछ । त्यस्तै साहित्यिक, राजनीतिक, सामाजिक क्षेत्रमा सरगम संलग्न हुनुले सामुदायिक भूमिकामा लैङ्गिक सशक्तता देखिन्छ । सामाजिक सन्दर्भहरूमा नारीलाई पुरुषसरह हक, अधिकार दिई सम्मान गर्नुपर्ने आवाज उठाइएको छ । सरगमले मोक्षसँग प्रेम गर्नु र दुबैको चाहनाअनुसार यौनिक कार्यमा संलग्न भई सन्तुष्ट हुनुले विपरीत लिङ्गी मनोयौनिकताको सन्दर्भलाई उठान गरेको छ । यसबाट नारी र पुरुष सचेत यौनिक कार्यमा स्वतन्त्रतापूर्वक संलग्न हुन सक्छन् भन्ने विचार व्यक्त भएको छ । नारीले आफ्नो इच्छा बमोजिम मात्र गर्भधारण गर्नु न्यायसङ्गत हुने भए तापनि पितृसत्ताले महिलाहरूलाई जबर्जस्ती पेट बोक्न बाध्य बनाएको अवस्थातर्फ तिखो प्रहार गर्दै सचेत हुनुपर्ने जनाइएको छ । पुरुषको उपेक्षा र बहिष्कार नभएर नारीमाथि हुने शोषण, दमन, हिंसा र अन्यायको विरुद्धमा उठ्नुपर्ने आवाज यस उपन्यासमा प्रस्तुत गरिएको छ । मातृत्वको रक्षा र स्वतन्त्रताको खोजीका कारण समाजलाई चुनौती दिएर सरगमले मोक्षलाई छोडिदिनु, आवश्यकताअनुसार रिचर्डसँग यौन सम्बन्ध राख्नु, विना बाबुको छोरा जन्माउनु आदि घटनाहरूले उपन्यासमा नारी अस्तित्व र स्वतन्त्र जीवनयापनको आव्हान गरेको पाइन्छ । सन्तान उत्पादनमा नारीको निर्णय सर्वेसर्वा हो भन्दै परम्परागत वैवाहिक सन्दर्भलाई बाध्यात्मक नठानेर स्वैच्छिक बनाउनुपर्ने मान्यता प्रस्तुत गरिएको छ ।

मातृत्वको रक्षा र यौन सन्तुष्टिका लागि कसैकी स्वास्नी हुनुको सट्टा बरु अन्य वैज्ञानिक उपायको खोज गर्नु आवश्यक रहेको कुरा उद्घोष गरिएको छ । गुप्त होइन स्वच्छन्द यौनिक सम्बन्ध र प्रेम भएमा लैङ्गिक हिंसा, अपराध तथा सामाजिक समस्याहरूमा नियन्त्रण हुनका लागि बिहे गर्नुभन्दा फरक खुला दृष्टिकोण प्रस्तुत गरिएको छ । बाध्यात्मक यौनिक सम्बन्धले डरलाग्दा रोग तथा व्यभिचारहरू जन्माएकाले त्यसतर्फ नारीहरू बढी सजग हुनुपर्ने आवश्यकता औल्याइएको छ । पुरुषले आफ्नी पत्नीको इच्छा र सन्तुष्टिलाई सम्मान गर्नुपर्ने, उपभोगको साधन बनाउन नहुने परम्परागत रूपमा गरिने जबर्जस्ती विवाह अन्त्य गर्नुपर्नेजस्ता सचेत विचारहरू प्रकट गरिएको छ । पुरुषबेगरको समाज र जीवन नारीलाई र नारी बेगरको

समाज र जीवन पुरुषलाई सम्भव छैन तर परम्परित सामाजिक संरचना जहाँ पुरुष प्रमुख र नारी गौण वा पुरुष मालिक र नारी दासी बन्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने आग्रह गरी यस उपन्यासमा हरक्षेत्रमा लैङ्गिक सशक्तता र सन्तुलनको अपेक्षा गरिएको छ ।

सुन्दरमान र रोहिणी विवाहित लोग्ने स्वास्नी छन् तर उनीहरूको सम्बन्ध अप्राकृतिक छ । सुन्दरमानजस्ता पुरुषहरू जसमा पुरुषत्व नै छैन अर्थात् नपुंशक छन् तर सामाजिक गर्व र प्रतिष्ठाका आडमा रोहिणीजस्ता नारीहरूको शोषण गर्छन्, आरोप लगाउँछन् तर यौनिक सुख र सन्तुष्टि दिन सक्दैनन् । जब आफ्नो यौनेच्छा पूर्तिमा नारीहरू अन्य पुरुषसँग संसर्ग गर्छन् र सन्तुष्ट हुन्छन् त्यस्तो अवस्थामा लोग्नेरूपी पुरुषहरू त्यो सहन सक्दैनन् । यस्तो विभेदकारी, अत्याचारी र हिंसाजन्य अवस्थाका वैवाहिक सम्बन्धको कुनै अर्थ नभएको कुरा उपन्यासकारले यहाँ प्रस्तुत गरेकी छन् । मौनताजस्ता नारी जसले प्रेमको नाटक गरी सिद्धान्तजस्ता पुरुषलाई छोडेर अन्यत्र विवाह गर्छन् भने आत्मीय प्रेम चिन्न नसक्नु वा भौतिक सुखमा समर्पित हुनु हो भन्ने सङ्केत गर्दै रिचर्ड र रोहिणीजस्ताको अन्तर्देशीय वैवाहिक सम्बन्ध पनि बन्न सक्छ यदि भावनात्मक र सम्मानित प्रेम भएको खण्डमा भन्ने कुरा पनि यहाँ व्यक्त गरिएको छ ।

यसरी लैङ्गिक र यौनिक समस्यामा नारीहरू पीडित बनेका छन्, तिनको सम्मान र सन्तुलन आवश्यक छ, यौनिक आवश्यकताअनुसार स्वच्छन्द सन्तुष्टि प्राप्त गर्नुपर्छ, सन्तानोत्पादनमा नारीको अधिकार सर्वेसर्वा हुनुपर्छ, भावना र विचार मिले अन्तर्देशीय सम्बन्ध पनि निर्माण हुन सक्छ भन्ने लैङ्गिक सशक्तता र सचेतनायुक्त आवाजका साथ लैङ्गिक सन्तुलनको अपेक्षा गरेकाले *कुमारी आमा*लाई लैङ्गिक दृष्टिमा उपयुक्त र प्रखर उपन्यासका रूपमा लिन सकिन्छ ।

५.२ पुरुष लिखित लैङ्गिक समस्यापरक नेपाली उपन्यास

रूपमती (१९९१) उपन्यासकार रुद्रराज पाण्डेद्वारा लेखिएको सामाजिक उपन्यास हो । यस उपन्यासले नेपाली उपन्यास परम्परालाई मौलिक बनाउँदै आधुनिकतामा प्रवेश गराएको हो । प्रस्तुत उपन्यासको केन्द्रीय कथ्य नारीमा नै केन्द्रित छ जुन कुरा शीर्षकले पनि प्रतिबिम्बित गरेको देखिन्छ । लैङ्गिकताको परम्परित व्यवस्था, समाजमा महिला र पुरुषको भूमिका तथा सामाजिक परिवर्तन एवम् पारिवारिक प्रगतिका लागि महिलाले खेल्ने भूमिका अनि पुरुषलाई गतिशील र व्यवस्थित बनाउने महिलाले गर्ने तथा गर्नुपर्ने कर्तव्यका बारेमा प्रस्तुत उपन्यासको कथ्य शृङ्खलित छ ।

तत्कालीन सामाजिक परिवेशमा महिलालाई पारिवारिक र सामाजिक सुव्यवस्था तथा प्रगतिमा केन्द्रीय भूमिका प्रदान गरी उपन्यासमा महिलाको स्थानलाई अग्रभूमि दिनु लैङ्गिक दृष्टिले सबल मान्न सकिन्छ तथापि लैङ्गिक चेतना, समाजार्थिक पक्षमा महिला सक्रियता तथा नेतृत्व र लैङ्गिक सशक्तीकरण आदि क्षेत्रहरूमा लेखकीय दृष्टि पुगेको पाइँदैन बरु महिलालाई सहनशील र आदर्श चरित्रका रूपमा प्रस्तुत गरिएको छ । परम्परित सामाजिक संरचनामा महिला र पुरुषको वास्तविकता कस्तो रहेको थियो भन्ने कुराको चित्रणबाट लैङ्गिकताको वास्तविक अवस्था प्रस्तुत गर्न *रूपमती* सफल भएको छ । त्यस्तै पुरुषहरूले मात्र होइन महिलाहरूले समेत महिलाको अपमान तथा तिरस्कार कसरी गरिरहेका हुन्छन् भन्ने कुराको जानकारी यस उपन्यासबाट प्राप्त हुन्छ । उपन्यासको अधिकांश कथानक रूपमती (नारी चरित्र) कै वरिपरि घुमिरहेको पाइन्छ ।

समाज विकासमा वा प्रगतिमा स्त्री र पुरुष समान ढङ्गले भूमिकायुक्त हुन्छन् । यदि स्त्री वा पुरुषमध्ये कुनै एकले सन्तुलन कायम गर्न नसकेमा पारिवारिक संरचनामा नै खलल पुग्दछ भन्ने विचार प्रकट गर्दै लैङ्गिक सन्तुलनको अपेक्षा गरिएको छ । झट्ट हेर्दा सामाजिक यथार्थलाई प्रस्तुत गर्ने क्रममा उपन्यासकारले लैङ्गिकताको सचेत प्रकटन गरेको देखिँदैन तर सारतः पारिवारिक सुख तथा समृद्धिका लागि रूपमतीजस्ता नारी चरित्रको मूल भूमिका हुने देखाइएकाले नारीहरू परिवर्तन, सुख र समृद्धिका परिचायक हुन् भन्ने मूल विचार प्रस्तुत गरेको पाइन्छ । नारीलाई प्रेम, सद्भाव, सहनशीलता, हार्दिकता तथा क्षमाशीलता जस्ता गुणका स्रोतका रूपमा चिनाइएको छ । त्यस्तै बरालपुत्रीजस्ता नारीहरू जसले क्षणिक आवेगमा घर परिवार भताभुङ्ग पार्न र रूपमतीजस्ता नारीहरू जसले घर परिवार व्यवस्थित गर्न सक्छन् भन्ने विचारका साथमा नारीको भूमिकालाई सार्थक बनाइएको छ । लैङ्गिक अवस्थाको चित्रणका सन्दर्भमा पुरुष तथा पितृसत्तामुखी सामाजिक संरचनाका कारणले लैङ्गिक हिंसा र विभेद निम्त्याएको दृष्टान्तलाई लैङ्गिक समस्याअन्तर्गत राख्न सकिन्छ । पात्रानुकूलको भाषा र तत्कालीन समाजअनुसारको परिवेश चित्रणका सन्दर्भमा उपन्यासमा उपस्थित पुरुष या महिला पात्रहरूले महिला (खास गरी बुहारी, पत्नी) लाई गर्ने गरेका सम्बोधन गाली तथा उपहासहरूमा पर्याप्त लैङ्गिक विभेदको चित्र पाउन सकिन्छ । *रूपमती*मा महिनावारी नहुँदै गरिने विवाह वा बालविवाहको वास्तविक तस्बिर पनि खिचिएको छ । यस्तो कन्यादानबाट स्वर्गमा स्थान सुरक्षित हुने भन्ने अन्धविश्वासको सङ्केत पनि प्रस्तुत गरिएको छ । गँवार, बजिनी, डङ्किनी, वेश्या, बोक्सी, कुजात, राँडीजस्ता शब्द महिलाका लागि प्रयोग गरिएको छ भने रविलालले बरालपुत्री (पत्नी) लाई गरेको कुटपिटले घरेलु हिंसाको चित्र प्रकट गरेको छ । त्यस्तै 'बालविवाहले सन्तान

हुन गाह्रो' जस्ता वाक्यांशका माध्यमबाट लैङ्गिक चेतनाको झल्को पाइन्छ । उपन्यासमा जे जति द्वन्द्व रहेका छन् अधिकांश महिला महिलाबिच रहेका छन् भने पुत्र प्राप्तिको अपेक्षा र सन्तुष्टिले नेपाली समाजको पुरुषकेन्द्री मान्यतालाई व्यक्त गरेको देखिन्छ । घरको आर्थिक अवस्था सपार्न वा विगार्न, पारिवारिक सम्बन्ध अक्षुण्ण राख्न वा भत्काउन, पारिवारिक समृद्धि हासिल गर्न वा गुमाउन, सामाजिक प्रतिष्ठा उँचो बनाउन वा गिराउन आदि अनेकौँ कार्यमा महिलाको केन्द्रीय भूमिका हुने कुरासमेत प्रस्तुत उपन्यासमा व्यक्त गरिएको छ ।

उपन्यासकारले सामाजिक यथार्थ विषयवस्तुमा आधारित रहेर *रूपमती* सिर्जना गरेकाले प्रस्तुत उपन्यासमा पारिवारिक तथा सामाजिक समस्या द्वन्द्व, आरोप प्रत्यारोप, सम्पन्नता विपन्नता, इमानदार र बेइमान जीवनशैली, सदाचार र दुराचार, पेसागत जीवन र पेसाविहीन जीवन, स्वच्छ र ईर्ष्यालु प्रवृत्ति आदि विविध परिदृश्यहरू विभिन्न चरित्रका माध्यमबाट कथानकमा उनेका छन् तथापि लैङ्गिक वैचारिक सघनता उपन्यासकारको उद्देश्य नभए पनि तमाम समस्या समाधानार्थ नारी चरित्रलाई विशेष प्राथमिकता दिई पुरुषको समेत सन्तुलित सहभागितामा सामाजिक सुव्यवस्था निर्माणको अपेक्षा गरेकाले लैङ्गिक दृष्टिमा यस उपन्यासलाई सकारात्मक मान्न सकिन्छ ।

भ्रमर (१९९३) लाई स्वच्छन्दतावादी भावधारामा प्रेम, समाजार्थिक अवस्था तथा प्रवासी नेपालीको जीवनशैलीलाई कलात्मक ढाँचामा प्रस्तुत गर्ने उपन्यासकार रूपनारायण सिंह हुन् । यस उपन्यासमा लैङ्गिक समस्या तथा समानता र लैङ्गिक भूमिकाका सन्दर्भहरूलाई आकर्षक ढङ्गले व्यक्त गरिएको छ । यस उपन्यासमा पुरुष चरित्रहरू मूल भूमिकामा रहेका छन् भने नारीहरूले पनि समकक्षता प्राप्त गर्न खोजेको देखिन्छ ।

परम्परागत सामाजिक सांस्कृतिक लैङ्गिक मूल्यहरूको छनक पाइए पनि पुरुषहरूलाई असत् मार्गबाट सत् मार्गमा भित्र्याउनमा नारीहरूको विचार र व्यवहारको प्रमुख भूमिका रहेको देखिन्छ । त्यस्तै शिक्षा, सामाजिक भूमिका तथा पारिवारिक सक्रियता र अस्तित्वमा स्त्रीहरूलाई ससम्मान प्रश्रय दिनु र सक्रिय तुल्याउनु यस उपन्यासको थप वैशिष्ट्य देखिन्छ । पारिवारिक दुर्घटनामा अबोध छोरीहरूलाई घटनाको दोष थोपर्ने परम्परागत सोचाइलाई उपन्यासमा व्यक्त गरिएको छ । यौनिक सम्बन्धमा पुरुषले आफ्नो पुरुषत्व देखाउँदै युवतीको यौन उपभोग गरी यौनिक हिंसा गर्ने गरेको कुरा इन्द्रशेखरको व्यवहारबाट उद्घाटन गरिएको छ । स्त्रीहरूले पुरुषलाई सर्वेसर्वा ठानी आफूलाई पुरुष यौनिकताको सिकार बनाउन बाध्य बनेको कुरा प्रस्तुत गर्दै स्त्रीमा यौनचेतनाको प्रवाह गराई लैङ्गिक सशक्तताको सङ्केत गरेका छन् । पुरुषले

आफूलाई यौन उपभोग मात्र गर्ने गरेको महसुस गरी त्यस्ता पुरुषसँगको सम्बन्ध त्यागेर स्वतन्त्र जीवनयापनमा सरिक गराउन पनि युवतीहरू सक्षम बन्नुपर्दछ भन्ने विचार मायाका माध्यमबाट प्रस्तुत गरिएको छ । नारीहरूले पढ्नुपर्ने, आत्मनिर्भर बन्नुपर्ने र स्वाधीन बनेर व्यक्तित्व विकास गर्नुपर्ने धारणा उपन्यासकारले प्रस्तुत गर्दै वीणा र मायाले प्राप्त गरेको पारिवारिक सम्मान, सहयोग, शैक्षिक प्रगति, सामाजिक भूमिका तथा पेसागत सक्षमतालाई प्रकट गर्दै लैङ्गिक सन्तुलन कायम गरिएको छ ।

लैङ्गिक हिंसाजन्य व्यवहार गर्ने पुरुषलाई हिंस्रक पशुसँग तुलना गरिएकोबाट यो उपन्यासको लैङ्गिक कथ्य अन्यन्त संवेदनशील मान्न सकिन्छ । त्यस्तै समाजमा रहेका पुरुषहरू पनि परम्परागत पितृसत्तात्मक सामाजिक चिन्तन र लैङ्गिक विभेदका विरुद्धमा उभिनुपर्दछ भन्ने धारणा मोहन र तुलसीका माध्यमबाट व्यक्त गरिएको छ । यस उपन्यासमा विपरीत लिङ्गी यौनिकतामा स्त्री र पुरुषको समान सहभागिता आवश्यक रहेको औल्याइएको छ । स्त्रीहरू पुरुषहरूको दाँजोमा उभिन र शैक्षिक सक्षमतामा समानता कायम गर्न सक्ने हुनुपर्दछ भन्ने लेखकीय विचार प्रकट गरिएको छ । वीणाको व्यवहार र विचारबाट शेखरमा आएको प्रायश्चित बोध तथा व्यावहारिक परिवर्तनले पुरुषको नकारात्मक व्यवहारको सुधारका लागि नारीको अग्रणी भूमिका रहने कुरा उल्लेख गरिएको छ । परशुराम बस्नेतजस्ता पिताहरू जसले छोरीलाई मेडिकल कलेजमा डाक्टर पढ्न अभिप्रेरित गर्छन् र सफल हुन्छन्, मोहनविक्रमजस्ता व्यक्तिहरू जसले लैङ्गिक असमानता हटाई लैङ्गिक सचेतना र सशक्तता निर्माण गर्छन् साथै पश्चत्ताप बोधपछि परसेवामा आफूलाई समर्पित गर्ने शेखर यस उपन्यासको पुरुष पात्र हो । जसले लैङ्गिक समानता र सक्षमतामा प्रमुख भूमिका निर्वाह गरेका छन् । समाजका हरेक पक्षमा महिला सशक्त र सम्पन्न हुनुपर्ने आशय व्यक्त गरिएको छ ।

सामाजिक तथा आर्थिक दायित्वमा महिलाको सक्रिय सहभागिताको अपेक्षा गर्दै उपन्यासकारले स्त्री र पुरुष दुबै समान रूपमा सक्षम हुनुपर्ने विचार व्यक्त गरेका छन् । महिलाहरू परम्परित समाजले निर्धारण गरेका गलत सामाजिक मूल्यहरूमा सीमित हुन नहुने, लाज र सङ्कोचमा अन्तर्निहित नभई पुरुषसरह सक्षम तथा दृढ हुनुपर्ने आवश्यकता रहेको औंल्याइएको छ । सामाजिक परिवर्तन र प्रगतिमा स्त्रीको पनि पुरुषसरह भूमिका हुनुपर्ने भएकाले स्त्रीहरूलाई शिक्षित अनि सचेत बन्न आग्रह गरिएको छ । अपठित तथा परम्परित सामाजिक संरचना भएका परिवारहरूमा छोरीको इच्छा तथा सहमतिविना नै बिहे गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको खुलासा गर्दै त्यस्ता व्यवहारहरूमा स्त्री र पुरुष दुबै मिलेर सच्चिनु आवश्यकता औंल्याइएको छ । नारीमा विशेष किसिमको प्राकृतिक स्वभाव र आकाङ्क्षा हुने

भएकाले त्यसको सम्मान गर्न पनि आग्रह गरिएको छ । परम्परागत धर्म र संस्कृतिमा महिलालाई पुरुषको आज्ञापालक र अनुयायीका रूपमा स्वीकार गर्दै आइरहेको हुनाले लैङ्गिक समस्या परम्परित मान्यता रहेको खुलासा गरिएको छ । उपन्यासका अधिकांश पुरुष र महिला चरित्रहरूको लैङ्गिक सशक्तता र सक्षमताको सङ्केत गर्दै लैङ्गिक समानता तथा सशक्तीकरणको आह्वान गरिएकाले *भ्रमर* उपन्यास लैङ्गिक दृष्टिले सघन मान्न सकिन्छ ।

यस उपन्यासको मूल कथ्य लैङ्गिक मुद्दा नभए पनि उपन्यासमा व्यक्त विभिन्न घटना र विचारले यस उपन्यासलाई लैङ्गिक दृष्टिले सचेत उपन्यासको कोटिमा राख्न सकिन्छ । अर्कोतर्फ मनोयौनिक सन्दर्भहरूले यस उपन्यासमा प्रशस्त स्थान पाएका छन् । विपरीत लिङ्गी यौनिकता तथा यौन मनोवैज्ञानिक पक्षलाई उपन्यासकारले अत्यन्त शिष्ट र मर्यादित ढङ्गले व्यक्त गरेका छन् । तसर्थ सामाजिक लैङ्गिक सन्दर्भ, शैक्षिक एवम् आर्थिक पक्षमा लैङ्गिक भूमिका, पेसागत लैङ्गिक पक्ष तथा मनोयौनिक लैङ्गिकताका तथ्यहरू *भ्रमर*मा रहेकाले लैङ्गिक सन्दर्भमा यो उपन्यास महत्त्वपूर्ण छ ।

माइतघर (२००६) उपन्यासकार लैनसिंह बाङ्देलद्वारा हृदयसंवेद्य ढाँचामा तयार पारिएको कारुणिक उपन्यास हो । सामाजिक यथार्थ र जीवनशैली सजीव चित्रण गरिएको प्रस्तुत उपन्यास सानीको कारुणिक जीवनयापनका केन्द्रीयतामा हरिको सहयोगले गतिशील बनेको देखिन्छ । परम्परित सामाजिक संरचनाका कारणबाट मन र भावना एकातिर रहँदा पनि लोकाचार तथा कर्तव्य पालनाजस्ता औपचारिक भ्रमबाट माथि उठ्न नसक्नाका कारणले सानी र हरिबिचको आत्मीय सम्बन्ध अनपेक्षित टुङ्गोमा पुगेको पाउन सकिन्छ ।

नारी भएका कारणले समाजमा भोग्नुपरेका सामाजिक समस्या भोग्न बाध्य पारिएको सानी लैङ्गिक समस्याले आहत बनेको देखिन्छ । मनले चाहँदा पनि हरिले रोक्न सक्दैन कारण समाजले तय गर्ने दृष्टिकोणका कारण भने अर्कातर्फ विवाह गरेर लोग्नेको घरमा गएपछि सानीले भोग्नुपरेको बुहार्तनका कारणले कमजोर बन्दै जानु र लोग्नेले सौता हालेपछि माइतमै बस्ने अपेक्षा गर्नु, सुवेदार्नी र हरिले समाजको लोकाचारका लागि माइतमै राख्न नसक्नु, हरिले मन पराउँदा पनि जीवनसाथी बनाउन नसक्नु आदि सानीले भोगेका (स्त्री भएका कारणले) लैङ्गिक समस्याहरू हुन् । त्यस्तै पुरुषमा आश्रित समाज र परिवार भएका कारणले सानी र उसकी आमा रत्ना शरणार्थीका रूपमा हरिको घरमा आउनु पनि लैङ्गिक विभेदका कारणबाट निर्मित बाध्यकारी अवस्था हो । रत्ना र सुवेदार्नी दुवैले आफ्ना लोग्ने गुमाएपछि सुख र आशाको सम्पूर्ण सम्भावनाको अन्त्य हुनु पुरुषशासित र उनीहरूमै आश्रित पारिवारिक सामाजिक

संरचनाको उपज हो । लोग्नेको घरलाई सर्वस्व ठान्नुपर्ने लैङ्गिक चुनौतीलाई पनि बडो सान्दर्भिक ढङ्गले उठान गरिएको छ । परिवारको सर्वेसर्वा पुरुषलाई मान्ने सामाजिक संरचना भएका कारणले सानीमा आफू भाग्य फुटेको र अभागी बनेर टुहुरी बन्नु परेको मनोविज्ञान निर्माण भएको छ । त्यसलाई पनि लैङ्गिक समस्याको ज्वलन्त नमुनाका रूपमा लिन सकिन्छ । स्त्रीले मात्र घरको भित्री कार्य, जसको आर्थिक उपलब्धि हुँदैन, गर्नुपर्ने बाध्यात्मक र कर्तव्यपरायण मूलक भूमिका ठानिनु पनि लैङ्गिक विभेदको चित्र हो । सानीले हरिलाई र हरिले सानीलाई अन्तहृदयदेखि सामीप्यमा रहने र राख्ने चाहना राख्नु मनोवैज्ञानिक सन्दर्भ हो तर लैङ्गिक समस्याका कारणले त्यो सम्भव देखिँदैन । बाङ्देलले लैङ्गिक विभेदयुक्त सामाजिक संरचनाको चित्रण शिष्ट र कारुणिक दृश्यमा राख्दै भाग्यमा विश्वास गर्न बाध्य हुनुपरेको यथार्थ पस्किएका छन् भने बुहारीलाई लक्ष्मी, सासुलाई राक्षस्नी र लोग्नेलाई पाखण्डी जँड्याहाको संज्ञा दिएका छन् ।

लैङ्गिक विभेदयुक्त सामाजिक संरचनाले स्त्रीको धर्म पोइको सेवा गर्नु, सासुससुरा रिझाउनु, निरीह बन्नु, माफी माग्नु, लोग्नेलाई देउता ठान्नु आदि कार्य हुन् भन्ने परम्परित अन्धविश्वास बोकेको चर्चा गरिएको छ । सानीले आफूले स्त्री भएका कारणले पाएको उपेक्षा र दुःखका कारणले अर्को जन्ममा आइमाई भएर जन्मनु नपरोस् भन्ने चाहना राख्नुबाटै महसुस हुन्छ कि लैङ्गिक समस्या यस उपन्यासमा अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । *माइतघर* उपन्यासमा रहेको समग्र कथावस्तु र घटनाहरूको शृङ्खला मूल रूपमा लैङ्गिक समस्या र मनोविज्ञानमा केन्द्रित देखिन्छन् । त्यसैले उक्त उपन्यासलाई लैङ्गिक विभेदयुक्त समाज र लैङ्गिक समस्याको चित्रणमा सफल मान्न सकिन्छ ।

को अछूत ? (२०११) मुक्तिनाथद्वारा लेखिएको विचारप्रधान उपन्यास हो । तत्कालीन समाजको वर्गीय, लैङ्गिक तथा जातीय विभेद, शोषण तथा अन्यायका वास्तविक चित्रहरू प्रस्तुत गरी त्यस्ता अन्याय र अत्याचारका प्रमुख नायकहरू तथा शोषित र समस्याग्रस्त व्यक्तिहरूका चेतना, स्वभाव तथा व्यवहारमा नाटकीय परिवर्तन गरी सामाजिक क्रान्तिको सन्दर्भ पेस गरिएको छ ।

यस उपन्यासमा उपन्यासकारको बौद्धिक दबाब अधिक रहेकाले औपन्यासिक अस्वाभाविकता अनुभव गर्न सकिन्छ । लैङ्गिक समस्या, वैचारिक सघनता तथा लैङ्गिक सन्तुलनको प्रखर प्रस्तुतिले उपन्यासलाई सबल तथा अपेक्षणीय बनाएको देखिन्छ । उच्च वर्गका पुरुषहरूले सामान्य नारीहरूको यौन शोषण गरी उनीहरूको जीवन बर्बाद पार्ने गर्दथे र

कथित दलित तथा गरिब पुरुषहरूलाई धनको लोभमा गर्भवती महिलाहरू एकाएक उच्च जातिबाट कथित दलित जातमा रूपान्तरण हुन पुग्दथे भन्ने कुराको ज्वलन्त उदाहरण प्रस्तुत गरिएको छ । त्यस्तै हाडनाता करणी गरी पुरुषले महिलालाई विच्छिप्त तुल्याउँथे भन्ने रहस्योद्घाटन गर्दै त्यस्ता सामाजिक शोषण, दमन र हिंसाको अन्त्य गर्नुपर्ने आवश्यकता समेत औंल्याएर उपन्यासकारले मायाका माध्यमबाट नारी सक्रियता र सशक्ततासे सामाजिक रूपान्तरण गर्न सम्भव छ भन्दै लैङ्गिक चेतनाका सन्दर्भहरूलाई सघन ढङ्गले प्रस्तुत गरेका छन् । इन्दिरा र स्यानीजस्ता चरित्रहरू बालविवाह र बाल विधवाको समस्या भोग्दै देवेन्द्र र दानवीरजस्ता कुलीन वर्गका पुरुषहरूको यौनिक हिंसाका सिकार बनेर कथित दलित पुरुषहरूका साथ लगाइएका र एकाएक जात परिवर्तनको चपेटामा परी सामाजिक समस्या भोग्न बाध्य पारिएका महिलाहरू छन् । त्यस्तै माया, गोरे, उजेली, रतन, गगन, पारमिता तथा त्रिपिटिका आदि चरित्रहरू सामाजिक र लैङ्गिक तथा यौनिक हिंसा र समस्याग्रस्त समाजको पूर्ण परिवर्तनमा लागेका सचेत तथा सशक्त चरित्रहरू हुन् ।

यस उपन्यासमा प्रमुख चरित्र मायाका विचार र व्यवहारहरू लैङ्गिक सचेतना निर्माण तथा सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण प्रेरक स्रोतका रहेका छन् स्त्री जातिको स्वतन्त्रता र चेतनाका लागि सङ्घर्ष समिति खोली त्यसका माध्यमबाट लैङ्गिक हिंसा अन्त्य गर्ने लक्ष्य लिनु सामुदायिक भूमिकायुक्त सशक्तीकरण हो । खगेन्द्रको सहयोग, गोरे, रतन, गगनेको सक्रियता र तमाम नारीपुरुषको सहभागिताले परिवर्तनलाई सम्भव बनाएको देखाइएको छ । पितृसत्तात्मक समाजले नारीलाई पुरुषको मनोरञ्जन साधन र गृहस्थीमा मात्र सीमित हुने अवस्था ल्याएकाले त्यस्ता मानसिकताको सङ्केत गर्दै त्यसका विरुद्ध लाग्नुपर्ने आव्हान पनि गरिएको छ । मायाले आफ्नो लोग्ने खगेन्द्रलाई 'तिमी' भनेर सम्बोधन गरेको कुरा देवेन्द्रलाई अस्वाभाविक लाग्नु पितृसत्ताकै उपज हो भने सुशीलाले स्वतन्त्रता दिनुपर्छ भन्ने मान्यता राख्नु सचेतनाको सङ्केत हो । साथै उनको अभिव्यक्तिले नारी सक्षमताको पक्षपोषण गरेको छ । मायाले समाजको वैज्ञानिक सुधार र सबै किसिमका शोषणको अन्त्य गर्ने दृढतासमेत व्यक्त गरेकाले यस उपन्यासलाई नारीकेन्द्री उपन्यास भन्न सकिन्छ । नारीका प्रमुख समस्यालाई आधार बनाएर ती समस्याको समाधानमा नारीकै नेतृत्वमा समाज परिवर्तनको कार्य भएकाले लैङ्गिक दृष्टिले यसलाई अत्यन्त सबल मान्नुपर्दछ । धार्मिक र पौराणिक सन्दर्भमा पनि नारीलाई पुरुषकै अधीनस्थ राख्नुपर्ने उक्ति प्रचलनमा ल्याइएकोप्रति उपन्यासकारले सचेत रही त्यस्ता अन्धविश्वासलाई तोड्नसमेत आग्रह गरेका छन् । स्त्रीलाई पिता पति र पुत्रको नियन्त्रणमा रहन बाध्य परिएकामा त्यस्तो दासत्वमुखी परम्पराको अन्त्य हुनुपर्ने आवश्यकता औल्याइएको छ ।

त्यस्तै पतिको मृत्यु हुँदा अर्धाङ्गिनी भन्दै पत्नीलाई जिउँदै जलाउने तर पत्नीको मृत्यु हुँदा पति पनि अर्धाङ्ग मान्दै जिउँदै किन जलाइँदैन ? भन्ने लैङ्गिक हिंसाको परम्परित व्यवहारप्रति आक्रोश व्यक्त गरिएको छ । स्वतन्त्रता, हक, अधिकार लिनबाट बञ्चित गर्नका लागि स्त्रीलाई शिक्षा, आर्थिक सक्षमता, सामाजिक भूमिका, राजनीति आदि क्षेत्रबाट बञ्चित गरिएको खुलासा गरिएको छ ।

लैङ्गिक विभेदको स्रोत आर्थिक पक्ष भएकाले स्त्रीहरू आर्थिक रूपमा सक्षम बन्न समेत आग्रह गरिएको छ । आर्थिक स्वतन्त्रता भएको खण्डमा लैङ्गिक सन्तुलन कायम हुने र स्त्रीहरू पुरुषको दासी बन्न नपर्ने हुनाले त्यसतर्फ अग्रसर हुन पनि आग्रह गरिएको छ । पुरुषहरूले आफ्नो फाइदाका लागि कतिपय सन्दर्भहरूमा सम्मान गरेजस्तो गरी शोषण गरिरहेको रहस्य समेत उद्घाटन गरेका छन् । त्यस्तै अर्कातर्फ पुरुषहरू यौनिक रूपमा अक्षम रहे पनि पत्नीहरू आफ्ना चाहनालाई कुण्ठित पार्दै पीडित भएर बसिरहनु परेको परम्परावादी पुरुषवादी समाजका विरुद्धमा सुमित्राजस्ता स्त्री जसले यौन सन्तुष्टि र मातृत्वको रक्षाका लागि घर, वर्ग र जातको परिधिभन्दा माथि उठेर आफ्नो हली, जो बलिष्ठ पुरुष छ, उसबाट यौनिक सन्तुष्टि पूरा गरेको देखाएर यौनिक स्वतन्त्रताको पनि सङ्केत गरिएको छ । चेतना र सङ्गठित समूह बनेपछि स्त्रीहरू आफ्ना समस्या सार्वजनिक गर्न सक्षम हुन्छन् भन्दै लैङ्गिक चेतना र संस्थागत तथा सामुदायिक भूमिकामा समेत नारीहरू लाग्नुपर्ने सङ्केत गरिएको छ ।

यसरी नेपाली समाजका सामाजिक, वर्गीय, जातीय तथा लैङ्गिक समस्याको उद्घाटन गरी त्यस्ता समस्या समाधानमा सचेत स्त्री पुरुष सहकार्य गर्दै सामाजिक रूपान्तरण गर्दै जाने हो भने समानतामूलक स्वतन्त्र समाज निर्माण गर्न सकिन्छ र लैङ्गिक हिंसा अन्त्य गर्न सकिन्छ भन्ने मूल विचार *को अछूत ?*मा व्यक्त भएकाले लैङ्गिक दृष्टिले सघन उपन्यास मान्न सकिन्छ ।

स्वास्नीमान्छे (२०११) प्रगतिवादी तथा यथार्थवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको लैङ्गिक समस्यामूलक उपन्यास हो । तत्कालीन समाजमा नारीले भोग्नुपरेका समस्या तथा विकृतिहरू प्रस्तुत गरी ती विकृतिलाई अन्त्य गर्नुपर्ने नारीवादी विचार प्रकट गरिएको प्रस्तुत उपन्यास वैचारिक सघनता बोकेको स्वच्छन्दतावादी प्रस्तुति भएको उपन्यास हो ।

खोक्रो आडम्बर तथा निहित स्वार्थसिद्धमा लाग्नुभन्दा आफूले भोगेका पीडा र उपेक्षित जीवनको सदुपयोग गर्दै समाजका अन्याय, अत्याचार तथा तमाम लैङ्गिक समस्या जरैदेखि निर्मूल पार्नुपर्ने आग्रह गर्नु प्रगतिवादी विचार हो । नारीहरू वर्गीय र सामाजिक कारणले

पीडायुक्त जीवन भोग्न बाध्य छन् र पितृसत्तात्मक समाजका पुरुषहरू नारी समस्याका स्रोत हुन् भने पितृसत्तात्मक समाजबाट ग्रसित तुल्याइएका नारीले नै अन्य नारीलाई समस्याग्रस्त बन्न कारकको काम गरेका छन् भन्ने कुरा प्रस्तुत गरिएको छ । प्रमोदको घरभित्रदेखि सुरु भएको लैङ्गिक समस्यायुक्त सन्दर्भ मोहनबहादुरको मनोवृत्ति, भोगी चरित्र र लैङ्गिक हिंसाको पराकाष्ठामा मोतीमाया पुगेपछि झन् जटिल बन्दछ । वेश्या बन्न बाध्य पारिएका नारीहरूको यथार्थोद्घाटन गर्दै वेश्यावृत्ति समाप्त पार्ने योजनासहित नारीहरूको सक्रियता तथा समर्पणलाई प्रस्तुत गरिएको छ । विनोदले मैयाँनानी र मोतीमायाजस्ता समाज सुधारक नारीहरूको सम्मान गर्ने र लैङ्गिक समस्या तथा हिंसा अन्त्य गर्ने सबै सन्दर्भमा लैङ्गिक समस्या र लैङ्गिक चेतना तथा सशक्तीकरणका पक्ष हुन् । आफू बिग्रिए पनि समाजलाई सुधार र प्रगतितर्फ लैजान सचेत बनेको, संस्था खोलेर अन्याय, अत्याचारलाई समाप्त पारी लैङ्गिक समानता निर्माणमा लागिपरेका नारीहरूको समूहकी सदस्य लीलाले मोतीमायालाई मैयानानीको नेतृत्वमा सञ्चालित संस्थासँग आबद्ध बनाउँदै नारी जातिको उत्थान र स्वतन्त्रताका लागि आफूहरू वेश्या भए पनि निरन्तर सक्रिय रहेको, नारीलाई वेश्या बनाउने होइन कि वेश्या बनिसकेका नारीको माध्यमबाट समाजमा परिवर्तन गर्दै नारीत्वको रक्षा गर्नुपर्ने कुरामा जोड दिइएको छ । महिलावादी संस्थाहरू राजनीतिक दलका कठपुतली बनेका र नारीको हक, अधिकार तथा समस्यामा वास्ता नगरेको आक्रोश पोख्दै शक्तिहीन र प्रभावहीन भइरहेको जनाएका छन् ।

नेपाली समाजका अधिकांश पुरुषहरू नारीलाई यौन साधन र उपभोग्य वस्तुका रूपमा मात्र लिन्छन् भन्ने कुराको खुलासा गर्दै देशमा जागृति ल्याउनका निम्ति पहिले महिला समाज र नारी जातिको उन्नति आवश्यक भएर 'नारी उद्धार संस्था' खोल्नु परेको जनाइएको छ । परिवार तथा सन्तानको जीवनमा पुरुष अर्थात् बाबुको नियन्त्रण र निर्देशनलाई विनोदले अस्वीकार गरी आफ्नी आमाको संसर्ग तथा स्नेहबाट विमुख नहुने बरु सम्पत्ति वा अंशको पर्वाह नगर्ने धारणा राख्नु चुनौतीपूर्ण व्यवहार हो । सत्य र कर्तव्यका निम्ति बाबुलाई खतम गर्नसक्ने अभिव्यक्ति क्रान्तिकारी तथा सशक्त देखिन्छ । विनोदलाई सामाजिक र लैङ्गिक समस्याप्रति अत्यन्त सचेत र परिपक्व देखाउँदै उपन्यासकारले लैङ्गिक हिंसा र विभेद अन्त्य हुनुपर्ने आग्रह गरेका छन् । प्रमोदजस्ता प्रवृत्तिबाट भएको र समाज पनि पितृसत्तात्मक प्रकृतिको भएकाले नारीले लैङ्गिक हिंसा र अन्याय खेप्न बाध्य हुनुपरेको यथार्थता प्रस्ट्याइएको छ ।

यसरी समाजमा रहेका विभिन्न परिवेशमा नारीले भोगेका भोगाइ, समस्या, मनोविज्ञान, बाध्यता, आर्थिक समस्या, वेश्यावृत्ति, सौतेनी व्यवहार, पुरुषको नियन्त्रण र षडयन्त्रमा पर्नुपरेको अवस्था, सुधारको चाहना, समर्पण, लैङ्गिक हिंसा र अन्याय गर्ने व्यक्तिको अन्त्य, सामाजिक

समृद्धिको अपेक्षा तथा लैङ्गिक समानताको दृढताजस्ता कथावस्तुमा आधारित भएर उपन्यासको कथानक तयार भएकाले लैङ्गिक दृष्टिले उक्त उपन्यासको कथावस्तु सान्दर्भिक र विश्लेष्य रहेको मान्न सकिन्छ । लैङ्गिक दृष्टिले यस उपन्यासलाई तत्कालीन समाज र समयका सापेक्षतामा हेर्दा प्रगतिवादी तथा क्रान्तिकारी मान्न सकिन्छ । लैङ्गिक समस्याको मिहिन विश्लेषण गरी उक्त समस्याका समाधानार्थ व्यक्तिगत र संस्थागत सक्रिय भूमिका निर्वाह गरी लैङ्गिक अन्यायको अन्त्य गर्नुपर्ने सन्देश दिइएकाले प्रस्तुत उपन्यास सफल र प्रभावकारी बनेको छ ।

शान्ति (२०१५) उपन्यासकार लीलाध्वज थापाद्वारा लिखित उपन्यास हो । यस उपन्यासमा लैङ्गिक समस्या, हिंसा, दमन, यौनिकता, सशक्तीकरण तथा लैङ्गिक सन्तुलनका सन्दर्भहरू प्रस्तुत गरिएको छ । राजनीतिक सन्दर्भ र आन्दोलनमा महिला र पुरुषको सहभागिता तथा सक्रियताले परिवर्तनको सङ्केत गरेको देखिन्छ ।

राजनीतिक र सामाजिक परिवर्तनमा उपन्यासको मूल कथ्य अभिमुख रहेको देखिन्छ तथापि यावत् सामाजिक समस्याहरूको सूक्ष्म विश्लेषण गर्दै लैङ्गिकताका पक्षहरूलाई प्रस्तुत गर्न उपन्यासकार सफल देखिन्छन् । शान्तिको बालविवाह हुनु र विधवा बन्नु कथित डाइरेक्टरबाट बलात्कृत हुनु, जङ्गेले बेलीलाई डढाउनु, फणेन्द्रले शान्तिलाई दुर्व्यवहार गर्नु आदि लैङ्गिक हिंसा र समस्याका उदाहरण हुन् । कमलले असहाय शान्तिको संरक्षण गर्नु, बाबाले बेलीलाई बचाई संरक्षण दिनुजस्ता पक्षहरू मानवताका उदाहरणहरू हुन् । त्यस्तै कपिलप्रसादले धर्मका नाउमा माधुरी र अन्य महिलाहरूलाई गर्ने उपभोगलाई लैङ्गिक र यौनिक शोषण मान्न सकिन्छ । त्यस्तै वसन्तकुमारी तथा गोपिनीको व्यवहारलाई यौनिकता तथा सन्तुष्टिसँग जोडेर हेर्न सकिन्छ । त्यस्तै गणेश, कमल, तीर्थलाल, उर्मिला, गौरीलगायतका चरित्रहरूसँग शान्तिको सम्बन्ध, सक्रियता तथा नेतृत्वले लैङ्गिक सशक्तता एवम् सक्षमता प्रकट गर्दछ । कमलकी आमामा आएको वैचारिक तथा व्यावहारिक परिवर्तनलाई सामाजिक परिवर्तन र लैङ्गिक चेतनाको उपज मान्नुपर्दछ । उपन्यासमा रहेको समग्र कथनकलाई हेर्दा लैङ्गिकताका विविध पाराहरूलाई स्वाभाविक ढङ्गले प्रस्तुत गरिएको अनुभव गर्न सकिन्छ । कमलका माध्यमबाट उपन्यासकारले नारी तथा लैङ्गिक समस्याप्रति सकारात्मक सोचाइ र सशक्तीकरणको लेखकीय अपेक्षा पूरा गरेका छन् ।

परम्परागत पितृसत्तात्मक समाजमा स्त्री जातिलाई उपेक्षा गरी उपभोगको साधनका रूपमा अपनाइएको सन्दर्भलाई प्रस्तुत गर्दै थापाले त्यस्ता लैङ्गिक हिंसा पुरुष र महिलाको

सहकार्यबाट अन्त्य गर्नुपर्ने र गर्न सकिने मान्यता प्रस्तुत गरेका छन् । बालविवाह तथा जबरजस्ती विवाहले नारीहरूलाई समस्या भोग्न बाध्य बनाएकाले त्यसको अन्त्य गर्नुपर्ने अपैक्षा गरेको देखिन्छ । शान्ति तथा बेलीले भोगेका भोगाइहरूका स्रोत माथि प्रस्तुत गरिएका कारण हुन् । त्यस्तै धर्म तथा अध्यात्मका नाउँमा यौनिक शोषण र व्यभिचार बढिरहेको सन्दर्भलाई पनि उपन्यासकारले औंल्याएका छन् । यौन शोषण, हिंसा, अधीनता र बलात्कारका घटनाबाट कमल विच्छिप्त बनेको देखाइनु लेखकीय संवेदनशीलता हो । यौनेच्छा पुरुषमा मात्र होइन नारीमा पनि उत्तिकै हुने हुनाले फणेन्द्रकी पत्नीले आफ्नो लोग्नेबाट यौनिक व्यवहार र सन्तुष्टि प्राप्त गर्न नसकेर काले, हर्षेलगायत अन्य पुरुषबाट स्वच्छन्द ढङ्गले यौनिक व्यवहार कायम गरेकी छन् । वसन्तकुमारीको यस्तो व्यवहारलाई उपन्यासकारले यथास्थानमा स्वाभाविकता प्रदान गर्नु, माधुरी तथा गोपिनीको यौनिक आचरणलाई खुलासा गर्नु पनि उपन्यासकारमा नारी यौनिकताको पनि पक्षधरता रहेको देखिन्छ । समय र परिवेशप्रति सचेत बनेर कमलकी आमामा देखाइएको परिवर्तनलाई लैङ्गिक चेतनाको सङ्केत मान्न सकिन्छ भने शान्तिको राजनीतिक तथा सामाजिक भूमिका त्याग, सक्रियता तथा नेतृत्वदायी भूमिका र समर्पणलाई लैङ्गिक सघनता र सक्षमताको सबल उदाहरण मान्न सकिन्छ । कमलले गरेका यावत् कार्यहरू लैङ्गिक हिसाबले सचेत सन्तुलित र उपयुक्त देखिन्छन् ।

नारीहरू पितृसत्तात्मक समाजका पुरुषहरूको लैङ्गिक र यौनिक हिंसाका सिकार बनेर आत्महत्याको अवस्थासम्म पुग्न बाध्य हुन्छन् भन्दै कमलका माध्यमबाट थापाले त्यस्तो हिंसा र शोषण अन्त्य गर्न नारीहरू हटेर होइन डटेर सामना गर्नुपर्ने आवश्यकता औंल्याउँदै सचेतना र अस्तित्वको सङ्केत गरेका छन् । परम्परित पितृसत्तात्मक समाजका पुरुषहरूले महिलालाई हिंसाजन्य र तुच्छ भाषाको प्रयोग गर्दै उपेक्षा तथा अधीनमा राख्ने गर्थे भन्दै उपन्यासकारले समान, सम्मानयुक्त र संवेदनशील भाषाको प्रयोग गर्नुपर्ने आवश्यकता औल्याएका छन् । महिलालाई उपेक्षा र घृणा गर्दै यौनिक तथा लैङ्गिक हिंसामा पुऱ्याउन पुरुष मात्र होइन महिलाले पनि उत्तिकै भूमिका खेल्ने गर्दछन् भन्ने कुराको सङ्केत पनि यहाँ गरिएको छ । जीवनको उत्तरार्धमा पुगेका पुरुषले बालिका र किशोरीहरू बिहे गर्ने र पुरुषको मृत्युपश्चात् सामाजिक सम्मान र यौन सन्तुष्टि पाउनुको सट्टा विभिन्न लाञ्छना लगाएर नारीहरूलाई सामाजिक र मनोवैज्ञानिक यातना दिने गरिएकोतर्फ उपन्यासकार सचेत छन् । यसरी प्रस्तुत उपन्यासमा शान्तिको जीवनयात्रा, उनले प्राप्त गरेको सहयोग, उनको चेतना र सक्रियता, कमलको साथ, सहयोग र हौसला राजनीतिक तथा सामाजिक उत्तरदायित्व, सम्मान, प्रतिष्ठा, नेतृत्व तथा समर्पणलाई *शान्ति* उपन्यासका लैङ्गिकतासँग जोडिएका उपलब्धि मान्न सकिन्छ ।

उपन्यासकार लैङ्गिक समस्याको उद्घाटन र लैङ्गिक चेतना तथा सशक्तीकरणको विचार व्यक्त गर्न सफल देखिन्छ । परन्तु यस उपन्यास लैङ्गिक विचार र सशक्तीकरणको मूल मुद्दा र स्थापनालाई भन्दा सामाजिक र राजनैतिक परिदृश्यहरूमा केन्द्रित भएको पाइन्छ । तथापि लैङ्गिकता मूल कथ्य नभए पनि सामाजिक रूपान्तरणमा लैङ्गिक सन्तुलन र सक्रियताको पक्षलाई प्रशंसनीय मान्न सकिन्छ ।

गंकी (२०१६) उपन्यासकार धुस्वाँ सायमीद्वारा लेखिएको उपन्यास हो । 'म' पात्रको केन्द्रीय भूमिका रहेको उक्त उपन्यासमा गरिबी र अभावका कारणले यौनकार्यमा संलग्न हुन बाध्य पारिएको अवस्था प्रस्तुत गरिएको छ । पुरुषहरूले आफ्नो वृद्धावस्थासम्म पुग्दा पनि किशोरी तथा महिलाहरूलाई जबरजस्ती आफ्नो यौनेच्छाको सिकार बनाउने अवस्थाको चित्रण गरी यौनिक शोषण दमन तथा हिंसाका पक्षहरूलाई सघन ढङ्गले उजागर गरिएको छ ।

किशोरावस्थामा यौनानन्दको अनुभव लिने बानी परेपछि महिलाहरू पनि यौन सन्तुष्टिका लागि पुरुषहरूको खोजीमा निरन्तर लागिरहन्छन् भन्ने कुराको खुलासा गरिएको छ । परम्परित पितृसत्ता सामाजिक संरचनामा जुनसुकै महिला पनि पुरुषकै अधीनस्थ रहनु परेको यथार्थोद्घाटन पनि यस उपन्यासमा गरिएको छ । आफ्नो जीवन धान्न र परिवार सञ्चालन गर्नका लागि आफ्ना किशोरी छोरीहरू माथि भइरहेको निरन्तर यौन शोषण देखेर पनि आँखा चिम्लनुपरेको बाध्यकारी अवस्थालाई समेत यस उपन्यासमा व्यक्त गरिएको छ । लैङ्गिक चेतनाको सङ्केत गरिएको भए तापनि मूल रूपमा लैङ्गिक समस्याहरूको चित्रणमा *गंकी* उपन्यास सफल देखिन्छ । पुरुषले गर्ने वासनात्मक प्रेम तथा किशोरीमा उत्पन्न हुने यौनिक उत्सुकता र चाहनाले अन्ततोगत्वा महिलाहरू नै सिकार बन्नु परेको, घर व्यवहार व्यवस्थित हुन नसकेको र वेश्यावृत्तिमा समेत संलग्न हुन पुगेको अवस्था चित्रण गरिएको छ ।

यौन मनोवैज्ञानिक पक्षलाई सूक्ष्म ढङ्गले प्रस्तुत गरिएको यस उपन्यास सामाजिक संरचनाले निर्माण गरेको लैङ्गिक तथा यौनिक समस्यामा केन्द्रित छ । समाजमा रहेका पुरुषहरू चाहे ती वृद्ध हुन् वा युवक तथा समाजसेवी, राजनीतिकर्मी, मजदुर, व्यापारी, किसान वा कर्मचारी नै किन नहुन उनी शिक्षित वा अशिक्षित जस्तो भए पनि लैङ्गिक हिंसा तथा यौनिक व्यभिचारमा संलग्न हुने गरेको अवस्था चित्रण गरिएको छ । त्यस्तै आफ्नो घरमा एउटा पत्नी हुँदा बाहिर अन्य किशोरीहरू र अन्य विवाहित महिलासँग समेत यौन सन्तुष्टि लिन लालायित हुने साथै आर्थिक हिसाबले विपन्न पुरुषले आफ्नी पत्नी लाचारीपूर्वक आफूभन्दा सम्पन्न पुरुषलाई यौनिक उपभोगका लागि सुम्पने प्रवृत्तिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरिएको छ

। घरमै दुई वा सोभन्दा बढी पत्नी भित्र्याउने, अरूका छोरी वा पत्नीसँग यौनिक व्यभिचार गर्ने पुरुषलाई समाजले सम्मानित र प्रतिष्ठित ठान्ने गरेको तर यौन व्यभिचारको सिकार बनेकी महिला वा यौनेच्छा पूर्ति गर्न अग्रसर महिला तथा जीविकोपार्जनका लागि यौनिक कार्य गर्ने महिलालाई पूर्ण उपेक्षा र घृणा गर्ने सामाजिक प्रवृत्तिका विरुद्धमा आक्रोश प्रकट गरिएको छ ।

महिलालाई यौनिक दृष्टिभन्दा माथि रहेर श्रद्धा र हार्दिकता प्रकट गर्ने स्वच्छ पुरुष नभएको यथार्थ उपन्यासभित्रका कथानक र घटनाहरूमा संलग्न प्रत्येक पुरुष पात्रको चारित्रीकरणबाट बुझ्न सकिन्छ । यस उपन्यासका सम्पूर्ण घटनाहरू यौनिक कार्यसँग सम्बन्धित छन् तर विविध पृष्ठभूमि भएका पुरुषहरूको संलग्नता देखाइएको छ । त्यसैले जुनसुकै पृष्ठभूमि र अवस्था भएका पुरुषहरू पनि महिलाहरूलाई यौनिक व्यवहारको उपभोग्य साधनका रूपमा मात्र उपयोग गर्ने गर्दछन् भन्ने कुरालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । गंकी पात्र 'म' पात्रका रूपमा प्रस्तुत गराएर महिलाका भोगाइहरू विभिन्न माध्यमबाट व्यक्त गरी यौनिक समस्या र पीडाहरूलाई सघन बनाइएको छ । समाजले नारीलाई अर्काको चासो र चर्चाको माध्यम मात्र ठान्ने गरेको जनाइएको छ । पुरुषहरूलाई प्रेम, आत्मीयता र सुन्दरता होइन यौवन भए पुग्छ भन्ने विचार प्रकट गरिएको छ । घरमा दुईजना पत्नी राख्नु वा विभिन्न नारीलाई उपयोग गर्नु पुरुष आफ्नो पौरख ठान्ने गरेको कुरा प्रस्तुत गरिएको छ । यौनिक सुख चरमबाट मात्र प्राप्त हुने भएकाले चरम यौनिक सुखबाट मात्र सन्तुष्टि हुने अवस्था नारीमा पनि हुने हुनाले पुरुषले त्यस्तो महिलाको सन्तुष्टि तर्फ चासो दिन नसकेको सत्यता पनि प्रकट गरिएको छ । आर्थिक लाभका लागि पुरुष हुन् वा महिला, उनीहरूले आफ्नै आफन्त किशोरीहरूलाई परपुरुषको सामीप्यमा पुऱ्याउने गरेको रहस्यबाट लैङ्गिक र यौनिक हिंसाका प्रवर्धकहरू परिवार र समाज नै हुन् भन्ने कुराको पुष्टि हुन्छ । पुरुषहरूले महिलालाई यौनिक शोषण र हिंसा मात्र गर्दैनन् शारीरिक र मानसिक यातना दिएर उनीलाई चरम दमन गरिरहेका हुन्छन् भन्ने कुरा यस उपन्यासमा व्यक्त गरिएको छ ।

पितृसत्तामुखी समाजले आर्थिक, सामाजिक तथा पारिवारिक संरचनाको निर्णायक र मुख्य व्यक्ति पुरुषलाई नै बनाएकाले लोग्ने वा पुरुषको मृत्युपश्चात् परिवारका तमाम महिलाहरू सहाराविहीन, दुःखी र असहाय बन्न बाध्य हुनुपरेको यथार्थलाई समेत चित्रण गरिएको छ । उपन्यासकी मूल पात्र गंकीले भोगेका भोगाइ मात्र होइनन् उनकी आमा तथा अन्य महिलाहरूले भोगेका अनुभवहरूले लैङ्गिक समस्याका विभिन्न पक्षलाई देखाउँछन् । मदन बा, बूढो पोइ, काजी, मास्टर आदि यौनिक व्यभिचार गर्ने पुरुषका प्रतिनिधि पात्र हुन् । सुकुचाकी

बहिनीलाई गरेको व्यभिचारका कारणले सुब्बा मारिएको छ । त्यो काम सकुचाले गरेको छ । तर अन्त्यमा सुकुचा मृत्युवरण गर्न पुगेको देखिन्छ ।

यो उपन्यास मनोवैज्ञानिक यौनिकताबाट सवालहरूमा केन्द्रित छ तर यसले पुरुषप्रधान समाजमा हुने गरेका लैङ्गिक र यौनिक समस्यालाई अत्यन्त सघन र सूक्ष्म ढङ्गले चित्रण गर्न सक्षम देखिन्छ जसबाट लैङ्गिक चेतनाका सन्दर्भहरूको खोजी र विश्लेषण गर्न र यौनिक कार्यका पृष्ठपोषकहरूको पहिचान गर्न मद्दत मिल्दछ । त्यसैले *गंकी* उपन्यासलाई लैङ्गिक समस्या उजागर गर्ने उपन्यासका रूपमा लिन सकिन्छ ।

अनुराधा (२०१८) उपन्यासकार विजय मल्लद्वारा लेखिएको यो उपन्यास नारीले भोग्नुपरेको पितृसत्तात्मक दमन र अन्याय नारीमा उत्पन्न विद्रोही भावना तथा प्रतिशोध भावनाले उत्पन्न गराएको असामान्य मनोग्रन्थि र मनोदशालाई प्रस्तुत गर्न सक्षम रहेकाले यसलाई मनोविश्लेषणात्मक उपन्यासको महत्त्वपूर्ण कृतिका रूपमा लिइएको छ ।

उनी अर्थात् अनुराधाको भोगाइ तथा उनको मनोविज्ञानलाई केन्द्रीय कथ्य बनाइएको यस उपन्यासमा म अर्थात् कोमलमानले लेखकीय प्रतिनिधित्व गरेको छ । त्यस्तै रत्नमान सिंह जसले अनुराधालाई बिहे गर्ने प्रपञ्च गरे पनि बिहे नगरी आफ्नी पत्नी भइसकेको दुष्प्रचार गर्ने व्यक्ति नारीहरूको स्वतन्त्र अस्तित्वलाई पूर्णतः अस्वीकार गरी आफ्नो वस्तुका रूपमा उपभोग गर्ने लालसा बोकेको पितृसत्तात्मक समाजको प्रतिनिधि पात्र हो भने आफ्नै छोरीलाई लैङ्गिक र यौनिक शोषणका निम्ति धनाढ्य पुरुषलाई सुम्पेर आर्थिक लाभको सपना देख्ने अनुराधाकी आमा र अनुराधाका दिदीहरू पुरुष प्रधान समाजका लैङ्गिक चेतनाशून्य नारीहरू हुन् भन्न सकिन्छ ।

लैङ्गिक हिंसा, दमन र अन्यायका कारणले पढालेखा सचेत नारीहरू पनि असामान्य मनोग्रन्थिका माध्यमबाट पागल बन्दै सुन्दर जीवनलाई बर्बाद पार्न बाध्य हुन्छन् भन्ने विचार प्रस्तुत गरी मल्लले लैङ्गिक समस्यालाई मनोवैज्ञानिक पक्षसँग जोडेर सघन ढङ्गले प्रस्तुत गरेका छन् । समाजका सद्विचार तथा लैङ्गिक समभाव भएका समुद्रमानजस्ता चरित्रहरू पनि पलायन हुने बाध्यात्मक स्थिति रहेको सङ्केत गरिएको छ ।

यस उपन्यासमा अनुराधाले बिहेको प्रतिकार गरे पनि आफै रत्नमानको घरमा पस्नु र फस्नु, प्रतिशोध वा विद्रोह गर्न नसकी मानसिक सन्तुलन गुमाउन पुग्नु तथा अन्तिममा पुनः पागल बनेर उपन्यास टुङ्गिनु लैङ्गिक सचेतना र सशक्तताका हिसाबले सघन मान्न सकिँदैन परन्तु अनुराधाको त्यो परिवेश निर्माण गर्नमा लैङ्गिक दमन र हिंसाले आधार प्रदान गरेकाले

यस उपन्यासलाई लैङ्गिक समस्यायुक्त उपन्यासका रूपमा चित्रण गर्न सकिन्छ । त्यस्तै बिहे वा स्त्रीसंसर्गबाट विमुख रहन टाढिएर गएको कोमलमानमा अनुराधाको उपस्थितिले मनोवैज्ञानिक धारणामा परिवर्तन ल्याउनुबाट उपन्यासमा विपरीत लिङ्गीय मनोयौनिकताका सन्दर्भहरू उठान भएका छन् भने अर्कातर्फ अपरिचित बिरामी नारीलाई सेवाभावले औषधोपचार गरी समर्पित हुनुलाई मानवीय संवेदनाको उपजका रूपमा पनि लिन सकिन्छ ।

संस्मरणात्मक प्रस्तुति ढाँचा रहेको यस उपन्यासलाई नारीवादी धारमा उभ्याउन मिल्दैन । पुरुषहरूमा वासना, भोक तथा यौनेच्छा अधिक हुने र पुरुष प्रधान समाजका कारणले अधिकांश नारीहरू त्यसको सिकार बन्न बाध्य भएको अवस्था चित्रण गरिएको छ । षड्यन्त्रपूर्वक गुहेश्वरीमा बिहेको योजनामा फसाउन प्रयत्न भए पनि त्यसलाई भताभुङ्ग पार्ने कामलाई ठूलै विद्रोह मान्न सकिन्छ । कुनै पुरुषबाट यौनिक हिंसाको मार खेप्नुबाट आफूलाई बञ्चित राख्नु र पुरुषको अधीन नबस्नु अनुराधाको थप पक्ष हो तथापि छुट्टै स्वत्व र सार्थक जीवन जिउन सक्षम नरहनुले लैङ्गिक समस्यालाई विशिष्ट ढङ्गले प्रस्तुत गरे पनि मूल ध्येय लैङ्गिय चेतना नभएकाले लैङ्गिक चेतनाका दृष्टिले अनुराधालाई सामान्य उपन्यासको कोटिमा राख्न सकिन्छ । विदेशमा पढ्दै गरेकी छोरीलाई षडयन्त्रपूर्वक घरमा बोलाइनु, आफ्नै बिहे पनि थाहा नपाई हुने प्रयत्न गरिनु, वस्तुका रूपमा धनी पुरुषले किनेजस्तै गरी बिहे गर्ने योजना बनाउनु, नारीहरूले पनि नारीलाई सूचित र सद्भाव राख्नुको सट्टा षड्यन्त्र गर्नु, आर्थिक लोभमा फसेर छोरीको भविष्य वर्वाद पार्नु, प्रतिशोधमूलक मनोग्रन्थि विकास हुनु, स्वत्व र स्वतन्त्र बन्ने प्रयत्न गर्नु, यौनिक रूपमा समर्पित नगर्नु आदि अनुराधा उपन्यासमा रहेका लैङ्गिक समस्या तथा सन्दर्भहरू हुन् ।

यस उपन्यासलाई तत्कालीन नेपाली समाजमा रहेको पितृसत्तात्मक समाजका कारणले विशेष सम्भावना भएका नारीहरू आफ्नो अस्तित्व रक्षा र स्वत्वको खोजीमा पितृसत्तासँग लड्दालड्दै आफ्नो जीवनलाई समाप्त पार्न बाध्य बनेको जटिल लैङ्गिक समस्यालाई उठान गर्न सक्षम उपन्यास मान्न सकिन्छ ।

पल्लो घरको भ्याल (२०१८) उपन्यासकार गोविन्दबहादुर मल्ल 'गोठाले'द्वारा लिखित मनोविश्लेषणात्मक उपन्यास हो । यस उपन्यासमा मनोयौनिकताको सन्दर्भलाई अत्यन्त सूक्ष्म ढङ्गले प्रस्तुत गरिएको छ । मानिसको यौनेच्छापूर्तिमा रहेको कुण्ठाले उसलाई अर्धचेतन अवस्थामा पनि सक्रिय तुल्याइरहेको हुन्छ भन्ने कुरा सङ्केत गरिएको छ । पुरुषले स्त्रीको मनोविज्ञान बुझ्न र सोही अनुसारको व्यवहार गर्न नसक्दा यौनेच्छाका कारणले विपरीत लिङ्गी

यौनिक मनोविज्ञानले ग्रसित बनी अन्तर्द्वन्द्वमा परेकी मिसरीको मनोयौनिक सन्दर्भलाई मूल कथ्य बनाएर यो उपन्यास तयार भएको छ ।

झिनो कथानक भएको यस उपन्यासमा सामाजिक लिङ्ग अर्थात् लैङ्गिकता सन्दर्भहरू पनि राखिएका छन् । यस्ता पक्षहरू उपन्यासमा अन्य पक्षहरू बनेका छन् । मिसरीकी भाउजूले घरको काम भ्याइनभ्याई गरिरहनुपर्ने तर उसका भाइ, दाजु तथा बाबुहरू घर बाहिर विद्यालय, जागिर तथा मनोरञ्जनमा केन्द्रित भइरहेको अवस्था देखाइएको छ । त्यस्तै मिसरीको पोइ हरिभक्त जागिरमा जाने र शिथिल भई घर फर्कने गर्छ उसले मिसरीको यौन चाहनातर्फ कुनै वास्ता गर्दैन । फलस्वरूप मिसरीमा चाहना बढ्दै जान्छ । अर्कोतर्फ हीरामानले विवाहिता मिसरीलाई पिछा गरिरहनु र अर्काकी पत्नी भइसकेकीलाई प्रेम प्रस्ताव राख्नुजस्ता व्यवहारले मिसरीको भित्री मनमा ऊप्रति द्वैध मानसिकता निर्माण हुन्छ ।

मानसिक अन्तर्द्वन्द्वका कारणले विच्छिप्त बनेकी मिसरी विपरीत लिङ्गी यौनिक आकर्षणमा फस्दै जान्छे र अन्तमा अर्धचेतन अवस्थामा नै आफ्नो विवाहित लोग्नेलाई छोडेर हीरामानसँग जान्छे । यहाँ अनेकौं पटक हरिभक्त र हीरामान कसलाई रोज्ने भन्ने सवालमा मिसरी निकै अन्यमनस्कताको अवस्थामा पुगेको देखिन्छ र अन्ततोगत्वा यौनिक मनोविज्ञान वा मनोयौनिकता प्रबल भएर देखा पर्छ र विवाहित लोग्ने छाडी बलिष्ठ र सक्षम पुरुषसँग जान्छे । एउटी यौनेच्छा र कुण्ठा बोकेकी नारीको मनोदशालाई मूल विषय बनाएर तयार पारिएको यस उपन्यास लैङ्गिक दृष्टिले नारीको मनलाई केन्द्रीय कथ्य बनाएर उसको मनोयौनिक पक्ष र अन्तर्द्वन्द्व तथा यौन सन्तुष्टिको मार्गमा अभिमुख देखाइएकाले सान्दर्भिक मान्न सकिन्छ ।

नारीमा रहेको मनोयौनिक समस्यालाई प्रस्तुत गरिएकाले यस उपन्यासलाई नारी मनोविज्ञानकेन्द्री उपन्यासका रूपमा लिन सकिन्छ । पुरुषहरूले घरकी आफ्नो पत्नीलाई यौनिक सन्तुष्टि दिनभन्दा बाहिर अन्य युवतीहरूमा मोहित हुने व्यवहारतर्फ पनि सङ्केत गर्न खोजिएको छ । लोग्नेमान्छेहरूले अन्य महिलालाई पनि आफ्नै हुन् भन्ने ठानेर व्यवहार गर्ने गर्छन् भन्ने रहस्योद्घाटन गर्दै महिलाहरूमा त्यस्ता पुरुषलाई आफ्नो अनुकूल बनाउन सहज हुने मानसिकता रहेको कुरा पनि उजागर गरिएको छ । स्वास्नीमान्छेहरू निर्धो र उपेक्षित हुने हुनाले पुरुषले गल्ती गरे पनि त्यसको सजाय महिलाले भोग्नुपर्ने पुरुषकेन्द्री सामाजिक संरचना रहेको खुलासा गरिएको छ ।

यो उपन्यास नारीमा हुने यौनेच्छा तथा मनोयौनिकता उजागर गर्न सफल छ । साथै यौन सन्तुष्टि तथा आर्थिक सम्पन्नता भएको पुरुषसँग मिसरी जानुले मनोयौनिक पक्षको विजय

देखाइएको छ भन्न सकिन्छ । तसर्थ लैङ्गिक दृष्टिले यस उपन्यासमा मनोयौनिक सन्दर्भ सघन र सूक्ष्म ढङ्गले व्यक्त भएको निष्कर्ष निकाल्न सकिन्छ ।

चम्पा (२०२४) लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको लघु उपन्यास हो । यस उपन्यासमा अनमेल विवाह, सूचना र सहमतिविना गरिने बाध्यात्मक विवाहबाट महिलाले भोग्नुपरेका समस्या, महिलाले महिलालाई नै उपेक्षा, तिरस्कार तथा घृणा गरी दुःखित तुल्याएको यथार्थ, यौनेच्छा पूर्ति हुन नसकेको मनोयौनिकताका सन्दर्भ, लोग्नेले आफ्नो अस्वस्थताका कारणले आफूलाई छोडी अन्य पुरुषको संसर्गमा जान आग्रह गरे तापनि महिलाले घर छाड्न नसकेको सामाजिक परिवेश तथा सन्दर्भ आदिको प्रस्तुति पाइन्छ । अन्ततोगत्वा लोग्नेले गृहत्याग गरेर एक्लिएकी चम्पाले घरको बुहार्तन खेप्न नसकी घर छोडेर हिँडेको अवस्थाले चम्पाको जीवनमा आइपर्ने अन्योलताको सङ्केत गरेको छ ।

पितृसत्तात्मक समाजले धार्मिक आचरण मान्दै नारीहरूमा नियन्त्रण र अन्याय गरिरहेको कुरा उपन्यासकारले व्यक्त गरेका छन् । पुरुषमा आफू नै विकल्पविहीन र सामर्थ्यवान् हुँ भन्ने कुराको भ्रम रहेको हुन्छ, त्यसैले महिलाहरूले आस्थाले कृष्णको तस्बिरलाई पूजा र सम्मान गरेको पनि स्विकार्न नसक्ने वा काल्पनिक स्वामी कृष्णलाई ठानेर यौन सन्तुष्टि हासिल गर्न उद्दत रहन्छन् भन्ने सोचाइ पुरुषमा उत्पन्न हुने कुराको सङ्केत गर्दै पुरुष मानसिकताको उजागर गरेका छन् भने अर्कातर्फ अनमेल विवाहका कारणले लोग्नेबाट यौन सुख प्राप्त गर्न नसकेपछि अर्को पुरुषको संसर्गमा जान सामाजिक मर्यादाले रोक्ने हुनाले आध्यात्मिक सोचाइ गरी कृष्णका तस्विर राखेर आफ्नो चाहनालाई तृप्त पार्ने प्रयत्न गर्नुपरेको सन्दर्भबाट मनोयौनिकताका पक्षहरू प्रस्तुत भएका छन् । चम्पाको उमेर नपुगेकाले कलिलो उमेरमा नै विवाह गरिदिन मञ्जुर नदेखिएका श्रीकान्तलाई उनकै पत्नी निशाले पितृसत्तात्मक सांस्कृतिक मान्यतालाई आड बनाएर रजस्वला नभएकी किशोरीको कन्यादान गरे मात्र स्वर्गको बाटो तयार हुने भन्ने अन्धविश्वास र लैङ्गिक हिंसाजन्य कार्य गर्न प्रेरित गर्दछिन् ।

पितृसत्तात्मक समाजको गलत परम्परालाई महिलाहरूले नै बढी मात्रामा जोड दिइरहेकाले त्यसतर्फ उपन्यासमा सङ्केत गरिएको छ । उमेर नपुगी विवाह गरी पराइ घरको नियन्त्रण खेप्नु किशोरीहरूका लागि जेल सरह हो भन्ने लेखकीय दृष्टि व्यक्त गरिएको छ । बिहे गर्नभन्दा स्वतन्त्र भएर पढ्न मनोरञ्जन गर्न आवश्यक रहेको कुरालाई उपन्यासकारले चम्पाको मनमा उठेका तरङ्गमार्फत् प्रस्तुत गरेका छन् । चम्पाका मनमा उठेका विचारहरूमार्फत् लोग्नेले पत्नीलाई गर्ने लैङ्गिक र यौनिक हिंसाका उदाहरणहरूसमेत यस उपन्यासमा व्यक्त गरिएका

छन् । विवाह गर्ने अवस्थामा केटाले केटी हेरेर निर्णय लिन पाउने तर केटीले अन्जानमै बिहे गर्न बाध्य हुनुपर्ने सामाजिक लैङ्गिक विभेदलाई पनि चम्पा र रमाकान्तको विवाहका सन्दर्भमा प्रस्तुत गरिएको छ । चम्पाको मनोबिम्बमा रहेको लोग्ने र रमाकान्तबिच कुनै तादात्म्य नभएको अवस्थामा मनले पूर्ण अस्वीकार गर्दागर्दै पनि उसैसँग बिहे गर्न बाध्य हुनुपरेको अवस्था प्रस्तुत गर्दै लोग्नेको गोडाको पानी खानुपर्ने लैङ्गिक हिंसाजन्य व्यवहार र अधीनताका सन्दर्भलाई सचेतनापूर्वक प्रस्तुत गरिएको छ । चम्पालाई लोग्नेले 'कीचक' नामकरण गरेर पत्नीमाथि पुरुषद्वारा गरिने विभेद र अत्याचारको सङ्केत समेत गरिएको छ । लोग्ने रमाकान्तले चम्पालाई अर्को विवाह गर्न आग्रह गर्नुले लैङ्गिक स्वतन्त्रताको सङ्केत गरेको हो । घरमा पेटभर खाना नदिने, शृङ्गार गरेकामा हाँसोको पात्र बनाउने, घरायसी काममा निरन्तर जोताइरहने आदि घटनाले चम्पाले आफ्नो घरलाई जेलसमान मान्नुपरेको यथार्थोद्घाटन गरिएको छ । रामकान्तले गृहत्याग गर्दा चम्पालाई लेखेको चिठीमा आफू विश्वभ्रमणमा निस्किएकाले समाज र बोक्रेधर्मका विरुद्ध लड्न आग्रह गर्दै आफू चम्पाको वास्तविक पुरुष नभएर अर्कै पुरुषको खोजी गरी स्वतन्त्र हुन अनुरोध गरेकाले लैङ्गिक स्वतन्त्रताको पक्षपोषणमा लेखक केन्द्रित रहेको अनुभव गर्न सकिन्छ ।

लोग्नेको त्यस्तो आग्रह भए पनि सामाजिक मान्यताअनुरूप घर छोड्न हुने र नहुने द्विविधामा परेको र परिबन्दमा फस्नु परेको अवस्थालाई सङ्केत गरिएको छ । लोग्नेबाट प्राप्त हुने यौन सुख र भावनात्मक स्नेह तथा माया पाउन नसक्नु र सासु लगायतका घरका व्यक्तिहरूले घरमा रोग र समस्या निम्त्याएको आरोप लगाई अपहेलना गरेका अवस्थाबाट चम्पामा जटिल लैङ्गिक र यौनिक समस्या भोग्नुपरेको अवस्थाको चित्रण गरिएको छ । जीवनको निरीहता र दुःख बाध्यात्मक अवस्था भएको, शोषण, दमन र नियन्त्रण तथा अत्याचार भोग्न बाध्य हुनुपरेका घटनाले चम्पालाई निरीह बनेको देखाइएको छ । पितृसत्तात्मक समाजका व्यक्तिले नारीलाई उपेक्षा र लाञ्छनायुक्त लैङ्गिक विभेदयुक्त शब्दहरूको प्रयोग गरी लैङ्गिक हिंसा र अधीनता निर्माण गरेको दर्साइएको छ । कीचक, बेस्से, चोथाले, सहरिया पाडी, आदि हिंसाजन्य शब्द प्रयोग गरिएको देखिन्छ । यस्तो लैङ्गिक हिंसा र उपेक्षित व्यवहार सहन नसकी घर छोडेर माइतीतर्फ लागेको घटनापछि उपन्यास समाप्त हुन्छ ।

यसरी *चम्पा* उपन्यासमा आत्मपरकता र कवितात्मक ढाँचाले विषयवस्तु व्यक्त गरिएको छ । अत्यन्त झिनो कथालाई उपन्यासको विषय बनाई चम्पाले भोग्नुपरेका लैङ्गिक समस्या र उत्पन्न भएका विभिन्न चेतनाको प्रस्तुत गर्दै यौनिक र लैङ्गिक हिंसाबाट किशोरीहरू पीडित हुनुपरेको यथार्थ उद्घाटन गर्दै देवकोटाले लैङ्गिकताका सामाजिक र धार्मिक सन्दर्भलाई समेत

प्रस्तुत गरेका छन् । त्यस्तै स्त्रीले नै स्त्रीलाई दमन, शोषण र अत्याचार गर्ने गरेकाले त्यसतर्फ सचेत रहन आग्रह गरिएको देखिन्छ । तसर्थ यस उपन्यासले लैङ्गिक समस्याको सूक्ष्म विश्लेषण गरेकाले लैङ्गिक दृष्टिले सान्दर्भिक मान्न सकिन्छ ।

आशमाया (२०२५) उपन्यासकार डी.पी. अधिकारीद्वारा लिखित निम्न वर्गकी महिला आशमायाको जीवनयापन तथा उनले भोग्नुपरेका तमाम लैङ्गिक समस्याको केन्द्रीयतामा प्रस्तुत उपन्यास अडेको देखिन्छ । निम्न वर्गका व्यक्तिहरू वर्गीय हिसाबले त समस्यामा छँदै छन् लैङ्गिक हिसाबले अझ शोषित, पीडित र हिंसाजन्य व्यवहार भोग्न बाध्य छन्, भन्ने कुराको प्रस्तुति यस उपन्यासमा रहेको छ ।

प्रस्तुतिमा स्वचालित वर्णनात्मक शैली र विचारमा प्रगतिवादी छनक पाइए पनि सामाजिक समस्याको उजागर गर्नमा नै यो उपन्यास केन्द्रित रहेको छ । परम्परित शोषक, सामन्त तथा सम्पन्न परिवार मात्र होइन आधुनिक समाजका लेखक, पत्रकार, राजनीतिज्ञ पनि शक्तिको पिछलग्गु बनेर कमजोर र निरीह महिलाहरूलाई उपेक्षा र तिरष्कार गर्ने गर्दछन् भन्ने उदाहरण प्रस्तुत गरिएको छ । महिलालाई पुरुषले यौनिक र सामाजिक हिसाबले उपयोग गर्ने साधनका रूपमा लिएका र आफ्नो स्वार्थ र अपेक्षा पूरा भएपछि पशुसरहको व्यवहार गर्न पछि पर्दैनन् भन्ने कुराको दृष्टान्तसमेत प्रस्तुत गर्दै मानवीय संवेदनाको सवाललाई पनि उपन्यासकारले उठान गरेका छन् ।

यौवन छउञ्जेल साथमा रहेको आशमायाको लोग्ने पछि अर्की पत्नी बिहे गरेर तराइमै बस्नु, छोरा छोरीको कर्तव्य र जिम्मेवारी आशमायासँग नै रहनु, जीविकोपार्जनका लागि विभिन्न घरघरमा भाँडा माझ्दै हिँड्नु, कुटुनी बुढी, कुसाइत गर्ने, बोक्सी आदि भनेर घृणा, उपेक्षा तथा हिंसाजन्य व्यवहार गर्नु, जवानीमा ठूला घरकाले गरेको यौन शोषणमा पर्नु र शिशु हत्या गर्न बाध्य हुनु, पुरुषहरूलाई मनोरञ्जन तथा सुरापानमा सम्पूर्ण व्यवस्था गरे पनि महिलालाई समस्या पर्दा पुरुषहरू शक्तिशालीकै पक्षमा लागेर अन्याय नै सहन बाध्य पार्नु, ठूला घरका महिला तथा सामान्य महिलाहरूले पनि कमजोर महिलालाई घृणा र उपेक्षा गर्नु, प्रहरी तथा प्रशासनबाट पनि बलिया र धनी पुरुषको पक्ष लिई निरीह महिलालाई बेघर बनाई अन्याय गर्नु आदि उपन्यास भित्र रहेका घटनाहरू सामाजिक र लैङ्गिक समस्या तथा हिंसाजन्य व्यवहारका उदाहरणहरू हुन् ।

उपन्यासकारले मूलतः वर्गीय समस्यालाई *आशमाया*मा व्यक्त गर्न खोजेका छन् । लैङ्गिकताको समस्या वर्गीय समस्याभित्रको विशिष्ट र संवेदनशील समस्याका रूपमा प्रस्तुत

गर्न पनि उपन्यासकार सफल देखिन्छन् । यस उपन्यासमा महिलाहरू जहिले पनि निरीह र उपेक्षित बनिरहेको वास्तविकता उद्घाटन गरिएको छ । सामान्यतया २००७ सालको सेरोफेरोका सामाजिक सन्दर्भहरूलाई प्रयोग गरेर प्रजातान्त्रिक परिवेश पनि राणाकालीन परिवेशजस्तै सामाजिक अन्याय र विभेदले ग्रस्त थियो भन्ने कुरा औंल्याउन खोजिएको छ । पुरुषहरू निरन्तर रक्सीमा मस्त भइरहने र महिलाहरूको सेवा शुश्रषा पाइरहने तथा यौनिक रूपमा हिंसा भोगिरहनुपर्ने बाध्यता रहेको औंल्याएर अधिकारीले लैङ्गिक समस्या र हिंसालाई यस उपन्यासमा सरल र स्वचालित ढङ्गले प्रस्तुत गरेका छन् । यसरी प्रस्तुत उपन्यास लैङ्गिक चेतना र वैचारिक सघनताका हिसाबले सशक्त नभए पनि लैङ्गिक तथा सामाजिक समस्याको उद्घाटन गर्नमा सफल रहेको छ भन्न सकिन्छ ।

तीन घुस्ती (२०२५) मनोवैज्ञानिक यथार्थवादी उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको प्रभावकारी उपन्यास हो । यस उपन्यासमा लैङ्गिक सन्दर्भका विविध पक्षहरू उद्घाटन गर्दै 'स्व' को खोजी र अस्तित्व निर्माणमा सचेत ढङ्गले सक्रिय रहनुपर्ने आग्रह गर्दै नारीत्व तथा नारीका समाजमनोवैज्ञानिक समस्याहरूको मिहिन विश्लेषण गरिएको छ, भने पितृसत्तात्मक समाजका पुरुषको सोचाइ र व्यवहार तथा उक्त समाजमा नारीत्व र मातृत्वका लागि नारीले भोग्नुपरेका भोगाइको चित्रण गरिएको छ ।

लैङ्गिक सशक्तता र अस्तित्व चेतना सबल रहेकाले यसका आधारमा कोइरालालाई लैङ्गिक दृष्टिले सचेत र सामाजिक परिवर्तनमा लैङ्गिक सन्तुलन तथा सशक्तीकरण आह्वान गर्ने स्रष्टाका रूपमा लिन सकिन्छ । तथापि कोइरालाको सचेत प्रयास सामाजिक र संस्थागत आग्रहमा नदेखिएर व्यक्ति केन्द्रित रहेकाले स्रष्टाको मूल ध्येय मनोवैज्ञानिक उद्घाटन हो ।

लैङ्गिक समस्या तथा सशक्तीकरणका सन्दर्भ र वैचारिक सघनता प्रस्तुत गरिएको यस उपन्यासकी केन्द्रीय पात्र इन्द्रमायाका जीवन भोगाइ र तत्सम्बन्धी घटनामा आधारित छ । लैङ्गिक समस्या र मनोविज्ञानसँगै सशक्त चेतना बोकेकी इन्द्रमायाले जीवनमा लिएका निर्णयहरू नै शीर्षकसँग सम्बन्धित छन् । पितृसत्तात्मक समाजले स्थापना गरेका सामाजिक मान्यताका विरुद्धमा इन्द्रमायाले वरण गरेका तीन ओटा निर्णयलाई घुम्ती नाम दिएर 'तीन घुम्ती' नामकरण गरेकाले उपन्यासको केन्द्रीय कथ्य र कथावस्तुको मर्म बहन गर्ने हुनाले शीर्षकलाई प्रभावकारी मानिन्छ । यौनिकताको मौलिक र प्राकृतिक व्याख्या, नारीत्व र मातृत्वको खोजीमा केन्द्रित रहेकाले विविध लैङ्गिक सन्दर्भहरूको समावेश भएको पाइँदैन । छोरीको चाहना र रोजाइ घरपरिवारबाट सम्मान र स्वीकार नहुनु पितृसत्तात्मक लैङ्गिक

विभेदयुक्त अवस्थाको चित्रण हो । इन्द्रमायाका बाबाको निर्णायक आदेशका विरुद्ध इन्द्रमायाकी आमाले निरीहता मात्र प्रकट गर्नु पनि लैङ्गिक अधीनताको अवस्था हो । त्यस्तै राजनीतिक भूमिकामा युवाहरू मात्र सहभागी र सक्रिय रहेको अवस्था पनि लैङ्गिक विभेदको स्थिति हो । शिक्षित युवती भए पनि इन्द्रमाया घर गृहस्थीमा मात्र सीमित हुनु र अध्ययनमा निरन्तरता दिन नसक्नुजस्ता लैङ्गिकताका सन्दर्भ हुन् ।

परम्परागत पितृसत्तात्मक पुरुषवादी संस्कारको छाप इन्द्रमायामा रहेको देखिन्छ । पुरुष शासक, सम्मानित, प्रतिष्ठित र आरुढ हुने तर महिला समर्पित भएको लैङ्गिक अवस्थाको उजागर गरिएको छ । पुरुषहरू बहुनारी यौनिक भावना र सम्बन्धमा रहने तर नारीहरूलाई त्यो छुट लैङ्गिक मान्यताले नदिने खुलासा गर्दै इन्द्रमाया भित्रभित्रै रमेशतर्फ आकर्षित हुनुलाई खोट लागेको सम्झनु लैङ्गिक विभेदयुक्त अवस्थाको चित्रण हो ।

इन्द्रमाया आफ्ना राजनीतिक साथीहरूसँग आनन्दित र खुसी भएको देख्दा पीताम्बरमा पुरुषवादी सङ्कीर्ण चिन्तन हावी भइ नारीलाई नियन्त्रण र अधीनमा राख्न चाहने हीनता मनोदशाले उनी ग्रसित भएको छ । पीताम्बरको नियन्त्रण र विभेदप्रति सचेत इन्द्रमायाले पुरुषले जति नारीसँग रमाए पनि हुने तर नारी एउटा पुरुषको अधीनमा मात्र रहनुपर्ने लैङ्गिक अवस्थाप्रति सबल प्रतिक्रिया जनाउनु सशक्त अवस्था हो । पुरुषहरूमा नारीलाई शोषण र पीडा दिएर आफूहरू आनन्दित हुने परपीडक मनोविज्ञान रहेको कुरा प्रस्ट्याइएको छ । बहुपत्नी सम्बन्ध पुरुषको अधिकार मानिएजस्तै आफूले पनि अन्य पुरुषतर्फ अनुराग राख्नु दोषपूर्ण नरहेको विचार इन्द्रमायाले प्रकट गर्नु तथा नारीको नारीत्व र मातृत्वसँग जोडिएका प्राकृतिक आवश्यकता तथा चाहनातर्फ पुरुषहरूले कुनै वास्ता नगर्ने तथा नारीलाई आफ्नो इच्छाअनुसार मात्र भोग्ने पुरुषको स्वार्थी र शासक प्रवृत्ति लैङ्गिक विभेदयुक्त स्थिति हो । पीताम्बर बन्दी बनेपछि व्यापार पेसा अपनाएर गुजारा चलाएकी बूढी आमाको सहयोगमा गुजारा चलाएकी इन्द्रमाया शिक्षित भएर पनि कुनै उत्पादक कार्य नगर्नु तथा रमेशको आगमनलाई देवताको आगमन ठान्नु अनि उसकै आर्थिक सहयोगमा घर व्यवहार चलाउने स्थितिले महिलाको आश्रित लैङ्गिकतालाई प्रस्ट्याएको छ ।

पतिको अनुपस्थितिमा आफ्नो यौनिक चाहना र आवश्यकता पूर्ति गर्न रमेशको यौन सम्बन्धको आग्रहलाई स्वीकार गरी पत्नीत्व, आत्मिक प्रेम तथा यौन सम्बन्धको मौलिक र सिर्जनात्मक व्याख्या गर्न सक्षम इन्द्रमाया सम्बन्धपछि पापबोध गरी पशुपति दर्शनमा जानुजस्ता कार्यहरू पितृसत्तात्मक मानसिकताको भावनात्मक दबदबा हुन् । मातृत्वको प्राप्तिमा

इन्द्रमाया सन्तुष्ट देखिनु नारीको निजी प्राकृतिक स्वभाव हो । पीताम्बरले बन्दी जीवनबाट मुक्ति पाएपछि इन्द्रमायालाई छोरी हटाउन आग्रह गर्दै उनलाई बेवास्ता गर्छन् । पुरुषहरू आफ्नो प्रतिष्ठा र कर्तव्यबाट पछि नहट्ने आडम्बरी व्यवहार प्रस्तुत गर्छन् र इन्द्रमायाले चाहेजस्तो मौलिक र सिर्जनात्मक दैहिक र आत्मिक सम्बन्धको बारेमा विश्वस्त हुन सक्दैनन् भन्ने सन्दर्भ व्यक्त भएको छ ।

इन्द्रमायाले पत्नीत्व र मातृत्व दुईमध्ये एउटा रोज्नुपर्ने स्थिति आएपछि छोरी रमालाई लिएर घर छोडेर स्वतन्त्र अस्तित्व रक्षाका लागि बाहिरिनु सशक्त तथा चुनौतीपूर्ण व्यवहार हो । आर्थिक उपार्जनका लागि विभिन्न नोकरी गर्दै रमालाई हुर्काउनु र छोरीको रोजाइमा रहेको प्रेमी युवकलाई आशीर्वाद दिएर लैङ्गिक सशक्तता र सन्तुलन अपेक्षा गर्दै सन्तानको स्वेच्छाको कदर गर्नु लैङ्गिक सक्षमता हो ।

यसरी उक्त उपन्यासमा पितृसत्तात्मक सामाजिक मान्यता बोकेको परिवार र विभिन्न पुरुषहरूबाट नारीले अधीनता, नियन्त्रण र उपेक्षा भोग्नुपरेको अवस्था चित्रण गरिएको छ भने नारीले परम्परित लैङ्गिक मूल्यका विरुद्धमा सचेत र सशक्त बनेर आफ्नो स्वतन्त्र अस्तित्व निर्माणमा लैङ्गिक चेतनासहित विभिन्न समयमा कठिन तथा चुनौतीपूर्ण निर्णय गरी पितृसत्तात्मक समाजको परम्परामाथि दरिलो प्रहार गरिएको छ । *तीन घुस्ती*मा लैङ्गिक विभेदयुक्त समाज तथा प्रवृत्ति र सचेतनायुक्त सशक्तताको मिश्रण पाइन्छ भने लैङ्गिक सशक्तीकरणतर्फ अभिमुख रहेको छ । लैङ्गिक दृष्टिले सशक्त र मनोयौनिक सन्दर्भको सचेत तथा वैज्ञानिक विश्लेषण गरिएको यस उपन्यास सान्दर्भिक तथा प्रभावकारी रहेको छ ।

अतृप्त (२०२६) उपन्यासकार लीलबहादुर क्षत्रीद्वारा लिखित उपन्यास हो । व्यक्तिमा उत्पन्न हुने कामेच्छा तथा त्यसको भोकबाट ग्रसित पुरुष चरित्रको मनोदशालाई वर्णनात्मक ढङ्गले व्यक्त गरिएको यो उपन्यास मनोयौनिक सन्दर्भलाई व्यक्त गर्न सक्षम देखिन्छ । म पात्र अर्थात् मेघराजमा रहेको कामवासनाको प्यासमा नै यो उपन्यास उनिएको छ ।

लैङ्गिक दृष्टिले हेर्दा उक्त उपन्यासमा रहेको प्रमुख पात्र मेघराज पुरुषत्व केन्द्री विचार र व्यवहार तथा नारीहरू कोमल, आश्रित, यौनिक, लज्जायुक्त, भावुक सहनशील र विनयी हुनुपर्छ भन्ने परम्परागत पितृसत्तात्मक सोच भएको यौनिक हिसाबले असन्तुष्ट पुरुष चरित्रको प्रतिनिधि पात्र हो । यस उपन्यासमा लैङ्गिक सचेतना र सशक्तता तथा सन्तुलनको उद्देश्य राखिएको छैन परन्तु कथानकको सन्दर्भअनुसार तत्कालीन समाजका लैङ्गिक तथा यौनिक सन्दर्भहरूलाई पनि उठान गरिएकाले लैङ्गिक समस्याको स्थिति पहिल्याउन सकिन्छ ।

यस उपन्यासका नारी चरित्रहरूका तुलनामा पुरुष चरित्रहरू बढी सङ्कुचित, आत्मबल नभएका र निर्णयी स्वभाव नभएका देखिन्छन् । सामाजिक मर्यादा र प्रतिष्ठाको डर पनि मान्ने तर जीवनलाई न त स्वतन्त्र ढङ्गले अस्तित्ववान् बनाउन सक्ने न त सामाजिक परिधिलाई नै परिपालन गर्न सक्ने निरीह चरित्रका रूपमा मेघराज देखिन्छ । नारीलाई नियन्त्रण गर्न खोज्नु तर नसक्नु, प्रेमिकाले बिहेको प्रस्ताव राख्दा जात तथा समाजका डरले अस्वीकार गर्नु, पत्नीले पराधीन र निरीह स्वभाव नदेखाई स्वतन्त्र, स्वच्छन्द तथा अभिमानी व्यवहार देखाउँदा चित्त नबुझ्नु र बेवास्ता गर्नु, साथीको पत्नीलाई यौनिक दृष्टिले हेर्नु र उसकै प्रस्तावमा बहकिएर भगाए पनि सही व्यवस्थापन गर्न नसक्नु, नवयौवन केटीहरूको रूपमा लोभिनु आदि घटनाहरूले पुरुष चरित्रमा रहेको दोषी मनोवृत्तिलाई सङ्केत गरेका छन् । रीताले प्रेमीसँग बिहेको प्रस्ताव राख्नु, सुधा परम्परित दमित नारीका रूपमा सीमित नबनी स्वतन्त्र र सअस्तित्व रहनु, गुमानेकी पत्नी लोग्नेको मृत्युपश्चात् अर्कै पुरुषसँग बिहे गरी जानु, आफूलाई मनपर्ने मानिस भेटेपछि आफ्नो लोग्ने छोडेर अर्को पुरुषसँग भाग्ने प्रस्ताव गरी जुनेलीले मेघराजसँग भाग्नु, दिव्याले पनि मनपर्ने पुरुषसँग बिहेको प्रस्ताव गर्नु आदि घटनाहरूले नारी अस्तित्व र सशक्तताको सङ्केत गरेका छन् परन्तु रीताको मृत्यु, सुधाको सन्यासीपनजस्ता सन्दर्भहरूले नारीचेतनाको सघन प्रभाव दिन सकेको देखिँदैन ।

जैविक हिसाबले सुधामा नारीत्वभन्दा पुरुषत्वका गुण भएको देखिनु, नारीमा आत्मसमर्पणको भावना मेघराजबाट खोजिनु, यौनिक मृगतृष्णाका कारणले युवती तथा महिलाहरूमा निरन्तर आकर्षित भइरहे पनि कुनै किसिमले तृप्त हुन नसक्नु, अर्काकी पत्नीसँग आफूले संसर्ग गर्न हुने तर आफ्नी पत्नीलाई अन्य पुरुषको संसर्गबाट पूर्ण वर्जित गर्न खोज्नु जस्ता पक्षहरूले लैङ्गिक र यौनिकताको सङ्केत गरेको देखिन्छ । बिहे भएपछि पत्नीहरू लोग्नेसँग आत्मसमर्पण गर्नुपर्दछ भन्ने भावना परम्परित पितृसत्तात्मक समाजको उपज भएको सङ्केत गर्दै उपन्यासकारले नारीको स्वत्व र स्वतन्त्रताको पक्षपोषण गर्नुपर्ने मान्यता प्रस्तुत गरेका छन् । पारिवारिक नियन्त्रण र अधीनतामा सीमित गर्न खोज्नु र सीमित हुन नचाहनुले यहाँ लैङ्गिकताको परम्परित मान्यतामा द्वन्द्व उठान गरिएको पाइन्छ । पुरुषहरू आफ्नो कामेच्छा पूर्तिका लागि साथी, परिवार तथा समाजलाई धोका दिन सक्छन् भन्ने कुरालाई पनि क्षत्रीले यहाँ व्यक्त गरेका छन् । ईश्वरीलाल र जुनेलीको पुनर्मिलन तथा गुमानेकी पत्नीको अर्को व्यक्तिसँग सम्बन्धलाई उपन्यासमा सकारात्मक सङ्केतका रूपमा लिन सकिन्छ अर्थात् परम्परित पुरुषप्रधान सामाजिक ढर्राबाट माथि उठेके अनुभव गर्न सकिन्छ । त्यस्तै जीवनलाई

सार्थक बनाउन नसके पनि मेघराजमा आएको परिवर्तन तथा प्रायश्चितबोधले पनि उपन्यासमा स्वाभाविकता पाएको छ ।

शक्तिका कारणले बलियाहरू शासक र निर्धाहरू शासित हुन पुगेको कुरा व्यक्त गर्दै क्षत्रीले पुरुषहरू शक्तिशाली भएकाले स्वाधीन, स्वतन्त्र र मुक्त भएका हुन् भने नारीहरू शक्तिहीन भएकाले पुरुषको अधीन तथा दमन खेप्न बाध्य हुन्छन् भन्ने जनाएका छन् । जैविक रूपमा पनि नारीहरूमा बल कम भएकाले उनीहरू शासित हुन बाध्य भएका छन् र यौनिक रूपमा पनि पुरुक्षका साधन मात्र बन्न विवश छन् भन्ने कुरालाई अतृप्त मा सान्दर्भिक ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासकारको मूल ध्येय नारी चेतना र सशक्तीकरण नभए पनि लैङ्गिकता र यौनिकताका विविध पाटाहरूलाई यस उपन्यासमा स्वाभाविक ढङ्गले उजागर गर्न सक्षम देखिन्छ ।

छेकुडोल्मा (२०२६) मञ्जुलद्वारा लेखिएको प्रयोगवादी उपन्यास हो । परम्परित औपन्यासिक मान्यताभन्दा भिन्न किसिमको प्रस्तुति यस उपन्यासमा रहेको छ । आत्मालापपूर्ण वर्णन गरी एउटी नारी चरित्र छेकुडोल्माका जीवन र विचारमा केन्द्रित गरिएको प्रस्तुत उपन्यासमा चेतनाप्रवाह पद्धतिको सघन प्रयोग गरिएको छ । पितृसत्तात्मक समाजका पुरुष र पुरुष प्रवृत्तिको विद्रोह गर्दै स्वत्वको खोजीमा स्वतन्त्रतापूर्ण जीवन व्यतित गर्ने विचार र व्यवहार भएकी छेकुडोल्माको सन्दर्भलाई केन्द्रीय कथ्य बनाइएको छ ।

अतियथार्थवादी छिटा तथा प्रकृतवादी भाषा र प्रतीकात्मक प्रस्तुतिले काव्यात्मक छनक दिए पनि शृङ्खलाविहीन संरचना भएको र अपूर्ण तथा अर्धचेतनका पक्षहरू प्रकट गरिएकाले उपन्यास दुरुह किसिमको बनेको छ तथापि यसमा वैचारिक सघनता, बौद्धिकता तथा अध्यायगत पृथक्तामा पनि समग्र विचार व्यक्त भएकाले उपन्यास कलात्मक रहेको छ । नारीका समस्या, विचार तथा व्यवहारको वर्णनमा केन्द्रित भएकाले नारीवादी स्वर प्रखर देखिन्छ । लेखकले आफूलाई अन्य पुरुषसरह नठान्न आग्रह गरे तापनि छेकुडोल्माले अपेक्षणीय व्यवहार देखाएको नपाउनाले छेकुडोल्मामा वैचारिक र व्यावहारिक अडान तथा समाजप्रति सघन क्रान्तिकारी विचार भएको कुरा पनि वर्णनमा उल्लेख गरिएको छ । पुरुषहरूको साक्षसीपना तथा हिंस्रक व्यवहारबाट आहत बनेर पुरुष प्रवृत्तिप्रति घृणा, तिरस्कार व्यक्त गर्दै बलात्कारी छोरा वा बलात्कृत छोरी नजन्माउने अठोट गर्दै मातृत्वको समेत अस्वीकार गरेकी नारीको दृढता प्रस्तुत गरिएको छ ।

समाजका संवेदनाविहीन पुरुषहरूले युवतीको मृत शरीरलाई पनि सम्भोग गर्ने गरेको वीभत्स र आपराधिक अवस्थाप्रति तीब्र व्यङ्ग्य र आक्रोश प्रकट गरिएको छ । नारीको वास्तविक समस्या नबुझ्ने व्यक्तिहरू आदर्श आमा वा नारीको उपेक्षा गर्छन् तर उनीहरू माथिको अत्याचार र हिंसाप्रति वास्ता गर्दैनन् भन्दै त्यस्ता लाचार र पशुवत् व्यवहार गर्ने पितृसत्तात्मक समाजको यथार्थोद्घाटन गरिएको छ । शारीरिक रूपले संसर्ग नचाहने र मानसिक सन्तुष्टि चाहने नारीको विद्रोह, निडरता तथा सक्षमताको चित्रण गर्दै नारीलाई दमन, शोषण, अत्याचार र हिंसाजन्य व्यवहार गर्ने समाजलाई छेकुडोल्माले चुनौती दिएको जनाइएको छ । पुरुषले महिलाको यौनिक शोषण गरी शारीरिक सुख र मानसिक दुःख तथा शारीरिक दुःख र मानसिक सुख दिने गरेकाले नारीको सामाजिक र यौनिक मनोवैज्ञानिक सन्तुलनमा शोषण भएको जनाइएको छ । पुरुषले महिलालाई उपभोग मात्र गर्ने गरेकाले त्यस्ता पुरुषहरूको बहिष्कार र निषेध आवश्यक रहेको विचार उपन्यासमा व्यक्त गरिएको छ ।

आडम्बरयुक्त र खोक्रो समाजभित्रका भ्रमहरू भत्काउन आग्रह गर्दै वास्तविकताको उजागर गरिएको छ । मिल्ट्रीसँगको बिहे अस्वीकार गरी समाजलाई चुनौती दिएकी छेकुडोल्माका माध्यमबाट तमाम नारीका समस्याको उद्घाटन गर्दै विद्रोह गर्ने चेतना आवश्यक रहेको सङ्केत गरिएको छ । परिवार लैङ्गिक विभेदको प्रथम संस्था भएकाले परिवारभित्रबाटै यातना, उपेक्षा तथा अन्याय हुने गरेको खुलासा गरिएको छ । कुसंस्कार, मृतपरम्परा, निर्जीव समाज र अन्धविश्वासको परिवर्तनका लागि छेकुडोल्माले विद्रोह गर्नुपरेको विचार व्यक्त भएको छ । नेपाली समाजका महिलाहरू पितृसत्ताको जाँतोमा पिल्सिएर लासरूपी शरीर र प्राणविहीन जीवन भोग्न बाध्य हुनुपरेको लैङ्गिक समस्या प्रस्तुत गर्दै कैयौं नारीले भोगेका यौनिक हिंसा र अपराधको उद्घाटन गरिएको छ । छेकुडोल्माले स्वत्व स्वतन्त्रता र अस्तित्वका लागि पुरुषसँग बिहे नगरेको जनाउँदै लोग्ने मान्छेभन्दा नारीहरूमा अझ आत्मविश्वास र दृढता रहेको कुरा व्यक्त गर्न खोजिएको छ । बिहे भनेको महिलाका लागि आत्मसमर्पण ठान्दै नियमित बलात्कृत हुनुपर्ने भएकाले त्यस्तो शोषण र हिंसामा पर्न नचाहेर स्वतन्त्रतापूर्व जीवनलाई सार्थक बनाएको विचार प्रकट गर्दै लैङ्गिक र यौनिक तथा मानवीय संवेदनाप्रति सचेत हुनुपर्ने कुरा *छेकुडोल्मा* उपन्यासमा व्यक्त भएकाले लैङ्गिक दृष्टिले यस उपन्यासलाई अपेक्षणीय मान्न सकिन्छ ।

इन्साफ (२०२७) उपन्यासकार भीमनिधि तिवारीद्वारा लेखिएको उपन्यास हो । यस उपन्यासमा विविध किसिमका सामाजिक लैङ्गिक पक्षलाई उठान गरिएको छ । तिवारीले सामाजिक परम्परागत ढर्रामा परिवर्तनको अपेक्षा गर्दै सुधारवादी विचारलाई यस उपन्यासमा

प्रस्तुत गरेका छन् । स्त्रीलाई पुरुषसरह हकदार र अधिकार सम्पन्न मान्नुपर्ने र त्यसो नभए त्यसतर्फ सशक्त बनाउनुपर्ने आवाज उठान गरिएको छ ।

पुरुषले स्त्रीलाई प्राचीन समयदेखि नै उपेक्षा गर्दै आएको र उनीहरूको भावना तथा विचारलाई कुनै स्थान नदिइएको अवस्थातर्फ सङ्केत गरिएको छ । वीरेले आफ्नी पत्नी सेतीसँग गरेको व्यवहार र मानसिक अन्तर्द्वन्द्वपछि विचारमा परिवर्तन आई सल्लाह तथा परामर्श गर्नुपर्ने आवश्यकता महसुस गरेको देखाएर उपन्यासकारले समानान्तर महत्त्वको सङ्केत गरेका छन् । नारी सशक्त बन्दै समर्थ बने भने मात्र सामाजिक विभेद र कुरीतिको अन्त्य हुने भएकाले समान भूमिका निर्वाह गर्नका लागि स्त्री र पुरुष सचेत हुनुपर्ने आवश्यकता औंल्याएका छन् । स्त्री सक्षम र पुरुष अक्षम वा स्त्री अक्षम र पुरुष सक्षम भए भने पारिवारिक संरचनामा नै एकले शासन गर्ने र अर्को शासित हुनुपर्ने अवस्था निर्माण हुने हुनाले लैङ्गिक सन्तुलनको आवश्यकता रहेको औंल्याएका छन् ।

स्त्री र पुरुष दुवै सक्षम बनी समाजलाई सुदृढ र गतिशील बनाउनुपर्दछ भन्ने प्रगतिशील विचार व्यक्त गरिएको छ । मनोरञ्जनमा पुरुष मात्र सहभागी हुने र महिलालाई घरभित्रको काममा सीमित गर्ने चलनको अन्त्य गरी अवस्था र आवश्यकताअनुसार सबै क्षेत्रमा दुबैको समान सहभागिताको अपेक्षा गरिएको छ । स्त्री र पुरुषको सहकार्यबाट मात्र सामाजिक तथा पारिवारिक समृद्धि प्राप्त गर्न सकिने र जीवन सफल बनाउन सकिने धारणा उपन्यासमा व्यक्त गरिएको छ । लैङ्गिक स्वतन्त्रता र समानताका लागि राजनैतिक स्वतन्त्रता तथा प्रजातन्त्रको महत्त्वपूर्ण भूमिका हुने कुरा जनाइएको छ । प्रजातन्त्रको उपलब्धिपश्चात् नेपालमा लैङ्गिक स्वतन्त्रता स्थापित भएको कुरालाई महन्तकाजीको व्यवहारमार्फत् व्यक्त गरिएको छ । लैङ्गिक स्वतन्त्रता कायम गर्नु भनेको स्त्री तथा पुरुषलाई समान अधिकार, सम्मान तथा स्वतन्त्रता प्रदान गर्नु भएकाले स्त्रीले पुरुषलाई उपेक्षा गरी अधीनमा राख्ने वा हेय ठान्ने र पुरुषले स्त्रीलाई उपेक्षा गरी अधीनमा राख्ने वा हेय ठान्ने गरियो भने लैङ्गिक विभेद हुने हुँदा स्त्री र पुरुषको समानान्तर स्वतन्त्रता, हैसियत, अधिकार तथा सामर्थ्य हुनुपर्ने विचार प्रस्तुत गरिएको छ । परिवर्तित समाजमा लैङ्गिक सन्तुलनका नाममा एक पक्षीय कानुन तथा संरक्षण गर्नु न्यायोचित नहुने कुरा शैलराजको विचारमार्फत प्रकट गरिएको छ । 'कानुनले स्त्री र पुरुष दुवैलाई समान दर्जा र न्याय गर्न सक्नुपर्छ, कोही कसैबाट विभेदित हुने र अन्यायमा पर्ने हुनुहुन्न तब समान न्याय पाइन्छ' भन्ने धारणा प्रस्तुत गरिएको छ ।

यसरी *इन्साफ*मा तिवारीले प्राचीन युगदेखि नै पितृसत्तात्मक सामाजिक संरचना रहेकाले पुरुषले स्त्रीमाथि शासन गर्दै आएका र बदलिंदो विश्वजनीन परिवेश तथा नेपालमा प्रजातन्त्रको प्राप्ति पछि तथा चेतनाको विकासका कारणले स्त्रीहरू र समग्र समाज सशक्त अनि सामर्थ्यवान् बन्दै गइरहेको सङ्केत गरेका छन् । त्यस्तै पुरुषले स्त्रीलाई र स्त्रीले पुरुषलाई सहयात्रीका रूपमा सहकार्य, सम्मान र स्वीकार गर्दै समान हैसियत प्रदान गर्नुपर्ने, दुवैका विचारलाई सम्मान र स्वीकार गर्नुपर्ने आवश्यकता उल्लेख गरिएको छ । घर, व्यवहार, आर्थिक उपार्जन, सामाजिक सहभागिताजस्ता पक्षमा स्त्रीलाई समान हैसियत तथा सम्मान आवश्यक रहेको औंल्याउँदै कानुन र अधिकार व्यवस्थामा स्त्रीलाई मात्र केन्द्रबिन्दु बनाउने र पुरुषलाई पूर्णतः उपेक्षा गर्ने काम नकारात्मक र भेदयुक्त प्रवृत्ति हो भन्ने धारणा राखेका छन् । स्त्री होस् वा पुरुष दुबैलाई लैङ्गिक हिसाबले घर, समाज तथा कानुनबाट सन्तुलित भूमिका उपलब्ध गराउँदा मात्र सही इन्साफ हुने कुरा औंल्याउँदै लैङ्गिक सन्तुलनको अपेक्षा गरेका छन् । परन्तु लैङ्गिक सशक्तीकरण, समता तथा मूल प्रवाहीकरणका सवालहरूतर्फ उपन्यासकारको दृष्टि पुग्न सकेको देखिँदैन ।

अनीता (२०४३) उपन्यासकार डायमनशमशेर राणाद्वारा लिखित उपन्यास हो । यस उपन्यासले राजनैतिक तथा ऐतिहासिक सन्दर्भलाई प्रमुख विषय बनाएको छ जसमा नारीको राजनीतिक सक्रियता तथा सहभागितालाई विशेष प्राथमिकता दिइएको छ । सङ्क्रमणकालीन नेपाली समाजका लैङ्गिक समस्याहरूको उद्घाटन गर्न सफल देखिने प्रस्तुत उपन्यासमा नारीहरूले पुरुषसरह सामाजिक भूमिका निर्वाह गर्नुपर्ने आव्हान गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषहरू सर्वेसर्वा भएको तथा महिलाहरूले पुरुषसँग आश्रित भएर जीवन बिताउनुपर्ने अवस्था रहेकाले आफ्नो विवाह हुने व्यक्तिका बारेमा अनभिज्ञ रहेर बस्नुपरेको यथार्थसमेत उद्घाटन गरिएको छ ।

उपन्यासकी मुख्य चरित्र अनीताले आफ्नी आमाको इच्छा मुताविक देख्दै नदेखेको हरिबहादुरलाई भावी लोग्ने ठान्नु यसको उदाहरण हो । समाजले नियन्त्रण र बन्देज गरेको महिलाहरूको सामाजिक भूमिका वा राजनीतिक जिम्मेवारीमा महिलालाई सरिक र सक्रिय बनाएर उपन्यासकारले राजनीतिक सचेतना र उत्तरदायित्वमा पुरुषसरह महिलाको आवश्यकता रहेको औंल्याएका छन् । राजनीतिक अस्थिरता, निरङ्कुशता तथा स्वार्थीपनाका कारणले समाजका नारीजाति नै सबैभन्दा बढी समस्याग्रस्त बनेको विचार प्रस्तुत गर्दै राणाले त्यसतर्फ नारीहरू सजग र सक्षम बन्नुपर्ने आवश्यकता औंल्याएका छन् । अनीताले आफ्नो अपरिचित तर निश्चित भएको भावी लोग्नेभन्दा सम्पर्कमा रहेको रमेशसँग यौनिक आकर्षण र प्रभाव देख्नु तर

उसको सान्निध्यमा जान नखोज्नुले मनोयौनिक सन्दर्भ उठान भएको देखिन्छ । त्यस्तै अनीताले शैक्षिक र पेसागत सक्षमताका कारणबाट आफ्नो पारिवारिक भूमिका निर्वाह गर्नुले सामाजिक सन्दर्भमा नारीले सन्तुलित लैङ्गिक भूमिका निर्वाह गर्न सक्छन् भन्ने देखिन्छ ।

मानवीय र सामाजिक कर्तव्यबोधमा पनि महिलाहरूले आफ्नो जिम्मेवारी सम्पूर्ण रूपले निर्वाह गर्न सक्छन् भन्ने कुराको दृष्टान्त उपन्यासमा व्यक्त गरिएको छ । अनेकौं राजनीतिक, सामाजिक तथा मानवीय जिम्मेवारी र समस्याका बाबजुत पनि आफ्नो मन मिल्ने र योग्य पुरुष रमेशसँगको मिलनले अनीतालाई एक कर्तव्यनिष्ठ, सक्षम तथा जिम्मेवार नारीका रूपमा उभ्याइएको छ, जसले कठिन पारिवारिक समस्यालाई पनि सहज ढङ्गले समाधान गर्न सफल रहेको देखिन्छ । अर्कातर्फ उपन्यासमा पुरुष र महिला पात्रहरूले एकार्कालाई प्रयोग गर्ने भाषा सम्मानपूर्ण र स्वभाविक भएकाले उपन्यासकारले भाषा प्रयोगमा समेत लैङ्गिक संवेदनशीलता र सन्तुलन कायम गर्ने प्रयत्न गरेका छन् ।

उपन्यासको मूल कथ्य लैङ्गिक चेतना नभए पनि लैङ्गिक समस्याको प्रस्तुतीकरण र लैङ्गिक भूमिका तथा सन्तुलनमा *अनीता* उपन्यासलाई उपयुक्त नै मान्न सकिन्छ । राजनीतिक क्षेत्रमा परिवर्तन र प्रगतिको कुरा भए पनि पुरुषले महिलालाई आफ्नो अधीनस्थ राख्ने, नियन्त्रित र सीमित व्यवहार गर्ने र भाषिक व्यवहार पनि अआदरार्थी प्रयोग हुने गरेको लैङ्गिक विभेदयुक्त अवस्थाको उद्घाटन गर्दै राजनीतिमा लैङ्गिक विभेद हुने गरेको खुलासा गरिएको छ । अनीता अङ्ग्रेजी पढाउने काम गरी आइतेको घरव्यवहारमा स्तरोन्नति भएको कुरा उल्लेख गरिनुले शैक्षिक र आर्थिक भूमिकामा लैङ्गिक सन्तुलनको अपेक्षा गरिएको महसुस हुन्छ । तत्कालीन शासक वर्गले आफ्नो सत्ता टिकाइराख्नसमेत नारीलाई उपयोग गर्ने प्रपञ्च गर्दथे भन्ने कुराको उदाहरण चन्द्रकान्तले अनीतालाई देखाएको लोभबाट प्रस्ट हुन्छ । समाज र राष्ट्रको समृद्धिमा पुरुषले मात्र होइन महिलाले पनि सचेत र सक्षम बनी कर्तव्य निर्वाह गर्नुपर्ने भएकाले सम्पूर्ण महिला र पुरुष राजनीतिक रूपमा चेतनशील बन्नुपर्ने आग्रह गरिएको छ । पार्टीले दिएका जिम्मेवारी र उत्तरदायित्व सफलतापूर्वक पूरा गर्ने अनीतालाई राजनीतिक सशक्तीकरणको अवस्थामा पाउन सकिन्छ ।

देशका निम्ति आफूलाई समर्पण गर्ने व्यक्ति जो पूर्ण अशक्त बनेको छ र अनीताको लोग्नेका रूपमा परिचित छ उसको सेवा शुश्रूषा तथा मानवीय कर्तव्यबोधका साथ सेवा गर्ने, पारिवारिक अभिभावकत्व निर्वाह गर्ने, राजनीतिक भूमिका सम्पन्न गर्ने र आफ्नो मनको पुरुष

साथी रमेशसँग जीवन बिताउने प्रण र लक्ष्य लिनु उपन्यासको प्रमुख चरित्र अनीताका प्रमुख भूमिका तथा कर्तव्यहरू हुन् ।

यस उपन्यासमा उपन्यासकारले पितृसत्तात्मक सामाजिक संरचनामा नारीलाई मूल चरित्र बनाएर पुरुषसरह हरेक क्षेत्रमा नारीलाई सक्षम, सक्रिय र सशक्त तुल्याउने पुरुषसरह हरेक क्षेत्रमा नारीलाई सक्षम, सक्रिय र सशक्त तुल्याउने काम गरेका छन् । त्यस्तै राजनीतिक परिवर्तनमा पनि महिलाको सहकार्य र समर्पणको सम्मान गरेकाले लैङ्गिक दृष्टिले यस उपन्यासलाई सान्दर्भिक र अपेक्षणीय मान्न सकिन्छ ।

बेचिएकी चेली (२०४५) उपन्यासकार केशव नेपालद्वारा प्रगतिवादी विचार प्रस्तुत गरी लेखिएको उपन्यास हो । वर्गीय असमानता, शोषण, उत्पीडनजस्ता सामाजिक समस्यालाई उठाइएको प्रस्तुत उपन्यासले लैङ्गिक हिंसाका वास्तविक स्रोत तथा तथ्यहरूलाई समेत उजागर गरेको छ । शोषित तथा उपेक्षित वर्गहरूको हित र सामाजिक परिवर्तनका लागि संगठित बनेर सामन्ती संरचनाका विरुद्धमा सशक्त प्रतिकार गर्न सके अन्याय र विभेदहरू हटेर जाने कुराको सङ्केत गरिएको छ ।

किशोरी तथा युवतीहरू समाजमा यौन हिंसाको सिकार बन्नुपरेको र भारतमा वेश्यावृत्तिका लागि बेचिइरहेको यथार्थको उद्घाटन गर्दै त्यस्ता घृणित कार्यमा पितृसत्तात्मक सामाजिक संरचना र सामन्ती परिवेशले भूमिका खेलिरहेकाले त्यस्ता समस्याको अन्त्य गरी समानतामूल परिवर्तित समाजको निर्माणमा नारी र पुरुष सचेततापूर्वक सङ्गठित भएर क्रान्ति गर्नुपर्ने आव्हान गरिएको छ । समाजमा रहेका लैङ्गिक समस्याको अन्त्य गर्नका लागि हरेक क्षेत्रबाट नारी र पुरुषको समानान्तर महत्त्व रहेको हुनाले सबैमा मानवीय संवेदना आवश्यक पर्ने जनाइएको छ । लैङ्गिक हिंसा र समस्याको स्रोत सामन्ती समाज भएकाले त्यस्तो समाज परिवर्तन गर्न सकेमा मात्र लैङ्गिक समस्याको समाधान हुने कुराको सङ्केत गरिएको छ ।

उपन्यासकी प्रमुख चरित्र बेन्जु षडयन्त्रपूर्वक बेचिइनु, रजनीजस्ता चरित्रले आर्थिक लोभमा परेर आफ्नै बहिनीलाई नारकीय जीवन भोग्न बाध्य पार्नु, गाउँले प्रधानदेखि लिएर राष्ट्रिय स्तरका व्यक्तिहरूसमेत किशोरी बेचबिखन र हिंसामा सहभागी हुनु, भारतको वेश्यालयमा बेन्जुले यौनिक तथा मानवीय हिंसा भोग्नु बाध्य हुनु, गाउँका अन्य किशोरीहरू पनि वेश्यावृत्तिका लागि बेचिनु, सुरक्षा नाकाहरूमा केन्द्रदेखिको मिलेमतोमा केटी बेच्ने दलालहरूलाई ससम्मान ओहोरदोहोर गर्न दिइनु आदि घटनाहरू यस उपन्यासमा रहेका प्रमुख लैङ्गिक समस्याका उदाहरणहरू छन् । त्यस्तै परम्परागत सामाजिक सामन्ती संरचनाका

विरुद्धमा विद्यालयका शिक्षक महेश तथा अन्य सहकर्मी अन्जना, ताराबहादुर, झम्कबहादुर आदिले गाउँलेलाई सचेत र सङ्गठित पारी सशक्त तुल्याउनु लैङ्गिक चेतना र सक्रियताका सन्दर्भहरू हुन् । त्यस्तै भारतमा बेचिएका किशोरी तथा युवतीहरूलाई बन्द कोठीबाट मुक्त गर्न भूमिका खेल्ने जमानसिंह सकारात्मक मानवीय संवेदनशीलता भएका चरित्र हो भने दयाराम, शीला, सरोज शर्मा, विनोदजस्ता चरित्र सामाजिक र लैङ्गिक समस्याको सुधार तथा परिवर्तनमा गहन भूमिका खेल्ने पात्र हुन् । उपन्यासमा बेचिएकी बेन्जु फर्किएर गाउँमा पुग्नु, गाउँलेलाई सचेत तुल्याउनु, महेश र अन्जनाको अधिक सक्रियतामा सम्पूर्ण गाउँलेहरू मिलेर शोषक तथा सामन्तहरूलाई पराजित गरी सफलता प्राप्त गर्नु यस उपन्यासमा रहेको प्रगतिवादी विचारको सफलता मान्न सकिन्छ ।

राजनीतिक तथा वैचारिक आग्रह अधिक रहेको यस उपन्यासले महिला र पुरुषबिचका भेदभाव र असमानताहरूको अन्त्य गर्न सकिन्छ तर हटेर होइन डटेर सामना गर्नुपर्दछ भन्ने सन्देश दिएको छ । लैङ्गिकताको मुद्दाभन्दा वर्गीय मुद्दा नै यस उपन्यासको प्रमुख उद्देश्य रहे तापनि यस उपन्यासमा राजनीतिक भूमिकामा पुरुषसँगै महिलाहरू पूर्ण सक्रिय बनेर लाग्ने हो भने सफलता अवस्यम्भावी छ भन्ने कुरालाई प्राधान्य दिइएको छ । त्यसैले आत्मविश्वास, सक्रियता, निडरता र सक्षमता प्रकट गर्दै नारीहरू पुरुषहरूलाई साथमा लिएर सामाजिक परिवतर्वनमा सहभागी हुनुपर्ने आग्रह गरिएको छ । पुरुषहरू वर्जित होइनन् परम्परावादी पुरुषप्रधान समाज दोषी हो भन्ने कुरा पनि यहाँ औंल्याइएको छ । समानता, परिवर्तन र प्रगतिवादी विचार भएका पुरुष तथा महिलाहरूको संयुक्त प्रयासबाट सामाजिक परिवर्तन सम्भव हुन्छ र सामाजिक परिवर्तनपश्चात् लैङ्गिक सन्तुलन कायम गर्न सकिन्छ भन्ने मूल कथ्य *बेचिएकी चेली*मा प्रस्तुत गरिएको छ । लैङ्गिक समस्या र समाधानका तथ्यहरू सहित सामाजिक तथा राजनैतिक भूमिकामा महिलाहरूको सक्रिय उपस्थिति, चेतना, परिवर्तन तथा सक्षमता प्रकट गरिएकाले यस उपन्यासलाई लैङ्गिक दृष्टिले सबल मान्न सकिन्छ ।

स्वर्गीय हीरादेवीको खोज (२०४५) उपन्यासकार ध्रुवचन्द्र गौतमद्वारा लेखिएको उपन्यास हो । गौतमको प्रस्तुति शिल्प तथा प्रविधि चामत्कारिक भएकाले कथानक र परिवेशको विशिष्ट उपस्थिति रहने गर्दछ । यस उपन्यास सामन्ती पितृसत्तात्मक समाजमा रहेका पुरुषहरूले महिलाहरूको शोषण कसरी गर्दछन्, त्यसको पारिवारिक संस्थागत संरचना कस्तो छ, भन्ने कुरालाई प्रमुख कथ्य बनाएका छन् ।

यस उपन्यासको भावभूमि मूलतः लैङ्गिकभन्दा पनि वर्गीय किसिमको छ । उच्च वर्गका मानिसहरूको भोग विलासमा कैयन् नारीहरूले कसरी यौनिक हिंसा बेहोर्दै जीवन समाप्त पार्न बाध्य हुन्छन् भन्ने कुराको नवीन ढङ्गले चित्रण गरिएको छ । यो उपन्यासको परिवेश एउटा घरमा मात्र सीमित भएजस्तो लागे पनि समग्र सामाजिक परिवेशलाई घरको रूपमा विशिष्टीकृत गरिएको देखिन्छ । साथै राजनीतिज्ञ र मन्त्रीहरूले समेत नारीहरूलाई के कसरी यौन शोषण गर्दै हिंसा गर्न सक्छन् भन्ने कुराको चिरफारसमेत गरिएको छ । प्रस्तुतिमा कल्पनाशीलता पाइए पनि व्यक्त कथ्य यथार्थ लाग्दछ किनकि यस उपन्यासले वरण गरेको कथानक र परिवेश कारुणिक तथा वास्तविक छ । यौन उपभोगवादी पुरुष चिन्तन बोकेका व्यक्तिहरूले सामान्य र स्वाभाविक यौवन भएका नारीहरूलाई रहस्यमय तरिकाले भोग गर्छन्; अवैध सन्तान जन्माउन बाध्य पार्छन् तथा गुमनाम बनाएर मिल्काउँछन् । फलतः त्यस्ता नारीहरू जीवनयापनका लागि जबरजस्ती वेश्यावृत्तिमा संलग्न हुन्छन् भन्ने विचार प्रकट गर्दै लैङ्गिक र यौनिक हिंसाका चरम अवस्थाहरूको चित्रण गरिएको छ ।

बाबुआमाको परिचयविनाको कुमारजस्ता चरित्रहरू तथा आशा र सोनाजस्ता स्त्री चरित्रहरूका माध्यमबाट लैङ्गिकताको वास्तविक अवस्था बुझ्न सघाउ पुग्दछ । लक्ष्मण तथा मामाहरूले गर्ने गरेका व्यवहार अनि मन्त्रीको जीवनशैलीले सामन्ती, पितृसत्तामुखी सोचाइ र व्यवहारको प्रतिनिधित्व गरेको पाइन्छ । एकजना होइन कैयौं हीरादेवीहरूको सिर्जना गरी उनीहरूलाई परिचयविहीन बनाउने कार्यलाई लैङ्गिक हिंसाको पराकाष्ठा मान्न सकिन्छ । आफ्नी पूर्व प्रेमिका कार्यालयमा आफूभन्दा माथिल्लो दर्जामा रहनुले कुमारमा उत्पन्न भएको ग्लानिबोधले पितृसत्ताको सङ्केत गर्दछ भने लक्ष्मणले सोनालाई स्नातकोत्तर पढ्नबाट बञ्चित गर्नु, स्वतन्त्र लेखनलाई बाधा पुऱ्याउनु लैङ्गिक समस्या हुन् भने मामाहरू तथा माइजुहरू मिलेर सोनाको हत्या गर्नु लैङ्गिक हिंसाको नमुना हो । थुप्रै महिलाहरूले सोनालाई प्रोत्साहित गर्नुको सट्टा अन्य पुरुषहरूको निर्देशनमा नियन्त्रण गर्नुलाई पितृसत्तामूलक सामाजिक संस्कारको उपज मान्न सकिन्छ । परिवारको नायिके ठूला बाजेले समसामयिक आवश्यकता, ज्ञान र चेतनाअनुसार चल्नुपर्छ भन्ने सचेत कथन राख्नुले लैङ्गिक सचेतनाको सङ्केत हो । आशा र कुमारबिचको यौनाकर्षण तथा क्रियाकलाप स्वाभाविक यौनिक पक्ष हुन् भने मन्त्रीसँग आशाको 'सम्बन्ध' आर्थिक सन्दर्भसँग जोडिएको पक्ष हो । त्यस्तै अनेकौं पुरुषहरू (मामाहरू) ले युवतीहरूलाई गर्ने यौनिक सम्पर्क र परिणति यौनिक हिंसाजन्य व्यवहारका उपज हुन् भन्न सकिन्छ । उपन्यासकारको मुख्य विचार लैङ्गिक र यौनिक चेतना अभिवृद्धि गर्नु नभई नेपाली समाजमा पितृसत्तात्मक सामन्ती संस्कारबाट महिलाहरू कसरी शोषित, पीडित तथा तिरस्कृत

बनेर मृत्युवरण गर्न समेत बाध्य छन् भन्ने कुरा प्रस्तुत गरी वर्गीय, लैङ्गिक तथा यौनिक अवस्थाको चित्रण भएकाले यस उपन्यासलाई लैङ्गिक अवस्थाको चित्रणमा सफल मान्नुपर्दछ ।

सहयात्री (२०४६) उपन्यासकार शीतविन्दुको प्रगतिवादी विचारप्रधान सामाजिक उपन्यास हो । राजनीतिक कथावस्तुलाई केन्द्रीय आधारसहित लैङ्गिक समस्याको विशिष्ट व्याख्या गर्दै पितृसत्तात्मक समाजको अन्त्य गर्नका लागि राजनीतिक परिवर्तनको आवश्यकता औंल्याइएको छ । नारी पात्रलाई केन्द्रीय पात्रका रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा नारी र पुरुषको सचेत सहभागिताबाट मात्र समाजमा रहेका लैङ्गिक वर्गीय तथा जातीय समस्याको अन्त्य गर्न सकिने वैचारिक सशक्तीकरणको आह्वान छ ।

नेपाली समाजका ग्रामीण जनजीवनहरूलाई मिहिन ढङ्गले उठान गरिएको यस उपन्यासमा समानतामूलक समाजको निर्माणका लागि क्रान्तिकारीहरूको विजय र सामन्तवादी समाजको पराजयतर्फ सङ्केत गरिएकाले *सहयात्री* समाजवादी उपन्यासको रूपमा स्थापित भएको छ । राजनैतिक तथा वर्गीय समस्या तथा विभेदको अन्त्यका लागि नारी र पुरुषको समान उत्तरदायित्व रहेको जनाइएको छ । तसर्थ 'सह' अर्थात् साथै/सँगै र 'यात्री' अर्थात् यात्रा गर्ने भन्ने शाब्दिक अर्थ बोकेको शीर्षकले सँगैयात्रा गर्ने साथी भन्ने भाव वरण गरेको छ । यस उपन्यासमा राजनैतिक तथा सामाजिक परिवर्तनका लागि नारी र पुरुषले सँगै सङ्घर्ष गरी सफलता हासिल गरेको देखिन्छ । पुरुषको साथी नारी वा नारीको साथी पुरुष सङ्घर्षमयी जीवनमा सहयात्री बनेर औपन्यासिक अपेक्षा वा उद्देश्य प्राप्त भएकाले 'सहयात्री' सान्दर्भिक र प्रभावकारी शीर्षक बनेको छ । त्यस्तै पितृसत्तात्मक सामाजिक संरचना भएको नेपाली समाजका लैङ्गिक सन्तुलनसहित राजनीतिक सक्रिय सहभागिताको अपेक्षा पनि प्रस्तुत शीर्षकले वरण गरेको छ ।

लैङ्गिक, वर्गीय तथा जातीय उत्पीडनको अन्त्य नारी र पुरुषको सहकार्यबाट मात्र सम्भव भएकाले कुनै समस्या वा शोषणबाट मुक्त हुनका लागि नारी वा पुरुषले निरपेक्ष विचार नराखी दुबै जातिले एकअर्कालाई सहयात्रीका रूपमा सम्मानपूर्वक व्यवहार गर्दै संयुक्त सङ्घर्ष गरेमा मात्र सफल हुन सकिने हुनाले यो प्रभावकारी शीर्षक बनेको छ । अर्कातर्फ उपन्यासका नायिका तथा नायक इन्दु र नवराज दुवैले भावनात्मक सम्बन्ध तथा वैचारिक सचेततापूर्ण एकअर्कालाई सहयात्रीका रूपमा गरेको सम्मानपूर्वक व्यवहारका कारणबाट औपन्यासिक सार्थकता प्राप्त भएकाले नारी र पुरुष सहयात्री बन्नुपर्ने आग्रह समेत स्वाभाविक देखिन्छ ।

राजनैतिक परिवर्तनले मात्र समाजका विभिन्न लैङ्गिक, आर्थिक तथा जातीय समस्याको समाधान गर्न सक्छ भन्ने प्रगतिवादी विचार प्रस्तुत भएको *सहयात्री*मा पितृसत्तात्मक सामाजिक संरचना र व्यवस्थाका कारणबाट समाजमा रहेका लैङ्गिक विभेद, हिंसा, अपराध तथा अत्याचारलाई उजागर गरिएको छ । त्यस्तै लैङ्गिक समस्याको अन्त्यका लागि लैङ्गिक चेतना र सशक्तीकरणको प्रखर आवाज व्यक्त गरिएको यस उपन्यासमा लैङ्गिकताका विविध सन्दर्भहरू उठान भएका छन् । परम्परागत समाजका लैङ्गिक विभेद र अन्याय, लैङ्गिक समानताको खोजीमा देखिएका चुनौती तथा प्राप्त सफलता गरी लैङ्गिकताका तिन महत्त्वपूर्ण अवस्था प्रस्तुत गरिएको छ । नेपाली ग्रामीण समाजमा तुलनात्मक हिसाबले लैङ्गिक विभेद र अन्यायका बढी समस्या हुन्छन् । किनभने शैक्षिक स्थिति र चेतनाको कमजोर अवस्थाका कारणले न त समानताको व्यवहार हुन्छ न त चेतनाको खोजी हुन्छ । त्यस्तै पछौटेपन बढी भएका समाजमा परम्परागत अन्धविश्वासहरू अत्यन्त बढी हुने गर्दछन् । त्यसैले त्यस्ता पिछडिएका समाजको लैङ्गिक स्तर र समानताको पहुँच बढाउनुपर्ने विचार पनि व्यक्त भएको छ ।

परम्परागत पितृसत्तात्मक मान्यता बोकेको नेपाली समाजको संयुक्त परिवारमा बुहारी अर्थात् नारीले भोग्नुपर्ने समस्याहरू, लैङ्गिक हिंसा तथा उपेक्षाका विविध अवस्था प्रस्तुत छन् । परम्परागत संस्कारबाट ग्रसित बनेका प्रौढ महिलाहरू जसले परिवारमा सासु बन्नु परेको हुन्छ उनीहरू आफूले भोगेका दुःखपूर्ण अवस्था र अन्यायसँग तुलना गर्दै परिवर्तित समयका बुहारीहरूबाट पनि सोही आचरणको अपेक्षा गर्दछन् । यसले लैङ्गिक चेतनाको अभाव तथा पितृसत्ताको सङ्कीर्ण मानसिकतालाई उजागर गरेको देखिन्छ । छोराको चाहना गर्दै अनेकौं छोरी जन्माउने तर उनीहरूलाई उपेक्षा गर्ने र अर्की महिला भित्र्याउने पुरुषवादी सङ्कीर्ण मानसिकता प्रस्तुत गर्दै नारी र पुरुषबिच समाजमा रहेका लैङ्गिक विभेदका अवस्था सूक्ष्म ढङ्गले चित्रण गरिएका छन् ।

पुरुषवादी सोचाइ भएका पुरुष यौन दुराचारीहरूले नारीलाई यौन उपभोगको वस्तु ठानेर यौनिक हिंसा र अपराध गरी हत्या गर्ने गरेका घटनाहरूको पनि उठान भएको छ । त्यस्ता लैङ्गिक र यौनिक अपराधका विरुद्ध नारीपुरुष एक भएर आन्दोलित हुनुपर्ने अवस्थातर्फ सङ्केत गरिएको छ । लैङ्गिक स्वतन्त्रता तथा जीवनको सुरक्षाको खोजी गर्दै लैङ्गिक सचेतना र सशक्तताासहितको आवाज व्यक्त भएको छ । लैङ्गिक समानता तथा स्वतन्त्रताको लडाइँमा नारी पनि पुरुषसरह सक्रिय ढङ्गले सङ्घर्षशील बन्न आग्रह गर्दै त्यसमा सक्षम रहेको जनाइएको

छ । साथै समाज र राष्ट्रप्रति नारी तथा पुरुषको समानान्तर भूमिका आवश्यक पर्ने जनाउँदै लैङ्गिक सशक्तीकरणको अवस्था उठान गरिएको छ ।

निम्न पुँजीवादी मनोवृत्ति भएका युवतीहरूका कारणबाट नै नारीले पुरुषबाट बढी लैङ्गिक अन्याय र अत्याचार गरिरहेको विचार प्रस्तुत गर्दै पुरुषको धन र गहनामा बिकेर नहिँडी नारीत्वको संरक्षण तथा अस्तित्वमा सबल बन्न आग्रह गरी सशक्त विचार व्यक्त भएको छ । पितृसत्तात्मक सङ्कीर्ण चिन्तन र स्वार्थी प्रवृत्तिका पुरुषहरूले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्नका लागि आफ्नै छोरीलाई वस्तुसरह बिक्री गरेझै गरी लैङ्गिक हिंसा गरिरहेकासन्दर्भहरू प्रस्तुत गर्दै त्यस्ता आपराधिक कुकार्यहरूको सचेततापूर्वक प्रतिवाद गर्नुपर्ने आवश्यकता रहेको औंल्याइएको छ ।

राजनीतिक तथा लैङ्गिक चेतना विकासका निम्ति सामाजिक परिवेशअनुसार त्यहाँको वस्तुस्थितिलाई आत्मसात गरेर मानिसहरूको मनोविज्ञान बुझेर उनीहरूको चेतना स्तरमा क्रमिक सुधार ल्याउनुपर्ने आग्रहपूर्ण स्थिति प्रस्तुत गरिएको छ । सकारात्मक सोचाइ र व्यवहारका आधारमा क्रमिक परिवर्तन सम्भव भएको धारणा व्यक्त भएको छ । अशिक्षित तथा पछाडि पारिएका मानिसहरूमा सचेतना वृद्धि गर्न नारी र पुरुष दुबैले समानान्तर भूमिका निर्वाह गर्नुपर्ने विचार प्रस्तुत गर्दै समाजमा पितृसत्तात्मक पुरुषवादी सङ्कीर्ण मानसिकता भएका व्यक्तिहरूले सकारात्मक रूपमा नलिने लैङ्गिक विभेदयुक्त स्थितिको समेत उजागर गरिएको छ । लैङ्गिक विभेद, अन्याय तथा अत्याचारका सन्दर्भहरू व्यक्त गर्दै यी पितृसत्तात्मक पुरुषवादी सामाजिक कुसंस्कारका परिणाम भएकाले त्यस्ता लैङ्गिक समस्यातर्फ नारी र पुरुष सजग ढङ्गले सक्रिय भई निराकरण गर्दै लैङ्गिक सन्तुलन कायम गर्नुपर्ने विचारसहित उपन्यासमा लैङ्गिकताका विविध सन्दर्भ प्रस्तुत गरिएको छ ।

सहयात्री उपन्यासमा विभिन्न लैङ्गिक हिंसा तथा सामाजिक समस्याको अन्त्य गर्न नारी र पुरुषको समानान्तर राजनैतिक सङ्घर्ष एवम् सामाजिक लैङ्गिक जागरण सफल बनेको छ । सचेतना र सशक्त विचारसहित दृढ आत्मविश्वास बोकेर समर्पित हुने हो भने जस्तोसुकै पिछडिएको समाजमा पनि परिवर्तन सम्भव हुन्छ भन्ने विचारसहित समाजको आन्तरिक सक्षमता विकासमा नारीको केन्द्रीय भूमिका हुने देखाइएकाले यस उपन्यासमा लैङ्गिक सशक्तीकरणको अपेक्षासहित लैङ्गिक सन्तुलनलाई प्राधान्य दिइएको छ ।

अतिरिक्त (२०५०) उपन्यासकार नयनराज पाण्डेद्वारा लिखित उपन्यास हो । यसमा नेपाली उपन्यास परम्परामा भिन्न प्रकृतिको चरित्र उपस्थित गराई उक्त चरित्रका मनोदशा, मनोविज्ञान

र अन्तर्मनको सूक्ष्म चित्रण गरिएको छ । स्वाभाविक सामाजिक स्वीकारअन्तर्गत पर्ने स्त्री र पुरुष प्राकृतिक लैङ्गिक संरचना र लैङ्गिकताभन्दा पृथक् प्राकृतिक लैङ्गिक संरचनाको तेस्रो प्रकृति न पुरुष न स्त्रीको तटस्थ स्वरूप, जसलाई यौनिक स्वभाव र गुणका आधारमा नपुंशक भन्ने गरिन्छ, प्रस्तुत गरिएको छ ।

नेपाली औपन्यासिक परम्परामा यस्तो तटस्थ वा तेस्रो संरचनामा केन्द्रित भएर तयार पारिएका सघन उपन्यास यसअघि प्रभावशाली बनेका भेटिदैनन् तथापि पौराणिक तथा शास्त्रीय ग्रन्थहरूमा तृतीय प्रकृतिका पर्याप्त सन्दर्भहरू भेटिन्छन् । तृतीय प्रकृति भएको एउटा व्यक्तिका अन्तर्मन, चाहना, उत्सुकता, मनोविज्ञान, पीडा आदि मानसिकताहरूको सघन प्रस्तुतिमा यस उपन्यासको प्रमुख कथ्य केन्द्रित छ । एउटा व्यक्तिका नितान्त निजी वा व्यक्तिकेन्द्रित मानसिक आरोह अवरोह तथा अन्तर्द्वन्द्वमा केन्द्रित गरिएको यो उपन्यासले तृतीय प्रकृतिका व्यक्तिहरूको अस्तित्व र पहिचानलाई समेत उजागर गरेको छ । प्राकृतिक वा जैविक रूपमा तटस्थ संरचना निर्माण हुनु र सो अनुसारको मनोविज्ञान निर्माणमा व्यक्तिगत दोष र नियन्त्रण नहुने भएकाले त्यस्ता प्रकृतिक व्यक्तिहरूलाई समाजले उपेक्षा वा घृणा गर्नु, स्वीकार नगर्नु, पहिचान र अस्तित्वमा समस्या देखाउनु आदि घटनाहरू यौनिक र लैङ्गिक उपेक्षा, हिंसा, विभेद र अन्यायपूर्ण कार्य हुन् भन्ने कुराको सङ्केत गरिएको छ । त्यसैले त्यस्ता कार्यबाट उक्त प्रकृतिका व्यक्तिहरूलाई अझ बढी पीडा थप्ने, मनोवैज्ञानिक सङ्कट उत्पन्न हुने र विभिन्न मनोदशा तथा मनोरोगबाट ग्रसित बन्न बाध्य हुने भएकाले त्यसतर्फ समानतामूलक भावना, विचार र व्यवहार आवश्यक रहेको सङ्केत गरिएको छ ।

मूलतः वर्णक र वर्णित (उनी र उनी) दुई चरित्रमा केन्द्रित यस उपन्यासमा तृतीय प्रकृति भएको बालक प्रारम्भदेखि नै विभेदको सिकार बन्दछ । आमाले छोरीका कपडामा लगाइदिने र बाबुले छोराका कपडा लगाइदिने द्वन्द्वमै परेको उक्त चरित्र बाबुको शक्तिका कारण छोराका कपडा लगाएर छोराका रूपमा बाहिरी आवरणमा देखा पर्दछ तथापि दाजुभाउजू, साथी, शिक्षक, समाज सबैले उसलाई उपेक्षा हेय र अनुगृहित चरित्रका रूपमा लिन्छन् र सोहीअनुसार हाँसोको पात्र बनाइरहन्छन् । यस्ता व्यवहारहरूले उसलाई अत्यन्त दुःखी र समस्याग्रस्त बनाउँछन् । जसका कारण उनमा हीनता ग्रन्थिको विकास हुन थाल्छ भने अर्कोतर्फ नपुंशक हुनुमा आफ्नो दोष नभएकाले समाजले उसलाई दोषी ठान्नु अर्थहीन मान्छ । त्यस्तै आफ्नो भावना, विचार, अस्तित्व र परिचय नहुनुमा खेद मान्दै स्वत्वको खोजी गरिरहन्छन् । आफ्ना भावना र चाहनाहरूतर्फ कसैले वास्ता नगरेकामा पनि अत्यन्त पीडित भैरहन्छ । यौनिक अक्षमता भएका कारणले भाउजू तथा केटी साथीले उपेक्षा गरेकामा असन्तुष्टि व्यक्त गरेको देखिन्छ । यस्तो

तृतीय प्रकृति वा तटस्थ संरचना जैविक गुण भए पनि त्यसलाई अपराधका रूपमा लिने गरिएको र मानवीय व्यवहार नगरिएकाले त्यहाँ यौनिक विभेद र लैङ्गिक हिंसाजन्य कार्य भएको छ । नपुंशकताको सामाजिक समाधान छैन स्वतन्त्र अस्तित्व आवश्यक छ भन्ने मान्यता प्रस्तुत गर्दै चिकित्सकीय वैज्ञानिक प्रविधिले उसलाई स्त्रीत्व गुणसहित स्त्रीलिङ्गमा रूपान्तरण गरिए पनि त्यसबाट मनोवैज्ञानिक सन्तुष्टि हासिल हुन नसकेको देखाएर उपन्यासकारले तटस्थ प्रकृतिलाई स्वतन्त्र अस्तित्वसहित सामाजिक मर्यादा, सम्मान र पहिचान आवश्यक भएको औल्याएका छन् । आफ्नो शारीरिक संरचनामा असन्तुष्टि राखेर कुण्ठित बन्नुपर्ने अवस्था समाजका कारणले निर्माण भइरहेको जनाइएको छ ।

मनोवैज्ञानिक सङ्कट र पीडाहरू बाँड्न नसकिने हुन्छन् जसबाट व्यक्ति कुण्ठित र विच्छिप्त बनिरहेको हुन्छ भन्ने सन्दर्भ प्रस्तुत गर्दै पारिवारिक उपेक्षा, विभेद र तिरस्कारले आफ्नो जीवनलाई बोझका रूपमा लिन बाध्य हुनुपरेको अवस्थातर्फ सङ्केत गरिएको छ । अवस्थाअनुसार यौनाङ्गको विकास हुन नसकेकाले हीनताग्रन्थि निर्माण भएको छ । तर कुनै शारीरिक अङ्गको रिक्तता वा अपूर्णता नै सम्पूर्ण व्यक्तित्व र मानव जीवनको सर्वस्व ठानेर उक्त व्यक्तिलाई अस्तित्वहीन ठान्नु जीवनको अवमूल्यन हो भन्ने सङ्केत समेत गरिएको छ । आफ्नी भाउजूमा यौनिक सन्तुष्टि प्राप्त नभएको सङ्केत प्रस्तुत गर्दै उसले आफ्नो दाजु (पूर्ण पुरुष) भए पनि त उसले भाउजूलाई यौनिक रूपमा पूर्ण सन्तुष्टि दिन अक्षम रहेको छ, तसर्थ शारीरिक संरचना पूर्ण हुँदैमा सन्तुष्टि प्राप्त हुन्छ नै भन्न नसकिने उदाहरण समेत प्रस्तुत गरिएको छ । यसबाट पूर्णता र सन्तुष्टि अलग पक्ष रहेको सङ्केत गरिएको छ । समाजबाट अनुग्रह वा दयाको भीख आवश्यक नभएको तर समान र सार्थक व्यवहारको खाँचो रहेको औल्याउँदै तेस्रो अवस्थाको पनि अस्तित्व निर्माण आवश्यक भएको जनाइएको छ । आफूभन्दा बरु कुकुरको अस्तित्व बढी भएको व्यवहार समाजबाट भोग्नु परेकाले मानवीय संवेदना पनि नभएको समाजतर्फ व्यङ्ग्य प्रहार गरिएको छ ।

तटस्थ प्रकृति भएका व्यक्तिहरूले सबैलाई आफ्नै अनुकूलतामा मात्र व्याख्या गर्ने भएकाले त्यसबाट अझ बढी मनोरोगी बन्न विवश हुनुपरेको जनाउँदै त्यस्तो अवस्थाका व्यक्तिलाई सामाजिक हौसला र सद्व्यवहार आवश्यक भएको जनाइएको छ । वैज्ञानिक प्रविधिबाट स्त्रीमा परिवर्तन भए पनि मनोवैज्ञानिक रूपमा उनी स्त्री बन्न सकेको देखिँदैन बरु आफ्नै दाजुबाट बलात्कार भएर थप लैङ्गिक र यौनिक हिंसा खेप्न बाध्य भएकाले प्राकृतिक वा जैविक रूपमा जुन प्रवृत्ति लिएर जन्मिएको हो सोही प्रकृतिलाई अस्तित्ववान् र स्विकार्य बनाउँदै स्वतन्त्र पहिचान र जीवनको आवश्यकता भएकाले त्यसतर्फ उपन्यासकारले सङ्केत गरेका छन् ।

यसरी *अतिरिक्त* सर्वसामान्य मानव र उनीहरूले भोग्नुपरेका जीवनभन्दा पृथक् प्रकृति र जीवन भएका व्यक्तिहरूमा केन्द्रित उपन्यास ठहरिन्छ । यसबाट तृतीय प्रकृतिका लैङ्गिक र यौनिक गुण भएका व्यक्तिहरूलाई स्वतन्त्रतापूर्वक सम्मानित र समानतामूलक जीवन निर्वाहको वातावरण सिर्जना गरिनुपर्दछ भन्ने लैङ्गिक र यौनिक चेतना र वास्तविकता उजागर गर्न सफल उपन्यासका रूपमा लिन सकिन्छ । यौनिक अल्पसङ्ख्यकका मनोविज्ञान र जीवन तथा उनीहरूले भोग्नु परेका लैङ्गिक विभेद, हिंसा, जटिलता तथा समस्याहरूको सघन चित्रणमा उपन्यासकार सफल भएका छन् ।

त्रिदेवी (२०५१) उपन्यासकार मदनमणि दीक्षितद्वारा लिखित नारीहरूको नेतृत्व र सक्रियतामा समाज परिवर्तनको चेतना र उपलब्धिका सम्भावनाहरूको दार्शनिक मान्यता तथा विचार प्रकटनमा सघन देखिएको उपन्यास हो । नेपाली राजनीतिक सन्दर्भको प्रजातन्त्रकालीन परिवेशलाई प्रमुख पृष्ठभूमि बनाइएको यस उपन्यास लैङ्गिक सशक्तता तथा सन्तुलनका हिसाबले समेत ओजिलो बनेको छ ।

नेपाली समाजका तमाम लैङ्गिक समस्याहरूको उठान गरी नारीपुरुषको समान सहभागिताबाट सामाजिक रूपान्तरणमा भूमिका खेल्न सकिन्छ भन्ने विचार प्रकट गरिएको छ । त्यस्तै वैवाहिक सम्बन्ध निर्माणमा छोरा हुन् वा छोरीलाई चयनको स्वतन्त्रता दिनुपर्छ भन्ने परिपक्व मानवीय बौद्धिक विचार प्रकट गरिएको छ भने परिबन्दले वा दुर्घटनाका कारणले बिहे भएको तिन दिनमै अर्थात् लोग्नेको यौनिक संसर्ग प्राप्त गर्न नपाउँदै विधवा बनेकी युवतीमा उत्पन्न यौनमनोविज्ञानले उत्पन्न गरेका यौनिक मनोदशा र व्यवहार समयान्तर तथा जीवनबोधका कारण आफूलाई संयम तथा उत्तरदायी बनाएर समाज परिवर्तनमा अग्रणी भूमिका निर्वाह गर्न सक्षम युवतीका पक्षहरूलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । त्यस्तै श्रीमान् पत्नीमा एकापसमा समान अस्तित्वबोध र सम्मानको भावना भएको खण्डमा पारिवारिक सन्तुष्टि प्राप्त गर्न सकिन्छ भन्ने विचार समेत प्रस्तुत गरिएको छ ।

राजनीतिक तरलतामा विभिन्न हृदयभेषी व्यक्तिहरू क्षणभरमै स्वार्थपूर्तिका लागि ठूला क्रान्ति र परिवर्तनका कुरा गर्दै शासन सत्ताको बागडोर सम्हाल्न पुगेका र नारीहरूको सशक्त र वैचारिक सघनताका कारणले प्रायश्चितबोध गरी सत्मार्गमा आएका सन्दर्भले पनि उपन्यासमा प्रश्रय पाएका छन् । त्यस्तै शिक्षाको क्षेत्रमा नारी सशक्तता तथा आर्थिक अनि राजनीतिक क्षेत्रमा नारी सक्षमताजस्ता विषयलाई अत्यन्त सन्तुलित ढङ्गले प्रस्तुत गरी सामाजिक उत्तरदायित्व, कर्तव्य तथा अधिकारका क्षेत्रमा लैङ्गिक सन्तुलनलाई सोद्देश्यपूर्ण ढङ्गले

प्रस्तुत गरिएकाले उपन्यासकार दीक्षितमा लैङ्गिक सन्तुलनयुक्त विचार र नारीको उच्च सम्मानमूलक भावना प्रकटित देखिन्छ । राणाकालीन समयमा हुने यौनशोषण र लैङ्गिक विभेद, जमिन्दारीप्रथाजस्ता पक्षहरूको पनि सङ्केत गरिएको छ । प्रागऐतिहासिक कालमा मातृसत्तापछि स्थापना भएको पितृसत्ताका निर्धारक र पण्डितहरूले पुरुषलाई प्रमुख र स्त्रीलाई उपेक्षित बनाएका सन्दर्भहरू उल्लेख गरेका छन् ।

लैङ्गिक परिवर्तन र सन्तुलन कायम गर्न एक्कैपटक सम्भव नहुने भन्दै घरघरबाट नै सचेत र सक्षम बन्नुपर्ने आग्रह गरिएको छ । स्मिता, नालायनी, सौदामिनी तिन जना नारीहरूको जीवन, विचार, व्यवहार तथा समाजप्रतिको उत्तरदायित्वबोधमा मूलतः उपन्यासको कथ्य अडेको छ । यी तिन नारीलाई पूर्ण सहयोग पुऱ्याउने सुद्युम्न र शम्भुले नारीलाई गरेको सहयोग, सम्मान तथा दिएको स्वतन्त्रता उदाहरणीय मान्न सकिन्छ । त्यस्तै नालायनीकी मुमा (ललिता सुन्दरी)को विचारमा आएको परिवर्तन तथा पछिल्लो पुस्ता मेना, उतङ्क, अचल, दीव्या आदिका व्यवहारमा रहेको सचेत तथा सन्तुलित व्यवहार पनि अपेक्षणीय रहेको छ । उच्च वर्गीय वा सम्पन्न परिवारका सदस्यहरूमा केन्द्रित कथानक भएर पनि हुन सक्छ शिक्षा, आर्थिक पक्ष, सामाजिक प्रतिष्ठा, राजनीतिक भूमिका जेजति सामाजिक व्यवहारहरू हुन्छन् ती सबैमा नारी र पुरुष दुबैलाई समान महत्त्व दिइएको छ । पुरुषले नारीलाई र नारीले पुरुषलाई सम्बोधन गर्दा प्रयोग गरिएको भाषा पनि लैङ्गिक दृष्टिले सन्तुलित र स्वाभाविक रहेको छ । नालायनीका पूर्ववर्ती व्यवहारहरूको मनोयौनिक उद्घाटन गर्दै फ्रायडवादी यौनमनोविज्ञानलाई सूक्ष्म ढङ्गले व्यक्त गरिएको छ ।

*त्रिदेवी*मा व्यक्त लैङ्गिक सशक्तता र उपलब्धि केही वैचारिक आग्रह तथा लेखकीय सचेतनाका परिणाम भएकाले दार्शनिक ज्यादा र सामाजिक कम महसुस हुन्छ तथापि विचारप्रधान दार्शनिक महत्ता बोकेका उपन्यासमा यस्तो गुण अपेक्षित मानिन्छ । नारीलाई देशका सौन्दर्य, संस्कृति, सिर्जनात्मक काम र शक्तिका रूपमा व्याख्या गर्दै नारी क्षमताको सम्मान गरिएको छ । बहुदलको पक्षमा गाउँगाउँमा पुगेर स्मिताले राजनीतिक चेतना र अधिकारका पक्षहरूमा पुरुषहरूसँग सहकार्य गर्दै हिँडेको देखाएर राजनीतिक भूमिकामा महिलालाई सशक्त बनाइएको छ । त्यस्तै प्राध्यापन पेसामा स्मिता र सुद्युम्नको समानान्तर सहभागितालाई पनि उदाहरणीय मान्न सकिन्छ । फलस्वरूप पेसागत र आर्थिक सवालमा लैङ्गिक सन्तुलन कायम भएको छ । नालायनीले बालक अचललाई चुम्बन गर्नु, छातीमा टाँस्नु, उसका मोजालगायतका कपडाहरू आफ्ना छातीमा घुसार्नु, विभिन्न पुरुषहरूका सामान चोरी

लुकाउनु, आफ्नो नग्न तस्विर ऐनामा हेर्नु आदि घटनाहरू यौनमनोविज्ञान, यौनकुण्ठा, अर्धचेतन आदिका उदाहरणहरू हुन् ।

विधवा नारीले सिन्दूर लगाएर रङ्गीन साडीहरूमा देखापर्नु परम्परागत लैङ्गिक विभेदयुक्त समाजलाई दिएका चुनौती र सशक्तताका उदाहरण हुन् । नेपाली महिलामाथि हुने विभिन्न लैङ्गिक र यौनिक हिंसामा परम्परागत पितृसत्तात्मक समाज र पुरुषहरू नै बढी जिम्मेवारी भएकाले प्रत्येक पुरुषले लैङ्गिक समानता र सन्तुलनको व्यवहार गर्न सकेको खण्डमा नारीहरू समस्याग्रस्त हुन नपर्ने सङ्केत गरिएको छ । खराब व्यवहारमा सक्रिय सौम्यराजमा परिवर्तन र सद्विचारको अपेक्षा गर्दै स्मिताले गरेको प्रयास अन्ततोगत्वा सफल हुनुले पनि नारीको शक्ति र सक्षमतालाई प्रकट गरेको देखिन्छ । नेपाली समाजमा पुरुषले महिलामाथि विभेद र अत्याचार गरेको पाइएकाले त्यसतर्फ सचेत हुन आग्रह गरिएको छ भने श्रीमान् पत्नी लगायत परिवारका सदस्यहरूसँगै बसेर समाजको अवस्था र परिवर्तनप्रति खुला छलफल गर्नु, सँगै मनोरञ्जन गर्नु र ह्विस्की खानु पनि सन्तुलनका सङ्केत हुन् तर यसलाई वर्गीय आचरणमा सीमित गर्नुपर्ने अवस्था अद्यापि रहेको छ । सुद्युम्न र शम्भुजस्ता पुरुष चरित्रहरूले देखाएका वैचारिक र भावनात्मक सम्मान तथा सामाजिक कार्यलाई लैङ्गिक हिसाबले उपयुक्त र सफल मान्नुपर्दछ । त्यस्तै मेना र अचल तथा उतङ्क र दीव्याको विवाह उनीहरूकै चाहना बमोजिम गराइनु पनि सकारात्मक पक्ष मान्नुपर्दछ ।

राजनीतिक सङ्क्रमणले देशलाई अस्थिर र समाजलाई अधोगतितर्फ धकेलेको, सामाजिक सांस्कृतिक तथा प्राकृतिक पक्षहरूमा जनचासो नभएको, समाजमा चेतना, अनुसन्धान र बौद्धिक आचरणको अभाव भएको र वैचारिक सघनता नभएकाले सामाजिक रूपान्तरणमा उपर्युक्त पक्षहरूको उच्च महत्ता हुने भएकाले सामाजिक उत्तरदायित्वपूर्ण भावनाको विकास गर्न पुस्तकालयको स्थापना गरी त्यसमै विभिन्न अध्ययन र अनुसन्धान विकास गर्नुपर्ने अपेक्षासहित स्मिता, नालायनी, सौदामिनी, सुद्युम्न, शम्भु आदिले ज्ञान र चेतनालाई विस्तार गरेको र सफलता हासिल गरेको देखाइएको छ । यस कार्यलाई सबैले सकारात्मक सहयोग र सम्मान गरेको पनि देखाइएको छ ।

यसरी *त्रिदेवी*मा उपन्यासकारले नारीहरूको अग्रणी भूमिकाले समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले पुरुष र महिलाको समान सहभागितामा वैचारिक चेतना बढाउँदै लैङ्गिक सन्तुलनमा दार्शनिक चिन्न प्रस्तुत गरेका छन् । तसर्थ लैङ्गिक दृष्टिले प्रस्तुत उपन्यासलाई प्रखर र प्रभावशाली मान्न सकिन्छ ।

तरुनी खेती (२०५३) सरुभक्तद्वारा लिखित प्रयोगवादी उपन्यास हो । यस उपन्यास नेपाली समाजका पुरुषहले महिलालाई उपभोगका साधन र क्रयविक्रयका वस्तुका रूपमा प्रयोग गरिरहेको लैङ्गिक विभेद र समस्यायुक्त सन्दर्भलाई केन्द्रीय कथ्य बनाइएको छ । पात्र विधान र प्रस्तुतिमा अत्यन्त नवीन र चामत्कारिक शैली अपनाइएको छ जहाँ मानवलाई प्रकृतिका रूपमा चित्रित गरिएको छ ।

खास गरी महिलालाई खेत, बारी तथा बोटबिरुवाका रूपमा प्रस्तुत गरिएको छ । यसलाई प्रतीकात्मक व्यङ्ग्यात्मक तर वास्तविक प्रस्तुति मान्न सकिन्छ । पितृसत्तात्मक संस्कार बोकेका पुरुषहरूले गर्ने व्यवहार र सम्बन्धित सामाजिक सन्दर्भहरूलाई कलात्मक ढाँचाले प्रस्तुत गरिएको छ । लैङ्गिक सचेतना र वैचारिक सघनताको प्रस्तुति नभए पनि लैङ्गिक समस्याको उजागर गर्दै त्यसतर्फ व्यङ्ग्यात्मक प्रहार गर्दै सुधारात्मक सङ्केतको छिटासमेत पस्किएको यस उपन्यासमा यौनिकता र लैङ्गिकताका पक्षहरू दर्साइएका छन् । परस्त्रीतर्फ आकर्षित हुनु र यौन व्यभिचार गर्नु पुरुषहरूको नियमित चर्चा बनेको देखाइएको छ । उनी अर्थात् उपन्यासको पुरुष पात्रले तरुण वृक्ष अर्थात् नवयौवना किशोरीहरूलाई लुछ्ने कोपर्ने तथा निमोठ्ने गरेको र आफ्नी पत्नी अर्थात् खेतको यौनिक आकाङ्क्षा, मनोविज्ञान र चाहनाको पूर्ण वेवास्ता गर्दै उपभोग मात्र गरिरहेको सङ्केतबाट पुरुषले महिलामाथि गर्ने यौनिक आचरण र शोषणको प्रस्तुति गरिएको छ ।

त्यस्तै पुरुषहरू आफ्नी पत्नीमाथि जङ्गली व्यवहार वा बाघजस्तै बनेर यौनिक दारा धस्ने मनोवृत्ति र प्रवृत्तिका भएको कुरालाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । स्त्री वा परस्त्रीमाथि विभिन्न पुरुषले यौनिक दृष्टि राख्नु उनीहरूको अधिकार वा दैवी शक्ति नै प्राप्त भएको भन्ठान्ने पुरुषहरूको मानसिकताको सूक्ष्म विश्लेषण समेत गरिएको छ । भ्रुण निर्माणमा पुरुषले आफूमा कमजोरी भए पनि महिलामा त्यसको दोष थोपर्ने गरेको र त्यसलाई आधार बनाएर अर्की स्त्रीसँग बिहे गर्ने गरेको तथ्य खुलासा गर्दै त्यस्ता पक्षको जैविक र वैज्ञानिक प्रयोगात्मक विश्लेषणको आवश्यकतातर्फ सङ्केत गरिएको छ । स्त्रीका विभिन्न यौनिक चाहना र आवश्यकताको अवमूल्यन गरिरहेकाले त्यस्तो मानसिकता भएका पुरुष प्रवृत्तितर्फ व्यङ्ग्य प्रहार गरिएको छ । छोराको अपेक्षा बढी भइरहने विभेदयुक्त समाजका पुरुषहरू छोरी जन्मिनासाथ दुःखी हुने र शिशुहरूको उपेक्षा गर्ने गरेको जनाइएको छ । त्यस्तै छोरीलाई कर्तव्य र छोरालाई सुखका रूपमा लिने गरिएको सामाजिक चिन्तनलाई पनि उजागर गरिएको छ । छोरीलाई वस्तुसरह किनबेच गर्ने सामाजिक सांस्कृतिक परिपाटीतर्फ लक्षित गर्दै आक्रोश समेत व्यक्त गरिएको छ ।

पसलमा राखेको सामानसरह छोरीहरू व्यवहृत भइरहेको सामाजिक अवस्थाको उद्घाटन गर्दै त्यस्ता बेच्नेहरूले बोटका रूपमा र किन्नेहरूले खेतमा रूपमा उपभोग गरिरहेकाले व्यक्ति एउटै भए पनि दृष्टि मात्र भिन्न भएको जनाउँदै वस्तुका रूपमा होइन मानवीय मूल्य र समानताका साथ स्त्रीलाई पुरुषसरह समाजले व्यवहार गर्नुपर्ने विचार प्रकट गरिएको छ । जवानीमा रहेका छोरीहरूलाई समाजका पुरुषरूपी डाँकुहरूले बलात्कार गर्ने गरेको लैङ्गिक र यौनिक हिंसा र अपराधका पक्षहरूमा पनि सङ्केत गरिएको छ । प्रेमी केटाका माध्यमबाट स्त्रीलाई वस्तु ठान्ने प्रवृत्ति सामन्ती र पुरुषहरूको परम्परागत भोगवादी चिन्तन भएकाले त्यसको निर्मूल गरी परिवर्तनको अपेक्षासहित समता, सम्मान र मानवीय मूल्य प्रदान गर्नुपर्ने विचार प्रकट गरिएको छ । चरित्रलाई प्रेमी चरित्रले परम्परावादी पितृसत्ता र भोगवादी चरित्रको प्रतिनिधि ठहऱ्याएको छ भने स्त्रीहरू पनि वस्तुका रूपमा, राक्षसी प्रवृत्तिको भोग्याका रूपमा र खेतका रूपमा सहेर बसिरहन नहुने विचार राख्दै सचेत हुन र सशक्त बन्न आग्रह गरिएको छ ।

*तरुनी खेती*मा सरुभक्तले यौनाङ्गवादी परम्परागत रीतको परिवर्तन गर्न सकेमा मात्र मानवीय समानता र मूल्यको स्थापना हुन सक्ने विचार प्रस्तुत गर्दै लैङ्गिक समस्याको मूलकारण पितृसत्ता हो र यसको परिवर्तनमा पुरुष र महिला सचेत बनेर लाग्न सकेको खण्डमा लैङ्गिक सन्तुलन सहित मानवीय मूल्यको स्थापना गर्न सकिन्छ भन्ने विचार व्यक्त गरेकाले लैङ्गिक दृष्टिले यस उपन्यासलाई उपयुक्त मान्न सकिन्छ ।

नन्दिता (२०५९) प्रदीप नेपालद्वारा लिखित उपन्यास हो । वि.सं. २०४० को दशक वरपरको नेपाली समाजको परिवर्तित सन्दर्भ तथा त्यस समयमा व्यक्तिमा उत्पन्न निम्न पुँजीवादी चिन्तनको प्रभावमा परेर पुरुषले देखाएको व्यवहार र प्रवृत्ति तथा नारीहरूले भोग्नुपरेका समस्या, नारीमा विकास भएको शैक्षिक जागरण, नारीले निर्वाह गरेको उत्तरदायित्व तथा पुरुषका प्रवृत्तिमाथि चुनौती, स्वतन्त्रता र नवीन क्षितिजको सङ्केतमा उपन्यास केन्द्रित रहेको छ ।

उपन्यासकी प्रमुख चरित्र नन्दिता शिक्षित र सक्षम बनी प्राध्यापन गर्नु शैक्षिक, सामाजिक तथा आर्थिक क्षेत्रमा नारीको सक्षमता हो । त्यस्तै नानु र उनकी बहिनी डाक्टर बन्नु वा बहुविवाहको स्थिति आउनु, नन्दितालाई उपेक्षा गर्नु, घरायसी व्यवहारमा निरपेक्ष रहनु, पारिवारिक सम्बन्ध तथा संवेदनामा विमुख देखिनु, परिवर्तनलाई पचाउन नसक्नु, भ्रष्टाचार र आचरणमा खस्कँदै जानु आदि व्यवहारले पुरुषमा विकास भइरहेको निम्न पुँजीवादी प्रवृत्तिलाई उजागर गरेको देखिन्छ । नानुले आमालाई चिठी लेखेर बाबुबाट अलग्गिन आग्रह गर्नु, रजनीले

रामचन्द्रलाई घरबाट निकाल्नुपर्छ भन्ने धारणा राख्नु, बाबुले छोरा रामचन्द्रलाई छोडेर भए पनि बुहारी नन्दिताको साथ दिई उनकै पक्षमा निर्णय सुनाउनुजस्ता सन्दर्भले परिवर्तित समाज नारीको सक्षमता, आत्मविश्वास, स्वतन्त्रता र सफलतालाई जनाएका छन् । उपन्यासकारले नन्दिता उपन्यासमा उत्तरआधुनिक समाजका पुरुषमा देखिएका स्वार्थी प्रवृत्ति र व्यक्तिवादी चिन्तन तथा सामाजिक सम्बन्धबाट विमुखताको स्थिति उत्पन्न हुन पुगेको विषयलाई मूल कथ्य बनाएको भए पनि नन्दिताका पक्षमा अधिकार र उत्तरदायित्व प्रदान गरेकाले लैङ्गिक चेतना र सक्षमताका सन्दर्भहरू सघन बनेको पाउन सकिन्छ ।

नानुले आमालाई बाबुसँग चुनौती दिएर अलग रहन आग्रह गरेकी छन् जसमा घर नै त्यागी दिएर पुरुषको स्वार्थी प्रवृत्तिमा प्रहार गरेको अनुभव गर्न सकिन्छ । तत्कालीन समाजमा सहरिया परिवेशमा वेश्यावृत्ति बढेकोप्रति लेखक आक्रोशित छन् । महिलाहरूलाई किन वेश्यावृत्तिमा संलग्न गराइन्छ वा बाध्य पारिन्छ भन्ने बारेमा कुनै सङ्केत दिएको भने देखिंदैन । त्यस्तो व्यभिचारी समाजमा पुरुषले कुनै दुःख वा दोष भोग्न नपर्ने तर त्यसका चपेटामा नारीहरू पर्नुपरेको यथार्थोद्घाटन गरिएको छ । परिवर्तित समाजका बाबुआमाले पनि छोरी र बुहारीमा भेद नगरी छोरा र छोरी सबैलाई शैक्षिक सक्षमता प्रदान गरी योग्य र दक्ष व्यक्ति बनाउनुपर्दछ भन्ने लैङ्गिक सन्तुलनको सन्दर्भ प्रस्तुत गरिएको छ । छोरी भए पनि छोरा भए पनि सन्तान समान भएकाले छोराको खोजीमा नलागी नन्दिताले दुई छोरीबाट नै सन्तुष्टि प्राप्त गरेको देखिनु पनि लैङ्गिक समानता र चेतनाको सन्दर्भ मान्नुपर्छ । घर व्यवहारको व्यवस्थापकीय उत्तरदायित्व छोरामा रहने परम्परित अवस्थामा उपन्यासकारले त्यसलाई बदलेर नन्दितामा सम्पूर्ण सक्षमता उतारिदिएका छन् जुन लैङ्गिक हिसाबले सशक्त र सक्षम अवस्था हो । नन्दितालाई रामचन्द्रको उपस्थितिमा भन्दा अनुपस्थितिमा स्वतन्त्रता, सन्तोष र सहजता प्राप्त भएको देखाइएको छ जसबाट पुरुषको अधीन, नियन्त्रण र उपेक्षाले नारीमा उत्पन्न स्वत्वको खोजी र जीवनको मौलिकता प्रस्तुत गर्दै पुरुषविनाको सामाजिक मनोविज्ञानलाई प्रस्तुत गरिएको छ । घरको व्यवस्थापनमा जसको बढी भूमिका र आवश्यकता छ उसलाई सम्मान र कदर हुनुपर्ने अपेक्षा गर्दै रामचन्द्रलाई घरबाट बाहिर पठाउने पारिवारिक मनोविज्ञान निर्माण हुनु पनि परम्परागत सामाजिक संस्कार र अधिकारको सन्दर्भलाई चुनौती दिएको अनुभव गर्न सकिन्छ ।

पुरुषप्रधान समाजमा परम्परित मनोवृत्ति बोकेका पुरुषहरूले नारीको स्वतन्त्र पहिचान, सामाजिक भूमिका तथा आर्थिक सक्षमतालाई स्वीकार गर्न नसकेकाले पारिवारिक जटिलता उत्पन्न हुन पुगेको सङ्केत गर्न खोजिएको छ भने त्यस्ता प्रवृत्तिको निरुत्साहन गर्न आवश्यक

भएकाले बाबुको निर्णायात्मक प्रस्तुतिलाई आधार बनाएर उपन्यासकारले परम्परागत मनोवृत्तिमा परिवर्तन गर्दै लैङ्गिक सन्तुलनको अपेक्षा गरेकाले यस उपन्यासलाई लैङ्गिक दृष्टिले सन्तुलित मान्न सकिन्छ ।

राधा (२०६२) उपन्यासकार कृष्ण धरावासीद्वारा लेखिएको पौराणिक मिथकको विनिर्माण गरी तयार पारिएको उपन्यास हो । पौराणिक कथाकी राधा र कृष्णको सन्दर्भलाई समकालीन समाजमा रहेका लैङ्गिक समस्याहरूको प्रकारान्तरले उठान गरिएको छ भने राधाका माध्यमबाट लैङ्गिक सचेतना र सङ्केत प्रकट गरे तापनि प्रस्ट नारीवादी सशक्तता र लैङ्गिक सघनता तथा सन्तुलनको अभाव देखिन्छ । तसर्थ यस उपन्यासमा वैचारिक प्रखरताभन्दा पनि समस्याको सूक्ष्म व्याख्या गरिएको छ ।

पौराणिक साहित्य तथा सांस्कृतिक र धार्मिक क्षेत्रमा चर्चित महाभारतका चरित्रहरूलाई पौराणिक तथा मौलिक चित्रण गरी प्रस्तुत गरिएको यस उपन्यासको कथनशैली पनि आकर्षक देखिन्छ । राधाको पुननिर्माण गरी लेखकले राधामा लैङ्गिक सशक्तता र सक्षमता प्रकट गर्ने प्रयत्न गरे पनि मनोवैज्ञानिक विचलन तथा वैचारिक तरलता देखाएर अपेक्षणीय चारित्रिक गुण भर्न सकेका छैनन् । यद्यपि पुरुष पक्षीय पौराणिक कथामा विनिर्माणको प्रयोग गरी नारी केन्द्रित कथानक बनाई यावत लैङ्गिक समस्या उजागर गर्नु सकारात्मक पक्ष मानिन्छ । **राधा**मा वृषभानुले आफ्नी छोरी राधाका कारणले समाजबाट आएको उपेक्षालाई स्वीकार गर्दै आफूले गाउँको प्रधान पद छोड्न तयार भएको देखाइएको छ, यसबाट नारीको स्वतन्त्रताको हक तथा सम्मान व्यक्त गरिएको देखिन्छ । कृष्ण स्वतन्त्रतापूर्वक घुमफिर र मनरञ्जन गरे तापनि नारी भएका कारणले ब्रजका युवतीहरू नियन्त्रित भएको प्रसङ्गले लैङ्गिक विभेद र समस्यालाई उजागर गरेको छ । राधाकी आमा कलावतीले छोरीको निर्णय र व्यवहारको सम्मान गर्दै आफूले त्यस्तो आँट गर्न नसकेको जनाउनुले चेतनाको सङ्केत गरेको छ । समाजमा पत्नी, छोरी वा अन्य सदस्यको भूमिका वा कार्यको नियन्त्रण पिता वा पुरुषबाट हुने जनाउनुले परिवारमा हुने पितृसत्ताको झलक दिन्छ जुन कुरा समकालीन समाजको ज्वलन्त नमुनासमेत हो ।

पुरुष जाति लोग्ने होस् वा छोरो उत्तिकै निष्ठुर हुने र घर तथा समाजसँग जोडिएका पारिवारिक सामाजिक सम्बन्ध र सूचनाहरूमा परिवारकै सदस्य नारीलाई पूर्ण बेखर बनाइएकोप्रति यशोदाले विरोध गर्दै हरेक समाजका पुरुषले नारीलाई गौण र पराधीन ठान्ने गरेको वास्तविकता उठान गरेकी छन् । मनोवैज्ञानिक रूपमा नारीलाई भावुक, कारुणिक, दयालु तथा समर्पित बनाएकाले समाजद्वारा नै नारी जातिलाई कमजोर बनाएको रहस्योद्घाटन गर्दै

नारीलाई अपमान र कमजोर पार्न यौनिक व्यवहारसँग जोडिएका लाञ्छनाहरूलाई पुरुष र पुरुषप्रधान समाजले उपयोग गर्ने गरेको खुलासा गरिएको छ । नारीले नै पुरुषलाई सर्वेसर्वा ठान्दै उनीहरूको यौन दासी बनेकाले त्यसतर्फ नारी स्वयं सचेत बन्न समेत आग्रह गरिएको छ । नारी हुनाले पितृसत्ताबाट थोपरिएका पीडा सहन परम्परादेखि नै बाध्य पारिएको छ त्यसैले सबै छोरीहरूले आफ्ना इच्छा हक, अधिकार तथा स्वतन्त्रताका आवाज उठान आवश्यक रहेको पनि यहाँ जनाइएको छ । आफ्नै सन्तानका बारेमा समेत जानकारी नदिई गोप्य र रहस्यमै राखेको थाहा पाएपछि यशोदामा चरम पीडाबोध भएको छ । यसबाट पुरुषले नारीमाथि गर्ने गरेको अन्याय र दमन प्रस्ट भएको देखाइएको छ । यशोदाले नन्दरायसँग आफूलाई जनावरजत्तिको पनि मूल्य नदिएको, फगत उपभोग्य वस्तुका रूपमा मात्र लिएको जनाउँदै मातृत्व र अस्तित्वको खोजी गर्दै आक्रोश व्यक्त गर्नु अधिकारप्रतिको चेतना मान्न सकिन्छ ।

समाजले पुरुषलाई भावना र संवेदनाविहीन बनाएर कृत्रिम, जड र अभिमानी बनाएको जनाइएको छ । वातावरण र अवसर पाएमा नारीहरू पनि पुरुषसरहका हरेक कार्यमा सहभागी बनेर नेतृत्व दिन सक्छन् र समाजको अभिभावक बन्न सक्छन् भन्ने कुरालाई राधा र सुशीलाको व्यवहारबाट पुष्टि गरिएको छ, जहाँ राधाले वृषभानुले सम्हालेको गाउँले प्रधानको भूमिका निर्वाह गरेकी छन् भने सुशीलाले युद्धको नेतृत्व गरेकी छन् । चन्द्रभानुलगायतका गाउँलेहरूले राधा र सुशीलाको योगदानको कदर गर्दै सम्मानपूर्ण अभिव्यक्ति दिनु सकारात्मक सङ्केत हो । राजा, गर्ग तथा अक्रूर सबैले राधाको सामाजिक तथा प्रशासनिक उत्तरदायित्वको मुक्त कण्ठले प्रशंसा गर्दै लैङ्गिक सशक्त र सक्षमतातर्फ उत्प्रेरित गरेका छन् । जसलाई लैङ्गिक सन्तुलनको नमुना मान्न सकिन्छ । राधाले राजाका अगाडि देखाएको आत्मविश्वास तथा कुटनीतिले नारीमा हुने सामर्थ्य र सक्षमतालाई प्रमाणित गरिदिएका छन् । एकनंशालाई गरिएको नियन्त्रणबाट उनमा उत्पन्न निराशालाई हटाउन आग्रह गर्दै राधामार्फत निराश र हतास नभई चलाख बन्नुपर्ने र आफ्ना दुःख देखाउँदा अझ हेपिने भएकाले साहसी बन्नुपर्ने सशक्त र चेतनशील विचार व्यक्त गरिएको छ ।

परम्परादेखि नै छोरीलाई नियन्त्रण र सीमित गरिएको हुनाले उनीहरू शारीरिक रूपमा कमजोर भएका हुन्, यदि शारीरिक अभ्यास र व्यायाम गर्ने हो भने केटीहरू पनि केटाहरूजस्तै सुगठित, बलिया र सक्षम बन्छन् भन्ने कुरालाई पनि यहाँ उठाइएको छ । सुशीलाले गरेको योगदान, वीरता र अमरताले नारीको शक्ति प्रकट गरेको जनाइएको छ । मथुरामा कृष्णले विजय हासिल गरेपछि व्रजबाट सबैजसो मानिसहरू मथुरा गए तर राधाले आफ्नो परिचय र स्वत्व तथा अस्तित्व खोजी गर्दै व्रजमै बसिन् । कृष्णले आफूलाई उपयोग मात्र गरेको हो वा

सहृदय प्रेम र सम्मान गरेको हो भन्ने कुराको सचेत परीक्षण गर्नु पनि राधाको अस्तित्वबोध मान्न सकिन्छ । कृष्ण चोर, फटाहा हुन् भन्दै पुरुष प्रवृत्तिको विरुद्ध आक्रोश व्यक्त गरी प्रतिक्रिया जनाएर कृष्णलाई भनिदिन आग्रह गर्नु पनि सशक्त विचार र अडान मान्न सकिन्छ । नारीलाई प्रकृति र समाजले कमजोर पारिदिएको हुनाले पुरुषले संरक्षण अनिवार्य ठान्ने नारीको कमजोर मानसिकताको निर्माणमा परम्परित समाजको दोष रहेको जनाइएको छ ।

पुरुषले अनेकौं नारीलाई भोग्दै हिँड्ने तर नारी एउटै पुरुषको साङ्लोमा बाँधिरहुनपर्ने मान्यता भोगवादी पुरुषहरूले नै बनाएकाले त्यस्ता अत्याचार र शोषणको विद्रोह गरी अन्त्य गर्नुपर्ने आवाज राधाका माध्यमबाट उठाइएको छ । अस्तित्वबोध गरी कृष्णलाई भेट्न जान्न भनेर बसेकी राधामा मनोवैज्ञानिक विचलन वा परिवर्तित विचार देखाइएको छ अर्थात् कमजोर राधालाई नै बनाइएको छ राधालाई भेट्न कृष्ण स्वयं व्रज आएको पनि त देखाउन सकिन्थ्यो वा सकिदैनथ्यो लेखकीय विचार यहाँ चुकेको छ, जसबाट नारी विचलित भइहाल्छन् भन्ने सङ्केत गरिएको अनुभव गर्न सकिन्छ । कृष्णले राधालाई आत्मिक प्रेम गरेको भने तापनि रुक्मिणीलगायत कैयौ युवतीसँग बिहे गरेका छन् । यसबाट पुरुषमा हुने यौन तृष्णा र भोगवादी संस्कारको उद्घाटन भएको छ । पुरुषहरू छली र स्वार्थी हुने कुरा यशोदाबाट जनाइएको छ ।

मनोवैज्ञानिक रूपमा अस्थिर र विरोधाभाषी बनिरहेकी राधा कृष्णको बिहे रुक्मिणीसँग भएपछि आफू स्वतन्त्र भएको आत्मविश्वासमा रहनेजस्तो देखिए तापनि अर्को पुरुषको कल्पना नगरी बिहे नगरी बस्ने प्रयत्न गर्नु हीन मनाग्रन्थिको उपज पनि मान्न सकिन्छ । यहाँ पनि लैङ्गिक सघनता प्रकट गर्न लेखक चुकेको देखिन्छ । कृष्णले भोगेका अनेकौं नारीहरूका आफ्नै समस्या र पृष्ठभूमि देखाइएको छ । त्यस्तै भिक्षुणी बनेर हिँडेकी राधाले धेरै सकारात्मक काम र आत्मविश्वापूर्ण भूमिका खेलेको देखाइएको छ तर पुनः कृष्णकै दरबारमा बस्न पुगेको देखाइएको छ । त्यस्तै अन्त्यमा राधा कृष्णसँग भेट भएपछि राधाको छुट्टै सचेत र सघन अस्तित्व नदेखाएर लैङ्गिक सशक्तताको सन्दर्भलाई तरल बनाइएको छ । यहाँ देवकी, विशाखा, व्रजका युवतीहरू, कुन्ती, द्रौपदी, गान्धारी, पिल्ली आदि विभिन्न नारीहरूले भोग्नुपरेका चरम लैङ्गिक समस्या र हिंसा प्रस्तुत गर्दै उपन्यासलाई समस्याकेन्द्री बनाइएको छ ।

यसरी *राधा* उपन्यास पौराणिक स्रोतको भए पनि उपन्यासका चरित्र तिनीहरूले भोगेका भोगाइ अधिकाधिक मात्रामा समकालीन समाजका चरित्रहरूको प्रतिनिधित्व गर्ने खालका छन् । त्यस्तै यस उपन्यास नारीकेन्द्री समस्यामा केन्द्रित गरिएको तथा लैङ्गिक सचेतनाका पर्याप्त सङ्केत गरिएकाले पनि उपयुक्त मान्न सकिन्छ । तथापि लैङ्गिक सशक्तीकरण, चेतना तथा

सन्तुलनका हिसाबले प्रखर र सघन नभएकाले लैङ्गिक दृष्टिमा प्रस्तुत उपन्यासले अपेक्षणीय स्थान लिन सकेको देखिँदैन ।

अर्धसत्य (२०६३) उपन्यासकार नेपाली साहित्यका आख्यान एवम् कविताका क्षेत्रमा आफ्नो स्पष्ट पहिचान बनाएका इन्द्रकुमार श्रेष्ठ 'सरित्'को महत्त्वपूर्ण उपन्यास हो । मानव मनका मनोयौनिक अन्तर्द्वन्द्व, यौनमनोवैज्ञानिक वास्तविकता, असन्तुष्टि, अपेक्षा तथा रिक्ततालाई प्रस्तुत गरेका छन् । विपरीत लिङ्गी सन्दर्भका यौन मानसिकताहरूको उद्घाटन नेपाली उपन्यासमा पूर्ववर्ती समयदेखि नै भइरहेको भए तापनि समयौनिक वा समलिङ्गी यौन मनोविज्ञानलाई केन्द्रीय पक्ष बनाइएको छ ।

लैङ्गिक र यौनिक सशक्तीकरण तथा अग्रीकृत चाहनामुताविक उपन्यासकारले सीमान्तीय यौनिक समुदायलाई मूल प्रवाहीकरण गर्ने लक्ष्यसहित पात्रहरूलाई स्वतन्त्र पहिचान, स्वत्व तथा स्वतन्त्र अस्तित्वको आग्रहसहित अल्पसङ्ख्यक यौनिक समुदायको हक, अधिकारतर्फ अभिमुख गराउन नसके पनि मनोयौनिक यथार्थहरूको उद्घाटन गर्दै मानवीय यौनिक जटिलताहरू, ती जटिल समस्याका बाध्यात्मक स्रोत, समलिङ्गी यौनिक चाहना तथा विपरीत लिङ्गी यौनिक भोगाइको बाध्यताबाट निर्मित द्विलिङ्गी यौनिकता, असन्तुष्टि र कुण्ठा एवम् चुनौतीहरूलाई मर्मस्पर्शी ढाँचामा प्रभावकारी किसिमले प्रस्तुत गरिएको छ । पुरुष समलिङ्गी मनोविज्ञान भएको पात्रले भोग्नुपरेका अनेकौं समस्या तथा यौनिक कुण्ठा र उनको मनमा उत्पन्न अपेक्षा एवम् असन्तुष्टि नै *अर्धसत्य*का कथावस्तुगत स्रोत हुन् ।

समयौनिक चाहना भएर पनि समाजलाई चुनौती दिन नसकी गोप्य तरिकाबाट आफ्ना यौनाकाङ्क्षा पूर्तिमा सक्रिय भइरहनु तथा समाजको अपेक्षाअनुरूप टङ्कीसँग बिहे गरी विपरीत लिङ्गी यौनसम्बन्ध एवम् सुनयनासँग अर्को बिहे गरेपछि उनीसँग पनि विपरीत लिङ्गी सम्बन्ध बाध्यतापूर्वक कायम गर्नुले प्रभातको मानसिक सत्य र सामाजिक सत्यबिच विरोधाभासको स्थिति देखापरेको छ । यसबाट दुबै सत्यमा अर्धसत्यको अवस्था सिर्जना भएको छ । प्रभातले न त मनोयौनिक अपेक्षा वा यथार्थलाई निरपेक्ष राख्न सकेको छ न त सामाजिक यथार्थलाई निरपेक्ष राख्न सकेको छ । त्यस्तै प्रभातले कैयौं पीडा र जटिलता सहेरै पनि इशुभमा आफूले भोग्नुपरेको जटिलता पैदा नहोस् भन्ने सुखद् कल्पना गरेको भए तापनि त्यो आकाङ्क्षा पनि धराशयी बनेको स्थितिमा त्यसले पनि अर्ध सत्यलाई सङ्केत गर्दछ । प्रभातको जीवन मात्र होइन टङ्की, सुनयना, हीराकृष्ण, झिम्की, धनमाया, चन्द्रवीर आदि उपन्यासका महत्त्वपूर्ण पात्रहरूले भोगेका भोगाइहरू अस्पष्ट, जटिल एवम् द्विविधात्मक रहेका छन् । उपन्यासमा रहेका

अधिकांश पात्रहरूको भ्रमपूर्ण वास्तविकताको उजागर गर्न उपन्यासकार सफल देखिन्छन् । जस्तो कि टङ्की स्त्री यौनिक आकर्षणबाट सम्पन्न नदेखिएकी र यौनेच्छा अधिक रहेकी भए पनि वैवाहिक जीवन, सन्तान एवम् पतिलाई छोडेर माइतीमै बसेकी छन् । सुनयना प्रशस्त सुन्दरता र आकर्षणसहित यौन चाहना भएरै पनि प्रभातको अयौनिक सम्बन्ध सहेरै खुसी साथ बसेकी छन् । हीराकृष्ण नभनेरै भनेको जस्तो गरी समाजको बेवास्ता गर्दै आफूलाई कुण्ठित र रोगी बनाएको छ । झिम्की पत्नी भएरै पनि पत्नीको सामाजिक व्यवहार भोग्न सकेकी छैनन् । थममाया घरमा आफ्नो लोग्ने दिलबहादुरलाई छलेर अन्य पुरुषको सम्बन्धमा रमाउने हुनाले अन्ततः पतिले नै हत्या गरेका छन् । चन्द्रवीर पति भए पनि पति बन्न सकेका छैनन्, बाबु भए पनि बाबु बन्न सकेका छैनन्, अभिभावक भए पनि अभिभावकत्व निर्वाह गर्न सकेका छैनन् ।

उपन्यासकारले यस उपन्यासलाई व्यक्तिभित्रका जटिलताहरूमा केन्द्रित गरे पनि सामाजिक, पारिवारिक, राजनीतिक, आर्थिक विविध पक्षहरूलाई पनि सान्दर्भिक ढङ्गले उठाएका छन् । असन्तुष्टि, पीडा, दुःख तथा अन्योलमै जीवन गुजारे पनि सन्तानले स्पष्ट स्वाभाविक भविष्य पक्रोस् भन्ने सदाशय भावना सहित काल्पनिक सुखको अपेक्षा पनि अन्ततः चकनाचुर भएपछि समग्र जीवन नै असन्तुष्टि, पीडा र समस्यै समस्याको पोखरी ठान्दै शून्यता एवम् मृगतृष्णाको दोसाँधमै उपन्यास केन्द्रित छ ।

पुरुष समलिङ्गी यौनिक मनोविज्ञान र त्यसले निम्त्याएका समस्या तथा भ्रम वा मृगतृष्णामा नै उपन्यासका कथावस्तुहरू उठान भएका छन् । जीवनभर असन्तुष्टि र पीडा मात्र भोग्न बाध्य प्रभातको प्रारम्भदेखि उत्तरार्धको समयसम्मका मानसिक आरोह एवम् अवरोहहरूलाई सान्दर्भिक ढङ्गले प्रस्तुत गर्दै मानवीय मनलाई गहन र सूक्ष्म ढाँचामा उपन्यासकारले उजागर गरेका छन् । लैङ्गिक एवम् यौनिक चेतना तथा सशक्तीकरणका विचारलाई कथावस्तु बनाइएको छैन तथापि यौनिक समस्या, यौन मनोविज्ञान तथा व्यक्तिकेन्द्रित धाराको नवीन र सशक्त उपन्यासका रूपमा स्थापित भएको छ ।

समयौनिक सम्बन्ध अत्यन्त जटिल र विरोधाभासपूर्ण रहेको सन्दर्भ उठान गर्दै सामाजिक र प्राकृतिक स्वाभाविक विपरीत लिङ्गी यौनिकताका सन्दर्भ पनि उपयुक्त तथा प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । *अर्धसत्य*मा समलिङ्गी यौनिकताको केन्द्रीयता रहे पनि विपरीत लिङ्गी यौनिकता तथा द्विलिङ्गी यौनिकताका सन्दर्भहरू पनि प्रस्तुत गर्दै यौनिक जटिलता, समस्या तथा असामान्यताहरूको शिष्ट र कलात्मक उद्घाटन गरिएको यस उपन्यास लैङ्गिक तथा यौनिक दृष्टिले अत्यन्त प्रभावकारी तथा मनोवैज्ञानिक रहेको छ ।

मानसी (२०६३) बलदेव मजगैयाँद्वारा रचित उपन्यास हो । यस उपन्यासमा लैङ्गिक चेतना तथा यौनिक चेतनाको स्पष्ट रेखाङ्कन गरिएको छ । यौन मनोवैज्ञानिक पक्षलाई सघन ढङ्गले प्रस्तुत गरिएको यस उपन्यास लैङ्गिक विचारको सामान्य उपलब्धि मान्न सकिन्छ । औपन्यासिक विधागत संवेद्यता रुखो र लेखकीय विचारको दबाब रहेका कारणले अलि कृत्रिम खालको महसुस हुन्छ । मानसीको लैङ्गिक चेतना र विचार तथा हर्षको विचारलाई परिवर्तनकामी एवम् सशक्त मान्न सकिन्छ भने विनयको कुटिलता तथा उपभोगी मानसिकता पुरुषत्वकेन्द्री निर्णयी तथा जुनसुकै तरिकाबाट भए पनि आफ्नो चाहना पूरा गर्ने प्रवृत्तिको प्रतिनिधिका रूपमा लिन सकिन्छ ।

मानसीले गरेको व्यवहार, विचार तथा यौनिक कार्य अत्यन्त सचेत देखिन्छ । मानसी शैक्षिक हिसाबले योग्य भए पनि पेसागत रूपमा गृहिणीमा मात्र सीमित रहनुले लैङ्गिक सन्तुलनमा आँच पुऱ्याएको देखिन्छ । मानसीका बाबुले पत्नीको मृत्युपश्चात् छोरी छँदैछ उसका निम्ति पनि अर्को विवाह गर्नु हुँदैन भन्नु र विवाह नगर्नु सकारात्मक कार्य मान्न सकिन्छ तर मानसीको विवाहका सन्दर्भमा उसको चाहना नबुझ्नु वा बुझ्न नपाउनु कमजोरी हो । उपन्यासमा प्रयुक्त मानसी, हर्षजस्ता चरित्रको व्यवहार प्रतिनिधिमूलक नभएर व्यक्तिगत लाग्दछ भने मानसीका बाबु र विनयले आम पुरुषहरूको प्रतिनिधित्व गरेका छन् । यौनिक स्वतन्त्रता, मातृत्वको प्राप्ति, वैचारिक सघनता तथा षडयन्त्रपूर्वक बनेको पतिको त्याग जस्ता घटनाहरूले उपन्यासलाई सबल बनाएका छन् । कथानकको शृङ्खला हेर्दा कतै *मसान*को स्मरण हुन्छ त कतै *तीन घुम्ती* को । त्यसैले *मानसी* उपन्यासको समग्र कथावस्तु लैङ्गिकताका दृष्टिले सामान्य मान्नुपर्दछ । पुरुषमा दुई प्रवृत्ति सकारात्मक र नकारात्मक हुने कुरा औंल्याएर सकारात्मक पुरुषसँग यात्रा गर्नु आवश्यक रहेको धारणा राख्नुले लैङ्गिक सन्तुलनको अवस्था सिर्जना गरेको देखिन्छ । पुरुषको भाषा घुमाउरो र जटिल अनि द्वैअर्थी हुने कुरा समेत यस उपन्यासकी चरित्र मानसीले व्यक्त गरेकी छ । पुरुषले आफूलाई स्त्रीका तुलनामा शक्तिशाली र उच्च ठान्ने हुनाले नारीको सहानुभूति ग्रहण गर्न नसक्ने कुराको पनि खुलासा गरिएको छ । सहानुभूति ग्रहण गर्न योग्य वा निरीह व्यक्ति नारी हो भन्ने पुरुषत्वकेन्द्री धारणातर्फ आक्रोश व्यक्त गरिएको छ । यहाँ नारीहरू विश्वास तथा सुरक्षाको अपेक्षा गर्दछन् भन्ने नारीत्वकेन्द्री मनोविज्ञान पनि प्रस्तुत गरिएको छ ।

पुरुषहरू रहस्यमय मात्र होइन छली, अभिनयकर्ता, अपहरणकर्ता आदि दुर्व्यवहारको सङ्गृहित रूप भएको आरोप मानसीले लगाएबाट बढी आक्रोशित अभिव्यक्तिको अनुभव गर्न सकिन्छ । पुरुषले गर्ने व्यभिचारलाई समाजले घृणाको नजरले नहेर्ने तर महिलाको सानो

गल्तीलाई समेत क्षमा दिन नचाहने पितृसत्तामुखी सामाजिक संरचना रहेको जनाइएको छ । कतिपय विचार र व्यवहार विरोधाभासपूर्ण र अस्वाभाविक बनेका छन् । जस्तो कि, मानसीले श्रापमा विश्वास गर्नु, शैक्षिक योग्यता अनुकूलको पेसामा नलाग्नु, आफ्नो अर्को पुरुषसँग प्रेम र प्रतिज्ञा हुँदा पनि आफ्ना बाबुको निर्णय मान्नु, विनयका व्यवहारहरूमा तत्काल विश्वास गरी निर्णय लिनु, संरक्षण र सहानुभूतिको अपेक्षा गरिरहने तर पुरुषलाई धिक्कार्दै रहने आदि मानसीद्वारा गरिएका अनपेक्षित व्यवहारहरू हुन् । अलिक बढी व्यक्तिगत चाहना र व्यक्तिकेन्द्री जीवनशैली प्रस्तुत उपन्यासले बहन गरेको छ ।

मानसी होस् वा हर्ष उनीहरूले गरेका व्यवहारहरू अपेक्षणीय लागे पनि परहितका निम्ति कुनै कार्य (अभियान) सञ्चालन गरेका पनि छैनन् । तसर्थ प्रस्तुत उपन्यासमा व्यक्त भएको लैङ्गिक र यौनिकताको सन्दर्भ सकारात्मक भए पनि पूर्ण सन्तुलित बन्न सकेको देखिँदैन । लैङ्गिकताका स्थापित मूल्य र मान्यतालाई यस उपन्यासले वरण गर्न नसके तापनि लैङ्गिक चेतनाको विकास र यौनिक चेतना तथा स्वतन्त्रताका लागि भूमिका खेल्न सक्ने देखिन्छ ।

त्रिवेणी आमा (२०६६) उपन्यासकार पुण्य खरेलद्वारा रचना गरिएको उपन्यास खास गरी राजनीतिक विषयवस्तुको केन्द्रीयतामा सिर्जना गरिएको छ । यस उपन्यासमा द्वन्द्वकालीन नेपाली समाजले पारेको प्रभाव तथा त्यस प्रभावका कारणबाट महिलाहरूले भोग्नुपरेका समस्याहरूलाई चित्रण गरिएको छ । सामाजिक आर्थिक अवस्था तथा राजनैतिक द्वन्द्वका कारणले सुमैना, शशी र प्रतिभाजस्ता चरित्रहरू पतिविहीन बन्नुपरेको यथार्थलाई प्रस्तुत गरिएको छ । आर्थिक हिसाबले अत्यन्त विपन्न वर्गकी मीनालाई सुमैनाले आफूसँगै राख्नु र शिक्षित बनाउनुले लैङ्गिक समानताको सङ्केत गर्न खोजेको छ । घिमिरे गुरुजस्ता सकारात्मक सोचाइ भएका परिपक्व र शिक्षित पुरुषहरूले समाजमा समस्यामा परेका महिलाहरूको उत्थान र सामर्थ्य विकासमा पुऱ्याएको योगदानलाई लैङ्गिक दृष्टिले उपयुक्त मान्न सकिन्छ । पति गुमाएका एकल महिलाहरूले पुरुषप्रधान समाजमा भोग्नु परेका उपेक्षा, हिंसा तथा पीडाहरूको ज्वलन्त नमुना यस उपन्यासमा उजागर गरिएको छ । प्रगतिवादी विचार बोकेका घिमिरे गुरुले महिलाहरूलाई गरेको सम्मान तथा सहयोग, तिलहाङले 'पुरुषले भन्ने बित्तिकै समर्पित हुनुहुन्न' भन्ने धारणा राख्दै मीनालाई गराएको सचेतना, भवानीले प्रतिभालाई सम्बोधनमा गरेको आदर, प्रतिभाले आत्मनिर्भरताका लागि चलाएको क्लिनिक र राजनीतिक भूमिका आदि कार्यहरूले उपन्यासमा रहेको लैङ्गिक चेतना र भूमिकालाई सबल बनाएका छन् । सुमैनाले बुहारीका रूपमा भोग्नु परेको समस्या तथा एकल महिला भइसकेपछि समाजका पुरुष तथा परम्परित

सोचाइ भएका महिलाहरूलाई दिएका प्रतिक्रिया, भोगेको भोगाइ, निडरता र आत्मविश्वास तथा सहनशीलताजस्ता पक्षहरू उपन्यासका रहेका लैङ्गिक सघनताका सन्दर्भहरू हुन् ।

नारीहरू दासत्व तथा आत्मसमर्पणबाट माथि उठ्नुपर्ने आग्रहसहित तिलहाङले सचेतना प्रकट गर्नु पनि लैङ्गिक चेतना र सन्तुलनको अपेक्षा हो । गुरुले आफ्नी पत्नीको परम्परित विचारलाई परिवर्तन गर्न आग्रहसहित स्त्री र पुरुष पोथी र भालेको सम्बन्धमा मात्र सीमित हुन नहुने, नारी विधवा हुनु उसको गल्ती नभएकाले त्यसलाई समाजले उपेक्षा नगरी सहयोग र सम्मान गर्नुपर्ने समानतामूलक विचार व्यक्त गरेका छन् । जुन कुरा उपन्यासको सकारात्मक पक्ष हो ।

यसरी *त्रिवेणी आमा* मूलतः सामाजिक र राजनैतिक सन्दर्भलाई आधार बनाएर तयार पारिएको उपन्यास भए पनि समाजमा महिलाले भोग्नु परेका समस्या, ती समस्या समाधानमा महिलाले खेलेका भूमिका, एकल महिलाको अवस्था, पुरुषहरूमा रहेको सकारात्मक र नकारात्मक सोचाइ, महिलामा रहेको परम्परित धारणा, शिक्षामा नारीलाई अगाडि बढाइएको अवस्था, अन्तरजातीय विवाहको सन्दर्भ, नारीमा विकसित आत्मनिर्भरताको अवस्था आदि कुराहरू प्रस्तुत उपन्यासमा रहेका लैङ्गिक सचेतता एवम् सक्षमताका उदाहरणहरू हुन् ।

सलिजो (२०६६) उपन्यासकार मोहनराज शर्मा प्रयोगवादी परम्पराका आख्यानकार हुन् । नेपाली साहित्यको उपन्यास विधामा नवीन विचार र प्रयोगको उत्कृष्ट नमुना हो । समलिङ्गी यौनिकता र तेस्रो लिङ्गी समुदायका जीवन व्यवहारलाई उद्घाटन गर्दै तिनीहरूको पक्षपोषण तथा सशक्तीकरणको सोद्देश्यमूलक विचार प्रवाह गर्न प्रस्तुत उपन्यास सफल रहेको छ । अत्यन्त कल्पनाशील प्रवृत्तिले स्वैरकाल्पनिक बनेको यस उपन्यास यथार्थपरक पक्षमा मात्र अडिएको छैन । स्त्री समलिङ्गी यौनिक कथावस्तुलाई प्रमुख आधार बनाएर समलिङ्गी र तेस्रो लिङ्गीहरूको पक्षपोषण गर्दै तिनीहरूका समस्या तथा सशक्तीकरणसहित मूल प्रवाहीकरणतर्फ अभिमुख उपन्यास हो ।

यस उपन्यासमा स्त्री समलिङ्गी केन्द्रमा रहे पनि पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी वा परालिङ्गी प्रवृत्तिका व्यक्तिहरूको जीवनशैली, तिनीहरूका समस्या तथा अस्तित्वका सवाललाई उठान गरिएको छ । नेपाली समाजको राजनीतिक, सामाजिक तथा प्रशासनिक विकृति एवम् विसङ्गतिहरूलाई पनि सान्दर्भिक रूपमा प्रस्तुत गरिएको छ । विसमलिङ्गी र पितृसत्तात्मक सामाजिक संरचनाले समलिङ्गी र तेस्रो लिङ्गीलाई गर्ने उपेक्षा, दुर्व्यवहार, नियन्त्रण तथा घृणाका सन्दर्भहरू प्रस्तुत गर्दै उक्त विभेदकारी र अन्यायपूर्ण व्यवहारहरूको तार्किक एवम् वैज्ञानिक

समाधानतर्फ पनि उपन्यास केन्द्रित छ । समलिङ्गी एवम् तेस्रो लिङ्गीका समस्या मात्र होइन पृष्ठभूमिमा लैङ्गिक विभेद र अत्याचारका सन्दर्भ प्रस्तुत गर्दै पितृसत्तात्मक संरचनाले निर्माण गरेका विभेदयुक्त व्यवहारले समलिङ्गी मनोवृत्तिको विकास गरेको समेत जनाइएको छ । विसमलिङ्गी मनोवृत्तिभन्दा समलिङ्गी मनोवृत्तिमा सहभाव, सहयोग, सम्मान तथा सहृदयता हुने भएकाले समलिङ्गी सम्बन्ध जैविक वा वैज्ञानिक भन्दा भावनात्मक हो भन्ने विचार प्रस्तुत गर्दै समलिङ्गी सम्बन्ध राख्नेले मातृत्व वा पुनर्उत्पादनको आकाङ्क्षा मार्नुपर्ने जीववैज्ञानिक तर्कसहित सो सम्बन्धको सीमासमेत उल्लेख गरिएको छ ।

चुनौती एवम् समस्याहरूको सबल आत्मविश्वास सहित समाधान गर्न सकिने र आवश्यक पर्दा कडा प्रतिरोध र तथा प्रतिकारसमेत गर्नुपर्ने धारणा राखिएको सलिजो सान्दर्भिक कथावस्तुलाई स्वाभाविक ढङ्गले उठान गरी प्रभावक कथानकका माध्यमबाट सोद्देश्यमूलक कथा सिर्जना गर्दै समलिङ्गी र तेस्रो लिङ्गी वा यौनिक अल्पसङ्ख्यकको सम्मानपूर्ण, सहज र स्वतन्त्र अस्तित्वको आग्रहसहितको मूल कथ्यमा आधारित रहेको छ । उपन्यासको प्रारम्भिक कथावस्तु दुई युवती ज्वाला र रूपाबिचको वैवाहिक अवस्थामा केन्द्रित छ । दुबै उत्पादक भूमिका निर्वाह गर्ने सक्षम र सचेत युवती हुन् । समयौनिक उत्तेजना र व्यवहार प्रकट गर्दै उनीहरूले परम्परागत वैवाहिक संस्कृतिका सौभाग्य सूचक सिन्दुर, पोते, टीका आदिलाई त्यागदै पितृसत्तात्मक परम्पराप्रति विद्रोह जनाएको कथावस्तु रहेको छ । स्त्री समलिङ्गी यौनिक मनोविज्ञानलाई प्रस्तुत गर्दै उपन्यासकारले रोचक ढङ्गले अभिव्यक्ति दिन्छन् । नेपालमा विकृत बन्दै गइरहेको राजनीतितर्फ लक्षित गर्दै विभिन्न विसङ्गति र समस्याबाट पीडित बनेका मानिसहरूको वास्तविकता उजागर गरिएको मात्र छैन कि निर्दोष व्यक्तिमाथि हुने गरेको प्रशासनिक दमनलाई पनि सान्दर्भिक कथावस्तुका रूपमा उठान गरिएको छ ।

उपन्यासकारले समलिङ्गी हुनु जन्मजात प्रवृत्ति नभएर अन्यायपूर्ण वातावरणको उपज हो भन्ने धारणा व्यक्त गरेका छन् । आत्मीय र भावनात्मक रूपमा सहृदयी समयौनिक सम्बन्धमा पर्याप्त यौन सुख र सन्तुष्टि प्राप्त गर्न सकिने सामर्थ्य रहे पनि नारीले पुरुषत्व र पुरुषले नारीत्वको अपेक्षापूर्ण सन्तुष्टि प्राप्त गर्न चाहनु स्वाभाविक मनोविज्ञान भएको विचार प्रस्तुत गरिएको छ । पुरुषमा पुरुषत्व र नारीमा नारीत्व मात्र नहुने तर पुरुषमा पुरुषत्वका बढी र नारीत्वका कम अनि नारीमा नारीत्वका बढी र पुरुषत्वका कम गुण हुने सामान्य प्राकृतिक अवस्था रहे पनि कतिपय व्यक्तिमा नारीमा पुरुषत्व बढी र पुरुषमा नारीत्व बढी पनि रहने विशेष अवस्था पाइने गरेको पनि जनाइएको छ । रूपाको अन्तर्मनमा पारिवारिक र सामाजिक लैङ्गिक अधीनता, नियन्त्रण एवम् अन्यायका सङ्केतहरू उत्पन्न भएकाले उनी आफ्नो

कल्पनामै हराएको सन्दर्भले लैङ्गिक विभेद एवम् हिंसाको कथावस्तुलाई उठान गरेको देखिन्छ । समलैङ्गिक सम्बन्ध वा बिहेलाई कानुनत: वैधानिकता प्रदान गर्दै प्रमाणपत्र लिने सन्दर्भ तथा अदालतले कानुनी मान्यता दिए पनि व्यवहारमा लागू भइनसकेको स्थितिबाट त्यस्तो सम्बन्धले वैधानिकता प्राप्त गर्नुपर्छ र गरोस् भन्ने सकारात्मक एवम् सन्तुलित विचार व्यक्त गरिएको छ ।

विपरीत लिङ्गीहरूको दबदबा भएकाले तेस्रो लिङ्ग एवम् समलिङ्गीहरूले लैङ्गिक र यौनिक हिंसा, समस्या, उपेक्षा तथा अत्याचार भोग्न बाध्य हुनुपरेको सन्दर्भलाई अत्यन्त सूक्ष्म ढङ्गले व्यक्त गरिएको छ । माध्यमबाट समलिङ्गी सम्बन्ध अपराध र अस्वाभाविक नभएर स्वाभाविक एवम् मौलिक हो भन्ने विचारतर्फ सचेतवर्ग अभिमुख हुँदै गएकाले त्यस्तो सम्बन्धले विस्तारै सामाजिक मान्यता प्राप्त गर्ने सङ्केत गरिएको छ । रूपाले विपरीत लिङ्गी सम्बन्धको कारणसहित विरोध गर्नु सशक्त विचार हो । गे अर्थात् पुरुष समलिङ्गीको आपसी सहयोग र सद्भावनाको उजागर गरिएको यस उपन्यासमा तेस्रो लिङ्गीलाई विशेष इमानदार, आत्मीय तथा उत्तरदायी बनाइएको छ । समलिङ्गी सम्बन्धमाथि प्रश्न उठाउँदै उनीहरूले वेश्यावृत्ति गर्ने गरेको आरोप लगाउनु समलिङ्गीप्रति विसमलिङ्गी र पितृसत्तात्मक समाजले गर्ने हिंसाजन्य आपराधिक व्यवहारका रूपमा प्रस्तुत गरिएको छ ।

उपन्यासले नेपाली समाजमा रहेको समलिङ्गीप्रतिको नकारात्मक दृष्टिकोणलाई उजागर गरेको छ । समलिङ्गी र तेस्रो लिङ्गीलाई प्रो. शर्माजस्ता पात्रले समभाव र सम्मान दिनुपर्छ भन्ने मान्यता प्रस्तुत गरेको स्थिति लैङ्गिक तथा यौनिक पहिचान एवम् प्रतिष्ठित स्थापनाको विचार हो । समलिङ्गी सम्बन्धको समाजले गर्ने विरोध र अस्वीकारको कारण दिँदै उपन्यासकारले समलिङ्गी, तेस्रो लिङ्गी जो भए पनि मानव भएका हुनाले विसमलिङ्गी मानवले पाउने सबै हक, अधिकार तथा सुविधा समलिङ्गी वा तेस्रो लिङ्गी सबैले पाउनुपर्ने सशक्त एवम् सन्तुलित विचार व्यक्त गर्दै समानताको आग्रह गरिएको छ ।

पुरुषप्रधान समाजले विसमलिङ्गी सम्बन्धलाई मात्र प्राधान्य दिनु भनेको सामाजिक, आर्थिक, शारीरिक तथा यौनिक रूपमा पुरुषले महिलालाई नियन्त्रण गरी शोषण गर्नका लागि भएकाले समलिङ्गीको आत्मिक र सम्मानपूर्ण सम्बन्धलाई जैविक दृष्टिले मात्र विश्लेषण गरी विरोध गर्दछन् भन्ने सशक्त र सघन पक्ष उठान गरिएको छ । राजनीतिक भूमिकामा समलिङ्गी र तेस्रो लिङ्गीको सहभागिता हुनुपर्ने विचारसमेत प्रकट भएको छ । जागिरबाट बर्खास्त भए पनि अल्पसङ्ख्यक यौनिकताका पक्षमा पत्रिका प्रकाशन गरी चेतना सशक्तीकरण निर्माण गर्दै आत्मनिर्भर बन्न सक्ने आत्मविश्वासलाई सचेततापूर्वक व्यक्त गरिएको छ ।

सीमान्तकृत समुदाय र यौनिक अल्पसङ्ख्यकलगायतका सबै मानवहरूको स्वतन्त्रतापूर्ण अस्तित्व, हक, अधिकार तथा समानताको विषय विश्वव्यापी रूपमा उठान भइरहेको अवस्थामा मूलतः समलिङ्गी यौनिकता भएका नारीहरूको कथा, सङ्घर्ष, समस्या, चुनौती, आत्मविश्वास र सन्तुष्टिलाई मूल कथावस्तु बनाएर उपन्यासकारले यसलाई सान्दर्भिक एवम् प्रभावकारी उपन्यासका रूपमा स्थापित गरेका छन् । समयौनिकताका वास्तविक स्रोत, पीडा तथा अवस्थाको उद्घाटन गर्दै त्यसका उपलब्धि एवम् सीमासमेत उठान गरिएकाले यस उपन्यास समभाव, सम्मान, सचेतना, सशक्तीकरण र मूल प्रवाहीकरणलाई उपन्यासकारले औपन्यासिक उद्देश्य एवम् परिणति बनाएकाले पनि सार्थक बनेको छ । यसरी ओझेलमा पारिएको यौनिक समुदाय र मनोविज्ञान तथा तिनीहरूका वास्तविकताको उजागर गरिएकाले लैङ्गिक एवम् यौनिक दृष्टिमा *सलिजो* सान्दर्भिक छ ।

अग्निवाटिका (२०६८) उपन्यासकार तारिणीप्रसाद कोइरालाद्वारा लिखित उपन्यास हो । वि.सं. २०२० को दशकभित्र लेखिएको प्रस्तुत उपन्यास खुला यौनवादी प्रकृतिको रहेको छ । यौनिक उत्तेजना र यौन प्यासमा प्यासी बनिरहने र सुन्दरी किशोरी हुन् वा युवती सबैलाई यौन प्यास मेटाउने साधनका रूपमा उपभोग गरिरहेको केशरका यौनिक क्रिया र प्रतिक्रियामा यो उपन्यास केन्द्रित छ । यस उपन्यासमा लैङ्गिकताका केही सन्दर्भहरू प्रस्तुत गरिएको छ तथापि यौनिकता नै केन्द्रीय कथ्य बनाइएको छ ।

कथानकका सम्पूर्ण घटना र परिघटनाहरू सबै यौन कार्य र व्यवहारसँग सम्बन्धित छन् । तसर्थ पोर्नोग्राफिक साहित्यिक ढाँचामा तयार पारिएकाले समकालीन नेपाली समाजमा अश्लील प्रकृतिको लाग्दछ । तथापि केशर र ऊसँग जोडिएका सबैजसो चरित्रहरू प्रतिनिधिमूलक नै देखिन्छन् । तत्कालीन समयका हिसाबले यसलाई अझ स्वच्छन्द यौनिक प्रस्तुतिका कारणले सङ्क्रमणयुक्त र अनपेक्षित देखिए तापनि उपन्यासकारको सघनता र चुनौतीलाई उच्च महत्ता दिनुपर्छ । यस उपन्यासमा केशरले जोजोसँग यौनिक सम्बन्ध कायम गरेको छ सबैले कुनै न कुनै रूपमा सहमति र स्वीकार गरेको अवस्था रहेकाले यौनिक हिंसा र शोषणको स्थिति नभएर पूर्ण मनोयौनिक सन्दर्भको स्वतन्त्र प्रस्तुति मान्न सकिन्छ । केशरको चञ्चलासँगको सम्बन्धलाई प्रारम्भिक यौनेच्छा, कुतूहलता र अपेक्षा मान्न सकिन्छ । यहाँ विपरीत लिङ्गी यौनिकता र त्यसको स्वाभाविक प्रकटनको मनोवैज्ञानिक सन्दर्भलाई प्रस्तुत गरिएको छ । त्यस्तै श्यामासँगको सम्बन्धमा श्यामा नै बढी सचेत, परिपक्व र यौनेच्छासहित प्रस्तुत भएको देखाइएको छ । यस उपन्यासले विपरीत लिङ्गी मनोयौनिक सन्दर्भहरू मात्र होइन पुरुष समलिङ्गी यौनिकताका सन्दर्भलाई पनि उठान गरेको छ ।

एउटाको इच्छा, आग्रह र यौनेच्छाले मात्र समलिङ्गी यौनिक व्यवहार गर्न खोज्नु यौनिक शोषण, हिंसा र समस्या हो भन्ने विचार प्रकट गर्दै दुई पुरुषको स्वाभाविक आकर्षण, यौनेच्छा तथा सहमतिबाट गरिने पुरुष समलिङ्गी यौनिक व्यवहारको स्वाभाविकता र स्वीकारयोग्य स्थिति हुन्छ भन्ने धारणा प्रकट गरिएको छ । मनोरञ्जन बनर्जीले केशरमाथि गरेको समयौनिक व्यवहारलाई यौन शोषणको नमुना मान्न सकिन्छ । लोग्नेको समलिङ्गी मनोयौनिक अवस्थाका कारणले यौन अनुभव र सन्तुष्टि प्राप्त गर्न नपाएकी सन्ध्यासँगको यौनिक व्यवहारमा केशरभन्दा सन्ध्या नै बढी सन्तुष्ट र पूर्ण बनेको देखाइएको छ । यसबाट पुरुषहरूको नियन्त्रण र अयौनिक सम्बन्धलाई जबरजस्ती सहेर यौनकुण्ठा र मनोवृत्तिमा पीडा खेपन बाध्य बनी आफ्ना यौनेच्छालाई नियन्त्रण गर्न स्त्रीहरू विवश बनिरहेका हुन्छन् भन्ने सन्दर्भ प्रस्तुत गर्न खोजिएको छ । यस्तै सन्दर्भमा सीतादीसँगको यौन सम्बन्ध पनि उजागार गर्न सकिन्छ । सेफालीसँगको सम्बन्ध पनि विपरीत लिङ्गी आकर्षण र मनोयौनिकताकै सन्दर्भ हो ।

आलोच्य कुरा यो छ कि यौनको प्यास मेट्दै केशरले विभिन्न स्त्रीहरूसँग स्वच्छन्द र निर्भयपूर्ण यौनिक कार्य गर्दै हिँडेको देखाइएको छ भने स्त्रीहरूलाई त्यो स्वच्छन्दता र स्वतन्त्रता उपलब्ध छैन । यसलाई लैङ्गिक विभेद तथा पुरुष प्रमुख (भोक्ता) र स्त्री गौण (भोग्या) हुन् भन्ने पितृसत्तात्मक मानसिकताको उपज मान्न सकिन्छ । त्यस्तै मनोरमाकी आमाले कैयन् प्रयत्न गर्दा पनि मनोरमालाई सामाजिक अस्तित्व र प्रतिष्ठासहित जीवन निर्वाहको परिवेशमा पुऱ्याउन नसक्नु तथा उक्त चाहना र अपेक्षालाई समाजले बहिष्कार गर्ने गरेको यथार्थबाट समाजमा पितृसत्ताको दबदबाका कारण कतिपय नारीहरू लालीका रूपमा विवश बनेर वेश्यावृत्तिमा संलग्न हुनुपरेको यथार्थ उजागर गरिएको छ ।

सकारात्मक सोचाइ भएका र नारीको बाध्यता बुझ्न खोज्ने वीरेन्द्रजस्ता चरित्रहरू आफ्नो भावनात्मक प्रेम र आदर्शलाई समाजमा स्थापित गर्न नसक्नाका कारणले जीवनलाई मृत्युमा परिणत गर्नुपरेका सन्दर्भहरू पनि स्त्रीप्रति समाजको लैङ्गिक विभेद, दमन र उपेक्षालाई प्रस्तुत गरिएका उदाहरण हुन् । त्यस्तै खन्नाजस्ता चरित्रहरू रूप र आर्थिक लोभ तथा सम्पत्तिका कारणले आफ्नी पत्नीलाई उपेक्षा गर्दै आफ्नै भाउजूलाई बिहे गर्ने योजनामा रहेको देखाइनु पुरुषमा विकसित भएको निम्न पुँजीवादी प्रवृत्तिको दृष्टान्त हो । लाली वेश्याका रूपमा रहरले नभएर उसको मान भावना र अस्तित्वलाई समाजबाट स्वीकार नगरिएकाले प्रशस्त आर्थिक सम्पन्नता र सम्पत्तिको अधिकारी भए पनि वेश्याकै रूपमा रहन बाध्य बनेको अवस्थाबाट आर्थिक अभाव मात्र वेश्यावृत्तिको कारण हो भन्ने विचारलाई चुनौती दिँदै समाजको

पितृसत्तात्मक मानसिकता र स्त्रीहरूलाई गरिएको लैङ्गिक विभेद तथा शोषणको कारण प्रमुख बनेको देखाइएको छ ।

भ्रमरका रूपमा रहेको केशरको मनोयौनिक सन्दर्भ र उनीसँग सम्बन्धित तमाम स्त्रीहरूको मनोयौनिक पक्ष कामेच्छा, असन्तुष्टि, रिक्तता तथा बनर्जीको समलिङ्गी यौनिकता उपन्यासभित्रका यौनिक सन्दर्भ हुन् भने लालीको विवशता, बाध्यता तथा भावनात्मक सन्दर्भलाई लैङ्गिक समस्याका रूपमा चित्रण गरिएको छ । यसरी अग्निवाटिका उपन्यासलाई स्वच्छन्द र स्वतन्त्र मनोयौनिक पक्षहरूको उद्घाटनमा केन्द्रित र लैङ्गिक समस्याहरूको उजागर गर्न सफल पूर्ण यौनिक उपन्यासका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

उपर्युक्त छयालिस ओटा उपन्यासको सर्वेक्षण गर्दा अधिकांश उपन्यासहरू लैङ्गिक चेतना तथा सशक्तीकरणतर्फ अभिमुख रहेको पाइयो । लैङ्गिक विश्लेषणका विभिन्न प्रतिमानका आधारमा मूल्याङ्कन गर्दा उक्त उपन्यासहरूमध्ये केही उपन्यासमा लैङ्गिक विचार तथा भाषाको प्रयोगमा केही सन्तुलनसमेत पाइयो ।

उपन्यास विश्लेषणका प्रतिमानका आधारमा हेर्दा लैङ्गिक चेतना तथा सन्तुलनका अधिकांश विशेषताहरूतर्फ अभिमुख भएका एवम् नेपाली उपन्यास परम्पराका विविध विचार, काल र धाराको प्रतिनिधित्व गर्ने तथा लैङ्गिक र यौनिक मुद्दालाई सघन ढङ्गले उठान गर्न सफल बनेका छ ओटा *स्वास्नीमान्छे, तीन घुम्ती, सहयात्री, समानान्तर आकाश, अर्धसत्य* तथा *सलिजो* उपन्यासको विश्लेषण गरिएको छ ।

परिच्छेद छ

पूर्ववर्ती नेपाली उपन्यास

प्रस्तुत अनुसन्धान नेपाली उपन्यासमा रहेको लैङ्गिकता, लैङ्गिक चेतना, यौनिकता तथा भाषा प्रयोगमा केन्द्रित भएकाले वि.सं. १८८९ मा अम्बालिकादेवीद्वारा लेखिएको *राजपूत रमणी*देखि वि.सं. २०६८ मा अनुपम रोशीद्वारा लेखिएको *कुमारी आमा*सम्मका उपन्यासहरूको लैङ्गिक दृष्टिले सर्वेक्षण गरिएको छ । लैङ्गिकताका सन्दर्भहरू सघन रूपमा प्रस्तुत भएका प्रत्येक उपन्यासकारको एउटा मात्र उपन्यास छनोट गरी पाँचौँ परिच्छेदमा छयालिस जना उपन्यासकारका छयालिस ओटा उपन्यासको सङ्क्षेपमा विश्लेषण गरिएको छ । उक्त छयालिस ओटा उपन्यासमध्येबाट लैङ्गिकता र यौनिकताका सन्दर्भहरूलाई केन्द्रीयता दिइएका छ ओटा उपन्यासलाई प्रतिनिधिमूलक उपन्यासका रूपमा लिई उक्त उपन्यासको सूक्ष्म विश्लेषण गरिएको छ । यस छैटौँ परिच्छेदमा छनोटमा परेका छ ओटा उपन्यासमध्ये नेपाली उपन्यास परम्परामा पूर्ववर्ती, स्वच्छन्दतावादी तथा क्रान्तिकारी विचार भएका दुई उपन्यास हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* तथा विश्वेश्वरप्रसाद कोइरालाको *तीन घुम्ती* उपन्यासको विश्लेषण गरिएको छ । लैङ्गिक दृष्टिकोणका आधारमा निर्माण गरिएका विभिन्न प्रतिमानका कसीमा राखेर शीर्षक, कथावस्तु, चरित्र र जैविकता, लैङ्गिकताको अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्या, लैङ्गिक चेतना र सशक्तीकरण, यौनिकता, लैङ्गिकताको भाषा एवम् परिणति र सन्देशको विश्लेषण गरिएको छ ।

६.१ स्वास्नीमान्छे उपन्यास

प्रगतिवादी तथा यथार्थवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । विशेषत: उपन्यास र निबन्धमा अझ सशक्त रहेका प्रधानका दुई ओटा उपन्यास *स्वास्नीमान्छे* (२०११) र *एक चिहान* (२०१७) प्रकाशित छन् । समाजवादी विचार र क्रान्तिकारी प्रवृत्तिका साथमा सामाजिक, आर्थिक तथा लैङ्गिक समस्याहरूको सूक्ष्म खोजी गरी तिनीहरूको पूर्णत: अन्त्य गर्नुपर्ने प्रखर विचार उनका उपन्यासमा पाइन्छ । *स्वास्नीमान्छे* प्रधानको पहिलो र लैङ्गिक समस्यामूलक उपन्यास हो । यो उपन्यास तत्कालीन समाजमा नारीले भोग्नुपरेका समस्या तथा विकृतिहरू उठान गरी तिनीहरूको समाधान गर्नुपर्ने विचार भएको सघन उपन्यास हो । क्रान्ति र परिवर्तनको आग्रहका कारण उपन्यासमा लेखकीय

वैचारिक दबाब रहेको पाइन्छ । फलतः उपन्यास स्वाभाविक परिवर्तनका दिशामाभन्दा स्वच्छन्दतावादतर्फ मुखरित भएको छ । यद्यपि खोक्रो आडम्बर तथा निहित स्वार्थसिद्धमा लाग्नुभन्दा आफूले भोगेका पीडा र उपेक्षित जीवनको सदुपयोग गर्दै समाजका अन्याय, अत्याचार तथा तमाम लैङ्गिक समस्या जरैदेखि निर्मूल पार्नुपर्ने आग्रह व्यक्त गर्नु रचनात्मक र प्रगतिवादी विचार मान्नुपर्दछ ।

६.१.१ शीर्षक

स्वास्नीमान्छे नेपाली नारीहरूको लैङ्गिक समस्यामा केन्द्रित उपन्यास हो । उपन्यास मोतीमायामा नै केन्द्रित छ । यसका अतिरिक्त कमला, हीराज्यान, मिश्री दिदी आदिका भूमिका र मनोविज्ञानको उद्घाटन पनि नारीमै केन्द्रित छ । त्यस्तै प्रमोद, मोहनजस्ता पितृसत्ताका नाइकेहरूले नारीलाई गर्ने उपभोग तथा दिने पीडामा नै उपन्यास अडेको छ । समाजले नारीलाई कसरी वेश्या बन्न बाध्य तुल्याउँछ भन्ने सामाजिक तथा आर्थिक समस्या तथा तत्कालीन नेपाली काठमाडौली परिवेशमा नारीले भोग्नुपरेका तमाम समस्यामा केन्द्रित छ । विनोद, मैयाँनानी, वासन्ती आदि चरित्रहरू पूर्णतः लैङ्गिक हिंसायुक्त पितृसत्तात्मक समाजको अन्त्यगरी लैङ्गिक समानतामुखी समाजमा उद्यत रहेको देखिन्छ । तसर्थ उपन्यासको प्रारम्भदेखि अन्त्यसम्मका प्रत्येक घटना र तिनीहरूको कार्यकारण सम्बन्ध नारीमै केन्द्रित रहेको र नारी समस्याको निवारणमा सन्देश दिइएकाले प्रस्तुत उपन्यासको शीर्षक उपयुक्त र उपन्यासको सम्पूर्ण मर्म बोक्नसक्ने भएकाले स्वाभाविक रहेको छ । तत्कालीन समाजको सामाजिक र वर्गीय विभेदका सिकार नारीहरू भएका र उनीहरूको मुक्ति तथा स्वतन्त्रता र समानताको आवश्यकता औंल्याइएकाले लैङ्गिक दृष्टिले हेर्दा 'स्वास्नीमान्छे' अर्थात् 'नारी' लाई उपन्यासमा शीर्षक राखेर अग्रभूमि वा शीर्षीकरण गरिएको मान्न सकिन्छ । समस्यामा 'नारी' परिवर्तनमा 'नारी' र सफलतामा 'नारी' देखाइएकाले उपन्यासको वैचारिक पक्षलाई शीर्षकले समेटेको छ । त्यसैले यस उपन्यासको शीर्षक लैङ्गिक दृष्टिले उपयुक्त रहेको छ ।

६.१.२ कथावस्तु

स्वास्नीमान्छे उपन्यासमा मूलतः नेपाली समाजको वि.सं. २००० सालतिरको काठमाडौँको परिवेशमा नारीहरूले भोग्नुपरेका लैङ्गिक समस्यालई कथावस्तु बनाइएको छ । नारीहरू वर्गीय र सामाजिक कारणले पीडायुक्त जीवन भोग्न बाध्य छन् र पितृसत्तात्मक समाजका पुरुषहरू नारी समस्याका स्रोत हुन् भने पितृसत्तात्मक समाजबाट ग्रसित तुल्याइएका नारीले नै अन्य नारीलाई समस्याग्रस्त बन्न कारकको काम गरेका छन् भन्ने कुरा प्रस्तुत गरिएको छ । बहुपत्नी

प्रवृत्ति पितृसत्ताको एक प्रवृत्ति हो जसमा दुई वा बढी पत्नी र एउटा लोग्ने हुन्छ । लोग्नेले आफ्नो पुरुष हैकम वा नियन्त्रण पत्नी र छोराछोरीमा कायम राख्दछ भने यौन सुख भोग गर्न विभिन्न नवयौवनाहरूलाई आफ्ना पत्नी बनाएर उपभोग गरिरहेको परिवेशमा नारीले नै नारीलाई अर्थात् सौतासौताबिच कटुता र ईर्ष्याभाव जन्मन्छ । फलतः पुरुषले नारीमा थप दमन र शोषणको अवसर प्राप्त गर्दछ भन्ने कुरा प्रस्तुत गर्दै यस उपन्यासमा मोतीमायाले गृहत्याग गर्नु अर्थात् लैङ्गिक हिंसामा पर्नुको कारण कमला (मोतीमायाकी सौता) हो भने हिंसाको स्रोत पितृसत्ता तथा त्यसको प्रतिनिधि प्रमोद हो भन्ने कुरा प्रस्ट हुन्छ । प्रमोदको घरभित्रदेखि सुरु भएको लैङ्गिक समस्यायुक्त कथावस्तु मोहनबहादुरको यौनिक सिकारमा मोतीमाया फसेपछि अगाडि बढ्छ । मोहनबहादुरको मनोवृत्ति, भोगी चरित्र र लैङ्गिक हिंसाको पराकाष्ठाले कथावस्तुमा वेश्यावृत्तिको परिवेश, वास्तविकता, विवशता तथा वेश्या बन्न बाध्य पारिएका नारीहरूको यथार्थोद्घाटन गरिएको छ । अन्त्यमा राजनीतिज्ञको खोल ओढेर यौनिक अपराध, लैङ्गिक हिंसा तथा मानव बेचविखनमा संलग्न दुष्चरित्रहरूको अन्त्य, नारी समस्या र वेश्यावृत्ति समाप्त पार्ने योजनासहित नारीहरूको सक्रियता तथा विनोदले मोतीमायालाई गरेको सम्मान र घर फर्काउन गरेको साहस तथा आत्मविश्वास एवम् प्रमोद र कमलाको अन्त्यसँगै विनोदले मैयाँ नानी र मोतीमायाजस्ता समाज सुधारक नारीहरूको सम्मान गर्ने र लैङ्गिक समस्या तथा हिंसा अन्त्य गर्ने अठोटसम्मका विविध कथानकहरू सबै सन्दर्भमा लैङ्गिक समस्या नै मूल केन्द्रका रूपमा रहेको र लैङ्गिक चेतना तथा सशक्तीकरण उपन्यासको मूल सन्देश भएकाले लैङ्गिक दृष्टिले *स्वास्नीमान्छे* उपन्यासको कथावस्तु स्वाभाविक यथार्थ तथा अपेक्षित रहेको मान्न सकिन्छ ।

उपेक्षित र पीडामय जीवन भए पनि मातृवात्सल्यका कारणले कैयौं समस्या र दुःख भए पनि बाँच्नुपर्ने चाहना मोतीमायाबाट भगवान्समक्ष व्यक्त (पृ.१) हुनुबाट नै उपन्यासभित्रको लैङ्गिक समस्यायुक्त कथावस्तु आरम्भ भएको देखिन्छ । पितृसत्ता तथा बहुपत्नी प्रथाले गर्दा पारिवारिक समस्यामा बालबालिकासमेत पर्न गएको अवस्था विनोदले भोगेको समस्याबाट उजागर हुन्छ । नारीमाथि हुने पुरुष हिंसालाई बलियो बनाउँदै अझ मलजल गर्न नारी नै सक्रिय रहेको कुरा कमलाले मूल ढोका आफै खोलेर मोतीमायालाई यौनिक आचरण बेठिक भएको साबित गर्ने प्रयत्न (पृ. ३) गरेकोबाट स्पष्ट हुन्छ । पुरुषले आफैले जन्माएको सन्तानलई उपेक्षा गर्दै यौनिक आनन्दमा रमाउने गरेको र दायित्वबोध गर्न नसकेको कुरा प्रमोदको अभिव्यक्ति “यी पूर्वजन्मका साहूहरूले हामीलाई कहिल्यै सुखको सास फेर्न दिँदैनन् (पृ. ५) ।” बाट बोध गर्न सकिन्छ । मोतीमायालाई घरबाट निकालेर आफूले मात्र सम्पत्ति, सुख र यौनिक

आनन्द लिने लोभले कमलाले आफै नक्कली चिठी (पृ. ९) तयार पारेर प्रमोदबाट अझ बढी हिंसायुक्त व्यवहार खेप्न मोतीमायालाई बाध्य तुल्याउँछे । घरायसी हिंसाबाट आहत बनेकी मोतीमायालाई छिमेकी हीराज्यानले नालिस दिन उक्साउने (पृ. २८) र उल्टै प्रमोदसँग उल्टा कुरा गर्दै (पृ. ३१) लैङ्गिक हिंसामा सघाउने नारीहरू नै भएको कुरा समेत खुलासा गरिएको छ । प्रमोदको हिंसाजन्य व्यवहारले सीमा नाघेपछि मोतीमाया आत्महत्या गर्न सिम्भूको डाँडामा जान्छे (पृ. ३७) । त्यसबखत बनावटी मानवता प्रदर्शन गरी यौनिक उपयोग गर्ने योजनाअनुरूप बसेको मोहनबहादुरको जालमा मोतीमाया फस्छे (पृ. ३९) ।

पितृसत्तात्मक भोगी मानसिकता भएको मोहनले आइमाई पुरुषविना बाँच्न नसक्ने कुरा (पृ. ४१) गर्छ र आफ्नो स्वार्थ सिद्ध गर्न आफ्नो घरमा लैजान्छ (पृ. ४३) । कमलाजस्ता नारीहरू जसले पुरुषलाई हौस्याएर नारीमाथि नै अन्याय र अत्याचार गर्न सक्रिय तुल्याउँछन् तर आफू पुरुषको यौन सन्तुष्टिको साधन मात्र बनेको कुरा बुझ्दैनन् । आफूलाई पनि पुरुषले उपभोग मात्र गर्छ र पछि मिल्काउँछ भन्ने कुरा नबुझी लैङ्गिक हिंसामा साथ दिन्छन् । चम्पाको यौवनतर्फ आकर्षित बन्दै गएको प्रमोद (पृ. ४६) ले अवस्थाअनुसार चम्पालाई समेत यौन उपभोग (पृ. ७५) गर्ने प्रयत्न गर्दछ । मोहनबहादुरले मोतीमायाभन्दा अघि तिन जना युवतीलाई पत्नी बनाइसकेको (पृ. ७०) कुराबाट उसले अबला र निरीह युवतीलाई मानवताको ढोंग रची उपभोग गरिरहेको खुलासा हुन्छ । मोतीमायालाई प्राप्त गरेर उपभोग गरेपछि मोहनले उपेक्षा र हिंसाजन्य व्यवहार गर्न थाल्यो । विनोदलाई आमासँग भेट्न नदिई पटकपटक ढोकाबाहिरबाट नै फर्काएको कुरा (पृ. ७९) सुनेपछि मोहनसँग मोतीमाया अनुरोध गर्न जाँदा आफू कमारो नभएको (पृ. ८६) बताएपछि मोतीमायाले विगतको सर्त स्मरण गराउन खोज्दा शारीरिक यातना दिएर लछारपछार गर्दै कुटेर घरबाहिर निकालेपछि (पृ. ८८) मोतीमाया दोस्रो घरबाट पनि गलहत्याइएकी निरीह नारी बन्न पुगी । घर व्यवहारबाट तिरस्कृत, उपेक्षित र निरीह बनेका नारीलाई पुनःस्थापना गरेजस्तै गरी सहारा दिएजस्तो व्यवहार देखाएर वेश्यावृत्तिमा संलग्न गराउने यौन दलालका रूपमा रहेकी मिस्री दिदीले मोतीमायालाई आफ्नो निवासमा लैजान्छिन् (पृ. ९०) । मिस्री दिदीको कोठीको हालखबर बुझेर मोतीमाया दिक्क मान्छे र बाहिरिने आग्रह गर्छेन् (पृ. ९३) । अनमेल विवाह र गरिबीका कारणले पनि नारीहरू देह व्यापार गर्न बाध्य बनेका छन् भन्ने कुराको खुलासा नानीप्राणको वास्तविकता (पृ. ९५) बाट प्रस्ट्याइएको छ । बाध्यताले दुई पोइकी जोइ बनेकी मोतीमायाले स्त्रीत्वको रक्षार्थ आफू वेश्यावृत्तिमा संलग्न हुन नसक्ने कुरा व्यक्त गर्छे,"म बाट यस्तो काम हुन सक्दैन, प्राणलाई बरु मैले केही सम्झेकी छैन, तर स्त्रीत्वको मर्यादा गुमाउन सक्तिनँ (पृ. ९७) ।" स्वास्नी मान्छेले नै

स्वास्नीमान्छेको धर्म र इज्जत बिगार्न नहुने कुरा (पृ. ९८) समेत मिस्रीलाई सम्झाउँछे । वेश्यावृत्ति पेसा अपनाउन बाध्य बनाइएकाहरू आफू बिग्रिए पनि समाजलाई सुधार र प्रगतितर्फ लैजान सचेत बनेको, संस्था खोलेर अन्याय, अत्याचारलाई समाप्त पारी लैङ्गिक समानता निर्माणमा लागिपरेका नारीहरूको समूहकी सदस्य लीलाले मोतीमायालाई मैयानानीको नेतृत्वमा सञ्चालित संस्थासँग आबद्ध बनाउँछे (पृ. १०३) । नारी जातिको उत्थान र स्वतन्त्रताका लागि आफूहरू वेश्या भए पनि निरन्तर सक्रिय रहेको, नारीलाई वेश्या बनाउने होइन कि वेश्या बनिसकेका नारीको माध्यमबाट समाजमा परिवर्तन गर्दै नारीत्वको रक्षा गर्न चाहेको कुरा बताउँदै महिलावादी संस्थाहरू राजनीतिक दलका कठपुतली बनेका र नारीको हक, अधिकार तथा समस्यामा वास्ता नगरेको आक्रोश पोख्दै मैयाँनानी भन्छे, "राजनीतिक स्वार्थले गर्दा महिला संस्थाहरू आपसमा कलह र फुट पैदा भई शक्ति र प्रभावहीन भइरहेका छन् । सामाजिक सुधार र आन्दोलन गर्न न तिनले अवकाश पाएका छन् न अध्ययन (पृ. १०७) ।" मैयाँनानी पनि भोगेका पीडा र यौनिक हिंसाका प्रशस्त घटना बताउँदै मोतीमायालाई सम्झाउँछे ।

आफू जोगिनी भएर हिँड्दा समेत यौन हिंसाको सिकार बन्नुपरेको (पृ. १०९) कुरा बताउँछे । यसबाट नेपाली समाजका अधिकांश पुरुषहरू नारीलाई यौन साधन र उपभोग्य वस्तुका रूपमा मात्र लिन्छन् भन्ने कुराको खुलासा भएको देखिन्छ । समाज र देशमा जागृति ल्याउनका निम्ति पहिले महिला समाज र नारी जातिको उन्नति आवश्यक भएर 'नारी उद्धार संस्था' खोल्नु परेको (पृ. ११०) जनाइएको छ । "नारीमा नारीत्वको गौरव प्रतिष्ठित गराउने चेष्टामा लागिरहेका छौं (पृ. १११)" भन्दै मैयाँनानीले नारी चेतना र सशक्तताको सन्दर्भ प्रस्तुत गरेकी छ । मोतीमायाको इच्छाअनुसार उनलाई गाउने काममा मात्र सीमित गरिएकोबाट उपन्यासको मुख्य चरित्रलाई वेश्यावृत्तिबाट उपन्यासकारले बचाएको देखिन्छ । राजनीतिको खोल ओडेर अपराध र लैङ्गिक हिंसा गरिरहेका अन्जनाकुमारी तथा सूर्यप्रसादको गोली हानी हत्या गर्ने वासन्तीले साहस र सगर्व आफ्नो भनाइ प्रस्तुत गर्नु (पृ. ११५) सशक्तता तथा सक्षमताको नमुना हो । परिवार तथा सन्तानको जीवनमा पुरुष अर्थात् बाबुको नियन्त्रण र निर्देशन पालन गर्नुपर्ने (पृ. १२३) प्रमोदको आज्ञालाई विनोदले अस्वीकार गरी आफ्नी आमाको संसर्ग तथा स्नेहबाट विमुख नहुने बरु सम्पत्ति वा अंशको पर्वाह नगर्ने धारणा (पृ. १२४) राख्दछ । पुरुष प्रमुख र स्त्री गौण हुनैपर्ने पितृसत्तात्मक मानसिकताको झलक प्रमोद र कमलाको खेल (हार्नेले स्याल कराउनुपर्ने) कार्य (पृ. १२५) मा पनि प्रस्ट देख्न सकिन्छ । बाबुले निर्णय गरिसकेको आफ्नो बिहेलाई विनोदले अस्वीकार गर्छ र स्त्रीलाई यौन सुखभोगको

साधनका रूपमा प्रयोग गरिरहेको मोहनबहादुर, जसले मोतीमायालाई गलहत्याएर अर्की युवतीलाई पत्नी बनाएर आनन्द लिइरहेको थियो, को घरमा आमाको खोजी गर्दै (पृ. १२७) विनोद पुग्छ । मोहनबहादुरले विभिन्न आरोप लगाउँदै (पृ. १२८) मोतीमायाका सम्बन्धमा विनोदमा भ्रम उत्पन्न गराउँछ । मैयाँनानीको फेहरिस्त सुनेपछि आवेशमा रहेको विनोद संयम बन्छ र आफ्नी आमा मोतीमायालाई घर फर्काउने साहस र विश्वास प्रकट गर्दै विनोद भन्छ, "बासितै पनि सङ्घर्ष गरुँला । अहिले मैले आमालाई खालि आमा भनेर मात्रै आदर गरिरहेको होइन, सत्यको पूजा गरिरहेको हुँ, त्यसैले सत्यको निम्ति, कर्तव्यको निम्ति तपाईंले रण्डी भएर संसार उठाउन खोज्नुभएजस्तै मैले बाबुलाई खतम गरेर पनि सत्यको पूजा गरुँला (पृ. १३३) ।" यसबाट प्रस्ट हुन्छ कि विनोद सामाजिक र लैङ्गिक समस्याप्रति अत्यन्त सचेत र परिपक्व देखिन्छ । साथै उसले लैङ्गिक हिंसा र विभेद अन्त्य गर्न आफूलाई दरोसँग उभ्याएको देखिन्छ । विनोदको दृढताबाट प्रशन्न बनेकी मैयाँनानीले मोतीमायालाई उच्च र पवित्र भएको धारणा (पृ. १३३) राख्छे र भन्छे "तिमीले जानैपर्छ, स्त्रीत्वको परिचय संसारमा देखाउनैपर्छ (पृ.१३४) ।" त्यसपछि विनोद, मोतीमाया र मैयाँनानी मोतीमायालाई ससम्मान हक अधिकार दिलाउन सामाजिक परम्परालाई चुनौती दिँदै प्रमोदको घरतर्फ लाग्छन् (पृ. १३५) । चुनौतीपूर्ण कार्य गरिरहेकाले जटिल परिस्थितिको पूर्वमूल्याङ्कन गर्दै मैयाँनानीले पेस्तोल पनि लुकाएर लगेकी हुन्छे (पृ. १३५) । प्रमोद र विनोदको लामो वादविवादले उत्कर्ष रूप लिएपछि नारीलाई वेश्या बनाउने कार्य पुरुषहरूबाट अर्थात् प्रमोदजस्ता प्रवृत्तिबाट भएको र समाज पनि पितृसत्तात्मक प्रकृतिको भएकाले नारीले लैङ्गिक हिंसा र अन्याय खेप्न बाध्य हुनुपरेको (पृ. १३८) कुरा विनोदले प्रस्ट पार्दछ । विनोद भन्दछ, "तपाईं खुद रण्डीबाज नभइकन स्वास्नीलाई नारी सम्मानका आँखाले हेरेर समाजको पूजा गरिरहनुभएको भए मेरी आमा एउटा साधारण सती मात्र होइन, देशकी देवी भएर पनि संसारकी नेत्री हुन सक्नुहुन्थ्यो (पृ. १३८) ।" छोराको तर्कपूर्ण अभिव्यक्तिले आवेशमा आएर प्रमोदले बन्दुक तेर्स्याएर धम्की दिँदासमेत विनोद साहस र कर्तव्यका साथ (पृ. १३९) अडिग रह्यो ।

प्रमोदले बन्दुकको घोडा तानेर विनोदको खुट्टामा ताकेर हानेपछि "समाज खाने किरालाई जिउँदो राख्नु पाप हो । (पृ. १४०) ।" भन्दै मैयाँनानीले प्रमोदलाई पेस्तोल निकालेर गोली हानी समाजकी कलङ्किनी भन्दै कमलालाई समेत गोली हानेर (पृ. १४०) दुबैलाई खतम पारिदिई । न्यायालयमा समेत मैयाँनानीले सगर्व आफ्ना लैङ्गिक समानतामूलक सघन विचार प्रकट गर्दै आफूहरू पुरुषसमानको सजाय भोग्न सक्षम (पृ. १४३) भएको धारणा राख्छे । न्यायाधीसले मैयाँनानीलाई "देशको नै अस्तित्व र सतीत्व बचाउने चेष्टा गरेकी हुनाले तिमी सती हौ

(पृ. १४६) ।" भन्दै सम्मान प्रकट गरेको छ । मैयाँनानीले आजीवन जेल बस्नुपर्ने सजाय पाएकीले विनोद दुःखी भए तर उनको सम्मान सदैव गरिरहने कुरा बताउँदै आफ्नो घरलाई 'मैयाँ मन्दिर' घोषणा गरी मोतीमायाको अध्यक्षतामा 'मैयाँ महिला संघ' स्थापना गरेर लैङ्गिक हिंसा र अन्याय तथा विभेद अन्त्य गरी समानतामूलक समाजको निर्माणमा सफल हुने विश्वास (पृ. १४७) राखेको घटनापछि उपन्यासको अन्त्य हुन्छ । यसरी समाजमा रहेका विभिन्न परिवेशमा नारीले भोगेका भोगाइ, समस्या, मनोविज्ञान, बाध्यता, आर्थिक समस्या, वेश्यावृत्ति, सौतेनी व्यवहार, पुरुषको नियन्त्रण र षडयन्त्रमा पर्नुपरेको अवस्था, सुधारको चाहना, समर्पण, लैङ्गिक हिंसा र अन्याय गर्ने व्यक्तिको अन्त्य, सामाजिक समृद्धिको अपेक्षा तथा लैङ्गिक समानताको दृढताजस्ता कथावस्तुमा आधारित भएर उपन्यासको कथानक तयार भएकाले लैङ्गिक दृष्टिले प्रस्तुत उपन्यासको कथावस्तु सान्दर्भिक र विश्लेष्य रहेको मान्न सकिन्छ । पङ्क्तीय वा अनुक्रमीय कथानक रहेको यस उपन्यासले लैङ्गिक समस्या तिनका कारणहरू र परिवर्तनको सङ्केत गरेको देखिन्छ ।

६.१.३ चरित्र र जैविकता

यस उपन्यासका सबैजसो पात्र तत्कालीन समाजका प्रतिनिधि चरित्रहरू हुन् । मूलतः नारी समस्या, चेतना र परिवर्तनसँग सम्बन्धित कथावस्तु रहेकाले नारी पात्रको आधिक्य स्वाभाविक तथा अपेक्षित छ । नारी पात्र मोतीमायाको जीवन सन्दर्भलाई केन्द्रीयता दिइएको उपन्यासमा मोतीमाया नै प्रमुख नारी पात्र हो । मोतीमाया, कमला, चम्पा, हीराज्यान, मिस्री दिदी, मैयाँनानी, वासन्ती, अन्जनाकुमारी, नानीप्राण, लीला, दालचिनी, चुली, बूढीकाकी, मोहनका बहिनीहरू, जुइनानी, वाइजी आदि नारी पात्रहरू हुन् । त्यस्तै प्रमोद, विनोद, मोहनबहादुर, रमानन्द, नातिभाइ, बाबुराजा, बाबुलाल, मुकुन्द, भाइचा साल्मी, युवक, रामे, न्यायाधीस, सूरप्रसाद आदि पुरुष पात्रहरू हुन् । साथै नानीप्राणका बाबुआमा, वृद्ध पति, प्रहरीहरू, गाउँलेहरू, गुण्डाहरू आदि विविध सन्दर्भमा आएका परोक्ष पात्रहरू हुन् । उपर्युक्त सम्पूर्ण पात्रहरूमध्ये अधिकांश पुरुष पात्रहरू लैङ्गिक हिंसा र विभेद गर्ने तथा आपराधिक कार्य गर्ने र कार्य गर्न उत्प्रेरित गर्ने खालका छन् भने अधिकांश नारी पात्रहरू लैङ्गिक समस्या र हिंसा भोगेका तथा त्यस्तो अन्यायप्रति सचेत बनेर सामाजिक परिवर्तनमा सक्रिय बनेका देखिन्छन् ।

मोतीमाया उपन्यासकी केन्द्रीय नारी पात्र हो । ऊ सत्, स्थिर, वर्गीय, बहिर्मुखी, मञ्चीय, मुख्य, बद्ध पात्र हो । उनी लैङ्गिक अन्याय, समस्या र हिंसा भोग्न बाध्य पात्र हो । आध्यात्मिक

प्रकृति (पृ. १), मातृवात्सल्य (पृ. २०) जीवनदेखि निराश बनेर मृत्यु अँगाल्न खोज्ने (पृ. ३८) सदाचारी, अरुलाई तुरुन्तै विश्वास गर्ने (पृ. ३९), स्त्रीत्वप्रति प्रतिबद्ध (पृ. ९८) पात्र हो । लैङ्गिक विभेद र अत्याचार समाप्त गर्न मोतीमायाले विशेष भूमिका खेलेको देखिँदैन । उपन्यासको अन्त्यमा 'मैयाँ महिला संघ'को अध्यक्ष बनेर (पृ. १४७) संस्थागत वा सामुदायिक भूमिकामा देखिए पनि, स्त्रीत्व वा नारीत्वप्रति सचेत रहेकी मोतीमाया इमानदार र सहनशील नारी पात्रका रूपमा रहेकी छ ।

प्रमोद उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ पितृसत्तात्मक समाजको प्रतिनिधि पात्र हो जसले नारीलाई यौन सुख भोगको साधन ठान्दछ र दासी सम्झेर पशुवत् व्यवहार गर्छ । असत् चरित्र भएको प्रमोद रूपवती युवती पत्नीको उक्साहटमा लागेर (पृ. ५) सही र गलत छुट्याउन नसकी छोराकी आमा बनिसकेकी मोतीमाया र विनोदलाई आपराधिक व्यवहार गर्ने (पृ. १३) चरित्रका रूपमा रहेको छ । मुख्य, असत्, वर्गीय, मञ्चीय, बद्ध, बहिर्मुखी, स्थिर प्रकृति भएका प्रमोद उपन्यासका खलनायक हो । घरमा काम गर्ने चम्पाको यौवनमा समेत आँखा लगाउने (पृ.७५) व्यभिचारी पुरुष, परम्परागत पितृसत्तात्मक पुरुषत्वको हैकम जमाउन खोज्ने (पृ. १३७) र आफ्नो नकारात्मक अहम्का कारणले छोरालाई गोली हान्ने (पृ. १४०) खल पात्रका रूपमा प्रमोद चित्रित छ । लैङ्गिक हिंसा र अपराध गर्ने उपन्यासका प्रमुख असत् पात्र हो जसले अन्ततः मैयाँनानीले हानेको गोलीको सिकार भई (पृ. १४०) मृत्यु वरण गर्न पुगेको छ ।

कमला उपन्यासकी सहायक नारी पात्र हो । असत् चरित्रका रूपमा रहेकी कमला प्रमोदकी दोस्री रूपवती पत्नी हो । श्रीमान्को माया र सम्पत्तिमा एक्लै रजाइँ गर्ने (पृ. ५६) मनोविज्ञान र सौतालाई सास्ती दिएर गलहत्याउने षडयन्त्रमा लागेकी (पृ. ३, ४, ९, १०) नारी भएर नारीलाई नै हिंसात्मक व्यवहार गर्ने र पुरुषलाई उक्साउने (पृ. ६) चरित्रका रूपमा कमला रहेकी छ । श्रीमान्को यौन सुख आफूले मात्र प्राप्त गर्ने मनोविज्ञान पनि भएकी (पृ. ७४) कमला पितृसत्तात्मक मानसिकता भएकी पात्र हो । मोतीमायाले जेजति हिंसाजन्य व्यवहार प्रमोदबाट खेप्नुपरेको छ ती सबैजसो अत्याचारमा कमलाको नै महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । मञ्चीय, बद्ध, वर्गीय, स्थिर, बहिर्मुखी, चरित्र भएकी कमलालाई अन्ततः लैङ्गिक हिंसा र अत्याचारकी मुख्य नायिका र समाजकी कलङ्किनी (पृ. १४०) भएको निष्कर्ष निकालेर मैयाँनानीले मारिदिन्छे ।

विनोद उपन्यासको उत्तरार्धमा निडर, साहसी, आत्मविश्वासी तथा लैङ्गिक सचेतना तथा समानताका र स्वतन्त्रताका लागि समाजलाई चुनौती दिएरै पनि आफ्नी आमा मोतीमायालाई

सगौरव सम्मान प्रकट गर्दै तमाम नारी समस्याको अन्त्यका लागि 'मैयाँ महिला संघ'को स्थापना गरेर लैङ्गिक हक, स्वतन्त्रता तथा अधिकारलाई संस्थागत गर्ने पात्र हो । लेखकीय विचार बोक्ने मुख पात्रका रूपमा पनि विनोदलाई लिन सकिन्छ । सत्, मञ्चीय, बद्ध, बहिर्मुखी तथा स्थिर पात्रका रूपमा रहेका विनोद विवेकी र इमानदार पात्र हो । तत्कालीन समाजका युवाहरू विनोदजस्तै प्रवृत्तिका नभएर पितृसत्तात्मक सोचका रहने अवस्थामा रहेका तथा विनोदले मोतीमाया र समग्र नारी जातिको जेजसरी सम्मान गरेको छ, त्यस्तो अन्य युवाहरूले सजिलै गर्न नसक्ने हुनाले विनोद समग्र युवाहरूको प्रतिनिधि पात्र होइन । त्यसैले उसलाई वर्गीय नभएर व्यक्ति पात्रका रूपमा लिनुपर्ने हुन्छ परन्तु विनोदलाई क्रान्तिकारी, सुधारक, प्रगतिवादी तथा समाजवादी प्रवृत्तिको नायक मान्नुपर्दछ । ऊ मोतीमाया र प्रमोदको छोरा हो तथापि प्रमोदको हिंस्रक व्यवहारबाट विनोद बाल्यावस्थामा नै भय भावमा देखिन्थ्यो (पृ. ४) । मोतीमायाले खेप्नुपरेको पारिवारिक हिंसा र अत्याचारप्रति ऊ अबोध (पृ. ११) नै रहेको देखिन्छ । मोतीमाया मोहनबहादुरको घरमा बसेको बखत विनोद निरन्तर भेट्न गएको थाहा पाएपछि प्रमोद र कमलाले भेट्न नजाने कागज गराए (पृ. ८४) पनि ऊ आमालाई भेट्न गइरह्यो (पृ. ८५) । यौन पिपासु मोहनबहादुरले षडयन्त्रपूर्वक आफूलाई भेट्न नदिएको (पृ. ८५) कुरातर्फ विनोद अबोध नै देखिन्छ (पृ. ७९) । आफ्नो सल्लाह र सहमतिविना प्रमोद र कमलाले विहे गरिदिने निर्णय गरेकाले विनोद त्यसलाई अस्वीकार गर्छ (पृ. १२२) । प्रमोदको नियन्त्रण र हैकम मान्नुको सट्टा विनोद विद्रोही र मातृभक्त बनेको अवस्थामा मोतीमाया मोहनलाई पनि छोडेर वेश्यालयमा पुगेको खबरले भावावेगमा खुकुरी समातेर मोतीमायालाई खोज्न (पृ. १२७) जान्छ । मोहनबहादुरको वनावटी र षडयन्त्रमूलक कुराको समीक्षा नगरी उसले आक्रामक बन्दै निकै खर्च गरेर (पृ. १२८) मोतीमायालाई पत्ता लगायो (पृ. १२९) । मैयाँनानी र मोतीमायाबाट सविस्तार वर्णन सुनेपछि विनोदमा पुनः मातृभक्ति अझ बढेर आयो । साथै मोतीमायाले खेप्नुपरेको हिंसा र अन्यायका विरुद्ध समाजमा चुनौती खेपेरै पनि साहसका साथ लड्ने (पृ. १३२) प्रतिबद्धता जनायो । स्वतन्त्रता, सम्मान र अधिकार स्थापना गर्ने सन्दर्भमा आफ्नै बासँग पनि सङ्घर्ष गर्न (पृ. १३३) सक्षम रहेको जनाउँदै मोतीमायालाई सगर्व सम्मान दिएर सत्यको पूजा गर्ने (पृ. १३३) अठोट गर्छ । आमालाई घर लगेपछि प्रमोदलाई चुनौती दिँदै भन्छ, "मेरी आमा द्यौता हुनुहुन्छ, सती हुनुहुन्छ, देवी हुनुहुन्छ । ... तपाईंले जबर्जस्ती सतीलाई रण्डी बनाइदिनुभयो । मेरी आमाको जीवन नष्ट गर्नुभयो । ... समाजको सुरक्षा गरी समाजलाई फलाउने, हुर्काउने नारी जातिलाई अपमान, अपहेलना गरी नेपाललाई समेत बरबाद गरिरहनुभएको छ, राष्ट्रमा कलङ्क लगाइरहनुभएको छ (पृ. १३७) ।" विनोदमा रहेको नारीवादी

सघन विचार, विश्वास, मानवता तथा लैङ्गिक सचेतनाले उसलाई आदर्श र सम्मानपूर्ण, संवेदनशील, क्रान्तिकारी र सकारात्मक पुरुष पात्रका रूपमा स्थापित गरिदिएको छ । समाजमा व्याप्त अन्धविश्वास र विभेदकारी परम्परालाई हटाउनुपर्ने (पृ. १३८) आवाजसहित नारीलाई देशका देवी र संसारका नेत्री मान्नुपर्ने धारणा (पृ. १३८) राखेको विनोद आफूलाई गोली हान्ने बाबु (पृ. १४०) लाई मैयाँनानीले मारिदिएकामा (पृ. १४०) खुसी छैन । अर्थात् पुत्र हुनाको उत्तरदायित्वबोध र मानवताका पक्षमा समेत विनोद सचेत देखिन्छ । अन्ततः पितृसत्तात्मक समाज र मनोवृत्तिका कारण पीडित बनेर वेश्यावृत्ति गर्दै लैङ्गिक हिंसाको अन्त्य गरी नारी हक अधिकार र स्वतन्त्रतामा लागिपरेकी मैयाँनानीको सम्मान (पृ. १४७) गर्नसमेत विनोद चुकेको छैन । साथै आफ्नो घरलाई 'मैयाँ मन्दिर' घोषणा गरी समनतामूलक समाजको निर्माणमा नारी हक, स्वतन्त्रता र अधिकारको आवश्यकताबोध गरेर पितृसत्तात्मक समाजको अन्त्य गर्नका लागि 'मैयाँ महिला संघ'को स्थापना गरेका विनोद उपन्यासको सफल, समाजवादी चरित्र हो ।

मोहनबहादुर उपन्यासकी प्रमुख पात्र मोतीमायाको दोस्रो लोग्ने भएको अभिनय गरेर उसको यौन उपभोग गर्ने यौन पिपासु सहायक असत् पुरुष पात्र हो । पितृसत्तात्मक सोचाइ भएको (पृ. ४१) नारीलाई यौन उपभोगका वस्तु ठान्ने यो पात्र मोतीमायाँसँगको प्रारम्भिक भेटमा मानवता र संवेदना भएको पात्रका रूपमा देखिन्छ । त्यसो त आत्महत्याको निर्णय गरेर मृत्युवरण गर्न खोजेकी मोतीमायालाई मृत्युबाट बचाउने (पृ. ३९) पात्र मोहन नै हो । दुःख र समस्यामा परेका नारीहरूलाई भावनात्मक नियन्त्रण गरेर यौनान्द लिने र नवयौवना पाएपछि पुरानालाई मिल्काइदिने (पृ. ८८) भोगी पात्रका रूपमा मोहनबहादुर रहेको छ । बाँच्नका लागि नारीलाई पुरुषको साथ र सहयोग अनिवार्य रहेको ठान्ने पुरुषवादी सोच (पृ. ४१) मोहनमा देखिन्छ । नारीको मिथ्या प्रशंसा (पृ. ६५) गरेर उनीहरूलाई आफ्नो नियन्त्रणमा राख्न खप्पिस मोहनले मोतीमायालाई चौथो पत्नी (पृ. ७०) बनाएको छ । यसबाट मोहनको यौन उपभोग गर्ने प्रवृत्ति प्रस्ट हुन्छ । अझ अर्की रूपवती युवती पाएपछि मोतीमायालाई गलहत्याएर (पृ. ८८) पाँचौं पत्नीका रूपमा अर्की युवतीलाई अपनाएकाले उनलाई यौन दुराचारी, असत्, बहिर्मुखी, वर्गीय, बद्ध तथा मञ्चीय पात्रका रूपमा लिन सकिन्छ ।

मैयाँनानी उपन्यासकी सहायक सत् नारी पात्र हो । पितृसत्तात्मक समाजका पुरुषहरूको लैङ्गिक तथा यौनिक हिंसाकी सिकार भएकी, परपुरुषसँग हाँसेको शङ्कामा पतिबाट गलहत्याइएकी (पृ. १०८), स्त्रीत्व र सतीत्वको निकै घमण्ड भएकी (पृ. १०८) जोगिनी भए हिँड्दा पनि यौन हिंसाको सिकार भएर (पृ. १०९) अर्को गुण्डाकी पत्नी भई पछि गलहत्याएकी (पृ. १०९) सामाजिक र यौनिक हिंसाले थिल्थिलिएकी पात्र हो । लैङ्गिक र यौनिक व्यभिचारको

अन्त्य गर्न वेश्याकै रूपमा भए पनि क्रान्ति तथा विद्रोह गर्न संस्थाको नेतृत्व गर्न सक्षम साहसी नारी हो । आत्महत्यालाई महापाप ठान्ने (पृ. १११) मैयाँनानी "समाज र देशमा जागृति ल्याउनका निम्ति हामीले सबभन्दा पहिले महिला समाज नारी जातिको नै उन्नतिको जरुरत देख्यो (पृ. १११) ।" भन्ने विचार सहित लैङ्गिक सचेतना अधिकार तथा स्वतन्त्रताका लागि विद्रोह र क्रान्ति गर्नुपर्ने आवश्यकता देख्ने आदर्श र क्रान्तिकारी नारी पात्र हो । वेश्या बन्नु राम्रो र गर्वको विषय नभए पनि समाजसुधारका निम्ति आर्थिक सङ्कलन गर्ने अन्य कुनै उपाय नभएको (पृ. १३२) र पितृसत्तात्मक समाजले नारीलाई हिंसाजन्य व्यवहार, यौनिक उपभोग तथा अधीनमा मात्र राख्ने गरेकाले त्यो पेसा अपनाउन बाध्य बनेको जनाउने मैयाँनानीले आम नारीलाई वेश्या बनाउने नगरेको तर वेश्या बनिसकेका नारीलाई समाज परिवर्तनका पक्षमा सचेततापूर्वक उभ्याउन सफल भएको जनाएकी छ । उनी बद्ध, सत्, बहिर्मुखी, मञ्चीय, गतिशील र व्यक्ति पात्र हो । समाजका लैङ्गिक समस्याका कारण प्रमोद र कमलालाई गोली हानेर (पृ. १४०) सगर्व जेल जाने साहस भएकी क्रान्तिकारी पात्रका रूपमा मैयाँनानीलाई लिन सकिन्छ ।

उपन्यासमा विभिन्न भूमिकामा अन्य विविध पात्रहरू रहेका छन् । कोही सकारात्मक भूमिकामा छन् भने कोही नकारात्मक भूमिकामा रहेका छन् । हीराज्यान असत् नारी पात्र हो । उसले नारी भएर नारीलाई नै समस्यामा पार्ने खालका दोहोरो भूमिका निर्वाह गरेकी छ । नारी अधिकार र स्वतन्त्रताको कुरा गर्ने (पृ. २८) र मिथ्या आरोप लगाएर मोतीमायामाथि हिंसाजन्य व्यवहार भोग्ने बनाउने (पृ. ३१) दुष्चरित्र भएकी अर्काको पीडामा आनन्द लिने परपीडक प्रकृति नारी पात्र हो । त्यस्तै मिस्री दिदी पनि समस्या र अन्यायमा परेका पीडित नारहिरूलाई भावनात्मक नियन्त्रण र उपकार गरेजस्तै गरी वेश्यावृत्तिमा संलग्न गराउने (पृ. ९१) यौन दलालको भूमिका निर्वाह गरेकी नारी पात्र हो । चम्पा गृहकार्यमा सघाउने सहयोगी, आर्थिक रूपमा विपन्न भएकाले प्रमोदको घरमा नोकरका रूपमा बसेकी, विनोद र मोतीमायालाई भेट गराउने, विनोदलाई रेखदेख गर्ने किशोरीका रूपमा रहेकी सत् पात्र हो । यौवनको सुरुआती चरणमा रहेकी (पृ. ७४) हुनाले प्रमोद उनको यौवनतर्फ आकर्षित भएको अनुमानमा कमलाबाट सास्ती खेप्ने निर्दोष चरित्र हो । वासन्ती साहसिक विद्रोह र क्रान्तिकारी चरित्र भएकी सत् नारी पात्र हो जसले अन्जनाकुमारी र सूरप्रसादलाई खुलमखुला गोली हानी मार्ने (पृ. ११३) तथा राजनीतिको खोल ओढेर समाजमा मानव अपराध गर्नेहरूको रहस्योद्घाटन गरेर सगर्व सबैलाई सूचित गर्ने कर्मठ र आत्मविश्वासी नारी पात्र हो ।

लीला मिस्रीको वेश्यालयमा आउने पीडित र निरीह नारीहरूको उद्धार गर्ने मैयाँनानीको नेतृत्वमा सञ्चालित 'नारी उद्धार संस्था' को सदस्य (पृ. १०६) हो । मोतीमायालाई मिस्रीदिदीको कब्जाबाट उम्काएर (पृ. १०३) मैयाँनानीसँग पुऱ्याउने सत् चरित्र भएकी नारी पात्र हो । नारीप्राण आफ्ना बाबुले हेलाका कारणले वृद्ध पतिसँग विवाह गरिदिएकी (पृ. ९५) र आमाको उपचार गर्न (पृ. ९५) आर्थिक आवश्यकता भएकाले पतिभक्त भए पनि वेश्यावृत्ति अपनाउन बाध्य भएकी नारी चरित्र हो । त्यस्तै अन्जनाकुमारी बाहिर राजनीति गर्ने र भित्रभित्रै वेश्यावृत्ति गर्ने तथा मानव बेचबिखनको अपराध गर्ने दुष्चरित्र नारी पात्र हो । सूरप्रसाद पनि राजनीतिको खोल ओढेर मानव अपराध गर्ने असत् पुरुष पात्र हो । यी दुबैलाई वासन्तीले गोली ठोकेर मारिदिएपछि यिनीहरूको वास्तविक भेद खोलिएको थियो । दालचिनी, चुली, मिस्रीदिदीको वेश्यालयमा वेश्याका रूपमा रहेका पात्र हो । युवक साथीकै लैलैमा वेश्यालयमा पुगेको सोझो र इमानदार पुरुष पात्र हो । वेश्यालयको वातावरणबाट डराएर भाग्न सित्तैमा १० रुपियाँ दिएर (पृ. १०१) घर फर्कने पात्र हो । न्यायाधीश कानुनलाई आधार बनाएर मैयाँनानीलाई सजाय दिने व्यक्ति हो । तर मैयाँनानीको तार्किक र वैचारिक प्रस्तुतिमा देखिएको सघनता र आत्मविश्वाससहित समाजप्रतिको उत्तरदायित्वबाट प्रभावित भएर "म अभागी छु, तिमीजस्ती स्त्रीरत्न समाजसेवीलाई पनि हात बाँधिराख्नुपरेको छ (पृ. १४६) ।" भन्ने अभिव्यक्ति दिने पुरुष चरित्र हो । वैचारिक र भावनात्मक रूपमा लेखकीय विचार पनि न्यायाधीशबाट केही मात्रामा प्रकट भएको छ ।

यसरी यस उपन्यासमा रहेका विभिन्न चरित्रहरूले विविध कार्य र भूमिका निर्वाह गरेका छन् । प्रत्यक्ष रूपमा नै सबैजस्तो पात्रहरू उपस्थित भएका छन् । उपन्यासका भाइचा साल्मी, मोहनका बहिनीहरू, बुढी काकी, रमानन्द, नातिभाइ, बाबुराजा गौण पात्रहरू हुन् । त्यस्तै बाबुलालले मोहनको अन्यायपूर्ण र हिंसाजन्य व्यवहारमा समर्थन जनाउने काम गरेको छ भने रामे, बाइजी, नानीप्राणका बाबुआमा, वृद्ध पति, गुण्डाहरू, जुइनानी, अन्य युवतीहरू, मोहनका गाउँलेहरू, मैयाँनानीको लोग्ने, दोस्रो लोग्ने, छोरी, चन्द्रकुमारी आदि पात्रहरू विविध प्रसङ्गमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहेको देखिन्छ । सक्रियतापूर्वक भूमिका खेल्ने पात्रमध्ये अधिकांश पुरुषहरू (विनोद र न्यायाधीश बाहेक) असत् भूमिकामा रहेका छन् भने नारी पात्रहरू अधिकांश सत् भूमिकामा रहेका छन् ।

उपन्यासकारको पात्र योजना लैङ्गिक दृष्टिले स्वाभाविक र सन्तुलित मान्न सकिन्छ । समाजमा हुने गरेका वास्तविक तथ्यलाई स्वाभाविक उद्घाटन गर्न प्रधानका पात्रहरू सफल छन् भने कुनैकुनै पात्रहरूमाथि लेखकीय वैचारिक दबाब पर्न गएको देखिन्छ ।

६.१.४ लैङ्गिकताको अवस्था

स्वास्नीमान्छे उपन्यास मूलतः लैङ्गिक सन्दर्भ र समस्यामा आधारित भएर समाजका अन्तरतहमा रहेका लैङ्गिकताका वास्तविक अवस्थाको विशिष्ट र साहसिक उद्घाटनमा केन्द्रित उपन्यास हो । पितृसत्तात्मक समाज र त्यस समाजमा आफ्नो हैकम र नियन्त्रण कायम गरेका पुरुषहरूले नारी तथा समग्र परिवारमा गरेको शासनलाई प्रस्तुत गरिएकाले यहाँ लैङ्गिकताको विभेदकारी अवस्था प्रस्तुत भएको छ । २००० सालतिरको नेपाली परिवेशमा लैङ्गिकताको स्थिति अत्यन्त दयनीय र असन्तुलित थियो भन्ने कुराको खुलासा यस उपन्यासबाट हुन्छ । त्यस्तो जर्जर, दयनीय र विभेदकारी लैङ्गिकताको अवस्थालाई यथार्थ रूपमा उद्घाटन गर्दै विभेदकारी र अन्यायपूर्ण लैङ्गिक स्थिति अन्त्य हुनुपर्ने आग्रहसहित उपन्यासलाई अपेक्षित बनाइएको छ । पुरुषहरू घरका मालिक र नारीहरू घरका दासीजस्तै बन्नुपर्ने, पुरुषहरूले चाहेजति बहुपत्नी राखेर यौन सुखभोग गर्नुपर्ने, शारीरिक, मानसिक, मनोवैज्ञानिक, यौनिक तथा सामाजिक हिंसाजन्य व्यवहार नारीले मात्र खेप्नुपर्ने लैङ्गिक अवस्थाको चित्रण यस उपन्यासमा गरिएको छ । उपन्यासभित्रको लैङ्गिकताको अवस्था तत्कालीन समाजको सजीव चित्र हो । झन्डै २० वर्षको समयावधि समावेश भएको औपन्यासिक कालमा उपन्यासकारको सचेतनामूलक आग्रह र वैचारिक प्रवाह सघन मान्न सकिन्छ तथापि त्यो समयको उपन्यासमा चित्रित लैङ्गिक अवस्था अन्यायपूर्ण र विभेदकारी रहेको देखिन्छ । पितृसत्ता र सोअनुसारको मनोविज्ञानका कारण पुरुष शासक र नारी शासित भएको असमान लैङ्गिक अवस्था रहेको पाइन्छ । घर, सन्तान तथा सम्पत्तिमा पुरुषको पूर्ण नियन्त्रण रहेको लैङ्गिक स्थिति उपन्यासमा व्यक्त छ जुन सामाजिक यथार्थको बिम्ब पनि हो । नारीहरू पनि पितृसत्ताकै जालमा परेर स्वजातीय भावनात्मक संवेदनाभन्दा बाहिर पुगेर नारीहरूलाई नै लैङ्गिक हिंसाको सिकार बनाउन उद्यत रहने अवस्था चित्रित छ । त्यस्तै नारीलाई वेश्यागमन गर्न बाध्य पारिएको लैङ्गिक अवस्था छ ।

उपन्यासमा चित्रित सबैजसो नारीहरू पुरुषको अत्याचार, हिंस्रक व्यवहार र उपेक्षाबाट जबर्जस्ती वेश्या बनाइएका छन् । त्यस्तै आर्थिक र सामाजिक कारणले पनि वेश्या बन्नु परेको यथार्थबाट लैङ्गिकताको स्थिति असमान र समस्याग्रस्त भएको कुरा *स्वास्नीमान्छे* उपन्यासमा चित्रित छ । यस उपन्यासमा सांस्कृतिक, धार्मिक, राजनैतिक, शैक्षिक सन्दर्भभन्दा सामाजिक, यौनिक तथा आर्थिक सन्दर्भमा लैङ्गिकता प्रस्तुत भएको छ । सबै सन्दर्भमा नारी कमजोर र पुरुष शक्तिशाली (निर्णायक) भएकाले समाजमा हिंसा, अपराध तथा पीडाका कारणले समाज

अधोगतितर्फ धकेलिएको सङ्केत गरिएको छ । यस उपन्यासमा समाज र राष्ट्रको समृद्धिका लागि क्रान्तिकारी कदमसहित लैङ्गिक समानता र स्वतन्त्रताको आह्वान गरिएको छ ।

६.१.५ लैङ्गिक भूमिका

स्वास्नीमान्छे उपन्यासमा रहेका पात्रहरूले के कस्ता कार्य वा भूमिका खेलेका छन् भन्ने सन्दर्भमा यहाँ पुरुष हुन् वा स्त्री अधिकांश पात्रहरू उत्पादकभन्दा अनुत्पादक भूमिका रहेको देखिन्छ । पुरुषका तुलनामा नारीहरू उत्पादक भूमिकामा अग्रसर भएको पाइन्छ । पितृसत्ताको उपज स्वरूप पुरुषमा सम्पत्तिको पूर्ण स्वामित्व र अधिकार भएकाले पनि यस उपन्यासका सबैजसो पुरुषहरू आर्थिक उपार्जनको भूमिकामा देखिएका छैनन् । प्रमोद, मोहन लगायतका अधिकांश पुरुषहरू अनुत्पादक भूमिकामा नै रहेका छन् । यी यौन सुख भोग गर्ने, हिंसा र अपराधमा संलग्न हुने किसिमका चरित्र हुन् । विनोद सामुदायिक भूमिकामा अग्रसर भएर नारी उत्थान र लैङ्गिक स्वतन्त्रताका पक्षमा लागेको देखिन्छ (पृ. १४७) । सूरप्रसाद राजनीतिक भूमिकामा रहेको देखिए तापनि उसको आपराधिक मनोवृत्ति नै सक्रिय देखिन्छ । मोतीमाया प्रारम्भमा सांस्कृतिक पक्षतर्फ निकट देखिए पनि मोहनबहादुरबाट लखेटिएपछि वेश्यालयभित्र गीत गाउने (पृ. ११२) र आर्थिक उपार्जन गरेर जीविकोपार्जन गरेकाले उनलाई उत्पादक भूमिकामा रहेको पाइन्छ । त्यस्तै 'मैयाँ महिला संघ' को अध्यक्ष (पृ. १४७) बनेकाले उनमा सामुदायिक भूमिका निर्वाह गर्ने क्षमता रहेको छ । कमलाको भूमिका अनुत्पादक रहेको छ । हीराज्यानले व्यापार व्यवसाय गरी आर्थिक उपार्जन (पृ. २९) गरेकाले उत्पादक भूमिका निर्वाह गरेकी छ । मिस्री दिदीले वेश्यालय खोलेर आर्थिक उपार्जन (पृ. ९१) गरेकी छ । तर ऊ अरुबाट दलाली गरेर र अरुको विवशतामा फाइदा उठाउने प्रवृत्तिकी भएकाले नकारात्मक उत्पादक भूमिका तथा वेश्यालयको नेतृत्व गरेकाले नकारात्मक सामुदायिक भूमिकामा रहेकी छ । लीलाले निरीह र विवश नारीहरूलाई सचेत बनाउँदै लैङ्गिक हिंसा र अन्यायको विरुद्धमा उत्प्रेरित गर्ने र 'नारी उद्धार संस्था'को सदस्य भएर (पृ. १०६) आर्थिक र सामुदायिक भूमिका निर्वाह गरेकी छ ।

वासन्तीले समाजका घातक र द्रोही, समाजसेवीको मुखुन्डो लगाएका व्यक्तिहरूको अन्त्य गरी समाजलाई समृद्धितर्फ लैजान सक्रिय रहेको र नारी उद्धार संस्थाको सदस्य भएर (पृ. ११३) कार्य गरेकाले उनलाई सामुदायिक र सामाजिक भूमिकामा देखिन्छ । त्यस्तै मैयाँनानी लैङ्गिक हिंसा र अन्यायबाट पीडित बनेका नारीहरूलाई योग्यता र क्षमताअनुसार सचेत बनाउँदै समाजलाई समृद्धिमा लैजान 'नारी उद्धार संस्था'को स्थापना र नेतृत्व (पृ. ११०) गरेकाले

सामुदायिक र सामाजिक भूमिकामा रहेकी छ । त्यस्तै त्यस कार्यबाट आर्थिक उपार्जन गरी जीविका चलाएकीले उत्पादक भूमिकामा पनि पाउन सकिन्छ, भने समाजमा लैङ्गिक हिंसा र अत्याचार गर्ने प्रमोद र कमलाको अन्त्य (पृ. १४०) गरी आफूलाई सगर्व उभ्याएकाले ऊ सामुदायिक भूमिकामा रहेको देखिन्छ । जुइनानी 'नारी उद्धार संस्था'की सदस्य भएर सामुदायिक भूमिका (पृ. ११९) निर्वाह गरेकी छ भने न्यायाधीश सामुदायिक भूमिकामा रहेको छ ।

यस उपन्यासमा चाहे सामाजिक भूमिकामा होस्, चाहे सामुदायिक वा आर्थिक भूमिकामा होस्, समाजको हित र समृद्धिका खातिर उपन्यासकारले अधिकांश नारीलाई सबल र सक्षम भूमिका प्रदान गरेका छन् । तसर्थ भूमिकाका हिसाबले पुरुषहरू नकारात्मक र उपेक्षित भूमिकामा रहेका छन् भने नारीहरू सकारात्मक र अपेक्षित भूमिकामा छन् ।

६.१.६ लैङ्गिक समस्या

स्वास्नीमान्छे उपन्यास पितृसत्तात्मक समाजका पुरुष तथा सोही मानसिकताका स्त्रीबाट नारीहरूमाथि गरेका लैङ्गिक हिंसा, दुर्व्यवहार तथा विभेदहरूको सूक्ष्म चिरफार गरी ती समस्याको निवारण तथा निराकरणका लागि नारी तथा पुरुष मिलेर लैङ्गिक समानतामूलक समाजको निर्माण गर्नुपर्छ भन्ने सचेत विचार प्रस्तुत गरी समाजवादी मान्यता बोकेको उपन्यास भएकाले यसमा विभिन्न किसिमका लैङ्गिक समस्याहरू उद्घाटन गरिएको छ । विभिन्न पात्रहरू खडा गरेर उपन्यासकारले समाजका वास्तविक लैङ्गिक समस्या र पात्रहरूको चरित्र तथा भोगाइलाई स्वाभाविक ढङ्गले प्रस्तुत गर्न सफल बनेका छन् । यस उपन्यासका लैङ्गिक समस्या भन्नाले नारीहरूले भोग्नु परेका समस्यालाई मूल रूपमा लिन सकिन्छ किनभने यहाँ पुरुष वा पितृसत्ताको मानसिकताले नारीलाई अन्याय र अत्याचार गरेका वास्तविकताहरू प्रस्तुत गरिएको छ । प्रमोदको आर्थिक अवस्था राम्रो भए पनि आफ्नी जेठी पत्नी मोतीमायालाई गरिबी र दीनताले सताउनु (पृ. १) ले आर्थिक पक्षमा महिलालाई विभेद गरेको देखिन्छ । "भुत्रो लुगा र खोल नभएको दोलाईंसिवाय मोतीमायाको आङमा अरू न्यानो कपडालत्ता केही थिएन (पृ. २) ।" भन्ने उद्धरणबाट घरायसी लैङ्गिक समस्या र हिंसा प्रस्ट हुन्छ ।

मोतीमायालाई लैङ्गिक विभेद र अन्याय गर्ने प्रमोदले विनोदलाई समेत अन्यायपूर्ण व्यवहार (पृ. २) गरेको छ । सौता बनेर आउनु, सम्पत्ति, लोग्ने र उसको माया तथा यौनसन्तुष्टि एक्लै लिन खोज्नुजस्तो कमलाको मनोविज्ञानमा पितृसत्तात्मक छाप परेकाले उसले मोतीमायालाई षडयन्त्रपूर्वक आरोप लगाउन र प्रमोदबाट झन् टाढा बनाउन आफै मूल ढोका खोलेर (पृ. ३) मोतीमायालाई फसाउँछे । यसलाई लैङ्गिकभन्दा पनि सामाजिक मनोवैज्ञानिक र

सौतेनी समस्याका रूपमा लिन सकिन्छ । कृत्रिम चिठी लेखेर मोतीमायालाई आरोपित गर्नु (पृ. ९) संवेदनाविहीन र निकृष्ट षडयन्त्र मान्नुपर्दछ । महिला भएर महिलालाई प्रहार गर्ने गरी कमलाले प्रमोदसँग "आफ्नो थैलीको मुख छोप्नुपर्छ, ... आफ्नो इज्जत, गौरव र सत् त आफैले राख्न सक्नुपर्छ (पृ. १०) ।" भन्ने विचार पितृसत्तात्मक मानसिकताको उपज हो । कमलाले षडयन्त्रपूर्वक लेखेको चिठी (पृ. ९) लाई आधार बनाएर सत्यतथ्य नबुझी मोतीमायाको चुल्ठो समातेर लत्याउनु (पृ. १३) शारीरिक यातना र लैङ्गिक हिंसाको चरम नमुना हो । घरमा खान नपाई घरायसी हिंसा र अन्याय सहेरै हीराज्यानसँग विनोदलाई विस्कुट किन्न र सापटी माग्न जाँदा आफ्नो इज्जत बिकेको ठान्ने (पृ. १९) नाठो खेलाउने भनेर निकृष्ट आरोप लगाएर घरमा राख्दिन भन्ने (पृ. १९) प्रमोदको अभिव्यक्तिबाट सम्पत्तिको स्वामित्व र अधिकार सबै पुरुषमा रहेको देखिन्छ । यो लैङ्गिक विभेद र हिंसाजन्य समस्याको उदाहरण हो । लोग्नेले जतिसुकै अत्याचार गरे पनि उसका विरुद्ध कुनै भावना जागृत नहुनु (पृ. २१) दबिएर बसिरहनु पनि नारीहरूमा पितृसत्तात्मक मानसिकताको छाप रहेको मान्न सकिन्छ । त्यस्तै, हीराज्यानले अन्यायविरुद्ध नालेस दिनुहोस् (पृ. २८) भनी उक्साउँदा "पोइसँग लडेर नरक जाने हिम्मत ममा छैन । पोइ परमेश्वर, यही विश्वासमा म मर्न चाहन्छु, चाहे आफूले जतिसुकै सङ्कट झेल्नु परोस् (पृ. २९) ।" भन्ने भनाइ मोतीमायाको देखिन्छ, जुन पितृसत्ताले थोपरेको अन्यायपूर्ण र विभेदकारी परम्परित मानसिकताको उपज हो ।

प्रमोदसँग मोतीमायाका बारेमा मिथ्या कुरा गरेर (पृ. ३१) हीराज्यानले प्रमोदको हिंस्रक व्यवहारमा इँटा थप्ने काम गर्नुले नारी भएर पनि पितृसत्ताको संस्कार र चिन्तनका कारणले समाज तथा पारिवारिक लैङ्गिक हिंसामा संलग्न भएको देखिन्छ । "पोइजस्तालाई पनि दुःख दिन खोज्ने त्यो कलङ्किनी फेरि मकहाँ आई भने 'मेरो घरलाई फेरि कुल्चेर बिटुलो नपारिदिनू' भनी साफसाफ सुनाइ दिनेछु (पृ. ३२) ।" भन्ने अभिव्यक्ति हीराज्यानले प्रमोदसामु दिन्छे । तसर्थ लैङ्गिक समस्यामा पितृसत्तात्मक चिन्तन बोकेका नारीहरूको पनि उत्तिकै भूमिका रहेको छ । हीराज्यानको घरमा गएर आफूले कुनै बदख्वाइँ नगरेको (पृ. ३३) कुरा मोतीमायाले प्रमोदसँग गर्दा उसले मोतीमायाका दुवै गालामा दनादन चड्काउन थाल्नु (पृ. ३३) शारीरिक प्रकृतिको लैङ्गिक हिंसा हो । प्रमोद र कमला मिलेर मोतीमायालाई मानसिक र मनोवैज्ञानिक पीडा दिँदै शारीरिक यातना दिएपछि घरबाट निक्लेर जा (पृ. ३४) भन्ने अभिव्यक्तिका कारण मोतीमाया घरबाट बाहिरिनु र आत्महत्या गर्न जानु (पृ. ३६) लैङ्गिक हिंसा र समस्याको पराकाष्ठा हो । चम्पा प्रमोदसँग हाँसेको देखेपछि कमलाले "कस्तो निर्लज्जी बेसोमती आइमाई, मालिकको अगाडि पनि हाँस्ने ! फेरि मैले यस्तै देखें भने तेरो जगल्टा नलुछे त (पृ.४६) !" भन्ने

अभिव्यक्तिमा लैङ्गिक र वर्गीय विभेद तथा अन्याय देखिन्छ । पितृसत्तात्मक मानसिकता भएको समाजमा पुरुषसँग महिला हाँस्न पनि नहुने किसिमको नियन्त्रण र अधीनता कायम रहेको नमुना यहाँ देखिन्छ । मोहनबहादुरले मोतीमायाको यौवनसँग खेल्न र यौनिक शोषण गर्न मानवता र संवेदनशीलताको नाटक गरी भावनात्मक नियन्त्रण गर्छ र आइमाई लोग्ने मानिसविना बस्न नसक्ने (पृ. ४१) कुरा व्यक्त गर्छ । यो लैङ्गिक समस्यामूलक चिन्तनको खुलासा हो । मोतीमायालाई आफ्नै घरमा राखिरहनका लागि मोहनले सामाजिक दृष्टिमा पूज्य हुनुपर्ने (पृ. ५८) आशय प्रकट गरेर आफ्नै नियन्त्रण र अधीनमा राख्ने षडयन्त्र गरिरहन्छ । मोहनले लैङ्गिक चेतना र सशक्तताको कुरा गरी (पृ. ६६) मोतीमायाको मन जितेर आफ्नो अधीनमा राख्ने प्रपञ्च गरिरहँदा मोतीमायाले बुझ्न नसक्नु लैङ्गिक समस्या हो ।

त्यस्तै महिलालाई मिथ्या प्रशंसा गरी (पृ. ६५) पुरुषले आफ्नो नियन्त्रणमा लिने प्रयत्न गरेका हुन्छन् तर महिलाले त्यो कुरा समीक्षात्मक रूपमा लिन सक्दैनन् किनकि पितृसत्तात्मक समाजले नारीलाई त्यो तहको चेतना विकास गर्ने वातावरण नै दिएको हुँदैन भन्ने कुरा यस उपन्यासमा उपन्यासकारले मिहिन ढङ्गले उठान गरेका छन् । जति धेरै युवतीहरूलाई पत्नी बनाएर यौन उपभोग गर्‌यो त्यसलाई गर्वको विषय बनाएर साम्राज्य विजय (पृ. ७०) ठान्ने पुरुषको कामोत्तेजक र यौन पिपासुजन्य प्रवृत्ति मोहनको रहेको छ जुन लैङ्गिक र यौनिक समस्याका रूपमा देखिन्छ । प्रमोद र कमलाले मोतीमाया मोहनसँग बिहे गरेको जानकारी पाएपछि "दुई पोइकी जोई भएपछि त गइहाल्यो नि स्वास्नीमानिसको जीवन र धर्मकर्म, शर्ममर्म सबै (पृ. ७३) ।" भन्दै कमलाले भनेको कुरा पितृसत्तात्मक संस्कारको उपज हो जहाँ पुरुषले जति पत्नी ल्याए पनि धर्म नजाने तर स्त्री अन्य पुरुषसँग जाँदा जीवन नै नहुने भन्ने मानसिकता रहेको देखिन्छ । प्रमोद चम्पासँग नजिकिन थालेको अनुभव गरेपछि कमलामा यौन मनोवैज्ञानिक चिन्ता (पृ. ७४) बढ्न थाल्छ र सोही मनोविज्ञानका कारण चम्पाको जगल्टा लुछेर (पृ.७५) कमलाले शारीरिक यातना दिन्छे । यो यौनिक समस्या हो ।

मोतीमायाको यौन उपभोग गरेर आफ्नो यौनेच्छा पूरा गर्दै जाँदा ३२ वर्षकी भएपछि मोहनले विस्तारै मोतीलाई पन्छाउने सोच बनाइरहेको (पृ. ७८) हुन्छ । फलस्वरूप विनोदलाई मोतीमायासँग भेट्न नदिने, उपेक्षा गर्ने (पृ. ७९) गर्दै गइरहेको हुन्छ । उता प्रमोदले पनि विनोदलाई मोतीमायासँग भेट नगर्न हुकुम दिइरहेको (पृ. ८२) हुन्छ । यो सामाजिक तथा लैङ्गिक समस्याकै उपज हो । मोहनले मोतीको यौवनको रस चुसिसकेको भमराजस्तै व्यवहार गर्दै (पृ. ८६) गइरहेका थिए । आफ्नो स्वार्थ पूरा भएपछि र अर्की युवती पाएपछि मोतीलाई शारीरिक यातना दिएर हिंस्रक व्यवहार गर्दै घरबाट गलहत्याउनु (पृ. ८८) लैङ्गिक हिंसा र

समस्याको पराकाष्ठा हो । घरबारविहीन भएर आश्रयको खोजीमा वेश्यालयमा पुग्नु र त्यहाँ कैयौं युवतीहरू पीडामा छट्पटाइरहेको (पृ. ९२) अवस्था देखिनु लैङ्गिक समस्याकै उदाहरण हुन् । त्यस्तै नानीप्राणलाई आफ्नै बाबुले कसिङ्गर बनाएर पचास नाघिसकेको वृद्धसँग बिहे गराउनु (पृ. ९५), नानीप्राणका बाबुले आफ्नी पत्नीलाई उपचार नगरी अर्की पत्नीसँग रमाउनु (पृ. ९६) तथा घर व्यवहार चलाउन आर्थिक समस्या परेकाले नानीप्राण वेश्यावृत्तिमा संलग्न हुन खोज्नु (पृ. ९६) जस्ता घटनाहरू लैङ्गिक समस्याका नमुना हुन् । वेश्यागमन नगर्ने पुरुषहरूले स्वर्गमा पनि सुख नपाउने (पृ. ९९) भन्ने पितृसत्तात्मक संस्कारबाट निर्मित र पुरुषले आफ्नो स्वार्थपूर्तिमा वेश्यालयको उपयोग गर्ने गरेको खुलासा समेत गरिएको छ । साथीको उक्साहटमा वेश्यालय पुगेको युवकले वेश्यागमन गर्न नचाहेपछि उसलाई नामर्द र नपुंशक भन्ने (पृ. १००) युवतीहरूको मानसिकता पितृसत्ताको संस्कारबाट ग्रसित देखिन्छ । आफूहरू उपभोग्य र पुरुषहरू उपभोक्ता हुन् भन्ने सोचाइ राख्नु नै यसको प्रमाण हो ।

मैयाँनानीको विगत लैङ्गिक हिंसा र समस्याले जकडिएको खुलासा गर्दै ऊ भन्छे, “परपुरुषसित हाँसिरही भन्ने शङ्काको निहुँ थापी चुट्दै उनले मलाई कुकुर निकालेझैं निकालिदिए (पृ. १०८) ।” यहाँ नारीलाई पुरुषले पशुसरह व्यवहार गरी लैङ्गिक हिंसा गरेको देखिन्छ । त्यसपछि जोगिनी भएर भिक्षाटन गरेको जिन्दगी (पृ. १०८) मा पनि लोग्नेमासिनहरू जोगी बनेरै यौन शोषण र हिंसा गर्न थालेको (पृ. १०८) कुराबाट लैङ्गिक हिंसा र समस्याको वास्तविकता प्रकट हुन्छ । जोगिनी हुँदा पनि दुईचार जना पुरुषबाट यौन हिंसा खेप्न बाध्य बन्नुपरेको (पृ. १०९) घटनाले तत्कालीन नेपाली समाजमा नारीको अवस्था छर्लङ्ग बनाएको छ । जोगिनीलाई बिहे गरेर राख्ने (पृ. १०९) अर्की नवयौवना भेटेपछि बुढी गाई धपाएझैं धपाउने (पृ. १०९) पुरुषको प्रवृत्ति उद्घाटन गर्दै उपन्यासकारले लैङ्गिक समस्यालाई विशिष्ट र सघन ढङ्गले प्रस्तुत गरेका छन् । आफ्नो बाबु प्रतिष्ठित र धनाढ्य भए पनि आफूलाई भन्दा ज्वाइँ (पुरुष) लाई नै विश्वास गरेकाले (पृ. १०९) मैयाँनानीका माध्यमबाट उपन्यासकारले पुरुषहरूको मानसिकता र मनोविज्ञान नारी उपेक्षित र दोषी हुन् भन्ने ठान्नु नै सामाजिक समस्या र दुर्गतिको कारण हो भन्ने आशय प्रस्तुत गरेका छन् । त्यस्तै सामाजिक सेवा र राजनीतिको खोल ओडेर युवतीहरूलाई विदेशमा वेश्यावृत्तिका लागि बेच्नु (पृ. ११६, ११७) मानव अपराध र लैङ्गिक हिंसाजन्य समस्या रहेको कुरा पनि यहाँ प्रस्तुत गरिएको छ ।

यसरी उपन्यासकारले नेपाली समाजमा रहेका घरायसी, सामाजिक, यौनिक, शारीरिक, मानसिक, आर्थिक विभिन्न हिंसाजन्य व्यवहारहरू नारीहरूले निरन्तर रूपमा खेप्नु परिरहेको र यस्ता लैङ्गिक समस्याको मूल स्रोत पितृसत्तात्मक सामाजिक संरचना र त्यसका मान्यताहरू

रहेको जनाएका छन् । पितृसत्ताले पुरुष नै सर्वेसर्वा ठान्ने हुनाले समाजमा नारीहरू नारकीय पशुवत् जीवन झेल्न बाध्य पारिएका छन् । नारी रहर र विलासिताले वेश्या बनेका नभएर वेश्या बनाइएका छन् भन्ने विचार प्रकट गरेका छन् । तसर्थ उपन्यासकार सामाजिक समृद्धि र लैङ्गिक समानता कायम गर्न पितृसत्तात्मक विभेदकारी र अन्यायपूर्ण व्यवहारको अन्त्य गर्नुपर्ने आग्रहसहित समाजका लैङ्गिक समस्यालाई गहन ढङ्गले उजागर गर्न सक्षम रहेका छन् ।

६.१.७ लैङ्गिक चेतना र सशक्तीकरण

स्वास्नीमान्छे उपन्यास नेपाली समाजका लैङ्गिक समस्याहरूको उद्घाटन गरी ती समस्याहरूको सचेतनापूर्वक निराकरण गर्ने विचार पक्ष सबल र सघन रहेको प्रगतिवादी र उपन्यास हो । यस उपन्यासमा क्रान्ति र स्वतन्त्रताले नारीलाई पुरुषसरह सक्षम बनाउन र लैङ्गिक समानता कायम गर्न सकेमा समाज र देशलाई समृद्ध तथा समुन्नत बनाउन सकिने सशक्त विचार प्रस्तुत गरिएको छ । विभिन्न पात्रलाई उपन्यासकारले विद्रोही र सचेत बनाएर सशक्तीकरण गरेका छन् । यद्यपि उपन्यासका कतिपय पात्रहरू विचारपक्षले थिचिएका पनि छन् । परन्तु तत्कालीन समाजमा लैङ्गिक समस्या समाधानमा जुन पेसा र वर्गको सक्रियता तथा सम्मानपूर्वक अस्तित्व देखाइएको छ त्यसलाई अत्यन्त सराहनीय सन्दर्भ मान्नुपर्दछ । यस उपन्यासमा अधिकांश पात्रहरू पितृसत्ताको सङ्कीर्ण चिन्तन बोकेका र त्यो चिन्तनबाट ग्रसित बनेर पुरुष पक्षीय जीवनयापन गरेको देखिन्छ जुन तत्कालीन नेपाली समाजको यथार्थ हो । मोतीमायामा लैङ्गिक चेतना र सशक्तताको सबल रूप नपाइए पनि जीवनलाई विभिन्न परिवेशमा समायोजन गर्नसक्ने क्षमता पाइन्छ । पितृसत्ताका पक्षधर तथा शङ्कास्पद र नकारात्मक भूमिका खेल्ने हीराज्यान र मोहनबहादुरमार्फत् लैङ्गिक चेतना र स्वतन्त्रता तथा अधिकारका सन्दर्भहरू व्यक्त गरिएको देखिन्छ परन्तु परिणतिमा यी दुबै पात्र लैङ्गिक हिंसाजन्य व्यवाहरका स्रोत र साधन बनेका छन् । मूलतः विनोद, मैयाँनानी, वासन्ती, लीलाजस्ता पात्रमार्फत् लैङ्गिक चेतना र सशक्तीकरणका आवाज तथा व्यवहारहरू प्रकट भएका छन् भने न्यायाधीशमा देखापरेका लैङ्गिक सन्तुलन र सम्मानपूर्ण विचार पनि उपन्यासमा लैङ्गिक सचेतना र सशक्तीकरणका लागि अपेक्षित बनेको छ ।

उपन्यासमा सत्य र वास्तविकतामा चल्नुपर्ने आग्रह मोतीमायाले कमलालाई “मनपरी नबोल, आगोले नछोला मुख ! अजम्मरी लिएर आएको छैन (पृ. १३) !” भन्दै आफूबाट गलत कार्य नभएको बरु कमलाको षडयन्त्र भएको सङ्केत गरेकी छ । हीराज्यानले लोग्नेमान्छेमा धर्म नहुने, सोझो औंलाले घिउ नआउने तथा सोझो रूखले धेरै बाँच्न नपाइने (पृ. १६) विचार

व्यक्त गरेकी छन् । यसबाट सचेतनाको सन्दर्भलाई उपन्यासकारले व्यक्त गरेका छन् । त्यस्तै हीराज्यानमार्फत् नै लैङ्गिक चेतना र अधिकारको खोजी आवश्यक रहेको कुरा जनाइएको छ । "स्वास्नीमान्छेलाई केही पनि नसम्झने् बेवकूफ लोग्नेमानिसको यसरी नै बङ्गारो फोरिदिन सक्नुपर्छ अनि मात्र समाजमा हाम्रो केही कदर होला (पृ. २८) ।" भन्ने लैङ्गिक सशक्तताको आवाज पनि यहाँ प्रस्तुत गरिएको छ । मोहनबहादुरको माध्यमबाट पनि लैङ्गिक सचेतना र सशक्तताको सङ्केत गरिएको छ । "विनाकसूरमा स्वास्नीलाई पिट्ने, सौता हाल्ने लोग्ने पूज्य हुन सकिन्न (पृ. ५८) ।" यहाँ विचार सकारात्मक देखिन्छ तथापि मोहन आफैमा नकारात्मक र स्वार्थी चरित्रको पात्र हुन् । लोग्नेलाई पूजा गरेर पाउमा परिरहे धर्म हुने भए स्वास्नी पुज्नुमा पनि धर्म हुनुपर्छ (पृ. ५९) भन्ने लैङ्गिक सन्तुलित विचार पनि प्रस्तुत गरिएको छ । लोग्नेले जतिसुकै अन्याय र अत्याचार गरिरहँदा पनि सहने र उनीहरूकै पूजा गरिरहने स्वास्नीहरूको व्यवहारका कारणले लोग्नेलाई बदमास बन्न हौस्याउने र प्रेरणा दिने काम भएकाले त्यो खराब व्यवहार हो (पृ. ६६) भन्ने खुलासा गरिएको छ ।

मिस्री दिदीको वेश्यालयमा पुगेपछि मोतीमाया जतिसुकै विवश भए पनि स्त्रीत्वको रक्षार्थ आफ्नो विचार यसरी प्रकट गर्छे, "मबाट यस्तो काम हुन सक्तैन, प्राणलाई बरु मैले केही सम्झेकी छैन, तर स्त्रीत्वको मर्यादा गुमाउन सक्तिन (पृ. ९७) ।" यहाँ नारीत्व र स्त्रीत्वप्रति मोतीमाया अत्यन्त सचेत छ । "स्वास्नीमान्छे भएर स्वास्नीमान्छेको धर्म, इज्जत बिगार्न कोशिश गरिरहनलाई (पृ. ९०)" भन्दै मोतीमायाले सचेत भएर आक्रोश व्यक्त गरेकी छ । मैयाँनानीमार्फत् उपन्यासमा लैङ्गिक सचेतना र सशक्त विचार प्रस्तुत गरिएको छ । स्त्री जातिको चेतना र जागरण नभएकाले पुरुषहरू अत्याचारी बन्दै (पृ. १०४) गइरहेको जनाइएको छ । पुरुषहरूसँग रिस राख्नुको सट्टा नारीहरूले आफ्नो जागृतिको मार्ग खोज्नुपर्छ (पृ. १०४) भन्ने विचार प्रस्तुत गरिएको छ । पुरुषले आइमाइलाई लैङ्गिक समस्यामा पारी विभेद गरेकाले समग्र नारी जातिको उत्थान गरी सबैलाई सबल बनाउने कार्य गर्दा आफ्नो व्यक्तिगत स्वार्थ हेर्न नहुने बताउँदै युवतीहरूलाई वेश्यागमनमा सीमित गरी नारीजातिलाई सदैव ज्यामी बनाउनु हुँदैन भन्दै (पृ. १०५) वेश्यागमनमा लागिसकेका नारीलाई सचेत बनाएर आगामी पुस्ता वा भविष्यमा नारीत्वको विकासमा लाग्नुपर्ने सशक्त विचार व्यक्त गरिएको छ ।

मैयाँनानी लैङ्गिक सचेतना र सघन विचारलाई यसरी राख्छे, "म स्वास्नीमानिसलाई यस पवित्र मन्दिरमा ल्याएर जगत्मा नारीत्वको रक्षा गर्न चाहन्छु । ... राम्रो उद्देश्यका निम्ति साधन नराम्रै भए पनि निन्दै होइन, गौण मात्र ठहरिन्छ । ... बिग्रेका नारीलाई नै म भ्याक्सिन बनाएर नारी पतनको कीटाणु र प्रकोपलाई रोक्छु । ... चरित्रको आधार र मुहान नारी हो, त्यसैले नारी

ज्यादै लायक हुनुपर्छ । बस्, हाम्रो उद्देश्य नारीत्वलाई उठाउने हो (पृ. १०६) ।" समाजमा जसरी अस्पताल रोगी रहने ठाउँ भए पनि त्यहाँबाट रोगी निरोगीमा परिणत हुन्छ त्यसरी नै समाजमा वेश्यावृत्तिमा फसिसकेका नारीहरूबाट नै नारीत्वको समृद्धिमा सफलता प्राप्त गर्ने विश्वास लिदै त्यस्तो कार्य सामाजिक सेवा र परिवर्तनका लागि भएको विचार यहाँ व्यक्त गरिएको छ । महिला मुक्ति र स्वतन्त्रताका लागि स्थापना गरिएका संस्थाहरू राजनीतिक पार्टीका कठपुतली भएकाले नारीहरूको उत्थान स्वतन्त्र र सचेत नारीको सक्रियता र बलिदानीबाट मात्र सम्भव भएको (पृ. १०७) विचारसमेत व्यक्त गरिएको छ । मोतीमायाले वेश्यावृत्तिमा संलग्न हुनुभन्दा बरु आत्महत्या गर्न (पृ. ११०) ठिक भन्ने धारणा राखेपछि जीवन मर्न र समाजदेखि भाग्नका लागि होइन व्यक्तिगत स्वार्थ र मोज नगरी समाजमा सेवा र परिवर्तन गर्नका लागि (पृ. ११०) हो भन्ने विचार मैयाँनानीमार्फत् व्यक्त गरिएको छ । समाज र देशमा जागृति ल्याई लैङ्गिक सन्तुलन कायम गर्नका लागि व्यक्ति मात्र सक्रिय भएर नपुग्ने हुनाले नारी संस्थाको आवश्यकता महसुस गरी 'नारी उद्धार संस्था' खोलेर (पृ. ११०) त्यसकै माध्यमबाट लैङ्गिक हिंसा, अन्याय र अत्याचारको अन्त्यका लागि लागिरहेको जनाउँदै मैयाँनानी भन्छे, "आफू रण्डी भएर अरुलाई रण्डी हुन बचाउन सकिन्छ भने रण्डी भएर दोष छैन किनभने आफू त बाध्य भएर रण्डी भइसकेकै छ । ... गुहु भएर त्यसै सकिनुको सट्टा मल बनेर फाइदा किन नदिनु ? ... हामी नारीमा नारीत्वको गौरव प्रतिष्ठित गराउने चेष्टामा लागिरहेका छौं । ... रण्डी भए पनि सतीले गर्न नसकेको कुदरथ गर्न सकिन्छ । ... जीवनको निम्ति, समाजको निम्ति, समाजमा हृदय र चरित्र ल्याउनका निम्ति बरु रण्डी नै बन्नु परे पनि नमरीकन बाँचिरहनुपर्छ (पृ. १११) ।" यस्तो अभिव्यक्तिले मोतीमायाको विचार र भावनामा परिवर्तन आएको छ र उनी सचेततापूर्वक आफ्नो सिर्जना र क्षमताको प्रयोग गरी स्त्रीत्व नष्ट नगरीकन गाउने मात्र काम गरी (पृ. ११२) लैङ्गिक सशक्तताका लागि संस्थाको सदस्य बनेर सक्रिय रहेको देखाइएको छ । यो लैङ्गिक सशक्तीकरणको महत्त्वपूर्ण नमुना हो ।

वासन्तीले समाजका कुतत्त्व अञ्जनाकुमारी र सूरप्रसादलाई गोली हानी मारेर (पृ. ११३) क्रान्तिकारी र सशक्त भूमिका निर्वाह गरेको देखाइएको छ । तर मान्छे मार्नु अपराध हो । नारीहरू पनि आत्मविश्वास र जिम्मेवारीका साथ सक्रिय बनेको खण्डमा समाजमा अन्याय र अत्याचार गर्ने, समाज द्रोही तथा देशद्रोही प्रवृत्ति भएका नरपशुहरूलाई समाप्त गर्न सक्छन् भन्ने सन्देश उपर्युक्त कार्यबाट दिइएको छ । दुई जनालाई मारेपछि वासन्तीले सर्वसाधारणसामु मार्नुको कारण खुलस्त बताएकी छ, जुन अझ प्रभावकारी र महत्त्वपूर्ण कार्य हो । यस्तो कार्यले सामान्य नारी तथा पुरुषहरूमा चेतना र सक्षमता निर्माण हुन्छ भने खराब आचरण भएका

व्यक्तिहरूको मनोबल गिर्न गई सामाजिक अपराधका कार्यहरूमा संलग्न हुन छोड्छन् भन्ने आग्रह देखिन्छ । वासन्तीले समाज र देशका लागि आफू समर्पित भएको जनाउँदै भन्छे, "मैले आफू मारिने देखेर पनि देश कल्याण, देश गौरवका निम्ति यिनीहरूलाई आज मैले मार्ने काम गरिरहेको हुँ, ... यौवन र जीवन थापेर, बालेर देशको अँध्यारो मेटाउन खोजेकी हुँ (पृ. ११४) ।" उपन्यासमा समाजसेवा तथा राजनीति गर्ने नाउँमा मानिसहरूले विभिन्न खालका अपराधहरू गर्न सक्छन् (पृ. १५५) भन्ने सङ्केत गर्दै त्यसतर्फ सबै सचेत र सबल बन्न आग्रह गरिएको छ । वासन्तीको साहसिक र जिम्मेवारपूर्ण कर्तव्यबाट प्रशन्न भएकी मैयाँनानीले संस्थाका अन्य सदस्यहरू पनि ऊजस्तै निडर र कर्तव्यनिष्ट भएर साहसका साथ लैङ्गिक स्वतन्त्रता र सशक्तताका लागि लाग्नुपर्ने विचार व्यक्त गरेकी छ । यस्तो हौसलाबाट सामाजिक परिवर्तन र क्रान्तिमा लाग्ने व्यक्तिहरूलाई मनोवैज्ञानिक ऊर्जा मिल्ने हुनाले वैचारिक दृष्टिमा निकै सबल मान्न सकिन्छ । विनोदले आफ्नी आमालाई रण्डी बनाएको आरोप लगाउँदै मैयाँनानीसँग आक्रोश पोख्छ तर मोहनबहादुरका कर्तुतहरू सुनेपछि र मैयाँनानीको सचेत तथा सशक्त विचारहरू सुनेपछि (पृ. १३२) विनोदमा भावनात्मक वैचारिक परिवर्तन आयो (पृ. १३२) र साहसका साथ भन्यो, "अब म आफ्नी आमालाई साथमा लैजान सक्छु (पृ. १३२) ?" यो अभिव्यक्ति मातृभक्ति र प्रगतिशील विचारका साथमा उत्पन्न साहस र आत्मविश्वास हो । आफ्नो बाबुबाट गलहत्याइएर अर्को मानिससँग बिहे गरेकी र उक्त लोग्नेबाट समेत बहिष्कृत भएपछि वेश्यालयमा समेत पुगेकी आफ्नी आमालाई सम्मानपूर्वक दृढ आत्मविश्वासका साथ साथमा लैजाने आँट र विवेक देखाएको विनोदका माध्यमबाट उपन्यासकारले वैचारिक चेतनाका साथमा व्यावहारिक क्रान्ति नै गर्न खोजेको देखिन्छ । सामाजिक परिवर्तन र लैङ्गिक चेतनाका दृष्टिमा यो अत्यन्त सबल पक्ष मान्नुपर्छ । मैयाँनानीले साहस र आत्मविश्वास छ त ? भनी प्रश्न सोध्दा विनोद भन्छ, "मेरो साहसकै त्यो आवाज हो । ... मैले सङ्घर्ष गर्नुपर्ला ... बासितै पनि सङ्घर्ष गरुँला ... तपाईंले रण्डी भएर संसार उठाउन खोज्नुभएजस्तै मैले बाबुलाई खतम गरेर पनि सत्यको पूजा गरुँला (पृ. १३३) ।" यस्तो अभिव्यक्ति सुनेपछि मैयाँनानी विनोदलाई 'पुरुषरत्न' को संज्ञा दिन्छे र मोतीमायालाई भन्छे, "मोती, तिमी धन्य छ्यौ, समाजका अगाडि तिमी जबर्जस्ती अपवित्र भए पनि समाज उठाउने छोराकी आमा हुनाले तिमी पवित्र छ्यौ (पृ. १३३) ।" "जाऊ तिमी छोरासित गएर वीरमाता भएर बस आफ्नो हक, स्त्री जातिको हक, मानव मात्रको अधिकारका निम्ति दुष्टहरूसित लडेर पनि जित (पृ. १३४) ।" भन्दै लैङ्गिक स्वतन्त्रता, हक, अधिकार मात्र होइन समग्र मानवकै सन्तुलित अधिकारको रक्षा गर्न मैयाँनानीले

आह्वान गर्छे । विनोदको आग्रहमा मोतीमाया घर जान नमानेपछि मैयाँनानीले स्त्रीत्वको परिचय संसारमा देखाउनका लागि जानैपर्ने (पृ. १३४) विचार राख्छे ।

विनोदले मोतीमायालाई मैयाँनानीकै साथमा आफ्नो घर लगेपछि प्रमोदले रण्डीलाई किन ल्याएको (पृ. १३६) ? भनी प्रश्न गर्दा, "आमा भएकी हुनाले आमालाई आमाको घरमा ल्याएँ (पृ. १३६)" भन्ने अत्यन्त तार्किक र सशक्त विचार विनोदले राख्छ । प्रमोदले नोकरहरूको सहयोग लिएर गलहत्याउन खोज्दा विनोदले निडरता र साहसका साथ खुकुरी झिकेर चुनौती (पृ. १३६) दिन्छ । यहाँ पितृसत्तात्मक निकृष्ट चिन्तन र प्रगतिशील, परिवर्तन तथा सामाजिक विचारका प्रतिनिधिबिच चरम द्वन्द्वको स्थिति देखा पर्दछ । आमालाई बाहिर ननिकाले छोरालाई पनि बाँकी नराख्ने (पृ. १३७) धम्की दिँदा आमालाई रण्डी भनिरहेर अपमान गरे बाबुलाई पनि बाँकी नराख्ने (पृ. १३७) विचार विनोदले व्यक्ति गर्छ । विनोद भन्छ, "मेरी आमा द्यौता हुनुहुन्छ, सती हुनुहुन्छ, देवी हुनुहुन्छ । ... आमालाई तपाईं रण्डी मान्नुहुन्छ भने रण्डी बनाउने तपाईं नै हुनुहुन्छ । ... तपाईंले मेरी आमाको जीवन नष्ट गर्नुभयो । ... तपाईंले मेरी आमालाई मात्र होइन समाजको सुरक्षा गरी समाजलाई फलाउने, हुर्काउने नारी जातिलाई अपमान अपहेलना गरी नेपाललाई समेत बरबाद गरिरहनु भएको छ, राष्ट्रमा कलङ्क लगाइरहनुभएको छ (पृ. १३७) ।" भन्दै अत्यन्त सचेत र परिपक्व विचारसहित लैङ्गिक हिंसा र नारीले भोग्नु परेका सबै लैङ्गिक तथा यौनिक र सामाजिक समस्याहरूमा पुरुष र पितृसत्ता नै जिम्मेवार भएको विचार व्यक्त गरेको छ ।

विनोदले मानवताको नातासम्म पुगेर भए पनि उद्धार गर्ने आग्रह गर्दै अठोट गर्दा प्रमोदले समाज र प्रतिष्ठाको ख्याल गर्नुपर्ने (पृ. १३८) भनाइ राख्छ । त्यसपछि विनोदले समाजको कुनै हृदय, भावना र कर्तव्य नभएको परम्परागत रूढिग्रस्त तथा विभेदकारी भएकाले त्यसको परिवर्तन गर्नुपर्ने (पृ. १३८) आवश्यकता औंल्याएको छ । र प्रमोदलाई भन्छ, "तपाईं खुद रण्डीबाज नभइकन स्वास्नीलाई नारी सम्मानका आँखाले हेरेर समाजको पूजा गरिरहनुभएको भए मेरी आमा एउटा साधारण सती मात्र होइन, देशकी देवी भएर पनि संसारकी नेतृ हुन सक्नुहुन्थ्यो । ... तपाईंले आमालाई मात्र होइन, समाजलाई समेत बरबाद गरेर संसार बिगार्नु भएको छ (पृ. १३८) ।" यो अभिव्यक्ति यथार्थ र प्रभावकारी रहेको देखिन्छ । किनभने परिवार, समाजको हर्ताकर्ता पितृसत्तामा पुरुष नै हुने भएकाले लैङ्गिक विभेद र हिंसाको मूल स्रोत पुरुष भएको सशक्त र सचेत विचार प्रस्तुत भएको छ । आमालाई अमानुषिक व्यवहार गर्दै अन्याय र अत्याचार गर्ने पितालाई सम्मान गरी आमालाई उपेक्षा गर्नु अनुचित रहेको (पृ. १३९) बरु आमालाई बरबाद गर्ने पिता नभएर दुष्ट हुन्, समाजद्रोही, देशद्रोही, राष्ट्रहन्ता भएकाले त्यस्ता

पितासँग सामना गरेरै पनि मानवता र समाजको पूजा गर्ने (पृ. १३९) अठोटसहितको सशक्त र क्रान्तिकारी विचार विनोदमार्फत् व्यक्त गरिएको छ । बन्दुकको धम्कीले नडराई कर्तव्यको वेदीमा बलि हुन तयार हुनु (पृ. १३८) लैङ्गिक अधिकारको दृढ सङ्कल्प हो । लैङ्गिक विभेद र हिंसाजन्य व्यवहार गर्ने पुरुष हुन् वा महिला उनीहरूलाई समाप्त पारेरै (पृ. १४०) पनि समाजमा लैङ्गिक न्याय र सम्मान कायम गर्नुपर्छ भन्ने सशक्त विचार प्रकट गर्दै मैयाँनानीजस्ता नारी चरित्रहरू सगर्व कार्य सम्पन्न गर्न सक्षम रहेको देखाइएको छ । साथै लैङ्गिक सशक्तताको आग्रह पनि गरिएको छ । समाजको प्रगति र सुधारका लागि अन्याय तथा अत्याचार गर्ने चरित्रको समाप्ति आवश्यक रहेको ठहर्याउँदै चेतना र सशक्तता प्रकट गरिएको छ । "'समाज खाने कीरालाई जिउँदो राख्नु पाप हो' भन्दै मैयाँनानीले प्रमोदलाई ताकेर हानी । ... ढल्नासाथ खतम । ... 'यो काण्डकी मुख्य नायिका, समाजकी कलङ्कनी तिमी हौ' भनेर मैयाँनानीले कमलालाई पनि पेस्तोल छाडेर खतम गरिदिई (पृ. १४०) ।" आफ्ना बाबु र सौतेनी आमाको मृत्यु देखेर विनोदले मैयाँनानीलाई राम्रो काम नगरेको आशय प्रकट गर्दा मैयाँनानीले आफूहरू रण्डी नै भएरै पनि समाजमा न्याय र समानता कायम गर्न लागिपरेको सचेत र दायित्वबोधी विचार व्यक्त गर्दछे ।

यसले लैङ्गिक सक्षमता सशक्तता तथा सचेत विश्वासको उजागर गरेको देखिन्छ । मैयाँनानी भन्छे, "मानिस मार्ने, समाज मार्ने यस्ता हत्यारालाई म बाँकी राखेर हेरिरहन सक्दिन... रण्डी बनेर पनि यस्तै काँडा रोडा मिल्काएर समाज सिँगार्नलाई म बाँचिरहेकी हुँ ... नाताको मृत्युमा रुनु ठिक छैन ... बरु विकास हाँस्छ भने बाबुकै विनाश पनि सहन सक्नुपर्छ (पृ. १४०) ।" भन्ने समाजवादी विचार व्यक्त गरेको पाइन्छ । यसबाट प्रस्ट हुन्छ कि लैङ्गिक अन्याय र अत्याचारको अन्त्य आवश्यक छ र त्यसलाई आत्मविश्वासका साथ अपनाउनु अनिवार्य छ भन्ने लैङ्गिक सचेतना र सशक्त अभिव्यक्ति दिन *स्वास्नीमान्छे* उपन्यास सफल बनेको छ । नारीहरूले वीरतापूर्वक क्रान्तिकारी कार्य गरेको कुरा तत्कालीन नेपाली समाजका पुरुषहरूका प्रतिनिधि पात्र न्यायाधीशले अचम्म मान्दै पचाउन नसकेको परम्परित विचार व्यक्त (पृ. १४२) गरेपछि मैयाँनानीले लैङ्गिक सशक्तता तथा सक्षमताको सबल अभिव्यक्ति यसरी दिन्छे, "स्वास्नीमान्छेलाई केवल कोमल र फूल मानी 'भोग्यजीव' सम्झने् तपाईं लोग्ने मानिसहरूको भावनाको यो प्रतिक्रिया हो मान्य न्यायाधीश, अब स्वास्नीमान्छेहरू कोमल र कुसुम भई मान्छे सिर्जने मात्र जीव नभईकन कठोर र क्रुद्ध भई मान्छे मार्ने पनि भएर आउँछन् । ती लोभलालच र व्यक्तिगत स्वार्थका निम्ति मान्छे मारेर हत्यारा हुने कठोर हुँदैनन्, बरु देशबाट कोमलता र कुसुम उजाड्ने कठोरहरूलाई खतम गर्ने काममा कोमल र कुसुम हुन

मान्दैनन् (पृ. १४३) ।" यस अभिव्यक्तिमा नारीहरू समाज र देशको हितका लागि कठोर र आक्रामक बन्न सक्षम रहेको जनाइएको छ भने अर्कातर्फ पुरुषवादी समाजले नारीलाई भोग्य जीव वा वस्तुका रूपमा मात्र लिने गरेको खुलासा गर्दै नारीहरू पुरुष सरह कर्मठ र शक्तिशाली हुने भएकाले भोग्य सम्झने परम्परित पितृसत्तात्मक मानसिकताबाट बाहिरिनुपर्ने आह्वान गरिएको छ । स्वास्नीमान्छे भएकाले ज्यानमारा भए पनि दया र माया लागेको पुरुष सोच व्यक्त गर्ने (पृ. १४३) न्यायाधीशलाई मैयाँनानीले उक्त दया तथा माया गर्नु नै नारीमाथिको अपमान (पृ. १४३) ठान्नु र समान हकका निम्ति समान सजायको माग (पृ. १४३) गर्ने कार्य समान व्यवहारको सशक्त विचार र सक्षम अभिव्यक्ति हो । प्रमोद र कमलालाई मारेको कुरा सगौरव स्वीकार गर्नु (पृ. १४४) सघन आत्मविश्वास र दृढताको सङ्केत हो ।

पितृसत्तात्मक समाजका पुरुषहरूको अन्यायपूर्ण र अमानुषिक आचरणका कारणबाट आफूहरू रण्डी बन्नु परे पनि पछिल्लो पुस्ताका नारीहरूलाई रण्डी हुनबाट जोगाउन उनीहरूको हत्या गरिएको जनाउँदै "विश्वकी जननी नारी जातिलाई फुलाएर असल मानिस, उत्तम मानव र महामानवहरू फलाउने मेरो उद्देश्य छ (पृ. १४४) ।" भन्ने विचारलाई अत्यन्त सचेत र सशक्त विचार मान्नुपर्दछ । कमलाजस्ता पात्रलाई खराब चरित्र बनाउन पुरुषहरू र पितृसत्तात्मक समाजको दोष रहेको (पृ. १४५) जनाउँदै देशमा लैङ्गिक अत्याचारको अन्त्यका लागि खराब चरित्रका मानिसहरूलाई निडरताका साथ समाप्त पार्न अनिवार्य रहेको (पृ. १४५) धारणा व्यक्त गरिएको छ । "काथर भई अत्याचारलाई प्रोत्साहन दिनुलाई हिंसा र वीरतासाथ त्यसको दण्ड दिने कामलाई अहिंसा सम्झन्छौं । ... स्वास्नीमानिसहरूमाथि अत्याचार, अनाचार, आक्रमण र गुण्डागिरी गर्ने लोग्नेमानिसहरूलाई अन्त गर्न नेपालमा हज्जार मैयाँनानी हुनेछन् र लोग्नेमानिसहरू पनि प्रमोद नभईकन विनोद बन्नेछन् (पृ. १४६) ।" भन्ने विचार लैङ्गिक हिंसा र अपराध अन्त्य गर्नुपर्ने र त्यसका लागि लैङ्गिक सशक्तता तथा सहभागिता आवश्यक रहेको समाजप्रति जिम्मेवार र कर्तव्यशील मान्यताका रूपमा रहेको छ । मैयाँनानीका तार्किक र जिम्मेवार अभिव्यक्ति सुनेपछि न्यायाधीशले उनलाई "देशको नै अस्तित्व र सतीत्व बचाउने चेष्टा गरेकी हुनाले तिमी सती हौ । ...तिमीजस्ती स्त्रीरत्न समाजसेवीलाई पनि हात बाँध्नुपरेको छ (पृ. १४६) ।" भन्ने विचार प्रकट गर्दै पितृसत्ता र पुरुषहरूको स्वार्थमा केन्द्रित रहेको कानुन पनि लैङ्गिक विभेदयुक्त रहेकाले त्यसको पुनर्संरचना गर्नुपर्ने आग्रहसमेत न्यायाधीशका माध्यमबाट उपन्यासकारले व्यक्त गरेका छन् । त्यस्तै विनोदले लैङ्गिक समस्या र अत्याचारको अन्त्य गर्ने अपेक्षासहित संस्थाको स्थापना गरेर मैयाँनानीजस्ता नारीलाई पूजा गर्ने (पृ. १४७) विचार उपन्यासको मुख्य विचार हो जुन लैङ्गिक सचेतना र सशक्तताको सबल नमुना हो ।

यसरी *स्वास्नीमान्छे* उपन्यासमा घटित सम्पूर्ण घटनाहरू लैङ्गिक समस्यासँग प्रत्यक्ष सम्बन्धित छन् भने वैचारिक सन्दर्भहरू पूर्ण रूपमा लैङ्गिक चेतना र सशक्तीकरणसँग जोडिएका छन् । नारी पात्र हुन् वा पुरुष, सबैद्वारा लैङ्गिक समस्याको अन्त्यका लागि र समानतामूलक समाज निर्माणका लागि नारी र पुरुष मिलेर लैङ्गिक सक्षमता निर्माण गर्नुपर्ने आवश्यकता औंल्याइएको छ भने सामाजिक र कानुनी मान्यताहरू पनि लैङ्गिक विभेदयुक्त रहेकाले तिनीहरूको अन्त्य गरी समानतामूलक मान्यता निर्माणमा जोड दिइएको छ । तसर्थ यस उपन्यासलाई लैङ्गिक दृष्टिले सबल उपन्यासका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

६.१.८ यौनिकता

स्वास्नीमान्छे उपन्यासमा मूलतः लैङ्गिकताका पक्षहरू सबल ढङ्गले प्रस्तुत गरिएको छ । यद्यपि विभिन्न लैङ्गिक समस्याका सवालहरू यौनिक पक्षसँग पनि प्रत्यक्षतः जोडिएका छन् । यस उपन्यासमा विपरीत लिङ्गी यौनिकताका सन्दर्भहरू रहेका छन् । अर्थात् विपरीत लिङ्गी यौनिकताबाहेकका अन्य यौनिक सम्बन्ध र सन्दर्भहरू यस उपन्यासमा प्रयुक्त छैनन् । उपन्यासमा रहेका यौन समस्यालाई लैङ्गिक समस्याअन्तर्गत नै विश्लेषण गरिएकाले यस 'यौनिकता' उपशीर्षकमा यौनिक सम्बन्ध तथा विशेषतालाई मात्र विश्लेषण गरिएको छ । प्रमोद कमलाको वजनदार यौवनमा आनन्दित हुनु (पृ. ६) विपरीत लिङ्गी यौनिकताको प्रसङ्ग हो । मोतीमाया तथा विनोदलाई प्रमोदले उपेक्षा र अन्याय गर्नुका पछाडि उनी कमलाको रूप र सौन्दर्यको मोहमा फसेर हो भन्ने कुरा प्रस्ट बुझ्न सकिन्छ । अर्कातिर प्रमोदको यौन सुख र माया आफूले मात्र उपभोग गर्नुपर्छ भन्ने मनोयौनिकताले कमलामा पनि घर बसाएको कुरा उनले प्रमोदलाई मोतीमायाका विरुद्धमा गरेका विभिन्न षडयन्त्र (पृ. ९) बाट प्रस्ट हुन्छ । घरमा सहयोगीका रूपमा रहेकी चम्पामा विकसित भइरहेको यौवनले प्रमोदलाई आकर्षित गरिरहेको अनुमान (पृ. ४६) कमलाले गरेकी छ । यो पनि विपरीत लिङ्गी यौनिक आकर्षणको सन्दर्भ हो । यद्यपि यसमा चम्पा प्रमोदतर्फ यौनिक रूपले आकर्षित भएको नभएर प्रमोद चम्पातर्फ यौनिक रूपले आकर्षित भएको शङ्का कमलाबाट गरिएको छ । मोहनबहादुर मोतीमायाको स्त्री यौनिकतादेखि लोभिएर मानवता र दयाका विभिन्न नाटकीय व्यवहारहरू गर्दै अन्त्यमा चिठीको माध्यमबाट भावनात्मक नियन्त्रण गर्दै यौनिक उपभोग गर्नु (पृ.६७) विपरीत लिङ्गी मनोयौनिकता हो । मोहनको नाटकीय व्यवहारमा फसेर घुम्टोमा लुकेर मोतीमाया पीताम्बरको फूलझैं मुसुक्क हाँस्नु (पृ. ६७) र ती दुई प्राणी त्यस रातदेखि एउटै कोठामा सुत्नु (पृ. ६७) यौनिकताका सङ्केत हुन् । मोतीमायालाई बेस्करी देब्रे हातको अँगालोले बाँधी दाहिने हातले ओठ निचोरी चुम्बन गर्नु (पृ. ६८) ले विपरीत लिङ्गी यौनिक व्यवहारको उद्घाटन गरेको छ ।

चम्पा चन्द्रको अगाडि भोलिपर्सि कमला जूनकीरी हुन पनि बेर छैन (पृ. ७४) भन्ने अभिव्यक्ति प्रमोदसामु कमलाले व्यक्त गर्नु, चिया दिन गएको बेला चम्पाले बूढाको पनि मन नाच्ने भावमा घिन्तामुनि आँखाले हेरेर चम्पाले चिया खान प्रमोदलाई आग्रह गर्नु (पृ. ७४), लस्सिएको भावमा प्रमोदबाट चम्पालाई चिया खान आग्रह गर्नु (पृ. ७५), चम्पाले आफ्नो शारीरिक हाउभाउ नचाउँदै प्रमोदको वचनबाट तृप्त भएको जनाउनु (पृ. ७५), कमला भात खान लागेकी बेला एकचोटि चम्पालाई प्रमोदले आउन भन्नु (पृ. ७५) तथा चम्पाले स्वीकृति जनाउनु (पृ. ७५) जस्ता व्यवहारमा विपरीति लिङ्गी यौनिकता देखिन्छ । साथीको लहैलहैमा लागेर वेश्यालय पुगेका युवकलाई यौन क्रीडामा संलग्न गराएर उनीहरूबाट पैसा असुल्नु वेश्याको पेसा नै हो तर उक्त क्रीडाबाट बाहिरिन चाहने युवकलाई आकर्षित गर्न दालचीनीले म्वाइ खानु (पृ. ९८) अँगालोमा अँठ्याउनु (पृ. ९९), छाती नचाउँदै अश्लील ठट्टा गर्नु, आङ खेलाउँदै लुगा फुकाल्नु, नितम्ब नचाउँदै यौनान्धी बनेर युवकलाई अँगालो मार्नु (पृ. ९९) जस्ता कार्यहरू यौनिकताका उदाहरण हुन् । कमलाले प्रमोदलाई सुरैयामा लोभिएको भन्दै (पृ. १२०) यौनिक मनोविज्ञानलाई उजागर गरेको देखिन्छ भने प्रमोदले कमलाको हात समाएर (पृ. १२१) ठट्टा गरेको घटनामा मनोयौनिकता प्रस्ट झल्किन्छ । त्यस्तै, प्रमोदले कमलालाई उछिट्टिसकेको यौवन स्याहार्न खूब जान्दछयौ (पृ. १२१) भन्दै यौनिकताको भाव प्रकट गरेको छ । यौवनमा मस्त धोबिनी चरीको रागमा रसिएर मोहनबहादुर नौली स्वास्नीसित उत्ताउलो ख्याल गरिरहनु (पृ. १२७) पनि विपरीत लिङ्गी यौनिकता हो ।

स्वास्नीमान्छे उपन्यासमा मनोयौनिकताका सन्दर्भहरू स्वाभाविक तथा सामान्य ढङ्गले प्रस्तुत गरिएका छन् । व्यक्त भएका यौनिकताका सन्दर्भ तथा मनोविज्ञान विपरीत लिङ्गी यौनिकतामा मात्र केन्द्रित रहेको पाइन्छ । मूलतः प्रमोद र कमला, मोहन र मोतीमाया, प्रमोद र चम्पा, दालचीनी र युवकबिच प्रस्तुत भएका व्यवहार यौनिकताका मुख्य उदाहरणहरू हुन् । यीबाहेकका वर्णनीय सन्दर्भहरूमा रहेका यौनिक सन्दर्भ पनि उपन्यासमा रहेका छन् तथापि उक्त सन्दर्भहरू यौनिक व्यवहारभन्दा पनि यौनिक हिंसाका रूपमा वर्णित छन् । त्यसैले यस उपन्यासमा यौनिकताका सन्दर्भहरू अत्यन्त सीमित र सामान्य ढाँचामा रहेका छन् ।

६.१.९ लैङ्गिकताको भाषा

स्वास्नीमान्छे नेपाली समाजमा व्याप्त लैङ्गिक समस्याको उद्घाटन गर्दै लैङ्गिक अन्याय एवम् अत्याचार गर्ने पितृसत्तात्मक प्रवृत्तिहरूको अन्त्य गरी समानतामूलक समाजको निर्माणका लागि क्रान्तिकारी विचार व्यक्त गरिएको स्वच्छन्दतावादी उपन्यास हो । लैङ्गिक हिंसाजन्य

व्यवहारको उद्घाटन गर्दै यथार्थपरक ढङ्गले पात्रानुकूलको भाषिक प्रस्तुति रहेको यस उपन्यासमा विभिन्न सन्दर्भमा हिंसाजन्य भाषिक पक्षहरूको प्रयोग भएको छ । त्यस्तै लैङ्गिक संवेदनशील तथा अपेक्षित भाषाको सघन प्रयोग नगरिए तापनि लैङ्गिक सचेतना एवम् सशक्तीकरणका पक्षमा उभिएका पात्रहरूको माध्यमबाट भने उपन्यासकार सन्तुलित भाषा प्रयोगतर्फ अभिमुख रहेको पाइन्छ । लैङ्गिक समस्याले ग्रस्त नेपाली समाजमा हुने हिंसाजन्य भाषिक सन्दर्भको उद्घाटनले लैङ्गिकताको भाषालाई प्रस्तुत गरेको छ ।

*स्वास्नीमान्छे*मा रहेको लैङ्गिकताको भाषाको यहाँ चर्चा गरिएको छ । प्रमोदले छोरा विनोद रोइरहेको र मोतीमाया निदाएको भन्ने ठानेर व्यक्त गरेको भाषा– "कस्तो नीद नि आमाचाहिँले, तातो भीरले खोल्नुपर्ने (पृ. ४) ।" यहाँ लैङ्गिक हिंसाजन्य भाषाको प्रयोगबाट पतिले पत्नीलाई गर्ने अन्यायपूर्ण व्यवहार तथा मनोवृत्तिको उद्घाटन भएको छ । त्यस्तै लैङ्गिक अत्याचारको उद्घाटन गर्दै उपन्यासमा प्रमोदले मोतीमायालाई 'फुँडी' 'वेश्या' (पृ. १०, १३) भन्दै लाञ्छना लगाएको छ । पितृसत्तात्मक मनोवृत्ति बोकेका पुरुषहरूले नारीलाई अनावश्यक आरोप लगाउँदै हिंसाजन्य भाषाका माध्यमले अपमान, अन्याय र अत्याचार गर्ने गरेको प्रस्ट्याइएको छ । घर हुलेर नाठो खेलाएर खाएको (पृ. १९) भन्दै मोतीमायाको चरित्रहत्या गर्दै उसमाथि आफ्नो नियन्त्रण र शासन कायम गर्न खोज्नु पितृसत्तात्मक नेपाली समाजका पुरुषहरूको आम प्रवृत्ति हो । हीराज्यानले मोतीमायालाई 'अदना स्वास्नीमान्छे', 'हुटिट्याउँले स्वर्ग थाम्ने', 'पापिनी', 'कलङ्किनी' (पृ. ३२) जस्ता शब्दावलीको प्रयोग गर्दै निरीह महिलालाई स्वार्थी र पितृसत्तात्मक सङ्कीर्ण चिन्तनबाट ग्रसित महिलाले हिंसाजन्य भाषाको प्रयोग गर्दै अत्याचारमा सघाएकी छ । पत्नीहरू पतिसँग प्रत्यक्ष बोल्न नपाउने र बोल्दा पनि अति आदर र सम्मानपूर्ण भाषाको प्रयोग गर्नुपर्ने पितृसत्तात्मक समाजमा नारीहरू भने पुरुषबाट हिंस्रक र तुच्छ सम्बोधनसहित व्यवहृत हुनुपर्ने वास्तविकताको उद्घाटन गरिएको छ । प्रमोदले मोतीमायालाई सोधेको प्रश्नको उदाहरण "मलाई नालेस दिने होइनस् ! अँ तँ कहाँ मरेर आइस्, लौ भन् (पृ. ३३) ?" ले उक्त कुरा प्रस्ट पार्दछ । कमलाले चम्पालाई प्रयोग गरेको भाषा "कस्ती निर्लज्जी बेसोमती आइमाई मालिकको अगाडि पनि हाँस्ने (पृ. ४६) !" ले पनि विभेदयुक्त लैङ्गिकताको भाषालाई उजागर गरेको छ ।

पुरुषले नारीको भावनात्मक संवेदनशीलता तथा कोमलताको फाइदा उठाउँदै आफ्नो स्वार्थ पूर्ति गर्न उनीहरूको मिथ्या प्रशंसा गरेर भावनात्मक नियन्त्रण गरी यौनिक स्वार्थ तथा सामाजिक स्वार्थ पूर्ति गर्छन् । मोहनबहादुरले मिथ्या प्रशंसापरक भाषामा मोतीमायालाई भन्छ, "लोग्ने मानिसको धर्म हो स्वास्नी मानिसको पूजा गर्नु, अनि स्वास्नी मानिसको धर्म सृष्टिलाई

सिँगार्नु र बढाउनु (पृ. ६५) ।" "मनुष्य लोककी तिमी गन्धर्व सुन्दरी हौ मोती ! लौ न एक चोटि गला फुटाल, अनि यो मेच, यो टेबुल, ती तस्वीरहरू ... कोठाका सब निर्जीव पदार्थ पनि तिम्रो तानको प्रभावले सजीव भई नाच्नेछन् मोती (पृ. ६८) !" आफ्नो यौनिक स्वार्थ पूरा गरेपछि मोहनले मोतीमायालाई मध्यम आदरसूचक 'तिमी' भनेर सम्बोधन गर्न छाड्यो । त्यति मात्र होइन हिंसाजन्य भाषा र व्यवहार गर्न थाल्यो । उसले मोती मायालाई "सम्हालेर भनेस्, सम्हालेर जिभ्रो फट्कार, जे पायो त्यो मुख नछाड् । तँ रण्डीले टाउको कुल्चाउन, तँ फुँडीले जे पनि भनेको मान्न र सहनलाई जन्मिएको होइन (पृ. ८७) ।" भन्दै लैङ्गिक हिंसाजन्य भाषा प्रयोग गरेको छ भने मोतीमायाले आदरपूर्वक 'तपाईं' भनी सम्बोधन गर्दै (पृ. ८८) सम्मान व्यक्त गरेकी छ । यसबाट नेपाली समाजमा रहेको लैङ्गिक विभेदयुक्त र अन्यायपूर्ण भाषिक व्यवहारको उजागर भएको छ ।

*स्वास्नीमान्छे*मा लैङ्गिक चेतना, सशक्तीकरण तथा आत्मविश्वासका पर्याप्त सन्दर्भहरू प्रस्तुत भएका छन् । विनोद, मैयाँनानी, वासन्ती, मोतीमाया आदिको उपस्थिति तथा भाषिक प्रयोग अपेक्षित एवम् सन्तुलित किसिमको देखिन्छ । मूलतः प्रमोद, मोतीमाया तथा मोहनबहादुरबिचको भाषिक व्यवहारले लैङ्गिकताको भाषालाई वास्तविक रूपमा उजागर गरेको छ । तत्कालीन समय र समाजका सापेक्षतामा उपन्यासकारले चयन गरेका शब्दहरू र भाषिक व्यवहारले तत्कालीन समाजको वास्तविक लैङ्गिकताको भाषालाई उजागर गरेको प्रमाणित हुन्छ । स्त्रीले पुरुषका लागि प्रयोग गर्ने भाषा सम्मानजनक तथा उच्च आदर एवम् मर्यादित रहेको छ भने पुरुषले महिलालाई गर्ने भाषिक व्यवहार दमनात्मक, अधीन, उपेक्षित, हिंसाजन्य रहेको छ जुन अद्यापि कुनै न कुनै रूपमा प्रचलनमै छ तर परिवर्तनको दिशातर्फ उन्मुख रहेको छ । परिवेशजन्य यथार्थोद्घाटन र पात्रानुकूलको भाषा भए पनि अहिलेको सापेक्षतामा लैङ्गिकताका दृष्टिले भने अपेक्षित मान्न सकिन्न, उपन्यासमा प्रयुक्त भाषाबाट तत्कालीन समाजको लैङ्गिक विभेद र अत्याचारको प्रकट भएको छ । यौनिकताका विभिन्न सन्दर्भमा प्रयोग भएको भाषिक व्यवहार यौनिक भाषाका रूपमा रहेको छ भने मूलतः पितृसत्तात्मक पुरुषवादी मनोवृत्ति तथा चिन्तनको उद्घाटन लैङ्गिकताको भाषाबाट नै भएको छ । यसरी लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *स्वास्नीमान्छे*मा प्रयुक्त भाषा सन्तुलित तथा संवेदनशील नभए तापनि तत्कालीन समाजको वास्तविकताको उजागर गर्दै पात्रानुकूलको भाषाले लैङ्गिकताको उद्घाटन गरेको निष्कर्ष निकाल्न सकिन्छ ।

उपन्यासमा व्यक्त विचारको प्रकटनका लागि प्रयोग भएका विभिन्न बिम्ब, प्रतीक, अलङ्कार तथा उखानटुक्काको सहयोगले भाषिक शैली र वैचारिक प्रवाहको सघनतालाई

जीवन्त तुल्याएको छ । भाषिक पक्षको स्वाभाविकताले औपन्यासिक उद्देश्य प्राप्तिमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । पात्रानुकूलको संवाद, छरिता वाक्य, आलङ्कारिक सौन्दर्य, शब्दको चयन, भाषिक विचलन, भाषिक समानान्तरताले उपन्यासलाई अझ प्रभावमय बनाएका छन् । त्यसैले उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा सचेत, सशक्त एवम् सन्तुलित बन्न नसके तापनि तत्कालीन समय र समाजको सान्दर्भिकतामा स्वाभाविक बनेर उपन्यसालाई जीवन्त तुल्याएको छ ।

६.१.१० परिणति र सन्देश

स्वास्नीमान्छे उपन्यास मोतीमायाको जीवनलाई केन्द्रबिन्दु बनाएर उसले भोगेका भोगाइका सापेक्षतामा विभिन्न सन्दर्भहरूलाई प्रस्तुत गरी लैङ्गिक चेतना र सशक्तीकरणको आह्वानमा क्रान्ति र परिवर्तनको परिणतिमा पुगेको उपन्यास हो । पितृसत्तात्मक सामाजिक संरचनाका कारणले नारीहरू वेश्या बन्न बाध्य पारिएका घटनाहरू प्रस्तुत गर्दै लैङ्गिक हिंसा तथा अन्यायको अन्त्य गर्नका लागि वेश्यावृत्तिजस्तो पेसालाई पनि रचनात्मक र क्रान्तिकारी ढङ्गले उपयोग गर्न सकिने र समाजमा समानता निर्माण गर्नुपर्ने सन्देश दिइएको छ । खराब आचरण भएका समाजद्रोही सबै खालका व्यक्तिहरूको नष्ट गरिएकाले उपन्यासको परिणति सोद्देश्यमूलक रहेको छ । मोतीमाया उपन्यासकी केन्द्रीय पात्र भए पनि उसमा उपन्यासको अन्त्यसम्म पनि वैचारिक प्रखरता र क्रान्तिकारी सक्षमता देखिएको छैन । मैयाँनानी र विनोदको वैचारिक सघनता र क्रान्तिकारी व्यवहारलाई निरन्तर पछ्याएकी छ । तसर्थ मोतीमायामा वैचारिक प्रखरता निर्माण गरी सचेततापूर्वक लैङ्गिक विभेदको अन्त्य गराउनुपर्नेमा उपन्यासकार उक्त परिणतिमा चुकेका छन् । असत् चरित्रको अन्त्य वैचारिक परिवर्तनबाट गराएको भए रचनात्मक तथा बढी प्रेरणादायी बन्न सक्थ्यो तर पात्रहरू मार्नु ध्वंसात्मक र चरम क्रान्तिकारी विचार हो । मोहनजस्ता यौनपिपासु चरित्रका सम्बन्धमा उपन्यासको परिणति मौन रहनुले पनि रिक्तताको अनुभव हुन्छ । विनोदमा उत्पन्न वैचारिक सघनता र उसले गरेका व्यवहारहरू उसको उमेरसँग तालमेल नभएकाले लेखकीय दबाब रहेको छ । त्यसैले परिणति सकारात्मक भएरै पनि प्रक्रियामा विविध त्रुटिहरू भेटिन्छन् ।

उपन्यासलाई प्रगतिवादी, समाजवादी तथा क्रान्तिकारी बनाउने कार्य भएको छ । पितृसत्तात्मक सोचाइ भएको समाजका नाइकेहरूको समूल नष्ट गर्नु र समाजमा लैङ्गिक सन्तुलन तथा न्यायका लागि संस्थाको स्थापना गराउनु, विनोदलाई समाजवादी चरित्रका रूपमा उभ्याउनु, मैयाँनानीलाई क्रान्तिकारी, निडर र कर्तव्यबोधी बनाउनु, अन्जनाकुमारी र

सूरप्रसादजस्ता कुपात्रको हत्या गराइनु, वेश्यावृत्तिको यथार्थ उद्घाटन गरी सो पेसालाई ससम्मान पहिचान र रचनात्मक कार्यमा समर्पित गराउनु, पितृसत्तात्मक सोचाइ भएको न्यायाधीशमा वैचारिक परिवर्तन गराई लैङ्गिक सन्तुलनको चाहनासहित सत्चरित्रको विजय र असत् चरित्रको विनाश देखाएर उपन्यासलाई समाजवादी परिणतिमा पुऱ्याइएको छ भने समाजको परिवर्तनका लागि नारी र पुरुष दुबै मिलेर लैङ्गिक हिंसाजन्य व्यवहार र अन्यायको विरोध तथा प्रतिकार गरी समनतामूलक समाज निर्माणमा लाग्नुपर्ने सन्देश दिइएकाले उपन्यासलाई प्रगतिवादी कित्तामा उभ्याउन सकिन्छ यद्यपि कतिपय घटनाले उपन्यासलाई स्वच्छन्दतावादी क्रान्तिकारी बनाएका छन् ।

लैङ्गिक दृष्टिले प्रस्तुत उपन्यासलाई तत्कालीन समाज र समयका सापेक्षतामा हेर्दा अपेक्षित र सफल अभ्यास मान्न सकिन्छ । लैङ्गिक समस्याको मिहिन विश्लेषण गरी उक्त समस्याका समाधानार्थ व्यक्तिगत र संस्थागत सक्रिय भूमिका निर्वाह गरी लैङ्गिक अन्यायको अन्त्य गर्नुपर्ने सन्देश दिइएकाले यो उपन्यास सफल र प्रभावकारी भएको मूल्याङ्कन गर्न सकिन्छ ।

६.२ तीन घुम्ती उपन्यास

मनोवैज्ञानिक यथार्थवादी उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली साहित्यका आख्यान विधामा सशक्त प्रतिभा हुन् । नेपाली समाजका उच्च र मध्यम वर्गका व्यक्तिहरूका मनोवैज्ञानिक सन्दर्भहरूलाई कलात्मक ढङ्गले यथार्थ रूपमा प्रतिबिम्बन गर्न सफल कोइरालाले मूलतः लैङ्गिक तथा मनोयौनिक समस्यालाई मूर्त ढङ्गले उपन्यासमा व्यक्त गरेको पाइन्छ । खास गरी नारी समस्यालाई प्राधान्य दिई पितृसत्तात्मक मनोवृत्तिका पुरुष र तदनुकूलको समाजका कारणले महिलाले भोग्नुपरेका लैङ्गिक तथा मनोयौनिक सन्दर्भलाई उजागर गरी नारी पक्षीय विचार प्रकट गर्दै लैङ्गिक सन्तुलनको सचेत आग्रहसमेत गरेको देखिन्छ । साहित्यिक तथा राजनैतिक व्यक्तित्वलाई समानान्तर ढङ्गले समृद्ध पारेका कोइरालाका आधा दर्जन उपन्यास प्रकाशित छन् । उनका अधिकांश उपन्यासमा नारी पात्रलाई केन्द्रीय भूमिका दिइएको छ भने सबै उपन्यासमा व्यक्तिका मनोवैज्ञानिक सन्दर्भहरू व्यक्त गरिएको छ । समाजका विभिन्न अवस्थाका व्यक्तिहरूको प्रतिनिधित्व गराई ती पात्रका मनभित्रका विविध मनोदशा, आवेग, संवेदना, अन्तर्द्वन्द्व, सन्तुष्टि, कुण्ठा, आवश्यकता तथा रिक्तताहरूको मनोवैज्ञानिक तवरले उद्घाटन गर्ने कोइराला उपन्यासका पात्रहरूको आन्तरिक

उद्घाटनमा बढी केन्द्रित हुनाले उनलाई मनोवैज्ञानिक यथार्थवादी स्रष्टाका रूपमा चिनिन्छ । साथै उनको वैचारिक प्रस्तुति र कलात्मक सौन्दर्यमा स्वच्छन्दताको अनुभवसमेत गर्न सकिन्छ ।

तीन घुम्ती (वि.सं. २०२५) उपन्यास कोइरालाको अत्यन्त प्रभावकारी उपन्यास हो । यस उपन्यासमा लैङ्गिक सन्दर्भका विविध पक्षहरू उद्घाटन गर्दै 'स्व' को खोजी र अस्तित्व निर्माणमा सचेत ढङ्गले सक्रिय रहनुपर्ने आग्रह गर्दै नारीत्व तथा नारीका समाजमनोवैज्ञानिक समस्याहरूको मिहिन विश्लेषण गरिएको छ, भने पितृसत्तात्मक समाजका पुरुषको सोचाइ र व्यवहार तथा उक्त समाजमा नारीत्व र मातृत्वका लागि नारीले भोग्नुपरेका भोगाइको सघन चित्रण गरिएको छ । कोइरालाका अन्य पाँच ओटा उपन्यासका तुलनामा लैङ्गिक दृष्टिले सशक्त र मनोयौनिक सन्दर्भको सचेत तथा वैज्ञानिक विश्लेषण गरिएको उपन्यास *तीन घुम्ती* सान्दर्भिक तथा प्रभावकारी रहेको छ । लैङ्गिक सशक्तता र अस्तित्व चेतना सबल रहेकाले यसका आधारमा कोइरालालाई लैङ्गिक दृष्टिले सचेत र सामाजिक परिवर्तनमा लैङ्गिक सन्तुलन तथा सशक्तीकरण आह्वान गर्ने स्रष्टाका रूपमा लिन सकिन्छ । तथापि कोइरालाको सचेत प्रयास सामाजिक र संस्थागत आग्रहमा नदेखिएर व्यक्ति केन्द्रित रहेकाले मूल ध्येय मनोवैज्ञानिक उद्घाटन हो ।

६.२.१ शीर्षक

तीन घुम्ती उपन्यास नारी मनोविज्ञान र सशक्त चेतनामा केन्द्रित उपन्यास हो । यस उपन्यासमा लैङ्गिक समस्या तथा सशक्तीकरणका सन्दर्भ र वैचारिक सघनता प्रस्तुत गरिएको छ । *तीन घुम्ती*मा उपन्यासकी केन्द्रीय चरित्र इन्द्रमायाका जीवन भोगाइ र तत्सम्बन्धी घटनाहरूलाई आधार बनाएर कथावस्तु तयार पारिएको छ । लैङ्गिक समस्या र मनोविज्ञानसँगै सशक्त चेतना बोकेकी इन्द्रमायाले जीवनमा लिएका निर्णयहरू नै शीर्षकसँग सम्बन्धित छन् । पितृसत्तात्मक समाजले स्थापना गरेका सामाजिक मान्यताका विरुद्धमा इन्द्रमायाले वरण गरेका तीन ओटा निर्णयलाई घुम्ती नाम दिएर 'तीन घुम्ती' नामकरण गरेकाले उपन्यासको केन्द्रीय कथ्य र कथावस्तुको मर्म वहन गर्ने हुनाले शीर्षकलाई स्वाभाविक र प्रभावकारी मानिन्छ । त्यस्तै लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा लैङ्गिक समस्या, मनोविज्ञान र सशक्तीकरणको खोजी गर्दै विद्रोही चेतना भएकी इन्द्रमायाका विविध निर्णयलाई प्राधान्य दिई शीर्षीकरण गरिएकाले सान्दर्भिक र उपयुक्त शीर्षक रहेको छ । तत्कालीन समय र समाजमा लैङ्गिक सन्दर्भ तथा सन्तुलनका सवालहरू अझ चुनौतीपूर्ण रहेको परिवेशमा इन्द्रमायाजस्ता पात्रका माध्यमबाट सशक्त, सचेत, विद्रोही तथा स्वतन्त्र अस्तित्वको खोजी गर्दै पितृसत्तात्मक समाज तथा सोही

मानसिकता भएका पुरुषलाई चुनौती दिनसक्ने सबल चरित्र खडा गरी सघन विचार प्रकट गर्ने उपन्यासकार कोइरालाको *तीन घुम्ती* उपन्यासको शीर्षक प्रभावकारी ठहर्छ ।

६.२.२ कथावस्तु

तीन घुम्ती उपन्यास नारीको केन्द्रीयतामा निर्मित उपन्यास हो । सामाजिक मान्यता तथा संस्कारका विरुद्धमा एउटी नारीले व्यक्तिगत स्वतन्त्रता तथा अस्तित्व रक्षाका लागि गरेका विभिन्न विद्रोही कार्यहरूलाई प्राधान्य दिई कथावस्तु तयार पारिएको प्रस्तुत उपन्यास नारीको अस्तित्व चेतनामा आधारित छ । नेपाली समाजको वि.सं. २००० सालतिरको काठमाडौँली परिवेशलाई आधार बनाएर तयार पारिएको यस उपन्यासमा जातीय सन्दर्भका साथमा राजनीतिक सक्रियता तथा परिवर्तनको समयलाई समेत समेटिएको छ । तत्कालीन समय र समाजका परम्परित मूल्य तथा पितृसत्तात्मक सामाजिक संरचनाका विरुद्धमा विद्रोही र सशक्त नारी इन्द्रमायाका माध्यमबाट लैङ्गिक चेतना तथा सशक्त विचारका साथमा जीवनको स्वतन्त्र अस्तित्वलाई यस उपन्यासको मूल कथावस्तु बनाइएको छ । सामाजिक मूल्यभन्दा व्यक्तिगत मूल्य प्रधान बनाइएको यस उपन्यासमा समाजवैज्ञानिक तथा मनोयौनिक सन्दर्भसमेत उठान गरिएको छ ।

उपन्यासकी केन्द्रीय चरित्र इन्द्रमायाको पूर्व दीप्तिमूलक संस्मरणात्मक वर्णन तथा लेखकीय वर्णनको समिश्रणद्वारा कथावस्तुलाई क्रमबद्ध कथानकमार्फत् प्रस्तुत गरिएको छ । ४५ वर्ष पुगेकी इन्द्रमायाले आफ्नो जीवनमा भोगेका भोगाइहरूको स्मरण गर्दै (पृ. १) कथावस्तुको प्रारम्भ हुन्छ । पीताम्बर घरमा आउँदा र सँगै सिनेमा हेर्दा रमाइलो लाग्नेजस्ता घटनाले इन्द्रमायाले पीताम्बरलाई प्रेम गर्न थालेको (पृ. २) कुराबाट मनोयौनिक सन्दर्भ उजागर हुन्छ । इन्द्रमायाको घरमा बिहेको कुरा चल्दा पीताम्बरसँग बिहे गरे भइहाल्यो नि ! भन्ने स्वतस्फूर्त अभिव्यक्ति निस्कनु (पृ. ३) नै उपन्यासको लैङ्गिक स्वतन्त्रता र यौनिक चाहनाको सङ्केत हो । यसबाट कथावस्तुको प्रारम्भन भएको देखिन्छ । जातीय भिन्नताका कारणले पीताम्बरसँग बिहे हुन नसक्ने कुरा आमाले जनाएपछि (पृ. ३) इन्द्रमायाले अरु कसैसँग सुखी रहन नसक्ने (पृ. ३) विचार प्रकट गरेपछि सामाजिक संस्कार र व्यक्तिगत स्वतन्त्रताबिचमा द्वन्द्वात्मक स्थिति सिर्जना भएको देखिन्छ । यहाँ छोरीको विवाह र भविष्य परिवार तथा समाजले नियन्त्रण र निर्धारण गर्ने गरेको र त्यसका विरुद्धमा इन्द्रमाया सशक्त बन्न खोजेको सङ्केत मिल्दछ भने अर्कातिर पिताम्बरलाई गरेको प्रेममा हृदयसंवेदना बढी सक्रिय बनेर भावावेगमा गरिएको अभिव्यक्तिको

शङ्का पनि गर्न सकिन्छ तर संवेगभन्दा सचेतना सघन भएको कुरा पछिल्ला विभिन्न निर्णय र सक्षमताबाट पुष्टि हुन्छ ।

यहाँ सामाजिक संरचना र लैङ्गिक नियन्त्रण तथा व्यक्तिगत अस्तित्व, स्वतन्त्रता, लैङ्गिक सशक्तता र मनोयौनिक सन्दर्भमा (पृ. ४) कथावस्तु अडेको देखिन्छ । आमाबाबुले इन्द्रमायालाई बढी नियन्त्रण र अधीनमा राख्ने कार्य (पृ. ५) गरेपछि उनमा मनोवैज्ञानिक दबाब बढ्दै गएको देखिन्छ । कलेज जाने, साथीहरूसँग रमाइलो गर्ने तथा विभिन्न सामाजिक बाह्य संसारबाट मुक्त हुनेजस्ता कार्य (पृ. ५) इन्द्रमायाले गर्न थाल्छिन् । त्यस्तै आमाले छोरीप्रति देखाएको माया र ममता तथा जिम्मेवारीका साथमा पीताम्बर राजनीतिमा सक्रिय रहेको, राजा विरोधीसमेत भएकाले आफूहरूले सम्बन्ध राख्न नहुने अभिव्यक्ति (पृ. ६) दिँदा इन्द्रमायाले राजनीतिक सचेतनापूर्वक अझ उसलाई सहयोगको आवश्यकता रहेको (पृ. ६) जनाएपछि इन्द्रमायामा रहेको वैचारिक सघनता प्रस्ट हुन्छ । धेरै दिनको सोचाइ र चिन्तनपछि इन्द्रमायाले दृढतापूर्वक आफ्नो घर, परिवार र समाजलाई छोडेर त्यसलाई चुनौती दिँदै पीताम्वरसँग जाने निर्णय गरी उनको घर पुग्ने कार्य (पृ. ८) गरेकी छ । यसबाट इन्द्रमायामा रहेको विद्रोही चेतना र लैङ्गिक सशक्तताको महत्त्वपूर्ण सङ्केत मिल्दछ । त्यस घटनापछि इन्द्रमायाका बाबुले छोरी मरिसकी भन्ने विचार प्रकट गर्नु (पृ. ९) पितृसत्तात्मक समाज र संस्कारको पुरुषवादी आडम्बर हो । साथै साथीहरूलाई समेत भेट्न निषेध (पृ. १०) गर्नु लैङ्गिक विभेद हो ।

पीताम्बरको घरमा आइसकेपछि उपन्यासमा राजनीतिक सन्दर्भ र सक्रियताको परिवेश देखिन्छ । त्यस्तो राजनीतिक सक्रियतामा इन्द्रमायाको सहृदयी सहभागिता हुन्थ्यो भने खाना पकाउने, नास्ता तथा दैनिक गृहस्थीमा संलग्न (पृ. १०) हुने कार्य गर्नुपर्थ्यो । पीताम्बरले हिम्मतका साथ तिमीले आफ्नो घर छाडेर आयौ (पृ. ११) भन्ने अभिव्यक्ति दिँदा इन्द्रमाया नारीमा हुने हठ र प्रेमले गर्दा आएको बताउँछे । पुरुषले सजिलै त्यस्ता निर्णय लिन नसक्नुमा समाजले तोकेका जिम्मेवारी, कर्तव्य तथा उत्तरदायित्वहरूको भूमिका (पृ. १२) हुने कुरा जनाइएको छ ।

यसबाट नेपाली समाजमा पुरुषलाई परिवार र समाजको अभिभावक मानिएको र महिलालाई आश्रित ठान्ने गरिएको चित्र पनि प्रस्ट हुन्छ । पारिवारिक र सामाजिक परिवेशमा महिलाहरू सजिलै समायोजन हुनसक्ने तथा पुरुषभन्दा नारीहरू हरेक कार्यमा अगुवा हुनुपर्ने विचार पनि प्रस्तुत गरिएको छ । विभिन्न राजनीतिक युवाहरूमध्ये रमेशलाई इन्द्रमायाले विशेष ध्यान दिनु र रमेशले पनि इन्द्रमायाप्रति विशेष अनुराग राख्ने (पृ. १३) कार्यले उपन्यासमा

मनोयौनिकता झल्काएको छ भने यस्तो घटनाले औपन्यासिक नवीन कथावस्तुको सङ्केत गरेको छ । आफ्ना साथीहरूसँग इन्द्रमाया खुसी र आनन्दपूर्वक सहभागी भएको कुरालाई पीताम्बरले व्यङ्ग्यात्मक प्रहार (पृ. १४) गर्दा पीताम्बरमा पितृसत्तात्मक सङ्कीर्ण विचार र हीनता मनोग्रन्थि रहेको खुल्न आउँछ । सङ्कीर्ण र ईर्ष्याजन्य विचारका विरुद्धमा इन्द्रमायाले पुरुषका व्यभिचारी प्रवृत्ति र वासनात्मक व्यवहारप्रति कटाक्ष (पृ. १५) गर्नुले उपन्यासमा मनोवैज्ञानिक द्वन्द्वात्मक सबलता भेट्न सकिन्छ । त्यस्तै उपभोक्तावादी संस्कृतिले पुरुषहरूमा समर्पण, सन्तुष्टि र विश्वासको कमजोर स्थान रहेको सङ्केत (पृ. १५) गरिएको छ ।

मातृत्वको चाहना उत्पन्न भएपछि इन्द्रमायाले पीताम्बरसँग यौनिक सम्बन्ध र मातृत्वको खोजी (पृ. १९) गरे पनि पीताम्बरबाट त्यो सुख पाउनुको सट्टा राजनीतिक बन्दी बनेपछि (पृ. २१) उपन्यासको कथावस्तु कुतुहलतापूर्वक अगाडि बढ्छ । पीताम्बर थुनिएपछि सहाराविहीन बनेकी इन्द्रमाया आर्थिक अभावका कारणले कानका पातला मुन्द्रा जमानत राखेर पसलबाट खानेकुरा किन्न बूढीको पसल गएका बेला (पृ. ३०) सकेको बेला तिर्ने गरी सामान दिन्छे । यसबाट औपन्यासिक कथावस्तुमा कारुणिक सन्दर्भ र मानवताको पक्ष समावेश भएको देखिन्छ । दुःखमा दिनहरू गुजार्दै गर्दा रमेशको आगमन (पृ. ३१) ले इन्द्रमायामा चरम खुसी र सन्तुष्टि मिलेको देखिन्छ । पुरुषलाई देवताको रूपमा ठान्ने गरेको खुलासा (पृ. ३१) बाट पितृसत्तात्मक समाजका नारीहरूमा सञ्चित मनोविज्ञानलाई उजागर गरेको देखिन्छ ।

यौनिक आवश्यकता प्राकृतिक र स्वाभाविक भएको तथा मातृत्वको आवश्यकता पनि रहेको अनि मनोवैज्ञानिक रूपमा विशेष स्थान पाएको रमेशको यौन सम्बन्धको आग्रहमा स्वीकृतिपूर्वक सहभागी बनेपछि हृदयको अन्तरकुन्तरमा पीडाबोध भए पनि रमेशसँगको संसर्गबाट इन्द्रमाया सुखी र सन्तुष्ट रहेकी (पृ. ४४-४५) छ । यसबाट उपन्यासको कथावस्तुमा नयाँ परिवेश र सन्दर्भ थपिएको छ । आत्मिक प्रेम, सम्मान तथा पत्नीत्व एकातर्फ सुरक्षित रहे पनि दैहिक आनन्द, यौन सुख र मातृत्वप्रति अत्यन्त सचेत र तार्किक बनेकी इन्द्रमायाको दोस्रो निर्णय पनि सामाजिक परम्परा र मूल्यभन्दा भिन्न र पितृसत्तात्मक संस्कारप्रतिको विद्रोह हो त्यस्तै व्यक्तिगत स्वतन्त्रता र स्वअस्तित्वका लागि गरिएको सघन निर्णय पनि हो । परम्परागत सामाजिक मूल्य र संस्कारको मनोवैज्ञानिक प्रभावस्वरूप आफूले पाप गरेको महसुस (पृ. ४६) पनि गर्नु र पशुपतिनाथको दर्शनबाट मुक्त हुने प्रयत्न गर्नुले इन्द्रमायाको मानसिकता विरोधाभासमा रहेको पुष्टि हुन्छ । यौनिक स्वच्छन्दता अपनाउँदै पति पीताम्बरसँग आत्मिक प्रेम र श्रद्धा बढ्दै गएको अनुभव गर्नु र रमेशसँगको सम्बन्ध अस्थायी भएकामा अझ बढी खुसी हुनु (पृ. ४९) नवीन आदर्शको तार्किक व्याख्या हो ।

रमेशसँगको यौन सम्बन्धको प्रतिफलस्वरूप गर्भवती बनेर आनन्दित बनेपछि मातृत्वको खोजी र सन्तुष्टिलाई उपन्यासमा कुतूहलमय मनोवैज्ञानिक कथावस्तुका रूपमा लिन सकिन्छ । महिलासँग यौन सुख प्राप्त गर्ने र महिलालाई गर्भवती बनाएपछि सम्पर्कमा खासै आउन नचाहने स्वार्थी पुरुष प्रवृत्ति देखाएको रमेशप्रति इन्द्रमायाको खासै गुनासो रहेन बरु पतिप्रतिको बढ्दो श्रद्धा र मातृत्वको अपेक्षाका कारणले रमेश नै अनावश्यक हुँदै जानु (पृ. ५४, ५५) जस्ता मनोविज्ञानका आधारमा इन्द्रमायालाई विशिष्ट र असामान्य पात्रका रूपमा समेत चित्रण गरिएको छ । पीताम्बरको आगमन र इन्द्रमायाको प्रसव पीडा एकैसाथ हुनु तथा इन्द्रमायामा पुत्री लाभपछि उत्पन्न निसन्देह सन्तुष्टिले कथावस्तुमा उत्सुकता थपेको छ । अस्पतालमा पुगे पनि पीताम्बरले इन्द्रमायाकी छोरीलाई वास्ता नगरी उपचार खर्च सोधर (पृ. ५९) आफ्नो कर्तव्य निर्वाह गर्न मात्र खोजेको बुझेपछि आत्मीयता तथा हार्दिकताविनाको देखावटी कर्तव्य अनावश्यक रहेको सचेत विचार इन्द्रमायाले व्यक्त (पृ. ६०) गरेकी छ । परम्परित सामाजिक संस्कार तथा पुरुष मानसिकताभन्दा माथि उठ्न नसकेको पीताम्बरलाई लोकाचारी कर्तव्यभन्दा रचनात्मक उत्तरदायित्व तथा हार्दिक प्रेममा समर्पित हुन आग्रह गर्दै (पृ. ६१) इन्द्रमायाले सामाजिक मूल्य र मानसिकतामा पुनःनिर्मित चेतनाको आह्वान गरेको देखिन्छ ।

आडम्बरी र लोकाचारी कर्तव्य पालन गर्नुभन्दा जीवनको प्राकृतिक र आभारभूत मूल्यालाई प्राथमिकता दिनुपर्ने आन्तरिक बफादारी, आत्मिक कर्तव्य तथा आत्मविश्वासलाई जोड दिनुपर्ने (पृ. ६१) कुरा इन्द्रमायामार्फत उपन्यासकारले सचेततापूर्वक प्रस्तुत गरेका छन् । पीताम्बरले छोरीलाई उपेक्षा र तिरस्कार गर्दा (पृ. ६५) निर्दोष बालिकालाई दण्ड दिन नहुने बरु आफू दण्ड भोग्न तयार भएको कुरा इन्द्रमायाले पतिसमक्ष व्यक्त (पृ. ६५) गर्दै सघन र सशक्त प्रतिकारात्मक चेतना प्रस्तुत गरेकी छ भने पीताम्बरमा उपेक्षा भाव बढ्दै गएको देखिन्छ । यस्तो कथावस्तुले उपन्यासको मनोद्वन्द्वात्मक स्थितिलाई अझ प्रखर बनाएको छ । इन्द्रमाया र रमेशको यौन सम्बन्ध तथा सन्तान प्राप्तिप्रति पीताम्बर पूर्ण असन्तुष्ट रहेकाले छोरीलाई रमेशकै जिम्मा लगाएमा सबै ठिक हुँदै जाने (पृ. ६६) विचार व्यक्त गर्नुले आत्मिक प्रेममा समर्पित इन्द्रमायाको भावनामा चोट पुगेको छ । फलस्वरूप परिवार र समाजलाई त्यागेर हार्दिक प्रेम र आत्मिक विश्वासका साथ पीताम्बरलाई सर्वस्व ठानेर आएको सत्य आफूले बिर्सन नसक्ने (पृ. ६७) मान्यता प्रस्तुत गर्छिन् । यौन सम्बन्धमा पीताम्बरको आपत्ति रहेकामा इन्द्रमायाले यौन सम्पर्क मात्र पति पत्नीको सम्पूर्ण प्रतिष्ठा नभएर जैविक आवश्यकता रहेको (पृ. ६७) मान्यता व्यक्त गरेबाट यौन सम्पर्क मात्र पत्नी र पति सम्बन्धको सम्पूर्ण वा सर्वस्व होइन भन्ने विचार प्रकट गरिएको छ ।

सतीत्वको सवाल वा नारी सती रहनु वा नरहनु भन्ने कुरा स्वयं नारीमा मात्र निहित रहने हुनाले त्यसमा पुरुषले नियन्त्रण गर्न खोज्नु हुँदैन (पृ. ६८) भन्दै स्पष्ट लैङ्गिक चेतना स्वतन्त्र र सशक्त विचार व्यक्त भएको छ । यहाँ यौनिक स्वतन्त्रता र यौनिक चेतनाका साथ सबल दृष्टिकोण प्रस्तुत छ । इन्द्रमायाको स्वअस्तित्वमूलक सचेत विचार र पीताम्बरको परम्परित सङ्कीर्ण मान्यताबिच निरन्तर द्वन्द्वात्मक अवस्था बढ्दै गएपछि इन्द्रमायाले पत्नीत्व र मातृत्वमध्ये कुनै एक गुमाउनैपर्ने स्थिति सिर्जना हुन्छ । दुबै मौलिक आवश्यकताको एकसाथ संरक्षण हुनै नसक्ने भएपछि मातृत्वको रक्षा गर्न पितृसत्तात्मक समाजका पुरुषलाई चुनौती दिँदै पीताम्बरलाई छोडेर घरबाट निस्कने निर्णय (पृ. ७२) गर्छे । त्यसपछि छोरीको पालनपोषणका लागि विभिन्न पेसा अपनाउँदै स्वतन्त्र जीवन बिताइरहेको अवस्थामा पुगेपछि कथावस्तु टुङ्गिन्छ । पृष्ठभूमिमा पीताम्बर ठूलो नेता भएर सम्मान प्राप्त गरेको, अर्को बिहे गरेको, रमेश सुखसँग जीवन बिताएको सूचना पनि प्रदान गरिएको छ भने परिवर्तित समाजको स्वतन्त्र पुस्ताको सम्मानमा इन्द्रमायाले छोरी रमा र उसको हुनेवाला पति (युवकलाई आशीर्वाद दिन्छे र उपन्यास टुङ्गिन्छ । नयाँ पुस्ताको स्वतन्त्रतातर्फ सङ्केत गर्दै नारी र पुरुषको स्वतन्त्र अस्तित्व तथा सार्थक जीवन आवश्यक रहेको जनाइएको छ ।

यसरी *तीन घुस्ती* उपन्यासमा रहेका विभिन्न कथावस्तुहरूमा लैङ्गिक समस्या, पितृसत्तात्मक संस्कृति र मनोविज्ञान, यौनिक आवश्यक र त्यसको मौलिक उपभोग, लैङ्गिक सचेतना र सशक्तता, स्वको खोजी, लैङ्गिक स्वतन्त्रताजस्ता विषय रहेका छन् । उपन्यासकारले लैङ्गिक स्वतन्त्रता र अस्तित्व निर्माणका लागि पितृसत्तात्मक सामाजिक संरचनाको चपेटामा परी नियन्त्रित बनेका नारीहरूलाई स्वतन्त्र र सशक्त जीवनयापन गर्न आग्रह गर्दै पितृसत्तात्मक समाजका कमजोरीहरू, नारीमा उत्पन्न भावावेग र यौनिक आवश्यकता तथा सन्तुष्टि, आत्मिक प्रेम, पत्नीत्व र मातृत्वको सिर्जनात्मक र मौलिक सन्दर्भहरूलाई मनोविश्लेषणात्मक ढङ्गले उठान गरेका छन् । यस उपन्यासमा लैङ्गिकताका सामाजिक पक्षहरूभन्दा मनोवैज्ञानिक तथा यौनिक पक्षलाई नारीवादी ढङ्गले उजागर गरी उपन्यासकारले लैङ्गिक समस्या र सचेतनामा केन्द्रित गराउँदै सशक्तीकरणको विचार प्रकट गरेका छन् ।

६.२.३ चरित्र र जैविकता

तीन घुस्ती उपन्यास नारी अस्तित्वको स्वतन्त्रता तथा लैङ्गिक सशक्तीकरणको विचार प्रकट गरिएको उपन्यास हो । यस उपन्यासकी केन्द्रीय पात्र इन्द्रमायाको जीवन तथा उसको

विद्रोही व्यवहारका सन्दर्भहरूलाई प्राधान्य दिइएको छ । वर्गीय पात्र नभएर व्यक्ति पात्रका रूपमा प्रस्तुत गरिएकी इन्द्रमाया नै उपन्यासकी प्रमुख पात्र हो । मनोवैज्ञानिक सन्दर्भ र अस्तित्वको खोजमा केन्द्रित गरिएको यस उपन्यासमा मूलतः इन्द्रमाया, पीताम्बर र रमेशको भूमिका महत्त्वपूर्ण रहेको छ । साथै इन्द्रमायाका बाबा र आमा, राजनीतिक कार्यमा सक्रिय युवाहरू, इन्द्रमायाकी बहिनी, प्रहरीहरू, पसल गरेकी बूढी, बूढीकी नातिनी, पद्मा, रमा, रमाकी साथी गौरी, रमासँग बिहे गर्ने युवक, पीताम्बरकी अर्की पत्नी, रमेशकी पत्नीजस्ता पात्रहरू प्रत्यक्ष र परोक्ष रूपमा उपन्यासमा उपस्थित वा वर्णित छन् । दुई पुरुष र एक नारीलाई प्रमुख भूमिका दिइएको *तीन घुम्ती* यी तीन पात्रका जीवन भोगाइसँग सम्बन्धित छ ।

इन्द्रमाया यस उपन्यासकी केन्द्रीय पात्र हो । ऊ ४५ वर्षीय प्रौढ बनिसकेको अवस्थामा रहेर पूर्वदीप्तिमूलक स्मरण गर्दै (पृ. १) आफूले यौवनावस्थादेखि प्रौढावस्थासम्म भोगेका विद्रोह र सङ्घर्ष तथा स्वतन्त्र अस्तित्वका लागि गरेका महत्त्वपूर्ण निर्णय र तिनीहरूकै परिदृश्यमा आनन्दित बनिरहेकी सशक्त पात्र हो । लेखकीय वैचारिक सघनता र सचेतना बोकेकी मुख पात्रका रूपमा पनि इन्द्रमायालाई लिन सकिन्छ । उपन्यासकी प्रमुख पात्रका रूपमा रहेकी इन्द्रमायाको चरित्र आम नेपाली युवती वा नारीहरूको भन्दा भिन्न, पितृसत्तात्मक समाज र त्यस समाजका पुरुषहरूको नियन्त्रण तथा अधीनताबाट मुक्त हुन सक्षम, स्वअस्तित्वको खोजी गर्न सफल (पृ. ८) चरित्र हो । यौन सम्बन्ध र पत्नीत्व, दैहिक सुख र हार्दिक आत्मीय समर्पणजस्ता सवालहरूमा आफ्नो प्रस्ट तार्किक तथा वैज्ञानिक विचार प्रकट गर्ने (पृ. ४४, ६०, ६३) पात्र इन्द्रमायाको वैचारिक सघनता एवम् व्यावहारिक सक्षमता नै यस उपन्यासको मूल कथ्य बनेको देखिन्छ । यौन सम्बन्ध र सन्तुष्टिलाई जैविक तथा मौलिक आवश्यकता ठान्ने इन्द्रमाया नारी आफ्नो यौन चाहना, मातृत्व तथा प्रेम आफ्नै नियन्त्रणमा राख्न सक्षम बन्नुपर्ने तथा कुनै पुरुषको नियन्त्रण र अधीनमा रहेर दासी बन्न नहुने (पृ. ६८, ६९, ७२) सशक्त विचार प्रकट गर्ने सत् चरित्र हो ।

तत्कालीन नेपाली समाजका नारीहरूभन्दा अलग चरित्र हुनाले इन्द्रमाया व्यक्ति पात्र हो । त्यस्तै मञ्चीय, बद्ध, बहिर्मुखी तथा स्थिर चरित्र भएकी इन्द्रमायामा तमाम लैङ्गिक र यौनिक सचेतता तथा सक्षमता भए पनि पितृसत्तात्मक समाजले थोपरेका सङ्कीर्ण चिन्तनबाट मुक्त हुन नसकेको (पृ. २८, ३१, ५९) देखिनाले केही चरित्र दोष पनि रहेका छन् । पीताम्बरलाई छोडेर मातृत्व रक्षाका लागि छोरी लिएर स्वतन्त्र भई हिँडेपछि इन्द्रमायाले आर्थिक उपार्जनका कार्य (पृ. ७२, ७३) गरेर जीविकोपार्जन गरेबाट उसमा आर्थिक भूमिका र सक्षमता निर्माण भएको छ । उपन्यासको अधिकांश सन्दर्भमा सबल देखिए तापनि पुरुषबाट अलग्गिनुपूर्व कुनै

पनि उत्पादक भूमिकामा नदेखिई अनुत्पादक वा गृहिणीको भूमिकामा मात्र सीमित हुनु (पृ. १०, ११, ३७) तथा इन्द्रमायाले जे जति नारीत्वको सघन विचार र सशक्त व्यवहार प्रकट गर्दै लैङ्गिक स्वतन्त्रता एवम् सक्षमता देखाए पनि नितान्त एक्लै वा आफूमा मात्र सीमित गरेकी, कुनै सामाजिक तथा संस्थागत वैचारिक विस्तार गर्न नसकेको हुनाले यी कमजोर प्रवृत्तिहरू इन्द्रमायाका चारित्रिक दोष हुन् । तर लैङ्गिक स्वतन्त्रता र अस्तित्व निर्माणका लागि जति विद्रोही व्यवहार प्रस्तुत गरेकी छन् त्यसका आधारमा इन्द्रमायालाई लैङ्गिक दृष्टिले अत्यन्त सशक्त र क्षमतावान् नारीवादी चरित्रका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

पीताम्बर उपन्यासको सहायक पात्र हो । उसले इन्द्रमायाको प्रेमी र पतिका रूपमा भूमिका निर्वाह गरेको छ । तत्कालीन समाजका राजनीतिकर्मीका रूपमा रहेकाले बन्दी जीवनसमेत व्यतीत गरेको छ । पुरुष पात्र जसले पितृसत्तात्मक समाजका पुरुषहरूको प्रतिनिधित्व गरेको छ । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म उसको विचार एकै किसिमको रहेकाले स्थिर चरित्र भएको पीताम्बर मञ्चीय, बद्ध तथा बहिर्मुखी चरित्र हो । भूमिकाका हिसाबले राजनीतिक र सामुदायिक भूमिकामा रहेको पीताम्बर इन्द्रमायाका सापेक्षतामा खराब तथा दोषी देखिन्छ । इन्द्रमायाको यौनिक आवश्यकता पूर्ति गर्न अक्षम (पृ. २०) देखिन्छ । इन्द्रमायामा मातृत्वसम्बन्धी बिगार छ कि भनी शङ्का गर्नु (पृ. २०) तर पीताम्बरकी अर्की पत्नीबाट पनि सन्तान भएको चर्चा नहुनु (पृ. ७३) बाट उसमा सन्तानोत्पादनसम्बन्धी दोष रहेको अनुमान हुन्छ । मातृत्वको क्षमता भएकी (पृ. ५०) इन्द्रमायालाई दोषी शङ्का गर्नु आडम्बरी पुरुषत्व त होइन ? भन्ने प्रश्न उठ्छ । इन्द्रमायाले घर परिवार र समाजलाई त्यागेर पीताम्बरसँग जुन विश्वासका साथ आएकी थिई, त्यसका तुलनामा पीताम्बरमा त्यस्तो यौनिक आशक्ति तथा आत्मीय प्रेम नभएको (पृ. २०) देखिन्छ । पुरुषहरू आफ्नो पेसा र क्षेत्रमा जति सक्रिय देखिए पनि घरपरिवार तथा पत्नीका आवश्यकताप्रति निरपेक्ष रहन्छन् भन्ने सङ्केत (पृ. २०) प्रस्तुत भएबाट पुरुषहरूको स्वार्थी र आडम्बरी चरित्र पीताम्बरमा देखिन्छ ।

नारीलाई नियन्त्रण र अधीनस्थ राखी रमाइलोमा आफू मात्र आनन्दित भइरहनुपर्ने पितृसत्तात्मक सङ्कीर्ण मानसिकता भएका पुरुषहरूको प्रतिनिधित्व पीताम्बरले गरेको (पृ. १४, १५, १६) छ । इन्द्रमायाकी छोरीलाई पूर्ण बेवास्ता (पृ. ६५) गर्ने, मानवीय तथा बात्सल्य प्रेमको अभाव देखिने पीताम्बरमा सामाजिक दायित्व र ढोंगी कर्तव्य (पृ. ६४) को चरित्र पाइन्छ । इन्द्रमाया र रमेशबिचको यौन सम्बन्धमा पूर्ण आपत्ति (पृ. ६७) प्रकट गरेको पीताम्बर इन्द्रमायाले गृहत्याग गरेर जाँदा (पृ. ७२) पनि कुनै चासो र चिन्ता व्यक्त नगरी अर्की पत्नी बिहे गरेर आनन्दित रहनुबाट ऊ इन्द्रमायाप्रति उदासिन चरित्रका रूपमा रहेको छ । समग्रमा

पीताम्बरलाई लैङ्गिक दृष्टिमा पितृसत्तात्मक सङ्कीर्ण चिन्तन बोकेको र लैङ्गिक अस्तित्व, आत्मिक प्रेम र यौनिक क्षमता कमजोर भएको कमजोर र दोषी चरित्रका रूपमा विश्लेषण गर्न सकिन्छ । तर पूर्व सल्लाहविना बाबुआमालाई छोडेर आएकी इन्द्रमायालाई सहज स्वीकार गर्नु (पृ. ९) राजनीतिक सक्रियता र सहभागितासहित भूमिका निर्वाह गर्नु (पृ. १०, २१), आफ्नो अनुपस्थितिमा रमेशबाट इन्द्रमायाको हेरविचारको अपेक्षा गर्दै समस्या परे रमेशलाई भन्न आग्रह गर्नु (पृ. २८), रमेशसँग यौन सम्बन्ध राखी सन्तान जन्मिएको अवस्थामा अस्पताल गएर कर्तव्य निर्वाह गर्न खोज्नु (पृ. ५९), अर्को व्यक्तिसँग यौन सम्बन्ध राखी सन्तान पैदा भइसकेकी आफ्नी पत्नीलाई छोरी हटाउन सके सम्बन्ध राम्रो बन्ने धारणा राख्नु (पृ. ६६) जस्ता कार्यहरू तत्कालीन नेपाली समाजका पुरुषहरूको सापेक्षतामा अपेक्षित र सकारात्मक देखिन्छन् । जेहोस्, पीताम्बर उपन्यासमा दोष चरित्र भएको उदासिन र मध्यम खालको पुरुष चरित्रको प्रतिनिधि पात्र हो भन्न सकिन्छ ।

रमेश यस उपन्यासको सहायक पुरुष पात्र हो । पीताम्बरको राजनीतिक साथीका रूपमा रहेको रमेश बहिर्मुखी, हँसिलो र इन्द्रमायालाई यौन सन्तुष्टि दिन सक्ने तथा पीताम्बरको अनुपस्थितिमा इन्द्रमायालाई सघाउने मञ्चीय र बद्ध पात्र हो । इन्द्रमायाको मनोविज्ञान बुझेर सोहीअनुरूप व्यवहार गर्दै जाने आफ्नो यौन तृष्णा मेटाउने स्वार्थका कारणले सहयोगी बनेको पात्र हो । यद्यपि रमेश र इन्द्रमायाको यौन सम्पर्क तथा आपसी सम्बन्ध दुबैको आवश्यकता एवम् चाहनाबाट (पृ. ३८, ३९, ४४) निर्माण भएको देखिन्छ । घरमा आफ्नी पत्नी हुँदा हुँदै त्यो कुरालाई लुकाएर (पृ. ७१) इन्द्रमायामा केन्द्रित हुनुले उसको स्वार्थी पुरुष प्रवृत्ति उजागर गरेको छ । आफ्नो साथीकी पत्नी अर्थात् भाउजूलाई यौनिक भावनाले हेर्नु, श्रीमान् बन्दी भएकी एक्ली पत्नीबाट यौन सुख प्राप्त गर्ने प्रवृत्ति देखाउनु, गर्भवती तुल्याएर सम्पर्कबाट टाढिनु, साथीलाई नै विश्वासघात गर्नु, आफ्नो गर्भबाट जन्मिएकी छोरीलाई वास्ता नगर्नुजस्ता कार्यहरू यौन दुराचारी पुरुष प्रवृत्तिका प्रतिनिधिमूलक व्यवहारहरू हुन् भने बेसहारा बनेकी इन्द्रमायालाई सहयोग पुऱ्याउनु, इन्द्रमायाको यौन आवश्यकता र चाहना पूर्ति गरिदिनु, आफू अनुपस्थित भए पनि सहयोगीको प्रबन्ध गर्ने प्रयत्न गर्नु, आफू निर्दोष भएको सफाइ दिनु, इन्द्रमायाले छोरी जन्माउने क्रममा अस्पतालमा लागेको खर्च तिर्नुजस्ता कार्यहरूबाट रमेश सहयोगी र कर्तव्यशील लाग्दछ । तर उनी पनि तत्कालीन नेपाली समाजका यौन सुख प्राप्त गर्न लागि पर्ने स्वार्थी पुरुष प्रवृत्तिको प्रतिनिधि चरित्रका रूपमा देखिएको छ ।

यस उपन्यासमा रहेका इन्द्रमायाका बाबा नेपाली समाजका पितृसत्तात्मक समाजका कठोर तथा लैङ्गिक अत्याचार गर्ने आडम्बरी पुरुष पात्र हो भने इन्द्रमायाकी आमा

पितृसत्ताबाट दबिएकी निरीह नारी पात्र हो । त्यस्तै पसल्नी बूढी मानवीय र भावनात्मक संवेदना भएकी आफ्नो व्यापार व्यवसाय गरी आत्मनिर्भर बनेकी सहयोगी चरित्र भएकी प्रौढ नारी हो । रमा इन्द्रमाया र रमेशको यौन सम्बन्धबाट जन्मिएकी इन्द्रमायाकी छोरी हो जसले आधुनिक, स्वतन्त्र र विश्वासी युवतीको प्रतिनिधित्व गरेकी छ । त्यस्तै युवक रमाको साथी, जसले रमालाई बिहे गर्ने तयारी गरेको छ, पनि आधुनिक समाजको प्रतिनिधि पुरुष पात्र हो । यीबाहेक पीताम्बरका राजनीतिक साथीहरू, रमेशका बाबा, इन्द्रमायाकी बहिनी, बूढीकी नातिनी इन्द्रमायाका साथीहरू पद्मा, रमाका साथीहरू, पीताम्बरकी अर्की पत्नी, रमेशकी पत्नी, कमिसनर, मेजिस्ट्रेट, मिलिटरी आदि नेपथ्यमा रहेका गौण भूमिका भएका वर्णित पात्रहरू हुन् । यसरी *तीन घुम्ती* उपन्यासमा मूलतः इन्द्रमाया, पीताम्बर र रमेश महत्त्वपूर्ण भूमिकामा रहेका पात्रहरू हुन् जसमा इन्द्रमायाले लैङ्गिक सचेतना र सशक्तता सहित स्वतन्त्रता तथा नारीत्वका साथ स्वअस्तित्वको खोजी गरेकी छन् भने पीताम्बर र रमेश तत्कालीन समाजका प्रतिनिधि पुरुष पात्रका रूपमा रहेका छन् ।

६.२.४ लैङ्गिकताको अवस्था

तीन घुम्ती उपन्यास लैङ्गिक स्वतन्त्रता र नारी अस्तित्व निर्माणमा केन्द्रित उपन्यास हो । यस उपन्यासमा लैङ्गिक र यौनिक सन्दर्भहरू सघन र वैज्ञानिक ढङ्गले प्रस्तुत गरिएकाले लैङ्गिक विभेदयुक्त अवस्थाको चित्रणका साथै लैङ्गिक स्वतन्त्रता र सशक्तीकरण नै उपन्यासमा रहेको लैङ्गिकताको अवस्था हो । यद्यपि यौनिकताको मौलिक र प्राकृतिक व्याख्या, नारीत्व र मातृत्वको खोजीमा केन्द्रित रहेकाले विविध लैङ्गिक सन्दर्भहरूको समावेश भएको पाइदैन । छोरीको चाहना र रोजाइ घरपरिवारबाट सम्मान र स्वीकार नहुनु (पृ. ६, १०) पितृसत्तात्मक लैङ्गिक विभेदयुक्त अवस्थाको चित्रण हो । इन्द्रमायाका बाबाको निर्णायक आदेशका विरुद्ध इन्द्रमायाकी आमाले निरीहता मात्र प्रकट गर्नु पनि लैङ्गिक अधीनताको अवस्था हो । त्यस्तै राजनीतिक भूमिकामा युवाहरू मात्र सहभागी र सक्रिय रहेको (पृ. १०) अवस्था पनि लैङ्गिक विभेदको स्थिति हो । शिक्षित युवती भए पनि इन्द्रमाया घर गृहस्थीमा मात्र सीमित हुनु (पृ. १०, ११) र अध्ययनमा निरन्तरता दिन नसक्नुजस्ता लैङ्गिकताका सन्दर्भ रहेका छन् । त्यस्तै परम्परागत पितृसत्तात्मक पुरुषवादी संस्कारको छाप इन्द्रमायामा रहेको देखिन्छ । पुरुष शासक, सम्मानित, प्रतिष्ठित र आरुढ हुने तर महिला समर्पित र आरोही बन्न बाध्य (पृ.१६) भएको लैङ्गिक अवस्थाको उजागर गरिएको छ । पुरुषहरू बहुनारी यौनिक भावना र सम्बन्धमा रहने तर नारीहरूलाई त्यो छुट लैङ्गिक मान्यताले नदिने (पृ. १६) खुलासा

गर्दै इन्द्रमाया भित्रभित्रै रमेशतर्फ आकर्षित हुनुलाई खोट लागेको सम्झनु (पृ. १७) पनि लैङ्गिक विभेदयुक्त अवस्थाको चित्रण हो ।

इन्द्रमाया आफ्ना राजनीतिक साथीहरूसँग आनन्दित र खुसी भएको देख्दा पीताम्बरमा पुरुषवादी सङ्कीर्ण चिन्तन हावी हुन जान्छ (पृ. १४) र नारीलाई नियन्त्रण र अधीनमा राख्न चाहने हीनता मनोदशाले उनी ग्रसित भएको देखिन्छ । पीताम्बरको नियन्त्रण र विभेदप्रति सचेत इन्द्रमायाले पुरुष जति नारीसँग रमाए पनि हुने तर नारी एउटा पुरुषको अधीनमा मात्र रहनुपर्ने (पृ. १५) लैङ्गिक अवस्थाप्रति सबल प्रतिक्रिया जनाएकी छ । पीताम्बरलाई अन्य नारीबाट बञ्चित गराउन उपदेश दिने रमेश स्वयम् इन्द्रमाया (साथीकी पत्नी) प्रति अनुराग राख्ने प्रवृत्तिले पुरुषको स्वार्थी र भोग्य प्रवृत्तिप्रति सङ्केत (पृ. १५) गरेको छ । पुरुषहरूमा नारीलाई शोषण र पीडा दिएर आफूहरू आनन्दित हुने परपीडक मनोविज्ञान रहेको (पृ. १५) कुरा प्रस्ट्याइएको छ । बहुपत्नी सम्बन्ध पुरुषको अधिकार मानिएजस्तै आफूले पनि अन्य पुरुषतर्फ अनुराग राख्नु दोषपूर्ण नरहेको विचार इन्द्रमायाले प्रकट (पृ. १७) गरेकी छ । नारीत्व र मातृत्वसँग जोडिएका प्राकृतिक आवश्यकता तथा चाहनातर्फ पुरुषहरूले कुनै वास्ता नगर्ने तथा नारीलाई आफ्नो इच्छाअनुसार मात्र भोग्ने पुरुषको स्वार्थी र शासक प्रवृत्ति (पृ. १८) उजागर गरी लैङ्गिक विभेदयुक्त स्थिति प्रस्तुत गरिएको छ । पीताम्बर बन्दी बनेपछि व्यापार पेसा अपनाएर गुजारा चलाएकी बूढी आमाको सहयोग (पृ. ३०) मा जीवन चलाएकी इन्द्रमाया आफू शिक्षित भएर पनि कुनै उत्पादक कार्यमा संलग्न हुन नसक्नु बरु रमेशको आगमनलाई देवताको आगमन ठान्नु (पृ. ३१) र उसकै आर्थिक सहयोगमा घर व्यवहार चलाउने स्थितिले महिलाको आश्रित लैङ्गिक अवस्थालाई प्रस्ट्याएको छ ।

पतिको अनुपस्थितिमा आफ्नो यौनिक चाहना र आवश्यकता पूर्ति गर्न रमेशको यौन सम्बन्धको आग्रहलाई स्वीकार गरी पत्नीत्व, आत्मिक प्रेम तथा यौन सम्बन्धको मौलिक र सिर्जनात्मक व्याख्या गर्न सक्षम (पृ. ४४) इन्द्रमाया सम्बन्धपछि पापबोध गरी पशुपति दर्शनमा जानु (पृ. ४५) जस्ता कार्यबाट पितृसत्तात्मक मानसिकताको भावनात्मक दबाब इन्द्रमायामा पनि रहेको देखिन्छ । मातृत्वको प्राप्तिमा इन्द्रमाया सन्तुष्ट देखिनु नारीको मौलिक सन्तुष्टि हो । पीताम्बरले बन्दी जीवनबाट मुक्ति पाएपछि इन्द्रमायालाई छोरी हटाउन आग्रह गर्दै उसलाई बेवास्ता गर्छ । पीताम्बरले आफ्नो प्रतिष्ठा र कर्तव्यबाट पछि नहट्ने आडम्बरी व्यवहार (पृ. ६०) उजागर गर्छ र इन्द्रमायाले चाहेजस्तो मौलिक र सिर्जनात्मक दैहिक र आत्मिक सम्बन्धको बारेमा विश्वस्त हुन सक्दैन (पृ. ६१) । इन्द्रमायाले पत्नीत्व र मातृत्व दुईमध्ये एउटा रोज्नुपर्ने स्थितिमा छोरी रमालाई लिएर घर छोडेर स्वतन्त्र अस्तित्व रक्षाका लागि बाहिरिन्छे

(पृ. ७२) । त्यसपछि आर्थिक उपार्जनका लागि विभिन्न नोकरी गर्दै रमालाई हुर्काउँछे र छोरीको रोजाइमा रहेको प्रेमी युवकलाई आशीर्वाद दिएर लैङ्गिक सशक्तता र सन्तुलनको अपेक्षा गर्दै सन्तानको स्वेच्छाको कदर गर्छे ।

यसरी यस उपन्यासमा पितृसत्तात्मक सामाजिक मान्यता बोकेको परिवार र विभिन्न पुरुषहरूबाट नारीले अधीनता, नियन्त्रण र उपेक्षा भोग्नुपरेको अवस्था चित्रण गरिएको छ । नारीले परम्परित लैङ्गिक मूल्यका विरुद्धमा सचेत र सशक्त बनेर आफ्नो स्वतन्त्र अस्तित्व निर्माणमा लैङ्गिक चेतनासहित विभिन्न समयमा कठिन तथा चुनौतीपूर्ण निर्णय गरी पितृसत्तात्मक समाजको परम्परामाथि दरिलो प्रहार गरेको देखाइएको छ । त्यसैले यस उपन्यास लैङ्गिक विभेदयुक्त समाज तथा प्रवृत्तिको उद्घाटन गरी र सचेतनायुक्त सशक्तताको आह्वान सहित लैङ्गिक सशक्तीकरणतर्फ अभिमुख रहेको छ ।

६.२.५ लैङ्गिक भूमिका

तीन घुम्ती उपन्यासमा मनोवैज्ञानिक सन्दर्भ र कथावस्तु बढी देखिन्छ भने सामाजिक पक्ष कम रहेको छ । उपन्यासमा रहेका विभिन्न पात्रहरूमध्ये सबैजसो पात्रको मनोवैज्ञानिक पक्ष र आन्तरिक चेतना तथा मानसिकताका कुराहरू उजागर गरिएकाले लैङ्गिक दृष्टिमा विश्लेषण गर्दा लैङ्गिक भूमिकाका सवालहरू गौण रहेका छन् । उपन्यासकी केन्द्रीय पात्र इन्द्रमाया शिक्षित र सक्षम हुँदाहुँदै पनि अनुत्पादक कार्यमा संलग्न (१०, १४, ३७) रहेकी छ । समकक्षी पुरुष साथीहरू राजनीतिक र सामुदायिक भूमिकामा सक्रिय (१०, ११, १४) भएको भए पनि इन्द्रमाया पीताम्बर र उनका साथीहरूको सेवा गर्न मात्र सक्रिय देखिन्छे । पीताम्बरलाई छोडेर हिँडेपछि भने इन्द्रमायाले विभिन्न कार्यालयमा जागिरे जीवन (पृ. ७२) तथा विद्यालयमा शिक्षिकाको काम गरी (पृ. ७३) आर्थिक उपार्जनसहितको उत्पादक र सामुदायिक भूमिका निर्वाह गरेकी छ भने मातृत्व आवश्यकता र रक्षाका लागि गर्भधारण (पृ. ५०) र सन्तान उत्पादन (पृ. ५६) जस्तो पुनर्उत्पादनको भूमिका निर्वाह गरेकी छ । यसबाट नारीहरूको अवस्था र आवश्यकताअनुसार जुनकुनै भूमिका निर्वाह गर्न सक्छन् भन्न सकिन्छ । पुरुष वा पितृसत्ताको नियन्त्रण र अधीनताका कारणले नारीहरू क्षमता भए पनि उत्पादक र सामुदायिक कार्यमा भूमिका निर्वाह गर्ने अवसर पाएका हुँदैनन् भन्ने सङ्केत पाइन्छ ।

तसर्थ पीताम्बरबाट स्वतन्त्र भएपछि इन्द्रमायाले आर्थिक उपार्जनसहितका उत्पादक भूमिका निर्वाह गरेको देखिन्छ तर पीताम्बरकी पत्नीका रूपमा उसकै अधीनस्थ भएर रहँदा गृहिणी वा अनुत्पादक कार्यमा मात्र सीमित हुनुले पितृसत्ताले नारीको उत्पादनात्मक सामर्थ्यलाई

उजागर गर्नबाट रोक लगाएको छ भन्न सकिन्छ । उपन्यासका महत्त्वपूर्ण पात्र पीताम्बर राजनीतिक वा सामुदायिक भूमिकामा देखिएको (पृ. ६, १०, १४, ७३) छ । ऊबाट उपन्यासमा न त अनुत्पादक भूमिका निर्वाह गरेको देखाइएको छ न त उत्पादक भूमिका । त्यसैले पितृसत्तात्मक समाजका पुरुषहरू पुख्यौंली सम्पत्तिका अधिकारी भएको हुनाले आर्थिक उपार्जनविनाको सामुदायिक भूमिकामा रहेर पनि आफ्नो हैकम, आडम्बर र प्रतिष्ठा कायम राख्दछन् भन्ने सङ्केत गर्दै पितृसत्तात्मक नेपाली समाजको प्रतिनिधि पुरुषका रूपमा पीताम्बरले आफ्नो भूमिका निर्वाह गरेको छ । त्यस्तै उपन्यासका अर्को महत्त्वपूर्ण पात्र रमेशले पनि सामान्य सामुदायिक भूमिका (पृ. १०) निर्वाह गरेको छ । त्यसका अलावा इन्द्रमायाको घरखर्च चलाउन आर्थिक लगानीमा विभिन्न सामान ल्याउन सक्ने (पृ. ३५) आर्थिक हैसियत देखाइएको भए पनि आर्थिक उपार्जनको उत्पादक भूमिकामा कहीँ कतै नदेखिनुले ऊ पनि पितृसत्तातमक समाजको पुख्यौंली सम्पत्ति प्राप्त गर्ने अधिकारी प्रतिनिधि पुरुषका रूपमा रहेको देखिन्छ । प्रौढ अवस्थामा रहेकी बूढी आमाले पसल खोलेर वा व्यापारबाट आर्थिक उपार्जन गरेको (पृ. २९, ३०) देखिन्छ । यसबाट महिलाहरू आर्थिक भूमिकासहित आफ्नो सक्षमता देखाउन सक्छन् भन्ने कुरा व्यक्त गरिएको छ ।

यीबाहेक उपन्यासमा रहेका अन्य पात्रहरूको महत्त्वपूर्ण लैङ्गिक भूमिकायुक्त उपस्थिति देखिँदैन । लैङ्गिक दृष्टिले हेर्दा पुरुषका तुलनामा नारीहरू नै बढी आर्थिक भूमिका वा उत्पादक भूमिकामा रहेको पाइन्छ । पुरुषहरू सामुदायिक भूमिकामा मात्र सीमित छन् भने नारीहरू उत्पादक, अनुत्पादक तथा पुनरुत्पादक भूमिकामा देखिनुले भूमिकाका हिसाबले पनि *तीन घुस्ती* उपन्यासमा आर्थिक सक्षमता तथा लैङ्गिक सशक्तता व्यक्त भएको छ ।

६.२.६ लैङ्गिक समस्या

तीन घुस्ती उपन्यास मूलतः लैङ्गिक तथा यौनिक समस्यामा केन्द्रित उपन्यास हो । पितृसत्तात्मक समाज र त्यसका प्रतिनिधि पुरुषहरूबाट नारीले खेप्नुपरेका लैङ्गिक विभेद, उपेक्षा तथा उपभोगलाई यस उपन्यासमा प्रस्ट्याइएको छ । त्यस्तै पुरुषको यौनिक नियन्त्रण तथा उपयोगसमेत देखाइएको छ भने परम्परागत पितृसत्तात्मक लैङ्गिक र यौनिक संस्कार तथा सम्बन्धलाई चुनौती दिँदै उक्त सन्दर्भमा नयाँ क्षितिजको खोजी गर्दै लैङ्गिक र यौनिक स्वतन्त्रता तथा सशक्तीकरणका विचारहरू सघन ढङ्गले व्यक्त गरिएको छ । शिक्षित र उमेर पुगेकी छोरीलाई आफ्नो इच्छाअनुसारको व्यक्तिसँग बिहे गर्न रोक लगाउने प्रयत्न इन्द्रमायाका बाबाआमाबाट भएको छ (पृ. ३, ५, ६) । "कलेज जान बन्द भयो आमाबाबुको आयोजनानुसार

... आमाबाबुहरूले प्राप्त अधिकारको प्रयोग गर्दै यौवना कन्याको हठलाई सामाजिक नियम र मर्यादाको वंशमा राख्ने उद्देश्यले बाहिरको संसारमा जाने उसको बाटो थुनिदिए (पृ. ५) ।" यसबाट पितृसत्तात्मक समाजले नारीहरूमाथि गर्ने लैङ्गिक नियन्त्रण, अधीनता र अन्यायको सङ्केत गर्दछ । यो लैङ्गिक समस्याको ज्वलन्त नमुना हो । आफ्नो शासकत्वमाथि चुनौती दिएर घर छोडेकी छोरीलाई मरिसकेकी ठान्नु (पृ. ९) वेश्ये आरोपित गरी साथीहरूलाई पनि भेट नहुन दबाब दिनु (पृ. १०) जस्ता कार्यले लैङ्गिक हिंसाजन्य व्यवहारको उजागर गर्दछन् । पीताम्बरका साथीहरू सबै मिलेर इन्द्रमायालाई कातर नारीको संज्ञा दिनु (पृ. ११), गृहस्थीको चापमा परेर अध्ययनलाई पूरा गर्ने अवसरबाट इन्द्रमाया बञ्चित हुनु (पृ. ११) जस्ता पक्षहरूले पनि लैङ्गिक विभेद र समस्यालाई उजागर गरेका छन् ।

"साथीहरूको भेलामा तिमीलाई बडो आनन्द आउँछ, हगि ? (पृ. १४)" भन्दै पीताम्बरले इन्द्रमायालाई पितृसत्तात्मक नियन्त्रणको भाव व्यक्त गरेको देखिन्छ । पुरुषहरू शासक र नारी शासित हुन बाध्य बन्नुपरेको (पृ. १६) सन्दर्भले समाजमा रहेको लैङ्गिक विभेद र अन्यायको उद्घाटन गरेको छ । पितृसत्तात्मक समाजले नारीलाई घर गृहस्थी गरी पुरुषहरूको सेवा गरेर जीविकोपार्जन गर्न बाध्य तुल्याएको छ न त उनीहरूलाई पुरुषले सहकर्मी सक्षम मित्र बनाउने सोचाइ राख्छ न त समानान्तर इज्जत दिन सक्छ, मात्र अनुत्पादक काममा सीमित गरी दासी तुल्याइरहन्छ भन्ने कुरा इन्द्रमाया र पीताम्बरको दैनिकीले देखाएको छ । आफूमा यौन चाहना र आवश्यकता भएर पनि नारीले पुरुषको इच्छा नभए सन्तुष्ट हुन नपाउने यौनिक अन्याय र विभेदलाई पनि प्रस्तुत गरिएको छ । नारीका अपेक्षाहरू बुझ्नुको सट्टा नारी मातृत्व सुखसमेत दिन नसक्ने उल्टै नारीलाई नै रिक्तता वा बिगारको शङ्का गरी (पृ. २०) पुरुषले आफ्नो कृत्रिम तथा आडम्बरी अभिमान राखेका हुन्छन् भन्ने कुरा प्रस्तुत गर्दै *तीन घुस्ती*ले यौनिक समस्याका सन्दर्भ पनि प्रस्ट पारेको छ । इन्द्रमायाको स्वीकृतिमा नै उनीसँग यौन सम्बन्ध राखी आनन्दित हुने रमेशको उनी गर्भवती भएको जानकारी पाएपछि विभिन्न निहुँ पारेर सम्पर्कमा आउन नचाहने (पृ. ५३) पुरुषको भोग्य प्रवृत्तिले नारीहरूमा मनोवैज्ञानिक समस्या थपिदिएको कुरा जनाइएको छ । यद्यपि यहाँ पतिको अनुपस्थितिमा पुरुषबाट आरक्षण र यौन सन्तुष्टि लिने र आफ्नो इच्छा पूरा भएपछि पुरुषलाई अनावश्यक ठान्ने (पृ. ५४) भोग्या नारीको प्रवृत्ति पनि प्रस्तुत गरिएको छ । यसबाट नारीलाई पुरुषको आरक्षण खोज्न बाध्य पार्ने समाज लैङ्गिक विभेदयुक्त रहेको देखिन्छ भने पुरुषलाई यौनिक उपभोग गर्ने प्रवृत्तिलाई नारी मनोयौनिकताको उपजका रूपमा लिन सकिन्छ ।

उपेक्षा वा बेवास्ता गर्ने गरी अस्पतालमा आउनुको कुनै अर्थ नभएको विचार इन्द्रमायाले पीताम्बरसमक्ष राख्दा (पृ. ६०) उसले "तिमीहरू स्वास्नीमानिसजस्तो अनुत्तरदायी हामी पुरुष कहाँ हुन सक्छौँ र ? ... कर्तव्य म आफ्नो लागि गर्छु । तिमीलाई रिझाउँला भनेर होइन (पृ. ६०) ।" भन्दै इन्द्रमाया वा नारीहरूमा उत्तरदायित्व नहुने त्यो पुरुषमा मात्र हुने तथा पुरुषले कर्तव्य निर्वाह गर्ने तर पत्नीका लागि नहुने धारणा व्यक्त गर्नुबाट पुरुषको नारीलाई हेर्ने सङ्कीर्ण र विभेदयुक्त मानसिकता तथा कृत्रिम आडम्बरी प्रवृत्तिलाई उद्घाटन गरिएको छ । पुरुषले आत्मसन्तुष्टिका लागि नारीलाई तुच्छ व्यवहार गर्ने र मनोवैज्ञानिक पीडा दिएर त्यो पीडाबाट आनन्दित हुने (पृ. ६२) परपीडन स्वभावका कारणबाट मनोलैङ्गिक समस्याको उजागर भएको छ । आफ्ना असन्तुष्टि र मनोवैज्ञानिक समस्याका कारणले पीताम्बरले अबोध रमा (इन्द्रमायाकी छोरी) लाई उपेक्षा तथा घृणा गर्नु (पृ. ६५) पनि लैङ्गिक हिंसाको उदाहरण मान्न सकिन्छ ।

पीताम्बरले निर्दोष र अबोध बालिकालाई दण्ड दिएर इन्द्रमायालाई पनि घृणा गरेको सङ्केत दिएको छ । आफैले छानेर आएको प्रेमी पीताम्बर साथमा हुँदाहुँदै रमेशसँग मनोवैज्ञानिक रूपमा निकट हुनु, पति बन्दी बनेपछि उसकै घरमा बस्ने तर परपुरुषसँग यौन सम्बन्ध राखी पतिलाई धोका दिने अर्थात् यौन चाहनालाई नियन्त्रण गर्न नसक्ने, आफ्नो यौनिक चाहना पूरा भएपछि रमेशलाई अनावश्यक ठान्ने, रमेशसँगको सम्बन्धले खोटी भएको महसुस गर्ने र पीडामुक्त हुन पशुपति दर्शनमा जानेजस्ता मनोयौनिक समस्याहरू इन्द्रमायामा देखा परेका छन् ।

यस उपन्यासमा पितृसत्तात्मक समाजका कारणले नारीले भोग्नुपरेका लैङ्गिक र मनोयौनिक समस्या, विभेद र अन्यायहरू सघन ढङ्गले प्रस्तुत गरिएको छ भने नारीमा पनि मनोयौनिक समस्याहरू रहेका छन् । तसर्थ *तीन घुम्ती*मा मूलतः मनोलैङ्गिक तथा मनोयौनिक समस्याहरू प्रस्तुत गरी ती समस्याहरूको प्राकृतिक, सिर्जनात्मक, वैज्ञानिक तथा मौलिक विचार र तर्कसहित विद्रोह गर्न सक्षम नारी पात्र उभ्याइएको छ तर नितान्त व्यक्तिगत आस्तित्विक चेतनामा मात्र सीमित गरिएको छ ।

६.२.७ लैङ्गिक चेतना र सशक्तीकरण

तीन घुम्ती उपन्यास लैङ्गिक स्वतन्त्रता र नारीको आस्तित्विक चेतनालाई प्रमुख कथ्य बनाएर निर्माण गरिएको उपन्यास भएकाले यसमा लैङ्गिक चेतना र सशक्तीकरणका सवालहरू प्रखर र सघन रहेका छन् । यौनिक स्वतन्त्रता र त्यसको मौलिक तथा वैज्ञानिक

पुनर्व्याख्यासमेत यस उपन्यासमा गरिएको छ भने परम्परित पितृसत्तात्मक मानसिकताबाट इन्द्रमायालाई पूर्ण रूपमा निरपेक्ष राख्न पनि सकिएको छैन । मातृत्वको रक्षा र विजयका लागि पत्नीत्वलाई त्याग्न सक्ने नारीका रूपमा चित्रण गरिएको भए पनि नारीवादी विचारको पूर्ण परिपालन भने इन्द्रमायाबाट हुन सकेको छैन तथापि परम्परित सामाजिक मूल्य र पितृसत्तात्मक संस्कार तथा मानसिकतालाई चुनौती दिएर 'स्व'को खोजी गर्न सक्षम इन्द्रमाया लैङ्गिक विभेद र अन्यायको विद्रोह गर्न सक्ने सफल पात्रका रूपमा रहेकी छ । पितृसत्तात्मक समाजका परिवारमा बिहे गर्ने उमेर पुगेकी छोरीको बिहे उसको सहमति, स्वीकार वा चाहनाबमोजिम नभएर अभिभावकको चाहना र निर्णयमा निश्चित हुनुपर्ने लैङ्गिक विभेदयुक्त परिवेशको विरोध गर्दै आफ्नो रोजाइको "पीताम्बरसँग बिहे भए भइहाल्यो नि ... म अरु कसैसँग पनि सुखी हुन सक्तिन (पृ. ३)" भन्ने इन्द्रमायाको अभिव्यक्तिमा सशक्त चेतना र विश्वासपूर्ण निर्णयको सङ्केत पाइन्छ । सामाजिक परिवर्तन र प्रगतिका लागि समर्पित भएर राजनीतिमा संलग्न रहेको पीताम्बरको निकट रहेर सहयोग पुऱ्याउन झन् आवश्यक रहेको (पृ. ६) जनाउनु इन्द्रमायाको सहृदयी भावना र राजनीतिक चेतना हो ।

लैङ्गिक विभेदयुक्त समाजको पितृसत्तात्मक मानसिकता र अधीनतालाई पूर्ण बेवास्ता गरी समाजलाई चुनौती दिँदै विद्रोह जनाएर आफ्नो घर छोडी पीताम्बरसँग बिहे गर्नका लागि दृढतापूर्वक अगाडि बढ्ने (पृ. ८) निर्णय गरी पीताम्बरको घरभित्र प्रवेश गर्नु (पृ. ८) लैङ्गिक स्वतन्त्रता र सशक्तताको बलियो प्रमाण हो । साथै बिहे र स्वयंवरको नितान्त नौलो शैली (पृ. ९) पनि उत्तिकै सबल र क्रान्तिकारी रहेको छ । मानवीय संवेदना तथा सामाजिक व्यवहारमा नारी नै पहिले अग्रसर भई अगुवा हुनुपर्ने धारणा व्यक्त गर्दै इन्द्रमाया भन्छे, "प्रेममा पहिलो पाइलो नारीले त हाल्नुपर्छ नि ! र जीवनपर्यन्त यो प्रथम चालले स्थापित गरेको सम्बन्धमा नारीले नै अगुवा भइरहनुपर्छ (पृ. १२) । यसबाट नारीले नेतृत्वमूलक काम गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । राजनीतिक युवा साथीहरूको समूहमा इन्द्रमायाको सहज घुलमिल भएको व्यवहारबाट ईर्ष्यालु बनेको पीताम्बरलाई पुरुष धेरै केटीहरूसँग सम्बन्धित बनेर रमाउनुपर्ने तर नारीलाई किन नियन्त्रण गर्नुपर्ने ! (पृ. १५) भन्दै नारी सबलता प्रस्तुत गरिएको छ । पतिपत्नीबिचको यौन सम्बन्धमा वा पत्नीको यौनिकतामा पतिको पूर्ण नियन्त्रण रहने पितृसत्तात्मक समाजको मान्यता विपरीत इन्द्रमायाबाट खुलेर यौन चाहनाको आग्रह गर्नु (पृ. १९) र मातृत्वको चाहना गर्दै त्यसका लागि प्रस्ट माग गर्नु (पृ. २०) पनि यौनिक र नारीत्वमुखी सचेतना हो । इन्द्रमाया भन्छे, "सन्तान भनेको पतिपत्नीको सम्मिलित सहयोगको सुन्दर रचना हो । खोइ यता त्यो सहयोग ? (पृ. २०) ।"

तत्कालीन नेपाली समाजका पत्नीहरू पतिसामु सामान्य बोलिचाली गर्न पनि अप्ठ्यारो मान्ने परिस्थितिमा इन्द्रमायाबाट यस्तो स्पष्ट आग्रह गर्नुलाई लैङ्गिक र यौनिक सशक्तताको नमुना मान्नुपर्दछ । इन्द्रमायाको घरअगाडि पसल गरेर आर्थिक उपार्जनसहित जीविकोपार्जन गरेकी बूढीको जीवनशैलीबाट (पृ. २९) नारीमा हुने आर्थिक र सामाजिक सक्षमता प्रस्तुत भएको छ । महिलाहरू सामान्य गृहस्थी र अनुत्पादक कार्यमा लागिरहने परम्परागत पितृसत्तामुखी सामाजिक संरचनामा प्रौढ महिलाको उक्त पेसा र सहयोगी भावना (पृ. २९, ३०) ले लैङ्गिक सक्षमता प्रकट गरेको छ । पतिको अनुपस्थितिमा आफ्ना यौनिक प्राकृतिक चाहना र मातृत्वको मौलिक आवश्यकतालाई नियन्त्रण गरेर, दबिएर वा आफ्नो कामेच्छालाई दबाएर कुण्ठित हुने नारीका सामाजिक मनोलैङ्गिक नियन्त्रणहरूमाथि विद्रोह गर्दै आफ्नो मनोयौनिक चाहना र आवश्यकतालाई परपुरुष रमेशबाट पूरा गर्ने कार्य (पृ. ४४, ४५, ४९, ५०) पनि यौनिक स्वतन्त्रता र स्वअस्तित्वको निर्माण हो । यद्यपि यौनिक अनुशासनको दृष्टिमा हेर्दा यो सराहनीय पक्ष नमानिन सक्छ परन्तु पुरुषहरूमा यौनिक स्वतन्त्रता र अधिकार दिने पितृसत्तात्मक समाजले नारीमा यौनिक नियन्त्रण र अधीनता कायम राखेकाले त्यसका सापेक्षतामा विश्लेषण गर्दा यौनिक अनुशासनमा या त स्त्री र पुरुष दुवै रहनु पर्‍यो या त दुवैलाई स्वतन्त्रता हुनुपर्‍यो भन्ने पक्षबाट इन्द्रमायाको उक्त कार्यलाई यौनिक स्वअस्तित्व हो भन्न सकिन्छ ।

यहाँ विचारणीय पक्ष यो छ कि रमेश पनि परस्त्रीसँग यौन सम्बन्धमा संलग्न छ भने इन्द्रमाया पनि परपुरुषसँग संलग्न छे । तसर्थ दुवैको आवश्यकतामुखी यौनिक सम्बन्ध हो भन्न सकिन्छ । त्यसैले पुरुषलाई मात्र यौनिक स्वतन्त्रता हुने लैङ्गिक विभेदयुक्त समाजलाई चुनौती दिने काम इन्द्रमायाबाट भएकाले यसलाई यौनिक स्वतन्त्रता र आफ्नो यौनमाथि स्वयं नारीकै नियन्त्रण हुनुपर्ने विचारसमेत प्रकट भएकाले यसलाई यौनिक र लैङ्गिक सशक्तीकरणको नमुना मान्न सकिन्छ । इन्द्रमायाले भनेकी छ, "रमेश ! मैले तिमीबाट बडो ठूलो सुख पाएकी छु । ... तिमीबाट पाइरहेको यत्रो सुख, यत्रो आनन्द, यत्रो नारी सार्थकता ! हो रमेश ! नारीत्वको सार्थकता पनि मलाई सह्य भइरहेको छ (पृ. ४९) ।" यसबाट इन्द्रमायाले प्राप्त गरेको सन्तुष्टि नारीत्वको प्राप्ति हो । आत्मीय र हार्दिक प्रेमविनाको आडम्बरी कर्तव्यले पतिपत्नीमा सुमधुर सम्बन्ध निर्माण हुन नसक्ने (पृ. ६०) विचार व्यक्त गर्दै इन्द्रमायाले सचेत अभिव्यक्ति दिएकी छ । ऊ भन्छे, "जीवनमा कर्तव्यका प्रति जागरुकता कुनै भित्री आत्मिक भावनाले प्राणवान् हुनुपर्छ, नत्र के कर्तव्यपालन आडम्बरको अथवा भनूँ आत्मवञ्चनाको अर्को नाम हुन जाँदैन र

? ... कर्तव्यभन्दा माथि उठ्न सकेनौ तिमी (पृ. ६१) ।" यस्तो विचारबाट हार्दिक किसिमको सम्बन्ध र भूमिकामा पुरुषहरू अक्षम रहेको सङ्केत गरिएको छ ।

आफ्नो अनुपस्थितिमा परपुरुषसँग यौनसम्बन्ध राखी सन्तान जन्माउने कार्य कुनै बफादारी नगरेको (पृ. ६१) विचार पीताम्बरबाट व्यक्त हुँदा इन्द्रमायाले आफ्नो देखावटी र लोकाचारमूलक कर्तव्यमा विश्वास नभएकाले कृत्रिम व्यवहार नगरी प्राकृतिक, मौलिक र स्वाभाविक जीवनशैलीलाई अपनाएको सशक्त र स्वच्छन्द विचार राख्दै भन्छे, "मैले लोकाचार गरिन ... तर जीवनको आधारभूत तत्त्वलाई पोषण दिएर मैले आफ्नो आन्तरिक बफादारी, आत्मिक कर्तव्य अक्षुण्ण राखेँ (पृ. ६१-६२) ।" यो अभिव्यक्ति इन्द्रमायाको नारीत्व र मातृत्वप्रतिको मौलिक तथा सशक्त विचार हो । एउटा पोलाहा वा धोकेवाज रमेशका साथ सम्बन्ध राख्नुमा सङ्कोच मान्नुपर्थ्यो (पृ. ६२) भन्ने पीताम्बरको भनाइको प्रतिक्रिया दिँदै इन्द्रमाया भन्छे, "पीताम्बर बाबू ! के स्वयं तपाईंले आफ्नो राजनीतिक विश्वास उसलाई दिएर अरु साथीभन्दा बढी उच्च स्थानमा राख्नु भएको थिएन र ? ... यदि अहिले मेरो प्रेमले तिमीलाई पुगेको छैन वा यदि मेरो प्रेमले अहिले तिमीलाई सन्तोष छैन भने के रमेश खास साधु भएको भए त्यो पुग्दो थियो त (पृ. ६३) ?" यो अभिव्यक्तिले दुई ओटा सन्दर्भ उजागर गरेको छ । पहिलो पुरुषले आफ्नो स्वार्थपूर्तिमा उपयुक्त ठहर्याएको व्यक्ति पत्नीका सन्दर्भमा खराब हुने सङ्कीर्ण र ईर्ष्यालु मानसिकताको उद्घाटन भएको छ भने दोस्रो पोलाहा होस् वा आरोपित व्यक्ति आफ्नो खास उद्देश्यपूर्तिका लागि आवश्यक र उपयुक्त भए उसका अन्य पक्षसँग कुनै सरोकार राख्न नहुने तार्किक विचार प्रस्तुत भएको छ ।

उपन्यासमा पुरुषहरू भावनात्मक र मौलिक सम्बन्धमा भन्दा सामाजिक परिधि तथा कृत्रिम प्रतिष्ठामा मात्र सीमित हुने (पृ. ६४) कुराको सङ्केत गरिएको छ । इन्द्रमायाकी छोरी अबोध शिशु रमालाई पीताम्बरले घृणा र हिंसाजन्य व्यवहार गरेको देखेर निर्दोष छोरीलाई दण्डित गर्न नहुने बरु दोष भए आफू दण्ड भोग्न तयार भएको देखाउँदै मातृत्व र स्नेह प्रकट गर्दै इन्द्रमायाले प्रतिकारात्मक चेतना प्रस्तुत गर्दै भन्छे, "पीता ! दण्ड दिने भए मलाई देऊ किनभने तिम्रो नजरमा म दोषी छु । अपराध भए मेरो हो अपराध (पृ. ६५) ।" पीताम्बरले रमालाई रमेशको जिम्मा लगाए सब ठिक हुने (पृ. ६६) भनेपछि इन्द्रमायाले रमाबाट आफूहरूको सम्बन्धमा बाधा नपुऱ्याएको (पृ. ६७) विचार प्रकट गर्छे । पीताम्बरले इन्द्रमायालाई रमेशकहाँ गए पनि हुने (पृ. ६७) जनाएपछि रमेश आफ्नो पति नभएको र पीताम्बरलाई आफ्नो महान् निर्णयले आत्माको एकान्तमा वरण गरी पति तुल्याएको सत्य मेटाउन नसक्ने (पृ. ६७)

आत्मिक र सचेत विचार इन्द्रमायाबाट व्यक्त भएको छ । यौन सम्बन्धले मात्र पतिको प्रतिष्ठा प्रदान गर्न नसक्ने (पृ. ६७) वास्तविकता पनि उजागर गरिएको छ ।

रमेशसँगको यौन सम्बन्ध र सन्तानका कारणबाट पीताम्बरले इन्द्रमायासँग विभिन्न संवाद गरिरहेपछि नारीको यौन पुरुष वा पतिको नियन्त्रण र चाहनामा नहुने त्यो स्वयं नारीको आफ्नो निजी कुरा भएकाले त्यसमा पुरुषले निरन्तर दावा गरिरहन नपर्ने भन्दै इन्द्रमाया भन्छे, "मेरो सतीत्व तिम्रो खाँचोको विषय नै होइन, पटक्कै होइन, त्यो त मेरो विषय पो हो, मेरो आस्थासँग सम्बन्ध राख्ने सती या असती जे हुन्छु त्यो म पो हुन्छ, त्यसकारण म सती भएँ वा असती भएँ भन्ने कुरा त मैले निर्णय दिने कुरा पो हो । तिम्रो वास्ता त मेरो प्रेमसँग मात्र हुने होइन त पीताम्बर (पृ. ६८) ?" यसबाट यौनिक चेतनासहित सघन नारीवादी विचार प्रकट गर्दै मनोलैङ्गिक सशक्तीकरणको सन्दर्भ उजागर हुन्छ । पारिवारिक सम्बन्ध तथा आत्मीय प्रेमविना भोजन र वस्त्रका लागि मात्र पीताम्बरसँग बस्न इन्द्रमायाको आस्तित्विक चेतना (पृ. ६९) ले स्वीकार गर्न नसकेपछि उनमा मनोवैज्ञानिक सजगता बढिरहेको देखिन्छ । आत्मीय प्रेम र विश्वासका साथ अपनाएको पीताम्बरसँग परान्नभोगी दासीका रूपमा बस्न उनको 'स्व'ले नदिने अवस्था सिर्जना हुनु स्त्री स्वतन्त्रताको दरिलो उदाहरण हो ।

नारी अस्तित्वका दुई पाटा नारीको प्रियातत्त्व र मातातत्त्वको एकैसाथ संरक्षण नहुनु वा पत्नीत्व र मातृत्वको प्राप्ति नै इन्द्रमायाको मौलिक आवश्यकता तथा नारीको प्राकृतिक सामाजिक आवश्यकता पूरा हुन नसक्ने (पृ. ७२) देखेपछि अत्यन्त पीडामयी हृदय लिएरै पनि सगर्व अस्तित्वबोधका साथ मातृत्वको रक्षा गर्न आत्मविश्वाससहित गृहत्याग गर्नुलाई (पृ. ७२) इन्द्रमायाको स्वतन्त्रता र स्वअस्तित्वका लागि गरिएको महत्त्वपूर्ण निर्णय र सशक्त विचार सहितको व्यवहारका रूपमा अर्थ्याउन सकिन्छ । आफ्नो कुनै नियन्त्रण र अधीनताविना रमाको इच्छाअनुसारको युवकलाई स्वीकार गरी (पृ. ७४) सफलताको शुभकामना दिनु पनि नयाँ पुस्तालाई लैङ्गिक स्वतन्त्रता दिनुपर्छ भन्ने मान्यतासहित सशक्तीकरण गर्न खोजिएको हो ।

तीन घुम्ती उपन्यास लैङ्गिक चेतना र सशक्तीकरणसहित मनोयौनिक स्वतन्त्रताको विषयलाई मूल कथ्य बनाएर नारी स्वतन्त्रता तथा स्वअस्तित्व निर्माणका लागि मार्गनिर्देश गर्ने विचार प्रस्तुत गर्न सफल उपन्यास मान्न सकिन्छ । परन्तु यहाँ व्यक्त विचार तथा जीवनशैलीहरू मौलिक, स्वच्छन्द, प्राकृतिक तथा वैज्ञानिक हुँदाहुँदै पनि स्थापित नारीवादी तथा लैङ्गिक विचारलाई पूर्ण परिपालन गर्न नसकेकाले र संस्थागत सघनता तथा सामुदायिक

प्रसारात्मक व्यवस्थापनमा निरपेक्ष रहेकाले उपन्यास लैङ्गिक सघनता तथा नारीवादी दृष्टिकोणतर्फ मुखर रहे पनि लैङ्गिक दृष्टिले सन्तुलित विचारको प्रतिनिधित्व गर्न सकेको छैन ।

६.२.८ यौनिकता

तीन घुस्ती उपन्यास मनोलैङ्गिक र मनोयौनिक पक्षमा केन्द्रित रहेको छ । यसमा विपरीत लिङ्गी यौनिकता, जैविक आवश्यकता यौन तथा यौनमनोविज्ञानका अधिकांश सन्दर्भहरूलाई प्राकृतिक र वैज्ञानिक तवरले उजागर गरिएको छ । तसर्थ प्रस्तुत उपन्यासमा स्त्री र पुरुषका यौन मनोवैज्ञानिक पक्षहरूलाई प्रस्टसँग विश्लेषण गरिएको छ । इन्द्रमायाले पीताम्बरलाई प्रेम गर्न थाल्नु (पृ. २) हृदयको अन्तरतहबाट मन पराएर उनको सान्निध्यमा आनन्दित हुने स्थिति यौनमनोविज्ञानको सन्दर्भ हो जहाँ विपरीत लिङ्गी मनोयौनिकता व्यक्त भएको छ । "इन्द्रमायाले पीताम्बरलाई गर्न लागेको प्रेम कुन बेला उसको हृदयमा प्रवेश गऱ्यो, जति प्रयत्न गरे पनि निश्चयसँग उनी भन्न सक्तिन (पृ. २) ।" यसबाट प्रेम र आकर्षणको स्वरूप भावनात्मक तथा अमूर्त हुने हुनाले त्यसको निश्चित आकार र समय तोक्न नसकिने जनाइएको छ । आत्मीय र गाढा प्रेमकै कारणले इन्द्रमायाले पीताम्बरबाहेक अरु कसैसँग सुखी हुन नसक्ने (पृ.४) धारणा राखेको देखिन्छ । फलस्वरूप पीताम्बरलाई अपनाउन गृहत्याग (पृ. ८) गरी इन्द्रमाया उसको घरमा पुग्नु (पृ. ८) प्रेम वा मनोयौनिकताको साकार स्थिति हो । पुरुष र स्त्रीमा हुने विपरीत लिङ्गी आकर्षण र सम्बन्ध निर्माणपछि शारीरिक सम्पर्क वा यौनिक सम्पर्क कायम हुने कुरालाई उपन्यासमा यसरी उद्घाटन गरिएको छ, "रात्रि भयो, सुहागरात उसले काटी (पृ. ९) ।" यसबाट यौनिक सम्बन्धलाई व्यक्त गरिएको देखिन्छ । इन्द्रमायाले पीताम्बरका राजनीतिक साथीहरूमध्ये रमेशलाई स्पष्ट सामाजिक सम्बन्धको कित्तामा नराख्नु र अरुलाई भन्दा बढी माया गर्नु तथा रमेश पनि इन्द्रमायाप्रति विशेष अनुराग राख्नु (पृ. १३) जस्ता मनोवैज्ञानिक र संवेदनशील सन्दर्भहरूले विपरीत लिङ्गी मनोयौनिकतालाई उजागर गरेका छन् । यसले यौनिक आकर्षण तथा भावनात्मक निकटताका लागि स्त्री वा पुरुषलाई सामाजिक मर्यादा तथा उनीहरूको सामाजिक पारिवारिक एवम् वैवाहिक स्थितिले पनि नियन्त्रण गर्न नसक्ने मनोयौनिक यथार्थलाई सघन ढङ्गले उठान गरेको छ ।

सामाजिक संरचना र सम्बन्धका आधारमा वाञ्छनीय नहुने त्यस्ता भावनात्मक यौनिक मानसिकताहरू चेतन मनका नियन्त्रणभित्र नपर्ने (पृ. १४) विचार व्यक्त गरिएको छ । पीताम्बर सहरका धेरै केटीहरूका आँखाका नानी हुन पुगेको (पृ. १५) सन्दर्भले पनि यौनिक मानसिकता र प्रवृत्तिको उद्घाटन गरेको छ । हृदयको मधुरो आवाजमा रमेशसँगको सम्बन्ध अस्पष्ट भएको

अनुभव इन्द्रमायाबाट गरिनु (पृ. १६) अर्धचेतन मनोयौनिकता हो । प्राकृतिक यौन आवश्यकता तथा मातृत्वको सन्तुष्टिका लागि इन्द्रमाया पीताम्बरसँग प्रेमको स्पर्शका लागि आतुर भएर (पृ. १९) "खोइ यता त्यो सहयोग (पृ. २०)" भन्दै यौनिक सम्बन्धको आग्रहसहित आफ्नो चाहना व्यक्त गरेको देखिन्छ । यौन सम्बन्ध र सन्तुष्टिको अपेक्षासहित पीताम्बरको शरीर हलुका हातले थिचिरहे (पृ. २१) पनि पीताम्बरबाट यौन सुख प्राप्त गर्न नसक्नाले इन्द्रमायामा यौनिक सन्तुष्टिको रिक्तता र भोक कायमै हुनाले रातभर निद्रा नपर्नु (पृ. २१) बाट यौन सुखको अभावमा मानवीय मनोवैज्ञानिक कुण्ठा र समस्या सिर्जना हुने सङ्केत गर्दै उपन्यासकारले यौनलाई आधारभूत प्राकृतिक आवश्यकताका रूपमा व्यक्त गरेका छन् । पीताम्बरको अनुपस्थिति रहे पनि अरु पनि धेरै माया गर्ने मानिस होलान् (पृ. ३३) भन्दै रमेशले इन्द्रमायालाई यौनिक आशय व्यक्त गरेको हो । इन्द्रमायासँग आँखा जुध्नासाथ फूर्तिलो बन्दै एउटा धुन सुसेलेर रमेश कोठाभित्र पस्नु (पृ. ३५) पनि मनोयौनिकताको सङ्केत हो । रमेशले भन्छ, "तपाईंलाई देखेर मन त्यसै खुसी हुन्छ । तर पेटको भोक पनि त्यस्तै बढ्छ (पृ. ३५) ।" यसले यौन चाहना र आग्रहको सङ्केत गरेको छ ।

इन्द्रमायाले पनि रमेशलाई स्पष्ट नातामा राख्न नसक्नु बरु पीताम्बरसँग तुलना गर्दै आफ्नो प्रशंसा र यौन चाहना व्यक्त गर्न नसकेकामा खिन्न हुँदै रमेशका उक्त व्यवहारहरू अपेक्षित रहेको विचार इन्द्रमायाबाट व्यक्त (पृ. ३६) हुनुलाई मनोयौनिक चेतनाका रूपमा लिन सकिन्छ । रमेश र इन्द्रमाया सँगै बजार जानु, सिनेमा हेर्नु, घुम्न र पिकनिक जानु, रमेशले इन्द्रमायालाई माया गरेको भन्दै फूल दिनु तथा अमूर्त भाषामा यौनिक आग्रह गर्नु (पृ. ३८) जस्ता कार्यहरू विपरीत लिङ्गी मनोयौनिकताका सन्दर्भहरू हुन् । त्यस्तै रमेशले इन्द्रमायालाई भाउजू र तपाईंको सट्टा 'इन्द्रमाया' र 'तिमी' भनेर सम्बोधन गर्नु (पृ. ३९) पनि यौनिक भाषा नै हो । "तिमीले यसरी विधवाको जस्तो व्यवहार गरेको म सहन सक्तिनँ । म तिमीलाई माया गर्छु, बुझ्यौ (पृ. ४०) ?" भन्दै प्रस्ट रूपमा यौनिक आग्रह गरेपछि इन्द्रमायाले केही बाह्य तार्किक प्रतिकार गरे पनि आफ्नो मानसिक हलचल र भित्री यौनिक चाहनाबाट प्रभावित बन्दै जानु मनोयौनिक अवस्था हो । धेरै पहिलेदेखि नै रमेशलाई प्रेम गर्न थालेको मानसिक सत्य इन्द्रमायाले अनुभव गर्दै गएर बाहिरी तर्क र आडम्बरमा रहनु व्यर्थ भएको विचार प्रकट (पृ. ४२) गर्नुलाई यौनमनोविज्ञान र यौनिक वास्तविकताका रूपमा लिन सकिन्छ । इन्द्रमायाले यौनिक आवश्यकता र चाहना प्राकृतिक भएको र रमेशलाई अन्तरतहदेखि नै प्रेम गरेकाले प्रेम र यौनको मौलिक तथा स्वच्छन्द व्याख्या गरी रमेशसँग यौन सम्बन्धका साथ सन्तुष्टि लिनका

लागि आफ्नो शरीरको बाधा फुकाएर निर्बाध सम्बन्धमा बाँधिएर रात बिताएको (पृ. ४४) सन्दर्भ मनोयौनिकता हो ।

रमेशसँगको सम्बन्धले इन्द्रमायालाई दिनभरि र रातभरि रमाइलो, आनन्द तथा सुख प्राप्त हुनु (पृ. ४५) यौनिक सन्तुष्टिको प्राप्ति हो । त्यस्तै उपन्यासको अन्त्यमा देखाइएको रमा र युवकबिचको सम्बन्ध पनि विपरीत लिङ्गी यौनिकताको सङ्केत हो । यसरी *तीन घुस्ती* उपन्यासमा इन्द्रमाया र पीताम्बर तथा इन्द्रमाया रमेशबिचको मनोयौनिक सन्दर्भलाई यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ । नारी र पुरुषमा हुने विपरीत लिङ्गी यौनिक मनोविज्ञान स्वाभाविक र प्राकृतिक भएको विचार प्रस्तुत गर्दै यौनका सन्दर्भमा स्पष्ट तथा वैज्ञानिक ढङ्गले विश्लेषण गरिएको छ भने यौनिकता मानव जीवनको अनिवार्य आवश्यकता हो जसको पूर्ण प्राप्तिमा मात्र स्त्री तथा पुरुष स्वच्छन्द तवरले रमाउन र सन्तुष्ट हुन सक्छन् भन्ने यौनमनोवैज्ञानिक विचार व्यक्त गरिएको छ ।

६.२.९ लैङ्गिकताको भाषा

तीन घुस्ती लैङ्गिक स्वतन्त्रता र अस्तित्वलाई प्रमुख ध्येय बनाएर निर्माण गरिएको मनोवैज्ञानिक उपन्यास हो । सामाजिक परम्परित मूल्य एवम् स्थापनालाई चुनौती दिएर नवीन मूल्यको खोजी गर्दै व्यक्तिगत स्वतन्त्रता र आस्तित्विक चेतनाको प्रखर विचार व्यक्त गरिएको उपन्यासमा प्रयुक्त भाषिक सौन्दर्य सार्थक एवम् प्रभावकारी रहेको छ । विभिन्न बिम्ब, प्रतीक, अलङ्कार तथा शैलीगत आकर्षणसहित उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा पनि सचेत र अपेक्षणीय रहेकाले लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *तीन घुस्ती*को भाषा सन्तुलित देखिन्छ । पितृसत्तात्मक मानसिकताको स्वाभाविक उद्घाटनमा पनि उपन्यासकारले भाषिक सघनता एवम् चेतनालाई कायमै राखेका छन् भने लैङ्गिक सचेतना र सशक्तता भएका पात्रको भाषिक सन्दर्भ त झन् संवेदनशील देखिन्छ ।

भाषाका माध्यमबाट व्यक्त गरिएका लैङ्गिक सन्दर्भहरूमा कतिपय अवस्थामा पितृसत्तात्मक मानसिकता स्वतस्फूर्त उजागर भएको छ । पात्रानुकूलको भाषामा लैङ्गिकताको भाषा अपेक्षाकृत सन्तुलित रहेरै पनि लैङ्गिक विभेदयुक्त प्रयोग हुनु सामाजिक यथार्थकै पाटो हो । हिंसाजन्य भाषाको प्रयोग भए पनि पात्रको मनोवृत्तिलाई उजागर गर्न सघाउ पुऱ्याएको छ । त्यस्तै लेखकीय अभिव्यक्तिमा पनि यथार्थमा लैङ्गिक संवेदनशीलता अपनाइएको छ । फलतः उपन्यासको समग्र भाषिक पक्षलाई लैङ्गिक दृष्टिले उपयुक्त र अपेक्षित मान्न सकिन्छ । इन्द्रमायाले पारिवारिक र सामाजिक मर्यादा उल्लङ्घन गर्दै स्वतन्त्र निर्णय गरी पीताम्बरसँग

गएपछि आमाबाबुहरूले इन्द्रमाया मरिसकी (पृ. ९) "त्यो वेश्येकहाँ नजानू (पृ. १०) ।" भन्दै 'वेश्या' शब्द प्रयोग गरेको छ । रमेशको अभिव्यक्ति "भाउजूको मायालु आज्ञा पालन गर्न पाउने (पृ. १०) ?" यौनिक भाषाको नमुना हो ।

*तीन घुम्ती*ले यौनिक पक्ष र स्वतन्त्रताको विषयलाई पनि केन्द्रमा राखेकाले यस उपन्यासमा यौनिक भाषाका सन्दर्भहरू पनि पात्रानुकूल स्वाभाविक रूपमा प्रयुक्त छन् । पुरुषहरू जम्मा भएर "हेर ! कातर नारीको चाला (पृ. ११) ! भन्दै पितृसत्ताले स्थापित गरेको परम्परित मानसिकतामा आधारित 'स्त्रीत्व'को गुण 'कातर' शब्द प्रयोग भएको छ । नारीमा हुने हिम्मतलाई 'हठ' को संज्ञा (पृ. ११, १२) दिनु लेखकीय सीमा हो । पुरुषहरूको समूहमा खुसी देखिने इन्द्रमायालाई "तिमीलाई बडो आनन्द आउँछ हगि (पृ. १४) ?" भन्दै पीताम्बरले पितृसत्तात्मक मनोग्रन्थि मिसिएको व्यङ्ग्यात्मक भाषिक व्यवहार व्यक्त गरेको छ । पुरुष कण्ठे सम्बोधनले इन्द्रमायामा पखेटा पलाएको अभिव्यक्ति (पृ. १५) पनि लैङ्गिक विभेदयुक्त भाषा हो । इन्द्रमायाले सबल प्रतिक्रियासहित पीताम्बरलाई "तिमी नि ? बाहिर सहरका धेरै केटीहरूका आँखाका नानी हुन पुगेका छौ रे नि (पृ. १५) !" भनेर व्यङ्ग्यात्मक आलङ्कारिक अभिव्यक्तिसहित मध्यम आदरार्थी समानान्तर भाषाको प्रयोग गरेकी छ । इन्द्रमायाले मातृत्वको चाहनासहित यौनिक सम्बन्धको आग्रह "खोइ यता त्यो सहयोग (पृ. २०) ?" भन्दै शिष्ट भाषाको प्रयोग गरी चाहना अभिव्यक्त गरेको देखिन्छ ।

पितृसत्तात्मक मानसिकतामा पुरुषलाई स्त्रीले देवताको रूपमा मान्ने गरेको कुरा इन्द्रमायाको अर्धचेतनबाट प्रस्फुटन भएको "रमेश ? कहाँबाट उदायो यो देवता (पृ. ३१) ?" अभिव्यक्तिले प्रस्ट्याउँछ । रमेशले इन्द्रमायालाई देखेर मन खुसी भए पनि पेटको भोक बढेको (पृ. ३५) जनाउनु मनोयौनिक भाषा हो । पितृसत्तात्मक संरचनामा पुरुषले आफ्ना समानान्तर वा मातहतका स्त्री तथा माया गर्ने प्रेमिका आदिलाई अधीनस्थ राख्न वा आफ्नो स्थानलाई उच्च बनाउन नियन्त्रित, समानान्तर भाषा र सम्बोधन गर्दछन् भन्ने कुराको प्रस्टोक्ति रमेशले इन्द्रमायाप्रति गर्ने भाषिक व्यवहार (पृ. ३९) ले गर्दछ । "त्यो त्यही दिन बोल्दाबोल्दै 'तपाईं' बाट 'तिमी' र 'भाउजू'बाट 'इन्द्रमाया' को घनिष्टतामा बाँध्न पुग्यो उनी (पृ. ३९) ।" स्त्रीत्व वा नारीलाई पितृसत्ताले शिशुअवस्थाबाट नै सुन्दरसँग जोडेर व्याख्या गर्छ भन्ने नारीवादी दृष्टिले हेर्दा इन्द्रमायाले जन्माएकी छोरीलाई नर्सले "हेर कति राम्री छोरी (पृ. ५६) ।" भनेर सुन्दरतासँग जोडेको देखिन्छ ।

नारीलाई उत्तरदायित्वविहीन ठान्ने पुरुषवादी मानसिकता पीताम्बरको "तिमीहरू स्वास्नी मानिसजस्तो अनुत्तरदायी हामी पुरुष कहाँ हुन सक्छौँ र (पृ. ६०) ?" भन्ने अभिव्यक्तिले प्रस्ट पार्दछ । उपर्युक्त केही उदाहरणहरूले *तीन घुस्ती*मा रहेको लैङ्गिकताको भाषालाई प्रस्ट्याएका छन् । इन्द्रमायाले पीताम्बर वा आफ्नो पतिलाई 'तिमी' भनेर सम्बोधन गर्नु, रमेशलाई पनि 'तिमी' भन्नु समानान्तर सम्बोधनका उदाहरण हुन् । त्यस्तै पीताम्बरको आरोप, उपेक्षा तथा चुनौतीलाई सघन प्रतिक्रिया जनाउँदै उसले गरेका व्यवहार र कर्तव्यप्रति सचेततापूर्वक भाषिक अभिव्यक्ति (पृ. ६०-६१) दिनुजस्ता भाषिक व्यवहारले लैङ्गिक सशक्ततापूर्ण भाषालाई सङ्केत गर्दछन् । उपन्यासमा रहेको लैङ्गिकताको भाषा औपन्यासिक विचार र मूल्यसँग स्वाभाविक देखिन्छ । उपन्यासमा प्रयोग गरिएको भाषामा पितृसत्तात्मक सामाजिक सन्दर्भहरूको स्वाभाविक एवम् पात्रानुकूल उद्घाटन तथा प्रयोग भए तापनि समग्र औपन्यासिक विचारलाई प्रयुक्त भाषाले पछ्याएको हुनाले लैङ्गिक दृष्टिले *तीन घुस्ती*को भाषा समानान्तर, सन्तुलित, पात्रानुकूल तथा अपेक्षित रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

६.२.१० परिणति र सन्देश

तीन घुस्ती उपन्यास लैङ्गिक स्वतन्त्रता र स्वअस्तित्वको खोजी गर्दै यौनिक चाहना र सम्बन्धको मौलिक तथा स्वच्छन्द आदर्शको स्थापना गर्दै मातृत्वको रक्षार्थ पत्नीत्वलाई बाध्यतावश त्याग्न बाध्य भए पनि परम्परागत पितृसत्तात्मक सामाजिक संरचनामा आधारित मूल्य र मान्यताका विरुद्धमा सशक्त निर्णय गर्न सक्षम नारीको सफलतामा केन्द्रित उपन्यास हो र उपन्यासका हरेक परिणतिहरू सापेक्ष र सफल छन् । यद्यपि उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले भोगेका चुनौती तथा वरण गरेका निर्णयहरू वैचारिक सघनता र वैज्ञानिक मूल्य तथा स्वतन्त्र अस्तित्वतर्फ मुखर रहे पनि व्यक्तिगत र सामाजिक जीवन भोगाइका सापेक्षतामा पीडाविहीन सुखान्तीय बन्न सकेका छैनन् । अर्थात् औपन्यासिक हरेक परिणतिहरू भोगाइका हिसाबले पीडामय र वैचारिक तथा दार्शनिक हिसाबले सुखान्तीय सापेक्षतामा रहेका छन् ।

उपन्यासको समग्र मूल्याङ्कन गर्दा लैङ्गिक विभेदयुक्त परम्परागत सामाजिक मूल्यहरू तथा पितृसत्तात्मक मानसिकताका विरुद्धमा इन्द्रमायाले सफलतापूर्वक आफ्ना निर्णयहरू सम्पन्न गरेको र कुनै पनि निर्णय गरेबापत भविष्यमा पश्चात्ताप नगरेकाले औपन्यासिक परिणति वैचारिक सघनतासहित सफल बनेका छन् । आफ्नो प्रेम र रोजाइमा परेको पीताम्बरसँगको आत्मीय सम्बन्धका लागि समाज र पारिवारिक सम्बन्धबाट पूर्ण निरपेक्ष बनेरै पनि आफ्नो

स्वतन्त्र निर्णयको सम्मान र व्यवस्थापनमा इन्द्रमाया सफल रहेकी छन् । आत्मिक प्रेम र लैङ्गिक स्वतन्त्रता कायम गर्दै प्रेमको विजय बनाउने परिणति सफल देखिन्छ ।

यौन र आत्मीय प्रेमको वैज्ञानिक व्याख्या गर्दै यौन सुख र आवश्यकता प्राकृतिक वा जैविक आवश्यकता भएकाले पीताम्बर बन्दी भएको बेलामा रमेशबाट यौन सुख प्राप्त गर्ने निर्णयको सफलतापूर्वक व्यवस्थापन गर्दै इन्द्रमायाले पतिपत्नीको हार्दिक तथा अमर सम्बन्धलाई कायम राख्ने प्रयत्न गरेकी छ । आफूले परपुरुषबाट यौन सम्बन्ध कायम गरी प्राकृतिक चाहना र आवश्यकता पूर्ति गर्दै सन्तुष्ट बनेकामा किञ्चित दुःख नहुनु पनि उपन्यासको सफल परिणति हो । त्यस्तै मातृत्वको चाहना पूरा गरी नारीत्व र मातृत्व संरक्षण गर्न पीताम्बरसँग माग गर्दा पनि प्राप्त हुन नसकेपछि रमेशबाट गर्भाधान गर्नु अर्को सुखद र अपेक्षित परिणति हो । साथै पत्नीत्व र मातृत्वमध्ये कुनै एक मात्र छनोट गर्नुपर्ने अत्यन्त संवेदनशील स्थिति सिर्जना हुँदा मातृत्वको संरक्षण गर्दै पत्नीत्व त्याग्न गरेको निर्णय र मातृत्वको रक्षा तथा अपेक्षित सफलता अर्को महत्त्वपूर्ण परिणति हो । बाबुआमाले आफूलाई आफ्नो रोजाइअनुसार जीवन भोग्न नदिए पनि इन्द्रमायाले आफ्नी छोरी रमाको इच्छाअनुसारको युवकलाई स्वीकृति दिँदै आशीर्वाद दिने काम गरेकी छ ।

यसबाट लैङ्गिक स्वतन्त्रतासहितको अभिभावकत्व वहन भएको पुष्टि हुन्छ । घर परिवार र समाजलाई त्यागेर अझ भनौँ सामाजिक मान्यतामाथि विद्रोह गर्दै इन्द्रमायाले पीताम्बरसँग आएकामा कुनै पछुतो नभएको जनाउँदै भन्छे, "त्यसको निम्ति मलाई एकरत्ती पनि पश्चात्ताप छैन (पृ. २०) ।" यसबाट आफ्नो निर्णयप्रति इन्द्रमाया दृढ र विश्वस्त छ भन्न सकिन्छ । त्यस्तै यौन सुख र मातृत्वको रक्षाका लागि रमेशसँग यौन सम्बन्ध र आफ्नो आत्मीय प्रेममा भिन्नता भएको जनाउँदै पीताम्बरको रमेशसँगै जाऊ न त (पृ. ६७) भन्ने पितृसत्तात्मक सङ्कीर्ण मानसिकताका विरुद्धमा इन्द्रमाया भन्छे, "रमेश मेरो पति होइन जसलाई मैले एकदिन आफ्नो महान् निर्णय गरेर आत्माको एकान्तमा वरण गरेर पति तुल्याएकी थिएँ । म त्यो सत्यलाई केही गरेर पनि मेटाउन सक्तिनँ पीताम्बर ! (पृ. ६७) ।" यसले पुष्टि गर्छ कि इन्द्रमायामा वैज्ञानिक चेतना र भावनात्मक हार्दिकतामा वैचारिक सघनता देखिन्छ । तसर्थ लैङ्गिक दृष्टिले औपन्यासिक परिणतिहरू सफल, सशक्त तथा सकारात्मक रहेका छन् ।

पितृसत्तात्मक सामाजिक संरचनाले ग्रसित बनेको समाज र त्यस्तो मानसिकता भएका पुरुषहरूका बिचमा लैङ्गिक स्वतन्त्रता र अस्तित्वको खोजी निकै चुनौतीपूर्ण रहेको देखाइएको छ । वैचारिक दृढता र जीवनप्रतिको अगाध श्रद्धा तथा विश्वासले मात्र आफ्नो अस्तित्व स्थापित

गर्न सकिन्छ भन्ने सन्देश यस उपन्यासले दिएको छ । आफ्नो दृढ सङ्कल्पित मार्गमा आइपर्ने तमाम चुनौती र समस्या तथा अवरोधहरूलाई सशक्त ढङ्गले हटाउन सकेको खण्डमा वैचारिक सफलता हासिल गर्न र व्यावहारिक सन्तुष्टि प्राप्त गर्न सकिने सन्देश पनि दिइएको छ ।

जीवनमा आफूले चाहेका र भोगेका वास्तविकताहरूलाई पनि त्याग्न बाध्य हुनुपर्ने तथा एउटा चुनौती सामना गर्दा पुनः अर्को चुनौती खडा भइरहने हुनाले स्वतन्त्रता र अस्तित्व निर्माणमा निरन्तर सक्रिय हुनुपर्ने आग्रह पनि गरिएको छ । परिवर्तन र आधुनिकताका संवाहक बनेका व्यक्तिहरू पनि परम्परागत सङ्कीर्ण मानसिकता तथा व्यवहारबाट पूर्ण रूपमा बाहिरिन नसकेकाले वैचारिक र व्यावहारिक परिवर्तन क्रमिक रूपमा हुने सङ्केत गर्दै विद्रोह तथा सङ्घर्ष निरन्तर जारी राख्न आवश्यक रहेको जनाइएको छ । त्यस्तै नारीलाई पितृसत्तात्मक समाजको जाँतोले निरन्तर थिचिरहेकाले नारी आफ्नो स्वतन्त्रता र अस्तित्व निर्माणमा सशक्त ढङ्गले लाग्नुपर्ने सन्देश दिइएको छ । व्यक्तिको जीवन उसको भोगाइ, यौनिक सम्बन्ध तथा उसका प्राकृतिक चाहना एवम् आवश्यकताहरू र मनोविज्ञान नितान्त निजी सम्पत्ति भएकाले उक्त सम्पत्तिको स्त्री होस् वा पुरुष दुवैले स्वतन्त्रतापूर्वक उपयोग गर्नुपर्ने लैङ्गिक समानतामूलक सन्देश *तीन घुस्ती*मा व्यक्त गरिएको छ ।

परिच्छेद सात

परवर्ती नेपाली उपन्यास

यस सातौँ परिच्छेदमा छनोटमा परेका छ ओटा उपन्यासमध्ये नेपाली उपन्यास परम्परामा समसामयिक, परवर्ती वा उत्तरवर्ती, यथार्थवादी तथा प्रगतिवादी र सुधारवादी विचार भएका दुई उपन्यास शीतविन्दुको *सहयात्री* तथा पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासको विश्लेषण गरिएको छ । लैङ्गिक दृष्टिकोणका आधारमा निर्माण गरिएका विभिन्न प्रतिमानका कसीमा राखेर शीर्षक, कथावस्तु, चरित्र र जैविकता, लैङ्गिकताको अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्या, लैङ्गिक चेतना र सशक्तीकरण, यौनिकता, लैङ्गिकताको भाषा तथा परिणति र सन्देशका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

७.१ सहयात्री उपन्यास

प्रगतिवादी साहित्यकार शीतविन्दु (२०१९) विचारप्रधान रचनाहरू सिर्जना गर्ने स्रष्टा छन् । उनका विविध वैचारिक लेख रचनाहरू प्रशस्त छन् भने पुस्तकाकार साहित्यिक कृतिहरू उपन्यास र कविता सङ्ग्रह मुख्य रहेका छन् । मार्क्सवादी स्रष्टाका रूपमा रहेका शीतविन्दु नेपाली समाजका समाजार्थिक तथा राजनैतिक कारणले निर्माण भएका वर्गीय, जातीय, लैङ्गिक तथा सामाजिक समस्याहरूको यथार्थोद्घाटन गर्दै ती समस्याहरू समाधानको आकाङ्क्षा राख्ने सर्जकका रूपमा देखिन्छन् । उपन्यासकार शीतविन्दुको वास्तविक नाम प्रदीप ज्ञवाली हो । उनका उपन्यासमा लैङ्गिक सन्तुलन र सशक्तीकरणका सघन आवाजहरू प्रस्ट देखिन्छन् भने वर्गीय विभेदको अन्त्य गर्नका लागि शोषित र उत्पीडित वर्गको सचेत सामूहिक सहभागिता अनिवार्य भएको विचार व्यक्त भएको पाइन्छ । प्रस्तुतिमा वैचारिक सघनता तथा यथार्थको उद्घाटन भएको देखिए पनि पात्रहरूको अभिव्यक्तिगत शैली फितलो महसुस हुन्छ ।

शीतविन्दुको वैचारिक प्रस्तुतिलाई कलात्मक तथा काव्यात्मक शैलीले आस्वाद्य तुल्याएको छ । सान्दर्भिक कथावस्तु तथा स्वाभाविक पात्रहरूको सोद्देश्यमूलक उपस्थितिले उनको उपन्यास पाठकमैत्री बनेको छ । *सहयात्री* (२०४६) उपन्यास राजनीतिक कथावस्तुलाई मूल आधार बनाइएको प्रगतिवादी सामाजिक उपन्यास हो । लैङ्गिक समस्याको विशिष्ट व्याख्या गर्दै पितृसत्तात्मक समाजको अन्त्य गर्नका लागि राजनीतिक परिवर्तनको आवश्यकता औंल्याइएको छ । नारी पात्रलाई केन्द्रीय पात्रका रूपमा प्रयोग गरिएको *सहयात्री*मा नारी र पुरुषको सचेत

सहभागिताबाट मात्र समाजमा रहेका लैङ्गिक, वर्गीय तथा जातीय समस्याको अन्त्य गर्ने सशक्तीकरणको आह्वान छ । नेपाली समाजका ग्रामीण जनजीवनहरूलाई मिहिन ढङ्गले उठान गरिएको यस उपन्यासमा समानतामूलक समाजको निर्माणका लागि क्रान्तिकारीहरूको विजय र सामन्तवादी समाजको पराजयतर्फ सङ्केत गरिएकाले *सहयात्री* समाजवादी उपन्यासको रूपमा स्थापित भएको छ ।

७.१.१ शीर्षक

सहयात्री नारीलाई केन्द्रीय पात्र बनाएर उनले भोग्नुपरेका लैङ्गिक तथा सामाजिक समस्याहरूलाई प्राधान्य दिई ती समस्या समाधानका लागि नारी र पुरुषको समानान्तर सहभागिता तथा सक्रियतामा सामाजिक एवम् राजनैतिक परिवर्तन सम्भव भएको जनाउँदै उपन्यास टुङ्गिएकाले नारी र पुरुष सहयात्री बनेमा मात्र सङ्घर्ष वा क्रान्तिले मूर्त रूप लिने र सफलता हासिल हुने देखाइएकाले उपन्यासको मुख्य कथ्यलाई शीर्षकले प्रतिनिधित्व गरेको छ । राजनैतिक तथा वर्गीय समस्या तथा विभेदको अन्त्यका लागि नारी र पुरुषको समान उत्तरदायित्व रहेको जनाइएको छ । तसर्थ 'सह' अर्थात् साथै/सँगै र 'यात्री' अर्थात् यात्रा गर्ने भन्ने शाब्दिक अर्थको शीर्षकले सँगैयात्रा गर्ने साथी भन्ने भाव वरण गरेको छ । यस उपन्यासमा राजनैतिक तथा सामाजिक परिवर्तनका लागि नारी र पुरुषले सँगै सङ्घर्ष गरी सफलता हासिल गरेको देखिन्छ । पुरुषको साथी नारी वा नारीको साथी पुरुष सङ्घर्षमयी जीवनमा सहयात्री बनेर औपन्यासिक अपेक्षा वा उद्देश्य प्राप्त भएकाले 'सहयात्री' सान्दर्भिक र प्रभावकारी शीर्षक बनेको छ ।

त्यस्तै पितृसत्तात्मक सामाजिक संरचना भएको नेपाली समाजका लैङ्गिक सन्तुलनसहित राजनीतिक सक्रिय सहभागिताको अपेक्षा पनि प्रस्तुत शीर्षकले वरण गरेको छ । लैङ्गिक, वर्गीय तथा जातीय उत्पीडनको अन्त्य नारी र पुरुषको सहकार्यबाट मात्र सम्भव भएकाले कुनै समस्या वा शोषणबाट मुक्त हुनका लागि नारी वा पुरुषले निरपेक्ष विचार नराखी दुवै जातिले एकअर्कालाई सहयात्रीका रूपमा सम्मानपूर्वक व्यवहार गर्दै संयुक्त सङ्घर्ष गरेमा मात्र सफल हुन सकिने हुनाले यो प्रभावकारी शीर्षक बनेको छ । अर्कोतर्फ उपन्यासका नायिका र नायक इन्दु र नवराज दुवैले भावनात्मक तथा वैचारिक रूपले एकअर्कालाई सहयात्रीका रूपमा गरेको सम्मानपूर्वक व्यवहारका कारणबाट औपन्यासिक सार्थकता प्राप्त भएकाले नारी र पुरुष सहयात्री बन्नुपर्ने आग्रहसमेत स्वाभाविक देखिन्छ । तसर्थ *सहयात्री* उपन्यासको शीर्षक लैङ्गिक

दृष्टिले उपयुक्त, सान्दर्भिक, प्रभावकारी मान्न सकिन्छ । यस शीर्षकले उपन्यासको कथावस्तु तथा मुख्य सन्देशमा पनि महत्त्वपूर्ण स्थान ओगटेको छ ।

७.१.२ **कथावस्तु**

नेपाली समाजको ग्रामीण परिवेशमा रहेका लैङ्गिक, आर्थिक, राजनैतिक तथा जातीय समस्याहरूलाई प्रमुख कथावस्तु बनाएर तयार पारिएको *सहयात्री* उपन्यास खास गरी वि.सं. २०३० सालपछिको समयसँग सम्बन्धित रहेर वि.सं. २०४६ सालसम्मको समयावधिमा केन्द्रित छ । परम्परागत सामन्ती समाजमा नेपाली महिलाहरूले भोग्नुपरेका समस्यालाई केन्द्रबिन्दु बनाइए पनि आर्थिक तथा सामाजिक अन्याय, शोषण र उत्पीडनका सन्दर्भहरू प्रस्तुत मात्र नगरी समानतामूलक समाजको निर्माणका लागि शोषित तथा विपन्न वर्गका नारी पुरुषलाई समेत सचेत बनाउँदै सशक्त तुल्याएर अन्यायपूर्ण समाजको अन्त्य गर्नुपर्ने प्रखर आवाज प्रस्तुत गरिएको छ । सचेत र सक्षम नारी र पुरुषले आफ्नो निजी स्वार्थ नहेरी सामाजिक रूपान्तरणमा लाग्नुपर्ने विचार व्यक्त गर्दै तत्कालीन समाजमा विकसित हुँदै गरेको निम्नपुँजीवादी प्रवृत्तितर्फ व्यङ्ग्य र विरोध जनाइएको छ । अपेक्षित प्रगतिवादी विचारले सफलता प्राप्त गरेको देखाइएकाले समाजवादी आकाङ्क्षातर्फ उपन्यास उन्मुख रहेको छ । मूलतः गुल्मेली ग्रामीण परिवेशमा आधारित कथावस्तु समावेश गरिए र अंशतः पोखरेली परिवेश तथा छिटफुट विभिन्न सहरहरूको समेत परिवेशलाई उपन्यासमा उठान गरिएको छ । यद्यपि उपन्यासमा प्रस्तुत गरिएको कथावस्तुले समग्र नेपाली परिवेश तथा प्रकृतिको चित्रण गर्न सफल भएको देखिन्छ । रेखीय अर्थात् पङ्क्तीय कथानक रहेको *सहयात्री*मा केही पूर्वदीप्तिमूलक संस्मरणात्मक वर्णन पनि रहेका छन् ।

नेपाली परिवेशमा गृहस्थीका सम्पूर्ण कामहरू बुहारी अर्थात् महिलाले मात्र गर्नुपर्ने र उनीहरूलाई परिवारका अन्य सदस्यबाट सहयोग हुनुको सट्टा पूर्ण उपेक्षा र अन्यायपूर्ण व्यवहार (पृ. ३) हुने गरेको लैङ्गिक विभेदयुक्त अवस्थाको कथावस्तु प्रस्तुत छ । देवरले भाउजू इन्दुलाई सम्मानपूर्ण व्यवहार नगरी उपेक्षा र विभेदपूर्ण व्यवहार तथा भाषा प्रयोग (पृ. ३) गर्नुले आम नेपाली समाजका बुहारीहरूले खेप्नुपरेको उपेक्षा र नियन्त्रणलाई सङ्केत गरेको छ । लोग्ने मानिस वा वयस्क पुरुषहरू तास खेल्ने र विभिन्न मनोरञ्जनमा आनन्दित भइरहने तथा कुलतमा स्वतन्त्रतापूर्वक लागिरहने तर नारीहरू रातदिन काममा जोतिइरहनुपर्ने स्थितिमा पनि नारीले नै आरोप, खप्की तथा हिंसाजन्य व्यवहार भोग्नुपर्ने (पृ. ४) कथावस्तु समावेश छ ।

पितृसत्तात्मक सामाजिक संस्कारका कारणले सङ्कीर्ण मानसिकता बोकेका सासुहरूले नै बुहारीलाई बढी सास्ती दिने गरेको (पृ. ४) सन्दर्भ पनि प्रस्तुत छ ।

शिक्षित तथा सचेत र प्रगतिशील विचार बोकेकी इन्दुले सिन्दुर, पोते, चुराजस्ता परम्परागत पहिचान र बन्धनका सङ्केतहरू नलगाएको (पृ. ५) बाट उसमा नारीवादी चेतना देखिन्छ । छोराको बिहेमा प्रशस्त दाइजो ल्याउने र इज्जत बढाउने परम्परागत कुसंस्कार बोकेकी पण्डित्नी नवराज र इन्दुको प्रगतिशील विवाहप्रति असन्तुष्ट रहेको (पृ. ५) घटनाले प्रगतिवादी चेतना र परम्परागत कुसंस्कारबिचको अन्तरविरोधलाई प्रस्ट्याएको छ । सासूहरूले आफ्नो समयमा जुन व्यवहार र शैली अपनाएका थिए परिवर्तित समयका बुहारीहरूलाई पनि उही व्यवहार गरुन् भन्ने परम्परावादी सङ्कीर्ण चिन्तन (पृ. ५) का कारणले पनि सासू र बुहारीबिचमा द्वन्द्व हुने गरेको सङ्केत गर्दै लैङ्गिक हिंसा गर्न सासूहरूले नै छोरालाई उक्साउने गरेको (पृ. ६) सन्दर्भसमेत प्रस्तुत गरिएको छ । बुहारीहरू छोराको दौराको फेरो समाएर आएका हुन् (पृ. ६) भन्नु लैङ्गिक अधीनता र पितृसत्तात्मक मानसिकता हो । साथै वृद्धा महिलाहरूमा पनि समयअनुसारको परिवर्तनलाई स्वीकार गर्नुपर्ने (पृ. ६) परिवर्तित मानसिकता पनि रहेको छ । ग्रामीण महिलाहरू लैङ्गिक विभेद र हिंसाले पीडित बनेका तथा उनीहरूको पीडा साट्ने सहृदयी पनि कहीँ नभएको (पृ. ७) जनाइएको छ । परिवारका सम्पूर्ण सदस्यको स्याहार गर्ने, निरन्तर काममा जोतिनुपर्ने, सन्तुलित र आवश्यक खाना नपाई बँचेको र कमसल खानामा गुजारा गर्न बाध्य हुनुपर्ने पारिवारिक समस्यामा चपेटिएका बुहारीहरू युवास्थामा पनि अत्यन्त दयनीय र निरीह बनेका (पृ. ७) छन् । छोराको अपेक्षा गर्दागर्दै निरन्तर गर्भवती भएर सुत्केरी हुने नारीहरूको दु:ख र कारुणिक अवस्था (पृ. ८) उजागर गरिएको छ । यसरी सामाजिक र पारिवारिक सन्दर्भका विविध क्षेत्रमा नारीले अन्याय र अत्याचार भोग्न बाध्य बनेको कथावस्तु देखिन्छ । अकालमै लोग्ने गुमाएर एकल महिला हुन पुगेका महिलाहरू बोक्सीको आरोपमा हिंसाजन्य व्यवहार खेप्दै (पृ. १०) उपेक्षाको जीवन बाँचिरहेको यथार्थ उद्घाटन भएको छ । कुसंस्कारबाट ग्रसित बनेको नेपाली समाजमा चिकित्साविज्ञानको भन्दा धामी झाँक्री, मसान, देवी, नाग, लागोजस्ता (पृ. १३) अन्धविश्वासले घर बनाएको छ । उपन्यासमा चेतनाको कमी र शिक्षाको अभावमा घरपरिवारमा सासूबुहारी, जेठानीदेवरानी, नन्दभाउजू जो नारी भएर नारीका समस्या बुझेर सहयोग र सहकार्य गर्नुको सट्टा ईर्ष्या तथा रिसका कारण एकार्कामा प्रतिद्वन्द्वी व्यवहार गर्दछन् भन्दै परिवारभित्र रहेका नारीनारीबिचका अन्तरविरोधलाई पनि प्रस्ट्याइएको छ ।

ग्रामीण परिवेशका युवतीहरू मेला, पात, घाँस, दाउरा गरिरहन विवश भएकाले उनीहरूको चेतना स्तर माथि उठ्न सकेको हुँदैन । फलतः गाउँमा रमाइलो गर्ने, सिंगारपटार गर्ने, राम्रो लोग्ने पाउनेजस्ता सामान्य आकाङ्क्षा मात्र राखेका (पृ. २०) हुन्छन् । गरगहना नारीका बन्धन हुन्, चेतनशील हुनुपर्छ, आफ्ना हक, अधिकार बुझ्नुपर्छ भन्ने नारीवादी चेतनाहरू उक्त युवतीहरूका लागि अर्धहीन तथा हाँसोका विषय (पृ.२१) बन्छन् । निम्न पुँजीवादी प्रवृत्ति बोकेका स्वार्थी व्यक्तिहरूले समाज परिवर्तनको सदीक्षा बोकेका क्रान्तिकारी व्यक्तिहरूलाई खराब प्रवृत्तिको आरोप लगाउने र आफूहरू लैङ्गिक, सामाजिक तथा आर्थिक अन्याय र अनियमितता गरी सफल भएको भ्रम छर्ने (पृ. २४-२५) सन्दर्भ पनि उजागर भएको छ । वृद्ध बाबाआमाले छोराबुहारी सामाजिक रूपान्तरणका लागि क्रान्तिमा होमिएको कुरा बुझ्न नसक्नु (पृ.२५) र स्वार्थी प्रवृत्तिका व्यक्तिहरूको वास्तविकता नबुझी उनीहरूको जीवनशैलीलाई प्रगति गरेको ठहर्‌याउनु नेपाली परिवेशको यथार्थ चित्र हो । उपन्यासकी केन्द्रीय पात्र इन्दुको पूर्वदीप्तिमूलक संस्मरणात्मक प्रस्तुति भएको प्रसङ्ग सेतीको किनारमा दुई युवतीको लास बलात्कारपछि हत्या गरिएको अवस्थामा भेटिएको (पृ. २९) तथा उनीहरूको हत्याका विरुद्ध उठेका सचेत र सशक्त आवाज उठेका बेला (पृ. ३०) मानव अपराध गर्नेहरूकै पक्षमा लागेर प्रशासनले दमन गरेको घटना पनि उपन्यासको महत्त्वपूर्ण कथावस्तुका रूपमा रहेको छ ।

यही घटनाबाटै उपन्यासमा नायक नायिकाको आत्मिक प्रगाढताको सघन बीजारोपण भएको (पृ. ३१) देखिन्छ । महिलाहरू सामाजिक परिवर्तन र मुक्ति आन्दोलनमा सचेततापूर्ण सक्रिय हुन सक्ने सशक्त भूमिकामा इन्दु समर्पित हुन चाहनु (पृ. ३३) राजनीतिक तथा सामुदायिक लैङ्गिक सशक्तीकरणको स्थिति हो । परिवर्तनका लागि नारी सचेत र सक्षम रहेको तथा रहनुपर्ने कथावस्तु प्रस्तुत भएको छ । समाजमा छोरालाई मात्र शिक्षित र सम्पन्न बनाउने पितृसत्तात्मक परम्पराका विरुद्धमा इन्दुकी आमाले लैङ्गिक समानताको सोच सहित छोरीहरूलाई शिक्षित र सक्षम बनाएको (पृ. ४२) सन्दर्भ प्रस्तुत गरिएको छ । क्रान्तिका सन्दर्भमा बन्दी बनेको नवराजलाई जेलबाट छुटाएर सामान्य जीवन बिताउँदै पारिवारिक सुखमा रमाउन आग्रह गर्दा (पृ. ४३) इन्दु पनि वैचारिक विचलनतर्फ उन्मुख रहेको पाइन्छ । तर सरिताजस्ता निम्नपुँजीवादी मनोवृत्ति भएका साथीहरूको आडम्बर तथा तडकभडकले इन्दुमा मनोवैज्ञानिक सबलता (पृ. ४७) निर्माण भए पनि ग्रामीण विकटतामा भोग्नु परेको उपेक्षा र असफलताका कारणले नवराजलाई सम्झाएर क्रान्तिको बाटोबाट विमुख पार्ने सोचाइ (पृ. ४८) राखेकी छन् । यहाँ मानिसमा विभिन्न सामाजिक परिवेश तथा असफलताका कारणले आफ्ना सशक्त वैचारिक दृढतामा पनि आँच आउँछ भन्ने अन्तर्द्वन्द्वात्मक कथावस्तु व्यक्त भएको छ ।

इन्दुमा वैचारिक विचलन आउन थालेका बेला सत्प्रेरणा र हौसला दिने ज्योति दिदीजस्ता दृढ तथा आत्मविश्वासी व्यक्तिहरूको साथ सहयोगको आवश्यकता (पृ. ५०) औंल्याइएको छ । पितृसत्तात्मक समाजका पुरुषहरूले आफ्नो निहित स्वार्थ पूरा गर्नका लागि आफ्ना छोरीहरूलाई बिक्रीको शैलीमा व्यवहार गर्दै लैङ्गिक हिंसा र अपराध (पृ. ५२-५३) गर्न पछि पर्दैनन् भन्ने यथार्थ कथावस्तु प्रस्तुत गर्दै त्यस्ता हिंसाजन्य अपराधका विरुद्धमा सशक्त व्यवहार देखाएर स्वतन्त्रता र अस्तित्वको खोजी गर्नुपर्ने (पृ. ५३) विचार व्यक्त गरिएको छ । ग्रामीण र पिछडिएका समाजका व्यक्तिहरूलाई सचेत बनाउनका लागि अवस्था तथा त्यहाँका व्यक्तिहरूको मनोविज्ञानअनुसार समायोजन हुँदै (पृ. ५५) उनीहरूका पीडा र समस्या एकाकार भएर मौलिक तथा रचनात्मक ढङ्गले उनीहरूको मानसिक स्थिति एवम् चेतनाको स्तर बढाउनुपर्ने कुरामा जोड दिइएको छ । सङ्घर्षप्रति डगमगाएको स्थितिबाट माथि उठेर अझ दृढ बनेको अवस्था (पृ. ५९) प्रस्तुत भएको छ । ग्रामीण परिवेशबाट विरक्त बनेर पोखरा गएकी इन्दु सचेत विचारसहित पुनः गाउँ फर्किएको (पृ. ६०) अवस्थाले कथावस्तुमा केही नयाँ सम्भावनाको सङ्केत गरेको छ ।

"जनताको हितलाई सर्वस्व ठानी अगाडि बढ्ँ म
सहर छाडी गाउँ कुना रोजी खुसी भै आएँ म (पृ. ६२) ।"

इन्दुले परिवर्तन र सशक्तताप्रति समर्पित भावना र विचार उजागर गरेकी छ । परिवर्तन र चेतना पहिले आफ्नै घर परिवारबाट प्रारम्भ गर्दै सासु ससुरा तथा जेठानीलाई सचेत र सकारात्मक बनाउँछे । लैङ्गिक हिंसा तथा वर्गीय विभेद र अत्याचार खेप्न बाध्य बनाइएका गाउँका महिलाहरूसँग दुःखसुखका कुरा गर्दै चेतनाको बिउ रोप्न थाल्छे र यसका लागि क्रान्तिमा होमिएको कृष्णको आगमन (पृ. ७३) तथा उनको रचनात्मक विचारले महत्त्वपूर्ण भूमिका खेल्छ । सामन्तवादी र पितृसत्तात्मक सामाजिक सङ्कीर्ण चिन्तनका कारणले ग्रामीण क्षेत्रमा लैङ्गिक वर्गीय तथा जातीय शोषण र उत्पीडनको कहालीलाग्दो अवस्थालाई उपन्यासकारले मार्मिक कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

पितृसत्तात्मक पुरुषवादी चिन्तन भएका व्यक्तिले पुरुषलाई 'मुख' र नारीलाई 'नाक'को संज्ञा दिँदै नारी सचेत र सशक्त बनेर सामाजिक परिवर्तनमा सक्रिय रहेको अवस्थालाई मुख छँदाछँदै नाकले पानी खाएको सुहाएन (पृ. ८१) भन्दै नारीलाई सहायक, उपेक्षित तथा अधीन वर्गका रूपमा लिने गरेको यथार्थ व्यक्त भएको छ । नारीले बालविवाह, अनमेल विवाह, बहुविवाहजस्ता लैङ्गिक हिंसाजन्य व्यवहार भोग्न बाध्य रहेको जनाइएको छ । त्यस्तै यौनिक तथा शारीरिक हिंसाका आपराधिक व्यवहारबाट ग्रामीण महिलाहरू पीडित बनेको यथार्थ पनि

कथावस्तुमा समावेश भएको छ । शैक्षिक क्षेत्रमा उच्च सम्भावना भएका छोरीहरूलाई उनीहरूको स्वीकार र सहमतिविना अनचिनारु पुरुषसँग बिहे गराइदिनु (पृ. ८२), साटो हाल्नका लागि वस्तुसरह नारी व्यवहृत हुनु (पृ. ८३) बोक्सीको आरोपमा निरन्तर हिंसा खेपिरहनु (पृ. ८४) नारीलाई नामबाट नबोलाइनु (पृ. ८४) आदि कैयौ लैङ्गिक अन्याय र अत्याचार भोगिरहेका नारीहरूमा लैङ्गिक चेतना र सशक्तीकरणका विचार जागृत हुन आवश्यक छ (पृ. ८५) भन्ने विचार व्यक्त गरिएको छ । खरको एउटा धर्सो सजिलै चुँडाउन सकिने तर डोरीलाई चुँडाउन नसकिने उदाहरण दिँदै सामूहिक प्रयत्नबाट लैङ्गिक विभेदको अन्त्य गर्न सकिने (पृ. ८६) चेतना व्यक्त भएको छ । तीजको मौकामा सबै नारी भेला भएको अवस्थामा गीतका माध्यमबाट लैङ्गिक चेतना र सशक्त आवाज व्यक्त (पृ. ८९) गर्दै लैङ्गिक सशक्तीकरणको आवाज उठाइएको छ । बन्दी बनेको नवराज जेलबाट छुटेर घर आउनु (पृ. ९१) र नवराज तथा इन्दुको आत्मीय मिलनले औपन्यासिक कथावस्तुमा सुखद सङ्केत गरेको छ ।

त्यसपछि नवराज आफू पक्राउ पर्ने बेलाका घटनाहरू स्मरण गर्दै जान्छ (पृ. ९४) । प्रहरी प्रशासनबाट क्रान्तिकारी विचार भएका व्यक्तिहरूमाथि हुने अमानवीय क्रूर व्यवहार (पृ. ९५-९६) ले उपन्यासमा राजनीतिक जटिलता देखाएको छ । पारिवारिक वातावरण सुदृढ र स्वच्छ भएकाले नवराज आनन्दित हुन्छ । आमाबाबुले छोराछोरीको चिन्ता गरिरहने र साथमै रहोस् भन्ने चाहना व्यक्त गर्दा (पृ. ९८) क्रान्तिको काम आफूले सम्हाल्नुपर्ने राजनीतिक भूमिका प्रस्ट (पृ. ९८) पार्दछ । आफू निम्न मध्यम वर्गको भएकाले दुःखपूर्वक शैक्षिक प्रगति गरेको स्मरण गर्दै (पृ. ९९) सक्षम र समानान्तर भूमिका भएकी मायालु, सहयोगी तथा आत्मिक सहयात्री इन्दुबाट सन्तुष्ट (पृ. १००) बनेको नवराज आमाबाबालाई सम्झाएर क्रान्तिको निरन्तरताका लागि अगाडि बढ्छ । यसबाट पारिवारिक र सामाजिक चेतनाको स्तर वृद्धि तथा सकारात्मक विचारको निर्माणमा नारीको अहम् भूमिका सफल हुने विश्वास प्रकट गरिएको छ । पितृसत्तात्मक सामन्तवादी समाजका पुरुषहरूले लैङ्गिक र यौनिक हिंसा गरिरहने (पृ. १०३) हुनाले त्यस्ता व्यभिचारी प्रवृत्तिका विरुद्धमा लैङ्गिक सचेतनासहित सम्पूर्ण नारी र पुरुष एकजुट भएर अन्याय र अत्याचार समाप्त पार्न आवश्यक रहेको तथा उक्त कार्य सम्भव भएको (पृ. १०४) जनाउँदै त्यस्ता कार्यमा स्वयं महिलाबाट पनि अवरोध आउन सक्ने (पृ. १०४) हुँदा सचेततापूर्वक लैङ्गिक समानता, सम्मान र सक्षमता वृद्धि गर्नु अनिवार्य रहेको विचार व्यक्त गरिएको छ । बलात्कारी र भ्रष्ट व्यक्तिहरूको भण्डाफोर गर्दै जनताको प्रगति तथा एकतामा जोड दिइएको (पृ. १०६) छ ।

ग्रामीण नारीहरूको लैङ्गिक चेतना वृद्धि हुँदै जानु (पृ. १०८) र सार्वजनिक सभामार्फत् इन्दुले लैङ्गिक समस्या र तिनका कारणबारे प्रस्ट भन्दै गएपछि (पृ. १११) सम्पूर्ण शोसित, उत्पीडित तथा अन्याय र अत्याचार भोगिरहेका नारी एवम् पुरुषमा जागरण पैदा हुन्छ । सामाजिक परिवर्तनप्रति इन्दुले देखाएको सेवा र समर्पणको उपलब्धि स्वरूप राजनीतिक सदस्यता प्राप्त गरेका (पृ. ११३) सन्दर्भबाट अझ दृढ हुँदै उनले नवराजलाई खुसी र उपलब्धि हासिल गर्न सफल भएको तथा सामाजिक स्तर बढेको जानकारी गराउँदै (पृ. ११४) चिठी लेख्छिन् । यस सन्दर्भमार्फत उपन्यासकारले सामाजिक रूपान्तरण र क्रान्तिका लागि धैर्यतापूर्वक आफ्नो प्रगतिवादी विचार तथा व्यवहार जारी राख्दै सबै जनसमुदायलाई सचेत बनाउन सकियो भने समानतामूलक समाज निर्माण गर्न सकिने अपेक्षासहितको प्रगतिवादी कथावस्तु प्रस्तुत गरेका छन् । राजनैतिक र सामाजिक चेतनाकै कारणले नारी पुरुषको समान सहभागितामा नारीले नै आन्दोलनको नेतृत्व गरेको (पृ. ११६) त्यो सङ्घर्षको योजनाकार इन्दु स्वयम् (पृ. ११७) नारी नै भएकाले राजनीतिक सशक्तता तथा लैङ्गिक सक्षमताको पर्याय नारी नै बन्न सक्छन् भन्ने नारीवादी कथावस्तु व्यक्त गरिएको छ ।

देशभर आन्दोलनको प्रवाह बढ्नु र देशमा प्रजातन्त्र आउनु (पृ. १९९) सँगै औपन्यासिक कथावस्तु टुङ्गिएको छ भने उपन्यासमा इन्दुले शिशुको जन्म दिनुलाई सफलताको प्रतीकात्मक सन्दर्भ बनाइएको छ । यसरी सामाजिक, राजनैतिक, लैङ्गिक तथा वर्गीय अन्याय र अत्याचारबाट आहत बनेको नेपाली समाजमा रहेका मूलतः लैङ्गिक समस्याहरूको उद्घाटन गर्दै ती समस्यालाई निरीहतापूर्वक भोगिरहेका नारीहरूको वास्तविक प्रस्तुति गरेर उनीहरूमा वैचारिक चेतना तथा लैङ्गिक सशक्तता निर्माण गरी सामाजिक परिवर्तन एवम् सङ्घर्षमा सहभागी र नेतृत्व दिने क्षमतासमेत विकास भएको तथा नारी पुरुषको समान सहभागितामा प्रजातन्त्रको उदय भएकाले उपन्यासमा प्रगतिवादी विचार सहितका सामाजिक यथार्थवादी कथावस्तुहरू छन् । उपन्यासकार शीतविन्दु *सहयात्री*मा लैङ्गिक सन्दर्भहरूमा आधारित स्वाभाविक र सान्दर्भिक कथावस्तुका माध्यमबाट गर्दै सन्तुलित र समाजवादी विचार व्यक्त गर्न सफल छन् ।

७.१.३ चरित्र र जैविकता

सहयात्री उपन्यास सामाजिक तथा लैङ्गिक समस्याहरूको उद्घाटन गर्दै ती समस्याहरूको मूल कारण पितृसत्तात्मक परम्परावादी सामाजिक संरचना तथा सामन्तवादी समाज भएकाले उक्त सामाजिक परिवर्तनका लागि लैङ्गिक सशक्तीकरणसहित राजनैतिक

परिवर्तनलाई मूल उद्देश्य बनाइएको उपन्यास हो । यस उपन्यासमा सामाजिक र राजनैतिक सन्दर्भ उठान गरिएकाले बहुल पात्रहरूको उपस्थति छ । यद्यपि अधिकांश पात्रहरूको प्रयोग गौण र अत्यन्त सीमित प्रयोजनका लागि गरिएको छ । कतिपय मानवेतर पात्रको समेत वर्णनात्मक प्रयोग गरिएको *सहयात्री*मा इन्दु र नवराजको केन्द्रीय भूमिका छ । ज्योति, कृष्ण, चन्द्राजस्ता पात्रहरू वैचारिक सशक्तता भएका पात्र हुन् । उपस्थितिका हिसाबले यी पात्रहरू छोटो भूमिकामा भए पनि कार्यका हिसाबले महत्त्वपूर्ण छन् । त्यस्तै इन्दुकी आमा, हरि, नेत्र, दीनानाथ, विष्णुमाया, पौडेल्नी, जमुना, राइँली, शङ्कर, मधु आदि पात्रहरू सकारात्मक भूमिकामा रहेका छन् भने नवराजका बाबा, आमा, राधिका, लक्ष्मी, पुनसाहिँली, आदि पात्रहरू तटस्थ र नकारात्मक विचार तथा व्यवहारबाट सकारात्मक व्यवहारतर्फ अभिमुख देखिन्छन् ।

उपन्यासका हरिलाल, सरिता, मानबहादुर, कुन्तीजस्ता पात्रहरू निम्नपुँजीवादी विचार, अवसरवादी पात्रहरू हुन् । धर्मे, धनसिंह, चन्द्रमान, हरिकृष्ण, प्रधान, समरबाबु आदि पात्रहरू पितृसत्तात्मक सामन्तवादी विचार र व्यवहार भएका असत् पात्रहरू हुन् । यीबाहेक उपन्यासमा विभिन्न परिवेश र सन्दर्भअनुसार अनेकौं पात्रहरू उपस्थित छन् । कुनै पात्र प्रत्यक्ष वा मञ्चीय छन् भने कुनै पात्र वर्णनात्मक सन्दर्भमा आएका छन् । प्रत्यक्ष र परोक्ष रूपमा आएका झन्डै एकसय तिस जना पात्रहरू सङ्ख्यात्मक हिसाबले धेरै देखिए पनि प्रसङ्ग र सन्दर्भअनुसार उपयुक्त तथा आवश्यक स्थानमा उपस्थित भएर औपन्यासिक सौन्दर्य बढाएका छन् । जेजति पात्र भए पनि उपन्यासको केन्द्रीय कथ्य इन्दु र नवराजको पर्याधारमा अडेको छ ।

इन्दु उपन्यासकी नायिका अर्थात् केन्द्रीय नारी पात्र हो । मुख्य भूमिका निर्वाह गरेकी इन्दु लैङ्गिक चेतना र सशक्ततासहित राजनीतिक आस्था तथा विश्वास भएकी सहनशील चरित्र भएकी नेपाली समाजका प्रगतिवादी प्रखर विचार बोकेका नारीहरूको प्रतिनिधि वर्गीय पात्र हो । परम्परावादी पितृसत्तात्मक समाजले नारीलाई वस्तुका रूपमा सिंगार्न आभूषणको प्रबन्ध गरेको भन्ने नारीवादी सचेत विचार भएकी (पृ. २१) बि.ए.सम्म पढेकी (पृ. ८) शिक्षित नारी हो । उनले आफूलाई नवराजकी पत्नी भन्दै (पृ. ८) समाजका अन्य नारीहरूसमक्ष आफ्नो परिचय दिन्छे । पढेकी शिक्षित युवती इन्दु प्रगतिवादी विचारका कारण परिवार र समाजका लैङ्गिक तथा सामाजिक समस्यामा समायोजन हुँदै ती समस्याको समाधानका लागि राजनीतिक र लैङ्गिक सशक्तता विस्तार गर्ने प्रतिज्ञा गरेकी जीवनवादी पात्र हो । सामाजिक परिवर्तन र लैङ्गिक सन्तुलनको विकास गर्ने अपेक्षासहित नवराजकी पत्नी बनेर गुल्मीको ग्रामीण बस्तीमा पुगेकी इन्दु त्यहाँको गिर्दो चेतनास्तर र पितृसत्तात्मक सङ्कीर्ण मानसिकताको जर्जरताका कारणले निराश बनेर माइती गाउँ पोखरा पुग्छे र बन्दी बनेको नवराजलाई जेलबाट छुटाएर

पारिवारिक सुखमा केन्द्रित हुने सोचाइसम्म पुग्छे । ज्योतिको सुझाव, सल्लाह (पृ. ५५) तथा नवराजको चिठी प्राप्त (पृ. ५७-५८) गरेपछि उसको मानसिकतामा परिवर्तन आउँछ र दरो आत्मविश्वास तथा दृढता बोकेर पुनः गुल्मीकै ग्रामीण इलाकामा फर्किन्छे (पृ. ६०) । निरन्तर सक्रिय तथा सहनशील भइरहँदा पनि अपेक्षित उपलब्धि हासिल गर्न नसकेकी इन्दु कृष्णको आगमन (पृ. ७३) बाट खुसी भएर उनको सल्लाह अनुसार (पृ. ७७) काम गर्दै जान्छे र सफलता प्राप्त हुन्छ । यसबाट इन्दुलाई वैचारिक परिवर्तन वा गतिशील चरित्र भएकी तर सदा सकारात्मक सोचाइ भएकी पात्रका रूपमा लिन सकिन्छ । बद्ध, मञ्चीय तथा सत् पात्रका रूपमा रहेकी इन्दु यस उपन्यासकी सचेत सहनशील, सशक्त तथा सफल पात्र हो । छोरी, दिदी, पत्नी, बुहारी, लैङ्गिक सशक्तता र समाजकी अगुवा राजनीतिक सङ्घर्षकी योजनाकार, छिमेकी, सहृदयी मित्र तथा भाउजू र आमाको समेत भूमिका निर्वाह गरेकी इन्दु अनुकरणीय बहिर्मुखी नारी पात्र हो ।

नवराज नायक वा केन्द्रीय पुरुष पात्र हो । उच्च तहको शिक्षा हासिल गरेर पनि आफ्नो निजी स्वार्थ र विकासमा नलागी देशको सामाजिक राजनैतिक परिवर्तन गरी समानता र स्वतन्त्रताका लागि लड्ने क्रान्तिकारी, आस्थावान्, निडर तथा सहनशील पात्र नवराज यौनिक हिंसाको सिकार बनाएर हत्या गरिएका दुई युवतीले भोग्नु परेको मानव आपराधिक हिंसाजन्य सामन्तवादी समाज र अत्याचारका विरुद्धमा आन्दोलनको नेतृत्व गर्ने (पृ. २९) अगुवा सचेत र सशक्त पुरुष पात्र हो । प्रमुख, स्थिर, बद्ध, मञ्चीय, बहिर्मुखी चरित्र भएका नवराज क्रान्तिकारी र सङ्घर्षशील तमाम पुरुषहरूका प्रतिनिधि वर्गीय पात्रका रूपमा रहेको छ । हरेक समस्यालाई समीक्षात्मक रूपमा लिने नवराज सत् पात्र हो । छोरा, प्रेमी, पति, क्रान्तिकारी योद्धा, सहृदयी मित्र, बाबु आदिको भूमिका निर्वाह गरेका नवराज उपन्यासको महत्त्वपूर्ण पात्र हो । लेखकीय विचारसमेत बोकेको नवराज उपन्यासकारको मुख पात्रका रूपमा पनि रहेको छ । ज्योति राजनीतिक चेतना तथा प्रतिबद्धता भएकी आत्मविश्वासी नारी पात्र हो । सामाजिक अत्याचारको विरुद्धमा सङ्घर्ष गर्ने र सङ्घर्षबाट पछाडि फर्किएका पात्रलाई वैचारिक सघनता र प्रेरणासहित सङ्घर्षप्रति सजग तथा उत्प्रेरित गर्ने भूमिका भएकी ज्योति पारिवारिक सुख तथा पति गुमाएकी सत्, बद्ध, वर्गीय, मञ्चीय, बहिर्मुखी चरित्र भएकी स्थिर स्वभाव रहेकी पात्र हो । नारी चेतना तथा सशक्तीकरणको मुद्दालाई स्थापित गर्न परिपक्व ढङ्गले राजनीतिक क्षेत्रमा होमिएकी अनुकूल वा सकारात्मक पात्रका रूपमा लिन सकिन्छ ।

त्यस्तै कृष्ण राजनीतिक सचेत अगुवा कार्यकर्ता हो । ऊ सामाजिक परिवर्तनका लागि समाजको वस्तुगत अवस्था बुझेर त्यहाँका व्यक्तिहरूमा सामाजिक अत्याचार विरुद्ध चेतना

अभिवृद्धि गर्दै सङ्घर्षलाई सफल बनाउनुपर्छ भन्ने मान्यता राख्ने पुरुष पात्र हो । छोटो तर सटिक भूमिकामा रहेका कृष्णलाई राजनीतिक हिसाबले परिपक्व, सचेत पात्रका रूपमा लिनुपर्छ । बद्ध, मञ्चीय, स्थिर, बहिर्मुखी, वर्गीय तथा सकारात्मक प्रवृत्तिका कृष्ण *सहयात्री*का सहायक पात्र हो । चन्द्रा पितृसत्तात्मक पुरुषवादी लैङ्गिक र यौनिक हिंसा खेप्न बाध्य बनाइएकी युवती हो । ऊ राजनीतिक चेतना तथा लैङ्गिक सशक्तताासहित सङ्घर्षको अगुवा बनेकी छ । सत्, स्थिर, वर्गीय, बहिर्मुखी, मञ्चीय तथा बद्ध पात्रका रूपमा रहेकी चन्द्रा उपन्यासकी सहायक पात्र हो । यसै गरी उपन्यासमा विभिन्न सन्दर्भमा निम्नपुँजीवादी प्रवृत्ति बोकेका चरित्र जो निहित स्वार्थका लागि अवसरवादी राजनीतिक सहभागिता जनाएका छन्, त्यस्ता पात्रहरू केही छन् भने केही सकारात्मक सोचाइ र वैचारिक प्रखरतासहित पितृसत्तात्मक सामाजिक संरचनाले निर्माण गरेको पुरुषत्वमुखी अन्याय तथा अत्याचारको सशक्त प्रतिरोध गर्दै सङ्घर्षलाई अगाडि बढाएका छन् । केही पात्रहरू सामन्तवादी प्रवृत्तिका र केही उनीहरूका चाकरीवाजका रूपमा पनि रहेका छन् । यसरी विभिन्न सन्दर्भअनुसार प्रयोग भएका सबै चरित्रहरू औपन्यासिक स्वाभाविक आवश्यकताअनुसार नै योजित छन् । यसबाट शीतविन्दु पात्रहरूको कुशल व्यवस्थापन गर्दै उपन्यासलाई प्रगतिवादी बनाउँदै सामाजिक यथार्थको उद्घाटन गर्न सफल बनेका छन् ।

७.१.४ लैङ्गिकताको अवस्था

सहयात्री सामाजिक, राजनैतिक तथा लैङ्गिक समस्याहरूलाई उद्घाटन गरी ती समस्याहरूको समाधानका लागि सशक्तीकरणसहित सङ्घर्ष गरी समाधानको तहसम्मका सन्दर्भहरू समावेश गरिएको उपन्यास हो । राजनैतिक परिवर्तनले मात्र समाजका विभिन्न लैङ्गिक, आर्थिक तथा जातीय समस्याको समाधान गर्न सक्छ भन्ने प्रगतिवादी विचार प्रस्तुत भएको *सहयात्री*मा पितृसत्तात्मक सामाजिक संरचना र व्यवस्थाका कारणबाट समाजमा रहेका लैङ्गिक विभेद, हिंसा, अपराध तथा अत्याचारलाई उजागर गरिएको छ । त्यस्तै लैङ्गिक समस्याको अन्त्यका लागि लैङ्गिक चेतना र सशक्तीकरणको प्रखर आवाज व्यक्त गरिएको यस उपन्यासमा लैङ्गिकताका विविध सन्दर्भहरू उठान भएका छन् ।

परम्परागत समाजका लैङ्गिक विभेद र अन्याय, लैङ्गिक समानताको खोजीमा देखिएका चुनौती तथा प्राप्त सफलता गरी लैङ्गिकताका तिन महत्त्वपूर्ण अवस्था प्रस्तुत गरिएको छ । नेपाली ग्रामीण समाजमा तुलनात्मक हिसाबले लैङ्गिक विभेद र अन्यायका बढी समस्या हुन्छन् । किनभने शैक्षिक स्थिति र चेतनाको कमजोर अवस्थाका कारणले न त समानताको व्यवहार

हुन्छ न त चेतनाको खोजी हुन्छ । त्यस्तै पछौटेपन बढी भएका समाजमा परम्परागत अन्धविश्वासहरू अत्यन्त बढी हुने गर्दछन् । त्यसैले त्यस्ता पिछडिएका समाजको लैङ्गिक स्तर र समानताको पहुँच बढाउनुपर्ने विचार पनि व्यक्त भएको छ । परम्परागत पितृसत्तात्मक मान्यता बोकेको नेपाली समाजको संयुक्त परिवारमा बुहारी अर्थात् नारीले भोग्नु पर्ने समस्याहरू, लैङ्गिक हिंसा तथा उपेक्षाका विविध अवस्था (पृ. ३, ४, ५) प्रस्तुत छन् । त्यस्तै पुरुषहरू घर बाहिरका खासखास काममा केन्द्रित रहने अन्य समयमा महिलाहरूलाई गृहकार्यमा सघाउनुको सट्टा विभिन्न मनोरञ्जन र कुलतमा तल्लीन (पृ. ४) हुने वास्तविकता छ ।

परम्परागत संस्कारबाट ग्रसित बनेका प्रौढ महिलाहरू, जसले परिवारमा सासु बन्नु परेको हुन्छ, उनीहरू आफूले भोगेका दुःखपूर्ण अवस्था र अन्यायसँग तुलना गर्दै परिवर्तित समयका बुहारीहरूबाट पनि सोही आचरणको अपेक्षा (पृ. ५) गर्दछन् । यसले लैङ्गिक चेतनाको अभाव तथा पितृसत्ताको सङ्कीर्ण मानसिकतालाई उजागर गरेको देखिन्छ । छोराको चाहना गर्दै अनेकौं छोरी जन्माउने तर उनीहरूलाई उपेक्षा गर्ने र अर्की महिला भित्र्याउने पुरुषवादी सङ्कीर्ण मानसिकता (पृ. ८) व्यक्त गर्दै नारी र पुरुषबिच समाजमा रहेका लैङ्गिक विभेदका अवस्था (पृ. ८) सूक्ष्म ढङ्गले चित्रण गरिएको छ । ग्रामीण जनजीवनमा महिलाको स्तर र स्थिति अत्यन्त कारुणिक र निरीह रहेको हुन्छ । उपन्यासमा नन्दहरू, जो भविष्यमा अर्को घरको बुहारी नै बन्ने हुन् र स्वयं नारी नै हुन्, भाउजूका समस्या तथा दुःखमा संवेदनाविहीन (पृ. ९-१०) देखिन्छन् भन्दै लैङ्गिक चेतना अभाव व्यक्त छ । यस्तो हुनु पनि शैक्षिक स्तर तथा छोरीलाई शैक्षिक वातावरणबाट वञ्चित गर्ने पुरुषवादी संस्कारको उपज हो । जसले गर्दा युवतीहरूमा आश्रित मनोविज्ञान निर्माण (पृ. २०) हुने र पुरुषहरूकै दासजस्तै ठानेर क्षणिक तथा सीमित आनन्दमा रमाउन बाध्य बनेको अवस्था हो । यस्तो चेतनाशून्य विकराल अवस्थामा शैक्षिक तथा चेतना वृद्धि गर्ने कुरालाई पछाडि पारिएका युवतीहरूले हाँसोको विषय (पृ. २१) बनाउने यथार्थ उद्घाटन गरिएको छ ।

पुरुषवादी सोचाइ भएका पुरुष यौन दुराचारीहरूले नारीलाई यौन उपभोगको वस्तु ठानेर यौनिक हिंसा र अपराध गरी हत्या गर्ने गरेका (पृ. २९) घटनाहरूको उठान भएको छ । त्यस्ता लैङ्गिक र यौनिक अपराधका विरुद्ध नारीपुरुष एक भएर आन्दोलित हुनुपर्ने (पृ. २९) अवस्थाको सङ्केत गरिएको छ । लैङ्गिक स्वतन्त्रता तथा जीवनको सुरक्षाको खोजी गर्दै लैङ्गिक सचेतना र सशक्तताासहितको आवाज (पृ. ३०) उठान गरिएको छ । लैङ्गिक समानता तथा स्वतन्त्रताको लडाइँमा नारी पनि पुरुषसरह सक्रिय ढङ्गले सङ्घर्षशील बन्न आग्रह (पृ. ३३) गर्दै त्यसमा सक्षम रहेको जनाइएको छ । साथै समाज र राष्ट्रप्रति नारी तथा पुरुषको समानान्तर भूमिका

(पृ. ३४) आवश्यक पर्ने जनाउँदै लैङ्गिक सशक्तीकरणको अवस्था प्रस्तुत गरिएको छ । पतिको अभावमा निकै दुःख झेल्दै (पृ. ४२) छोरीलाई सकेसम्म खर्च गर्दै शिक्षित र सक्षम बनाउन गरेको प्रयत्नको लैङ्गिक दृष्टिले सन्तुलित भूमिका खेलेको देखिन्छ । निम्नपुँजीवादी मनोवृत्ति भएका युवतीहरूका कारणबाट नै नारीले पुरुषबाट बढी लैङ्गिक अन्याय र अत्याचार गरिरहेको (पृ. ४५) विचार व्यक्त गर्दै पुरुषको धन र गहनामा बिकेर नहिँडी नारीत्वको संरक्षण तथा अस्तित्वमा सबल बन्न आग्रह (पृ. ४६) गरी सशक्त विचार व्यक्त भएको छ । पितृसत्तात्मक सङ्कीर्ण चिन्तन र स्वार्थी प्रवृत्तिका पुरुषहरूले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्नका लागि आफ्नै छोरीलाई वस्तुसरह बिक्री गरेझै गरी लैङ्गिक हिंसा गरिरहेका (पृ. ५२, ८३) सन्दर्भहरू व्यक्त गर्दै त्यस्ता आपराधिक कुकार्यहरूको सचेततापूर्वक प्रतिवाद गर्नुपर्ने आवश्यकता रहेको (पृ. ५३) औंल्याइएको छ ।

सामाजिक परिवेश तथा परम्परागत मानसिकताका कारणले भावनात्मक प्रबलता उत्पन्न भई नारीमा देखापरेको भावुकता (पृ. ५६) उपयुक्त उत्प्रेरणा र परामर्शपछि दृढतामा परिवर्तन (पृ. ५६) भएको अवस्था जनाइएको छ । अनमेल विवाह तथा बाल विवाहका कारणबाट लैङ्गिक हिंसा तथा अन्याय हुने गरेको (पृ. ६५, ८१) अवस्था उल्लेख गर्दै पुरुष वा लोग्नेबाट पूर्ण उपेक्षित र विमुख बन्नुपरेको जटिल लैङ्गिक अवस्थाको चित्रण गरिएको छ । छोरी र छोरामा लैङ्गिक विभेदपूर्ण व्यवहारहरू हुने (पृ. ७१) तथा नारीहरूले त्यसको वास्तविकता बुझ्न नसकेको यथार्थ परिवेश (पृ. ७१) को चित्रण गरिएको छ । राजनीतिक तथा लैङ्गिक चेतना विकासका निम्ति सामाजिक परिवेशअनुसार त्यहाँको वस्तुस्थितिलाई आत्मसात गरेर मानिसहरूको मनोविज्ञान बुझेर उनीहरूको चेतना स्तरमा क्रमिक सुधार ल्याउनुपर्ने (पृ. ७७) आग्रह गरिएको छ । सकारात्मक सोचाइ र व्यवहारका आधारमा क्रमिक परिवर्तन सम्भव भएको धारणा (पृ. ७७) व्यक्त भएको छ । अशिक्षित तथा पछाडि पारिएका मानिसहरूमा सचेतना वृद्धि गर्न नारी र पुरुष दुबैले समानान्तर भूमिका निर्वाह गर्नुपर्ने विचार प्रस्तुत गर्दै समाजमा पितृसत्तात्मक पुरुषवादी सङ्कीर्ण मानसिकता भएका व्यक्तिहरूले सकारात्मक रूपमा नलिने (पृ. ८१) लैङ्गिक विभेदयुक्त स्थितिको समेत उजागर गरिएको छ । दाजुभाइलाई पढ्नका लागि विशेष व्यवस्था हुने तर दिदी बहिनी उपेक्षापूर्ण व्यवहार र गृहस्थी काम सकेर पिल्सिएर पढ्नुपर्ने (पृ. ८२) लैङ्गिक विभेदयुक्त व्यवहारका कारणले सम्भावना भएर पनि शैक्षिक उन्नति गर्न नपाउने लैङ्गिक अन्यायको उद्घाटन (पृ. ८२-८३) गर्दै छोरीलाई जानकारी नगराई, उसको स्वीकृतिविना नै बिहे गरेर पठाउने अवस्थाको सूक्ष्म वर्णन गरिएको छ । नारीलाई उसको नाम र पहिचानविना नै व्यवहार गर्ने, लैङ्गिक तथा शारीरिक हिंसाजन्य

व्यवहार गर्ने (पृ. ८४) अवस्थालाई सचेत हुन सङ्केत (पृ. ८५) गरिएको छ । युवतीहरूमाथि यौन दुराचारी प्रवृत्ति भएका पुरुषहरूले यौनिक हिंसा जन्य व्यवहार गर्दा (पृ. १०३) पनि पितृसत्तात्मक पुरुषवादी मानसिकता भएका पुरुष तथा महिलाहरूले यौन दुराचारी पुरुषहरूलाई नै संरक्षण गर्ने प्रयत्न (पृ. १०४) गर्ने विभेदयुक्त परिवेशको उद्घाटन गरिएको छ ।

वर्गीय तथा जातीय विभेदका कारणले लैङ्गिक हिंसा र अन्याय अझ बढी हुने सङ्केत पनि गरिएको छ । छोरी जन्मिनुमा आमालाई अवैज्ञानिक आरोप लगाएर पीडा दिनु, छोरीलाई हेला गर्नु, छोरालाई स्कुल र छोरीलाई घाँस काट्न वन पठाइने (पृ. ११०) लैङ्गिक विभेद, अन्याय तथा अत्याचारका सन्दर्भहरू प्रस्तुत गर्दै यी पितृसत्तात्मक पुरुषवादी सामाजिक कुसंस्कारका परिणाम भएकाले त्यस्ता लैङ्गिक समस्यातर्फ नारी र पुरुष सजग ढङ्गले सक्रिय भई निराकरण गर्दै लैङ्गिक सन्तुलन कायम गर्नुपर्ने विचारसहित उपन्यासमा लैङ्गिकताका सन्दर्भ प्रस्तुत गरिएको छ ।

७.१.५ लैङ्गिक भूमिका

सहयात्री उपन्यासमा मूलतः लैङ्गिक, सामाजिक तथा राजनैतिक समस्यालाई आधार कथावस्तु बनाएर त्यस्ता समस्याको समाधानका लागि सशक्त चेतना निर्माण गरी राजनैतिक सङ्घर्ष तथा परिवर्तनका पक्षमा सफलता हासिल गर्न सक्षम अवस्था देखाइएकाले खास गरी लैङ्गिक दृष्टिले राजनैतिक वा सामुदायिक भूमिका प्रमुख स्थानमा रहेको देखिन्छ । त्यस्तै समाजका वास्तविक परिवेशको उद्घाटन गरेकाले अनुत्पादक, उत्पादक तथा पुनरुत्पादक भूमिका पनि रहेका छन् । लैङ्गिक दृष्टिले हेर्दा वैचारिक अपेक्षासहितको भूमिका लैङ्गिक सन्तुलनयुक्त रहेको पाइन्छ भने समाजको वास्तविकता वर्णनमा विभेदयुक्त लैङ्गिक भूमिकाको चित्रण भएको छ । उपन्यासकी केन्द्रीय पात्र इन्दुले घरमा पानी बोक्ने, घाँस काट्ने, दाउरा बोक्ने आदि घरायसी अनुत्पादक कार्य गरेकी (पृ. ३) छ । ग्रामीण पुरुषहरू पनि दाउरा काट्ने, गहुँ स्याहार्ने र बाँकी समय तास खेलेर (पृ. ४) समय खेर फाल्नेजस्ता अनुत्पादक कार्यमा लागेका छन् ।

पितृसत्तात्मक समाजमा परम्परादेखि नै गृहस्थीका अधिकांश कार्यहरू महिलाहरूले मात्र गर्नुपर्दथ्यो भन्ने अनुत्पादक भूमिकाका उदाहरण इन्दुकी सासूमार्फत यसरी व्यक्त भएका छन्, "आफ्ना पालामा हाम्ले कति गरिन्थ्यो । तीनतारे माथि छँदै उठेर आठ पाथी मकै सकेर, दैलोकुचो सकेर, पाँच खेप पानी ल्याएर, सिस्न्यार गएर बडेमाको भारी घाँस पल्टाएर त्यत्रा जहानको जुठा भाँडा सकेर पनि सबैसित बेंसी मेलामा पुगिन्थ्यो (पृ. ११) ।" यसबाट

परम्परागत विभेदयुक्त लैङ्गिक भूमिकाको उजागर भएको छ । अद्यापि यस्ता लैङ्गिक विभेदका भूमिकाहरू प्रचलनमै रहेका छन् । गाउँमा चेलीहरूले दाउरा, स्याउलाको भारी बोकेर जीवन गुजारेको स्थिति (पृ. १९) अनुत्पादक भूमिकाकै उदाहरण हो । इन्दुबाट ग्रामीण युवतीहरूलाई शिक्षा र चेतनातर्फ सजग गराउने प्रयत्न (पृ. २१) हुनु सामुदायिक भूमिका हो । हरिलाल सुब्बा पदमा जागिरे भएर नारायणघाटमा घर बनाउँदै गरेको (पृ. २५) अवस्था उत्पादक वा आर्थिक भूमिका हो । हत्या गरिएका नारीहरूका पक्षमा तथा समग्र नागरिक स्वतन्त्रताका लागि गरिएको सङ्घर्ष (पृ. ३०) को नेतृत्व नवराजले गरेको छ । यसलाई सामुदायिक भूमिका वा राजनैतिक भूमिकाका रूपमा लिनुपर्दछ । ज्योतिद्वारा गरिएको सचेत वैचारिक विश्वास निर्माण गरिदिने र राजनैतिक सक्रियतापूर्वक आफूलाई समाज तथा राष्ट्रका लागि समर्पित गर्ने कार्य (पृ. ५६) सामुदायिक वा राजनैतिक भूमिका हो । राधिकाले घर गृहस्थीको काम सम्हाल्ने तथा सन्तान जन्माउने कार्य (पृ. ६५) गरेकी छ । यो अनुत्पादक र पुनरुत्पादक भूमिका हो । कृष्ण राजनीतिक कार्यकर्ताका रूपमा क्रियाशील हुनु र इन्दुलाई समाजमा चेतना निर्माण गर्न हौसला दिएर राजनीतिक साङ्गठनिक दायित्व बहन गर्न हिँड्ने (पृ. ७७) जस्ता कामहरू सामुदायिक भूमिकाअन्तर्गत पर्दछन् ।

समाजमा विभिन्न समस्या भोगिरहेका नारीहरूलाई भेला गरेर सबैमा चेतना अभिवृद्धि गराउने काम इन्दुले गरेकी छ । त्यस्तै तीजको समारोहमा लैङ्गिक विभेदका प्रसङ्गहरूबाट सुसूचित गराउने कार्यहरू पनि सामुदायिक भूमिका हुन् । त्यस्तै ग्रामीण नारी तथा पुरुषहरूमा सामाजिक समस्याको उद्घाटन गर्दै तिनीहरूको समाधानका लागि राजनीतिक परिवर्तनको आह्वान गर्दै लैङ्गिक सशक्तता तथा सामाजिक न्यायका लागि सचेत तुल्याएर सभा समारोहमा नेतृत्व गरेर योजनाबद्ध सफलता हासिल गर्ने यात्राको अगुवाइ श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधि संस्थाको सदस्य बनेकी (पृ. ११२-११३) छ । यो सामुदायिक भूमिकाको सघन नमुना हो । त्यस्तै विष्णुमाया, दीनानाथ र पौडेल्नीले पनि लैङ्गिक सन्तुलन तथा सशक्तताको आव्हान गर्दै मन्तव्य (पृ. ११२) दिएका छन् जसलाई सामुदायिक कार्यकै सङ्केतका रूपमा लिन सकिन्छ । तानाशाही व्यवस्था र विभेदयुक्त समाजका विरुद्ध गरिएको आन्दोलनको नेतृत्व चन्दाबाट गरिनु (पृ. ११६) साथै त्यसको योजना इन्दुले निर्माण गर्नु (पृ. ११७) पनि सामुदायिक भूमिका हो ।

लक्ष्मी, कृष्णजस्ता पात्र राजनीतिक सक्रियतापूर्वक सहभागी भएर आन्दोलन सफल हुनु, नवराज आन्दोलनमा घाइते हुनु (पृ. ११९) आदि अवस्थाले सामुदायिक भूमिकालाई जनाउँछन् भने इन्दुले सन्तान जन्माउनु (पृ. १२०) पुनरुत्पादक भूमिका हो । यसरी *सहयात्री* उपन्यासमा

रहेका अधिकांश पात्रहरू सामुदायिक भूमिकामा देखिन्छन् । सामाजिक अवस्थाको वास्तविकता उद्घाटन गर्ने सन्दर्भमा अनुत्पादक भूमिकामा अधिकांश स्त्री चरित्रहरू रहेका छन् भने सोद्देश्यमूलक औपन्यासिक कथावस्तुमा स्त्री तथा पुरुषलाई समानान्तर र सन्तुलित भूमिका दिइएको छ । अझ नारीलाई सामुदायिक भूमिकाको अग्रभूमि प्रदान गरिनुले लैङ्गिक भूमिका अपेक्षित रहेको छ । तसर्थ लैङ्गिक दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा रहेका पात्रहरूको स्वाभाविक तथा सन्तुलित लैङ्गिक भूमिका रहेकाले सफल र प्रभावकारी बनेको छ । इन्दुलगायतका पात्रहरू समग्र सामाजिक तथा राष्ट्रिय अभियानमा सिङ्गो सचेत र क्रान्तिकारी समुदाय निर्माण गरी सफलता हासिल गर्न सक्षम रहेकाले पनि सामुदायिक भूमिकाको महत्त्वपूर्ण स्थान रहेको छ ।

७.१.६ लैङ्गिक समस्या

सहयात्री उपन्यास लैङ्गिक तथा सामाजिक समस्यालाई केन्द्रबिन्दु बनाएर ती समस्याहरूको समाधानका लागि राजनैतिक सङ्घर्ष र सफलतामा अभिमुख राजनैतिक उपन्यास हो । त्यसैले यहाँ लैङ्गिक विभेद, हिंसा, अपराध तथा अन्यायका बग्रेल्ती उदाहरणहरू रहेका छन् । समस्याका कारण सामाजिक तथा राजनैतिक प्रणाली हो भन्दै त्यस्तो लैङ्गिक विभेद तथा सामाजिक अन्यायपूर्ण प्रणालीको अन्त्यका लागि आह्वान गरिएको छ । ग्रामीण समाजका वास्तविक लैङ्गिक समस्याहरू उद्घाटन गर्न शीतविन्दु सफल रहेका छन् । वर्गीय विभेदयुक्त अवस्थामा लैङ्गिक समस्या अझ बढी हुने भएकाले समग्र सामाजिक संरचनातर्फ नै उपन्यासकार परिलक्षित देखिन्छन् । पितृसत्तात्मक परम्परावादी समाजमा छोरासमानकै देवरले पनि पुरुष भएकै कारण भाउजूलाई उपेक्षापूर्ण व्यवहार गर्दै आफ्नो प्रभुत्व स्थापित गर्ने प्रयत्नमा लागेको (पृ. ३) विभेदयुक्त अवस्था उपन्यासमा व्यक्त गरिएको छ । यसलाई सामाजिक संरचनाले निर्माण गरेको लैङ्गिक विभेदको सबल उदाहरण मान्न सकिन्छ । बुहारीलाई छोराको दौराको फेर समाएको भन्दै आश्रित र नियन्त्रित ठान्नु, बहुविवाह गर्नु, सासु ससुरा तथा जेठाजुलाई हेर्न र उनीहरूसँग बोल्न नहुनु (पृ. ६) लैङ्गिक विभेदयुक्त समस्या हुन् ।

पुरुषहरूले महिलामाथि गर्ने शारीरिक हिंसालाई यसरी चित्रण गरिएको छ, "घरकाको कीरा पर्ने हात चिलाउन थाल्छन् र जगल्ट्याउन गाड्छन् (पृ. ६) ।" उपर्युक्त कथनमा शारीरिक हिंसा र अपराध त छँदै छ साथै स्त्रीले पुरुषलाई 'घरका' भन्दै नाम लिन नमिल्ने विभेद व्यक्त भएको छ । छोरा जन्माउन नसक्ने भन्दै स्त्रीलाई पुरुषले उपेक्षा गर्ने र दोस्रो बिहे गर्ने गरेको यथार्थ उद्घाटन 'सानै उमेरमै छ ओटी छोरीकी आमा भैसकेकी सीताले छोरा जन्माउन

नसकेकाले सौताको भारी बोक्नुपरेको (पृ. ८) ।' सन्दर्भबाट गरिएको छ । यसबाट पुरुषले आफ्नो दोष नारीलाई थोपरेर तथा बहुविवाह गरेर लैङ्गिक अन्याय गरेको प्रस्ट हुन्छ । बिहेपछि लोग्नेको मृत्यु भएका एकल महिलालाई बोक्सीको आरोपमा लैङ्गिक हिंसा र अत्याचार गर्ने गरेको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ, "उनी बिहा भएर यहाँ आएकै वर्ष उसको लोग्ने सन्निपातले गर्दा मरेको थियो र देवर भीरबाट खसेको थियो । त्यसैले सबैले उसलाई बोक्सी भन्छन्, गाली गर्छन्, सराप्छन् (पृ. १०) ।" यसबाट परम्परागत पितृसत्तात्मक सङ्कीर्ण मानसिकताका कारणले नारीहरूले हिंसाजन्य व्यवहार खेप्न बाध्य बनेको वास्तविकता उजागर भएको छ । सामाजिक संस्कारभन्दा भिन्न ढङ्गले घर भित्र्याइएकी बुहारीलाई गरिने विभेद र अन्यायपूर्ण व्यवहार उद्घाटन गर्दै इन्दुले भोग्नुपरेको वास्तविकता प्रकट गरिएको छ । "उनी एउटा फिर्का तानेर ढिकमुनि बस्छिन्, चिना हेराएर, लगन जुराएर, जग्गे बसालेर कन्यादान नभएकाले उनलाई चुलामा जाने अधिकार छैन (पृ. ११) ।" यस्तो परम्परागत संस्कारभन्दा भिन्न ढङ्गले बिहे गर्ने पुरुषलाई सम्मानपूर्ण व्यवहार हुने र नारी उपेक्षित हुने अवस्था तुलनात्मक रूपले पनि अत्यन्त विभेदयुक्त अत्याचार हो ।

बिहान सबेरैदेखि राति अबेलासम्म निरन्तर काममा जोतिइरहने बुहारीलाई परिवारका अन्य सदस्यले खाएजस्तै सन्तुलित खाना नदिएर उपेक्षापूर्वक वस्तुसरह व्यवहार गर्दै निम्नस्तरको खानेकुरा दिने (पृ. ११) सन्दर्भ लैङ्गिक विभेद र समस्याको ज्वलन्त नमुना हो । निम्नपुँजीवादी प्रवृति बोकेको हरिलालले तीन ओटा बच्चाकी आमा भइसकेकी आफ्नी पत्नीलाई नराम्री भनेर सहरमा नक्कली केटीसँग अर्को बिहे गर्नु (पृ. २४) पनि लैङ्गिक विभेदको अवस्था हो । दुइटी चेलीका लासहरू सेतीका किनारामा सडिरहेको (पृ. २९) अवस्था यौनिक हिंसा र अपराधको सङ्केत हो । गगनसिंहले आफ्नो स्वार्थपूर्ति गर्न र मुद्दा जित्नका लागि बाबुले छोरीलाई वस्तुसरह बेच्ने परिवेशले (पृ. ५२) लैङ्गिक हिंसा र अन्यायको उद्घाटन गरेको छ । त्यस्तै उसैले आफ्नी पत्नीलाई बुटले छातीमा हिर्काउनु (पृ. ५३) शारीरिक हिंसा हो । इन्दुलाई बसमा यात्रा गर्दा गुण्डाजस्ता केटाहरूले घिनलाग्दा आँखाहरूले हेर्नु (पृ. ६०) यौनिक हिंसाजन्य व्यवहार हो । बालविवाहले समाजमा लैङ्गिक अधीनता र अन्याय निम्त्याएको वास्तविकता प्रस्ट पारिएको छ । "नौ वर्षको उमेरमा उनलाई जबरजस्ती डोलीमा चढाइएको थियो (पृ. ६५) ।" त्यस्तै पत्नीका चाहना र आवश्यकता नबुझ्ने पुरुषहरूले आफ्ना स्वार्थ मात्र पूरा गर्ने (पृ. ६५) गर्दछन् भन्दै लैङ्गिक अन्यायलाई उजागर गरिएको छ ।

साइँलीको सात वर्षको उमेरमा भएको बालविवाह तथा एघार वर्षको उमेरदेखि घर गर्न थालेको स्थिति (पृ. ८१) ससुरालाई घिउ हालेको भात, अरूलाई जडनको भात तथा

बुहारीहरूलाई आटो दिने त्यो पनि अपुग भएर माटो खान बाध्य हुनुपर्ने (पृ. ८२) अवस्थाको चित्रणले नेपाली समाजमा रहेको लैङ्गिक समस्या उजागर गरेको छ । किशोरावस्थामा नै सुत्केरी हुनुपर्ने, सुत्केरी अवस्थामा उपेक्षा र घृणा बेहोर्नुपर्ने (पृ. ८२) जस्ता विवशताले लैङ्गिक अन्यायलाई देखाउँछन् । उत्कृष्ट सम्भावना भएकी विष्णुले शैक्षिक क्षमता विकास गर्नका लागि विभेदयुक्त व्यवहार भोग्नुपरेको यथार्थ पनि यसरी उजागर गरिएको छ, "मैले सात कक्षासम्म पढ्दा सधैभरि पहिला कि दोस्रा हुन्थेँ । ... बिहान अँधेरै उठेर घाँस ल्याउँथे र अलिकति भए पनि पढ्थेँ । साँझ पनि स्कुलबाट आएपछि घाँस, पानी पुऱ्याएर पढ्न बस्थेँ । दाजुभाइलाई काम गर्नु पर्दैनथ्यो, उनीहरूका लागि पढ्ने छुट्टै कोठा थियो । मैले भने राती अबेलासम्म अँगेनाको छेउमा धुँवामा पिल्सिएर पढ्नुपर्थ्यो (पृ. ८२) ।" यसबाट नेपाली समाजमा छोरा र छोरीप्रति गरिने लैङ्गिक विभेद, शोषण र अन्याय स्पष्ट हुन्छ । त्यति मात्र होइन त्यस्तो दुःखपूर्ण स्थितिमा पनि पढ्न चाहने विष्णुजस्ता किशोरीहरूलाई उनीहरूको असहमति र चाहनाविना नै बिहे गरेर वस्तुसरह पठाइदिने (पृ. ८३) विभेदकारी सामाजिक संरचनाका वास्तविकता देखाइएको छ ।

उपन्यासकारले पितृसत्तात्मक सामाजिक परिवेशका नारीहरूले बालविवाह, अनमेल विवाहका कारण भोग्नु परेका एकल महिलाका समस्या, बहुविवाहका समस्या, अनिच्छापूर्वक गर्भाधान गर्नुपर्ने समस्या आदि लैङ्गिक समस्यालाई उजागर गरेका छन् । पौडेल्नी माइलीले भोगेको लैङ्गिक अत्याचार यस्तो छ "नौ वर्षको उमेरमा ५२ वर्षे बूढासँग मेरो बिहा भएको हो । मेरा अन्धा दाइको बिहा गर्न मलाई साटो हालेका थिए । ... बाजेजस्ता बूढाको खुट्टाको जल खानपर्दा कस्तो भयो होला ? पन्ध्र वर्षको उमेरमा मलाई विधुवा हुनुपऱ्यो । ... मेरो अंशजति जेठाजु र देवर मिलेर खाइदिए । ... जनतन एक मुठी परान धानेर बसेकी छु । तर उल्टै हामी बोक्सी रे (पृ. ८४) !" यस्ता अत्यन्त अमानवीय र क्रूर लैङ्गिक हिंसा बेहोरेका कैयौ वास्तविकताले नेपाली समाजको लैङ्गिक हिंसा, अपराध तथा अत्याचारका सबल नमुनाको उद्घाटन गरेका छन् । पल्लारे साइँलीले भोगेका शारीरिक यातना तथा हिंसाले लैङ्गिक समस्याको जर्जर अवस्थालाई सङ्केत गरेको देखिन्छ । "त्यहाँ नील डाम छन् र एउटा गहिरो घाउ छ । उनले मजेत्रो हटाउँछिन् । रौं उखेलिएका टाटाहरू छर्लङ्गै देखिन्छन् (पृ. ८४) ।" मध्यरातसम्म भान्सा कुरेर बसिरहेकी पत्नीलाई रक्सीले मातेर आएको पतिले चिरुवा दाउराले हानेर (पृ. ८४) लैङ्गिक हिंसा र यातना दिने गरेका यथार्थ अवस्था देखाइएको छ ।

लैङ्गिक समस्याको यस्तो विकराल अवस्थाको सघन चित्रण गर्न शीतविन्दु सफल भएका छन् । उपन्यासका पुरुष पात्रहरूले पत्नीको नामअनुसार सम्बोधन नगरी आइमाई, कोप्ची,

कुकुर्नी, राँडी, राछेस्नी भन्दै (पृ. ८४) नियन्त्रण र अन्याय गर्ने गरेको स्थिति लैङ्गिक विभेद र अत्याचार हो । युवतीहरू यौन दुराचारी पुरुषहरूको यौन हिंसाका सिकार बनेको स्थिति चन्द्रालाई धर्मेले गरेको व्यवहारबाट (पृ. १०३) प्रस्ट हुन्छ । "उसका क्रूर हातहरूले उनलाई चरप्प अँठ्याउँछन् । उनको धोती च्यातिन्छ चोली उधिन्छ । उनी छटपटाउँछिन् (पृ. १०३) ।" नारीहरू पुरुषबाट प्रत्येक पक्षमा हिंसाजन्य र अन्यायपूर्ण व्यवहारका सिकार बनेका अवस्थाले लैङ्गिक समस्याका अनेकौं नमुना पेस गरेका छन् । यसरी *सहयात्री* उपन्यासमा तत्कालीन समयका पितृसत्तात्मक सामाजिक संरचनाम भए गरेका लैङ्गिक विभेद, अन्याय तथा अत्याचारका सन्दर्भहरूलाई लैङ्गिक समस्याका रूपमा विशिष्ट ढाँचामा यथार्थपरक किसिमले प्रस्तुत गरिएको छ । यस्ता लैङ्गिक समस्या वर्तमान समयमा पनि उत्तिकै रहेका छन् ।

७.१.७ लैङ्गिक चेतना र सशक्तीकरण

प्रगतिवादी विचारसहित लैङ्गिक सन्तुलन तथा सशक्तीकरण गर्दै नारी र पुरुषलाई समानान्तर भूमिका दिई नारीलाई समानान्तर बनाइएको *सहयात्री* लैङ्गिक दृष्टिले महत्त्वपूर्ण एवम् प्रभावकारी उपन्यासका रूपमा रहेको छ । वैचारिक आग्रहसहित लैङ्गिक चेतना र सशक्तीकरणलाई प्राधान्य दिइएकाले यो उपन्यास महत्त्वपूर्ण छ । समाजमा हुने विभिन्न लैङ्गिक समस्याहरूको सूक्ष्म विचरण गर्दै ती समस्याको निराकरण गर्ने ध्येय राखिएकाले उच्च स्थान त छँदै छ, त्यसका अतिरिक्त विभिन्न राजनैतिक तथा सामाजिक अन्याय एवम् विभेदका विरुद्धमा नारी र पुरुषलाई समान महत्त्वका साथ सक्रिय तुल्याइएकाले पनि थप उपलब्धिमूलक बनेको छ । त्यस्तै पितृसत्तात्मक सङ्कीर्ण मानसिकता भएका प्रौढ स्त्री र पुरुषमा समेत लैङ्गिक तथा राजनीतिक चेतना अभिवृद्धि गर्दै परिवर्तनको अभियान सक्रिय बनाइएको छ । परम्परित अन्यायपूर्ण र विभेदकारी संरचनाको अन्त्य गर्न गरिएको आन्दोलन सफल भएको देखाएर लैङ्गिक सफलता तथा सक्षमता प्रस्तुत गरिएको छ । उपन्यासकी केन्द्रीय पात्र तथा अन्य अधिकांश नारी पात्रहरूमा लैङ्गिक चेतना र सशक्तीकरणको सघन अवस्था देखाइएको छ । पुरुष पात्रहरूले पनि लैङ्गिक दृष्टिले सम्मानपूर्ण आचरण व्यवहृत गर्दै सामाजिक र लैङ्गिक समस्या समाधानमा सशक्त भूमिका खेलेका छन् ।

उपन्यासका प्रमुख नारी र पुरुष पात्र दुबैले विभिन्न समस्याको समाधानका लागि आफूलाई निरन्तर सक्रिय तुल्याएका छन् फलस्वरूप सफलता समेत हासिल भएको छ । उपन्यासकी प्रमुख नारी पात्र इन्दुले समाजमा रहेका लैङ्गिक समस्या तथा अत्याचारको गहन अध्ययन गरी ती विभेदका विरुद्धमा समुदायलाई नै प्रशिक्षित गर्न सफल बनेकी र न्यायका

लागि गरिएको सङ्घर्षको नेतृत्व समेत गरेकी छन् भने लेखकीय विचार तथा भावनाको समेत प्रतिनिधित्व गर्दै मुख पात्र बनेकी छन् । त्यसो त लेखकीय मुख्य विचार तथा औपन्यासिक उद्देश्यलाई ज्योति, नवराज, कृष्ण आदि पात्रले सैद्धान्तिक रूपमा ग्रहण गरेका छन् भने उक्त पात्रमा भएको वैचारिक धारलाई इन्दुले व्यवहारमा उतार्न सफल बनेकी छन् । साथै ज्योति र नवराजले भोगेका भोगाइ, दृढता तथा आत्मविश्वासले पनि वैचारिक प्रखरतासहित व्यावहारिक उच्चता प्राप्त गरेको देखिन्छ । त्यसैले *सहयात्री* लैङ्गिक चेतना र सशक्तीकरणका सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण तथा सार्थक उपन्यास बनेको छ । लक्ष्मीद्वारा गरिएको भाउजू इन्दुप्रतिको उपेक्षा भाव र व्यवहार लैङ्गिक संवेदनशील नदेखिएकाले नन्द एकदिन भाउजू बन्नैपर्ने सामाजिक यथार्थ स्वीकार गर्दै नारीले नारीको लैङ्गिक अत्याचारपूर्ण व्यवहारका विरुद्ध सचेत तथा संवेदनशील बन्न (पृ.१०) आग्रह गर्दै समलैङ्गिक भावनात्मक विचार प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजले विभिन्न आभुषण तथा शृङ्गार गर्न लगाएर नारीलाई दासी बनाउने गरेको विचार व्यक्त गर्दै त्यस्ता लैङ्गिक विभेद र अन्यायलाई अन्त्य गर्न पढेर सचेत बन्नुपर्ने विचार व्यक्त भएको छ । "यी गहना त हामी नारीलाई दासी बनाइराख्न पुरुषले बनाएका हुन् । हाम्लाई यिनै गहना र कपडाले सिंगारेर खेलौना बनाउँछन् । यस्ता बन्धन तोड्नुपर्छ । ... पढ्नुपर्छ नानी, नयाँनयाँ किताब पढ्नुपर्छ, आँखा देख्नुपर्छ (पृ. २१) ।" उपर्युक्त अभिव्यक्तिले सघन लैङ्गिक विचारको सशक्त सङ्केत गरेको छ । परम्परागत विवाह जसमा छोरीलाई अभिभावकले पूर्ण नियन्त्रण र निर्देशन दिँदै अनचिनारु पुरुषसँग पठाइदिने गर्छन्, त्यस्तो लैङ्गिक अन्यायका विरुद्ध इन्दुले सचेत विचार प्रकट गर्दै भन्छे, "हजुरहरू मलाई गहना कपडाले सिंगारेर पुतलीजस्तै बनाएर बिक्री गर्न चाहनुहुन्थ्यो हैन ? भो, चाहिएन हजुरहरूको धनसम्पत्ति, आफै राख्नुहोस् (पृ. २९) ।" त्यस्तै यौनिक हिंसा र बलात्कारपछि दुई युवतीको हत्या भएको घटनापछि आन्दोलित बनेका जनसमुदायलाई सम्बोधन गर्दै नवराजले मानव अधिकार तथा लैङ्गिक सशक्तताका पक्षमा आवाज उठाएको (पृ. ३०) देखिन्छ । इन्दुले राजनीतिमा सक्रिय सहभागी भएर समाज र राष्ट्रको परिवर्तनका लागि नारीहरू पनि पुरुषसरह सक्षम रहेको तथा सङ्घर्षमा समर्पित हुन चाहेको अभिव्यक्ति (पृ. ३३) दिएर लैङ्गिक सशक्तताको उदाहरण पेस गरेकी छन् । "के देशका कैयौ महिलाहरूले त्यो गोरेटोमा हिँडेका छैनन् र ! के तपाईं पुरुषहरू मात्र यी सबै दुःख सहन सक्छन्, महिलाहरूचाहिँ सक्दैनन् भन्ने ठान्नुहुन्छ ? ... म सहिदहरूको बाटो पछ्याउन चाहन्छु, महिलाहरू अबला र कायर हुन्छन्, उनीहरू शृङ्गार र गृहस्थी मात्र रुचाउँछन् भन्नेहरूको मुखमा बुझो ठोक्न चाहन्छु (पृ. ३३) ।"

यसबाट नारीमा राजनीति र सामुदायिक क्षेत्रमा समानान्तर ढङ्गले अग्रसर भएर परिवर्तनका लागि योद्धा बन्ने आत्मविश्वास भएको सघन विचारको पुष्टि हुन्छ ।

निम्नपुँजीवादी प्रवृत्ति भएका र पितृसत्तात्मक संरचनाको अत्याचार बुझ्न नसकी आनन्द, भोगविलास तथा आडम्बरमा रमाउने सरिताजस्ता चरित्र भएका नारीहरूका कारणले पनि लैङ्गिक विभेदलाई टेवा पुगेको विचार राख्दै त्यस्ता प्रवृत्तिको विरोध गरेर सशक्त विचार व्यक्त गरिएको छ । "तिमीजस्तै मैयाँ सा'पहरूले गर्दा नै पुरुषहरूले आजसम्म हामीमाथि हैकम चलाउन पाएका हुन् । बुझ्यौ सरिता, अब महिलाहरू पैसा र गहनामा बिकेर दासी हुन तयार छैनन् । ... हामी भोकै हुन सक्छौं, नाङ्गै हुन सक्छौं तर तुच्छ सुख सुविधाका लागि तिमीले जस्तै आत्मा बेच्न तयार छैनौं (पृ. ४६) ।" यस अभिव्यक्तिमा क्षणिक सुख तथा पुरुष अधीन आनन्दमा रमाउने नारीहरूलाई पनि त्यस्तो दासत्वबाट मुक्त हुन आग्रह गरिएको छ । साथै त्यस्ता पितृसत्तात्मक सङ्कीर्ण चिन्तनको भरणपोषण गर्ने नारीहरूतर्फ व्यङ्ग्य गरेको पनि देखिन्छ । भ्रष्टाचारी बाबुले आफ्नो स्वार्थपूर्ति गर्नका लागि छोरीलाई वस्तुसरह बिक्री गर्ने शैलीमा परपुरुषसँग बिहे गरेर पठाउने निर्णय गरेपछि त्यसका विरुद्ध सशक्त आवाजसहित बिहे नगर्ने विचार छोरी ज्योतिले व्यक्त गर्नु, नियन्त्रणबाट मुक्त भएर स्वतन्त्र जीवनका लागि घरबाट भाग्नु (पृ. ५३) जस्ता व्यवहारमा लैङ्गिक स्वतन्त्रता र अस्तित्व देखिन्छ । नारीलाई त्यस्तो पीडादायी र हिंसाजन्य व्यवहार भोग्न बाध्य बनाउने भ्रष्ट समाजलई ध्वस्त पारेर सुन्दर समाजको निर्माणका लागि समर्पित भई सङ्घर्ष गरेको (पृ. ५४) कार्य लैङ्गिक सशक्तीकरण र सक्षमता हो । सङ्कीर्ण तथा पिछडिएको ग्रामीण समाजमा परिवर्तनको चेतना विकास गर्न नसकी पोखरा फर्किएकी इन्दु पुनः उक्त समाजमा गएर सङ्घर्ष गर्दै परिवर्तनका लागि दृढ बन्ने सङ्कल्प (पृ. ५६, ५९) पनि चेतना र आत्मविश्वासको सङ्केत हो ।

भ्रममा परेका आफ्ना ससुरा तथा परिवारलाई सचेत विचारसहित सामाजिक रूपान्तरणको सान्दर्भिकता प्रस्ट पार्नु (पृ. ६४) गाउँमा हेपिएर दुःखपूर्ण जीवन बिताएका नारी तथा पुरुषलाई चेतनशील बनाउँदै अधिकार र अस्तित्वप्रति उत्प्रेरित गर्नु (पृ. ८०, ८२) जस्ता कार्यले इन्दुमा सघन एवम् दृढ क्षमता भएको देखिन्छ । कुनै लोग्नेमान्छेभन्दा नारीहरू कमजोर र अशक्त नभएको तथा बाहिरी कामसहित घरभित्रका सम्पूर्ण समस्या हल गरी बच्चाको पालनपोषण लगायतका कामहरू पनि सम्पन्न गरेकाले सम्पूर्ण सृष्टि नै नारीले धान्ने गरेको (पृ. ८५) अवस्था उद्घाटन गर्दै सक्षमताका उदाहरण पेस गरिएको छ । सामूहिक एकता र भावनाको विकास गरेर परम्परागत पितृसत्तात्मक समाजको अन्त्य र समानतामूलक समाज निर्माण गरी लैङ्गिक सन्तुलन कायम गर्न सकेको खण्डमा स्वर्ग पृथ्वीमा नै बन्ने विश्वास (पृ. ८६) समेत

व्यक्त गरिएको छ । अधिकार मागेर होइन सोद्देश्यमूलक अभियान र सङ्घर्षबाट प्राप्त गर्नुपर्ने (पृ. ८९) सङ्घर्षशील धारणा प्रस्तुत भएको छ । सामाजिक रूपान्तरण तथा सङ्घर्षमा मायालु, सहयोगी र आत्मिक सहयात्री भएपछि सजिलै सफलता प्राप्त गर्न सकिने (पृ. १००) विचार लैङ्गिक सम्मान तथा समानान्तर भूमिकाको अपेक्षा हो । युवतीहरूको इज्जत तथा प्रतिष्ठा सबभन्दा ठूलो कुरा मान्दै समाजमा उच्च वर्गीय पुरुष तथा महिला बराबर नै निम्नवर्गीय नारी पुरुषको अस्तित्व रहेको वर्गीय र लैङ्गिक विचार (पृ. १०५) व्यक्त गर्दै उपन्यासकारले निम्नवर्गीय नारीहरूले लैङ्गिक हिंसा अझ बढी भोग्नु परेकाले त्यसतर्फ सचेत हुन आग्रह गरेका छन् ।

नारीको अस्मितामाथि अत्याचार गर्नेलाई कार्वाहीको दायरामा ल्याउनुपर्ने (पृ. १०६) आवाजसहित धर्मेलाई सामाजिक बेइज्जत गरी (पृ. १०६) अत्याचारको विरुद्धमा सशक्त व्यवहार प्रकट गरेको देखाएर लैङ्गिक सशक्तता तथा सम्मानको पक्षपोषण गरिएको छ । सामाजिक शोषण, अन्याय र अत्याचारका विरुद्धमा गाउँभरका नारी पुरुषको समान सहभागितामा जागरण सभाको आयोजना (पृ. १०९) गरी विभेदयुक्त समाजलाई चुनौती दिँदै इन्दु भन्छिन्, “हामी थोपाथोपा पानीहरू एकै ठाउँमा सँगालिएर नदी बन्नुपर्ने बेला आएको छ । त्यसो भयो भने हामीले जस्तासुकै ढिस्काहरू पनि भत्काउन सक्नेछौं । सम्झिराखौं, रात जतिसुकै लामो भए पनि उज्यालो अवश्य हुनेछ (पृ. ११२) ।” यसले सामूहिक सशक्त सक्रियता र समर्पणबाट समानतामूलक समाजको निर्माण सुनिश्चित भएको सङ्केत गर्दछ । लैङ्गिक विभेद अन्त्य गर्न पुरुष र महिलाको समान भूमिका औल्याउँदै पुरुषले महिलालाई मात्र शोषण र दमन नगर्ने तथा महिला पनि आफ्नो अधिकार तथा अस्तित्वप्रति सचेत हुनुपर्ने (पृ. ११२) धारणा राखिएको छ । इन्दु राजनीतिक संस्थाको सदस्य बनेर (पृ. ११३) सामाजिक परिवर्तनका लागि गरिएको सङ्घर्षको अगुवाइ गर्दै नेतृत्व सम्हालेको घटना लैङ्गिक सशक्तीकरणको बलियो दृष्टान्त हो । चन्द्राको अगुवाइ तथा इन्दुको योजनामा तमाम महिला र पुरुष सम्मिलित समूह सङ्घर्ष जारी राख्दै (पृ. ११६, ११७) सफलतातर्फ अभिमुख भएको देखिन्छ ।

नारी पुरुषको सक्रिय सहभागिता र सङ्घर्षले परम्परावादी समाजका नाइके शासकहरूको शासन समाप्त भएर प्रजातन्त्रको स्थापना (पृ. ११९) हुनु परिवर्तनकारी तथा न्यायप्रेमी समुदायको विजय हो । *सहयात्री* उपन्यास विभिन्न लैङ्गिक हिंसा तथा सामाजिक समस्याको अन्त्य गर्न नारी र पुरुषको समानान्तर राजनैतिक सङ्घर्ष एवम् सामाजिक लैङ्गिक जागरण सफल बनेको छ । सचेतना र सशक्त विचारसहित दृढ आत्मविश्वास बोकेर समर्पित हुने हो भने जस्तोसुकै पिछडिएको समाजमा पनि परिवर्तनको ज्योति बाल्न सम्भव हुन्छ । समाजको

सक्षमतामा नारीको केन्द्रीय भूमिका हुने देखाइएकाले यस उपन्यासमा लैङ्गिक सशक्तीकरण र लैङ्गिक सन्तुलनलाई प्राथमिकता दिइएको देखिन्छ ।

७.१.८ यौनिकता

प्रस्तुत उपन्यास विभिन्न राजनैतिक, लैङ्गिक, वर्गीय तथा सामाजिक समस्या र समाधानमा केन्द्रित रहेकाले मनोयौनिकताका सन्दर्भहरू खासै प्रयोग भएका छैनन् । विपरीत लिङ्गी मनोयौनिकताका छिटफुट सन्दर्भ रहेको यस उपन्यासमा अन्य यौनिकताका सन्दर्भहरू शून्य रहेका छन् । नन्दा र माइलीको एकापसको संवादमा (पृ. २०) विपरीत लिङ्गी मनोयौनिक भावहरू देखिन्छन् । "छ्या कस्तो जुरुकजुरुक गर्छेस् । छुट्टिएको एक घन्टा भा'छैन, चिटचिट पसिना काढ्दै छे । कसैको नभा'को बूढो केरै, खुब आत्तिन्छे (पृ. २० ।" यहाँ नन्दाले माइली घर जान हतार गरेको अवस्था यौन आशक्ति हो भन्ने अर्थमा उपर्युक्त अभिव्यक्ति दिएकी छ । राम्रो केटो देखे हुरुक्क हुने (पृ. २०) भन्ने सन्दर्भ विपरीत लिङ्गी यौनिकता हो ।

माइलीको अभिव्यक्तिमा पनि मनोयौनिक चाहना र स्वाभाविकता देखिन्छ । "तँजस्ती वनवनै दस जनालाई ढुकेर हिँड्ने पात्तर हुँ र म ? आत्तिन्छु त आफ्नै लोग्नेको लागि आत्तिन्छु (पृ. २०) ।" यस्ता अभिव्यक्ति ग्रामीण युवतीहरूका यौनमनोविज्ञानमा आधारित रहेका स्वाभाविक र सान्दर्भिक अभिव्यक्ति हुन् जहाँ विपरीत लिङ्गी यौनिकता प्रकट भएको देखिन्छ । लैङ्गिक अस्तित्व, स्वतन्त्रता तथा मानव अधिकारको आन्दोलनमा प्रहरीबाट घाइते बनाइएको नवराजसँगै बस्न चाहनु र हेरविचारमा तन्मयताका साथ सहभागी हुनु (पृ. ३१) इन्दुको मानवीय सद्भाव र सङ्घर्षप्रतिको ऐक्यबद्धता भएरै पनि विपरीत लिङ्गी मनोयौनिक भावनात्मक सम्बन्ध समेत रहेको देखिन्छ । नवराजले इन्दुलाई पूर्णिमाको जूनसँग तुलना गर्दै उसतर्फ हेर्दा आँखा जुध्नु (पृ. ३३) र नवराजका आँखामा उल्लासमय दीप्ति चम्किनुका साथै भावपूर्ण मुस्कानका साथ इन्दुलाई हेर्नु (पृ. ३४) जस्ता कार्यहरू शिष्ट तथा भावनात्मक मनोयौनिक चिन्हहरू हुन् । विपरीत लिङ्गी मनोयौनिक भावनाको मूर्ततास्वरूप इन्दु र नवराजबिच विवाह (पृ. ३४) भएको हो । यद्यपि सामाजिक, राजनैतिक तथा वैचारिक पक्षहरू अनपेक्षित रहेको भने होइन । यस उपन्यासमा मनोयौनिक सन्दर्भहरूको जेजति चर्चा र उठान गरिएको छ ती अत्यन्त शिष्ट, स्वाभाविक तथा सान्दर्भिक रहेका छन् । यौनिक हिंसा तथा अपराध र उपभोगका सङ्केत विभिन्न अवस्था आएका भए पनि स्वाभाविक तथा अपेक्षित र सन्तुलित मनोयौनिकताका पक्षहरूका उपर्युल्लिखित उदाहरण जो विपरीत लिङ्गी यौनिक मनोविज्ञानसँग

सम्बन्धित छन्, तिनीहरूको स्वाभाविक प्रस्तुतिले उपन्यासलाई व्यवस्थित र प्रभावकारी बनाएको छ ।

७.१.९ लैङ्गिकताको भाषा

सहयात्री सामाजिक रूपान्तरण गरी समानतामूल समाजको निर्माण गर्नका लागि समानान्तर लैङ्गिक भूमिकाको आग्रह गर्दै लैङ्गिक असमानता एवम् अत्याचारको अन्त्यका निम्ति राजनैतिक परिवर्तन र लैङ्गिक चेतना आवश्यक रहेको समाजवादी वा प्रगतिवादी विचारलाई मूल उद्देश्य बनाएर तयार पारिएको उपन्यास हो । नेपाली समाजका खास गरी ग्रामीण जीवनमा रहेका सामाजिक तथा लैङ्गिक अन्याय, अत्याचार एवम् असन्तुलनको यथार्थपरक उद्घाटन गरिएकाले पितृसत्तात्मक सामाजिक संरचनाले निर्माण गरेका मूल्यका साथै लैङ्गिकताको भाषालाई तथ्यपरक र पात्रानुकूल ढङ्गले उठान गरिएको छ ।

लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *सहयात्री*मा प्रयुक्त भाषा अपेक्षित, सशक्त एवम् सन्तुलित छैन तर लैङ्गिक विभेदयुक्त सामाजिक संरचनाको उद्घाटन गरी लैङ्गिक विभेदयुक्त र हिंसाजन्य भाषाको के कसरी प्रयोग गर्दै पितृसत्ताले महिलाहरूलाई आफ्नो अधीन एवम् नियन्त्रणमा राख्ने गर्दछ भन्ने कुराको वास्तविक भाषिक सन्दर्भ प्रस्तुत गरिएको छ । उपन्यासमा सामाजिक संरचनाअनुसारको विभेदयुक्त लैङ्गिकताको भाषाको प्रयोग भएको छ । जस्तै: देवरहरूले भाउजूलाई 'तिमी' भनेर सम्बोधन गरेको "भाउजू, घर आऊ रे (पृ. २) !" अभिव्यक्तिले विभेदको उजागर गरेको छ । "हजुर हिँड्दै गर्नोस् (पृ. ३) ।" इन्दुले उच्च आदरसहित छोरासमानको देवरलाई सम्बोधन गरेको स्थिति छ । यी दुई अभिव्यक्तिले नेपाली समाजको लैङ्गिकताको अन्यायपूर्ण अवस्थालाई चित्रित गरेका छन् । बुहारीलाई व्यङ्ग्यपूर्ण 'सवारी भा'छैन' (पृ. ४) भन्नु, सिन्दुर पोते नलगाउँदा विधुवाजस्तै (पृ. ५) ठान्नु, गर्भवती अवस्थालाई 'ब्याउने' (पृ. ५) भन्नु, सन्तान जन्माउने कार्यलाई छाउरो जन्माउनु (पृ. ५) भन्नु, छोराको दौराको फेरो समाएर आएका (पृ. ६) भन्नु आदि अभिव्यक्ति उपन्यासमा प्रयुक्त लैङ्गिक अन्यायपूर्ण अवस्था उद्घाटन गर्ने लैङ्गिकताका भाषा हुन् । पतिलाई शिरको स्वामी मान्दै उनको नामसमेत लिन नहुने (पृ. ८) पितृसत्तात्मक मानसिकताले जकटिएको नेपाली समाजमा लैङ्गिक अधीनता र अत्याचारका वस्तुसत्यको उद्घाटनलाई *सहयात्री*मा प्रयोग भएको लैङ्गिकताको भाषाले जीवन्तता प्रदान गरेको छ । आफू भ्रष्टाचारबाट जोगिन गुन्डासँग बिहे गरिदिने निर्णय गरेको गगनसिंहले आफ्नी छोरी ज्योतिलाई "तँलाई नकटी ! अझ मुख लाग्छेस् ? आफ्नै बाबुलाई जिउँदै नर्कमा हाल्न खोज्दै छस् ... (पृ. ५३) ।" भन्दै हिंसात्मक

भाषाको प्रयोग गरेका छन् भने पत्नीलाई "तँ रन्डीले गर्दा यो यस्तो भुइमा न भाँडामा भएकी हो (पृ. ५३)।" समेत भनेको स्थितिले लैङ्गिक अत्याचारयुक्त अवस्थाको उद्घाटन गरेको छ।

यस्तो भाषाबाट उपन्यासकारले पात्रानुकूलको भाषिक संयोजन गरेको देखिन्छ। लाहुरे पुरुषले वृद्धालाई गन्धे बुढिया (पृ. ६०) भन्नु, बुहारीहरूलाई बिरामी हुँदा पनि काम गर्नका अल्छीले स्वाङ पार्छे, अलच्छिनी (पृ. ७१) भन्नु, आइमाईहरू रुद्रघन्टी नभएका जात भन्दै बोल्दा पोथी बासेको (पृ. ७१) भन्नु आदि पनि अत्याचारपूर्ण र हिंसात्मक लैङ्गिकताका भाषा हुन्। छोरो जन्मे खसी छोरी जन्मे फर्सी (पृ. ७१), छोरी मान्छे त्यसरी हाँस्नु हुन्न, छोरी स्वभावकी हुनुपर्छ, छोरीले पढेर के गर्ने (पृ. ७१) आदि ग्रामीण समाजका पितृसत्तात्मक सङ्कीर्ण चिन्तनको उद्घाटनमा प्रयोग गरिएका भाषिक पक्ष हुन्। *सहयात्री*मा नवराज र इन्दुबिचको भाषिक व्यवहार (पृ. ३२) तथा इन्दु र कृष्णबिचको भाषिक व्यवहार (पृ. ७६) ले भाषिक सन्तुलनको सङ्केत गरेको छ। उपन्यासमा 'डुँडी', 'खोरन्डी', 'अन्धी', 'कुकुर्नीजस्ती', 'वेस्से' (पृ. ८३) आदि शब्दको प्रयोग गरिएको छ। जुन लैङ्गिक दृष्टिले अनपेक्षित हुन्। ग्रामीण पितृसत्तात्मक पुरुषवादी समाजमा पत्नीको नामले सम्बोधन नगरी 'आइमाई' 'कोप्ची' 'कुकुर्नी', 'राँडी', 'राछेस्नी' (पृ. ८४) आदि शब्दबाट सम्बोधन गरिने अन्यायपूर्ण सन्दर्भको उजागर गर्दै त्यस्ता हिंसाजन्य भाषिक प्रयोगप्रति विद्रोही भावनासहित लैङ्गिक चेतनाको वैचारिक प्रवाह उठान गर्दै समाजमा व्याप्त लैङ्गिकताको भाषाको स्वाभाविक चित्रण गरिएको छ। मागेर पाइँदैन, रोएर आउँदैन, बादलु फाटेको हाम्रो सुदिन, मूल बाटो रोजी हिँड्नुपर्छ, बाँच्ने हो भने सुखी जीवन (पृ. ८९) भन्दै गीति लयको भाषिक संरचनामार्फत् लैङ्गिक चेतनालाई उजागर गरेको छ।

त्यस्तै इन्दुको कोठाभित्र भित्तामा टाँसिएको युवायुवतीको रङ्गीन चित्रतल लेखिएको 'सहयात्री' (पृ. ९१) ले नारी पुरुषको समानान्तर अस्तित्व एवम् भूमिकालाई सङ्केत गरेको छ। त्यस्तै सघन विचार व्यक्त गर्ने प्रतीकात्मक अभिव्यक्ति "सबैरै बास्ने एउटा भालेको घाँटी निमोठेर यो नसम्झ कि अब बिहान कहिल्यै हुने छैन (पृ. ९२) !" ले लैङ्गिक सक्षमता, सचेतना एवम् सफलताको सङ्केत गरेको छ। पितृसत्तात्मक पुरुषवादी सङ्कीर्ण र अत्याचारी मानसिकता भएका महिलाले पनि अन्य महिलालाई अपमान गर्दै हिंसाजन्य भाषा प्रयोग गर्दछन् भन्ने खुलासा कुन्तीले चन्द्रालाई, "ऊ वेश्याका रूपमा डुङ्ग गन्हाएकी छ (पृ. १०४)।" भन्ने अभिव्यक्तिले स्पष्ट पार्छ। यद्यपि यो अभिव्यक्तिका पछाडि लैङ्गिक सन्दर्भ मात्र नभएर वर्गीय र राजनीतिक तथा निम्न पुँजीवादी मनोवृत्तिको सन्दर्भ पनि जोडिएको छ। *सहयात्री*मा लैङ्गिकताका वास्तविक अवस्थाको उद्घाटन गर्ने सन्दर्भमा पात्रानुकूल लैङ्गिकताको भाषा प्रयोगमा रहेको छ। यस्तो भाषा नारीवादी चेतना तथा लैङ्गिक दृष्टिले उपयुक्त, अपेक्षित र

सन्तुलित मानिदैन तर सान्दर्भिक र स्वाभाविक प्रस्तुतिका लागि भने आवश्यक ठहरिएको छ । सूक्तिमय कवितात्मक प्रस्तुतिले उपन्यासलाई सुललित बनाएको छ । अनुकरणात्मक शब्दको यथोचित प्रयोग, भाषिक विचलन र समानान्तरताको चातुर्यपूर्ण प्रयोग, बिम्ब, प्रतीक र अलङ्कारको सान्दर्भिक प्रस्तुतिले उपन्यास सजिएको छ ।

यसरी यस उपन्यासमा प्रयोग गरिएको भाषा स्वाभाविक, प्रभावकारी र सुन्दर रहेर औपन्यासिक उद्देश्य प्राप्तिमा सार्थक बनेको छ । भाषावैज्ञानिक अध्ययन विश्लेषणका लागि समेत उपयुक्त ठहर्ने उपन्यासको भाषा लैङ्गिक सचेतना एवम् सशक्त विचार प्रवाह गर्नसमेत सफल बनेको छ । इन्दु र नवराजलगायत सकारात्मक मनोवृत्ति भएका पात्रहरूले प्रयोग गरेका भाषिक पक्ष लैङ्गिक दृष्टिले अपेक्षित भए पनि उपन्यासमा रहेका विभिन्न हिंसाजन्य र अन्यायपूर्ण भाषिक पक्ष भने सन्तुलित छैनन् । लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *सहयात्री*मा लैङ्गिकताको भाषा स्वाभाविक, पात्रानुकूल र सान्दर्भिक छ तर सशक्त र अपेक्षित बन्न सकेको छैन । सामाजिक रूपान्तरण एवम् राजनीतिक भूमिकालाई प्राधान्य दिई सन्तुलन र समानतातर्फ अभिमुख रहेकाले सामाजिक सन्दर्भको यथार्थोद्घाटनमा स्वाभाविक लैङ्गिक भाषाको उठान प्रभावकारी बनेको छ । लैङ्गिक मुद्दा मात्र प्रमुख विचार नभएकाले आग्रहपूर्ण भाषिक प्रयोग नभएको देखिन्छ । त्यसैले अपेक्षित भाषाको प्रयोगमा उपन्यासकार केन्द्रित भएका छैनन् ।

७.१.१० परिणति र सन्देश

सामाजिक परिवर्तन देखाइएको *सहयात्री* सुखान्त तथा अपेक्षित परिणामले प्रगतिवादी बनेको छ । समाजमा रहेको सामन्तवादी पितृसत्तात्मक संस्कारबाट ग्रसित बनेका व्यक्तिहरूलाई चेतना जागृत गराउँदै आफ्नो अधिकार तथा स्वतन्त्रताप्रति अभिमुख बनाएर सामन्तवादी पितृसत्ताको गिर्दो अवस्था र असफलता एवम् सामाजिक न्याय, स्वतन्त्रता तथा लैङ्गिक विचारको सफलताले उपन्यासमा समाजवादी सौन्दर्य प्रकट भएको छ । परम्परित नकारात्मक मनोविज्ञान भएका प्रौढ तथा युवावस्थाका नारी र पुरुषलाई लैङ्गिक अधिकार, समानता एवम् सामाजिक न्यायतर्फ अभिमुख तुल्याएर सामन्तवादी प्रवृत्तिहरूलाई दण्डित गरिएकाले पनि उपन्यास अपेक्षाकृत सन्तुलित तथा प्रगतिवादी देखिन्छ । समाजमा हुने वैचारिक सङ्कीर्णता परम्परित विभेदयुक्त समाजको दोष भएकाले त्यस्ता पछौटे अवस्थालाई स्थानीय सन्दर्भअनुसार सचेततापूर्वक सुधार्दै जानुपर्दछ भन्ने आग्रह गरिएको छ ।

अभियन्ताले आत्मबल गिराएर आफ्नो अभियानबाट फर्किनु हुँदैन भन्ने विचार प्रस्तुत गर्दै गुल्मीबाट पोखरा फर्किएकी इन्दुमा ज्योति र नवराजको चिठीले सघन आत्मविश्वास निर्माण गरिदिएका छन् । त्यसपछि कृष्णको वस्तुगत विश्लेषण र सुझावपछि इन्दुले आफ्नो विचार र चेतनालाई गाउँभर विस्तार गर्न सफल बनेकी छ । यो सङ्घर्षशील सकारात्मक परिणति हो भने राजनीतिक भूमिकामा समर्पित भएका व्यक्तिहरूले आफ्नो इच्छाबमोजिम तुरुन्तै सफलता हासिल गर्न नसकी त्यसबाट विमुख हुनुको सट्टा परिस्थितिगत विशिष्ट विश्लेषण गरेर क्रमिक सुधार ल्याउन सकिने आशावादी विचार राख्दै समर्पित हुन सकेमा सफलता हासिल गर्न सकिन्छ भन्ने सन्देश दिइएको छ ।

त्यस्तै मानवअधिकार तथा स्वतन्त्रताका पक्षमा लागि अन्यायपूर्ण सामन्ती शासन व्यवस्थाको अन्त्य गर्न लागेका क्रान्तिकारी योद्धाहरू क्षणिक लोभ र स्वार्थमा नअल्मलिई जस्तोसुकै कठिन यातना भोग्दा पनि क्रान्तिलाई धोका नदिई समर्पित हुँदा नवराजलगायतका सम्पूर्ण क्रान्तिकारीहरूको विजयस्वरूप प्रजातन्त्र स्थापना भएको छ । यो सकारात्मक एवम् उपलब्धिमूलक परिणति हो । त्यसैले दृढ आत्मविश्वास तथा क्रान्तिकारी सङ्कल्पसहित सङ्घर्षमा लागिरहँदा कैयौं पीडा, यातना र समस्याहरू आइपर्न सक्छन् तर तिनको पर्वाह नगरी सक्रियतापूर्वक निरन्तर सङ्घर्षशील भए जनताको अधिकार हासिल गर्न सम्भव छ भन्ने सन्देश पनि दिइएको छ ।

समाजमा हुने विभिन्न लैङ्गिक समस्या तथा सामाजिक शोषण र दमनका विरुद्ध सामूहिक एवम् साङ्गठनिक तवरले सशक्त आवाजसहित सक्रिय हुँदा न्याय स्थापना गर्न सकिने जनाउँदै लैङ्गिक सशक्तता तथा समानान्तर सचेत भूमिकाको आवश्यकता रहेको सन्देश दिइएको छ भने सामूहिक सचेत आवाजले अन्यायको पराजय र न्यायको विजय देखाउँदै सकारात्मक परिणति प्रस्तुत गरिएको छ । कतिपय निम्न पुँजीवादी प्रवृत्ति भएका पात्र उपस्थित गराएर तिनीहरूको वैचारिक तथा व्यावहारिक चरित्र दोष देखाइएको सन्दर्भ स्वभाविक भए पनि लेखकीय आग्रह र दबाबले औपन्यासिक सौन्दर्यमा असर पारेको छ । त्यस्तै सामाजिक, लैङ्गिक हिंसा एवम् समस्यालाई केन्द्रबिन्दु बनाएर इन्दुमार्फत चेतना तथा सशक्तता निर्माण गर्दै लैङ्गिक समानताको पक्षपोषणतर्फ अभिमुख भएरै पनि अन्त्यमा राजनीतिक परिवर्तनको सङ्केतस्वरूप प्रजातन्त्र आएको जनाइएको छ ।

क्रान्तिप्रतिको समर्पण र आत्मविश्वास तथा समाजप्रति समर्पित भावना एवम् सक्रियताले उपन्यासमा सफलता प्राप्त गरेको छ । साथै लैङ्गिक अत्याचार र विभेदको अन्त्यका लागि सबै

नारीहरू सचेत हुनुपर्ने आग्रह सहित सामूहिक सक्रियताले अधिकार निर्माण तथा लैङ्गिक सन्तुलन कायम गर्न सकिने विचार *सहयात्री*का मुख्य उपलब्धि हुन् । नारीलाई केन्द्रीय भूमिका दिएर पुरुषसँगको समानान्तर सहकार्य तथा सक्रियताले मात्र सामाजिक परिवर्तन सम्भव देखाउनु लैङ्गिक दृष्टिमा अत्यन्त सफल एवम् अपेक्षित उपलब्धि हो । सुललित तथा काव्यात्मक भाषाशैली, पात्रानुकूलका भाषिक व्यवहार र आचरण, कथावस्तुको स्वाभाविकता र वैचारिक आग्रहको सहज व्यवस्थापनले उपन्यासलाई सफल एवम् प्रभावकारी बनाएको छ । लैङ्गिक चेतना र सशक्तीकरणको आवाजलाई प्राधान्य दिएर प्रगतिवादी विचार प्रवाह गर्न सक्षम रहेकाले उपन्यासकार शीतविन्दु लैङ्गिक मुद्दामा अत्यन्त संवेदनशील रहेको निष्कर्ष दिन सकिन्छ । अर्कातर्फ 'सहयात्री' नामकरणले पनि लैङ्गिक समानान्तर अस्तित्वलाई प्रमुख स्थान दिएको प्रस्ट हुन्छ ।

७.२ समानान्तर आकाश उपन्यास

नारीवादी उपन्यासकार पद्मावती सिंह (२००५) नेपाली समाजमा व्याप्त लैङ्गिक समस्याहरू तथा तिनीहरूको समाधानका सन्दर्भलाई सचेत र सशक्त ढङ्गले उजागर गर्दै लैङ्गिक समानता र सन्तुलनको मुख्य उद्देश्य बनाएर उपन्यास लेख्ने स्रष्टा हुन् । *समानान्तर आकाश* (२०६२) उनको महत्त्वपूर्ण कृति हो । यसमा लैङ्गिकताका विविध समस्या र सन्दर्भहरू उठान गरिएको छ । परम्परित पितृसत्तात्मक सामाजिक सङ्कीर्ण मानसिकताका कारणले नेपाली समाजका नारीहरूले भोग्नुपरेका लैङ्गिक तथा यौनिक हिंसा, अन्याय र अत्याचारलाई प्रस्तुत गर्दै नारीको सशक्तीकरण आवश्यक रहेको जनाइएको छ । नारीमा प्रशस्त क्षमता र सामर्थ्य भए पनि पुरुषको नियन्त्रण तथा अधीनताका कारणले क्षमता प्रस्फुटन गर्न नसकेको अवस्थाप्रति सङ्केत गर्दै नारीले लैङ्गिक स्वतन्त्रता, समानता र स्वअस्तित्वका लागि सङ्घर्ष गर्न आग्रह गर्ने सिंह नेपाली कथा विधामा सुपरिचित नाम हो । नारी अधिकारसँग सम्बन्धित संस्था र पत्रपत्रिकामा आफ्नो अलग पहिचान बनाएकी उपन्यासकार पद्मावती सिंह नेपाली आख्यान विधामा लैङ्गिक मुद्दालाई केन्द्रीय महत्त्व दिई सिर्जनालाई वैचारिक र सोद्देश्यमूलक बनाउने सक्षम प्रतिभा हुन् ।

लैङ्गिक विभेद र अन्यायको मूल कारण आर्थिक स्तर भएकाले नारीहरू आर्थिक उपार्जनका क्षेत्रमा सहभागी भएर आर्थिक सक्षमता विकास गर्न सफल भएमा लैङ्गिक विभेद अन्त्य हुँदै जाने हुनाले नारीमा आर्थिक अधिकार तथा आर्थिक विकास आवश्यक रहेको जनाउँदै शिक्षा र चेतनाको अभिवृद्धि लैङ्गिक आर्थिक सशक्तीकरणमा आधार हुने सन्दर्भलाई महत्त्वका

साथ उठान गरिएको छ । *समानान्तर आकाश* लैङ्गिक स्वतन्त्रता र अस्तित्व निर्माणलाई प्रमुख विचार बनाएर नारीवादी चिन्तनमा आधारित उपन्यास हो । खराब प्रवृत्ति वा पितृसत्तात्मक सङ्कीर्ण मानसिकता भएका पुरुषहरूको पराजित स्थिति र नारी अस्तित्वको सकारात्मक परिणति देखाइएको यस उपन्यासमा लैङ्गिक विभेदबाट ग्रसित बनाइएका ग्रामीण नारीहरूको लैङ्गिक सशक्तता र क्षमता विकासको स्थितिले उनीहरूको जीवन सुधारोन्मुख देखाएर लैङ्गिक सन्तुलनको सङ्केत गरिएको छ । त्यस्तै आफ्नो शरीर तथा मातृत्वमाथि आफ्नै निर्णय र अधिकार हुनुपर्ने, यौनिक स्वतन्त्रता र सम्पत्तिको अधिकार नारीमा पनि उत्तिनै रहनुपर्ने तथा पुरुष शासित नारी जीवनबाट मुक्त हुनुपर्ने आव्हानसहित लैङ्गिक चेतना व्यक्त भएको यस उपन्यास परम्परागत सामाजिक संरचनाले निर्माण गरेको विभेदयुक्त परिवेशका विरुद्धमा स्थापित उपन्यास हो । लैङ्गिक दृष्टिले *समानान्तर आकाश* सन्तुलित, अपेक्षित तथा वैचारिक प्रवाह भएको हुनाले विश्लेषणका लागि उपयुक्त र सान्दर्भिक देखिन्छ ।

७.२.१ शीर्षक

'समानान्तर आकाश' शीर्षकबाट नै प्रस्ट हुन्छ कि दुई पक्ष वा अस्तित्वको समान क्षेत्र, भूमिका एवम् अधिकारलाई सङ्केत गरिएको छ । उपन्यासमा विविध भूमिकामा आर्थिक उपार्जन, उत्तरदायित्व, प्रतिष्ठा तथा उपलब्धि सबै क्षेत्रमा नारीको विशेष उपस्थिति र सफलता देखाइएको छ । परम्परित सामाजिक संरचनामा पुरुषले मात्र प्राप्त गर्ने विभेदयुक्त अवस्था चलिआएको थियो तर यस उपन्यासमा नारी र पुरुषको समानान्तर अस्तित्वको अपेक्षा गरिएको छ । त्यस्तै यौनिक पक्ष, मातृत्व तथा नारीत्वका सवालमा स्वयम् नारीकै अधिकार हुनुपर्ने मान्यता व्यक्त गरिएको हुनाले पुरुषले जसरी आफ्नो निजी जीवनमा आफ्नै नियन्त्रण र अधिकार कायम गर्छ त्यसरी नै स्त्रीले पनि आफ्नो निजी जीवनमा आफ्नै अधिकार पाउनुपर्ने विचार पनि समानान्तर सन्दर्भ हो । 'समानान्तर' भन्नाले समान र 'आकाश' भन्नाले क्षेत्र भन्ने अर्थबाट सबै क्षेत्रमा नारी र पुरुष दुवैको समानान्तर अधिकार तथा स्वामित्वको सन्दर्भ व्यक्त गरिएकाले उपन्यासको समग्र कथावस्तुलाई 'समानान्तर आकाश' शीर्षकले प्रतिनिधित्व गर्ने भएकाले प्रभावकारी शीर्षकका रूपमा लिन सकिन्छ ।

त्यस्तै नारी सशक्तीकरणका विषयलाई मूल कथावस्तु बनाइएको र लैङ्गिक स्वतन्त्रता तथा समानताका पक्षलाई सघन ढङ्गले उठाइएकाले यसको शीर्षक लैङ्गिक दृष्टिले अपेक्षित एवम् सान्दर्भिक छ । 'आकाश' शब्दले लाक्षणिक रूपमा नारी जाति भन्ने बुझाएको छ भने उपन्यासका अधिकांश नारी पात्रहरूले पुरुषसरह विभिन्न भूमिकाहरू सक्षमतापूर्वक निर्वाह गरी

समान वा समानान्तर दक्षता प्रकट गरेकाले पनि 'समानान्तर आकाश' स्वाभाविक छ । यसरी जुनसुकै कोणबाट मूल्याङ्कन गर्दा पनि *समानान्तर आकाश* उपन्यासको शीर्षक उपयुक्त छ ।

७.२.२ **कथावस्तु**

नेपालका ग्रामीण, सहरिया तथा अन्तर्राष्ट्रिय परिवेशमा नारीले भोगेका भोगाइ, जीवनशैली, लैङ्गिक समस्या, उपलब्धि जस्ता सन्दर्भहरूमा केन्द्रित रहेर तदनुकूलका कथावस्तुलाई प्रस्तुत गरिएकाले समानान्तर आकाश उपन्यास लैङ्गिक पक्षमा आधारित उपन्यास हो भन्न सकिन्छ । पितृसत्तात्मक समाजका पुरुषहरूमा रहेको सङ्कीर्ण चिन्तन र उनीहरूको व्यवहारलाई विशिष्ट ढङ्गले व्यक्त गरिएको यस उपन्यास लैङ्गिक विभेदयुक्त मानसिकतामा परिवर्तनसमेत आएको देखाएर लैङ्गिक सन्दर्भहरूको परिवर्तनका पक्षमा आवाज उठाइएको छ । त्यस्तै लैङ्गिक विभेदयुक्त समाजले स्थापित गरेका पारिवारिक सम्बन्ध र स्वामित्व, नारीत्व र मातृत्व तथा यौन र स्वतन्त्रता आदि लैङ्गिकतासँग जोडिएका विषयहरूमा नवीन विचारसहितको अपेक्षा गर्दै कथावस्तुलाई लैङ्गिक चेतना र सशक्तीकरणमा पूर्णतः केन्द्रित गरिएको छ । लैङ्गिकताका अनेकौं पक्षहरूलाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको उपन्यासको कथानक रैखिक ढाँचाको छ । यद्यपि कतिपय कथावस्तुहरू पूर्वदीप्तिमूलक तथा संस्मरणात्मक ढङ्गले पनि व्यक्त गरिएका छन् । लैङ्गिकताका बहुल सन्दर्भलाई विशिष्ट किसिमले उठान गरिएको यस उपन्यासको प्रस्तुति वर्णनात्मक किसिमको रहेको छ भने कतिपय समान कथावस्तुको पुनरावृत्तिमूलक प्रयोगले आयामगत संरचना मात्र बढाएको छ । वैचारिक प्रवाह केन्द्रीय कथ्य भएकाले औपन्यासिक कलात्मक सौन्दर्य फितलो भए पनि सोद्देश्यमूलक उपन्यासका रूपमा स्थापित छ । प्रथम पुरुषात्मक कथन ढाँचालाई प्राधान्य दिइएको यस उपन्यासमा प्रयोग भएको कथावस्तु सामाजिक, र स्वाभाविक छ । उपन्यासकारको मुख पात्रका रूपमा रहेकी सुस्मिता नै उपन्यासकी प्रमुख र केन्द्रीय पात्र हो ।

पति अविनाशको लैङ्गिक अन्यायपूर्ण व्यवहार सहेर घरभित्र मात्र सीमित रही यौनिक आकर्षणको केन्द्र बनिरहेकी सुस्मितामा प्रारम्भमा आस्तित्त्विक चेतना पाइँदैन । जब मातृत्वको चाहनासहित गर्भधारण गरेपछि विस्तारै अविनाश सुस्मितासँग टाढिँदै जान्छ । उसमा नारीको सुगठित यौनिक शरीरसँग भोगविलास गर्ने मानसिकता मात्र रहेको देखिन्छ । त्यसपछि सुस्मिता र अविनाशबिच मनोवैज्ञानिक द्वन्द्व आरम्भ हुन्छ । सुस्मितामा चेतना र सशक्तता बढ्दै जान्छ । उसले आफ्नो पति परस्त्रीसँग लहसिएको पुष्टि भएपछि घरबाट निकालिदिन्छे । त्यस घटनाले सुस्मितामा परम्परागत पितृसत्तात्मक पुरुषवादी सङ्कीर्ण मानसिकताका विरुद्ध सशक्त विद्रोही

भावना तथा अस्तित्वबोध रहेको सङ्केत गरेको छ । अन्त्यतर्फ निरीह बनेर घर फर्केको अविनाशलाई घरभित्र पस्न नदिनु पनि सशक्त व्यवहार हो भने प्रभात भएको स्थान वा अमेरिका जाने र उसैसँग बाँकी जीवन गुजार्ने मानसिकता बनाएको सङ्केतले आत्मिक तथा सहृदयी साथीसँग स्वतन्त्रतापूर्वक जीवनयापन गर्न अग्रसर रहेको देखिन्छ । यसबाट परम्परित सामाजिक मान्यताविपरीत लैङ्गिक स्वतन्त्रताको पक्षपोषण भएको छ । सुस्मिताकै केन्द्रीयतामा रहेका विविध कथावस्तु समावेश गरिएको *समानान्तर आकाश*मा अन्य विविध पात्रका माध्यमबाट लैङ्गिक र यौनिक सन्दर्भका कथावस्तु पनि सान्दर्भिक ढङ्गले उठान भएका छन् ।

त्यस्तै आर्थिक उपार्जन गरी पतिविना नै अभिभावकत्व निर्वाह गर्न सफल भएको अवस्था, ग्रामीण नारीहरूमा लैङ्गिक सचेतना जागृत गराउँदै सक्षम बनाउन गरेको संस्थागत उत्तरदायित्व र सामुदायिक भूमिका, स्विटीको आत्मनिर्णय, सक्षमता र सामाजिक संस्कारप्रतिको चुनौती, कृष्णमायाको सक्रियता र सक्षमता, प्रभातको सहृदयता र सम्मानपूर्ण व्यवहार, नम्रताको यौन र जीवनप्रतिको विश्लेषण, स्वेच्छाको नारीत्व र मातृत्वको अस्तित्व आदि सन्दर्भहरूले उपन्यासमा लैङ्गिकतामा नवीन विचार, सचेतना तथा सशक्तता व्यक्त गरेका छन् जसबाट लैङ्गिक सन्तुलनको अवस्था निर्माणतर्फ औपन्यासिक मूल कथ्य अभिमुख छ ।

लैङ्गिक उत्थान र सशक्तीकरणको अभियान सञ्चालन गरेको संस्थामा संलग्न भई जागिरको सिलसिलामा आर्थिक उपार्जनका लागि पहाडी भेगमा पुगेकी सुस्मिताको अवस्थाबाट (पृ. १) औपन्यासिक कथावस्तु सुरु हुन्छ । सोही प्रोजेक्टमा काम गर्ने स्विटीसँग चिनजान (पृ. २) पछि सुस्मितामा जागिर खानु आफ्नो बाध्यता, अभिभावकत्व तथा सचेत सङ्घर्षको परिणाम भएको (पृ. ४) आत्मबोध हुन्छ ।

संस्थाकी प्रमुख भएर गाउँमा गएकी सुस्मितालाई नारी भएका कारणले गाउँले अध्यक्ष सन्तबहादुरले उपेक्षापूर्ण (पृ.५) व्यवहार गर्दै पितृसत्तात्मक सङ्कीर्ण मानसिकता प्रदर्शन गरेको कथावस्तु छ । विभेदयुक्त सामाजिक मानसिकतालाई चुनौती दिएर आफूहरूले सशक्ततापूर्वक कार्य सम्पन्न गर्दै परम्परागत सोचाइमा बिर्को लगाउने (पृ. ५) आत्मविश्वास सुस्मिता र स्विटीले प्रकट गरेपछि सचेत कथावस्तुको सङ्केत पाइन्छ । ग्रामीण समाजमा महिलाहरू गृहस्थीका काममा बिहान सबेरैदेखि निरन्तर सक्रिय बनेर मध्यरातसम्म जोतिइरहने तर पुरुषहरू तास खेल्ने र रक्सी खाएर नारीहरूमाथि शोषण, दमन र हैकम कायम गर्ने (पृ.६) असमान र विभेदयुक्त लैङ्गिकताको विकराल स्थिति रहेको हुनाले त्यस्तो अत्याचारपूर्ण संरचना भत्काउन महिलाहरू सशक्त बन्दै हक र अधिकारका लागि लड्नुपर्ने (पृ. ६) विचार प्रकट

गरिएको छ । महिला स्वयं सचेत र सक्षम बनेर समयअनुसार चल्न नसकेर पछाडि परेको (पृ. ७) यथार्थतर्फ सङ्केत गरिएको छ । मातृत्वको आवश्यक, रहर र जैविकताले नारीहरू सन्तानको संरक्षण गर्दै घरायसी प्रबन्ध मिलाएर मात्र सामाजिक आर्थिक भूमिकामा संलग्न हुनुपर्ने प्राकृतिक र सामाजिक अवस्थातर्फ सङ्केत गर्दै (पृ. ८) स्विटीले यावत् समस्याका बावजुत अस्तित्व निर्माण गर्दै सामाजिक दायित्व निर्वाह गरेको देखाइएको छ । औपन्यासिक कथानकको पूर्वदीप्तिमूलक सन्दर्भमा प्रस्तुत गरिएको सुस्मिता र अविनाशका सन्दर्भमा (पृ. ९) सुस्मितामा परम्परागत सामाजिक संस्कारअनुरूपको सोचाइ 'एउटी आइमाईलाई हृदयदेखि माया गर्ने एक प्रेमी पति र राम्रो घरबार बाहेक अरु के चाहिन्छ र (पृ. ९) ?' प्रस्तुत गदै शिक्षित तर असचेत नारी मनोविज्ञानको उद्घाटन गरिएको छ । घरायसी कार्यमा सीमित नारी आर्थिक उपार्जनका लागि योग्य भएर पनि पुरुषको यौनिक उपभोगको वस्तु मात्र बनिरहनुपर्ने (पृ. ११) अवस्थातर्फ सङ्केत गर्दै लैङ्गिक र यौनिक अधीनता व्यक्त गरिएको छ ।

नारीत्व र मातृत्वको चाहना व्यक्त गर्दा (पृ. १२) 'सन्तान जन्मेपछि आइमाईको यौवन ढल्छ' भन्ने यौन उपभोगवादी मनोवृत्ति भएको अविनाश सुस्मिताको सचेत आग्रह (पृ. १२) पछि आफ्नो अडानबाट पछि हटे पनि गर्भवती पत्नीलाई उपेक्षा गर्दै (पृ. १३) मूल्यहीन वस्तुका रूपमा व्यवहार गरेको अवस्थाले पुरुषमा हुने स्वार्थी प्रवृत्तिलाई जनाएको छ । दरिलो आत्मबल एवं स्विटीको साथले सुस्मितालाई सामाजिक उत्तरदायित्वप्रति सचेत र सक्षम (पृ. १४) तुल्याएको छ । ग्रामीण क्षेत्र महिलालाई मान्छेको दर्जासमेत नदिने पितृसत्तात्मक सङ्कीर्ण र अन्यायपूर्ण मानसिकताले (पृ. १५) ग्रसित बनेको छ । यस्तो मानसिकता पुरुषमा मात्र होइन असचेत महिलाहरूमा पनि रहेको (पृ. १६) यथार्थ छ । सामाजिक ग्रामीण परिवेशमा लैङ्गिक विभेद र अन्यायका अनेकौँ समस्यालाई उपन्यासले महत्त्वपूर्ण कथावस्तुका रूपमा समावेश छ । अविनाश र सुस्मिताबिचको सम्बन्ध उसले छोरी र छोरा जन्माएपछि (पृ. १९) अत्यन्त तरल बन्दै गएको छ । अविनाशले पुरुषवादी हैकम कायम गर्दै (पृ. १९) घरका सुन्दर सामानसरह सुस्मिताका सम्पूर्ण अङ्गहरूमा सुन्दरता मात्र खोजेको छ । ऊ आत्मिक प्रेम एवम् सहृदयता शून्य रहेको जड, स्वार्थी र यौन उपयोगी पुरुषका रूपमा चित्रित (पृ. २०) छ । दैहिक सुन्दरताभन्दा मनको सुन्दरतातर्फ पतिको कहिल्यै ध्यान जान नसक्नाले सुस्मिताले जड वा निर्जीवजस्तै बनेको (पृ. २०) अनुभव गरेकी छ । अविनाशले परस्त्रीसँग लहसिएको स्विकार्दै उसलाई छोड्न नसक्ने (पृ. २२) जनाएपछि सुस्मिताले आक्रामक शैलीमा अविनाशलाई घर छोडेर जान (पृ. २२) दबाब दिन्छे । लगत्तै अविनाश घर छोडेर गएपछि उसलाई चरम दुःख र भविष्यको चिन्ताले सताउँछ (पृ. २२) । पुरुषको अत्याचार र पितृसत्ताको अन्यायपूर्ण व्यवहारका

विरुद्ध सुस्मिताको निर्णय मातृत्व र नारीत्वको खोजीमा गरिएको स्वअस्तित्व र लैङ्गिक स्वतन्त्रता तथा सशक्तता हो ।

यो पितृसत्ताप्रतिको विद्रोही चेतना हो । लैङ्गिक सन्तुलनका लागि आर्थिक स्तरवृद्धि गर्दै महिलाहरू आत्मनिर्भर बन्नु अनिवार्य रहेको कुरालाई उपन्यासमा महत्त्वपूर्ण कथावस्तुका रूपमा उठाइएको छ । "महिलाहरूको आर्थिक स्तरवृद्धि गरी उनीहरूलाई आत्मनिर्भर बनाउने । जबसम्म महिलाहरू आत्मनिर्भर हुँदैनन् तबसम्म तिनीहरू सुखी तथा स्वतन्त्र हुन सक्दैनन् र पुरुषहरूको समकक्ष पुग्न सक्दैनन् । महिला सशक्तीकरणविना लैङ्गिक समानता सम्भव हुँदैन (पृ. २३) ।" यसले लैङ्गिक सशक्तता र सक्षमताको निर्माणमा आर्थिक पक्ष सर्वथा महत्त्वपूर्ण रहेको जनाउँछ । पारिवारिक अभिभावकत्व निर्वाह गर्दै पेसागत तथा सामुदायिक भूमिका र उत्तरदायित्व बहन गर्न सुस्मिता सक्षम रहेको (पृ. २५) सन्दर्भले उक्त भूमिकामा पुरुष मात्र सक्षम र योग्य छन् भन्ने परम्परित पुरुषवादी मान्यतालाई चुनौती दिँदै लैङ्गिक सन्तुलनको अपेक्षा गरेको छ ।

नेपाली समाजमा बालिका, किशोरी, युवती, वयस्क तथा वृद्ध अवस्थासम्म लैङ्गिक हिंसा र अत्याचार खेप्न बाध्य बनेका नारीहरूको वास्तविकतालाई कथावस्तु बनाइएको *समानान्तर आकाश*मा कृष्णमायाले कप्तानबाट खेपिरहेको शारीरिक हिंसा (पृ. २७) ले समग्र नेपाली नारीले भोग्नुपरेका लैङ्गिक हिंसाजन्य व्यवहारको प्रतिनिधित्व गरेको छ । लैङ्गिक हिंसा र अत्याचार कायम रहनुमा नारीमा सिर्जनशील सोच र लैङ्गिक चेतनाको अपेक्षाकृत विकास नहुनु पनि हो (पृ. २७) भन्दै नारीलाई चेतनशील हुन आग्रह गरिएको छ । नारीलाई पति, प्रेमी र छोराले भावनात्मक रूपमा दासी बनाउने (पृ. २८) हुनाले परम्परागत सोचाइ र विश्वासबाट मुक्त हुनुपर्ने नारीवादी विचार पनि रहेको छ ।

पुरुषको इच्छा र आवश्यकताअनुसार जुनसुकै परिवेशमा पनि नारी यौन कार्यमा संलग्न हुनुपर्ने हिंसाजन्य व्यवहारतर्फ सङ्केत गर्दै त्यस्तो जबरजस्ती र अनिच्छापूर्वक यौनिक सम्बन्ध कायम गर्न अस्वीकार गर्दा नारीले यौनिक तथा शारीरिक हिंसा बेहोर्नुपर्ने (पृ. २९) वास्तविकता उजागर भएको छ । आर्थिक उपार्जनबाट बञ्चित भएका कारणबाट लैङ्गिक हिंसाको बढ्दो सिकार बन्नुपरेकाले आर्थिक सक्षमताद्वारा लैङ्गिक सशक्तता निर्माण हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गर्दै आत्मनिर्भरता नै समानताको परिचायक बनेको (पृ. ३०) मान्यता व्यक्त भएको छ । पुरुषहरूले आफूले गल्ती गरे पनि दोष अरुलाई नै दिने (पृ. ३१) पितृसत्तात्मक शासक प्रवृत्ति हो । पत्नीसँग मिजासले बोल्दा पुरुषको अहम्मा चोट पुग्ने र 'जात जाने' हीनताको मनोविज्ञान

(पृ. ३१) भएकाले त्यसतर्फ पनि सङ्केत गर्दै पुरुषवादी सङ्कीर्णताको उजागर गरी प्रतिकार समेत गरिएको छ । नारीले आर्थिक उपार्जन र सामाजिक भूमिकामा सहभागी हुन पनि पुरुषको अनुमति आवश्यक पर्ने (पृ. ३२) परम्परागत लैङ्गिक नियन्त्रण र अधीनतालाई चुनौती दिँदै कृष्णमायाले घरबाट निस्कन तयार रहेको तर जागिर नछाड्ने अडानसहित काममा सरिक भएको (पृ. ३२) घटनाले लैङ्गिक सशक्तीकरण र आत्मविश्वासलाई उजागर गरेको छ ।

लैङ्गिक सम्मानपूर्ण व्यवहारले पारिवारिक सम्बन्धमा प्रगाढता थप्ने र हार्दिकता बढाउने सन्दर्भ (पृ. ३४) उल्लेख गर्दै कप्तानमा आएको वैचारिक तथा व्यावहारिक परिवर्तनलाई सकारात्मक कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । लैङ्गिक समानता र सशक्तीकरणको क्षेत्रमा लागिपरेका स्त्री वा पुरुषमा पनि परम्परागत लैङ्गिक विभेदका अवशेष बाँकी नै रहन्छन् भन्ने कुरा स्विटी (पृ. ३६) तथा रविन (पृ. ३८) का अभिव्यक्तिबाट प्रस्ट हुन्छ । ग्रामीण क्षेत्रका महिलाहरू विभिन्न 'महिला समूह' गठन गरी आर्थिक सङ्कलन र वितरण गर्दै कृषिलगायतका पेसामा आधुनिकीकरण गरेर उत्पादनशील कार्यमा सशक्त बनिरहेको स्थितिले (पृ. ४२) लैङ्गिक सशक्तता एवम् सक्षमतालाई इङ्गित गर्दछ । जसले गर्दा आत्मनिर्भरतामा वृद्धि भई लैङ्गिक सन्तुलनका लागि आधार प्रदान गर्दछ भन्ने विचार व्यक्त भएको छ । ग्रामीण महिलाहरू सुत्केरी भएको संवेदनशील अवस्थामा पनि पोषिलो खाना र आरामको अभावमा अकालमा मर्नुपर्ने समस्यालाई उजागर (पृ. ४४) गर्दै लैङ्गिक समस्याको प्रकृति ग्रामीण क्षेत्रमा सहरी क्षेत्रमा भन्दा भिन्न हुने तथा ग्रामीण भेगमा लैङ्गिक हिंसा र समस्याको विकराल स्थिति (पृ. ४४) रहेकोतर्फ सङ्केत गरिएको छ । महिलाहरू सामाजिक तथा सामुदायिक भूमिकामा सक्रिय रहँदै आर्थिक सक्षमताबाट आत्मनिर्भर बन्न सक्षम भएको स्थितिलाई परम्परित सङ्कीर्ण पितृसत्तात्मक सोचाइ भएका पुरुषहरूले स्विकार्नुको सट्टा नकारात्मक टिप्पणी गरिरहेको (पृ.४४) सन्दर्भले पुरुष विभेदकारी र हीन मनोदशाले ग्रसित रहेको देखाउँछ ।

परम्परादेखि आफूहरूले दासी बनाइरहेका महिलाहरू स्वतन्त्र भएको देख्न नसक्नु स्वाभाविकै रहेको (पृ. ४५) धारणा राख्दै विस्तारै पुरुष मानसिकतामा पनि परिवर्तन आउनु अनिवार्य रहेको विचार व्यक्त गरिएको छ । त्यस्तै स्वतन्त्रताको नाममा सकारात्मक संस्कृति र सभ्यतालाई कुल्चेर कृत्रिम तडकभडक र कुलतमा स्त्री होस् वा पुरुष दुबै लाग्न नहुने (पृ. ५०) विचारसहितको कथावस्तुले आधुनिकता र कृत्रिमतालाई पनि उठान गरेको छ । पतिको मृत्युपछि पनि लैङ्गिक सक्षमता र सन्तुलन कायम गर्दै छोराछोरी सबैलाई शिक्षित एवम् सक्षम तुल्याउन सफल अभिभावकत्व भएकी (पृ. ५०) सुस्मिताकी आमाले सुस्मिताको सशक्त व्यवहार एवम् क्षमतालाई मुक्त कण्ठले प्रशंसा गरेकी छ (पृ. ५१) । यसलाई लैङ्गिक सक्षमता र

सफलताको दरिलो उदाहरण मान्न सकिन्छ । सचेत विचार र सशक्त व्यवहार देखाउन सकेको खण्डमा पुरुषहरूले हिंसा र अन्याय गर्न नसक्ने (पृ. ५६) अवस्था आउने कुरामा कृष्णमायाले कप्तानसँग गरेको प्रतिरोध तथा सक्षमताले पुष्टि गर्दछ । सहृदयी मित्र र आपसी सम्मानको आवश्यकता प्रत्येक नारी र पुरुषलाई हुने (पृ. ६९) हुनाले मित्र चयनमा स्वतन्त्रता अनिवार्य रहेको विचार व्यक्त गरिएको छ । परिवर्तित, सुदृढ र लैङ्गिक सम्मानमुक्त विचार तथा व्यवहार भएका पुरुषहरूले लैङ्गिक सशक्तीकरण तथा सन्तुलन कायम गर्नका लागि महत्त्वपूर्ण भूमिका खेल्छन् भन्ने सङ्केत प्रभातका माध्यमबाट व्यक्त गरिएको छ । जीवनमा चुनौती र सङ्घर्ष निरन्तर चलिरहने (पृ. ७२) हुनाले त्यस्ता पक्षलाई स्वाभाविक एवम् सहज रूपमा लिन सकेको खण्डमा मात्र सार्थक जीवन बिताउन सकिने यथार्थ उद्घाटन गरिएको छ ।

पुरुषहरूको यौनिक स्वार्थ र हिंसाका कारणले युवतीहरूमा जैविक मनोवैज्ञानिक तथा सामाजिक जटिलताहरू उत्पन्न हुने कुरालाई स्विटीले भोगेको (पृ. ७४-७६) वास्तविक जीवनले प्रमाणित गर्दछ । हिंस्रक पशुवत् व्यवहार गर्ने र यौनिक शोषण गर्ने पुरुषलाई विवाहको स्वीकृति दिनुभन्दा कुमारी आमा बनी स्वतन्त्रतापूर्वक जीवनयापन गर्दै मातृत्व र नारीत्वको संरक्षण गरी बस्ने स्विटीको सचेत एवम् सशक्त निर्णय (पृ. ७६-७७) ले पितृसत्तात्मक सामाजिक संस्कार तथा विभेदकारी लैङ्गिकतामाथि प्रहार गर्दै चुनौती दिएको छ भने अर्कातर्फ नारीत्वको रचनात्मक एवम् मौलिक स्थान निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । त्यस्तै स्विटीले देखाएको निर्भीकता र साहसिकताले सामाजिक संरचनामा अर्को आयाम थपेको छ । “नयाँ युगले स्विटीजस्ता थुप्रै कुमारी आमाहरूलाई जन्माउने छन् । सामाजिक मूल्य र मान्यतामा एक प्रश्न चिन्ह खडा गरेर (पृ. ७८) ।” यस कथावस्तुले औपन्यासिक सघनता र सफलतामा समेत महत्त्वपूर्ण भूमिका खेलेको छ । चेलिबेटी बेचविखन गरी लैङ्गिक हिंसा एवम् अत्याचार गर्ने आपराधिक दलालतर्फ सङ्केत गर्दै त्यस्ता समस्यामा सजग रहन (पृ. ८२) आग्रह गरिएको छ । महिलाहरूले समूह निर्माण गरी सामाजिक तथा आर्थिक क्षेत्रमा गरेको उन्नतिलाई पुरुषहरूले सहन नसकी दमित मनोग्रन्थिका कारणले महिलाहरूले निर्माण गरेको समूहको कार्यालय भवन जलाउने (पृ. ८४) घृणित कार्य गरेकाले महिलाहरू एकजुट भएर त्यसका विरुद्धमा सशक्त आवाजसहित गरेको प्रदर्शनले महिलाहरू आफ्नो अधिकार तथा अस्तित्वप्रति सचेत बन्दै गएको (पृ. ८५) शुभ सङ्केत व्यक्त छ ।

पुरुषहरूले सधैं महिलाप्रति दुर्भावना राखी दुर्व्यवहार गर्ने तथा अधिकांश पुरुषहरू उच्चताभासले महिलाहरूलाई हीन भावनाले व्यवहार गर्ने गरेको अवस्थामा लैङ्गिक असन्तुलन कायम रहने हुनाले पुरुषले महिलालाई पनि समकक्ष ठानेर सहअस्तित्व निर्माण गरेको खण्डमा

मात्र असमानताको अन्त्य हुने (पृ. ८५) कुरातर्फ गम्भीरतापूर्वक सङ्केत गरिएको छ । सुस्मिता प्रभाततर्फ मनोवैज्ञानिक तथा भावनात्मक ढङ्गले आकर्षित भइरहेको (पृ. ९०) सन्दर्भबाट औपन्यासिक शृङ्गारिकतामा वृद्धि भएको देखिन्छ । सुस्मिताकी भदै अपर्णाको बिहेअघि नै विदेशी पुरुषसँगको एकबर्से सहवास सहजतापूर्ण स्विकारी अन्तरसांस्कृतिक तथा अन्तर्राष्ट्रिय एवम् अन्तरजातीय विवाहका लागि सुस्मिताका दाजुभाउजूले स्वीकृति दिँदै धुमधामसँग बिहे गरिदिने (पृ.९६-९७) कार्यले नेपाली समाजमा देखिएको सामाजिक सांस्कृतिक आधुनिकीकरणलाई अझ व्यापक बनाएको देखिन्छ । यसबाट नेपाली मौलिक रीतिरिवाज तथा सभ्यतामा भने आँच पुग्ने सङ्केत मिल्छ ।

त्यस्तै पुरुषहरू स्वयम्मा खराब नहुने तर पितृसत्तात्मक सामाजिक संरचनाका कारणले पुरुषहरूमा लैङ्गिक विभेद र शोषण तथा अधीनता कायम गर्नुपर्दछ भन्ने सोचाइ विकास हुने सन्दर्भ (पृ. १०१) उठान गर्दै परम्परागत मूल्य र मान्यतालाई भत्काउन सके लैङ्गिक समानता स्वतः स्थापित हुने (पृ. १०१) विचार व्यक्त गरिएको छ । विवाह पद्धतिले नारीलाई पुरुषको अधीनमा लैजाने भएकाले विवाह बन्धनमा नै बस्न नचाहेको नम्रताको अभिव्यक्ति (पृ. १०१) क्रान्तिकारी नारीवादतर्फ अभिमुख देखिन्छ । अविवाहित भए पनि कुमारी बनिरहन नपर्ने (पृ. १०२) विचारबाट यौनिक स्वतन्त्रता र स्वअस्तित्वप्रति नम्रताले प्राप्त गरेको आनन्द एवम् सन्तुष्टि (पृ. १०४) बाट यौनिक सम्बन्ध प्राकृतिक आवश्यकता र स्वाभाविकता भएको खुलासा गर्न प्रस्तुत कथावस्तु सक्षम देखिन्छ । इमानदारपूर्वक पेसाप्रति समर्पित भएर क्रियाशील रहेमा पदीय हैसियत एवम् प्रतिष्ठा बढ्ने (पृ. १०७) हुनाले पेसाप्रति उत्तरदायी बन्नुपर्ने अपेक्षा गरिएको छ । कसैको हस्तक्षेप तथा नियन्त्रणलाई अस्वीकार गर्ने सुस्मिताले प्रभातलाई सहयात्रीका रूपमा स्वीकार गर्नु (पृ. १०८) मनोवैज्ञानिक सन्दर्भ हो ।

समकक्षी नारीको उन्नति एवम् प्रगति देख्न नसक्ने सङ्कीर्ण मानसिकता भएका पुरुषहरूको प्रतिनिधित्व देवीप्रसादले गरेको छ (पृ. ११२) । नारी र पुरुष भएको कार्यालयमा पुरुषहरू नारीको मातहतमा रहेर काम गर्न परेकामा हीनताबोधले ग्रसित हुन्छन् (पृ. ११३) भन्ने उदाहरण पेस गर्दै पुरुष मानसिकता विभेदयुक्त रहेको खुलासा गरिएको छ । विवाहबाट मानिसहरू समस्याग्रस्त जीवन जिउन बाध्य भएका कारणले प्रभातले पनि स्वतन्त्र जीवन जिउने निर्णय (पृ. ११५) गरेको र जीवनका लागि विवाह अनिवार्य नभएको दृष्टिकोण प्रस्तुत हुनुबाट परम्परागत विवाह संस्कृतिमाथि प्रश्न खडा भएको छ । सुस्मिता प्रभातसँग आत्मीय तवरले नजिक हुनु (पृ. ११८) र सम्झन्ास्वरूप भन्दै प्रभातले सुस्मितालाई औंठी लगाइदिएको (पृ. ११९) घटनाबाट औपन्यासिक कथावस्तुले विपरीत लिङ्गी आत्मीय प्रेम तथा अनुराग प्रस्तुत

गरेको देखिन्छ । अविनाशले राणाजीकी पत्नी भगाएर बसेको सन्दर्भले (पृ. १२१) पारिवारिक तथा यौनिक समस्याहरू भोगिरहेका नेपाली पारिवारिक संरचनालाई उद्घाटन गरेको छ । अविनाशले छोडेर गए पनि सुस्मिताको अवचेतनमा ऊ क्याक्टसका काँडा बनेको (पृ. १२२) कुराबाट पीडाले नछोडेको सङ्केत मिल्दछ । बाबुको अनुपस्थितिमा आस्था र आकाशलाई सुस्मिताले कुशल अभिभावकत्व निर्वाह गर्दै सक्षम बनाउन सकेकामा (पृ. १२३) आफैमाथि गर्व गरेको स्थितिलाई कथावस्तुले उठान गरेको छ । यसबाट उत्तरदायित्व, कर्तव्य तथा सक्षमतामा नारीहरू पूर्ण र सबल रहेको विचार प्रकट भएको छ ।

पुरुषका यौनिक हिंसाजन्य व्यवहारबाट आफूलाई सुरक्षित राख्न आस्थाले 'तेक्वान्दो' सिक्ने इच्छा प्रकट (पृ. १३१) गर्नुले नेपाली समाजमा किशोरी तथा युवतीहरूले भोग्नुपरेको हिंसातर्फ लक्षित गरेको छ भने सक्षम र सतर्क रही प्रतिकार गर्ने क्षमता विकास गर्नसमेत आग्रह गरिएको छ । स्विटीको वास्तविकता बुझेर दाजुभाउजूले उसलाई सम्मानपूर्ण व्यवहार गर्दै (पृ. १३३) स्वीकार गरेको अवस्थाले परम्परित मानसिकतामा परिवर्तन आएको सङ्केत गर्दै त्यसतर्फ अभिमुख रहनुपर्ने विचार व्यक्त गरेको छ । स्वेच्छाले आफ्नो पतिमा सन्तान उत्पादन गर्ने क्षमता नभएका कारणले कृत्रिम गर्भाधानमा इच्छुक रहे पनि उसको पतिले त्यस्तो कार्यका लागि स्वीकृति नदिएको (पृ. १५३) सन्दर्भले दुई पक्षलाई व्यक्त गरेको छ । पहिलो नारीमा रहेको मातृत्व एवम् नारीत्वको चाहना तथा वैज्ञानिक र परिवर्तनशील विचार हो भने दोस्रो पुरुषमा रहेको पितृसत्तात्मक सङ्कीर्ण परम्परावादी चिन्तन एवम् पुरुषत्वको अहम् हो । स्वेच्छा आफ्नो चाहनामा सफल भएको अवस्थाले (पृ. १५७) पनि कथावस्तुलाई आधुनिक र अपेक्षित तुल्याएको छ । छोराछोरी दुवैलाई शिक्षाको समान अवसर दिएर सक्षम बनाउनुपर्ने (पृ. १५९) विचारसहित छोराछोरी कसैले पनि पैतृक सम्पत्तिको दावा गर्न नहुने तर आफूलाई वृद्धावस्थामा संरक्षण गर्ने छोरा वा छोरीलाई सम्पत्ति दिनुपर्ने (पृ. १५९) सुदृढ र सकारात्मक मान्यतासहित सुस्मिताले आफ्नो दृष्टिकोण प्रस्तुत गर्नु लैङ्गिक सन्तुलनको विचार हो ।

पाश्चात्य संस्कृतिमा आधारित जन्मदिन मनाउने प्रवृत्तिलाई अस्वीकार गर्दै (पृ. १६२) आफ्नो सभ्यता एवम् संस्कृतिप्रति सचेत रहेकी सुस्मिता ग्रामीण भेगका महिलाहरूमा आएको चेतना, सक्षमता तथा सफलता (पृ. १६८) आफ्नो परिश्रम तथा योगदानले महत्त्वपूर्ण उपलब्धि हासिल गरेकामा खुसी भएकी छ । स्विटी र सुस्मिताको लक्ष्यअनुसार महिलाहरूको सर्वाङ्गीण विकास भएकामा (पृ. १७१) उनीहरू आनन्दित भएको देखाइएको छ । जसमा औपन्यासिक कथावस्तुको मूल परिणति पनि अन्तरनिहित छ । कृष्णमायाले छोरीलाई भित्र्याउनु (पृ. १७२), सन्तबहादुरमा देखिएको परिवर्तन एवम् नारीप्रतिको सम्मान (पृ. १७२) तथा महिलालाई

स्वतन्त्रतापूर्वक समानता उपलब्ध गराएर लैङ्गिक विभेदको अन्त्य गर्ने विचार देखिनु (पृ. १७३) परम्परागत पितृसत्तात्मक सङ्कीर्ण मानसिकताको पराजय तथा लैङ्गिक समानताको विजयको सङ्केतका रूपमा लिन सकिन्छ । नेपाली सामाजिक मान्यता तथा संस्कृतिभन्दा विपरीत आकाश र जुलियाको 'लिभ इन टुगेदर' को जीवनशैली अनिच्छापूर्वक नै भए पनि सुस्मिताले सहनु (पृ. १७८) र आकाशलाई उसैले छनोट गरेकी केटीसँग बिहे गराइदिनुले आधुनिकतालाई प्रश्रय दिइएको देखिन्छ ।

छोराछोरीले आमा सुस्मितालाई स्वेच्छापूर्वक जीवनयापन गर्न आग्रह गर्नु (पृ. १८०) तथा प्रभातसँग खुसीसाथ रहन सङ्केत गर्नु (पृ. १८०) पछिल्लो पुस्तामा देखिएको लैङ्गिक स्वतन्त्रतासम्बन्धी दृष्टिकोण हो । लैङ्गिक विभेद एवम् अन्यायको प्रवृत्तिमा पुरुष दोषी नभएर पितृसत्ता दोषी रहेकाले पुरुषहरू सबै दोषी हुन् भन्ने विचार राख्न नहुने (पृ. १८३) धारणासहित सन्तुलित मान्यता व्यक्त गरिएको *समानान्तर आकाश*की मुख्य पात्र सुस्मिताले निराश, निरीह अवस्थामा घर फर्किएको अविनाशलाई सदाका लागि त्यागिसकेको विचारसहित घरभित्र पस्न नदिई शून्यतामै फर्काइदिएको (पृ. १८५) घटनाले विद्रोही चेतना, सशक्त व्यवहार तथा सबल आत्मविश्वासलाई व्यक्त गरेको छ ।

उक्त घटनालाई सुस्मिताले युद्ध जितेझैँ ठानेर सगर्व रहनु तथा स्वतन्त्रतापूर्वक आत्मीय प्रेमका साथ प्रभातसँग जीवनयापन गर्ने निर्णय (पृ. १८६) सहित नयाँ जीवनको अपेक्षा गर्दै सन्तुष्टि व्यक्त गरेको कथावस्तु उपन्यासको अन्तिम कथावस्तु हो । यसरी यस उपन्यासमा उपर्युल्लिखित कथावस्तु प्रमुख कथावस्तुका रूपमा रहेका छन् । सबैजसो कथावस्तुमा लैङ्गिक समस्याका सन्दर्भ र ती समस्याको समाधानका लागि गरिएका विद्रोह, सङ्घर्ष तथा उपलब्धिहरू समावेश गरिएको छ । त्यस्तै लैङ्गिक सक्षमता, सघनता, समानता एवम् सशक्तीकरणसहित स्वतन्त्रताको पक्षमा कथावस्तुलाई अभिमुख गराएर सफल तथा उपलब्धिमूलक देखाइएकाले यस उपन्यासको कथावस्तु लैङ्गिक दृष्टिले सफल, महत्त्वपूर्ण तथा प्रभावकारी रहेको छ ।

७.२.३ चरित्र र जैविकता

समानान्तर आकाश लैङ्गिक चेतना र सशक्तीकरणलाई प्रमुख उद्देश्य बनाएर निर्माण गरिएको विचारप्रधान उपन्यास हो । लैङ्गिक समस्याका विभिन्न सन्दर्भहरूलाई विशिष्ट तथा सूक्ष्म ढङ्गले उठान गरी समाधानका तर्कपूर्ण एवम् वैज्ञानिक उपायहरूका साथ लैङ्गिक समानता र सन्तुलन कायम गरिएको हुनाले यस उपन्यासमा प्रयुक्त पात्रहरू धेरै छन् तथापि

स्वाभाविक एवम् अपेक्षित छन् । नारी पात्रहरूको बाहुल्यता र सक्रिय सहभागिता रहेको यो उपन्यास नारीवादी विचारलाई सन्तुलित ढङ्गले उभ्याउन सफल देखिन्छ ।

लैङ्गिक विभेद तथा यौनिक हिंसाजन्य व्यवहार भएका एवम् पितृसत्तामुखी सोचाइ र व्यवहार भएका पुरुष पात्रको सम्भव भए परिवर्तन अनि नभए पराजयको सङ्केत गरिएको *समानान्तर आकाश*मा सुस्मिता, स्विटी, कृष्णमाया महत्त्वपूर्ण भूमिकामा रहेका नारी पात्र हुन् । त्यस्तै नम्रता, स्वेच्छा र आस्था आधुनिक विचार बोकेका आत्मविश्वासी नारी पात्र हुन् जसको उपस्थिति उपन्यासमा सार्थक देखिन्छ । नाम नतोकिएका ग्रामीण महिलाहरू, सुस्मिताकी आमा, अपर्णा, लिन्डाजस्ता नारी पात्र लैङ्गिक सशक्तीकरण तथा आधुनिक विचारका परिचय बोकेका पात्र हुन् । यीबाहेक उपन्यासको कथावस्तुमा आवश्यकताबमोजिम दर्जनौं नारी पात्रहरू छन् जसको उपस्थिति स्वाभाविक छ । पुरुष पात्रहरू अविनाश र प्रभात महत्त्वपूर्ण देखिन्छन् भने कप्तान, आकाश, सन्तबहादुर, स्विटीलाई बलात्कार गर्न पुरुष, रविन शर्मा, देवीप्रसाद, स्विटीका दाजु र सरदारले पुरुषका विभिन्न प्रवृत्तिहरूको प्रतिनिधित्व गरेका छन् । चन्द्रप्रकाश, शास्वत, आवासीय प्रतिनिधि, अब्राहम, हरिबहादुर आदि पुरुषहरूको उपस्थिति पनि स्वाभाविक छ । साथै प्रत्यक्ष तथा परोक्ष रूपमा रहेका कैयौं पुरुष पात्रहरूले औपन्यासिक सौन्दर्यलाई सहयोग पुऱ्याएका छन् भने नेपालका विभिन्न समाजका विविध लैङ्गिक समस्या उद्घाटनमा अर्थपूर्ण कार्य गरेका छन् ।

सुस्मिता उपन्यासकी प्रमुख, केन्द्रीय नारी पात्र हो जसले उपन्यासकारको मुखपात्रको भूमिकासमेत निर्वाह गरेकी छ । आफ्नो शैक्षिक योग्यतालाई पनि सदुपयोग नगरी परम्परागत पत्नीको भूमिका जो घरभित्र सीमित रहेर पतिका यौनिक तथा अन्य आवश्यकता पूर्तिका साधन बन्छन्, मात्र निर्वाह गरेकी सुस्मिता पारिवारिक, लैङ्गिक तथा यौनिक हिंसाका कारणबाट असह्य बनेर विद्रोही बन्दै परस्त्रीसँग सम्बन्ध कायम गरी पारिवारिक दायित्वबाट निरपेक्ष बनेको अविनाशलाई घरबाट निकाल्न सक्षम बनेकी (पृ. २२) व्यक्ति पात्र हो । आम नेपाली नारीहरूको स्वभाव तथा जीवनशैलीको प्रतिनिधित्व नगर्ने हुनाले सुस्मितालाई व्यक्ति पात्रका रूपमा लिइन्छ । प्रारम्भमा अविनाशकै अधीनता र नियन्त्रण सहेर बसेकी (पृ. १९) सुस्मिता एकाएक विद्रोही बनेर (पृ. २२) सशक्त हुँदै आत्मीय परपुरुष प्रभातसँग सान्निध्यमा बस्ने (पृ. १८६) निर्णयमा पुगेकीले उसलाई गतिशील चरित्र भएकी मञ्चीय पात्रका रूपमा लिन सकिन्छ । आफ्नो पारिवारिक जिम्मेवारी बहन गर्न र तमाम लैङ्गिक समस्याको समाधानका लागि ग्रामीण भेगमा पुगेर (पृ. १) नारीहरूको स्तरोन्नति तथा लैङ्गिक सशक्तीकरणको अभियानमा लागी अरुको हित हुने कार्य गरेकाले सुस्मिता सत् वा अनुकूल पात्र हो । आफ्ना विचार तथा

मानसिकतालाई अरुसमक्ष खुलस्त राखेको हुनाले बहिर्मुखी चरित्र देखिने सुस्मितामा लैङ्गिक सशक्तीकरणको बलियो आत्मविश्वास तथा आधुनिकतालाई आलोचनात्मक स्वीकार गर्ने प्रवृत्ति देखिन्छ । उपन्यासको आरम्भदेखि अन्त्यसम्मका सम्पूर्ण कथावस्तु सुस्मिताकै पर्याधारमा रहेकाले ऊ बद्ध पात्र हो जसले औपन्यासिक वैचारिक सुन्दरता बहन गरेकी छ ।

लैङ्गिक दृष्टिमा सुस्मिताको चरित्र सशक्त महत्त्वपूर्ण तथा अपेक्षणीय रहेको छ । उपन्यासकी अर्की महत्त्वपूर्ण पात्र स्विटी पितृसत्तात्मक सामाजिक परम्परालाई चुनौती दिँदै सशक्त व्यवहारसहित स्वतन्त्रतापूर्वक जीवनयापन गर्ने तथा समाजमा रहेको लैङ्गिक हिंसाविरुद्ध लैङ्गिक सशक्तीकरणको अभियानमा जागिरे जीवन व्यतीत गर्दै नारी उत्थानको अभियानमा सक्रियतापूर्वक समर्पित कुमारी आमा (पृ. ७४) हो । प्रोजेक्टमा सँगै काम गर्ने पुरुषबाट बलात्कृत भएकी (पृ. ७६) स्विटीले बलात्कारी पुरुषको विवाह गर्ने प्रस्ताव (पृ. ७६) उपेक्षा गर्दै आत्मिक सुख एवम् मातृत्व रक्षा गर्दै सामाजिक मूल्य र मान्यतालाई चुनौती दिएर (पृ. ७८) निडरताका साथ अस्तित्व स्थापना गर्न बलात्कारबाट रहेको गर्भलाई संरक्षण गर्दै बच्चा जन्माउने निर्णय (पृ. ७७) गरेकी स्विटी *समानान्तर आकाशकी* सशक्त नारी पात्र हो । कार्यका हिसाबले उपन्यासमा सहायक पात्रका रूपमा रहेकी स्विटी लैङ्गिक अधिकार एवम् स्वतन्त्रताका लागि सङ्घर्षरत पात्र हो । बद्ध, मञ्चीय, अनुकूल, स्थिर तथा बहिर्मुखी चरित्र भएकी स्विटीले गरेका निर्णय तथा भोगेको जीवनशैलीले आम नेपाली नारीहरूको प्रतिनिधित्व गर्न नसक्ने हुनाले उसलाई व्यक्ति पात्रका रूपमा लिन सकिन्छ । लैङ्गिक अधिकार, स्वतन्त्रता तथा सन्तुलन कायम गर्ने उपन्यासको वैचारिक पक्षलाई स्विटीको भूमिकाले प्रभावकारी तथा उपलब्धिमूलक बनाएकाले लैङ्गिक दृष्टिमा स्विटीको चरित्र एवं भूमिका सशक्त तथा सकारात्मक छ ।

कृष्णमाया प्रौढावस्थामा पुगेकी पितृसत्तात्मक पुरुषवादी सङ्कीर्ण मानसिकता भएको पति कप्तानबाट लैङ्गिक विभेद तथा हिंसाजन्य व्यवहार (पृ. २७) बाट पीडित बनेकी सहायक नारी पात्र हो । सुस्मिताको सहयोगबाट जागिर खाई आत्मनिर्भर बन्न सके लैङ्गिक अन्याय र अत्याचार सहन नपर्ने विचार (पृ. ३०) व्यक्त गर्ने कृष्णमाया लैङ्गिक सशक्तता र आत्मविश्वास भएकी (पृ. ३२) सबल पात्र हो । बद्ध, मञ्चीय, बहिर्मुखी चरित्र भएकी कृष्णमाया *समानान्तर आकाशकी* सहायक पात्र हो । नेपाली समाजका प्रौढ नारीहरूले आफ्नो पतिलाई चुनौती दिएर उसको स्वीकृतिविना घर बाहिरको कुनै पेसामा लाग्न सक्ने स्थिति देखिँदैन । तसर्थ कृष्णमायाको चरित्रले आम प्रौढ नारीहरूको प्रतिनिधित्व नगर्ने हुनाले जीवनचेतनाका आधारमा ऊ व्यक्ति पात्र हो । प्रारम्भमा पतिको अधीनता सहेर निरीह जीवन गुजार्न बाध्य बनेकी

कृष्णमायाले सचेत, सक्षम तथा आत्मनिर्भर भएर विचार एवम् व्यवहार परिवर्तन गरेकाले ऊ गतिशील चरित्र हुन् भने जनसामन्यको हितमा लागेकाले अनुकूल पात्र हो । लैङ्गिक दृष्टिमा कृष्णमायालाई सक्षम, सशक्त, आत्मविश्वासी तथा अनुकरणीय पात्रका रूपमा लिन सकिन्छ ।

पतिको आम्दानीमा रमाउँदै निम्नपुँजीवादी मनोवृत्ति बोकी कृत्रिमता एवम् आडम्बरी रवाफ देखाउँदै स्वतन्त्रताको नाममा छाडापन अँगाल्ने र आफ्नो मौलिक सकारात्मक सभ्यतालाई उपहास गर्ने (पृ. ५०) नारीहरूकी प्रतिनिधि पात्र प्रतिमा *समानान्तर आकाश*की नारी पात्र हुन् । बहिर्मुखी, मञ्चीय, मुक्त र गौण भूमिकामा रहेकी प्रतिमा प्रवृत्तिका हिसाबले तटस्थ रहेकी छ । अन्यलाई हानि नपुर्‌याएकी र औपन्यासिक मर्मलाई सकारात्मक बनाएको नदेखिएकाले उसलाई तटस्थ मान्न सकिन्छ । लैङ्गिक दृष्टिले हेर्दा प्रतिमा अपेक्षित चरित्रमा नपाइए तापनि विग्रँदो आधुनिकता, निम्नपुँजीवादी प्रवृत्ति तथा आडम्बरी अधीनताको उद्‌घाटनमा सहयोग पुऱ्याएकाले उसको भूमिकाले औपन्यासिक द्वन्द्वलाई गति दिएको छ । नम्रता नेपाली विवाह पद्धतिमा विश्वास नगर्ने (पृ. १०१) सचेत र सक्षम नारी पात्र हो । एसियाली समाजमा विवाह गर्नु भनेको नारी पुरुषको अधीनमा रहनु हो भन्ने मान्यता भएका कारण नम्रता बिहे गरेर पुरुषको नियन्त्रणमा बस्न नचाहेकी (पृ. १०१), लैङ्गिक स्वतन्त्रताको चाहना भएको युवती हो जसले पुरुषको संसर्गका लागि बिहे अनिवार्य नभएको (पृ. १०१) विचार प्रकट गरेकी छ । वैचारिक तथा यौनिक स्वतन्त्रताको सघन दृष्टिकोण भएकी नम्रता बहिर्मुखी, मञ्चीय तथा अनुकूल चरित्र हो । सामाजिक चुनौतीसहित लैङ्गिक स्वअस्तित्वको स्वतन्त्र व्यवहार भोगेकी हुनाले ऊ व्यक्ति पात्र हो भने लैङ्गिक विचारसहित उपन्यासमा रहे पनि मूल कथावस्तुका सन्दर्भहरूभन्दा भिन्न रहेकाले उसलाई गौण एवम् मुक्त पात्रका रूपमा लिन सकिन्छ ।

छोटो भूमिकामा रहेकी नम्रता एउटै स्वभाव एवम् व्यवहार भएकी स्थिर, लैङ्गिक स्वतन्त्रता तथा सशक्त विचार भएकी पात्र हो । लैङ्गिक दृष्टिले उसको चरित्रलाई सचेत, सशक्त तथा क्रान्तिकारी मान्न सकिन्छ । स्वेच्छा सुस्मिताकी साथी (पृ. १५१) हो जसले फाइन आर्ट पढ्न दिल्ली गएका बेला उतैको कलाकारसँग घरजम गरेकी छ (पृ. १५२) । आर्ट ग्यालरीमा पतिसँगै काम गर्ने स्वेच्छा लैङ्गिक स्वतन्त्रता प्राप्त गरेकी (पृ. १५२) सफल नारी पात्र हो । मातृत्वको चाहना भएकी हुनाले पतिबाट सन्तान जन्मिन नसक्ने (पृ. १५३) भएपछि कृत्रिम गर्भाधान गरेर भए पनि आफू आमा बन्न चाहेको (पृ. १५३) वैज्ञानिक तथा आधुनिक विचार भएकी स्वेच्छा पुरुषहरूको सङ्‌कुचित एवम् पुरुषवादी सोचाइका विरुद्धमा मातृत्व नारीको नैसर्गिक अधिकारको (पृ. १५४) संरक्षण तथा प्रयोग गर्न सक्षम बन्नुपर्ने विचार राख्ने

आत्मविश्वास तथा सक्षमताकी परिचायक हो । विचार तथा व्यवहारमा दृढता भएकी स्वेच्छाले पतिको अनुमतिविना नै 'परिवार नियोजन सङ्घ'मा गई कृत्रिम गर्भाधान गर्न (पृ. १५७) सफल बनेकी छ । अनुकूल, बहिर्मुखी, मञ्चीय तथा स्थिर चरित्र भएकी स्वेच्छा मुक्त एवम् गौण पात्र हो । व्यक्ति पात्रका रूपमा रहेकी स्वेच्छाले उपन्यासमा लैङ्गिक सशक्तता तथा स्वतन्त्रता र अधिकारका सन्दर्भहरूलाई सघन ढङ्गले प्रकट गरेकाले लैङ्गिक दृष्टिमा उसको भूमिकालाई सार्थक मानिन्छ ।

सुस्मिताकी छोरी आस्था पुरुषको यौनिक हिंसा र अत्याचारको प्रतिकार गर्न शारीरिक रूपमा सक्षम हुनका लागि 'तेक्वान्दो' सिक्ने चाहना (पृ. १३१) भएकी नारी पात्र हो । बाल्यावस्थादेखि युवावस्थासम्मको अवस्थामा उपन्यासमा उपस्थित भए पनि औपन्यासिक मूल विचार तथा उद्देश्यमा आधारित केन्द्रीय भूमिका नभएकी हुनाले उसलाई गौण र मुक्त पात्रका रूपमा लिन सकिन्छ । पितृसत्ताले विवाहको माध्यमबाट नारीलाई अत्याचारपूर्ण जीवन भोग्न बाध्य पारेकाले विवाह नै नगर्ने दृढता प्रकट (पृ. १७५) गर्ने आस्थामार्फत् पनि उपन्यासकारले नारीवादी विचारलाई सबल ढङ्गले व्यक्त गरेकी छन् । बहुर्मुखी, स्थिर, अनुकूल, मञ्चीय तथा व्यक्ति पात्रका रूपमा रहेकी आस्थाको विचार तथा व्यवहार लैङ्गिक दृष्टिले सशक्त देखिने हुनाले सान्दर्भिक छ ।

*समानान्तर आकाश*मा सावित्री, सुस्मिताकी आमा, स्विटीकी भाउजू, अपर्णा, लिन्डा, ग्रामीण महिलाहरू आदिले लैङ्गिक समानता, सशक्तता एवम् सचेत विचार तथा व्यवहार प्रस्तुत गरेकाले अपेक्षित र स्वाभाविक नारी पात्रका रूपमा रहेका छन् । वर्णनात्मक सन्दर्भ तथा कथावस्तुको आवश्यकताअनुसार स्वाभाविक किसिमले उपस्थित उपन्यासमा सबैजसो नारी पात्रहरू लैङ्गिक दृष्टिले प्रभावकारी भूमिकामा रहेकाले लैङ्गिक सचेतना तथा सशक्तीकरणका लागि यस उपन्यासका नारी पात्रहरूको अपेक्षित र महत्त्वपूर्ण भूमिका रहेको छ ।

*समानान्तर आकाश*मा केन्द्रीय भूमिका रहेका पुरुष पात्र अविनाश र प्रभात मात्र हुन् भने कप्तान सहायक भूमिकामा रहेको छ । अन्य पुरुष पात्रहरू कथावस्तुको स्वाभाविक आवश्यकताअनुसार उपस्थित छन् । नारी पात्रका तुलनामा पुरुष पात्रको सङ्ख्या एवं भूमिका सीमित रहेको छ । अविनाश यस उपन्यासको महत्त्वपूर्ण पात्र हो । ऊ उपन्यासमा थोरै कथावस्तुमा मात्र उपस्थित भए पनि सुस्मिताको सम्पूर्ण जीवनयात्रासँग सम्बन्धित रहेको छ । असत् चरित्र भएको अविनाश पुरुषवादी प्रवृत्ति र लैङ्गिक तथा यौनिक हिंसाजन्य व्यवहार गर्ने पुरुषहरूका प्रतिनिधि पात्र हो जो सुस्मिताका पतिका रूपमा रहेको छ । शिक्षित एवम् सम्पन्न

होटल व्यवसायी (पृ. ९) अविनाश पत्नीलाई यौनिक वस्तुका रूपमा घरमै सजाएर आफ्नो अधीनमा राख्ने र यौन सन्तुष्टि लिने (पृ. ११) स्वार्थी पात्र हो । यौन सुखमा रमाउन पत्नीलाई सुगठित राख्न उद्यत रहने अविनाश (पृ. २०) पत्नी गर्भवती भएको जानकारी पाएपछि आत्मीय स्नेह दिनुको सट्टा मूल्यहीन वस्तुका रूपमा (पृ. १३) सुस्मितालाई लिने संवेदनाहीन यौन पिपासु पात्रका रूपमा रहेको छ । आफ्नी पत्नीमा यौनिक आकर्षण नपाएर परस्त्रीसँग लहसिएको (पृ. २२) व्यभिचारी अविनाशकै कारणले सुस्मिताको जीवन कष्टकर बनेकाले अविनाश प्रतिकूल पात्र हो । बहिर्मुखी, मञ्चीय, बद्ध तथा वर्गीय चरित्र भएको अविनाश सुस्मिताले प्रेम गर्ने, घृणा गर्ने, परस्त्रीसँग लहसिएको स्वीकार गर्दै घरबाट बाहिरिने (पृ. २२) र विवाहित नारीसँग रमाएर बस्ने (पृ. १२१) तथा उपन्यासको अन्त्यतर्फ निरीह तथा हताश मनोवृत्तिसहित पश्चात्ताप गरी परिवारसँग बस्ने मानसिकतामा सुस्मितासँग घरभित्र बोलाउन आग्रह (पृ. १८५) गरेकाले अविनाशको स्वभाव गतिशील प्रकृतिको छ । औपन्यासिक द्वन्द्वलाई सघन बनाएको, सुस्मितालाई लैङ्गिक चेतना एवम् सशक्तीकरणका लागि नकारात्मक उत्प्रेरणाको स्रोत बनेको तथा अविनाशकै कारणबाट औपन्यासिक सघनता एवम् द्वन्द्वात्मक कुतूहलता निर्माण भएकाले अविनाश उपन्यासका महत्त्वपूर्ण पात्र हो, जो पितृसत्ताको वास्तविकता उजागर गर्ने एक प्रतिनिधि हो । प्रतिकूल एवम् वर्गीय आचरण भएको पुरुष पात्रको पराजित तथा पश्चात्तापमूलक उपस्थिति लैङ्गिक दृष्टिमा अपेक्षित छ ।

प्रभात *समानान्तर आकाश*को केन्द्रीय पुरुष पात्र हो । 'महिला विकास कार्यक्रम'को मूल्याङ्कन गर्ने क्रममा सुस्मितासँग भेट (पृ. ५७) भएको प्रभात उक्त कार्यक्रमको संयोजक (पृ. ५८) हो । लैङ्गिक सन्तुलन र सशक्तीकरणको भूमिका खेल्ने संस्थाका महत्त्वपूर्ण व्यक्तिका रूपमा रहेको प्रभात सुस्मिताको क्याम्पस जीवनको सहपाठी मित्र हो (पृ. ५८) । लैङ्गिक दृष्टिले प्रभात अनुकूल र सकारात्मक पात्र हो, जसले लैङ्गिक सन्तुलन कायम गर्न सक्रिय पुरुषहरूको प्रतिनिधित्व गरेको छ । त्यसैले उसलाई वर्गीय चरित्रका रूपमा लिन सकिन्छ । सुस्मिताको सहृदयी मित्रका रूपमा भूमिका खेलेको (पृ. ६९) प्रभात सङ्घर्षमय तथा समस्यामूलक जीवनमा आत्मविश्वास एवम् साहसका साथ सक्रिय हुनुपर्ने (पृ. ६९) जीवनवादी दृष्टिकोण भएको पात्र हो । सुस्मितालाई जीवन यात्रामा साथ दिने (पृ. ७०) अभिव्यक्तिले अभ्यन्तरमा उसको प्रेमीका रूपमा आफूलाई उभ्याएको आभाष दिने प्रभात हरेक मानिसले आफ्नो जीवन स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्ने र बन्धनमुक्त जीवन नै साँचो अर्थमा सफल जीवन हो (पृ. १०८) भन्ने दृष्टिकोण भएको पात्र हो ।

असल सहयात्रीबाट मात्र जीवनको सार्थकता प्राप्त हुने विचार (पृ. १०८) भएको प्रभात अविवाहित (पृ. ११५) पात्र हो, जसले पीडादायी दाम्पत्य जीवनको वैवाहिक सम्बन्ध कायम गर्न नहुने (पृ. ११५) मान्यता राखेको छ । आफ्नी प्रेमिकाको मृत्यु भएपछि विवाह गर्ने विचारमा परिवर्तन (पृ. ११६) गरेको प्रभात भावनात्मक एवम् हार्दिक प्रेममा समर्पित देखिन्छ । मञ्चीय, बद्ध, बहिर्मुखी चरित्र भएको प्रभात प्रारम्भदेखि अन्त्यसम्म नै एउटै विचार एवम् व्यवहारमा रहेकाले ऊ स्थिर पात्र हो । वैवाहिक सम्बन्धमा अलिकति वैचारिक परिवर्तनको सङ्केत देखिए पनि लैङ्गिक स्वतन्त्रता, समानता तथा सम्मानजस्ता पक्षमा सकारात्मक एवम् सघन विचारको स्थिरताले उसलाई स्थिर पात्र मानिएको हो । आस्थाको अध्ययनलाई स्पोन्सर गरेर (पृ. १३०) सामाजिक उत्तरदायित्वप्रति पनि सचेत प्रभात *समानान्तर आकाश*की प्रमुख पात्र सुस्मिताको आत्मीय सहयोगी, प्रेरणा तथा आस्था एवम् जीवनयात्राको सम्मानित र सकारात्मक साथी बनेको छ । लैङ्गिक सम्मान, सशक्तता र सन्तुलनका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुनाले प्रभात यस उपन्यासको वैचारिक एवम् अपेक्षित पात्र हो ।

कप्तान उपन्यासको पितृसत्तात्मक पुरुषवादी मानसिकता भएका पुरुष पात्र हो । लैङ्गिक सचेतना सशक्तता र सन्तुलनको पक्षलाई क्रमशः स्वीकार गर्दै अन्त्यतर्फ सकारात्मक र सन्तुलित भूमिका निर्वाह गर्ने गतिशील कप्तान प्रतिकूलबाट अनुकूल बनेको पात्र हो । कृष्णमायालाई लैङ्गिक हिंसाजन्य व्यवहार गर्ने (पृ. २७) र आफ्नो नियन्त्रणमा राख्ने (पृ. ३२) कप्तान नारीलाई दासलाई जस्तै व्यवहार गर्ने (पृ. ५६) पितृसत्तात्मक विभेदयुक्त सोचाइ भएको पात्र हो । लैङ्गिक चेतना र सन्तुलनयुक्त विचारको विकास हुँदै गएपछि कप्तान घरायसी काममा सहयोग गर्ने (पृ. १००) एवम् लैङ्गिक सम्मानयुक्त व्यवहार गर्ने (पृ. १७२) पात्रमा रूपान्तरण भएको वर्गीय, मञ्चीय, बद्ध तथा बहिर्मुखी पुरुष पात्र हो । लैङ्गिक दृष्टिमा कप्तानको चरित्र स्वाभाविक एवम् परिवर्तनशील रहेको छ । उपन्यासमा रहेका चन्द्रप्रकाश र सन्तबहादुरको पनि परिवर्तित भूमिका स्वाभाविक र अपेक्षित छ ।

त्यस्तै रविन, अब्राहमजस्ता पुरुष पात्र तटस्थ खालका छन् भने स्विटीको बलात्कारी मित्र, देवीप्रसाद, सरदारजस्ता पुरुष पात्रहरू पुरुषवादी सङ्कीर्ण र स्वार्थी मानसिकता भएका पुरुष हुन् । शास्वतले उमेरअनुसार नसुहाउने परिपक्व विचार (पृ. १३५) व्यक्त गर्नु अस्वाभाविक देखिन्छ । आकाश सुस्मितालाई संसारकै सर्वश्रेष्ठ आमा (पृ. १३८) ठान्ने सकारात्मक एवम् सक्षम तथा आधुनिक विचार भएको पुरुष पात्र हो । यसरी उपन्यासमा चर्चायोग्य भूमिका खेल्ने उपर्युक्त पुरुष पात्रबाहेक अन्य विभिन्न पात्र कथावस्तुअनुसार उपन्यासलाई प्रभावकारी तथा सफल बनाउन परोक्ष एवम् प्रत्यक्ष रूपमा प्रयोग भएका छन् ।

*समानान्तर आकाश*मा मोटामोटी असी जना जति नारी र पुरुष पात्रको सहभागिता रहेको छ । अधिकांश नारी पात्र लैङ्गिक सन्तुलन तथा सशक्तताकाको स्वतन्त्र र आस्तित्विक विचार एवम् व्यवहारमा उपस्थित छन् भने अधिकांश पुरुष पात्र नकारात्मक एवम् पराजित अवस्थामा रहेका छन् त कोही पुरुष पात्र परम्परागत सङ्कीर्ण मानसिकता बदलेर सकारात्मक बन्न पुगेका छन् । समग्रमा उपन्यासमा रहेका सम्पूर्ण पात्रले औपन्यासिक सुन्दरता तथा उद्देश्य हासिल गर्नमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । लैङ्गिक दृष्टिले हेर्दा सम्पूर्ण पात्रहरूको सान्दर्भिक र स्वाभाविक भूमिका रहेको छ ।

७.२.४ लैङ्गिकताको अवस्था

समानान्तर आकाश लैङ्गिक सशक्तीकरण र सन्तुलनको उद्देश्य बनाएर रचना गरिएको विचारप्रधान उपन्यास हो । यस उपन्यासमा पितृसत्तात्मक लैङ्गिक सन्दर्भदेखि परिवर्तित तथा आधुनिक वैज्ञानिक आधारबाट स्थापित एवम् अपेक्षित सन्तुलित र सुदृढ लैङ्गिक अवस्थासमेत उल्लेख गरिएको छ । त्यस्तै लैङ्गिक विभेदयुक्त र समस्याग्रस्त सामाजिक संरचनालाई चुनौती दिँदै परम्परागत नकारात्मक संस्कारका विरुद्धमा विदेशी चेतना, व्यवहार तथा सफलताका सन्दर्भलाई उजागर गरेर लैङ्गिक अवस्थामा सन्तुलन गरिएको छ । सम्मानपूर्ण, स्वतन्त्र तथा सार्थक जीवनको प्रखर विचार व्यक्त भएको प्रस्तुत उपन्यासमा लैङ्गिक तथा विभेदयुक्त एवम् सन्तुलित दुबै अवस्था देखाउँदै सन्तुलित र सशक्त अवस्थातर्फ लक्षित गरिएको छ । ग्रामीण क्षेत्रमा लैङ्गिक विभेद, शोषण एवम् अत्याचार बढी हुने कारण लैङ्गिक चेतना र आत्मनिर्भरताको अभावले हो भन्ने विचारसहित लैङ्गिक विभेद एवम् अन्याय भोग्न बाध्य पारिएका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन सकेमा विभेदहरू अन्त्य हुने सङ्केत गरिएको छ ।

लैङ्गिक विभेदमा पुरुष पीडक र नारी पीडित हुनु स्वयम् व्यक्तिहरूको दोष नभएर परम्परागत सामाजिक संरचना भएकाले पुरुष र नारीलाई परिवर्तित तथा वैज्ञानिक विचारसहित सचेत तुल्याउन सकेमा लैङ्गिक अवस्थामा सुधार आउने धारणा समेत व्यक्त गरिएको छ । सुस्मिता अभिभावकत्व निर्वाह गर्न र जीवनलाई सार्थक बनाउन जागिरका लागि ग्रामीण भेगमा जानु (पृ. ४) लैङ्गिकताको सक्षम अवस्था हो । महिलाले ग्रामीण जीवनमा सचेतना जागृत गराउँदै लैङ्गिक सन्तुलन कायम गर्न महिलालाई आत्मनिर्भर बनाउने कार्यको नेतृत्व लिई सफलता हासिल गर्न महिलालाई आत्मनिर्भर बनाउने कार्यको नेतृत्व लिई सफलता हासिल गर्न नसक्ने पुरुषवादी प्रवृत्ति (पृ. ५) व्यक्त गर्ने प्रतिनिधि पात्र सन्तबहादुरले लैङ्गिकताको परम्परागत सङ्कीर्ण मानसिकता व्यक्त गरेको देखिन्छ । त्यस्तै गृहस्थी, खेतीपातीमा र

बालबच्चाको स्याहार सुसारमा महिलाहरू निरन्तर जोतिइरहँदा पनि पुरुषहरू जुवातास र रक्सीमा मस्त रहने (पृ. ६) अन्यायपूर्ण एवम् असमान लैङ्गिकताको उद्घाटन गरिएको छ ।

पितृसत्तात्मक परम्परागत सामाजिक सङ्कीर्ण र विभेदयुक्त परम्परालाई तोडेर महिलाहरू सचेत एवम् प्रतिस्पर्धी बन्नुपर्ने (पृ. ७) परिवर्तित लैङ्गिकतालाई महत्त्वका साथ व्यक्त गरिएको छ । प्राकृतिक वा जैविक अवस्थाले पनि पुरुषलाई भन्दा नारीलाई सम्हाल्नुपर्ने (पृ. ८) अवस्था छ । अविनाशले सुस्मितालाई घरभित्रै सीमित गरी यौन उपभोग गर्ने वस्तुसरह मात्र ठान्नु (पृ. ११) यौनिक र लैङ्गिक हिंसाजन्य अवस्थाको उद्घाटन हो । सन्तान जन्माएपछि महिलाहरूको सुन्दरता एवम् आकर्षण घट्ने भन्दै उपेक्षा गर्ने यौनस्वार्थी प्रवृत्ति पुरुषहरूमा रहेको हुन्छ (पृ. १२) भन्ने कुरा उद्घाटन भएको छ ।

मातृत्व, यौनजस्ता नारीका नैसर्गिक अधिकारमा पुरुषले पूर्ण नियन्त्रण गर्न खोज्नु (पृ. १२) र नियन्त्रणभन्दा बाहिर वा लैङ्गिक समानता एवम् अधिकारतर्फ नारीहरू सक्रिय हुँदा पुरुष लघुताभासले ग्रसित भई नारीलाई उपेक्षा र हिंसाजन्य व्यवहार गर्ने अन्यायपूर्ण अवस्थाको चित्रण (पृ. १३) छ । महिलालाई मान्छेको दर्जा नदिने र महिला हुनु भने पूर्वजन्मको पापको परिणाम (पृ. १५) हो भन्ने अमानवीय तथा अत्याचारी सोचाइ एवम् विचारले ग्रामीण पुरुषहरूमा जरा गाडेको यथार्थता उद्घाटन गरिएको छ । महिलाको जीवन पशुसरह वा उपेक्षित हो भन्ने सङ्कीर्ण मानसिकताबाट ग्रामीण महिलाहरू पनि ग्रसित (पृ. १६) बनाइएका सन्दर्भले लैङ्गिकताको विभेदयुक्त अवस्थालाई छर्लङ्ग पारेका छन् ।

महिलाहरू बिहानदेखि रातीसम्म काममा जोतिइरहने तर पुरुषहरू गाउँ डुल्ने, तास खेल्ने, रक्सी खाने र घरमा आएर पत्नी कुट्ने (पृ. १७) जस्ता हिंसाजन्य व्यवहारले ग्रमीण क्षेत्रमा रहेको लैङ्गिकताको अवस्थालाई इङ्गित गर्दछन् । पठित वा शिक्षित नारीले आफ्नो शैक्षिक योग्यताअनुसारको रोजगारी नगरी पुनर्उत्पादन कार्य एवम् अनुत्पादक घरायसी काममा मात्र सीमित (पृ. १९) हुनुपर्ने नेपाली समाजको वास्तविक चित्र सुस्मिताको पूर्वार्धको भोगाइमा देखिन्छ । समान दक्षता भएका नारीलाई पनि पुरुषले लैङ्गिक अत्याचार गर्दै नियन्त्रण एवम् अधीनता कायम (पृ. १९) गर्ने गरेको लैङ्गिक अवस्था प्रस्तुत छ । यौनिक तथा वासनात्मक मानसिकता भएका पुरुषहरू नारीलाई यौनिक वस्तुसरहभन्दा भिन्न रहेर आत्मिक एवम् हार्दिक प्रेमतर्फ ध्यान दिन नसक्ने (पृ. २०) विभेदयुक्त र निरपेक्ष व्यवहार अविनाशले प्रस्तुत गरेको अवस्थाबाट अन्यायपूर्ण लैङ्गिक अवस्था प्रस्ट हुन्छ ।

सन्तान जन्माएपछि नारीमा देखा पर्ने शारीरिक शिथिलताका कारणले अविनाश परस्त्रीसँग लहसिएर (पृ. २१) सुस्मितालाई उपेक्षा गरेको देखिन्छ । लैङ्गिक अन्याय र अत्याचारको स्थिति सीमाहीन भएपछि सुस्मिताले परस्त्रीलाई छोड्न वा आफू, सन्तान र घर छोड्न आग्रह (पृ. २२) गरेपछि अविनाश घरबाट बाहिरिएको (पृ. २२) अवस्थाबाट सुस्मितामा लैङ्गिक अस्तित्वपूर्ण चेतना र सशक्त क्षमता रहेको देखिन्छ । यसबाट लैङ्गिक विभेदको विद्रोहात्मक सशक्त लैङ्गिक चेतना निर्माण भएको देखिन्छ । महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर नहुनाले लैङ्गिक विभेद र अन्याय बढी हुने गरेको (पृ. २३) अवस्था व्यक्त भएको छ । ग्रामीण समाजमा महिलाले सामाजिक मानसिक तथा शारीरिक यातना भोग्दै लैङ्गिक हिंसा खेप्न बाध्य बनिरहेको (पृ. २७) अवस्था चित्रित छ । घरेलु हिंसाजन्य व्यवहारबाट महिलाहरू प्रताडित भइरहेका विभेदयुक्त अवस्था (पृ. २७) उद्घाटन गरिएको छ । महिलाको शरीरमा पुरुषको नियन्त्रण हुने र स्वयम् महिलाको अधिकार नहुने (पृ. २९) अत्याचारपूर्ण अवस्थाको चित्रित छ । बालविवाह, बहुविवाह जस्ता लैङ्गिक विभेदयुक्त व्यवहारले महिलामा जटिलता थपिने (पृ. २९) कुरा उल्लेख गर्दै उपन्यासकारले लैङ्गिकताका विविध विभेदपूर्ण अवस्थालाई प्रस्तुत गरेकी छन् । अवसर एवम् विश्वास भए नारीहरू विभिन्न संस्थागत तथा सामुदायिक भूमिकामा नेतृत्व गर्दै (पृ. ३५) आफ्नो पेसालाई प्रभावकारी बनाउन सक्छन् भन्ने परिवर्तनशील एवम् सकारात्मक लैङ्गिकता अवस्था व्यक्त भएको छ ।

महिला साक्षरता कार्यक्रमकी संयोजक सुस्मिता र कृषि कार्यक्रमका संयोजक रविन शर्माको समानान्तर भूमिकाले (पृ. ३५) समानान्तर लैङ्गिक सक्षमताको अवस्था व्यक्त गर्दछ । महिला परनिर्भर भएर पुरुषको दासत्व सहजताका साथ स्वीकारेका कारणले लैङ्गिक हिंसा र अन्यायमा पुरुषहरू अग्रसर हुने गरेकाले महिला आत्मनिर्भर बन्दै दासत्वलाई चुनौती दिएर अस्वीकार गर्न सकेमा लैङ्गिक अन्याय गर्नबाट पुरुषहरू पछाडि हट्ने (पृ. ५६-५७) लैङ्गिकताको सुदृढ अवस्था प्रस्तुत गरिएको छ । विभिन्न पेसा एवम् व्यवसायमा सक्रिय भएर आत्मविश्वासका साथ सामूहिक, संस्थागत तथा व्यक्तिगत रूपमा महिलाहरू आत्मनिर्भर बनेर सक्षम र सशक्त बन्न सजिलै सक्ने (पृ. ६६) उदाहरण प्रस्तुत गर्दै *समानान्तर आकाश*मा लैङ्गिकताको सशक्त तथा परिवर्तनशील अवस्था व्यक्त गरिएको छ ।

लैङ्गिक चेतनासहित स्वतन्त्रता एवम् सक्षमताका लागि सामूहिक भावना बोकेर सक्रिय हुन सके लैङ्गिक सन्तुलन निर्माण गर्न सजिलै सकिने दृष्टिकोण व्यक्त भएको छ । पुरुषबाट भएका यौनिक हिंसा एवम् अत्याचारबाट स्विटीजस्ता नारीहरू कुमारी आमा बन्नुपरेको (पृ. ७४) स्थिति उजागर गरिएको छ । जैविक रूपमा नारीहरूमा गर्भाशय हुने भएकाले यौनिक

हिंसाका अवशेष बोक्न नारी बाध्य बन्नुपरेका घटना (पृ. ७७) प्रस्तुत गरिएको *समानान्तर आकाश*मा पितृसत्तात्मक सामाजिक संरचनालाई चुनौती दिँदै बलात्कारी पुरुषसँग विवाह गर्नुभन्दा कुमारी आमा बन्नु उपयुक्त भएको (पृ. ७७) विचार व्यक्त गरिएको छ । ग्रामीण भेगका किशोरीहरूलाई वस्तुसरह बेचविखन गरी मानवीय तथा लैङ्गिक अत्याचार खेप्न बाध्य पारिएको (पृ. ८२) अवस्था पनि चित्रित छ ।

पुरुषहरूबाट नारीहरू हेपिनु परेको एउटा कारण नारीहरूले बढी सहेर नै हो (पृ. ८३) भन्ने लैङ्गिकताको यथार्थ उद्घाटन गर्दै नारीहरू पनि विद्रोही एवम् सक्षम बन्न सके अन्याय घट्दै जाने सुधारात्मक स्थितिको सङ्केत गरिएको छ । पुरुषहरूले महिलालाई आफ्नो समकक्षतामा नराखेसम्म र महिलाहरू पनि पुरुषसरह आफ्नो स्तर नबनाएसम्म लैङ्गिक सन्तुलन कायम गर्न नसकिने (पृ. ८५) अवस्थातर्फ सङ्केत गरिएको छ । पश्चिमी संस्कार तथा जीवनशैली अपनाएको अपर्णालाई उनकै रोजाइअनुसार रबिनसनसँग बिहे गरिदिन आधुनिक विचार भएका सुस्मिताका दाइभाउजू तयार भएको स्थिति (पृ. ९६) ले लैङ्गिक समानता एवम् आधुनिकताको लैङ्गिक अवस्थालाई सङ्केत गरेको देखिन्छ । पुरुषहरूमा लैङ्गिक चेतना एवम् सकारात्मक भावना हुने भए पनि परम्परागत पितृसत्तात्मक चिन्तन तथा संरचनाका कारणले लैङ्गिक अन्याय गरेका हुन्छन् (पृ. १०१) भन्ने जनाइएको छ ।

विपरीत लिङ्गी यौनिक आनन्द नैसर्गिक हुने हुनाले नारीले पनि स्वतन्त्रतापूर्वक रमाउन पाउनुपर्ने (पृ. १०३-१०४) यौनिक स्वतन्त्रताको सन्दर्भसहित लैङ्गिकताको स्थिति प्रस्तुत भएको छ । स्वतन्त्र जीवनयापन गर्नु सबैको नैसर्गिक अधिकार (पृ. १०८) भएकाले जीवनका सहयात्रीले एकार्कामा हस्तक्षेप गर्न नहुने (पृ. १०८) दृष्टिकोणसहित सम्मानपूर्ण सहयात्राको आह्वान गरिएको छ । पितृसत्तात्मक अहम् र उच्चता मनोग्रन्थिका कारणले महिलाको मातहतमा रहेर काम गर्नुपर्दा पुरुषहरू ईर्ष्यालु बनेर अस्वाभाविक व्यवहार देखाउँछन् (पृ. ११०, ११३, १२०) भन्ने मनोलैङ्गिक सन्दर्भ व्यक्त छ । प्रभात र सुस्मिताको आपसी सम्बन्ध (पृ. ११८, ११९) मनोयौनिकताको स्थिति हो । पतिको अनुपस्थितिमा पत्नी एक्लैले सन्तानलाई संरक्षण गर्दै सक्षम तथा सफल बनाउने कार्य (पृ. १२३) सुस्मिताबाट भएको अवस्थाले सामाजिक दायित्व, अभिभावकत्व तथा कर्तव्यमा नारीले खेल्नसक्ने सफल स्थितिलाई सङ्केत गरेको छ ।

यौवनावस्थामा रहेका युवायुवतीबिचको आकर्षण एवम् हेराइ (पृ. १२५) विपरीत लिङ्गी मनोयौनिकताको स्वाभाविक अवस्था हो । लैङ्गिक हिंसाको प्रतिकार गर्न युवतीमा पनि

शारीरिक सबलता आवश्यक रहेको (पृ. १३१, १३२) सन्दर्भले लैङ्गिक सशक्तता एवम् प्रतिरक्षात्मक क्षमता विकासको अवस्थालाई जनाएको छ । आफ्नी छोरीलाई अर्काको घर पठाउनुपर्ने र अर्काकी छोरीलाई बुहारी बनाएर आफ्नो घरमा भित्र्याउनुपर्ने (पृ. १४१) परम्परागत वैवाहिक संस्कृतिको वास्तविकता उद्घाटन गरिएको छ । कृत्रिम गर्भाधान गरी सन्तान प्राप्त गर्ने सुविधा भए पनि पुरुषवादी सङ्कीर्ण मानसिकता भएका कारण स्वेच्छाका पतिले उक्त कार्यका लागि स्वेच्छालाई सहमति दिन नसक्नु (पृ. १५३) र स्वेच्छाले कृत्रिम गर्भाधान गरेरै पनि आफ्नो मातृत्वको इच्छा तथा नैसर्गिक अधिकारलाई स्थापित गर्न प्रयत्न गर्नु (पृ. १५३) लैङ्गिकताको परम्परित र आधुनिक विचारको द्वन्द्वात्मक स्थिति हो भने स्वेच्छाले कृत्रिम गर्भाधान अपनाउन सफल बन्नु (पृ.१५७) आधुनिक एवम् वैज्ञानिक विचारसहितको लैङ्गिक सशक्तता तथा सक्षमताको अवस्था हो । पैतृक सम्पत्ति छोरालाई मात्र दिइने परम्परा तथा छोरीलाई पनि दिनुपर्ने आधुनिक नारीवादी विचारभन्दा भिन्न धारणा प्रस्तुत (पृ. १५९) गरिएको *समानान्तर आकाश*मा शैक्षिक अवसर छोरा छोरीलाई समान ढङ्गले दिनुपर्ने, सक्नेले दुबैलाई सम्पत्ति दिन सक्ने एवम् पैतृक सम्पत्तिमा छोरा र छोरी कसैले पनि दावा गर्न नहुने (पृ. १५९) विचार व्यक्त गर्दै लैङ्गिक मान्यताको सन्तुलित अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

लैङ्गिक चेतना, सक्रियता तथा सशक्तताका कारणले ग्रामीण भेगमा समेत नारीहरू सामाजिक र राजनैतिक नेतृत्वमा पुग्न सफल बनेको (पृ. १६८), आर्थिक र सामुदायिक भूमिकामा सक्षम बनेको (पृ. १७०), पुरुषहरूमा पनि विचार तथा व्यवहारमा पूर्ण परिवर्तन आएको (पृ. १७२, १७३) जस्ता अवस्थाले लैङ्गिक समानता स्वतन्त्रता तथा सन्तुलनको स्थितिलाई जनाउँछन् । बिहे गरेर लैङ्गिक अत्याचार एवम् अन्याय भोग्नुभन्दा बिहे नै नगर्ने विचार आस्थामा उत्पन्न हुनु (पृ. १७५) पनि परम्परागत पितृसत्तात्मक पुरुषवादी वैवाहिक संस्कृतिमाथिको विद्रोहको स्थिति हो । पश्चिमी संस्कृति 'लिभ इन टुगेदर' को प्रभावमा परेको (पृ. १७८) सङ्क्रमणकालीन नेपाली लैङ्गिकताको अवस्थातर्फ पनि सङ्केत गरिएको प्रस्तुत उपन्यासमा लैङ्गिकताको विविध चित्र उतारिएको छ । पश्चात्ताप बोध गरी निराश, हताश एवम् निरीह बनेर घर फर्किएको (पृ. १८४) अविनाशलाई सशक्त अभिव्यक्तिसहित घरभित्र पस्न नदिनु (पृ. १८६) विद्रोही चेतना तथा सक्षमता एवम् लैङ्गिक स्वतन्त्रतापूर्ण अवस्था हो । सहृदयी व्यवहार एवम् आत्मीय प्रेमसहित प्रभातसँग बस्ने विश्वास गरी अमेरिका जाने निर्णय (पृ. १८६) सुस्मिताले गरेको सन्दर्भले लैङ्गिक स्वतन्त्रता एवम् अधिकारको सबल अवस्थालाई जनाउँछ । यसरी *समानान्तर आकाश*मा परम्परित लैङ्गिक अवस्थादेखि परिवर्तित अवस्था,

आधुनिक वैज्ञानिक अवस्था, स्वतन्त्रतामूलक सक्षम अवस्थाजस्ता विविध खालका सशक्त प्रतिरोधात्मक एवम् सन्तुलित अवस्थाहरूको सान्दर्भिक प्रस्तुति रहेको छ ।

७.२.५ लैङ्गिक भूमिका

समानान्तर आकाश लैङ्गिक सन्तुलन कायमका लागि गरिएका आर्थिक सक्षमता, सशक्तता, यौनिक तथा लैङ्गिक स्वतन्त्रता नेतृत्व एवम् अधिकारका साथै विद्रोही व्यवहार र आत्मविश्वासपूर्ण जीवनशैलीहरूको फेहरिस्त हो । त्यसैले यस उपन्यासमा रहेका अधिकांश पात्रहरू खास गरी नारी पात्रहरू बढीभन्दा बढी उत्पादक एवम् सामुदायिक भूमिकामा रहेका छन् । यद्यपि परम्परागत सामाजिक लैङ्गिक अवस्थाको यथार्थोद्घाटनमा अनुत्पादक भूमिकाका सन्दर्भहरू पनि पर्याप्त रहेका छन् । उपन्यासमा रहेका नारीहरूको पुनरुत्पादक भूमिका कतिपय स्वाभाविक रहेका छन् भने कतिपय भूमिका विद्रोहात्मक, बाध्यात्मक एवम् चुनौतीपूर्णसमेत देखिन्छन् । उपन्यासकी प्रमुख नारी पात्र सुस्मिताले सबै किसिमका भूमिका निर्वाह गरेकी छ । पूर्वदीप्तिमूलक सन्दर्भहरू समावेश भएको प्रस्तुत उपन्यासकै प्रारम्भ सुस्मिताको आर्थिक तथा सामुदायिक भूमिकाबाट गरिएको छ । “यो गैरी गाउँमा म आइपुगेकी जागिरको सिलसिलामा (पृ. १) ।” कार्यक्रम संयोजक बनेर जागिरे बन्नु (पृ. ५) सामुदायिक एवम् उत्पादक भूमिका हो ।

अविनाशसँगको जीवनयापन गर्दा सुस्मिताले पितृसत्तात्मक पुरुषवादी परम्परित सङ्कीर्ण चिन्तनको उपजस्वरूप बाध्यतावंश अनुत्पादक भूमिका (पृ. ११, १९, २०) निर्वाह गरेको देखिन्छ । मातृत्वको नैसर्गिक अधिकारको सचेत आग्रह (पृ. १३) पश्चात सुस्मिताले सन्तानोत्पादन कार्य गरेकी (पृ. १८) छन् । छोरी आस्थाको जन्म (पृ. १८) भएको केही समयपछि छोरालाई जन्म दिएकी (पृ. १९) सुस्मिता पुनरुत्पादक भूमिकामा रहेकी छ । सन्तानको संरक्षण एवम् कुशल अभिभावकत्व (पृ. २५) निर्वाह गर्नु सामुदायिक भूमिका हो । महिला हिंसा, अन्याय, अत्याचारका विरुद्धमा सुस्मिताले चेतना फैलाउनु, तालिमको आयोजना गर्नु, सार्वजनिक स्थलमा होर्डिङ बोर्डको व्यवस्था गर्नु (पृ. ८९) जस्ता कार्यहरू सामुदायिक भूमिकाका नमुना हुन् । गोष्ठीका लागि प्रभावकारी कार्यपत्र तयार गर्नु (पृ. १३३), छोरी र छोरा दुबैलाई उच्च शिक्षा हासिल गराउनु (पृ. १३७), ‘महिला सरोकार सङ्घ’ को स्थापना गर्नु (पृ. १७७) जस्ता भूमिका पनि सुस्मिताका सामुदायिक भूमिका हुन् । उपर्युक्त विविध भूमिकाका आधारमा हेर्दा सुस्मिताले उत्पादक, अनुत्पादक, सामुदायिक तथा पुनरुत्पादक सबै किसिमका भूमिकाहरू सक्षमतापूर्वक

निर्वाह गरेको देखिन्छ । उपन्यासकारले नारीलाई यी सम्पूर्ण भूमिकाहरू प्रदान गरेर लैङ्गिक सशक्तीकरण गर्दै समानान्तर भूमिकातर्फ अभिमुख बनाएको देखिन्छ ।

उपन्यासकी अर्की महत्त्वपूर्ण पात्र स्विटीको भूमिका पनि उत्पादक, पुनरुत्पादक तथा सामुदायिक किसिमको रहेको छ । प्रोजेक्टमा काम गर्ने (पृ. २) हुनाले ऊ उत्पादक र सामुदायिक भूमिकामा रहेको प्रस्ट हुन्छ । बलात्कृत भएर गर्भाधान गर्न पुगेकी (पृ. ७६-७७) स्विटी परम्परागत पितृसत्तात्मक सामाजिक संरचनालाई चुनौती दिंदै (पृ. ७७) सन्तान जन्माउने कार्य (पृ. ७९) गरेकी छन् । यो अत्यन्त सशक्त एवम् विद्रोही पुनरुत्पादनात्मक भूमिका हो । कुमारी आमा बनेर साहसिक कदम चालेकी स्विटीले छोराको कुशलतापूर्वक संरक्षण गर्दै सफल अभिभावकत्व निर्वाह गरेको भूमिका (पृ. १८१) महिलाहरूको सर्वाङ्गीण विकासका लागि सहित्रयतापूर्वक कार्य गर्दै संस्था खोली (पृ. १७७) खेलेको भूमिका सामुदायिक भूमिका हो । त्यस्तै उपन्यासमा कृष्णमायाले पनि अनुत्पादक, उत्पादक तथा सामुदायिक भूमिका निर्वाह गरेकी छ । अफिसमा परिचरको काम गर्नु (पृ. ३०) र आर्थिक रूपमा आत्मनिर्भर बन्ने प्रयत्न गर्नु उत्पादक भूमिका हो । उक्त भूमिकासहित उसले घरगृहस्थीको अनुत्पादक भूमिका (पृ. ३४) पनि निर्वाह गरेकी छ । बुद्धिमाया, सावित्रीजस्ता अनुत्पादक काममा सीमित रहेका कैयौं ग्रामीण भेगका महिलाहरू आर्थिक उपार्जनसहित राजनीतिक नेतृत्वमा रहेको (पृ. १६८) अवस्थाले उत्पादक एवम् सामुदायिक भूमिकालाई सङ्केत गर्दछ । त्यस्तै स्वस्तिका, नम्रता, लिन्डाजस्ता नारी पात्रहरू पनि आर्थिक एवम् सामुदायिक भूमिकामा रहेका छन् ।

आस्थाले अमेरिकामै जागिरे भई सेटल हुनु (पृ. १४५, १७५) पनि आर्थिक सक्षमताको उदाहरण हो । उपन्यासमा उपस्थित भएका अधिकांश नारी पात्रहरू परम्परागत पितृसत्तात्मक सामाजिक संरचनाले निर्धारण गरेका भूमिका (अनुत्पादक एवम् पुनरुत्पादक मात्र) मा मात्र सीमित नरहेर परम्परित रूपमा पुरुषहरूले मात्र गर्ने गरेका उत्पादक र सामुदायिक भूमिका सफलतापूर्वक सम्पन्न गर्न सक्षम बनेका छन् । उपन्यासमा रहेका पुरुष पात्रहरूमध्ये अविनाश र प्रभात केन्द्रीय पात्र हुन् । अविनाशले होटल व्यवसाय (पृ. ९) गरी उत्पादक कार्य वा आर्थिक उपार्जनको भूमिका निर्वाह गरेको छ । त्यस्तै प्रभात महिला विकास कार्यक्रमको मूल्याङ्कनकर्ता बनेर (पृ. ५७) उपस्थित भएको छ । यसबाट ऊ उत्पादक एवम् सामुदायिक भूमिकामा रहेको प्रस्ट हुन्छ । आस्थालाई अमेरिकामै पढ्ने बन्दोबस्त मिलाउने कार्य (पृ. १३०) पनि सामुदायिक भूमिकाअन्तर्गत पर्दछ । त्यस्तै उपन्यासमा रहेका सन्तबहादुर सामुदायिक भूमिकामा छ । त्यस्तै रविन शर्मा, देवीप्रसाद आदि पुरुष पात्रहरू पनि उत्पादक र सामुदायिक भूमिकामा रहेका छन् ।

*समानान्तर आकाश*मा रहेका पात्रहरूको भूमिकालाई लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा लैङ्गिक सशक्तीकरण एवम् सक्षमतातर्फ अभिमुख रहेका देखिन्छन् । नारी हुन् वा पुरुष दुबै किसिमका पात्रहरूको भूमिका सोद्देश्यमूलक तथा वैचारिक दृष्टिले सघन रहेको छ । पुरुषहरू उत्पादक र सामुदायिक भूमिकामा देखिनु त परम्परागत निरन्तरता नै हो तर नारीहरूको उत्पादक एवम् सामुदायिक सशक्त भूमिका परिवर्तित रहेको छ । सघन लैङ्गिक भूमिका निर्वाह गराउन र स्वाभाविक एवम् सान्दर्भिक उद्देश्य प्राप्त गर्न उपन्यासकार सफल देखिन्छन् । तसर्थ लैङ्गिक भूमिकाका दृष्टिमा *समानान्तर आकाश* सफल र प्रभावकारी रहेको छ ।

७.२.६ लैङ्गिक समस्या

समानान्तर आकाश विविध लैङ्गिक समस्याको विशिष्ट उद्घाटन गर्दै उक्त समस्या समाधानका वैज्ञानिक एवम् सान्दर्भिक तथा सशक्त उपाय सुझाएर समस्या निवारण गर्दै लैङ्गिक सन्तुलन कायम गर्न सक्षम रहेको उपन्यास हो । त्यसैले यस उपन्यासमा सामाजिक, आर्थिक, राजनैतिक, यौनिक आदि विविध क्षेत्रमा रहेका लैङ्गिक समस्यालाई मिहिन ढङ्गले विश्लेषण गरिएको छ । लैङ्गिक समस्या वा विभेदको मूल कारण आर्थिक निर्भरता भएको ठहर्‌याउँदै उक्त पक्षसँग सम्बन्धित रहेर समस्याहरू पर्गेल्दै आत्मनिर्भरतालाई प्राधान्य दिएर सशक्तीकरण गरिएको छ । लैङ्गिक अधीनता, विभेद, यौनिक शोषण र हिंसा, शारीरिक हिंसा, नियन्त्रण, अधिकारबाट बञ्चित, अन्याय, अत्याचार, दमन आदि व्यवहार भोग्न बाध्य पारिएका सन्दर्भहरू प्रस्तुत गर्दै लैङ्गिक समस्याका प्रशस्त उदाहरणहरू *समानान्तर आकाश*मा उद्घाटन गर्दै ती समस्याको समीचीन समाधान खोजिएको छ । यस उपन्यासमा नेपाली समाजका सबैजसो लैङ्गिक समस्याका नमुनाहरूलाई सान्दर्भिक एवम् स्वाभाविक ढङ्गले व्यक्त गरिएको छ । ग्रामीण भेगका महिलाको जीवनस्तर उकास्न क्रियाशील संस्थाको कार्यक्रम संयोजककी रूपमा रहेकी सुस्मितालाई सन्तबहादुरले उपेक्षापूर्ण व्यवहार गर्दै (पृ. ५) लैङ्गिक विभेदको मानसिकता व्यक्त गरेको छ ।

नारीहरू बिहानदेखि आधार रातसम्म घर व्यवहार तथा खेतीपातीमा जोतिइरहने तर पुरुषहरू तास र रक्सीमा रल्लिइरहने (पृ. ६, १७) लैङ्गिक विभेदयुक्त अवस्था हो । यस्तो विभेदयुक्त व्यवहार परापूर्वकालदेखि चलिरहेको वास्तविकता पनि उद्घाटन (पृ. ६) गरिएको छ । त्यस्तै महिलाहरू स्वयम् लैङ्गिक विभेद र समस्याप्रति सचेत तथा सक्षम हुन नसक्नाले पनि विभेद कायमै रहेको (पृ. ७) जनाइएको छ । सुस्मिताले आफ्नो शैक्षिक योग्यताअनुसारको सहयोग गर्न चाहँदा अविनाशले नारी घरमै सीमित रहेर पुरुषलाई यौन सन्तुष्टि र अन्य सेवा

प्रदान गर्न स्वच्छ सेवकका रूपमा रहनुपर्ने (पृ. ११, २०) लैङ्गिक अधीनता एवम् नियन्त्रणको पुरुषवादी सङ्कीर्ण मानसिकता र यौन उपभोगवादी स्वार्थी प्रवृत्ति उजागर गरेको छ ।

सुस्मिताले मातृत्वको चाहना गर्दा सन्तान जन्मेपछि महिलाको यौवन ढल्छ (पृ. १२) भन्दै भोगवादी विचार प्रकट गर्ने अविनाशले गर्भवती नारीलाई स्नेह र माया दिनुको सट्टा बेकामको भाँडो (पृ. १३) भन्दै उपेक्षा गर्नु लैङ्गिक अत्याचारको नमुना हो । "अब तिमी मेरा लागि बेकामको भाँडो भयौ । रद्दीको टोकरीमा फालिदिए पनि भो अब तिमीलाई । मेरो जीवनमा अब तिम्रो कुनै स्थान छैन ... यु पार्टनर नथिङ एल्स, यु स्टुपिड (पृ. १३) ।" यस अभिव्यक्तिले लैङ्गिक र यौनिक हिंसा तथा अत्याचारको अवस्थालाई सङ्केत गरेको छ । महिलालाई पशुसरह व्यवहार गर्ने र मानवीय दर्जा नदिने (पृ. १५) पितृसत्तात्मक लैङ्गिक विभेदयुक्त मानसिकताको उद्घाटन गरिएको छ । पारिवारिक प्रगतिको सूचनाबाट बञ्चित गर्दै पत्नीमाथि हैकम चलाउने अविनाशको व्यवहार (पृ. १९) लैङ्गिक शोषण एवम् नियन्त्रण हो । पुरुषहरूले महिलालाई विभेद र अन्याय मात्र होइन शारीरिक हिंसा र अपराध पनि गरिरहेका हुन्छन् भन्ने कुराको वास्तविकता कप्तानले आफ्नी पत्नी कृष्णमायालाई कुटेको अवस्था (पृ. २७, २८, २९) ले प्रस्ट पार्दछ । यसबाट महिलाहरू पुरुषको घरेलु हिंसाबाट प्रताडित भएको यथार्थोद्घाटन हुन्छ । बालविवाह, आर्थिक विपन्नता (पृ. २९) तथा आर्थिक परनिर्भरता (पृ. ३०) जस्ता सन्दर्भले पनि लैङ्गिक हिंसाजन्य व्यवहार खेप्न महिला बाध्य छन् । कृष्णमाया आर्थिक उपार्जन गरी आत्मनिर्भरताका लागि जागिर जाँदा कप्तानले आफ्नो अनुमतिविना गएको हुनाले रोक्न खोज्नु (पृ. ३२) लैङ्गिक अधीनता हो ।

गर्भवती र सुत्केरी महिलाहरू शारीरिक कमजोरी, पौष्टिकताको अभाव र कठिन परिश्रमका कारणले अकालमै मर्न बाध्य हुने सन्दर्भ (पृ. ४४) लैङ्गिक विभेद र समस्या हो । महिलालाई घरमै सीमित गर्ने तथा सचेत एवम् सक्षम बनेको हेर्न नचाहने (पृ. ४४-४५) प्रवृत्ति पितृसत्तात्मक सङ्कीर्ण मानसिकता र लैङ्गिक विभेदको नमुना हो । पत्नीलाई घरायसी काममा सघाउने पतिहरू जोइटिङ्ग्रे हुन् (पृ. ५६) भन्दै लैङ्गिक विभेदयुक्त अभिव्यक्ति दिने कप्तानले कृष्णमायासँग गोडामा तेल लगाईदिन आग्रह गर्दै जागिर छोड्न भन्नु (पृ. ५६) अधीनता एवम् दासतापूर्ण स्थिति हो । सहकर्मी पुरुष मित्रबाट स्विटी बलात्कृत हुनुपरेको (पृ. ७६) अवस्थाले यौन हिंसा र अपराधलाई उजागर गरेको छ । बलात्कृत भए पनि प्राकृतिक वा जैविक विशेषताका कारणले नचाहेरै पनि महिलाहरू बलात्कारको अवशेष (गर्भ) बोक्न बाध्य (पृ. ७७) हुनुपर्ने जैविक समस्या पनि उद्घाटन गरिएको छ । यहाँ उपन्यासकारद्वारा लैङ्गिक असमानताको प्राकृतिक यथार्थ उजागर गरिएको छ ।

ग्रामीण भेगमा चेलीबेटी बेचविखनको विकराल समस्या (पृ. ८२, ८६) रहेको जनाउँदै लैङ्गिक समस्यालाई पेस गरिएको छ । महिलाहरूको सक्रिय सहभागिता, प्रगति तथा समृद्धिबाट पुरुषहरू मनोवैज्ञानिक रूपमा विचलित हुने कारण उनीहरूमा परम्परादेखि कायम रहेको पितृसत्तात्मक उच्चताभास हो (पृ. ८५) भन्दै मनोलैङ्गिक विभेदको समाज मनोवैज्ञानिक पक्ष उद्घाटन गरिएको छ । महिलाहरूले मिहिनेतपूर्वक निर्माण गरेको घर र कार्यालय पुरुषबाट जलाइनु (पृ. ८४) ले लैङ्गिक अत्याचारलाई सङ्केत गर्दछ । पुरुषहरू नारीको मातहतमा रहेर काम गर्नुपर्दा हीन मनोग्रन्थिले ग्रसित हुने (पृ. ११०, ११३) र समस्या थपिदिने गर्दछन् भन्दै लैङ्गिक समानता र सम्मान कायम गर्न पुरुषहरू अक्षम रहेको जनाइएको छ । यो पनि लैङ्गिक विभेदको नमुना हो । किशोरावस्थाकी आस्थालाई सडकमा प्रौढ पुरुषले यौन दुर्व्यवहार गर्नु (पृ. १३२) यौनिक हिंसा हो । डाक्टर बनेर मानव सेवा गर्ने सपना बोकेकी सुस्मिता अविनाशसँगको विवाहका कारणबाट आफ्नो लक्ष्य हासिल गर्न नसक्नु (पृ. १४१) सामाजिक तथा सांस्कृतिक लैङ्गिक विभेदको उपज हो । यसबाट लैङ्गिक समस्या एवम् विभेदको महत्त्वपूर्ण स्रोत समाज र संस्कृति नै हो भन्न सकिन्छ ।

छोरा सम्पत्तिको हकदार भएर घरमै बस्ने तथा छोरी अर्काको घर जानुपर्ने (पृ. १४१) सामाजिक परम्परा नै विभेदयुक्त भएको जनाइएको छ । नेपाली समाजमा पुरुषले पत्नी हुँदाहुँदै पनि दोस्रो पत्नी ल्याउने सामाजिक मान्यताले लैङ्गिक विभेदलाई स्पष्ट पार्दछ । त्यस्तै पतिबाट अलग्गिएकी महिलाले अन्य पुरुषसँग सान्निध्यता प्राप्त गर्न समाजले नै रोक लगाउने विभेदयुक्त अवस्थाको उजागर गरिएको छ । “पुरुषहरू घरमा पत्नी हुँदाहुँदै अर्की ल्याउन तम्सिन्छन् । दोस्री पत्नी ल्याउनु हाम्रो समाजमा स्विकार्य छ तर पुरुषले त्यागिसक्दा पनि एक परित्यक्ताले अर्को पुरुषसित सम्पर्क राख्नु र हेलमेल गर्नु अझै पनि हाम्रो समाजमा स्विकार्य छैन (पृ. १४९) ।” सामाजिक मूल्य तथा मान्यताहरू पितृसत्तात्मक रहेकाले महिलाहरूले भोग्नुपरेका लैङ्गिक समस्या एवम् अन्यायहरू सामाजिक रूपमै वैध रहेको देखिन्छ । जसले गर्दा लैङ्गिक विभेद स्वाभाविक तथा संस्थागत बनिरहेको वास्तविकता प्रस्ट हुन्छ ।

पुरुषहरू आफूमा बाँझोपन भएको अवस्थामा पत्नीले कृत्रिम गर्भाधान गरी मातृत्वको चाहना पूरा गर्ने इच्छा राख्दा स्वीकार गर्दैनन् तर पत्नीमा बाँझोपन भए कृत्रिम गर्भाधानको कुरातर्फ समेत चासो नै नदिई दोस्रो बिहे गर्छन् (पृ. १५३) भन्ने उदाहरण स्वेच्छाको अभिव्यक्तिबाट उजागर हुन्छ । यहाँ नारीको मातृत्वको अधिकार पनि पुरुषकै अधीनमा भएको कुरा देखाइएको छ । यो लैङ्गिक विभेदको नमुना हो ।

यसरी *समानान्तर आकाश*मा नेपाली समाजमा व्याप्त अनेकौं लैङ्गिक समस्याहरू उठान गरिएको छ । साथै उक्त समस्याको स्वाभाविक सान्दर्भिक समाधान पनि गरिएको छ । घरेलु हिंसा, विभेद, तथा सामाजिक लैङ्गिक समस्या, शारीरिक, मानसिक तथा आर्थिक नियन्त्रण र विभेद यौनिक हिंसा, मातृत्व नियन्त्रण, यौन शोषण र उपभोग, मानव बेचविखनमा महिला हिंसा, रोजगारी तथा व्यवसायमा लैङ्गिक हिंसा, सामाजिक मूल्य एवम् मान्यतामा रहेको लैङ्गिक विभेद, राजनीतिक, सांस्कृति तथा सामुदायिक क्षेत्रमा हुने लैङ्गिक विभेद, जैविक विभेदयुक्त अवस्था, वैवाहिक सन्दर्भमा हुने लैङ्गिक विभेद, शिक्षा र अवसरमा गरिने लैङ्गिक विभेद, प्रतिष्ठा एवम् सूचनामा गरिने लैङ्गिक विभेद आदि अनेकौं लैङ्गिक विभेद र समस्याका सन्दर्भलाई उपन्यासकारले विशिष्ट तथा सान्दर्भिक ढङ्गले उजागर गरेकी छन् । उपर्युल्लिखित समस्याहरू नै *समानान्तर आकाश*मा रहेका मूल लैङ्गिक समस्या हुन् ।

७.२.७ लैङ्गिक चेतना र सशक्तीकरण

समानान्तर आकाश नेपाली समाजका विभिन्न लैङ्गिक समस्याको उद्घाटनसहित उक्त समस्याको वैज्ञानिक र स्वाभाविक समाधान गर्दै नारीलाई पनि पुरुषसरह समानान्तर अवस्थामा पुर्‍याउनका लागि सोद्देश्यमूलक विचार प्रवाह गर्ने उपन्यास हो । यस उपन्यासमा नारीलाई समानान्तर स्थानमा पुऱ्याई लैङ्गिक सन्तुलन कायम पार्ने सघन विचार व्यक्त गरिएकाले लैङ्गिक चेतना एवम् सशक्तीकरणलाई केन्द्रीय कथ्य बनाइएको छ । लैङ्गिक सशक्तीकरण एवम् चेतनाका कारणले लैङ्गिक सन्तुलन कायम भई अनेकौं समस्याहरू समाधान भएको अवस्था चित्रण गरिएको छ । ग्रामीण भेगमा आर्थिक रूपमा परनिर्भर भएर बिहान सबेरैदेखि राती अबेरसम्म अनुत्पादक कार्यमा जोतिइरहे पनि दयनीय जीवन गुजारेर पुरुषहरूको दासीजस्तै बनेका महिलाहरूलाई विभिन्न आर्थिक उपार्जनका भूमिकाहरूमा सहभागी बनाउँदै आत्मनिर्भरताको चेतनासहित सशक्तीकरण गरिएको छ ।

लैङ्गिक अन्याय, अत्याचार एवम् यौनिक शोषण गर्ने अविनाशलाई घरबाट निकालेर सुस्मिताले जागिर खाएर सन्तानको संरक्षण गर्दै सफल अभिभावकत्व निर्वाह गर्नुका साथै लैङ्गिक सशक्तीकरणका लागि महिलाहरूलाई सचेत बनाउनु लैङ्गिक चेतना एवम् सशक्तीकरण हो । स्विटीको आत्मविश्वास, चेतना एवम् सफलता, कृष्णमायाको सशक्तता, सक्षमता, कप्तानको परिवर्तित भूमिका, प्रभात तथा रविनले खेलेका कार्यहरूले पनि लैङ्गिक चेतना एवम् सशक्तीकरण वृद्धि गर्दै लैङ्गिक सन्तुलनका लागि सहयोग पुऱ्याएका छन् । ग्रामीण महिलाहरूले सामूहिक भूमिका निर्वाह गर्दै नारी जातिको उत्थानमा लाग्नु र पुरुषको

अत्याचारलाई चुनौती दिनु, स्वस्तिका, नम्रता, आस्था आदि पात्रहरूले सक्षमतापूर्वक आफ्नो योग्यताअनुसार जागिर खानु, स्वेच्छाले आफ्नो मातृत्वको अधिकार हासिल गर्नु, सन्तबहादुरको विचारमा परिवर्तन आउनु आदि सन्दर्भले पनि लैङ्गिक चेतना एवम् सशक्तीकरणलाई प्रस्ट पारेका छन् ।

समानान्तर आकाश लैङ्गिक चेतना र सशक्तीकरणका माध्यमबाट लैङ्गिक सन्तुलन स्थापनातर्फ अभिमुख रहेकाले उपन्यासभित्र विभिन्न सन्दर्भ लैङ्गिक चेतना एवम् सशक्तीकरणमै केन्द्रित रहेका छन् । पारिवारिक जिम्मेवारी, अभिभावकत्व निर्वाह गर्ने सुस्मिताले जितेर बाँच्ने अठोट गर्दै (पृ. ४) जागिरे जीवन प्रारम्भ गर्नु आर्थिक एवम् सामाजिक सक्षमताका लागि गरिएको लैङ्गिक चेतना र सशक्तीकरण हो । सुस्मिता र स्विटीले केही गरी देखाएर उदाहरण बन्दै पितृसत्तात्मक परम्परागत सोचाइमा बिर्को लगाइदिन सक्षम बन्नुपर्ने (पृ. ५) आत्मविश्वास प्रकट गर्नु लैङ्गिक सघनता एवम् चेतनाको सबल स्थिति हो । महिलाले आत्मविश्वासपूर्वक आँटेमा सफलता प्राप्त गर्न सक्ने (पृ. ६), परम्परागत सामाजिक संरचनालाई भत्काउनुपर्ने विचार व्यक्त गर्नु (पृ. ६), लैङ्गिक विभेदयुक्त परम्परागत मूल्य र मान्यतालाई तोड्दै महिलाहरू आफ्नो हक र अधिकारका लागि लड्नुपर्ने (पृ. ६), महिलाहरू पुरुषसँग प्रतिस्पर्धी बनेर सक्रिय रूपमा सहभागी बन्नुपर्ने (पृ. ७) विचार लैङ्गिक चेतना एवम् सशक्तीकरणका उदाहरण हुन् । अविनाशले घरमै सीमित राखिरहँदा सुस्मिताले आफ्नो शैक्षिक योग्यताको उपयोग गर्दै उत्पादक भूमिकामा सहभागी हुन इच्छा राख्नु (पृ. ११) पनि सचेतनाको सङ्केत हो ।

रूप र सौन्दर्य क्षणिक कुरा भएका र आफ्नो सुन्दरतामा रमाउन खोज्ने अविनाशलाई यौवनमत्त भमरासँग तुलना (पृ. १२) गर्दै मनोवैज्ञानिक लैङ्गिक चेतना विकास भएको देखिन्छ । मातृत्वको चाहना एवम् त्यसको अधिकारका लागि सुस्मिताले गरेको आग्रह (पृ. १२) सशक्त विचार हो । “म पनि आमा बन्न चाहन्छु । ... सन्तान भनेको आइमाईका लागि परम सन्तुष्टि र सुखको प्रतीक हो । ... सन्तानविना बाँच्न सक्दिनँ । ... तिम्रो भोग विलासको साधन बनेर आफ्ना रातहरूलाई तिम्रो वासनामा खेर फाल्न चाहन्नँ । म सन्तानवती हुन चाहन्छु । यो मेरो अधिकारको कुरा हो । ... म केवल तिम्रो भोग विलासको साधन हैन (पृ. १२) ।” यो अभिव्यक्ति अविनाशले सुस्मितालाई यौन उपभोग मात्र गर्ने यौनिक वस्तुसरह व्यवहार गरी सन्तान जन्माउन नचाहने विचार प्रकट गर्दै नारीको शरीर, यौन एवम् मातृत्वमा समेत आफ्नो नियन्त्रण कायम गर्दै यौन शोषण मात्र गर्न चाहेको विचार एवम् व्यवहारका विरुद्धमा सुस्मिताले व्यक्त गरेको सचेत लैङ्गिक विचार हो ।

यहाँ उपन्यासकारले नारीका निजी एवम् प्राकृतिक अधिकार नारीमै केन्द्रित हुनुपर्ने विचार व्यक्त गरेकी छन् । अविनाश परस्त्रीसँग लहसिएको जानकारी पाएपछि सुस्मिताले कि उक्त स्त्रीलाई छोड्नुपर्ने कि आफू, घरपरिवार सबै छोड्नुपर्ने (पृ. २२) विचार व्यक्त गरेकी छ । यसबाट लैङ्गिक अस्तित्व तथा सशक्त सघन विचारको प्रतिनिधित्व भएको छ । व्यभिचारी एवम् स्वार्थी पुरुष जो आफ्नो पति, सन्तानको अभिभावकसमेत हो, उसलाई घरबाट निकालिदिने निर्णय (पृ. २२) विद्रोही तथा सशक्त व्यवहार हो । "म तिमीसित एक पल पनि बस्न सक्दिनँ । सहनुको हद पार भइसक्यो । तिमी जति सक्यो छिटो यस घरबाट निस्क । ... यो घरमा अब तिम्रो कुनै स्थान छैन (पृ. २२) ।" सुस्मिताको यस अभिव्यक्तिले लैङ्गिक स्वतन्त्रता, स्वत्व एवम् सशक्त विचारलाई व्यक्त गरेको छ ।

लैङ्गिक विभेद, अन्याय एवम् अत्याचार ग्रामीण भेगमा अझ बढी हुने र त्यसको मूल कारण आर्थिक अवस्था भएकाले लैङ्गिक सक्षमता एवम् समानताका लागि महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनुपर्ने सचेत र सशक्त विचार (पृ. २३) प्रस्तुत गरिएको छ । "महिलाहरूको आर्थिक स्तर वृद्धि गरी उनीहरूलाई आत्मनिर्भर बनाउने । जबसम्म महिलाहरू आत्मनिर्भर हुँदैनन् तबसम्म तिनीहरू सुखी तथा स्वतन्त्र हुन सक्दैनन् र पुरुषहरूको समकक्ष पुग्न सक्दैनन् । महिला सशक्तीकरणविना लैङ्गिक समानता सम्भव हुँदैन (पृ.२३) ।" यसरी लैङ्गिक सन्तुलनका लागि आर्थिक सशक्तीकरणको अनिवार्यता औंल्याउँदै उपन्यासकारले समाजार्थिक पक्ष र लैङ्गिक अवस्थाको अन्तरसम्बन्धलाई प्रस्ट्याएकी छन् । पितृसत्तात्मक परम्परागत नेपाली समाजका नारीहरूलाई पति, प्रेमी एवम् छोरा सबैले भावनात्मक रूपमा दासी बनाउने हुनाले लैङ्गिक सक्षमता र सन्तुलनका लागि उक्त दासत्वबाट मुक्त हुन परम्परागत सोचाइ तथा विश्वासबाट मुक्त हुनुपर्ने (पृ. २८) सघन र सशक्त विचार प्रस्तुत गरिएको छ ।

लैङ्गिक सशक्तीकरण र सन्तुलनका लागि उपन्यासकारले लैङ्गिक हक, अधिकार तथा आत्मनिर्भरतालाई प्राधान्य दिदै भनेकी छन्, "हामीजस्ता शिक्षित नारीवादी चेतना भएकाले यथास्थितिको परिवर्तनका लागि शङ्खघोष गर्नैपर्छ । महिला समूहको माध्यमबाट लैङ्गिक समानताको चेतना फैलाउनुपर्छ । महिला विकास भन्नु नै महिलाहरूलाई शिक्षित, आत्मनिर्भर, आफ्ना हक र अधिकारप्रति सचेत पार्नु हो (पृ.२८) ।" यस अभिव्यक्तिमा सामूहिक सहभागितात्मक विकास, सचेतनामूलक शिक्षा, आत्मनिर्भरताले नै लैङ्गिक अधिकारको आधार निर्माण गर्नसक्ने विचार प्रस्तुत भएको छ । कप्तानको घरेलु हिंसा र अन्यायका कारणबाट लैङ्गिक हिंसा खेप्न बाध्य बनेकी कृष्णमाया (पृ. ३०) आर्थिक रूपमा आत्मनिर्भर बन्ने

विश्वासमा पुगेपछि पति कप्तानलाई चुनौती दिंदै आफूसँग मिजासले बोल्न र व्यवहार गर्न (पृ. ३१) आग्रह गर्नु र घरबाट निस्केर जान तयार भएको तर जागिर छोड्न नसक्ने (पृ. ३२) सशक्त एवम् सचेत विचार प्रस्तुत गर्दै (पृ. ५६) दमनात्मक व्यवहार गर्ने कप्तानमा आएको व्यावहारिक परिवर्तनलाई (पृ. १००) समीक्षात्मक मूल्याङ्कनसमेत गर्न सक्षम रहेको देखाइएको छ । यसबाट लैङ्गिक चेतना, सशक्ततालेनै समानता कायम गर्न सक्छ भन्ने मान्यता पुष्टि भएको छ । लैङ्गिक सशक्तीकरणका लागि आर्थिक सक्षमता प्रमुख कुरा भएकाले आर्थिक उन्नतिले आत्मनिर्भरता वृद्धि गर्ने (पृ. ४२) र लैङ्गिक सन्तुलन कायम हुने कुरा औंल्याइएको छ ।

त्यस्तै साक्षरताको स्तर वृद्धि गर्न शिक्षित एवम् चेतनशील भए (पृ. ४५) मात्र लैङ्गिक समानतालाई अभिमुख हुन सहज हुने जनाइएको छ । सामूहिक सहकार्य एवम् आर्थिक उपार्जनमा लागेका महिलाहरूको अवस्था सुदृढ भएको (पृ. ६६, ६८) स्थितिले लैङ्गिक सक्षमता र सशक्ततालाई व्यक्त गरेको छ । स्विटीले आफूलाई बलात्कार गर्ने पुरुषलाई चोटिलो प्रतिक्रिया दिनु (पृ. ७६), समाजलाई चुनौती दिंदै विद्रोहसहित मातृत्वको रक्षा एवम् स्वतन्त्र अस्तित्व स्थापनाका लागि कुमारी आमा बनेर नारीत्वको संरक्षण गर्ने निर्णय गर्नु (पृ. ७७) लैङ्गिक सशक्तता मात्र नभएर साहसिक कदम हो । यौन पिपासु प्रवृत्ति भएका स्वार्थी पुरुषलाई घृणा गर्दै उसको शून्य प्रभावमा अस्तित्व रक्षाका लागि सङ्घर्ष गर्नु विद्रोही एवम् अत्यन्त सचेत अवस्था हो । स्विटीको उक्त कार्य बलात्कारप्रतिको विद्रोह तथा सामाजिक मूल्य एवम् मान्यतामाथिको प्रश्न हो (पृ. ७८) भन्दै उपन्यासकारले यस्तो कार्य साहसको प्रतीक (पृ. ७८) मानेकी छन् । यो स्वतन्त्र अस्तित्व, लैङ्गिक सशक्तता र सक्षमताको नमुना हो ।

गाउँले महिलाहरू मिलेर गाउँमा अत्याचार गर्ने पुरुषलाई चुनौती दिंदै नसियत दिनु (पृ. ८४), महिलाहरू आफ्नो अधिकारप्रति सचेत बन्नु (पृ. ८५) पनि लैङ्गिक चेतना हुन् । पुरुषको अधीनमा रहनका लागि मात्र विवाह गर्नु अनुपयुक्त रहेको जनाउँदै पुरुषको सामीप्य र संसर्गका लागि विवाह अनिवार्य नभएको नम्रताको विचार (पृ. १०१) लाई पितृसत्तात्मक पुरुषवादी विवाह संस्कृतिप्रतिको विद्रोही चेतना एवम् सशक्त अभिव्यक्ति मान्न सकिन्छ । यद्यपि विवाह पद्धतिलाई सन्तुलित एवम् सम्मानयोग्य बनाउनुको सट्टा निरपेक्ष विचारले प्रगतिवादी सामाजिक मूल्य तथा प्राकृतिक आवश्यकताका सन्दर्भलाई समेत चुनौती दिने अवस्था सिर्जना हुन सक्छ । तथापि विद्रोही र चुनौतीपूर्ण सशक्त अभिव्यक्तिले लैङ्गिक सन्तुलनका लागि बाटो देखाउन सक्ने सम्भावना नभएको होइन ।

कर्तव्यनिष्ठ भएर काम गरिरहेकी सुस्मिताको बढुवा भएर कार्यक्रम निर्देशक बन्नु (पृ. १०६) सक्षमता र सफलताको द्योतक हो । जीवनलाई स्वतन्त्र बनाउनु नैसर्गिक अधिकार हो (पृ. १०८) भन्दै प्रभातले लैङ्गिक स्वतन्त्रता एवम् सम्मानपूर्ण अभिव्यक्ति दिएको छ । यौनिक हिंसालाई सुरक्षित हुन आस्थाले शारीरिक रूपमा सक्षम हुने र प्रतिरक्षात्मक क्षमता विकास गर्न चाहनु (पृ. १३२) सचेत स्थिति हो । लैङ्गिक सन्तुलन र समानताका कुरालाई नारामा मात्र सीमित नगरी व्यवहृत गर्नुपर्ने आग्रहसहित "लैङ्गिक समानता एउटा नाराबाजीको रूपमा मात्र प्रस्तुत नगरी त्यसका लागि प्रयत्नशील हुनु र आवश्यक वातावरणको सिर्जना गर्नुप्रति म मन, वचन र कर्मले लागि परेको छु । जबसम्म समाजमा लैङ्गिक विभेद हुन्छ तबसम्म आइमाईको जीवनस्तर मर्यादित हुन सक्दैन (पृ. १३३) ।" भनिएको छ ।

यसरी उपन्यासमा नारा र नीतिमा होइन व्यवहारमा लैङ्गिक समानता, सशक्तता एवम् सन्तुलन आवश्यक रहेको जनाइएको छ । पतिबाट सन्तान उत्पादनको सम्भावना नभएपछि स्वेच्छाले कृत्रिम गर्भाधानबाट भए पनि आफ्नो मातृत्वको चाहना एवम् अधिकारलाई स्थापित गर्न चाहनु (पृ. १५३) चेतना एवम् सशक्त विचार हो । "आमा बन्ने उसको नैसर्गिक अधिकार हो । यदि लोग्ने गर्भाधान गराउन असमर्थ भए उसले कृत्रिम गर्भाधान गराउनु उसको अधिकारभित्र पर्छ (पृ. १५४) ।" यस अभिव्यक्तिमार्फत् उपन्यासकारले लैङ्गिक अधिकारलाई प्रश्रय दिएकी छन् ।

मातृत्वको रक्षा एवम् सृष्टिको निरन्तरताका लागि धार्मिक एवम् पौराणिक ग्रन्थहरूमा समेत परपुरुषबाट सन्तानवती हुने परम्परा उल्लेख (पृ. १५६) भएको मातृत्वमाथि लादिएको नियन्त्रण वा अधीनतालाई तोड्न (पृ. १५६) चाहने विचार प्रकट गर्दै कृत्रिम गर्भाधान अपनाउनु (पृ. १५७) लैङ्गिक सशक्तता तथा सक्षमताको स्थिति हो । सम्पत्तिको अधिकारमा स्वतन्त्रता पाउनुपर्ने (पृ. १५९) विचार व्यक्त गरिएको *समानान्तर आकाश* विविध क्षेत्र र सन्दर्भमा आवश्यक पर्ने लैङ्गिक सशक्तता, चेतना, सक्षमता तथा सन्तुलनका पक्षहरूलाई पेस गरिएको छ । शिक्षा, सामुदायिक चेतना तथा आर्थिक उपार्जनसहितको आत्मनिर्भरताले महिलाहरू पनि राजनीतिक तथा सामुदायिक भूमिका निर्वाह गर्न सक्षम (पृ. १६८, १६९, १७०) बन्नु लैङ्गिक चेतना र सशक्तीकरणको उपज हो । पहिले सङ्कीर्ण र विभेदी मानसिकता भएको सन्तबहादुरले पछि महिलालाई सम्मान र प्रशंसा गर्दै पुरुष सरह फुल्ने मौका पाउनुपर्छ स्वतन्त्र भई समानता हुनुपर्छ र लैङ्गिक विभेद हुनुहुन्न (पृ. १७३) भन्ने विचार व्यक्त गर्नु लैङ्गिक चेतनाले ल्याएको लैङ्गिक सन्तुलनयुक्त अवस्था एवम् आग्रह हो । सुस्मिता र स्विटीले लैङ्गिक समानता एवम् सन्तुलनका लागि 'महिला आवाज' पत्रिकाको प्रकाशन गर्ने निर्णय गर्नु (पृ. १७१), 'महिला

सरोकार सङ्घ' नामक सामाजिक संस्था खोल्न स्वस्तिकासहित उपर्युक्त दुईजना सक्रिय हुनु (पृ. १७७) जस्ता सन्दर्भ लैङ्गिक सशक्तीकरण र सक्षमताका सघन नमुना हुन् ।

नेपाली आमाबाट जन्मिएका सन्तानहरूले आमाकै आधारमा नागरिकता पाउनुपर्ने (पृ. १८१) आवाजबाट राष्ट्रिय पहिचान र अधिकारमा लैङ्गिक समानता हुनुपर्ने विचार व्यक्त गरिएको छ । सुस्मिताले नारी भएर जीवनमा विशिष्ट उपलब्धि हासिल गरेको अनुभव गर्नु (पृ. १८३), अतीतप्रति कुनै गुनासो छैन (पृ. १८४) भन्नु सन्तुष्टिको अभिव्यक्ति हो । हताश, निराश एवम् निरीह बनेर घर फर्किएको अविनाशलाई घरभित्र प्रवेश गर्न नदिई शून्यतर्फ फर्काइदिनु (पृ. १८५, १८६) सुस्मिताद्वारा गरिएको सघन एवम् सक्षम विद्रोह तथा पुरुषवादी पितृसत्ता माथिको चुनौतीपूर्ण प्रहार हो । "तिमीलाई त मैले सधैभरिका लागि आफ्नो जीवनबाट फ्याँकि सकेँ । मेरो जीवनमा तिम्रो अस्तित्व सदासदाका लागि मेटिइ सक्यो । ... अब मलाई तिम्रो साथको कुनै आवश्यकता छैन । जाऊ फर्क, तिम्रो लागि मेरो मन र घरको ढोका सदाका लागि बन्द भइसक्यो (पृ. १८५-१८६) ।" यसबाट लैङ्गिकताको सशक्त स्थिति, आत्मविश्वास एवम् सघन विद्रोह प्रतिबिम्बित हुन्छ । सुस्मिताले प्रभातलाई सहयात्री ठान्दै अमेरिका जाने निर्णय गरी स्वतन्त्र एवम् बन्धनमुक्त भएको अनुभव (पृ. १८६) गर्नुबाट नारीले पनि आफ्नो जीवनलाई इच्छाअनुसार स्वतन्त्र ढङ्गले व्यतीत गर्न सक्छे र पाउनुपर्छ भन्ने विचार प्रस्तुत भएको छ ।

यसरी *समानान्तर आकाश*मा नेपाली समाजका विविध लैङ्गिक पक्षमा सचेत एवम् आत्मविश्वासपूर्वक सक्रिय रूपमा सहभागी हुनुपर्ने सचेत र सशक्त आवाज उठाइएको छ । कतिपय चेतना आर्थिक सशक्तीकरणसँग जोडिएका छन् भने कतिपय चेतना लैङ्गिक र यौनिक हिंसाका विरुद्धमा छन् । त्यस्तै पहिचान, मातृत्व अधिकार, प्रतिष्ठा आदि पक्षमा लैङ्गिक सशक्तीकरणको सफलतापूर्वक आह्वान गरिएको छ । तसर्थ प्रस्तुत उपन्यास लैङ्गिक समानता र सन्तुलनका लागि लैङ्गिक चेतना एवम् सशक्तीकरणलाई केन्द्रीय कथ्य बनाएर सघन तथा सक्षम एवम् स्वभाविक र सान्दर्भिक ढङ्गले व्यक्त गरिएको हुनाले लैङ्गिक दृष्टिले अपेक्षित रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

७.२.८ यौनिकता

समानान्तर आकाश लैङ्गिक सन्तुलन तथा समानताका लागि सचेत एवम् सशक्त विचार व्यक्त गर्दै सशक्तता र सफलताका सबल व्यवहार नमुनाहरू पेस गर्न सफल उपन्यास हो । यौनिकताका सन्दर्भहरू कतिपय यौनिक हिंसाजन्य व्यवहारको उद्घाटनमा केन्द्रित छन् भने

कतिपय विपरीत लिङ्गी यौनिक सन्दर्भहरू स्वाभाविक ढङ्गले प्रस्तुत गरिएको छ । जे होस्, यौनिक पक्षलाई प्राधान्य नदिइएको भए पनि यौनिकताका विविध अवस्थाको उद्घाटन भएको छ । अविनाश र सुस्मिताबिचको यौनिक सम्बन्ध, कृष्णमाया र कप्तानको यौनिक अवस्था, प्रभात र सुस्मिताबिचको यौनिकता, नम्रता र अब्राहमबिचको यौनिक सम्बन्ध, स्विटीका विभिन्न अभिव्यक्ति आदि सन्दर्भहरू उपन्यासमा रहेका यौनिकताका पक्षहरू हुन् । यीबाहेक औपन्यासिक परिवेश एवम् सन्दर्भहरूअनुसार स्वाभाविक यौनिक सन्दर्भ उद्घाटन भएका छन् ।

जति यौनिकताका अवस्था छन् ती सबै विपरीत लिङ्गी यौनिकतामा मात्र सीमित रहेका छन् । सुस्मिता र अविनाशबिचको सम्बन्धबाट प्राप्त यौनिक सन्तुष्टि र आनन्दको उद्घाटन (पृ. १०) ले यौनिकता जनाएको छ । त्यस्तै सुस्मितालाई यौनिक रूपमा आकर्षक र सुन्दर बनिरहन आग्रह गर्नु (पृ. ११) तथा आफू सुन्दरताको पुजारी भएको विचार (पृ. ११) अविनाशले प्रकट गर्नु पनि विपरीत लिङ्गी मनोयौनिकताका सन्दर्भ हुन् । कृष्णमायालाई मिठो लाग्ने गरी कप्तानले अँगालो हालेर दुबै जनाले आनन्दसाथ रात बिताएको (पृ. ३४) अवस्थाले पनि यौनिक परिवेशको उद्घाटन गरेको छ ।

स्विटीले प्रभाततर्फ लक्षित गर्दै 'ह्यान्डसम मान्छे' भन्दै विचार प्रकट (पृ. ५८) गर्नु यौनमनोवैज्ञानिक सन्दर्भ हो । कृष्णमाया र कप्तानको यौन सन्दर्भ एवम् सन्तुष्टिको अवस्था (पृ. ६२)ले विपरीत लिङ्गी मनोयौनिक सन्दर्भलाई प्रस्ट रूपमा उजागर गरेको छ । "कृष्णमायाले बुढालाई आफूखुसी निर्धक्क माया गरिन् । कप्तान बुढा पत्नीको मायामा निथ्रुक्क भिजे । जीवनमा पहिलोपल्ट ती दुई आत्मीय रूपले स्वच्छन्द यौनक्रियामा संलग्न भए । दुवैका लागि यो अनुभव साह्रै सुखकर सावित भयो (पृ. ६२) ।" यस अभिव्यक्तिमा विपरीत लिङ्गी मनोयौनिकता एवम् सन्तुष्टिको नमुना त छँदैछ । साथै लैङ्गिक समानता एवम् सम्मानयोग्य व्यवहार हुन सकेमा पतिपत्नीमा यौनिक सम्बन्ध पनि बलियो र सुखद हुने वैचारिक पक्ष पनि उपन्यासकारले व्यक्त गरेकी छन् ।

उमेरभन्दा पनि भावनात्मक स्वच्छताले यौनिक सम्बन्धलाई प्रगाढ बनाउने हुनाले कप्तानले कृष्णमाया तरुनी भएको महसुस (पृ. ६२) गरेको जनाइएको छ । सुस्मिताले प्रभातमाथि गरेको विश्वास र आत्मीय प्रेम तथा प्रभातले प्रस्तुत गरेको सहृदयी व्यवहारमा (पृ. ६९) पनि विपरीत लिङ्गी मनोयौनिक सङ्केतका रेसाहरू अनुभव हुन्छन् । "जीवनको यात्रामा कुनै बेला थाकेर छहारीमा सुस्ताउन मन लागे मलाई सम्झिनू (पृ. ७० ।" भन्दै प्रभातले सुस्मितालाई विश्वस्त तुल्याउनु पनि अर्धचेतनमा रहेको मनोयौनिक अवस्था हो ।

त्यस्तै प्रभातको अनुपस्थितिले सुस्मितामा रिक्तताको अनुभव हुनु (पृ. ७३) पनि विपरीत लिङ्गी मनोयौनिकताको अवस्था हो । प्रभातप्रति सुस्मिताको अर्धचेतनामूलक आकर्षणका साथै सहृदयी साथीका रूपमा स्वीकार गर्दै कल्पनामा हराउने (पृ. ९०) मनोविज्ञान मनोयौनिकता नै हो । "प्रभात तिमी मेरा हौ केवल मेरा । मेरो जीवनको सहयात्री (पृ. ९१) ।" भन्दै मनमनै आनन्दित भइरहने सुस्मिताको स्वभावबाट मनोयौनिकता प्रस्ट हुन्छ । नम्रता र अब्राहमबिचको सम्बन्ध तथा आपसी व्यवहार (पृ. १०३) ले विपरीत लिङ्गी मनोयौनिकतालाई जनाएको छ ।

पुरुषको स्पर्शबाट नम्रताले आनन्द प्राप्त गर्नु, अब्राहमले नम्रतालाई गुलाबजस्तै सुन्दर र बास्नादार भन्नु, आब्राहमले नम्रतासँग चुम्बन लिनु, नम्रता उत्तेजित हुनु, मन्द मुस्कानसहित अब्राहमले नम्रताको कपाल र नितम्ब सुम्सुम्याउनु तथा नम्रता अब्राहमप्रति सम्मोहित हुनु (पृ. १०३) जस्ता कार्य र व्यवहारहरू यौनिक व्यवहार तथा सन्दर्भहरू हुन् । विपरीत लिङ्गी यौनिक आकर्षण तथा सन्तुष्टिको अवस्था उद्घाटन गर्दै प्रतिमाद्वारा व्यक्त गरिएको अनुभवले विपरीत लिङ्गी यौनिक व्यवहारको उद्घाटन गरेको छ । "... मलाई आलिङ्गनमा बाँध्यो । ... हाम्रो संयमको बाँध टुट्यो । किरण किरण नुहाई हामी एकअर्कासित समाहित भयौं । लहर लहर भई एक आपसमा टकराई रह्यौं । मनाकाशमा सयौं ताराहरू झिलमिलाइ रहे (पृ. १०४) ।" यस उदाहरणमार्फत् उपन्यासकारले विपरीत लिङ्गी, मनोयौनिक सम्बन्धलाई सान्दर्भिक एवम् स्वाभाविक ढङ्गले प्रस्तुत गरेकी त छन् नै त्यसका अलावा भावनात्मक विश्वास, आकर्षण तथा प्राकृतिक चाहना पूर्तिका लागि म यौन सन्तुष्टिका लागि विवाहको अनिवार्यता नरहेको विचार पनि व्यक्त गरेकी छन् ।

प्रभातले सुस्मितालाई चिनो स्वरूप 'P' लेखेको औंठी लगाइदिनु (पृ. ११९), प्रभातको आगमनको समाचारले सुस्मिता खुसी हुनु (पृ. १२२, १२७) पनि मनोयौनिक पक्ष नै हुन् । प्रभातको आगमनको निश्चिततले सुस्मिताको मनमा मधुर सङ्गीतको धुन बज्नु, सरसफाइमा ध्यान दिनु, शारीरिक सुगठन तथा आकर्षणतर्फ सचेत हुनु, सिंगारिएर आकर्षक बन्नु (पृ. १२८) जस्ता कार्यहरू पनि मनोयौनिकताका उपज हुन् । विदाइका बेला प्रभातले सुस्मितालाई अँगालो हाल्नु (पृ. १३०) पनि विपरीत लिङ्गी यौनिकता नै हो । अभिभाकत्व पूरा गरिसकेपछि एक्लो महसुस गर्दै प्रभात अँगालोमा बाँधिन आतुर हुनु (पृ. १८१) र उसैसँग बस्न अमेरिका जाने निर्णय (पृ. १८६) गर्नुले विपरीत लिङ्गी मनोयौनिक सम्बन्ध, आत्मीय तथा सहृदयी प्रेम र आत्मविश्वास एवम् सन्तुष्टिलाई प्रस्ट्याएको छ ।

यसरी *समानान्तर आकाश*मा उपन्यासकारले लैङ्गिक सन्तुलनका लागि चेतना एवम् सशक्तीकरणका विषयलाई प्रमुख कथ्य बनाए तापनि औपन्यासिक पात्रहरूबिचका मनोयौनिक व्यवहारहरूलाई स्वाभाविक तथा सान्दर्भिक ढङ्गले उद्घाटन गरेकी छन् । उपन्यासभित्रका मनोयौनिक सबै सन्दर्भहरू विपरीत लिङ्गी यौनिकतामै आधारित छन् । यौनिक चाहना, आवश्यकता तथा सन्तुष्टिका पक्षहरूले औपन्यासिक कथावस्तु सबल र प्रभावकारी बनेको छ । त्यस्तै लैङ्गिकताको मनोविज्ञान, मनोवृत्ति तथा विचारसँग यौनिक सवाल पनि अन्तरसम्बन्धित हुने भएकाले यौनिक सन्दर्भ थप उपयुक्त बनेका छन् । साथै यौनिक सम्बन्ध एवम् परम्परागत पितृसत्तात्मक विवाह संस्कृतिबिचमा पनि उपन्यासकारले नयाँ विचार प्रस्तुत गरेकाले औपन्यासिक परिवेशको यौनिक सन्दर्भ थप प्रभावकारी पनि बनेको छ । यस उपन्यासमा प्रस्तुत गरिएका सबै यौनिक सन्दर्भहरू स्वाभाविक रहेका छन् ।

७.२.९ लैङ्गिकताको भाषा

लैङ्गिक चेतना, सशक्तीकरण तथा सफलताका प्रमुख सन्दर्भलाई उठान गरिएको उपन्यास *समानान्तर आकाश*को भाषा सन्तुलित रहेको छ । लैङ्गिक चेतनालाई प्राधान्य दिई सचेततापूर्वक तयार पारिएको हुनाले यस उपन्यासमा लैङ्गिकताको भाषामा लैङ्गिक संवेदनशीलता अपनाइएको छ । कतिपय सन्दर्भहरूमा पितृसत्तात्मक मानसिकताका छनक पाइए तापनि समग्रमा औपन्यासिक भाषामा सन्तुलन छ । औपन्यासिक कथावस्तुमा प्रत्यक्ष संवादमा सहभागी भएका अधिकांश पात्र शिक्षित र लैङ्गिक पक्षमा संवेदनशील भएकाले उपन्यासको भाषा सचेत र सकारात्मक भएरै पनि स्वाभाविक र सान्दर्भिक पनि रहेको छ ।

शैलीगत चातुर्य तथा आलङ्कारिक पक्ष अपेक्षाकृत थोरै प्रयोग गरिएको *समानान्तर आकाश*मा वर्णनात्मक र अभिधात्मक पक्षको प्रबलता छ । भाषिक कला र सौन्दर्य चेतनाका हिसाबले सामान्य रहेको भाषा लैङ्गिक दृष्टिले भने सन्तुलित छ । एकअर्का समकालीन अवस्थामा रहेका उपन्यासका स्त्री र पुरुष पात्रहरूको आपसी संवादमा समानान्तर सम्बोधन मध्यम आदरार्थी 'तिमी' प्रयोग भएको छ । त्यस्तै, पुरुष र स्त्री पात्रहरूका एकापसमा अन्य भाषिक व्यवहार पनि सम्मानजनक र समान खालका रहेका छन् । कुनै स्त्री पात्रले पुरुषलाई अतिउच्च सम्मान तथा पुरुषले स्त्रीलाई तुच्छ सम्बोधन खासै नपाइनु उपन्यासकारको समानतामुखी विचार र सोद्देश्यमूलक भाषिक संयोजन हो ।

यद्यपि पितृसत्तात्मक मानसिकताको स्वाभाविक उद्घाटनका सन्दर्भ भने उपन्यासमा सान्दर्भिक ढङ्गले प्रयोग भएका छन् । अविनाशले सुस्मितालाई पत्नी मात्र नभएर पूजा र

आराधना (पृ. १०) भन्दै सदैव फूलझैं फक्रेर रहनु (पृ. ११) भन्ने आशय व्यक्त गर्नु पितृसत्तात्मक पुरुषवादी मानसिकता हो जहाँ पुरुषले नारीलाई यौन भोगको वस्तु वा साधन मात्र ठान्दछन् । सौन्दर्य ताजा राख्न आग्रह गर्नु, घरभित्रै सजिएर बस्न भन्नु (पृ. ११) र पछि गर्भवती भएकी सुस्मितालाई 'बेकामको भाँडो' ठान्नु (पृ. १३) पुरुषको भोगवादी चरित्र हो । यस्तो यौनिक र लैङ्गिक भाषाको प्रयोगले द्वन्द्वात्मक अवस्थाको निर्माण भएको छ । सुस्मिताले अविनाशलाई मध्यम आरदसहित 'तिमी' सम्बोधन गर्दै (पृ. ११) समानान्तर अभिव्यक्ति "म पनि त सघाउन सक्छु नि त तिमीलाई (पृ. ११) ।" व्यक्त गर्छे भने अविनाशलाई 'भमरा' ठान्दै आफू भोगविलासको साधन मात्र नभएको (पृ. १२) भाषिक अभिव्यक्ति सचेत छ ।

ग्रामीण समाजमा स्त्रीलाई मान्छेकै दर्जा नदिइएको लैङ्गिक हिंसाजन्य भाषिक अभिव्यक्ति छ, "छिः आइमाई पनि मान्छे हो र ? ... पूर्वजन्मको पापको फलले आइमाईको जुनी लिइन्छ भन्छन् । त्यसैले जन्मदेखि मृत्युपर्यन्त दुःख र अपमान भोग्नुपर्छ आइमाईहरूले (पृ. १५) ।" यसबाट लैङ्गिक अत्याचार उद्घाटन गर्न यो लैङ्गिकताको भाषालाई सान्दर्भिक तुल्याइएको छ । आइमाईलाई पशुसरह ठान्नु (पृ. १५) र 'आइमाई भएर बढी हुने' भन्दै पुरुषहरूले महिलालाई बोल्नसमेत नदिने स्थितिको उद्घाटन भएको छ । यो हिंसाजन्य भाषिक व्यवहार हो । पुरुषहरूले पत्नीसँग मिठो र मिजास बोलेर जात (पुरुषत्व ?) जाने होइन (पृ. ३१) भन्दै कृष्णमायाले कप्तानसँग गरेको प्रतिक्रिया सचेत र सन्तुलित अभिव्यक्ति हो । "राँड पनि भोकै हिँडिछ (पृ. ३३) ।" भन्दै कप्तानले गरेको हिंसाजन्य भाषाको प्रयोगबाट पितृसत्तात्मक हिंसात्मक मनोवृत्तिको उद्घाटन भएको छ । रविनलाई स्विटीले "लोग्ने भएर पनि लजाउने (पृ. ३६) ।" भन्नु पितृसत्तात्मक मानसिकताको उद्घाटन हो ।

परम्परित लैङ्गिकताको भाषामा 'लजाउनु' स्त्रीत्वअन्तर्गत पर्ने गुण मानिन्छ । सोही मानसिकताको निरन्तरता स्वरूप रविनले "तपाईं साह्रै साहसी हुनुहुँदो रहेछ महिला भएर पनि (पृ. ३८) ।" भन्दै महिलासँग साहस नहुने भन्ने अभिव्यक्ति आएको छ । जुन परम्परित मानसिकता हो जहाँ 'साहस' पुरुषत्वअन्तर्गत पर्दछ । उपन्यासकारले भरियालाई अनादर सम्बोधनको अभिव्यक्ति (पृ. ४१, ४४) दिनु वर्गीय र पेसागत नियन्त्रण भए पनि अस्वाभाविक देखिन्छ । ग्रामीण महिलाहरू सचेत र सशक्त बनेर सामाजिक भूमिकासहित आत्मनिर्भरताका लागि आर्थिक उपार्जनमा लागेको कुरालाई प्रौढ पुरुषले पितृसत्तात्मक सङ्कुचित र शासकीय अभिव्यक्ति दिंदै भन्छन् "भुत्रो महिला विकास ! केही सहरी महिलाहरू आएर हाम्रा महिलाहरूलाई भाँड्ने काम गरिरहेका छन् । महिलाहरूको काम त घरको रेखदेख गर्ने, सन्तान जन्माउने, तिनको लालनपालन गर्ने र पुरुषहरूको अधीनमा बस्ने (पृ. ४४) ।" तालिम, बैठक र

कक्षामा सहभागी हुने कुरालाई अस्वाभाविक भन्दै 'ठस्सा' को संज्ञा (पृ. ४५) दिन्छन् । यो ग्रसित र परम्परित मनोवृत्तिको अभिव्यक्ति हो । स्विटीले छोरालाई 'राजा' (पृ. ४५) सम्बोधन गर्नु पितृसत्तात्मक चिन्तनको अर्धचेतन अभिव्यक्ति हो ।

स्विटीले प्रभातलाई 'ह्यान्डसम मान्छे' (पृ. ५८) भन्नु यौनिक भाषा हो । त्यस्तै कप्तानले कृष्णमायालाई 'राति त खुब तरुनी भइथिस् नि' (पृ. ६२) भन्नु पनि यौनिक भाषा नै हो । सुस्मिता र प्रभात एकापसमा सन्तुलित एवम् मध्यम आदरार्थी भाषाको प्रयोग गर्दै समानान्तर अभिव्यक्ति (पृ. ६९) आदानप्रदान गर्नु सन्तुलित भाषा हो । प्रभातले सुस्मितालाई 'छहारीमा सुस्ताउन मन लागे आफूसँग आउन' (पृ. ७०) आग्रह गर्नु मनोयौनिक भाषिक व्यवहार हो । स्विटी आफू निर्भिक र साहसी व्यक्ति भन्दै (पृ. ७७) परम्परित लैङ्गिक भाषामा चुनौती दिनु सक्षमताको अभिव्यक्ति हो । कप्तानको सुदृढ र परिवर्तित भाषिक व्यवहार (पृ. १००) ले उपन्यासको भाषिक सन्दर्भलाई थप ऊर्जा दिएको छ । अविनाशसँग दोस्रो बिहे गर्ने महिलालाई 'बाइफाले' भन्नु लेखकीय सीमा हो । त्यस्तै क्याक्टस र अविनाशलाई सादृश्य गर्दै (पृ. १२२) भोगी र पीडादायी पात्रका रूपमा सुस्मिताले अविनाशलाई तुलना गर्नु मर्मस्पर्शी आलङ्कारिक प्रयोग हो । स्वेचछा र उनका पतिबिचको संवाद र सम्बोधन (पृ. १५६) सन्तुलित र समानान्तर किसिमको हुनु पनि सुदृढ लैङ्गिकताको भाषा हो ।

*समानान्तर आकाश*मा प्रयुक्त भाषा प्रायः सुदृढ र सन्तुलित रहेको छ । ग्रामीण क्षेत्रमा रहेका वास्तविक घटना र अवस्थाको उद्घाटन र अविनाशको मनोवृत्तिबाहेक सबैजसो पात्रहरूको भाषिक प्रयोग तथा सन्दर्भले अपेक्षित भाषिक अवस्थालाई जनाउँछ । तसर्थ लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा सचेत र सशक्त भएर पनि स्वाभाविक अपेक्षित एवम् सान्दर्भिकसमेत बनेको छ । यसरी अपेक्षित भाषाको प्रयोग गरेरै सुदृढ लैङ्गिक भाषाका माध्यमबाट पनि औपन्यासिक जीवन्तता दिन सक्नु उपन्यासकारको सराहनीय पक्ष हो ।

७.२.१० परिणति र सन्देश

समानान्तर आकाश लैङ्गिक सन्तुलन र समानताका लागि सचेतना तथा सशक्तीकरणको विचार प्रवाह गर्दै अपेक्षित उपलब्धिमा पुग्न सफल कथावस्तु पेस गरिएको यो उपन्यास सकारात्मक तथा सार्थक देखिन्छ । उपन्यासमा रहेका अधिकांश नारी चरित्रहरू सबल, सकारात्मक तथा सशक्त विचार एवम् व्यवहार भएका छन् । केही पुरुष चरित्र सकारात्मक एवम् अपेक्षित भूमिकामा रहे पनि अधिकांश पात्र प्रारम्भमा नकारात्मक र अन्त्यतर्फ परिवर्तन

भई सकारात्मक भूमिकामा रहनुले लैङ्गिक अन्याय एवम् अत्याचार गर्ने पुरुषबाट लैङ्गिक सम्मानपूर्ण व्यवहार गर्ने पुरुषमा रूपान्तरण भएका छन् ।

परम्परावादी र सङ्कीर्ण पितृसत्तात्मक समाजका मूल्य तथा संरचनाहरूलाई चुनौती दिंदै लैङ्गिक अस्तित्व र स्वतन्त्रताका लागि विद्रोह गर्ने उपन्यासका मुख्य नारी पात्रहरूको व्यक्तिगत सुख एवम् समृद्धि अपेक्षाकृत नभए तापनि ग्रामीण भेगमा लैङ्गिक विभेद र अत्याचार निर्मूल पार्दै लैङ्गिक सशक्तीकरणका लागि सक्षम बनेको देखाइएको छ । संस्थागत एवम् समुदायगत लैङ्गिक विकासको अभियानमा समर्पित भई सफल बनेको देखाइनु अपेक्षित एवम् वैचारिक परिणति हो । लैङ्गिक र यौनिक अत्याचार गरेको निष्कर्षसहित सुस्मिताले अविनाशलाई घरबाट निकाल्नु, बलात्कारी पुरुषलाई उपेक्षा गर्दै स्विटीले शास्वतलाई जन्माएर कुमारी आमा बन्नु, विवाह संस्कृतिलाई उपेक्षा गर्दै इच्छापूर्वक नम्रताले अब्राहमसँग यौन सम्बन्ध राख्नु, कप्तानको घरेलु हिंसा र नियन्त्रणलाई चुनौती दिंदै कृष्णमाया आत्मनिर्भर बन्दै सक्षम बन्नु, पतिको भावनालाई चुनौती दिंदै स्वेचछाले कृत्रिम गर्भाधान गर्नु सुस्मिताले स्वतन्त्रतापूर्वक प्रभातसँग जीवन बिताउने निर्णय गर्नुजस्ता कार्यहरू प्रस्तुत उपन्यासमा रहेका सकारात्मक र अपेक्षित परिणति हुन् । यी कार्यहरू परम्परागत पुरुषवादी समाजप्रति गरिएका विद्रोह हुन् जसले लैङ्गिक सशक्तताका लागि केन्द्रीय भूमिका निर्वाह गरेका छन् ।

उपन्यासका अधिकांश कथावस्तुको परिणति अपेक्षाकृत भए पनि कतिपय सन्दर्भहरूका केही सीमा पनि छन् । परम्परागत पितृसत्तात्मक विवाह संस्कृतिलाई परिवर्तित तथा सम्मानपूर्ण एवम् समानतामूलक बनाउनु पर्नेमा स्विटी, आस्था, प्रभात तथा नम्रता आदि पात्रहरूले विवाह संस्कारलाई नै अस्वीकार गरेका छन् । यसले सामाजिक पुनर्सिजनमा चुनौती थप्ने देखिन्छ । शास्वतले व्यक्त गरेको विचार (पृ. १३५) पात्रानुसार नभएर लेखकीय विचारको प्रभाव हो । ग्रामीण भेगका महिलाहरूको आर्थिक समृद्धि तथा आत्मनिर्भरतामा नाटकीय रूपान्तरण देखाइएको छ । यसले पनि लेखकीय आग्रह खेपेको छ । औपन्यासिक कलात्मक सुन्दरताभन्दा पनि उपन्यासमा निबन्धात्मक ढाँचा अँगालिएकाले विचारहरूको सङ्ग्रहजस्तो अनुभूत हुन्छ । तथापि समग्र उपन्यासमा व्यक्त विचार तथा दृष्टिकोणहरूलाई लैङ्गिक दृष्टिले सन्तुलित र अपेक्षित मान्न सकिन्छ ।

स्वतन्त्रता एवम् आधुनिकताका नाममा अस्वाभाविक आचरण अँगाल्न नहुने, छोरी होस् वा छोरा शैक्षिक, सामाजिक अधिकार तथा प्रतिष्ठामा सम्मानपूर्ण व्यवहार गर्नुपर्ने, पैतृक सम्पत्तिलाई अभिभावकले स्वतन्त्रतापूर्वक छोरा, छोरी वा तेस्रो व्यक्ति जोकोहीलाई सुम्पन

सक्नेजस्ता सुदृढ विचार प्रस्तुत गर्दै जीवनलाई स्वतन्त्रपूर्वक बिताउनुपर्ने विचारसहितका सन्देशमूलक परिणति पनि सान्दर्भिक नै छन् । पुरुष स्वयम् खराब नभएर पितृसत्ताको परमपरागत पुरुषवादी संस्कृतिको उपज भएकाले सचेततापूर्वक लैङ्गिक दृष्टिले सकारात्मक, एवम् परिवर्तन गर्न सकिने, नारी स्वयम् आफ्ना हक, अधिकारप्रति सचेत बन्नुपर्ने सक्रियतापूर्वक आत्मविश्वासका साथ समर्पित हुँदा लैङ्गिक विभेद तथा अत्याचारहरू अन्त्य गर्न सकिने सन्देश दिइएको छ ।

यसरी *समानान्तर आकाश*मा लैङ्गिकतासम्बन्धी विभिन्न दृष्टिकोणहरू सकारात्मक परिणति एवम् सफल बनाइएको छ । लैङ्गिक चेतना तथा सशक्तीकरणका विविध सान्दर्भिक पक्षहरू उठाउँदै तिनीहरूको स्वाभाविक व्यवस्थापन गर्न सकिने सन्देश दिइएको हुनाले लैङ्गिक दृष्टिले यस उपन्यासको मूल्याङ्कन गर्दा स्वाभाविक र सान्दर्भिक मान्न सकिन्छ ।

परिच्छेद आठ

समयौनिक नेपाली उपन्यास

यस आठौँ परिच्छेदमा छनोटमा परेका छ ओटा उपन्यासमध्ये नेपाली उपन्यास परम्परामा समसामयिक वा उत्तरवर्ती, मनोयौनिक र समलिङ्गी यौनिक विचार एवम् सन्दर्भ भएका दुई उपन्यास इन्द्रकुमार श्रेष्ठ 'सरित्' को *अर्धसत्य* र मोहनराज शर्माको *सलिजो* उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा लैङ्गिक दृष्टिकोणका आधारमा निर्माण गरिएका विभिन्न प्रतिमान तयार गरी उक्त प्रतिमानका कसीमा राखेर शीर्षक, कथावस्तु, चरित्र र जैविकता, यौनिक चेतना र सशक्तीकरण, यौनिकता र समस्या, लैङ्गिकताको भाषा एवम् परिणति र सन्देशका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

८.१ अर्धसत्य उपन्यास

उपन्यासकार इन्द्रकुमार श्रेष्ठ 'सरित्' (२०१९) ले नेपाली साहित्यका आख्यान एवम् कविताका क्षेत्रमा पहिचान बनाएका छन् । नेपाली उपन्यासमा बिल्कुलै भिन्न कथावस्तु उठान गर्दै मानव मनका मनोयौनिक अन्तर्द्वन्द्वलाई शिष्टतापूर्वक परिपक्व प्रस्तुतिमा पस्किएर यौनमनोवैज्ञानिक वास्तविकता, असन्तुष्टि, अपेक्षा तथा रिक्ततालाई सफलतापूर्वक चित्रण गर्दै *अर्धसत्य* (२०६३) लाई पूर्ण कलेवर प्रदान गरेका छन् । विपरीत लिङ्गी सन्दर्भका यौन मानसिकताहरूको उद्घाटन नेपाली उपन्यासमा पूर्ववर्ती समयदेखि नै भइरहेको भए तापनि समयौनिक वा समलिङ्गी यौन मनोविज्ञानलाई केन्द्रीय पक्ष बनाएर *अर्धसत्य*मार्फत् अपरम्परित कार्य गरिएको छ । मानव मनका अनेकौ आकाङ्क्षा तथा कुण्ठासहित बितिरहेका कैयौं जीवन प्रवृत्तिहरूको खोजबिन गरी सामाजिक परिदृश्यहरूका विविध सन्दर्भहरूको अपेक्षाकृत उठानले उपन्यासलाई अत्यन्त प्रभावकारी बनाएको छ ।

यद्यपि लैङ्गिक र यौनिक सशक्तीकरणको चाहनामुताविक उपन्यासकारले सीमान्तीय यौनिक समुदायलाई मूल प्रवाहीकरण गर्ने लक्ष्यसहित पात्रहरूलाई स्वतन्त्र पहिचान, स्वत्व तथा स्वतन्त्र अस्तित्वको आग्रहसहित अल्पसङ्ख्यक यौनिक समुदायको हक, अधिकारतर्फ अभिमुख गराउन नसक्नाले यस उपन्यास विचारप्रधान वा यौनिक अधिकारको विचार प्रवाह गर्ने उपन्यासका रूपमा भने स्थापित हुन सकेको छैन । मनोयौनिक यथार्थहरूको उद्घाटन गर्दै मानवीय यौनिक जटिलताहरू, ती जटिल समस्याका बाध्यात्मक स्रोत, समलिङ्गी यौनिक चाहना

तथा विपरीत लिङ्गी यौनिक भोगाइको बाध्यताबाट निर्मित द्विलिङ्गी यौनिकता, असन्तुष्टि र कुण्ठा एवम् चुनौतीहरूलाई मर्मस्पर्शी ढाँचामा प्रभावकारी किसिमले प्रस्तुत गरिएको छ ।

पुरुष समलिङ्गी मनोविज्ञान भएको पात्रले भोग्नुपरेका अनेकौं समस्या तथा यौनिक कुण्ठा र उनको मनमा उत्पन्न अपेक्षा एवम् असन्तुष्टि नै *अर्धसत्य*का कथावस्तुगत स्रोत हुन् । उपन्यासकारले यस उपन्यासलाई व्यक्तिभित्रका जटिलताहरूमा केन्द्रित गरे पनि सामाजिक, पारिवारिक, राजनीतिक, आर्थिक विविध पक्षहरूलाई पनि सान्दर्भिक ढङ्गले उठाएका छन् । असन्तुष्टि, पीडा, दुःख तथा अन्योलमै जीवन गुजारे पनि सन्तानले स्पष्ट स्वाभाविक भविष्य पक्रोस् भन्ने सदाशय भावनासहित काल्पनिक सुखको अपेक्षा पनि अन्ततः चकनाचुर भएपछि समग्र जीवन नै असन्तुष्टि, पीडा र समस्यै समस्याको पोखरी ठान्दै शून्यता एवम् मृगतृष्णाको दोसाँधमै उपन्यासको कथानक सकिन्छ । यसले अपेक्षा, यथार्थ र भ्रमकै सिङ्गो रूप नै जीवन भएकाले *अर्धसत्य* शीर्षक स्वीकार भएको देखाउँछ । यस उपन्यासको विश्लेषणमा निर्धारित सम्पूर्ण प्रतिमानहरूको पूर्ण उपयोग गर्नुपर्ने देखिँदैन । त्यसैले आवश्यकताअनुसारका प्रतिमान छनोट गरी विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनका सन्दर्भमा पहिले विश्लेषण गरिएका अन्य उपन्यासमा प्रयोग भएका सबै प्रतिमानको यहाँ प्रयोग, पहिचान एवम् विश्लेषण नगरी अर्धसत्यमा रहेका लैङ्गिकता र यौनिकतासँग सम्बन्धित पक्षहरूको खोजी गरी विश्लेषण गर्न सकिने प्रतिमान मात्र उपयोग गरिएको छ । *अर्धसत्य*को मूल ध्येय मनोयौनिक सन्दर्भ अझ पुरुष समलिङ्गी यौनिकतासँग जोडिएका विविध मनोद्वन्द्वात्मक आयामहरूको उद्घाटन भएकाले तद्नुरूप विश्लेषण गरिएको छ । औपन्यासिक उद्देश्य नै लैङ्गिक र यौनिक सशक्तीकरण तथा सन्तुलन नभएर मनोयौनिक यथार्थको उद्घाटन भएकाले शीर्षक, कथावस्तु, चरित्र र जैविकता, यौनिकता र यौनिक समस्या, लैङ्गिकताको भाषा एवम् परिणति र सन्देशलाई यस उपन्यासको विश्लेषणका प्रमुख प्रतिमान बनाइएको छ ।

८.१.१ शीर्षक

अर्धसत्य उपन्यासको शीर्षक उपन्यासमा रहेको केन्द्रीय पात्र प्रभातले भोगेका जीवन व्यवहारहरूमा केन्द्रित छ । खास गरी यौनिक कुण्ठा, असन्तुष्टि तथा अपेक्षाहरूमा प्रभातको मनोविज्ञान केन्द्रित छ । समयौनिक चाहना भएर पनि समाजलाई चुनौती दिन नसकी गोप्य तरिकाबाट आफ्ना यौनाकाङ्क्षा पूर्तिमा सक्रिय भइरहनु तथा समाजको अपेक्षाअनुरूप टड्कीसँग बिहे गरी विपरीत लिङ्गी यौनसम्बन्ध एवम् सुनयनासँग अर्को बिहे गरेपछि उससँग पनि विपरीत

लिङ्गी सम्बन्ध बाध्यतापूर्वक कायम गर्नुले प्रभातको मानसिक सत्य र सामाजिक सत्यबिच विरोधाभासको स्थिति देखापरेको छ । यसबाट दुवै सत्यमा अर्धसत्यको अवस्था सिर्जना भएको छ । प्रभातले न त मनोयौनिक अपेक्षा वा यथार्थलाई निरपेक्ष राख्न सकेको छ न त सामाजिक यथार्थलाई निरपेक्ष राख्न सकेको छ । त्यस्तै प्रभातले धेरै पीडा र जटिलता सहेरै पनि इशुभमा आफूले भोग्नु परेको जटिलता पैदा नहोस् भन्ने सुखद् कल्पना गरेको भए तापनि त्यो आकाङ्क्षा पनि धराशयी बनेको स्थितिमा त्यसले पनि अर्ध सत्यलाई सङ्केत गर्दछ ।

प्रभातको जीवन मात्र होइन टङ्की, सुनयना, हीराकृष्ण, झिम्की, धनमाया, चन्द्रवीर आदि उपन्यासका महत्त्वपूर्ण पात्रहरूले भोगेका भोगाइहरू अस्पष्ट, जटिल एवम् द्विविधात्मक रहेका छन् । उपन्यासमा रहेका अधिकांश पात्रहरूको भ्रमपूर्ण वास्तविकताको उजागर गर्न उपन्यासकार सफल देखिन्छन् । जस्तो कि टङ्की स्त्री यौनिक आकर्षणबाट सम्पन्न नदेखिएकी र यौनेच्छा अधिक रहेकी भए पनि वैवाहिक जीवन, सन्तान एवम् पतिलाई छोडेर माइतीमै बसेकी छन् । सुनयना प्रशस्त सुन्दरता र आकर्षणसहित यौन चाहना भएरै पनि प्रभातको अयौनिक सम्बन्ध सहेरै खुसी साथ बसेकी छन् । हीराकृष्ण नभनेरै भनेको जस्तो गरी समाजको बेवास्ता गर्दै आफूलाई कुण्ठित र रोगी बनाएको छ । झिम्की पत्नी भएरै पनि पत्नीको सामाजिक व्यवहार भोग्न सकेकी छैनन् । थममाया घरमा आफ्नो लोग्ने दिलबहादुरलाई छलेर अन्य पुरुषको सम्बन्धमा रमाउने हुनाले अन्ततः पतिले नै हत्या गरेका छन् । चन्द्रवीर पति भए पनि पति बन्न सकेका छैनन्, बाबु भए पनि बाबु बन्न सकेका छैनन्, अभिभावक भए पनि अभिभावकत्व निर्वाह गर्न सकेका छैनन् ।

तसर्थ उपन्यासका सबैजसो महत्त्वपूर्ण पात्रहरूको जीवनका अपेक्षित यथार्थ सामाजिक यथार्थ र आनुभाविक यथार्थबिचमा भिन्नता रहेकाले साँचो वा सत्य पूर्ण बनेको देखिदैन । यस हिसाबले पनि उपन्यासको शीर्षक 'अर्धसत्य' सान्दर्भिक, उपयुक्त एवम् सार्थक रहेको छ । यस उपन्यासका सबैजसो कथावस्तु शीर्षककै वरिपरि घुमेका छन् । उपन्यासकारले अत्यन्त झिनो कथावस्तुमै उपन्यासलाई अडाएका छन् । सामाजिक यथार्थभन्दा व्यक्तिगत अझ मनोयथार्थको उद्घाटन गर्न उपन्यासकार सक्षम बनेका छन् । उपन्यासकारले उपन्यासका सबै कथावस्तु र शीर्षकबिचमा स्वाभाविक तालमेल गराएर *अर्धसत्य*लाई प्रभावकारी उपन्यासका रूपमा स्थापित गराएका छन् ।

८.१.२ कथावस्तु

अर्धसत्य मनोयौनिक सन्दर्भलाई आधार बनाएर तयार पारिएको उपन्यास हो । यस उपन्यासमा व्यक्तिभित्रका विविध पक्षलाई मिहिन ढङ्गले उजागर गरिएको हुनाले व्यक्तिगत जीवनका जटिलताहरू नै मूल कथावस्तुका रूपमा रहेका छन् । व्यक्तिका आन्तरिक पक्षमध्ये यौनमनोविज्ञानलाई प्रमुख कथ्य बनाइए तापनि राजनैतिक, सामाजिक तथा आर्थिक सन्दर्भहरूले पनि यथोचित स्थान लिएकाले तदनुकूलका कथावस्तु पनि समावेश गरिएका छन् । विभिन्न विसङ्गति, घातप्रतिघात, आकर्षण, द्वन्द्व, चिन्ता, भ्रम, भोगाइ तथा असन्तुष्टिका तमाम कथावस्तुले *अर्धसत्य*मा स्थान पाएका छन् । मनोवैज्ञानिक कुण्ठा र यौनिक चाहनाको अपेक्षित प्राप्ति र क्षतिपूर्ति विरेचनसमेत गर्न पात्र प्रभात कलाकार बनेर कलाकृतिबाट पनि आकाङ्क्षाहरूको परिपूर्ति गर्ने जमर्को गरेका सन्दर्भ पनि उपन्यासमा रहेका छन् । जीवन निर्वाहको बाध्यता, पारिवारिक उपेक्षा, जागिरको खोजी र प्राप्ति, समयौनिक शोषण त्यसले निम्त्याएको चीत्कार पनि अर्थपूर्ण कथावस्तुका रूपमा रहेका छन् । मानिसका यौनिक आकाङ्क्षा विभिन्न प्रकृतिका हुने र तिनीहरूको सम्पूर्ण सन्तुष्टि प्राप्त हुन नसक्ने मनोयौनिक जटिलताहरूका कथावस्तुले नै *अर्धसत्य*मा प्राधान्य पाएका छन् ।

छबर्से बालक प्रभात आमाको स्नेही र ममतामयी काखमा सुत्ने चाहना राख्दाराख्दै पनि दाजु हरिले सँगै सुताएपछि सर्वप्रथम समयौनिक हिंसा (पृ. ९) खेप्न बाध्य बनेको स्थिति नै अर्धसत्यको प्रारम्भिक कथावस्तु हो । घरायसी कार्य र विद्यालयीय कार्य गर्दा पनि प्रभातमा डरलाग्दो कालो रातले तर्साइरहेको (पृ. १०) हुन्छ । त्रास र पीडामा रुमलिन पर्ने भएकाले आमासँगै सुत्ने इच्छा भए पनि अनिच्छापूर्वक दाजु कृष्णसँगै सुत्न बाध्य बनेको प्रभातले पुनः हिंसाजन्य यौनिक व्यवहार भोग्न (पृ. १०) बाध्य बनेको छ । दाजुहरूको हिंसात्मक व्यवहार, साथीहरूको उपेक्षा तथा गिज्याउने व्यवहारका कारणले प्रभात बहिर्मुखीबाट अन्तर्मुखी बन्दै गइरहेको (पृ. ११) अवस्थामा आत्मीय सरहरूको सान्निध्य रमाइलो र विछोड पीडादायी (पृ. १२) बनेको छ । आकर्षक गीत गाएर वा कलाकृतिहरू सिर्जना गरेर पनि प्रभात भित्रभित्रै बेचैन वा अस्थिर (पृ. १२) भइरहन्छ । उसको मनमा उत्पन्न असन्तुष्टि, तिर्खा र एक्लिएको अनुभूतिका कारणले शैक्षिक सफलता हासिल हुन सक्दैन (पृ. १२) । फलस्वरूप विभिन्न पेसा, व्यवसाय अँगाल्न (पृ. १३) पुगे पनि सन्तुष्ट हुँदैन । उसको मनोयौनिक समस्या बढ्दै जान्छ । अन्य साथीहरूको बिहे हुने कुराले प्रभात तर्सिएर (पृ. १३) भाग्न खोज्नु विपरीत लिङ्गी सम्बन्धबाट तर्सिनु हो । यहाँबाट प्रभातमा पूर्ण समयौनिक मनोविज्ञान वा 'गे' स्वभाव र चाहना विकसित भइरहेको प्रस्ट हुन्छ । आफ्ना मनका चाहना र अव्यक्त पीडालाई कम गर्न उसले

विभिन्न वस्तुहरूको चित्र कोर्ने (पृ. १४) गर्छ । अनेकौं कार्य व्यवहार गर्दै मनोवैज्ञानिक पीडामा छट्पटिएको प्रभातलाई बाबु चन्द्रवीरले गरेको उपेक्षाबाट अझ कुण्ठित एवम् समस्याग्रस्त (पृ. १५) बनाइदिन्छ । बाबुको तिरस्कारलाई सहनुभन्दा आत्महत्या गर्नु ठिक ठानेर (पृ. १६) प्रभातले प्रकारसँग निराशा व्यक्त गर्छ ।

जीविकोपार्जनका केही उपाय सोच्दै विराटनगर मामाघरमा पुगेको प्रभात मामाको हाँसो र रोजीको मुस्कान दुवैले केही व्यथित बनेपछि (पृ. १८) रोजीलाई मुस्कान कोही विशेष मान्छेका लागि साँचेर राख्न आग्रह (पृ. १९) गर्छ । विविध खालका चित्रमा आफ्नो परिचयात्मक आकृति खोजेको प्रभात मामाघरमा पनि सन्तुष्ट हुन सकेन बरु समयौनिक समस्या (पृ. २२) भोग्न बाध्य बन्यो । उप्रान्त मामाघर नजाने निर्णय (पृ. २२) गरी प्रभात घर फर्कन्छ । थममायाको माइतीघर भाँड्ने व्यवहार (पृ. २०) र अगीबप्रतिको विपरीत लिङ्गी यौनिक आकर्षणको सन्दर्भ पनि *अर्धसत्य*मा कथावस्तुका रूपमा रहेको छ । सामाजिक र मनोयथार्थ पक्षलाई सटिक ढङ्गले उद्घाटन गरिएको छ । घरमा पत्नी हुँदाहुँदै भट्टी पसल व्यवसाय गरेकी कान्छीसँग सम्बन्ध राख्ने चन्द्रवीर (पृ. २३-२४) र कान्छीको व्यवहारले विपरीत लिङ्गी यौनिकता एवम् सामाजिक, आर्थिक परिदृश्यसँग सम्बन्धित कथावस्तुलाई उठान गरेको छ ।

यस स्थितिले पनि प्रभातमा असमञ्जस्यता थपेको छ । अगीबलाई थममायाले आफ्नै साथमा रात बिताउन गरेको आग्रह (पृ. २५-३०) मनोयौनिक सन्दर्भ हो । वैवाहिक जीवनलाई कसिलो र प्रगाढ बनाउन शारीरिक सुगठन (पृ. २५) पनि उत्तिकै आवश्यक रहेको सन्दर्भले पनि यौनिक पक्षलाई नै सङ्केत गर्दछ । जागिरको तीव्र चाहना भएको प्रभातले जागिरका लागि दिएको परीक्षामा सफलता हासिल (पृ. २६) गरेको घटनाबाट सकारात्मक परिणतितर्फ लक्षित भएको देखिन्छ । केही दिनका लागि रुम पार्टनर बन्ने सहकर्मी मित्र राजनलाई प्रभातले कामदेवको साक्षात् छविचित्र ठान्नु (पृ. २७) प्रभातमा विकसित पुरुष समयौनिकताको उदाहरण हो भने राजनलाई सघाउँदा खुसी हुनु (पृ. २७), रूप सौन्दर्यको प्रशंसा गर्नु, अघाउँजी हेर्नु (पृ. २८) जस्ता कार्यहरू पनि समयौनिक मनोविज्ञानका उपज हुन् । त्यस्तै राजनको चीत्कारपूर्ण गर्जन (पृ. २९) ले प्रभातबाट भएको समयौनिक व्यवहारको उद्घाटन गरेको छ । विपरीत लिङ्गी सम्बन्धलाई उपेक्षा गर्ने मनोविज्ञानकै कारणले प्रभातले बिहे गर्न अस्वीकार (पृ. ३२) गरे पनि बाध्यतावंश टङ्कीसँग विवाह (पृ. ३३) गरेपछि शारीरिक सम्पर्कबाट बञ्चित रहने इच्छा हुँदाहुँदै (पृ. ३३) पनि बाध्यताले बेस्वादिलो सम्पर्क (पृ. ३४) गर्न पुग्छ । समयौनिक मनोविज्ञान भएको प्रभातले टङ्कीबाट सन्तुष्टि प्राप्त गर्नै सकेन ।

फलतः उसले आत्म मूल्याङ्कन (पृ. ३४) गर्दै टङ्कीलाई उपेक्षा मात्र गरिरहेको (पृ. ३६) सन्दर्भले *अर्धसत्य*लाई थप कौतुहल र रहस्यमयी बनाएको छ । टङ्कीको सम्पर्कलाई सर्पको चिसो आलिङ्गन ठान्नु (पृ. ३६) तथा टङ्कीको यौनिक भूमिका र सम्बन्धमा टङ्कीलाई बाज र आफूलाई चिङ्नासँग तुलना (पृ. ३७) गर्नुले विपरीत लिङ्गी सम्बन्धलाई प्रभातले पीडा, बाध्यता तथा समस्याका रूपमा लिएको प्रस्ट हुन्छ । प्रभात थप दुःखी बन्दछ । उपन्यासकारले यस कथावस्तुमार्फत नेपाली समाजको पारिवारिक यथार्थ तथा समस्यालाई सान्दर्भिक ढङ्गले उठान गरेका छन् । टङ्कीको रुखो एवम् असामाजिक व्यवहारसँग प्रभात थप रिक्तता महसुस (पृ. ४१) गर्दछ । आमाको मृत्युपछि भाइबैनीको पढाइ प्रभावित हुनु (पृ. ४२), टङ्कीले फुलेको पेट (गर्भवती अवस्था) लिएर घुमिरहनु (पृ. ४२), फुपूको पैसा चोरी गर्नु (पृ. ४२) चन्द्रवीरसँग पनि टङ्की उग्र बन्नु (पृ. ४३) जस्ता कार्यहरूले प्रभातको आत्मविश्वास एवम् मानसिकतामा थप समस्या थपेको छ । यहाँ जागिरे जीवनमा रहेका चाकरी, चाप्लुसी, चुक्लीलगायतका स्वार्थी प्रवृत्तिले इमानदारिता एवम् नैतिकताको ह्रास हुँदै गएको सान्दर्भिक कथावस्तुलाई समेत प्रस्तुत गर्दै प्रभातमा रहेको इमानदारिता, नैतिकता, स्वाभिमानी प्रवृत्ति ओझेलमा परेकाले उसमा मनोवैज्ञानिक समस्या बढिरहेको (पृ. ४४) देखाइएको छ । थममाया तथा टङ्कीको आपसी व्यवहार (पृ. ४४), थममायाले टङ्कीलाई पछार्नु (पृ. ४५), रमितेहरूको भीड लाग्नु (पृ. ४५) र चन्द्रवीरले थममायासँग 'गुहू'जस्तै बनेकी टङ्कीलाई नचलाउन आग्रह (पृ. ४५) गर्नुजस्ता घटनाहरू नेपाली समाज एवम् परिवारका वास्तविक चित्र हुन् ।

टङ्कीलाई प्रभातले काठमाडौँमै सँगै राख्न गाउँबाट छोरोसहित बोलाए पनि टङ्कीको सन्निधि प्रभातलाई पटक्कै मन पर्दैन (पृ. ४६) । मानसिक चिन्ता, पारिवारिक असन्तुष्टि तथा विचलित मनस्थिति (पृ. ४६) का कारणले न त प्रभात परीक्षामा सफल हुन सक्यो न त समस्यामुक्त नै बन्न सक्यो । टङ्कीको यौनेच्छा पूरा गरिदिन नसकेपछि टङ्कीमा असन्तुष्टि बढ्दै जान्छ (पृ. ४७) र पतिपत्नीको सम्बन्धमा पूर्ण रिक्तता देखा पर्दछ भने अर्कोतर्फ प्रभात हीराकृणसँग अत्यन्त सुमधुर सम्बन्धमा जोडिन पुग्छ (पृ. ४७) । यसले विपरीत लिङ्गी सम्बन्धको दूरता एवम् समलिङ्गी सम्बन्धको समीपतालाई प्रमाणित गर्दछ । पतिपत्नीको दूरताको परिणामस्वरूप टङ्कीले छोरो इशुभ र पति प्रभातलाई छोडेर सरसामान एवम् रकम लिएर जान्छे (पृ. ४८) । पत्नीको अनुपस्थितिले अन्यमनस्क अवस्थामा रहेको प्रभातलाई साथ दिन हीराकृष्ण सँगै सुत्न आयो (पृ. ४८) । प्रभातलाई यो अवस्था निकै सुखद लाग्नु (पृ. ४८) पुरुष समलिङ्गी यौन मनोविज्ञानको सबल उदाहरण हो । उपन्यासकार समयौनिक सम्बन्ध तथा मनोविज्ञानलाई कलात्मक र शिष्ट ढङ्गले उजागर गर्न सफल रहेको कुरा उपर्युक्त कथावस्तुले

प्रस्ट पार्दछ । पीडा र निराशा तथा असन्तुष्टिले भरिएको प्रभातमा उत्पन्न विकृत मनोदशा एवम् मनोवैज्ञानिक स्थितिमा हीराकृष्णको आश्वासनले जीवनप्रति आशावादी बन्न (पृ. ५१) पुगेको देखाइनु समलिङ्गी सान्निध्यता र प्राप्त धैर्यताले पनि प्रभातको समयौनिक पक्षलाई उजागर गरेको छ ।

आफ्नो बाबुको मृत्युपछि अझ मर्माहत बनेको प्रभात (पृ. ५२) कलाकृतिका माध्यमबाट सन्तुष्ट एवम् सफल बन्ने प्रयत्न गरे तापनि खुट्टा तान्नेहरूको व्यवहारका कारणले सफलता प्राप्त गर्न सक्दैन (पृ. ५३) । हीराकृष्णको सुगठित शरीरतर्फ मोहित हुनु (पृ. ५४), उसकै सन्निधि प्रिय लाग्नु (पृ. ५५), विवाहप्रति आस्था र आशक्ति नहुनु (पृ. ५६), पत्नीको विकल्पमा हीराकृष्णलाई स्थापित गर्नु (पृ. ५६) आदि कार्यहरू प्रभातका समलिङ्गी यौनिक आचरण हुन् । सान्नानी किशोरी भएपछि प्रभातलाई छोडेर भाग्नु (पृ. ५८), जीवनभरका लागि हीराकृष्ण साथमा रहन सम्भव नहुनु (पृ. ६१), हीराकृष्ण अनुपस्थित हुनु र त्यसबाट प्रभात रिक्त एवम् विच्छिप्त बन्दै जानु (पृ. ६१) जस्ता घटनाले पारिवारिक सुव्यवस्था र इशुभको संरक्षणका लागि अर्की पत्नी ल्याउने निर्णय गरे (पृ.६१) पछि प्रभातको व्यक्तित्व अझ विरोधाभासपूर्ण एवम् समस्याग्रस्त बन्दै जान्छ । फलस्वरूप सुनयनालाई पत्नी बनाएर प्रभातले भित्र्याउँछ (पृ. ६२) । तर मनोवैज्ञानिक यौनिक चाहना तथा मृगतृष्णाले प्रभात सुखी बन्नै सकेन (पृ.६२) । हीराकृष्णको अनुपस्थितिमा ऊप्रति भावनात्मक आग्रहसहितको आत्मालाप गर्ने प्रभात (पृ. ६३) घरमा आकर्षक एवम् सुन्दर पत्नी हुँदाहुँदै (पृ. ६४) मानसिक रूपमा यौनिक चाहनामा उनी रित्तो वा अव्यक्त पीडा मै छट्पटाएकै छ । हीराकृष्ण प्रभातले सुनयनालाई पत्नी बनाएर भित्र्याएदेखि नै असन्तुष्ट (पृ. ६५) रहेको कुरा प्रभातलाई गरेको पूर्ण उपेक्षाले देखाउँछ । यसबाट पुरुष समयौनिक मनोविज्ञानको अर्को पक्ष पनि उद्घाटन गर्न उपन्यासकार सफल रहेको देखिन्छ ।

स्त्रीहरूको सन्निधि तथा पत्नी सुनयनासँगको घनिष्ठता प्रभातलाई बिझाउने (पृ. ६६) गर्दछ । पत्नी सुनयनाले छोरी जन्माउँदा (पृ. ६७) पुरुषत्वको प्रमाणीकरण ठान्नु तर पत्नीको सान्निध्यता नचाहनुले प्रभातमा विरोधाभासपूर्ण मनोविज्ञान रहेको पुष्टि हुन्छ । छोरा इशुभको सफलतामा खुसी (पृ. ६७) भएको प्रभात आफूले भोगेको जटिलतम् जीवनचर्या एवम् मनोग्रन्थिबाट उसलाई टाढा राख्ने (पृ. ६८) सोचाइ व्यक्त गर्दछ । हीराकृष्णको उपेक्षा र आरोप (पृ. ६८) बाट विचलित बनेको प्रभातले विभिन्न फोहोरी ठाउँहरूमा अन्य हीराकृष्णहरूको खोजी (पृ. ६९, ७२) गरिरहनुले अतृप्त यौनिक चाहनालाई उजागर गरेको छ ।

पत्नी सुनयनाको सहनशीलता एवम् स्वभाविक सन्तुष्टिबाट अचम्मित (पृ. ७०) बनेको प्रभात हीराकृष्णको समझन्मा अनेकौं पीडा सहँदै (पृ. ७१) विकृत मनोदशामा पुग्दछ । आकस्मिक रूपमा जागिरबाट राजिनामा (पृ. ७२) दिएको कथावस्तुले उपन्यासमा थप संशय एवम् कौतूहलता सिर्जना गर्दछ । हीराकृष्ण बिरामी भएर हस्पिटलमा पुग्नु (पृ. ७५), प्रभात धोकेवाज र बेइमान रहेको आरोप लगाउनु (पृ. ७५) जस्ता कथावस्तुले प्रभातको मानसिकतामा समस्या थपिन्छ । आफूले हीराकृष्णलाई धोका नदिएको कुरा व्यक्त गर्न खोजे पनि गर्न नसक्नु (पृ. ७७), मिथ्या आरोपले प्रताडित हुनु (पृ. ७७), सपनीमा पनि आरोपले सताउनु (पृ. ७७) जस्ता कथावस्तुले प्रभातको असामान्य मनोदशालाई बढाउँछन् । पत्नी सुनयनालाई सुख एवम् सन्तुष्टि दिन नसकेको स्वमूल्याङ्कन गर्दै प्रभात पनि पत्नीका लागि निराहार ब्रत बस्ने (पृ. ८०) कार्यलाई क्षतिपूर्तिको मनोविज्ञानका रूपमा लिन सकिन्छ ।

हीराकृष्णलाई प्रसाद दिएर आत्मसन्तुष्टि खोज्ने (पृ. ८१) प्रभात हीराकृष्णको प्रतिक्रियाविहीन अवस्थाबाट स्तब्ध बनेर रुँदै आफूलाई पृथ्वीको भारका रूपमा अर्थ्याउँछ (पृ. ८१) । आशाको केन्द्र र आधारका रूपमा रहेको इशुभले आफूले जस्तै जटिल मनोदशा एवम् पीडा भोग्ने कार्य गर्न नपरोस् वा सहज एवम् स्वाभाविक जीवनयापन गरोस् भन्ने चाहना इशुभको कोठाभित्रको क्रियाबाट चकनाचुर (पृ. ८२) भएपछि जीवनको शून्यता बोध गर्दै (पृ. ८२) अत्यन्त असामान्य मनोदशामै तैरिइरहन्छ र उपन्यासको अन्त्य हुन्छ ।

यसरी *अर्धसत्य* उपन्यासमा रहेका सबै कथावस्तुहरू मानव मनका जटिलतम् मनोदशा तथा मनोवैज्ञानिक समस्याहरूको उद्घाटनमा केन्द्रित रहेका छन् । कतिपय कथावस्तुले सामाजिक, आर्थिक पक्षलाई उजागर गरे पनि मूलतः मानव मनका कैयौं पीडा, भ्रम तथा असन्तुष्टिलाई सूक्ष्म ढङ्गले पेस गरिएको छ । अझ पुरुष समलिङ्गी यौनिक मनोविज्ञान र त्यसले निम्त्याएका समस्या तथा भ्रम वा मृगतृष्णामा नै उपन्यासका कथावस्तुहरू उठान भएका छन् । जीवनभर असन्तुष्टि र पीडा मात्र भोग्न बाध्य प्रभातको प्रारम्भदेखि उत्तरार्धको समयसम्मका मानसिक आरोह एवम् अवरोहहरूलाई सान्दर्भिक ढङ्गले प्रस्तुत गर्दै मानवीय मनलाई गहन र सूक्ष्म ढाँचामा उपन्यासकारले उजागर गरेका छन् । लैङ्गिक एवम् यौनिक चेतना तथा सशक्तीकरणका विचारलाई *अर्धसत्य*मा कथावस्तु बनाइएको छैन तथापि यौनिक समस्या, यौन मनोविज्ञान तथा व्यक्तिकेन्द्रित धाराको नवीन र सशक्त उपन्यासका रूपमा स्थापित भएको छ, जसले मनोवैज्ञानिक यथार्थलाई शिष्टतापूर्वक उद्घाटन गरेको निष्कर्ष निकाल्न सकिन्छ ।

८.१.३ चरित्र र जैविकता

अर्धसत्य चरित्रप्रधान उपन्यास हो । यस उपन्यासका सम्पूर्ण कथावस्तुहरू उपन्यासको केन्द्रीय पात्र प्रभातकै पर्याधारमा रहेका छन् । उपन्यासमा रहेका विभिन्न पात्रहरूको मनोवैज्ञानिक समस्या तथा सन्दर्भहरूमा केन्द्रित रहेको हुनाले यस उपन्यासलाई मनोवैज्ञानिक उपन्यासका रूपमा लिन सकिन्छ । मूलतः प्रभातकै केन्द्रीयतामै उपन्यास अडेकाले उनीसँग सम्बन्धित पात्रहरूको मात्र स्वाभाविक उपस्थिति रहेकाले पात्र सङ्ख्या कम्ती नै छ । प्रभात, टङ्की, हीराकृष्ण तथा सुनयनाको महत्त्वपूर्ण भूमिका रहेको छ भने चन्द्रवीर, मैना, झिम्की, राजन, इशुभ, थममाया, पुकार आदिको उपस्थिति पनि अर्थपूर्ण रहेको छ । त्यस्तै हरि, कृष्ण, आकार, अगीब, हर्कबहादुर, रोजी, दिलबहादुर, आभास, मिसरी नानी, सान्नानी आदि पात्रहरूको छोटो वा गौण भूमिकाले पनि *अर्धसत्य*लाई सफल र प्रभावकारी बनाएको देखिन्छ ।

यसरी विविध भूमिकामा रहेका प्रत्यक्ष एवम् परोक्ष पात्रहरूको सङ्ख्या चालिसभन्दा बढी रहेको भए पनि यहाँ प्रभात, चन्द्रवीर, थममाया, झिम्की, टङ्की, हीराकृष्ण तथा सुनयनाको विस्तृत चर्चा गरिएको छ भने अन्य पात्रहरूको पनि सन्दर्भपरक चर्चा भएको छ । प्रभात *अर्धसत्य* उपन्यासको केन्द्रीय पुरुष पात्र हो । उसको जीवनवृत्तमा नै औपन्यासिक कथानक निर्माण गरिएकाले ऊ मुख्य पात्र हो । प्रारम्भमा बहिर्मुखीपनको सङ्केत पाइए पनि ऊ पूर्णतः अन्तर्मुखी व्यक्तित्व भएको बद्ध तथा मञ्चीय चरित्र हो । मनोयौनिक जटिलता, पीडा तथा मनोवैज्ञानिक समस्याले पिरोलिएको प्रभात जीवनयापनका दौरानमा विभिन्न पेसा, व्यवसाय तथा व्यवहारमा सक्रिय भए पनि मानसिक तथा वैचारिक हिसाबले एकै प्रकारको मनोदशाबाट निर्देशित तथा व्यवहृत भएकाले स्थिर पात्र हो भने अरु कुनै व्यक्ति वा समुदायका लागि सुनियोजित ढङ्गले नोक्सान वा हानि पुग्ने कार्य नगरेकाले उसलाई सत् वा सकारात्मक पात्रका रूपमा लिन सकिन्छ ।

पुरुष समयौनिक मनोविज्ञानका कारणले स्त्रीसँगको सन्निधि उपेक्षा गर्दै पुरुषको सान्निध्यता खोजी हिंड्ने तर त्यहाँ पनि सन्तुष्टि नपाएर भौंतारिइरहने असामान्य मनोदशाले ग्रसित बनेको प्रभात नितान्त व्यक्ति पात्र हो । यद्यपि उसले भोगेको जटिल व्यवहार मनोग्रन्थि तथा मृगतृष्णाबाट कैयौं पुरुषहरूको प्रतिनिधित्व नहुने होइन । धेरै पीडा, कुण्ठा एवम् असन्तुष्टि भए पनि अरूलाई भन्न नसक्ने अतृप्त चाहनाले ग्रसित बनिरहेको पात्र प्रभात छोरा इशुभलाई आफूले भोगेको पीडाबाट मुक्त होस् भन्ने चाहना भएको असन्तुष्ट पात्र हो । दाजुहरूको हिंसाबाट बँच्नका लागि आमासँगै सुत्न खोज्ने (पृ. ९-१०) निर्दोष बालकका रूपमा

रहेको प्रभात साथीहरूबाट गिज्याइएको र हाँसोको पात्र बनाइएको हुनाले सङ्कोची एवम् अन्तर्मुखी (पृ. ११) बन्दै गइरहेको छ । पढाइमा तीक्ष्ण नभए पनि गायन र कला सिर्जनामा दख्खल रहेको (पृ. १२) पात्र हो । विभिन्न पेसा, व्यवसाय (पृ. १३) मा सक्रिय भए पनि मनोवैज्ञानिक समस्याका कारणले असन्तुष्ट (पृ. १३) बनेको प्रभात सहकर्मी मित्र राजनसँगको व्यवहार (पृ. २९) बाट समलिङ्गी यौनिक चाहना भएको पात्रका रूपमा प्रस्टिन्छ । व्यक्तिगत इच्छा नभए पनि सामाजिक दबाब र बाध्यताका कारणले टङ्कीसँग बिहे गरे पनि ऊसँग यौनिक सम्पर्कमा रुचि राख्दैन । यद्यपि एक पटक जबरजस्ती राखेको सम्पर्क (पृ. ३४) बाट ऊ अत्तालिएको छ भने अर्को पटक पत्नीबाट बलात्कृत भएको अनुभव (पृ. ३७) गरेको छ । हीराकृष्णको सुगठित र आकर्षक शरिरबाट मोहित बनेको प्रभात (पृ. ५४) उसको सन्निधिमा सुखी रहन्छ । अस्थिर एवम् अतृप्त मनोविज्ञानका कारण विभिन्न पुरुषहरू खोज्दै हिंडे (पृ. ६१) पनि सन्तुष्ट नभएको प्रभात टङ्कीले छोडेर गएपछि सुनयनासँग बिहे गर्छ (पृ. ६२) तर सुनयना जति नै राम्री र मायालु भए पनि उनीसँग पनि सीमित हुन सक्दैन । "आफ्नै मृगतृष्णालाई समन गरेर नयाँनयाँ हीराकृष्णको खोजीको उसले अन्त्य गर्नै सकेन (पृ. ६२) ।" यसबाट प्रभात विपरीत लिङ्गी सम्बन्ध कायम गर्नै नचाहने र समलिङ्गी सम्बन्धबाट पनि सन्तुष्ट नभएर विभिन्न नयाँनयाँ पुरुषको खोजी गर्दै हिँडिरहेको प्रस्ट हुन्छ । "कार्यालय धाउनु नपरेका दिनहरूमा उसले नयाँनयाँ हीराकृष्णहरू खोज्नमै आफूलाई व्यस्त राख्यो (पृ. ७२) ।" पत्नी सुख दिन नसकेको स्वमूल्याङ्कन गर्दै क्षतिपूर्तिस्वरूप उसका लागि व्रत बस्न खोज्नु (पृ. ८०) आत्मसन्तुष्टिको उदाहरण हो ।

प्रभात *अर्धसत्य* उपन्यासको केन्द्रीय पात्र हो । अतृप्त समयौनिक चाहना भएको कुण्ठित एवम् असामान्य मनोदशाले ग्रसित रहेको प्रभात दुई पत्नीसँग बाध्यात्मक र सामाजिक दबाबस्वरूप अनिच्छापूर्वक यौन सम्बन्ध राख्ने र इच्छापूर्वक विभिन्न पुरुषसँग सम्बन्ध राख्ने द्विलिङ्गी यौनिक आचरण र जटिल यौनमनोविज्ञान भएको पात्र हो । निराश एवम् शून्यता बोधसमेत गर्नसक्ने प्रभात उपन्यासको समग्र कथ्यलाई एकीकृत गर्नसक्ने असामान्य पात्र हो । त्यस्तै उपन्यासमा थोरै भूमिकामा रहेकी टङ्की प्रभातकी पत्नी हो । शारीरिक आकर्षण नभएकी विद्रोही र प्रभातको यौनिक क्षमतालाई चुनौती दिने स्त्री पात्र हो । सहायक पात्रका रूपमा रहेकी टङ्की बहिर्मुखी, मञ्चीय पात्र हो । आम महिलाहरूको प्रतिनिधित्व नगर्ने हुनाले व्यक्ति पात्रका रूपमा रहेकी टङ्की बद्ध, सत् र स्थिर पात्र हो ।

हीराकृष्ण प्रभातको घरबेटीको छोरा (पृ. ४८) हो । प्रभातको दुःखमा साथ दिने सँगै सुत्ने र सहारा बन्ने आश्वासन (पृ. ५१) दिने पात्र हीराकृष्ण सुगठित र आकर्षक व्यक्तित्व भएको

पुरुष पात्र हो । सहायक भूमिकामा रहेको हीराकृष्ण अन्तर्मुखी, मञ्चीय, बद्ध, सत् एवम् अस्थिर पात्र हो । व्यक्ति पात्रका रूपमा रहेको हीराकृष्ण प्रभातले दोस्रो बिहे सुनयनासँग गरेकामा बेखुसी छ (पृ. ६२) । प्रभातलाई भन्छ, "तपाईं त विश्वासघाती मान्छे हुनुहुँदो रहेछ । मेरो विश्वासलाई तपाईंले अचानोमा रेट्नुभयो । ... यही पीरले पलपल गरेर म मर्दैछु (पृ. ६५) ।" यसबाट हीराकृष्ण पनि प्रभातले बिहे नगरी आफ्नो साथमा जीवन बिताओस् भन्ने चाहना राख्ने समलिङ्गी यौनिक मनोविज्ञान भएको पात्रका रूपमा प्रस्ट हुन्छ । असामान्य मनोदशाका कारणले हीराकृष्ण बिरामी हुन्छ (पृ. ७५) र अचेत भएर अस्पतालमै लडिरहने (पृ. ८१) हीराकृष्ण सहायक पात्र हो ।

सुनयना प्रभातकी दोस्री पत्नी हो । खरायोजस्ती मायालु र लजालु स्वभाव (पृ. ६४) भएकी सुनयना सहायक स्त्री पात्र हो । सहनशील र अन्तर्मुखी चरित्र भएकी आम नेपाली महिलाको प्रतिनिधित्व गने वर्गीय पात्र हो । सत्, मञ्चीय, बद्ध पात्र सुनयना स्थिर चरित्र भएकी आदर्श आचरणकी प्रतिमूर्ति हो । त्यस्तै घरमा पत्नी भएर पनि बाहिर कान्छीसँग लहसिएको र प्रभातलाई उपेक्षा गरिरहने उसको बाबु चन्द्रवीर, निरीह र दुःखपूर्ण जीवन बिताएकी प्रभातकी आमा मैना, आफ्नो पति बाहिर भएका बेला अन्य पुरुषसँग यौनिक आनन्द लिने थममाया, होटेल गरेर चन्द्रवीरको कान्छी बनेकी झिम्की, प्रभातको सहृदयी मित्रबाट टाढिंदा पनि शिष्टतापूर्वक आचरण र मौनता भएको राजनजस्ता पात्रहरूको उपस्थितिले यस उपन्यासलाई प्रभावकारी बनाएका छन् । त्यस्तै इशुभ, अगीब, रोजी, हर्कबहादुर, दिलबहादुर, हरि, कृष्ण आदिको सान्दर्भिक एवम् स्वाभाविक भूमिकाले उपन्यास रोचक तथा व्यवस्थित बनेको छ । यसरी *अर्धसत्य*मा विभिन्न पात्रहरूको सान्दर्भिक एवम् स्वाभाविक उपस्थिति र भूमिका रहेको छ । प्रभातको मूल भूमिका उसका भोगाइ तथा मनोविज्ञानमा नै अर्धसत्य अडिएको हुनाले शीर्षकीय सार्थकता बहन गर्नका लागि र उपन्यासकारको सोद्देश्यमूलक प्रस्तुतिका लागि ऊ नै उपन्यासको केन्द्रक बनेको छ ।

८.१.४ यौनिकता र यौनिक समस्या

अर्धसत्य उपन्यास यौनिक मनोविज्ञानमा आधारित उपन्यास हो । समयौनिक मनोदशाका कारणले व्यक्तिमा उत्पन्न जटिल मनोग्रन्थि बोकेर जीवनभर अतृप्त चाहनासहित अनेकौं असन्तुष्टि भोग्न बाध्य बनिरहेको समस्याग्रस्त जीवनकै केन्द्रीयतामा आधारित रहेकाले यस उपन्यासमा पुरुष समलिङ्गी यौनिक सन्दर्भ तथा त्यसबाट उत्पन्न समस्याहरूको उद्घाटन गरिएको छ । त्यस्तै विपरीत लिङ्गी मनोयौनिक सन्दर्भ, अपेक्षा तथा बाध्यताहरू पनि यौनिक

समस्याका रूपमा रहेका छन् । सीमान्तीय यौनिक मनोविज्ञान वा समयौनिक मनोविज्ञानको जागर गरिए तापनि त्यस्तो यौनिकताको पक्षपोषणसहित सशक्तीकरण र अधिकारका सवाल उठान गरिएको छैन । त्यस्तो मनोविज्ञानले थपेका मानवीय यौनिक समस्या तथा मानवीय मनका जटिलतम् पक्षलाई उद्घाटन गरिएकाले समयौनिक मनोविज्ञान यौनिक समस्याका रूपमा रहेको जनाइएको छ ।

प्रभातले हरि र कृष्णसँगको सुताइमा मनोयौनिक समस्या (पृ. ९-१०) भोग्नुपरेको छ । विपरीत लिङ्गी सम्बन्ध एवम् विवाहप्रति प्रभात चिन्तित (पृ. १३) भइरहनु पनि मनोयौनिक समस्या हो । मनोवैज्ञानिक पीडा एवम् चाहनाको परिपूर्तिका लागि प्रभातले समस्याबाट मुक्त हुनका लागि विभिन्न कलाको सिर्जना र प्रस्तुति (पृ. १२, १५) पनि फलदायी नहुनु यौनिक समस्या हो । मनमा उत्पन्न चाहना तथा विचारहरूलाई अरु सामु व्यक्त नगरी अव्यक्त एवम् कुण्ठित भइरहनु (पृ. १४) ले समस्यालाई बढाएको देखिन्छ । प्रभातका मामाको घरमा भोगेको व्यवहार (पृ. १८, २१) समयौनिकताको सन्दर्भ हो भने रोजीले देखाएको व्यवहार (पृ. १९) विपरीत लिङ्गी यौनिकता हो । प्रभातले आफू बाजको पन्जामा परेको चिङ्नाभै यौनिक कुण्ठा एवम् मानसिकतामा फसेर समस्याग्रस्त जीवन भोग्न बाध्य हुनुपरेको (पृ. १९) हुनाले मुक्तिको अपेक्षा गर्नुले यौनिक समस्यालाई छर्लङ्ग पारेको छ । विपरीत लिङ्गी यौनिकता झल्कने गरी रोजीले गरेको आग्रह (पृ. १९, २०) लाई अस्वीकार गरी घामपानीको स्थितिमा पर्नु (पृ. २०) प्रभातमा विपरीत लिङ्गी अनाकर्षण हो । अगीब देखेपछि थममायामा देखिएको उत्सुकता एवम् आकर्षण (पृ. २१) ले विपरीत लिङ्गी यौनिकतालाई उजागर गरेको छ । मामासँग प्रभात सँगै सुत्दा (पृ. २१) उत्पन्न भएको पीडा र चीत्कार, मामाघर जान नपरोस् भन्ने चाहना (पृ. २२) जस्ता सन्दर्भले मनोयौनिक समस्याको उद्घाटन गरेका छन् । कान्छीको स्त्री यौनिकताबाट चन्द्रवीर आकर्षित हुनु, कान्छीको व्यवहारबाट नशामा पर्नु (पृ. २३) र ढिक बन्द गरी चन्द्रवीर र कान्छी अँध्यारो अँगालोमा बाँधिनु (पृ. २४) जस्ता घटनाहरू विपरीत लिङ्गी यौनिकताका उदाहरण हुन् । प्रभातले राजनलाई कामदेवको साक्षात् छविचित्र ठान्नु (पृ. २७), पुरुषोचित रूप सौन्दर्यको मुक्त कण्ठले प्रशंसा गर्नु, अघाउँजी हेर्नु (पृ. २८) तथा राजनको प्रतीकात्मक गर्जन (पृ. २९) व्यक्त हुनुले विकसित समयौनिक चाहना एवम् व्यवहारलाई उजागर गरेको देखिन्छ भने अर्कोतिर राजनले प्रभातको गाला आफ्नो गर्लफ्रेन्डकै जस्तो ठान्नु (पृ. २८) यौनिक गुणको सामान्यीकरण हो । राजनसँगको व्यवहारका कारण प्रभात डर र लाजले हीनताबोधी एवम् चिन्तित बनेको (पृ. २९) अवस्थाले समयौनिक आचरणका कारणले उत्पन्न समस्यालाई जनाउँछ ।

थममायाले फुपा नभएको बेलामा अगीबलाई बोलाउनु (पृ. ३०) ले विपरीत लिङ्गी यौनिक चाहना तथा आग्रहलाई सङ्केत गरेको छ । बिहे गरे पनि प्रभातले पत्नी टङ्कीलाई दिनुपर्ने सुख (यौन) दिन नसक्नु (पृ. ३२), छैठौं दिनसम्म पनि तयार नहुनु र एकदिन सुख दिन खोजे पनि त्यो सन्निधिबाट भाग्नु (पृ. ३४), सम्बन्धलाई बेस्वादिलो र तम्तम्याइलो ठान्दै सिक्सिको लाग्नु, शरिरभरि जुका, माउसुली र गँड्यौला हिँडेको जुगुप्साबोधले ग्रसित हुनु र टङ्कीलाई पूर्ण उपेक्षा गर्नु (पृ. ३४) जस्ता घटना तथा स्थितिले प्रभातमा रहेको विपरीत लिङ्गी यौनिक अनाकर्षण र उपेक्षालाई उजागर गरेको छ ।

टङ्कीसँगको सम्बन्धलाई प्रभात सर्पको चिसो आलिङ्गन ठान्छ । यौन चाहना र सन्तुष्टिका लागि टङ्की प्रभातसँग सम्पर्क गर्न खोज्दा आक्रमण ठान्ने प्रभात आफूलाई बाजको पन्जामा रहेको चिङ्नासँग दाँज्न पुग्छ (पृ. ३७) र आफ्नो शरिरलाई सधैका लागि टङ्कीको निषेधित क्षेत्र घोष्णा (पृ. ३८) गर्छ । यसले प्रभात विपरीत लिङ्गी यौनिक व्यवहारप्रति पूर्ण उपेक्षा गर्दछ भन्ने प्रस्ट हुन्छ । पत्नी टङ्कीको यौनेच्छा पूरा गर्न नसकेको प्रभातले टङ्कीलाई झापड लगाई उसलाई अपरिचित ठान्ने (पृ. ४७) निर्णय गर्नुले पारिवारिक समस्या निम्त्याउँछ यद्यपि यो समस्या यौनिक समस्याकै उपज हो । त्यस घटनापछि प्रभात हीराकृष्णसँग बढी निकट भयो र टङ्की प्रभातलाई छोडेर गएपछि हीराकृष्ण प्रभातसँगै सुत्न थाल्यो (पृ. ४८) । यस्तो अवस्था प्रभातलाई अत्यन्त सुखकर र नितान्त आफ्नो लाग्नु समयौनिक मनोविज्ञान हो ।

हीराकृष्णको शारीरिक अवस्था देखी समलिङ्गी मनोविज्ञान भएको प्रभात आनन्दित र सन्तुष्ट हुँदै मुस्कुराउँछ र अन्तरमनले मूल्याङ्कन गर्छ "के विधि हिस्सी परेको छ, केटो । अग्लो, डम्म परेको जिउडालमा बटारिएका पाखुरा, कस्सिएका तिघ्रा र गालामा खोपिल्टो पारेर मुस्कुराउने उसको मोहनी मुस्कानमा को नलोभिएलान् र (पृ. ५४) ।" पुरुषसँग लोभिएर उसकै सान्निध्यतामा रमाउने प्रभात युवतीतर्फ भने पटक्कै वास्ता गर्दैन । "गुलाफको कोपिलाजस्ता सुकुमारीहरू देख्दा पनि उसको आङमा भित्ती हिँड्छ । ... एउटी स्वास्नीमान्छेसँग एउटै ओछ्यानमा सँगै सुतेको कल्पनाले नै उसले आफ्नो भागमा गँड्यौला नै गँड्यौला देख्छ । जुगुप्साको चर्को उफानले उसलाई बान्ता होला झैँ हुन्छ । त्यसैले ब्रम्हाण्ड सुन्दरीतिर पनि उनी कर्के नजर लगाउन तयार छैन बरु हीराकृष्णकै सन्निधि प्रिय छ उसलाई सडकदेखि बिछ्यौनासम्म (पृ. ५५) ।" यसले पनि पुष्टि गर्दछ कि प्रभात विपरीतलिङ्गी यौनिकतालाई उपेक्षा र घृणा गर्छ भने समलिङ्गी यौनिकता नै उसको सन्तुष्टि हो ।

पत्नीभन्दा हीराकृष्ण नै ठिक ठान्ने (पृ. ५६) प्रभात सानीको यौनिक प्रकटन (पृ. ५७) लाई वास्तै गर्दैन । सानी मुस्कानसहित बारुलाले चिलेझै मडारिन्छे । यसबाट स्त्री यौनिकता झल्किएको छ । त्यस्तै प्रभातप्रति उनमा विपरीत लिङ्गी यौनिक आकर्षण पनि रहेको प्रस्ट हुन्छ उसले प्रभात दाइ कस्तो लाग्छ भन्दा हीराकृष्णलाई सोध्नु (पृ. ५७) भन्छे । यसले सानीको यौनिक मनोविज्ञानलाई प्रभातले बेवास्ता गरेको स्पष्ट पार्छ । हीराकृष्णजस्तो व्यक्तिलाई जीवनभर साथी बनाउन चाहे पनि त्यो सम्भव नभएको (पृ. ६१) ठान्दै सामाजिक तथा व्यावहारिक बाध्यताका कारणले अनिच्छापूर्वक सुनयनासँग प्रभातले बिहे गर्छ (पृ. ६२) । घरमा मायालु र आकर्षक पत्नी सुनयना भए पनि प्रभातले नयाँनयाँ हीराकृष्णको खोजी (पृ ६२) गर्छ । यसबाट पनि ऊ सन्तुष्ट नभएर अतृप्त यौन चाहना र जटिल मनोदशा बोकेर भौतारिइरहन्छ । यसले समयौनिक मनोविज्ञानको पीडादायी र जटिल तथा समस्याग्रस्त जीवनलाई उद्घाटन गरेको छ । यो यौनिक समस्याको सबल अवस्था हो । हीराकृष्णका लागि हलहली विष पिउन तयार (पृ. ६३) हुनु अतृप्त यौनेच्छा एवम् असन्तुष्टि र भ्रमपूर्ण समस्याग्रस्त स्थिति हो । "घर त स्वास्नी र स्वास्नीको सुगन्धले भरिएकै छ तर यो मन खाली छ । ... यस्तो स्थितिमा एउटा मात्र सक्कली हीराकृष्णको साथ पाउन सके आहा ! जीवनमा सफलताका कतिकति सोपान चढिन्थ्यो (पृ. ६४) ।" समयौनिक मनोग्रन्थि तथा अतृप्त चाहनाले निर्माण गरेको असन्तुष्टि र भ्रमका कारणले प्रभात समस्याग्रस्त जीवनयापन गरिरहेको मनोवैज्ञानिक सन्दर्भलाई उपन्यासकारले अत्यन्त सूक्ष्म ढङ्गले उठान गरेका छन् । अर्कातर्फ हीराकृष्ण पनि प्रभातले सुनयनालाई पत्नीका रूपमा भित्र्याएपछि आफूलाई प्रभातले धोका दिएको र विश्वासघात गरेको भन्दै (पृ. ६८) विच्छिप्त बन्नु र अस्पतालमा रही अचेत जीवन गुजार्नु (पृ. ७५, ८१) पनि समयौनिक समस्याको विकराल स्थिति हो । त्यस्तै आफूले जीवनमा भोग्नुपरेको पीडा र समस्यामा छोरो नपरोस् भन्ने चाहना गर्दागर्दै इशुभ पनि सोही यौनिक खेलमा संलग्न रहेको (पृ. ८२) रहस्यपूर्ण अवस्थापछि जीवनको शून्यता बोध गर्दै प्रभात भ्रमहरूमा हराइरहन्छ ।

यसरी उपन्यासकारले समलिङ्गी यौनिकताको विषयलाई प्रमुख कथ्य बनाएर त्यस्तो यौनिकताले सन्तुष्टि र आनन्द दिनुभन्दा पीडा, अतृप्त कामेच्छा तथा मृगतृष्णामा प्रभातलाई अत्यन्त समस्याग्रस्त स्थिति बेहोरेको चित्रण गरेका छन् । समयौनिक सम्बन्ध अत्यन्त जटिल र विरोधाभासपूर्ण रहेको सन्दर्भ प्रस्तुत गर्दै सामाजिक र प्राकृतिक स्वाभाविक विपरीत लिङ्गी यौनिकताका सन्दर्भ पनि उपयुक्त तथा प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । *अर्धसत्य*मा समलिङ्गी यौनिकताको केन्द्रीयता रहे पनि विपरीत लिङ्गी यौनिकता तथा द्विलिङ्गी यौनिकताका

सन्दर्भहरू पनि प्रस्तुत गर्दै यौनिक जटिलता, समस्या तथा असामान्यताहरूको शिष्ट र कलात्मक उद्घाटन गरिएको छ ।

८.१.५ लैङ्गिकताको भाषा

अर्धसत्य यौनिक चेतना र सशक्तीकरणको विचार प्रवाह गर्ने उपन्यास नभई मनोयौनिक सन्दर्भलाई विशिष्ट ढङ्गले उद्घाटन गर्दै व्यक्तिमा उत्पन्न कुण्ठा, निराशा तथा असन्तुष्टि एवम् मृगतृष्णाजस्ता मनोवैज्ञानिक समस्याहरूको यथार्थोद्घाटनमा केन्द्रित उपन्यास हो । मनोयौनिक जटिल मनोदशाको सन्दर्भलाई प्रमुख केन्द्र बनाइएको *अर्धसत्य*मा सान्दर्भिक सामाजिक तथा अन्य कथावस्तुको समीचीन उठान भए तापनि मूल ध्येय मनोयौनिक पक्षको उद्घाटन नै हो । यो उपन्यास यौनिकताका परिवर्तित मूल्यको स्थापनासहित समयौनिक मानसिकता एवम् सम्बन्धलाई स्थापना गरी स्वतन्त्रतामूलक अस्तित्वतर्फ मुखरित नभएर समयौनिक चाहनालाई अनपेक्षित ठान्दै भोगाइहरूलाई समेत सार्वजनिक गर्न नसक्ने कुण्ठित मनोविज्ञानको उद्घाटनमा मात्र सीमित रहेकाले यसमा प्रयुक्त भाषा लैङ्गिक र यौनिक दृष्टिले सन्तुलित, संवेदनशील एवम् अपेक्षित बन्न सकेको छैन । तर प्रस्तुतिको शिष्टता, शैलीगत आकर्षण, वाक्यहरूको सिलसिला, सुगठित र सूत्रात्मक भाषा, शिष्ट र मर्यादित प्रस्तुति, उखानटुक्कालगायतका सज्जा, बिम्ब, प्रतीक एवम् अलङ्कारको प्रयोग तथा प्रभावकारिता प्रशंसनीय छ ।

यौनिक एवम् लैङ्गिक चेतना, सशक्तीकरण तथा मूलप्रवाहीकरणका पक्षलाई स्विकार्न नसकेकाले लैङ्गिकताको भाषा परम्परित छ । यस्तो परम्परित अवस्थामा रहेको लैङ्गिकताको भाषालाई यहाँ चर्चा गरिएको छ । विभिन्न भाषिक प्रयोगहरूले समयौनिक सन्दर्भ तथा विपरीत लिङ्गी यौनिक सन्दर्भहरू उठान गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन् । कतिपय आलङ्कारिक र प्रतीकात्मक भाषिक सन्दर्भ छन् भने कतिपय विभिन्न यौनिकता प्रकट गर्ने विशेष शब्दभण्डारको उपयोग गरिएको छ । यौन मनोविज्ञानलाई लाक्षणिक र व्यञ्जनामूलक शब्दशक्तिको प्रयोगले शिष्ट र रहस्यपूर्ण बनाएका पनि छन् । पुरुषले स्त्रीका लागि प्रयोग गर्ने लैङ्गिक विभेदयुक्त भाषाको प्रयोग पनि *अर्धसत्य*मा न्यून मात्रामा रहेको छ ।

उपन्यासकारले अत्यन्त सन्तुलित र रहस्यमयी भाषामा समलिङ्गी यौनिक हिंसा र जटिलतालाई 'कलिलो चीत्कार' (पृ. ९-१०) मार्फत् व्यक्त गरेका छन् । दाइहरूको छायाँबाट पनि पर भाग्न खोज्नु (पृ. ११) भन्ने भाषिक सन्दर्भले यौनिक पीडा र शोषणबाट टाढिन खोजेको सङ्केत गर्दछ । "के यी भकुल्ले गालाहरूलाई मात्र एकपटक म सप्रेम कुटुक्क टोक्न

सक्छु (पृ. १३) ?" भन्दै प्रभातमा विकसित भएको समयौनिक मनोविज्ञान र अन्तद्वन्द्वलाई उजागर गरिएको छ । ए मैने (पृ. १४) र तँ धेरै नकरा है बूढी (पृ. १५) भन्दै चन्द्रवीरले मैनालाई गरेको सम्बोधन लैङ्गिक विभेदयुक्त छ । रोजीमा रहेको यौनिक व्यवहारलाई उपन्यासकारले प्रतीकात्मक रूपमा भन्छन् "ओठमा एक अँगालो गुलाफको मुस्कान बोकेर रोजी देखा परी (पृ. १८) ।" यसबाट यौनिकता प्रस्तुत भएको छ । चन्द्रवीरले कान्छीलाई 'मछली' (पृ. २३) भन्नु लैङ्गिक नियन्त्रणको भाषा हो भने थममायाले अगीबलाई देखेर 'सातवटा घाम लागेझै' (पृ. २१) अनुभव गर्दै 'अ... गी ... ब' भन्दै चासनीमा घोलिएको चीत्कार गुञ्ज्याउनु (पृ. २१) विपरीत लिङ्गी यौनिक आकर्षणको अभिव्यक्ति हो ।

कलात्मक र आलङ्कारिक भाषाले *अर्धसत्य*लाई रोचक बनाएको छ । त्यस्तै थममाया र अगीबको सम्बन्धमा 'भान्छा उठिसकेपछि पनि अँगेनामा आगो भने हुर्हुर बलिरहेकै थियो' (पृ. ३०) भन्ने वाक्यमा विपरीत लिङ्गी यौनिक सम्बन्धको प्रतिबिम्बन भएको छ । प्रभातले टङ्कीसँगको सम्बन्धलाई शरीरमा जुका, माउसुली, गड्यौला हिँडेको अनुभव गर्दै सर्पको चिसो अँगालोमा बेरिएको अनुभव गर्नु (पृ. ३६) विपरीत लिङ्गी यौनिकताको विकर्षणको प्रतीकात्मक भाषिक अभिव्यक्ति हो । त्यस्तै प्रभातले आफूलाई चिङ्ना र टङ्कीलाई बाजसँग तुलना गर्नु (पृ. ३७) पनि विकर्षणबाट उत्पन्न पीडाको प्रतीकात्मक अभिव्यक्ति हो । प्रभातले नचाहेरै पनि टङ्कीले जबर्जस्ती बलात्कारको शैलीमा प्रभातसँग यौन क्रीडा गरेपछि टङ्की सुहागरातपछिको दुलाहाझैं विजयी भावमा देखिएको (पृ. ३७) सन्दर्भले पुरुषत्वका गुण टङ्कीमा स्थानान्तरित भएको अनुभव प्रभातले गरेको छ । आइमाईविनाको घर भूतको डेराझैं हुन्छ (पृ. ४१) भन्दै नारी अस्तित्वलाई आलङ्कारिक ढङ्गले पेस गरिएको छ । थममायाले टङ्कीलाई उपदेश दिंदा अनपेक्षित प्रतिक्रिया (पृ. ४४) दिएपछि थममायाले थोती, छुँडुल्नी, नकच्चरी भन्दै (पृ. ४५) हिंसाजन्य भाषिक व्यवहार गर्छे । त्यस्तै चन्द्रवीरले टङ्कीलाई 'गुहु' भन्दै घृणित शब्द प्रयोग गर्दै लैङ्गिक हिंसा व्यक्त गरेको छ ।

टङ्कीले आफ्नो यौनेच्छा पूरा गर्न नसक्ने प्रभातलाई 'नामर्द' को संज्ञा दिन्छे भने प्रभातले स्वास्नीमान्छे छुट्याउने जननेन्द्रीयबाहेक अरू कुनै पनि स्त्रीत्वसँग सम्बन्धित गुण नभएको (पृ. ४७) आरोप लगाउनुले अयौनिक मनोविज्ञानलाई उजागर गरेको छ । प्रभात हीराकृष्णतर्फ मोहित भएको समलिङ्गी यौनिकताको उजागर गर्ने भाषिक प्रयोग गर्दै उपन्यासकारले समयौनिकताको प्रकट गरेका छन् । "अग्लो, डम्म परेको जिउडालमा बटारिएका पाखुरा, कस्सिएका तिघ्रा र गालामा खोपिल्टो पारेर मुस्कुराउने (पृ. ५४) ।" भन्दै हीराकृष्णको यौनिक वर्णन गरिएको छ । "प्रभात अघि पर्नासाथ ओठमा फूलको मुस्कान फुलाएर बारुलाले चिलेझैं

ऊ मडारिन्छे (पृ. ५७) ।" भन्दै सानीको विपरीत लिङ्गी यौनिक व्यवहारलाई आलङ्कारिक ढङ्गले व्यक्त गरिएको *अर्धसत्य*मा सुनयनालाई 'खरायोजस्ती स्वास्नी' 'कोइलीको जस्तै कुहूकुहू भाषा' 'गाईजस्ती सुधी' (पृ. ६२) स्त्रीत्वका गुणलाई समेत आलङ्कारिक रूप प्रदान गरिएको छ । "हजुरले नखाई मैले खाए मलाई पाप लाग्दैन त (पृ. ६२) ?" भन्दै सुनयनाले दिएको अभिव्यक्तिमा परम्परागत लैङ्गिक भाषा भेटिन्छ । त्यस्तै प्रभातले हीराकृष्णलाई "तिमी मेरो जीवनको रोचक र अविस्मरणीय अध्याय हौ ... तिम्रा लागि त म इन्द्रको आसन त्याग्न तैयार थिएँ (पृ. ६३) ।" भन्दै आत्मालाप गर्नु समयौनिक मनोविज्ञान उजागर गर्दै समयौनिकतामै समर्पित हुन चाहने भाषिक व्यवहार प्रस्तुत भएको छ । 'ऊनै ऊनले छोपिएको भेंडीझैं भकुल्नी' सुनयनालाई चिनाउने अलङ्कारले भाषिक चातुर्यको छनक दिन्छ ।

हीराकृष्णबाट प्रभात छुट्टिनै नसकेको यथार्थोद्घाटनमा भाषिक कला यसरी व्यक्त हुन्छ "प्रभातको जीवनरूपी डोरीबाट हीराकृष्ण नामको गाँठो कहिल्यै फुस्किन सकेन (पृ. ६९) ।" सुनयनाकी छिमेकी नन्दासँगको यौनिक संवाद शिष्ट तर रोचक र प्रभावकारी देखिन्छ । "निकै मोटाउनु भा'छ नि ! कतै फेरि ... हो कि कसो ?" सुनयना भन्छिन् "तेस्तो केही होइन भाउजू ! तेस्तो क्रियाकलाप नै नभएपछि फेरि केही हुने सम्भावना नै कहाँ रहन्छ र (पृ. ७६) ?" यहाँ शिष्ट, सूत्रात्मक तर निकै अर्थपूर्ण अभिव्यक्ति छ । विपरीत लिङ्गी यौन सम्पर्क नै नभएको कुरालाई अत्यन्त प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । हीराकृष्णबाट अपेक्षित प्राप्ति पाउनुको सट्टा आरोपित बनेपछि शून्यताबोध गर्दै प्रभात भन्छ, "जीवनमा माया र मोहको मुहान नै रित्तिएपछि श्वास फेर्नुको पनि अब कुनै उद्देश्य छैन (पृ. ८१) । "त्यस्तै छोरा इशुभबाट अनपेक्षित र कल्पना नै नगरेको तथा त्यस्तो कहिल्यै नहोस् भन्ने कामना गरेको व्यवहार भएको देखेपछि "संज्ञा शून्यझैं भएर यन्त्रचालित रूपमा प्रभातबिच सडकमा उभिन पुग्यो (पृ. ८२) ।" यस्तो भाषिक अभिव्यक्ति अत्यन्त वास्तविक, आलङ्कारिक तथा औपन्यासिक मर्म र विचारसँग पूर्ण सम्बन्धित रहेको छ ।

उपन्यासमा प्रयोग भएको भाषिक सुगठन, सुन्दरता तथा आलङ्कारिकताको जति नै प्रशंसा गरे पनि पुग्दैन किनकि अभिव्यक्तिमा भाषिक कला र छटा निर्माण गर्ने कालिगढी सिप भएका उपन्यासकारका रूपमा श्रेष्ठ चिनिएका छन् । तथापि लैङ्गिक र यौनिक सशक्तता एवम् वैचारिक प्रवाहको उद्देश्य नभएकाले लैङ्गिक दृष्टिले सचेत र संवेदनशील भाषाको अपेक्षा नगरी उपन्यासमा विभिन्न सन्दर्भमा समलिङ्गी यौनिकता, विपरीत लिङ्गी यौनिकता, लैङ्गिकताको अवस्था आदिको उद्घाटनमा प्रयोग गरिएका विभिन्न भाषिक प्रयोग, प्रतीकात्मक एवम् आलङ्कारिक प्रस्तुति कलात्मक सादृश्यताजस्ता भाषिक पक्षको मात्र माथि चर्चा गरिएको

छ । यसरी लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *अर्धसत्य*मा अपेक्षित भाषाको प्रयोग नभएको स्वाभाविकै हो । त्यस्तै विभिन्न खालका यौनिक सन्दर्भको उद्घाटनमा शिष्ट र मर्यादित भाषाको प्रयोग गर्दै 'नभन्दै भनिसक्ने' भाषिक कलाको उच्च मूल्याङ्कन गर्न सकिन्छ ।

८.१.६ परिणति र सन्देश

अर्धसत्य उपन्यासमा मानव मनका जटिलतम् अवस्थाको उद्घाटन गरिएको छ । व्यक्तिको अतृप्त चाहना, कुण्ठा तथा असन्तुष्टिको समाधान नभएको विचार प्रस्तुत गर्दै समयौनिक मनोविज्ञानलाई सूक्ष्म ढङ्गले उद्घाटन गरिएको छ । समाजका समलिङ्गी तथा विसमलिङ्गी यौनिक आकाङ्क्षाका विविध परिदृश्यलाई प्रकट गरिएको प्रस्तुत उपन्यास चरित्रप्रधान उपन्यास हो । यौन मनोविज्ञानलाई केन्द्रबिन्दु बनाइएको यस उपन्यासमा अधिकांश पात्रहरूले अनपेक्षित, दु:खपूर्ण एवम् समस्याग्रस्त परिणाम भोगेका छन् । प्रभात *अर्धसत्य* उपन्यासको प्रमुख पात्र हो । प्रारम्भदेखि जटिल र समस्यापूर्ण मनोदशाका कारणले असन्तुष्ट रहेको प्रभातले पार गरेका जीवनका सबै घुम्ती र चरणमा अपेक्षाकृत सुख र सन्तुष्टि हासिल गरेको छैन । जागिर पाए पनि अतृप्त छ, टङ्कीसँग बिहे गरे पनि वा हीराकृष्णसँग रात बिताए पनि उसले तृप्ति पाएको छैन । विपरीत लिङ्गी यौनिकतालाई उपेक्षा गरे पनि अर्को बिहे गरेको छ तर सुखी छैन । धेरै पुरुषको सान्निन्ध्यता प्राप्त गरे पनि मन खाली छ । आफू जेजस्तो भएर पीडित र समस्यायुक्त बन्नुपर्‍यो त्यसको सिकार छोरा नहोस् भन्ने चाहना राख्दा त्यो पनि पूरा हुन सकेको छैन र अन्ततः शून्यता बोधबाहेकको विकल्प देखिएको छैन ।

यसरी उपन्यासकारले प्रभातमार्फत यौनिक जटिलता, असन्तुष्टि वा मृगतृष्णाको सही समाधान छैन भन्ने सन्देश पनि दिएका छन् । प्रभातले भोगेका भोगाइहरू सुखद् परिणतिमा पुगेका छैनन् । राजन र प्रभातबिचको सम्बन्ध पनि अप्राकृतिक यौनिक व्यवहारका कारणले अन्त्य भएको छ । त्यस्तै चन्द्रवीरको व्यवहार तथा उसका भोगाइको पनि सकारात्मक परिणति छैन । पारिवारिक सुमधुरताका लागि यौनिक तथा भावनात्मक सन्तुष्टि आवश्यक हुन्छ भन्ने कुरा टङ्की र प्रभातको विछोडले दर्साउँछ । व्यक्त गर्न नसके पनि आदर्श स्वभाव भएकी सुनयनाका आकाङ्क्षा पनि पूरा भएका छैनन् । अप्राकृतिक र असामाजिक यौनिक मनोविज्ञानको सिकार बनेको हीराकृष्णको जीवन पनि निस्सार र शून्यप्राय बनेको छ । अगीब एवम् थममायाको अनैतिक सम्बन्धका कारणले उनीहरूको पनि दु:खद अन्त्य भएको छ । सोचेजस्तो नभएपछि सानीले पनि प्रभातलाई छोडेर गएकी छ भने सुखद् कल्पना र अपेक्षा गरिएको इशुभको आचरण पनि प्रभातले सोचेअनुकूल भएको छैन । यी उपर्युक्त औपन्यासिक परिणतिहरू

सबै यौनिक असन्तुष्टि, तृष्णा तथा अतृप्त मनोदशाका कारणले निर्मित भएका हुन् । जीवन र व्यक्तिका मनोदशाले असीमित पीडा दिन्छ र त्यसको सार्थक प्राप्ति हुँदैन भन्ने विचारसहित विसङ्गतिमूलक जीवन शून्यतामै समापन हुने कुरालाई उपन्यासकारले प्रकट गरेका छन् । उपन्यास विचारप्रधान नभएकाले सोद्देश्यमूलक सन्देश नभए पनि मानिसका आआफ्नै चाहना, आकाङ्क्षा तथा असन्तुष्टि हुन्छन् र तिनीहरूले स्वाभाविक पूर्णता प्राप्त गर्न सक्दैनन् भन्ने विचार प्रकट भएको छ । खास गरी समयौनिक मनोदशा र त्यसबाट उत्पन्न मनोविज्ञान निकै जटिल र कुण्ठित हुने तथा प्राकृतिक र सामाजिक हिसाबले पनि असामान्य हुने हुनाले त्यस्तो मनोग्रन्थिका कारणले मानिस धेरै पीडा र कष्ट भोग्न विवश बनेका हुन्छन् भन्ने यथार्थको उद्घाटन गरिएको छ ।

लैङ्गिक दृष्टिले हेर्दा यस उपन्यासमा लैङ्गिक एवम् यौनिक सशक्तीकरण, सन्तुलन तथा सबलताका सन्दर्भ नभएकाले अपेक्षाकृत नठरिए तापनि यौनिक समस्याको विशिष्ट उद्घाटन गरिएकाले मनोवैज्ञानिक विश्लेषण र मूल्याङ्कनका लागि उपयोगी र प्रभावकारी मान्न सकिन्छ । यौनिक जटिलता तथा समस्याले मानवीय जीवन नै समस्याग्रस्त बनाउने हुनाले त्यसको मनोवैज्ञानिक समाधान खोज्नुपर्ने सन्देश व्यक्त गरिएको छ ।

८.२ सलिजो उपन्यास

उपन्यासकार मोहनराज शर्मा (१९९७) नेपाली भाषा र साहित्यका सक्षम स्रष्टा हुन् । नेपाली व्याकरण, कथा, नाटक तथा समालोचनाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका शर्मा प्रयोगवादी परम्पराका आख्यानकार हुन् । बहुविध क्षेत्रमा सक्रिय शर्माको एक मात्र उपन्यास *सलिजो* (२०६६) नेपाली साहित्यको उपन्यास विधामा नवीन विचार र प्रयोगको उत्कृष्ट नमुना हो । समलिङ्गी यौनिकता र तेस्रो लिङ्गी समुदायका जीवन व्यवहारलाई उद्घाटन गर्दै तिनीहरूको पक्षपोषण तथा सशक्तीकरणको सोद्देश्यमूलक विचार प्रवाह गर्न यो उपन्यास सफल रहेको छ । यद्यपि उपन्यासकारको सिर्जनात्मक चातुर्य तथा कल्पनाशील प्रवृत्तिका कारणले स्वैरकल्पनाका सन्दर्भहरूले उपन्यास यथार्थपरक पक्षमा मात्र अडिएको छैन । मनोयौनिक सन्दर्भ केन्द्रीय कथ्य रहेको यस उपन्यास विचारप्रधान बनेको छ । सीमान्तकृत समुदाय र यौनिक अल्पसङ्ख्यकलगायतका सबै मानवहरूको स्वतन्त्रतापूर्ण अस्तित्व, हक, अधिकार तथा समानताको विषय विश्वव्यापी रूपमा उठान भइरहेको अवस्थामा मूलतः समलिङ्गी यौनिकता भएका नारीहरूको कथा, सङ्घर्ष, समस्या, चुनौती, आत्मविश्वास र

सन्तुष्टिलाई मूल कथावस्तु बनाएर उपन्यासकारले सान्दर्भिक एवम् प्रभावकारी उपन्यासका रूपमा स्थापित गरेका छन् ।

अपरम्परित तर अपेक्षित कथावस्तुका कारणले यो उपन्यास महत्त्वपूर्ण बनेको छ । प्रचुर कल्पना र प्रयोगशील प्रवृत्तिले उपन्यास नाटकजस्तो पनि बनेको छ । भाषिक मिश्रण, नवीनता तथा पात्रानुकूलको स्वाभाविक भाषाशैली र समलिङ्गी एवम् तेस्रो लिङ्गी यौनिक मनोविज्ञान र व्यवहार भएका व्यक्तिहरूले प्रयोग गर्ने विशेष भाषिक पक्ष पनि स्वाभाविक तवरले प्रस्तुत गरिएकाले पनि थप आकर्षक र प्रभावकारी बनेको छ । समयौनिकताका वास्तविक स्रोत, पीडा तथा अवस्थाको उद्घाटन गर्दै त्यसका उपलब्धि एवम् सीमासमेत उठान गरिएकाले अर्थपूर्ण बनेको *सलिजो* समभाव, सम्मान, सचेतना, सशक्तीकरण र मूल प्रवाहीकरणलाई उपन्यासकारले औपन्यासिक उद्देश्य एवम् परिणति बनाएकाले पनि सार्थक बनेको छ । यसरी ओझेलमा पारिएको यौनिक समुदाय र मनोविज्ञान तथा तिनीहरूका वास्तविकताको उजागर गरिएकाले लैङ्गिक एवम् यौनिक दृष्टिले मूल्याङ्कन गर्दा यो उपन्यास सान्दर्भिक ठहरिन्छ ।

८.२.१ शीर्षक

सलिजो स्त्री समलिङ्गी जोडीको विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा समलिङ्गी मनोविज्ञान र तदनुकूलको व्यवहार गर्नु विपरीत लिङ्गी व्यवहारजस्तै स्वाभाविक र सामान्य हो भन्ने विचार प्रस्तुत गरिएको छ । यद्यपि समलिङ्गी सम्बन्धमा प्राकृतिक वा जैविक सम्बन्ध नभएर भावनात्मक वा आत्मीय सम्बन्ध हो भन्दै विपरीत लिङ्गी व्यवहारमा हुने दमन, शोषण, हिंसा र अत्याचार अझ भनौ पितृसत्तात्मक अत्याचारका कारणले समलिङ्गी यौनिकताको विकासमा सघाउ पुऱ्याएको जनाइएको छ । 'सलिजो' शीर्षक नौलो र प्रयोगवादी छ । परम्परित उपन्यासमा अधिकांश प्रमुख पात्रको नामबाट नामकरण गरिएको पाइन्छ भने कतिपय विषय र परिवेश अनुकूल नामकृत हुन्छन् । प्रस्तुत उपन्यासले उपन्यासको सम्पूर्ण कथावस्तुको केन्द्रीय कथ्य बनेका समलिङ्गी जोडीलाई आधार बनाएर प्रत्येक शब्दको अगिल्ला एक एक अक्षरबाट *सलिजो* अर्थात् स=सम, लि=लिङ्गी र जो=जोडी निर्माण गरिएको छ । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्मका सम्पूर्ण घटना, तिनीहरूको कार्यकारण सम्बन्ध तथा कथावस्तुहरू समलिङ्गी जोडीसँग नै प्रत्यक्ष सम्बन्धित भएकाले प्रस्तुत शीर्षक 'सलिजो'ले उपन्यासको पूर्ण मर्म अभिव्यक्त गर्ने देखिन्छ ।

यस उपन्यासको शीर्षक 'सलिजो' स्वाभाविक उपयुक्त र सार्थक रहेको छ । उपन्यासकारको विशिष्ट पहिचान प्रस्तुतिगत चातुर्य रहेकाले पनि उनले 'सलिजो' नाम कायम

गर्दै उपन्यासको शीर्षकबाट नै विशेष अग्रभूमि प्रदान गरेका छन् । यस शीर्षकबाट उपन्यासभित्रका सम्पूर्ण विषयवस्तु तथा कथावस्तु एवम् सन्दर्भहरूको स्वाभाविक प्रतिबिम्बन हुने भएकाले औपन्यासिक कार्यभूमि वा मूल भावभूमिलाई शीर्षकले प्रतिनिधित्व गरेको छ । साहित्यका अन्य विधामा जस्तै उपन्यास विधामा पनि उपन्यासकारले आफ्नो कलात्मक छविलाई शीर्षकबाट नै प्रारम्भ गरेका छन् । लैङ्गिक तथा यौनिक दृष्टिले मूल्याङ्कन गर्दा पनि उपन्यासकारले सीमान्तीय वा पछाडि पारिएका यौनिक समुदायको कथावस्तुलाई उठान गरी शीर्षकमै प्रतिबिम्बन गराएकाले पनि शीर्षक अर्थपूर्ण र प्रभावकारी रहेको मान्न सकिन्छ ।

८.२.२ **कथावस्तु**

सलिजो स्त्री समलिङ्गी यौनिक कथावस्तुलाई प्रमुख आधार बनाएर समलिङ्गी र तेस्रो लिङ्गीहरूको पक्षपोषण गर्दै तिनीहरूका समस्या तथा सशक्तीकरणसहित मूल प्रवाहीकरणतर्फ अभिमुख उपन्यास हो । यस उपन्यासमा स्त्री समलिङ्गी केन्द्रमा रहे पनि पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी वा परालिङ्गी प्रवृत्तिका व्यक्तिहरूको जीवनशैली, तिनीहरूका समस्या तथा अस्तित्वका सवाललाई उठान गरिएको छ । नेपाली समाजको राजनीतिक, सामाजिक तथा प्रशासनिक विकृति एवम् विसङ्गतिहरूलाई पनि सान्दर्भिक रूपमा प्रस्तुत गरिएको छ । विसमलिङ्गी र पितृसत्तात्मक सामाजिक संरचनाले समलिङ्गी र तेस्रो लिङ्गीलाई गर्ने उपेक्षा, दुर्व्यवहार, नियन्त्रण तथा घृणाका सन्दर्भहरू प्रस्तुत गर्दै उक्त विभेदकारी र अन्यायपूर्ण व्यवहारहरूको तार्किक एवम् वैज्ञानिक समाधानतर्फ पनि उपन्यास केन्द्रित छ ।

समलिङ्गी एवम् तेस्रो लिङ्गीका समस्या मात्र होइन पृष्ठभूमिमा लैङ्गिक विभेद र अत्याचारका सन्दर्भ प्रस्तुत गर्दै पितृसत्तात्मक संरचनाले निर्माण गरेका विभेदयुक्त व्यवहारले समलिङ्गी मनोवृत्तिको विकास गरेको समेत जनाइएको छ । केही स्वैरकाल्पनिक कथावस्तु पनि समावेश गरिएको सलिजोमा समलिङ्गी र तेस्रो लिङ्गीलाई अग्रभूमिमा राखिएको छ । विसमलिङ्गी मनोवृत्तिभन्दा समलिङ्गी मनोवृत्तिमा सहभाव, सहयोग, सम्मान तथा सहृदयता हुने भएकाले समलिङ्गी सम्बन्ध जैविक वा वैज्ञानिक भन्दा भावनात्मक हो भन्ने विचार प्रस्तुत गर्दै समलिङ्गी सम्बन्ध राख्नेले मातृत्व वा पुनर्उत्पादनको आकाङ्क्षा मार्नुपर्ने जीववैज्ञानिक तर्कसहित सो सम्बन्धको सीमासमेत उल्लेख गरिएको छ । चुनौती एवम् समस्याहरूको सबल आत्मविश्वास सहित समाधान गर्न सकिने र आवश्यक पर्दा कडा प्रतिरोध र तथा प्रतिकारसमेत गर्नुपर्ने धारणा राखिएको सलिजो सान्दर्भिक कथावस्तुलाई स्वाभाविक ढङ्गले उठान गरी प्रभावक कथानकका माध्यमबाट सोद्देश्यमूलक कथा सिर्जना गर्दै समलिङ्गी र तेस्रो लिङ्गी वा यौनिक

अल्पसङ्ख्यकको सम्मानपूर्ण, सहज र स्वतन्त्र अस्तित्वको आग्रहसहितको मूल कथ्यमा आधारित रहेको छ । उपन्यासको प्रारम्भिक कथावस्तु दुई युवती ज्वाला र रूपाबिचको वैवाहिक (पृ. ४३) अवस्थामा केन्द्रित छ । दुई पात्रमध्ये ज्वालाले बेहुलाको भूमिका र साजसज्जा प्रदर्शन गरेको स्थिति छ भने रूपाले बेहुलीको भूमिका निर्वाह गरेकी छ । ज्वाला बैङ्कमा काम गर्ने कर्मचारी हो भने रूपा विद्यालयकी शिक्षक (पृ. ४४) हो । दुवै उत्पादक भूमिका निर्वाह गर्ने सक्षम र सचेत युवती हुन् । समयौनिक उत्तेजना र व्यवहार (पृ. ४६) प्रकट गर्दै उनीहरूले परम्परागत वैवाहिक संस्कृतिका सौभाग्य सूचक सिन्दुर, पोते, टीका आदिलाई त्याग्दै (पृ.४७) पितृसत्तात्मक परम्पराप्रति विद्रोह जनाएको कथावस्तु रहेको छ । स्कुटरमा इन्धन सकिएको (पृ. ४८) समस्यापूर्ण स्थितिमा पुरुष समलिङ्गी अर्थात् 'गे'हरूले सहृदयतापूर्वक सहयोग (पृ. ५०) गर्नुले समलिङ्गीहरूमा रहेको आत्मिक र सहयोगी भावना हो ।

समलिङ्गी र तेस्रो लिङ्गीका हक, अधिकार तथा समन्वयका लागि स्थापित संस्था (पृ. ५१) रहेकाले त्यसमा सम्पर्क राखी आइपरेका समस्याको समाधान खोज्न आग्रह गर्नुले पनि यौनिक अल्पसङ्ख्यकको संस्थागत पहिचानलाई सङ्केत गर्दछ । "क्लबले तेस्रो लिङ्गीहरूलाई युनाइट गर्छ, हकका लागि फाइट गर्छ, रिभोल गर्छ, सेलिब गर्छ र अरु थुप्रै काम गर्छ (पृ. ५१) ।" यसबाट संस्थाले गर्ने कार्य र सहयोग प्रस्ट हुन्छ । स्त्री समलिङ्गी यौनिक मनोविज्ञानलाई प्रस्तुत गर्दै उपन्यासकारले रोचक ढङ्गले अभिव्यक्ति (पृ. ५१) दिन्छन् । नेपालमा विकृत बन्दै गइरहेको राजनीतितर्फ लक्षित गर्दै विभिन्न विसङ्गति र समस्याबाट पीडित बनेका मानिसहरूको वास्तविकता उजागर (पृ. ५२-५३) गरिएको मात्र छैन कि निर्दोष व्यक्तिमाथि हुने गरेको प्रशासनिक दमन (पृ. ५३-५४) लाई पनि सान्दर्भिक कथावस्तुका रूपमा उठान गरिएको छ ।

समलिङ्गी जोडीले अनुभव गरेको आत्मिक सुख (पृ. ५५) व्यक्त गर्दै पितृसत्तात्मक समाजमा हिंस्रक बाबुहरूले गरेका आपराधिक कार्य (पृ. ५६, ५७) का कारणले ज्वाला र रूपाले पुरुषलाई घृणित र महिलालाई आत्मीय ठान्दै गएको पूर्वदीप्तिमूलक प्रसङ्ग उठाइएको छ । "बाबुको निर्दयी कैरनबारे आमैबाट सुनेदेखि उनको मन पुरुषतर्फबाट एकदमै विरक्तिँदै जान्छ । त्यहाँदेखि उसले केटाका सट्टा केटीलाई मन पराउन थालेकी हो (पृ. ५७) ।" यसबाट उपन्यासकारले समलिङ्गी हुनु जन्मजात प्रवृत्ति नभएर अन्यायपूर्ण वातावरणको उपज हो भन्ने धारणा व्यक्त गरेका छन् । किनकि एस.एल.सी. पास हुने उमेर अर्थात् किशोरावस्थामा बाबुका कर्तुत (पृ. ५६) सुनेपछि ज्वालामा पुरुषप्रति नकारात्मक धारणा निर्माण भएको अवस्थाले उपर्युक्त कुराको सङ्केत गर्छ । त्यस्तै रूपामा पनि बाबुआमा तथा समाजको लैङ्गिक

विभेदयुक्त व्यवहार (पृ. ५८, ५९, ६०) का कारणबाट पुरुषप्रति नकारात्मक भावना निर्माण भएको (पृ. ६०) देखाइएको छ ।

आत्मीय र भावनात्मक रूपमा सहृदयी समयौनिक सम्बन्धमा पर्याप्त यौन सुख र सन्तुष्टि प्राप्त गर्न सकिने (पृ. ६२, ६२) सामर्थ्य रहे पनि नारीले पुरुषत्व र पुरुषले नारीत्वको अपेक्षापूर्ण सन्तुष्टि (पृ. ६५) प्राप्त गर्न चाहनु स्वाभाविक मनोविज्ञान भएको विचार प्रस्तुत गरिएको छ । त्यस्तै पुरुष र पुरुषत्व तथा नारी र नारीत्वबिचको भिन्नता (पृ. ६५, ६६, ६७) पनि वैज्ञानिक एवम् तार्किक ढङ्गले व्यक्त गर्दै उपन्यासकारले सान्दर्भिक कथावस्तुलाई उठान गरेका छन् । त्यस्तै पुरुषमा पुरुषत्व र नारीमा नारीत्व मात्र नहुने तर पुरुषमा पुरुषत्वका बढी र नारीत्वका कम अनि नारीमा नारीत्वका बढी र पुरुषत्वका कम गुण हुने सामान्य प्राकृतिक अवस्था रहे पनि कतिपय व्यक्तिमा नारीमा पुरुषत्व बढी र पुरुषमा नारीत्व बढी पनि रहने विशेष अवस्था पाइने गरेको पनि जनाइएको छ । रूपाको अन्तर्मनमा पारिवारिक र सामाजिक लैङ्गिक अधीनता, नियन्त्रण एवम् अन्यायका सङ्केतहरू उत्पन्न भएकाले उनी आफ्नो कल्पनामै हराएको (पृ. ६८-६९) सन्दर्भले लैङ्गिक विभेद एवम् हिंसाको कथावस्तुलाई उठान गरेको देखिन्छ । समलैङ्गिक सम्बन्ध वा बिहेलाई कानुनतः वैधानिकता प्रदान गर्दै प्रमाणपत्र (पृ. ७०) लिने सन्दर्भ तथा अदालतले कानुनी मान्यता दिए पनि व्यवहारमा लागू भइनसकेको (पृ. ७९) स्थितिबाट त्यस्तो सम्बन्धले वैधानिकता प्राप्त गर्नुपर्छ र गरोस् भन्ने सकारात्मक एवम् सन्तुलित विचार व्यक्त गरिएको छ ।

ज्वाला र रूपाको प्रथम भेट राजनीतिक आन्दोलनका क्रममा भएको (पृ. ७०-७१) पूर्वदीप्तिमूलक सन्दर्भले राजनीतिक परिवर्तनको कथावस्तु समेत व्यक्त गरेको छ । न पुरुष न स्त्री अर्थात् विरोधाभासी व्यक्तित्व भएको डाइमनको उपस्थिति, सहयोग तथा उत्पादक भूमिका रहेको अवस्था (पृ. ७४) बाट उपन्यासकारले तेस्रो लिङ्गी व्यक्तिलाई बढी सहयोगी तथा आत्मीय (पृ. ८०) व्यक्तिका रूपमा उपस्थित गराउँदै आत्मनिर्भरतातर्फ केन्द्रित गरेकाले यौनिक अल्पसङ्ख्यकको अस्तित्व, सक्षमता तथा सशक्तीकरणसहित अग्रभूमि प्रदान गरेको देखिन्छ । विपरीत लिङ्गीहरूको दबदबा भएकाले तेस्रो लिङ्ग एवम् समलिङ्गीहरूले लैङ्गिक र यौनिक हिंसा, समस्या, उपेक्षा तथा अत्याचार (पृ. ७६-७७) भोग्न बाध्य हुनुपरेको सन्दर्भलाई अत्यन्त सूक्ष्म ढङ्गले कथावस्तु बनाइएको छ । लैङ्गिक एवम् यौनिक हिंसाजन्य व्यवहार गर्ने कार्यालय व्यक्ति (चुर्से) लाई ज्वाला र रूपाले हिर्काउनु (पृ. ७९) प्रतिकार र प्रतिरक्षात्मक अवस्था हो । यसले सक्षमता र सशक्त प्रतिक्रियालाई जनाउँछ । बैङ्क डकैतीको प्रसङ्ग (पृ. ८५, ८६, ८७) ले समकालीन समयमा बढ्दै गइरहेको आपराधिक स्थितिलाई यथार्थ रूपमा व्यक्त गरेको छ ।

समलिङ्गी सम्बन्धलाई स्वीकार र सम्मान गर्दै डा. चकोरले रूपाप्रति देखाएको सहृदयी व्यवहार (पृ. ९०, ९१) का माध्यमबाट समलिङ्गी सम्बन्ध अपराध र अस्वाभाविक नभएर स्वाभाविक एवम् मौलिक हो भन्ने विचारतर्फ सचेतवर्ग अभिमुख हुँदै गएकाले त्यस्तो सम्बन्धले विस्तारै सामाजिक मान्यताको सङ्केत गरिएको छ । "समलिङ्गी हुनु अपराध होइन, बरु एउटा स्वतन्त्र र इच्छित जीवनशैलीको चयन तथा वरण हो (पृ. ९२)।" भन्ने अभिव्यक्तिले समलिङ्गी सम्बन्धलाई स्वाभाविक मान्दछ । विकसित मुलुकहरूमा समलिङ्गी तथा तेस्रो लिङ्गीहरूले अन्य नागरिकसरह सम्मानपूर्ण जीवन बाँचेको (पृ. ९३) भन्दै नेपाली समाजमा रहेको सङ्कीर्ण चिन्तन तथा कमजोर चेतना स्तरलाई उजागर गरिएको छ ।

भाइब्रेटर वा कृत्रिम लिङ्गको प्रयाग गर्न नेपाली समाजका समलिङ्गी स्त्रीहरूमा स्पष्ट आत्मविश्वास नभएको सङ्केत रूपाले चकोरबाट उपहारस्वरूप प्राप्त (पृ. ९४) गरेको भाइब्रेटरसम्बन्धी उत्पन्न अर्न्तद्वन्द्व (पृ. ९५, ९६) र भाइब्रेटरको विसर्जन (पृ. ९७-९८) ले गर्दछ । रूपाले अर्धचेतनमा रविसँग सघन प्रतिक्रिया दिँदै समलिङ्गी सम्बन्ध राख्नुहुन्न भन्ने कुरा कुनै शास्त्रमा उल्लेख नभएको विचार प्रकट गर्नु (पृ. ९९) बाट समलिङ्गी सम्बन्ध नीतिगत रूपमा बर्जित छैन भन्ने विचार हो । त्यस्तै "मलाई पुरुषको बर्बर, हिंस्रक र दमनकारी प्रेममा कुनै रुचि छैन (पृ. ९९) ।" भन्दै रूपाले विपरीत लिङ्गी सम्बन्धको कारणसहित विरोध गरेको स्थिति सशक्त विचार हो । "यौन सुख भनेको वासना र भोग विलासको क्षणिक खेल मात्र होइन । मलाई हाम्रै आपसी सम्पर्कबाट आत्मिक तृष्टि र सन्तुष्टि छ (पृ. १०० ।" भन्दै रूपाले यौनसन्तुष्टिको प्रस्ट अभिव्यक्ति दिएको अवस्था पनि सघन विचार हो । 'गे' अर्थात् पुरुष समलिङ्गी व्यक्तिले बेहोस् अवस्थाकी रूपालाई 'थ्रिजी क्लब'मा लगेर सहृदयतापूर्वक उपचार (पृ. १०१) गरी घरसम्म पुऱ्याइदिन्छ (पृ. १०२) । यसबाट आपसी सहयोग र सद्भावनाको उजागर भएको छ ।

मानवमा बढ्दै गएको स्वार्थी र हिंस्रक प्रवृत्तिलाई उपन्यासकारले स्वैरकाल्पनिक प्रस्तुति (पृ. ११०) मार्फत् व्यक्त गरेका छन् । डाइमनको सहयोगी व्यवहार र पुरुषहरूको हिंसात्मक एवम् आपराधिक व्यवहार (पृ. ११२) तथा मरणाशन्न अवस्थामा पनि ज्वालाको उपचारभन्दा पहिले प्रहरी सम्पर्क गरी अपराधीलाई उम्कन नदिने विचार तथा व्यवहार (पृ. ११३), ११४) बिचमा तुलनात्मक ढङ्गले कथावस्तु प्रस्तुत गर्दै समलिङ्गी र तेस्रो लिङ्गीलाई विशेष इमानदार, आत्मीय तथा उत्तरदायी बनाइएको छ । यौनिक हिंसासहित बलात्कृत भएकी ज्वालाको दयनीय अवस्था (पृ. ११५) ले यौनिक अपराधलाई सङ्केत गरेको छ । पितृसत्तात्मक समाजका पुरुषहरूले यौनिक र सामाजिक अपराध गर्ने गरेको कथावस्तुले नेपाली समाजको वास्तविकता

उजागर गरेको छ । अर्धचेतनमा ज्वाला तेस्रो लिङ्गीको देशमा पुगेर चुनाव जितेर राष्ट्रपति बनेको (पृ. १२१) कथावस्तु सक्षमता र सफलताको आत्मविश्वासपूर्ण चेतना हो ।

सङ्क्रमण एवम् चुनौती खेपेरै पनि ज्वालाले दिएको सूचनाका आधारमा बैङ्क लुट्ने अपराधीहरू पक्राउ परेको र लुटिएको धन बरामद भएकामा उनलाई सम्मान एवम् सहयोग गर्ने निर्णय (पृ. १२३) हुनु सामाजिक प्रतिष्ठा हो । नेपालमा हुने लोडसेडिङको समस्या (पृ. १२७) लाई पनि उपन्यासकारले सान्दर्भिक कथावस्तुका रूपमा उठान गरेका छन् । त्यस्तै धार्मिक कट्टरताभन्दा सहिष्णुता र समन्यात्मक सोचाइ हुनु (पृ. १२७-१२९) उपयुक्त रहेको विचार पनि व्यक्त गरिएको छ । रूपाका आमाबाबुले जबरजस्ती नियन्त्रण र अधीनतापूर्वक उनलाई घर फर्काउने जिद्दी गरेपछि रूपाले, "लोग्ने राज्ने मेरो हक हो (पृ. १३५) ।" भन्दै सचेत विचार व्यक्त गरेकी छन् । समलिङ्गी सम्बन्धमाथि प्रश्न उठाउँदै उनीहरूले वेश्यावृत्ति गर्ने गरेको आरोप (पृ. १३६) लगाउनु समलिङ्गीप्रति विसमलिङ्गी र पितृसत्तात्मक समाजले गर्ने गरेको यौनिक हिंसा हो भन्दै गुण्डा लगाएर कन्त बिजोग बनाउने योजना (पृ. १३७) पनि हिंसा जन्य आपराधिक व्यवहारका रूपमा प्रस्तुत गरिएको छ । यस कथावस्तुले नेपाली समाजमा रहेको समलिङ्गीप्रतिको नकारात्मक दृष्टिकोणलाई व्यक्त गरेको छ ।

रूपाका आमाबाबुको दमनात्मक र हिंसाजन्य व्यवहारका विरुद्धमा डा. चकोरले रूपाप्रति देखाएको सहृदयी व्यवहार (पृ. १३६) ले समलिङ्गी सम्बन्धको पक्षपोषण गरेको छ । समाज, संस्था सञ्चालक तथा आम मानिसहरूमा समलिङ्गी सम्बन्धप्रति सकारात्मक भावना विकास भइनसकेकाले त्यसतर्फ सम्बन्धित व्यक्तिहरू सचेत हुनुपर्ने (पृ.१३८) भन्दै समलिङ्गीहरूमा बढी चुनौती रहेको सङ्केत गरिएको छ । ज्वाला र रूपालाई मोटरबाइकमा रहेका चार जना गुण्डाहरूले जिस्क्याउनु र दुःख दिनु (पृ. १४१-१४३) जस्ता कार्यहरू यौनिक हिंसा हुन् । समलिङ्गी यौनिक सम्बन्ध भएकाले उक्त युवतीलाई हिंसाजन्य व्यवहार गरिएको छ । त्यस्तै रूपा र ज्वालालाई सर्वाङ्ग नाङ्गी युवतीको रेखाचित्र दिनु (पृ. १४४) र उनीहरूको यौनिक सम्बन्धमाथि खिल्ली उडाएर पुरुषको अधीन र सन्निधि तथा सम्बन्ध अनिवार्य (पृ. १५६) रहेको जनाउनु पनि पितृसत्तात्मक विभेदकारी र हिंसात्मक व्यवहारको उपज हो भन्ने कथावस्तुलाई उपन्यासकारले सान्दर्भिक ढङ्गले प्रस्तुत गरेका छन् । समलिङ्गी र तेस्रोलिङ्गीलाई प्रो. शर्माजस्ता पात्रले समभाव र सम्मान दिनुपर्छ (पृ. १५१) भन्ने मान्यता प्रस्तुत गरेको स्थिति लैङ्गिक तथा यौनिक पहिचान एवम् प्रतिष्ठित स्थापनाको विचार हो । समलिङ्गी युवतीलाई प्रोत्साहन दिंदै (पृ. १५८) सशक्त र सचेत बन्न आग्रह गरिएको छ । शिक्षण पेसामा रहेकी रूपाको सार्वजनिक बेइज्जती गर्ने गरी पोस्टर बनाउनु (पृ. १६०) ले समलिङ्गीप्रति समाज नकारात्मक रहेको र

हिंसा तथा अत्याचार खेप्न बाध्य बन्नुपरेको सन्दर्भ उजागर गरिएको छ । त्यस्तै ज्वालाको स्कुटरमा गरिएको तोडफोड (पृ. १६१) ले पनि उपर्युक्त कुरालाई नै सङ्केत गर्दछ । त्यस्तै 'श्री सखीसत्सङ्ग समाज' का नाममा सबै पुरुषहरू महिलाले लगाउने वस्त्रमा सजिएर कृष्णका गोपिनी भएको भ्रममा आनन्दित (पृ. १६३-१६७) हुने स्थितिमा परालैङ्गिक मनोविज्ञानको उद्घाटन हो । "त्यस सम्प्रदायका अनुयायी पुरुषहरू आफूलाई बृन्दावनकी गोपिनी मानी सखीभावले कृष्णसँग रासलीला गर्थे र उनको प्रेममय भक्तिमा लीन रहन्थे (पृ. १६७) ।" यो परम्परागत पक्ष भए पनि मनोवैज्ञानिक रूपमा त्यसको प्रभाव रहेको छ । समलिङ्गी सम्बन्ध जैविक नभएर आत्मिक आवश्यकता हो भन्ने विचार प्रस्तुत गर्दै (पृ. १६९) त्यसको मनोवैज्ञानिक सम्बन्ध र सान्दर्भिकता देखाइएको छ ।

"समलिङ्गी सम्बन्ध जैविक आवश्यकताबाट प्रेरित नभई भावनात्मक आवश्यकताबाट प्रेरित आत्मिक प्रेमका रूपमा हुन्छ (पृ. १६९) ।" त्यस्तै विसमलिङ्गी र पितृसत्तात्मक संस्कार पर्याय रहेको सन्दर्भ उठान गर्दै (पृ. १७०) पितृसत्ताले समलिङ्गी सम्बन्धको नकारात्मक व्याख्या एवम् विरोध गर्नुको कारणसमेत खुलाइएको छ । "विसमलैङ्गिकता भनेको पितृसत्तात्मकता अथवा पुरुषको प्रधानता हो । स्त्री पुरुषको वर्तमान समाजमा पनि पुरुष नै सर्वोच्च र शक्तिशाली हुन्छ र उसले समलिङ्गी सम्बन्धबाट आफ्नो सर्वोच्चतामा खलल पर्ने देख्छ (पृ. १७०) ।" यसरी समलिङ्गी सम्बन्धको समाजले गर्ने विरोध र अस्वीकारको कारण दिंदै उपन्यासकारले समलिङ्गी, तेस्रो लिङ्गी जो भए पनि मानव भएका हुनाले विसमलिङ्गी मानवले पाउने सबै हक, अधिकार तथा सुविधा समलिङ्गी वा तेस्रो लिङ्गी सबैले पाउनुपर्ने (पृ. १७१) सशक्त एवम् सन्तुलित विचार व्यक्त गर्दै समानताको आग्रह गरिएको छ । पुरुषप्रधान समाजले विसमलिङ्गी सम्बन्धलाई मात्र प्राधान्य दिनु भनेको सामाजिक, आर्थिक, शारीरिक तथा यौनिक रूपमा पुरुषले महिलालाई नियन्त्रण गरी शोषण गर्न (पृ. १७२) का लागि भएकाले समलिङ्गीको आत्मिक र सम्मानपूर्ण सम्बन्धलाई जैविक दृष्टिले मात्र विश्लेषण गरी विरोध गर्दछन् (पृ. १७३) भन्ने सशक्त र सघन पक्ष उठान गरिएको छ । रूपाका आमाबाबुले विभिन्न हिंसात्मक व्यवहार गराई (पृ. १८०) आफ्नो नियन्त्रणमा राख्न खोज्नु पनि यौनिक विभेद हो ।

समाजमा रहेका विभिन्न हत्या, हिंसा र विकृति (पृ. १७४) एवम् संस्थागत तथा प्रशासनिक भ्रष्टाचारका सन्दर्भ (पृ. १८४, १८५) सहितका कथावस्तु पनि *सलिजो*मा प्रभावकारी ढङ्गले व्यक्त भएका छन् । ज्वालालाई अपहरणपछि गरिएको बलात्कार (पृ. १९८-२००) ले लैङ्गिक तथा यौनिक हिंसा र अपराधको चरम अवस्थालाई इङ्गित गरेको छ । समलिङ्गी सम्बन्धको सीमा पेस गर्दै उपन्यासकारले प्राकृतिक सत्यको पनि उद्घाटन गरेका छन् । "नारी

समलिङ्गी जीवनको एउटा सत्य आत्मिक प्रेम पाउनु हो भने अर्को सत्य आफ्नो कोख मार्नु पनि हो (पृ. २०४) ।" वर्तमान समयमा नेपाली परिवेशमा राजनीतिक र प्रशासनिक हस्तक्षेपका कारणले गिर्दो मानवीय मूल्य तथा अन्याय र विकृति अस्पतालमा पनि रहेको सन्दर्भ (पृ. २०८-२०९) बडो मार्मिक ढङ्गले उठान गर्दै सान्दर्भिक तुल्याइएको छ । राजनीतिक भूमिकामा समलिङ्गी र तेस्रो लिङ्गीको सहभागिता हुनुपर्ने (पृ. २१०) विचारसमेत प्रकट भएको छ । 'थ्रिजी क्लब'को स्थापना, सहयोग तथा सशक्त आवाज (पृ. २१७) र विद्यालयमा पुरुष शिक्षकबाट छात्राहरूलाई खतरा भइरहेको सन्दर्भ (पृ. २१९), देश र समाजको नियम र कानुन विसमलिङ्गीले आफ्नै वर्गको हितमा बनाएको सत्य (पृ. २१९) उद्घाटन गर्दै समलिङ्गी सम्बन्ध चिरस्थायी आत्मिक सम्बन्ध भएको जिकिर (पृ. २२०) गरिएको छ । त्यस्तै समलिङ्गीहरू दुश्चरित्र र दुष्ट हुन्छन् भन्ने भ्रम र अन्धविश्वास निर्माण गर्नमा विसमलिङ्गीहरूको स्वार्थ लुकेको वास्तविकता उद्घाटन गरिएको छ । जागिरबाट बर्खास्त भए पनि अल्पसङ्ख्यक यौनिकताका पक्षमा पत्रिका प्रकाशन गरी चेतना र सशक्तीकरण निर्माण गर्दै आत्मनिर्भर बन्न सक्ने आत्मविश्वास (पृ. २२४) लाई सफल कथावस्तु मान्न सकिन्छ । डाइमनको सहयोग तथा समर्पणले तेस्रो लिङ्गी व्यक्तिहरूमा रहेको मानवीय संवेदनशीलता तथा सहृदयतालाई उजागर गरेको छ ।

ज्वाला बलात्कृत भएपछि उसको पेटमा सात ओटा भ्रुण रहेको (पृ. २३१) भन्ने सन्दर्भ प्रतीकात्मक देखिन्छ । रूपालाई स्कुलमा निरन्तरता दिन नसक्दा आफूले पनि राजिनामा दिने डा. चकोरको व्यवहार (पृ. २३२) ले समलिङ्गीप्रति सद्भाव, प्रेरणा एवम् ऐक्यबद्धता जनाउँदै अनुदार समाजप्रति प्रतिरोध जनाएको प्रस्ट्याउँछ । डाइमनका दाजुको अपहरण (पृ. २३८) ले नेपाली राजनीतिमा विकसित अपराध र तेस्रो लिङ्गीप्रति गरिएको हिंसात्मक व्यवहारलाई उद्घाटन गरेको छ । डाइमनले आत्मविश्वासपूर्वक आन्दोलन गरी दाजुलाई मुक्त गर्ने (पृ. २३८), चुनाव जित्ने (पृ. २३८) जस्ता सक्षम विचार प्रस्तुत गरेको छ भने रूपा र ज्वालाले मुक्ति र जीतको कामना (पृ. २३९) गरेका छन् । यी कथावस्तुले सक्षमता र सफलतातर्फ सङ्केत गरेका छन् । त्यस्तै रविले रूपालाई जबर्जस्ती लैजान खोज्नु (पृ. २४४) लैङ्गिक शोषण, नियन्त्रण र अत्याचारको नमुना हो । प्रतिरक्षात्मक भावना तथा आत्मविश्वाससहित रूपालाई समाइरहेको रविको हातमा ज्वालाले खुकुरी प्रहार गरेपछि (पृ. २४६) उपन्यासको कथावस्तु टुङ्गिन्छ ।

यसरी उपन्यासकारले *सलिजो*मा यौनिक अल्पसङ्ख्यक तथा परालैङ्गिक प्रवृत्तिलाई उठान गर्दै समलिङ्गी, तेस्रो लिङ्गी सम्बन्धलाई प्रमुख कथावस्तु बनाएर सशक्तीकरणको आग्रह सहित

मानवीय मूल्यका सापेक्षतामा जुनसुकै लैङ्गिक र यौनिक वर्गको समान अस्तित्व स्वतन्त्रता तथा अधिकार हुनुपर्ने विचार व्यक्त गरेका छन् । उपन्यासमा स्वैरकाल्पनिक वर्णन पनि छन् जसले गर्दा संरचना ठूलो बनेको छ । प्रस्तुतिको नवीनता, भाषिक सन्दर्भ तथा नाटकीय मिश्रणले उपन्यास रोचक बनेको छ ।

ओझेलमा परेका समलिङ्गी र तेस्रो लिङ्गीका वास्तविक अवस्था, समस्या, चुनौतीजस्ता मुद्दालाई प्राथमिकता दिई सान्दर्भिक कथावस्तुको थप मिश्रणले उपन्यास विचारप्रधान रहेरै पनि कलात्मक र प्रभावकारी बनेको कुरालाई नकार्न मिल्दैन । लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *सलिजो* उपन्यासमा समावेश गरिएका कथावस्तुहरू उपयुक्त, अपेक्षिक र समयानुकूल रहेका छन् भने यौनिक सशक्तीकरणका मुद्दालाई स्थापना गर्नका लागि सघाउ पुऱ्याउने देखिएकाले यो उपन्यासले उच्च महत्ता प्राप्त गरेको छ भन्न सकिन्छ ।

८.२.३ चरित्र र जैविकता

सलिजो समलिङ्गी यौनिकतासँग सम्बन्धित मनोवैज्ञानिक र सामाजिक पक्षलाई केन्द्रबिन्दु बनाएर प्रस्तुत गरिएको उपन्यास हो । उपन्यासमा रहेका केन्द्रीय पात्रहरू समलिङ्गी सम्बन्ध भएका छन् । केही अन्य पात्रहरू पनि समलिङ्गी, तेस्रो लिङ्गी प्रकृतिका छन् भने केही महत्त्वपूर्ण विसमलिङ्गी पात्रहरू पनि समलिङ्गी व्यवहारप्रति सकारात्मक र समभाव राख्ने मानवीय मूल्यको खोजी गर्ने खालका छन् तर उपन्यासका अधिकांश विसमलिङ्गी प्रवृत्तिका पात्रहरू पितृसत्तात्मक सङ्कीर्ण मानसिकताले ग्रसित रहेकाले उपन्यासमा नकारात्मक भूमिकामा रहेका छन् । उपन्यासका सकारात्मक पात्रहरू व्यक्ति पात्रका रूपमा रहेका छन् भने नकारात्मक पात्रले वर्तमान समाजका आम मानिसका मनोवृत्तिको प्रतिनिधित्व गरेका छन् । उपन्यासमा रहेका समलिङ्गी एवम् तेस्रो लिङ्गी पात्र तथा उक्त पात्रप्रति समभाव राख्ने विपरीत लिङ्गी पात्रको भूमिका उत्पादक र सामुदायिक खालको रहेको छ ।

त्यसैले भूमिकाका हिसाबले पनि उपन्यासकारले समलिङ्गी र तेस्रो लिङ्गी पात्रलाई उत्पादक र सामुदायिक भूमिकासहित अग्रभूमि प्रदान गरेका छन् । जैविक रूपमा नारीको संरचना भएका ज्वाला र रूपाको प्रमुख भूमिका रहेको *सलिजो*मा डाइमन, डा. चकोर, प्रो.शर्माको सहायक र महत्त्वपूर्ण तथा सकारात्मक भूमिका देखिन्छ भने रेसमबहादुर र रवि नकारात्मक भूमिकामा छन् । त्यस्तै स्मृति गे-१, गे-२ पात्रको पनि उल्लेख्य सकारात्मक उपस्थिति छ । यीबाहेक उपन्यासमा सन्दर्भअनुसार उपयुक्त र स्वाभाविक पात्रहरूको उपस्थिति रहेको छ । जम्मा पचास

जनाजति पात्रको परोक्ष र प्रत्यक्ष भूमिका भएका मुख्य एवम् महत्त्वपूर्ण पात्रको मात्र यहाँ विश्लेषण गरिएको छ ।

उपन्यासमा केन्द्रीय र महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने एक पात्र रूपा हुन् । ऊ स्त्री जैविकता र समलिङ्गी सम्बन्धमा पनि बेहुलीको भूमिका निर्वाह गर्ने युवती हो । विद्यालयमा भाषा साहित्य अध्ययन गर्ने रूपा केटीको रूप, लबाइ तथा पहिरनमा थाइकट कपाल भएकी पात्र हो जसलाई समलिङ्गी जोडी ज्वालाले गोप्य रूपमा 'लेज्बी' नामकरण गरेकी छ । पितृसत्तात्मक सामाजिक मूल्य र संस्कारप्रति डर तथा संवेदना भएकी (पृ. ४७) रूपा तराइबासी भोजपुरी परिवारकी छोरी (पृ. ५७) हो । समाजमा हुने लैङ्गिक र यौनिक हिंसा तथा अत्याचारका कारणले पुरुषप्रति अत्यन्त नकारात्मक बनेकी रूपामा बाल्यावस्थाबाट नै पुरुष होइन स्त्रीसँग नै बिहे गर्ने (पृ. ६०) तर स्त्रीमा पुरुषत्व होस् (पृ. ६५) भन्ने मनोवृत्ति निर्माण भइरहेको देखिन्छ । समलिङ्गी हुनु अपराध नभएर स्वतन्त्र र इच्छित जीवनको चयन (पृ. ९२) भएको विचार राख्ने रूपा मञ्चीय, बद्ध तथा स्थिर पात्र हो । व्यक्ति पात्रका रूपमा रहेकी रूपा कृत्रिम लिङ्गलाई स्वीकार गर्न नसक्ने (पृ. ९६) अन्तर्मुखीपन भए पनि बहिर्मुखी व्यक्तित्व देखाउने व्यक्ति पात्र हो । सत् पात्र रूपा अर्धचेतनमा समेत समलिङ्गी सम्बन्ध राख्न नहुने कुरा कुनै शास्त्रमा समेत नलेखिएको (पृ. ९९) विचार राख्ने पात्र हो । पुरुषको बर्बर, हिंस्रक र दमनकारी प्रेममा रूचि नभएको (पृ. ९९) जनाउने रूपा यौनसुखलाई आत्मिक तृष्टि र सन्तृष्टि ठान्दै समलिङ्गी सम्बन्धबाट उक्त सुख प्राप्त गर्न सकिने (पृ. १००) विचार व्यक्त गर्ने नारीत्वको गुण भएको सशक्त चरित्र हो ।

आमाबाबु र पितृसत्तात्मक समाजको निर्दयता र अत्याचार (पृ. १३५) का विरुद्ध हक, अधिकारको सशक्त विचार राख्ने (पृ. १३५) रूपा लैङ्गिक हिंसा एवम् अन्याय (पृ. १३९) बाट बँच्न सफल पात्र हो । बाबुआमा र रविको अत्याचार विरुद्ध मुद्दा हाल्ने (पृ. १८१) विचार व्यक्त गर्ने रूपा विद्यालयमा पढ्ने छोरीबेटीलाई आफूजस्ता समलिङ्गी युवतीभन्दा पुरुष शिक्षकबाट नै खतरा भएको (पृ. २१९) जनाउँदै देश र समाजका बहुसङ्ख्यक विसमलिङ्गीवर्गले आफ्नै हितमा नियम कानुन बनाएको (पृ. २१९) विचार प्रकट गर्ने पात्र हो । पितृसत्तात्मक चस्माबाट हेर्दा मात्र समलिङ्गी सम्बन्ध अनुचित एवम् अनियमित देखिएकाले समलिङ्गीहरूको आन्तरिक र आत्मिक सम्बन्धलाई अनुचित ठान्नु विसमलिङ्गीहरूको पक्षपाती दृष्टिकोण भएको (पृ. २२०) विचार राख्ने चरित्र हो । पत्रकारिताको सोख भएकी (पृ. २२३) समलिङ्गी पनि अन्यसरह मानव भएकाले उनीहरूको आवश्यकता, हक तथा अधिकार स्थापित हुनुपर्ने र समलिङ्गी आरोपमा अधिकारबाट बञ्चित गर्नु अन्याय र अन्धविश्वास हो भन्ने मानवीय, तार्किक एवम् सशक्त

विचार राख्ने रूपा आफू ज्वालासँग निकै सुखी र सन्तुष्ट रहेको तथा रविसँग कुनै हालतमा नजाने (पृ. २४४) दृढता भएकी उपन्यासकी प्रमुख पात्र हो ।

यस उपन्यासमा रूपासँग समलिङ्गी सम्बन्ध राखी बेहुलोको भूमिका निर्वाह गर्ने ज्वाला पनि केन्द्रीय र महत्त्वपूर्ण पात्र हो । स्वदेशी बैङ्कमा छैठौं तहमा काम गर्ने ज्वाला जैविक रूपमा केटी भए पनि केटाको रूप र पहिरनमा रहने केटाको जस्तै छोटो कपाल भएकी पात्र हो जसलाई समलिङ्गी जोडी रूपाले गोप्य रूपमा 'लेज्बा' नामकरण गरेकी छ । परम्परित बिहेका सौभाग्यसूचक चुरा, पोते, सिन्दुर आदि सबै त्याग्नुपर्ने (पृ. ४७) नवीन एवम् परिवर्तित विचार तथा व्यवहार भएकी ज्वाला आफ्नै बाबुद्वारा बेच्न लगिएकी (पृ. ५६) टुहुरी छोरी हो । किशोरावस्थासम्म अनाथालयमा रहेर एस.एल्.सी. पास गरेपछि (पृ. ५६) बाबुको कर्तुत र आफ्नो वास्तविकता सुनेपछि ज्वाला पुरुषबाट विरक्तिएर (पृ. ५७) केटाका सट्टा केटीलाई मन पराउन थालेकी (पृ. ५७) पात्र हो ।

स्त्री भए पनि पुरुषत्वका गुणतर्फ अभिमुख ज्वाला आत्मविश्वास र सशक्त प्रतिरोधात्मक क्षमता भएकी बद्ध, मञ्चीय तथा व्यक्ति पात्र हो । स्थिर, बहिर्मुखी तथा सत् चरित्र भएकी ज्वाला आफ्नो संस्थाप्रतिको उत्तरदायित्व निर्वाह गर्ने मनोवृत्तिका कारण मरणाशन्न अवस्थामा पनि बैङ्क लुटेराहरूलाई उम्कन नदिन प्रहरीलाई पूर्ण सूचना दिएर मात्र अस्पताल लैजान आग्रह गर्ने (पृ. ११३) जिम्मेवार र कर्तव्यनिष्ट तथा इमानदार पात्र हो । हिंस्रक पशुहरूको यौनिक हिंसाको सिकार बनेकी (पृ. ११५, १९८-२००) ज्वाला साहसिक पात्र हो । अर्धचेतनमा तेस्रो लिङ्गीको देश पुगेर चुनाव लडी राष्ट्रपतिसमेत बनेको सपना (पृ.१२१) देख्ने ज्वाला जीवनलाई स्वतन्त्रतापूर्वक बिताउनुपर्छ र समस्याहरूसँग सङ्घर्ष गर्दै सक्षम बन्नुपर्छ भन्ने दृढता भएकी सशक्त पात्र हुन् । धार्मिक सहिष्णुता, साझापन र ईश्वरको समन्वयात्मक व्याख्या गर्दै ईश्वर एउटै हुन् र तिनलाई सम्झने तथा विश्वास गर्ने तरिका मात्र भिन्न हो भन्ने सन्तुलित विचार (पृ. १२७-१२९) भएकी ज्वाला रूपाका दृष्टिमा कामदेवजस्तै सुन्दर (पृ. १४७) पात्र हो । समलिङ्गी सम्बन्धको उपलब्धि र सीमा दुवैको राम्रो विश्लेषण गर्ने ज्वालाले नारी समलिङ्गी सम्बन्ध जसरी आत्मिक प्रेमको मिलन हो भने त्यसरी नै आफ्नो मातृत्व गुमाउनु पनि हो (पृ. २०४) भन्ने वैज्ञानिक दृष्टिकोण प्रस्तुत गर्ने पात्र हो ।

फोटोग्राफीको सोख भएकी (पृ. २२३) ज्वाला जागिरबाट बर्खास्त भएपछि पत्रकारिताको व्यवसायतिर लाग्ने योजनासहित बैङ्कबाट ऋणको व्यवस्था मिलाउन सक्षम (पृ. २२३) पात्र हो जसले समलिङ्गी र तेस्रो लिङ्गी हक, अधिकार तथा समानताका लागि सक्रियतापूर्वक लाग्ने

अठोट गर्छे । अपराधीबाट बलात्कृत बनेपछि गर्भाधारण गर्न पुगेकी (पृ. १९४) ज्वालाले उक्त गर्भ पतन गराउने निर्णय (पृ. २०४) सगर्व व्यक्त गर्छे र गर्भपतन गराउन (पृ. २३१) सफल बन्छे । शारीरिक रूपमा कमजोर भएर आराम गरिरहेकी ज्वाला रविले रूपालाई जबर्जस्ती लैजान खोज्दै हातमा समाएको अवस्थामा रिसको आवेगमा प्रतिरक्षात्मक आत्मविश्वाससहित खुकुरीले रविको हातमा हान्न (पृ. २४६) सफल हुन्छे ।

यसरी *सलिजो*मा केन्द्रीय पात्रका रूपमा रहेकी ज्वाला सक्षम, सशक्त तथा दृढ आत्मविश्वास भएकी पात्र हो । उपन्यासमा रहेकी अर्की महत्त्वपूर्ण सहायक चरित्र डाइमनदी हो । अर्धपुरुष र अर्धस्त्रीको स्वभाव भएकी ऊ तेस्रो लिङ्गी हो । उत्पादक पेसा ट्याक्सी चलाउने कार्य (पृ. ७४) गर्ने डाइमन सहृदयी सहयोगी पात्र हो । आफूलाई हिजडा (पृ. ७४) भन्ने डाइमन मञ्चीय, स्थिर, बद्ध, व्यक्ति पात्र हो । सामुदायिक भूमिका निर्वाह गर्ने ऊ ज्वाला र रूपाकी प्रमुख सहयोगी पात्र हो । सबैलाई सहयोग गर्ने सत् चरित्र भएकी डाइमन संविधान सभाको चुनावमा समेत उठ्ने र तेस्रो लिङ्गी समुदायको अस्तित्व स्थापना (पृ. २११) गर्न चाहने पात्र हो । बहिर्मुखी स्वभावकी डाइमन यौनिक सशक्तीकरणका लागि उदाहरणीय भूमिका निर्वाह गर्ने महत्त्वपूर्ण पात्र हो ।

डा. चकोर उपन्यासको सकारात्मक पुरुष पात्र हो । स्कुलको प्राचार्य चकोर समलिङ्गी सम्बन्धप्रति सद्विचार एवम् भावना राख्ने सहायक पात्र हो । बद्ध, स्थिर, मञ्चीय तथा बहिर्मुखी स्वभावको चकोरको भूमिका *सलिजो*मा महत्त्वपूर्ण रहेको छ । आम विसमलिङ्गी पुरुषभन्दा भिन्न र पितृसत्तात्मक संस्कारका विरोधी डा. चकोर व्यक्ति पात्र हो । समलिङ्गीहरू पनि मानव नै भएकाले अन्य मानवसरह हक, अधिकार पाउनुपर्ने समभाव राख्ने मानवीय संवेदनशीलता भएको, समलिङ्गीलाई सम्मानपूर्ण व्यवहार गर्ने सत्चरित्र डा. चकोरको उपस्थिति *सलिजो*मा अर्थपूर्ण रहेको छ । *सलिजो*मा उपन्यासकारको मुखपात्र बनेको प्रो. शर्मा सहायक भूमिकामा रहेको छ । समलिङ्गी सम्बन्धलाई सहज एवम् स्वाभाविक मान्ने शर्मा पितृसत्तात्मक विसमलिङ्गी व्यक्तिहरूले स्त्रीमाथि गर्दै आएको शोषण र अत्याचार वा लैङ्गिक विभेदको मानसिकता बोकेर त्यस्तो विभेदलाई आफ्नो सामर्थ्य ठान्ने गरेकाले समलिङ्गी सम्बन्धबाट उक्त लैङ्गिक अत्याचार गर्न नपाइने भएकाले समलिङ्गी र तेस्रो लिङ्गीलाई घृणा एवम् उपेक्षा गर्ने गरेको (पृ. १७०) समाजमनोवैज्ञानिक विश्लेषण गर्ने परिपक्व, मानवतावादी एवम् समानता कायम गर्न चाहने सुधारवादी चरित्र हो । पुरुष भए पनि आत्मिक सुखका लागि महिलाका परिधान लगाएर 'श्री सखीसत्सङ्ग समाज'मा सहभागी (पृ. १६३) हुने सकारात्मक मनोवृत्ति भएको पात्र हो ।

समलिङ्गी ज्वाला र रूपालाई हौसला एवम् प्रोत्साहन दिने लैङ्गिक र यौनिक स्वतन्त्रताको पक्षधर शर्माले समलिङ्गी एवम् तेस्रो लिङ्गी पनि उही मानवका सन्तान (पृ. १५१) हुन् भन्ने समभाव व्यक्त गर्छ । सत्चरित्र भएको शर्मा बद्ध, मञ्चीय, स्थिर तथा बहिर्मुखी पात्र हो । विचार, दृष्टिकोण एवम् व्यवहारका हिसाबले ऊ व्यक्ति पात्रका रूपमा उपस्थित छ । समलिङ्गी सम्बन्ध जैविक आवश्यकता नभई भावनात्मक आवश्यकता भएको (पृ. १६९) विचार राख्ने शर्मामा तेस्रो लिङ्गी एवम् समलिङ्गीहरूले पनि एउटा मानवले पाउनेजति सबै अधिकार र सुविधा पाउनैपर्ने (पृ. १७१) न्यायपूर्ण अभिमत रहेको छ । समलिङ्गीहरू खराब र दुष्टात्मा हुन् भन्ने मान्यता अन्धविश्वास (पृ. १७१) हो भन्दै समलिङ्गीहरूलाई विसमलिङ्गी समाजले हक, अधिकार सहजै नदिने भएकाले निरन्तर कडा सङ्घर्ष गर्नुपर्ने (पृ. १७३) सशक्त विचारसहित रूपा र ज्वालालाई ऊर्जा प्रदान गरेको छ । शर्मा *सलिजो*मा प्रस्तुत गरिएको नवीन र अपेक्षित दृष्टिकोणका दार्शनिक सूत्राधार, व्याख्याता एवम् परिपालक हो । त्यसैले उसलाई उपन्यासको महत्त्वपूर्ण पात्रका रूपमा लिन सकिन्छ ।

त्यसै गरी *सलिजो*मा खल पात्रका रूपमा रहेका विभिन्न चरित्रमध्ये रेसमबहादुर र रविको महत्त्वपूर्ण उपस्थिति रहेको छ । रेसमबहादुर असत् पुरुष पात्र हो । ऊ मोटरसाइकल मर्मत गर्ने कारखानाको हेडमिस्त्री (पृ. ७३) हो । प्रारम्भमा सत् पात्रका रूपमा देखिए पनि बैङ्क लुट्ने कार्यमा संलग्न (पृ. ८५) तथा ज्वालालाई अपहरण गर्ने (पृ. ८८) तथा उसलाई बलात्कार गर्ने (पृ. १९८) आपराधिक तथा हिंस्रक प्रवृत्ति भएको मञ्चीय पात्र हो । बद्ध, बहिर्मुखी तथा सहायक पात्र रेसम देखावटी एउटा पेसा गर्ने र गोप्य ढङ्गले चोरी, डकैती तथा अपराध गर्ने व्यक्तिहरूको प्रतिनिधि पात्र भएकाले वर्गीय चरित्रका रूपमा लिन सकिन्छ । प्रारम्भमा सकारात्मक र पछि नकारात्मक भूमिकामा रहेकाले ऊ गतिशील चरित्र हो । *सलिजो* उपन्यासमा द्वन्द्वात्मक परिस्थितिको सिर्जना गरी समस्याग्रस्त तुल्याउँदै प्रभावकारी बनाएकाले उसलाई महत्त्वपूर्ण पात्रका रूपमा लिन सकिन्छ ।

त्यस्तै रवि उपन्यासमा असत् भूमिकामा रहेको पुरुष पात्र हो । रूपाका बाबुआमाले आफ्नो जग्गा लिलाम हुनबाट बचाउन बिहे गरिदिन (पृ. १३९) चाहेको र निर्णय (पृ. २४४) गरिसकेको रामानन्दको छोरा रवि गुन्डा, बदमास र बरालिएको व्यक्ति हो । 'वीर' नामबाट रूपा र ज्वालालाई विभिन्न सन्दर्भमा हिंसाजन्य व्यवहार गर्ने र गराउने रवि मञ्चीय, बद्ध, स्थिर तथा वर्गीय पात्र हो । लैङ्गिक हिंसा र यौनिक दुर्व्यवहार गर्दै (पृ. २४४) आफूसँग रूपालाई लगेरै छोड्ने धम्की (पृ. २४५) दिने उपन्यासमा बहिर्मुखी, असत् चरित्र भएको पात्र हो । जसको उपस्थितिले द्वन्द्व निर्माण भएको छ भने ज्वाला र रूपाको जीवनमा समस्या थपिएको छ ।

त्यसैले असत् चरित्रको सहायक भूमिकामा रहेको रविको उपस्थिति *सलिजो*मा महत्त्वपूर्ण बनेको छ । त्यस्तै स्वतन्त्र पहिचान, सामुदायिक भूमिका तथा सहयोगी चरित्र भएका गे-१, गे-२ पात्रको उपस्थिति पनि अर्थपूर्ण रहेको छ । उनीहरूले यौनिक अल्पसङ्ख्यकको सशक्त भूमिका एवम् सहृदयी प्रवृत्तिलाई उजागर गर्दै समलिङ्गी एवम् तेस्रो लिङ्गी समुदायलाई सङ्गठित हुन आग्रह गर्दै सार्थक भूमिका निर्वाह गरेका छन् । स्मृतिको भूमिकाले पनि समलिङ्गी र तेस्रो लिङ्गी हक, अधिकार तथा भविष्यको स्थापनामा महत्त्वपूर्ण स्थान ओगटेको छ । उपन्यासमा रहेका आमै, म्यानेजर, डोल्मा, लक्ष्मण, मन्सुर, रीता, जोगीलाल, भवानी, शशिधर, नर्स, डाक्टर आदि विभिन्न गौण भूमिकामा रहेका पात्रहरूको पनि उपन्यासकारले सान्दर्भिक उपस्थिति गराएका छन् ।

यसरी केन्द्रीय भूमिका निर्वाह गर्ने सबैजसो पात्रहरू समलिङ्गी तेस्रो लिङ्गी वा उक्त पात्रहरूप्रति समभाव एवम् सम्मान व्यक्त गर्ने सशक्त भूमिकामा रहेका छन् । पात्रहरूको भूमिका र सन्दर्भले औपन्यासिक उद्देश्यप्राप्ति सफल बनाएको छ । समलिङ्गी वा तेस्रो लिङ्गी पात्रहरूको सशक्तीकरण गर्दै उक्त पात्रहरू सफलतातर्फ अभिमुख रहेका र असत् एवम् अत्याचार गर्ने विसमलिङ्गी पात्रहरूको पराजयको सङ्केत गर्दै समलिङ्गी पात्रको विजयोन्मुख सङ्केतले उपन्यासलाई सार्थक बनाएको देखिन्छ । लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *सलिजो*का पात्रहरूको उपस्थिति र भूमिका सार्थक एवम् प्रभावकारी रहेको छ ।

८.२.४ यौनिकता र यौनिक समस्या

सलिजो समलिङ्गी यौनिकता सन्दर्भहरू उठान गर्दै समलिङ्गी तथा तेस्रो लिङ्गी समुदायलाई सशक्तीकरण गर्ने हेतुले तयार पारिएको उपन्यास हो । यस उपन्यासमा समलिङ्गी यौनिकताका पक्षहरू सघन ढङ्गले उठाइएको छ भने समलिङ्गी सम्बन्ध कायम गर्न र प्रतिष्ठा स्थापित गर्न विसमलिङ्गी समाजका कारणले भोग्नुपर्ने समस्यालाई पनि सान्दर्भिक ढङ्गले उजागर गरिएको छ । यहाँ लैङ्गिक समस्या पनि यौनिक समस्याका पर्याय बनेर देखापरेका छन् । उपन्यासकारले समलिङ्गी अस्तित्व र स्थापना त्यति सजिलो नभएकाले आइपर्ने चुनौती एवम् समस्यालाई निरन्तर सङ्घर्ष गर्दै आत्मविश्वासपूर्वक समाधान गर्नुपर्ने आवश्यकता समेत औंल्याएका छन् । *सलिजो*मा प्रस्तुत भएका यौनिकताका विभिन्न सन्दर्भ तथा समलिङ्गी यौनिक सम्बन्धमा देखापरेका समस्याहरूको चर्चा यस उपशीर्षकमा गरिएको छ । ज्वाला र रूपाबिचको यौनिक व्यवहार, मानसिकता, तथा सम्बन्धहरू यौनिकताका प्रमुख उदाहरण हुन् भने उनीहरूको सम्बन्धका कारणले उत्पन्न व्यक्तिगत, सामाजिक तथा संस्थागत चुनौती एवम् कठिनाइहरू

यौनिक समस्या हुन् । यद्यपि यौनिक समस्या लैङ्गिक समस्याका रूपमा पनि रहेका छन् । त्यस्तै विपरीत लिङ्गी यौनिक सन्दर्भहरू पनि उपन्यासमा उठान भएका छन् ।

*सलिजो*को प्रारम्भ रूपा र ज्वालाले गरेको समलिङ्गी विवाहबाट नै सुरु भएको (पृ. ४३) छ । जैविक रूपले दुवै स्त्री भए पनि भूमिकामा बेहुलाबेहुली बनेका (पृ. ४३) छन् । दुई स्त्रीको जोडी बन्ने सम्बन्ध आफैमा समयौनिक सम्बन्ध हो । बाटोमा देखिएका ढेडुका डरले ढेप्किएकी रूपालाई ज्वालाले छातीमा बेसरी कस्दा उत्तेजनामा आई कामुक भएर ज्वालाले आफ्नो ओठ रूपाको ओठमा जोत्नु (पृ. ४६) ले समयौनिक उत्तेजना एवम् व्यवहारलाई सङ्केत गर्दछ । स्कुटरमा टाँसिएर बस्दा एकअर्कामा बैंसालु राप उत्पन्न हुनु, रूपाले आफ्नो ओठले विस्तारै ज्वालाको कान टोक्नु (पृ. ४८), ज्वाला स्कुटरमा बस्दा बुई चढेजत्तिकै गरी छाती जोडेर बसेकी हुनाले रूपालाई आफ्ना आङ्भरि सिरिङसिरिङका मसिना कमिला दौडेको अनुभव हुनु (पृ. ५१) समलिङ्गी यौनिकताका स्पष्ट सङ्केत हुन् । ज्वालाका बाबुले ज्वाला जन्मेको भोलिपल्ट नै बेच्न (पृ. ५६) हिँड्नु लैङ्गिक हिंसा एवम् मानवीय अपराध हो । त्यस्तै रूपाका स्मृतिमा आएको बाबाआमाले वर्णन गरेको तराईको सन्दर्भमा छोरीको जन्म धिक्कार रहेको जनाउनु, दाइजो कम ल्याएको भन्दै तातेको बालुवा दुलहीका टाउका खन्याउनु (पृ. ५८), रूपैयाँ थोरै भएकाले बिहे नगर्ने निर्णय गरी कथरी साहूको छोरा हिँड्नु (पृ. ६०) छोरी जन्माई भनेर हसिनालाई चुडैल र डाइन भन्दै ढुङ्गाले हानेर मार्नु (पृ. ६०) जस्ता घटनाले नेपाली समाजमा रहेका लैङ्गिक हिंसा, अत्याचार तथा अपराधलाई उजागर गरेका छन् ।

विवाह सकेर घर पुगेका ज्वाला र रूपा एकापसमा मोहित र उत्तेजित हुँदै म्वाइँ खानु (पृ. ६२) एकअर्काका ओठ जोड्नु र टोक्नु, सुमसुम्याउनु (पृ. ६२), लगाएको सबै कपडा खोलेर निर्वस्त्र हुनु, अँगालेमा कसिनु, स्तनहरू थिच्नु (पृ. ६३) आदि कार्यहरूले यौनिकतालाई उद्घाटन गरेका छन् । रूपाले ज्वालाको जुँगा बनाइदिनु (पृ. ६४), रूपाका गालामा ज्वालाले बाटुलो तिल बनाउनु (पृ. ६८), पुरुषत्व र स्त्रीत्वमा भावनात्मक रूपले तयार भएर समयौनिक सम्बन्ध कायम (पृ. ६८) गरी सन्तुष्ट हुनुले समलिङ्गी यौनिकताको सन्दर्भ तथा सन्तुष्टिलाई उद्घाटन गरेका छन् । रूपाको अर्धचेतनमै सीमित रहे पनि बाबु, आमा, दाजु तथा दिदीको समलिङ्गी सम्बन्धले समाजमा कलङ्कित हुने, असामाजिक ठहर्ने भन्दै केटीसँग देखे खुट्टा भाँच्ने धम्की दिइनु, केटीकेटीको सम्बन्धलाई बाँदरको पुच्छरसँग तुलना गर्नु (पृ. ६८-६९) जस्ता सन्दर्भले नेपाली समाजले समलिङ्गी सम्बन्धप्रति गर्ने व्यवहार, मानसिकतालाई उद्घाटन गरेका छन् । यौनिकताका सन्दर्भमा समाजद्वारा निर्माण गरिने अवरोध, अस्वीकार तथा नियन्त्रणलाई यौनिक हिंसा एवम् समस्याका रूपमा चित्रण गरिएको छ । डाइमनको ट्याक्सीभित्र दुईजना पुरुष

समलिङ्गी लोग्नेस्वास्नीजस्तै गरेर चल्नु, म्वाइँ खानु (पृ. ७६) समलिङ्गी यौनिक व्यवहारहरू हुन् । पुरुष समलिङ्गीहरूलाई टोलका मानिसहरूले शारीरिक रूपमा कुटपिट गर्दै हिंसाजन्य व्यवहार गर्नु समलिङ्गीप्रति गरिएको सामाजिक र यौनिक विभेद तथा हिंसा हो ।

समलिङ्गी विवाह कार्यालयमा दर्ता गर्ने व्यवस्था छैन भनेर दर्ता नगरिनु (पृ. ७९) सामाजिक तथा कानुनी विभेद हो । ज्वाला र रूपालाई एकअर्काका निर्वस्त्र शरीरले करेन्ट लागेको अनुभूत हुनु तथा यौनिक क्रियामा सक्रिय भएर आनन्दित हुँदै सन्तुष्ट रहनु (पृ. ८१) समलिङ्गी यौनिक व्यवहार एवम् सन्तुष्टि हुन् । ज्वालालाई अपहरण गरी बलात्कार (पृ. ११५, १९८-२००) गर्नु यौनिक हिंसा र अपराध हो । यो जघन्य यौनिक समस्याका रूपमा रहेको छ । रूपाका आमाबाबुले उसको विद्यालयमै आएर सरोकारवाला सबै जम्मा गरेर अपमान (पृ. १३५) तथा वेश्यावृत्तिको आरोप लगाउँदै (पृ. १३६) सामाजिक बेइज्जती गर्नु (पृ. १३६) यौनिक र लैङ्गिक हिंसाजन्य व्यवहार तथा अन्यायपूर्ण स्थिति हो । यस्तो विसमलिङ्गी सामाजिक संरचनाले समलिङ्गी यौनिक सम्बन्धलाई सामाजिक समस्या बनाएको वास्तविकता उजागर गरिएको छ । त्यस्तै गुण्डा लगाएर समलिङ्गी सम्बन्ध र रूपाको कन्तबिजोग बनाउने धम्की (पृ. १३७) लैङ्गिक तथा यौनिक दमन र अन्याय हो । परम्परादेखि चलिआएको विसमलिङ्गी पितृसत्तात्मक सङ्कीर्ण मानसिकता नै समलिङ्गी सम्बन्धको प्रमुख समस्याको स्रोत (पृ. १७०) बनेको कुरा व्यक्त गरिएको *सलिजो*मा लैङ्गिक र यौनिक समस्याका विभिन्न सन्दर्भ छन् । रूपाका आमाबाबुले रूपाको सहमति र स्वीकृतिविना नै गुण्डा र बदमास रविसँग बिहे गरिदिने र आफ्नो सम्पत्ति लिलाम हुनबाट रोक्ने (पृ. १३९) स्वार्थ देखाउनु लैङ्गिक हिंसा र अन्यायपूर्ण व्यवहार हो । स्कुटरमा सवार ज्वाला र रूपालाई रविद्वारा खटाइएका गुण्डाहरूले गरेको दुर्व्यवहार (पृ. १४१-१४३) तथा उनीहरूलाई दिइएको फूल र खामभित्र राखिएको पहलमानी सर्वाङ्ग नाङ्गी युवतीहरूको रेखाचित्राङ्कित कार्ड (पृ. १४४) बाट पनि यौनिक हिंसाका व्यवहारहरूसहित समलिङ्गी सम्बन्धमाथि गरिएको नकारात्मक (पृ. १५६) प्रहारले यौनिक हिंसाजन्य समस्यालाई उजागर गरेका छन् । ज्वालाले रूपालाई आफ्नो अँगालोमा कस्नु र दुबै एकअर्काका राँकिएका स्तनसँग खेल्नु (पृ. १४५), रूपाले ज्वालालाई कामदेवजस्तै सुन्दर देख्नु (पृ. १४७) समलिङ्गी यौनिकता हो ।

रूपाको विद्यालयमा समलिङ्गी व्यवहारलाई लक्षित गर्दै उसको चरित्रहत्या गर्ने खालको अभिव्यक्ति सहितको पोस्टर टाँसिएको (पृ. १६०) तथा ज्वालाको स्कुटर तोडफोड गरिएको (पृ. १६०-१६१) घटनाले पनि समलिङ्गी सम्बन्ध भएका कारणले गरिएको सामाजिक दुर्व्यवहार तथा हिंसालाई सङ्केत गर्दछ । विमसलिङ्गी र पितृसत्तात्मक समाजले पुरुषद्वारा स्त्रीलाई

अधीनमा राख्ने उनीहरूको शोषण र दमन गर्ने तथा समग्र नारीमाथि नै शासन गर्ने हुनाले समलिङ्गी सम्बन्धबाट उक्त शासन र शोषण गर्न नपाइने हुनाले पितृसत्तात्मक परम्परागत समाजद्वारा समलिङ्गी सम्बन्धलाई समस्याका रूपमा लिई त्यस सम्बन्धप्रति नकारात्मक विश्लेषण गर्दै अस्वीकार र अपमान गर्ने गरेको (पृ. १७०-१७३) वास्तविकता उद्घाटन गर्दै समलिङ्गी सम्बन्धलाई समाजले आफ्नो स्वार्थ अनुकूल व्याख्या गरी व्यवहार गरेको रहस्योद्घाटन गरिएको छ । रविद्वारा खटाइएका केटाहरूद्वारा रूपाको सल तानेर त्यसमा काउसो हाल्नु (पृ. १८०) यौनिक हिंसा हो । उपन्यासमा समलिङ्गी सम्बन्धबाट सन्तान उत्पादन गर्न नसकिनु वा मातृत्व स्थापित गर्न नसकिनु (पृ. २०४) जीववैज्ञानिक चुनौती वा वैज्ञानिक समस्या हो भन्ने यथार्थ दृष्टि पनि प्रस्तुत गरिएको छ । तेस्रोलिङ्गी डाइमनको दाजुलाई अपहरण गर्नु (पृ. २३८) राजनीतिक क्षेत्रमा गरिएको यौनिक हिंसा हो । त्यस्तै रविले रूपाका आमाबाबुले पठाएको चिठी (पृ. २४६) सहित आएर आफूसँग जाने आग्रह गर्नु (पृ. २४४) जबर्जस्ती लैजानका लागि समाउनु (पृ. २४५) जस्ता कार्यहरू लैङ्गिक र यौनिक हिंसा हुन् ।

यसरी उपन्यासकारले *सलिजो*मा समलिङ्गी यौनिक व्यवहार, सुख तथा सन्तुष्टिको पक्षलाई रोचक र प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् भने विसमलिङ्गी वा पितृसत्तात्मक समाजले समलिङ्गी एवम् तेस्रो लिङ्गीहरूले गर्ने उपेक्षा, दुर्व्यवहार, हिंसा तथा अत्याचारलाई सान्दर्भिक ढङ्गले पेस गरेका छन् । लैङ्गिक दृष्टिमा गर्दा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई विपरीत लिङ्गी समाज तथा पितृसत्तात्मक समाजले आफ्नो स्वार्थ प्रतिकूल हुने भएकाले आफ्नो समस्या ठानेर हिंसा र अन्याय गर्ने गरेको खुलाइएको सन्दर्भ समाजमनोवैज्ञानिक छ । त्यस्तै समलिङ्गी सम्बन्धमा हुने यौनिक सुख तथा सन्तुष्टि आत्मिक एवम् सहृदयी प्रकृतिको हुने कुरा औंल्याइएकाले उपयुक्त र प्रभावकारी विचारसहित समलिङ्गी र तेस्रोलिङ्गीलाई मूल प्रवाहीकरण गर्न खोजिनु अत्यन्त सकारात्मक कार्य हो ।

८.२.५ यौनिक चेतना र सशक्तीकरण

सलिजो समलिङ्गी र तेस्रो लिङ्गी समुदायसँग सम्बन्धित रहेर उनीहरूका सम्बन्ध, चुनौती तथा समस्याहरू प्रस्तुत गर्दै उक्त समस्यालाई सङ्घर्षपूर्ण सक्रियतासहित सचेत एवम् सशक्त बनेर समाधान गरी स्वतन्त्र यौनिक अस्तित्व तथा समानतामुखी जीवनयापनका लागि सन्देश दिने विचारप्रधान उपन्यास हो । उपेक्षित, गुप्त तथा सीमान्तीय यौनिक अल्पसङ्ख्यकलाई प्राधान्य दिई उनीहरूमै केन्द्रित गरिएकाले *सलिजो* यौनिक चेतना एवम् सशक्तीकरणका लागि महत्त्वपूर्ण छ । यद्यपि उपन्यासमा रहेको स्वैरकल्पना तथा विवरणात्मक सन्दर्भले विचारको

सघन प्रवाहलाई खिरिलो बनाउन सकेको छैन तर औपन्यासिक कलालाई भने सफल ढङ्गले आत्मसात गरेको छ । समलिङ्गी जोडीका जीवनशैली, उनीहरूको सक्षमता, उनीहरूको बिहे, यौनिक सन्तुष्टि, आत्मविश्वास र सफलताका सङ्केतद्वारा उपन्यासकारले समलिङ्गी समुदायका यथार्थ र अपेक्षाहरूलाई अग्रभूमि प्रदान गर्दै मौलिक र आत्मीय सम्बन्धको स्थापनामा जोड दिएकाले यो उपन्यास सीमान्तकृत समुदायको मूल प्रवाहीकरणमा सफल बनेको छ । पितृसत्तात्मक विसमलिङ्गी सामाजिक संरचनाको बाहुल्य एवम् उनीहरूको स्वार्थी मानसिकताका कारणले समलिङ्गी र तेस्रो लिङ्गी समुदायहरू ओझेलमा परेको, उपेक्षित बनेको तथा सामाजिक इज्जत र प्रतिष्ठाबाट विमुख रहेकाले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक पनि मानव भएकाले अन्य मानवले पाउने सुख, हक, अधिकार तथा सुविधामा समान व्यवहार हुनुपर्ने आग्रहसहित त्यस्तो समानताका लागि सीमान्तकृत समुदाय सशक्त ढङ्गले सङ्घर्षरत हुनुपर्ने विचार प्रस्तुत गरिएको छ ।

रूपा र ज्वाला दुई युवतीको समलिङ्गी विवाह (पृ. ४३) बाट उपन्यासको प्रारम्भ गरिनु समलिङ्गी समुदायको स्पष्ट पहिचान र सशक्तीकरण हो । परम्परागत विसमलिङ्गी विवाहलाई चुनौती दिएर क्रमभङ्ग गर्दै समलिङ्गी अस्तित्वलाई स्थापना गर्ने उक्त कार्य यौनिक र लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा क्रान्तिकारी र स्वतन्त्रतामूलक समानता कायम गर्ने उदाहरणीय कार्य हो । सीमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्ने लक्ष्य राखिएको *सलिजो* यौनिक चेतना र सशक्तीकरणको नमुना हो । बैङ्कमा काम गर्ने ज्वाला र विद्यालयमा अध्यापन गर्ने रूपा उत्पादक र आत्मनिर्भर भूमिकामा रहनु (पृ. ४४) सक्षम र चेतनाको अभिव्यक्ति हो । परम्परागत बिहेमा प्रयोग गरिने सौभाग्यसूचक वस्तुहरू चुरा, पोते, सिन्दुर आदि प्रयोग नगर्नु (पृ. ४७) परम्पराप्रतिको विद्रोह तथा नवीन चेतनाको परिचायक हो । समलिङ्गी पुरुषहरूले गरेको सहयोग एवम् सहृदयता तथा सामुदायिक भूमिका तथा अधिकार (पृ. ४९-५१) का सन्दर्भले पनि सशक्तता र सक्षमतालाई उजागर गरेका छन् । बाबुको अत्याचार सुनेपछि ज्वालाले पुरुषलाई नकारात्मक र स्त्रीलाई सकारात्मक ठान्नु (पृ. ५७) तथा पितृसत्तात्मक समाजले महिलालाई गरेको हिंसाजन्य व्यवहार सुनेर रूपमा केटासँग होइन केटीसँग नै बिहे गर्ने बालमनोवृत्ति विकास (पृ. ६०) हुनु पनि लैङ्गिक सचेतना एवम् प्रतिरोध हो ।

पुरुषत्वका गुणहरू पुरुषमा मात्र र नारीत्वका गुणहरू नारीमा मात्र सीमित नहुने (पृ. ६५-६७) मनोवैज्ञानिक चेतनाका सन्दर्भले पुरुषत्व र नारीत्वको प्रस्ट व्याख्या गरेका छन् । त्यस्तै प्रत्येक स्त्री वा पुरुषमा नारीत्व र पुरुषत्व दुवै गुणहरू संयोजित हुने तर कम र बढीको मात्र भेद हो (पृ. ६७) भन्ने चेतना पनि प्रस्ट्याइएको छ । समलिङ्गी विवाहलाई कानुनी रूपमा

स्थापित गराई वैधता प्रदान गर्ने प्रयास (पृ. ७०, ७४, ७८) सामाजिक एवम् कानुनी चेतना तथा सशक्तता हो । भाषिक माध्यमबाट यौनिक दुर्व्यवहार गर्ने चुर्सेलाई स्यान्डलले हिर्काउनु (पृ. ७९) प्रतिरक्षात्मक सशक्त स्थिति हो । समलिङ्गी हुनु अपराध नभएर स्वतन्त्र जीवनको इच्छा हो भन्ने सघन विचार व्यक्त गरिएको छ । "समलिङ्गी हुनु अपराध होइन बरु एउटा स्वतन्त्र र इच्छित जीवनशैलीको चयन तथा वरण हो (पृ. ९२) ।" यसबाट समलिङ्गी सम्बन्धको पक्षपोषण गर्दै सचेत विचार प्रकट भएको छ ।

'समलिङ्गी सम्बन्ध राख्न व्यक्ति स्वतन्त्र छैन भन्ने कुरा कुनै शास्त्रमा नलेखिएको' (पृ. ९९) सन्दर्भले दार्शनिक एवम् नीतिगत हिसाबमा पनि समलिङ्गी सम्बन्ध कायम गर्न स्वतन्त्रता छ भन्ने तार्किक र सशक्त अभिव्यक्ति प्रकट गरिएको छ । उपर्युक्त सन्दर्भहरूबाट सीमान्तकृत समुदाय र सम्बन्धको सशक्तकीकरणका लागि महत्त्वपूर्ण ऊर्जा मिल्ने देखिन्छ । क्लबको स्थापना गरी समलिङ्गी तथा तेस्रो लिङ्गीहरूको सहयोग गर्दै सामूहिक पहिचान एवम् अस्तित्वका लागि संस्थागत रूपमा क्रियाशील (पृ. ५१, १०१) हुनुले सक्षमता र सशक्ततालाई प्राधान्य दिएको देखिन्छ । "क्लवले तेस्रो लिङ्गीहरूलाई युनाइट गर्छ, हकका लागि फाइट गर्छ, रिभोल गर्छ, सेलिब गर्छ र अरु थुप्रै काम गर्छ (पृ. ५१) ।" यसले यौनिक अल्पसङ्ख्यकहरूलाई सार्वजनिक हुन, स्वतन्त्र बन्न एवम् पहिचानसहित अस्तित्व स्थापना गर्न जोड दिएको छ । यसबाट संस्थागत सशक्तीकरणको विचार प्रकट गरिएको छ ।

तेस्रो लिङ्गी डाइमन उत्पादक काम गरी आत्मनिर्भर बन्नु (पृ. ७४) पनि आर्थिक सशक्तीकरणको अवस्था हो । ज्वालालाई बैङ्कले राम्रो र सराहनीय काम गरेको भन्दै सम्मान र सुविधा दिनु (पृ. १२३) सामाजिक प्रतिष्ठा तथा मूलप्रवाहीकरण हो । बाबुआमाले जबर्जस्ती रविसँग बिहे गर्न भन्दै शारीरिक हिंसा गर्दा रूपाले "लोग्ने रोज्ने मेरो हक हो (पृ. १३५) ।" भन्दै विचार व्यक्त गर्नु लैङ्गिक तथा यौनिक सक्षमता र सशक्तता हो । प्रो. शर्माका माध्यमबाट व्यक्त गरिएको समभाव (पृ. १५१) समानताको अभिव्यक्ति हो । त्यस्तै समलिङ्गीहरूलाई धम्की र डर देखाउने मान्छेहरू धेरै हुने हुनाले त्यस्ताबाट नडराउन आग्रह (पृ. १५८) गर्नु पनि प्रोत्साहन हो । समलिङ्गी सम्बन्ध जैविक आवश्यकता नभई भावनात्मक आवश्यकताबाट निर्मित भएको कुरा विसमलिङ्गी समाजले बुझ्न नसकेका कारणले समलिङ्गी सम्बन्धलाई घृणा र उपेक्षा गर्ने गरेको (पृ. १६९) खुलासा गर्दै भावनात्मक सम्बन्ध बुझ्नुपर्ने आग्रहसमेत गरिएको छ । समलिङ्गी सम्बन्धले पितृसत्तात्मक संरचना वा पुरुषको प्रधानता, शक्ति र सर्वोच्चतामा असर पर्ने हुनाले विसमलिङ्गी समाजले समलिङ्गी सम्बन्धलाई विरोधी ठान्छ (पृ. १७०) भन्ने समाजमनोवैज्ञानिक दृष्टिकोण पेस गरिएको छ । "समलिङ्गी भए पनि नारी भनेका नारी नै हुन्

र समलिङ्गी भए पनि पुरुष भनेका पुरुष नै हुन् भने उनीहरूले मानवसन्ततिका नाताबाट समाजमा आफ्नो हक र सुविधा उपभोग गर्न किन नपाउने ? ... समलिङ्गीलगायत सबै खाले तेस्रो लिङ्गीहरू पनि मानव भएका हुँदा तिनले एउटा मानवले पाउनेजति सबै अधिकार र सुविधा पाउनैपर्छ (पृ. १७१) ।" प्रो. शर्माका माध्यमबाट व्यक्त भएको उपर्युक्त विचार लैङ्गिक र यौनिक समानता एवम् हक, अधिकारका पक्षमा उठाइएको सशक्त चेतना हो ।

समलिङ्गी भएका कारणले समाजबाट गरिने हिंसात्मक व्यवहार, विभेद तथा अत्याचारहरूको अन्त्य गर्दै सम्मानपूर्ण जीवनयापन गरी आफ्नो स्पष्ट पहिचान र अस्तित्व स्थापना गर्न निरन्तर कठित सङ्घर्षको आवश्यकता (पृ. १७३) रहेको औंल्याइएको छ । यसबाट यौनिक सशक्तीकरणको आह्वान तथा मूलप्रवाहीकरणको अपेक्षालाई उजागर गर्न खोजेको देखिन्छ । अत्याचारले पराकाष्ठा नाघेपछि रूपाले आमाबाबुलाई मुद्दा हाल्ने (पृ. १८१) विचार गर्नु कानुनी चेतना हो । तेस्रो लिङ्गी सबैको सहमति, सफलताको कामना, संविधान सभामा पुगेर तेस्रो लिङ्गीका समस्या उठानको आग्रह (पृ. २१०) जस्ता सन्दर्भहरूले यौनिक अल्पसङ्ख्यकको राजनीतिक सहभागिता र हक, अधिकारप्रतिको सचेतनालाई उजागर गरेका छन् । चुनावमा जित्न नसके पनि प्रतिस्पर्धीका रूपमा उठ्नाले मात्र तेस्रो लिङ्गी समुदायमा चेतना आउने र उनीहरू पनि राष्ट्रका अङ्ग भएको अनुभूति हुने (पृ. २११) कुरा प्रस्ट्याइएको छ । सञ्चालक समितिले रूपालाई विद्यालयको शिक्षकबाट हटाउन खोज्दा 'थ्रिजी क्लब'का अध्यक्ष स्मृति लगायतका सदस्यहरू उपस्थित भएर रूपाका पक्षमा नारावाजी गर्दै अधिकार स्थापनामा जोड दिनु (पृ. २१७) सशक्तता र सक्षमताको नमुना हो ।

त्यस्तै सञ्चालक समितिसमक्ष रूपाले आफूभन्दा विद्यालयका पुरुषबाट नै छात्राहरूले खतरा भोग्नुपर्ने (पृ. २१९) सङ्केत गर्नु सघन अभिव्यक्ति हो । समाजले समलिङ्गीहरूलाई अनियमित र अवाञ्छित ठान्नुका पछाडि उनीहरूकै स्वार्थ लुकेको बताउँदै भनिएको छ "समलिङ्गी सम्बन्धलाई अनियमित र अनुचित ठहर्याउने नियम कानुन देश र समाजका बहुसङ्ख्यक विसमलिङ्गी वर्गले विसमलिङ्गी वर्गकै हितमा बनाएको हो । कुनै पनि नियम कानुन समलिङ्गीले बनाएको होइन र समलिङ्गीका लागि बनाइएको पनि होइन । खासमा विसमलिङ्गीहरूको पितृसत्तात्मक चस्माबाट हेरेर समलिङ्गी सम्बन्धलाई अनियमित र अनुचित भनिएको हो, तर यसका विपरीत यथार्थमा चाहिँ समलैङ्गिकता क्षणिक जैविकभन्दा बढी चिरस्थायी आत्मिक सम्बन्ध हो । ... समलिङ्गीहरूको आन्तरिक र आत्मिक सम्बन्धलाई अनियमित र अनुचित मान्नु विसमलिङ्गीहरूको पक्षपाती दृष्टिकोण हो (पृ. २२०) ।" रूपामार्फत व्यक्त भएको उपर्युक्त अभिव्यक्तिले समलिङ्गी सम्बन्ध उपेक्षित ठानिनुको कारणसहित त्यस

सम्बन्धको अस्तित्व तथा सान्दर्भिकतालाई सशक्त ढङ्गले उठान गरिएको छ । खान पाउने, काम गर्न पाउने र बाँच्ने अधिकार अन्य मानिसका जस्तै समलिङ्गीका पनि आधारभूत अधिकार भएकाले उक्त अधिकार दिनुपर्ने विचारसहित समलिङ्गीलाई हेर्ने पितृसत्तात्मक अन्धविश्वास त्याग्नुपर्ने (पृ. २२०) आग्रह गर्नु औपन्यासिक उद्देश्य नै भएकाले यसमार्फत् *सलिजो*मा यौनिक र लैङ्गिक चेतना र सशक्तीकरणलाई प्रभावकारी ढङ्गले उठान गर्न उपन्यासकार सफल देखिन्छन् । जागिरबाट बर्खास्त भए पनि रङ्गीन साप्ताहिक पत्रिकाको प्रकाशन गरी (पृ. २२३) समलिङ्गी र तेस्रो लिङ्गी समुदायका समस्या, विचार, रचना, खबर, परिवर्तित सङ्घर्ष आदि कुराहरूको प्रचार प्रसार गर्दै उक्त समुदायलाई सशक्त, सचेत एवम् सक्षम बनाउने विचारको योजनाबद्ध आत्म विश्वासलाई यौनिक सशक्तीकरणको अब्बल नमुनाका रूपमा उपन्यासकारले प्रस्तुत गरेका छन् । ज्वालाले अनिच्छित गर्भपतन गराउन सफल हुनु (पृ. २३१), रूपाको समर्थनमा डा.चकोरले पनि राजिनामा दिनु (पृ. २३३) आदिले पनि यौनिक सशक्तता र समभावलाई व्यक्त गर्दछन् । रूपालाई रविले जबर्जस्ती लैजान खोज्दा ज्वालाले रविको हातमा खुकुरीले प्रहार गर्नु (पृ. २४६) प्रतिरक्षात्मक सशक्तता तथा आत्मविश्वासको नमुना हो ।

यसरी *सलिजो*मा उपन्यासकारले यौनीक र लैङ्गिक अल्पसङ्ख्यकलाई हरेक क्षेत्रम सक्रिय रहन र अन्य मानवसरह हक, अधिकार तथा सुविधा हासिल गर्नका लागि अनवरत सङ्घर्ष गर्न आह्वान गरेका छन् । त्यस्तै पितृसत्तात्मक अन्धविश्वासलाई अन्त्य गरी समानतामूलक समाजको स्थापना गर्न र समलिङ्गी तथा तेस्रो लिङ्गी समुदायलाई सामाजिक, सामुदायिक राजनीतिक तथा आर्थिक पक्षमा सक्षम बनाउनुपर्ने सचेत र सशक्त विचार सहित उपन्यासलाई सोद्देश्यमूलक बनाइएको छ ।

८.२.६ लैङ्गिकताको भाषा

सलिजो उपन्यास वैचारिक सघनतासहित यौनिक अल्पसङ्ख्यकका स्वतन्त्रतामूलक जीवनलाई सकारात्मक स्थापनामा जोड दिएर समानता र मानवीय मूल्यको चेतना प्रस्तुत गरिएको उपन्यास हो । भाषा विचार प्रवाहको माध्यम त हुँदै हो, साथै पात्रहरू वा लेखकद्वारा प्रयुक्त भाषिक सन्दर्भ तथा शब्दभण्डार, भाषिक प्रयोग र प्रस्तुति एवम् संवादमा प्रयोग हुने गरेका सम्बोधनमूलक शब्द आदिले कृतिमा प्रकट गर्न खोजेको चेतना, मनोवृत्ति तथा भावनालाई प्रतिबिम्बन गरेका हुन्छन् । यस उपन्यासमा उपन्यासकारले अपेक्षित, पहिचानमूलक, स्वाभाविक, सान्दर्भिक तथा संवेदनशील भाषिक प्रयोगका माध्यमबाट उपन्यासलाई सोद्देश्यमूलक एवम् सार्थक तुल्याएका छन् ।

पात्रहरूको मनोवृत्ति र धारणा एवम् दृष्टिकोणहरूलाई यथार्थ रूपमा उजागर गर्ने माध्यम उनीहरूले प्रयोग गरेको भाषिक व्यवहार नै हो । *सलिजो*मा पात्रानुकूल भाषिक सन्दर्भहरू रहेका छन् । नारी समलिङ्गीहरूको भाषिक सङ्केत तथा प्रयोग, समलिङ्गी यौनिकतालाई समभाव राख्ने पात्रहरूको सकारात्मक एवम् संवेदनशील भाषा अनि विसमलिङ्गी पात्रहरूको पितृसत्तात्मक अहम् र नकारात्मक विचार प्रकट गर्ने भाषिक सन्दर्भलाई उपन्यासकारले संवेदनशील भएर प्रस्तुत गरेकाले लैङ्गिक दृष्टिले *सलिजो*मा प्रयुक्त भाषा अपेक्षित, उपयुक्त, प्रभावकारी एवम् स्वाभाविक छ । तथापि कतिपय प्रसङ्गमा प्रकृतवादी प्रभाव बढेकाले शब्दभण्डार एवम् प्रस्तुतिमा खुलापन अनुभव हुन्छ । फलतः यौनिक आकर्षण, सम्बन्ध तथा सन्तुष्टिको प्रकटनमा प्रयोग भए पनि समलिङ्गी यौनिक सम्बन्ध भएका नारी पात्रप्रति लेखकीय दृष्टि संवेदनशील बन्न नपुगेको र तेस्रो लिङ्गीप्रति पनि संवेदनशील सन्तुलित भाषिक प्रयोगमा विचार नपुऱ्याएको देखिन्छ । तर यो अत्यन्त सीमित छ । अधिकांश भाषिक प्रयोगमा लेखकीय सन्तुलन प्रस्ट छ । विचार पक्षको गम्भीरताले भाषिक पक्षमा देखिएका छिटफुट असन्तुलनलाई ढाकेको छ । परिणामतः विचार र भाषा सन्तुलित र स्वाभाविक रहेको छ । त्यस्तै विभिन्न बिम्ब, प्रतीक, अलङ्कार, चयन, विचलन, समानान्तरता, उखानटुक्का, नवीनता आदि पक्षका कारणले प्रस्तुति अत्यन्तै प्रभावोत्पादक बनेको छ । शैली पक्षमा देखिएको चातुर्यले *सलिजो* सुन्दर बनेको छ ।

"आजदेखि म तिमीलाई जीवनसाथी स्वीकार गर्छु (पृ. ४३)" - ज्वाला
"आजदेखि म पनि तिमीलाई जीवनसाथी स्वीकार गर्छु (पृ. ४३) ।" - रूपा

यी दुई उदाहरणमा बेहुला बनेकी ज्वाला र बेहुली बनेकी रूपाले एकअर्कालाई 'तिमी' जस्तो मध्यम आदरसूचक सम्बोधन र समभाव प्रकट गर्ने अभिव्यक्ति दिएका छन् भने दुवैले 'जीवनसाथी' शब्द प्रयोग गरेका छन् । यसले सहभाव तथा समानान्तर तहलाई सङ्केत गर्दछ । 'लेज्बा' तथा 'लेज्बी' क्रमशः ज्वाला र रूपाका गोप्य नाम (पृ. ४५) । उपन्यासकारले नवीन शब्द निर्माण गर्दै प्रस्ट तथा साङ्केतिक नामकरण गरेका छन् । यसले भाषा प्रयोगमा देखिएको चातुर्य र संवेदनशीलतालाई उजागर गर्दछ । 'लेज्बा' अर्थात् पुरुषत्वका गुण एवम् भूमिका निर्वाह गर्ने युवती वा ज्वाला तथा 'लेज्बी' अर्थात् स्त्रीत्वका गुण एवम् भूमिका निर्वाह गर्ने युवती वा रूपा प्रस्ट पहिचानसहित 'लेज्बियन' शब्दलाई मौलिकता प्रदान गरिएको छ ।

गे१ र गे२ ले ज्वाला र रूपासँग संवाद गर्दा प्रयोग गरेका शब्द (पृ. ४९-५१) अङ्ग्रेजी शब्दका छोटकरी रूप हुन् । आपसी सङ्केतका लागि बनाइएका यस्ता शब्दले पनि यौनिक अल्पसङ्ख्यकका भाषिक कोडलाई जनाएका छन् । जस्तै : 'प्रोब्', 'पेट्रो', 'प्रेजेन्', 'टेम्प', 'सिभ् युनि', 'हनिम्' 'लेज्', 'थ्रिजी' (3G), 'मेम्', 'रिभोल्', 'सेलिब्' आदि । यी शब्द पुरुष

समलिङ्गीहरूले प्रयोग गरेका भाषाका उदाहरण हुन् । यसबाट विशेष समुदायले आफ्नो पहिचानसहित आफ्नो समुदायका सदस्यहरूमा मात्र सञ्चारका लागि विशिष्ट भाषिक व्यवहार अपनाउँछन् भन्ने कुरालाई उजागर भएको छ । पुरुषत्व एवम् स्त्रीत्वका सन्दर्भमा स्थापित लैङ्गिकताका भाषिक सन्दर्भलाई उपन्यासकारले प्रस्तुत गर्दै पुरुषत्वअन्तर्गत पुरुषता, कठोरता, उग्रता, वीरता, साहस, निर्भीकता पर्ने र स्त्रीत्वअन्तर्गत सङ्कोच, निर्बलता, भीरुता, सहिष्णुता, लज्जा, कोमलता (पृ. ६७) जस्ता पक्षहरू पर्ने जनाएका छन् । तेस्रो लिङ्गी डाइमनको स्वरूप, स्वभाव र भाषिक प्रयोगमा उपन्यासकारले परम्परागत भाषिक पक्षलाई प्रस्तुत गरेका छन् । "नारीभन्दा नखरमाउलो र पुरुषभन्दा भलाद्मी खालको हाँसो फिँजाएर ताली पड्काउँदै सोध्छ, "हाइहाइ, कहाँ जाने नाइँ ?(पृ. ७४) ।" "म हिजडा हुँ नाइँ (पृ. ७४) ।"

यहाँ पेस गरिएका सन्दर्भले पात्रानुकूलको भाषा र हाउभाउलाई अत्यन्त प्रभावकारी ढङ्गले व्यक्त गरेका छन् तर लैङ्गिक संवेदनशीलताका दृष्टिले हेर्दा 'नखरमाउलो' 'हिजडा' जस्ता शब्द प्रयोग गर्न नहुने देखिन्छ । त्यस्तै बिहे दर्ता कार्यालयको चुर्सेले समलिङ्गी ज्वाला र रूपालाई गरेको हिंसाजन्य भाषिक व्यवहारले "तिमीहरूलाई मज्जा त आउँछ (पृ. ७९) ?" समलिङ्गीहरूप्रति गरिने भाषिक हिंसालाई उजागर गरेको छ । ज्वाला तथा रूपाले चुर्सेलाई उपेक्षा गर्दै बैठक कोठामा बसेर गाली गरेका शब्दहरू प्रतीकात्मक र परिवेशअनुसार छन् तर उक्त शब्दले समलिङ्गीहरूमा रहेको विपरीत लिङ्गीहरूप्रतिको नकारात्मक सोचाइलाई उजागर गरेको छ । यहाँ सकारात्मक मनोवृत्तितर्फको अभिमुखीकरण स्थापित हुन सकेको छैन । जस्तै : मोरो, असत्ती, बापती, पातकी, हराम, बजिया, छटेल, बेसुल्लो, फुँडो, रन्डो (पृ. ८०) । उपर्युक्त नकारात्मक शब्दको प्रयोग अपेक्षित देखिँदैन । सबै खालका लैङ्गिकता र यौनिकता भएका मानवहरूमा सबैले सबैलाई समभाव राख्नुपर्छ भन्ने लखेकीय आग्रहमा बाधा पर्ने देखिन्छ ।

त्यस्तै डाइमनका लागि खर्चिएका प्रशंसापरक शब्दहरू फरासिलो, मिजासिलो, मज्जाको, सुबानको, मनमोजी, भलाद्मी, मद्दती, मिलनसार, सुधो, खुलस्त (पृ. ८०) स्वाभाविक छन् । समलिङ्गीहरूप्रति समभाव राख्दै समलिङ्गी विवाह गरेर जोडी बनेकामा रूपालाई डा.चकोरले सम्मान र बधाई दिन्छ । "मेरो तिमीलाई धेरैधेरै बधाई छ (पृ. ९१) ।" यस्तो सम्मानजनक भाषाको प्रयोगमा सबलता देखिन्छ । समलिङ्गी सम्बन्धप्रति नकारात्मक दृष्टि राख्ने विसमलिङ्गी समाजका प्रतिनिधि पात्र रूपाका बाबु र आमाले रूपालाई विद्यालयमा गएर सामाजिक बेइज्जती गर्दै 'नाठा खेलाउने', 'समाजलाई नर्क बनाउने', 'स्कुले नानीलाई वेश्या बनाउने' जस्ता हिंसाजन्य भाषाको प्रयोग (पृ. १३६) गर्दै आरोप लगाएका छन् । परम्परागत पितृसत्तात्मक सङ्कीर्ण र अन्धविश्वासी संस्कारको नकारात्मक दृष्टिकोणलाई उपर्युक्त

उदाहरणले उजागर गरेका छन् । परम्परित समाजले समलिङ्गीलाई गर्ने व्यवहारको सङ्केत उपर्युक्त भाषाबाट स्पष्ट पार्न उपन्यासकार सक्षम देखिन्छन् । यसले समलिङ्गीहरूले भोग्नुपर्ने अत्याचारलाई व्यक्त गरेको छ ।

त्यस्तै माथिजस्तै हिंसाजन्य भाषाको प्रयोग गरी सामाजिक तहबाट रूपालाई अपमान गर्ने भाषिक व्यवहार विद्यालयको गेटको ढोकामा टाँसिएका पोस्टरमा छापिएका छन् । दुश्चरित्र, अनैतिक, पतित, कुमार्गी, आचारहीन (पृ. १६०) आदि शब्दहरू प्रयोग हुनु हिंसात्मक व्यवहार तथा अत्याचार हुन् । यसले पनि पितृसत्तात्मक सङ्कीर्णता र अन्यायलाई उजागर गर्दछ । रेसमले ज्वालालाई बोलेका शब्द (पृ. १९८) "ए राँड, खुरुक्क आफ्ना सबै लुगा फुकाल् र चुपचाप भुइँमा सुत् (पृ. १९८) ।" यो भाषिक हिंसाको नमुना हो । त्यस्तै रविले रूपालाई 'हिंड् खुरुक्क' भन्दै (पृ. २४४) लैङ्गिक हिंसाजन्य भाषाको प्रयोग गरेको छ ।

यसरी उपन्यासकार *सलिजो*मा समलिङ्गी तथा तेस्रो लिङ्गीहरूका आपसी सम्बन्धसूचक भाषिक प्रयोग, लेखकीय विस्तार, समभाव राख्ने पात्रहरूको भाषिक व्यवहार आदिको निर्माण र प्रयोगमा सचेत र संवेदनशील रहेको देखिन्छ । त्यस्तै विभेदकारी पितृसत्ता र विसमलिङ्गीहरूले समलिङ्गीहरूप्रति गर्ने उपेक्षापूर्ण र हिंसाजन्य भाषिक व्यवहारलाई पनि पात्रानुकूल, स्वाभाविक र सान्दर्भिक ढङ्गले व्यक्त गरिएको छ । तसर्थ उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा सकारात्मक, सचेत एवम् संवेदनशील रहेको देखिन्छ ।

८.२.७ परिणति र सन्देश

सलिजो उपन्यास यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई प्राधान्य दिई उनीहरूका समस्या, चुनौती तथा यथार्थहरूको उद्घाटन गरेर उनीहरूको स्वतन्त्रतामूलक समान अस्तित्व स्थापनाको मूल उद्देश्य बनाई निर्माण गरिएको उपन्यास हो । यस उपन्यासमा समलिङ्गी र तेस्रो लिङ्गी समुदायका व्यक्तिहरू तथा उनीहरूसँग समभाव राखी प्रोत्साहन, सम्मान एवम् सहयोग पुऱ्याउने पात्रहरूको सुखद अभिमुखीकरण तथा सक्षमताको सङ्केत गरिएकाले परिणति विचारप्रधान छ भने पितृसत्तात्मक विसमलिङ्गी समाजले निर्माण गरेका मूल्य र मान्यताले समलिङ्गीहरूलाई उपेक्षा, अन्याय तथा विभेद गर्ने हुनाले त्यस्ता विभेदकारी मूल्य मान्यताको पुनर्संरचना गर्नुपर्ने सन्देश दिइएको छ । साथै जुनसुकै लैङ्गिक र यौनिकता भएका सबै मानिसहरूलाई विनाकुनै भेदभाव समान ढङ्गले हक, अधिकार, इज्जत तथा सुविधा दिनुपर्ने विचार प्रकट गरिएको *सलिजो*मा सीमान्तीय यौनिक समुदाय आफ्नो हक, अधिकार तथा अस्तित्व र पहिचानका लागि संस्थागत रूपमै निरन्तर सङ्घर्षरत रहनुपर्ने आव्हान गरिएको छ ।

स्वाभाविक र सान्दर्भिक तथा संवेदनशील भाषिक प्रयोगतर्फ सङ्केत गरिएको यस उपन्यासका हरेक परिणति सङ्क्रमणशील, चुनौतीपूर्ण र समस्यामूलक छन् यद्यपि उक्त परिणतिले सङ्केत गरेको पक्ष भने सुदृढ, सकारात्मक एवम् अपेक्षित रहेकाले देखाइएका सङ्केतका आधारमा प्राप्त परिणतिहरू यथार्थपरक छन् ।

त्यस्तै कतिपय परिणतिहरूमा लक्षित समुदायप्रति बढी झुकाव र आग्रह छ किनकि सीमान्तीय समुदायको समान अस्तित्व र स्वतन्त्रतामूलक जीवनका लागि सशक्तीकरण गर्दै मूलप्रवाहीकरण गर्नु अत्यावश्यक देखिन्छ । तसर्थ उक्त झुकाव र आग्रह सोद्देश्यमूलक छन् । लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *सलिजो*मा व्यक्त विचार र उद्देश्य अन्यन्त प्रभावकारी एवम् महत्त्वपूर्ण रहेको देखिन्छ । समलिङ्गी तथा तेस्रो लिङ्गीलाई उपन्यासका प्रमुख पात्र बनाएर उनीहरूको वैवाहिक स्थितिसमेत पेस गरी सक्रिय र सक्षमतातर्फ अभिमुख बनाउनु उदाहरणीय कार्य मान्न सकिन्छ । समलिङ्गी र तेस्रो लिङ्गीमा हुने सद्भाव, सहयोग, मानवताजस्ता पक्षको उद्घाटन अत्यन्त सकारात्मक मनोवृत्तिका उपज हुन् ।

पितृसत्तात्मक संरचना पुरुष र पितृसत्ताले गर्ने लैङ्गिक अत्याचारकै कारणले पुरुषप्रति नकारात्मक मनोवृत्तिको विकास हुन गई नारी समलिङ्गी बन्नु परेको सन्दर्भ उपन्यासमा व्यक्त भएको छ । समलिङ्गी सम्बन्धमा यौनिक सुख र सन्तुष्टिको रिक्तता नहुने बरु क्षणिक आनन्दभन्दा दिगो आत्मिक सम्बन्ध तथा भावनात्मक माया र स्नेह प्रगाढ हुने जनाउँदै मातृत्व वा पुनर्उत्पादनको इच्छा भने मार्नुपर्ने जीववैज्ञानिक यथार्थसमेत उद्घाटन गरिएको छ । पुरुषत्व र स्त्रीत्वसम्बन्धी मनोवैज्ञानिक विश्लेषण गर्दै सबै व्यक्तिमा पुरुषत्व र स्त्रीत्व गुण सन्निहित रहने भए पनि कुनैमा पुरुषत्व र कुनै स्त्रीत्वका गुण बढी वा कम हुने यथार्थ प्रस्तुत गरिएको छ । यौनिक हिंसा र अपराधमा विसमलिङ्गी पुरुषहरू सक्रिय हुने तर तिनीहरूले नै दुःख र यातना भोग्नुपर्ने भएकाले त्यस्ता खराब आचरण भएका व्यक्तिले नसियत भोग्नैपर्ने परिणति देखाएर उपन्यासकारले इमानदारिता तथा कर्तव्यप्रति न्याय गरेका छन् । समलिङ्गी वा तेस्रो लिङ्गी व्यक्तिहरूलाई विसमलिङ्गी व्यक्तिलाई जस्तै सम्मानपूर्ण र स्वाभाविक जीवनयापन गर्न वर्तमान पितृसत्तात्मक समाजमा कठिन हुने हुँदा हिंसा, बलात्कार, बर्खास्ती, अपमान, अपहरण, उपेक्षा, बहिष्कार, विभेद आदि दुर्व्यवहार हुन सक्छन् भन्दै उपन्यासकारले त्यस्ता अन्याय र अत्याचारतर्फ सचेत र सजग बन्दै निरन्तर सङ्घर्ष गरेर आफ्ना हक, अधिकार र अस्तित्व स्थापनाका लागि आत्मविश्वासपूर्वक लड्नुपर्ने सन्देश दिएका छन् । सबै खालका लैङ्गिकता र यौनिकता भएका व्यक्तिहरूलाई समान सुविधा, सम्मान तथा अधिकार दिनुपर्ने आग्रहसहित परम्परित समाजको ध्यानाकर्षण गरेका छन् ।

पर्याप्त चेतना, विचार तथा प्रवाह व्यक्त गरिएको *सलिजो*मा उपन्यासकारले पात्रहरूको समृद्धि नदेखाएर अन्योलता वा शून्यतामा मात्र कथावस्तु छोड्नु, प्रस्तुतिमा विचार र यथार्थलाई ओझेल पार्ने खालका स्वैर काल्पनिक सन्दर्भ बिछ्याउनु तथा प्रस्तुतिलाई सटिक र वस्तुगत नबनाएर विवरणात्मक बनाउनु उपन्यासका सीमा हुन् । त्यस्तै प्रकृतवादी छटाहरूले सहज पठनमा बाधा उत्पन्न हुनु, विचार प्रवाह गर्ने र प्रमुख पात्रलाई समभाव राख्दै प्रोत्साहित तथा सचेत तुल्याउँदै आधार प्रदान गर्ने सहायक पात्र पुरुष मात्र हुनु, केन्द्रीय पात्रहरूलाई संस्थागत संलग्नतातर्फ केन्द्रित नगरिनु, प्रमुख पात्रहरूको अर्धचेतन वा मानसिकतामा पितृसत्तात्मक संस्कारका अवशेषहरू कायमै रहनुजस्ता परिणतिले औपन्यासिक लक्ष्यलाई कमजोर बनाएका छन् । नेपाली उपन्यास परम्परामा समलिङ्गी यौनिकता र तेस्रो लिङ्गीलाई केन्द्रबिन्दुमा राखेर सशक्तीकरण गर्दै मूल प्रवाहमा स्थापित गर्ने प्रयत्न उपन्यासकारको प्रशंसनीय कदम हो ।

परिच्छेद नौ

उपसंहार

नेपाली उपन्यासमा लैङ्गिक चेतना शीर्षकमा आधारित रहेर गरिएको प्रस्तुत अनुसन्धानमा मूलतः नेपाली उपन्यासमा रहेको लैङ्गिक अवस्था तथा चेतना एवम् यौनिक सन्दर्भहरूको स्थिति पहिल्याउँदै लैङ्गिक दृष्टिले विश्लेषण गरिएको छ । १९८९ सालको *राजपूत रमणी*देखि २०६८ सालको *कुमारी आमा*सम्मका विभिन्न उपन्यासहरूको अध्ययन गरी लैङ्गिक चेतना र सन्दर्भ तथा यौनिक पक्षमा केन्द्रित छयालिस ओटा उपन्यासको सर्वेक्षण गरी तीमध्ये लैङ्गिक चेतना, समस्या, सशक्तीकरण तथा यौनिक पक्षलाई प्राधान्य दिइएका प्रतिनिधिमूलक गर्ने छ ओटा सामाजिक यथार्थवादी प्रगतिवादी *सहयात्री,* पुरुष लिखित नारीवादी *स्वास्नीमान्छे* र महिला लिखित नारीवादी *समानान्तर आकाश,* मनोविश्लेषणात्मक *तीन घुस्ती,* स्त्री समलैङ्गिक *सलिजो* र पुरुष मूल्याङ्कन गरिएको छ । यस अध्ययन तथा विश्लेषणबाट प्राप्त निष्कर्षलाई यहाँ सङ्क्षेपमा पेस गरिएको छ ।

९.१ समष्टिगत निष्कर्ष

नेपाली समालोचना परम्परामा लैङ्गिक समालोचनाको सैद्धान्तिक प्रारूप तयार पार्दै उपन्यास विश्लेषण र मूल्याङ्कनका महत्त्वपूर्ण आधार एवम् प्रतिमानका रूपमा शीर्षक, कथावस्तु, चरित्र र जैविकता, लैङ्गिकताको अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्या, लैङ्गिक चेतना र सशक्तीकरण, यौनिकता, लैङ्गिकताको भाषा एवम् परिणति र सन्देशलाई निर्माण गरी यिनकै आधारमा उपन्यासको विश्लेषण गरिएको छ । लैङ्गिक समालोचनाको सैद्धान्तिक आधार र उपन्यास विश्लेषण र मूल्याङ्कनका प्रतिमान निर्माण गर्नका लागि लैङ्गिक सन्दर्भलाई मूल विषय बनाएर गरिएका अध्ययन, अनुसन्धानबाट निर्मित विभिन्न सैद्धान्तिक र प्रयोगात्मक ग्रन्थहरूको पुनरावलोकन गरिएको छ ।

लैङ्गिकताका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विगतमा भएका पूवकार्यहरूलाई लैङ्गिक अध्ययनसम्बन्धी अङ्ग्रेजी भाषामा भएका पूर्वाध्ययनको पुनरावलोकन, लैङ्गिक अध्ययन सम्बन्धी नेपाली भाषामा भएका पूर्वाध्ययनको पुरावलोकन र लैङ्गिक अध्ययनसम्बन्धी नेपालमा भएका शोधकार्यहरूको पुनरावलोकन गरी तीन भागमा विभाजन गरेर पुनरावलोकन गरिएको छ । लैङ्गिक अध्ययनसम्बन्धी अङ्ग्रेजी भाषामा भएका पूर्वाध्ययनको पुनरावलोकन

गर्ने क्रममा मेरी वोल्स्टनक्राफ्टको *अ भिन्डीकेसन अफ द राइट्स अफ उमन*मा राजनीतिक, आर्थिक, यौनिक तथा शैक्षिक पक्षमा स्त्रीलाई पनि पुरुषलाई जस्तै समान अवसर, अधिकार तथा स्वतन्त्रता दिन सक्ने हो भने समाज लैङ्गिक समानता र स्वतन्त्रतापूर्वक समृद्ध बन्ने विचार राखिएको छ । त्यस्तै यहाँ मिलको *द सब्जेक्सन अफ उमन*, बेबेलको *उमन इन द पास्ट, प्रिजेन्ट एन्ड फ्युचर*, एङ्गेल्सको *द ओरिजिन अफ द फेमिली, प्राइभेट प्रपर्टी एन्ड द स्टेट*जस्ता कृतिको पुरावलोकन गरिएको छ । त्यसै गरी बुभाको *द सेकेन्ड सेक्स*, फुकोको *द हिस्ट्री अफ सेक्सुआलिटी, द युज अफ प्लेजर* तथा *द केयर अफ द सेल्फ*को समीक्षा गर्दै लैङ्गिक अध्ययनका लागि यहाँ उपयोग गरिएको छ । कोनेलको *जेन्डर एन्ड पावर*, बट्लरको *जेन्डर ट्रबल* र *प्रिकारियस लाइफ*, क्रेइगको *मेन, मास्कुलिनिटी एन्ड द मिडिया*, हारालम्बस एन्ड हलबर्नको *सोसिअलोजी : थिम्स एन्ड पर्सपेक्टिभ*, गोडार्ड एन्ड पटर्सनको *ल्याङ्ग्वेज एन्ड जेन्डर*, द वर्ल्ड बैङ्कको *इनजेन्डरिङ्ग डेभलपमेन्ट*, एकर्ट एन्ड गिनेटको *ल्याङ्ग्वेज एन्ड जेन्डर*, जनेट एन्ड मेयर्होफद्वारा *द ह्यान्डबुक अफ ल्याङ्वेज एन्ड जेन्डर*, स्टेवार्ट एन्ड अदर्सको *कम्युनिकेसन एन्ड जेन्डर*, गुनेसकेरको *भ्वाइलेन्स, ल एन्ड उमन्स राइट्स इन साउथ एसिया*, पिल्चर एन्ड ह्वेलहेनको *फिफ्टी की कन्सेप्टस् इन जेन्डर स्टडिज*, मिड एन्ड ह्याङ्क्स्को *अ कम्पानिअन टु जेन्डर हिस्ट्री*, क्रोलोके एन्ड सोरेन्सनको *जेन्डर कम्युनिकेसन थ्योरिज एन्ड अनलाइसिस्*, बुर्भिनिक एन्ड अदर्सको *इक्वालिटी फर उमन*, लुइटेलको *जेन्डर स्टडिज*, चटर्जी एन्ड जगन्नाथन्को *कम्युनिटी, जेन्डर एन्ड भ्वाइलेन्स सबाल्टन स्टडिज* XI., फोल्ब्रे (सन् २००९)को *ग्रिड, लस्ट एन्ड जेन्डर*मा लैङ्गिकता तथा यौनिकतासम्बन्धी विभिन्न सन्दर्भहरूको व्याख्या तथा विश्लेषण गरेको दखिन्छ । उपर्युक्त ग्रन्थहरूको पुनरावलोकनबाट विश्वमा विकसित लैङ्गिक तथा यौनिक अवस्था, समस्या, चेतना तथा वास्तविकताको सत्यापन गरी नेपाली उपन्यासमा रहेका लैङ्गिक तथा यौनिक सन्दर्भहरूको विश्लेषणका लागि उपयुक्त आधार तयार गर्ने कार्य सम्पन्न भएको छ ।

लैङ्गिक अध्ययनसम्बन्धी नेपाली भाषामा भएका पूर्वाध्ययनको पुनरावलोकन गर्दा नेपाली उपन्यासमा लैङ्गिक चेतना र प्रयोग सम्बन्धमा विधागत समालोचना भएको पाइएन । लैङ्गिकताको अध्ययनसँग सरोकार राख्ने नारीवादी अध्ययनसम्बन्धी समालोचना, बहुसांस्कृतिक अध्ययन, लिङ्ग विधान, उत्तर आधुनिक समीक्षाजस्ता शीर्षकहरू केही समालोचनात्मक ग्रन्थ तथा पत्रपत्रिकाहरूमा प्रकाशित छन् । नेपालीमा लैङ्गिक समालोचनाको विधागत पहिचान र विश्लेषण गरिएका सैद्धान्तिक पूर्वकार्यहरू भने भेटिएनन् ।

लैङ्गिक अध्ययनसम्बन्धी नेपालमा भएका शोधकार्यहरूको समीक्षा गरिएको छ । जसअन्तर्गत पौडेल (सन् २०१०) ले मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रहेर त्रि.वि.बाट विद्यावारिधि उपाधिका लागि *जेन्डर एन्ड सेक्सुआलिटी इन म्यागजिन अर्डभर्टाइजिङ अ क्रिटिकल डिस्कोर्स अनालाइसिस* गरेका छन् । त्रिपाठी (२०६८) द्वारा मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रहेर त्रि.वि.बाट विद्यावारिधि उपाधिका लागि *आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना* शीर्षकमा शोधकार्य गरिएको छ ।

पूर्वाध्ययनको समग्र पुनरावलोकनबाट नै विगतमा प्राप्त उपलब्धि र त्यस क्षेत्रमा अनुसन्धान गर्न बाँकी क्षेत्र खुट्याइने हुनाले अनुसन्धानलाई उपुयक्त तथा अपेक्षित बनाउन आधार लिइएको छ । पूर्वाध्ययहरू शोधसमस्या तथा क्षेत्र पहिचान गर्न, शोधकार्यको सैद्धान्तिक ढाँचा तय गर्न सहयोगी भएका छन् । ती आधारबाट नै *नेपाली उपन्यासमा लैङ्गिक चेतना*को विश्लेषणका लागि निश्चित प्रतिमान निर्माण गरी नेपाली उपन्यासको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

लैङ्गिक अध्ययनको इतिहास नारीवादी आन्दोलन र नारीवादसँग प्रत्यक्षतः सम्बन्धित रहेको छ । सन् १९६० पछि विकसित भएको नारीवादले लैङ्गिक अध्ययन तथा लैङ्गिक भूमिकाको खोजी गर्न थाल्यो । तथापि लैङ्गिकताका सवालमा विविध सन्दर्भको उठान गर्दै सन् १७८९ मा ओलम्पे दी गोगेसको *डिक्लेरेसन अफ द राइट्स अफ उमन* कृति प्रकाशित भयो । त्यसको लगत्तै सन् १७९२ मा मेरी बोल्स्टनक्राफ्टको *अ भिन्डीकेसन अफ द राइट्स अफ उमन* पुस्तक सार्वजनिक भयो । उक्त कृतिमार्फत महिलाहरू शिक्षित भई व्यक्तित्व विकास गर्नुपर्ने र स्वतन्त्र भई दासत्वलाई अस्वीकार गर्न सक्ने निर्णयमा पुग्न सक्षम हुनुपर्ने विचार प्रकट गरिएको छ । मानव सभ्यताको प्रारम्भदेखि अहिलेको उत्तरपुँजीवादी युगसम्म आइपुग्दा पनि लैङ्गिकताको अवस्था विभेदकारी नै रहेको छ । कतिपय विकसित मुलुकहरूमा लैङ्गिकताको स्थिति सन्तुलित तथा प्रशंसनीय रहे पनि सामाजिक, यौनिक राजनैतिक आदि सम्पूर्ण क्षेत्रमा लैङ्गिक भेदको जड आर्थिक पक्ष रहेको मिड एन्ड ह्याङ्क्स (२००४) ले जनाएका छन् ।

पैतृक सम्पत्तिको अधिकारबाट महिलालाई वञ्चित गर्नु, महिलाको शरीर र यौनिकतामा पुरुषको नियन्त्रण हुनु तथा पुनरुत्पादन अधिकारबाट महिलालाई वञ्चित गर्नुजस्ता व्यवहारहरू पितृसत्ताका कारणबाट निर्माण भएकाले लैङ्गिक असन्तुलनको प्रमुख कारण र आधार पितृसत्ता हो । महिलाहरू पुरुषका सम्पत्ति हुन्, हरेक महिला कुनै न कुनै पुरुषको अधीनमा रहेकी हुन्छे ।

स्वास्नीले लोग्नेलाई स्वामी, पति, मालिक, भगवान्, ईश्वर, देव भनी अतिसम्मान र आस्था प्रकट गर्न लगाइनु पितृसत्ताकै उपज हो ।

उदार नारीवादले राजनैतिक, आर्थिक, शैक्षिक तथा श्रमसम्बन्धी अधिकार स्थापना गरी कानुनी रूपमा महिला र पुरुषलाई समान व्यवहार गर्नुपर्ने मान्यता राख्दछ भने मार्क्सवादी नारीवादले लैङ्गिक असमानता, दमन, शोषण तथा अधीन बुर्जुआ पुँजीवादी अर्थव्यवस्थाबाट निर्माण भएको, सम्पत्तिको स्वामित्व र अधिकारले गर्दा लैङ्गिक असमानको बीजारोपण गरेकाले समाजमा रहेको आर्थिक संरचना तथा अर्थ व्यवस्थालाई लैङ्गिक विभेदको प्रमुख कारण ठहऱ्याएर त्यसको समूल अन्त्य गर्नुपर्ने विचार राख्दछ । मनोविश्लेषणात्मक नारीवादीले पितृसत्ता कायम राख्न पुरुष उद्यत रहनुमा उनीहरूको व्यक्तित्व, अस्तित्व, हीनता, वंश परम्परा, अभाव आदि रहेको निष्कर्ष निकालेका छन् । अर्कातर्फ जैविक शारीरिक संरचना तथा यौनिकता सम्बन्धभन्दा पनि जीवनका प्रारम्भिक वर्षहरूमा संवेदना र सामाजिक संरचनाबाट बालमनोविज्ञान विकसित हुने हुनाले लैङ्गिक विभेद मनोवैज्ञानिक रूपमा स्थापित तथा संरक्षित भएको धारणा पेस गरिएको छ ।

आमूल नारीवादले पितृसत्ता पूर्ण रूपमा समाप्त पारी महिला सशक्तीकरण गर्नुपर्छ भन्ने मान्यता राख्छ । विपरीत लिङ्गी यौनिकताका कारणले पनि महिला दमित हुनु परेकाले महिला समलिङ्गी यौनिकताले महिला दमन हटाउने धारणा प्रस्तुत गरिएको छ । पारिवारिक, सामाजिक, सांस्कृतिक राजनैतिक तथा यौनिक आदि क्षेत्रमा महिलालाई शोषण र दमन गरिएकाले तत्तत् क्षेत्रमा पुनर्संरचना तथा पुनर्निर्माणको आवश्यकता यसका पक्षपातीले औँल्याएका छन् । महिलाले आफ्नो शरीरमा आफ्नै अधिकार कायम राख्न पाउनुपर्ने तथा विविध क्षेत्रमा आफ्नै स्वामित्व र निर्णय लागु हुनुपर्ने आवाज उठाउँदै नारीवादलाई सशक्त बनाउनुपर्ने मान्यता प्रस्तुत गरिएको छ । अर्थ, राजनीति, विचार, यौनिकता, संस्कृति, घरपरिवार, जातजाति, वर्ग, पेसा, धर्म आदिजस्ता पक्षहरूको समीचीन विश्लेषण गरी महिला तथा पुरुषको सहकार्यबाट सामाजिक विभेद र लैङ्गिक विभेद अन्त्य गर्नुपर्ने समन्वयात्मक धारणासहित स्थापित धारका रूपमा समाजवादी नारीवाद विकास भएको पाइन्छ । पुरुषत्वलाई लैङ्गिक अध्ययन र चेतनाका सन्दर्भमा विश्लेषण तथा उपयोग गर्न सकिन्छ । पुरुषको अध्ययन र आन्दोलन सँगै विकसित भएको धारले लैङ्गिक दमन र असमानतालाई अन्त्य गरी लैङ्गिक सन्तुलन कायम गर्नका लागि आधार प्रदान गर्दछ । पुरुषत्वका सवालमा उत्पन्न मान्यताहरू नारीत्वको विश्लेषणका लागि पनि उत्तिकै सबल हुन्छन् । समाज र संस्कृतिबाट निर्मित पुरुषत्वका विशेषतालाई आधार बनाएर लैङ्गिक चेतनाको खोजी र विश्लेषण गर्न सकिन्छ ।

यौनिकता भन्नाले भिन्न लिङ्ग वा समान लिङ्ग तथा तिनीहरूको यौनिक क्रियाकलाप, यौनिक शक्ति, यौनिक पहिचान, झुकाव, शारीरिक संरचना, हाउभाउ, यौन चाहना तथा व्यवहारहरूको समष्टि रूप भन्ने बुझिन्छ । त्यसका अतिरिक्त पुरुष वा महिलाका यौन व्यवहारहरूको सामाजिक तथा सांस्कृतिक मान्यता, स्वतन्त्रता, निषेध तथा अवसरका सन्दर्भहरूलाई समेत यौनिकताको क्षेत्रअन्तर्गत राखेर विश्लेषण गर्न सकिन्छ । विपरीत लिङ्गी यौनिक व्यवहार महिला र पुरुषबिचको यौनिक सम्बन्ध हो जसलाई परम्परित मूल्यअनुसार प्राकृतिक सम्बन्ध मानिन्छ । व्यक्तिको चेतना, सामाजिक संरचनाले पृथक् लिङ्गी व्यवहार, सम्बन्ध, झुकाव तथा प्रवृत्ति निर्धारण गर्दछ । यस्तो सम्बन्धलाई सामाजिक, सांस्कृतिक तथा कानुनी मान्यता प्राप्त हुन्छ । पृथक् लिङ्गीय संरचनाले गर्दा महिला हिंसा बढिरहेको तर्क नारीवादीहरूको रहेको छ जुन सत्य पनि छ किनकि पितृसत्ताले पुरुष प्रधान तथा महिला गौण स्थानमा रहेको मान्दछ । यौनिक व्यवहार र यौनिक सम्बन्धमा पनि महिलामाथि शोषण र उत्पीडन हुने गरेको पाइन्छ ।

लेज्बियन यौनिकता महिलाले महिलासँग राख्ने यौन चाहना, सम्बन्ध र सन्तुष्टिलाई मात्र बुझाउँदैन । यसका साथै सामाजिक, भाषिक, राजनैतिक, सांस्कृतिक पक्षमा पनि महिला महिलाबिचको सम्बन्धको अवस्थालाई जनाउँछ । त्यस्तै गे यौनिकता भन्नाले एउटा पुरुष अर्को पुरुषसँग आकर्षित हुने, सम्बन्ध राख्ने तथा सन्तुष्ट हुने अवस्था हो । यसका साथै सामाजिक सम्बन्ध पनि पुरुषको पुरुषसँगै निहित हुने अवस्था हो । द्विलिङ्गी यौनिकता अन्य यौनिकताका तुलनामा अझ बढी शारीरिक, मनोवैज्ञानिक र सामाजिक हिसाबले जटिल मानिन्छ । आकर्षण, माया तथा भावनात्मक सम्बन्धको प्रगाढतामा यौन सम्पर्कमा मात्र यस्तो यौनिकता सीमित बन्दछ । परिवर्तित लिङ्गी यौनिकता भन्नाले महिलाले पुरुषको आकृति, प्रकृति, व्यवहारसँग मिल्ने र पुरुषले महिलाको आकृति, स्वरूप, प्रकृति, व्यवहारसँग मिल्ने गेटअप वा स्वरूपमा यौन सम्बन्ध राख्नु हो । अन्तरलिङ्गी यौनिक व्यवहार भएका व्यक्तिहरूको सामाजिक लिङ्ग, पहिचान तथा अस्तित्व बढी सङ्क्रमणयुक्त, जटिल तथा विरोधाभासी रहेको पाइन्छ ।

लैङ्गिक समानता भनेको स्त्री हुन् वा पुरुष सबै व्यक्तिहरूका लागि समानस्तर, अधिकार तथा उत्तरदायित्व हो भने समताले विशेष अधिकार, आरक्षण तथा अवसर भन्ने जनाउँछ ।स्त्री र पुरुषले गर्ने विभिन्न कार्यहरू, जसलाई समाजले प्रत्यक्ष वा परोक्ष रूपमा निर्धारण र वर्गीकरण गरेका हुन्छन्, त्यस्ता कार्य नै लैङ्गिक भूमिकाअन्तर्गत पर्दछन् । आय वा आम्दानीका लागि गरिने भूमिका खेती किसानी, पशुपालन, व्यापार व्यवसाय, जागिर, मजदुरी, बेचविखन, सामान उत्पादन, उद्योग सञ्चालन, सामान वितरण आदि उत्पादन हुन् । जुन कार्यबाट आर्थिक

लाभ प्राप्त हुँदैन वा आर्थिक प्रतिफलका रूपमा रूपान्तरण गर्न नमिल्ने कार्यहरू अनुत्पादक भूमिकाअन्तर्गत पर्दछन् । सामाजिक सांस्कृतिक, राजनैतिक वा सामुदायिक प्रतिष्ठा प्राप्त गर्ने कार्य, आपसी सहयोग तथा सम्बन्ध बढाउने कार्य, समाजको भलाइ र प्रगति हुने कार्य, प्राकृतिक स्रोत, साधन तथा सम्पदाको संरक्षण सम्वर्धन गर्ने कार्य, राजनीतिक नेतृत्व गर्ने कार्य आदि कार्यहरू सामुदायिक भूमिकाअन्तर्गत पर्दछन् ।

यस्ता कार्यबाट प्रत्यक्ष आर्थिक लाभ भने प्राप्त हुँदैन । समाज र संस्कृतिले प्राकृतिक लिङ्गलाई आधार बनाएर स्त्री र पुरुषका लागि फरक फरक व्यवहारहरू इङ्गित गर्दछ भने त्यसलाई लैङ्गिक विभेद भन्न सकिन्छ । कुनै पनि अधिकार अवसर तथा सामाजिक मूल्य मान्यताबाट वञ्चित गराइएकाहरूलाई विशेष अवसर र सहुलियतसहित उनीहरूको आत्मसम्मानमा वृद्धि गरी सम्पूर्ण स्रोत साधनमा पहुँच पुऱ्याएर अधिकार सम्पन्न बनाउनु र सक्षम तुल्याउने कार्य गर्नु सशक्तीकरण हो भने लैङ्गिकताका आधारमा पछाडि पारिएका र नियन्त्रणमा परेकाहरूलाई शक्ति सम्पन्न गराउने प्रक्रियालाई लैङ्गिक सशक्तीकरण भनिन्छ । महिला तथा पुरुषले गर्ने भाषिक प्रयोग, विपरीत लिङ्गी तथा समलिङ्गीले गर्ने भाषिक प्रयोग, तिनीहरूको परस्पर र भिन्न भिन्न परिचय तथा पहिचानका लागि प्रयोग गरिने भाषालाई लैङ्गिकताको भाषा भनिन्छ । लैङ्गिकताको भाषाअन्तर्गत विभिन्न लैङ्गिक परिचय भएका व्यक्तिहरूले गर्ने भाषिक प्रयोग जस्तै उच्चारण, शब्दभण्डार, वाक्य गठन, विशेष शब्दावली, आपसी संवाद तथा सञ्चार आदि पक्षहरू पर्दछन् । व्यापक सन्दर्भमा लैङ्गिकता तथा सङ्कथनको समग्र पक्षलाई लैङ्गिकताको भाषा भनिन्छ ।

लैङ्गिक समालोचनाले कृतिभित्र रहेका विचार, कथावस्तु, चरित्र, परिवेश, भाषा र यौनिकता लगायतका लैङ्गिकता तथा लैङ्गिक भूमिकाको लैङ्गिक दृष्टिले विश्लेषण गर्दछ । नेपाली उपन्यास विधामा मात्र सीमित भएकाले उपन्यास विश्लेषणका लागि निश्चित आधार तयार गरिएको छ जसका आधारमा विश्लेष्य उपन्यासमा रहेका लैङ्गिक अवस्थाको विश्लेषण गरिएको छ । उपन्यासको लैङ्गिक विश्लेषण का लागि यहाँ निर्माण र उपयोग गरिएका आधार मात्र पूर्ण आधार हुन् भन्न सकिँदैन । त्यो अध्येताको उद्देश्य, प्रयोजन तथा उपन्यासको प्रकृतिमा निर्भर रहन्छ ।

लैङ्गिकतासँग सम्बन्धित विविध सन्दर्भहरूको उपन्यासमा खोजी गरी त्यसका आधारमा उपन्यासको विश्लेषण र मूल्याङ्कन गर्ने हेतु तथा अध्ययनको उद्देश्यलाई मुख्य केन्द्र बनाएर शीर्षक, कथावस्तु, चरित्र र जैविकता, लैङ्गिकताको अवस्था, लैङ्गिक भूमिका,लैङ्गिक समस्या,

लैङ्गिक चेतना र सशक्तीकरण, यौनिकता, लैङ्गिकताको भाषा तथा परिणति र सन्देशलाई उपन्यास विश्लेषणका प्रमुख आधार बनाई छनोटमा परेका छ ओटा उपन्यासको लैङ्गिक तथा यौनिक दृष्टिले विश्लेषण गरिएको छ ।

*नेपाली उपन्यासमा लैङ्गिक चेतना*को विश्लेषणका लागि नेपाली भाषामा लेखिएका १९८९ सालदेखि २०६८ सालसम्मका विभिन्न उपन्यासको अध्ययन गरी लैङ्गिक तथा यौनिक समस्या र चेतना प्रयोग भएका जम्मा छयालिस ओटा उपन्यासलाई यस अनुसन्धानमा समावेश गरिएको छ । लैङ्गिक समस्या र चेतना प्रयोग गरिएका एक जना उपन्यासकारको एउटा मात्र उपन्यासका दरले जम्मा छयालिस जना उपन्यासकारका नेपाली भाषामा लेखिएका लैङ्गिक समस्या र चेतना प्रयोग भएका छयालिस ओटा उपन्यासको सर्वेक्षण गरिएको छ । सर्वेक्षण गरिएका *राजपूत रमणी, रूपमती, भ्रमर, माइतघर, को अछूत?, स्वास्नीमान्छे, शान्ति, गंकी, प्रतिज्ञा, अनुराधा, पल्लो घरको झ्याल, पश्चात्ताप, चम्पा, आशमाया, तीन घुम्ती, अतृप्त, छेकुडोल्मा, इन्साफ, मम्मी, निर्बन्ध, अनीता, बेचिएकी चेली, स्वर्गीय हीरादेवीको खोज, सहयात्री, बोनी, अतिरिक्त, त्रिदेवी, तरुनी खेती, अन्तर्द्वन्द्व, अन्त्यहीन अन्त्य, नन्दिता, अघोषित द्वन्द्व, उसको लोग्ने र बिरालो, निष्कर्ष, निर्णय, राधा, समानान्तर आकाश, अर्धसत्य, मानसी, वल्लीको डायरी, हीरा, त्रिवेणी आमा, सलिजो, अनावृत्त, अग्निवाटिका* र *कुमारी आमा* गरी जम्मा छयालिस ओटा उपन्यासमध्ये सत्र ओटा उपन्यास नारी लिखित छन् भने उनन्तिस ओटा उपन्यास पुरुष लिखित रहेका छन् ।

उपर्युक्त उपन्यासमा लैङ्गिकता तथा यौनिक सचेतना व्यक्त गरिएको भए पनि औपन्यासिक कला तथा समाजसापेक्ष प्रस्तुतिको अभाव रहेको छ भने कतिपय उपन्यासमा लैङ्गिकता तथा यौनिक समस्याहरू उठान भए पनि सचेतना र सशक्तताको अभाव रहेको छ । नेपाली उपन्यास परम्परामा देखापरेका विविध औपन्यासिक विचार तथा मान्यताको प्रतिनिधित्व गर्नसक्ने लैङ्गिक तथा यौनिक दृष्टिले सबैभन्दा सचेत, सशक्त र प्रभावकारी ठहरिएका विभिन्न क्षेत्रका प्रतिनिधिमूलक उपन्यासमध्ये सामाजिक यथार्थवादी प्रगतिवादी *सहयात्री*, पुरुष लिखित नारीवादी *स्वास्नीमान्छे* र महिला लिखित नारीवादी *समानान्तर आकाश*, मनोविश्लेषणात्मक *तीन घुम्ती*, स्त्री समलैङ्गिक *सलिजो* र पुरुष समलैङ्गिक *अर्धसत्य* गरी एक एक ओटा गरी जम्मा छ ओटा उपन्यासको मात्र विश्लेषणका लागि छनोट गरिएको छ ।

हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* लैङ्गिक समस्यामूलक उपन्यास हो । तत्कालीन समाजमा नारीले भोग्नुपरेका समस्या तथा विकृतिहरू उठान गरी तिनीहरूको अन्त्य गर्नुपर्ने

सशक्त नारीवादी विचार प्रकट गरिएको यो उपन्यास वैचारिक सघनता बोकेको स्वच्छन्दतावादी क्रान्तिकारी उपन्यास हो । तत्कालीन समाजको सामाजिक र वर्गीय विभेदका सिकार नारीहरू भएका र उनीहरूको मुक्ति तथा स्वतन्त्रता र समानताको आवश्यकता औंल्याइएकाले लैङ्गिक दृष्टिले सकारात्मक छ ।

समाजमा रहेका विभिन्न परिवेशमा नारीले भोगेका भोगाइ, समस्या, मनोविज्ञान, बाध्यता, आर्थिक समस्या, वेश्यावृत्ति, सौतेनी व्यवहार, पुरुषको नियन्त्रण र षडयन्त्रमा पर्नुपरेको अवस्था, सुधारको चाहना, समर्पण, लैङ्गिक हिंसा र अन्याय गर्ने व्यक्तिको अन्त्य, सामाजिक समृद्धिको अपेक्षा तथा लैङ्गिक समानताको कथावस्तु समावेश भएको यो उपन्यास लैङ्गिक दृष्टिले सान्दर्भिक र प्रभावकारी रहेको छ ।

विभिन्न पात्रका माध्यमबाट उपन्यासकारले लैङ्गिक सशक्तीकरणलाई प्राथमिकता दिएका छन् । उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा सचेत, सशक्त एवम् सन्तुलित तथा अपेक्षित बन्न नसके तापनि तत्कालीन समय र समाजको सान्दर्भिकतामा आधारित भएकाले विभेदयुक्त, असन्तुलित एवम् अनपेक्षित छ जसले उपन्यासलाई जीवन्त तुल्याएको छ । नेपाली समाजका लैङ्गिक हिंसा र समस्याहरू अन्त्य गर्न आधार प्राप्त गर्न सकिने हुनाले यो उपन्यास अपेक्षणीय बनेको छ । पात्रहरूले निर्वाह गरेका भूमिकामा लेखकीय दबाब रहेको *स्वास्नीमान्छे*मा प्रयोग गरिएको भाषामा पनि सीमा रहेका छन् । तथापि उपन्यासमा क्रान्ति र स्वतन्त्रताले नारीलाई पुरुषसरह सक्षम बनाउन र लैङ्गिक समानता कायम गर्न सकेमा समाज र देशलाई समृद्ध तथा समुन्नत बनाउन सकिने सशक्त तथा सन्तुलित विचार व्यक्त गरिएको सफल उपन्यासका रूपमा यसलाई लिइएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको *तीन घुम्ती* उपन्यास अत्यन्त प्रभावकारी उपन्यास हो । यस उपन्यासमा लैङ्गिक सन्दर्भका विविध पक्षहरू उद्घाटन गर्दै 'स्व' को खोजी र अस्तित्व निर्माणमा सचेत ढङ्गले सक्रिय रहनुपर्ने आग्रह गर्दै नारीत्व तथा नारीका समाजमनोवैज्ञानिक समस्याहरूको उद्घाटन गरिएको छ । उपन्यासमा पितृसत्तात्मक समाजका पुरुषको सोचाइ र व्यवहार तथा उक्त समाजमा नारीत्व र मातृत्वका लागि नारीले भोग्नुपरेका भोगाइको सघन चित्रण छ । लैङ्गिक दृष्टिले विश्लेषण गर्दा लैङ्गिक समस्या, मनोविज्ञान र सशक्तीकरणको खोजी गर्दै विद्रोही चेतना भएकी इन्द्रमायाका विविध निर्णयलाई प्राधान्य दिइएकाले उपन्यास सान्दर्भिक र उपयुक्त बनेको देखिन्छ ।

*तीन घुम्ती*मा लैङ्गिक समस्या, पितृसत्तात्मक संस्कृति र मनोविज्ञान, यौनिक आवश्यक र त्यसको मौलिक उपभोग, लैङ्गिक सचेतना र सशक्तता, स्वको खोजी, लैङ्गिक स्वतन्त्रताजस्ता विषय रहेका छन् । उपन्यासकारले लैङ्गिक स्वतन्त्रता र अस्तित्व निर्माणका लागि पितृसत्तात्मक सामाजिक संरचनाको चपेटामा परी नियन्त्रित बनेका नारीहरूलाई स्वतन्त्र र सशक्त जीवनयापन गर्न आग्रह गर्दै पितृसत्तात्मक समाजका कमजोरीहरू, नारीमा उत्पन्न भावावेग र यौनिक आवश्यकता तथा सन्तुष्टि, आत्मिक प्रेम, पत्नीत्व र मातृत्वको सिर्जनात्मक र मौलिक सन्दर्भहरूलाई मनोविश्लेषणात्मक ढङ्गले पेस गरेका छन् ।

लैङ्गिक दृष्टिले *तीन घुम्ती*को भाषा समानान्तर, सन्तुलित, पात्रानुकूल तथा अपेक्षित रहेको छ । समकालीन समयमा लैङ्गिक सशक्तीकरणको प्रवाह बढिरहेका बेला शैक्षणिक दृष्टिले अत्यन्त सान्दर्भिक छ । यहाँ व्यक्त गरिएका विचार तथा जीवनशैलीहरू मौलिक, स्वच्छन्द, प्राकृतिक तथा वैज्ञानिक हुँदाहुँदै पनि स्थापित नारीवादी तथा लैङ्गिक वैचारिक उपलब्धिलाई पूर्ण परिपालन गर्न नसकेकाले र संस्थागत सघनता तथा सामुदायिक प्रसारात्मक व्यवस्थापनमा निरपेक्ष देखिन्छ । उपन्यास लैङ्गिक सघनता तथा नारीवादी दृष्टिकोणतर्फ मुखर रहे पनि लैङ्गिक दृष्टिमा सन्तुलति बन्न सकेको छैन । लैङ्गिक चेतना र सशक्तीकरणसहित मनोयौनिक स्वतन्त्रताको विषयलाई मूल कथ्य बनाएर नारी स्वतन्त्रता तथा स्वअस्तित्वका सफल उपन्यास देखिन्छ ।

उपन्यासकार शीतविन्दुद्वारा लेखिएको *सहयात्री* राजनीतिक कथावस्तुलाई केन्द्रीय आधार बनाइएको प्रगतिवादी सामाजिक उपन्यास हो । लैङ्गिक समस्याको विशिष्ट व्याख्या गर्दै पितृसत्तात्मक समाजको अन्त्य गर्नका लागि राजनीतिक परिवर्तन आवश्यक रहेको जनाइएको छ । नारी पात्रलाई केन्द्रीयता दिइएको यस उपन्यासमा नारी र पुरुषको सचेत सहभागिताबाट मात्र समाजमा रहेका लैङ्गिक, वर्गीय तथा जातीय समस्याको अन्त्य गर्न सकिने विचार छ । नेपाली समाजका ग्रामीण जनजीवनहरूलाई मिहिन ढङ्गले उठान गरिएको यस उपन्यासमा समानतामूलक समाजको निर्माणका लागि क्रान्तिकारीहरूको विजय र सामन्तवादी समाजको पराजयतर्फ सङ्केत गरिएकाले *सहयात्री* समाजवादी उपन्यासका रूपमा रहेको छ ।

सामाजिक, राजनैतिक, लैङ्गिक तथा वर्गीय अन्याय र अत्याचारबाट आहत बनेको नेपाली समाजमा रहेका मूलतः लैङ्गिक समस्याहरूको उद्घाटन गर्दै ती समस्यालाई निरीहतापूर्वक भोगिरहेका नारीहरूको वास्तविक प्रस्तुति गरेर उनीहरूमा वैचारिक चेतना तथा लैङ्गिक सशक्तता निर्माण गरी सामाजिक परिवर्तन एवम् सङ्घर्षमा सहभागी र नेतृत्व दिने

क्षमतासमेत विकास भएको तथा नारी पुरुषको समान सहभागितामा प्रजातन्त्रको उदय भएकाले उपन्यासमा प्रगतिवादी विचार सहितका सामाजिक यथार्थवादी कथावस्तु रहेको छ । लैङ्गिकताका वास्तविक अवस्थाको उद्घाटन गर्ने सन्दर्भमा पात्रानुकूल लैङ्गिकताको भाषा प्रयोगमा रहेको छ । यस्तो भाषा नारीवादी चेतना तथा लैङ्गिक दृष्टिले सन्तुलित मानिंदैन तर सान्दर्भिक प्रस्तुतिका लागि स्वाभाविक छ । नारीलाई केन्द्रीय भूमिका दिएर पुरुषसँगको समानान्तर सहकार्य तथा सक्रियताले मात्र सामाजिक परिवर्तन सम्भव देखाउनु लैङ्गिक दृष्टिमा सकारात्मक मानिन्छ । समाजवादी उद्देश्य राखिएको यो उपन्यास शैक्षणिक दृष्टिले पनि उपयुक्त छ ।

लैङ्गिक हिंसा तथा सामाजिक समस्याको अन्त्य गर्न नारी र पुरुषको समानान्तर राजनैतिक सङ्घर्ष एवम् सामाजिक लैङ्गिक जागरण सफल बनेको छ । सचेतना र सशक्त विचारसहित दृढ आत्मविश्वास बोकेर समर्पित हुने आग्रह गर्दै समाजको परिवर्तन तथा विकासमा नारी र पुरुषको समानान्तर केन्द्रीय भूमिका हुने देखाइएकाले लैङ्गिक सशक्तीकरणको अपेक्षासहितको सन्तुलित उपन्यास बनेको छ ।

पद्मावती सिंहको *समानान्तर आकाश* नेपाली समाजमा व्याप्त लैङ्गिक समस्याहरू तथा तिनीहरूको समाधानका सन्दर्भलाई सचेत र सशक्त ढङ्गले प्रस्तुत गर्दै लैङ्गिक समानता र सन्तुलनको मुख्य उद्देश्य बनाएर तयार पारिएको उपन्यास हो । लैङ्गिकताका विविध समस्या र सन्दर्भहरू प्रस्तुत गरिएको छ । परम्परित पितृसत्तात्मक सामाजिक सङ्कीर्ण मानसिकताका कारणले नेपाली समाजका नारीहरूले भोग्नुपरेका लैङ्गिक तथा यौनिक हिंसा, अन्याय र अत्याचारलाई उठान गर्दै नारीको सशक्तीकरण आवश्यक रहेको जनाइएको छ । नारीमा प्रशस्त क्षमता र सामर्थ्य भए पनि पुरुषको नियन्त्रण तथा अधीनताका कारणले क्षमता प्रस्फुटन गर्न नसकेको अवस्थाप्रति सङ्केत गर्दै नारीले लैङ्गिक स्वतन्त्रता, समानता र स्वअस्तित्वका लागि सङ्घर्ष गर्दै सक्षमता कायम गर्न सफल रहेको यस उपन्यास नारी सशक्तीकरणका विषयलाई मूल कथावस्तु बनाइएको र लैङ्गिक स्वतन्त्रता तथा समानताका पक्षलाई सघन ढङ्गले उठाइएकाले लैङ्गिक दृष्टिले सन्तुलित छ ।

उपन्यासको कथावस्तुमा लैङ्गिक समस्याका सन्दर्भ र ती समस्याको समाधानका लागि गरिएका विद्रोह, सङ्घर्ष तथा सफलता देखाइएको छ । त्यस्तै लैङ्गिक सक्षमता, सघनता, समानता एवम् सशक्तीकरणसहित स्वतन्त्रताको पक्षमा कथावस्तुलाई अभिमुख गराएर सफल देखाइएकाले यस उपन्यासको कथावस्तु लैङ्गिक दृष्टिले प्रभावकारी बनेको छ ।

लैङ्गिक चेतना र सशक्तीकरणका माध्यमबाट लैङ्गिक सन्तुलन स्थापनातर्फ अभिमुख रहेकाले उपन्यासभित्र धेरै सन्दर्भ लैङ्गिक चेतना एवम् सशक्तीकरणमै केन्द्रित रहेका छन् । नेपाली समाजका तमाम लैङ्गिक पक्षमा सचेत एवम् आत्मविश्वास पूर्वक सक्रिय रूपमा सहभागी हुनुपर्ने सचेत र सशक्त आवाज उठाइएको छ । कतिपय चेतना आर्थिक सशक्तीकरणसँग जोडिएका छन् भने कतिपय चेतना लैङ्गिक र यौनिक हिंसाका विरुद्धमा छन् । त्यस्तै पहिचान, मातृत्व अधिकार, प्रतिष्ठा आदि पक्षमा लैङ्गिक सशक्तीकरणको सफलतापूर्वक आह्वान गरिएको छ । तसर्थ यो उपन्यास लैङ्गिक दृष्टिले सन्तुलित छ ।

लैङ्गिक हिंसा निरन्तर जारी रहेको र तिनीहरूको सर्वत्र उद्घाटन भइरहेको वर्तमान नेपाली समाजमा चेतना, सक्षमता एवम् सशक्तीकरणसहित लैङ्गिक सन्तुलन कायम गर्दै विभेदपूर्ण समाजलाई समानतामूलक समाजमा पुनर्निमाण वा रूपान्तरण गर्न आवश्यक प्रेरणा दिनसक्ने भएकाले पनि यस उपन्यासको शैक्षणिक सान्दर्भिकता रहेको छ । पितृसत्तात्मक परम्परावादी र सङ्कीर्ण समाजका मूल्य तथा संरचनाहरूलाई चुनौती दिँदै लैङ्गिक अस्तित्व र स्वतन्त्रताका लागि विद्रोह गर्ने उपन्यासका मुख्य नारी पात्रहरूको व्यक्तिगत सुख एवम् समृद्धि अपेक्षाकृत नभए तापनि ग्रामीण भेगमा लैङ्गिक विभेद र अत्याचार निर्मूल पार्दै लैङ्गिक सशक्तीकरणका लागि सक्षम बनेको देखाइएको छ । संस्थागत एवम् समुदायगत लैङ्गिक विकासको अभियानमा समर्पित भई सफल बनेको देखाइनु सकारात्मक सङ्केत हो ।

इन्द्रकुमार श्रेष्ठ 'सरित्'को *अर्धसत्य* मानव मनका मनोयौनिक अन्तर्द्वन्द्वलाई शिष्टतापूर्वक परिपक्व प्रस्तुतिमा पस्किएर यौनमनोवैज्ञानिक वास्तविकता, असन्तुष्टि, अपेक्षा तथा रिक्ततालाई सफलतापूर्वक चित्रण गरिएको उपन्यास हो । समयौनिक वा समलिङ्गी यौन मनोविज्ञानलाई केन्द्रीय पक्ष बनाएर *अर्धसत्य* निर्माण भएको छ । लैङ्गिक र यौनिक सशक्तीकरण तथा अग्रीकृत चाहनामुताविक उपन्यासकारले सीमान्तीय यौनिक समुदायलाई मूल प्रवाहीकरण गर्ने लक्ष्यसहित पात्रहरूलाई स्वतन्त्र पहिचान, स्वत्व तथा स्वतन्त्र अस्तित्वको आग्रहसहित अल्पसङ्ख्यक यौनिक समुदायको हक, अधिकारतर्फ अभिमुख गराउन नसक्नाले यो उपन्यास विचारप्रधान वा यौनिक अधिकारको विचार प्रवाह गर्ने उपन्यासका रूपमा भने स्थापित हुन सकेको छैन तर मनोयौनिक यथार्थहरूको उद्घाटन गर्दै मानवीय यौनिक जटिलताहरू, ती जटिल समस्याका बाध्यात्मक स्रोत, समलिङ्गी यौनिक चाहना तथा विपरीत लिङ्गी यौनिक भोगाइको बाध्यताबाट निर्मित द्विलिङ्गी यौनिकता, असन्तुष्टि र कुण्ठा एवम् चुनौतीहरूलाई भने मर्मस्पर्शी ढाँचामा व्यक्त गरिएको छ । समयौनिक मनोदशाका कारणले व्यक्तिमा उत्पन्न जटिल मनोग्रन्थि बोकेर जीवनभर अतृप्त चाहनासहित असन्तुष्टि भोग्न बाध्य बनिरहेको समस्याग्रस्त

जीवनकै केन्द्रीयतामा आधारित रहेकाले यस उपन्यासमा पुरुष समलिङ्गी यौनिक सन्दर्भ तथा त्यसबाट उत्पन्न समस्याहरूको उद्घाटन गरिएको छ ।

*अर्धसत्य*मा अपेक्षित भाषाको प्रयोग भएको पाइँदैन । लैङ्गिक दृष्टिले हेर्दा यस उपन्यासमा लैङ्गिक एवम् यौनिक सशक्तीकरण, सन्तुलन तथा सबलताका सन्दर्भ नभएकाले अपेक्षाकृत नठरिए तापनि यौनिक समस्याको विशिष्ट उद्घाटन गरिएकाले मनोवैज्ञानिक विश्लेषण लागि उपयोगी रहेको छ ।

सलिजो उपन्यासकार मोहनराज शर्माको उपन्यास विधामा नवीन विचार र प्रयोगको नमुना हो । यो उपन्यास समलिङ्गी यौनिकता र तेस्रो लिङ्गी समुदायका जीवन व्यवहारलाई उद्घाटन गर्दै तिनीहरूको पक्षपोषण तथा सशक्तीकरणको विचार प्रवाह गर्ने उपन्यास बनेको छ । लैङ्गिक दृष्टिमा *सलिजो*मा समावेश गरिएका कथावस्तु उपयुक्त, र समयानुकूल रहेका छन् भने यौनिक सशक्तीकरणका मुद्दामा केन्द्रित छन् । सलिजोमा उपन्यासकारले यौनिक र लैङ्गिक अल्पसङ्ख्यकलाई हरेक क्षेत्रमा सशक्ततापूर्ण सक्रिय रहन र अन्य मानवसरह हक, अधिकार तथा सुविधा हासिल गर्नका लागि अनवरत सङ्घर्ष गर्न आह्वान गरेका छन् ।

यस उपन्यासमा पितृसत्तात्मक अन्धविश्वासलाई अन्त्य गरी समानतामूलक समाजको स्थापना गर्न र समलिङ्गी तथा तेस्रो लिङ्गी समुदायलाई सामाजिक, सामुदायिक, राजनीतिक तथा आर्थिक पक्षमा सक्षम बनाउनुपर्ने विचार व्यक्त गरिएको छ । उपन्यासकार समलिङ्गी तथा तेस्रो लिङ्गीहरूका आपसी सम्बन्धसूचक भाषिक प्रयोग, समभाव राख्ने पात्रहरूको भाषिक व्यवहार आदिको निर्माण र प्रयोगमा सचेत रहेको देखिन्छ । त्यस्तै विभेदकारी पितृसत्ता र विसमलिङ्गीहरूले समलिङ्गीहरूप्रति गर्ने उपेक्षापूर्ण र हिंसाजन्य भाषिक व्यवहारलाई पनि पात्रानुकूल स्वाभाविक ढङ्गले व्यक्त गरिएको छ । *सलिजो* समयौनिकताका पीडा तथा अवस्थाको उद्घाटन गर्दै त्यसका उपलब्धि एवम् सीमासमेत उठान गरिएकाले अर्थपूर्ण बनेको छ । उपन्यासकारले समभाव र सशक्तीकरणलाई औपन्यासिक उद्देश्य बनाएर प्रभावकारी तथा सार्थक बनाएका छन् ।

उपर्युक्त छ ओटा उपन्यासका प्रमुख विशेषताहरुलाई निम्नानुसार देखाउन सकिन्छ :

उपन्यास	विशेषता
स्वास्नीमान्छे	नारीवादी, क्रान्तिकारी, लैङ्गिक समस्यामूलक, लैङ्गिक चेतना र सशक्तीरणतर्फ मुखरित, लैङ्गिक समस्या समाधानमा नारी र पुरुषको समान सहभागिता प्रस्तुत गरिएको, लैङ्गिक समस्या समाधानमा संस्थागत पहलको आग्रह गरिएको, तत्कालीन नेपाली समाजको लैङ्गिक तथा यौनिक शोषण र अत्याचारको उद्घाटन गरिएको, पात्रानुकूल तर लैङ्गिक हिंसाजन्य भाषाको प्रयोग, लैङ्गिक हिंसा र अन्याय गर्ने असत् चरित्रको अन्त्य देखाइएको, नारीकेन्द्री शीर्षक, पितृसत्तात्मक नेपाली समाजका कारणले नारी वेश्यावृत्तिमा होमिनुपरेको खुलासा, ध्वंसात्मक परिणति देखाइएको ।
तीन घुम्ती	मनोयौनिक समस्यामूलक, लैङ्गिक तथा यौनिक चेतना, स्वतन्त्र जीवनबोध, सशक्तीकरण तथा सक्षमता प्रकट, लैङ्गिक समस्या समाधानतर्फ नारीको मात्र सक्रियता देखाइएको, आर्थिक भूमिकामा नारीको सक्रियता, पितृसत्तात्मक संरचनालाई चुनौती, नारी पात्रको केन्द्रीयता, शीर्षक चयनमा प्रमुख नारी पात्रका जीवनयात्रालाई प्रतिबिम्बन गरिएको । लैङ्गिक स्वतन्त्रताको पक्षपोषण गरिएको, लैङ्गिक दृष्टिले सन्तुलित भाषा प्रयोग गरिएको ।
सहयात्री	लैङ्गिक सन्तुलनयुक्त सामाजिक र राजनीतिक भूमिका वा सक्रियताको नमुना, पात्रानुकूल तर लैङ्गिक विभेदयुक्त भाषाको प्रयोग, कलात्मक भाषिक प्रस्तुति, समानान्तर र सन्तुलित भूमिकाको प्रतिबिम्बन गर्ने शीर्षक, पितृसत्तात्मक सामाजिक र राजनीतिक संरचनाको परिवर्तनतर्फ सङ्केत, लैङ्गिक मुद्दा उठान भए पनि परिणतिमा अपेक्षित सन्तुलन कायम नभएको, सामाजिक रूपान्तरणमा लेखकीय आग्रह ।
समानान्तर आकाश	नारीवादी, लैङ्गिक सचेतता र सशक्तताको नमुना, लैङ्गिक सक्षमताको उद्घाटन, पितृसत्तात्मक मानसिकता र व्यवहारलाई चुनौती, लैङ्गिक तथा यौनिक स्वतन्त्रताको पक्षपोषण, सामुदायिक र उत्पादक भूमिकामा नारीको अग्रसरता एवम् सफलता देखाइएको, लैङ्गिक स्वतन्त्रताको पक्षपोषण गरिएको, लैङ्गिक दृष्टिले सन्तुलित भाषा प्रयोग गरिएको, लैङ्गिक विभेद र समस्या समाधान संस्थागत पहल भए पनि परिणति सन्तोषजनक नरहेको, पितृसत्तात्मक सामाजिक संरचनामा परिवर्तन गरी समानतामूलक समाजको निर्माणमा जोड, लैङ्गिक सन्तुलनभन्दा नारीपक्षीय विचार र व्यवहारको उद्घाटन भएको ।
अर्धसत्य	मनोयौनिक समस्याको उद्घाटन, पुरुष समयौनिक जटिलताको प्रस्तुति, यौनिक समस्याबाट निर्मित अन्तर्द्वन्द्वको चित्रण, लैङ्गिक तथा यौनिक चेतना र सशक्तताको विचार व्यक्त नगरिएको, लैङ्गिक दृष्टिले अनपेक्षित, समयौनिक मनोविज्ञानलाई असामान्य ठान्ने परम्परित मानसिकताको उठान गरिएको ।
सलिजो	स्त्रीसमयौनिक मनोविज्ञानको उद्घाटन, परम्परागत पितृसत्तात्मक विपरीत लिङ्गी यौनिकतामाथि प्रहार, प्रतिरक्षात्मक सक्षमताको प्रस्तुति, समलिङ्गी अधिकारको उठान, आमूल नारीवादी विचारको प्रकटन, यौनिक तथा लैङ्गिक अधिकारको पक्षपोषण, लैङ्गिक र यौनिक समभावको आग्रह, समलिङ्गी र तेस्रो लिङ्गीको सामाजिक र राजनीतिक अधिकारको खोजी, लैङ्गिक उत्पादक भूमिकाको उठान, यौनिक अधिकारको संस्थागत प्रवर्धनमा जोड, लैङ्गिक तथा यौनिक समानता र समभावको आग्रह ।

९.२ तुलनात्मक निष्कर्ष

नेपाली उपन्यासमा लैङ्गिक चेतना शीर्षकमा आधारित प्रस्तुत अनुसन्धानमा मूलतः नेपाली उपन्यासमा रहेको लैङ्गिक अवस्था तथा चेतना एवम् यौनिक सन्दर्भहरूको स्थिति पहिल्याउँदै लैङ्गिक दृष्टिले विश्लेषण गरिएको छ । अध्ययनबाट प्राप्त निष्कर्ष तुलनात्मक रूपमा यसरी राखिएको छ :

विश्लेष्य छ ओटा उपन्यासका शीर्षकको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्दा *स्वास्नीमान्छे* नारीलाई केन्द्र बनाएर उनीहरूका समस्या तथा समाधानको वैचारिक सन्दर्भसहित शीर्षकमै अग्रभूमि तथा प्राधान्य दिइएकाले उपयुक्त छ । *तीन घुम्ती* उपन्यासकी सशक्त र विद्रोही नारी पात्रले गरेका चुनौतीपूर्ण निर्णयलाई सङ्केत गरिएकाले लाक्षणिक तथा सान्दर्भिक छ । *सहयात्री*को शीर्षक लैङ्गिक सन्तुलन तथा समानान्तर अस्तित्वमा केन्द्रित रहेकाले उपयुक्त छ । *समानान्तर आकाश*ले पुरुषका सापेक्षतामा नारीहरू समानान्तर ढङ्गले सक्षम तथा सशक्त बन्न सक्छन् र बन्नुपर्छ भन्ने मूल कथ्यलाई प्रतिबिम्बन गर्ने हुनाले प्रभावकारी बनेको छ । *अर्धसत्य* लाक्षणिक शीर्षक भए पनि लैङ्गिक दृष्टिले सामान्य छ । *सलिजो* प्रयोशील भएरै पनि औपन्यासिक भावभूमि बहन गर्नसक्ने हुनाले प्रभावकारी शीर्षक बनेको छ । यहाँ *स्वास्नीमान्छे, सहयात्री* तथा *समानान्तर आकाश* शीर्षक उच्च स्तरका रहेका छन् । *तीन घुम्ती* र *सलिजो* मध्यम स्तरका शीर्षक हुन् भने *अर्धसत्य* शीर्षक सामान्य हो ।

कथावस्तुका आधारमा उपन्यासको तुलना गर्दा *स्वास्नीमान्छे*मा रहेको कथावस्तु लैङ्गिक समस्या, चेतना एवम् क्रान्तिकारी परिवर्तनसहितको छ । *तीन घुम्ती*को कथावस्तु विद्राही, सशक्त तथा स्वतन्त्रतामूलक रहेको छ । *सहयात्री*मा सामाजिक र राजनैतिक परिवेशसँग लैङ्गिक सशक्तताससहितको सहभागिता र परिवर्तनमा केन्द्रित कथावस्तु रहेको छ । *समानान्तर आकाश*मा लैङ्गिक चेतना, सशक्तीकरण तथा परिवर्तनका सन्दर्भलाई सन्तुलित एवम् वैज्ञानिक ढङ्गले व्यक्त गरिएको छ । *अर्धसत्य*को कथावस्तु मनोयौनिक सन्दर्भमा मात्र केन्द्रित छ भने *सलिजो* सामाजिक यथार्थभन्दा माथि उठेरै पनि सीमान्तीय लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको मूलप्रवाहीकरणतर्फ केन्द्रित छ । त्यसैले लैङ्गिक तथा यौनिक दृष्टिमा *स्वास्नीमान्छे, समानान्तर आकाश* र *सलिजो*का कथावस्तु उच्च स्तरका छन् भने *तीन घुम्ती* र सहयात्रीका कथावस्तु मध्यम र *अर्धसत्य*को कथावस्तु सामान्य छन् ।

चरित्र र जैविकताका आधारमा *स्वास्नीमान्छे*मा नारी र पुरुषको समान सहभागिता भए पनि नारी केन्द्रीय सकारात्मक भूमिकामा छन् भने पुरुषको भूमिका पनि स्वाभाविक छ । यसका

केही पात्रहरूले लेखकीय दबाबसमेत खेप्नुपरेको छ । *तीन घुस्ती*मा थोरै र स्वाभाविक पात्र छन् । *सहयात्री*मा पनि पात्रयोजना सान्दर्भिक छ । *समानान्तर आकाश*का पात्रहरूको उपस्थिति अर्थपूर्ण र सार्थक बनेकाले लैङ्गिक चेतना र सक्षमताका सबल नमुना बनेका छन् । पात्रयोजना *अर्धसत्य*मा पनि स्वाभाविक छ तर लैङ्गिक दृष्टिले अपेक्षित देखिंदैन । *सलिजो*का पात्रहरू सशक्त र सक्षम रहेका छन् । यसरी *स्वास्नीमान्छे, तीन घुस्ती, सहयात्री, समानान्तर आकाश* र *सलिजो*का पात्रहरू लैङ्गिक तथा यौनिक दृष्टिले स्वाभाविक र अपेक्षित छन् भने *अर्धसत्य*का पात्र सामान्य छन् ।

लैङ्गिक अवस्थाका आधारमा *स्वास्नीमान्छे* समस्याग्रस्त लैङ्गिक सन्दर्भलाई उद्घाटन गर्दै परिवर्तनतर्फ अभिमुख छ । *तीन घुस्ती*ले यौनमनोलैङ्गिक अवस्थामा केन्द्रित रहेर विद्रोही स्वभाव र सशक्ततालाई व्यक्त गरेको छ । *सहयात्री*मा लैङ्गिक समस्याग्रस्त अवस्थाको यथार्थोद्घाटन र लैङ्गिक चेतनाको उठान गरिएको छ तापनि वर्गीय पक्ष तथा राजनैतिक सन्दर्भको परिणतिमा झुकेको छ । *समानान्तर आकाश* लैङ्गिक समस्या, चेतना, सशक्तीकरण तथा सक्षमतामा केन्द्रित छ । *अर्धसत्य*मा मनोयौनिक समस्या उठान भएको छ भने *सलिजो*मा चुनौती तथा सशक्तता र मूलप्रवाहीकरण छ । यसरी *स्वास्नीमान्छे, तीन घुस्ती, सहयात्री, समानान्तर आकाश* र *सलिजो*मा रहेको लैङ्गिकताको अवस्था उपयुक्त र अपेक्षित छ भने *अर्धसत्य*मा सामान्य अवस्थाको रहेको छ ।

लैङ्गिक भूमिकाका हिसाबले *स्वास्नीमान्छे*का पात्रहरू उत्पादक, सामुदायिक र अन्य भूमिकामा सामान्य देखिन्छन् । *तीन घुस्ती*का पात्रहरूको भूमिका पनि सामान्य छ । *सहयात्री*का पात्रहरूको सामुदायिक भूमिका उल्लेखनीय भए पनि उत्पादक भूमिका अपेक्षित छैन । *समानान्तर आकाश*का पात्रहरूको भूमिका स्वाभाविक तथा सशक्त छ । *अर्धसत्य*का पात्रको भूमिका अपेक्षित छैन भने *सलिजो*का पात्रहरूको उत्पादक तथा सामुदायिक भूमिका अपेक्षित रहेको छ । यसरी *समानान्तर आकाश* तथा *सलिजो*का पात्रहरूको उच्च; *स्वास्नीमान्छे, तीन घुस्ती* तथा *सहयात्री*का पात्रहरूको भूमिका मध्यम र *अर्धसत्य*का पात्रहरूको लैङ्गिक भूमिका सामान्य स्तरको रहेको छ ।

लैङ्गिक चेतना तथा सशक्तीकरणका आधारमा मूल्याङ्कन गर्दा *स्वास्नीमान्छे*मा लैङ्गिक चेतना र सक्षमता सबल छ । *तीन घुस्ती*मा लैङ्गिक तथा यौनिक चेतना एवम् सक्षमता उच्च रहेको छ । *सहयात्री*मा लैङ्गिक चेतनाको र सक्षमता प्रकट भएको छ । *समानान्तर आकाश*मा लैङ्गिक चेतना एवम् सक्षमताको उच्च अवस्था छ । *अर्धसत्य*मा लैङ्गिक तथा

यौनिक चेतना र सशक्तता छैन भने *सलिजो*मा यौनिक चेतना तथा सशक्तताको उच्च स्थिति रहेको छ । यसरी लैङ्गिक तथा यौनिक चेतना र सशक्तीकरण *स्वास्नीमान्छे, तीन घुम्ती, समानान्तर आकाश* र *सलिजो*मा उच्च छ । *सहयात्री*मा लैङ्गिक तथा यौनिक चेतना र सशक्तीकरणको मध्यम स्थिति छ भने *अर्धसत्य* सामान्य अवस्थामा रहेको छ ।

यौनिकताका आधारमा *स्वास्नीमान्छे, सहयात्री, अर्धसत्य*मा यौनिक हिंसा, समस्या तथा असन्तुष्टि मात्र रहेका छन् अर्थात् उल्लेख्य यौनिताका सन्दर्भहरूको सचेतनामूलक आग्रह छैन । *तीन घुम्ती, समानान्तर आकाश* र *सलिजो*मा यौनिक चेतना, अपेक्षा तथा सशक्ततालाई महत्त्वका साथ उठान गरिएको छ ।

लैङ्गिकताको भाषाका सन्दर्भमा *स्वास्नीमान्छे*को भाषा तत्कालीन समाज तथा परिवेशसँग स्वाभाविक भए तापनि लैङ्गिक दृष्टिले सचेत संवेदनशील तथा सन्तुलित छैन । *तीन घुम्ती*को लैङ्गिक दृष्टिले संवेदनशील तथा सन्तुलित छ । *सहयात्री*मा रहेको भाषा आकर्षक र स्वाभाविक छ तर लैङ्गिकताका दृष्टिले संवेदनशील बन्न सकेको छैन । *समानान्तर आकाश*मा प्रयुक्त भाषा स्वाभाविक, सान्दर्भिक तथा सन्तुलित छ । *अर्धसत्य*को भाषा लैङ्गिक दृष्टिले अपेक्षित बन्न सकेको छैन । *सलिजो*को भाषा लैङ्गिक तथा यौनिक दृष्टिले स्वाभाविक तथा अपेक्षित रहेको छ । यसरी *तीन घुम्ती, समानान्तर आकाश* एवम् *सलिजो* उपन्यासमा रहेको भाषाका तुलनामा *स्वास्नीमान्छे, सहयात्री* एवम् *अर्धसत्य* उपन्यासमा प्रयुक्त भाषा लैङ्गिकताका दृष्टिले कम संवेदनशील रहेको छ ।

लेखकीय विचार तथा दृष्टिकोणहरू पनि परिणति तथा सन्देशमै व्यक्त हुने हुनाले यस आधारलाई बढी महत्त्व दिइन्छ । *स्वास्नीमान्छे*मा प्रगतिवादी, स्वच्छन्दतावादी तथा क्रान्तिकारी भावसहित लैङ्गिक विचार, सशक्तीकरण तथा संस्थागत सुधारसम्मका परिणति र सन्देश रहेका छन् यद्यपि ध्वंसात्मक समापन र नाटकीय परिवर्तनले उपन्यासलाई पूर्ण रूपमा सन्तुलित बनाउन सकेका छैनन् । भाषिक पक्ष, लैङ्गिक भूमिका पनि उपन्यासका सीमा हुन् । *तीन घुम्ती*मा लैङ्गिक तथा यौनिक अधिकार, स्वतन्त्रता तथा अस्तित्व निर्माणका सघन पक्ष उठान भए पनि व्यक्तिगत तहमा मात्र सीमित भई संस्थागत एवम् सामुदायिक क्षेत्रतर्फ निरपेक्ष रहेकाले अपेक्षाकृत सन्तुलन पाइँदैन । *सहयात्री*को परिणति तथा सन्देश प्रगतिवादी, वर्गीय चेतना, लैङ्गिक चेतना र सामुदायिक भूमिका सकारात्मक रहे पनि लैङ्गिक र सशक्तीकरण, सक्षमता तथा अपेक्षाकृत समापन हुन नसक्नाले परिणति खुकुलो बनेको छ । *समानान्तर आकाश*मा लैङ्गिक चेतना, सक्षमता तथा खराब प्रवृत्तिको पश्चात्तापले पनि उपन्यासलाई

सार्थक बनाएका छन् । *अर्धसत्य*मा लैङ्गिक तथा यौनिक दृष्टिले सचेत विचार दिन नसके तापनि मनोयौनिक जटिलता व्यक्त छ । *सलिजो*मा उपन्यास लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको मूलप्रवाहीकरण, सक्षमता तथा समभाव भएकाले सन्तुलित बनेको छ तर स्वैरकाल्पनिकताले यथार्थ बनेको छैन ।

यसरी लैङ्गिक तथा यौनिक चेतना र सशक्तीकरणसहित पूर्ण सन्तुलित अवस्थाको निर्माण गरिएका उपन्यासको रचना भइनसकेको वर्तमान अवस्थामा यस्ता सघन तथा सशक्त एवम् वैचारिक उपन्यासको निर्माणले आशलाग्दो सङ्केत दिन्छन् । वैचारिक उपन्यासमा औपन्यासिक कला संयोजनको अभाव पाइएको हुँदा विचार र कलालाई सन्तुलन मिलाएर लैङ्गिक तथा यौनिक चेतना, सशक्तीकरणतर्फ केन्द्रित गर्दै सान्दर्भिक, समानतामुखी तथा सन्तुलित उपन्यास सिर्जनाको बलियो सम्भावना छ ।

९.३ शैक्षिक उपादेयता

नेपाली उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगसम्बन्धी व्यवस्थित अध्ययनका लागि प्रस्तुत शोधबाट अनुसन्धानमा मौलिकता थपिने हुनाले उपयोगी रहेको छ । यस अध्ययनबाट नेपाली समालोचना परम्परामा लैङ्गिक समालोचनाको विधागत स्वरूप स्थापना भई लैङ्गिक चेतना र दृष्टिकोणमा आधारित समालोचनाको सैद्धान्तिक प्रारूप र प्रायोगिक पक्ष निर्क्योल हुने भएकाले प्रस्तुत शोध सान्दर्भिक तथा महत्त्वपूर्ण रहेको छ । त्यसैले यसको शैक्षिक र प्राज्ञिक उपादेयता देखिन्छ । प्रस्तुत शोधका शैक्षिक उपादेयतालाई यसरी देखाउन सकिन्छ :

१. लैङ्गिक समालोचनाको सैद्धान्तिक प्रारूप तयार हुने ।

२. लैङ्गिक समालोचनाका आधारमा कृतिको प्रयोगात्मक विश्लेषणको प्रारूप निर्माण हुने ।

३. लैङ्गिक चेतना र दृष्टिकोणका आधारमा उपन्यासको मूल्याङ्कन गर्न सहयोग पुर्‍याउने ।

४. विधा लेखनमा लैङ्गिक सचेतना तथा सन्तुलन कायम गर्न सहयोगी हुने ।

५. विद्यालय तथा उच्च शिक्षामा अध्ययन अध्यापनमा समावेश गरिने पाठहरू छनोटमा सहयोग पुग्ने ।

६. भाषा पाठ्यपुस्तकको भाषा सम्पादन तथा प्रस्तुतिमा लैङ्गिक संवेदना कायम गर्न सहयोग पुर्‍याउने ।

७. भाषा पाठ्यपुस्तकमा चित्र, अभ्यास तथा व्याकरणका उदाहरण निर्माण, छनोट तथा प्रस्तुतिमा सन्तुलन कायम गर्न सहयोग पुर्‍याउने ।

८. लैङ्गिक सचेतना र सन्तुलनसहित उपन्यास लेखनका लागि सहयोगी बन्ने ।

१०. साहित्य तथा भाषाका क्षेत्रमा लैङ्गिकतालाई प्रमुख अध्ययन क्षेत्र बनाएर अनुसन्धान गर्न चाहने अनुसन्धातालाई सहयोग पुर्‍याउने ।

यसरी उपर्युक्त बुँदाहरूका आधारमा प्रस्तुत अनुसन्धानको शैक्षिक उपादेयतालाई प्रस्ट्याउन सकिन्छ ।

विश्लेषण गरिएका उपन्यासहरु शैक्षणिक दृष्टिले के कति सान्दर्भिक छन् ? भन्ने कुरालाई सूक्ष्म ढङ्गले विश्लेषण गरिएको छ । स्रष्टाले सिर्जना गरेका सबै रचनाहरू औपचारिक र शैक्षणिक प्रयोजनका लागि मात्र हुँदैनन् । अधिकांश कृतिहरू स्वतन्त्र पठन, मनोरञ्जन, सामाजिक चेतना निर्माण, निश्चित उद्देश्य र प्रयोजनका निमित्त रचना गरिएका हुन्छन् । औपचारिक शैक्षिक कार्यक्रममा विद्यार्थीहरूमा बोध अभिव्यक्ति क्षमताको विकास गरी भाषाका विविध सिप विकास गर्दै सामाजिक मूल्य मान्यताको विकास तथा प्रवर्धन गर्न र चेतना अभिवृद्धि गरी सामाजिक समस्या समाधानमा सक्षम तुल्याउनका लागि पनि विभिन्न रचनाहरूको उपयोग गरिएको हुन्छ । समसामयिक समाजमा रहेका लैङ्गिक समस्याहरूको जानकारी लिन र ती समस्या समाधानमा चेतना अभिवृद्धि गरी व्यावहारिक रूपमा सक्षम मानवीय शक्ति निर्माणमा विविध रचनाहरूको उपयोगिता रहेजस्तै उपन्यासको पनि उच्च महत्तासहित उपयोग गर्नुपर्दछ ।

उपन्यासमा प्रयोग गरिएका घटना, कार्य, चरित्र र तिनीहरूको भूमिका, लैङ्गिक समस्या, चेतना तथा विचार वा सन्देशका माध्यमबाट हरेक शिक्षार्थीहरूले लैङ्गिक समानता कायम गर्न, लैङ्गिक संवेदनशील भाषाको प्रयोग गर्न र समाजमा रहेका लैङ्गिक असन्तुलनलाई हटाउन प्रेरणा प्राप्त गर्न सक्षम हुन्छन् । फलतः उपन्यासमा रहेको लैङ्गिकता र यौनिकताका सन्दर्भहरूलाई शैक्षणिक प्रयोजनका निम्ति उपयोगी बनाउन सकिन्छ । प्रस्तुत अध्ययनका सन्दर्भमा छनोट र विश्लेषण गरिएका उपन्यासहरूमा प्रयुक्त भाषा, विचार, चरित्र र तिनको भूमिका, लैङ्गिक चेतना, लैङ्गिक समस्या तथा समाधानका उपाय आदिको अवस्थाका आधारमा तत्तत् उपन्यासहरू कुनकुन शैक्षणिक स्तर र कक्षाका लागि के कति कारणले उपयोगी तथा सान्दर्भिक छन् भन्ने कुराको विश्लेषण गरिएको छ ।

स्वास्नीमान्छे उपन्यास लैङ्गिक समस्या र त्यसबाट उत्पन्न सामाजिक तथा मानवीय चुनौतीहरूमा केन्द्रित गरी ती समस्या तथा चुनौतीहरूको अन्त्य गर्ने प्रगतिवादी विचार व्यक्त गर्न सक्षम उपन्यास हो । यसर्थ यो उपन्यास तत्कालीन समय र समाजको यथार्थमा आधारित

रही सामाजिक परिवर्तनको अपेक्षामा केन्द्रित छ भने अहिलेको समाजका लागि पनि उत्तिकै सुहाउँदो र प्रभावकारी मान्न सकिन्छ । यस उपन्यासमा घटेका घटना तथा विभिन्न भूमिकाहरूलाई दिइएको पहिचान तथा परिवर्तनका लागि स्वीकार गरिएको पेसाजस्ता सन्दर्भहरूका कारणबाट उच्च र उच्चतर तहका विद्यार्थी तथा पाठकका लागि अपेक्षित भए पनि मध्यम तहका विद्यार्थीका लागि भने उपयुक्त मान्न सकिँदैन किनकि उपन्यासमा व्यक्त भएका विविध सन्दर्भहरू तथा लेखकीय वैचारिक सघनताले समीक्षात्मक पाठकको माग गरेको अनुभूति मिल्छ । त्यस्तै लैङ्गिक समस्या र हिंसाबाट गुज्रिरहेको समकालीन समाजका लागि यो उपन्यासको सान्दर्भिकता ज्वलन्त छ ।

लैङ्गिक चेतना तथा सशक्तीकरणको मुद्दालाई वर्तमान नेपाली समाजले सबल ढङ्गले उठाइरहेको अवस्था र लैङ्गिक सन्तुलन कायमका लागि निरन्तर भइरहेका प्रयासहरूका सन्दर्भमा *स्वास्नीमान्छे* उपन्यासले ग्रहण गरेको आधारभूमि र अपेक्षा गरेको परिवर्तन निकै सान्दर्भिक छ । त्यसैले शैक्षणिक सवालमा यस उपन्यासको सान्दर्भिकता उच्च रहेको मान्न सकिन्छ । लैङ्गिक हिंसा र अन्याय गर्ने पात्रहरूको विनाश बढी क्रान्तिकारी तथा स्वच्छन्द प्रकृतिको भएकाले पाठकलाई तत्कालका लागि प्राप्त हुने आनन्द स्वाभाविक नै लागे पनि त्यसले पार्ने प्रभाव नकारात्मक हुनसक्ने भएकाले रचनात्मक विचारसहित पात्रको विनाश नभएर चारित्रिक परिवर्तनतर्फ उपन्यासको परिणति पुगेको भए शैक्षणिक दृष्टिले अझ बढी सान्दर्भिक हुन सक्थ्यो । वेश्यावृत्तिजस्तो नकारात्मक तथा अन्यायपूर्ण पेसालाई सिर्जनात्मक र सकारात्मक उद्देश्यका लागि उपयोग गर्नु र सामाजिक सुधार तथा परिवर्तनको अपेक्षा गर्नु परिपक्व वैचारिक सघनता भएकाले यसबाट शैक्षणिक सन्दर्भहरूमा प्रभावकारिता बढ्न जाने देखिन्छ । परन्तु समाजमा दोषचरित्रको उपयोग गरी गुण चरित्रतर्फको अभिमुखीकरणका लागि बौद्धिक विद्यार्थी र पाठकको आवश्यकता पर्छ । मोतीमायाको धैर्यता, आशा र सहनशीलता, मैयाँनानीको सक्षमता र सशक्तता तथा विनोदको आत्मविश्वास र सम्मानजस्ता प्रवृत्तिहरू यस उपन्यासका सापेक्ष उपलब्धि हुन् । यी उपलब्धिलाई प्रेरणास्वरूप ग्रहण गरी समकालीन नेपाली समाजका लैङ्गिक हिंसा र समस्याहरू अन्त्य गर्न आधार प्राप्त गर्न सकिने हुनाले यस उपन्यासको शैक्षणिक सान्दर्भिकता अपेक्षित छ । त्यस्तै तत्कालीन समाजको सापेक्षतामा रहेर प्रयोग गरिएको पात्रानुकूल तथा लेखकीय भाषा लैङ्गिक दृष्टिले समकालीन परिवेशमा अस्वाभाविक र अनपेक्षित ठहर्ने हुनाले उपन्यासमा प्रयुक्त भाषामा सम्पादनको आवश्यकता महसुस हुन्छ भने शैक्षणिक दृष्टिले बढी प्रभावकारी बनाउन कतिपय घटना र सन्दर्भहरूलाई पुनःनिर्माण गर्न सकेको खण्डमा उपन्यास अझ सान्दर्भिक हुने अपेक्षा गर्न सकिन्छ ।

नारी पात्रलाई प्राधान्य दिई समाजमा विद्रोह र सक्षमतासहित लैङ्गिक स्वतन्त्रताको आह्वान गरिएको *तीन घुस्ती* उपन्यास समकालीन सन्दर्भ अझ भनौ लैङ्गिक सशक्तीकरणको प्रवाह बढिरहेका बेला शैक्षणिक दृष्टिले सान्दर्भिक ठहर्छ । समाजमा के कस्ता चिन्तनहरू रहेका हुन्छन् ? र तिनीहरूको प्रतिकार गर्दै जीवनलाई अस्तित्वपूर्ण बनाउन के गर्नुपर्छ ? भन्ने प्रश्नको उत्तरमा केन्द्रित रहे पनि यौनिकता, आत्मीयता तथा सामाजिक मूल्यहरूको सिर्जनात्मक पुनर्व्याख्या गरिएकाले औपन्यासिक कथ्यलाई सही पठन गर्न सक्ने तह र शिक्षार्थीका लागि मात्र यो उपन्यास उपयोगी हुन सक्छ ।

व्यक्तिभित्र उत्पन्न हुने मनोवैज्ञानिक यथार्थहरूको सूक्ष्म चित्रण गरिएकाले पनि यसको प्रभावकारिता बढी नै देखिन्छ । मनोयौनिकता उपन्यासको महत्त्वपूर्ण कथ्य भएकाले यस्तो पक्षलाई समीक्षात्मक विश्लेषण गर्ने शिक्षार्थीहरूका लागि उपयुक्त भए पनि उच्च मध्यम अर्थात् स्नातक तहभन्दा साना तह वा कक्षाका लागि भने यो उपन्यास शैक्षणिक मान्न सकिन्न । त्यस्तै लेखकीय विचार तथा उद्देश्य बढी आदर्श र क्रान्तिकारी प्रकृतिको भएकाले पनि यो उपन्यास तल्ला कक्षाहरूका लागि सान्दर्भिक देखिँदैन । उपन्यासमा प्रयोग गरिएको भाषाशैलीलाई हेर्दा कलात्मक रहेकाले समीक्षात्मक पाठकहरूका लागि बढी उपयोगी हुने देखिन्छ । लघु आकारको संरचना भए पनि नवीन चिन्तनका साथमा स्वच्छन्दतावादको मिश्रण गरी मनोवैज्ञानिक सन्दर्भलाई आधार बनाएर लैङ्गिक स्वतन्त्रता तथा अस्तित्व निर्माणमा मुखर रहेकाले यसलाई शैक्षणिक दृष्टिले उपयुक्त मान्न सकिन्छ । लैङ्गिक चेतना र समानताका सवालमा संस्थागत तथा सामुदायिक वैचारिक प्रवाह नगरी व्यक्तिगत पक्षमा मात्र सीमित रहेकाले आवेग र भावनात्मक मनोकाङ्क्षाहरूको लहडमा सामाजिक दुर्घटना निम्तिन सक्ने खतराबाट भने सचेत बन्नुपर्ने देखिन्छ ।

लैङ्गिक तथा यौनिक स्वतन्त्रताका पक्षमा सचेत र सशक्त विचार व्यक्त गरेकाले *तीन घुस्ती* उपन्यास समीक्षात्मक क्षमता भएका विद्यार्थीहरूका लागि प्रेरणादायी रहेको देखिन्छ । प्रभावकारी उपन्यास *तीन घुस्ती*का माध्यमले उपन्यासकारको विशेष औपन्यासिकतासँग साक्षात्कार गराउन सकिने हुने भएकाले पनि यो शैक्षणिक दृष्टिले सान्दर्भिक छ ।

नेपाली समाजको ग्रामीण परिवेशका वास्तविक समस्याहरूलाई सहज र स्वाभाविक ढङ्गले उठान गर्दै लैङ्गिक अन्याय तथा अत्याचारको अन्त्य गर्नुपर्ने आग्रह गरिएकाले *सहयात्री* उपन्यास शैक्षणिक दृष्टिले सान्दर्भिक देखिन्छ । अर्कातर्फ राजनीतिक परिवर्तनका लागि गरिएको क्रान्ति तथा सफलताले पनि यो उपन्यास नेपाली समाजको ऐतिहासिक सन्दर्भको उद्घाटन

गर्न सहयोगी देखिन्छ । शिक्षार्थीहरूलाई सामाजिक तथा राजनैतिक पक्षमा सचेत बनाउँदै लैङ्गिक सन्तुलन कायम गर्न उत्प्रेरित गर्न सक्ने रहेकाले पनि यसको शैक्षणिक औचित्य सिद्ध हुन्छ ।

प्रगतिवादी विचारका उपन्यासको प्रतिनिधित्वसमेत गर्नसक्ने भएकाले यसलाई महत्त्वका साथ लिन सकिन्छ । लैङ्गिक सशक्तता र सन्तुलनको वैचारिक प्रवाहलाई सामाजिक कथावस्तुका माध्यमबाट प्रस्तुत गरिएकाले उच्च मध्यम कक्षाका लागि *सहयात्री* उपयुक्त मान्न सकिन्छ । विभिन्न सामाजिक, सांस्कृतिक परिवेशको उठान गर्दै कवितात्मक भाषाशैलीमा गीतको अन्तरमिश्रणले उपन्यासलाई थप कलात्मक बनाएकाले पनि उपयुक्त छ । लैङ्गिकताका विविध समस्या भोगिरहेको वर्तमान नेपाली समाजमा उक्त समस्या समाधानका सरल उपायहरू पनि देखाइएकाले यस उपन्यासलाई लैङ्गिक दृष्टिमा यो उपन्यास सार्थक देखिरन्छ । सरल, वैचारिक तथा ऐतिहासिक सन्दर्भसहित लैङ्गिक चेतना र सशक्तीकरणको विचार व्यक्त गरिएको *सहयात्री* उपन्यासलाई शैक्षणिक दृष्टिले सान्दर्भिक मान्न सकिन्छ ।

समानान्तर आकाश नेपाली समाजका तमाम लैङ्गिक समस्याहरूको उद्घाटन गर्दै उक्त समस्याहरूको सापेक्ष समाधानका लागि लैङ्गिक सचेतता एवम् सशक्तीकरणसहित लैङ्गिक सन्तुलनका लागि सान्दर्भिक परिणति र सन्देश सहितका स्वाभाविक तथा अपेक्षित विचार प्रवाह गर्न सक्षम रहेकाले शैक्षणिक दृष्टिले सान्दर्भिक छ ।

यस उपन्यासमा सोद्देश्यमूलक लैङ्गिक सन्तुलन एवम् समानताका यथेष्ट उपायहरू सुझाइएकाले शैक्षणिक दृष्टिले उपयोगी देखिन्छ । कतिपय पात्रहरूका व्यवहार तथा दृष्टिकोणहरूले समानतामुखी समाजको निर्माणतर्फ भन्दा पनि निरपेक्ष जीवनतर्फ अभिमुख बनाउन सक्ने भएकाले समीक्षात्मक क्षमताको विकास भएका शिक्षार्थीहरूका लागि यो उपनस सान्दर्भिक छ । सामाजिक परिवर्तन र सुदृढीकरणका लागि नारी र पुरुषको समानतामूलक सहभागिता आवश्यक पर्ने हुनाले तदनुरूपका विचारहरू *समानान्तर आकाश*मा व्यक्त गरिएको हुनाले यो सान्दर्भिक देखिएको हो । लैङ्गिक विभेदयुक्त र अत्याचारपूर्ण पुरुषवादी पितृसत्तात्मक संरचना भएका विविध समाज तथा घरपरिवारभित्रका वास्तविकता उद्घाटन गरिएकाले सबै क्षेत्रका शिक्षार्थीलाई लैङ्गिक समस्याको जानकारी हुने र समस्या समाधानमा सजग हुन आग्रहपूर्ण सन्देश पनि रहेकाले सामाजिक परिवर्तनका पक्षमा यस उपन्यासलाई सदुपयोग गर्न सकिन्छ ।

व्यक्तिका लैङ्गिक, यौनिक तथा पैतृक सम्पत्तिको अधिकार र उपयोगसम्बन्धी आलोचनात्मक एवम् नवीन दृष्टिसमेत व्यक्त गरिएकाले पनि *समानान्तर आकाश*को शैक्षणिक सान्दर्भिकता औंल्याउन सकिन्छ । आर्थिक उपार्जनसहितको आत्मनिर्भरता र लैङ्गिक चेतना तथा सशक्तीकरणसहितको सक्षमताले मात्र लैङ्गिक सन्तुलनयुक्त समाजको निर्माण गर्न सकिने विचार व्यक्त भएकाले शिक्षार्थीमा उक्त विचार एवम् व्यवहार निर्माणमा यस उपन्यासले सघाउ पुऱ्याउने देखिन्छ ।

*अर्धसत्य*मा मानव मनका सङ्कटग्रस्त यौनिक मानसिकतालाई उजागर गरिएकाले परिपक्व र समीक्षात्मक क्षमताको विकास भइसकेका व्यक्तिहरूका लागि बढी उपयोगी हुने देखिन्छ । त्यस्तै स्नातक तह र माथिका कक्षाहरूमा विशेष रुचि भएका शिक्षार्थीहरूका लागि यसको सान्दर्भिकता रहेको छ । सूत्रात्मक अभिव्यक्ति तथा रहस्यात्मक प्रस्तुति पनि रहेकाले सामान्य पाठकका लागि यो उपन्यास उपयोगी देखिँदैन । यौनमनोविज्ञानका चेतन, अचेतन तथा अर्धचेतनका पक्षहरूको उठान गरिएको *अर्धसत्य* फ्रायडवादी विश्लेषणका लागि सान्दर्भिक ठहर्छ । सीमान्तीय यौनिक समुदायको अध्ययन अनुसन्धानको क्रम चलिरहेको वर्तमान परिप्रेक्ष्यमा पुरुष समलिङ्गी यौनिक मनोभावना भएका व्यक्तिहरूका जटिल मनोदशा एवम् समस्याहरूको समुचित अध्ययनका लागि पनि यो उपन्यास सान्दर्भिक रहेको छ । *अर्धसत्य* उपन्यास उच्च तहका शिक्षार्थीका लागि तथा फ्रायडवादी मनोवैज्ञानिक विश्लेषण र समीक्षा गर्ने शिक्षार्थीका लागि उपयोगी देखिन्छ ।

सलिजो उपन्यास पछाडि पारिएका यौनिक समुदाय, समलिङ्गी एवम् तेस्रो लिङ्गीहरूलाई प्राथमिकता दिई उनीहरूलाई सशक्तीकरण गरिएको उपन्यास हो । समकालीन परिवेशमा विकसित भइरहेका सीमान्तीय वर्ग र समुदायलाई अग्रभूमि दिई उनीहरूका पक्षमा आवाज उठान गर्ने अभिप्रायले निर्माण गरिएको यो उपन्यास प्रभावकारी विचारको स्थापनामा केन्द्रित भएकाले शैक्षणिक दृष्टिले सान्दर्भिक देखिन्छ । समलिङ्गी र तेस्रो लिङ्गीहरूको पहिचान, अस्तित्व तथा स्वतन्त्रताका पक्षमा उभिएकाले परम्परित पितृसत्तात्मक सामाजिक मूल्य एवम् दृष्टिकोणहरूको पुनर्निर्माणको अपेक्षा गरिएकाले सार्थक बनेको छ । *सलिजो* स्नातक तह र सोभन्दा माथिका कक्षाहरूका लागि सान्दर्भिक ठहर्छ ।

लैङ्गिक र यौनिक सन्तुलनका पक्षहरूले उपन्यासलाई शैक्षणिक दृष्टिले सान्दर्भिक बनाएका छन् । लेखकीय काल्पनिक विचरण तथा आयामगत विस्तरणलाई संश्लेषण गरी सम्पादन गर्न सकेमा *सलिजो*को शैक्षणिक सान्दर्भिकता अझ बढी सार्थक हुने देखिन्छ । यौनिक

अल्पसङ्ख्यक र तिनीहरूका वास्तविक समस्याको उद्घाटन गर्दै उनीहरूका बाध्यता, इच्छा र अकाङ्क्षालाई उजागर गरिएकाले विसमलिङ्गी मनोवृत्ति भएकाहरूले समलिङ्गीप्रति गर्ने व्यवहारहरू सच्याउन सहयोगी हुनसक्ने देखिन्छ । यो उपन्यास शैक्षणिक सवालमा औपचारिक कक्षा तथा तहका लागि सान्दर्भिक छ ।

शैक्षणिक सान्दर्भिकताका दृष्टिले *स्वास्नीमान्छे* तथा *सलिजो* उपन्यास सम्पादनसहित स्नातक र माथिल्ला कक्षामा उपयुक्त देखिन्छन् भने *सहयात्री* तथा *समानान्तर आकाश* उच्च माध्यमिक तहदेखि नै सान्दर्भिक तथा स्वाभाविक ठहर्छन् । त्यस्तै *तीन घुम्ती* तथा *अर्धसत्य* स्नातक र माथिल्ला कक्षामा सान्दर्भिक हुन्छन् ।

सन्दर्भसूची

अक्सफोर्ड युनिभर्सिटी प्रेस. सन् २००५. *अक्सफोर्ड अड्भान्स्ड लर्नर्स डिक्सनरी.* सातौँ संस्क. न्युयोर्क ।

अधिकारी, कृष्णराज. २०६६. 'देवकोटाका नारी पात्र'. *भृकुटी.* महाकवि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी विशेषाङ्क. काठमाडौँ : भृकुटी पुस्तक भण्डार ।

अधिकारी, ज्ञानु. २०६८. *नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण.* काठमाडौँ : पैरवी प्रकाशन ।

अधिकारी, डी.पी. २०२५. *आशमाया.* विराटनगर : पुस्तक संसार ।

अब्राम्स, एम.एच.एन्ड जी.जी. हार्फम. सन् २००५. *अ ग्लोसरी अफ लिटेररी टर्म्स.* आठौँ संस्क. थम्सन वर्डस वर्थ ।

अम्बालिकादेवी. २०६६. *राजपूत रमणी.* काठमाडौँ : नइ प्रकाशन ।

अर्याल, भोजेन्द्र. २०६८. *लैङ्गिक र महिलावादी अध्ययन.* काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।

अली, जोन जी. सन् १९९६. *वेब्स्टर्स डिक्सनरी.* अमेरिका : ओटन्हेइमर पब्लिसर्स ।

आचार्य, नरेन्द्रमणि. २०५७. *अङ्ग्रेजी-नेपाली साझा सङ्क्षिप्त शब्दकोश.* पाँचौँ संस्क. ललितपुर : साझा प्रकाशन ।

आचार्य, बलराम. २०६१. *लैङ्गिक अध्ययन.* काठमाडौँ : नेसनल बुक सेन्टर ।

आचार्य, सुषमा. २०६५. *निर्णय.* काठमाडौँ : आगम प्रकाशन ।

उप्रेती, सञ्जीव. २०६९. *सिद्धान्तका कुरा.* चौथो संस्क. काठमाडौँ : अक्षर क्रियसन्स ।

एकर्ट, पी.एन्ड एस.एम. गिनेट. सन् २००३. *ल्याङ्ग्वेज एन्ड जेन्डर.* न्यूयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

एङ्गेल्स, फेडरिख. सन् १८८४. *द ओरिजिन अफ द फेमिली प्राइभेट प्रपर्टी एन्ड द स्टेट* (अनु. राजेन्द्र मास्के). काठमाडौँ : प्रगति पुस्तक सदन ।

एटम, नेत्र. २०६१. *समालोचनाको स्वरूप.* ललितपुर : साझा प्रकाशन ।

एस्क्रफ्ट, बिल र अन्य. सम्पा. सन् २००६. *द पोस्ट क्लोनियल स्टडिज रिडर.* दो.संस्क. लन्डन, न्युयोर्क : रट्लेज ।

केशरी, गीता. २०६०. *निष्कर्ष.* काठमाडौँ : पन्त स्मृति प्रतिष्ठान ।

के.सी., मीनबहादुर. २०६७. 'प्राथमिक तहका नेपाली पाठ्यपुस्तकहरूमा समाविष्ट चित्रहरूको लैङ्गिक अध्ययन'. शिक्षाशास्त्र केन्द्रीय विभाग. त्रि.वि.(स्नातकोत्तर शोधपत्र) अप्र. ।

कैनी, प्रभा. २०६७. *अनावृत्त.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

कोइराला, तारिणीप्रसाद. २०६८. *अग्निवाटिका.* काठमाडौँ : तारिणी रोशा स्मृति कोष ।

कोइराला, विश्वेश्वरप्रसाद. २०६७. *तीन घुम्ती.* दसौं संस्क. ललितपुर : साझा प्रकाशन ।

कोनेल, आर.डब्लु. सन् १९८७. *जेन्डर एन्ड पावर.* लन्डन : पोलिटी प्रेस, ब्लाकवेल ।

क्रेइग, स्टेभ. सम्पा. सन् १९९२. *मेन, मास्कुलिनिटी एन्ड द मिडिया.* क्यालिफोर्निया : सेज पब्लिकेसन्स ।

क्रोलोके, चार्लोटी एन्ड अने स्कट सोरेन्सन. सन् २००६. *जेन्डर कम्युनिकेसन थ्योरिज एन्ड अनलाइसिस्.* क्यालिफोर्निया : सेज पब्लिकेसन्स ।

क्षत्री, लीलबहादुर. २०६६. *अतृप्त.* छैटौं संस्क. ललितपुर : साझा प्रकाशन ।

खरेल, पुण्य. २०६६. *त्रिवेणी आमा.* ललितपुर : साझा प्रकाशन ।

गार्डनर, पिटर एस. सम्पा. सन् २००५. *न्यु डिरेक्सन्स रिडिङ एन्ड क्रिटिकल थिङ्किङ* दो.सं. न्यु दिल्ली : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

गिरि, वानीरा. २०६२. *निर्बन्ध* .दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

गुनेसकेर, सावित्री. सम्पा. सन् २००४. *भ्वाइलेन्स, ल एन्ड उमन्स राइट्स इन साउथ एसिया.* दिल्ली : सेज पब्लिकेसन ।

गोडार्ड, एङ्गेला एन्ड एल.एम.पटर्स. सन् २०००. *ल्याङ्ग्वेज एन्ड जेन्डर.* अमेरिकः रट्लेज ।

गौचन, मनिषा. २०६९. *वल्लीको डायरी.* काठमाडौं : साङ्ग्रिला बुक्स ।

गौतम, कृष्ण. २०५०. *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण. २०६४. *उत्तर आधुनिक जिज्ञासा.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, कृष्ण. २०६७. *उत्तरआधुनिक संवाद.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, ध्रुवचन्द्र. २०५७. *स्वर्गीय हीरादेवीको खोज.* ललितपुर : साझा प्रकाशन ।

चटर्जी, पी. र जगन्नाथन् पी. सम्पा. सन् २००९. *कम्युनिटी, जेन्डर एन्ड भ्वाइलेन्स सबाल्टन स्टडिज XI.* न्यु दिल्ली : पर्मानेन्ट ब्लाक र रबि दयाल पब्लिसर्स ।

चौलागाईं, तिलकप्रसाद र अन्य. २०६०. *लैङ्गिक अध्ययन.* काठमाडौं : न्यु हिरा बुक्स ।

जनेट, होल्मस् एन्ड मिरियन मेयर्होफ. सम्पा. सन् २००३. *द ह्यान्डबुक अफ ल्याङ्ग्वेज एन्ड जेन्डर.* अमेरिका : ब्लाकवेल पब्लिसिङ ।

टनेन, डेबरह. सन् १९९४. *जेन्डर एन्ड डिस्कोर्स.* न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

टाइसन, लुइस. सम्पा. सन् २००६. *क्रिटिकल थ्योरी टुडे.* दो.सं. लन्डन, न्युयोर्क : रट्लेज ।

तिवारी, भीमनिधि. २०६८. *इन्साफ* (पाँचौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा. २०५८. *दृष्टि चौतारी.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा. २०५९. 'महिला कथालेखनको इतिहास'. *समकालीन साहित्य* :२६. ने.रा.प्र.प्र. ।

त्रिपाठी, सुधा.सम्पा. २०६२. *महिला समालोचक र नेपाली समालोचना.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा. २०६५. 'नारीवादी चिन्तनका दृष्टिले 'तीन घुम्ती' उपन्यास'. *कुञ्जिनी* : १२.नेपाली केन्द्रीय विभाग ।

त्रिपाठी, सुधा. २०६७. *नारीवादको कठघरामा नेपाली साहित्य.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा. २०६८. 'आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना'. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि.वि (विद्यावारिधि शोध प्रबन्ध) अप्र. ।

थापा, लीलाध्वज. (२०५८). *शान्ति* .आठौँ संस्कं. ललितपुर : साझा प्रकाशन ।

द वर्ल्ड बैङ्क. सन् २००१. *इनजेन्डरिङ्ग डेभलपमेन्ट* (रिसर्च रिपोर्ट). अमेरिका : वर्ल्ड बैङ्क एन्ड अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

दीक्षित, मदनमणि. २०५१. *त्रिदेवी.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

देवकोटा, लक्ष्मीप्रसाद. २०६४. *चम्पा.* छैटौँ संस्क. ललितपुर : साझा प्रकाशन ।

धरावासी, कृष्ण. २०६७. *राधा.* छैटौँ संस्कं. ललितपुर : साझा प्रकाशन ।

नेपाल, केशव. २०६८. *बेचिएकी चेली.* दसौं संस्क. ललितपुर : साझा प्रकाशन ।

नेपाल, प्रदिप. २०५९. *नन्दिता.* काठमाडौँ : बुधवार साप्ताहिक ।

पवनकुमारीदेवी. २०६६. *प्रतिज्ञा.* काठमाडौँ : नइ प्रकाशन ।

पाण्डे, नयनराज. २०५०. *अतिरिक्त.* ललितपुर : साझा प्रकाशन ।

पाण्डे, रुद्रराज. २०६८. *रूपमती.* चौबिसौं संस्क. ललितपुर : साझा प्रकाशन ।

पाण्डे, सीता. २०५६. *अन्तर्द्वन्द्व.* काठमाडौँ : प्रवेश प्रकाशन ।

पारिजात. २०४८. *बोनी.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन ।

पिल्चर, जे. एन्ड आइ. ह्वेलहेन. सन् २००४. *फिफ्टी की कन्सेप्टस् इन जेन्डर स्टडिज.* लन्डन : सेज पब्लिकेसन्स ।

पोखरेल, बालकृष्ण र अन्य. २०५५. *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : ने.रा.प्र.प्र. ।

पोखरेल, लक्ष्मी. सन् १९९७. 'जेन्डर रोल्स एन्ड जेन्डर इमेजेज् एज पोर्ट्रेड इन स्कुल लेभल ल्याङ्ग्वेज टेक्सबुक्स'.गृहविज्ञान केन्द्रीय विभाग. त्रिवि.(स्नातकोत्तर शोधपत्र) अप्र. ।

पौडेल, कविता. २०६३. *हीरा.* काठमाडौँ : पसिना प्रकाशन ।

पौडेल, जयन्ती. २०६७. 'माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक चेतनाको अध्ययन'. शिक्षाशास्त्र केन्द्रीय विभाग. त्रि.वि. (स्नातकोत्तर शोधपत्र) अप्र. ।

पौडेल, नन्दिताकुमारी. २०६२. 'कक्षा ८, ९ र १० का नेपाली पाठ्यपुस्तकका पाठमा लैङ्गिक समानतासम्बन्धी अध्ययन'.शिक्षाशास्त्र केन्द्रीय विभाग. त्रिवि.(स्नातकोत्तर शोधपत्र) अप्र. ।

पौडेल, रामचन्द्र. सन् २०१०. 'जेन्डर एन्ड सेक्सुआलिटी इन म्यागजिन अर्डभर्टाइजिङ अ क्रिटिकल डिस्कोर्स अनालाइसिस'. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. (विद्यावारिधि शोधप्रबन्ध) अप्र. ।

पौड्याल, हीरामणि शर्मा. २०६१. *समालोचनाको बाटोमा.* दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह. २०३७. *नेपाली उपन्यास र उपन्यासकार.* ललितपुर : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह. २०५८. *स्वास्नीमान्छे* . आठौं संस्क. ललितपुर : साझा प्रकाशन ।

प्रसाईं, इन्दिरा. २०६०. *उसको लोग्ने र बिरालो.* काठमाडौं : नइ प्रकाशन ।

प्रसाईं, नरेन्द्रराज. २०६३. *नारीचुली.* काठमाडौं : नइ प्रकाशन ।

फुको, मिचेल. सन् १९७८. *द हिस्ट्री अफ सेक्सुआलिटी* (भोलुम १), न्यूयोर्क : पान्थेन बुक्स ।

फुको, मिचेल. सन् १९८५. *द युज अफ प्लेजर* (भोलुम २, द हिस्ट्री अफ सेक्सुआलिटी).न्युयोर्क : भिन्टेज बुक्स ।

फुको, मिचेल. सन् १९८६. *द केयर अफ द सेल्फ* (भोलुम ३, द हिस्ट्री अफ सेक्सुआलिटी). न्युयोर्क : पान्थेन बुक्स ।

फोल्ब्रे, नान्सी. सन् २००९. *ग्रीड, लस्ट एन्ड जेन्डर.* न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

बट्लर, जुडिथ. सन् १९९०. *जेन्डर ट्रबल.* न्युयोर्क : रट्लेज ।

बट्लर, जुडिथ. सन् २००४. *प्रिकारियस लाइफ.* लन्डन : भर्सो ।

बन्धु, चूडामणि. २०६५. *अनुसन्धान तथा प्रतिवेदन लेखन.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, ऋषिराज. २०६३. *उपन्यासको सौन्दर्यशास्त्र.* दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज. २०६४. *साहित्य र समाज.* ललितपुर : साझा प्रकाशन ।

बराल, कष्णहरि. २०६१. *वस्तुपरक समालोचना.* काठमाडौं : सनलाइट पब्लिकेसन ।

बराल, कष्णहरि. २०६३. *नेपाली कथा र उपन्यास.* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

बराल, कृष्णहरि र एटम, नेत्र. २०६६. *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

बाङ्देल, लैनसिंह. २०६८. *माइतघर.* छब्बिसौं संस्कं. काठमाडौं : रत्न पुस्तक भण्डार ।

बुभा, सिमोन द. सन्. १९४९. *द सेकेन्ड सेक्स* (अनु. रमेश सुनुवार). काठमाडौं : प्रगति पुस्तक सदन ।

बुभिनिक, मायरा एन्ड अदर्स. सम्पा. सन् २००८. *इक्वालिटी फर उमन.* वासिङ्टन डी.सी : द वर्ल्ड बैङ्क ।

बेबेल, अगस्त एफ. सन् १८८३. *उमन इन द पास्ट, प्रिजेन्ट एन्ड फ्युचर.* (अनु. कृष्णदास श्रेष्ठ), काठमाडौँ : पैरवी प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य. २०६८. *भाषिक अनुसन्धान विधि.* काठमाडौँ : पिनाकल पब्लिकेसन्स ।

भट्टराई, गोविन्दराज. २०६१. *पश्चिमी बलेँसीका बाछिटा.* काठमाडौँ : ने.रा.प्र.प्र. ।

भट्टराई, गोविन्दराज. २०६४. *उत्तरआधुनिक विमर्श.* काठमाडौँ : मोर्डन बुक्स ।

भट्टराई, राजन. २०६३. *अङ्ग्रेजी साहित्यको रूपरेखा,* काठमाडौँ : हजुरको प्रकाशन ।

भट्टराई, शोभा. २०५८. *अन्त्यहीन अन्त्य.* दोस्रो संस्क. काठमाडौँ : प्रतिभा प्रकाशन ।

मजगैयाँ, बलदेव. २०६३. *मानसी.* ललितपुर : साझा प्रकाशन ।

मञ्जुल. २०६८. *छेकुडोल्मा* (पुनः मुद्रण). काठमाडौँ : फिनिक्स बुक्स ।

मल्ल, गोविन्दबहादुर. २०६७. *पल्लो घरको भ्याल.* एघारौं सं. ललितपुर : साझा प्रकाशन ।

मल्ल, विजय. २०६४. *अनुराधा.* दसौं संस्क. ललितपुर : साझा प्रकाशन ।

महरा, यज्ञबहादुर. २०६७. 'निम्नमाध्यमिक तह कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकको लैङ्गिक अध्ययन'. शिक्षाशास्त्र केन्द्रीय विभाग. (स्नातकोत्तर शोधपत्र) अप्र. ।

मिड टि.ए.एन्ड ह्याङ्कस् एम. सम्पा. सन् २००४. *अ कम्पानिअन टु जेन्डर हिस्ट्री.* अमेरिका : ब्लाकवेल पब्लिसिङ

मिल, जोन स्टुअर्ट. सन् १८६९. *द एब्जेक्सन अफ उमन* (अनु. प्रगति सक्सेना). न्यु दिल्ली : राजकमल प्रकाशन प्रा.लि. ।

मिलेट, काट. सन् २०००. *सेक्सुअल पोलिटिक्स* (रिप्रिन्टेड). अमेरिका : युनिभर्सिटी अफ इलिनोइस प्रेस ।

मिल्स, सारा एन्ड मुलानी लुइस. सन् २०११. *ल्याङ्वेज, जेन्डर एन्ड फेमिनिज्म.* न्युयोर्क : रट्लेज ।

मुक्तिनाथ. २०६७. *को अछूत ?.* दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

यमि, हिसिला र बाबुराम भट्टराई. २०६३. *मार्क्सवाद र महिला मुक्ति.* दोस्रो सं. काठमाडौँ : टु लाइन पब्लिकेसन ।

राणा, डायमनशमसेर. २०६६. *अनीता.* चौथो संस्क. ललितपुर : साझा प्रकाशन ।

रिजाल, गौरा. २०६०. *अघोषित द्वन्द्व.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

रोशी, अनुपम. २०६८. *कुमारी आमा.* वैकुण्ठकुमार श्रेष्ठ ।

लुइँटेल, लीला. २०६३. 'नेपाली महिलाको स्थिति र महिला लेखन'. *शार्दूल* : संयुक्ताङ्क. शार्दूल साहित्य प्रतिष्ठान ।

लुइटेल, समिरा. सन् २००८. *जेन्डर स्टडिज.* काठमाडौँ : एकेडेमिक बुक सेन्टर ।

लेन्ट्रिखिय, फ्रेड्क एन्ड थोमस मेक्लघलिन. सम्पा. सन् १९९५. *क्रिटिकल टर्म्स फर लिटेररी स्टडी* दो.सं. सिकागो : द युनिभर्सिटी अफ सिकागो प्रेस ।

वेदरल, आन. सन् २००९. *जेन्डर ल्याङ्ग्वेज एन्ड डिस्कोर्स* (डिजिटल प्रिन्ट).न्युयोर्कः रट्लेज ।

वोल्स्टनक्राफ्ट, मेरी. सन् १७९२. *अ भिन्डीकेसन अफ द राइट्स अफ उमन* (अनु. मीनाक्षी), न्यु दिल्ली : राजकमल प्रकाशन प्रा.लि. ।

शर्मा, बिन्दु. २०६५. *आधारभूत नेपाली समालोचना.* काठमाडौँ : तन्नेरी प्रकाशन ।

शर्मा, मोहनराज. २०५५. *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौँ : ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज. २०६६. *सलिजो.* काठमाडौँ : सीमान्त प्रकाशन ।

शाह, प्रेमा. २०६७. *पहेंलो गुलाफ* (संयुक्त संस्करण). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शीतविन्दु. २०६०. *सहयात्री.* दोस्रो संस्क. काठमाडौँ : साथी प्रकाशन ।

श्रेष्ठ, इन्द्रकुमार. २०६३. *अर्धसत्य.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

श्रेष्ठ, तिलमाया. २०६७. *तिन घुस्ती उपन्यासको लैङ्गिक अध्ययन.* शिक्षाशास्त्र केन्द्रीय विभाग. त्रि.वि. (स्नातकोत्तर शोधपत्र) अप्र. ।

सरुभक्त. २०५३/०६५. *तरुनी खेती.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

सायमी, धुस्वाँ. २०६१. *गंकी.* चौथो संस्क. काठमाडौँ : पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर ।

सिंह, पद्मावती. २०६७. *समानान्तर आकाश.* दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

सिंह, रूपनारायण. ? . *भ्रमर.* काठमाडौँ : पाठ्यसामग्री पसल ।

सुब्बा, मायादेवी. २०६६. *पश्चात्ताप.* काठमाडौँ : नइ प्रकाशन ।

सुवेदी, प्रतिभा. २०५९. *महिला पुरुष समविकासको आधार.* काठमाडौँ : नारी चेतना केन्द्र नेपाल ।

स्टेवार्ट, लि.पि. एन्ड अदर्स. सन् २००३. *कम्युनिकेसन एन्ड जेन्डर.* अमेरिका : पियर्सन एजुकेसन ।

हारालम्बस एन्ड हलबर्न. सन् १९९५. *सोसिअलोजी : थिम्स एन्ड पर्सपेक्टिभ.* चौथो संस्क. लन्डन : कलिङ्स एजुकेसनल ।

परिशिष्ट ‘ क ’

शोधप्रबन्धमा देवनागरी लिपिमा उल्लिखित अङ्ग्रेजी शब्दसूची

A	अ		Black	ब्लाक
Abrams	अब्राम्स		Blackwell	ब्लाकवेल
Analyses	अनालाइसिस्		Body	बोडी
Anatomy	एनाटोमी		Books	बुक्स
And	एन्ड		Butler	बट्लर
Androcentrism	एन्ड्रोसेन्ट्रिज्म		Cambridge	क्याम्ब्रिज
Angela	एङ्गेला		Care	केयर्
Ann	आन		Charlotte	चार्लोटे
Anne	अन्ने		Chatterjee	चटर्जी
Aphrodisia	अफ्रोडिजिया		Chicago	सिकागो
Approach	अप्रोच		Chronological	क्रोनोलोजिकल
Articulation	आर्टिकुलेसन		Citizenship	सिटिजन्सिप
Ashcroft	एस्क्रफ्ट		Class	क्लास
Asia	एसिया		Classical	क्लासिकल
August	अगस्त		Colonial	कोलोनियल
Authenticity	अथेन्टिसिटी		Communication	कम्युनिकेसन
Background	ब्याकग्राउन्ड		Community	कम्युनिटी
Backlash	ब्याकलास		Companion	कम्प्यानियन
Beauvoir	बुभा		Concepts	कन्सेप्ट्स्

Bebel	बेबेल		Connell	कोनेल
Bill	बिल		Consciousness	कन्सियसनेस्
Constructing	कन्स्ट्रक्टिङ		Engels	एङ्गेल्स
Contemporary	कन्टेम्प्रोरी		Enkrateia	एन्कार्टिया
Continuum	कन्टिनम		Entry	इन्ट्रि
Contract	कन्ट्रयाक्ट		Equality	इक्वालिटी
Craig	क्रेइग		Essentialism	इसेन्सियालिज्म्
Critical	क्रिटिकल		Ethnicity	इथ्नीसिटी
Cyborg	साइबर्ग		Family	फेमिली
Data	डाटा		Feminism	फेमिनिज्म
Desire	डिजायर		Feminist	फेमिनिस्ट
Development	डिभ्लप्मेन्ट		First	फस्ट
Dichotomy	डिचोटोमी		Folbre	फोल्ब्रे
Dictionary	डिक्स्नरी		For	फर
Dietetics	डाइटिक्स		Foucault	फुको
Difference	डिफरेन्स		Frank	फ्रेङ्क
Discourse	डिस्कोर्स		Freedom	फ्रिडम
Division	डिभिजन		Freud	फ्रायड
Domestic	डोमेस्टिक		Freudian	फ्रायडियन
Dominance	डोमिनेन्स		Friedrich	फ्रेडरिख
Double	डबल		Friendship	फ्रेन्डसिप
Eckert	एकर्ट		Future	फ्युचर

Economics	इकोनोमिक्स		Gender	जेन्डर
Gendered	जेन्डरेड		Janet	जनेट
Geographical	जिओग्राफिकल		Jeganathan	जगन्नाथन
Ginet	गिनेट		John	जोन
Glossary	ग्लोसरी		Judith	जुडिथ
Goddard	गोडार्ड		Kate	काट
Goonesekere	गुनेसकेर		Key	की
Greed	ग्रीड		Krolokke	क्रोलोके
Handbook	ह्यान्डबुक		Kulick	कुलिक
Hanks	ह्याङ्क्स		Labor	लेबर
Heterosexism	हेटेरोसेक्सिज्म		Language	ल्याङ्ग्वेज
Historical	हिस्टोरिकल		Law	ल
History	हिस्ट्री		Lea	ली
Holmes	होल्म्स		Learner's	लर्नर्स
Identity	आइडेन्टिटी		Lentricchia	लेन्ट्रिखिय
Ideology	आइडिअलोजी		Lesbian	लेज्बियन
Illinois	इलिनोइज		Life	लाइफ
Imelda	इमेल्डा		Lindsey	लिन्ड्से
In	इन		Linguistic	लिङ्ग्विस्टिक
Ingendering	इनजेन्डरिङ		Literary	लिटेररी
Institutional	इन्स्टीच्युस्नल		Lois	लुइस
Interation	इन्टरेसन		London	लन्डन

Jane	जने		Louise	ल्वाइज
Love	लभ		Modification	मोडिफिकेसन
Lust	लस्ट		Mourning	म्औरिङ
Making	मेकिङ		Movements	मुभमेन्ट्स
Manager	म्यानेजर		Moves	मुभ्स
Marked	मार्कड्		Mullany	मुलानी
Marriage	म्यारिज		Nancy	नान्सी
Masculinity	मास्कुलिनिटी		New york	न्युयोर्क
Mcconnell	मेक्कोनेल		Norms	नर्म्स
Mclaughlin	मेक्लघलिन		Of	अफ
Meade	मिड		Operator	अप्रेटर
Mean	मिन		Order	अडर
Media	मिडिया		Organization	अर्गनाइजेसन
Men	मेन		Origin	आरिजिन
Men's	मेन्स		Other	अदर
Merry	मेर्री		Others	अदर्स
Mery	मेरी		Oxford	अक्सफोर्ड
Methodology	मेथोडोलजी		Pantheon	पान्थेन
Meyerhoff	मेयर्होफ		Partha	पार्थ
Michel	मिचेल		Past	पास्ट
Mill	मिल		Patriarchal	प्याट्रिआर्कल
Millett	मिलेट		Patriarchy	प्याट्रिआर्की

Mills	मिल्स		Patterson	पटर्सन
Mirian	मिरियन		Pearson	पर्सन
Penelope	पेनेलप		Public	पब्लिक
Performance	पर्फमेन्स		Publications	पब्लिकेसन्स
Permanent	पर्मानेन्ट		Queer	क्विअर
Perspectives	पर्सपेक्टिभ		Race	रेस
Pilcher	पिल्चर		Raising	रेइजिङ
Place	प्लेस		Reader	रिडर
Pleasure	प्लिजर		Relation	रिलेसन
Politics	पोलिटिक्स		Relations	रिलेसन्स
Polity	पोलिटी		Representation	रिप्रिजेन्टेसन
Pornography	पोर्नोग्राफी		Repressive	रिप्रेसिभ
Post	पोस्ट		Reprinted	रिप्रिन्टेड
Power	पावर		Reproductive	रिप्रडक्टिभ
Pradeep	प्रदीप		Revolution	रिभोलुसन
Precarious	प्रिकारियस		Rights	राइट्स
Present	प्रिजेन्ट		Risk	रिस्क
Press	प्रेस		Routledge	रट्लेज
Private	प्राइभेट		Sage	सेज
Problematization	प्रोब्लेमटाइजेसन		Sally	सेली
Production	प्रडक्सन		Sara	सारा
Property	प्रपर्टी		Savitri	सावित्री

Psychoanalysis	साइकोअनालाइसिस		Scott	स्कट
Psychoanalytical	साइकोअनालाइटिकल		Second	सेकेन्ड
Psychology	साइकोलजी		Segregation	सेग्रिगेसन
Self	सेल्फ		Style	स्टाइल
Separatism	सेप्रेटिज्म		Subaltern	सबाल्टन
Sex	सेक्स		Subjection	सब्जेक्सन
Sexism	सेक्सिज्म		Talk	टक
Sexist	सेक्सिस्ट		Technologies	टेक्नोलोजिज
Sexual	सेक्सुअल		Teresa	टेरेसा
Sexuality	सेक्सुआलिटी		Terms	टर्म्स
Silence	साइलेन्स		The	द/दी
Simon	सिमोन		The Family	द फेमिली
Socialisation	सोसिअलाइजेसन		Theories	थ्योरिज
Sorensen	सोरेन्सन		Theorizing	थियोराइजिङ
South	साउथ		Theory	थ्योरी
Speech	स्पिच		Third	थर्ड
Stand point	स्ट्यान्ड पोइन्ट		Thomas	थोमस
Standard	स्ट्यान्डर्ड		Travesties	ट्राभेस्टिस
State	स्टेट		Trouble	ट्रबल
Stereotype	स्टेरोटाइप		True	ट्रु
Steve	स्टेभ		Truth	ट्रुथ
Stewart	स्टेवार्ट		Tyson	टाइसन

Structuralism	स्ट्रक्चरालिज्म		University	युनिभर्सिटी
Stuart	स्टुअर्ट		Unmarked	अनमार्क्ड
Studies	स्टडिज		Use	युज
Study	स्टडी		Variation	भेरिएसन
Verbal	भर्बल		Wave	वेभ
Verso	भर्सो		Webster's	वेब्स्टर
Victorians	भिक्टोरियन्स		Whelehan	ह्वेलहेन
Vindication	भिन्डीकेसन		Wiesner	विस्नर
Vintage	भिन्टेज		Wisdom	विस्डम
Violence	भ्वाइलेन्स		Wollstencraft	वोल्स्टनक्राफ्ट
Voice	भ्वाइस		Women's	उमन्स
Weatherall	वेदरल		World	वर्ल्ड

परिशिष्ट 'ख'

पारिभाषिक शब्द

शब्द		शब्द
लैङ्गिक		परिवर्तित लिङ्गी
लैङ्गिकता		लैङ्गिक सन्तुलन
लैङ्गिक चेतना		लैङ्गिक संवेदनशीलता
यौनिक चेतना		लैङ्गिक भूमिका
यौनिक		उत्पादक भूमिका
पितृसत्ता		अनुत्पादक भूमिका
मातृसत्ता		पुनर्उत्पादक भूमिका
नारीवाद		सामुदायिक भूमिका
सशक्तीकरण		मार्क्सवादी नारीवाद
समानता		उदार नारीवाद
समता		आमूल नारीवाद
गे		मनोविश्लेषणात्क नारीवाद
लेज्बियन		समाजवादी नारीवाद
समलिङ्गी		समकालीन नारीवाद
विपरीत लिङ्गी		लैङ्गिक विभेद
द्विलिङ्गी		जैविक लिङ्ग
अन्तरलिङ्गी		जैविकता
समलिङ्गी		यौनिक समस्या
परालिङ्गी		लैङ्गिक समालोचना
पुरुषत्व		गद्याख्यानमूलक
यौनिकता		साहित्यशास्त्र
लैङ्गिक हिंसा		नारीवादी आन्दोलन
पूर्वाध्ययन		लैङ्गिक स्वतन्त्रता